A257

साहित्यकार-कलाकार परिचय कोश

सम्पादक

विष्णु प्रभात

नेपाल प्रज्ञा-प्रतिष्ठान





साहित्यकार-कलाकार परिचय कोश

सम्पादक

विष्णु प्रभात

नेपाल प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौँ

साहित्यकार-कलाकार परिचय कोश
निर्माण समिति

बैरागी काइँला - अध्यक्ष
गङ्गाप्रसाद उप्रेती - उपाध्यक्ष
सनत रेग्मी - सचिव
डा. बेन्जु शर्मा - सदस्य
प्रा.डा. महादेव अवस्थी - सदस्य
भाउपन्थी - सदस्य
सुलोचना मानन्धर धिताल - सदस्य
बूँद राना - सदस्य
रामभरोस कापडि 'भ्रमर' - सदस्य
डा. संजीता वर्मा - सदस्य
विष्णु प्रभात - सम्पादक

साहित्यकार-कलाकार परिचय कोश

सम्पादक : विष्णु प्रभात
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
संस्करण : प्रथम, (वि.सं.२०७०), २२०० प्रति
सर्वाधिकार © : प्रकाशकमा
आवरण/सज्जा : वसन्तराज अज्ञात
मुद्रण : प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ
मूल्य : रु.१,००० ।-

ISBN : 978-9937-589-03-1

कुलपतिको मन्तव्य

नेपाल प्रज्ञा-प्रतिष्ठान नेपालको सांस्कृतिक, भाषिक र धार्मिक विविधतालाई ध्यानमा राखी समग्र वाङ्मयको संरक्षण र सम्बर्धन गर्नाका निम्ति सङ्गठित संस्था हो । नेपालका दर्शन, संस्कृति, भाषा, साहित्य, सङ्गीत, कला, नाट्य, सामाजिक शास्त्र आदिको अध्ययन-अनुसन्धान गराई तिनको प्राज्ञिक परम्परालाई सबल बनाउन २०१४ साल असार ९ गते नेपाल एकेडेमी (पछि रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)को स्थापना भएको थियो । संयुक्त जनआन्दोलन (वि.सं. २०६३) को सफलताबाट नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र नेपाल प्रज्ञा-प्रतिष्ठान नेपालका सबै जातिको भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिकशास्त्रजस्ता वाङ्मयसँग सम्बन्धित प्रज्ञाको केन्द्र बन्यो । नेपाली वाङ्मयका यी प्रत्येक विषय र यिनका विभिन्न विधामा अध्ययन-अनुसन्धान गराई प्रकाशनमा ल्याउनु, पुराना ज्ञानको संशोधन र विस्तारका साथै नयाँ ज्ञानको स्थापना गर्नु र नेपालका लोपोन्मुख जातिका भाषा, लिपि, संस्कृति, श्रुतिपरम्परा, जीवनपद्धति र साहित्यको खोजी गरी तिनलाई जोगाउनु पनि यस प्रतिष्ठानको प्रमुख दायित्व हो । एक्काइसौं शताब्दीको विश्वस्तरीय द्रुतवेगी ज्ञानप्रवाहबाट नेपाली प्राज्ञिक जगत्लाई र नेपालका नवीन प्राज्ञिक उपलब्धिबाट विश्वसमुदायलाई लाभान्वित तुल्याउने तर्फ पनि यो प्रतिष्ठान सजग छ । वास्तवमा नेपालका सम्पूर्ण क्षेत्रको प्राज्ञिक उन्नयन र सृजनात्मक समृद्धिका निम्ति अग्रणी भूमिका खेल्दै राजधानी बाहिर पनि अनुकूल वातावरणको सिर्जना गरिदिनु यस प्रज्ञा-प्रतिष्ठानको दायित्व र कर्मक्षेत्र पनि हो ।

नेपालभित्र तथा नेपाल बाहिरको सिङ्गो नेपाली प्राज्ञिक जगत्का सबै विद्वान्-विदुषी, स्रष्टा-द्रष्टा तथा प्रज्ञाकर्मीहरूको सद्भाव सहयोग, गोष्ठी, विचार-मन्थनमा सहकार्य र प्राज्ञिक वैचारिक आदान-प्रदानबाट नै नेपाली प्रज्ञा-जगत् विश्वको ज्ञानलहरीसँग होस्टेमा हैँसे गर्दै नेपालका ज्ञान-परम्पराको समुन्नयन गर्न र राष्ट्रिय गौरवको श्रीवृद्धि गर्ने कार्यमा समयोचित योगदान दिन नेपाल प्रज्ञा-प्रतिष्ठान सफल हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

....

बैरागी काइँला

कुलपति

प्रकाशकीय

नेपाल धेरै वाङ्मय साधक रहेको देश हो। भाषिक, सांस्कृतिक धार्मिक बहुलता रहेको यो देशमा विभिन्न मातृभाषामा वाङ्मयको साधना गर्ने राम्रै परम्परा रहेको छ। भाषाका अतिरिक्त रङ्गकर्म र अभिनयलगायतका अन्य कलामार्फत साधना गर्ने ललितकला एवं सङ्गीत-नाट्यक्षेत्रका मूर्धन्य साधकहरूको पनि सार्थक उपस्थिति हामीसँग छ। देशभित्र र देशबाहिर विभिन्न ठाउँमा बसेर नेपाली वाङ्मय र कला साधनद्वारा नेपाल राष्ट्रको गौरव बढाउने राष्ट्रका बहुमूल्य निधि यस्ता साधकहरूको परिचयात्मक ग्रन्थ तयार पारिनु आवश्यक थियो। त्यही आवश्यकतालाई ख्याल गरी तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सरकारको आर्थिक सहयोगमा नेपालका साहित्यकार-कलाकारको परिचय कोश बनाउने परियोजना वि.सं. २०६२ सालतिर सुरु गरेको थियो। तत्कालीन प्राज्ञ परिषद्का सदस्य प्राज्ञ गोविन्द भट्टको नेतृत्व एवं निर्देशनमा वर्तमान प्राज्ञ-परिषद्का सदस्य प्राज्ञ विष्णु प्रभातजीले कार्यकारी सम्पादक भएर तयार पारेको सो परियोजनाको प्रतिवेदन त्यति बेलै नेपाल सरकार, संस्कृति मन्त्रालयलाई बुझाइएको थियो। यसरी अध्ययन प्रतिवेदनको ठेलीका रूपमा मन्त्रालयको दराजमा थन्किएको सो सामग्रीलाई अद्यावधिक गराई प्रकाशित गर्दा मात्र सो अध्ययनको सार्वजनिक प्रयोग हुने ठहऱ्याई नेपाल प्रज्ञा-प्रतिष्ठानको बहालवाला प्राज्ञ-परिषद्ले त्यसलाई अद्यावधिक गराई प्रकाशन गर्ने योजना बनाई प्रस्तुत साहित्यकार-कलाकार परिचय कोश नामको ग्रन्थ पाठकसामु आएको छ।

२०६३ तिर नै तयार पारी नेपाल सरकारलाई अध्ययन प्रतिवेदनको रूपमा बुझाइ सकिएको सामग्री नै यो ग्रन्थको मूल आधार हो। सो सामग्रीलाई तयार पार्न प्राज्ञ गोविन्द भट्टको सहयोगीको रूपमा कार्यरत साहित्यकार श्री विष्णु प्रभात हालको प्राज्ञ-परिषद्मा बहाल हुनुभएपछि त्यस सामग्रीलाई अद्यावधिक गरी पुस्तकको रूपमा तयार पार्ने जिम्मेवारी उहाँलाई नै प्रदान गरियो। वस्तुत: प्रस्तुत कोश उहाँ र उहाँले लिएका अन्य सहयोगीको परिश्रमको फल हो। यो पुस्तकलाई अद्यावधिक गर्दा अपनाइएको विधि र प्रक्रियाबारे पुस्तकका सम्पादक प्राज्ञ विष्णु प्रभातजीले यसै पुस्तकको सम्पादकीयमा उल्लेख गर्नुभएकै छ। सम्पादक प्रभातजी र यो पुस्तक तयार पार्न उहाँले सहयोग लिनुभएका महानुभावलाई नेपाल प्रज्ञा-प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

प्रस्तुत ग्रन्थमा नेपालभित्र र बाहिर रहेर वाङ्मय एवं कला साधना गर्ने नेपालका दिवंगत एवं हाल पनि साधनारत विभिन्न साधकहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। परिचय सङ्क्षिप्त रहे पनि नेपाली वाङ्मयको इतिहास र कला साधनाको इतिवृत्त केलाउन, अध्ययन गर्न चाहनेलाई यो पुस्तकले अपेक्षित सहयोग पुऱ्याउनेछ भन्ने हाम्रो विश्वास रहेको छ। प्रकाशन गर्न अत्यावश्यक ठानिएको तर विभिन्न प्राविधिक एवं आर्थिक कारणले प्रकाशन गर्न नसकिएको यो पुस्तकलाई यसरी प्रकाशन गर्न नेपाल सरकार संस्कृति, पर्यटन एवं नागरिक उड्डयन मन्त्रालयबाट यथोचित आर्थिक सहयोग प्राप्त भएकाले यस रूपमा यो पुस्तकलाई सार्वजनिक गर्न सकिएको छ। यस अर्थमा नेपाल सरकार, संस्कृति पर्यटन एवं नागरिक उड्डयन मन्त्रालय र सो मन्त्रालयका तत्कालीन सचिव ताना गौतमप्रति प्रज्ञा-प्रतिष्ठान कृतज्ञता प्रकट गर्दछ।

यो परिचय कोश यस प्रकृतिको पहिलो बृहत् सङ्कलन भएकाले यसमा धेरै सामग्री छुटेका हुन सक्छन्। त्यसरी छुटेका सामग्रीलाई अर्को संस्करणमा समावेश गर्न सकिने हुँदा त्यस्ता छुट सामग्रीहरू हामीलाई उपलब्ध गराउनुहुन सरोकारवाला महानुभाव र संस्थासँग हार्दिक अनुरोध पनि गर्दछौँ। यस सङ्ग्रहका बारेमा जे जस्ता सुझाउ एवं प्रतिक्रियाहरू पाठकहरूबाट प्राप्त हुनेछन् तिनलाई आगामी संस्करणमा यथोचित सम्बोधन गरिने प्रतिबद्धता पनि प्रज्ञा-प्रतिष्ठानको तर्फबाट यहाँ जाहेर गर्दछु।

अन्त्यमा पुस्तकका सम्पादक प्रभातजीका अतिरिक्त प्रतिष्ठानका योजना, प्रकाशन एवं मुद्रण विभागका थुप्रै कर्मचारीको परिश्रम यो पुस्तक तयार पार्न खर्चिएको छ। विशेषगरी यो पुस्तकका सामग्री सज्जाकार वसन्तराज अज्ञात लगायत अन्य सबै कर्मचारीसमेतलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०७०-८-२८
कमलादी, काठमाडौँ

गङ्गाप्रसाद उप्रेती
उपकुलपति

सम्पादकीय

साहित्यकार-कलाकार परिचय कोशका सम्बन्धमा

नेपालको मूत-अमूर्त संस्कृतिका क्षेत्रमा क्रियाशील रही राष्ट्रको गौरव बढाउने प्रतिभावान् संस्कृतिकर्मीहरूको व्यवस्थित र आधिकारिक चिन्हारी दिने परिचयात्मक कोश-ग्रन्थको रूपमा यो बृहत् पुस्तक तयार पार्ने काम लामो समयपछि सम्पन्न भएको छ । प्रारम्भमा नेपाल सरकारको विशेष वित्तीय सहयोगमा वि.सं. २०६२ तिर थालिएको यो काम तत्कालीन परिवेशमा एउटा अनुसन्धान-प्रतिवेदनको रूपमा तयार गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई बुझाइएको थियो । तत्कालीन सरकारलाई बुझाइएको उक्त प्रतिवेदनको सम्पादक मण्डलमा प्राज्ञ गोविन्द भट्ट (प्रधानसम्पादक), जीवेन्द्रदेव गिरी (उपप्रधान तथा भाषा सम्पादक), जगमान गुरुङ (सम्पा. इतिहास/संस्कृति), ठाकुरप्रसाद मैनाली (कलाकौशल), भाउपन्थी (गद्य), भुवन ढुङ्गाना (पद्य), यादव खरेल (सङ्गीत-नाट्य), रत्नाकर देवकोटा (लोकसाहित्य), सरुभक्त (सङ्गीत-नाट्य) रहनुभएको थियो । त्यसरी नै सल्लाहकार समितिमा तत्कालीन उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठी (अध्यक्ष), सदस्य-सचिव गीता केशरी (सदस्य) एवं अन्य सदस्यहरूमा प्राज्ञ गोविन्द भट्ट, कृष्णचन्द्रसिंह प्रधान, प्रा.डा. चूडामणि बन्धु, माधवलाल कर्माचार्य, ठाकुरप्रसाद मैनाली, यादव खरेल, प्रा.डा. विष्णुराज आत्रेय, रामभरोस कापडि 'भ्रमर', शेखर गिरी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा. राजेन्द्र सुवेदी, प्रा. घटराज भट्टराई, रमा शर्मा, रामप्रसाद दाहाल तथा संस्कृति मन्त्रालयका प्रतिनिधि हुनुहुन्थ्यो । त्यतिबेला प्राज्ञ गोविन्द भट्टको सहायक भएर मैले नै कार्यकारी सम्पादकको जिम्मेवारीमा यो काम गरेको थिएँ । समय क्रममा २०६३ को तेस्रो जनआन्दोलनले ल्याएको नयाँ परिस्थितिमा निकै समय प्रज्ञा-प्रतिष्ठान गठन हुन सकेन । सामाजिक परिवर्तनको त्यस कालमा **साहित्यकार-कलाकार परिचय कोश**ले मुद्रित रूप प्राप्त गर्ने कुरै भएन । लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि कवि बैरागी काइँलाको अध्यक्षतामा **प्रज्ञा-प्रतिष्ठान पुनर्संरचना आयोग** बन्यो, म पनि त्यसको सदस्य भएँ र अन्त्यमा हामीले वाङ्मय, ललितकला र सङ्गीतनाट्य प्रज्ञा-प्रतिष्ठान अलग-अलग बनाउने नीतिगत परामर्शसहितको प्रतिवेदन सरकारलाई बुझायौँ । संसदले तदनुकूल विधेयक पास गरेपछि तीनवटा ऐनहरू बने र नयाँ ढाँचामा प्रज्ञा-प्रतिष्ठानहरू गठन भए ।

नयाँ परिवेशमा प्रज्ञा-प्रतिष्ठान बने पनि कोश छाप्ने काम एक वर्ष जति आर्थिक स्रोतको अभावमा अघि बढ्न सकेन । संस्कृति-मन्त्रालयसँग अनुरोध गर्दा-गर्दा तत्कालीन सचिव ताना गौतमको सौजन्यताले बल्लतल्ल कागजको लागि रकम उपलब्ध भएपछि मात्र परिमार्जन र सम्पादनको काम अघि बढ्यो । परिष्कारका निम्ति सार्वजनिक सूचना समेत प्रकाशन गरियो र यथासम्भव लेखकहरूसँग फोन सम्पर्क गर्दै अद्यावधिक बनाउने काम सम्पन्न भयो ।

साहित्यकार-कलाकार परिचय कोश तयार गर्ने क्रममा सुरुमै प्रमुख राष्ट्रिय दैनिक पत्रिकाहरूमा नाट्यकर्मी, गायक, गायिका, सङ्गीतकार, नृत्यकार सबैसँग आ-आफ्नो व्यक्तित्व-परिचय उपलब्ध गराइदिन हार्दिक अनुरोध गर्दै सार्वजनिक सूचनाहरू प्रकाशित गर्‍यौं । देशका प्रतिभाहरूको यथासक्य आधिकारिक विवरण तयार होस् भन्ने आशयले दिवङ्गत प्रतिभाहरूका बारेमा पनि सम्बन्धित पारिवारिक स्रोतबाट विवरण लिने प्रयास हामीले गर्‍यौं । द्वितीय स्रोतका रूपमा अहिलेसम्म प्रकाशित व्यक्तिवृत्तका पुस्तक-पत्रपत्रिका तथा सम्बन्धित विषय एवं विधाका इतिहास तथा समालोचनात्मक ग्रन्थहरूको आधारमा पनि तथ्य सङ्कलन-कार्यलाई अघि बढाइयो । देशका प्रत्येक अञ्चल तथा केन्द्रमा स्रोतव्यक्तिको मनोनयन गरी उनीहरू मार्फत सामग्री-सङ्कलन गर्ने प्रयत्नसमेत भयो । झन्डै एक सयभन्दा बढी साहित्यिक सङ्घ-संस्थाहरूलाई पत्राचार गरेर पनि सम्बन्धित जानकारी मागियो । व्यक्तिगत सम्पर्क र फोनसम्पर्कद्वारा समेत प्रतिभाहरूबारे विवरण सङ्कलन गरियो । कतिपय प्रतिभाहरूको विवरण खोज्ने क्रममा त्रिभुवन विश्वविद्यालयअन्तर्गत हालसम्म गराइएका भाषा-साहित्य सम्बन्धी शोध, जीवनी व्यक्तित्व र कृतित्वका बारेमा भए गरेका अनुसन्धानात्मक शोधपत्रहरू र जिल्लागत योगदानसम्बन्धी शोधपत्रसमेत अध्ययन-अवलोकन गरी तथ्य सङ्कलन गर्ने काम गरियो । यस ग्रन्थमा नेपाली भाषाका अतिरिक्त विविध राष्ट्रियताका भाषा र साहित्यको क्षेत्रमा कार्यरत प्रतिभा पनि समेटिएका छन् । प्राथमिक स्रोतबाट प्राप्त विवरणलाई आधार मान्दा-मान्दै पनि द्वितीय स्रोतको पनि उपयोग गरिएको छ । यस प्रकारको विवरणिका (पार्श्विका- Profile) नित्य अद्यावधिक गर्नुपर्ने हुँदा निश्चित समय सीमा बाँध्नै पर्ने भइदिन्छ । हामीले पनि निश्चित सीमा बनाएका छौँ र चालीसको दशकपछिका स्रष्टाहरू आगामी दोस्रो संस्करणमा समेटिनुपर्ने अवस्था रहेको तथ्य अनुरोध गर्दछौं । यस ग्रन्थमा अत्यधिक मात्रामा परिश्रम लगानी गरेर यथासम्भव सत्य-तथ्य बटुल्ने प्रयास गरिएको हुँदा आगामी दिनमा नेपाली वाङ्मयको अध्ययन-अनुसन्धान गर्नेहरूका लागि यो एउटा आधार ग्रन्थ हुने अपेक्षा र विश्वास हाम्रो छ ।

यस ग्रन्थमा समावेश गरिएका प्रतिभाहरूको नाम थर, उपनाम, माता, पिता, जन्मस्थान, हालको ठेगाना तथा जिल्ला उल्लेख गरिएको छ । कतिपय लेखकले इ.सं., वि.सं. र ने.सं. प्रयोग गरेको र भाषागत नाम पनि नेवार, नेपाल, नेवा तथा नेवारी

भनी उल्लेख गरेको विवरणलाई त्यस्तै छाडिएको छ । विधागत, भाषागत, जिल्लागत प्रतिभा सूची पहिले परिशिष्टमा दिइएको भए पनि हाल पुस्तकाकार रूपमा त्यसलाई समावेश गर्न नसकिएको अवस्था छ । यद्यपि अहिले परिशिष्टमा भारतीय नेपाली साहित्यकारको विवरण सामेल गरिएको छ । त्यसमा पनि पर्याप्त विवरणको अभावले पूर्णता हासिल हुन सकेको छैन । नेपाल बाहिरका नेपाली साहित्यकारहरूको वर्तमान अवस्था द्वैधार्थी बन्न पुगेको छ । नेपाली नागरिकता त्यागेर अन्य देशमा गएका वा भूमिसँगै भारतमा विलय भएकाहरूको एउटा स्थिति छ भने रोजगारी र अन्य प्रयोजनका कारण प्रवासमा रहेका आप्रवासी नेपाली स्रष्टाहरूको पहिचान पृथक् हुने नै भयो । हामीले आप्रवासी नेपाली र अन्य देशका नेपाली भाषी साहित्यकार मध्ये आप्रवासनमा रहेका प्रतिभालाई नेपाल बाहिर पारेका छैनौं किनभने ती नेपाली नागरिक हुन् । पितृभूमि नेपाल मान्ने तर अन्य देशका नागरिक बन्ने नेपाली भाषी तिनै देशका नागरिक बनेका छन् ।

राष्ट्र र राष्ट्रियतालाई सबल पार्दै नेपाली जनजीवनलाई ज्ञान, मनोरञ्जन र विज्ञानको प्राप्ति तर्फ अभिप्रेरित गर्ने सिर्जनाका स्रष्टा-द्रष्टा एवं साधक-चिन्तकहरू भनेका देशका अमूल्य निधिमात्र नभै मानव सभ्यता र संस्कृति कै अनमोल मणि हुन् । तिनीहरूको उचित सम्मान, संरक्षण गर्ने पर्दछ । यस निम्ति राज्यले आफ्नो भूक्षेत्र, भाषिक भूगोल र सांस्कृतिक परिवेशलाई ध्यानमा राख्दै स्रष्टाहरूलाई अभिप्रेरित गर्नुपर्दछ । मानवसभ्यता र संस्कृतिमा यस्तो परम्पराको ऐतिहासिकता निर्माण भई आएकै छ । श्रुति परम्परापछिको लेख्य परम्परामा रहेका हजारौं ग्रन्थहरू र तिनका स्रष्टाको लामो सूचीले यस तथ्यलाई दर्शाउँदछ । नेपाल सरकार तथा नेपाल प्रज्ञा-प्रतिष्ठानले पनि नेपाली वाङ्मय, ललित कला र सङ्गीत नाट्य क्षेत्रका मूर्धन्य प्रतिभाहरूको अभिलेखीकरण गर्ने कामको प्रारम्भ गरेको छ र त्यसको जानकारी दिने यस ग्रन्थको प्रकाशनले अब ती विषय विधाका क्षेत्रमा नयाँ ढङ्गले शोधकार्य अघि बढाउन मार्गदर्शन गर्नेछ । विक्रम संवत्को अठारौं शताब्दीदेखि बीसौं शताब्दीसम्मको झन्डै तीन सय वर्ष लामो कालखण्डका दिवङ्गत र जीवित प्रतिभा समेटिएको यसप्रकारको यो पहिलो पाश्र्विका हो । त्यसैले यसको महत्त्व विशेष रहेको छ । यद्यपि यसमा कतिपय नाम चलेका प्रतिभा पनि छुटेका छन् र तिनीहरूलाई आगामी संस्करणमा समेट्ने प्रयत्न गरिने छ । पटक-पटकको सूचना र तरताकेता गर्दा पनि जानकारी विवरण प्राप्त हुन नसकेको हुँदा विशेषगरी चलचित्र तथा सङ्गीतकर्मीहरू धेरै सङ्ख्यामा छुटेको अनुमान हामीले पनि गरेका छौं । निधन भएका पुराना प्रतिभाका सन्ततिहरूलाई भेटेरै पनि विवरण बटुल्ने प्रयत्न गरिएको भए पनि पूर्णता प्राप्त हुन नसकेको यथार्थ पनि हामी सँगै छ ।

एक दशकको साधनाद्वारा स्थापित क्षेत्रीय या राष्ट्रिय तहमा नेपाली तथा नेपालका भाषामा कलम चलाउने प्रतिभा यस ग्रन्थमा समावेश गरिएका छन् । सम्बन्धित लेखक-कलाकारले स्वयं भरेर दिएको तालिका, उनीहरूका बारेमा गरिएका शोधकार्य एवं समालोचकीय ग्रन्थहरूका आधारमा पाश्र्विका तयार गरिएको हुँदा कतिपय सूचनालाई अन्तिम जाँच गर्ने प्रयास स्वरूप प्रतिभा या उनका निकटस्थ सन्ततिसँग समेत सम्पर्क गरेर शुद्ध एवं प्रमाणित बनाउने प्रयास हामीले गरेका छौं । त्यति भएर पनि कतै भूल रहन गएका भए हामीलाई सूचित गर्नुहुन पनि विनम्रता साथ अनुरोध गर्दछौं र आगामी संस्करणमा त्यसलाई सुधार्ने सङ्कल्प व्यक्त गर्दछौं । परिशिष्टमा रहेका नेपाल बाहिरका भारतीय नेपाली साहित्यकारहरूको विवरण पनि प्रत्यक्ष र परोक्ष स्रोतबाट सङ्कलित छन् । भारतीय नेपाली साहित्यकारहरूको विवरणमध्ये धेरैजसो सम्बन्धित लेखकद्वारा उपलब्ध गराइएका हुन् । असमियाँ नेपाली लेखकको जानकारी त्यहाँको भ्रमणका क्रममा सङ्कलित गरिएको थियो भने म्यानमारका नेपालीभाषी साहित्यकारको जानकारी द्वितीय स्रोतबाट सङ्कलित हुन् । पाश्र्विका नेपाली-वाङ्मय केन्द्रित रहेको हुँदा राजनीतिक भूगोललाई नाघेर परिशिष्ट प्रस्तुत गरिएको हो ।

पहिले नेपाल सरकारलाई बुझाइएको प्रतिवेदनको अनुसूची-४ मा साहित्य क्षेत्रको व्यावहारिक रूप उल्लेख गर्दा साहित्य र कलालाई लिखित-अलिखित, अभिनयात्मक-गेयात्मक, गद्य-पद्य, मूर्ति-चित्र जस्ता विधागत विशिष्टतामा हेर्न सकिन्छ भनिएको छ । व्यावहारिक र स्वीकार्य रूपको विविधतामा साहित्य र कलालाई पृथक्-पृथक् अस्तित्त्वमा हेर्दा नै गद्य र पद्य एवं मिश्रित रूप श्रव्य-दृश्य शाखामा वर्गीकरण गर्न सकिन्छ । गद्य-साहित्यका आख्यान, शोध-समालोचना, निबन्ध, नियात्राको विधागत बान्कीका अतिरिक्त नाटक पनि लामा-छोटा, सुखान्त, दुःखान्त, लोकीय, मानक रूपमा भाषागत नानात्वमा पाइन्छन् र ती सबै विधा, क्षेत्र र भाषाका प्रतिभाहरूलाई यस कोशमा ठाउँ दिइएको छ । यसरी नै कलाको सन्दर्भमा पनि ललित कला, सङ्गीत कला, रङ्गमञ्चकला, नृत्यकला, चलचित्रकला र व्यावसायिक कलाजस्ता विशिष्टता रहेका छन् । ललित कलामा लोक-कला र आधुनिक-कलाको धारमा-चित्र, मूर्ति र वास्तुकलाका पुरातन र नूतन रूप छन् भने सङ्गीत, चित्र, रङ्गमञ्च, नृत्य आदिमा पनि नूतन-पुरातन दुवै धारा पाइन्छ । चलचित्रमा वृत्तचित्र लगायत ठूलो-सानो पर्दाका विशिष्टता छन् । व्यावसायिक कलाले पनि अनेकौं प्रचारात्मक वस्तुहरू, भित्ते चित्र, नमूना-डिजाइन, साजसज्जा जस्ता पक्षमा विस्तार लिएको छ । यी विशिष्ट क्षेत्र र फाँटमा कार्यरत कलाकर्मीहरू पनि कोशमा समेटिएका छन् । अन्त्यमा यस ग्रन्थको प्रकाशनमा सहयोग पुऱ्याउने सज्जाकार कवि वसन्तराज अज्ञात लगायत सम्पूर्ण सहयोगीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०७०-८-१८

– विष्णु प्रभात

साहित्यकार-कलाकार परिचय कोश

अंशुमाली उपाध्याय

(कवि, नेपाली भाषा)

अंशुमाली उपाध्याय वि.सं. १९४३ मा तनहुँको सिम्पानीमा जन्मिएका थिए । यिनले संस्कृत साहित्यको अध्ययनसँगै नेपाली स्रेस्ताको ज्ञान हासिल गरेका थिए । यी आध्यात्मिक प्रत्ययवादी चिन्तन-धाराका कवि हुन् । डिट्ठा भएर काम गरेका थिए । यिनको कालिका भक्तिशतक (पद्य) नामक मौलिक रचना छ भने दुर्गा सप्तशती (चण्डी)को अनुवाद प्रकाशित छ । अंशुमालीको निधन वि.सं. २०११ मा भयो ।

अखड दिलदास (राई)

प्राथमिक कालीन सन्त कवि हुन् । यिनको जन्म वि.सं. १८६८ भोजपुरमा भएको हो । संखुवासभा साम्खुका राई हुन् । साधारण शिक्षा पाएका राईले पाँच निर्गुण भजन नेपाली भाषामा सिर्जना गरेका छन् । अखड् दिलदासको निधन वि.सं. १९३५ मा भयो ।

अगिब बनेपाली (त्रैलोक्यमान)

(कथाकार, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०२६ पुस १, इटाछेँ -१७, भक्तपुर । **माता/पिता** : रापती बनेपाली, ईश्वरीमान बनेपाली । **शिक्षा** : स्नातकोत्तर (नेपाली, त्रि.वि.) । **सेवा** : अध्यापन । **पहिलो रचना** : सुथ (कथा, सुथ पत्रिका, २०४८) । **कृति/सृजना** : शुभयात्रा (लघुकथा-सङ्ग्रह, २०६०), अन्तिम आग्रह/लिपांगु इनाप (लघुकथा-सङ्ग्रह, नेपाली-नेवारी, २०६२) । नाटक लेखन/निर्देशन : कोटीहोम (२०५०), रेस्लिङ (२०५१), कपर्दी (२०५२), गोलगोल-भद्रगोल (२०५३), हसेहाइसे (२०५४), गो गनाद (२०५४) । **सम्पादन/अनुवाद** : सानू (मासिक बालपत्रिका), जानकारी पत्रिका (वार्षिक), सांस्कृतिक समाज नेपाल (स्मारिका) । **पुरस्कार/सम्मान** : गाईजात्रा सडक महोत्सवमा करीब ६ पटक प्रथम (भक्तपुर), विविध साहित्यिक (कथा) प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : भक्तपुर -१७, इटाछेँ टोल (banepaliagib@hotmail.com) । **फोन** : ६६१२७२४/९८४१३७१६६३ ।

अग्निधर अधिकारी

(माध्यमिक कालीन कवि, नेपाली भाषा) ।

जन्म/स्थान : वि.सं. १९३३ असोज, हर्मी-६, गोरखा । निधन : १९९३ कात्तिक कृष्णपञ्चमी । **बाबु** : दण्डपाणि अधिकारी । **शिक्षा** : मध्यमा (संस्कृत, बनारस) । **पहिलो रचना** : कविता (कविता कल्पद्रुम, १९६३) । **कृति/सृजना** : औषधि खण्ड (कवितासङ्ग्रह, १९७२), बाह्रमासे (कवितासङ्ग्रह, १९७३), छोराबुहारीलाई अर्ती (१९८२), शृङ्गारकलिका (अप्रकाशित), देवशमशेरलाई विन्तिपत्र, शृङ्गारिक कविता : पापिष्ट दुष्ट कुखुरा नकराइ दे न) ।

अग्निप्रसाद कोइराला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ असार ३०, तोपगाछी-७, झापा । **माता/पिता** : नरमाया कोइराला, भवानीप्रसाद कोइराला । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : सेवामा शून्यता (लघुकथा, सङ्गम, २०५६) । **कृति/सृजना** : एस.एल.सी. नेपाली व्याकरण (२०५८), वेदनाका थुँगा (गजलसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : त्रिवेणी मासिक (२०५८), सङ्गम (२०५९), नवरङ्ग (२०५९), नव आवाज (२०५९) । **पुरस्कार/सम्मान** : लोकगीतमा प्रथम पुरस्कार (चन्द्रमा जनसांस्कृतिक मञ्च, झापा, २०५३), साहित्य कला सङ्गमद्वारा कदर-पत्र (२०५९) । **हालको ठेगाना** : तोपगाछी-७, झापा । **फोन** : ०२३-५८२३८१ ।

अग्निशिखा (शुकदेव नेपाल)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असार १८, महाङ्काल, बौद्ध, काठमाडौँ । निधन : २०६५ असोज ५ गते । **माता/पिता** : चन्द्रकुमारी उपाध्याय, नेत्रपाणि उपाध्याय । **शिक्षा** : बी.ए. (त्रि.वि.) । **सेवा** : सरकारी सेवा, पत्रकारिता, राजनीति । **पहिलो रचना** : जिन्दगीभन्दा अमूल्य (कविता, सङ्कल्प, २०३४) । **कृति/सृजना** : रक्तबीज (कवितासङ्ग्रह, २०४२), इज्जत (नाटक, २०४३),

ऊ फेरि आउनेछ (नाटक, २०४३), सहिदकी आमा (गीतिनाटक), देश तपाईंहरूको जिम्मा (गीतसङ्ग्रह), अल अमेरियाको चिहान (विश्वमामिला लेखसङ्ग्रह, २०४८), भोलगाले बिर्सने छैन जोया (लेखसङ्ग्रह, २०४९), सलाम मुक्तियोद्धा (लेखसङ्ग्रह, २०४९), वधशालाविरुद्ध (लेखसङ्ग्रह, २०५०), आस्थापुञ्ज (विश्व-व्यक्तित्वसङ्ग्रह, २०६०), रोजाहरूले रोजेको जीवन (विश्वमहिला-व्यक्तित्वसङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : एक्काइसौँ शताब्दी (मासिक पत्रिका), लहर (साहित्यिक), दृष्टि (साप्ताहिक), प्रतिपक्ष (साप्ताहिक), नवयुग (मासिक), प्राची। **पुरस्कार/सम्मान** : छलफल सिर्जनशील पत्रकारिता पुरस्कार (२०५९), हृदयचन्द्रसिंह पत्रकारिता पुरस्कार (२०६१)। **सम्पर्क ठेगाना** : चावहिल, काठमाडौँ। **फोन** : ४४७९५७७।

अङ्गुरबाबा जोशी (यज्ञकुमारी पन्त)

(कथाकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९८९ भदौ ३०, डिल्लीवजार, काठमाडौँ। **माता/पिता** : दीपकुमारी पन्त, पीताम्बरप्रसाद पन्त। **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र)। **सेवा** : प्राध्यापन, सामाजिक सेवा। **कृति/सृजना** : कल्पना (कथासङ्ग्रह, २०३१)। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण प्रथम (इ.सं. १९६१), गोरखा दक्षिणबाहु दोस्रो, त्रिशक्ति पट्ट तेस्रो, शुभराज्याभिषेक पदक (२०१३, २०३१), दीर्घसेवापदक, रत्नश्री सुवर्ण पदक, गद्दी आरोहण रजत महोत्सव पदक। **हालको ठेगाना** : वागवजार, काठमाडौँ। **फोन** : ४२५५२६८।

अच्युत घिमिरे (अच्युत प्रसाद, अप्रयुत अनपढ)

(कथाकार/कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०२८ असार २, होक्लावारी, मोरङ। **माता/पिता** : चन्द्रलक्ष्मी घिमिरे, गोविन्दप्रसाद घिमिरे। **शिक्षा** : एम.ए., वी.एड. (नेपाली)। **सेवा** : अध्यापन, साहित्य। **पहिलो रचना** : रूपा (लघुकथा, युगबोध मासिक २०५१)। **कृति/सृजना** : शिखर चढिरहेको मान्छे (लघुकथासङ्ग्रह, २०६१), नानीका गीतहरू (वालकाव्य, २०६३), झापाली स्रष्टा र साहित्य (समालोचना, २०६३), भञ्ज्याङमा उभिएर (कवितासङ्ग्रह, २०६७), भालेको देश भ्रमण (बाल कथासङ्ग्रह, २०६९)। **सम्पादन/अनुवाद** : सुरभि स्रष्टा परिचय (पुस्तक, २०६६), झापाली स्रष्टा र साहित्य (पुस्तक, २०६८), सम्झनाका सुसेलीहरू (निबन्ध सङ्ग्रह, २०६८), पूर्णिमा (त्रैमासिक, २०५४), नवरङ्ग (२०५४), अभिनव (हवाईपत्रिका, २०५७), कनकाई (कथाविशेषाङ्क, २०६०), दोमुखा (मासिक, २०६१), भानु (मासिक, २०६४), शृङ्खला (मासिक, २०६८), सुरभि (मासिक, २०६९), सुलेख (मासिक, २०६९)। **पुरस्कार/सम्मान** : जुही सम्मान (२०५९), चन्द्रसूर्य सम्मान (२०६०), नवरङ्ग प्रशंसा पत्र (२०६२)। **हालको ठेगाना** : सुरुङ्गा -९, झापा / काठमाडौँ (achyut_ghimire@yahoo.com)। **फोन** : ०२३-६९००३७, ९८४११४१०९३।

अच्युतदत्त पाण्डे

(कथाकार, नेपाली भाषा)
जन्म/स्थान : इ.सं. १९५१ मार्च, टङ्गाल, गैह्रीधारा, काठमाडौँ। **माता/पिता** : खिलकुमारी पाण्डे, नारायणदत्त पाण्डे। **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल.। **सेवा** : बैङ्क। **पहिलो रचना** : एउटा फूल (कविता, गोरखापत्र, २०२५)। **कृति/सृजना** : भुङ्ग्रोभित्र (कथासङ्ग्रह, २०२९), उसको मृत्युमा (उपन्यास)। **हालको ठेगाना** : १७ /३५० टङ्गाल, गैह्रीधारा, काठमाडौँ। **फोन** : ४४१५५४३, ९८५१०८४७३२।

अच्युतप्रसाद खनाल

(कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९९८ वैशाख २२, दाप्चा, काभ्रेपलान्चोक। **माता/पिता** : सूर्यकुमारी, दामोदर खनाल। **शिक्षा** : स्नातक। **सेवा** : निजामती, सामाजिक सेवा। **पहिलो रचना** : जीवन (कविता, २०१२)। **कृति/सृजना** : वालविवाहको एक झलक (लघुकाव्य, २०१८), संस्कृतिको सुसेली (लघुकाव्य, २०४६), चेतनाको लहर (कवितासङ्ग्रह, २०४९), स्मृति विम्व (संस्मरण, २०५८)। **हालको ठेगाना** : निजगढ-८, बारा। **फोन** : ०५३-५४०१७७।

अच्युतप्रसाद खरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ चैत्र ९, खरेलथोक -४, काभ्रेपलान्चोक । **माता/पिता** : उमादेवी खरेल, चूडाप्रसाद खरेल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, इतिहास, नेपाली, संस्कृति), बी.एल. । **सेवा** : कानुनी सेवा (अधिवक्ता) । **पहिलो रचना** : रेडियो नेपालमा बाल कार्यक्रममा पहिलो रचना पाठ (२०३५) । **कृति/सृजना** : चेलीबेटी (खण्डकाव्य, २०५०), तपस्वीका मनहरू (कवितासङ्ग्रह, २०५०), आफ्नै देश प्यारो (गीतसङ्ग्रह, २०५६), सय थुँगा मखमली (गीतसङ्ग्रह, २०५७), आफ्नो मुरली आफ्नो धुन (गीतसङ्ग्रह, २०५७), एक ढक्की फूलहरू (कवितासङ्ग्रह, २०५७) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : २१००२६६ ।

अच्युतरमण अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ वैशाख ५, डुम्रे, खोटाङ । **माता/पिता** : दुर्गादेवी अधिकारी, मित्रनाथ उपाध्याय अधिकारी । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : नेपालका गाउँमा (कविता, नेपाल पत्रिका, २०१९) । **कृति/सृजना** : विवेचनै विवेचना (समालोचना- सङ्ग्रह, २०४६), रचनात्मक मूल्याङ्कन तथा समीक्षा, २०४७) । **सम्पादन/अनुवाद** : उन्नयन (त्रैमासिक), प्रेस काउन्सिल (१०० अङ्कसम्म), पीपल (वार्षिक), नेपाल (वार्षिक), सिर्जना (त्रैमासिक), नेपाली त्रैमासिक, कस्तूरी, मुकुट । **पुरस्कार/सम्मान** : धरणीधर पुरस्कार (२०४५), साहित्यिक पत्रकारिता पुरस्कार (२०५७), भवानी साहित्यिक पुरस्कार (२०६०), तन्नेरी पत्रिकाद्वारा सम्मान (२०६०) । **हालको ठेगाना** : अनामनगर, काठमाडौँ । **फोन** : ४२४२९३०, ९८४११६९०२६ ।

अच्युतराम मल्ल 'तारा'

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ कात्तिक २२, ठमेल, काठमाडौँ । **माता/पिता** : विन्दुवासिनी मल्ल, तुलसीराम वैद्य । **शिक्षा** : स्नातक (इतिहास) । **सेवा** : अध्यापन, बैङ्किङ । **पहिलो रचना** : महेन्द्रप्रति (मुस्कान मासिक, २०२२) । **कृति/सृजना** : अधुरो प्रेम (उपन्यास, २०२६), छेस्काछेस्की (कवितासङ्ग्रह, २०२७), प्रतीक्षा (उपन्यास, २०२७), सङ्घर्ष (उपन्यास, २०२८), मुक्त (उपन्यास, २०२८), जीवनकाँटा (उपन्यास, २०२९) । पश्चात्ताप (नाटक लेखन/मञ्चन) । **सम्पादन/अनुवाद** : प्रकाश-पिण्ड (मासिक, २०२७), युवक (मासिक, २०२८) । **पुरस्कार/सम्मान** : युवा-महोत्सव स्वर्णपदक (२०३१), दीर्घसेवा स्वर्णपदक (नेपाल बैङ्क लिमिटेड, २०४९) । **हालको ठेगाना** : पो.ब.नं. ३४९२, भगवतीमार्ग, ठमेल, काठमाडौँ । **फोन** : ४४११३५४/४४२९५११ ।



अच्युतशरण अर्याल

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ पुस १, वालिङ-४, स्याङ्जा । **माता/पिता** : बालकुमारी अर्याल, डिल्लीप्रसाद अर्याल । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (बालसाहित्यको इतिहास) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : स्वदेशको उन्नति गरौँ (कविता, २०३०) । **कृति/सृजना** : अभ्हेटाका बान्कीहरू (निबन्धसङ्ग्रह, २०४१), नेपाली बालसाहित्यको रूपरेखा (साहित्येतिहास, २०४५), प्रमाणवाद : साहित्य सिर्जना (समालोचना, २०४८), श्रवणकुमार (बालकाव्य, २०५४) । **सम्पादन/अनुवाद** : पानस (२०४५, सुर्खेत), सिद्धिपाइला (२०४६, सुर्खेत), आँधीखोला (सांस्कृतिक पत्रिका, २०५०), आँधीखोला (साप्ताहिक, २०५४) । **पुरस्कार/सम्मान** : लक्ष्मी साहित्य पुरस्कार (वालिङ, २०४६), शङ्खनारायण साहित्य पुरस्कार (स्याङ्जा, २०५४), महेन्द्र विद्याभूषण 'क', प्रगतिशील लेखक सङ्घ, सुर्खेतबाट सम्मान (२०५८) । **हालको ठेगाना** : वालिङ -४, स्याङ्जा । **फोन** : ९८४१७२४१९३ ।

अजम्बरध्वज खाती क्षेत्री (सच्चिदानन्द भारद्वाज)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ कात्तिक भाइटीका, तानसेन, गैरागाउँ, पाल्पा । **माता/पिता** : लक्ष्मीदेवी खाती क्षत्री, टेकध्वज खाती क्षत्री । **शिक्षा** : स्नातक । **पहिलो रचना** : बटुवा



(गीतिकवितासङ्ग्रह, २०१२)। **कृति/सृजना** : कथा त बटौलीसँग छ (कवितासङ्ग्रह, २०५८), ठूली (गीतिखण्डकाव्य, २०५९), अझै खैंजडी वजेको बज्यै छ (गीति-खण्डकाव्य, २०६१), पाइलाका डोबहरू सारङ्गीका बाङुलीहरू (गीतिकवितासङ्ग्रह, २०६१), आँसु बेनीको (गीतिकवितासङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद** : नयाँकिरण (साप्ताहिक र साहित्यिक, मासिक, २०१४), सिर्जना (साहित्यिक), उपहार (मुखपत्र)। **हालको ठेगाना** : बुटवल -६, रूपन्देही।

अजय रेग्मी



(लेखक/सम्पादक, नेपाली भाषा)। **जन्म/स्थान** : वि.सं. २००८ फागुन १, मदनपोखरा, पाल्पा। **माता/पिता** : मनकुमारी, नारायणदत्त रेग्मी। **शिक्षा** : एम.ए., बी.एड.। **सेवा** : अध्यापन। **कृति/सृजना** : पाल्पाको लोकसाहित्य (२०४२), नेपाली सांस्कृतिक जनजीवन (२०४७)। **सम्पादन/अनुवाद** : डिल्लीराम मिश्रको कृतित्वको मूल्याङ्कन (सम्पादन, २०५२)। **हालको ठेगाना** : रामघाट, वनारस। **फोन** : ९८८३२०२५८१।

अजितमान तामाङ (अमात चोथेन)

(साहित्यकार, तामाङ भाषा) **जन्म/स्थान** : वि.सं. २०२७ वैशाख ६, बुङताङ-५, नुवाकोट। **माता/पिता** : सेलजोङ तामाङ, जगतवहादुर तामाङ। **शिक्षा** : स्नातकोत्तर (भाषाविज्ञान)। **सेवा** : पत्रकारिता, संस्थान सेवा (नेपाल विद्युत प्राधिकरण)। **पहिलो रचना** : ड्याङ्लाकाइरनरी (तामाङ भाषाको कवितासङ्ग्रह, इ.सं. १९९२)। **कृति/सृजना** : ड्याङ्लाकाइरनरी (तामाङ भाषाको कवितासङ्ग्रह, इ.सं. १९९२), साङ्ग्ये ड्याङ्ला ग्याम (तामाङ भाषा, सङ्क्षिप्त बुद्ध जीवनी, इ.सं. १९९३), वरू च्हुल्सा (तामाङ भाषा, कथासङ्ग्रह, ई. सं. १९९४), वेसिक वर्ड बुक अफ तामाङ ल्याङ्ग्वेज (तामाङ-नेपाली-अङ्ग्रेजी संज्ञासङ्ग्रह, इ.सं. १९९४), जोमक्लाङ, ओमक्लाङ, कोच्चाक्लाङ (तामाङ भाषा, गाउँखाने कथासङ्ग्रह, इ.सं. १९९५), तामाङ ताम्पे (तामाङ भाषा, उखानटुक्कासङ्ग्रह, इ.सं. १९९५), तामाङ भाषाको लिपिको पहिचान र आलेखन प्रणाली (इ.सं. १९९७), तामाङ जातिका मौखिक इतिहासका अवशेषहरू (इ.सं. २००२)। **सम्पादन/अनुवाद** : छारम्हेन्दो (मुखपत्र, २०४८), तामाङ (तामाङ भाषा, त्रैमासिक, इ.सं. १९९२), कोनडोङडोङ (तामाङ भाषा, २०४९), जाम्बुलिङ (तामाङ भाषा, २०५७)। कोला न्हावा (शिशुको जन्म, वृत्तचित्र कथा, अनु.), टेबोम्हेन्दो (शिरीषको फूल, पारिजातको प्रसिद्ध उपन्यास, जाम्बुलीङ, साप्ताहिक, अनु.)। **पुरस्कार/सम्मान** : विशेष पुरस्कार (सन्झ्या साहित्यिक पाला), हपा सिरपा पुरस्कार, फ्याफुल्ला पुरस्कार (२०५७)। **हालको ठेगाना** : पो.ब.नं. १९५५९, सुन्धारा, काठमाडौं (ajitman4@yahoo.com)। **फोन** : ४२७६७६४, ५५४१०३२, ९८४१५२३३७९।

अनङ्गनाथ उपाध्याय पौड्याल

(माध्यमिक कालीन कवि, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. १९५२ मङ्सिर कृष्ण एकादशी, नक्साल, काठमाडौँ। निधन : २०३४ असार ९। **माता/पिता** : टीकाकुमारी, नारायणप्रसाद पौड्याल। **शिक्षा** : संस्कृत ज्योतिष, तन्त्रशास्त्र (बनारस)। **सेवा** : साहित्य साधना, निजामती। **कृति/सृजना** : अङ्गद-रावण संवाद (हास्यव्यङ्ग्य, १९९१), अजीर्ण-मञ्जरी (औषधिविज्ञान, १९९८), राधाकृष्ण मिलन (काव्य, २००८), मीठो कथा (काव्य, २०१४), परालको आत्मकथा (काव्य, २०२१), अतिकाय बध (२०२८), विचित्र सीताराम चरित्र।

अनन्तकुमार श्रेष्ठ

(कवि, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०३३ जेठ १४, पुतली वजार, भाइटारी, स्याङ्जा। **माता/पिता** : तीर्थकुमारी श्रेष्ठ, थमनारायण श्रेष्ठ। **शिक्षा** : स्नातक। **सेवा** : गैरसरकारी सेवा, साहित्य। **पहिलो रचना** : म देश कोरिरहेको छु (कविता, २०५३)। **कृति/सृजना** :

एउटा कथा मेरो देशको (कवितासङ्ग्रह, २०५९)। **सम्पादन/अनुवाद** : एक झलक (२०५८)। **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार, बृहत् कविता सम्मेलनमा। **हालको ठेगाना** : स्याङ्जा, (anantashrestham@yahoo.com)। **फोन** : ०६३-४२०४०३।

अनन्तप्रसाद वाग्ले

(बाल साहित्यस्रष्टा/कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३० फागुन ८, बाहुनगाउँ, काभ्रे। **माता/पिता** : टङ्ककुमारी वाग्ले, मोदनाथ वाग्ले। **शिक्षा** : एम.ए. (समाजशास्त्र)। **सेवा** : अध्यापन, पत्रकारिता। **पहिलो रचना** : माटो (कविता, जनमत मासिक, २०४७)। **कृति/सृजना** : सहृदयी स्वरहरू (संयुक्त कवितासङ्ग्रह, २०५९), आप्पाको झण्डा (बालकथासङ्ग्रह, २०६०), केही ठूला मानिस (जीवनी, २०६१) (मङ्गलमानको सारङ्गी (२०६४)। **सम्पादन/अनुवाद** : एक से एक मान्छेहरू (कवितासङ्ग्रह, कविराज तण्डुकार), श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ (सहसम्पादन), कुसुम (साहित्यिक त्रैमासिक), ज्योति स्मारिका, कोपिला (बाल परिशिष्टाङ्क, कान्तिपुर दैनिक) **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा प्रथम (२०५६), शुभजन्मोत्सव कविता पुरस्कार (श्री ५ ऐश्वर्य शुभजन्मोत्सव समारोह समिति, २०५७), कविता महोत्सव पुरस्कार (वीरगञ्ज साहित्य परिषद्, २०५८), उत्कृष्ट कविता पुरस्कार (सिपाही, शाही नेपाली सेना, २०५९), भानुमोती पुरस्कार (२०६०), पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार (२०६५)। **हालको ठेगाना** : पो.ब.नं. ८५५९, कोटेश्वर, काठमाडौँ (wagleananta@gmail.com)। **फोन** : ०१-६२१४१५८, ९८४१२५९३१०।

अनमोलमणि

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ फागुन ९, छतिवन -४, मकवानपुर। **माता/पिता** : रोमकुमारी, तेजबहादुर पौडेल। **शिक्षा** : स्नातकोत्तर। **सेवा** : पत्रकारिता। **पहिलो रचना** : कविता (झरना साहित्यिक त्रैमासिक, २०५२)। **कृति/सृजना** : नदी किनारमा उभिएर (गजलसङ्ग्रह, २०६१), नीलिमा र गाढा अँध्यारो (कथासङ्ग्रह, २०६६), नीलिमा र गाढा अँध्यारो (सुन्ने किताब, २०६७), सबुत (कवितासङ्ग्रह, २०६८)। **सम्पादन/अनुवाद** : आजका नेपाली कथा (पचासको दशकका २५ युवा कथाकारका कथाहरूको सङ्ग्रह– २०६८), नयन साहित्यिक त्रैमासिक पत्रिका २०५५)। **पुरस्कार/सम्मान** : राष्ट्रिय गजल महोत्सवमा तृतीय (२०५७), मसांस राष्ट्रिय कविता महोत्सवमा तृतीय (२०५८), रोटरी राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार (२०६९), राष्ट्रिय शिक्षा पदक (२०६९, शिक्षा मन्त्रालय), राष्ट्रिय शिक्षा सम्मान (२०६९, अभिभावक संघ नेपाल)। **हालको ठेगाना** : पाटनढोका, ललितपुर (anamolmani@gmail.com)। **फोन** : ९८५१०७३५७८।

अनिता तुलाधर

(कवि, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९५१ अप्रिल २९, विराटनगर। **माता/पिता** : मैनाबेली, रामराज तुलाधर। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : साहित्य/गृहस्थी। **पहिलो रचना** : कान्छा मगर (कथा, रत्नश्री, २०२३)। **कृति/सृजना** : कथासङ्ग्रह : फूलु (२०३४) रित्तो सहर (२०३५), सूर्यग्रहण (२०४०), विडम्बना (२०४५)। **सम्पादन/अनुवाद** : जुरेली (त्रैमासिक)। **पुरस्कार/सम्मान** : कथा प्रतियोगितामा प्रथम पुरस्कार (२०२८), रत्नश्री स्वर्णपदक (२०३४), लोकप्रिया पुरस्कार। **हालको ठेगाना** : त्रिपुरेश्वर, काठमाडौँ। **फोन** : ४२५८०४४।

अनिता लामा 'अनुराग'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ चैत्र ३, काभ्रेपलान्चोक। **माता/पिता** : माया लामा, कान्छा लामा। **शिक्षा** : एम्.बी.एस., स्नातकोत्तर (वाणिज्य)। **सेवा** : अध्यापन। **पहिलो रचना** : बधाई नवयुवालाई (कविता, नवयुवा मासिक, २०५३)। **कृति/सृजना** : अनुराग (कवितासङ्ग्रह, २०५८)। **पुरस्कार/सम्मान** : विभिन्न स्थानीय प्रतियोगितामा पुरस्कृत।

हालको ठेगाना : पो.ब.नं. १३८९०, बालुवाटार, काठमाडौँ (anita_anur@hotmail.com) । **फोन** : ४४४५३६९ ।

अनिरुद्ध तिमसिना



(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ वैशाख १४, ओझाडाँडा, पोक्लवाङ, तेह्रथुम । निधन : २०६९ असोज ८ । **माता/पिता** : जानुकादेवी तिमसिना, कृष्णप्रसाद तिमसिना । **शिक्षा** : दर्शनाचार्य, एम.ए. (नेपाली, अर्थशास्त्र, संस्कृति, काव्यतीर्थ) । **सेवा** : अध्यापन, बैङ्किङ सेवा, प्राध्यापन । **पहिलो रचना** : म प्रेम गर्न चाहन्छु (कविता, जुनेली पत्रिका, २०२०) । **कृति/सृजना** : मोरङका समकालीन कविता (संयुक्त कवितासङ्ग्रह, २०६०), एक दशाब्दीका पाइलाहरू (२०६२), समयपीडा अर्थात् प्रश्नमात्र (कविता, २०६४), साहित्यको अध्ययन र मूल्याङ्कनका दृष्टिकोण । **सम्पादन/अनुवाद** : प्रलेस (२०५४), प्रलेस मोरङ (२०५५), पण्डित शालिग्राम पोखेल स्मृति ग्रन्थ (२०६१), डा. डिल्लीराम तिमसिना स्मृतिग्रन्थ (संयुक्त सम्पादन, २०६०), रातो झण्डा, मिलन (संयुक्त सम्पादन), चूडामणि रेग्मी अभिनन्दन ग्रन्थ (२०६६), प्राग्ज्योति, हिन्दी और नेपाली के व्यतिरेकात्मक अध्ययन (अनुवाद) । **पुरस्कार/सम्मान** : इटहरी साहित्यिक समूहद्वारा सम्मान (२०५५), साहित्य कला सङ्गम झापाद्वारा सम्मान तथा अभिनन्दन (२०५८), जुही नवरत्न सम्मान (२०५९), विभिन्न जिल्लामा भएका साहित्य गोष्ठीहरूमा प्रथम पुरस्कार । **सम्पर्क ठेगाना** : तीनटोलिया, फणीन्द्र मार्ग -५८, विराटनगर, मोरङ । **फोन** : ०२१-५२६१३८, ९८४२१९७९५९।

अनिरुद्ध महास्थविर

(साहित्यकार, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९७९ (ने.सं. १०३६, थिंलागा: ११), स्वयम्भू, काठमाडौँ । **माता/पिता** : मैजु तुलाधर, दशरत्न तुलाधर । **शिक्षा** : संस्कृत, पाली । **पहिलो रचना** : परित्राण धर्मया न्ह्यगु अंग (निबन्ध, धर्मोदय पत्रिका, ने.सं. १०६८) । **कृति/सृजना** : धम्मपद कथा (भाग १-८, ने.सं. ११०१-१११२), सेवाया मूलमन्त्र (बु.सं.२५१०), **सम्पादन/अनुवाद** : धर्मचक्र सूत्र (अनु., ने.सं. १०६८), लोकनीति (अनु. ने.सं. १०७१), बुद्धभक्ति शतकम् (अनु., ने.सं. १०७८), विशाखा चरित्र (अनु., ने.सं. १११३) आदि ।

अनिल कोइराला

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०३५ जेठ ३२, पोखराथोक-५, पाल्पा । **माता/पिता** : लक्ष्मी कोइराला, गङ्गानाथ कोइराला । **शिक्षा** : बी.ई. (कम्प्युटर) । **सेवा/सम्प्रति** : अध्यापन । **पहिलो रचना** : विडम्बना (कविता, सत्य समाचार साप्ताहिक, २०५०) । **कृति/सृजना** : दिक्क लागेर त हो नि ! (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०६२), चड्कनच्युरा (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६४), फुरौला (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : प्रस्फुटन (साहित्यिक, २०५८) । **हालको ठेगाना** : काठमाडौँ (koiralabandhu@gmail.com) । **फोन** : ९८४१४२२७२६ ।

अनिल पौडेल (अनिरुद्ध पौडेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ ६, पाथिभरा, हेदाङ्ना, सङ्खुवासभा । **माता/पिता** : टीकादेवी पौडेल, लक्ष्मीप्रसाद पौडेल । **शिक्षा** : बी.ए. । **सेवा** : बैङ्किङ सेवा । **पहिलो रचना** : फुस्स (कविता, २०३४) **कृति/सृजना** : तुवाँलो लागेको क्षितिजबाट (कवितासङ्ग्रह, २०४०, सहलेखन), आजको सवाई (सवाई, २०४२), फुटेर फेरि मनहरू (कवितासङ्ग्रह, २०४८), काठमाडौँदेखि सिक्किमसम्म (नियात्रासङ्ग्रह, २०५३), हातहरू (कवितासङ्ग्रह, २०५७), लोककवि अली मियाँ (वृत्तचित्र निर्माण, २०५७), आमाचरी (२०६३), झमक (वृत्तचित्र निर्माण, २०५७), छन्दको सुगन्ध (१९ ओटा छन्दोबद्ध कविताको श्रव्यदृश्य क्यासेट निर्माण, २०५९) आदि । **सम्पादन/अनुवाद** : कविता क्यालेण्डर (२०५०), समष्टि (द्वैमासिक पत्रिका), गरिमा (मासिक), मोरङ एक परिचय, सुन्दरपुरको चिनारी, फूलबारी, मदन भण्डारी स्मृति ग्रन्थ, तस्वीरमा मदन भण्डारी, हेमराज पहारी स्मृति

ग्रन्थ । **पुरस्कार/सम्मान** : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाद्वारा १९९७ मा आयोजित अन्तर्राष्ट्रिय नेपाली कविता प्रतियोगितामा प्रथम, युद्धप्रसाद मिश्र काव्य पुरस्कार (२०५७), षडानन्द प्रतिभा पुरस्कार (२०५८), जीवन स्मृति पुरस्कार (२०६०), हरिभक्त कटुवाल प्रतिभा पुरस्कार (२०६१), नवरत्न साहित्य प्रतिष्ठान झापाबाट सम्मान । **हालको ठेगाना** : सुन्दरपुर-९, बाँसबारी, मोरङ / बालकुमारी, ललितपुर । **फोन** : ५००६०८४ /९८४१५०९१९२ ।

अनुपचन नौलखा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४ चैत्र शुक्ल चौथी, विराटनगर -९, मोरङ । **माता/पिता** : मखुदेवी नौलखा, सगुनचन्द नौलखा । **शिक्षा** : साधारण लेखपढ । **सेवा** : समाजसेवा । **पहिलो रचना** : वि.सं. १९९५ सालतिरदेखि कविता लेखन-प्रकाशनको प्रारम्भ । **कृति/सृजना** : अन्तर्ध्वनि (कवितासङ्ग्रह) । **हालको ठेगाना** : विराटनगर, पोखरिया, मोरङ ।

अनुप बराल

(नाट्यकर्मी)

जन्म/स्थान : इ.सं. १९६८ अप्रिल ७, पोखरा, कास्की । **माता/पिता** : पार्वती बराल, दुर्गा बराल । **शिक्षा** : स्नातक (अभिनयकला) । **सेवा** : नेपाली रङ्गकर्म (अभिनय, निर्देशन) । **पहिलो रचना** : जब इज्जत सल्कन्छ (नाटक, अभिनय, २०४२) । **कृति/सृजना** : मलामी, मलामीहरू, द जस्टिस, ह्यामलेट, डम्वेटर, सेभेन्थसील, बरै, थाङ्ला, सिरुमारानी, चेरी आर्चड, थ्री सिस्टर्स, कथादेश, जात सोध्नु जोगीको, बाबरनामा बालनु, रोजेनक्रान्टज एण्ड गिल्डर्नस्टेन आर डेड, भिड समर नाइट ड्रिम, खुमाजस्ता महत्त्वपूर्ण नाटकलगायत करीब तीन दर्जन अन्य नाटकहरूमा निर्देशन तथा अभिनय । ग्रामीण नाटक यात्रासँग संलग्नता रही विविध नाटकमा अभिनय तथा निर्देशन । देश र विदेशमा नाट्यकलाबारे कार्यशालामा प्रशिक्षण गर्दै आएको । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), सर्वश्रेष्ठ निर्देशक पुरस्कार (२०५६, ने.रा.प्र.प्र.) । **हालको ठेगाना** : धापासी, काठमाडौं / पोखरा-३, कास्की (aankanradhabaral@yahoo.com) । **फोन** : ०१-४३५५५१६/९८५१०९१३०३ ।

अभि सुवेदी (अभिनारायण सुवेदी)

(समालोचक, नाटककार)

जन्म/स्थान : वि.सं. २००२ असार १६, सावला, तेह्रथुम । **माता/पिता** : रमा सुवेदी, भाष्कर सुवेदी । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), एम.एस्सी. (भाषाशास्त्र), विद्यावारिधि (अङ्ग्रेजी साहित्य) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : नानी रोयो (कविता, नौलो पाइलो, २०१३) । **कृति/सृजना** : नेपाली लिटरेचर : ब्याकग्राउन्ड एन्ड हिस्ट्री (अङ्ग्रेजी भाषामा नेपाली साहित्यको इतिहास), विश्व साहित्यको ऐतिहासिक रूपरेखा (समालोचना, सहलेखन, २०३०), पाश्चात्य काव्य सिद्धान्त (समालोचना, २०३०), इङ्ग्लिस फर इस्पेसल पर्पोज (पाठ्यपुस्तक, इ.सं. १९७८), सिर्जना र मूल्याङ्कन (समालोचना, २०३८), शब्द र चोट (कवितासङ्ग्रह, २०५४), क्यासिङ ड्रिम्स (नाटक), अग्निकथा (नाटक), मानस (अङ्ग्रेजी कवितासङ्ग्रह, सहलेखन), माध्यम र रचना(समालोचनासङ्ग्रह, २०५४), आधुनिक जापानी कविता, पाँच नाटक (सन् २००४), निवन्ध र टुँडिखेल (सन् २००८), निबन्धमा उत्तरआधुनिक कालखण्ड (सन् २००९), चिरिएका सम्झनाहरू (सन् २०११) लगायत डेढ दर्जन जति पुस्तक । **सम्पादन/अनुवाद** : पच्चीस वर्षका नेपाली कविता (२०३९), जापानी हाइकु : हिजो र आज (२०४४), जापानी नोह नाटक (सं. एवं अनु.), धूपी (समसामयिक संयुक्त सम्पादन), आधुनिक जापानी उपन्यासप्रति विभिन्न दृष्टिकोणहरू, पोइम्स अफ द सेन्चुरी (सन् २०००) आदि । **पुरस्कार/सम्मान** : सर्वोत्तम अभिनय पुरस्कार (इ.सं. १९६९, त्रि.वि.), गणेश भण्डारी स्मृति पुरस्कार (इ.सं. २००२), ब्रिटिस काउन्सिल विद्वत्वृत्ति (इ.सं. १९७८), शिक्षा पुरस्कार, सार्क लेखक पुरस्कार । **हालको ठेगाना** : पो.ब.नं. २३७१ गोङ्गबू, काठमाडौं । **फोन** : ०१-४३५३९६३, ४३७८६६३, ९८५१०७५८५३ ।

अमरकुमार प्रधान

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ मङ्सिर १७, नक्छे टोल, भीमेश्वर न.पा., दोलखा । **माता/पिता** : सुवर्णलक्ष्मी प्रधान, कमलप्रसाद प्रधान । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन, निजामती । **पहिलो रचना** : चित्र बुद्धको (कथा, २०२६) । **कृति/सृजना** : त्रिविध (कथासङ्ग्रह, सहलेखन, २०४४), शान्ति कान्ति

(कथासङ्ग्रह, २०५७) । कृष्ण लीला (नाटक, मञ्चन -२०३३), परिवर्तित मान्यता (नाटक, मञ्चन, २०३८), अनौठो कलम (बाल-साहित्य, २०६८), अमरका कथाहरू (२०६९) । **सम्पादन/ अनुवाद :** आँखा (सामयिक सङ्कलन), हलचल (मासिक), साङ्ग्रिला (त्रैमासिक), अभयपुर (मासिक) । **पुरस्कार/ सम्मान :** दैवीप्रकोप पीडितोद्धार पदक (२०६१), प्रतिभा सम्मान (२०५८), तन्नेरी प्रतिभा सम्मान (२०६१) । **हालको ठेगाना :** पो.ब.नं. १७९१, काठमाडौँ । **फोन :** ९८४१३८३३६१ ।

अमर गिरी (उदय नेपाली, प्रशान्त)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ भदौ २७, निमुरिया -१, दाङ । **माता/ पिता :** लीलावती गिरी, वासुदेव गिरी । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा :** अध्यापन, पत्रकारिता, संस्थान सेवा (चलचित्र विकास बोर्ड अध्यक्ष) । **पहिलो रचना :** आमा (कविता, सन्देश पत्रिका, बनारस, २०३३) । **कृति/सृजना :** घाम छेक्ने पहाड (कवितासङ्ग्रह, २०५५), तर पनि हामी जीवित छौँ (कवितासङ्ग्रह, २०६१), दुःसाध्य समय (कवितासङ्ग्रह, २०६५), समय, समाज र संस्कृति (२०६७) । **सम्पादन/अनुवाद :** अन्तर्ध्वनि (साहित्यिक पत्रिका, दाङ), कलम (साहित्यिक पत्रिका, काठमाडौँ), झिसमिसे (साहित्यिक पत्रिका, काठमाडौँ), गाउँघर (साप्ताहिक, २०५२) । **पुरस्कार/सम्मान :** तारा पन्त पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), लोकेन्द्र साहित्य पुरस्कार (२०५६), पद्मनाभ-तिलकुमारी राणा साहित्यिक प्रतिभा पुरस्कार (२०५८), कृष्णमणि पुरस्कार (२०६१), यज्ञस्वर निरौला साहित्य प्रतिभा पुरस्कार (२०६६) आदि । नयाँ युगबोध पत्रिकाद्वारा कदरपत्र (२०५८), प्रेस चौतारी दाङद्वारा कदरपत्र (पत्रकारिता, २०५९) । **हालको ठेगाना :** बालकुमारी, ललितपुर । **फोन :** २०६०३९०, ९८४१४५३५०४ ।

अमर चित्रकार

(मूर्तिकार/चित्रकार)

जन्म/स्थान : वि.सं. १९७८, केलटोल, काठमाडौँ । निधन : २०५६ । **माता/पिता :** चिनीमाया चित्रकार, बिन्दुलाल चित्रकार । **शिक्षा :** आठ कक्षा, कला शिक्षा । **सेवा :** कला साधना, ने.रा.प्र.प्र. (प्राज्ञ-सदस्य, इ.सं. १९७५-७९) । **पहिलो रचना :** राष्ट्रिय कला प्रदर्शनी (नाफामा सहभागी, इ.सं. १९६६) । **कृति/ सृजना :** परम्परागत र आधुनिक चित्रकलाको एक झलक (पुस्तक, २०३४) । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (सिंहदरबार गेट, पोखरा र देवीघाट), श्री ५ महेन्द्र (भद्रपुर, दरबारमार्ग काठमाडौँ), महाकवि लक्ष्मीप्रसाद देवकोटा (डिल्लीबजार, काठमाडौँ), आदिकवि भानुभक्त (दरबार हाईस्कुल, काठमाडौँ), कविशिरोमणि लेखनाथ पौड्याल (लेखनाथ सदन, सोह्रखुट्टे, काठमाडौँ), सोमनाथ सिग्देल (वाल्मीकि विद्यापीठ, काठमाडौँ), चक्रपाणि चालिसे (कटुन्जे, भक्तपुर), मोतीराम भट्ट (धरान), बालकृष्ण सम, भवानी भिक्षु (कमलादी, काठमाडौँ), विभिन्न राणा प्रधानमन्त्रीहरू तथा विशिष्ट व्यक्तिहरूको तैलचित्र तथा मूर्ति (स्मारक)हरूका साथै अन्य थुप्रै कलाकृतिहरूको सिर्जना देश-विदेशमा सङ्गृहीत । चित्रकला प्रदर्शनहरू : नेपाल, भारत (वम्बई, लखनऊ, दिल्ली), जापान र बङ्गलादेशमा पटकपटक । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (पोस्टर, पर्यटन, इ.सं. १९६८), त्रिशक्तिपट्ट द्वितीय, गोरखा दक्षिणबाहु (पाँचौँ, चौथौ र दोस्रो), इन्द्रराज्यलक्ष्मी पुरस्कार (इ.सं. १९७०), सम्पदा पुरस्कार (नेपाल सम्पदा समाज), भूपालमान-भुमा कार्की पुरस्कार, अन्तर्राष्ट्रिय मञ्च, नेपालद्वारा 'वर्ष पुरुष' को उपाधि, श्री ५ महेन्द्र एवं श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदक (२०३१), तेस्रो सार्क शिखर सम्मेलन पदक, अन्य धेरै पुरस्कार तथा पदकहरू । बम्बई, लखनऊमा सम्मान, राष्ट्रिय गौरव सम्मान, नेपाल गौरव सम्मान (मरणोपरान्त) । **सम्पर्क ठेगाना :** डल्लुटोल, काठमाडौँ । **फोन :** ४२७२८७६ ।

अमर तुम्याहाङ (अम्बरजङ लिम्बू)

(कवि, नेपाली/लिम्बूभाषा)

जन्म/स्थान : २०२५ भदौ १, जहानेगाउँ, ताप्लेजुङ । **माता/ पिता :** छमिमाया मावक्खिम, मङ्गलबहादुर लिम्बू । **शिक्षा :** एम.एड. (अङ्ग्रेजी) । **सेवा :** अध्यापन, पत्रकारिता, प्राज्ञ सभासद् (नेपाल प्रज्ञा-प्रतिष्ठान) । **पहिलो रचना :** वियोग (लघुकथा, दीपिताशिखा, २०५२) ।

कृति/सृजना : सहिद (कवितासङ्ग्रह, २०५६), मेरी सानी नानी (बालकवितासङ्ग्रह, २०५६), सेवारो (लिम्बू बाल-कवितासङ्ग्रह, २०५८), सोधुङ्गेन इमानसिंह चोत्लुङ (महाकाव्य, लिम्बू, २०६०), आनी पान (कक्षा ५ को लिम्बू भाषाको पाठ्यसामग्री, सहलेखन) । **सम्पादन/अनुवाद** : दीपितशिखा (२०५२), तान्छोप्पा (साप्ताहिक, २०५८), प्रवासी वेदनाका आवाजहरू (अर्धवार्षिक, २०५९), सेमी फक्ताङलुङ (चौमासिक, २०६०), फुङ (लिम्बू साहित्यिक मासिक, २०६१), सयपत्री (अर्धवार्षिक, २०६८) । **पुरस्कार/सम्मान** : राष्ट्रिय कविता प्रतियोगितामा प्रथम (२०५६), लिम्बू आधुनिक कथा प्रतियोगितामा द्वितीय (२०६०), लिम्बू विद्यार्थी मञ्चद्वारा सम्मान (२०६१), इमानसिंह चेम्जोङ साहित्य पुरस्कार (२०६४) । **हालको ठेगाना** : खेवाङ-८, ताप्लेजुङ / पो.ब.नं. ४५४८, काठमाडौं । **फोन** : ६६३३८६८, ९८४१०९५९८१ ।

अमर त्यागी (अमरबहादुर श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२५ भदौ २५, मझुवा, ओखलढुङ्गा । **माता/पिता** : लक्ष्मी श्रेष्ठ, रणबहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा** : प्राध्यापन, लेखन, सम्पादन । **पहिलो रचना** : 'गोठाला-गोठाल्नी' (कविता, गोरखापत्र, २०४०) । **कृति/सृजना** : बाँसुरीमा आँसुको गीत (गजलकृति, २०५७), अक्षरहरूको देश (कवितासङ्ग्रह, २०५८), अनुभूतिको जुलुस (सूत्रकविताकृति, २०६०), अभियुक्त ईश्वर (२०६२), अक्षर र आँसु (हाइकुसङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : मूर्च्छना (गजल द्वैमासिक, २०४३), जनहित ज्योति (साहित्यिक, २०४२), प्रज्ञान (द्वैमासिक, २०६२), देवकोटा स्मारिका व्याख्यानसङ्ग्रह (२०६२), अश्रुपूरित आँखाहरू (गजलकृति, २०६२), सगर (ग़जल विशेषाङ्क, २०६२), सोझा प्रश्न बाँउठा उत्तर (हास्यव्यङ्ग्य कृति, मुकुन्द आचार्य, २०६३), प्रतिभा र प्रसङ्गहरू (निबन्धसङ्ग्रह, २०६३), जलनको आँसु (गजलसङ्ग्रह, २०६५) । **पुरस्कार/ सम्मान** : प्रतीक राष्ट्रिय कथा पुरस्कार (२०४५), वीसाप राष्ट्रिय कविता महोत्सव पुरस्कार (२०५९), नारायणी वाङ्मय पुरस्कार (२०६०) । अस्तित्व साहित्य सम्मान (२०५६), सूत्रस्रष्टा सम्मान (२०६१), राष्ट्रिय वाङ्मय सम्मान (२०६२), गजल गौरव सम्मान (२०६२) । **हालको ठेगाना** : कलैया -८, बारा /काठमाडौं । **फोन** : ९८४१९४५५१६ ।

अमर न्यौपाने

(उपन्यासकार/चित्रकार)

जन्म/स्थान : वि.सं. २०३२ चैत्र १४, पार्वतीपुर, चितवन । **माता/पिता** : हरिमाया, एकनाथ न्यौपाने । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : छाडिदेऊ रातलाई (गीत, स्मृति साप्ताहिक, २०५३) । **कृति/सृजना** : गजलपथका यात्रीहरू (संयुक्त गजलसङ्ग्रह, २०६१), एकल चित्रकला प्रदर्शनी (चितवन, २०५६), सामूहिक चित्रकला प्रदर्शनी (चितवन, २०५५), चितवन महोत्सव (२०५५ र २०५७), अन्तर्राष्ट्रिय युवा सम्मेलन (२०५८), पानीको घाम (कथासङ्ग्रह, २०६६), ऐनै ऐना (२०६६), सेतो धरती (उपन्यास, २०६८) । **पुरस्कार/सम्मान** : चितवन महोत्सव, २०५७ मा उत्कृष्ट (अमूर्त चित्रकला), मदन पुरस्कार (२०६८) । **हालको ठेगाना** : पटिहानी-७, चितवन । **फोन** : ०५६-५२०४९६ ।

अमरबहादुर कार्की क्षेत्री

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ असोज । निधन : २०१६ पुस ५ । **माता/पिता** : वदनकुमारी कार्की, कुलदीप कार्की । **शिक्षा** : स्वाध्ययन । **सेवा** : सामाजिक सेवा (अमर मा.वि.का संस्थापक) । **कृति/सृजना** : आर्त पुकार (भजनसङ्ग्रह, २०१२) । **सम्पर्क ठेगाना** : झुले-२, दोलखा ।

अमर शाह

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ वैशाख १५, धुल्खर्क, सल्यान । **माता/पिता** : नूरदेवी शाह, ज्ञानबहादुर शाह । **शिक्षा** : बी.भी.एस्सी. । **सेवा** : पशु सेवा । **पहिलो रचना** : दुई मुक्तक (मधुपर्क, २०३२) । **कृति/सृजना** : आदि युग (कथासङ्ग्रह, २०४५) । **सम्पादन/अनुवाद** : नवरत्न (गोजिका, २०३४) ।

हालको ठेगाना : धुल्खर्क, भल्चौर -३, सल्यान । **फोन** : ०७१-५२०२०६ ।

अमित घिमिरे (सीताराम)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३३ मङ्सिर १, सिम्पालकाभ्रे -४, सिन्धुपाल्चोक । **माता/पिता** : पवित्रा घिमिरे, रामप्रसाद घिमिरे । **शिक्षा** : एल.एल.बी. । **सेवा** : अध्यापन । **पहिलो रचना** : विपरीत शून्य (लघुकथा, २०४४) । **कृति/सृजना** : तिम्रो यादमा (कथासङ्ग्रह, २०५४), आर्तनादहरू (विविधा, २०६१) । जराजुरी कला, अमूर्त चित्रकला (हेलम्बु मेलम्ची महोत्सव, २०६१) । मौन व्यथाहरू (२०५०), कालरात्री (२०५१), कालो सडक (२०५२) लगायत करीब एक दर्जन पूर्णाङ्की नाटकहरू प्रदर्शित एवं प्रकाशित । **पुरस्कार/सम्मान** : साहित्यिक/साङ्गीतिक प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : चौतारा -८, सिन्धुपाल्चोक । **फोन** : ०११-५२०३३१ ।

अमिरमान चित्रकार

(मूर्तिकार/चित्रकार)



जन्म/स्थान : वि.सं. १९९८, भीमसेनस्थान, काठमाडौँ । **माता/पिता** : चैत्यमाया चित्रकार, मणिकमान चित्रकार । **शिक्षा** : आफ्नै प्रयास र स्व. पिता मणिकमान चित्रकारबाट चित्रकलाको ज्ञान हासिल । **सेवा** : चित्रकला । **पहिलो रचना** : २०२१ सालमा चित्रकला प्रदर्शनी (जुद्धोदय हाईस्कुल, काठमाडौँ) । **कृति/सृजना** : राष्ट्रिय चित्रकला प्रदर्शनी (२०२४), परम्परागत चित्रकला प्रदर्शनी (२०५०) लगायत हाल (२०६१) सम्म करीब दुई दर्जन एकल एवं थुप्रै सामूहिक चित्रकला प्रदर्शनी । राजदरबार, नेपाल, भारत, अस्ट्रेलिया, जापान, अमेरिका, जर्मनी, इङ्गल्यान्ड, फ्रान्स आदि देशहरूमा चित्रकला सृजना सङ्गृहीत । **पुरस्कार/सम्मान** : विशेष पदक पुरस्कार (श्री कृष्ण-जन्माष्टमीको उपलक्ष्यमा ललितपुर नागरिक समिति, २०४१), राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार (२०५७), चन्द्र अमर पुरस्कार (२०६१), राष्ट्रिय चित्रकला प्रतियोगिताहरूमा पटक-पटक पुरस्कृत । यु.एस.आई.एस. (२०३०), द रेयुकाई नेपाल (२०५१), पाटन हस्तकला उद्योग (२०५१), इजराइल राजदूतावास (२०५२), नेपाल हस्तकला उद्योग सङ्घ (२०५४), भक्तपुर पौभाच्वमि समूह (२०५९), नेपाल कलाकार समाजबाट सम्मान (२०६१) आदि विभिन्न सङ्घ-संस्थाहरूबाट प्रमाणपत्र, अभिनन्दन, सम्मान । **हालको ठेगाना** : नयाँबजार, बहति रायमाझी टोल, काठमाडौँ । **फोन** : ४३५८३८२ ।

अमीररत्न ताम्रकार (राकेश)

(कथाकार/नाटककार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१४ कात्तिक, २१, मरुटोल, काठमाडौँ । **माता/पिता** : लक्ष्मीकुमारी ताम्रकार, पन्नारत्न ताम्रकार । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : व्यवस्थापन, साहित्यिक पत्रकारिता । **पहिलो रचना** : मातृभूमि (कथा, रा.से.द. पत्रिका, २०२९) । **कृति/सृजना** : निकचा (कथासङ्ग्रह, २०३२), सतः (कथासङ्ग्रह, २०३३, संयुक्त), हाफव्वाइल (हास्य एकाङ्की, २०४२), कन्टेम्पोररी राइटिङ इन नेपालभाषा (अङ्ग्रेजी, इ.सं. २०००), ख्याः ख्यालं (हास्य एकाङ्की) । **सम्पादन/अनुवाद** : मलः, मिब्वाला, गं, भिंतुना, अन्तर क्याम्पस नेवाः पोस्ट, लुँस्वां, नेवाः । **पुरस्कार/सम्मान** : विभिन्न भाषिक तथा साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : का.म.न.पा.-२०, काठमाडौँ (ameer_tamrakar@hotmail.com) । **फोन** : ४२६१०७३ ।

अमृत योञ्जन तामाङ

(लेखक, नेपाली/तामाङ भाषा)

जन्म/स्थान : वि.सं. २०१२ कात्तिक १६, तले गाउँ, तिल्पुङकटहरे, रामेछाप । **माता/पिता** : मोतीमाई पाखिन, बखतसिंह योञ्जन । **शिक्षा** : एम.ए. (भाषाविज्ञान) । **सेवा** : पत्रकारिता, सम्पादन, सामुदायिक विकास र भाषाशास्त्रीय परियोजनामा परामर्श सेवा । **पहिलो रचना** : बिरुवाहरूको सङ्घर्ष (पश्चिम बङ्गाल साप्ताहिक, २०३७) । **कृति/सृजना** : चुसा हेन्छे (२०४७), तामाङ सङ्ख्या प्रणाली (२०४७), तामाङ व्याकरणको प्रारूप (२०४९), छारठिम (भाग १ र २, २०४९), तामाङ भाषाको मानक लेखन किन र कसरी ? (२०५०), तामाङ भाषा बोलचाल (२०५०), तामाङ प्रकाशनको विकास (२०५१), तामाङ-नेपाली

शब्दावली (२०५१), तामाङ साङ्ग्युर सानस्युगो (२०५२), स्याल्गार (नाटक, २०५२), तामाङ लेखनमा लिपिको प्रश्न र कार्यदिशा (२०५२), तामाङ जाति र संस्कृति (२०५३), तामाङ शब्दकोश (२०५४), तामाङ व्याकरण (२०५४), ह्याङ्ला ग्योत (भाग १-५, हाम्रो भाषा कक्षा १-५, सहलेखन, २०५५/५९), भुजेल जाति र भाषा : प्रारम्भिक अध्ययन (भाषा खण्ड, २०५९), तामाङ भाषाको फट्को (२०६१), ङ्याउङ्याउ सुरी (तामाङ बालगीत-२०६१), तामाङ साहित्यको इतिहास (२०६८) । **सम्पादन/अनुवाद** : गर्जन (साप्ताहिक, २०३९), स्योम्हेन्दो (बिहानीको फूल) (मासिक, २०४४), याम्बु (काठमाडौँ, साप्ताहिक, २०४७-२०४८), राष्ट्रिय भाषाको कविता सँगालो (सहसम्पादन), कइरन (मासिक, २०४८), ज्यारुङ खास्योर (पाक्षिक (२०५०), तिल्पुङ (अर्धवार्षिक), गुम्बा व्यवस्था तथा विकास समिति (दुईओटा स्मारिका, २०५२/५४) आदि सम्पादन । **पुरस्कार/सम्मान** : लास्सो पुरस्कार (२०५५), सञ्चार सम्मान (२०६१), तामाङ सेर्जिम समिति काठमाडौँबाट सम्मानपत्र (२०६१) । **हालको ठेगाना** : १८५ प्राचीन गल्ली, बानेश्वर हाइट, पो.ब.नं. ७८०२, काठमाडौँ, नेपाल (Email : amrityonjan@yahoo.com) । **फोन** : ४४८९२०४ /९८५१०८२५०३ ।

अमृतलाल श्रेष्ठ (अमृत निर्मोही)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असार १५, इनाचो टोल, भक्तपुर । **माता/पिता** : शारदादेवी, चन्द्रलाल श्रेष्ठ । **शिक्षा** : आई.ए. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : मलाई एउटा कविता कोर्न मन लाग्छ (कविता, २०३१) । **कृति/सृजना** : कवितासङ्ग्रह :- ढुङ्गामाथि तरेलिएका फूल र पातहरू (२०४८), अन्तहीन यात्रा (२०५२), हुट्टिट्याउँले आकाश थामेको देश (२०५६), क्यात्तुके फूल (कथासङ्ग्रह, २०६८) । **सम्पादन/अनुवाद** : हाच्छ्युँ (हास्यव्यङ्ग्य सामयिक), दुबो (द्वैमासिक), सिद्धार्थ (पाक्षिक), साहित्यालोक (त्रैमासिक), रहर (त्रैमासिक), यात्रा (सामयिक), मिलन । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०५१), स्रष्टा पुरस्कार (सिक्किम, इ.सं. १९९४), षडानन्द प्रतिभा पुरस्कार (२०५२), श्यामकृष्ण पत्रकारिता पुरस्कार (२०५४), ज्योतिष जागरण पत्रकारिता पुरस्कार (२०५४), रासस पत्रकारिता पुरस्कार (२०६५), डिकमान विरही स्मृति पत्रकारिता पुरस्कार (२०६६) । धनकुटा जेसिसबाट सम्मान (इ.सं. १९८२), सिक्किम साहित्य प्रकाशन गेजिङबाट सम्मान (इ.सं. १९८५) । **हालको ठेगाना** : मेचीनगर न.पा.-५, झापा । **फोन** : ०२३-५६०४६७, ९८४२७०४१२५ ।

अमृतहीरा योगी (तुलाधर)

(वाद्यवादक, सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०२४ भदौ १९, असन, काठमाडौँ । **माता/पिता** : सङ्घहीरा, तारावीरसिंह तुलाधर । **शिक्षा** : सङ्गीत प्रवीण (सितार) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : वाद्यवादन प्रस्तुत (ने.रा.प्र.प्र., वसन्तपञ्चमी, २०४७) । **कृति/सृजना** : सरगम (इ.सं. १९९७), अनुभव (इ.सं. १९९८) र अमृत (इ.सं. २००५) वाद्यधुनका सिडीहरू । **पुरस्कार/ सम्मान** : पद्मकन्या क्याम्पस पदक (२०४४), रेडियो नेपाल वाद्यवादन (सितार) मा प्रथम स्थान (२०४९) । **हालको ठेगाना** : ज्ञानेश्वर, काठमाडौँ । **फोन** : ४४१९५२० ।

अमोद भट्टराई (अमोददेव भट्टराई/अदेभ)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ मङ्सिर २८ गते, वटु, काठमाडौँ । **माता/पिता** : सरिता भट्टराई, श्रीरामदेव भट्टराई । **शिक्षा** : एम.ए. (समाजशास्त्र) । **सेवा** : सञ्चार सेवा, कूटनीतिक सेवा । **पहिलो रचना** : अनि रगतको फाल्सा-फाल्सा (कविता, कलानिधि पत्रिका, २०३७) । **कृति/सृजना** : हस्ताक्षर (कथासङ्ग्रह, २०४७), खोज र टिप्पणी (शोध निबन्धसङ्ग्रह, २०५१), मसित पनि दुख्ने घाउ छ (कथासङ्ग्रह, २०५२), छातीमा टाप राखेर (कथासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : पं. वासुदेव भट्टराई स्मृति ग्रन्थ (सङ्कलक/सम्पादक, संयुक्त, २०४५), मित्र (त्रैमासिक), लालीगुराँस (हस्तलिखित), राष्ट्रपुकार (साप्ताहिक), मुकुट (साहित्यिक प्रकाशन), झङ्कार (रेडियो नेपाल मुखपत्र), रेडक्रस (समाचार प्रधान मासिक), टुसा आदि । **पुरस्कार/सम्मान** : केही साहित्यिक प्रतियोगिताहरूमा प्रथम पुरस्कारहरू, महेन्द्र विद्याभूषण (२०४९), युवा वर्ष मोती पुरस्कार (२०६२), वाणी पुरस्कार (२०६२) । **हालको ठेगाना** : मानभवन, ललितपुर,

पो.ब.नं. ८९७५ इपिसी १५९३, काठमाडौँ । **फोन** : ५५४३८०९/५५२१८६३, ९८०१०८६९७० ।

अम्बरगीर 'योगी'

(प्राथमिक कालीन कवि)

जन्म/स्थान आदि अनुसन्धेय । **कृति/सृजना** : अष्टावक्र संहिता (१८९१), ब्रह्मयोग वेदान्त (१८९१), शुकाष्टक (१८९७), गीत (भाषा, १९०५), वाशिष्ठ योगशास्त्र (१९१२ तिर), स्वरोदय भाषा (१९०७ तिर), अनिस्कको भाषा (१९१२ तिर), मोक्षमार्ग भाषा (१९१२ तिर), प्रश्नोत्तरीय (१९१२ तिर), गीतगोविन्द (१८८८ तिर) ।

अम्बर गुरुङ

(सङ्गीतकार/गायक)

जन्म/स्थान : वि.सं. १९९४ फागुन १४, लालढिकी, दार्जीलिङ । **माता/पिता** : रेणुकादेवी, उजिरसिंह गुरुङ । **शिक्षा** : बी.म्युज । **सेवा** : अध्यापन (सङ्गीत), आर्ट एकेडेमी दार्जीलिङका अध्यक्ष, सङ्गीत निर्देशक (ने.रा.प्र.प्र., २०२६), कुलपति (सङ्गीत-नाट्य प्रज्ञाप्रतिष्ठान, २०६६) । **पहिलो रचना** : नौ लाख तारा उदाए (गायन, २०१८) । **कृति/सृजना** : समालेर राख (गीतसङ्ग्रह), १५० जति गीत रचना । दुई सय जति गीत गायन । मुनामदन गीति नाटक र पहाड चिच्याइरहेछ आदि लगायत पाँच सय गीतको सङ्गीत रचना । मनको बाँध, कर्मको फल, सपना कतिपय आदि चलचित्रमा सङ्गीत संयोजन/निर्देशन । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु चौथा (२०३८), इन्द्रराज्यलक्ष्मी पुरस्कार, स्वर्ण पदक (रेडियो नेपाल), गोल्डेन फ्लुट अवार्ड (सिक्किम), जगदम्बाश्री पुरस्कार, छिन्नलता पुरस्कार, भूपाल सङ्गीत पुरस्कार । भूपालमान प्रज्ञापरिषद्बाट सम्मान, सुकीर्तिमय राष्ट्रदीप (तृतीय), सैनिक गानमा सङ्गीत भरेबापत नेपाली सेनाद्वारा मानार्थ जर्नेल सम्मान । **हालको ठेगाना** : चण्डोल, विशालनगर, काठमाडौँ । **फोन** : ९७५१०१३२९१ ।

अम्बिकाप्रसाद अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१, ठमेल, काठमाडौँ । निधन : वि.सं. २०५१, जेठ, काठमाडौँ । **शिक्षा** : दर्शनाचार्य । **सेवा** : राजदरबार-वडागुरुज्यू । **कृति/सृजना** : सनातन धर्ममा नारीको स्थान (धार्मिक कृति), श्रीमद्भागवत गीता (गीतालोक भाष्य), हिन्दुत्व (धार्मिक कृति), धर्म (धार्मिक कृति), साहित्यिक समालोचना (समालोचनासङ्ग्रह, २०५३) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक, महेन्द्र विद्याभूषण, वि.सं. २०२६ मा गोरखा दक्षिणबाहु चौथा, वि.सं. २०३१ मा शुभराज्याभिषेक पदक, २०३४ मा सेवापदक, २०३९ मा त्रिशक्तिपट्ट चौथा ।

अम्बिकाप्रसाद लाकौल

(नाटककार)

जन्म/स्थान : वि.सं. १९५८ असार, भगवती टोल, तानसेन, पाल्पा । निधन : २०३१ मङ्सिर २२ । **माता/पिता** : द्रौपदीदेवी, कृष्णप्रसाद श्रेष्ठ । **शिक्षा** : स्वाध्यायन । **सेवा** : प्रेस, पुस्तक प्रकाशन तथा पुस्तक पढ्ने दलानको स्थापना (१९८३) । **कृति/सृजना** : राजकुमार विश्वन्तर (धार्मिक नाटक), सिद्धार्थ बोधिसत्व (धार्मिक), अप्टुडेट (सामाजिक नाटक), कन्जुस सेठ (सामाजिक नाटक), सङ्गतको फल (सामाजिक नाटक), हाम्रो गीत (गीतसङ्ग्रह, कुलमणि देवकोटासँग), आरोग्य विज्ञान, पाल्पाको भूगोल । **सम्पादन/अनुवाद** : बकिमचन्द्र चटर्जीका जयन्तश्री' उदय गृहिणी, दुर्गेश नन्दिनी उपन्यास तथा प्रेमचन्दका 'बलिदान' र 'सतिचिन्ता' उपन्यासको नेपाली अनुवाद । **सम्पर्क ठेगाना** : काठमाडौँ । **फोन** : ४४१५८१७ ।

अयोध्याप्रसाद प्रधान

(लेखक, नेपाली/मगर/
नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९६१ वैशाख ४ (अक्षयतृतीया), असनटोल, तानसेन पाल्पा । निधन : २०५४ वैशाख । **माता/पिता** : तिलोत्तमा प्रधान, बद्रीप्रसाद प्रधान । **शिक्षा** : एम.ए. (पालिभाषा), एम.एड. । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : नेवाः भाया भाषाविज्ञान दर्शन (नेपालभाषा पत्रिका, ने.सं. १०९१) । **कृति/सृजना** : पाल्पा परिचय, मगर कुरा

शिक्षा (१९९६), नेपालको धार्मिक सहिष्णुता (२०२४), बुद्धज् सिस्टम अफ मेडिटेसन (चार भागमा, इ.सं. १९७४), न्यवा खँया परिवार, छगु तुलनात्मक अध्ययन (नेवारी, २०४७), न्यिवा (नेवारी, २०५०) । **सम्पादन/अनुवाद** : जापानी धर्म (सम्पादन) । **पुरस्कार/सम्मान** : सुवर्ण पदक (विहार विश्वविद्यालय), महेन्द्र विद्याभूषण, प्रसिद्ध प्रबल गोरखा दक्षिणवाहु तेस्रो, हर्ष पुरस्कार (२०५०), नूरगङ्गा प्रतिभा पुरस्कार (२०५९) । भाषा थ्वुवा सम्मान (२०४७) । **सम्पर्क ठेगाना** : राम शाह पथ, काठमाडौँ । **फोन** : ४२२८९७४ ।

अरुण रञ्जित

(कला सम्पादक)

जन्म/स्थान : वि.सं. २०१७ असोज १०, जैसीदेवल, काठमाडौँ । **माता/पिता** : तुलसीदेवी रञ्जित, ईश्वरमान रञ्जित । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : गरीबलाई शिक्षा सापटी (२०४३) । **कृति/सृजना** : गरीबलाई शिक्षा सापटी (पुस्तक, २०४३), अर्गनाइजेसनल स्ट्रक्चर (इ.सं. १९८८) । **सम्पादन/अनुवाद** : कलाकौशलसम्बन्धी पुस्तकहरू सम्पादन । **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५९), सेवापदक (२०६०), प्रबल गोरखा दक्षिणबाहु (२०६१) । **हालको ठेगाना** : पो.ब.नं. ७३१३, बालाजु, काठमाडौँ (aranjit@wlink.com.np) । **फोन** : ४३५०३७६ ।

अर्जुन ज्ञवाली

(साहित्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००४ भदौ ४, ठूलाखर्क, अर्घाखाँची । **माता/पिता** : चोलाकुमारी, खुमानन्द ज्ञवाली । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, पत्रकारिता । **पहिलो रचना** : मैला नलागे त्यहाँ (कविता, गुराँस साहित्यिक पत्रिका, २०२१) । **कृति/सृजना** : समय सारथि (सामयिक सङ्कलन, २०५३, रूपक साहित्य), कलम र कालम (निबन्ध, २०६६) । **सम्पादन/अनुवाद** : लुम्बिनी सन्देश (साप्ताहिक, २०२५) । **पुरस्कार/सम्मान** : प्रेस स्वतन्त्रता सेनानी (२०५८), उत्कृष्ट पत्रकारिता पुरस्कार (२०६१) । **हालको ठेगाना** : शङ्करनगर -३, रूपन्देही । **फोन** : ०७१ -५६०४२२, ९८४७०९७९२६ ।

अर्जुनप्रसाद पराजुली

(व्यङ्ग्य कवि)

जन्म/स्थान : वि.सं. २०२० साउन ५, ज्यागदी, काभ्रे । **माता/पिता** : यदुमाया पराजुली, होमनाथ पराजुली । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, सरकारी सेवा, लेखन । **कृति/ सृजना** : आन्द्रालोक (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५४) । **सम्पादन/अनुवाद** : भुँडीपुराण (२०४८), चङ्खे (चुट्किला, २०५०), फू-मन्तर (२०५१), भुँडीपुराण गाईजात्रे (२०५१) । **हालको ठेगाना** : बालाजु, काठमाडौँ । **फोन** : ४३५६०५६, ९८४१२५१५९१ ।

अर्जुन विरक्ति (प्रवासी, बझाङ्गी, अर्जुन शर्मा)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ भदौ, ध्रुवस्थली, बिरुवा, काठमाडौँ । **माता/पिता** : भद्रकुमारी शर्मा, प्रेमनाथ शर्मा । **शिक्षा** : साहित्याचार्य, स्नातकोत्तर (राजनीति) । **सेवा** : पत्रकारिता, प्राकृतिक चिकित्सा । **कृति/सृजना** : यहाँ सृष्टि दोहोरिन्छ (खण्डकाव्य, २०२८), आँसुको नदी (कथासङ्ग्रह, २०३२), जीवनका केही धड्कनहरू (कविता, २०३६), सञ्जीवनी कि दर्पण ? (काव्य, २०३८), बहुरङ्गी पथिक (कथासङ्ग्रह, २०४२), विश्व वाङ्मय र लिपिविकासको महत्त्व (२०४८), अनाहका उद्गारहरू (संयुक्त गीत, गजल र कवितासङ्ग्रह, २०५९) । **सम्पादन/ अनुवाद** : नयाँ यथार्थ (साप्ताहिक, २०३१), साहित्य पथिक (द्वैमासिक, २०३२), द पिस रिभ्यू (मासिक, २०४३), आर्ष वाङ्मय (२०४६), धर्मवाणी (२०४८) । **पुरस्कार/सम्मान** : स्वर्णपदक (ए.एल.ए., क्युबा र भारत, इ.सं. १९८२ /८३) । **हालको ठेगाना** : का.म.न. पा. -७, काठमाडौँ । **फोन** : ४४७०४२४, ०१६२१४४७६ ।

अरुणकिरण प्रधान

(लेखक, अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००५ असार ४, कमलादी, काठमाडौँ ।

माता/पिता : सिद्धिलक्ष्मी प्रधान, गजसुन्दर प्रधान । **शिक्षा :** एम.एड., एम.ए., विद्यावारिधि (अङ्ग्रेजी शिक्षण) । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** Teenagers (लेख, द राइजिङ नेपाल–अङ्ग्रेजी दैनिक, इ.सं. १९७४) । **कृति/सृजना :** An Optional English Textbook for Grade 10 (1983), National Level English Textbook for Grades 4-8 (1995-1997), A series of school Level English Readers for Grades 0-8 (1996), A series of English Grammer (Parts I-III) for Grade 4-10 (2001) **सम्पादन/अनुवाद :** Six Weeks secondary Level Inservice ELT Training Manual (Secondary Education Project, Bhaktapur, 1990), Ten months Inservice Training Manual (Secondary Education Project , Bhaktapur, 1994) **पुरस्कार/सम्मान :** गद्दी आरोहणको रजत महोत्सव पदक (२०५३), शुभराज्याभिषेक पदक (२०३१), जनपद सेवापदक (२०४६), रजत सेवापदक (२०५७) ।·**हालको ठेगाना :** ७७/३३ कुलरत्न मार्ग, कमलादी, काठमाडौं (Email : arunkiranp@hotmail.com) । **फोन :** ४२२३११३ ।

अरुणप्रकाश मिश्र (राँको/चटके /चित्रप्रसाद उपाध्याय)



(कवि, नेपाली भाषा) ।

जन्म/स्थान : वि.सं. १९९५ फागुन ७, सिरुटार, भक्तपुर । निधन : २०६५ माघ १६ । **माता/पिता :** लोककुमारी मिश्र, युद्धप्रसाद मिश्र । **शिक्षा :** आई.ए.। **सेवा :** लेखन, आयुर्वेदिक, सामाजिक । **कृति/सृजना :** उज्यालो टाढा छैन (कवितासङ्ग्रह, २०१७), म कुन देवता मानूँ ! (२०४०) । **सम्पादन/अनुवाद :** जय नेपाल (मासिक) । **सम्पर्क ठेगाना :** मध्यपुर थिमी -१५, भक्तपुर । **फोन :** ६६३८५०३, ९८४१४६२५१५।

अरुण सायमी

(आख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४, ताहाचल, काठमाडौं । **माता/पिता :** बसुन्धरा मानन्धर, गोविन्दबहादुर मानन्धर (धुस्वाँ सायमी) । **शिक्षा :** एम.डी. (कार्डियोलोजी) । **सेवा :** स्वास्थ्य सेवा (मुटु रोग विशेषज्ञ), साहित्य । शान्तिदूत सम्मान (२०६३), कोइलीदेवी सम्मान । **पहिलो रचना :** हाकुताँ (उपन्यास, २०३१) । **कृति/सृजना :** अरुण (कवितासङ्ग्रह, २०३८), मर्दीको किनारमा (उपन्यास, २०४८), तिमीलाई (सी.डी./भी.सी.डी., २०५८), चुमिलाउस्वाँ (नेवारी उपन्यासहरू), रातो टीका (उपन्यास, २०५०), आस्था (उपन्यास, २०५५) । **सम्पादन/अनुवाद :** जनमानस (इ.सं. १९७७) । **पुरस्कार/सम्मान :** राष्ट्रिय युवा प्रतिभा पुरस्कार , शिक्षा पुरस्कार, भूपालमानसिंह कार्की पुरस्कार । **हालको ठेगाना :** गाईवाच्छा, ताहाचल, काठमाडौं (jts2000@info.com.np) । **फोन :** ४२७८०१८, ९८५१०२४६५३ ।

अरुणा कोइराला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०११ असार ५, तानसेन, पाल्पा । **माता/पिता :** विमला रेग्मी, कमलराज रेग्मी । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), बी.एड., डी.पी.ए. । **सेवा :** सम्पादन । **पहिलो रचना :** आमाको पुकार (कविता, मधुपर्क, २०५९) । **कृति/सृजना :** अरुणाका कविता (कवितासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** नौलो नेपाली (साप्ताहिक, २०३२ देखि २०४६) । **पुरस्कार/सम्मान :** शिक्षा सेवापदक । **हालको ठेगाना :** बत्तीसपुतली, काठमाडौं । **फोन :** ९८४१३३१२७७ ।

अरुणा वैद्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ चैत्र १४, टेंगलटोल, काठमाडौं । **माता/पिता :** पद्मलक्ष्मी वैद्य, अमृतानन्द वैद्य । **शिक्षा :** एम.ए. (नेपाली) । **पहिलो रचना :** बिरसिलो आविष्कार (कविता, गोरखापत्र, २०४३) । **कृति/सृजना :**

सङ्गीतमय मृत्यु (कवितासङ्ग्रह, २०५०), समुद्रलाई आँसु चाहिँदैन (कवितासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा तृतीय (२०५२) । **हालको ठेगाना** : का.म.न.पा. -१५, काठमाडौँ, (arunavaidya@hotmail.com) । **फोन** : ४२७१०७३ ।

अर्जुन श्रेष्ठ

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०१९ पुस २०, त्रिभुवननगर न.पा. ११, दाङ । **माता/पिता** : विष्णुकुमारी श्रेष्ठ, भूपेन्द्रश्वर श्रेष्ठ । **शिक्षा** : स्नातक (वाणिज्य) । **सेवा** : कलाकारिता, चत्रचित्र निर्माण, वितरण तथा प्रदर्शन । **पहिलो रचना** : २०४२ सालदेखि । **कृति/सृजना** : *टेलिचलचित्रहरूमा* : वीरबहादुर, गुलाफ एकै पटक फुल्छ, घर, सपना शक्ति, स्वार्थत्याग, अमरपुत्र, चाहना मनको, जीवनचक्र, कथा सुखदु:खको, चाहना मनको, अपराध, नारी आदि । भिडियो चलचित्रहरूमा : अधिकार, रहस्यमय गुफा, एक सुरु एक अन्त्य आदि । ठूलो पर्दाका चलचित्रहरूमा : झुमा, सम्पत्ति, स्वर्ग, अर्पण, अरुणिमा, दैवसंयोग, सोह्र वर्षे जोवन, दोधार, नेपाल प्यारो छ, जीवनरेखा, मेरी आमा, हाम्रो सानो घर होला, प्यारी बहिनी, बाजी, गङ्गा, सन्यास, ताल, अर्जुन, भाग्यले जुरायो, भुतुक्कै भएँ नि, दैव, पूजा, मुगलान, जीवनसाथी, मामाघर आदिमा अभिनय । अधिकार (भिडियो चलचित्र निर्माण, २०४४), सम्पत्ति (२०४६), स्वर्ग (२०४९), सोह्र वर्षे जोवन (२०५६), दोधार (२०५८), सन्यास (२०५९) जस्ता ठूलो पर्दाका चलचित्रहरूको निर्माण । **पुरस्कार/सम्मान** : नेपाल जेसिज उत्कृष्ट युवा स्वर्ण पदक (२००१) आदि । **हालको ठेगाना** : चपली बुढानीलकण्ठ, काठमाडौँ (arshrestha5@hotmail.com) । **फोन** : ४३७६७२९, ९८५१०२२४९६ ।

अलका आत्रेय चुँडाल

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ असार २३, रश्मि निलय, कपिलवस्तु । **माता/पिता** : आर्या आत्रेय, विष्णुराज आत्रेय । **शिक्षा** : सर्वदर्शनाचार्य, एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा** : प्राध्यापन/सञ्चार (रेडियो नेपालबाट संस्कृतमा पहिलो समाचार वाचिका) । **पहिलो रचना** : बिसासय वर्ष बाँचून् (स्मारिका, कपिलवस्तु, २०४३) । **कृति/सृजना** : बाल्यकालसँग लोभिँदै बाल्यकालमा (संस्मरणात्मककृति, २०६३), कुहिरोभित्र लुकेको घर (२०६३) । **सम्पादन/अनुवाद** : शुभजन्मोत्सव स्मारिका (२०४३, कपिलवस्तु) । **पुरस्कार/सम्मान** : बालविदुषी (२०४४) । **हालको ठेगाना** : मण्डिखाटार, काठमाडौँ । **फोन** : ४४७३५२५ ।

अली मियाँ

(लोककवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७५ फागुन १५, कुँडहर, पोखरा, कास्की । निधन : २०६३ साउन १८ । **माता/पिता** : जहुरन मियाँ, दीन मोहम्मद मियाँ । **शिक्षा** : साधारण । **सेवा** : कृषि, व्यापार । **पहिलो रचना** : विरक्त लहरी (२००६) । **कृति/सृजना** : महेन्द्र लहरी (२००९), नेपाली झ्याउरे गीत (गीतसङ्ग्रह, २०११) न्याउलीको पुकारा (लोकगीतसङ्ग्रह, २०१२), पहाडको उद्गार (२०१५), सेतीको सुस्केरा (२०२९), उज्यालो भइसक्यो (२०३९), अली मियाँ (आत्मकथा, २०३९), सम्झनाको दियो (कवितासङ्ग्रह, २०५१), अली मियाँको आवाज (कवितासङ्ग्रह, २०५८) । **पुरस्कार/सम्मान** : वि.सं. २०१२ मा भारत सरकारबाट नगद पुरस्कार, भरतपुरमा स्व. श्री ५ महेन्द्रबाट नेपाली भाषासेवीका रूपमा पुरस्कृत, वि.सं. २०१५ मा स्व. श्री महेन्द्रबाट नगद पुरस्कार, वि.सं. २०२९ मा तत्कालीन गण्डकी अञ्चलाधीश दानबहादुर शाक्यबाट नगद पुरस्कार, वि.सं. २०३४ मा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट नगद पुरस्कार, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०४७), शिरोमणि पुरस्कार (२०५०), भद्रकुमारी लोकगायन पुरस्कार (२०५१), कुमुदिनी होम्स विद्यालयबाट सम्मान एवं १० हजार नगद पुरस्कार (२०५२), नारायणगोपाल सङ्गीत सम्मान (२०५८), जगदम्बाश्री पुरस्कार (२०६०) । **हालको ठेगाना** : वडा नं. १३, कुँडहर, पोखरा । **फोन** : ०६१-५२७०८२ ।

अविनाथ राई

(लेखक, राई भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असार २७, हिलेपानी, ओखलढुङ्गा । **माता/पिता** : महेश्वरी राई, वीरसिंह राई । **शिक्षा** : एम.कम. । **सेवा** : निजामती सेवा (उपसचिव) । **पहिलो रचना** : पपुलेसन

मेनेजमेन्ट अफ थाक्ले भिलेज पञ्चायत, ओखलढुङ्गा (२०४१) । **कृति/सृजना** : वाम्बुले राई शब्दकोश (२०५८), किरात वाम्बुले राई जाति र दुरङ्चा वंशावली (२०६८) । **सम्पादन/अनुवाद** : पूर्वार्द्ध (तरलवादी साहित्यिक आन्दोलनको मुखपत्र) । **पुरस्कार/सम्मान** : दुर्गम सेवापदक (२०४३), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०६०) । **हालको ठेगाना** : पो.ब.नं. ७२१४, काठमाडौं (ashray@ntc.net.np) । **फोन** : ९८४१२१७५०३ ।

अविनाश श्रेष्ठ (रामकृष्ण श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ वैशाख ३१, गुवाहाटी, आसाम (भारत) । **माता/पिता** : लक्ष्मी जोशी, यमनारायण श्रेष्ठ । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, सम्पादन । **पहिलो रचना** : कोलाहलमा डुबेको एउटा महानगर (कथा, बाडुली पत्रिका, सिलगुडी, इ.सं. १९७३) । **कृति/सृजना** : संवेदना ओ संवेदना (कवितासङ्ग्रह, इ.सं. १९८१), परेवा : सेता-काला (कवितासङ्ग्रह, इ.सं. १९८४), तुमियेइ मोर नेपथ्य प्रिया (असमिया कवितासङ्ग्रह, इ.सं. १९८४), नेपाली कविताको आरम्भ र विकास (इ.सं. १९८४), गुड बाई रोनिता (उपन्यास, इ.सं. १९८५), अनुभूति यात्रामा (कवितासङ्ग्रह, १९९०), अश्वत्थामा हतोहत (नाटक सङ्ग्रह, २०५०), समय, समय अनि समय (नाटक, २०५०), करोडौं सूर्यको अन्धकार (कवितासङ्ग्रह, २०६०), समकालीन कविताको परिप्रेक्ष्य तथा नेपाली कविताको पृष्ठभूमि (विवेचना), तानिया इन्द्रकमल र अन्धकार (कथासङ्ग्रह) । नमस्ते काठमाण्डू, काली गण्डकीको फेरोफेरो, अक्षर, बाडुली, पछ्यौरीलगायतका ६५ ओटा टेलिचलचित्रहरूको पटकथा, संवादलेखन । **सम्पादन/अनुवाद** : सलेदो (साहित्यिक पत्रिका), परिषद्पत्र, हरिभक्त कटुवाल स्मृतिग्रन्थ, श्री-सिने मासिक, स्मृतिका : नन्दा सुवेदी, केही असमिया : कविता, असमिया साहित्यको इतिहास (नेपालीमा अनुवाद सम्पादन), कविता, समकालीन, गरिमा आदि पत्रिका । **पुरस्कार/सम्मान** : "एकाङ्की नाटक प्रतियोगिता" मा सर्वश्रेष्ठ पुरस्कार (रवीन्द्र भवन, गुवाहाटी, इ.सं. १९७६) रत्नश्री स्वर्णपदक (इ.सं. १९८१), उत्कृष्ट पटकथालेखन पुरस्कार (इ.सं. १९८७), राष्ट्रिय युवा महोत्सव (२०४३) मा "समय, समय अनि समय" लाई सर्वश्रेष्ठ पुरस्कार, धौलागिरी पुरस्कार (२०४६) राष्ट्रिय युवावर्ष मोती पुरस्कार (संयुक्त रूपमा-२०५३), लोकेन्द्र साहित्य पुरस्कार (इ.सं. २०००) । **हालको ठेगाना** : कोटेश्वर, काठमाडौं । **फोन** : ४४७५२६८ ।

अविन्द्रमान श्रेष्ठ 'अविन'

(व्यङ्ग्य चित्रकार)

जन्म/स्थान : वि.सं. २०२८ चैत्र १, सामाखुसी, काठमाडौं । **माता/पिता** : शारदा श्रेष्ठ, गोविन्दमान श्रेष्ठ । **शिक्षा** : बी.एफ.ए. (त्रि.वि.) । **सेवा** : चित्रकला । **पहिलो रचना** : व्यङ्ग्य चित्र (गोरखापत्र, २०५०) । **कृति/सृजना** : अविनका कार्टुन कलेक्सन (भाग-१, २०५९) । पृथ्वी वातावरण र जीवन (एक वातावरणीय व्यङ्ग्यचित्र प्रदर्शनी, २०५४, २०५५, २०५६), समसामयिक विषयमा एकल व्यङ्ग्यचित्र प्रदर्शनी (२०५४), थुप्रै पटक सामूहिक चित्रकला प्रदर्शनी । गोरखापत्र (दैनिक), नेपाल टाइम्स (दैनिक), विश्वभूमि (दैनिक), ट्वाक्कटुक्क (नेटीभी कार्यक्रम), सन्ध्या टाइम्स (दैनिक), कनेक्सन (अङ्ग्रेजी पाक्षिक), नेपाल जागरण (साप्ताहिक), योङ हेराल्ड (अङ्ग्रेजी मासिक), हिमालय टाइम्स (दैनिक), राजधानी (दैनिक), दृष्टि (साप्ताहिक) आदि पत्रिकाहरूमा कार्टुनचित्र । **पुरस्कार/सम्मान** : लोगो तथा मास्टरहेड प्रतियोगितामा प्रथम पुरस्कार (राष्ट्रिय दैनिक लोकपत्र, २०५२ र हिमालय टाइम्स, २०५२), व्यङ्ग्यचित्र प्रतियोगितामा प्रथम पुरस्कार (राष्ट्रिय एकता मञ्च, २०५३), व्यङ्ग्यचित्र प्रतियोगितामा दोस्रो पुरस्कार (हास्यव्यङ्ग्य समाज नेपाल र ने.रा.प्र.प्र., २०५४, २०५५) । **हालको ठेगाना** : पो.ब.नं. १२८७९, काठमाडौं (mail@abin.com.np) । **फोन** : ४७८४५०५ ।

अशेष मल्ल

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११, चैत्र २१, तल्लो कोप्चे, धनकुटा । **माता/पिता** : नारायणदेवी प्रधानाङ्ग, खगेन्द्र प्रधानाङ्ग । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, नाट्यक्षेत्र, आजीवन सदस्य (ने.रा.प्र.प्र.) । **पहिलो रचना** : ध्रुव (नाटक, अभिनय, २०२०), विसङ्गति (कथा, विवेचना, झापा, २०२८) ।

कृति/सृजना : अज्ञात प्रदेशहरूमा (मुक्तकसङ्ग्रह, २०३७), तुँवालोले ढाकेको बस्ती (नाटक, २०४१), सडकदेखि सडकसम्म (नाटक, २०४१), अनादि क्रम (नाटक-सङ्ग्रह, २०४१), कथाकोण (कथासङ्ग्रह, संयुक्त, २०४३), तेस्रो आयाम : सैद्धान्तिक चिन्तन र विवेचना (अनुसन्धान, २०४३), सडक नाटक (सैद्धान्तिक, २०४४), आतङ्क (कथा, २०४८), समाजसेवी दयावीरसिंह कंसाकार (जीवनी, २०४८), सुख-दुःखमा साई (जीवनी, २०५३), निरन्तर-निरन्तर (कवितासङ्ग्रह, २०५५), बाबाको आशीर्वाद (जीवनी), २०५५), पानी जङ्गल र गाउँ (बालकथा, २०५६), ब्लाक स्काई (नाटक, अङ्ग्रेजी भाषा, इ.सं. २०००), कविताको मौसम (क्यासेट - संयुक्त), अर्धविराम (कथासङ्ग्रह, संयुक्तलेखन, २०५७), सडक नाटक सिद्धान्त सिर्जना र प्रस्तुति (२०६६), शकुनि पाशाहरू (२०६८) । **सम्पादन/अनुवाद** : लालपाते (२०३०), अध्याय (लघुकथासङ्ग्रह, संयुक्त सम्पादन), सुनकेस्रा (बाल पत्रिका), समकालीन नेपाली नाटक (२०५७) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव - द्वितीय पुरस्कार (२०३७), सर्वश्रेष्ठ नाटककारका रूपमा पुरस्कृत, (ने.रा.प्र.प्र. नाटक महोत्सव, २०३८ र २०४१), सर्वश्रेष्ठ लेखन (नेवारी नाट्य उत्सव, ने.सं. १११६), सर्वश्रेष्ठ निर्देशकका रूपमा पुरस्कृत (जी.ए.ए. बाट एकाङ्की महोत्सव, २०३९ र २०४०), मुस्याचु पुरस्कार (२०४०), साझा पुरस्कार (२०४१), युवावर्ष मोती पुरस्कार (संयुक्त रूपमा, २०४२), गोपीनाथ अर्याल पुरस्कार (२०५८), सिर्जनशील रङ्गमञ्च पुरस्कार (२०५९), वसुन्धरा मान पुरस्कार (२०५९) । नाट्य अभिनय, लेखन, निर्देशन आदिमा थुप्रै पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : "नेपथ्य" ग १/१४७, ज्ञानेश्वर, पो.ब.नं. ८३६७, काठमाडौँ (sarwanam@enet.com.np) । **फोन** : ४४१९६८६, ९८४१४४८६२४।

अशोक थारू

(कवि, थारूभाषा)

जन्म/स्थान : वि.सं. २०११ असार १६, हेकुली, दाङ । **माता/पिता** : कमलादेवी चौधरी, धरणीधर चौधरी । **शिक्षा** : आई.ए. । **सेवा** : शैक्षिक सेवा, परियोजना सेवा । **पहिलो रचना** : एक परिवारमा अन्तर्विरोध र त्यसको समाधान (गोचाली, २०२८) । **कृति/सृजना** : थारू लोक साहित्यिक महाकाव्य 'बर्किमार' को सङ्क्षिप्त तुलनात्मक अध्ययन (थारू/नेपाली भाषा, २०५५), थारू लोकसाहित्यमा इतिहास, कला र दर्शन (२०६३), थारू जातिको भौतिक लोकसंस्कृति र लोकसम्पदा (२०६५), गुर्वावा (थारू-नेपाली-अङ्ग्रेजी शब्दकोश, २०५७), शान्तिको चाहना (२०६०) । **पुरस्कार/सम्मान** : रेवन्तबहादुर शाह साहित्य प्रज्ञा पुरस्कार (२०५७), सांस्कृतिक महोत्सव पुरस्कार (२०६०), दिलसरी-दल अतिरिक्त पुरस्कार (२०६१), निबुलाल-डोंग्ली थारू संस्कृति तथा साहित्य पुरस्कार (२०६६), एम्बेसडर फर पीस पुरस्कार (२००९) । थारू कल्याणकारिणी सभा १९औँ महाधिवेसनबाट सम्मानपत्र (२०६३), पर्यटन संस्कृति र कलाको विकासमा योगदान पुऱ्याएबापत कदरपत्र (दाङ, २०६७) । **हालको ठेगाना** : हेकुली -८, दाङ । **फोन** :९८४७९०८९९५ ।

अशोक बोहरा 'असीमपीडा'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ पुस २, टीकापुर, कैलाली । **माता/पिता** : परुदेवी बोहरा, मानबहादुर बोहरा । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : कामना (कविता, २०५१) । **कृति/सृजना** : संयोग-वियोग (खण्डकाव्य, २०५२), आकाङ्क्षाका तस्विरहरू (मुक्तकसङ्ग्रह, २०५७), बाँसुरीका धुनहरू (संयुक्त गजलसङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद** : भूकम्प (साहित्यिक त्रैमासिक), गजल प्रवाह (अर्धवार्षिक) । **पुरस्कार/सम्मान** : विभिन्न कार्यक्रममा पुरस्कृत । सेट्सद्वारा अभिनन्दन (२०५७), काँचुली रजत अङ्क पाल्पाद्वारा सम्मानित । **हालको ठेगाना** : टीकापुर, ९/११, कैलाली ।

अशोकमान सिंह

(चित्रकलाकार)

जन्म/स्थान : ८ सेप्टेम्बर १९५५, तानसेन, पाल्पा । **माता/पिता** : जानकी सिंह, हरिप्रसाद सिंह । **शिक्षा** : साधारण । **सेवा** : चित्रकारिता, कामना प्रकाशनको संस्थापक । **कृति/सृजना** : एकल कला प्रर्दशनी (२०२९, २०३५), सामूहिक कला प्रदर्शनी (२०३८, २०५७), रङ (२०६८), पटाचारी (२०५२) । **पुरस्कार/सम्मान** : भूषण पत्रकारिता पुरस्कार (२०५५), प्रहरी प्रकाशन पुरस्कार (२०५६), नूर-गङ्गा प्रतिभा पुरस्कार (२०५९) । कलाकार

सम्मान (२०५७) । **हालको ठेगाना** : ब्लक नं. १४७, सफाई मार्ग, डल्लु आवास क्षेत्र, काठमाडौँ (ashok@curvesncolors.com) । **फोन** : ५२८०७००, ९८५१०८६५८१ ।

अशोक शर्मा



(चलचित्रकर्मी)

जन्म/स्थान : इ.सं. १९६३ मे २० (२०१९ जेठ ७) । **माता/पिता** : कौशल्यादेवी घिमिरे, धनपति घिमिरे । **शिक्षा** : प्रमाणपत्र तह (त्रि.वि.) । **सेवा** : चलचित्र, नाट्य । लियो क्लब अफ जनकपुर सम्मान (इ.सं. १९९९), मास्टर सम्मान (२०५६), पूर्वाञ्चल कलाकार सङ्घ विराटनगरबाट विशेष सम्मान (२०५३), अभियान सम्मान, सिम्पल आर्ट सम्मान (२०५७), सगरमाथा सम्मान (अमेरिका) आदि । **पहिलो रचना** : २३ वर्षदेखि चलचित्र क्षेत्रमा कार्यरत । **कृति/सृजना** : २५ वसन्त, परिवार, गरीब, नीरमायालगायत करीब ५० ओटा ठूलो पर्दाका चलचित्र, २०० ओटा टेलिफिल्म, २० ओटा नाटकहरूमा अभिनय । **पुरस्कार/सम्मान** : वीरेन्द्र-ऐश्वर्य सेवापदक, राष्ट्रिय दृश्य पुरस्कार (उत्कृष्ट निर्देशक, २०५३), स्तम्भ पुरस्कार (२०५३), उत्कृष्ट निर्माता पुरस्कार (२०५६), वसन्ती अवार्ड (२०५७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८) । **हालको ठेगाना** : पो.ब.नं. २०४२७, मीनभवन काठमाडौँ, (filmworld@wlink.com.np) । **फोन** : ४४७३७५९, ९८५१०८१८६२ ।

अशोक सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ मङ्सिर ३, मन्थली-२, रामेछाप । **माता/पिता** : जुनमाया सुवेदी, हितप्रसाद उपाध्याय सुवेदी । **शिक्षा** : एम.ए., बी.एड. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा** : पत्रकारिता, सम्पादन । नागरिक सम्मान (२०६३) । **पहिलो रचना** : हामीलाई पुरातन द्रौपदी चाहिँदैन (कविता, २०४३) । **कृति/सृजना** : सेतो गुलाब (संयुक्त कथासङ्ग्रह, २०४८), युद्धघोष (कवितासङ्ग्रह, २०५५), गाउँको रङ फेरिएको छ 'ललकार' (कवितासङ्ग्रह, २०६२), नयाँ समयका नयाँ मान्छेहरू 'प्रतिरोध' (कवितासङ्ग्रह, २०६२), मैले रोजेको बाटो (कथासङ्ग्रह, २०६२), नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत (समालोचना, २०६२), नयाँ बस्ती (कथासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : नयाँ परिवेश (त्रैमासिक, २०५२), नौलो बिहानी (मासिक, २०५४), कवि हितप्रसाद उपाध्याय सुवेदीका काव्य-कृतिहरू (२०६२), सैन्य उपहार (डा. ऋषिराज बरालको कथासङ्ग्रह, २०५८), नेपालमा परम्परागत राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना (समसामयिक लेखहरूको सङ्कलन, २०५८), दुश्मनका किल्लाहरू कब्जा गर्दा (छापामार डायरी भाग १-५, २०६०), राजदरबार हत्याकाण्ड (लेख तथा अन्तर्वार्ताहरूको सङ्ग्रह, २०६३), राजतन्त्र एक वर्षभित्रै समाप्त हुन्छ (क. प्रचण्डका अन्तर्वार्ताहरूको सङ्ग्रह, २०६३) । **हालको ठेगाना** : कपन, फैका, काठमाडौँ । **फोन** : ९८४१३२३६५३, ४४७६९५५ ।

अष्टमुनि गुभाजु (वज्र ए.एम.)

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०७६, सिथिचःह्रय्, (२०१३), लगँदलाछि, यँ । **माता/पिता** : रेवती (मसिनु) वज्राचार्य, सप्तमुनि वज्राचार्य । **शिक्षा** : प्रमाणपत्र तह, बौद्ध कर्मकाण्ड प्रशिक्षण । **सेवा** : मुद्रणसम्बन्धी सेवा । **पहिलो रचना** : शान्तिया सीमा (कविता, हसना सामयिक सङ्कलन, २०२९) । **कृति/सृजना** : धकिं दुने धकिं पिने (कहानीसङ्ग्रह, ने.सं. ११०४), व्यक्ति-कृति (जीवनी, ने.स.. १११८), ख्युंनायावनाच्वंगु सुथ (उपन्यास, ने.सं. ११२०), हनेबहःपिंलुमंकाः (जीवनी, ने.सं. ११२५) । **सम्पादन/अनुवाद** : *नेपालभाषाअन्तर्गत* : नगु व मिला (वैकुण्ठप्रसाद लाकौलका कवितासङ्ग्रह, ने.सं. ११०८), चर्या नृत्य गुरुया लुमनाय् ... (चर्या गुरु सप्तमुनि वज्राचार्यको सम्झना, ने.सं. ११११), श्री वसुन्धरादेवी व्रत बाखं (ने.सं. १११३), बौद्ध कर्मकाण्ड व बद्री गुरुजु (ने.सं. १११५) । *विविध भाषाअन्तर्गत* : बौद्ध कवितासङ्ग्रह (भाग १-४, संयुक्त सम्पादन, बु.सं. २५३८), बुद्ध जयन्ती स्मारिका (बु.सं. २५४०), पलेहः (संयुक्त सम्पादन, ने.सं. ११११९), प्रधान नाट्यमण्डलको स्मारिका (सहसम्पादन) । *नेपालीमा अनुवाद* : सुरतवज्र, चित्रकथा, स्नेह सम्बन्ध, विपस्सना दीपनी इत्यादि । **पुरस्कार/सम्मान** : विभिन्न कहानी प्रतियोगितामा विभिन्न पुरस्कारहरू । **हालको ठेगाना** : का.म.न.पा.-२१, काठमाडौँ । **फोन** : ४२६९०८४ ।

अष्टवरसिंह शाक्य

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. १९८९ माघ शुक्ल अष्टमी, यटखा टोल, काठमाडौँ । निधन : २०६२ जेठ १३ । **माता/पिता** : बालकुमारी शाक्य, बखतवरसिंह शाक्य । **शिक्षा** : प्राइभेट गुरुबाट शिक्षा हासिल गरेको । **सेवा** : कलासाधना (डिजाइन, वि.सं. २०११ सालदेखि) । **कृति/सृजना** : धानको गेडाबाट महात्मा गान्धीको आकृति (२०१६, जुन तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूलाई उपहार दिइएको थियो), धागोबाट स्व. राजा महेन्द्रको मुहार तस्विर, भगवान् बुद्ध लुम्बिनी वनयात्राको पानीरङले तयार गरेको चित्र विभिन्न राष्ट्रप्रमुखलाई उपहार । चीन, श्रीलङ्का, भारत, थाइल्यान्ड, जापान, बर्मा आदि राष्ट्रहरूमा सृजना सङ्गृहीत । **पुरस्कार/सम्मान** : ललितपुर आदर्श कला प्रदर्शनीमा पानीरङ चित्रबाट प्रथम श्रेणीमा पुरस्कृत (२००८), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०४०), प्रख्यात त्रिशक्ति पट्ट चौथा (२०४९), प्रदीप्त वीरेन्द्र प्रजातन्त्र भास्कर चौथा (२०६१) । **सम्पर्क ठेगाना** : यटखा टोल, काठमाडौँ । **फोन** : ४२६१६९९ ।

असीम सागर (फत्तेमान श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२९ वैशाख २१, वाङ्ला-५, अर्घाखाँची । **माता/पिता** : कृष्णकुमारी श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ । **शिक्षा** : एसएलसी । **सेवा** : चित्रकारिता । **पहिलो रचना** : गजल (खोजतलास पत्रिका, २०५४) । **कृति/सृजना** : जून पोखिएको रात (गजलसङ्ग्रह, इ. २००७), अस्तित्वका आवाजहरू (गजलसङ्ग्रह, इ. २००८) । **पुरस्कार/सम्मान** : गोर्खा जनमुक्ति मोर्चा, पार्टीको तर्फबाट नगद रु.५०,००० पुरस्कार प्राप्त । भावतरङ्ग सिक्किम नामथाङबाट सम्मान । साझा साहित्य मञ्च कालेबुङबाट सम्मान । **हालको ठेगाना** : लगनखेल, ललितपुर । **फोन** : ९८०८६४१६४६।

आई. बी. मल्ल (इन्द्रविक्रम मल्ल)

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २००६ भदौ २६, बालकोट, पर्वत । **माता/पिता** : सत्रकुमारी मल्ल, गुप्तबहादुर मल्ल । **शिक्षा** : चित्रकलामा डिप्लोमा । **सेवा** : चित्रकला । **पहिलो रचना** : परिवार शीर्षकको कृति (२०३०) । **कृति/सृजना** : दृश्यचित्र प्रदर्शनी (एकल, नाफा, २०३१, २०३४), आमा र बच्चा शीर्षकमा एकल चित्रकला प्रदर्शनी (२०३५ र २०३६), शान्ति क्षेत्र नेपाल (२०३८), विक्षिप्त (२०३९), नेपाल र भारतमा एकल तथा बङ्गलादेश, पाकिस्तान र जापानमा थुप्रैपटक सामूहिक कला प्रर्दशनी, राष्ट्रिय कला प्रदर्शनीमा निरन्तर सहभागी । **पुरस्कार/सम्मान** : एकल चित्रकलामा युनिसेफद्वारा पुरस्कृत (२०३६), सर्वोत्तम पुरस्कार (राष्ट्रिय चित्रकला प्रतियोगिता, २०३९) लगायत थुप्रै पटक पुरस्कृत । हृदयचन्द्र स्मृति प्रतिष्ठानद्वारा कलाक्षेत्रमा योगदान गरेबापत सम्मान (२०५९) । **हालको ठेगाना** : सामाखुसी, काठमाडौँ । **फोन** : ४४३६६४४, ९८५१०२७८८४ ।

आचार्य प्रभा

(गीतकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असार १०, दार्जीलिङ, भारत । **माता/पिता** : नीरमाया भट्टराई, तीर्थराज भट्टराई । **शिक्षा** : स्नातकोत्तर (मानविकी/नेपाली) । **सेवा** : साहित्य, सङ्गीत । **कृति/सृजना** : गीतिएल्बमहरू (रचना) : तिम्रो पर्खाइमा, ड्रिम्स, ईश्वर वन्दना (२०५१) । **पुरस्कार/सम्मान** : नवकविता प्रतिभा पुरस्कार (२०५४), साहित्य कला सङ्गम पुंरस्कार (२०५८), पुनर्जीवन सरोकार पुरस्कार (२०५६), नवरङ्ग प्रतिभा पुरस्कार (२०६०) । **हालको ठेगाना** : दमक -११, झापा (deepti_a@hotmail.com) । **फोन** : ०२३-५८०३४० ।

आत्माराम ओझा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ मङ्सिर १८, बमराडा, बैतडी । **माता/पिता** : मानमती ओझा, रामचन्द्र ओझा । **शिक्षा** : स्वाध्याय । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : देवस्तुति श्लोकबद्ध भाषा (वि.सं. २००६) । **कृति/सृजना** : उषा अनिरुद्ध



(नाटक, २०२०), विविधा (कवितासङ्ग्रह, २०४६), नेपाल प्रजातन्त्र सुकृति विकृति शतक कविता (२०५६), सङ्क्षिप्त रामायण (काव्य, २०६१), श्री कृष्णायन (२०६२), ओझा वंशावली (२०६३), रूवस (कवितासङ्ग्रह, २०६२), थिविधा (कवितासङ्ग्रह, २०६४), राजा नाग मल्ल (डोटेली भाषामा, २०६५), सुदूरपश्चिमका केही ऐतिहासिक वीरवीराङ्गना (२०६६), सुदूरपशिचमको इतिहास परिचय (२०६५), बैतडीमा चन्द्र राज्य (इतिहास, २०६६), सञ्जीवनी (कथासङ्ग्रह, २०६५), नेपाल दर्शन (गीति खण्डकाव्य, २०६६) । **सम्पादन/अनुवाद** : नयाँ पाइलो (पत्रिका, २०६७) । **पुरस्कार/सम्मान** : फारवेस्ट सहयोगी पुरस्कार (२०५९), सु.प. साहित्य समाजको साहित्य पुरस्कार र सम्मान (२०६०), जि.स. कन्चनपुरद्वारा सम्मान (२०६३), स्वर्ण जयन्ती सम्मान (कैलाली जनपुस्तकालय, २०६३), अली मियाँ वाङ्मय प्रतिष्ठानद्वारा अभिनन्दन (२०६५) । **हालको ठेगाना** : महेन्द्रनगर न.पा. -३, कन्चनपुर । **फोन** : ०९९-५२१५५० ।

आत्माराम शर्मा (पुडासैनी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार २२, भद्रवास -४, काठमाडौँ । **माता/पिता** : मदोदरा पुडासैनी, विनायक पुडासैनी । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : दूर सन्चार सेवा । **पहिलो रचना** : कविता (लहर पत्रिका, २०४०) **कृति/सृजना** : माफ गर वहिनी चिन्न सकिनँ (कवितासङ्ग्रह, २०५७), धूवाँ (कथासङ्ग्रह, २०६०), डा. अङ्कल (कथासङ्ग्रह, २०६७) डाक्टर अङ्कल (कथासङ्ग्रह, २०६८) । **सम्पादन/अनुवाद** : हातेमालो (द्वैमासिक, २०४२), उत्साह (साहित्यिक पत्रिका, २०५४), प्राची (द्वैमासिक, २०५४), सन्चार (पत्रिका), शब्द संयोजन (२०६१) । **हालको ठेगाना** : चावहिल, मैजुवहाल, काठमाडौँ । **फोन** : ४४७४०५० / ९८५१०७४०५१ ।

आनन्ददेव भट्ट (आदेभ)

(समालोचक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९३ असोज २५, खलङ्गा, जुम्ला । **माता/पिता** : तारादेवी भट्ट, जयदेव भट्ट । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी, पटना विश्वविद्यालय), एम.एड. (लण्डन) । **सेवा** : प्राध्यापन, सम्पादन, साहित्य । **पहिलो रचना** : म तयार छु (कविता, इन्द्रेनी पत्रिका, २०१३, वर्ष १, अङ्क ८) । **कृति/सृजना** : ९७ साल (खण्डकाव्य, २०१५), अब हिमाल बोल्छ (कवितासङ्ग्रह, २०१५), गुराँस (खण्डकाव्य, २०१५), जोवनकै थुम्कोबाट (काव्य, २०१६), ओमर खय्यामलाई जवाफ (कवितासङ्ग्रह, २०१६), आमा बोलाउँछिन् (कवितासङ्ग्रह, २०१६), तिमीलाई देख्दा (२०१७), साहिँली मैयाँ (खण्डकाव्य, २०१८), युरी एलेक्सएभिच गागरिन (काव्य, २०१९), समालोचनाको बाटोतिर (समालोचना, २०१९), हाम्रा प्रतिभाहरू (२०१९), राष्ट्रिय राजनैतिक सहमति (२०४४), भाषिक अधिकार (२०४४), नेपालको भाषानीति (२०४४), नेपाली र नेपालका अन्य भाषामाझको सम्बन्ध (२०४४), जगत्को सृष्टि र सञ्चालन प्रक्रिया (दर्शन, २०४६), प्रतिभा पहिचान (जीवनीसङ्ग्रह, २०४७), व्यावहारिक समालोचना (समालोचनासङ्ग्रह, २०४८), जनताको साहित्य (साहित्य सिद्धान्त, २०४८), स्वतन्त्रता र कम्युनिस्टहरू (राजनीति, २०४८), दृष्टिविन्दु (किशोर साहित्य, २०४८), केही आत्मपरक निबन्धहरू (२०४९), समय साहित्य (समीक्षा सङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : प्रेरणा (साहित्यिक पत्रिका, २०२०), पाठ्यक्रम विकास (पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. को प्रकाशन, २०३५), उत्साह (साहित्यिक मासिक पत्रिका, २०४०), जनताको शत्रु (हेनरिक इब्सेनको नाटकको अनु., २०२०) । **पुरस्कार/सम्मान** : नेपाल नेसनल कलेज छात्रवृत्ति (२०१५/१६), युद्धप्रसाद मित्र पुरस्कार (२०६०), गोकुल पुरस्कार (२०६६), हृदयचन्द्र सिंह प्रधान पुरस्कार (२०६७) । प्रगतिशील प्राध्यापक समूहको सम्मानपत्र (२०५२), युद्धप्रसाद मित्र सम्मान (२०५९), पद्मकन्या विद्याश्रम सम्मान (२०५९), नेपाल सम्मान (एभरेस्ट फाउन्डेसन, नेपाल, २०६०), अग्रज सम्मान (२०६९) । **हालको ठेगाना** : कालिकास्थान, केशरीमार्ग-५२, काठमाडौँ । **फोन** : ४४३०८९३, ४८८०७४६, ९७४१०१५९३५ ।

आनन्दप्रकाश नेपाल

(बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ चैत ३, बराहक्षेत्र, सुनसरी । **माता/पिता** : चन्द्रकुमारी, पूर्णप्रकाश नेपाल यात्री । **शिक्षा** : स्नातकोत्तर (शिक्षाशास्त्र) । **सेवा** : निजामती सेवा । **पहिलो**

रचना : नेपाल (गोरखापत्र, २०४० मङ्सिर) । **कृति/सृजना** : नयाँ साथी (बालकथा, २०६५) । **सम्पादन/अनुवाद** : कथा-कोपिला (बालकथासङ्ग्रह, २०४५), आकाशदीप (२०४५),, कृष्णप्रसाद पराजुली : आस्थाका आयाम, जनपक्ष (२०४५),, अनामिका (मासिक, २०५१) । **हालको ठेगाना** : कोटेश्वर, काठमाडौं / महेन्द्रनगर -१, सुनसरी (rpb@wlink.com.np) **फोन** : ०१६२०२६१८, ९८४१२५३३३२ ।

आनन्दमुनि शाक्य

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९६०, इतुम्बहाल चोखाछेँ गल्ली, काठमाडौं । निधन : वि.सं. २००० असोज । **माता/पिता** : मैयानानी शाक्य, राजमुनि शाक्य । **शिक्षा** : साधारण । **सेवा** : चित्रकला, गायन, वाद्यवादन । **कृति/सृजना** : नेपालमा सर्वप्रथम नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको ने.रु. ५।-, रु. १०।-, रु. १००।- को नोटको डिजाइन, लुम्बिनी वनस विज्यात भन्ने भगवान् बुद्ध नागको आसनमा लुम्बिनी वनप्रस्थानको चित्र, मैत्री बोधिसत्वको चित्र, हनुमानढोकामा राखिएको पद्मपाणी लोकेश्वरको चित्र, भगवान् बुद्धको कपिलवस्तु आगमन बेला राहुललाई यशोधराले आफ्नो पिताको परिचय दिइरहेको श्यामश्वेत चित्र । दस वर्षको उमेरदेखि कलामा संलग्न, तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेर ज.ब.रा. को निकटतम भई चित्रहरू लेख्ने र वाद्यवादन र गीत भजन गाउने समेत गरेको । प्राकृतिक शैली परम्परागत शैलीमा पानी र ढुङ्गा रङ्ग प्रयोग गरी दुरुस्त देखिने गरी चित्र बनाउने । **पुरस्कार/सम्मान** : राणा प्रधानमन्त्री जुद्धशमशेरबाट नगद पुरस्कार, वि.सं. १९९४ मा नेपाल उद्योग प्रदर्शनीमा नगद पुरस्कार, वि.सं. २००१ सालमा नेपाल उद्योग प्रदर्शनीमा नगद पुरस्कार (मरणोपरान्त) ।

आभाकुमारी सिंह 'सेतु'

(कवि, नेपाली/मैथिलीभाषा)

जन्म/स्थान : वि.सं. १९७४ जेठ ७, वासुदेवपुर, वैशाली, विहार, भारत । **माता/पिता** : प्रमिला सिंह, सहेन्द्रप्रसाद सिंह । **शिक्षा** : आई.ए. । **सेवा** : समाजसेवा, राजनीति, साहित्य । **पहिलो रचना** : दिमागी कसरत (बालस्तम्भ, आज पत्रिका, भारत, इ.सं. १९८९) । **कृति/ सृजना** : नारी चेतना (कवितासङ्ग्रह, हिन्दी भाषा), अपनी किताब (उपन्यास, हिन्दी भाषा), विभा (नाटक, मैथिली), मैथिली कवितासङ्ग्रह, मन बोल रही है (कवितासङ्ग्रह, हिन्दी भाषा), मैथिली कथासङ्ग्रह, गीतसङ्ग्रह । सडक नाटकमञ्चन, नाटक निर्देशन । **सम्पादन/अनुवाद** : अभिनव (मैथिली द्वैमासिक पत्रिका, सहसम्पादन) । **हालको ठेगाना** : राजविराज -५, सप्तरी । **फोन** : ०३१-५२२६३५ ।

आभा मुकारुङ

(गायिका)

जन्म/स्थान : वि.सं. २०३४ मङ्सिर २९, दिल्पा, भोजपुर । **माता/पिता** : नरदेवी, तीर्थराज राई । **शिक्षा** : बी.बी.एस. । **सेवा** : गायन । किरात राई विद्यार्थी मञ्च, रेयुकाई नेपाल इटहरी- लगायत विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना** : यो साल फेरि (आधुनिक गीत रेकर्ड, रेडियो नेपाल, २०५३) । **कृति/सृजना** : आभा (गीतिएल्बम, गायन, २०६२), शौम्य (गीतिएल्बम, गायन, २०६९) लगायत दुई सयभन्दा बढी गीतहरू रेकर्ड । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (आधुनिक गीत प्रतियोगिता, रेडियो नेपाल, २०५३) । **हालको ठेगाना** : बूढानीलकण्ठ, काठमाडौं (aavaarai@yahoo.com) । **फोन** : ९८५१०८३१८० ।

आयोदधौम्य 'निर्मल' (निर्मलमणि अधिकारी)

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २०३३ जेठ १, पीपलटार, छाङ, तनहुँ । **माता/पिता** : रमादेवी अधिकारी, रुद्रमणि अधिकारी । **शिक्षा** : एम.फिल. (अङ्ग्रेजी), एम.ए. (आमसञ्चार र पत्रिकारिता) एम.एस्सी. (तथ्याङ्कशास्त्र) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : कविता

प्रकाशन (मीन माध्यमिक विद्यालय, तनहुँको स्मारिका, २०४६) । **कृति/सृजना :** धर्म र विज्ञान (२०५३), चुच्चे, नेप्टेको सवाल र दसैं बहिष्कार (२०५६), छीनीङ पीहीनो मगरको ? (मगर भाषामा, २०५७), आस्थाको शान्तियुद्ध (२०५७), वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान (२०६१), आम सञ्चार र पत्रकारिता (२०६०), पत्रकारिता अध्ययन (२०६१), वैज्ञानिक सत्य युगको आधारशिला (२०६१), निर्मल-भक्ति-मार्ग (२०६१), उद्घोषणकला (२०६१), मीमांसादर्शन निर्देशन (२०६२), आम सञ्चार र पत्रकारिता (२०६२), कम्युनिकेसन, मास मिडिया एन्ड जर्नालिजम (२०६२), अन्डरस्टान्डिङ मास मिडिया रिसर्च (२०६२), स्टडिइङ मास मिडिया इथिक्स (२०६२), एड्भर्टाइजिङ पब्लिक रिलेसन्स् एन्ड मिडिया इस्युज (२०६३), एमबीएम एन्थोलोजी अफ मिडिया स्टडिज (२०६३), सञ्चार शोध र मिडिया पर्यवेक्षण (२०६३) । **सम्पादन/अनुवाद :** तरङ्ग, प्रेरक (साहित्यिक पत्रिका, २०५२), घटना र विचार (साप्ताहिक, २०५७), देशप्रेम (साप्ताहिक, २०६०), युगपत्र (साप्ताहिक, २०६१), इन्सेकअनलाइन (न्युज पोर्टल, २०६२) । **पुरस्कार/सम्मान :** राष्ट्रिय निबन्ध प्रतियोगितामा स्वर्ण पदक (२०५३) र प्रथम पुरस्कार (२०५४) । आध्यात्मिक विषयमा लेख्ने संसारकै उत्कृष्ट पाँचमध्ये एकजना लेखकको रूपमा संयुक्त राज्य अमेरिकाको फोरम फर इन्टरफेथ सोलिडारिटीद्वारा सम्मान (इ.सं. २००४) । **हालको ठेगाना :** गोङ्गबु, काठमाडौँ । **फोन :** ०१-२१७०५५२, ९८४१३१९२९१ ।

आर.आर. चौलागाई (रेवतीरमण)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ चैत्र ११, सुन्दरीपुर, सिन्धुपाल्चोक । **माता/पिता :** यमुनादेवी चौलागाईं, इन्द्रप्रसाद चौलागाईं । **शिक्षा :** आई.ए. । **सेवा :** नोकरी (विद्युत प्राधिकरण) । **पहिलो रचना :** इच्छा (कविता, विद्यार्थी मुखपत्र, मकवानपुर, २०३४) । **कृति/सृजना :** कवितासङ्ग्रहहरू– सामन्तीलाई चिठी (२०३७), नौलो विहानी (२०३७), जिउँदा मानिसहरू (२०४३), वन्धनभित्रका अभिव्यक्तिहरू (२०४६), तुवाँलोभित्र र तुवाँलोबाहिर (२०५४), कविता लेख्नु निरर्थक हुन्छ (२०५६), आस्था रोपेर मनका गराहरूमा (२०६०) । चास्सचुस्स (हाइकु, छोक र मुक्तकहरू, संयुक्त लेखन, २०५२), यात्राका गीतहरू (गीतसङ्ग्रह, २०५३) । **सम्पादन/अनुवाद :** हेटौँडा सन्देश (सामयिक सङ्कलन, २०३८), श्रमिक (सामयिक सङ्कलन, २०३९), अविरल (साहित्यिक त्रैमासिक, २०४७), सत्प्रयास (विचारप्रधान साहित्यिक सँगालो, २०४९), क्रमश: (सामयिक साहित्यिक सँगालो, २०५३), दीपशिखा (साहित्यिक त्रैमासिक, २०५३), अजम्मरी नामहरू (मकवानपुरे साहित्यकारहरूको नामावली, २०५८) । **पुरस्कार/सम्मान :** मकवानपुर साहित्य प्रतिभा पुरस्कार (२०५२), राष्ट्रिय कविता महोत्सवमा द्वितीय (२०५४), राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम (२०५५), राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा उत्कृष्ट (२०५५), राष्ट्रव्यापी मुक्तक प्रतियोगितामा प्रथम (२०५६) । समता साहित्यिक परिवार, इलामद्वारा सम्मान (२०५४), हेटौँडा एकेडेमी, हेटौँडा सम्मान (२०५७), मृगतृष्णा साहित्य डबली, मकवानपुरद्वारा सम्मान (२०५८), देवकोटा बन्धु समाज, मकवानपुरद्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** हेटौँडा -४, मित्रनगर, मकवानपुर । **फोन :** ०५७-५२०६३६/०५७-५२०००७ ।

आर.एम. डङ्गोल (राजुमान)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ भदौ १२, मैदानटोल, नुवाकोट । **माता/पिता :** भक्तकुमारी डङ्गोल, पूर्णबहादुर डङ्गोल । **शिक्षा :** एम.ए. (नेपाली), बी.एल., बी.एड. । **सेवा :** अध्यापन, प्राध्यापन, सम्पादन । **पहिलो रचना :** मुटुको इज्जत जोगाउनै गाह्रो परिरहेछ (कविता, मधुपर्क, २०४३) । **कृति/सृजना :** राशिफल हेरिरहेको मान्छे (कवितासङ्ग्रह, २०५६), दसगजावारि (कवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद :** नेपाली प्रगतिशील कवि र कविता (नवकविता, २०५८), शब्द-संयोजन (साहित्यिक मासिक, २०६१), बाल सरगम (बाल मासिक, २०६१), बाल इन्द्रेणी (मासिक, २०६२), त्रिशूली त्रिवेणी (वार्षिक पत्रिका, २०६२), नुवाकोट, सामयिक सङ्कलन (२०६३) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव- तृतीय (२०५७), राष्ट्रिय कविता महोत्सव- प्रथम (वीरगञ्ज साहित्य परिषद्, २०५७), प्रतियोगितात्मक राष्ट्रिय कवि गोष्ठी- द्वितीय (२०५८), वार्षिक रचना पुरस्कार (नागार्जुन साहित्यिक त्रैमासिक, २०६१), युवावर्ष मोती पुरस्कार (२०६६), साहित्य सन्ध्या र प्रतिभा प्रवाह श्रोता पुरस्कार । **हालको ठेगाना :** कपन-३, काठमाडौँ । **फोन :** ४८१०५५६, ९८४१२४३७०३ ।

आर.डी. प्रभास 'चटौत' (राजेश्वरी दत्त)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ चैत्र २७, दिव्यावती डुँगरी बगरकोट, डडेल्धुरा । **माता/पिता** : बेलुदेवी चटौत, विश्वेश्वर चटौत । **शिक्षा** : एम.ए. (राजनीति), बी.एल., साहित्य शास्त्री । **सेवा** : निजामती, प्राध्यापन । श्री ५ वीरेन्द्र ५६औं शुभजन्मोत्सव स्मारिका स्मृति चिह्न सम्मान (छहारी युवा क्लब, २०५४), प्रसंसा संरक्षण समूह सम्मान (२०५६), पहलमानसिंह स्वाँर स्मृति दीर्घ साहित्य सेवा सम्मान (२०६०) डेउडा अवार्ड (२०६१), मदन पुरस्कार स्वर्णवर्ष सम्मान (२०६२) । **पहिलो रचना** : ओड टु द लाइफ (कविता, हिमालय मासिक पत्रिका, दार्चुला, २०२४) । **कृति/सृजना** : जीवनका घडीपला (कवितासङ्ग्रह, २०३७), लुकेर हेरूँ कि (खण्डकाव्य, २०३८), चटौत सूक्ति सुधा (सूक्तिसङ्ग्रह, २०३९), भूमिसुधार एक विश्लेषण (अनुसन्धानात्मक कृति, २०४४), जगदम्बा सन्तोषी (पद्य, २०४६), लडाइँको मैदानबाट (कथासङ्ग्रह, २०४६), स्वस्थानी व्रतकथा (पद्य, २०४८), भागेश्वर स्तोत्रपाठ (पद्य, २०५५), प्रभास नीतिसंहिता (नीतिसङ्ग्रह, २०६०) । कवितासङ्ग्रह- पोखरा (२०४६), यौटा स्वर (२०४६), बूढाको भैसक्यो बास (२०४६), महामानव बी.पी. कोइराला (२०४७) । **सम्पादन/अनुवाद** : एन.डी. प्रकाशका कालजयी कविताहरू (सम्पादन, २०५१), बुदी पत्रिका (संयुक्त सम्पादन), नेपाली छात्र सङ्घको मुखपत्र, रचना प्रकाश (२०५५), डोट्याली बृहत् शब्दकोश (२०५८), प्रभासका साहित्यिक तथा भाषिक साधनामा विविध दृष्टि र दृष्टिकोण (सम्पादन, २०६१) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), प्रबल गोरखा दक्षिणबाहु (२०३४), प्रख्यात त्रिशक्तिपट्ट (२०३७), लुम्बिनी अञ्चलस्तरीय कविता महोत्सवमा प्रथम पुरस्कार (२०३९), सुप्रबल गोरखा दक्षिणबाहु (२०४४), जनपद सेवापदक (२०४५), दैवीप्रकोप पीडितोद्धार पदक (२०४९, २०५३), जानपद दीर्घसेवा पट्ट (२०४९), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), उत्कृष्ट शान्ति पदयात्री पदक (इ.सं. १९९७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), देउडा अवार्ड (ई २००४) । **हालको ठेगाना** : बगरकोट -१, डडेल्धुरा, महाकाली ।

आर.पी. पन्त

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०१३ भदौ २४, तिमाल बेसी, काभ्रे । **माता/पिता** : वेदालक्ष्मी, मीनप्रसाद पन्त । **शिक्षा** : स्नातक । **सेवा** : पर्यटन व्यवसाय, अभिनय, सामाजिक सेवा । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानहरू प्राप्त । **कृति/सृजना** : ठूलो पर्दाका चलचित्रहरू अप्सरा, फिलिम, हत्तेरि, मलाई माफ गरिदेऊ, पूजा, भाइटीका, कर्मयोद्धा, भाइ-भाइ, वज्रपात आदिमा चरित्र अभिनय । टेलिचलचित्रहरू : हिजो-आजका कुरा, खण्डहरको फूल, वंश, किनारा, परिचय, अदृश्य घाउ, जिन्दगी, नरमणि, सिलसिला, आफन्त, खुसी पलभरको आदिमा अभिनय । यसका अतिरिक्त अन्य थुप्रै चलचित्र, टेलिचलचित्र, रङ्गमञ्चहरूमा अभिनय । **पुरस्कार/सम्मान** : त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु, दैवीप्रकोप उद्धार पदक, शुभराज्याभिषेक पदक आदि । **हालको ठेगाना** : पो.ब.नं. २२६६, सिनामङ्गल, काठमाडौं । **फोन** : ४४११११०, ९८५१०२२५१४, ४४१६२९९ ।

आर.सी. रिजाल (रामचन्द्र रिजाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ चैत्र ११, मकवानपुरगढी । **माता/पिता** : णकुमारी रिजाल, तोयनाथ रिजाल । **शिक्षा** : बी.एड. । **सेवा** : अध्यापन, निजामती, पत्रकारिता । **पहिलो रचना** : कवि बन्ने लहडमा (व्यङ्ग्य निबन्ध, २०२८) । **कृति/सृजना** : खरानीभित्रको आगो (लघु उपन्यास, २०३६), कुकुरको पुच्छर (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५५), कण्ठलगौंटी (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५७), हाकिमको खप्पर (निबन्ध, २०६३), भोलारामको आत्मा (अनुवाद, २०६६) । **सम्पादन/अनुवाद** : अक्षर (साहित्यिक चौमासिक, २०६१) । **पुरस्कार/सम्मान** : राष्ट्रिय स्तरको नारा प्रतियोगितामा प्रथम (२०५५), भैरव प्रतिभा पुरस्कार (२०५८), लघुकथा प्रतियोगिता उत्कृष्ट । गोपालराज पन्त स्मृति सम्मान (२०६६), हर्षनर वज्राचार्य राष्ट्रिय सम्मान (२०६६), पारिजात सम्मान (२०६७) । **हालको ठेगाना** : हेटौंडा न.पा. -४, मकवानपुर । **फोन** : ०५७-५२००७५, ९८४५०२५६१० ।

आलोक गुरुङ

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०१० माघ १७, तनहुँ । **आमा/बाबु** : विरमादेवी गुरुङ, रामशरण गुरुङ । **शिक्षा/विषय** : कक्षा

नौ । **सेवा/सम्मान :** कला, कला प्रशिक्षक । **कृति/सृजना** । हङकङ (सन् १९९६), सिक्किम (सन. २००६), कोरिया (सन् २०10) लगायतका देशहरूका साथै नेपालका दमौली, पोखरा, काठमाडौँमा कला प्रदर्शनी । **हालको ठेगाना :** पोखरा -८, कास्की (alokgurung1@hotmail.com) । **फोन :** ०६१-५३७६००, ९८४६६१३०६२ ।

आशाकाजी 'सेवक' श्रेष्ठ

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९१ फागुन २०, बनेपा, काभ्रेपलान्चोक । **माता/पिता :** हेकुमाया श्रेष्ठ, कृष्णबहादुर वैद्य । **शिक्षा :** एम.ए., बी.एल., बी.एड. । **सेवा :** अध्यापन, प्राध्यापन । जनक सम्मान । **पहिलो रचना :** टुफी (नेपाल भाषा, निबन्ध, जनचेतना, २०१२) । **कृति/सृजना :** नागरिकशास्त्र, इङ्ग्ल्यान्डको इतिहास, शिक्षक खोज्न जाँदा र शैक्षिक रचनाहरू, चक्रव्यूह (कवितासङ्ग्रह), बनेपाका चाडपर्व (सांस्कृतिक अध्ययन, २०५५) लगायत अङ्ग्रेजी र नेपालभाषाका केही पुस्तकहरू प्रकाशित । **पुरस्कार/सम्मान :** दीपा जनमत पुरस्कार, शिक्षा पुरस्कार । **हालको ठेगाना :** बनेपा, काभ्रेपलान्चोक । **फोन :** ०११-६६१२६२ ।

आशारत्न डङ्गोल

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०३० वैशाख ५, मङ्गलबजार, ललितपुर । **माता/पिता :** सानुमैयाँ डङ्गोल, आशकाजी डङ्गोल । **शिक्षा :** स्नातक (ललितकला) । **सेवा :** चित्रकारिता । **पहिलो रचना :** त्रि.वि. दिवस कला प्रदर्शनी (ललितकला क्याम्पस, इ.सं. १९९२) । **कृति/सृजना :** एकल कला प्रदर्शनी (सिद्धार्थ आर्ट ग्यालेरी, इ.सं. २००२) । सामूहिक कला प्रदर्शनी (सिर्जना आर्ट ग्यालेरी, ने.रा.प्र.प्र., नेपाल आर्ट काउन्सिल लगायतका थुप्रै स्थानमा डेढ दर्जनभन्दा बढी कला प्रदर्शन, इ.सं. २००२ देखि) । **पुरस्कार/सम्मान :** अरनिको युवा कला पुरस्कार (इ.सं. २००३), राष्ट्रिय चलचित्र पुरस्कार (इ.सं. २००५), राष्ट्रिय कला पुरस्कार प्रथम (इ.सं २००६) । **हालको ठेगाना :** खुमलटार, ललितपुर । **फोन :** ९८४१२११२९७, ५५४१५७८ ।

आशाराम मौर्य

(ललितकला)

जन्म/स्थान : इ.सं. १९३८ अक्टुबर, इन्दरगाउँ -५, बाँके । **बाबु :** भग्गुप्रसाद मौर्य । **शिक्षा :** साहित्यरत्न (हिन्दी), ललितकलामा डिप्लोमा । **सेवा :** चित्रकला, मूर्तिकला, सङ्गीतकला । **कृति/सृजना :** २०२४ सालदेखि देशको विभिन्न स्थानमा कलाप्रदर्शनी । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५०), कलासम्बन्धी पुरस्कार । अवधि सांस्कृतिक प्रतिष्ठानद्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** पासाङ ल्हामु मार्ग, नेपालगञ्ज, बाँके ।

आशा सिंह शाह (दिव्यराजेश्वरी)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ जेठ २, महाराजगञ्ज, काठमाडौँ । **माता/पिता :** जयन्ती सिंह, शेखरबहादुर सिंह । **शिक्षा :** एम.ए. (पत्रकारिता, राजनीतिशास्त्र) । **सेवा :** साहित्यिक पत्रकारिता । **कृति/सृजना :** आँसुको थोपा (कवितासङ्ग्रह, २०२४), आशा सिंहका केही कविता (कवितासङ्ग्रह), दुई किनारा एक सुस्केरा (कथासङ्ग्रह, २०२५), दाइजो (उपन्यास, इ.सं. १९७२), पिल्सिएका व्यथा, क्षितिजको सपना (कथासङ्ग्रह, २०३४), मायाको कोसेली (गीतसङ्ग्रह भाग १, २), ओभेल परेपछि (उपन्यास), अल्झेका स्मृतिहरू (कवितासङ्ग्रह), रात रोएपछि (उपन्यास) । **सम्पादन/अनुवाद :** सिम्रिक (साप्ताहिक), युगबोध (साप्ताहिक), दर्पण (मासिक), प्रथम सार्क एक उपलब्धि, दोस्रो सार्क एक उपलब्धि, शान्ति क्षेत्र नेपाल र तेस्रो सार्क एक उपलब्धि । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), स्वर्णपदक (२०४३) । **हालको ठेगाना :** मालीगाउँ, ज्ञानेश्वर, काठमाडौँ । **फोन :** ४४१७०४३ ।

आशिष सूर्यवंशी मगर (जोगबहादुर)

(कवि, मगर भाषा)

जन्म/स्थान : २०३८ पुस १८, देवीनगर-८, पाल्पा । **आमा/बाबु** : ठलीसरा सूर्यवंशी, यमबहादुर सूर्यवंशी । **शिक्षा/विषय** : एम.एड. (स्वास्थ्य) । **सेवा** : निजामती, पत्रकारिता, खेल । **कृति/सृजना** : छायाँ (कविता-गजलसङ्ग्रह), नामटनाक (मगर भाषामा, २०६२) । **सम्पादन/अनुवाद** : समाचार (स्थानीय पत्रिका) । **पुरस्कार/सम्मान** : रिल्हिङ बाजी (कविता प्रतियोगितामा प्रथम, पाल्पा) । **हालको ठेगाना** : धुरकोट-३, सर्दी गोरीभोक, नवलपरासी । **फोन** : ९८४७०४५१२३ ।

आहुति (विश्वभक्त दुलाल)

(कवि/आख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ चैत्र १, नैकाप, काठमाडौँ । **माता/पिता** : कान्छी दुलाल, राधाकृष्ण दुलाल । **शिक्षा** : आई.ए. । **सेवा** : अध्यापन, साहित्य, राजनीति (पूर्वसभासद्) । **पहिलो रचना** : शिलापत्रको हकदार (एकाङ्की, दियो पत्रिका, २०४३) । **कृति/सृजना** : तपस्वीका गीतहरू (कवितासङ्ग्रह, २०४९), नयाँ घर (उपन्यास, २०५०), स्खलन (उपन्यास, २०५९), हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न (लेख, २०६०) । **सम्पादन/अनुवाद** : दियो (पत्रिका, २०४३), वर्तमान साहित्य (आन्दोलन साहित्य पत्रिका, २०४६), सम्झनाको तरेलीमा निर्मल लामा (२०५८), निर्मल लामाका केही रचनाहरू (२०५९) । आगो, धूवाँ र मानिस (उपन्यास, अनु., २०६१) । **पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार (२०५०) । **हालको ठेगाना** : नैकाप, काठमाडौँ । **फोन** : ५५४०२९५, ९८४१०५७८९४ ।

इन्दिरस (कवि)

(प्राथमिक कालीन कवि)

जन्म/स्थान : अनुसन्धेय (इन्दिवर भन्ने पनि छन्) । **शिक्षा** : संस्कृत, नेपाली । **सेवा** : भक्ति साहित्य स्रष्टा । कृष्ण भक्तिधाराका प्रवर्तक कविको रूपमा लिइन्छ । **कृति/सृजना** : गोपिकास्तुति, गोपीरक्षा, (दुवै फुटकर कविता) ।

इन्दु पन्त

(चित्रकला)

जन्म/स्थान : वि.सं. २०१४ फागुन १३, हाँडीगाउँ, काठमाडौँ । **माता/पिता** : तारालक्ष्मी लोहनी, रामप्रसाद लोहनी । **शिक्षा** : बी.एफ.ए. । **सेवा** : अध्यापन, चित्रकारिता । **पहिलो रचना** : कला एक विहङ्गम दृष्टि (लेख, श्री ५ रत्न शुभ हीरक जन्मोत्सव २०४५ स्मारिका) । **कृति/सृजना** : संसृष्टि (संयुक्त, कविता, कथा, २०५६), स्वीकृति (संयुक्त, उपन्यास, २०६१), यातना (खण्डकाव्य, चित्राङ्कित) । **हालको ठेगाना** : का.म.न.पा. -४, पो.ब.नं. ९८०४, काठमाडौँ । **फोन** : ४४३२४९२ ।

इन्द्रकुमार विकल्प (इन्द्रकुमार जोशी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ कात्तिक २, मल्लाज, पर्वत । **माता/पिता** : नन्दकुमारी जोशी, गोपीमान जोशी । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : अध्यापन । उत्कृष्ट युवा सम्मान (पर्वत जेसिस, २०५४) । **पहिलो रचना** : पुरस्कार (कथा, २०३७) । **कृति/सृजना** : सम्झनाका डोबहरू (कवितासङ्ग्रह, २०४४), मनका खुसीहरू (कवितासङ्ग्रह, २०५२), दुई आत्माको मिलन (उपन्यास, २०५६), भुल्काहरू (२०५८), सर्वदलीय घर (लघुकथासङ्ग्रह,२०६०), लालीगुराँस फुल्ने मन (गजलसङ्ग्रह, २०६२), बैँसका रहरहरू (कथासङ्ग्रह, २०६३), निस्तो सम्झौता (कथासङ्ग्रह, २०६४) । **सम्पादन/अनुवाद** : कालीको सुसेली (सामसामयिक साहित्य, २०५४), बालसुसेली (बालसाहित्य), हौसला (साहित्य सङ्कलन), धवलागिरि स्पन्दन (गजल सञ्चयन, २०५९), साहित्यपथका यात्रीहरू (२०६३), बाल सुसेली (२०५८) । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट कविता पुरस्कार (धौलागिरी साहित्य प्रतिष्ठान, २०४५), दामोदर पुडासैनी प्रतिभा पुरस्कार (२०६५), गजल प्रतिभा पुरस्कार (पोखरा, २०६६), पर्वत जिल्लाका उत्कृष्ट युवा सम्मान (२०५४), अभिनन्दन स्रष्टा सम्मान (चितवन, २०६२), शान्तिदूत सम्मान, धादिङ साहित्य समाज सम्मान (२०६४), साहित्य रत्न (२०६६), रूमानी सम्मान (काठमाडौँ, २०६६), स्वर्ण महोत्सव सम्मान (नारायण उमावि, कुश्मा, पर्वत, २०६६) लगायत अन्य । **हालको ठेगाना** : शिवालय-८, कुश्मा, पर्वत (indrabikalpa111@yahoo.com) । **फोन** : ९८४७६२०४१७, ०६७-४२०००५ ।

इन्द्रकुमार श्रेष्ठ 'सरित'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१९ पुस १० गते, राधापुर, बर्मा । **माता/पिता** : यासुकुमारी श्रेष्ठ, वीरबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : संस्थान । **पहिलो रचना** : कलाकारको मृत्यु (कथा, विश्वदीप, २०३९) । **कृति/सृजना** : पूर्व क्षितिज (कवितासङ्ग्रह, २०४६), दिदीको देवर (कथासङ्ग्रह, २०५०, एक टुक्रा बादल (उपन्यास), आजकी द्रौपदी । **सम्पादन/अनुवाद** : नेपाली गजल (सामयिक सङ्कलन, चौतारी । **पुरस्कार/सम्मान** : समय-समयमा साहित्यिक पुरस्कारहरू । **हालको ठेगाना** : काठमाडौँ । **फोन** : ४२१३९४३ ।

इन्द्रनाथ अर्ज्याल

(गणित साहित्य, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ माघ, प्युखा, काठमाडौँ । **माता/पिता** : देवीकुमारी, गजनाथ अर्ज्याल । **शिक्षा** : एम.ए. (गणित) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : गणित साहित्यसम्बन्धी लेख (२०३३) । **कृति/सृजना** : गणिता भाग १-२-३, गणित साहित्य र नेपाल (२०६४) । **पुरस्कार/सम्मान** : रोनास्ट वैज्ञानिक पुरस्कार (२०५९) । **हालको ठेगाना** : झम्सिखेल, ललितपुर । **फोन** : ५५२१०८९ ।

इन्द्र परियार

(नाट्यकर्मी)



जन्म/स्थान : वि.सं. २०१७ पुस २५, विराटनगर, मोरङ । **माता/पिता** : शुभलक्ष्मी परियार, जगतराम परियार । **शिक्षा** : एस.एल.सी. । **सेवा** : रङ्गमञ्च । **पहिलो रचना** : रगतका छिटा (नाटक, २०४१) । **कृति/सृजना** : *नाटक लेखन तथा निर्देशन* : यात्री (२०४४), ज्यूँदो लाश (२०४९), चोर (२०५५) । शान्तिदीप (नाटक मञ्चन, साङ्केतिक भाषामा लेखन तथा निर्देशन) । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाबाट सम्मानित । **हालको ठेगाना** : गौशाला, काठमाडौँ । **फोन** : ४४८१५०८ ।

इन्द्र प्रधान

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००१ साउन ३१, निकुञ्ज पथ, इलाम । निधन : २०५१ चैत्र २ गते । **माता/पिता** : दमयन्ती श्रेष्ठ, गङ्गाप्रसाद श्रेष्ठ । **शिक्षा** : बी.ए. (ललितकला) । **सेवा** : शिक्षा सेवा, प्राध्यापन । **कृति/सृजना** : एकल कला प्रदर्शनी (नेपाल र भारतका विभिन्न ठाउँमा) । **सम्पादन/अनुवाद** : जुनेली (वार्षिक मुखपत्र), उषा (वार्षिक मुखपत्र), आवाज (वार्षिक पत्रिका, बम्बई) । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार, (दशौँ महाराष्ट्र कला प्रदर्शनी, इ.सं. १९६९, बम्बई, भारत), राष्ट्रिय आर्ट एक्जिबिसन (दोस्रो पुरस्कार (इ.सं. १९७६, प्रथम पुरस्कार इ.सं. १९७७), अन्तर्राष्ट्रिय क्यालेण्डर पेन्टिङ प्रतियोगिता (नगद पुरस्कार, इ.सं. १९७२, स्वीट्जरल्यान्ड), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९८८) । **सम्पर्क ठेगाना** : महाङ्काल, गल्फुटार, काठमाडौँ । **फोन** : ४३७१८१२ ।

इन्द्रप्रसाद रेग्मी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ मङ्सिर १६, भरतपुर-११, भोजाड, चितवन । **माता/पिता** : लक्ष्मीदेवी रेग्मी, रमाकान्त रेग्मी । **शिक्षा** : बी.ए. । **सेवा** : सामाजिक सेवा । **कृति/सृजना** : बिर्सनै लागेको कुरा (संस्मरण), भर्खरै (कवितासङ्ग्रह, २०६८), बैशाखी टेकेर (हाइकु-सङ्ग्रह, २०६८) । **हालको ठेगाना** : भरतपुर, चितवन ।

इन्द्रबहादुर गुरुङ 'गिलुङ'

(लेखक, गुरुङभाषा)

जन्म/स्थान : वि.सं. १९९१ भदौ ३१, गिलुङ -५, लमजुङ । **माता/पिता** : चमार्खु गुरुङ, शिरसुब्वा गुरुङ । **शिक्षा** : अनौपचारिक । **सेवा** : राजनीति, सामाजिक सेवा, प्राज्ञ सभासद् ।

तमु छोज धिँ केन्द्रीय समिति (२०५०), राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति (२०५९), श्रीकृष्ण सञ्जीवनी तुलसी सेवा समिति, गोठाटार (२०६०), दक्षिण एसियाली ज्योतिष महासङ्घ (२०६०) आदि सङ्घ-संस्थाहरू- द्वारा सम्मान । **पहिलो रचना** : तमुचि (गुरुङ ज्योतिष शास्त्र, २०४५) । **कृति/सृजना** : प्रथम : तमु चिं (२०४९), बुद्ध तथा बोन्पोक्यालेण्डर (२०५१) । **सम्पादन/अनुवाद** : गुरुङ शब्दकोश (गुरुङ-नेपाली भाषा, २०५९), तोताँ सौँफु (तीन कुरा, गुरुङ उखान टुक्काहरू, २०५७) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३२), मानार्थ ज्योतिष मार्तण्ड र स्वर्णपदक, नगद पुरस्कार । **हालको ठेगाना** : घर नं. ७१, ललितपुर उ.म.न.पा.-१४ । **फोन** : ५५४८१५३ ।

इन्द्रमणि मानव (वज्राचार्य)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४ असार ३१, नेपालगञ्ज, बाँके । निधन : २०५७ पुस ६ । **माता/पिता** : अतिमाया वज्राचार्य, हर्षमानपति वज्राचार्य । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : शिक्षाक्षेत्र तथा साहित्य । सारस्वत सम्मान (महेन्द्र पुस्तकालय, नेपालगञ्ज, २०५३), तीर्थमान स्मृति सम्मान (बाँके, २०५४) । **पहिलो रचना** : राष्ट्रिय वन्दना (उदय पत्रिका, बनारस, वि.सं. २००२) । **कृति/सृजना** : अभिशप्त जीवन (कथासङ्ग्रह, २०२५), देवकन्या (नाटक) । **सम्पादन/अनुवाद** : उदय, शारदा, युगवाणी, स्वराष्ट्र, अनुराधा, समय, नौलो पाइलो, पुष्पाञ्जलि, सिर्जना आदि पत्रिका सम्पादन । **पुरस्कार/सम्मान** : तीर्थमान श्रेष्ठ स्मृति पुरस्कार (२०५५) । **सम्पर्क ठेगाना** : बाँके न.पा. - १७, नेपालगञ्ज । **फोन** : ०८१-५२४९५७ ।

इन्द्र माली (इन्द्रबहादुर माली)

(साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००१ साउन १५, टेबहाल नछें गल्ली, काठमाडौँ । **माता/पिता** : हरिमाया माली, पदमबहादुर माली । **शिक्षा** : एम.ए. (नेपाली), एम.एस.(फिलिपिन्स) । **सेवा** : निजामती, प्राध्यापन । **पहिलो रचना** : नदीको लक्ष्य (कविता, २०१७) । **कृति/सृजना** : नेपाल भाषाका कृतिहरू : न्हूपुखुलिइ कसा:या ख्वा:पा: (समालोचना, २०२७), फ्रीगु भाय् : फ्रीगु खँग्व (भाषा, २०३४), दोलखा भाषिका व छुं (भाषा, २०३५), पहरी भाषिका छगु अध्ययन (भाषा, २०३८), पुलांगु कसि : न्हूगु दापू (समालोचना, २०५२) । विद्रोही कवि बुद्ध सायुमि (समालोचना, २०५२), नेपालभाषाया माध्यमिक कालया छुं (समालोचना, २०५५) । **सम्पादन/अनुवाद** : शशीका केही गीत (गीतसङ्ग्रह, २०१६), भावना (सामयिक, २०१८), जीवनको मोड (२०४२), नेवारी भाषाका केही आधुनिक कविता (कवितासङ्ग्रह, २०४९), सुन्दर मधिकर्मीको कवितासङ्ग्रह (२०५९), कुचा कुचागु किपा दुने (समालोचनासङ्ग्रह, २०५६), मत क्वय् खिउँ (कविता, २०५७) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०९३), गोरखा दक्षिणबाहु चौथा, त्रिशक्तिपट्ट चौथा (२०५८) । **हालको ठेगाना** : पो.ब.नं. १३९३६, ताहाचल, अष्टमङ्गल मार्ग, काठमाडौँ । **फोन** : ४२७१२९५, ९८४१२८०४४१ ।

इन्द्रराज पाण्डे (वासुदेव)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७३ असार कृष्ण द्वादशी, बटुटोल, काठमाडौँ । निधन : २०५१ वैशाख शुक्ल चौथी । **माता/पिता** : दमनकुमारी पाण्डे, योगराज पाण्डे । **शिक्षा** : साधारण । **सेवा** : प्रशासनिक सेवा (अधिकृत) । **पहिलो रचना** : प्रेम (नाटक, पुस्तक २००९) । **कृति/सृजना** : पार्वती (उपन्यास, २०१०, वासुदेव उपनाममा प्रकाशित), गोडेलो (गीतिकाव्य, २०३२), माया-महेश (खण्डकाव्य, २०४८) । **सम्पर्क ठेगाना** : मैतीदेवी, काठमाडौँ । **फोन** : ४४१३९८७ ।

इन्द्रविलास घिमिरे

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ वैशाख १७, भञ्जाङडाँडा, लमजुङ । **माता/पिता** : सरस्वती घिमिरे, चूडामणि घिमिरे । **शिक्षा** : स्नातकोत्तर (भूगोल) । **सेवा** : प्राध्यापन । **पहिलो**

रचना : वातावरणीय ह्रास : एक सङ्क्षिप्त पर्यावलोकन (२०५५) । **कृति/सृजना** : सामाजिक अध्ययन शिक्षा (सहलेखन, २०६१) । **हालको ठेगाना** : शारदानगर-५, चितवन /लैनचौर, काठमाडौँ । **फोन** : ४३६११६२ ।

इन्दिरा कोइराला

(भक्तिसाहित्य लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ चैत्र ३०, जोरपाटी-६, काठमाडौँ । **माता/पिता** : लक्ष्मीदेवी चालिसे, नारायणप्रसाद चालिसे । **शिक्षा** : आई.एड. । **सेवा** : नोकरी (खाद्य संस्थान) । **पहिलो रचना** : वेदको उपदेश (गोरखापत्र, २०४५) । **कृति/सृजना** : अध्यात्म उपदेश तथा पाञ्चायन महिमा (२०५१) । **सम्पादन/अनुवाद** : शिव महामृत्युञ्जय, मार्कण्डेय-शनि तथा गजेन्द्र मोक्ष (२०५४, अनुवाद तथा लेखन), श्री गणेश शत-सहस्रनाम स्तोत्र तथा बगलामुखी-स्तोत्र (२०५७, अनुवाद तथा लेखन), श्री महालक्ष्मी वैभवलक्ष्मी तथा तुलसी महिमा (२०६१, अनुवाद तथा लेखन) । **पुरस्कार/सम्मान** : विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : घर नं. १४६ शान्ति गोरेटोमार्ग, चावहिल, काठमाडौँ । **फोन** : ४४७९६०५ ।

इन्दिरा प्रसाई (भुवानीपुष्प नेपाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन ३, दार्जीलिङ, भारत । **माता/पिता** : दुर्गादिवी नेपाल, गणेशप्रसाद नेपाल । **शिक्षा** : एम.बी.ए. । **सेवा** : प्राध्यापन, साहित्य, राजनीति, गोरखापत्र संस्थान सेवा । **पहिलो रचना** : अस्वीकृत पत्र (कथा, प्रेरणा, २०३०) । **कृति/सृजना** : मन सायद उघ्रिँदैन (कथासङ्ग्रह, २०५१), विश्वामित्र (उपन्यास, २०५५), बयान (लघुकथासङ्ग्रह, २०५५), शिखा (उपन्यास, २०५६), वाइपङ्खी घोडा (कवितासङ्ग्रह, २०५७), तिमी हुनुको (लामो कविता, २०५७), रनमाया (उपन्यास, २०५८), नेपाल न्युज डट कम (कवितासङ्ग्रह, २०५९), शिखा (उपन्यास, २०५९), उसको लोग्ने र बिरालो (उपन्यास, २०६०), माल्दाइलाई चिठी (कवितासङ्ग्रह, २०६१), प्रिय नरेन्द्र (समीक्षात्मक पत्रनिबन्ध, २०६१), द हस्ब्यान्ड एन्ड द क्याट (अङ्ग्रेजी उपन्यास, सन् २००५), ए समुद्र ! (लामोकविता, २०६३), दोस्रोसत्ता (कथासङ्ग्रह, २०६२), मेरी सासू (जीवनीमूलक निबन्ध, २०६५) । **सम्पादन/अनुवाद** : कथाक्रम (पत्रिका, २०४१), नवचन्द्रिका (पत्रिका, २०४२), साप्ताहिक बहस (पत्रिका, २०४३), निष्कर्ष दैनिक (पत्रिका, २०४६), प्रज्ञापत्र (पत्रिका, २०५२), भानुमोती (पत्रिका २०५५) । भारती खरेल : सिर्जना र समीक्षा (२०५२), पौरखी पुरुष (२०५२), गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४), रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४), एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४), भूपाल अर्चना (२०५५), उकाली ओरालीहरूमा तारादेवी (२०५६), ईश्वर बराल : कृति र कीर्ति (२०५७), श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७), सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८), ईश्वरबल्लभ : आयाम र आकृति (२०५९), कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०), मिश्रका कृति : कविका दृष्टि (२०६०), त्रिमूर्ति निकेतन (२०६०), शरदचन्द्र भट्टराईको इतिवृत (२०६२) । मेरो जीवन : मेरो कहानी (हिन्दीभाषामा अनुवाद, मूल लेखक : त्रैलोक्यनाथ श्रेष्ठ, २०५४) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवावर्ष मोती पुरस्कार (२०५१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), मैनाली कथा पुरस्कार (२०५२), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), राष्ट्रिय गौरव युवा सम्मान (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५८), भानुभक्त सम्मान (२०६२), भद्रकुमारी घले पुरस्कार (२०६४), दीपज्योति सम्मान (२०६७), देरूनीख पुरस्कार (२०६७) । **हालको ठेगाना** : घट्टेकुलो, काठमाडौँ । **फोन** : ४७७१४५५, ४७७०५८० ।

इन्दिरा श्रेष्ठ

(गायिका)

जन्म/स्थान : वि.सं. १९९७ मङ्सिर २३, झोछेँटोल, काठमाडौँ । **माता/पिता** : बालकुमारी श्रेष्ठ, बालकृष्ण श्रेष्ठ । **शिक्षा** : एम.म्युज, एम.एस्सी. । **सेवा** : सङ्गीत, गायन, ने.रा.प्र.प्र., राजपरिषद् सदस्य, भू.पू. रा.पं.स. । इन्दिरा-कलानिधि सङ्गीत

महाविद्यालयकी संस्थापिका । **कृति/सृजना** : तिमी विना (भाग १, २, गायन, गीति एल्बम), अन्तर नाद (भाग १, २, गायन, गीतिएल्बम) । **सम्पादन/अनुवाद** : बालक, नियोजन, महिला बोल्छिन् आदि पत्रिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : गोरखा दक्षिण बाहु चौथो, शुभराज्याभिषेक पदक, वीरेन्द्र-ऐश्वर्य सेवापदक, प्राकृतिक प्रकोप सेवापदक, ऐश्वर्य विद्या पदक, गद्दी आरोहण रजत महोत्सव पदक, गोपालप्रसाद जनकल्याण पुरस्कार । कलानिधि सङ्गीत सम्मान, ऐश्वर्य कलानिधि सम्मान, गोपालप्रसाद सङ्गीत सम्मान, श्रुति कलानिधि सम्मान, बालकृष्ण बालकुमारी सम्मान, रङ्गराव कादम्बरी सङ्गीत सम्मान, प्रबल जनसेवा श्री (तृतीय) आदि । **हालको ठेगाना** : पो.ब.नं. ३२४८, थापाथली, काठमाडौँ । **फोन** : ४२२२०४३, ४२२६२३९ ।

इमानसिंह चेमजोङ

(लेखक, नेपाली/लिम्बूभाषा)

जन्म/स्थान : वि.सं. १९६०, कालेबुङ, दार्जीलिङ । निधन : २०३३ असोज २२ । **माता/पिता** : दावापुहाङ्मा लिम्बू, मेघवरसिंह चेम्जोङ लिम्बू । **सेवा** : अखिल भारतीय किरात चुम्लुङ दार्जिलिङद्वारा अभिनन्दन (१९७१), हुलाक टिकट प्रकाशन (श्री ५ को सरकारबाट, २०५५) । **कृति/सृजना** : किरात इतिहास (इ.सं. १९४८), किरात साहित्यका इतिहास (१९५५) किरात मुन्धुम (२०१८), किरात मुन्धुम खाहुम (२०२२), किरात हिस्ट्री एन्ड कल्चर (१९६७), किरात दर्शनको सारांश (१९६९) किरात कालीन विजयपुरको सङ्क्षिप्त इतिहास (२०३१) । **सम्पादन/अनुवाद** : लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०१८), लापचा-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०३६), थ्वीनडेल (भोटेभाषाका गीतहरू, २०३३), किरात दन्त्यकथा ।

इल्या भट्टराई

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ मङ्सिर १३ काठमाडौँ । **माता/पिता** : रीता दीक्षित, मदनमणि दीक्षित । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : अध्यापन, लेखन । नेपाली साहित्य सम्मान (बेलायत, ई.२००७) । **पहिलो रचना** : गन्थन एक इन्जिनियरकी श्रीमतीको (लेख, २०४२) । **कृति/सृजना** : मन मनै त हो (कथासङ्ग्रह, २०६०), लफवराको वरिपरि (यात्रासंस्मरण, २०६१), अनि... (कथासङ्ग्रह, २०६२), निशब्द प्रश्नहरू (कथासङ्ग्रह, २०६३), युरोपको नौलो परिवेश (नियात्रा, २०६५), कसले के बुझ्यो ? (बालकथासङ्ग्रह, २०६६), जीवनका रङ्गहरू (कथासङ्ग्रह, २०६८) । **सम्पादन/अनुवाद** : इन्जिनियर (बुलेटिन, २०४१) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४४) । **हालको ठेगाना** : महाराजगञ्ज, काठमाडौँ (yasmine@wlink.com.np) । **फोन** : ४४१३०८९ ।

इस्माली (महेश पौडेल, महेश्वरप्रसाद उपाध्याय)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१२ जेठ ४, औरही -४, महोत्तरी । **माता/पिता** : तिलकुमारीदेवी घिमिरे, गोविन्दप्रसाद उपाध्याय पौडेल । **शिक्षा** : स्नातकोत्तर (शिक्षाशास्त्र/गणित, त्रि.वि.) । **सेवा** : अध्यापन, प्राध्यापन, साहित्य । **पहिलो रचना** : ऋणको थिचो (कथा, भञ्ज्याङ सामयिक सङ्कलन, २०३१) । **कृति/सृजना** : सेतो आतङ्क (उपन्यास, २०३९), माछो माछो भ्यागुतो (कथासङ्ग्रह, २०५२), जिरोमाइल (उपन्यास, २०५६), अर्को एउटा पृथ्वी (बालकथासङ्ग्रह, २०५७), घाम घामजस्तो छैन (कथासङ्ग्रह, २०५८), नानीहरूको पुरुषार्थ (बाल उपन्यास, २०६०), काट् जर्किन डी (२०६४), इस्मालीका प्रतिनिधि कथा (२०६७), चिम्पान्जीको चिन्ता (बालकथासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : उत्साह (साहित्यिक मासिक, २०४०), प्रलेस (मुखपत्र, संयुक्त सम्पादन, २०५९) । **पुरस्कार/सम्मान** : पारिजात सृजन पुरस्कार (२०५२), मैनाली कथा पुरस्कार (२०६६), नागार्जुन वार्षिक रचना पुरस्कार (२०६५) । **हालको ठेगाना** : पुष्पनगर, बानेश्वर, काठमाडौँ । **फोन** : ४४९१९६८, ९८४१८४९०८५ ।

इशान गौतम

(नियात्राकार/गायक, नेपाली भाषा)

जन्म/स्थान : २०२८ असोज, वीरगञ्ज । **माता/पिता** : स्वस्तिका गौतम, ध्रुवचन्द्र गौतम । **शिक्षा** : एम.एस्सी. (प्राणी विज्ञान) । **सेवा** : प्राध्यापन, स्वास्थ्य । **पहिलो रचना** : कविता

(गोरखापत्र, २०३७) । **कृति/ सृजना** : मनको ढोका (गायन, गीतिएल्बम), ईशान-अमित (गायन, गीतिएल्बम) । नेपालमा विज्ञान तथा प्रविधि (सहलेखन, २०६४), मायालु बतास अनि रङहरू (नियात्रा, २०६५) । **सम्पादन/अनुवाद** : जीवन सरिता : धर्मरत्न यमिका कविता (सहसम्पादन), अँध्यारोमा एक काँटी सलाई : जीवनमा विज्ञान (दयानन्द वज्राचार्यद्वारा लिखित पुस्तक) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (२०६१) । **हालको ठेगाना** : गणेशवस्ती, महाराजगञ्ज, काठमाडौं । **फोन** : ९८४१४०२२६६७, ४७२०९७५ ।

ईश्वरचन्द्र ज्ञवाली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असार १६, भुवनपोखरी, गोखुङ्गा, पाल्पा । **माता/पिता** : गङ्गादेवी गौतम, बालकृष्ण उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, साहित्य, राजनीति । **पहिलो रचना** : सहिदको सम्मानमा (कविता, सुस्केरा पत्रिका, २०४३) । **कृति/सृजना** : हुरीका स्पन्दनहरू (कवितासङ्ग्रह, २०५४), यसरी देश मरिरहेछ (कवितासङ्ग्रह, २०५८), हाम्रो रातो यात्रा (कवितासङ्ग्रह, २०६३), आगोका शब्दविम्ब (२०६३) । **सम्पादन/अनुवाद** : उद्घोषण (२०४६), समालोचना (२०४८), कलम (२०५५), उद्बोधन (२०६१) । **हालको ठेगाना** : तीनथाना गाविस, काठमाडौं । **फोन** : ४३११९४०, ०१-६२१६५४२ ।

ईश्वरमान रञ्जितकार

(सम्पादक, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार योगिनी एकादशी, जैसीदेवल, काठमाडौं । **निधन** : २०६८ असोज १४ । **आमा/बाबु** : मायादेवी रञ्जितकार, सत्यमान रञ्जितकार । **शिक्षा/विषय** : आई.ए. । **सेवा/सम्मान** : नोकरी (नेपाली साहित्य संस्थान), प्रकाशन । **पहिलो रचना** : थौं हे ख: (कविता, नेपाल भाषा, धर्मोदय मासिक, २००९) । **कृति/सृजना** : विवरणात्मक ग्रन्थकोश, आदिवासी अधिकार र जनपैरवी । **सम्पादन/अनुवाद** : नवकुञ्ज (मासिक, २०२२), वसुधा (अङ्ग्रेजी मासिक, २०२६), प्रगति (द्वैमासिक, २०२७), आभा (मासिक, २०२८), लालित्य (मासिक, २०३५), वैशाख (अङ्ग्रेजी मासिक, २०३५), अनुवाद ग्रन्थसूची (सहसम्पादन, २०५९) । **सम्पर्क ठेगाना** : बालाजु, काठमाडौं । **फोन** : ४३५०३७६ ।

ईश्वर पोखरेल (ईश्वरीप्रसाद)

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असार ५, कोटगाउँ, सिन्धुली । **माता/पिता** : अन्नपूर्णा घिमिरे (पोखरेल), गोविन्दप्रसाद पोखरेल । **शिक्षा** : एम.ए. (नेपाली र समाजशास्त्र), बी.एल. । **सेवा** : अध्यापन, संस्थान सेवा । **पहिलो रचना** : रत्नपार्क (अभिव्यक्ति, २०३९) । **कृति/सृजना** : प्रारम्भिक समाजशास्त्र (पाठ्यपुस्तक, २०६१), नेपाली समाज र संस्कृति (२०६४), सामाजिक अनुसन्धान पद्धति (पाठ्यपुस्तक, २०६३) । **हालको ठेगाना** : चन्द्रनिगाहपुर-६, बजारटोल, रौतहट । **फोन** : ०५५-५४००५४/०१६२०७३६७, ९८४५२८८६८७९ ।

ईश्वर बराल (लीलानटेश्वर शर्मा, बरालोपाध्याय)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८० कात्तिक ९, बस्तीपुर, सिराहा । **निधन** : २०५४ कात्तिक २७, काठमाडौं) । **माता/पिता** : भुवनेश्वरी बराल, देवरञ्जन बराल । **शिक्षा** : एम.ए.(अङ्ग्रेजी), विद्यावारिधि (इतिहास) । **सेवा** : ने.रा.प्र.प्र. (उपकुलपति तथा आजीवन सदस्य) । **कृति/सृजना** : आख्यानको उद्भव (समालोचनासङ्ग्रह, २०३९), मेरो समीक्षा यात्रा (पुस्तिका, २०५१), छरिएका समीक्षाहरू (समालोचनासङ्ग्रह), देवकोटा र उनका काव्य (समालोचना), सुवानन्ददेखि शम्भुप्रसादसम्म, भारतीय नेपाली साहित्य र साहित्यकार, रूपनारायण सिंह : व्यक्तित्व र कृतित्व, लक्ष्मीप्रसाद देवकोटा : व्यक्तित्व र कृतित्व । **सम्पादन/अनुवाद** : झ्यालबाट (कथासङ्ग्रह, २००६), हिमालचुली (२०१२), सयपत्री (निबन्धसङ्ग्रह, २०१३), मोहन कोइरालाका कविता (२०३०), पारिजातका कविता (कवितासङ्ग्रह), इन्द्रेनी (मासिक), धरती (मासिक), नेपाली रचनावली (गद्य-पद्यसङ्ग्रह, संयुक्त सम्पादन),

रवीन्द्रनाथ कथा (कथासङ्ग्रह, इ.सं. १९६२) । **पुरस्कार/सम्मान** : बालचन्द्र पुरस्कार (२०४८), झपट पुरस्कार (२०५१), वेदनिधि पुरस्कार, सीताराम प्रज्ञा पुरस्कार (२०५३) ।

ईश्वरवल्लभ (ईश्वरवल्लभ भट्टराई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ असार २८, जैसीदेवल, काठमाडौँ । निधन : २०६४ चैत्र ९, बबरमहल, काठमाडौँ । **माता/पिता** : राममायादेवी, मुरलीधर भट्टराई । **शिक्षा** : स्नातक (इलाहाबाद) । **सेवा** : ने.रा.प्र.प्र. (आजीवन सदस्य), साहित्य, साहित्यिक पत्रकारिता । विभिन्न सङ्घ-संस्थाबाट अभिनन्दित । **पहिलो रचना** : म मानव हुँ महाप्रमाण (भारती पत्रिका, दार्जीलिङ, इ.सं. १९५६) । **कृति/सृजना** : आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन् (कवितासङ्ग्रह, २०२९), केही भूमिकाहरू (निबन्धसङ्ग्रह, २०३१), एउटा सहरको किनारामा (कवितासङ्ग्रह, २०३१) समान्तर (कवितासङ्ग्रह, २०३८), नीलो माटो (कथासङ्ग्रह, २०४१), कस्मै देवाय (कवितासङ्ग्रह, २०४२), सोचको मायामठ (निबन्धसङ्ग्रह, २०६०), धूवाँको जङ्गलमा (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : फूल पात पतकर, टुकी (पाक्षिक), नेपाली चलचित्र निर्माण, कविता (त्रैमासिक), बर्सेनि (वार्षिक- संयुक्त), प्रज्ञा । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०२९), साझा पुरस्कार (२०३८), हरिहर शास्त्री सावित्री देवी पुरस्कार (२०४५), देवकोटा पुरस्कार (२०६३), वीरेन्द्र-ऐश्वर्य सेवापदक, रत्नश्री स्वर्णपदक, प्रेस काउन्सिल पुरस्कार, गोरखा दक्षिण बाहु । **सम्पर्क ठेगाना** : १/७९ बबरमहल, थापाथली, काठमाडौँ । **फोन** : ४२२२४१९ ।

ईश्वरमणि अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ जेठ ३, भारते -१, देउराली, लमजुङ । **माता/पिता** : सुशीला अधिकारी, चूडामणि अधिकारी । **शिक्षा** : स्नातकोत्तर (गणित) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : बहिराहरू (कविता, विकल्प मुखपत्र, २०४३) । **कृति/सृजना** : सगरमाथा आरोही अरविन (जीवनी, २०५८), समयको तस्बिर (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : कुमुदिनी (स्मारिका, २०५६) । **हालको ठेगाना** : पोखरा -११, फूलबारी, कास्की (iswarad@yahoo.com) । **फोन** : ०६१-५३४२९५, ९८४६०२१६०० ।

ईश्वर मानन्धर

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ. १९३१ जुलाइ २३, राजविराज । निधन : २०६८ माघ २१, बेलायत । **माता/पिता** : अष्टमाया मानन्धर, सुन्दरप्रसाद मानन्धर । **शिक्षा** : आई.ए. । **सेवा/सम्प्रति** : सरकारी सेवा, होटल व्यवसाय । **कृति/सृजना** : लन्डनदेखि बद्रीनाथसम्म यात्रा, अपरितुष्टि (लघु उपन्यास), कैदीको पत्र (कथासङ्ग्रह), रित्तो क्यानभास (कवितासङ्ग्रह), अन्तर्भावना (कवितासङ्ग्रह), ठट्यौली (हास्यव्यङ्ग्यसँगालो), स्मृतिका पानाहरू । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु (२०५६), सगरमाथा टाइम्स युकेबाट कथा प्रतियोगितामा प्रथम पुरस्कार, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज युकेद्वारा आयोजित कविता प्रतियोगितामा द्वितीय पुरस्कार । अन्तर्राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६१), अस्वीकृत विचार साहित्य सम्मान (इ.२००८), पासापुच गुठी साउथ इस्ट लन्डनबाट विशेष अभिनन्दन पत्र (इ. २००८), नेपाली प्रतिभा प्रतिष्ठान बेलायतबाट प्रतिभा सम्मान (इ. २००९), लन्डनका सामाजिक सङ्घसंस्थाहरूबाट सम्मान तथा प्रशंसापत्रहरू प्राप्त । **सम्पर्क ठेगाना** : अलपर्टन वेम्वले, एच ए ओ.वन.एल.एक्स. बेलायत ।

ईश्वरराज अर्याल

(इतिहासकार)

जन्म/स्थान : वि.सं. १९७८ भदौ, गैह्रीधारा, काठमाडौँ । निधन : २०४९ पुस । **माता/पिता** : मीनकुमारी, द्विजराज अर्ज्याल । **शिक्षा** : स्नातक, डिप.इन.टी.ई. एफ.एल. (बेलायत) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : पञ्चायत र नेपालको इतिहास (पाठ्यपुस्तक, २०२२) । **कृति/सृजना** : नयाँ नेपालको इतिहास (इ.सं. १९५६), आधुनिक भारत वर्षको इतिहास (२०२४), पञ्चायती प्रजातन्त्र (भाग १-२, २०५४) बेलायतको इतिहास, श्री महालक्ष्मी पूजाविधिलगायत

अङ्ग्रेजी तथा सामाजिक अध्ययनका करीब १२ पुस्तक प्रकाशन। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथो, त्रिशक्तिपट्ट चौथो र दीर्घसेवापदक। **सम्पर्क ठेगाना** : नारायणचौर, नक्साल, काठमाडौँ। **फोन** : ४४१२४६३।

ईश्वरानन्द (ईश्वरानन्द श्रेष्ठाचार्य, भाइजुजु)

(लेखक/साहित्यकार, नेपाली/नेवारी/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : ने.सं. १०४८, सिल्लाथ्वः ९, ज्वाबहाः। **निधन** : २०५९ माघ २। **माता/पिता** : पुनमाया श्रेष्ठाचार्य, योगानन्द श्रेष्ठाचार्य। **शिक्षा** : सर्वदर्शन प्रवेशिका। **सेवा** : संस्कृतरत्नम् (इ.सं. १९५१), भाषाजवाः - ने.सं. १०८५ तथा भाषाथुवाः ने.सं. १११३)। **पहिलो रचना** : न्ह्यबःसा (कविता, ने.सं. १०६८)। **कृति/सृजना** : न्ह्यबःसा (कविता, ने.सं. १०६८), प्रेम-जीवन (निबन्धसङ्ग्रह, ने.सं. १०७०), ज्यापु भोकाबुलरी (अङ्ग्रेजी भाषा, इ.सं. १९७६), सन्देश (खण्डकाव्य, ने.सं. १०७८), सौन्दर्य व आलोचना (ने.सं. १०७८), नेवार रुट भर्व (अङ्ग्रेजी भाषा, इ.सं. १९८१), धुकू पिकू (क्रियाकोश, ने.सं. १०८३), ख्वाउँहि (उपन्यास, ने.सं., १०८५), न्हायकं (उपन्यास, ने.सं. १०८५), कन्साइस नेवार इङ्ग्लिस डिक्सनरी (इ.सं. १९८७), चलंचा (भायलचं, ने.सं. १०८७), मूलुखा (भायलचं, ने.सं. १०९३), छ धन्य खः (उपन्यास, ने.सं. १०९३), स्वःनुगः (उपन्यास, ने.सं. १०९७), नेवार-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०५४, सहलेखन)। **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०८३), नेवाः हना सिरपा (ने.सं. १११६)।

ईश्वरी अधिकारी 'झोरेली'

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० वैशाख ४, झोर -८, काठमाडौँ। **माता/पिता** : विष्णुकुमारी अधिकारी, कृष्णप्रसाद अधिकारी। **शिक्षा** : प्रमाणपत्र तह। **सेवा** : निजामती सेवा, पत्रकारिता, सामाजिक सेवा। **पहिलो रचना** : गोरुसिङ्गे ञ (लेख, गोरखापत्र, २०२६)। **कृति/सृजना** : दोभान (उपन्यास, २०३४), वीरे (गीतिनाटक, २०३८), विन्दु वियोग (खण्डकाव्य, २०३९), असीम सङ्ग्राम (खण्डकाव्य, २०४०), आफ्नो विरानो (शोककाव्य, २०५८), राजमुकुट (काव्यसङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : कान्तिपुर (दैनिक), झोरेली (साहित्य त्रैमासिक), मनोहरा (साहित्यिक मासिक, २०३८), पर्व (साप्ताहिक, २०३९), राजधर्म (दैनिक), देशभक्ति (साप्ताहिक), सुधासागर (साप्ताहिक), विश्व-सन्देश (दैनिक), नेपाल टाइम (दैनिक, सहसम्पादन)। **पुरस्कार/सम्मान** : विश्व हिन्दू एकता परिषद्द्वारा प्रशंसापत्र (२०५८)। **हालको ठेगाना** : रानीबारी त्रिवेणी मार्ग, काठमाडौँ। **फोन** : ४३५४८११।

ईश्वरी कार्की 'वर्षा'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ कात्तिक २०, चम्लाबोटे, ओखलढुङ्गा। **माता/पिता** : लक्ष्मी कार्की, भीमबहादुर कार्की। **शिक्षा** : स्नातक। **सेवा** : साहित्य। **पहिलो रचना** : दृढता मर्नु हुँदैन (कविता, मधुपर्क, २०५२)। **कृति/सृजना** : टुक्राटुक्रा आकाश (गजलसङ्ग्रह, २०६२), वर्षा (गीति एल्बम, २०६८)। **पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सव (मनमैजु सांस्कृतिक समाज, २०५९) मा प्रथम। **हालको ठेगाना** : मैतीदेवी, काठमाडौँ (hello_iswori@yahoo.com)। **फोन** : ४४१४९०१, ९८४१८८३३११।

ईश्वरीप्रसाद गैरे

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ साउन ३, अर्गली, फोस्रान, पाल्पा। **माता/पिता** : कौशिला गैरे, शिवप्रसाद गैरे। **शिक्षा** : एम.ए., (नेपाली, हिन्दी)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : बी.पी. साहित्यका सन्दर्भमा (लेख, प्रभात पत्रिका, २०४५)। **कृति/सृजना** : आधुनिक नेपाली नाटक (२०५९), आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (२०६०), लोक साहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (२०६०), नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा (सहलेखन, २०६१)। 'माधवी' उपन्यासमा शोध। **सम्पादन/**

अनुवाद : प्रभात, देवदह पत्रिका । **हालको ठेगाना :** ट्याङ्लाफाँट, कीर्तिपुर, काठमाडौँ । **फोन :** ४३३११३२ ।

ईश्वरीमैया श्रेष्ठ

(कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१४ जेठ २८, खाछैँ, ललितपुर । **माता/पिता :** हेरामाया श्रेष्ठ, कृष्णनारायण श्रेष्ठ । **शिक्षा :** एम.ए. (नेपालभाषा) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** सुथ हानं जुइतिनि (कविता, कुलां, ने.सं. १११०) । **कृति/सृजना :** जिन्दगीया सवा: (कवितासङ्ग्रह, ने.सं. १११०), केदारमान 'व्यथित'या नेपालभाषा काव्य धल: (ने.सं. ११२०), नेपालभाषा अनुसन्धान प्रबन्धया धल: ११२४, नेपालभाषाया दक्व उपन्यासया धल: ११२४, रत्नध्वज जोशी व्यक्ति व कृति (ने.सं. ११२४), वैकुण्ठप्रसाद, लाकौलया सच्छिदँ (११२४) । **पुरस्कार/सम्मान :** चैन लाकौल सिरपा:, मोतीलानी सिरपा, मणिगल गजल सिरपा, साहित्य सम्मेलनय् थी थी सिरपा: । **फोन :** ५२५७५८ ।

उजीर राना मगर

(कवि, मगर भाषा)

जन्म/स्थान : वि.सं. २०२८ साउन २९, रोरुङ छबिसे-७, हुपटार, उदयपुर । **माता/पिता :** पदमकुमारी रानामगर, भीमबहादुर रानामगर । **शिक्षा :** स्नातक (नेपाली) । **सेवा :** अध्यापन, गैरसरकारी सेवा, पत्रकारिता । **पहिलो रचना :** सिंहदरबार मात्र होइन (कविता, नयाँ मोर्चा दैनिक, २०४९) । **कृति/सृजना :** माम्ह्याक्नी (नबिर्स, मगरभापाको कवितासङ्ग्रह, २०६०), मोइझाओ सेहआङ (कथासङ्ग्रह, २०६३), ए दाजै ङै को (कवितासङ्ग्रह, मगरी), मगर ल्हिङ (मगरभाषाको गीत), मोईझाओ रोहआङ, आहान गोरहम (मगर भाषा, कथासङ्ग्रह, २०६५), काइके मगर भाषाको वर्ण पहिचान (नेपाली, २०६५) । **सम्पादन/ अनुवाद :** नेसन फाउन्डेसन (मासिक), निश्चल (मासिक), गोरखापत्र दैनिक (नयाँ नेपाल, मगर भाषा) । **पुरस्कार/सम्मान :** मगर भाषा कविता प्रतियोगितामा प्रथम (२०५९) । **हालको ठेगाना :** बौद्ध, महाङ्काल, काठमाडौँ (ranamagarujir@yahoo.com) । **फोन :** ९८०३२२१५६८ ।

उज्ज्वलकुन्दन ज्यापू

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१३ साउन २३, झोँछे, काठमाडौँ । **माता/पिता :** चम्पा सिंह, गोविन्दनारायण डङ्गोल । **शिक्षा :** आई.एस्सी, बी.एफ.ए. (चित्रकला), एनिमेनि आर्ट, प्राग । **सेवा :** युनिसेफमा कार्यरत, चित्रकारिता, पर्यटन । **पहिलो रचना :** एकल कला प्रदर्शन (इ.सं. १९७०) । **कृति/सृजना :** राष्ट्रिय कला प्रदर्शनीमा सहभागी (इ.सं. १९७० देखि १९७४ सम्म), पवित्र आत्माहरू, जीवन, प्रकृति, मानव आदि शीर्षकमा कलाहरू । **पुरस्कार/सम्मान :** पोस्टर कला प्रतियोगिता (प्रथम पुरस्कार, इ.सं. १९७७), चित्र कम्पोजिशन (प्रथम पुरस्कार, बी.एफ.ए. फाइनआर्ट क्याम्पस, इ.सं. १९७८), कार्टुन चित्र (स्वर्ण पदक, ने.रा.प्र.प्र., इ.सं. १९७९), सर्वोत्तम पुरस्कार (नेपाल ललितकला संस्था, इ.सं. १९८०), राष्ट्रिय पुरस्कार तथा अन्तर्राष्ट्रिय - युनिसेफ ईज्ज्रा ज्याक् किट्स अन्तर्राष्ट्रिय पुरस्कार (इ.सं. १९९३) । **हालको ठेगाना :** कुलेश्वर, बल्खु, काठमाडौँ । **फोन :** ४२८५५६० ।

उज्ज्वल जी. सी.

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ भदौ २७ गते, भगवतीस्थान, ठमेल, काठमाडौँ । **माता/पिता :** डोमकुमारी जी.सी., हर्षगम्भीरसिंह जी.सी. । **शिक्षा :** एम.बी.ए. । **सेवा :** संस्थान, निजामती । **पहिलो रचना :** सत्यप्रेम (लघुकथा, अर्पण साप्ताहिक, २०३४) । **कृति/सृजना :** कवितासङ्ग्रह– श्रद्धाकुसुम (२०४३), समर्पण (२०४४), पुष्पाञ्जलि (२०४५), कक्टेल (२०४६), कालो बादल (मुक्तकसङ्ग्रह, २०४५), मनका तरङ्गहरू (कविता, गीत, गजलसङ्ग्रह, २०४८), बाल लहरी (बाल कवितासङ्ग्रह, २०४९), चस्किदिन्छ मुटु (गीतसङ्ग्रह, २०५५), नखोज आँसु वर्साउन (गजलसङ्ग्रह, २०६१), झिलिमिली तारा (बाल कवितासङ्ग्रह, २०६७), छातीभित्र पीडा फुल्दा (गजलसङ्ग्रह, २०६७), (नेपाली चलचित्र 'बदलिँदो आकाश', 'आदर्श नारी', 'कान्छी', हामी एक हौँ', 'ममता' आदिमा चारित्रिक भूमिका निर्वाह गरेको) । **सम्पादन/अनुवाद :** हेमवहादुर मल्ल

स्मृतिग्रन्थ । **पुरस्कार/सम्मान** : उपत्यकाव्यापी अन्तर क्याम्पस सांस्कृतिक कार्यक्रम (२०४०), राष्ट्रव्यापी युवा कविगोष्ठीमा पुरस्कृत (श्री ५ दीपेन्द्र शुभजन्मोत्सव समारोह समिति, २०५२), कविता प्रतियोगितामा तृतीय (अमरसिंह थापा गुठी, २०५२), विशेष कविगोष्ठी पदक (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), जमर्को बालसाहित्य पुरस्कार (२०६०), सिपाही पत्रिकामा पुरस्कृत (कविता, २०६१), राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम (श्री ५ ज्ञानेन्द्र शुभजन्मोत्सव समारोह समिति, काठमाडौँ, २०६२), हीराबहादुर साहित्य साधना पुरस्कार (२०६२), बी.डी. त्यागी स्मृति पुरस्कार (२०६३), युगान्तर साहित्यिक वर्ष पुरस्कार (२०६३), देवकोटा शताब्दी काव्य पुरस्कार (२०६६) । श्री ५ को सरकारबाट नगद तथा प्रशंसापत्र (२०५३, २०५४), नुवाकोट सम्पदा मञ्च तथा दुप्चेश्वर संरक्षण समाजद्वारा अभिनन्दन (२०५८), बाल मन्दिर साहित्य सम्मान (२०६२), तन्नेरी प्रतिभा सम्मान (२०६३), अक्सफोर्ड प्राक्टिकल सेकेन्डरी स्कुलद्वारा सम्मान (२०६३), राष्ट्रिय नागरिक सम्मान (२०६४), नागरिक सेवा सम्मान (२०६४), गजलरत्न सम्मान (२०६५), नुवाकोट महोत्सव सम्मान (२०६६), पल्लव सम्मान (२०६७) । **हालको ठेगाना** : शान्तिनगर, काठमाडौँ/थानसिङ, नुवाकोट (ujjwal--_gc@yahoo.com) । **फोन** : ४३५२१८३, ९८४१२१७५८७ ।

उज्वल घिमिरे

(चलचित्र निर्देशक)



जन्म/स्थान : वि.सं. २०१६ फागुन १४, भैरहवा, रूपन्देही । **माता/पिता** : पूर्णिमा घिमिरे, कमलप्रसाद घिमिरे । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : रेडियो कार्यक्रम निर्माण, चलचित्र निर्माण/निर्देशन, गीतलेखन । **पहिलो रचना** : क्षितिजका सहिदहरू (नाटक, राष्ट्रिय सभागृह, २०४२) । **कृति/सृजना** : यस्तै हुन्छ (टेलिशृङ्खला, २०४२), गोठालो, जिन्दगानी, विश्वास, शुभकामना आदि थुप्रै चलचित्रहरूको निर्माण तथा निर्देशन । चलचित्र सन्तानमा अभिनय । चलचित्र 'सन्तान'देखि चलचित्र कलाकारिताको यात्रा र थुप्रै डकुमेन्ट्री, छोटा चलचित्रहरूको निर्देशन । दसवटा गीतहरू रेकर्ड भएका । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट प्रहसनको पुरस्कार (गाईजात्रा हास्यव्यङ्ग्य, ने.रा.प्र.प्र., २०४४), सर्वोत्कृष्ट चरित्र अभिनेताको पुरस्कार (सन्तान, २०४५), सर्वोत्कृष्ट खलनायक (आजका युवा), सर्वोत्कृष्ट चलचित्र निर्माताको पुरस्कार (विश्वास, २०६१) । **हालको ठेगाना** : ज्वागल, कुपण्डोल, ललितपुर (ghimire_ujwal@yahoo.com.uk) । **फोन** : ५५५३४८३ ।

उत्तम कुँवर (हरिबहादुर कुँवर)

(निबन्धकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ जेठ १२, छत्रेपाटी, काठमाडौँ । निधन : २०३९ साउन १५, काठमाडौँ । **माता/पिता** : भगवती, जङ्गबहादुर कुँवर । **शिक्षा** : आई.एस्सी. भेटनरी । **सेवा** : पत्रकारिता । **कृति/सृजना** : स्रष्टा र साहित्य (अन्तर्वार्ताहरूको सङ्ग्रह, २०२३), अनुभव र अनुभूतिहरू (निबन्धसङ्ग्रह, २०३९), सर हेनरी लेरेन्सको जीवनी (जीवनी), आमा (उपन्यास) । **सम्पादन/अनुवाद** : नयाँ समाज (२०१३), रूपरेखा (मासिक), किरण (हस्तलिखित), आमा (उपन्यास, रूपरेखामा अनुवाद) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०२३), प्रबल गोरखा दक्षिणबाहु, (उत्तम-शान्ति पुरस्कार गुठीको स्थापना गरिएको) ।

उत्तमकृष्ण मजगैयाँ

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ असार २२, छिल्ली बिजौरी, डाँडागाउँ, दाङ । **माता/पिता** : हेमकुमारी मजगैयाँ, देवीप्रसाद मजगैयाँ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । दीर्घसेवा सम्मानपत्र (दाङ, २०५८) । **पहिलो रचना** : तब मात्र (कविता, ज्योत्स्ना पत्रिका, २०२०, दाङ) । **कृति/सृजना** : जय अवसरवाद ! (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५४), धरतीपुत्र (खण्डकाव्य, २०५४), धरोधर्म हजुर ! (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४), गृहलक्ष्मी भित्र्याएपछि (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४), सुनको फुल पार्ने पोथी (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४), तिमी नरहे देश डुब्न्या छ (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५६), अपराजित (खण्डकाव्य, २०५६), बुद्धहरू मर्दैनन् (कवितासङ्ग्रह, २०५९), बैंसीतिर (कथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : राप्तीदूत (दाङ), ज्योत्स्ना (दाङ), प.प.उ.मा.वि. को स्मारिका, शेरबहादुर थापा स्मृतिग्रन्थ, प्रवाह (लेखकसङ्घ, दाङ) । **पुरस्कार/सम्मान** : तारा पन्त पुरस्कार (२०४९), भैरव

प्रतिभा पुरस्कार (२०५५), नन्द प्रज्ञा पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), रेवन्तबहादुर शाह साहित्य प्रतिभा पुरस्कार (२०६०) । **हालको ठेगाना** : त्रिभुवननगर न.पा. - २, कर्जाही, दाङ । **फोन** : ०८५- ५६०२१२ ।

उत्तम नेपाली (उत्तमप्रसाद कर्माचार्य

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९९४ वैशाख १८, किलागलटोल, काठमाडौं । **माता/पिता** : रत्नदेवी कर्माचार्य, विष्णुप्रसाद कर्माचार्य । **शिक्षा** : बी.एफ.ए. (लखनऊ) । **सेवा** : चित्रकारिता, निजामती सेवा, ने.रा.प्र.प्र. (सदस्य, ललितकला) । **पहिलो रचना** : कलासम्बन्धी लेख र कविता (मधुपर्क, २०२१) । **कृति/सृजना** : 'बिना शीर्षकको' (कवितासङ्ग्रह, २०६१) । चौधपटक एकल कला प्रदर्शनी तथा विभिन्न सामूहिक कला प्रदर्शनी (नेपाल, भारत, जापान, यु.एस.एस.आर, बङ्गलादेश, कोरिया, अस्ट्रेलिया आदि देशहरूमा)। संयुक्त राष्ट्र संघ (न्युयोर्क), राजदरबार (नेपाल) आदि ठाउँमा कलासङ्गृहीत । **सम्पादन/अनुवाद** : पञ्चायत व्यवस्थाको २५ वर्षको औद्योगिक जगत् प्रदर्शनीको सम्पादन तथा प्रदर्शनका साथै टेली डकुमेन्ट्रीको निर्माण/प्रदर्शन । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), द्वितीय पुरस्कार (नाफा, इ.सं. १९६६), प्रथम पुरस्कार (नाफा, इ.सं. १९७४), राष्ट्रिय कलाप्रदर्शनीमा पुरस्कृत, सुप्रबल जनसेवा श्री (तृतीय) । **हालको ठेगाना** : पीपलमार्ग, बाँसबारी, काठमाडौं । **फोन** : ४३७३१७६ ।

उत्तमप्रसाद खरेल

(मूर्ति/चित्रकार)



जन्म/स्थान : वि.सं. २०१७ पुस १८, बालुवा देवभूमि, काभ्रे । **माता/पिता** : जनककुमारी खरेल, मित्रलाल खरेल । **शिक्षा** : डिप्लोमा इन फाइनआर्ट (त्रि.वि.) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : वेटर कम्युनिकेसन बाई डिजाइन (इ.सं. १९८७) बराह मूर्ति (२०३८), कम्पोजिसन रचना (मूर्ति, २०४१), दुई महिलाहरू (२०४२) । **सम्पादन/अनुवाद** : भाँडभैलो (हास्यव्यङ्ग्य सँगालो, २०३९), किशोर (मासिक, कलासम्पादन, २०५५), हाम्रो साथी (बालपत्रिका, २०५४) । **पुरस्कार/सम्मान** : वार्षिक कला प्रदर्शनी (स्वर्ण पदक, युवा कलाकार समूह, काठमाडौं, इ.सं. १९८३), अठारौं राष्ट्रिय कला प्रदर्शनी (सान्त्वना पुरस्कार, ने.रा.प्र.प्र., इ.सं. १९८३), वीसौं राष्ट्रिय कला प्रदर्शनी (सर्वोत्तम पुरस्कार, ने.रा.प्र.प्र., इ.सं. १९८५), तीसौं राष्ट्रिय कला प्रदर्शनी (प्रथम पुरस्कार, ने.रा.प्र.प्र., इ.सं. २०००), अरनिको राष्ट्रिय युवा कला पुरस्कार (राष्ट्रिय युवा सेवा कोष, इ.सं. २००१) । **हालको ठेगाना** : का.म.न.पा. ३५ (sirjana@infoclub.com.np) । **फोन** : ४४८१४९० ।

उदय खनाल 'उमेश' (उदयकुमार उपाध्याय)

(भजनगायक)

जन्म/स्थान : वि.सं. २००५ मङ्सिर ९, विशालनगर, चण्डोल, काठमाडौं । **माता/पिता** : धनवती खनाल, दुर्गाप्रसाद उपाध्याय खनाल । **शिक्षा** : स्नातक, सङ्गीत विशारद । **सेवा** : अध्यापन (सङ्गीत), सङ्गीत-गायन, प्रशासन, रेडियो कार्यक्रम सञ्चालन, नृत्य । **पहिलो रचना** : नृत्य प्रस्तुत (ई १९६१)/शक्तिवन्दना (कविता, धर्मसन्देश पत्रिका, २०२८) । **कृति/सृजना** : भक्ति पुष्पाञ्जलि / भक्ति स्वर (भजन गीतिएल्बम, म्यूजिक नेपाल) आदि । थुप्रै रेडियो नाटकमा अभिनय, लेखन, निर्देशन । शकुन्तला (गीतिनाटक, २०३७), *हिन्दी नाटकहरू* : क्रान्ति (इ.सं. १९६६), किसका हाथ (इ.सं. १९७४), सुवहका भूला (इ.सं. १९७६), भटकते लोग आदिमा अभिनय । मेघदूत (२०३५) गीतिनाटकलगायतमा नृत्य निर्देशन । चलचित्रहरू वदलिंदो आकाश, वासुदेव आदिमा अभिनय । अतृप्त आत्मा (नाटक, कथा लेखन, २०४०) । जनैको साँचो (टेलिचलचित्र, अभिनय, २०४८) । केही पत्रिकाहरूमा कभर डिजाइन (चित्रकारी) । कविता, निबन्ध, गीत आदि फुटकर थुप्रै सङ्ख्यामा प्रकाशित । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु चौथा (२०६१) । विशिष्ट श्रेणी भजनगायक (नेपाल टेलिभिजन), विशिष्ट श्रेणी भजनगायक तथा सङ्गीत (रेडियो नेपाल) । **हालको ठेगाना** : पानीपोखरी -३, काठमाडौं । **फोन** : ४७२०५९७ ।

उदयचरण श्रेष्ठ

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०२० वैशाख १५, काठमाडौं । **माता/पिता** : विष्णुदेवी श्रेष्ठ, बद्रीचरण श्रेष्ठ । **शिक्षा** : बी.एफ.ए.(त्रि.वि.) । **सेवा** : कलासाधना । **पहिलो रचना** :

रुविन म्युजियम न्युयोर्कमा छिन्नमस्ता (इ.सं. १९९४) । **कृति/सृजना** : राजमती (इ.सं. १९९५), पाटनकुमारी (१९९९), श्वेतकाली (१९९६), अर्धनारीहरू (१९९८), कौमारी (१९९८), महालक्ष्मी (जापान, २००५) । **पुरस्कार/सम्मान** : २७औँ कला प्रदर्शनी (प्रथम पुरस्कार, नाफा, २०५३) थुप्रै प्रशंसापत्र तथा प्रोत्साहन पत्र । **हालको ठेगाना** : घर नं. ७५४/२३ प्रगतिमुखमार्ग, किमडोल, स्वयम्भू, काठमाडौँ ।

उदय जीएम (उदयप्रसाद घर्तीमगर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ असार १६, करेटी -९, रोल्पा । **माता/पिता** : खिरमाली घर्तीमगर, निजमान घर्तीमगर । **शिक्षा** : प्रवीणता प्रमाणपत्र । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : पञ्जाबदेखि रोल्पासम्म (लामो कविता, २०४८) । **कृति/सृजना** : कालो टीका (उपन्यास, २०५६), उनका गजल (गजलसङ्ग्रह सहलेखन, २०५९), मौसमका हरफहरू (कवितासङ्ग्रह, २०५९), पुच्छर नभएका हनुमान् (व्यङ्ग्य निवन्धसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : आदिवासी मञ्च (त्रैमासिक), आँखीझ्याल (सा.त्रै.), जनजाति लहर (वार्षिक), नेपाली एकता (मासिक), नेपाली एकता सन्देश (सामयिक सङ्कलन), पहल (सा.त्रै.), नयाँ युगबोध (दैनिक), जनजाति आवाज (त्रैमासिक) । **पुरस्कार/ सम्मान** : राप्ती साहित्य पुरस्कार (२०५८) । **हालको ठेगाना** : ढिकपुर -७, दाङ, (udayamagar@yahoo.com) । **फोन** : ५६१३८५ ।

उदय निरौला (उदयराज निरौला)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ भदौ २७ गते, देवन्छाप (इराँटार), इलाम । **माता/पिता** : टीकादेवी निरौला, लक्ष्मीप्रसाद निरौला । **शिक्षा** : स्नातक (अर्थशास्त्र) । **सेवा** : साहित्यिक पत्रकारिता, ज्योतिष । **पहिलो रचना** : कविता प्रकाशित (कन्दरा साहित्यिक पत्रिका, २०३७) । **कृति/सृजना** : कोलाहल पिएर (कवितासङ्ग्रह, २०४९), जराहरू किमार्थ मर्दैनन् (कवितासङ्ग्रह, २०५४), कोर्दै/मेट्दै (निबन्धसङ्ग्रह, २०५८), शीतको मफलर (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : अनुराग (साहित्यिक पत्रिका, २०५०), सरकारी सेवाभित्रका साहित्यिक स्रष्टाहरू (२०५७), मधुपर्क (साहित्यिक मासिक, २०६२) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम पुरस्कार (२०४८), ललिता काव्य पुरस्कार (सीताराम साहित्य परिषद्, २०४९), राष्ट्रिय प्रतिभा पुरस्कार (विराटनगर, २०५०) । **हालको ठेगाना** : दूधपाटी -१७, भक्तपुर / नामसालिङ -४, इलाम । **फोन** : ०१-६६१३७८४ ।

उदयानन्द अर्ज्याल

(आदिमहाकवि)

जन्म/स्थान : वि.सं. १८१२ वैरवा, सप्तरी । निधन : १८९४) । **बाबु** : जगदम्वादेवी, विश्वेश्वर अर्ज्याल । **शिक्षा** : सात भाषामा कविता लेख्ने अद्‌भुत प्रतिभा भएका आदिमहाकवि । **सेवा** : सरकारी, अमीन (क्षेत्रीय कमाण्डर सरह) । **कृति/सृजना** : सोमेश्वर विजय वर्णन (नेपाली खण्डकाव्य, १८४२), पृथ्वीन्द्रोदय महाकाव्य (१८४२ तिर), दुःस्वप्नदोषहरण नवरत्न स्तोत्र (संस्कृत, १८६२), बेताल पच्चीसी (१८७२), अर्ज्याल वंशावली (नेपाली लघुकाव्य, १८९१), पुरानोवातको अर्जी !, हयग्रीव स्तोत्र आदि । **पुरस्कार/सम्मान** : प्राथमिककालका अद्वितीय प्रतिभाका रूपमा परिचित एवं नेपाली राष्ट्रियताका उद्‌बोधक, बेलायती साम्राज्यवादद्वारा सैनिक आक्रमणमा परेका प्रथम नेपाली बुद्धिजीवी एवं आदिमहाकवि । नेपाल सरकारद्वारा हुलाक टिकट प्रकाशित ।

उन्नति बोहरा 'शीला'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ पुस २९, गल्कोट, वागलुङ । **माता/पिता** : पुष्पावती बुढा, हर्षबहादुर बुढा । **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा** : अध्यापन, समाजसेवा, साहित्यसेवा, प्राज्ञ सभासद् (सङ्गीत-नाट्य प्रज्ञा प्रतिष्ठान, २०६६) । **पहिलो रचना** :

म हारेकी छैन (कोपिला वार्षिक पत्रिका, २०२४)। **कृति/सृजना** : कोसेली उसैलाई (कवितासङ्ग्रह, २०५९), अदृश्य घाउ (गीतसङ्ग्रह, २०६१), काफल पाक्यो (बालगीतमाला, २०६१), भावनाका तरङ्ग (कवितासङ्ग्रह, २०६२), सिक्काका दुई पाटा (उपन्यास, २०६३), टु फेसेस अफ अ कोइन (अङ्ग्रेजीमा अनुवाद), कोमल स्पर्श (गीतिसङ्ग्रह, अङ्ग्रेजीमा अनुवाद, २०६७), शीलाका स्पर्श (गीतिसङ्ग्रह, २०६९)। गीति रचना एल्बम/सी.डी./भी.सी.डी. : यादहरूमा (२०५९), लहर (२०६०), मायाले बाँध (भी.सी.डी., २०६१), भूल भयो मबाट (२०६१), फर्की आऊ शान्ति तिमी (२०६२), फेरि एकपल्ट (२०६४), यो शिलशिला (२०६४), मेरा आसक्ति (२०६५), मेरो मायालाई (२०६५), मसँग नहुँदा (२०६७), सद्भावका फूलहरू (२०६९), सृजनाका रङ्गहरू (२०६९)। **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु चौथो (२०६१), इमेज अवार्ड (२०६२), छिन्नलता गीत पुरस्कार (२०६५)। नारी साहित्य प्रतिष्ठान सम्मान (२०५९), नेपाल सम्मान (एभरेस्ट फाउन्डेसन, २०६०), मास्टर मित्रसेन स्मृति प्रतिष्ठान सम्मान (२०६०), लुम्बिनी रेडियो सम्मान (२०६०), वनिता सम्मान (२०६१), राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६१), राष्ट्रिय नारी सम्मान (२०६१), राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६१), राष्ट्रिय नारी सम्मान (२०६१), हिन्दु नारी जागरण राष्ट्रिय समिति नेपालद्वारा सम्मान (२०६२), हारती सम्मान (२०६२), मानचित्र सम्मान (२०६२), राष्ट्रिय शान्ति सम्मान (२०६२), राष्ट्रिय प्रतिभा सम्मान (२०६३), राष्ट्रिय विकास सम्मान (२०६३), कृति सम्मान (२०६३), भारती कला सम्मान (२०६३), राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६४), अभियान श्री सम्मान (२०६६), राष्ट्रिय नारी शान्ति सम्मान (२०६६), नागरिक साहित्य सेवा सम्मान (२०६७), नागरिक साहित्य सेवा सम्मान (२०६८), राष्ट्र सेवा सम्मान (२०६८), राष्ट्रिय नारी सम्मान (२०६९) लगायत करिब छ दर्जन सम्मान तथा कदरपत्र प्राप्त। **हालको ठेगाना** : ब्लक नं. १२४, बालुवाटार, काठमाडौँ (unnatisheela@hotmail.com)। **फोन** : ०१-४४३६९९४, ९८५१०२७२६०।

उपेन्द्रकुमार कार्की (यु. कार्की)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ मङ्सिर, ओद्राहा, सप्तरी। **सेवा** : अध्यापन। **कृति/सृजना** : टल्किरहने मोती (उपन्यास, २०३८), सल्किरहेको विश्वास (उपन्यास, २०४१), न्याय गोलीले मर्दैन (कथासङ्ग्रह, २०४७), कविता आन्दोलन (कवितासँगालो-२०४७)। **सम्पादन/अनुवाद** : मुहान (सामयिक सङ्कलन, कलेज अफ एजुकेसन, विद्यार्थी युनियन-२०३७, सम्पादन), १०८४ औँ कि आमा (महाश्वेता देवी, उपन्यास - अनु.-२०४१), साम्यवादी के चाहन्छन् ? (शिव वर्मा, अनु.-२०४४), राजसत्ता के हो ? (शिव वर्मा - अनु.-२०४५)। **पुरस्कार/सम्मान** : अन्तर-उपत्यका कलेज साहित्य प्रतियोगितामा प्रथम भई सुवर्ण पदक (२०२७)। **हालको ठेगाना** : जोरकुवा, कोटेश्वर।

उपेन्द्र गौतम 'युग्म'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ पुस १८, कमलपोखरी, काठमाडौँ। **माता/पिता** : खिलकुमारी गौतम, तीर्थपाणि गौतम। **शिक्षा** : विद्यावारिधि (जनप्रशासन)। **सेवा** : पत्रकारिता, प्राध्यापन, अनुसन्धान र परामर्श सेवा। **पहिलो रचना** : लागिरहेको (कविता, अस्वीकृत जमात, २०१९)। **कृति/सृजना** : युग्मका कविताहरू (२०२९), चिन्हारी (सहलेखन, २०५८), एकीकृत जलस्रोत व्यवस्थापन (सहलेखन, २०५९)। **सम्पादन/अनुवाद** : रसायन (विज्ञान साहित्य त्रैमासिक, २०२९)। **पुरस्कार/सम्मान** : बालकवितामा प्रथम पुरस्कार (नेपाल बाल सङ्गठन, २०२३)। **हालको ठेगाना** : १४६ राजकुलो मार्ग, हाँडीगाउँ, काठमाडौँ (cmsug@cms.wlink.com.np)। **फोन** : ४४३२१४९, ९८४१२३४३३१७।

उपेन्द्र बस्नेत 'पागल'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ वैशाख २३, मधेशा-१, सुनसरी। **माता/पिता** : नरमाया बस्नेत, श्रीध्वज बस्नेत। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : निजामती, प्राध्यापन। **पहिलो रचना** : अत्याचार (कथा, नेपाल साहित्यिक पत्रिका, २०१६)। **कृति/सृजना** : शीतका थोपा (खण्डकाव्य, २०४५), जीवन भागिरहेछ (कवितासङ्ग्रह, २०४६), यात्रा अलमलिरहेछ (कवितासङ्ग्रह, २०४७), गोरेटोको खोजी (कवितासङ्ग्रह, २०५४), अलमलिएका पाइलाहरू (कवितासङ्ग्रह, २०६२) चक्रपथको यात्रा

(कवितासङ्ग्रह), फलामको आली (निबन्धसङ्ग्रह), आजको निर्धो मान्छे (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** ओसियस (साहित्यिक पत्रिका, २०५०), दीप्ति (साहित्यिक मासिक, २०५३), सुकुना सौरभ । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), षडानन्द प्रतिभा पुरस्कार (२०४५), नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुर झापा (२०५१), कमर्सियल आर्टिस्ट सङ्घ सुनसरी (२०५४), जुही त्रैमासिक स्वर्ण अङ्क (२०५९), देवकोटा पुस्तकालय, चन्द्रगढी (२०६१), नेपाल निजामती कर्मचारी सङ्गठन सुनसरी (२०६१) आदि सङ्घसंस्थाहरूद्वारा अभिनन्दन सम्मान । **हालको ठेगाना :** मधेशा -१, सुनसरी ।

उपेन्द्रबहादुर 'जिगर'

(गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६० । **सेवा :** अध्यापन । **कृति/सृजना :** एक सय एक गजल (पुस्तक, १९९६), तक्षशिला (नाटक), अकबरी सभा (नाटक) । अनुसन्धेय ।

उपेन्द्र भगत नागवंशी

(नाटककार, रङ्गकर्मी, मैथिली)

जन्म/स्थान : वि.सं. २०२४ असार ५, जनकपुर न.पा. -४, धनुषा । **माता/पिता :** जीवछीं भगत नागवंशी, राजेन्द्र भगत नागवंशी । **शिक्षा :** स्नातक । **सेवा :** मैथिली रङ्गमञ्चमा अभिनय, लेखन, निर्देशन । **पहिलो रचना :** रामलीला (अभिनय, ई. १९८८, फरिदावाद, दिल्ली) । **कृति/सृजना :** मूक आत्मा (मैथिली नाट्यकृति-२०६०), गुणज्ञानी (मैथिली नाटक कृति, २०६१), मुसकैत इजोत (मैथिली नाटकसङ्ग्रह, २०६१), सिसकैत जीनगी (नाट्यकृति, २०६२), धारावाहिक रूपमा प्रशस्त मैथिली नाटकहरू प्रकाशित । **अभिनय नाटकहरू :** एकटा आओर वसन्त (२०५०), सुरज उगवा सं पहिने (२०५२), खालीहाथ (२०५४), महिषासुर मुर्दावाद (२०५७, २०५८), कपडकोड (२०५७), आगि धधकि रहल छै, आदर्श कुटुम्ब, अरूहुलके फूल, मूक आत्मा (२०६०), सिसकैत जीनगी (२०६२) आदि । *सडकनाटकहरू :* पेटक खातिर, वाटर झा, जीवनक आश, कंनेक विचार करू, नेताके भगवान् बनाउ, कुलत, मूक आत्मा, सुधि-बुद्धि हेराएव त पाछा पछताएव, सुद्धि-बुद्धि नहि हेराउ, थरथरी, वताह जनता, सुपतिया- विपतिया, ज्ञाने शक्ति हई आदि । ठूलो पर्दाका चलचित्र : आउ पिया हम्मर नगरी (मैथिली), सीता (नेपाली), वीर गणेशमान सिंह (नेपाली) । भिडियो फिल्म र टेलिफिल्महरू : महाकवि विद्यापति, दहेज (मैथिली), एकटा आओर वसन्त, शुभारम्भ, प्रतिदान (नेपाली), ठहक्का (हास्य शृङ्खला), सन्देश (डकुमेन्ट्री), सक्षम महिला असल नेता, पछुआयल किए छि ? आदि । निर्देशन : पेटक खातिर, अनेक विचार करू, वाटर झा, नेताके भगवान् बनाऊ, मूकआत्मा आदि । **सम्पादन/अनुवाद :** असाढक एक दिन (हिन्दीबाट मैथिलीमा अनुवाद), धधरा (मैथिली भाषा, पाक्षिक पत्रिका, सहसम्पादन, २०५०), आकृति (सामयिक सङ्कलन, साहित्यिक पत्रिका, २०५८), तहलका नेपाल (पर्व विशेषाङ्क, सहसम्पादन, २०५९), सीमाञ्चल (मैथिली साप्ताहिक) । **पुरस्कार/सम्मान :** 'सर्वोत्कृष्ट अभिनेता' पुरस्कार (राष्ट्रिय नाटक महोत्सव, ने.रा.प्र.प्र., २०५८), 'सर्वोकृष्ट हास्य अभिनेता' (जनकपुर फिल्म फेस्टिवल, २०५५) । विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान तथा अभिनन्दन । **हालको ठेगाना :** जनकपुर-४, धनुषा, जनकपुर (artistnagwanshi@yahoo.com) । **फोन :** ०४१-५२१५४५ ।

उपेन्द्र श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ माघ २०, चिसापानीगढी, मकवानपुर । निधन : २०६७ जेठ २४ । **माता/पिता :** चुँदरीदेवी, मित्रलाल श्रेष्ठ । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** साहित्य । **पहिलो रचना :** एक रात (कविता, उदय पत्रिका, बनारस, २०१३) । **कृति/सृजना :** कवितासङ्ग्रहहरू- निम्तो (२०१७), पञ्चायत (२०२५), उपेन्द्र श्रेष्ठका कविता (२०३९), अस्वीकृति (२०५६), दासले मसँग मुक्ति मागेको छ (२०५९) । **सम्पादन/अनुवाद :** शिलान्यास (मासिक, २०२७) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०३९), गद्दी आरोहण रजत महोत्सव पदक (२०५२), मधुपर्क पुरस्कार (२०६३), युगकवि सिद्धिचरण पुरस्कार (२०५३), हरिहर शास्त्री - सावित्रीदेवी स्मृति पुरस्कार । चितवन वाङ्मय प्रतिष्ठानबाट सम्मान । **सम्पर्क ठेगाना :** ४/५९७ ढल्को क्षेत्रपाटी, काठमाडौँ । **फोन :** ४२७४०५९, ०५६-५२०१९५ ।

उपेन्द्र साहनी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ पुस ५, बगही- १, फत्तेपुर, रौतहट । **माता/पिता :** गङ्गादेवी/प्रह्लाद साहनी । **शिक्षा :**

एम.ए./बी.एड. । **कृति/सृजना** : सौतेनी आमा (खण्डकाव्य, २०५२), भोजपुरी चलचित्र र नेपाली चलचित्रहरूमा गीत रेकर्ड, नेपाल सिंहदरबार रेडियो र टेलिभिजनको सहयोगमा भोजपुरी देशभक्ति गीत रेकर्ड भई प्रसारित, भोजपुरी सामाजिक गीतका एल्बम रेकर्ड, विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित । **सम्पादन/अनुवाद** : कलाकुञ्ज पुस्तकालयले प्रकाशन गर्ने भित्ते पत्रिका (२०४९) । **पुरस्कार/सम्मान** : लिलाधर मिश्र स्मृति पुरस्कार (२०४७), भोजपुरी भाषा र साहित्यमा स्नातकोत्तर गरिएकोमा भोजपुरी प्रतिष्ठान वीरगन्जद्वारा सम्मानित । **हालको ठेगाना** : बगही- १, फत्तेपुर, रौतहट । **फोन** : ९८४५३७४३५३ ।

उपेन्द्र सुब्बा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० असार २९, आङसराङ -८, पाँचथर । **माता/पिता** : हाङसाम लिम्बूनी, मेजरसिं आङ्देम्बे । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य । **पहिलो रचना** : म विद्यार्थी एक जुवाडे (कविता, २०५४) । **कृति/सृजना** : डाँडामाथिको घामजून र गडतीरका राँकेभूतहरू (कवितासङ्ग्रह, २०५९), होङ्ग्रायो भोग र पाङ्ग्रा (कवितासङ्ग्रह, २०६१) । जीवन आखिर के नै हो र (गीति एल्बम-२०६३) । दर्जनौँ गीतरचना सङ्गीतबद्ध भई रेकर्ड भएका । **सम्पादन/अनुवाद** : सृजनशील अराजकता (२०६२), किरात मिसन (२०६३) । **पुरस्कार/सम्मान** : जीवन स्मृति प्रतिभा पुरस्कार (२०६८), प्रतिभा पुरस्कार (बेलायत, सन् २०१०) । **हालको ठेगाना** : तिखेदेवल, ललितपुर / पाँचथर (upen_777@yahoo.com) । **फोन** : ९८४१९८०२२६, ९८४१८५५२५९ ।

उमानाथ अर्ज्याल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९१८ प्युखा, काठमाडौं । निधन : १९९५, बनारस । **माता/पिता** : ब्रह्मनाथ अर्ज्याल । **शिक्षा** : संस्कृत व्याकरण, ज्योतिष शास्त्र, (बनारस) । **सेवा** : साहित्य साधना, गुरुवर ।

कृति/सृजना : वामन कौमुदी (१९३०), गोपीगीता (१९८६), नव्य न्याय टीका, शब्देन्दुशेखर, मुक्तावली, माथुरी पञ्चलक्षणी (जगदीशशेखरभाष्य, १९८६), तथा नैषधकाव्यको टीका अथः प्रजानाम (लघु शब्देन्दुशेखर विवृत्तिकारकान्तालाई यिनको विशेष कृति भनिन्छ , वामननाम कौमुदी) **पुरस्कार/सम्मान** : महामहोपाध्याय पदवीद्वारा सम्मानित ।

उमानाथ भण्डारी (नानी बा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२ पुस १२, हुँगी -४, पाल्पा । निधन : २०६२ जेठ १४ । **माता/पिता** : बालिका भण्डारी, झलनाथ भण्डारी । **शिक्षा** : आचार्य (साहित्य र पुराण इतिहास) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : २०१८ सालदेखि लेखनयात्रा । **कृति/सृजना** : *कवितासङ्ग्रहहरू* : मनगीता (२०१९), प्रेमगीता (२०२०), पद्यकुसुम (२०२१), कवितासङ्ग्रह (२०२८), गाउँको विकास (२०३४), शान्तिको प्रकाश (२०३९), स्वप्न दिग्दर्शन (२०४५) । *खण्डकाव्यहरूमा* वैराग्यभूषण (२०४३), पञ्चायती चरित्र (२०४७), पश्चात्ताप (२०५१) । सुकन्या (लघुनाटक, २०४९), भक्त-विवेचनम् (संस्कृत कवितासङ्ग्रह, २०५०), नयाँ अनुवाद (सूक्तिसङ्ग्रह, २०५३), नेपाल महिमा (२०५६), मसंविको सङ्क्षिप्त परिचय (२०५७), प्राचीन नवीनता (२०५८) । **फोन** : ५५३६५२७ (मार्फत) ।

उमानाथ शास्त्री 'सिन्धुलीय' (ओमकारकेशरी उपाध्याय)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ जेठ २३, जलेश्वर, महोत्तरी । निधन : २०३५ फागुन १६ । **माता/पिता** : देवकीदेवी उपाध्याय, जलेश्वर उपाध्याय । **शिक्षा** : शास्त्री । **सेवा** : अध्यापन, साहित्य । उत्कृष्ट शिक्षक सम्मान

(२०२९)। **पहिलो रचना :** कमलास्तुति परिचय (खण्डकाव्य, २००२)। **कृति/सृजना :** तरुणी (खण्डकाव्य, २००४), मधुर सपना (कवितासङ्ग्रह, २०१६), मकवानीवाला (महाकाव्य, २०३५) कमलास्तुति, बिधवा विवाह, कालो समाज, कोदाली, प्रेमपत्र (अप्र.), शृङ्गार तिलक (अनुवाद), थुप्रै थुप्रै अप्रकाशित रचना रहेका छन्। **पुरस्कार/सम्मान :** नगद पुरस्कार।

उमेश उपाध्याय

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ कात्तिक १७, भद्रपुर, झापा। **माता/पिता :** धर्मकुमारी उपाध्याय, पुण्यप्रसाद उपाध्याय सुवेदी। **शिक्षा :** स्नातकोत्तर (अर्थशास्त्र)। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** उज्यालो (मुक्तक, नयाँ सन्देश पत्रिका, २०३१)। **कृति/सृजना :** आस्थाको प्रदेश (कविता, २०४८), कालान्तरमा फेरि (उपन्यास, २०५८), यसपटकको रावण (कवितासङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद :** सङ्कलन (२०३७), भानु (२०४८)। **पुरस्कार/सम्मान :** महानन्द सापकोटा स्मृति पुरस्कार (२०५१)। **हालको ठेगाना :** भद्रपुरनगर न.पा. -८, झापा। **फोन :** ५५५२३१५, ९८५१०६९७७९।

उमेशचन्द्र अधिकारी

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०२६ भदौ ५, धनकुटा नगरपालिका - ४, धनकुटा। **माता/पिता :** सावित्री अधिकारी, होमनाथ अधिकारी। **शिक्षा :** एम.ए. (नेपाली)। **सेवा :** कलाकारिता (चित्र)। **पहिलो रचना :** एकल चित्रकला प्रदर्शन (धनकुटा, २०४९)। **कृति/सृजना :** एकल चित्रकला प्रदर्शन (धनकुटा: २०४९, दमक: २०५१), सामूहिक चित्रकला प्रदर्शनी (धनकुटा: २०५७, नाफा:२०५७), विभिन्न कला कार्यशाला (काठमाडौँ, २०५७-६२)। **हालको ठेगाना :** काठमाडौँ (umesh_adhikari2004@hotmail.com)। **फोन :** ९८०३०२६०१५ /०२६-५२०६४६।

उमेश थापा मगर (लाटो मगर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३१ चैत्र १५, स्याङ्जा। **माता/पिता :** लुद्रीकुमारी थापा मगर, रूद्रबहादुर थापा मगर। **शिक्षा/विषय :** स्नातक। **सेवा :** मगर भाषाको साहित्य। **पहिलो रचना :** दसैं (विमलीक मगर भाषाको साहित्यिक मासिक पत्रिका)। **कृति/सृजना :** उमेशका सिर्जनाहरू (कवितासङ्ग्रह, मगर-नेपाली भाषा, २०६३), प्रवासका हरफहरू (लेखरचनाको सङ्ग्रह, २०६५), लेन्जा मीजा मीसम् मूच लीस (कवितासङ्ग्रह, मगर भाषा, २०६७)। **सम्पादन/अनुवाद :** ग्यावट (मगर विद्यार्थी सङ्घ, भैरहवा बहुमुखी क्याम्पसको मुखपत्र, २०५३), कोसेली (हवाई साहित्यिक, पत्रिका, २०५२), कोसेली (साहित्यिक पत्रिका, २०५३), स्याङ्जाली परिवार मुखपत्र, दक्षिण कोरियाको मुखपत्र, स्याङ्जा मञ्च, २०६५)। **पुरस्कार/ सम्मान :** सिद्धार्थ साहित्य परिषद् सिद्धार्थनगरद्वारा भानुजयन्तीको अवसरमा प्रथम पुरस्कार (२०५५)। **हालको ठेगाना :** सिद्धार्थनगर-८, रूपन्देही (latomagar@gmail.com)। **फोन :** ९८४७१२४८२३, ५२३८३०।

उमेशनाथ अर्याल

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २००५ फागुन १५, मैतीदेवी, काठमाडौँ। **माता/पिता :** सरलादेवी, गोपीनाथ अर्याल। **शिक्षा :** बी.ए. (त्रि.वि.)। **सेवा :** बैङ्किङ सेवा, चलचित्र सेवा। चलचित्र 'हिजो आज भोलि' मा अभिनय गरेवापत कदरपत्र (२०५०) लगायत अन्य सम्मान। **कृति/सृजना :** हिजो आज भोलि (अभिनय, चलचित्र, २०२४), एउटा नलेखिने कथा (लेखन/अभिनय, २०४३), बन्धकमा परेको जीवन (लेखन/निर्देशन, २०४४), भीडदेखि भीडसम्म (लेखन/निर्देशन, २०४५), युद्ध जारी छ (लेखन/निर्देशन, २०४७), अस्मिता (लेखन/निर्देशन, २०४८), आकाश पनि चुप छ (अभिनय/लेखन/निर्देशन, २०५०), पिँजडा (लेखन/निर्देशन, २०५०), आगन्तुक (अभिनय/लेखन/निर्देशन, २०५३), अचानक (लेखन/निर्देशन, २०५७), यातना (लेखन/निर्देशन, २०६१), चक्रव्यूह (लेखन, २०५६), मन मेरो मान्दैन (लेखन, २०५६), चाहन्छु म तिमीलाई नै (लेखन, २०५७), अपराजिता (२०६३) आदि चलचित्र तथा टेलिचलचित्रहरू। **हालको ठेगाना :** घर नं. ४६३, मैतीदेवी, काठमाडौँ। **फोन :** ४४१३७२३, ९८५१०९७५६६।

उर्मिला उपाध्याय गर्ग

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. ७ नोभेम्बर १९३९, बनचौरी, जनकपुर । **माता/पिता** : मीनकुमारी उपाध्याय, रत्नमणि उपाध्याय । **शिक्षा** : डिप्लोमा (फाइनआर्ट) । **सेवा** : कलाकारिता । **पहिलो रचना** : जे.जे. स्कुल अर्फ आर्ट बम्बई र नेपाल भारत सांस्कृतिक केन्द्र काठमाडौँमा कला प्रदर्शनी (१९५९) । **कृति/सृजना** : भिक्टोरिया अलवर्ट म्युजियम (लन्डन), म्युजियम अफ मोर्डन आर्ट (पेरिस), आम्स्ट्राड्रामको म्युजियम, सिकागो आर्ट इन्स्टिच्युट, भक्तपुर म्युजियम (भक्तपुर), न्युयोर्क पब्लिक लाइब्रेरी आदि स्थानहरूमा कला प्रदर्शनीका साथै भारत, क्यानडा, अमेरिका, फ्रान्स, इटाली आदि देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (पेरिस), जहाँगिर आर्ट ग्यालरी बम्बई र जे.जे. स्कुल अफ आर्टबाट पुरस्कार, सेवा पुरस्कार (क्यानडा, इ.सं. १९८९), तुलसी मेहर सेवा पुरस्कार (२०५५) । नेपाल चर्खा प्रचारक गान्धी तुलसी मेहर स्मारक महागुठीबाट सम्मान (२०६१) । **हालको ठेगाना** : धोबीघाट, ललितपुर । **फोन** : ५५४४२४३ ।

उर्मिला श्रेष्ठ भोजपुरे (यु श्रेष्ठ)

(गायिका, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असार १५, काठमाडौँ । **माता/पिता** : झुमादेवी श्रेष्ठ, वत्सलाल श्रेष्ठ । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल. । **सेवा** : निजामती सेवा (सचिव, विशिष्ट श्रेणी), संवैधानिक सेवा (लोकसेवा आयोग), संगीत-गायन । **पहिलो रचना** : माधुर्य (ने.रा.प्र.प्र., २०२९) । **कृति/सृजना** : नेपालमा वैदेशिक सहायताका संरचनाहरू (अनुसन्धानात्मक पुस्तक) । सयभन्दा बढी आधुनिक र लोकगीत गायन, करीब ४० ओटा जति 'डिस्क' रेकर्ड, स्वदेश तथा विदेश (भारत, बेलायत, क्यानडा) का विभिन्न स्थानहरूमा साङ्गीतिक कार्यक्रम प्रस्तुत गरेको । **सम्पादन/अनुवाद** : नारी स्वरहरू (२०५८), वोमेन प्रोफेसनल्स् अफ नेपाल (२०५८) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा दोस्रो पुरस्कार (२०२६, यु श्रेष्ठको नाममा), गोरखा दक्षिणवाहु (२०३४ र २०५४) । कलानिधि लोकसङ्गीत सम्मान (२०६१), महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयबाट सम्मान पत्र, एकीकृत विकास सम्मान (२०५९), भोजपुर साहित्य कला सङ्गीत महोत्सवद्वारा सम्मान (२०५८), बगर सम्मान (२०६१) आदि । **हालको ठेगाना** : कुमारी गल्ली, पुतलीसडक, काठमाडौँ । **फोन** : ४२२८२६७ ।

उषा ठाकुर

(लेखक, नेपाली/हिन्दी भाषा)

जन्म/स्थान : ६ जुन १९५१, पटना, भारत । **माता/पिता** : कैलाशदेवी शर्मा, किशोरीलाल शर्मा । **शिक्षा** : एम.ए. (हिन्दी), विद्यावारिधि (पन्त काव्यकी सामाजिक भूमिका, पटना, भारत), महाविद्यावारिधि । **सेवा** : प्राध्यापन (त्रि.वि., डौफिन युनिभर्सिटी, पेरिस) । **पहिलो रचना** : नदी और नारी (हिन्दी कविता, आर्यावर्त, इ.सं. १९७०) । **कृति/सृजना** : पन्त काव्यकी सामाजिक भूमिका (शोधपरक, इ.सं. १९९५), हिन्दी और नेपाली साहित्यके प्रतिनिधि हस्ताक्षर (समीक्षासङ्ग्रह, इ.सं. १९९८), स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि (समीक्षासङ्ग्रह, २०५९), नेपाली साहित्यको श्रीवृद्धिमा शाह वंशीय स्रष्टाहरूको योगदान (समालोचनात्मक सङ्ग्रह, २०५९), महाकवि देवकोटाकी काव्य साधना (समालोचनात्मक सङ्ग्रह) । **सम्पादन/अनुवाद** : साहित्यालोक (इ.सं. १९८७), हिमालिनी (साहित्यिक त्रैमासिक, २०५४), मरूभूमिका काँडा : बिम्ब-प्रतिबिम्ब (सम्पा., २०५९, हिन्दी अनुवाद) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (२०३८), रत्नश्री स्वर्णपदक (२०४५) । नरदेवी सम्मान (२०६२) । **हालको ठेगाना** : पो.ब.नं. ६६३१, शान्ति निकेतन, घट्टेकुलो, काठमाडौँ । **फोन** : ४४३६३५९ ।

उषा दीक्षित

(वालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ १८, डिल्लीबजार, काठमाडौँ । **माता/पिता** : सुशीला दीक्षित, अनन्तमणि दीक्षित । **शिक्षा** : एम.एस. (शिक्षा), एम.ए. (नेपाली) । **सेवा** : सरकारी सेवा, अध्यापन । **पहिलो रचना** : माई मदरल्यान्ड (कविता, कस्तूरी

मुखपत्र पद्मकन्या कलेज) । **कृति/सृजना :** इच्छाधीन नेपाली (पाठ्यपुस्तक, कक्षा ९ र १०, २०४०), सेती नदीको तीरैतीर (बालसन्दर्भ सामग्री, २०४०), मुसीको बिहे (बालसन्दर्भ सामग्री, २०४३), फेरि मुसै भएस् (बालसन्दर्भ सामग्री, २०४१), फलफूल र सागपात (बालसन्दर्भ सामग्री, २०४४), मेरो नेपाली किताब (कक्षा ३, सहलेखन, २०५१, कक्षा ५, २०५३), अञ्जुलीभरिको आकाश (कथासङ्ग्रह, २०५४), एकादेशमा (बालसन्दर्भ सामग्री, २०५९) । **सम्पादन/अनुवाद :** मेरा सपनाहरू (२०४७), नेपाली बालशब्दकोश (सहसम्पादन, २०५७) । Baba in my dream (नेपालीमा अनुवाद, अनु. अनन्तमणि दीक्षित), My environment (Grade 4, 2062) । **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु (२०५३), महेन्द्र विद्याभूषण 'ख' (२०४७), पद्मकन्या पदक (त्रि.वि., इ.सं. १९७७) । **हालको ठेगाना :** काठमाडौं -३३ (ushadixit@gmail.com) । **फोन :** ४४१२४५० ।

उषा शेरचन (उषा भट्टचन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ भदौ ६, नालामुख, पोखरा । **माता/पिता :** यामकुमारी भट्टचन, झपटबहादुर भट्टचन । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, सामाजिक सेवा, ने.प्र.प्र. (प्राज्ञ सभासद्, २०६६) । **पहिलो रचना :** जिन्दगी (कविता, गोरखापत्र, असोज, २०३५) । **कृति/सृजना :** नजन्मेका आस्थाहरू (कविता-सङ्ग्रह, २०४८), अक्षरहरूको शिविरबाट (मुक्तकसङ्ग्रह, २०५६), *गीतिएल्बम* : अभीप्सा (२०४८), सञ्चयन (२०५९), मेरो माटो मेरो गीत (२०६०), संवेदन (२०६७), आकाश छुने रहर (२०६७) । **सम्पादन/अनुवाद :** गुञ्जनको मुखपत्र, कालजयी स्वरहरू (२०५९), नारी साहित्यको विधागत इतिहास (२०६१) बियोन्ड द फ्रन्टियर (२०६३), डटर अफ दि अर्थ (समकालीन महिलाहरूको कथा, २०६४) । **पुरस्कार/सम्मान :** रत्नश्री स्वर्णपदक (२०४०), व्यथित काव्य पुरस्कार (२०४३), कविता महोत्सव पदक (२०४५), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५८), लोकप्रिया पुरस्कार (२०५७), पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७) । भूपी स्मृति सम्मान (२०५७), पोखरेली दिदीबहिनी सम्मान (२०५७), हारती सम्मान (२०६१), राष्ट्रिय शान्ति सम्मान (२०६१), थकाली सम्मान । **हालको ठेगाना :** पुल्चोक, ललितपुर/पो.ब.नं. ९३५५, काठमाडौं (mav@mos.com.np) । **फोन :** ५५२०९३७, ९८५१०००४७१ ।

ऋतु आसिक (ऋतुवर्ण पराजुली)

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ कात्तिक १३, भालुकमारी, लङ्का, आसाम, भारत । **माता/पिता :** दिव्येश्वरी पराजुली, शमशेरबहादुर पराजुली । **शिक्षा :** एम.ए. (दर्शनशास्त्र, समाजशास्त्र) । **सेवा :** पत्रकारिता, साहित्य । **पहिलो रचना :** समय अन्तिम हुँदै गयो (२०२५, कञ्चनजङ्घा पत्रिका, गान्तोक सिक्किम) । **कृति/सृजना :** के भनेर सम्झाऊँ मेरी छोरीलाई (कवितासङ्ग्रह, २०३१), बेञ्जामिन मोलाइस (स्मृति काव्य, इ.सं. १९९१), एन एक्स्प्रेसन टु चाइना (कवितासङ्ग्रह, इ.सं. १९९१), कम्युनिष्ट सभ्य हुन्छ (कवितासङ्ग्रह, २०४७), एउटा अठोट (लघुउपन्यास, २०४७), अर्जुन खोलाको तीर (लघुउपन्यास, २०४८), आमालाई (कवितासङ्ग्रह, २०५१), अलविदा सोभियत सङ्घ (कवितासङ्ग्रह, २०५१), मेरो पत्रकारिता विगत र वर्तमान (लेखसङ्ग्रह, २०५१), शब्दघोष (लेखसङ्ग्रह, २०५७), अग्निपुञ्ज (लेखसङ्ग्रह, २०६२), वालस्ट्रिट कब्जा गर ! (कवितासङ्ग्रह, २०६८), शब्द सङ्ग्राम (२०६९) । **सम्पादन/अनुवाद :** नयाँ पाइलो (साप्ताहिक, जनकपुर, २०३४, सहसम्पादन), अभिवादन (२०३५), नेपालको शान्ति क्षेत्र प्रस्ताव अध्ययन विश्लेषण र प्रतिक्रिया (ग्रन्थ, २०४०), ऐतिहासिक योद्धा मनमोहन अधिकारी (ग्रन्थ, २०५३), मुक्ति योद्धा निर्मला लामा (ग्रन्थ, २०५५), सिर्जनशील नेपाली पत्रकारहरू (ग्रन्थ, २०६१), आस्थाका सहिदहरू (२०६७), सिर्जनशील पत्रकार (भाग, २) । **पुरस्कार/सम्मान :** डा. अम्बेडकर विशिष्ट सेवा पुरस्कार (इ.सं. १९९४, भारत) । **हालको ठेगाना :** सरौचिया श्री राममार्ग, विराटनगर, मोरङ । **फोन :** ०२१-५२४६४६, ९८४२२२७३८६, ९८४१४५०८४३ ।

ऋद्धिबहादुर मल्ल

(अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५५ मङ्सिर २४, बनारस । निधन : २०२५ वैशाख ६, आर्यघाट, काठमाडौं । **माता/पिता :** नीरकुमारी, वीरबहादुर मल्ल । **शिक्षा :** एस.एल.सी. । **सेवा :** पत्रकारिता, साहित्य, नोकरी । **पहिलो रचना :** प्रबन्ध रचना

शैली (अनु. हिन्दी, १९७०) । **कृति/सृजना** : शर्मिष्ठा (उपन्यास, १९८५) । **सम्पादन/अनुवाद** : शारदा (मासिक) सम्पादनका साथै गोरा (उपन्यास, २०१८), डुङ्गा पल्टियो (उपन्यास, २०२२) शेष प्रश्न (उपन्यास, २०२२), चरित्रहीन (उपन्यास, २०२२), न्याट्रिड्यामको कुम्भे (उपन्यास, २०२५), आँखाको कसिङ्गर (उपन्यास १९९८) आदि कृतिहरू अनुवाद ।

ऋषभदेव शर्मा रेग्मी (देवराज उपाध्याय)

(साहित्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९७० वैशाख १७, गोदावरी, ललितपुर । निधन : २०४७ जेठ १७, पानबारी, सिरहा । **माता/पिता** : विद्याकुमारी, चूडामणि रेग्मी । **शिक्षा** : शास्त्री । **सेवा** : पत्रकारिता, साहित्य, प्राध्यापन । **पहिलो रचना** : हिंसा र अहिंसा (लेख, गोरखापत्र, २००४) । **कृति/सृजना** : काव्यमञ्जरी (लक्षणग्रन्थ, २०१५), निबन्ध र पत्रलेखन (पाठ्यपुस्तक, २०२३), नेपाली व्याकरणको दन्त्यकथा (पाठ्यपुस्तक, २०२७), प्राच्य दर्शन परिचय (पाठ्यपुस्तक, २०३४), दीना, भद्री र सहलेश (उपन्यास, २०३५), माटाको ममता (खण्डकाव्य, २०३६), कृषिबाला (खण्डकाव्य, २०४५) । **सम्पादन/अनुवाद** : गोरखापत्र (२०१०), मधुपर्क, पुरुषार्थ । साङ्ख्यकारिका (अनु. २००५) ।

ऋषिकेशवराज रेग्मी

(सांस्कृतिक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ भदौ २४, सिलखान टोल, तानसेन, पाल्पा । **माता/पिता** : श्रीधरादेवी रेग्मी, तीर्थराज रेग्मी । **शिक्षा** : एम.एस्सी., विद्यावारिधि (मानवशास्त्र) । **सेवा** : प्राध्यापन । कोलम्बो प्लान विद्वत्वृत्ति (तीनपटक) । **पहिलो रचना** : सन्तुष्टिदाता (कथा, सिंहनाद पत्रिका, २०१८) । **कृति/सृजना** : पला (कथासङ्ग्रह, २०२५), स्वयम्भूको डाँडा (उपन्यास, २०२८), सिन्दुरे यात्रा (उपन्यास, २०२९), फुङ्ग उडेको यौवन (उपन्यास, २०३४), एक स्रोत तीन धारा (समाजशास्त्र, २०३५), फुटेको पुर्पुरो (उपन्यास, २०४०), बिलाउँदै गएको छायाँ (कथासङ्ग्रह, २०४१), परिवर्तनका खुड्किलाहरू (उपन्यास, २०४८), समर्पण । कल्चरल प्याटर्न्स एन्ड इकोनोमिक चेन्ज (मानवशास्त्र, इ.सं. १९८४), धिमाल्स : मिराकुलस माइग्रेण्ट अफ चेन्ज (इ.सं. १९९१), रोयल सिटी अफ काठमाण्डू, भक्तपुर एन्ड पाटन (इ.सं. १९९२), डाइमेन्सन्स अफ नेपाली सोसाइटी एन्ड कल्चर (इ.सं. १९९९), द इसेन्सियल अफ सोसियोलोजी (इ.सं. २००१), मोडेल अफ कल्चर (२०६३), ह्युमन इभ्योलुसन एण्ड प्रि-हिस्टोरिक कल्चर (२०६५) । **सम्पादन/अनुवाद** : चुचुरो (हस्तलिखित, २०१६), अकेजनल पेपर्स अन सोसियोलजी एन्ड एन्थ्रोपोलोजी (जर्नल, २०५१) । **पुरस्कार/सम्मान** : नेपाल युवक सङ्गठनद्वारा आयोजित राष्ट्रव्यापी साहित्यिक प्रतियोगितामा तृतीय (२०२९), शुभराज्याभिषेक पदक (२०३१), महेन्द्र विद्याभूषण 'क' (इ.सं. १९८५) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ । **फोन** : ४४७१२२४ ।

ऋषिप्रसाद लामिछाने

(गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ भदौ १०, चतुराले, नुवाकोट । **माता/पिता** : हिमकुमारी लामिछाने, बोधनाथ लामिछाने । **शिक्षा** : साक्षर । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : कविता (२०२२) । **कृति/सृजना** : गजलसङ्ग्रहहरू– गजलपथका यात्रीहरू (संयुक्त, २०६१), सम्मोहन (२०६२), मुस्कान (२०६२), सूत्रमाला (२०६३) । **सम्पादन/अनुवाद** : पल्लव (साहित्य विविध) । **हालको ठेगाना** : भरतपुर -४, चितवन । **फोन** : ०५६ -५७१३५१, ९८५५०५५३५१ ।

ऋषिबाबु परियार 'ऋषभ'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ ९, बन्दिपुर, तनहुँ । **माता/पिता** : तुलसीदेवी परियार, कमल परियार । **शिक्षा** : आई.ए. । **सेवा** : राजनीति, समाजसेवा । **पहिलो रचना** : राजसंस्था र प्रजातन्त्र (लेख, राजधानी दैनिक, २०५७) । **कृति/सृजना** : नेपालको सन्दर्भमा राजसंस्था र प्रजातन्त्र (२०६१) । **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), दैवीप्रकोप उद्धार सेवापदक (२०५४), सुप्रबल गोरखा दक्षिणबाहु चौथा (२०५७), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु

दोस्रा (२०६१) । **हालको ठेगाना** : भरतपुर-१०, चितवन / मालीगाउँ, काठमाडौँ । **फोन** : ४४८७७२३/ ४४३८८७७ ।

ऋषिराज बराल

(साहित्यकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ फागुन २१, घोक्सिला, सिन्धुली । **माता/पिता** : प्रेमकुमारी, ठेटराज बराल । **शिक्षा** : एम.ए., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन, राजनीति । **पहिलो रचना** : आत्माको अन्तरालबाट (कथा, जागृति साप्ताहिक, २०३२) । **कृति/सृजना** : भावना (उपन्यास, २०३५), गाउँको कथा भन्छु है त (कथासङ्ग्रह, २०४२), प्रगतिवाद र नेपाली उपन्यास (समालोचना, २०४०), भग्नावशेष (कथासङ्ग्रह, २०४४), कामरेड हुतराज राजधानी प्रस्थान (उपन्यास, २०४८), प्रगतिवाद (सैद्धान्तिक अध्ययन, २०४९), बयान (कथासङ्ग्रह, २०५२), मार्क्सवाद र उत्तरआधुनिकतावाद (सैद्धान्तिक चिन्तन, २०५२), वनमान्छेको कथा (कथासङ्ग्रह, २०५४), उपन्यासको सौन्दर्यशास्त्र (समालोचना, २०५६), सैन्य उपहार (२०५९), फेरि लालभञ्ज्याङमा उभिएर (संस्मरण, २०६२), सङ्गीत र सौन्दर्य (२०६३), पैयूँ फुल्न थालेपछि (कथासङ्ग्रह, २०६३), उत्तरआधुनिकतावाद र समकालीन यथार्थ (२०६३) । **सम्पादन/अनुवाद** : त्रिकोण (त्रैमासिक), प्रभात (मासिक), कलम (साहित्यिक), योजना (समाचारपत्र), नेपाली कथासङ्ग्रह (भाग २), नयाँ संस्कृति (२०६२) । **हालको ठेगाना** : जोरपाटी नयाँबस्ती, काठमाडौँ । **फोन** : ४४९०१२६, ९८५११०३२८४ ।

ऋषिराम खनाल



(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ असोज १५ देउराली -७, गोरखा । **माता/पिता** : योगमाया खनाल, भीमप्रसाद खनाल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : साहित्य, राजनीति । **पहिलो रचना** : हत्या (लघुकथा, नयाँ सन्देश पत्रिका, २०४०) । **कृति/सृजना** : देउराली गा.वि.स.को वस्तुगत विवरण (२०५७) । **सम्पादन/अनुवाद** : गोरखा डायरी (मुखपत्र) । **हालको ठेगाना** : देउराली -७, गोरखा ।

ऋषिराम न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ जेठ ३, चापागाउँ, ललितपुर । **निधन** : २०६० माघ ७ । **माता/पिता** : रुद्रभागा न्यौपाने, टीकाराम न्यौपाने । **शिक्षा** : शास्त्री । **सेवा** : निजामती, साहित्य सेवा । वज्रवाराही साहित्य समूहबाट अभिनन्दित । **पहिलो रचना** : साथी बसौँ साथमा (कविता, गोरखापत्र, २०२०) । **कृति/सृजना** : वसन्त र विरही (खण्डकाव्य, २०३४), प्रियतम (खण्डकाव्य, २०३६), सपनाको सुसेली (कवितासङ्ग्रह, २०४०), अमर भावना (खण्डकाव्य, २०४१), परिणाम (खण्डकाव्य, २०४२), विजयश्री (खण्डकाव्य, २०४३), आत्मबोध (खण्डकाव्य, २०४४), अमर शुक्र (खण्डकाव्य, २०४६), मुक्तिका मुटु (२०५०), लाली (२०५३), विजयका बाँसुरी (खण्डकाव्य, २०५३), पुष्पाञ्जली (२०५६) । **सम्पादन/अनुवाद** : विभिन्न पत्रिकाहरू । **पुरस्कार/सम्मान** : विजयश्री पुरस्कार (२०४२), दीर्घसेवापदक (२०५०), साहित्यसन्ध्या (२०५३) । **सम्पर्क ठेगाना** : चापागाउँ वार्ड नं. ८, ललितपुर । **फोन** : ५५७०५५३ ।

ऋषिराम पाण्डे (आर.आर. पाण्डे)

(बालकथा लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ भदौ ११, परेवाडाँडा, लमजुङ । **माता/पिता** : नन्दकुमारी पाण्डे, शिवहरि पाण्डे । **शिक्षा** : बी.एड. । **कृति/सृजना** : बालकथा सङ्ग्रह– बुद्धिमान छोरी (२०५३), शान्तिको खोजी (२०६२) । **सम्पादन/अनुवाद** : बाल सरगम, बालक । **हालको ठेगाना** : परेवाडाँडा-६, लमजुङ । **फोन** : २०८०८२९ ।

ऋषिराम भुसाल

(कवि/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ फागुन १७, पिडिखोला, स्याङ्जा । **माता/पिता** : झबिसरा भुसाल, जगन्नाथ भुसाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : स्वतन्त्र चरी (कविता, नानी मुखपत्र, २०२९) । **कृति/सृजना** : सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह,

२०४५), मट्याङ्ग्रा (मुक्तक, संयुक्त, २०४६), हुरी चल्नुअघि (कवितासङ्ग्रह, २०४९), पत्रकारिताको रूपरेखा (सहलेखन, २०५०)। पचास रुपियाँको तमसुक र आमाको काखमा (नाटक निर्देशन तथा अभिनय, २०३७), सपनाहरू उपहार देशलाई (सम्पादन), म कसरी नास्तिक भएँ (अनुवाद, २०६७)। **सम्पादन/अनुवाद** : शब्ददूत (साहित्यिक अर्धवार्षिक), बौद्धिक संसार (विचारप्रधान)। **पुरस्कार/सम्मान** : सिद्धार्थ साहित्य पुरस्कार। साहित्य सङ्गम बुटवलद्वारा अभिनन्दन (२०६१)। **हालको ठेगाना** : करहिया -९, रूपन्देही । **फोन** : ०७१-५६२२६२, ९८४७०२३९४७।

एकदेव ढकाल

(तिलस्मी उपन्यासकार, नेपाली भाषा)

जन्मस्थान : मरिनखोला डाढी, सिन्धुली। **पिता** : नीलहरि ढकाल। **सेवा** : भाषा, साहित्य। **कृति/सृजना** : आतङ्क (उपन्यास, २०१०), रत्नभवन (उपन्यास, २०१०), राक्षस राज्य (उपन्यास, २०१०), एङ्ग्लो नेपाली डिक्सनरी (शब्दकोश, इ.सं. १९५४), कपटको फल (इ.सं. १९५९)। **सम्पादन/अनुवाद** : आँसु (२०११), आरतीसङ्ग्रह (भजन, २०३२), रामगीता (२०३२)।

एकनारायण पौड्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ असार १, चिलाउनेबास, उखुबारी, स्याङ्जा। **माता/पिता** : भुवनेश्वरी पौडेल, मित्रलाल पौडेल। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : अध्यापन, प्राध्यापन। **पहिलो रचना** : शुभकामना (कविता, खोजखबर साप्ताहिक, २०५४)। **कृति/सृजना** : कवितासङ्ग्रह– बादलका चोटहरू (२०५७), विमर्शका स्पर्शहरू (संयुक्त, २०६७)। **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार (प्रतियोगितात्मक कविगोष्ठी, २०५२), विशेष सेवा पुरस्कार (२०६५)। **हालको ठेगाना** : जागृतिचोक, भरतपुर। **फोन** : ०५६-५२६३७८, ९८४५०८९०९७।

एकराज भट्टराई

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ फागुन २०, ताप्लेजुङ। **शिक्षा** : स्नातकोत्तर। **सेवा** : प्राध्यापन। **कृति/सृजना** : प्रतिक्रिया (नाटक-२०३२), अन्तर्वार्ता (श्यामप्रसादसँग) (विचार सँगालो-२०५१)। **हालको ठेगाना** : विराटनगर-१७, पुरानो हवाईफिल्ड, मोरङ।

एन.डी. प्रकाश (नारायणदत्त प्रकाश चटौत)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ मङ्सिर ७, बगरकोट, डुङ्री, डडेलधुरा। निधन : २०१४। **माता/पिता** : तुलसीदेवी, देवीप्रकाश चटौत। **शिक्षा** : आई.ए.। **सेवा** : राजनीति, सामाजिक सेवा। **पहिलो रचना** : कविता (२००४)। **कृति/सृजना** : चाहना (२०११), सालियाना (२०१३), एन.डी. प्रकाश चटौतका कालजयी कविताहरू (२०५१), रचनाप्रकाश (२०५५)।

एन.बी. गुरुङ

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. २०३३ पुस ५, लेखनाथ-१, कास्की। **माता/पिता** : लक्ष्मी गुरुङ, सन्तसिंह गुरुङ। **शिक्षा** : स्नातकोत्तर (अङ्ग्रेजी)। **कृति/सृजना** : तीन पटक एकल कला प्रदर्शनी, थुप्रै सामूहिक कला प्रदर्शनी। **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार, (फ्री ल्यान्डस्केप प्रतियोगिता, २००१)। **हालको ठेगाना** : काठमाडौँ (nbgurung_123@yahoo.com)। **फोन** : ४४३७६१३।

एरिना ताम्राकार डङ्गोल

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९७०, तिच्छुगल्ली, ललितपुर। **माता/पिता** : गेन ताम्राकार, हेमलाल ताम्राकार। **शिक्षा** : बी.एफ.ए.। **सेवा** : ललितकला। **पहिलो रचना** : इ.सं. १९८९ देखि ललितकला क्षेत्रमा निरन्तर। **कृति/सृजना** :

जीवनको प्रतिबिम्ब, यथार्थको प्रतिबिम्ब, निश्छल स्पर्शहरू (तीनपटक एक प्रदर्शनी) । **पुरस्कार/सम्मान :** राष्ट्रिय कला पुरस्कार (इ.सं. १९९८, २०००), केही प्रशंसा पुरस्कारहरू । **हालको ठेगाना :** पो.ब.नं. १०६४१, काठमाडौँ (१५) । **फोन :** ५५४१५७८ ।

एस.एम. सिंह (दलबहादुर सिंह

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ कात्तिक १५, त्रिशूली, नुवाकोट । **माता/पिता :** नरमाया, टीकाराम सिंह । **शिक्षा :** टिचर्स ट्रेनिङ, मिल्ट्री टेनिङ । **सेवा :** अध्यापन (सैनिक) । **कृति/सृजना :** त्रिरत्न (कथासङ्ग्रह, वि.सं. २००६), पञ्चरत्न (कथा एवं निबन्धसङ्ग्रह, २०६१), पुष्पाञ्जलि (भजनसङ्ग्रह, २०६२), भजामृत (भजनसङ्ग्रह, २०६३) । **हालको ठेगाना :** १०/२२१ कोपुण्डोल, ललितपुर । **फोन :** ५५२०५२९ ।

एस.एल. शर्मा (सनातन, वशिष्ठ, सोहनलाल भण्डारी)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ असार शुक्ल चतुर्दशी, पञ्जाब, भारत । निधन : २०६० साउन ६ । **माता/पिता :** रुक्मणीदेवी शर्मा, रामचन्द्र शर्मा । **शिक्षा :** साहित्य विशारद । **सेवा :** सामाजिक, साहित्य, पत्रकारिता तथा राजनैतिक सेवा । **कृति/सृजना :** ज्वाला (२००६), राजनीति विकास र नेपाल (२०१०), खोजखाज (अन्वेषणमूलक रचनासङ्ग्रह, २०२५), गवेषणा (२०४५) ताजपुरिया समाज एक परिचय, नेपालका ऐतिहासिक परिचय (हिन्दी), आत्मविकास (उपन्यास), पारिख परिचय आदि । **सम्पादन/अनुवाद :** पञ्चायत, मेची सन्देश, आलोक । **पुरस्कार/सम्मान :** महानन्द पुरस्कार (२०४७), (एस.एल. शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार स्थापना गरिएको छ) । नेपाल प्रजातन्त्र सेनानी सम्मान, हिडपा साहित्यिक सम्मान आदि । **सम्पर्क ठेगाना :** शर्मा निवास, भद्रपुर -९, झापा । **फोन :** ४४२१०५६, ९८५१०४००७१ (राजेन्द्र शलभ) ।

एस.पी. आशा (श्रीप्रसाद उपाध्याय)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१, सीतापाइला, काठमाडौँ । **माता/पिता :** प्रेमकुमारी, विष्णुप्रसाद उपाध्याय घिमिरे । **शिक्षा :** पत्रकारितामा स्नातक, लेखन कला विशारद । **सेवा :** निजामती सेवा, साहित्य । 'हाम्रो नेपाल' बाट राष्ट्रिय गौरव सम्मान (२०५७), विश्वहिन्दू महासङ्घबाट साहित्यसेवी सम्मान (२०५९) । **पहिलो रचना :** अभाग (२०२४) । **कृति/सृजना :** *उपन्यासहरू :* एकआँखे (२०२५), दुई मकुन्डो (२०२५), अभाग (२०२६), सिस्टर शोभा (२०२६), अन्तिम अभिलाषा (२०२६), डाक्टर डी. (२०२७), यमराजको सन्देश (उपन्यास, २०३१), आधुनिक अपराधी (उपन्यास, २०३५), महासामन्त (२०३६), विद्यालय लेखा प्रणाली (२०३९), एक बाबाको जीवनी (२०३९), यथार्थ (कवितासङ्ग्रह, २०४३), रक्त सम्मान (२०४४), द्रव्य शाह (२०४५), चीत्कार (२०४६), मोहभङ्ग (२०५१), सेरोफेरो (२०५१), पृथ्वीनारायण शाह (२०५६), हामीले कसरी प्रजातन्त्र ल्यायौँ (जीवनीकथा, २०५७), हिन्दू संस्कृतिको वैज्ञानिक व्याख्या (२०५८), लोकतन्त्र अघिको भारत (२०६५), नेपालको पहिलो कोतपर्व (२०६६), नीतिका कुरा (कविता, सहलेखन, २०६६) । **सम्पादन/अनुवाद :** बी.पी. स्मृति ग्रन्थ (सम्पा., २०४९) । **हालको ठेगाना :** सीतापाइला -२, काठमाडौँ । **फोन :** ४२७५३६५ ।

एस्पी कोइराला (शङ्करप्रसाद कोइराला)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार २, पोखरे लाइन, भोजपुर बजार । **माता/पिता :** धनकुमारी कोइराला, वेदनिधि कोइराला । **शिक्षा :** एम.ए., एम.एस. (वाणिज्य अर्थशास्त्र, अर्थशास्त्र) । **सेवा :** निजामती सेवा (नेपाल सरकारको सचिव), अर्थमन्त्री, साहित्य । **पहिलो रचना :** ट्याम्के डाँडो (कविता, २०३७) । **कृति/सृजना :** टाँकीको घाँस (कवितासङ्ग्रह, २०५७), धड्कनभित्र (गीतसङ्ग्रह,

२०६१), धड्कनभित्र (गीति एल्बम, सी.डीं तथा क्यासेट, २०६१), दर्जनौं गीतहरू स्वराङ्कन भइसकेको । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु (२०५९), नेपाल सम्मान (रत्नहरू राष्ट्रका, २०६०, एभरेस्ट फाउन्डेसन), बगर सम्मान (२०६०, बगर फाउन्डेसन), तन्नेरी प्रतिभा सम्मान (२०५८, तन्नेरी साहित्यिक, उत्कृष्ट प्रशासक सम्मान (२०५७, जेपी प्रतिष्ठान) । **हालको ठेगाना** : ३७०/२४ घ राममन्दिरमार्ग, बत्तीसपुतली, काठमाडौं, पो.ब.नं. २७६८, (spk@ntc.net.np) । **फोन** : ४४८२८०० ।

ऐश्वर्यधर शर्मा

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ कात्तिक १५, ललितपुर । **माता/पिता** : रमावाणी शर्मा, चक्रधर शर्मा । **शिक्षा** : शास्त्री (आयुर्वेद) । **सेवा** : सामाजिक सेवा, साहित्य । **पहिलो रचना** : इतिहास संशोधन (लेख, २०१२) । **कृति/सृजना** : स्तोत्र पुष्पाञ्जलि (संस्कृत, नेपाली, २०३९), अगिंमथ:या (ऐतिहासिक सामग्री, नेपालभाषा, २०४१), प्रार्थना सुमन (नेपाली पद्य, २०४३), प्रार्थना सुगन्ध (नेपाली पद्य, २०४३), प्रार्थना सुधा (नेपाली पद्य, २०४४), लक्ष्मी पूजा (नेपाली मन्त्रार्थसहित, २०४४), शतनाम पुष्पाञ्जलि (संस्कृत, नेपाली, २०५८), भ्रातृपूजाविधि (नेपाली मन्त्रार्थसहित, २०५९), योनिस्तव पुष्पाञ्जलि (२०६२) । **सम्पादन/अनुवाद** : अमर ज्योतिकी सत्यस्मृति (हिन्दी रूपान्तर, इ.सं. १९६५), आरोग्य (द्वैमासिक), आयुर्वेद पत्रिका (सहसम्पादन), सङ्घर्ष (साप्ताहिक, अन्तरङ्ग सम्पादक), स्वस्थानी (कथांश नेवारी, २०४५), स्वस्थानी व्रतकथा (संशोधित पाठ, नेपाली पद्य अनुवादसहित, अहिलेसम्म पाइएका स्वस्थानीप्रति मध्ये सबैभन्दा पुरानो नेवारी अक्षरका ताडपत्रको छविचित्र र प्रतिलिपिसहित, २०४९), मनकामना माहात्म्य (नेपालभाषामा रूपान्तरित, २०५६) । **पुरस्कार/सम्मान** : विद्या पुरस्कार प्रथम (२०२५), निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार, कविगोष्ठी तृतीय पुरस्कार (सहिद दिवस, काठमाडौँ), खौमा बैठक भक्तपुरद्वारा अभिनन्दन (२०६१) । **हालको ठेगाना** : ललितपुर उ.म.न.पा. १९ । **फोन** : ५५२४५६२, ४२४२४४९ ।

ओकिउयामा ग्वाइन

(कवि/अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७७, हङकङ । निधन : वि.स. २०५० साउन २४, मुगलिङ । **शिक्षा** : स्नातक । **सेवा** : इन्जिनियरिङ । **कृति/सृजना** : चित्रलेखा (कवितासङ्ग्रह, इ.सं. १९५८), भावसंभवा (कवितासङ्ग्रह, २०१८), नागबेली (उपन्यास, २०२७), सुनाखरी (उपन्यास, २०३५), अनामिका (कवितासङ्ग्रह, इ.सं. १९६५), सुवर्णपल्लव (कवितासङ्ग्रह, २०५०) । **सम्पादन/अनुवाद** : उमर खैय्याम (काव्य- अनुवाद, इ.सं. १९५१), जुलियस सिजर (नाटक- अनु.), गीताञ्जली (अनु.) बूढो र समुद्र (अनु., इ.सं. १९६९), मेरो देशवासी (गीत-अनु.), तटमा तरङ्गको गीत (अनु.), हिम हंसिनी (अनु.) । **सम्पर्क ठेगाना** : पो.ब.नं. १३७६, काठमाडौं ।

ओमकारेश्वर श्रेष्ठ

(कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असार २२, लुभु, ललितपुर । **माता/पिता** : इन्द्रमाया श्रेष्ठ, हीराबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातकोत्तर (नेपालभाषा, अङ्ग्रेजी, भाषाविज्ञान) । **सेवा** : निजामती सेवा, प्राध्यापन । **पहिलो रचना** : त्वाक: (सितु पत्रिका, अङ्क ६८, २०४२) । **कृति/सृजना** : असं ! छगू आणविक भट्टि (कविता, २०४९), नेपालभाषा धातु क्व:छीगु समस्या : छगू अध्ययन (भाषाविज्ञान, २०५६) Verb Morphology in the Tansen Dialect of Nepalbhasha (भाषाविज्ञान), अङ्ग्रेजी भाषा, इ.सं. २००१), तानसेन नेवा : भाय्या रूपायन पद्धति (भाषाविज्ञान, २०५८), भोतया चण्डेश्वरी जात्रा (संस्कृति, २०५९), पोखरा र काठमाडौँ-पाटनको नेपालभाषामा रूपायन भेद (भाषाविज्ञान, इ.सं. २००२) । **सम्पादन/अनुवाद** : सँझ्या: (एकाङ्कीसङ्ग्रह, २०५३), नेपालभाषा (२०५४), नेपाललिपि वर्णमाला (२०५५), स्वंग:गु मिखा (समालोचना, २०५६), उच्चशिक्षाय नेपालभाषा (२०५६), सँझ्या (एकाङ्कीसङ्ग्रह, २०५८) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'ख' (२०४८) । **हालको ठेगाना** : लुभु -७, ललितपुर / ख-२, १०२५, झौँछे, काठमाडौँ । **फोन** : ४२६३३९७ /४२४६३९५ ।

ओम खत्री

(चित्र/मूर्ति कलाकार)

जन्म/स्थान : इ.सं. १९६९ डिसेम्बर २१, गलकोट हटिया, बागलुङ । **माता/पिता** : सरस्वती खत्री, खडकबहादुर खत्री । **शिक्षा** : बी.एफ.ए. (त्रि.वि.) । **सेवा** : चित्र/मूर्ति कलाकारिता, ललितकला प्रज्ञा-प्रतिष्ठान (प्राज्ञ परिषद् सदस्य, २०६७) ।

कृति/सृजना : सन् १९९९ देखि ललितकलासँग आबद्ध भई नेपालमा छ पटक, भारतमा चार पटक, जापानमा आठ पटक, चीन र स्वीट्जरल्याण्डमा दुई पटक कला प्रदर्शन । चीनमा अरनिकोको मूर्ति स्थापना । नेपालका विभिन्न ठाउँमा शहीदका मूर्ति निर्माण । **पुरस्कार/सम्मान** : विशिष्ट मूर्तिकार पुरस्कार (भारत, सन् २००४), राष्ट्रिय कलाप्रदर्शनी नेपालद्वारा प्रथम पुरस्कार, अरनिको युवा कला सम्मान (स्वर्णपदक) । **हालको ठेगांना** : सुकेधारा, काठमाडौँ (sculptorom@hotmail.com) । **फोन** : ९८४१३०४३७६, ९८५१०२००३५ ।

ओमप्रसाद गौचन

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६१ मङ्सिर शुक्ल पूर्णिमा, झुमा गाउँ, मुस्ताङ । निधन : २०४८ माघ २० । **माता/पिता** : हीरामोती, दलप्रसाद गौचन । **शिक्षा** : साधारण । **सेवा** : जनसेवा । **कृति/सृजना** : प्रस्तावित नेपाली लिपि (२०४७), परोपकार पद्धति (२००१), राष्ट्रिय गीत (२०३१) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु चौथा (२०१७), शिक्षासेवी पदक (२००२), जनस्तरवाट 'काका' सम्मान, अभिनन्दन तथा सिन्दूर यात्रा २०३४) । **सम्पर्क ठेगाना** : भैरहवा, रूपन्देही । **फोन** : ०७१-५२१७७२ ।

ओमप्रसाद घायल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ पुस १९, बलेवा, बागलुङ । **माता/पिता** : हीरादेवी पाध्या, महेश्वर पाध्या । **शिक्षा** : स्नातक । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : अक्षरको मृत्युसय्या (कविता २०४७) । **कृति/सृजना** : कविता-सङ्ग्रह– कुरुक्षेत्रको पर्खालभित्र (२०५७), शोकधुनको बाँकी अंश (२०६०) । **सम्पादन/अनुवाद** : ओभ्रेल (२०५०), सुनाखरी (२०५८), सगुन (२०५८), मोदीकाली (२०५८), धवलागिरि स्पन्दन (२०५९) । **हालको ठेगाना** : पैयुँपाटा -३, बागलुङ । **फोन** : ०६८-४२०३१८ ।

ओममणि शर्मा (वासुदेवप्रसाद पौड्याल)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००३ असार ९, भीमफेदी, मकवानपुर । **माता/पिता** : शकुन्तलादेवी शर्मा, गोपामणि शर्मा पौड्याल । **शिक्षा** : एम.ए. (नेपाली), बी.एल. । **सेवा** : बैङ्किङ । **पहिलो रचना** : गौँथलीको गुँड (कविता, ज्योति पत्रिका, २०२१) । **कृति/सृजना** : छाप (कथासङ्ग्रह, २०४२) । **सम्पादन/अनुवाद** : स्वतन्त्रता (सामयिक सङ्कलन), नेपाल बैङ्क पत्रिका, चीत्कार मासिक । **पुरस्कार/सम्मान** : जी.ए.ए. द्वारा आयोजित नाटकमा प्रथम, पटना विश्वविद्यालयद्वारा आयोजित हिन्दी कविता महोत्सवमा पुरस्कृत (२०१८), गाईजात्रा महोत्सव प्रहसन (प्रथम, २०४४), उत्कृष्ट चरित्र नायक (मेरो घाउ तिमी नहाँसे पो दुख्छ - नाटकमा) । **हालको ठेगाना** : धोबीधारा, डिल्लीबजार, काठमाडौँ । **फोन** : २२११८५ ।

ओमवीरसिंह बस्न्यात

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १, धर्मस्थली पुसल । **माता/पिता** : शोभाकुमारी बस्न्यात, मीनमर्दन बस्न्याल । **शिक्षा** : डी.एच.ई., एम.डी. । **सेवा** : स्वास्थ्य, साहित्य । **पहिलो रचना** : त्यो गाउँमा (खण्डकाव्य, २०४०) । **कृति/सृजना** : खण्डकाव्यहरू : रारा (२०५५), गौरीघाट माहात्म्य (२०५५), अन्तर्घात (२०५६), आमा (२०५७), यौटी म रानी चरी (२०५८) । *महाकाव्यहरू* : पासाङ ल्हामु (०५३), सेवा सैनिक झपट (२०५६), पृथ्वी (महाकाव्य, २०५८), भानुभक्त (महाकाव्य, २०६१) दुई दर्जनभन्दा बढी गीतरचनाहरू रेकर्ड गरिएका । **पुरस्कार/सम्मान** : पासाङ ल्हामु पर्वतारोही प्रतिष्ठान पुरस्कार, झपट पुरस्कार, कपिलवस्तु साहित्यिक समाज पुरस्कार, वाणी प्रकाशन पुरस्कार,

सञ्चार अभियान सम्मान, पूर्वराजा ज्ञानेन्द्र शाहको ५७औँ शुभजन्मोत्सवमा धन्यवादसहितको सम्मानपत्र । **हालको ठेगाना** : कालीमाटी, भीममुक्तेश्वर, काठमाडौँ । **फोन** : ४२७०८३८ ।

ओमी शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ असोज १४, कलङ्की, काठमाडौँ निधन : २०६७ असोज ८ । **आमा/बाबु** : गिन्नी शर्मा, गुरुशेखर शर्मा । **शिक्षा/विषय** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : नमेटिने दृश्य स्मृतिभरि (कविता, दृष्टि साप्ताहिक, २०४७) । **कृति/सृजना** : ओमी शर्माका कविताहरू (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : सयपत्री (त्रैमासिक, २०५६), वाटिका (अर्धवार्षिक, २०५६) । **पुरस्कार/पदक** : निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार (२०५२), कविता प्रतियोगितामा द्वितीय पुरस्कार (२०५२) ।

कन्जोक लामा

(कोशकार, नेपाली/हुम्ली/भोटे भाषा)

जन्म/स्थान : २०३३ असोज २०, खगालगाउँ-९, हुम्ला । **माता/पिता** : छुकी लामा तामाङ, नाक्तोल लामा तामाङ । **शिक्षा** : बी.एड. । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : सुदूरपश्चिम जिल्लाका भोटे लामाहरूको कला कौशलबारे अनुसन्धानात्मक अध्ययन । **कृति/सृजना** : स्थानीय हुम्ली भोटे लामा-नेपाली द्विभाषी शब्दकोश निर्माण । **सम्पादन/अनुवाद** : लामा संस्कृति र लोक साहित्यको छोटो अध्ययन र अनुवाद (नेपाली) । **हालको ठेगाना** : बौद्ध, आरुबारी, काठमाडौँ (lamakanjok22@gmail.com) । **फोन** : ९८४१४६६५५३।

कणाद महर्षि (कणाद मिश्र)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ वैशाख २८, चाबेल, काठमाडौँ । **माता/पिता** : करुणा मिश्र, कृष्णबहादुर सिंह । **शिक्षा** : स्नातक । **सेवा** : बैङ्किङ । **पहिलो रचना** : खै हाम्रो दौरा सुरुवाल (कविता, २०२३) । **कृति/सृजना** : कवितासङ्ग्रह– गुफा (२०३१), पग्लेका लाभाहरू (२०३४), भतेर र आँखाहरू (२०५०), घाउमा हरिभक्त कटुवाल (२०५८) । **सम्पादन/अनुवाद** : लालिमा (कवितासङ्ग्रह), अरुणिमा (कथासङ्ग्रह), झञ्जाको भुँवरी (कविराज कृवको कविता) । **पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५४), दीर्घसेवा पदक (२०५५), गरिमा सम्मान पुरस्कार (२०६६), अभिनव साहित्य समाजवाट कदरपत्र (२०६७) । **हालको ठेगाना** : चाबेल, काठमाडौँ । **फोन** : ०१-४४८६६१५ ।



कनकद्वीप व.आ. (वात्सायन) (कनकद्वीप वज्राचार्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ माघ १० गते, वसन्तपुर, काठमाडौँ । निधन : २०६० । **शिक्षा** : साहित्यरत्न, स्नातकोत्तर (अङ्ग्रेजी) । **पहिलो रचना** : गर्नु के छ ? (कविता, आँखा मासिक, २००५) । **कृति/सृजना** : उद्गार (कविता-सङ्ग्रह, २०१७), बीसौँ शताब्दीको अन्त्य (कथासङ्ग्रह, २०२८), हु इज हु इन नेपाल, ओमोटोको इतिहास (जापानको सिन्टो धर्मबारे) । **सम्पादन/अनुवाद** : कथा (मासिक), कामिनी (मासिक), नेपाल पुकार (साप्ताहिक), जनआवाज (साप्ताहिक) । **पुरस्कार/सम्मान** : श्री ५ को सरकारबाट साहित्यिक पुरस्कार (२०२५) । **हालको ठेगाना** : ६४८ बागबजार, काठमाडौँ ।

कन्चन पुडासैनी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ फागुन २९, बालापीठ, गोठाटार, काठमाडौँ । **माता/पिता** : विष्णुमाया, चन्द्रशेखर पुडासैनी । **शिक्षा** : प्रवेशिका, संस्कृत (सम्पूर्ण मध्यमासम्म) । **सेवा** : सामाजिक, राजनीति, साहित्य । प्रज्ञा-सभासद्

(ने.रा.प्र.प्र.), साझा प्रकाशनका अध्यक्ष (२०६१) । **पहिलो रचना :** प्रेम (खण्डकाव्य, २०१२, *रामकृष्ण पुडासैनीको नामबाट*) । **कृति/सृजना :** प्रेम (खण्डकाव्य, २०१२), कवि (खण्डकाव्य, २०१८), अक्षरहरू (कवितासङ्ग्रह, २०२०), अधिकारी (नाटक, २०२२), प्रेमिका (खण्डकाव्य, २०२३), सम्भावना (कवितासङ्ग्रह, २०२८), प्रस्थान (कवितासङ्ग्रह, २०३३), कवितै कविता (कवितासङ्ग्रह, २०३५), आखिर (खण्डकाव्य, २०४०), प्रत्यागमन (खण्डकाव्य, २०४१), स्मृतिको यात्रा: मनका डोब (संस्मरणसङ्ग्रह, २०४५), चालीस पुकार (कवितासङ्ग्रह, २०४५), अनन्त आकाश (कवितासङ्ग्रह, २०५३), जोर जुहारी (गीत-गीतिनाटकसङ्ग्रह, २०५९), एकाउन्न पुकार (कवितासङ्ग्रह, अङ्ग्रेजी अनुवादसहित, २०५९), विचार विहार (लेख रचनाहरूको सँगालो, २०६०), अधुरो उपन्यास : अधुरा इच्छा (उपन्यास २०६५), गीत र विवाह (२०६५), पल्कीपल्की प्यार गरियो (गीति एल्बम रचना, २०६६) । करिब दुई दर्जन गीतरचनाहरू रेकर्ड भएका । **सम्पादन/अनुवाद :** आस्थाको पुकार (कवितासङ्ग्रह, २०५३), एकताका महानायक (राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहसम्बन्धी कविताहरूको सङ्ग्रह, २०५६), इमर्जीङ भ्वाइसेस (अङ्ग्रेजी भाषामा अनूदित, नेपाल र विदेशमा लेखिएका नेपाली भाषाका १३५ कविका २५५ कविताहरूको सङ्ग्रह, २०६०), एउटी नारी कवितामा (कवितासङ्ग्रह, सम्पादन, लेखन, २०६१) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव (तृतीय, २०२३, द्वितीय, २०२४), मदन पुरस्कार (२०४१), छिन्नलता गीत पुरस्कार (२०६३) । **हालको ठेगाना :** पो.ब.नं. १०१०२, जोरपाटी -२, काठमाडौँ । **फोन :** ४४७१६३४, ४४६४३६८ ।

कन्हैया नासननी (कृष्णगोपाल नासननी)

(बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ साउन नवमी शुक्लपक्ष, पनौती, काभ्रेपलाञ्चोक । **माता/पिता :** राममाया नासननी, विष्णुलाल नासननी । **शिक्षा :** एम.ई. (मेकानिकल इन्जिनियरिङ) । **सेवा :** निजमती । **पहिलो रचना :** ज्योति (कविता, जः पत्रिका, २०१८) । **कृति/सृजना :** क्लियोपाट्रा (उपन्यास, २०४७), एउटा सहरको कथा (उपन्यास, २०४७), मुटुका व्यथाहरू (कथासङ्ग्रह, २०५७), सिपाही (उपन्यास, २०५७), विज्ञानका ताराहरू (बालसाहित्य, २०५८), अन्तरिक्ष-यात्रीहरू (जीवनी, बालसाहित्य, २०५९), संस्मरण-यात्रासंस्मरण (निबन्धसङ्ग्रह, २०६१), चराहरूको पर्यटन मेला (बालसाहित्य, २०६२), सुन्दर पार्कमा सुन्दर फूलहरू (कथा, २०६४), टिनटिन गोलटिन (बालकथा, २०६५), रातो आँसु (उपन्यास, २०६६) । **सम्पादन/अनुवाद :** केही पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान :** उन्नयन स्रष्टा पुरस्कार (२०५८), बालसाहित्य समाज पुरस्कार (०६५) । सुनकोसी साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०६०) । **हालको ठेगाना :** विशालनगर, चण्डोल, काठमाडौँ । **फोन :** ४४३२४९४ ।

कपिल अज्ञात (कपिलमणि शर्मा रेग्मी)

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ चैत्र २, ढाडेटारी, पौवेगौंडे, स्याङ्जा । **माता/पिता :** चन्द्रकला रेग्मी, लीलाधर रेग्मी । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** प्राध्यापन, साहित्य सेवा । **पहिलो रचना :** मेरो देश महान् छ (कविता, २०४६) । **कृति/सृजना :** अज्ञातका कविता (कवितासङ्ग्रह, २०४७), साहित्य सिर्जन-प्रक्रिया (खोजमूलक अनुशीलन, २०५५), समालोचनाको सन्दर्भ (समालोचनासङ्ग्रह, २०५५) । **सम्पादन/अनुवाद :** वागीश्वरी (विविध, संयुक्त सम्पादन), विवेक (२०५६), हरिहर क्षेत्र सन्देश (संयुक्त सम्पादन, २०५३), आत्मावतार (कथासङ्ग्रह, कथाकार डा. सूर्यमणि अधिकारी, २०५६), पत्र सन्देश (पत्र सञ्चय, २०६४), अनुभूतिका उमङ्ग (मुक्तक, २०६४), समय समयका स्वरहरू (गजल, २०६४), भूलहरूका विरुद्ध (निबन्ध, २०६४), समीक्षा सन्धान (समीक्षा, २०६४), देवकोटा आयाम र प्रवृत्ति (समीक्षा, २०६५), ज्योतिष र साहित्य (२०६६), स्रष्टा बिम्ब व्यक्तित्व आरेख (२०६७), लोक साहित्य : प्रवृत्ति र अन्वेषण (२०६७), निर्वाध स्वरहरू (कविता, २०६७) । **पुरस्कार/सम्मान :** कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (२०५५), कालीगण्डकी साहित्य कला पुरस्कार (२०६४) । सगर त्रैमासिक पत्रिकाद्वारा सम्मान (२०५६) । **हालको ठेगाना :** भरतपुर -१२, चितवन । **फोन :** ०५६-५२२०६२, ९८४५११००३० ।

कपिलमणि ज्ञवाली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असार १८, थानपति -६, गुल्मी । **माता/पिता :** दमयन्ती ज्ञवाली, दधिराम ज्ञवाली । **शिक्षा :** बी.ए., बी.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** मेरो मन दुखेको छ (कविता, मधुपर्क, २०४२) । **कृति/सृजना :**

पञ्चतन्त्रका कथाहरू (२०५९), अकबर वीरबलका कथाहरू (२०६०), हितोपदेशका कथाहरू (२०६१), पञ्चतन्त्रका कथाहरू (भाग २, २०६२), जातक कथाहरू (२०६२), केही गीतहरू रेकर्ड भएका । **सम्पादन/अनुवाद :** द भिजन (एस.ओ.एस. हर्मन माइनर स्कुल पत्रिका, २०६१) । **हालको ठेगाना :** का.म.न.पा. ३३, काठमाडौँ (kapilgyawali@yahoo.com) । **फोन :** ४४१३७१ / ९८४१२०४३१४ ।

कपिलमणि रेग्मी

(उपन्यासकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००५ असोज १५, जुगेपानी, पर्वत । **माता/पिता :** द्रौपदी रेग्मी, टीकाराम उपाध्याय रेग्मी । **शिक्षा :** बी.एड. । **सेवा :** अध्यापन । **कृति/सृजना :** सङ्घर्ष (उपन्यास, २०४८) । **हालको ठेगाना :** लेकफाँट -३, पर्वत । **फोन :** ०६७-४२९३०४ ।

कपिल लामिछाने (कपिलदेव)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५, असोज २४, माभ्ठाना -१, कास्की । **माता/पिता :** सुकुमाया लामिछाने, शुक्देव लामिछाने । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा :** प्राध्यापन, साहित्य । **पहिलो रचना :** कामना (कविता, २०३४) । **कृति/ सृजना :** मरुभूमिका पोथ्राहरू (कथासङ्ग्रह, २०४४), पत्रकारिताको रूपरेखा (सहलेखन, २०५०), काले कुकुर (बालकथासङ्ग्रह, २०५१), अक्षर (बालकथासङ्ग्रह, २०५१), अन्यथा (लघुकथासङ्ग्रह, २०५४), भोक्युद्ध (कथासङ्ग्रह, २०५७), भाँडाकुटी (बालकथासङ्ग्रह, २०५८), नेपाली साहित्यको सेरोफेरो (२०५८), सुनकथा (बालकथासङ्ग्रह, २०५९), अनिवार्य नेपाली व्याकरण र अभिव्यक्ति (पाठ्यपुस्तक, २०६०), म्याउँ म्याउँ बिरालो (बालचित्रकथा, २०६०), राँके भूत (बालकथासङ्ग्रह, २०६१), जलमानव (लघुकथासङ्ग्रह, २०६१), रमाइला गाउँखाने कथा (२०६१), अक्टोपसहरू (लामोकविता, २०६१), साधारण नेपाली (सहलेखन, २०६१), रमाइला केही कथा (२०६३), नाङ्ला जत्रो फुल (२०६२), दसैँ, पिङ र हात्ती (२०६३), ठूलो मान्छे (बाल उपन्यास, २०६३), मुसाको बस्ती (२०६४), नेपाली लोकगाथाको अध्ययन (२०६४), कर्मले बने बुद्ध (२०६७), साथी कछुवा (२०६७), हाम्रा गाउँ खाने कथा (२०६६), समालोचनाको सोपान (२०६८), नेपाली गाउँखाने कथाको अध्ययन (२०६८), नेपाली लोकगीतको अध्ययन (२०६८) । **सम्पादन/अनुवाद :** बौद्धिक उद्यान, मोदनाथ प्रश्रित : केही अध्ययन, कविता पौडेल : बहु आयाम (२०६८) । **पुरस्कार/सम्मान :** गीता द्वितीय पुरस्कार (गीता अध्ययन मण्डल, स्वयम्भू काठमाडौँ, २०३७), महेन्द्र विद्याभूषण (२०४२), नूर-गङ्गा बालसाहित्य प्रतिभा पुरस्कार (२०५३), त्रि.वि. विशेष पुरस्कार (२०६६), सकला वाङ्मय सिद्धार्थ पुरस्कार (२०६४), सिद्धार्थ साहित्य पुरस्कार (२०६४) । **हालको ठेगाना :** सगरमाथापथ, सिद्धार्थनगर -७, भैरहवा, रूपन्देही (kapild@wlink.com.np) । **फोन :** ०७१-५२१८५८, ५२०२०५, ९८५७०२२१०९ ।

कमल गाउँले (कमलकुमार शर्मा अर्याल)

(नाट्यकलाकार)

जन्म/स्थान : वि.सं. २०३० असार १६, भिंग्री, प्यूठान । **माता/पिता :** प्रेमकला अर्ज्याल, जमदग्नी अर्ज्याल । **शिक्षा :** आई.ए. । **सेवा :** नाट्यलेखन, निर्देशन र अभिनय । **पहिलो रचना :** सारङ्गी हरायो (कविता, युगबोध दैनिक, २०५७) । **कृति/सृजना :** महापुराण (२०५८), विष्णुपुराण (२०५९), गरुडपुराण (२०६०), टिके सरकार (२०६१) जस्ता हास्यव्यङ्ग्यका गीतिएल्बमहरू तथा सत्यनास भो (२०६२), अडियोभिडियो क्यासेट । तीतो सत्य लगायत थुप्रै नाटक, टेलिचलचित्र एवं ठूला पर्दाको चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान :** राष्ट्रिय मादल प्रतियोगितामा सर्वोत्कृष्ट (२०६०), क्षेत्रीय नाटक उत्सव, महेन्द्रनगरमा उत्कृष्ट (२०५७) । **हालको ठेगाना :** पुतलीसडक, काठमाडौँ । **फोन :** ४-२४२३३८, ९८४१२५८७१९ ।

कमल 'जङ्गली' आचार्य

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ फागुन ७, यासोक-७, पाँचथर ।



माता/पिता : वसुन्धरा आचार्य, रामलाल आचार्य । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, स्वास्थ्य तथा सामाजिक सेवा । **पहिलो रचना :** मन लाग्यो (कविता, मेची पाक्षिक, २०१९) । **कृति/सृजना :** मिसमास : खिच्रो र कुराउनी (मिसमास, २०५६) । **सम्पादन/अनुवाद :** नागबेली (२०३६), आस्था (मासिक, २०३८), यथार्थ कुरा (मासिक), डोली (मासिक, २०३८),आकुञ्चन (मासिक, २०४०), क्षितिज दर्पण (सामयिक सङ्कलन, २०४६), सङ्गम (सामयिक, २०५२) । **पुरस्कार/सम्मान :** जानपद सेवा पदक (२०३८) । जुही सम्मान (२०६०) लगायत विभिन्न सङ्घ-संस्थाहरूबाट अभिनन्दित तथा सम्मानित । **हालको ठेगाना :** दमक नगरपालिका -१०, झापा । **फोन :** ०२३-५८०२०२, ९८४२६२२१५५ ।

कमलमणि देवकोटा

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असार २, शिवरथ -८, सल्यान । **माता/पिता :** कृष्णदेवी उपाध्याय, मयानिधि उपाध्याय । **शिक्षा :** बी.ए., बी.एड. । **सेवा :** निजामती सेवा, नाटक अभिनय । **पहिलो रचना :** भुसको आगो (नाटक अभिनय, सल्यान, २०३२) । **कृति/सृजना :** गोरुजात्रा (२०५९) र बोको ब्यायो (२०६१, गाइजात्रे हास्यव्यङ्ग्य गीति एल्बम), पञ्चामृत (संयुक्तसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद :** मुखपत्र (राप्ती साहित्य परिषद् दाङ) । **पुरस्कार/सम्मान :** स्थानीय पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** त्रिभुवन न.पा. - ११, दाङ । **फोन :** ०८२-५६०५६५, ९८४७८६०५६५ ।

कमलप्रसाद क्षेत्री

(सङ्गीतकार)



जन्म/स्थान : वि.सं. २००५ असोज शुक्ल सप्तमी, कालधारा, धोबीचौर, काठमाडौँ । **माता/पिता :** टेककुमारी क्षेत्री, पुण्यलाल आचार्य क्षेत्री । **शिक्षा :** स्नातक (स्वर-सङ्गीत) । **सेवा :** अध्यापन, सांस्कृतिक संस्थान, सङ्गीत । **पहिलो रचना :** 'हाम्रो देश जिन्दावाद .. ' बोलको गीत-गायन रेकर्ड (स्व. भैरवबहादुर थापाको सङ्गीत, २०२३) । **कृति/सृजना :** Buddhist Ritual Dance, (नेपालको इतिहासमा बज्रयानी चर्यासङ्गीतको पहिलो पुस्तक, हस्तलिखित स्वरलिपि, ई. १९८५), परम्परागत नृत्यहरूको खोजपूर्ण पुस्तक (सामूहिक लेखन), रागहरूको साँचो (पाठ्यपुस्तक, २०५२), भचा भचा (नेवारी भाषा, गजल, २०४२), नाई नाई (गीति एल्बम), एकान्त रात (गीति एल्बम), अतीत (गीति एल्बम, २०२५), याउक च्वँने (नेवारी, गीति एल्बम), भय विउगु यौवन (नेवारी, गजल गीति एल्बम, २०४५), (सबै गीति एल्बमहरूमा सङ्गीत निर्देशन, केहीमा गायन) सरल सङ्गीत सरिता (भाग १-३, प्रकाशोन्मुख), केही नेपाली चलचित्र तथा नाटकहरूमा अभिनय, निर्देशन । **सम्पादन/अनुवाद :** सांस्कृतिक संस्थानमा २०२७ देखि २०६१ सम्मको सबै गीतिनाटकको सम्पादन । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), शिक्षा पुरस्कार (२०५१), चलचित्र रजत जयन्ती पुरस्कार (२०५१) । सनातन धर्मसेवा समितिद्वारा अभिनन्दन सम्मान (२०५०) । **हालको ठेगाना :** पो.ब.नं. २१३८८, कुमारीगाल, काठमाडौँ । **फोन :** ४४८६५३४ ।

कमलमणि दीक्षित (क.दी., लोटस जेम)

(साहित्यकार/अन्वेषक, नेपाली भाषाका पुस्तक संरक्षक)

जन्म/स्थान : वि.सं. १९८६ भदौ १२, गैरीधारा, टङ्गाल, काठमाडौँ । **माता/पिता :** विद्यादेवी दीक्षित, केदारमणि आचार्य दीक्षित । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, पुस्तकालय, मदन पुरस्कार गुठीका अध्यक्ष । **पहिलो रचना :** पुतली (कविता, उदय पत्रिका, वि.सं. २०००) । **कृति/सृजना :** यस्तो पनि (२०१४), कालो अक्षर (समीक्षासङ्ग्रह, २०१७), पर्खँदै बित्ला कि (२०२६), चन्द्रगीता, कागतीको सिरप (२०२६), तीन झलक, भन्ने कुरा (२०३१), बुकी सुन (२०३७), उखान मिलेन (२०३७), चढाइ गर्ने आँखाले (२०३७), कथ्य कि तथ्य (२०३७), नुनको खोजीमा (२०४१), बिर्सेको सम्झेको (संस्मरण, २०४१), विद्यादेवी दीक्षित : एउटा कथा (२०४१), नेति नेति (संस्मरणात्मक निबन्धसङ्ग्रह, २०४१), बाघपञ्जा (२०४३), हृदय हुन् (२०४३), ज्यूँदा कुरा (२०४५), रोटरीका कुरा (२०४५), सग्लो अक्षर (२०४८), म.पु.पु. को पाना (निबन्ध-लेखसङ्ग्रह, २०४८), अथ र इति (२०४९), थाहा छैन (२०५२), भवदीय फलानो (२०५२), चार कन्था

(२०५३), *(नेपाली भाषाका मात्र निबन्ध-सङ्ग्रहहरू करिब ३ दर्जन)* । **सम्पादन/अनुवाद** : जङ्गबहादुरको बेलायत यात्रा (यात्रावर्णन, २०१४), कवि हरिदासको ध्रुवचरित्र (काव्य, २०१५), मोतीराम भट्टको प्रियदर्शिका (नाटक, २०१६), नेपाली (त्रैमासिक, २०१६), बुइँगल (कवितासङ्ग्रह, २०१९), विज्ञान विलासको डा. सूर्यप्रसाद, राजधर्म (२०१९), सुन्दरानन्दको रामायण (पुराण, २०२१), वीरचरित्र (गिरीशवल्लभ जोशीको उपन्यास), बत्तीस सालको रोजनाम्चा (२०२३), शाकुन्तल (शम्भुप्रसादको नाटक, २०२३), सूक्तिसिन्धु (फेरि) (कवितासङ्ग्रह, २०२४), तारो र साथीहरू (२०२९, अनु.), रगतका कुरा (२०२९, अनु.), वनकुसुम (लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य (२०३०), मदन सौरभ (२०३१), मदन गौरव (२०३६), मदन पौरख (२०४०), मानव मूल्यका कविताहरू (२०४६), बुइँगलको एउटा बाकस (२०५३, सहसम्पादन), एउटा अर्को बुइँगल (२०५३, सहसम्पादन) आदि । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०४४), बालचन्द्र पुरस्कार (२०४६), भवानी साहित्यिक पत्रिकारिता पुरस्कार, राष्ट्रिय सरस्वती पुरस्कार, गोपाल पाँडे असीम पुरस्कार (२०५१), महेन्द्र प्रज्ञा पुरस्कार (२०६०), सुप्रबल गोरखा दक्षिणबाहु (२०५६) । **हालको ठेगाना** : श्रीदरबार टोल, पाटनढोका, ललितपुर । **फोन** : ५५३६३३८ ।

कमलमणि बराल

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ १३, आर्बाविजय-५, अमलाचौर, कास्की । **माता/पिता** : मणिकर्णिका बराल, महेश्वर बराल । **शिक्षा** : एम.एस्सी. (त्रि.वि.), विद्यावारिधि (म्याथमेटिक्स), पोस्ट डक. (डी. एस्सी.) । **सेवा** : प्राध्यापन (त्रि.वि. इन्जिनीयरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पस) । **पहिलो रचना** : मलाई फुल्नी बनाऊ ईश्वर तिमी भुल्नी ठाउँमा (जनमत, पोखरा, २०४६) । **कृति/सृजना** : आमाको सपना (कवितासङ्ग्रह, २०५०), नपुछिएका आँसुहरू (कवितासङ्ग्रह, २०५९), पिरोलिएका मनहरू (लेखसङ्ग्रह, २०५९) इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत डिप्लोमा लेभल र बी.इ. का लागि पाँचवटा पुस्तक प्रकाशित । आमाको माया (राष्ट्रिय गीतसङ्ग्रह, २०६७) । **पुरस्कार/सम्मान** : नेपाल विद्याभूषण (क) श्रेणी, प्राज्ञिक सम्मान पुरस्कार (२०६६) र अन्य केही पुरस्कारहरू । **हालको ठेगाना** : कुपण्डोल, ललितपुर (kamalmanib@yahoo.com) । **फोन** : ५५४६६८२, ९८४१५५०६३३ ।

कमलराज रेग्मी

(नाटककार/राजनैतिक लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८४ भदौ ६, मेहल्धारा, तानसेन, पाल्पा । **माता/पिता** : पुण्यकला रेग्मी, केशवराज रेग्मी । **शिक्षा** : स्नातक (साहित्य) । **सेवा** : राजनीति र समाजसेवा । **पहिलो रचना** : उद्योगी भई लम्कौँ (कविता, उद्योग पत्रिका, वर्ष १२, २००४) । **कृति/सृजना** : आमा म र पाल्पा (२०६६), मदनमणिको लेखनधर्मिता (समीक्षा, २०६७) चन्द्रहास, पादुकादान, समाजको भूल, दोस्रो विवाह, ठक्करजस्ता नाटकहरू लेखन/मञ्चन । **सम्पादन/अनुवाद** : पदप्रदर्शक (हस्तलिखित पत्रिका, पाल्पा) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु, महेन्द्र विद्याभूषण । **हालको ठेगाना** : धोबीघाट, ललितपुर (prakash@ccsl.com.np) । **फोन** : ५५५१७५६ /०७५-५२०२११, ५२५५३६ ।

कमल साह

(रङ्गकर्मी, मैथिली भाषा)

जन्म/स्थान : वि.सं. २०२० माघ ६, बेला, धनुषा । **माता/पिता** : शारदादेवी साह, निरञ्जनप्रसाद साह । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : रङ्गमञ्चमा अभिनय (२०४६) । **कृति/सृजना** : जनकपुरका शक्तिपीठहरू (२०६१) । **सम्पादन/अनुवाद** : खोजबिन साप्ताहिक । **हालको ठेगाना** : जनकपुर -३, धनुषा ।

कमला न्यौपाने (करुणा)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ भदौ १६, विजयपुर, धरान, सुनसरी । **माता/पिता** : मोहिनीदेवी खनाल, तुलसीप्रसाद खनाल । **शिक्षा** : एम.ए. (समाजशास्त्र, अङ्ग्रेजी साहित्य) । **सेवा** : समाजसेवा । **पहिलो रचना** : भ्रान्त पथिक (मधुपर्क, २०२९) । **कृति/सृजना** :

उसको सपना (उपन्यास, २०३२), पञ्चायती व्यवस्था एक अध्ययन (२०३४), बोकाएको भारी (नाटक, २०६६), क्रान्ति र संयोग (उपन्यास) । **सम्पादन/अनुवाद :** ओइरो (साप्ताहिक), शारदावाणी, महिला बोल्छिन् आदि । **पुरस्कार/सम्मान :** रत्न समाजसेवा पदक (२०३४), गद्दी आरोहण रजत महोत्सव पदक (२०४४), गोरखा दक्षिणबाहु दोस्रो (२०४५), भूकम्प पदक (२०४५), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), महाकवि देवकोटा सम्मान (२०६७) । **हालको ठेगाना :** घर नं. ६० क्याम्पसमार्ग, चाकुपाट-२२ ललितपुर । **फोन :** ५-५२३१४२, ५५३८०८७ ।

कमला पराजुली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ असार १२, हरकपुर बयरबन, मोरङ । **माता/पिता :** दुर्गादेवी वस्ती, वासुदेव वस्ती । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** साहित्य, पत्रिकारिता । **पहिलो रचना :** कविता (२०४७) । **कृति/सृजना :** निरुत्तरित प्रश्नहरू (कथासङ्ग्रह, २०५६), साहित्यकार सञ्जय थापा व्यक्तित्व-कृतित्व (शोध समीक्षा, २०५६), नेपालमा नारीवाद (२०५९), नलेखिएका कथा (कथासङ्ग्रह, २०६२), प्रेरणादायी व्यक्तित्वहरू (२०६५), क्षितिजको बदलिँदो रङ्ग (उपन्यास, २०६७) । **सम्पादन/अनुवाद :** नवयुग (मासिक, २०६०), अपेक्षा (मासिक पत्रिका) । **हालको ठेगाना :** कोटेश्वर, काठमाडौँ / तोपगाछी -८, झापा (kparajuli25@yahoo.com) । **फोन :** ६६३७०५०, ९५१०१६१७२ ।

करुणाकर वैद्य

(लोकआख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१, साउन, स्वठनारायणस्थान, ललितपुर । निधन : वि.सं. २०४६, काठमाडौँ । **शिक्षा :** बी.एड. (इण्ड केमेस्ट्री) डिप्लोमा सेरामिक्स । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** सरल विज्ञान, सरल विज्ञान प्रश्नोत्तर, नेपालका पुराना वैज्ञानिकहरू (जीवनी सङ्ग्रह, संयुक्त लेखन), नेपाल भाषा शिक्षा (भाषा विज्ञान-२०१३), मृत्तिका उद्योगको रूपरेखा (२०१४), नेपालका केही बौद्ध कथाहरू (कथासङ्ग्रह), नेपालको परम्परागत प्रविधि (विज्ञान-२०३६), टिच् योर सेल्फ नेपाली (२०३४) । **सम्पादन/अनुवाद :** नेपालको दन्त्य-कथासङ्ग्रह (२०२२) अञ्चल लोककथा, नेपालको लोककथा (कथासङ्ग्रह, सङ्कलन, सम्पादन), विश्व प्रसिद्ध कथा भाग १, २ (अनु. २०२६), विश्व लोककथा भाग १, २, (अनु. सम्पादन- २०२६) । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०१४ र २०३६), प्रबल गोरखा दक्षिणबाहु, युनेस्कोबाट नगद पुरस्कार, दीर्घसेवा पदक । **सम्पर्क ठेगाना :** लगनखेल, ललितपुर ।

कर्णकुमार श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०००, गढी थुम्का, इलाम । **माता/पिता :** धनलक्ष्मी श्रेष्ठ, थीरबहादुर श्रेष्ठ । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, चित्रकला । **पहिलो रचना :** प्रेमका दुई रूप (कथा, आमा पत्रिका, बनारस) । **कृति/सृजना :** नाकको अपरेसन (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५९), ऋतम्भरा (गजलसङ्ग्रह, २०६०), मनको सागर (गजलसङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान :** केही सङ्घ-संस्थाहरूद्वारा कदरपत्र तथा सम्मान प्रदान । **हालको ठेगाना :** दमक नगरपालिका -१५, झापा । **फोन :** ५८३००३ ।

कर्णनरसिंह राणा

(ललितकलाकर्मी)

जन्म/स्थान : इ.सं. १९२६, ठमेल, काठमाडौँ । **माता/पिता :** तारादेवी राणा, नूरनरसिंह राणा । **शिक्षा :** लखनउ स्कुल अफ आर्ट एन्ड क्राफ्टबाट डिप्लोमा । **सेवा :** कला, प्राध्यापन । **पहिलो रचना :** थारू केटी (पानी रङ्ग, इ.सं. १९६०) । **कृति/सृजना :** नेपाली जनजीवनका अनेकौँ चित्रकृतिको सृजना । **पुरस्कार/सम्मान :** भूपालमानसिंह - भुमा कार्की पुरस्कार (२०५४), भारतका अनेकौँ कला संस्थानबाट पुरस्कृत । नेपाल ललितकला संस्थान (नाफा) द्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** २३१, चारनारायण मार्ग, का.म.न.पा. -५, काठमाडौँ (sushilrana@wlink.com.np) । **फोन :** ४४३११८४ ।

कर्णप्रसाद मास्के

(ललितकलाकर्मी)



जन्म/स्थान : वि.सं. १९९४ वैशाख ५, जल्जले, तेह्रथुम । **माता/पिता** : शुभद्रालक्ष्मीदेवी मास्के, अरिमर्दन मास्के । **शिक्षा** : आई.ए. (ललितकला, त्रि.वि.) । **सेवा** : चित्रकला, उद्योग व्यावसाय, कृषि, कला शिक्षक, ललितकला प्रज्ञा प्रतिष्ठान (सदस्य) । **पहिलो रचना** : २०२१ देखि लेखनमा संलग्न, लप्चे गवैया (पानीरङ्ग, २०२२) । **कृति/सृजना** : राष्ट्रिय कला प्रदर्शनी (इ.सं. १९६६, १९८९, २००४) । समकालीन कला प्रदर्शनी (जापान, इ.सं. १९८०, १९८५), कोरिया (इ.सं. १९८६), बङ्गलादेश (इ.सं. १९८१), एकल कला प्रदर्शनी : अमेरिका (इ.सं. २००३) । वि.सं. २०२१ सालदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कला प्रदर्शनीहरूमा भाग लिँदै आएको । **पुरस्कार/सम्मान** : श्री ५ वीरेन्द्रको राजगद्दीको २५ वर्षे रजत जयन्तीमा भाग लिएबापत प्रमाणपत्र तथा तक्मा, चित्रकलामा प्रथम (युथ २ स्टुडेन्ट फेडरेसन धरान, २०१४), प्रतिभा पुरस्कार (धरान नगरपालिका, २०४१), सान्त्वना पुरस्कार (राष्ट्रिय कला प्रदर्शनी, २०३४) लगायत अन्य धेरै पुरस्कारहरू प्राप्त । हिडपा सम्मान (विराटनगर, इ.सं. १९९२), नेपाल कलाकार समाज काठमाडौँबाट सम्मान (२०६०) । **हालको ठेगाना** : सिद्धिचरण मार्ग, ब्लक नं. ७, धरान, सुनसरी / काठमाडौँ । **फोन** : ०२५-५२००९७ ।

कर्णबहादुर बानियाँ (बानियाँ कान्छा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ जेठ ११, पुला भीरमुनि, म्याग्दी । **माता/पिता** : कृष्णकला बानियाँ, दिलबहादुर बानियाँ । **शिक्षा** : स्नातकोत्तर (इतिहास), बी.एल., विद्यावारिधि (शोधार्थी) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : जिन्दगी एक भूल रहेछ (मुक्तक, साहस पत्रिका, २०४३) । **कृति/सृजना** : अटेरी चल्लो (बालकथा सङ्ग्रह, २०४४), एक अनौठो जङ्गल (बालकथासङ्ग्रह, २०४९), आधुनिक विश्वको इतिहास (२०५१), पाल्पाको भगवतीजात्रा (इतिहास र संस्कृति, २०५३), मनका तरङ्गहरू (कवितासङ्ग्रह, २०५३), बानियाँ वंशको नालीबेली (२०६२), चकलेटको पोको (बालकथासङ्ग्रह), पाल्पा गौँडा : एक ऐतिहासिक अध्ययन (२०६३) । **सम्पादन/अनुवाद** : साहस (पत्रिका, २०४३), पाल्पामा २००७ सालको आन्दोलन (पाल्पा, २०५३), प्रतिभा (२०५५) आदिमा सहसम्पादन । **पुरस्कार/सम्मान** : धवलागिरि साहित्य पुरस्कार (२०४४), शुक्देव शुकमाया वालसाहित्य पुरस्कार (२०६४), त्रि.वि. विशिष्ट सेवा पुरस्कार (२०६७), कमलराज रेग्मी साहित्य पुरस्कार (२०६७), पाल्पा साहित्य समाजद्वारा सम्मान (२०६७) । **हालको ठेगाना** : भरतपुर -१२, चितवन । **फोन** : ९८४७०६९३७९ ।

कर्ण शाक्य

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : इ.सं. १९४३ मार्च ३० । **माता/पिता** : बुद्धमाया शाक्य, सिद्धिबहादुर शाक्य । **शिक्षा** : बी.एस्सी. (वन विज्ञान) । **सेवा** : पर्यटन व्यवसाय । **पहिलो रचना** : जङ्गली भैँडाहरू (रूपरेखा पत्रिका, इ.सं. १९७४) । **कृति/सृजना** : Dolpa, the world behind the Himalaya (1977), Tales of Kathmandu (1979), Preservation pays (1983), Look down not up (1983), Encounter Wildlife (1990), सोच (२०६१), खोज (२०६६) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (इ.सं. १९८२), प्रख्यात त्रिशक्तिपट्ट (इ.सं. १९८८), सुप्रबल गोरखा दक्षिणबाहु (इ.सं.१९९८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (इ.सं. २००१), Boss Best Entrepreneur of the year (2004), उत्तम शान्ति पुरस्कार (२०६१) । **हालको ठेगाना** : लाजिम्पाट, काठमाडौँ । **फोन** : ४४३४७०५, ४४४१४४६ ।

कर्णसिंह मगर

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ कात्तिक १, इनरुवा-७, सुनसरी । **निधन** : २०४० । **माता/पिता** : गौरीदेवी मगर, नरबहादुर मगर । **शिक्षा** : मेट्रिक । **सेवा** : शिक्षा । **कृति/सृजना** : कर्णका केही अभिव्यक्तिहरू (कवितासङ्ग्रह, २०४१) । **सम्पादन/अनुवाद** : सुनसरी (पत्रिका), समाचार जगत (साप्ताहिक) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथो ।

कलाधर काफ्ले

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २००० वैशाख १६, लामाचौर -४, कास्की । **माता/पिता** : मुरलीदेवी काफ्ले, गुरुदत्त काफ्ले । **शिक्षा** : एम.कम., बी.एल. । **सेवा** : निजामती (उपसचिव पदबाट सेवा निवृत्त), सामाजिक सेवा । **पहिलो रचना** : २०२४ सालमा रेडियो नेपालबाट कविता वाचन प्रसारण । **कृति/सृजना** : नेपालको दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्ति (लेखसङ्ग्रह, २०४५), नेपालमा ग्रामीण विकासका अवधारणा (लेखसङ्ग्रह, सहलेखन, २०५१), बेलायततिरका तीस पाइला (यात्रासंस्मरण, २०६३), इन्द्रेणी (२०६४), मेरो स्वदेश भ्रमण (२०६५), पहिलेका भ्रमण : अहिलेका संस्मरण (नियात्रा, २०६६), अर्को इन्द्रेणी (२०६७), सिड्नीको सेरोफेरो (२०६८) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु चौथा (२०३०), शुभराज्याभिषेक पदक, दीर्घ सेवा पदक । सिम्पल आर्ट बानेश्वरबाट 'समाजसेवी'को रूपमा सम्मान (२०६१), ज्येष्ठ प्रतिभा सम्मान (साहित्य सन्ध्या, २०६४), बी.डी. त्यागी स्मृति केन्द्र बानेश्वर, काठमाडौंबाट सम्मान (२०६४) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौं । **फोन** : ४१०४१९१, ९८४१५३५०३० ।

कलानाथ अधिकारी



(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१ भदौ ५ । निधन : २०५४ चैत्र २३ । **सेवा** : साहित्य, अभिनय, कला । **पहिलो रचना** : आमाको गालामा गुडेको आँसु (१९९३) । **कृति/सृजना** : नेपाली शिर उठाऊ (१९९५), कुतकुते गीत (२००८), आह्वान (२००८), मन धन (२००८), मनमा (२००८), समय गीत नं. १, २ र ३ (२००९), माइला दाइ गाइदे (२०११), मनको कुरा बुझिदेऊ (२०१२), एक होऊ (२०१२), सुनगाभा (२०१५), दिउल (२०२२), नेपाली गाना (गीतसङ्ग्रह) ।

कलानिधि दाहाल (पागल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३, फागुन ८ गते, बिगुटार, ओखलढुङ्गा । **माता/पिता** : मनमाया दाहाल, नन्दलाल दाहाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : गौरवमय नेपाल (स्वदेश गौरव साहित्यिक पत्रिका, २०३४) । **कृति/सृजना** : गौरवमय नेपाल (कवितासङ्ग्रह, २०३८), केही कवि : केही कविता (संयुक्त कवितासङ्ग्रह, २०४३), सीमा बासु (खण्डकाव्य, २०६५), विभाजित विश्व (महकाव्य, २०६६) । **सम्पादन/अनुवाद** : ओखलढुङ्गा (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान** : भानुमोती काव्य पुरस्कार (२०५७), विभिन्न राष्ट्रव्यापी कविता, निबन्ध प्रतियोगिताहरूमा विभिन्न पदकहरू प्राप्त । **हालको ठेगाना** : बत्तीसपुतली, ब्लक नं. ७६५ (ग-२), काठमाडौँ । **फोन** : ४४९०९४५, ९८४९४६८४८५ ।

कल्पना अधिकारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ भदौ ३, रत्ननगर -४, चितवन । **माता/पिता** : मानकुमारी अधिकारी, सीताराम उपाध्याय अधिकारी । **शिक्षा** : आई.ए. सम्मको अध्ययन । **सेवा** : ज्योतिष । वनिता सम्मान । **पहिलो रचना** : तमाखुको उत्पत्ति (कथा, नेपाल ज्योति, २०३८) । **कृति/सृजना** : प्रेमदीप (कथासङ्ग्रह, २०६१) जीवनधारा (भजनगीति एल्बम, २०६२), आमा (कथासङ्ग्रह, २०६२), उत्ताउलो (कथासङ्ग्रह, २०६५) । **पुरस्कार/सम्मान** : ज्योतिष भाष्कर (२०६३) । **हालको ठेगाना** : पो.ब.नं. १९५६७ काठमाडौँ । **फोन** :९८४१२०६६७३ ।

कल्पना घिमिरे

(नाटककार/अनुवादक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २०१३ कात्तिक ५, कालिकास्थान, काठमाडौँ । **माता/पिता** : कुसुमकुमारी, बालचन्द्र शर्मा । **शिक्षा** : स्नातकोत्तर (अर्थशास्त्र, फ्रान्स सर्बोम् विश्वविद्यालय) ।

सेवा : प्राध्यापन (फ्रेन्च भाषा) । **कृति/सृजना** : मान्छे ताक्छ मुढो (नाटक), जेठो छोरो । **सम्पादन/अनुवाद** : विनाचिहानको मृत्यु (अनु. २०४७), स्कापाको दाउपेच (अनु. २०४७ मोलियर), असम्बन्धित (अनु. कामु), आर्गनको व्यथा (अनु. मोलियर), एन्टी गनी (अनु.) ।

कल्पना प्रधान

(बालसाहित्य स्रष्टा, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २००३, मार्से, खोटाङ । **शिक्षा** : प्रवेशिका । **सेवा** : साहित्य । **कृति/सृजना** : *बालकथा* : रुपैयाँ फल्ने रूख (२०४२), सेती परी काली परी (२०४२), हीरा र मोती (२०४२), मेरो सानो घोडा (२०४२), अर्थ न बर्थका कुरा (२०४२), पञ्चतन्त्रका पाँच कथा (२०४२), चीँ अपरा (२०४६), खिच्रीमिच्री (२०४६), खरायो र उसको छायाँ (२०४७), शोकाकूल ढुङ्गाहरू (२०५२), सुनचाँदीका बालक (२०५३), दयालु परी (२०५३), घोडाको मोल (२०५४), नजानी गरेको पाप (२०५४), मित्रता (२०५५), बीनाको बर्थ डे (२०५५), दाउरेको छोरा (२०५६), हिमकन्या (२०५८), मामाको बिहे (२०५८) । *कविता* : चीँ मुसी चीँ (कविता, २०४६), नानीका साना कविता (२०५६) । पराक्रमी फर्सी (उपन्यास, २०५८) आदि । **हालको ठेगाना** : विराटनगर, मोरङ । **फोन** : ०२१-५३००२६ ।

कल्याण ओझा

(कवि, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०२६ साउन ६, बगरकोट-५, सिराड, डडेल्धुरा । **माता/पिता** : करमादेवी ओझा, नन्दलाल ओझा । **शिक्षा** : एम.ए. (त्रि.वि.) । **सेवा** : साहित्य । **पहिलो रचना** : कविता (वार्ता साप्ताहिक, कन्चनपुर, २०४२) । **कृति/सृजना** : पितृ वियोग (शोककाव्य, २०४६), घाइते प्रजातन्त्र (कवितासङ्ग्रह, २०५३), ए ! दशैं (खण्डकाव्य, २०५९), टुक्राटाक्री सिएपछि (मुक्तकसङ्ग्रह, २०५९) । शान्ति हराएको छ, जागिरको पीडा र रित्तो दशैं नामक तीनवटा एकाङ्की प्रकाशित । **सम्पादन/अनुवाद** : सङ्गम (वार्षिक), मन्थन (वार्षिक), शिक्षक रैबार (वार्षिक), गुगुल्डी (मासिक, डोटेली भाषा), अभिवादन (मासिक साहित्यिक), आफन्त (मासिक साहित्यिक), जमर्को (पर्चा साहित्य), आदि । **पुरस्कार/सम्मान** : वि. साहित्य प्रतिष्ठान धनगढीबाट पुरस्कार (२०६१), महेन्द्रनगर नगरपालिकाको नवौं नगरपरिषद्बाट साहित्यमा सेवा गरेवापत अभिनन्दन (२०५८) । **हालको ठेगाना** : बगरकोट -५, सिराड, डडेल्धुरा ।

कविता पौडेल

(लेखक, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २००२ माघ ६, खिदिम, म्यालपानी, अर्घाखाँची । **माता/पिता** : बुधकुमारी गौतम, दुर्गाप्रसाद गौतम । **शिक्षा** : कक्षा १० । **सेवा** : राजनीति । **पहिलो रचना** : तीज गीतमाला-१ (२०३८) । **कृति/सृजना** : तीज गीतमाला (भाग २-३ २०४२, २०५७), योगासन र ध्यान (२०५९), काँडेघारीको यात्रा (संस्मरण, २०५९), बाल चीत्कार (उपन्यास, २०६२) । **पुरस्कार/सम्मान** : लूनकरण-गङ्गादेवी पुरस्कार (२०६७) । **हालको ठेगाना** : महादेवस्थान -८, काठमाडौं । **फोन** : ४३११४६१ ।

कविताराम श्रेष्ठ (रामबहादुर श्रेष्ठ)

(बालसाहित्यस्रष्टा/लेखक, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २००४ माघ ११, रामबजार, ओखलढुङ्गा । **माता/पिता** : मनमाया श्रेष्ठ, नन्दराम श्रेष्ठ । **शिक्षा** : एम.ए. (समाजशास्त्र), विद्यावारिधि । **सेवा** : सरकारी सेवा, साहित्य । **पहिलो रचना** : काल (कविता, जुनकीरी भित्तेपत्रिका, २०१७) । **कृति/सृजना** : विस्थापित अनुहारहरू - अस्वीकृत साहित्य (उपन्यास, सहलेखन, २०२८), कालो कथा (कथासङ्ग्रह, २०३६), प्रलाप (कथासङ्ग्रह, २०३८), वनदेवी (बाल उपन्यास, २०३७), पानीको थोपा (बाल उपन्यास, २०३७), अवतार विघटन (उपन्यास, सहलेखन-२०४५), मेरा अस्वीकृत मान्यताहरू (निबन्धसङ्ग्रह, २०४६), मुक्तिप्रसङ्गका अस्वीकृत कथाहरू (कथासङ्ग्रह, २०४७), बकपत्र (उपन्यास, २०४६), स्वभाव गीता (नाटक, २०४८), एकसय एक हस्ताक्षरहरू, कमिलाको कथा (बाल उपन्यास, २०४७), अनौठो

यात्रा (विज्ञान बालउपन्यास, २०५५), बुद्धिबङ्गाराको फोन (भाग १, २, ३, स्वास्थ्य विज्ञान, बालकथासङ्ग्रह, २०५५), मावलीको यात्रा (बाल उपन्यास, २०५७), के किन भनियो ? (निबन्धसङ्ग्रह, २०५८), फ्रम द म्याङ्गो ट्री एन्ड अदर टेल्स फ्रम नेपाल (कोलोराडो राज्यमा माध्यमिक तथा प्राथमिक विद्यालय शिक्षकहरूका लागि सन्दर्भ पुस्तक) । चलचित्र : रहस्यमय गुफा (२०४५) र मुक्तिसङ्घर्ष (२०४८) को कथा, संवाद, गीत तथा पटकथालेखन । **सम्पादन/अनुवाद :** छायाँ (महेन्द्र कलेज, धरानको मुखपत्र), सामयिक सारसङ्ग्रह (सामयिक डाइजेष्ट-प्रधान सम्पादक), मन्त्र (सामयिक सङ्कलन-सहसम्पादक), सञ्जीवनी (सामयिक सङ्कलन-सम्पादक), विदेह (हस्ताक्षर अङ्क, सम्पादन/सम्पादक), कन्फेजन (उपन्यास, नेपालीबाट अङ्ग्रेजीमा अनु., २०५२) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क', सर्वोत्तम पुस्तक लेखक (अन्तर्राष्ट्रिय बाल कोष, इ.सं. १९८३, नेपाल बालसाहित्य समाज, इ.सं. १९९२), सर्वोत्कृष्ट कथाकार पुरस्कार (चलचित्र मुक्तिसङ्घर्ष, इ.सं. १९९२), मुक्तिसङ्घर्ष मा सर्वोत्कृष्ट चरित्र अभिनेताका लागि पुरस्कृत, एसिया अफ्रिका सोलिड्यारिटी अवार्ड (इ.सं. १९९४), सर्वश्रेष्ठ युवा पुरस्कार (युवामञ्च, २०५१) । जिल्ला विकास समिति ओखलढुङ्गाबाट अभिनन्दन (२०५५), रत्नचोक महोत्सवद्वारा अभिनन्दन (२०५६), दोलखा पब्लिक हाइस्कुलद्वारा सम्मान । **हालको ठेगाना** : अनामनगर, काठमाडौँ । **फोन** : ४२२२७६४, ४२४०४१८ ।

कविप्रसाद गौतम

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६०, पाको पोखलड्याङ, नयाँ सडक, काठमाडौँ । निधन : २०४५ । **पिता** : कुञ्जविलास गौतम । **शिक्षा** : दर्शन, पुराण, उपनिषद्, वेदको अध्ययन । **कृति/सृजना** : भावार्थकुञ्ज (२ भागमा) भागवतको व्याख्या गद्यमा, सख्यरस (८ भागमा) कृष्णलीला र सखीहरूको विवरण, झलक (३ भागमा) भागवत र ब्रजका बाहिरी भाव, भाव निकुञ्जी (३ भागमा) ब्रजका २० घेराको दर्पण, भागवत कुञ्ज, रामायणकुञ्ज, भागवत भूषण, भागवत कथामा आधारित नाटक, कविता, सवाई, रामायणान्त आदि १०८ आध्यात्मिक विषयका पुस्तक प्रकाशित ।

कवीन्द्रमान सिंह

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२ कात्तिक १८, वसन्तपुर, तानसेन, पाल्पा । **माता/पिता** : लक्ष्मीकुमारी सिंह, कौस्तुभमान सिंह । **शिक्षा** : आई.ए., साहित्य रत्न (प्रयाग) । **सेवा** : अध्यापन । **पहिलो रचना** : सदवा वा विधवा (कथा, युगवाणी, २००५) । **कृति/सृजना** : पराग (गीतिकाव्य, २०११), विरहिणी (कथासङ्ग्रह, २०११), जीवनपथको घुम्तीबाट (कथासङ्ग्रह, २०५३), रजकण (गीत, मुक्तक छोटा काव्यसङ्ग्रह, २०५३), पाल्पाको सेरोफेरो (संस्कृतिक लेखसङ्ग्रह, २०५४), क्षितिजको परिवेशभित्र (काव्यसङ्ग्रह, २०५४) । **पुरस्कार/सम्मान** : साहित्य सेवा पुरस्कार (नेपाली भाषा समिति दार्जीलिङ, २०१८), गद्दी आरोहण रजत महोत्सव पदक (२०५१), छविलाल पाल्पाली प्रतिभा साहित्य पुरस्कार (२०५३), नूर-गङ्गा संस्कृति पुरस्कार (२०६२), प्रबल गोरखा दक्षिणबाहु, नगद पुरस्कार (जिल्ला शिक्षा कार्यालय, पाल्पा) । नूर-गङ्गा प्रतिभा सम्मान (२०५९), पाल्पा सङ्गमद्वारा सम्मान (२०६१), तानसेन गुठीबाट सम्मान तथा प्रशंसापत्र । **हालको ठेगाना** : का.म.न.पा. -४, काठमाडौँ । **फोन** : ४४३२६५६ ।

कवीन्द्रराज भट्टराई (के. आर. आश्रित)

(गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ असार ४, कास्कीकोट, खोरियापानी, कास्की । **माता/पिता** : पवित्रादेवी भट्टराई, शशीधर भट्टराई । **शिक्षा** : एम.एस्सी. (रसायनशास्त्र) । **सेवा** : अध्यापन, गायन । **पहिलो रचना** : हास्यव्यङ्ग्य विधामा देखा परेको मन्दता (विचार, मधुपर्क, २०५१) । **कृति/सृजना** : चितवन भरतपुर (गीतिएल्बम, गायन तथा शब्दसङ्कलन, २०५८) । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (मध्यपश्चिम एवं सु.प. स्तरीय कविता प्रतियोगिता, २०५९) । **हालको ठेगाना** : धधवार-४, वैदी, बर्दिया /नेपालगञ्ज । **फोन** : ०८१-५२६२८९ ।

काङ्माङ नरेश (नरेश राई काङ्माङ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ वैशाख ८, नागी-४, दिल्पा, भोजपुर । **माता/पिता** : कृष्णकुमारी राई, कृष्णबहादुर राई । **शिक्षा** : आई.ए. । **सेवा** : ब्रिटिस सेना । **पहिलो रचना** : निर्दोष आमाको मृत्यु (कविता, २०५४) । **कृति/सृजना** :

सीमाहीन बिम्बहरू (संयुक्त कवितासङ्ग्रह, २०६०), आँसुको दोभान (संयुक्त कविता-सङ्ग्रह, २०६१), अनुहारमा लुकाइएका चोटहरू (कवितासङ्ग्रह, २०६५), युद्ध बोकेको सिताङ (उपन्यास, २०६८) । **सम्पादन** : सीमाहीन बिम्बहरू (संयुक्त सम्पादन, कवितासङ्ग्रह, २०६३), ग्रीनवीचका प्रतिध्वनिहरू (संयुक्त सम्पादन, कवितासङ्ग्रह, २०६६), युद्धमा हराएको प्रेम (संयुक्त सम्पादन, २०६८), ग्रीनवीच टाइम्स । **पुरस्कार/सम्मान** : चित्रकला प्रतियोगितामा प्रथम (भक्तपुर, २०४८), कविता प्रतियोगितामा प्रथम (धरान, २०५१), बेलायतमा आयोजित कविता प्रतियोगितामा प्रथम (२०५९), खुल्ला कविता प्रतियोगितामा प्रथम (बेलायत, २०६२), दोस्रो विश्वव्यापी खुल्ला कविता प्रतियोगितामा द्वितीय (बेलायत, २०६६), किरात राई यायोक्खा सम्मान (बेलायत, सन् २००८), **हालको ठेगाना** : धरान, सुनसरी / बेलायत (akangmang@gmail.com) । **फोन** : ००४४७४०३६३११५९ ।

काजीमान कन्दङ्वा

(लोकसाहित्य अन्वेषक, नेपाली/लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. १९८६ पुस १८ । निधन : २०६० जेठ ३, धरान) । **माता/पिता** : बममाया, शमशेरजङ्ग कन्दङ्वा । **शिक्षा** : स्नातक । **सेवा** : राजनीति । **कृति/सृजना** : आठ कथा (२०१०), किराती खेया (उखान सङ्ग्रह, २०१०), याकथुङ् इङसुम (लिम्बू उखान, २०११), पाङखरे येबारे येरा (२०१२, कथासङ्ग्रह, नुमाफुङ चलचित्र बनेको कथा), नेपाली जनसाहित्य (२०२०), नानीका गीत २०३६) आठ पहरिया राई जातिको दिनचर्या (२०५०), पाँच लोककथा (राई भाषा), वक्तव्य र अन्तर्वार्ता (२०५८), किरातका केही ऐतिहासिक तथ्यहरू, किरात केही तथ्य केही दृष्टि, राईहरू कहिलेदेखि लिम्बू भए ? **सम्पादन/अनुवाद** : कन्दङ्वा बंशावली (सम्पादन, २०५६)), भारती (हस्तलिखित पत्रिका), मगज (हस्तलिखित पत्रिका, २००३) । **पुरस्कार/सम्मान** : पासाङ ल्हामु पुरस्कार (२०५४), प्रज्ञाप्रतिष्ठानबाट सम्मान, प्रजातन्त्र सेनानी सम्मान, किरात याक्थुङ चुम्लुङद्वारा अभिनन्दन ।

काजीरोशन (काजी राजभण्डारी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ कात्तिक २, नौविसे टोल, बागलुङ । **माता/पिता** : हरिलक्ष्मी, भमरजङ राजभण्डारी । **शिक्षा** : स्नातक । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : बागलुङ छाडेपछि (कविता, ज्योति पत्रिका, २०२१) । **कृति/सृजना** : हिमशृङ्खलाबाट (कवितायात्रा, २०३५), मानसरोवरमा डुबुल्की मार्दा (विविध सङ्कलन, २०३५), सम्झनाको गोरेटोमा : मोहनबहादुर मल्ल (जीवनी, संस्मरण, २०३६), चारो टिप्न गएका बस्तीहरूमा (नियात्रा, २०६०), एम्बुस, देश र फूलदानीहरू (कवितासङ्ग्रह, २०६२), कवि, रोगी र नर्स (नियात्रा, २०६३), एक झुप्पा प्रकाश (भूमिका, २०६३), स्रष्टा भेटका स्वर्णाक्षर (हस्तलिपि र हस्ताक्षर, २०६४), किसान (कविता, २०६५), राजभण्डारी दर्पण (अनुसन्धान, २०६६) । **सम्पादन/अनुवाद** : कालीको छाल, मुनो (हस्तलिखित, २०२८), कर्णाली प्रवाह (हस्तलिखित द्वैमासिक, २०३०), पुष्पाञ्जली (२०४२), झिल्का, धौलागिरि, जगन्नाथ स्मृतिग्रन्थ, समाजसेवी ओमप्रसाद गौचन स्मृतिग्रन्थ, स्थलगत कविता (२०६१), बुकी, महिला हित संरक्षण समूह बुलेटिन आदि सम्पादन । **पुरस्कार/सम्मान** : रत्न श्रेष्ठ पुरस्कार (२०३७), दीर्घसेवा पदक (२०३९), जानपद सेवा पदक (२०४०), युवा वर्ष मोती पुरस्कार (२०४५), गद्दी आरोहण रजत महोत्सव पदक, मास्टर मित्रसेन अवार्ड (२०५३) । सन्ध्यानायक-पोखरेली सांस्कृतिक परिवार पोखरा, सिर्जनशील साहित्यिक समाज रूपन्देही भैरहवा, नेपाल भाषा मंका खल बाग्लुङ (२०६२), सिलसिला सम्मान (विराटनगर), न्यू वेस्ट प्वाइन्ट वाङ्मय परिवार म्याग्दी (२०६६), राजभण्डारी अध्ययन अनुसन्धान केन्द्र बाग्लुङ (२०६६) लगायतका सङ्घसंस्थाहरूबाट सम्मानित तथा अभिनन्दित । **हालको ठेगाना** : बागलुङ -३, बागलुङ । **फोन** : ०६८-५२०२०४ ।

कान्छाबुद्ध वज्राचार्य

(चर्या नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. १९७६ माघ शुक्ल तृतीया, असन त्यौड, काठमाडौँ । निधन : २०५६ । **माता/पिता** : हेरामाया वज्राचार्य, जितबहादुर वज्राचार्य । **शिक्षा** : चाणक्य नीति र गणितको घरैमा

अध्ययन । **सेवा** : भजनमण्डली, रेडियो नेपाल (२००८), ने.रा.प्र.प्र. (२०२६), सांस्कृतिक संस्थान (२०३३) । **पहिलो रचना** : हाम्रो चर्या नाच (नेवारी भाषामा, ने.सं. ११०४) । **कृति/सृजना** : शुभविवाह, महाकाली, चण्डालिकाजस्ता गीतिनाटक, नृत्यनाटिका एवं लोकनाचहरूको संयोजन । **पुरस्कार/सम्मान** : इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०४६), चर्या गुरु । नेपाल भाषा मंकाखलःद्वारा अभिनन्दन । **हालको ठेगाना** : त्यौड, काठमाडौं ।

कार्तिकेय घिमिरे (कृष्णप्रसाद घिमिरे)

(बालकथा लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ पुस ३, हरिऔन-२, सर्लाही । **माता/पिता** : दुर्गादेवी घिमिरे, चन्द्रनाथ घिमिरे । **शिक्षा** : एम.ए. (आमसञ्चार र पत्रकारिता) । **सेवा** : सम्पादन । **पहिलो रचना** : कथा एउटा जीवनको (कथा, २०५३) । **कृति/सृजना** : बालकथासङ्ग्रह : बुद्धिमान् छोरी (२०५३), फुच्चे बन्यो राजा (२०५७), मेरी सानी राधा (२०५६), भ्यागुताको प्रजातन्त्र (२०५८), परीको कल्पना (२०६०), निर्दोष हत्यारा (कथासङ्ग्रह, २०६१), सेलेक्टेड चाइल्ड स्टोरिज अफ कार्तिकेय (२०६१), फायरिज इमाजिनेसन (२०६१), मुर्दालाई दुख्दैन (कवितासङ्ग्रह, २०५६) । बालउपन्यास : भूतराज (२०५८), डरलाग्दो राक्षस (२०५८), अचम्मको देश (२०५९), बालदिवस (२०६०) । **सम्पादन/अनुवाद** : विपनाको जिद्दी (बालकथा, २०५६), भ्वाइस अफ चिल्ड्रेन (२०६१), नेपाल बाल सङ्गठनबाट प्रकाशित बालक पत्रिकाको सम्पादन । **पुरस्कार/सम्मान** : पी मिडिया बालपत्रकारिता पुरस्कार (२०६२), राष्ट्रिय बालहितकारी पुरस्कार (२०६४), नूरगङ्गा बालसाहित्य नवप्रतिभा पुरस्कार (२०६५), पारिजात बालसाहित्य विशेष सम्मान (२०६५), कविताराम बालसाहित्य प्रवर्द्धन सम्मान (२०६६) । **हालको ठेगाना** : हरिवन-२, सर्लाही /काठमाडौं (kartikeya99@gmail.com) । **फोन** : ९७५१००३५३१, ०१६९१५३७९ ।

कालीकान्त झा 'तृषित'

(कवि, मैथिली/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ भदौ २६ , देवपुरा, रूपैठा-६, धनुषा । **माता/पिता** : पञ्चमुखीदेवी झा, निरसु झा । **शिक्षा** : स्नातकोत्तर (वाणिज्यशास्त्र) । **सेवा** : निजामती सेवा । **कृति/सृजना** : भंगियाक भजन (नचारी सङ्ग्रह, २०२७), रीत केहन विपरीत (कविता, २०५३), 'तृषित'क फूलबारी अभिनव गीत (२०६०), मैथिली संस्कार गीतसङ्ग्रह, २०६१) ।

कालीदास पराजुली

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९३६ जेठ, भिरुवा, पोखरा । निधन : २००७ कात्तिक । **माता/पिता** : बसुमाया, भूरमण पराजुली । **शिक्षा** : साहित्याचार्य, संस्कृत/बनारस । **सेवा** : रानीपोखरी पाठशालामा शिक्षक (काठमाडौं) । **कृति/सृजना** : चालचलन (१९६५), बाजीरहस्य । उत्तररामचरित (नाटक, अनु.) सूक्तिसुधा, सुन्दरी सूक्तिसिन्धु, माधवी र रचनामा प्रकाशित । **सम्पर्क ठेगाना** : पोखरा -१, टुँडिखेल, कास्की / धापासी, काठमाडौं । **फोन** : ०६१-५३०२६२ / ४३५६०५५, ९८४१३७४२४२ ।

कालीदास श्रेष्ठ

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९७९ माघ ३, झोछें, वसन्तपुर, काठमाडौं **माता/पिता** : मङ्गलकुमारी श्रेष्ठ, गोविन्ददास श्रेष्ठ । **शिक्षा** : साहित्य विशारद (नेपाल भाषा), जी.डी.ए. (गभर्नमेन्ट डिप्लोमा इन आर्ट) । **सेवा** : अध्यापन, प्राध्यापन, कलासेवा, ने.रा.प्र.प्र. (मानार्थ सदस्य) । **पहिलो रचना** : बाल रेखात्मक चित्र (वि.सं. २००७) । **कृति/सृजना** : बाल कला (भाग १-५), नेपाल परिचय (सहलेखन, विभिन्न मूर्ति निर्माण, रत्नराज्यलक्ष्मी क्याम्पसको प्राङ्गणमा अवस्थित तत्कालीन श्री ५ मुमा बडामहारानी सरकारको प्रतिमा निर्माण, चित्रकलातर्फ पेन्टिङहरू निर्माण जुन नाफा आर्ट ग्यालरी, त्रि.वि., प्राकृतिक सङ्ग्रहालय, स्व. जनरल श्री सिंहशमशेर ज.ब.रा.को

सङ्ग्रहालय आदिमा सङ्गृहीत साथै विदेशी विश्वविद्यालय र व्यक्तिगत सङ्ग्रहालयमा सङ्गृहीत (नेपाल, भारत, जर्मन, आदि) । **पुरस्कार/सम्मान** : नेपाल उद्योग प्रदर्शनी द्वितीय तथा तृतीय अधिवेशनमा नगद पुरस्कार (वि.सं. १९९६ र २000), महेन्द्र प्रज्ञा पुरस्कार, शुभराज्याभिषेक पदक (२०१३), जानपद सेवा पदक (२०२३), दीर्घसेवा पदक, शुभराज्याभिषेक पदक (२०३१), गद्दी आरोहण पदक (२०५३) । **हालको ठेगाना** : नरदेवी, काठमाडौँ । **फोन** : ४२५९२७८ ।

कालीप्रसाद रिजाल (अजिता रिजाल)

(कवि/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ चैत्र १०, धरान, सुनसरी । **माता/पिता** : कृष्णकुमारी, रुद्रप्रसाद रिजाल । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल. । **सेवा** : प्राध्यापन, निजामती । **पहिलो रचना** : आसामको कुनै एक पत्रिकामा पहिलो गीत प्रकाशन । **कृति/सृजना** : ज्वारभाटा (कवितासङ्ग्रह, २०१९), रिजालका केही कविता (कवितासङ्ग्रह, २०२४), के छ र जिन्दगी बिताइदिन्छु (गीत, कवितासङ्ग्रह, २०३६), आँखा छोपी नरोऊ भनी (गीतसङ्ग्रह, २०४५), यो प्रश्न कोसित सोधौँ (कवितासङ्ग्रह, २०४७), केही गीत केही गजल (गीत गजलसङ्ग्रह, २०५४), मेरो कवितामा जलिरहेछ मेरो देश (कवितासङ्ग्रह, २०५४), यशोधरा (गीति नाटक, २०५९), आफैलाई हराएपछि (कवितासङ्ग्रह, २०६१), यशोधरा (गीतिनाटक, २०६४), मायाको याम (गीति एल्बम, सी.डी.), दर्जनौ गीतहरू रेकर्ड । **सम्पादन/अनुवाद** : बी.पी. कोइरालाको उपन्यास 'सुम्निमा' को हिन्दीमा अनुवाद (२०५३) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु तेस्रा, एकेडेमी पदक (२०२०), रत्नश्री स्वर्णपदक (२०३४), हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार (२०५३), कृष्णकुमारी मनोरथ नेपाल साहित्य पुरस्कार (२०५८), मधुपर्क कविता पुरस्कार (२०५९), छिन्नलता पुरस्कार (२०५९), त्रिशक्ति पट्ट चौथा । विभिन्न सङ्घसंस्थाबाट सम्मानित । **हालको ठेगाना** : बौद्ध महाङ्काल, पानीट्याङ्की, काठमाडौँ । **फोन** : ४४७०७७९ ।

कालीप्रसाद शर्मा अर्ज्याल

(वाद्यवादक, सङ्गीतकर्मी)

जन्म/स्थान : वि.सं. १९७२ असार कृष्ण द्वितीय, देवपत्तन, काठमाडौँ । **निधन** : २०३७ वैशाख ८ । **शिक्षा** : वाद्यवादन सम्बन्धी कलकत्ता र बनारसमा अध्ययन । **सेवा** : रेडियो नेपाल, वाद्यप्रबन्धक (२०२२), कलानिधि सङ्गीत महाविद्यालयमा तबला प्रशिक्षक । **कृति/सृजना** : तबला बोध (२०२९) । **सम्पादन/अनुवाद** : कत्थक नृत्य संयोजन । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथो (२०२७) ।

कालीप्रसाद (कालीदास) सुवेदी

(लेखक/कवि, नेपाली भाषा)

जन्म/स्थान : १९९९ फागुन २९, इनरुवा, सुनसरी । **माता/पिता** : सावित्री सुवेदी, मोहनीप्रसाद सुवेदी । **शिक्षा** : कोविद । **सेवा** : समाजसेवा । **कृति/सृजना** : अनुशिलन (निबन्धसङ्ग्रह, २०६५), विकीर्ण चिन्तन (२०६७) । **सम्पादन/अनुवाद** : प्रलेस प्रगतिशील लेखक संघ सुनसरी शाखाको मुखपत्र, अविरल नवदुर्गा-२०६७ (स्मारिका), प्रगति (इनरुवा विशेषाङ्क) । **पुरस्कार/सम्मान** : लोकतान्त्रिक स्रष्टामञ्चद्वारा स्रष्टा सम्मान (२०६३), नेकपा एमाले इ.न.क.द्वारा वितरित घाइते/बन्दी पदक (२०६३), युनिभर्सल पिस फेडरेसनद्वारा सम्मान (२०६३), नेपाल राष्ट्रिय शिक्षक सङ्गठन सुनसरीद्वारा साहित्य सम्मान (२०६६) लगायत विभिन्न साहित्य गोष्ठीमा प्रथम पुरस्कार । **हालको ठेगाना** : इनरुवा-१, सुनसरी । **फोन** : ०२५-५६०५७५, ९८४२०५७२१५ ।

कालीबहादुर शाही (के.बी. सिम्पल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ मङ्सिर २९, गोठी -७, गोठी गाउँ, हुम्ला । **माता/पिता** : कान्छी शाही, जोखे शाही । **शिक्षा** : स्नातक । **सेवा** : अभिनय, अध्यापन, पत्रकारिता । **पहिलो रचना** : उपयोगबिनाको जलसम्पदा खेर गइरहेको १८० मि. अग्लो छहरा (खोज निबन्ध, कान्तिपुर दैनिक, २०४८) । **कृति/सृजना** :

गहभरि आँसु - मुटुभरि माया (कवितासङ्ग्रह, २०५६), औघडो (नाटक, लेखन, निर्देशन, २०६२), डोइली फूल (देउडा गीतको एलबम, २०५७), बुराउसी फूल (देउडा गीत रचना र सङ्कलन, २०५५), दाइजो र छोरी (नाटक, २०६२), बालखेल र गीत (२०६४), कर्णाली क्षेत्रका लोककथा (२०६५) । **सम्पादन/अनुवाद :** बरी लै (नाटक, वीरेन्द्र हमाल, स्थानीय भाषामा अनु., २०६२) । **पुरस्कार/सम्मान :** गोठी गा.वि.स.बाट हुम्लाको पहिलो साहित्यकार/कविका रूपमा सम्मान (२०५६) । **हालको ठेगाना :** महादेवस्थान, वाणस्थली, काठमाडौँ । **फोन :** ४३१४५०३ ।

कालीभक्त पन्त (भीमप्रसाद पन्त, कान्छा पण्डित)

(संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. १९६४ भदौ ६, लिमिठाना, पर्वत । **निधन :** २०४८ फागुन ६, काठमाडौँ । **माता/पिता :** नीलकुमारी पन्त, नरेन्द्र पन्त । **शिक्षा :** म्याट्रिक । **सेवा :** अध्यापन, साहित्य, राजनीति । **पहिलो रचना :** पश्चिम ४ नं. को इतिहास (उत्तरार्द्ध भाग, इतिहास, २००६) । **कृति/सृजना :** किसानगीता (काव्यसङ्ग्रह, २०११), हाम्रो राष्ट्रिय कर्तव्यदर्शन (संस्कृति, २०२७), हाम्रो सांस्कृतिक इतिहास (संस्कृति, २०२८), हाम्रो गीत सुधारको राष्ट्रिय बाटो (लोकसाहित्य, २०३३), छूतभेद र कर्तव्य (संस्कृति, २०३८), शुम्भवध (नाटक, २०५०) । **पुरस्कार/सम्मान :** नेपाल राष्ट्रिय दलित जनविश्वास परिषद्द्वारा सम्मान (२०३६) ।

कालु कुमाले

(धातुमूर्तिकार)

जन्म/स्थान : वि.सं. १९९० जेठ २७, थपाट, पाटन महाबुद्ध, ललितपुर । **माता/पिता :** ज्ञानी थकुं, सानु कुमाले । **शिक्षा :** साधारण लेखपढ । **सेवा :** धातु मूर्तिकला । **पहिलो रचना :** १९५५ देखि विभिन्न प्रदर्शनी । **कृति/सृजना :** *उल्लेखनीय सिर्जना एवं कलाकारिताहरूमा :* अष्ट मातृका (काठमाडौँ सतुङ्गलस्थित विष्णुदेवी मन्दिर), वाराही मूर्ति (धन्वन्तरी वाराही मन्दिर, पाटन), भैरवको मूर्ति (बालकुमारी मन्दिर, बालकुमारी, पाटन), बज्र (महाबुद्ध मन्दिर, पाटन), भैरव र गणेशको मूर्ति (त्यागल, पाटन), राधा रुक्मिणीको मूर्ति (शङ्खमूल बाग्मती), बज्रजोगिनीको मूर्ति (मैत्री गुम्बा र आनी गुम्बा, स्वयम्भू), कालो महाङ्काल र जोगिनी (सामतेलिङ गुम्बा, बौद्ध), मेघसंबर मण्डला, चक्रसंवर, मेघसंवर र श्वेत महाङ्काल (कपन), बज्रपाणी बोधिसत्वको मूर्ति (फर्पिङ), मेघसंबर, कुरुकुली र लोकेश्वरको मूर्ति (हिमालयन हिलिङ सेन्टर), पाल्देन ल्हामु, यमन्तका (मेघसंवर) र छुइगेलको मूर्ति (थेग्चेन गुम्बा), कालो महाकाल मूर्ति (सेलकार गुम्बा तीनचुली) आदि लगायत हङकङ, भारत, तिब्बत, मलेसिया, थाइल्याण्ड, सिङ्गापुर, जर्मनी, ताइवान, फ्रान्स, अमेरिका, जापान, कोरिया, रुस, इटाली, मङ्गोलिया, भुटान, इन्डोनेसिया, थाइल्याण्ड, स्विट्जरल्याण्ड आदि मुलुकहरूमा मूर्ति कलाकृतिहरू सङ्गृहीत (*हालसम्मका उत्कृष्ट ठूला मूर्तिहरू :* मेघसम्बर, जोगिनी, पाल्देन ल्हामू, काजुपा महाङ्काल, ताला मेम्बर, सेरा ताम्दिन, कालो महाङ्काल, सेतो महाकाल, कुरुकुली, आर्यावलोकेश्वर आदि र निर्माणधीन ठूला मूर्तिहरूमा चक्रसंबर, चोंखापा, जे सेरप सिंगे, योथोक निग्मा, वैरोचन, लोचेन, रिन्चेन सांग्पो, चोंङपा नामग्याल थासाङ, सुखर न्याम्नी दोर्जे, योथोक सरमा, गोम्पो छाक्सी महाङ्काल, पेमा सम्भव आदि) । **पुरस्कार/सम्मान :** धातु मूर्तिकला प्रदर्शनीमा प्रथम पुरस्कार (पा.औ.क्षे : २०४२, हस्तकला प्रवर्द्धन शाखा एवं सेरामिक प्रवर्द्धन आयोजना : २०४८), उत्कृष्ट कलाकारिता पुरस्कार (२०५२), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०६२), भाकेसनल एवार्ड (रोटरी क्लब, पाटन) । राष्ट्रिय नागरिक सम्मान (२०६१) प्रतिभाशाली कलाकार सम्मान (ज्यापु समाज ललितपुर, २०६१) साथै विभिन्न गुम्बाहरूबाट कदरपत्रले सम्मान । **हालको ठेगाना :** ललितपुर -६, थपाहिटी, पाटन महाबुद्ध (kalu_handicraft@yahoo.com) । **फोन :** ५५२५९७६ /५५४४१५१ ।

कालु सिंह (कालीबहादुर सिंह)

(देउडा गायक)

जन्म/स्थान : वि.सं. २०२६ भदौ २३, हुम्ला । **माता/पिता :** चुमानी सिंह, रणवीर सिंह । **शिक्षा :** टी.एस.एल.सी. (अ.हे.व.) । **सेवा :** स्वास्थ्य सेवा, गायन । **पहिलो रचना :** 'जाँची लैजाऊ सखी कर्म ...' बोलको गीत रेकर्ड (रेडियो नेपाल, २०५०) । **कृति/सृजना :** कर्णाली दर्पण (देउडा लोकगीत, गीति एल्बम, २०६०) । **हालको ठेगाना :** लाली-८, हुम्ला / काठमाडौँ । **फोन :** ४७८१२९४ ।

काशीनाथ आ.दी. (माहिला पण्डित)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९१७, चैत्र, काठमाडौँ (निधन : १९९४ माघ । **आमा/बाबु** : ललितादेवी, शिरोमणि आ.दी. । **शिक्षा/विषय** : मध्यमा, संस्कृत साहित्य । **कृति/सृजना** : विरहाञ्जली (शोककाव्य, १९९८), भएका कुरा (आत्मकथा, २030) ।

काशीनाथ तमोट (कान्छा)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००१ पुस १९, खिकामाछ्ा, टक्सार, भोजपुर । **माता/पिता** : हर्षमाया तमोट, शुकदेव तमोट । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, भाषा । **पहिलो रचना** : मलाई यति भए पुग्छ (कविता, सपनाको ओतमा सङ्ग्रह, २०१९) । **कृति/सृजना** : नेपाल संवत् छ्यलादिसँ (२०३६), सिद्धरत्न कसा: व वय्म:या (२०३७), स्तरीय नेपाल भाषाया नियमावली (२०३८), पुलांगु नेपाल भाषा निथी दुगुया छुं आधार (२०४९), नेपाल भाषा साहित्यया ध्व:क्रिया (२०५५), शिक्षण निर्देशिका (२०५५) । **सम्पादन/अनुवाद** : नेपाल भाषा आधुनिक कविता (सङ्ग्रह, २०३२), पाठ्य संस्कृत नेपाल भाषा खँग्व: धुकुचा (२०३३), पुलांगु मे मुना (२०३८), नेपाल भाषा साहित्य परिचय (२०४०), पुत्र-पौत्रादि वोधिनी (अमरकोश, २०४०), भोजपुरया अभिलेख (ने.सं. १११२), उच्च शिक्षाय् नेपाल भाषा व साहित्य (ने.सं. ११२०) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४८) । **हालको ठेगाना** : पो.ब.नं. ७०४४, बानेश्वर, काठमाडौँ । **फोन** : ४४७३७०४ ।

काशीनाथ न्यौपाने

(कवि/अनुवादक)



जन्म/स्थान : वि.सं. २००८ साउन २३, मादीबेसी, तनहुँ । **माता/पिता** : सन्तुमाया न्यौपाने, नारायणदत्त न्यौपाने । **शिक्षा** : स्नातक (कानुन) । **सेवा** : अध्यापन । **पहिलो रचना** : पुतली (कविता, तनहुँ मीन मा.वि.को मुखपत्र, २०२६) । **कृति/सृजना** : विसङ्गति (नाट्यकाव्य, २०४६), आभास (दर्शन निबन्ध, २०५२), वेदव्यास जन्मभूमि तथा तनहुँका ऐतिहासिक सम्पदाहरू (२०५४), वेदव्यास जन्मभूमिका सन्दर्भहरू (२०५७), विरजा (महाकाव्य, २०६२), नैया जातिको सामाजिक अध्ययन । **सम्पादन/अनुवाद** : आनन्दरामायण (नेपाली अनुवाद, २०५८) । **पुरस्कार/सम्मान** : भानु जन्मस्थल विकास समिति, व्यासनगर जेसिज, सी.आर.एस.डी., तनहुँ आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान **हालको ठेगाना** : व्यास - ११, दमौली, तनहुँ । **फोन** : ०६५-५६०८५६ ।

काशीनाथ न्यौपाने

(लेखक, संस्कृत भाषा तथा अनुवादक)



जन्म/स्थान : वि.सं. २०२३ असोज २०, एक्तीन -३, पाँचथर । **माता/पिता** : मातादेवी न्यौपाने, घनश्याम न्यौपाने । **शिक्षा** : मीमांसाचार्य, बौद्धदर्शनाचार्य, विद्यावारिधि । **सेवा** : प्राध्यापन (म.सं.वि.) । **पहिलो रचना** : मीमांसा पदार्थ विज्ञानम् (२०५०) । **कृति/सृजना** : मीमांसा तर्कभाषा (२०५६), मीमांसानय भूषणम् (२०५६), तारिणी वरिवस्या (२०५७), वज्रच्छेदिका प्रज्ञापारमिता (२०६०), लाहिडिक्रियायोग संहिता (२०६१), नामसङ्गीति (२०६२), हिन्दूस्मृति (२०६२) । **सम्पादन/अनुवाद** : लोकसुधि (संस्कृत मासिक पत्रिका), विश्वभाषा (संस्कृत त्रैमासिक पत्रिका), गान्धीवाद (साप्ताहिक), द मोदर (अनुवाद, २०५९), दशश्लोकी (अनुवाद, २०५९), क्षणभङ्गसिद्धि (हिन्दी अनुवाद, २०५८), स्यादवाद मञ्जरी (२०६९.) । **पुरस्कार/सम्मान** : स्वर्ण पदक । **हालको ठेगाना** : पो.ब.नं. १९९३, महादेवस्थान, काठमाडौँ (kashinathguru@hotmail.com) । **फोन** : ९८४१३५६१२९ ।

काशीबहादुर श्रेष्ठ

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६८ असोज, कृष्णाष्टमी, बनारस । निधन : वि.सं. २०४७, बनारस । **शिक्षा** : म्याट्रिक । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : कथा प्रकाशन (चित्रपट, इ.सं. १९३२) । **कृति/सृजना** : उषा (उपन्यास, वि.सं. १९९५), वचन (उपन्यास, वि.सं. २००१), तोता मैनाको कथा (२००६) । **सम्पादन/अनुवाद** : उदय (मासिक, वि.सं. १९९३), गुरुजीको मलामी

(कृष्णबम मल्लको कथासङ्ग्रह, इ.सं. १९५२), धानको बाला (पूर्णदास श्रेष्ठको कथासङ्ग्रह, २००१), तेस्रो आयामको शवपरीक्षा (२०३८), नेपाली साहित्य : एक सर्वेक्षण (२०३८), डा. चन्द्रेश्वर दुबेका समालोचना सङ्ग्रहको सम्पादन । **पुरस्कार/सम्मान :** सा.प.सं. द्वारा अभिनन्दन ।

काशीराज शर्मा सुवेदी



(भेषज साहित्यकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २००९ भदौ २६, सिम्पानी, सुवेदी गाउँ, लमजुङ । **माता/पिता :** दमयन्तीदेवी सुवेदी, गोविन्दप्रसाद सुवेदी । **शिक्षा :** आचार्य (दर्शन, आयुर्वेद), विद्यावारिधि (दर्शन) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** प्रचलित केही रोगहरूको परिचय तथा सामान्य उपचार (२०५४) । **कृति/सृजना :** आयुर्वेद विज्ञान (२०५५), कौमारभृत्य (२०५६), आयुर्वेदीय शल्यविज्ञान (२०६१), स्थानीय जडीबुटी एवं खाद्यान्नद्वारा स्वास्थ्य रक्षा उपचार (२०६४), आयुर्वेद दर्शनको रूपरेखा (२०६७) । **सम्पादन/अनुवाद :** योगकौमुदी वैद्यवल्लभ (नेपाली अनुवाद, २०५८), सौश्रुत निघण्टु, (सहसम्पादन, २०५७), देववाणी, स्मारिका (नेपाल आयुर्वेद चिकित्सक सङ्घ), स्मारिका (सिंहदरबार वैद्यखाना विकास समिति), आयुर्विज्ञान त्रैमासिक पत्रिका । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क' (२०४६) । **हालको ठेगाना :** सिम्पानी-९, लम्जुङ । **फोन :** ४३५७९११, ९८४१४७३२५७ ।

काशीराम विरस

(कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०३३ चैत्र १५, तौलाछेँ, भक्तपुर । **माता/पिता :** बुद्धलक्ष्मी, कान्छा प्रजापति । **शिक्षा :** स्नातक । **सेवा :** सरकारी नोकरी । **पहिलो रचना :** आह्वान (कविता, २०५३) । **कृति/सृजना :** मन रोइरहेछ (कवितासङ्ग्रह, २०५५), जिन्दगीका रेखाहरू (गजलसङ्ग्रह, २०५६), स्पर्शका अनुभूति (गजलसङ्ग्रह, २०५८), । **सम्पादन/अनुवाद :** प्रगति (वार्षिक सङ्कलन, २०५३), मेरो अधिकार (त्रैमासिक, २०५४), प्रवाह द्वैमासिक(२०५३), स्वर्णगजुर (२०५७) । **पुरस्कार/सम्मान :** भानुमोती पुरस्कार (२०५९) । **हालको ठेगाना :** पो.ब.नं. ७३, तौलाछेँ, भक्तपुर (birash@hotmail.com) । **फोन :** ६६१६१७९ ।

क्रान्ति श्रेष्ठ (क्रान्तिमान श्रेष्ठ)

(लेखक, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०२८ जेठ ९, म्याङलुङ, तेह्रथुम । **माता/पिता :** केदारकुमारी श्रेष्ठ (आफली), जयेश्वरमान श्रेष्ठ । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** लेखन, पत्रकारिता, समाजसेवा । **पहिलो रचना :** अफ्रिकी कालाहरूप्रति (कविता, २०४५) । **कृति/सृजना :** तोमोदाची (जापानी भाषाको पुस्तक, २०६०), जापानका रमणीय स्थलहरू (२०६१), नेपालीमा), जापानतिर बरालिँदा (२०६१), जापान परिचय (२०६१) । **पुरस्कार/सम्मान :** विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** पो.ब.नं. २९०५, काठमाडौँ (kranti_shrestha@yahoo.com), । **फोन :** ४४८३६९१ ।

किरण आचार्य

(कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०१५ असोज १९, घरबारी टोल, नेपालगञ्ज । **माता/पिता :** विद्यादेवी पौडेल, गोपालप्रसाद पौडेल । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** कविता, २०३६ । **कृति/सृजना :** अनुभूति (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** दौँतरी (साहित्यिक त्रैमासिक) । **हालको ठेगाना :** भृकुटीनगर -१३, नेपालगञ्ज, बाँके । **फोन :** ०८१-५२१५२४ ।

किरणकुमार रञ्जित

(ललितकलाकर्मी)
जन्म/स्थान : वि.सं. २०१९ असोज, पोखरा, कास्की । **माता/पिता :** गायत्री रञ्जित, रामगोपाल रञ्जित । **शिक्षा :** एस.एल.सी. । **सेवा :** कला । **पहिलो रचना :** विगत २५ वर्ष अगाडिदेखि

कलाक्षेत्रमा संलग्न । **कृति/सृजना :** काठमाडौँ, पोखरालगायतका अन्य स्थानहरूमा पटक-पटक एकल एवं सामूहिक चित्रकला प्रदर्शनी, प्रथम स्मृति (गीति एल्बम) । **हालको ठेगाना :** पोखरा, कास्की । **फोन :** ०६१-५२६५५५ ।

किरण केसी

(हास्य अभिनेता)

जन्म/स्थान : वि.सं. २०१४ असार १५, ललितपुर । **माता/पिता :** इन्द्रकुमारी केसी, दुर्गाबहादुर केसी । **शिक्षा :** एस.एल.सी. । **सेवा :** अभिनय, गायन, चलचित्र निर्माण, सामाजिक सेवा । थुप्रै सङ्घसंस्थाहरूद्वारा सम्मान तथा कदरपत्र प्राप्त । **पहिलो रचना :** २०२५ सालदेखि । **कृति/सृजना :** *टेलिचलचित्रहरू :* पन्ध्र गते, दसैँ, चिरञ्जीवी, लालपुर्जा, सुरबेसुर, कान्तिपुर, ओहो, दसैँ आयो, दुश्मन, क्रमश: जिरे खुर्सानी, खुट्टा तान, रात, विज्ञापन, बोसे आन्द्राभुँडी, लक्ष्मी आदिमा अभिनय । गरीब, परिवार, अर्पण, सौता, नीरमाया, सम्पत्ति, गोपीकृष्ण, गोर्खाली, करोडपति, फिलिम, बलिदान, बसन्ती, कान्छा, सीता, सौभाग्य, ट्रक ड्राइभर, प्रेमपिण्ड, माटो बोल्छ, बुहारी, भुतुक्कै भए नि, जय बाबा पशुपतिनाथ, मेरी आमा, जीवनरेखा, जेठो कान्छो, मेरो हजुर, सावधान, पापीमान्छे, टुहुरो, इन्द्रेणी, धनसम्पत्ति, घुम्टो आदि चलचित्रहरूमा अभिनयका साथै २०५, नाता, सुटिङ, रिमोट कन्ट्रोल, बोसे आन्द्राभुँडी, रङ नम्बर, नर्सिङ होम, अमरसिंह, रणबहादुर शाह, भानुभक्त, मुटुको व्यथा, फुवा टुने, व्यउटा कन्टेस्ट, मानव खप्पर र अन्य थुप्रै रङ्गमञ्चीय अभिनय । *चलचित्र :* तँ त साह्रै बिग्रिस् नि बद्री, जे भो राम्रै भो (निर्माण) साथै थुप्रै सन्देशमूलक विज्ञापनमा अभिनय । **पुरस्कार/सम्मान :** उत्कृष्ट सहअभिनेता पुरस्कार (चिरञ्जीवी) साथै अन्य चलचित्र पुरस्कारहरू । **हालको ठेगाना :** इमाडोल -६, ललितपुर । **फोन :** ५५२४९०३, ५५४०५२७, ९८५१०२६०५२ ।

किरण खरेल

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ माघ २७, खरेलथोक, काभ्रेपलाञ्चोक । **माता/पिता :** महालक्ष्मी, भगवतीप्रसाद खरेल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** नेपाल चलचित्र संस्थान, रेडियो नेपाल । **पहिलो रचना :** ए दूरका सितारा (गीतरचना, रेकर्ड, २०१४) । **कृति/सृजना :** के हो तिम्रो नाउँ ? (गीतसङ्ग्रह, २०२०), मेरी पारू (गीतसङ्ग्रह, २०२२), मेरी प्रियतमा (गीतसङ्ग्रह, २०३६), थुप्रै गीतरचनाहरू रेकर्ड भएका । **सम्पादन/अनुवाद :** आँचल (द्वैमासिक, २०१८), सुनगाभा (द्वैमासिक, २०२५) । **पुरस्कार/सम्मान :** सर्वोत्तम गीतकार - स्वर्णपदक (२०२०, २०२२, २०२७, २०२८), प्रवल गोरखा दक्षिणवाहु (२०२४), प्रख्यात त्रिशक्तिपट्ट (२०३६), छिन्नलता गीत पुरस्कार (२०३९), प्रिया पुरस्कार (२०५१) । सर्वोत्कृष्ट गीतकार सम्मान (२०४५, २०५०), चलचित्र कलाकर्मी सम्मान (२०५०), स्रष्टा सम्मान (२०५३), माधव घिमिरे सम्मान (नइ, २०५९) आदि थुप्रै अभिनन्दन तथा सम्मानहरू प्राप्त । **हालको ठेगाना :** ख २/१६२ नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४७३१३० ।



किरण पन्थी (पाण्डेय)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ माघ २०, धोवीधारा, काठमाडौ । **माता/पिता :** तारादेवी पन्थी, नीलाम्बर पन्थी । **शिक्षा :** एम.ए. (संस्कृति) । **सेवा :** अध्यापन । **पहिलो रचना :** शिवलिङ्ग पूजाको प्राचीनता (लेख, जनकपुर क्याम्पसको स्मारिका, २०५८) । **कृति/सृजना :** नेपालका चाडपर्वहरू (२०६१) । **हालको ठेगाना :** काठमाडौँ-६ । **फोन :** ४४८०५७६ ।

किरण मानन्धर

(ललितकलाकर्मी)

जन्म/स्थान : इ.सं. १९५७ मे १५, नयाँ बजार, काठमाडौँ । **माता/पिता :** विष्णुदेवी मानन्धर, पूर्णमान मानन्धर । **शिक्षा :** स्नातकोत्तर (फाइन आर्ट) । **सेवा :** कला, संस्कृति, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान (कुलपति, २०६७) । **पहिलो रचना :** श्रीकृष्ण (पेन्सिल कलर, २०१६) । **कृति/सृजना :** नेपाल (३३ पटक), भारत (९ पटक), फ्रान्स (२२ पटक), जर्मनी (४ पटक), तिब्बत

(१ पटक), डेनमार्कमा (१ पटक) एकल कला प्रदर्शन । नेपालमा १४ पटक, भारतमा ९, इङ्ल्याण्डमा १ पटक, बङ्गलादेशमा ३ पटक, फ्रान्समा ६ पटक, यु.एस.ए.मा १ पटक, अस्ट्रेलियामा १ पटक, जापानमा १ पटक, जर्मनीमा १ पटक, दक्षिण कोरियामा १ पटक, बर्लिन (जर्मनी)मा एक पटक, तिब्बममा १ पटक आदि विभिन्न देश-विदेशमा सामूहिक कला प्रदर्शन । **पुरस्कार/सम्मान** : First Prize in Annual Art Exhibition, B.H.U., Varanasi (1980), Best Prize in National Art Exhibition in Nepal Association of Fine Arts (NAFA) Nepal (1983), Merit Honor in B.F.A., Banaras Hindu University, India, (1974), Certificate of Appreciaiton from B.H.U., Varanasi (1975, 1978), Merit Honor in M.F.A., Banaras Hindu University, Varanasi, India (1981)Second and Diploma Award in Ninth Grand International, France (1985), Honorable Mention, Asian Art Exhibition, Dhaka (1991), Best Prize 30th Salon de climart, Paris France (1991), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. १९९६), सिल्भर जुविली मेडल (१९९७), प्रबल गोरखा दक्षिणबाहु (१९९९), Best Awards, Association Des Arts Plastique Draveil, France (2000), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२००१) आदि थुप्रै पुरस्कार र पदकहरू प्राप्त । **हालको ठेगाना** : ताहाचल, छाउनी, ब्लक नं. १२५/२४, काठमाडौँ । **फोन** : ४२७९००९, ९८५१०६११०९, ९८४१४७८९४५ ।

किरण शाक्य (पन्त) (योगमाया शाक्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ असोज १५, चैनपुर, सङ्खुवासभा । **माता/पिता** : ललितादेवी शाक्य, नरबहादुर शाक्य । **शिक्षा** : स्वाध्याय । **सेवा** : गृहिणी । **पहिलो रचना** : खित्का (कविता, भारती पत्रिका, २०१४, बनारस) । **कृति/सृजना** : बन्धन-मुक्त (कथासङ्ग्रह, २०२०), दीपमाला (सामाजिक नाटक, २०२२) । **पुरस्कार/सम्मान** : चैनपुरमा आयोजित साहित्य गोष्ठीमा प्रथम पुरस्कार (२०१६), नेपाल महिला सङ्घद्वारा आयोजित निबन्ध प्रतियोगितामा प्रथम (२०२४) । **हालको ठेगाना** : शान्तिनगर, काठमाडौँ । **फोन** : ४१०८६१२, ९८४१५०८१११ ।

किशोर कुँवर (किशोरबहादुर कुँवर)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०११ बैशाख २२, अर्घातोष, अर्घाखाँची । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : निबन्ध (नयाँ समाज दैनिक, २०२७ तिर) । **कृति/सृजना** : आफैले रेटेको आत्मा (उपन्यास, २०३८), हत्केलाले छेकेको आकाश (उपन्यास, २०४१), बुझ्नेको व्यथा-नबुझ्नेलाई कथा (कथासङ्ग्रह, २०४१), व्यक्तित्व र विचार (अन्तर्वार्तासङ्ग्रह, २०४१), एक्काइसौं शताब्दीको नेपाल र नेपाली (अन्तर्वार्तासङ्ग्रह, २०४३ ? २०४२) । **सम्पादन/अनुवाद** : रूपरेखा (साहित्यिक मासिक), आस्था (मासिक), यद्यपि (मासिक), परिवेश (साप्ताहिक) । **हालको ठेगाना** : ताहाचल, काठमाडौँ / अमेरिका ।

किशोर नेपाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५२ जुन ६, फिल्टुङ, नुवाकोट । **माता/पिता** : दिव्यवती, टङ्कनाथ नेपाल । **शिक्षा** : एम.ए. (संस्कृति), पत्रकारिताको उच्च अध्ययन । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : गौतम बुद्ध (कविता, लुम्बिनी सन्देश साप्ताहिक, २०२४ तिर) । **कृति/सृजना** : रङ्गमण्डल (लघु उपन्यास, २०२९), अर्के प्रस्तर (कथासङ्ग्रह, २०३४), चिन्ताका क्षणहरू (निबन्धसङ्ग्रह, इ.सं. १९८२), पाताल (उपन्यास, २०६८), सहरको कथा (२०६८), आवाजहीनहरूको आवाज, अन्डर द स्याडो अफ भाइलेन्स, द्वन्द्व र दायित्व, मत अभिमत, द्वन्द्वकालीन नेपालको तस्वीर । **सम्पादन/अनुवाद** : देशान्तर (साप्ताहिक), साप्ताहिक समाचार समीक्षा, स्वतन्त्रता (पाक्षिक, हाल : साप्ताहिक), जनमत (बुलेटिन), विचार (पत्रिका), नेपाली कवितायें (हिन्दीमा) कवितासङ्ग्रहको अनुवादक र सम्पादक (संयुक्त), जनमत सङ्ग्रहदेखि जनआन्दोलनसम्म, गोरखापत्र (दैनिक), शुक्रबार साप्ताहिक, नागरिक दैनिक । **पुरस्कार/सम्मान** : प्रेस काउन्सिल अवार्ड (इ.सं. १९९२), जेफर्सन फेलो (इ.सं. १९९४), प्रोफेसनल जर्नालिज्म फेलो (अमेरिका, इ.सं. १९८५), त्रिशक्तिपट्ट । **हालको ठेगाना** : ग-२/३३३ बत्तीसपुतली,

काठमाडौँ (kishore.nepal@gmail.com) । **फोन** : ४४७८७९१ ।

किशोर पहाडी (किशोरमान श्रेष्ठ)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ मङ्सिर, फर्पिङ, काठमाडौँ । **माता/पिता** : मीरा श्रेष्ठ, गोविन्दमान श्रेष्ठ । **शिक्षा** : सिभिल इन्जिनियरिङ । **सेवा** : साहित्य, रङ्गमञ्च, निजी व्यवसाय । **पहिलो रचना** : एकाङ्की (रूपरेखा, २०३३) । **कृति/सृजना** : कथासङ्ग्रहहरू : बाँच्नु र बाँचेकाहरू (२०३७) घर खण्डहर (२०३७), कथाकोण (संयुक्त, २०४३), विशुदाइ (२०४५), किंवदन्ती (२०५३), सहरमा बत्ती निभेको बेला (कवितासङ्ग्रह, २०५३), कविताको मौसम (गीति एल्बम, संयुक्त) । **सम्पादन/अनुवाद** : सौरभ (त्रैमासिक), अध्याय (लघुकथासङ्ग्रह, संयुक्त सम्पादन, २०४७), 'सर्वनाम' का बुलेटिनहरूको सम्पादन । **पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०४५), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (२०४७, संयुक्त रूपमा दिइएकोले अस्वीकार), मैनाली कथा पुरस्कार (२०६३) अन्य साहित्यिक पुरस्कारहरू । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२७३४७ ।

किशोर सुब्बा

(चलचित्र निर्देशक)

जन्म/स्थान : वि.सं. २०१४ कात्तिक १२, बेलबारी -२, मोरङ । **कृति/सृजना** : मेरो गाउँको रामकहानी (नाटक, २०५६), फावाखोलाको गीत (उपन्यास, २०६१) । भिजेको पछ्यौरी (नाटक, २०४५), साथी (नाटक, निर्देशन), चितामाथिको लाश (नाटक, निर्देशन), 'तुम्दङ' (लिम्बूभाषाको नाटक/निर्देशन) । चलचित्रः मानिस (लेखन/निर्देशन, २०४५), जिन्दगानी (लेखन/निर्देशन, २०४७), ज्वालामुखी (भूटानी शरणार्थी कथामा आधारित, निर्देशन, २०४८), सहितकी आमा (निर्देशन, २०५३), आनिः साक्थिम (लिम्बू भाषामा, लेखन/निर्देशन, २०५४), चुकेको चुरा (लेखन/निर्देशन, २०६०), पागल छ यो मन (लेखन/निर्माण/ निर्देशन, २०५८) । **सम्पादन/अनुवाद** : सन्काहा (हास्यव्यङ्ग्य), मुस्कान (हास्यव्यङ्ग्य), नौलो मुस्कान (हास्यव्यङ्ग्य), मधुशाला (साहित्यिक) ।

किसानप्रेमी (किसान बिक खाती)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ वैशाख २१ बागलुङ । **माता/पिता** : पार्वती खाती, दलबहादुर विक खाती । **शिक्षा** : आई.ए. । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : जनताको विलौना (कविता, २०५२) । **कृति/सृजना** : गाउँवस्ती रोइरहेको छ (कविता-सङ्ग्रह, २०५९), गजलपथका यात्रीहरू (संयुक्त गजलसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : अभिव्यञ्जन (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी खुला लघुकथा प्रतियोगितामा उत्कृष्ट (प्रणयन साहित्यिक त्रैमासिक मकवानपुर) । **हालको ठेगाना** : ब्लक नं. ६०, भरतपुर -१२, चितवन (kisanpremi@yahoo.com) । **फोन** : ०५६-५२३९९९

कुञ्जविलास गौतम

(माध्यमिक कालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९२९, जीवनपुर, धादिङ । निधन : १९९१ । **शिक्षा** : संस्कृत (बनारस) । **सेवा** : साहित्य साधना । **कृति/ सृजना** : शशीमुखी, लोहजङ्घोपाख्यान (१९५९), महाभारत सौप्तिकपर्व (१९६०), महाभारत स्त्रीपर्व (१९६०), महाभारत गदापर्व (१९६०) ।

कुन्ता शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ भदौ १, धरान, सुनसरी । **माता/पिता** : टुकमाया चौलागाईँ, मनहरि चौलागाईं । **शिक्षा** : बी.कम. भी.टी. । **सेवा** : अध्यापन, राजनीति (पूर्व सांसद) । धर्मपुर साहित्य प्रतिष्ठान, झापा एवं विमल गुरुङ स्मृति पुस्तकालयबाट सम्मान । **पहिलो रचना** : लाहुरे भएको प्रेमीलाई एक पत्र (सम्झना सामयिक सङ्कलन, धरान) । **कृति/सृजना** : म उभिएको ठाउँ (कवितासङ्ग्रह, २०५१) । **सम्पादन/अनुवाद** : सङ्कल्प

(द्वैमासिक, २०३०), छायाँ (महेन्द्र क्याम्पसको मुखपत्र) । **पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५१), पारिजात सिर्जन पुरस्कार (२०५२), केवलपुरे प्रतिभा पुरस्कार (२०५३), महानन्द पुरस्कार (२०५५), समय-समयमा साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : अमरपथ, धरान, सुनसरी । **फोन** : ०२५-५२१८०२ ।

कुन्तीदेवी भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ भदौ १९, काठमाडौँ । निधन : २०६७ चैत्र १ । **माता/पिता** : सत्यवतीदेवी पौड्याल, लेखनाथ पौड्याल (कविशिरोमणि) । **शिक्षा** : कक्षा दशसम्मको अध्ययन । **सेवा** : पत्रकारिता, साहित्य । **पहिलो रचना** : नारी समाजसित प्रार्थना (कविता, भारती पत्रिका, २००८) । **कृति/सृजना** : सम्झना श्रद्धाञ्जलि (२०५१), ललितकला (कवितासङ्ग्रह, २०५१), प्रार्थना प्रवाह (२०५३), सिर्जनाका फूलहरू (२०६९), भक्तिपुष्प (भजन) । **सम्पादन/अनुवाद** : प्रतिभा (पत्रिका, २००९), महिला बोल्छिन् (पत्रिका) । **पुरस्कार/सम्मान** : दीप स्मृति साहित्य पुरस्कार (२०६२) । **हालको ठेगाना** : सोल्टीमोड, काठमाडौँ । **फोन** : ४२७०२९०, ९८५१०३२९२६ ।

कुन्दन शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४३, अक्टुबर २५, वीरगञ्ज, पर्सा । **माता/पिता** : राजश्री देवी, केशवराज पिँडाली । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : गृहस्थी, साहित्यलेखन । **पहिलो रचना** : २०१७ सालदेखि लेखनयात्रा सुरु । **कृति/सृजना** : मेरा कविताहरू (कवितासङ्ग्रह, २०४५), यो मन (कवितासङ्ग्रह, २०५३) । **हालको ठेगाना** : नयाँ दिल्ली, भारत ।

कुमार ज्ञवाली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ कात्तिक १८, मखनटोल, काठमाडौँ । निधन : २०६५ भदौ १४ । **माता/पिता** : धनदिव्येश्वरी, पोषणनाथ ज्ञवाली । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : निजामती, परराष्ट्र (राजदूत) । **पहिलो रचना** : 'इच्छा' र 'बजार' (कविता, शारदा, २०१६) । **कृति/सृजना** : प्रलय हुनुअघि (उपन्यास, २०४१), भत्केको गुँड (कथासङ्ग्रह, २०४२), एक्लो बालक (बालकथासङ्ग्रह, २०४४), छरिएका कथाहरू (कथासङ्ग्रह, २०४४), वेदको नयाँ संसार (उपन्यास), बन्दी जीवन (कथासङ्ग्रह, २०४८), अतीतको अवसान (उपन्यास), स्वतन्त्रता (उपन्यास), सूर्य उदाउँदै थियो (उपन्यास), विश्व मायाजालको सम्झना (संस्मरण), चुँडिएका बन्धनहरू (उपन्यास), निस्फल अभियान (कथासङ्ग्रह), डरको कारागार (कथासङ्ग्रह), देश परदेश (निबन्धसङ्ग्रह), वज्रपात (निबन्धसङ्ग्रह) । **पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार (२०४२), बाल-साहित्य पुरस्कार (२०४४)। **हालको ठेगाना** : नक्साल, नागपोखरी, काठमाडौँ । **फोन** : ४४१११०३ ।

कुमारधर शर्मा 'ज्ञानी'

(लेखक/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ जेठ १२, ललितपुर । **माता/पिता** : चक्रेश्वरीदेवी (रमावाणीदेवी शर्मा), चक्रधर शर्मा आचार्य । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, भाषा-साहित्य, प्राध्यापन । **पहिलो रचना** : लिच्छवि शिलालेखको प्रकाशन (संस्कृत भाषामा, २००९) । **कृति/सृजना** : नेपाली दन्त्यकथासार, कलाकार रत्नदास प्रकाशको सङ्क्षिप्त जीवनी (सहलेखन, २०२७) । **सम्पादन/अनुवाद** : खुड्किलो (सामयिक सङ्कलन, २०२३), गोरेटो (साप्ताहिक, २०२७), प्रज्ञा-पुरस्कारद्वारा सम्मानित प्रतिभा (२०३९), नेपाली सङ्क्षिप्त शब्दकोश (२०३९), अर्चना (साप्ताहिक, २०४१), बचाधंगु खँग्वः धुकू (नेपाल भाषा, २०४४), धर्मविज्ञान (खण्ड १-४, २०४४), सुरक्षा र भविष्य दिने अंशले होइन (२०५५), सन्ध्योपासना विधि (२०५६), ज्ञानाञ्जन (बुलेटिन), अभिवादन (मासिक), विश्रान्ति चौमासिक, आदि सम्पादन तथा शिवरात्रि -पर्वकथा (नेपाल भाषामा, नेपाली भाषानुवादसहित, ने.सं. १०९७), शुक्र-गङ्गा-दशरथ-धर्म (नेपाली भाषानुवादसहित नेपाल भाषामा, ने.सं. ११०८), म किमार्थ राजा बन्दिनँ (२०६३), नवग्रह मन्त्र स्तोत्र

(२०६३), गीतगोविन्दया म्यँ (अनुवादन तथा सम्पादन, नेपाल भाषा, २०५६), सङ्क्षिप्त नवग्रहस्तोत्र, अष्टयोगिनीस्तोत्र, मुन्थास्तोत्र र अश्वत्थप्रार्थना (२०५८)। **पुरस्कार/सम्मान** : स्थानीय पुरस्कारहरू प्राप्त। **हालको ठेगाना** : ललितपुर उ.म.पा. -१९। **फोन** : ५५५२९२२।

कुमार नेपाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० भदौ ऋषिपञ्चमी, मखनटोल, काठमाडौँ। **माता/पिता** : भवानीदेवी, शङ्करप्रसाद नेपाल। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : निजी व्यवसाय। **पहिलो रचना** : कविता प्रकाशित (२०१५ तिर)। **कृति/सृजना** : चर्केको पर्खाल (कवितासङ्ग्रह, २०१९), तुवाँलोको कत्ला (कथासङ्ग्रह, २०२०), मानवाधिकार (लेखसङ्ग्रह, २०३९)। **पुरस्कार/सम्मान** : महेन्द्र विक्रम शाह स्मारक निधि पुरस्कार (२०४०), रोनास्टबाट वैज्ञानिकहरूको जीवनी लेखेबापत दोस्रो पुरस्कार (२०४३)। रोनास्टबाट सम्मानित। **हालको ठेगाना** : धोबीधारा, डिल्लीबजार, काठमाडौँ। **फोन** : ४४१६२६७।

कुमारप्रसाद कोइराला

(समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१३ वैशाख १३, चिसङ्खु, छहरे, ओखलढुङ्गा। **माता/पिता** : भीमकुमारी कोइराला, भेषनाथ कोइराला। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : अशेष मल्लको प्रयोगवादी नाटक : सडकदेखि सडकसम्म (समालोचना, गरिमा, २०४४)। **कृति/सृजना** : नेपाली आख्यानको अध्ययन (समालोचना, २०५८), केही आधुनिक नाटक र नाटककार (समीक्षा, २०६६), आख्यान विमर्श (समालोचना, २०६७)। **सम्पादन/अनुवाद** : धरणी (मोती स्मारिका, २०६०), आरम्भमा परशु प्रधान (सम्पादन)। **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०५२)। **हालको ठेगाना** : विराटनगर, मोरङ /रातमाटे -१, ओखलढुङ्गा। **फोन** : ०२१-५२३४६८, ९८४१३६४१५७।

कुमारप्रसाद दर्शन

(नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. १९९३ जेठ १७, इन्द्रचोक, काठमाडौँ। **माता/पिता** : विष्णुमाया दर्शन, गङ्गाप्रसाद दर्शन (योगी)। **शिक्षा** : नृत्य विशारद (वम्वै)। **सेवा** : नृत्य, स्काउट, वृत्तचित्र निर्माण, लेखन। **पहिलो रचना** : नेपालको नृत्य शिक्षा (भाग १, २०२१)। **कृति/सृजना** : नेपालको नृत्य शिक्षा (भाग १-६, २०२१), नेपालको इतिहास र क्रान्ति चित्रावली (२०५३), नेपालको नृत्य शिक्षा पद्धति (२०५६), कत्थक नृत्य : नेपाली शैलीमा (२०६१)। महाकाली प्याखं पुचः (शास्त्रीय नृत्य प्रदर्शन, इ.सं. १९८१, जापान)। **सम्पादन/अनुवाद** : कलाकार स्मारिका, नेपालको पौराणिक जात्रा-यात्रासम्बन्धी पहिलो डकुमेन्ट्री साथै गाईजात्रा र इन्द्रजात्रा गरी दुईओटा र ऐतिहासिक स्वयम्भू महाचैत्य डकुमेन्ट्री तयार, 'नेपालको इतिहास र क्रान्ति' नामक चित्रावली झलक प्रकाशित।**पुरस्कार/सम्मान** : स्वर्णपदक (नृत्य, २००९), भीमस्मृति नृत्यकला पुरस्कार (२०६०)। **हालको ठेगाना** : काठमाडौँ। **फोन** : ४२२३००३, ९८५१०५४९६५।

कुमार बस्नेत

(लोकगायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असार १७, कमलपोखरी, काठमाडौँ। **माता/पिता** : मनकुमारी बस्नेत, गङ्गाबहादुर बस्नेत। **शिक्षा** : स्नातक (वाणिज्य)। **सेवा** : कलाकारिता, गायन, बैङ्किङ तथा संस्थान सेवा। अमेरिका नेपाल सोसाइटी वासिङ्टनद्वारा सम्मान (इ.सं. २०००), नेपाल अस्ट्रेलिया सोसाइटी सिड्नीद्वारा सम्मान (इ.सं.२००१), जर्मन सांस्कृतिक केन्द्र (म्युनिक) बाट सम्मान, जापान नेपाल फ्रेन्डसिप एसोसियसन (टोकियो)बाट सम्मान, वर्षपुरुष (अमेरिका, इ.सं. २००२), तथा विभिन्न अभिनन्दनहरू प्राप्त। **पहिलो रचना** : २००९ सालदेखि भैरव नृत्य दलमा प्रवेश। रेडियो नेपालबाट लोकगीत गायन (२०१८)। **कृति/सृजना** : तीन सयभन्दा बढी लोकगीत रेकर्ड तथा रेडियो/टिभीबाट प्रसारण। प्रशस्त गीति एल्बमहरू। **पुरस्कार/सम्मान** : रत्न रेकर्डिङ पुरस्कार (इ.सं. १९८२), गोरखा दक्षिणबाहु तेस्रो (इ.सं. १९९३), त्रिशक्तिपट्ट चौथो

(इ.सं. १९९७), चलचित्र पुरस्कार (इ.सं. २००२), वीरेन्द्र-ऐश्वर्य सेवा पदक, धर्मराज थापा-सावित्री पुरस्कार, छिन्नलता पुरस्कार, भूपालमानसिंह पुरस्कार, सीताराम प्रज्ञा पुरस्कार, नारायणगोपाल सङ्गीत पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, लूनकरण दास साहित्य पुरस्कार आदि । **हालको ठेगाना** : बालुवाटार, काठमाडौँ । **फोन** : ४४१४२५१, ९८५१०६८४८८ ।

कुमारबहादुर जोशी (कुबजो, शुभांशु)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ मङ्सिर २३, चाबेल, काठमाडौँ । **माता/पिता** : जुलुमा जोशी, प्रेमबहादुर जोशी । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (देवकोटाको कवितायात्राको विश्लेषण र मूल्याङ्कन) । **सेवा** : अध्यापन, प्राध्यापन, पत्रकारिता । चाबहिल मित्र क्लब सम्मान (२०४३), देवकोटा स्मृति सभा व्याख्यानमाला सम्मान (२०४९), सुगन्ध सम्मान (२०५७), त्रि.वि. नेपाली केन्द्रीय विभागद्वारा सम्मान (२०५८) । **पहिलो रचना** : भन्नोस् माँ म के हेरूँ ? (कविता, गोरखापत्र, २०१९) । **कृति/सृजना** : सञ्चयन (निबन्धसङ्ग्रह, २०२५), सिंहसार्थवाह (खण्डकाव्य, २०२६), चार अमर कविका पाँच काव्यकृति (समालोचना, २०२९), महाकवि देवकोटा र उनका महाकाव्य (समालोचना, २०३१), विकीर्ण चिन्तन (समालोचना, २०३३), पाश्चात्य साहित्यका प्रमुख केही वाद (साहित्य सिद्धान्त, २०३८), कविताचर्चा (समालोचना, २०४१), कुराकानी (अन्तर्वार्तासङ्ग्रह, २०४१), एक व्यक्तित्व : अनेक दृष्टि (देवकोटा विषयक अन्तर्वार्तासङ्ग्रह, २०४१), देवकोटाका कविताकृतिंको विश्लेषण र मूल्याङ्कन (समालोचना, २०४७), देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना (समालोचना, २०४८), देवकोटाका कविताकृतिमा प्रकृति (समालोचना, २०५३), केही कृति र कृतिकार (समालोचना, २०५४), मृत्युशय्याबाट बिउँझेर (लेख तथा अन्तर्वार्ता, २०५४), मृगौला रोग र यसको उपचार (लेख तथा अन्तर्वार्ता, २०५५), कवि कोइराला र उनको गङ्गाप्रवास (समालोचना, २०५५), सिर्जना र विवेचना (समालोचना, २०५८), दोस्रो नवजीवन (लेख तथा अन्तर्वार्ता, २०५९), 'लक्ष्मी निबन्ध सङ्ग्रह'का निबन्धहरूमा देवकोटाका काव्यमान्यता (लघु शोधकृति, २०६१), केही साहित्यिक कृति (समीक्षा, २०६७), कृति परिक्रमा (समीक्षा, २०६७), महाकवि देवकोटा अनेकका आँखामा (संवाद सङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : वासु शशीका कविता (२०३५), सहस्र सारस (उपन्यास (२०४३), जापानको सबभन्दा लामो दिन (इतिहास-२०४५) हिमदेश (उपन्यास, २०४५), महाकवि देवकोटाका कविता (२०४७), समयाङ्कन (अनुसन्धानात्मक पत्रिका, २०५२), नेपाली साहित्य कोश (सहसम्पादन, २०५५), पाठ्यक्रम विकास पत्रिका (२०५७), फणीन्द्रराज खेतालाको कविता, बाल रचना माला (भाग १-५, २०६१) । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (२०४५), सैनध्वज-नन्दकुमारी पुरस्कार (२०४७), प्रतिभा पुरस्कार (विराटनगर, २०४७), महेन्द्र विद्याभूषण 'क' (२०५१), महाकवि देवकोटा पुरस्कार (२०५४), महेन्द्रसिंह कार्की पुरस्कार (२०५५), त्रि.वि. दीर्घसेवा पदक (२०५६), ईश्वर बराल वाङ्मय पुरस्कार (२०५८), त्रि.वि. विशिष्ट सेवा पुरस्कार (२०५९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६०) । **हालको ठेगाना** : २१६७/३३ बौद्धनाथ सडक, चाबहिल, काठमाडौँ । **फोन** : ४४६७१२४ ।

कुमार विष्ट

(नाट्यकलाकार)



जन्म/स्थान : वि.सं. २००७ साउन १८, सैंबु, भैंसेपाटी, ललितपुर । **माता/पिता** : बच्ची विष्ट, लक्ष्मीबहादुर विष्ट । **शिक्षा** : प्रवेशिका । **सेवा** : कलाकारिता (रङ्गमञ्च) । **पहिलो रचना** : दोभान (नाटक, अभिनय, २०२८) । **कृति/सृजना** : दोभान (नाटक), वीरकुश, कुमारी (नृत्य नाटिका), फर्केर हेर्दा (२०३३), पहाड चिच्याइरहेछ (२०३४), जब घाम लाग्छ (२०३५), सपना ब्यूँझिन्छ (२०३६), भानुभक्त (२०३७), पाहुना, कोही किन बरबाद होस्, भित्तेघडी (२०४२), किस्सा गौतमी, पुरानो घर, भूलैभूलको यथार्थ, त्यो एउटा कुरा, स्मृतिको पर्खालभित्र, किसमिसको बिस्कुन (अनूदित अमेरिकी नाटक, २०६३) आदि थुप्रै नाटकमा अभिनय । अन्नपूर्ण, सोरठी, तामाङ सेलो आदि नृत्य नाटिका । पीपल डाँडा, आघात, मृगतृष्णा आदि चलचित्रमा अभिनय । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१) **हालको ठेगाना** : सैबु, भैंसेपाटी, ललितपुर । **फोन** : ५५९००६१ ।

कुमार सागर 'सकुन'

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असोज १३, पानीपोखरी, महाराजगञ्ज, काठमाडौँ । **माता/पिता** : हेमकुमारी शर्मा, दिवाकर शर्मा उपाध्याय । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : सरकारी सेवा, संस्थान सेवा, अभिनय । **पहिलो रचना** : तीन मुक्तक (नवदीप पत्रिका, २०२६) । **कृति/सृजना** : आँसुका



कथा (काव्यकृति, २०५७)। पीपलपाते हावा (नाटक, २०२६), क्यामरा म्यान (नाटक) आदिमा अभिनय, निर्देशन। **सम्पादन/अनुवाद** : जयन्ती (पत्रिका, सहसम्पादन, २०२७), फिलाटेली जर्नल (२०५८)। **पुरस्कार/सम्मान** : फिलाटेलिक प्रदर्शनीमा कास्य पदक (२०५७), दीर्घसेवा पदक (२०५८)। **हालको ठेगाना** : वनस्थली, बालाजु, काठमाडौँ। **फोन** : ४३५१३९४।

कुमुद देवकोटा

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९६ असार कृष्णसप्तमी, डिल्लीबजार, काठमाडौँ। निधन : वि.सं. २०४५ साउन ६, बानेश्वर, काठमाडौँ। **माता/पिता** : दमयन्ती, मधुसूदन देवकोटा। **शिक्षा** : आई.ए.। **सेवा** : लेखन। **पहिलो रचना** : देवकोटाप्रति (कविता, संयुक्त प्रयास साप्ताहिक, २०१६)। **कृति/सृजना** : दुई कोपिला (कथासङ्ग्रह, २०२०), परिवेश (उपन्यास, २०३६), अल्झो (उपन्यास, २०४०), अवतार विघटन (उपन्यास, सहलेखन, २०४५), आजको मान्छेको कविता (कवितासङ्ग्रह, सहलेखन, २०४५), आजको मान्छेको कथा (कथासङ्ग्रह, सहलेखन, २०४६)। **सम्पादन/अनुवाद** : पूजा (पत्रिका, २०३६), समष्टि (पत्रिका, २०४१), मकवानपुरे प्रतिभा (२०४३), सिद्धार्थ (उपन्यास -अनु.), अवतार विघटन (उपन्यास : संयोजक एवं एक अंशका लेखक), थाई संस्कृतिको परिचय (अनु.)।

कुलचन्द्र कोइराला (दीपक, पाख्यामनु)

(साहित्यकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ जेठ ९, घोक्सिला, सिन्धुली। निधन: २०५० जेठ १४, काठमाडौँ। **माता/पिता** : दक्षकुमारी कोइराला, टीकाप्रसाद कोइराला। **शिक्षा** : साहित्य शास्त्री, साहित्यरत्न, आयुर्वेदशास्त्री। **सेवा** : साहित्य र संस्कृति, निजामती सेवा (गुठी अड्डा)। **पहिलो रचना** : एक पैसा (कथा, परोपकार पत्रिका, २००९)। **कृति/सृजना** : *संस्कृति तथा इतिहासतर्फ :* इन्द्रजात्रा (लेखसङ्ग्रह, २०४२), नेपालको सांस्कृतिक परम्परा र राजमुकुट (लेखसङ्ग्रह,२०४५), पूर्व २ नं. को क्रान्तिको इतिहास (२०४९), कोइरालाहरू कहाँबाट आए (२०५१), वैष्णव सम्प्रदाय र नारायण मन्दिर (२०५१), नेपालका आराध्यदेव भगवान् श्री पशुपतिनाथ (२०५१), नेपाली खस-बाहुनका कुलदेवता मष्टो (२०५१), नेपाली सांस्कृतिक जात्रापर्व (२०५२), श्रीगुरु गोरखनाथ (२०५२), मत्स्येन्द्रनाथ (२०५२), श्रीतलेजु र दिगुतलेजु (२०५२), धर्म संस्कृति र परम्परा (२०५२), कुलचन्द्र कोइरालाका ऐतिहासिक लेख सङ्ग्रह (२०५६)। *साहित्यतर्फ :* भृकुटी (खण्डकाव्य, २०४५), एक पैसा (कथासङ्ग्रह, २०४६), बाजे पुराण (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०४९), कुलचन्द्र कोइरालाका कविताहरू (कवितासङ्ग्रह, २०५०), यात्रा लामाबगरको (यात्रा निबन्धसङ्ग्रह, २०५०), नबिर्सने क्षणहरू (संस्मरणसङ्ग्रह, २०५०), मलाई तिमी सम्झनै छाडिदेऊ (गीतसङ्ग्रह, २०५२), सात समालोचना (२०५५), आँसु (खण्डकाव्य, २०५६), वासना र प्रेम (लघु कथासङ्ग्रह, २०५६), पुर्ख्यौली इतिहासभित्र मेरो अतीतका पानाहरू (आत्मजीवनी, २०५८), भीमसेन थापा (महाकाव्य, २०५९), विक्रम (पद्यनाटक, २०६०), कुलचन्द्र कोइरालाका निबन्धहरू (२०६०), स्मृति चिह्न (कथासङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : धर्मदर्शन (त्रैमासिक), पानस (साप्ताहिक पत्रिका), मेघदूत (नेपाली छायानुवाद, २०४२)। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०२८), गुणराज पुरस्कार (२०५२), दीपस्मृति पुरस्कार (२०४९)। **हालको ठेगाना** : बानेश्वर-३४, काठमाडौँ /चन्द्रनिगाहापुर -६, रौतहट। **फोन** : ४४७००८२, ४४९४६६७।

कुलचन्द्र गौतम (कुलनिधि)

(माध्यमिक कालीन साहित्यकार)

जन्म/स्थान : वि.सं. १९३२ जीवनपुर, धादिङ /नुवाकोट। निधन : २०१५ मङ्सिर २१, बनारस। **माता/पिता** : हस्तकुमारी, रमाकान्त गौतम। **शिक्षा** : साहित्याचार्य, संस्कृत (बनारस)। **सेवा** : साहित्यसेवा। **पहिलो रचना** : पुरुषार्थ कल्पवल्ली (पद्य-१९५६)। **कृति/सृजना** : अमरकोश (नेपाली टीका, १९५७), दत्तचर्या र दत्तचर्यासार सङ्ग्रह (१९७१), स्वयं वैद्य (आयुर्वेद, १९७२), अलङ्कार चन्द्रोदय (लक्षणग्रन्थ, १९७८),

भागवत मञ्जरी (संस्कृत-१९८४), स्वर्ण तुलादान, शिवमहिमा स्तोत्र, प्रपञ्चचर्या (१९९३), दुर्गे पाहिमाम्, महिम्न स्तोत्र (१९९७), उन्माद (मुक्तकाव्य, २010), आदर्श दम्पत्ति सीतारामौ (संस्कृत-२०१२), अलङ्कार सङ्ग्रह (२०१४), राघवालङ्कार (लक्षणग्रन्थ-२०१६), लोकशिक्षा, तत्त्वबोध (२०२७), गङ्गा-गौरव (संस्कृत), हरिवरिवस्या (संस्कृत), वन्दना युगल (संस्कृत), आयुर्वेदीय योगको (संस्कृत), तुलसीकृत रामायण (नेपाली, १९९६), संस्कृत नेपाली शब्दकोश (२०५.४) । **सम्पादन/अनुवाद** : ज्योति (चौमासिक, संयुक्त सम्पादन), तुलसीकृत रामायण (अनु.), प्रपञ्चचर्चा (गद्य, अनु.) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु, साहित्यमणि विद्याभूषण उपाधि (भारतीय विद्वान्हरूको समाज, २०१५) । विद्वच्छिरोमणि उपाधि (श्री ५ त्रिभुवनबाट, २००८) ।

कुलप्रसाद कोइराला

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ जेठ २०, रातमाटे पुराना गाउँ, ओखलढुङ्गा । **माता/पिता** : नन्दकुमारी कोइराला, फणीन्द्रनाथ कोइराला । **शिक्षा** : विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : काव्यिक परिभ्रमण (समालोचना, २०६२), सृष्टिमाथिको दृष्टि (समालोचना, २०६२), धरणीधर परिक्रमा (२०६३), माधवीमाथिको चिन्तन दृष्टि (समालोचना, २०६३), नेपाली भाषा-साहित्यमा सिन्धुली जिल्लाको योगदान (२०६३), जनआन्दोलन संविधान सभा र तरुणहरूको भूमिका (२०६३), नेपाली साहित्य र गोरखाली स्रष्टाहरू (२०६६) । **सम्पादन/अनुवाद** : प्राध्यापक वासुदेवचन्द्र मल्ल (स्मृतिग्रन्थ, २०५५), भीमसेन थापा (महाकाव्य, २०५९), विक्रम (पद्यनाटक, २०६०), रामायण बालुन (२०६२), दाता कर्ण (पौराणिक काव्य, २०६२), गिरिजा बाबु (२०६८) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार । साहित्य सन्जाल रौतहटवाट सम्मान (२०६६) । **हालको ठेगाना** : का.म.न.पा. ३४, साझाबस्ती, काठमाडौं । **फोन** : ४११६२०२, ९८४१५००५९३ ।

कुलप्रसाद खनाल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ असार २६, चुँदी, तनहुँ । **माता/पिता** : अन्नपूर्ण खनाल, हरिप्रसाद खनाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : शाकुन्तल महाकाव्यमा प्रकृति चित्रण (रूपरेखा, २०२५) । **कृति/सृजना** : पाँच लाखको चिट्ठा (निबन्धसङ्ग्रह, २०२९), चिन्तनका पाइलाहरू (समालोचना, २०४८), सडक र संस्कृति (निबन्धसङ्ग्रह, २०५८), आफू हराएको देश (निबन्ध, ०६३) । **सम्पादन/अनुवाद** : गण्डकी सङ्गम, पृथ्वी प्राध्यापक मञ्च । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार । **हालको ठेगाना** : तनहुसुर -९, तनहुँ । **फोन** : ०६१-५२२९१३, ९८४६१६८७७७ ।

कुलप्रसाद ढकाल (के.पी. ढकाल)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ माघ ९, चिसापानी, भुल्के, भोजपुर । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, नाटक निर्देशन, वाद्यवादन, गायन । **पहिलो रचना** : खै मान्छ र ! (कविता, चेतना पत्रिका, भोजपुर, २०२४) । **कृति/सृजना** : अरुणका सुसेली (कवितासङ्ग्रह, २०५३), जुठेको नयाँघर (उपन्यास, २०५८), धरती ... ? (कवितासङ्ग्रह, २०५८), अरुणका छालहरू (कथासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : जमघट (२०२४), सङ्गम (२०५३), सुखानी (२०५८), नवरङ्ग (२०५९), सुनौलो भविष्य (२०५९) । **पुरस्कार/सम्मान** : जिल्ला शिक्षा शाखा झापा, पुरस्कार (२०६०), नगद पुरस्कार (स.मा.वि., झापा) । तीनजुरे साहित्यिक प्रतिष्ठान, तेह्रथुम (२०५५), ने.रा.ज.सां. मञ्च नेपाल (२०५९), चन्द्रसूर्य सीप विकास संस्था, दमक (२०६१ आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान तथा कदर पत्र । **हालको ठेगाना** : दमक -११, झापा । **फोन** : ५८००८० ।

कुलबहादुर केसी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००३ असोज ९, बाटुलेचौर, पोखरा, कास्की । निधन : २०६९ चैत २ गते । **माता/पिता** : उषा केसी, भोजराज केसी । **शिक्षा** : प्रवेशिका । **सेवा** : कृषि, निजामती,

स्वास्थ्य सेवा । **पहिलो रचना** : आमा तिमी बाँचिरहू (कविता, खसोखास साप्ताहिक, २०५०) । **कृति/सृजना** : मुटुका झिल्का (कवितासङ्ग्रह, २०३९), गरीब उस्तै छ (लघु खण्डकाव्य, २०४०), गाउँले (कवितासङ्ग्रह, २०५२), भैलो तथा झ्याउरे गीत (२०५२), आशौच बार्दै छन् कविताहरू (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : सेतीको लहर (साहित्यिक पत्रिका), स्मारिकाहरू । **पुरस्कार/सम्मान** : अम्बर प्रतिभा पुरस्कार (२०४७), गण्डकी साहित्य पुरस्कारलगायत थुप्रै प्रथम पुरस्कारहरू । माछापुच्छ्रे एफ.एम. पोखराबाट सम्मान (२०५९), मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानबाट सम्मान (२०५९), हिमालय युवा क्लब बाटुलेचौरबाट सम्मान (२०५९), लेखनाथ साहित्य प्रतिष्ठान पोखराबाट सम्मान (२०६०) आदि । **हालको ठेगाना** : बाटुलेचौर, पोखरा, कास्की । **फोन** : ०६१-५२५५८१, ५२६५८१ ।

कुलमणि देवकोटा (शनिश्चर शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५, मङ्सिर धान्य पूर्णिमा, तानसेन, पाल्पा । निधन : २०५९ जेठ शुक्ल पक्ष चतुर्दशी, काठमाडौँ । **माता/पिता** : दमयन्तीदेवी, माधवप्रसाद देवकोटा । **शिक्षा** : एम.ए. (नेपाली । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : जुठेल्नो (कविता, वाचन प्रथम बृहत् नेपाली साहित्य सम्मेलन, २००४) । **कृति/सृजना** : पाल्पाली गीत (गीतसङ्ग्रह, २०१४), हाम्रो गीत (कवितासङ्ग्रह, सहलेखन, २०१४), छरिएका फूल (कवितासङ्ग्रह, २०१५), साक्षरताको प्रसार (प्रौढहरूका लागि कवितासङ्ग्रह, २०२४), पुतलीको फूल (बालकवितासङ्ग्रह, २०२५), कुलमणिका कविता (कवितासङ्ग्रह, २०२६), पुतलीको फूल (बालगीतसङ्ग्रह, २०२८), गाईजात्रा (२०३०), मुडुली बज्यै (कवितासङ्ग्रह, २०३०), सञ्चयनी (कवितासङ्ग्रह, २०३८), श्रमजीवीको स्मृतिको स्मृतिमा तेह्र कविता (कवितासङ्ग्रह, २०४७), बुद्धलोक (कवितासङ्ग्रह, २०५०), २०५१ का कविता (कवितासङ्ग्रह, २०५२) । **सम्पादन/अनुवाद** : अखण्ड पाल्पा (२००८), मानव जीवन (हिन्दी पत्रिका, २०१५), सिर्जना (मासिक पत्रिका, २०१५), तिनाउ (मुखपत्र), लुम्बिनी सन्देश (२०३०), “तस्या एवं कृते” (“उसैका लागि” को संस्कृत पद्यानुवाद, २०२३) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०२३ र २०३३), सिद्धिचरण पुरस्कार (२०५१), हरिहर शास्त्री-सावित्रीदेवी पुरस्कार (२०४७), लुम्बिनी अञ्चलस्तरीय पुरस्कार (२०५३), प्रवल गोरखा दक्षिणवाहु चौथो (२०५३), छविलाल पाल्पाली प्रतिभा पुरस्कार (२०५४), स्व. भवानी भिक्षु यश: भिक्षु पुरस्कार (२०५५), भैरव पुरस्कार (२०५६), लूनकरणदास-गङ्गादेवी चौधरी प्रतिभा पुरस्कार (२०५७) । बूढानीलकण्ठ स्कुल रजतजयन्ती साहित्यकार सम्मान (२०५३), जयतु संस्कृतम् सम्मान (२०५५) । **हालको ठेगाना** : चावेल, मैजुबहाल, काठमाडौँ । **फोन** : ४४२४३५४, ४४२१२८३ ।

कुलमानसिंह भण्डारी

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९८२ माघ २१, नैकाप, काठमाडौँ । निधन : २०५७ साउन २ कीर्तिपुर । **माता/पिता** : देवकुमारी भण्डारी, एकबहादुर भण्डारी । **शिक्षा** : सामान्य । **सेवा** : चित्रकला, अध्यापन (कला) । **पहिलो रचना** : तनर किसान गीत (नवभारत टाइम्स, भारत, इ.सं. १९५२) । **कृति/सृजना** : मेरा कलाकार गुरुहरू (२०५४), कुलमानसिंह भण्डारीका गीत र कविता (२०६१), कुलमानसिंह भण्डारीका आवरण पृष्ठ कला (२०६२) । बनेपा, जनकपुर, धनगढी, पल्पसा आर्ट ग्यालरी काठमाडौँ आदि स्थानमा एकल तथा सामूहिक चित्रकला प्रदर्शनी । सन्देशप्रधान पेन्टिङहरूको निर्माण । *चित्रकलामा :* प्रोटर - चन्द्रशमशेर र जुद्धशमशेर (२००१), बालक बुद्ध (२०११), सौगात (२०१५), दर्शन (२०१६), प्रतिज्ञा (२०१६), पगाहा (२०१६), दुई रोगको चरमसीमा (२०१७), एकता (२०१७), नफर्कने बाटो (२०१८), मनको कुरा (२०१९), कलाकार (२०१९), सतर्क गाउँ (२०१९), आसा (२०१९), शान्तिको प्रतिज्ञा (२०१९), सेप (२०२०), प्रगतिको दौड (२०२२), टालटुल (२०२२), पन्थी (२०२३), आफ्नै शल्यक्रिया (२०२५), कुहिनो (२०२५), घाम छेक्ने सुमेरु (२०२६), सृष्टिको पहिलो बिहान (२०२७), गरीबीको रेखामुनिका जनता (२०४५), नित्य बार (२०५२), प्रजातन्त्र (२०५५), ज्वाला (२०५५) आदि । विभिन्न पुस्तकहरूमा कभर डिजाइन । विभिन्न ग्रामीण नाटकहरूको निर्देशन । **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०२३), पासाङ ल्हामु पदक (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५१), युद्धप्रसाद मिश्र पुरस्कार (२०५१), नेपाल वातावरण पत्रकार समूहद्वारा पुरस्कृत (२०५५) पारिजात कला पुरस्कार (मरणोपरान्त, २०५९) । **हालको ठेगाना** : कीर्तिपुर -३, काठमाडौँ । **फोन** : ४३३१३८५ ।

कुलराज अर्ज्याल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं.१९६०, प्युखा, काठमाडौँ । निधन : २०११ फागुन, सिफल, काठमाडौँ । **माता/पिता** : भवमाया, खगप्रसाद अर्ज्याल । **शिक्षा** : संस्कृत, साहित्य, एघार पास । **सेवा** : सरकारी, परराष्ट्र सेवा । **कृति/सृजना** : भार्याविरह (शोककाव्य, १९९६) तथा फुटकर रचनाहरू । **पुरस्कार/सम्मान** : लेखापरीक्षक ।

कुलराज घिमिरे (कुवेर घिमिरे)

(कवि, नेपाली/मैथिली भाषा)

जन्म/स्थान : वि.सं. २००९ असोज १९, जनकपुर -९, धनुषा । **माता/पिता** : खिलेश्वरी घिमिरे, पाण्डवराज घिमिरे । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता, मानवअधिकार । **पहिलो रचना** : भत्केको घर (कथा, स्वास्नीमान्छे पत्रिका, २०१९) । **कृति/सृजना** : छिलमिल्ली (छौँक सङ्ग्रह, मैथिली, २०६२) । **सम्पादन/अनुवाद** : सङ्केत (मैथिली सामयिक सङ्कलन), मानव अधिकार मञ्च, सिंहावलोकन (पत्रिका), आदि । आप्रवासी विशेषाङ्क, नेपालीय मैथिली विशेषाङ्क, जनकपुर विशेषाङ्क (अङ्ग्रेजीमा) । **हालको ठेगाना** : पो.व.नं. २१६९२, काठमाडौँ / हेटौडा न.पा. ४, मकवानपुर (kulrajghimire@yahoo.com) । **फोन** : ०५७-५२२८३३ /४४८९४४९ ।

कुसुम ज्ञवाली (फणीन्द्र ज्ञवाली)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० मङ्सिर २२, रिमुवा-४, गुल्मी । **माता/पिता** : नेत्रकला ज्ञवाली, मुक्तिप्रसाद ज्ञवाली । **शिक्षा** : स्नातकोत्तर, इञ्जिनियरिङ । **सेवा** : इञ्जिनियर (नेपाल विद्युत् प्राधिकरण), प्राध्यापन । **पहिलो रचना** : आँखा (छन्द कविता, श्रुति साप्ताहिक, २०४२) । **कृति/सृजना** : शहीदले बिर्सेको गाउँ (लघुकथा, २०६०) Basic concept of Engineering Drawing (text book, 2059), Pelton turbine Design (शोधपत्र, २०५७), Cost Reduction Possiblity of MHP (शोधपत्र, २०६१) । **सम्पादन/अनुवाद** : विद्युत् सन्देश (अर्धवार्षिक), द टेक्नोलोजी (वार्षिक, इञ्जिनियरिङ पत्रिका) । **पुरस्कार/सम्मान** : राष्ट्रिय खुल्ला लघुकथा प्रतियोगिता- द्वितीय (२०५४), राष्ट्रिय कथा प्रतियोगिता- प्रथम (२०५६), भानुमोती काव्य महोत्सव पुरस्कार (२०५६), राष्ट्रिय कविता प्रतियोगिता- द्वितीय (२०५८) । प्राविधिक स्रष्टा सम्मान (२०५९) । **हालको ठेगाना** : पो.ब.नं. १२१८३, काठमाडौँ (thekusum@gmail.com) । **फोन** : ५५४३६७० /९८५१०७७३९६ ।

कुसुममञ्जरी देवी

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९५६, धुम्वाराही, काठमाडौँ । **शिक्षा** : साधारण । **सेवा** : साहित्य सेवा । **पहिलो रचना** : शारदा पत्रिकामा प्रकाशित (१९९५) । **कृति/ सृजना** : सीता विलाप (शोककाव्य, वि.सं. १९९६) ।

कुसुमाकर न्यौपाने

(लोकसाहित्य अन्वेषक)

जन्म/स्थान : वि.सं. २०१७ भदौ २९, सरौखोला, डाँडाकाहुँ, पर्वत । **माता/पिता** : चम्पा न्यौपाने, दधिराम न्यौपाने । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (लोकगीत) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : म मिलने छु सखी उही स्थानमा (कविता, सगरमाथा, हरिद्वार, भारत) । **कृति/सृजना** : कास्की जिल्लामा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन (२०४९), गोपीचन लोक नाटक (२०६५), लोक रामायण (२०६५) । **सम्पादन/अनुवाद** : सिर्जना (पोखरा), फिस्टेल साहित्य सँगालो (पोखरा) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पदक (२०५६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६६), अवलोकन साहित्य प्रतिष्ठान पोखराद्वारा अभिनन्दन सम्मान(२०५८), कालीगण्डकी साहित्यकला सम्मान (२०६६), अली मियाँ कोष वाङ्मय प्रतिष्ठानबाट सम्मान (२०६६) । **हालको ठेगाना** : पोखरा -११, फूलबारी, कास्की (kusumakar@fewamail.com.np) । **फोन** : ०६१-५२४८२४, ९८४६०२७२०८ ।

कृष्ण अधिकारी

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० साउन, मूलपानी, दिङ्ला, भोजपुर । **पिता** : भोजराज अधिकारी । **शिक्षा** : आई.ए. । **सेवा** : न्यायसेवा, पत्रकारिता, मुद्रण । **पहिलो रचना** : २०३५ सालदेखि फुटकर रूपमा प्रकाशन हुन थालेको । **कृति/सृजना** : जर्मनी यात्रा स्मृति (यात्रासंस्मरण, २०५६) । **सम्पादन/अनुवाद** : सप्तकोशी (साप्ताहिक, २०३९) । **हालको ठेगाना** : इटहरी - ८, सुनसरी । **फोन** : ०२५-५८०६३१ ।

कृष्ण आठपहरीया

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २०२२ भदौ १, पाखीबास, धनकुटा । **माता/पिता** : मनमाया राई, लोकबहादुर राई । **शिक्षा** : एम.एड. (अङ्ग्रेजी) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : याद गर (एकाङ्की, २०५३) । **कृति/सृजना** : व्यथाभित्रको नारी कथा (खण्डकाव्य, २०५३), A Text Book of Linguistics (for class XI, 2002), A Text Book of Linguistics (for class XII, 2059), English Proverbs with their Nepali Equivalents, 2005) । **हालको ठेगाना** : पाखीबास -४, धनकुटा । **फोन** : २०२६४ / २०२१९ (दिक्तेल) ।

कृष्ण उदासी (कृष्णलाल बास्तोला)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ कात्तिक ६, गुवाहाटी, भारत । **माता/पिता** : गौरी बाँस्तोला, तारापति बाँस्तोला । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, रेडियो कार्यक्रम उद्घोषण, लेखन, अभिनय, नाट्य निर्देशन । **पहिलो रचना** : ऊ समर्पित हुन्छ (कथा, राष्ट्रआवाज साप्ताहिक, २०४१) । **कृति/सृजना** : परबिन्दा (उपन्यास, २०४७), अन्तिम संहार (एकाङ्कीसङ्ग्रह, २०५८), अग्निकुण्ड (एकाङ्कीसङ्ग्रह, २०५९), अंशुमाली र अक्षरजीवी (कवितासङ्ग्रह, २०५९), एक हुल कन्याङकुरूङ (कवितासङ्ग्रह, २०६०), मैयाँ-माला (गीतिकाव्य, २०६०), युद्ध पिरामिड (एकाङ्कीसङ्ग्रह, २०६२) । आँसुको बदला, पैसट्ठी सय, अँध्यारो वस्ती, अन्तिम संहार लगायत करिब पाँच दर्जन जति नाटकहरू लेखन/अभिनय/निर्देशन । **सम्पादन/अनुवाद** : कुमुदिनी स्मारिका, माछापुच्छ्रे तरङ्ग, श्री गीताञ्जली, उत्खनन । **पुरस्कार/सम्मान** : रेडियो नाटक उत्सव - तृतीय पुरस्कार (रेडियो नेपाल, २०५१), विभिन्न कविता तथा नाटक प्रतियोगिताहरूमा पुरस्कृत, काजीरोशन साहित्य पुरस्कार (२०६४) । **हालको ठेगाना** : पोखरा -४, सिद्धार्थचोक, पो.ब.नं. ५५९, कास्की । **फोन** : ०६१-५३४३२८/०६१-५३५०१६ ।

कृष्णकुमार प्रजापति

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ भाद्र ४, त्वागा:टोल, नगदेश, मध्यपुरथिमी-५, भक्तपुर । **माता/पिता** : विष्णुमाया प्रजापति, कसंकुमार प्रजापति । **सेवा** : अध्यापन, धार्मिक, सामाजिक सेवा । **कृति/सृजना** : बुद्ध शरीर होइन, विचार हो ! (२०४६), जर्दानो ब्रुनोबाट सिकौँ (२०४७), एकजुट होऔं ! (२०४८), बुद्ध एक कुशल चिकित्सक (२०४८), बौद्ध झण्डा एक गरिमामय प्रतीक (२०५२), बुद्धकालीन समाजमा धी थी हलंज्वलं व परिस्थिति (नेपाल भाषा, २०५८), न्हायूकुति भगवान् एक परिचय (२०५८), गौतम बुद्धका समकालीन भिक्षुहरू (भाग-१, २०५८), त्रिरत्न वन्दना, परित्राण र बौद्ध संस्कार पद्धति (२०६९), हलिंमय् दकले त:जागु स्तुप 'केसरिया' छगु अध्ययन (नेपाल भाषा, २०६२) । **हालको ठेगाना** : नगदेश, भक्तपुर । **फोन** : ६६३४३६३, ९८४१४८८३२९ ।

कृष्णगोपाल रञ्जित

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९९०, पोखरा । **माता/पिता** : चिनीमाया रञ्जित, देवीप्रसाद रञ्जित । **शिक्षा** : आठ कक्षा । **सेवा** : ललितकला । **पहिलो रचना** : रामचन्द्रको मूर्ति स्केच

(वि.सं.१९९४, सिलेटमा खरीले बनाएको) । **कृति/सृजना :** एकल कला प्रदर्शनी (नाफा, इ.सं. १९७०, १९७२), सामूहिक कला प्रदर्शनी (इ.सं. १९७०, १९७१, १९७४, जापान इ.सं. १९७० । विभिन्न देशमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २०००), अन्तर्राष्ट्रिय पुरस्कार (फुजी टेलिभिजन जापान, इ.सं. १९९७), राष्ट्रिय कला प्रदर्शनीमा सान्त्वना पुरस्कार । ने.रा.प्र.प्र. नाफाबाट सम्मान तथा नेपाल कमर्सियल आर्ट एसोसिजबाट अभिनन्दन (इ.सं. २०००) । **हालको ठेगाना :** काठमाडौँ -२९ । **फोन :** ४३५३२८४ ।

कृष्ण गौतम (कृष्णप्रसाद गौतम)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ जेठ १३, बैरिनी, धादिङ । **माता/पिता :** रेणुकुमारी गौतम, ज्ञानेश्वर गौतम । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** रुमाल (निबन्ध, युवक पत्रिका, वर्ष ३, २०२४) । **कृति/सृजना :** देवकोटाका प्रवन्धकाव्य (समालोचना, २०३८), स्वर्णबिम्ब (उपन्यास, २०४८), नाच (कथासङ्ग्रह, २०५०), आधुनिक आलोचना : अनेक रूप अनेक पठन (समालोचनासङ्ग्रह, २०५०), पाश्चात्य महाकाव्य (समालोचना, २०५५), सिर्जनाको सुवास (समालोचना, २०५६), रचनाको रोमाञ्च (समालोचना, २०५६), प्राच्य महाकाव्य (समालोचना, २०५९) उत्तरआधुनिक जिज्ञासा (२०६४), उत्तरआधुनिक संवाद (२०६७) । **सम्पादन/अनुवाद :** गरिमा (मासिक), हाम्रो प्राङ्गण, सुवर्ण शमशेर : एक व्यक्ति अनेक आयाम (२०५८) आदि । **पुरस्कार/सम्मान :** भाइस चान्सलर पदक (२०२३), लारी स्वर्ण पदक (२०२५), महेन्द्र विद्याभूषण (२०२५), शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (२०४४), शिक्षा पुरस्कार (२०४८), दीर्घसेवा पदक (२०५३) । अखिल भारतीय नेपाली भाषा समिति (देहरादुन, भारत) द्वारा सम्मान (२०५४) । **हालको ठेगाना :** छाउनी, काठमाडौँ । **फोन :** ४२७३९७८, ९७२१५७२४५७ ।

कृष्णचन्द्र अर्याल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९३९ कमलपोखरी, काठमाडौँ । **निधन :** वि.सं. २००३ । **माता/पिता :** इन्द्रमणि अर्ज्याल । **शिक्षा :** आचार्य संस्कृत (बनारस) । **सेवा :** सरकारी, साहित्य साधक, पत्रकार (गोरखापत्र) (मकै पर्वमा प्रताडित) । **कृति/सृजना :** लौकिक न्यायमणि माला (२०१६), गोरखाभाषा (१९७४), फलविज्ञान (१९९२), हाँसो (हास्यव्यङ्ग्य, १९९६), गर्भ-भञ्जन (१९७४), विवाहशतक (काव्य, १९७६), शैलभकामाञ्चल महात्म्य (काव्य, १९७६) ।

कृष्णचन्द्र उपाध्याय 'केदारनाथ'

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८५ वैशाख १७, बारला, भानुमती, खोटाङ । **निधन :** २०५८ वैशाख २७ । **माता/पिता :** शिलप्रिया पोखरेल, गणेशप्रसाद पोखरेल । **शिक्षा :** मध्यमा । **सेवा :** सरकारी नोकरी । पोखरेल सेवा समाज, विराटनगरबाट अभिनन्दन (२०४९), पोखरेल वंश प्रतिष्ठान, इटहरीबाट अभिनन्दन (२०५५) । **कृति/सृजना :** पोखरेलको वंशावली (२०१४) । **पुरस्कार/सम्मान :** सेवा पदक, दीर्घसेवा पदक । **सम्पर्क ठेगाना :** रावा खार्पा -४, खोटाङ ।

कृष्णचन्द्र देवकोटा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.१९९० असार कृष्ण अमावस्या, भगवती टोल, तानसेन, पाल्पा । **निधन :** २०५५ साउन २६ । **माता/पिता :** दमयन्तीदेवी, माधवप्रसाद देवकोटा । **शिक्षा :** शास्त्री (धर्मशास्त्र) । **सेवा :** अध्यापन, भाषा, साहित्य । **पहिलो रचना :** माग (कविता, आँखा पत्रिका, २००७) । **कृति/सृजना :** बालस्रेस्ता ज्ञान (२०१६), भगवती जात्रा (२०३१), भगवती जात्रा (वर्णन यात्रा, २०३७), पितृशोकोद्गार (शोककाव्य, २०३९), महाभारतकालीन समाज, मेघदूत (खण्डकाव्यको गद्यात्मक व्याख्या), ग्राम्य जीवन (निबन्ध) । **सम्पादन/अनुवाद :** कोपिला, शारदा, लुम्बिनी तथा पद्मोदय हाईस्कुलको मुखपत्र आदिको सम्पादन । नीतिशतक (भर्तृहरिकृत नीतिशतकम्‌को नेपाली

अनु., २०१८), सप्तशती दुर्गा, हनुमान् चालीसा (अनु.)। **पुरस्कार/सम्मान** : नगद पुरस्कार, दीर्घसेवा पदक।

कृष्णचन्द्र शर्मा

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)
जन्म/स्थान : वि.सं. २०१७ असोज १७, बम्घा-३, गुल्मी। **माता/पिता** : भागीरथी शर्मा, शर्मानन्द शर्मा भण्डारी। **शिक्षा** : विद्यावारिधि (अङ्ग्रेजी)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : A Comparative study belween T.S. Elios : The Wasteland and Balkrishna Sama : Ago Ra Pani (2056)। **कृति/सृजना** : A Critical Study on Devkota, Sama & Poudel (1999)। **सम्पादन/अनुवाद** : मेची-काली (दैनिक पत्रिका), प्रज्ञा अङ्ग्रेजी नेपाली शब्दकोश, प्रज्ञा दर्शन कोश (२०६९)। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (क)। **हालको ठेगाना** : बुटवल-१२, कालिकानगर, रूपन्देही। **फोन** : ४३३०७५६, ९८५११०२९८८, ९८४१४३२५४३।

कृष्णचन्द्रसिंह प्रधान (गोविन्दप्रसाद प्रधान)

(समालोचक)
जन्म/स्थान : वि.सं. १९८२ साउन ११ (नागपञ्चमी) तुन्छेगल्ली सुन्तागाउँ, काठमाडौं। निधन : २०६७ असार १७। **माता/पिता** : सूर्यमायादेवी, सूर्जप्रसादसिंह प्रधान। **शिक्षा** : स्वाध्याय। **सेवा** : अध्यापन, प्राध्यापन, साझा प्रकाशन (महाप्रबन्धक), ने.रा.प्र.प्र. (आजीवन सदस्य), सामाजिक सेवा। **पहिलो रचना** : अश्रुधार (कविता, उदय पत्रिका, बनारस, वि.सं. २००२)। **कृति/सृजना** : भञ्ज्याङनिरै (कवितासङ्ग्रह, २००८), कवि 'व्यथित' र उनको काव्य साधना (समालोचनासङ्ग्रह, २०१५), सालिक (निबन्धसङ्ग्रह, २०२६), झीगु बाखं साहित्य (समालोचना, नेपाल भाषा, २०३४), नेपाली उपन्यास र उपन्यासकार (समालोचनासङ्ग्रह (२०३७), सिर्जनाको सेरोफेरो (समालोचना सङ्ग्रह, २०४०), अनाम सत्य (निबन्धसङ्ग्रह, २०४६), पाइला : आगतमा टेकेर (निबन्धसङ्ग्रह, २०४७), पलाचिं लिना (समालोचना, नेपाल भाषा, २०५२), बागमतीको हरक (निबन्धसङ्ग्रह, २०५७), नफर्कने ती दिनहरू (आत्मसंस्मरण, २०५९), कृति अवलोकन (समालोचना, २०५९)। **सम्पादन/अनुवाद** : आँखा (मासिक, २००४), पासा (नेवारी दैनिक, २०१३), जनसाहित्य (द्वैमासिक, २०१४), हिमानी (द्वैमासिक, २०२१), साझा समालोचना (समालोचनासङ्ग्रह, २०२५), गरिमा (मासिक, २०३९), कावागुचीको नेपाल बसाइ (यात्रासंस्मरण, २०४६), समकालीन साहित्य (त्रैमासिक, २०४७), ए रिप्रिजेन्टिभ कलेक्सन अफ नेपाल भाषा पोइम्स (२०५४)। **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०१५), गोरखा दक्षिणबाहु (२०२४), रत्नश्री स्वर्णपदक (२०२५), साझा पुरस्कार (२०३७ र २०४७), गुणराज स्मारक व्याख्यान पुरस्कार (२०३७), उत्तम कुँवर पुरस्कार (२०४७), धरणीधर पुरस्कार (२०४७), झपट पुरस्कार (२०५५), सीताराम प्रज्ञा पुरस्कार (२०५७), त्रिभुवन प्रज्ञा पुरस्कार (२०६०)। प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर (२०४६), धौलागिरि साहित्यिक प्रतिष्ठान, बागलुङ (२०४६), लाजिम्पाट क्लब, काठमाडौँ (२०५०), नारायणी वाङ्मय प्रतिष्ठान, वीरगञ्ज (२०५३), आह्वान समूह, चाबहिल (२०५५), शेषहिरा प्रतिष्ठान, काठमाडौँ (२०५८), सर्वदा वाङ्मय प्रतिष्ठान, काठमाडौँ (२०५८), नेपाली लेखक सङ्घ (२०५८), मधुपर्क सम्मान (गोरखापत्र, २०६०) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान। **हालको ठेगाना** : ख २/३२९ ताहाचल, काठमाडौँ। **फोन** : ४२७२५०५।

कृष्णजङ्ग राणा

(कवि, नेपाली/हिन्दी भाषा)
जन्म/स्थान : वि.सं. १९९० साउन १९, नेपालगञ्ज, बाँके। **माता/पिता** : मीनकुमारी, भगवतजङ्ग राणा। **शिक्षा** : एम.बी.बी.एस., डी.पी.एच., पिएच.डी.(कम्युनिटी हेल्थ)। **सेवा** : स्वास्थ्य सेवा। **पहिलो रचना** : देशको लागि मन दुखाऊ (कविता-२०२८)। **कृति/सृजना** : ए बुक अन हिस्टोरी अफ मलेरिया एण्ड मलेरिया कन्ट्रोल इन नेपाल (२०३०), बिखरे काँटे बिखरे फूल (कवितासङ्ग्रह, हिन्दी, २०६२), मेरो गीत तिम्रो लागि (२०३०), मनका उद्गार (२०६२), अन्तर्भाव (२०६७), मनकै सेरोफेरोमा (गजलसङ्ग्रह, २०६७), आस्थाको खोजीमा (२०६७), भाव थरीथरी (२०६८), मायाको सँगालो (२०६८), छल्किएका भाव मनका (गजलसङ्ग्रह, २०६८)। **हालको ठेगाना** : धोबीघाट, ललितपुर-३। **फोन** : ५५२१८१९/९८५१०२६९२६।

कृष्ण जोशी (कृष्णप्रसाद जोशी)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९६ माघ २०, भोजपुर । **माता/पिता** : गणेशकुमारी जोशी, गुमानसिंह जोशी । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), एम.पी.ए. । **सेवा** : निजामती, सरकारी नोकरी, साहित्य, सम्पादन । **पहिलो रचना** : मेरो पारो बिनाको ऐना (गोरखापत्र, २०१९ पुस १४) । **कृति/सृजना** : मृत्यु दोहोरिन्छ म बाँचें भने (उपन्यास, २०३६), सार्वजनिक प्रशासन आधुनिक अध्ययन (२०३६), विसङ्गत स्वरहरू (गीति-कवितासङ्ग्रह, २०४९), असम्मत सम्मत (उपन्यास, २०५१), पोखरीभित्रको शताब्दी (कवितासङ्ग्रह, २०५४), काठमाडौँ वरिपरि (उपन्यास, २०५६), आगो समुद्र : पानी समुद्र (कवितासङ्ग्रह, २०५८), सार्वजनिक प्रकाशन (२०५७), चित्रदंश (कवितासङ्ग्रह, २०६१), ज्यामीपत्नीको घोषणा (कवितासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : बालसाहित्य (२०१३), आँकुरो (२०१५), पँधेरो (२०१८), सपनाको ओतमा (२०१९), फूलबारी (२०२०), कविताकुञ्ज (२०२०), सगरमाथा अञ्चल साहित्य सेमिनार अङ्क (२०२१), भोजपुरका कविता (२०२१), २००७ सालको क्रान्ति र नारदमणि थुलुङ (२०५३), स्व. श्री विक्रम राणाको गीतसङ्ग्रह घाउका फूलहरू (२०५४), बिर्सेका अनुहारहरू बिर्सन नसकिएका घटनाहरू (२०५७), कवितामा काठमाडौँ (२०६०) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), दुर्गम सेवा पदक, जानपद सेवा पदक, दीर्घसेवा पदक, दैवीप्रकोप पीडितोद्धार पदक (२०४५), व्यथित काव्य पुरस्कार (२०५९), बगर फाउन्डेसन सम्मान (२०६१), गोरखा दक्षिणाबाहु चौथा (२०६२) । 'काठमाडौँ वरिपरि' उपन्यासको लागि सम्मान (२०५६), भोजपुर साहित्यिक महोत्सव समितिबाट सम्मान (२०६२), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), बेलायतबाट प्रतिभा सम्मान (२०६६), बगर सम्मान (२०६१) । **हालको ठेगाना** : घट्टेकुलो, लालीगुराँसमार्ग - ७५, काठमाडौँ । **फोन** : ४७७०३१७, ९७४११३५७७२ ।

कृष्ण दङ्गाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ २९, भोगटेनी, पाँचथर । **माता/पिता** : विष्णुकुमारी दङ्गाल, डिल्लीराम दङ्गाल । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : अध्यापन । **पहिलो रचना** : कविता (२०३०)**कृति/सृजना** : मनका तरेलीहरू (कवितासङ्ग्रह, २०५६), परिवेशको पाटो (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : नागबेली, सरस्वती । **पुरस्कार/सम्मान** : स्थानीय केही पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : दमक -१, झापा । **फोन** : ०२३-५८१२१२ ।

कृष्णदास श्रेष्ठ

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ असोज, नरदेवी नेटपाचो टोल, काठमाडौँ । **माता/पिता** : कृष्णकुमारी श्रेष्ठ, पूर्णकुमार श्रेष्ठ । **शिक्षा** : आई.ए. । **सेवा** : साहित्य, राजनीति, लेखन । नेवा राष्ट्रिय मुक्ति मोर्चाद्वारा अभिनन्दन (२०६३) । **पहिलो रचना** : नयाँ जमाना (दैनिक पत्रिका सम्पादन, २०१५) । **कृति/सृजना** : गण्डक सम्झौताको विरोध गर्नुपर्ने किन ?(पुस्तिका, २०१७), चीनमा भूमि समस्यालाई कसरी हल गरियो ? (२०२२), देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको नारा पछिल्तिर के लुकेको छ ? (२०३६), बहिष्कारवादीहरूका निराधार तर्कहरू (२०३७), चीनविरोधी अभियानको प्रतिक्रान्तिकारी सारतत्त्व (२०३८), मार्क्सवाद चिनारी पुस्तकमाला (२०४१), नेपाली कम्युनिस्ट आन्दोलनको वर्तमान स्थिति (२०४३), कम्युनिस्ट घोषणापत्र : परिचयात्मक र व्याख्यात्मक टिप्पणीहरू (२०५१), युवा कम्युनिस्टका कर्तव्य र पार्टीको दायित्व (२०५१), लेनिनवाद र संशोधनवाद (२०५२), नेपाली कम्युनिस्ट आन्दोलन : केही समस्याहरू (२०५२), द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गहरू (संयुक्त, २०५३), जनताको जनवादबारे (२०५४), अतिरिक्त मूल्यको सिद्धान्त (२०५५), कार्ल मार्क्स : व्यक्तित्व र कृतित्व (२०५५), ऐतिहासिक भौतिकवाद (२०५६), कार्ल मार्क्स र मार्क्सवाद (२०५७), मार्क्सवादी दर्शनसम्बन्धी निबन्धहरू (२०५८), पार्टी विधानको व्याख्या (२०५९), अन पिपुल्स डेमोक्रेसी (इ.सं.२००३), पुष्पलाल : विचार र व्यक्तित्व (२०६१), बहुदलीय जनवादको क्रान्तिविरोधी सारतत्व, सर्वहारा अन्तराष्ट्रवादबारे केही भड्काउहरू, पूँजीवादी प्रजातन्त्र कि जनताको जनवाद । **सम्पादन/अनुवाद** : वोल्सेभिक इतिहास (भाग १-४) । अनूदित कृतिहरू : कम्युनिस्ट घोषणापत्र (मार्क्स र एङ्गेल्स, २०३०), ज्यालादारी श्रम र पूँजी (कार्लमार्क्स,

२०४४), अतीत, वर्तमान र भविष्यमा महिला (अगस्त बेबेल, २०५९), लेनिनवादका आधारहरू (स्टालिन, २०३९), मार्क्सवाद र जातीय सवाल (स्टालिन, २०५८), मार्क्सवाद र भाषाशास्त्र (स्टालिन, २०४५), सर्वहारा समाजवाद (स्टालिन, २०४७), लेनिन (स्टालिन), बेनामी पत्रहरू (जर्ज प्लेखानोब, २०६३), माओत्सेतुङका छानिएका रचनाहरू (भाग १), लुडविग फाएरबाख र शास्त्रीय जर्मन दर्शनको अन्त्य (एङ्गेल्स, २०३२), जोसेफ स्टालिन (एक सङ्क्षिप्त जीवन, २०३४), कार्यकर्ता र कार्यकर्ता - नीति सम्बन्धमा (चेन युन, २०५६), वानरबाट मानिसतर्फ सङ्क्रमणमा श्रमको भूमिका (एङ्गेल्स), जनगणतन्त्र चीनको विवाह कानुन (२०४०), माओबाट सिक्नुस् (चाउ एन लाई, २०३५), सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्सेविक) को इतिहास (संयुक्त, २०५६), मार्क्सको बारेमा (एङ्गेल्स, २०३४), आफू जवान छँदाको कुरा (संस्मरणसङ्ग्रह, २०४१), जङ्गली युगदेखि सभ्य युगसम्म सम्पत्तिको विकास (पाल लाफार्ग, २०५०), जनजाति नीतिसम्बन्धी केही सवालहरू (चाउ एन लाई , २०४९), जातीय सवाल र वर्ग सङ्घर्ष (ल्यू चुन, २०४९), पार्टी इतिहासका सवालहरूबारे (चिनियाँ पार्टी दस्तावेज, २०३८) । **हालको ठेगाना** : नरदेवी, काठमाडौँ । **फोन** : ४२२८१४२, ४२५६७८६ ।

कृष्ण दिमिले योञ्जन (कृष्णकुमार लामा तामाङ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३३ फागुन १५, दिमीपोखरी-७, रामेछाप । **माता/पिता** : वामनस्या तामाङ, कर्णबहादुर लामा । **शिक्षा** : एम.ए. (समाजशास्त्र) । **सेवा** : पत्रकारिता, शिक्षण । **पहिलो रचना** : यौवन (मुक्तक, बिहीबार साप्ताहिक, २०५४) । **कृति/सृजना** : प्रयास (कवितासङ्ग्रह, २०६१), शुभारम्भ (गीतिसङ्ग्रह, २०६५) । **सम्पादन/अनुवाद** : सिर्जनशील पाइलाहरू (२०५९) । **पुरस्कार/सम्मान** : छ्योर्तेन मासिक पत्रिका सम्मान (२०६७) । **हालको ठेगाना** : बौद्ध-६, काठमाडौँ (kdemele@yahoo.com) । **फोन** : ४४८०५०२ ।

कृष्ण धरावासी (कृष्णप्रसाद भट्टराई)

(निबन्धकार, उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ साउन २ गते, अमरपुर-७, पाँचथर । **माता/पिता** : अम्बिकादेवी भट्टराई, टीकाराम भट्टराई । **शिक्षा** : स्नातक । **सेवा** : बैङ्किङ, साहित्य । **पहिलो रचना** : कविता (सूर्योदय साप्ताहिक, भद्रपुर, २०३२) । **कृति/सृजना** : बालक हराएको सूचना (निबन्धसङ्ग्रह, २०४८), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू (समालोचनासङ्ग्रह, २०४८), उन्मुक्ति आवाजहरू (कवितासङ्ग्रह, २०५०), लीलालेखन (समालोचना, २०५३), नारीभित्र त्यस्तो के छ हजुर ? (निबन्धसङ्ग्रह, २०५३), उत्तमजङ्ग सिजापतिको आलु (निबन्धसङ्ग्रह, २०५५), शरणार्थी (उपन्यास, २०५६), आधा बाटो (उपन्यास, २०५९), झोला (कथासङ्ग्रह, २०६०), कान्छी (सूत्रकाव्य, २०६१), पाठकको अदालतका (विविध, २०६२), राधा (उपन्यास, २०६२), तेस्रो आयाम र बैरागी काइँला (समालोचना, २०६३), पाठकको अदालतमा (निबन्ध, २०६२), राधा (उपन्यास, २०६२), तेस्रो आयाम र बैरागी काइँला (२०६३), तपाई (उंपन्यास, २०६३), मेरो साहित्यिक यात्रा र मदन पुरस्कार (२०६४), टुँडाल (उपन्यास, २०६५), आँधी नआउने घर (२०६७), सी.के. प्रसाई (जीवनी, २०६७), पाण्डुलिपि (२०६७) । **सम्पादन/अनुवाद** : कन्दरा (सामयिक सङ्कलन, २०३७), आजको कविता (साहित्यिक सङ्कलन, २०३८), खितिति (सामयिक हास्यव्यङ्ग्य सङ्कलन, २०३९), सासंक (त्रैमासिक, २०५०), सी.के. प्रसाईका विचारहरू (लेखसङ्ग्रह, २०५३), भुटानी शरणार्थी र वातावरण (२०५५), अभिलेख (२०५५), राष्ट्रिय प्रतिभा गङ्गानाथ बास्तोला (२०५७), केशव आचार्यका कविता (२०५९), लीला प्रस्तावना (२०५९), वनिता त्रैमासिक (लीला विशेषाङ्क, २०६२), लीला विमर्श (२०६३), दुबसु क्षेत्रीका प्रारम्भिक कालीन कविताहरू (२०४७) आदि । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४६), उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार (नेपाल जेसिज, इ.सं. १९९५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), उत्तम-शान्ति कुवँर पुरस्कार (२०५३), युवावर्ष मोती पुरस्कार (२०५६), प्रतिभा पुरस्कार (विराटनगर, २०५७), विसाप स्रष्टा पुरस्कार (२०५९), रामराज पन्त स्मृति पुरस्कार (२०५९), ज्योतिष पत्रकारिता पुरस्कार (२०५९), एस.एल. शर्मा पत्रकारिता पुरस्कार (२०६२), धरणीधर वाणी साहित्य पुरस्कार (२०६२), मदन पुरस्कार (२०६२) । *सम्मानहरू* : नगर प्रतिभा विकास शाखा (इलाम, २०४४), देवकोटा स्मृति भवन भद्रपुर (झापा, २०५२), सासंक प्रतिष्ठान (झापा, २०५३), नवरङ्ग साहित्यिक प्रतिष्ठान (झापा, २०५३), वातावरण युवा समूह शनिश्चरे (झापा, २०५३), कन्काई प्रतिभा प्रतिष्ठान, सुरुङ्गा (झापा, २०५३), वर्तमान साहित्य प्रतिष्ठान, चन्द्रगढी (झापा, २०५७), मेची नगरपालिका चन्द्रगढी (झापा, २०५८), नेपाली साहित्य समाज (मोरङ, २०५९),



जुही साहित्यिक त्रैमासिक चन्द्रगढी (झापा, २०५९), बृहत्तर गुवाहाटी साहित्यिक अतिथि अव्यर्थना समितिबाट सम्मान (इ.सं. १९९६) आदि । **हालको ठेगाना** : शनिश्चरे-१, झापा (dharabasi@yahoo.com) । **फोन** : ०२३-५४१२८३, ४४३२६७६, ९८५२६७३८३१ ।

कृष्णनाथ सिग्देल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९४८ बनारस । निधन : २००९, जेष्ठ कृष्ण दशमी, बनारस । **शिक्षा** : संस्कृत, साहित्य । **सेवा** : साहित्य सेवा । **कृति/सृजना** : सुदामा चरित्र (काव्य) पतिव्रता सावित्री (काव्य) सती विमला (नाटक), रामायणको बालुन, गणित चन्द्रिका ।

कृष्ण पाखिन (कृष्णकुमार पाखिन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार ४, धरान, सुनसरी । निधन : वि.सं. २०५० भदौ २२, सुनसरी । **शिक्षा** : एम.कम., एम.ए. (दुवै अपुरो) । **सेवा** : कृषि । **पहिलो रचना** : कविता प्रकाशित (प्रेरणा पत्रिका, २०१९ तिर) । **कृति/सृजना** : शताब्दी (कवितासङ्ग्रह, २०४१), तिमी लहर नदीको (कवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : प्रेरणा (सामयिक सङ्कलन), कोशीको कोसेली (कवितासङ्ग्रह), मोती (सामयिक सङ्कलन), सुषमा (सामयिक सङ्कलन) । **पुरस्कार/सम्मान** : विद्यार्थी जीवनमा प्रशस्त साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : धरान ३/२३, देवकोटामार्ग, सुनसरी ।

कृष्णप्रकाश शाह 'प्रकाश'

(चित्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ मङ्सिर २८, भगवानपुर, कैलाली । **माता/पिता** : शिवा शाह, उत्तमप्रकाश शाह । **शिक्षा** : स्नातक (ललितकला) । **सेवा** : कलाकारिता । **पहिलो रचना** : सामूहिक चित्रकला प्रदर्शनी (२०४८) । **कृति/सृजना** : मानव स्वभाव (चित्र, २०५०) ललितकला क्याम्पस वार्षिक चित्र प्रदर्शनी (२०४९ देखि २०५४), राष्ट्रिय कला प्रदर्शनी (नाफा, २०५१ देखि २०६२), नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०६२), सामूहिक चित्रकला प्रदर्शनी (२०४८ देखि २०६३ सम्म राष्ट्रिय र अन्तर्राष्ट्रिय) । भारत, बेलायत, अमेरिका, जापान, कोरिया, अस्ट्रेलिया, जर्मन आदि देशहरूमा चित्रकला सङ्गृहीत । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाद्वारा आयोजित राष्ट्रिय चित्रकला प्रदर्शनीमा तृतीय (१९९५, १९९६, १९९७, १९९८, २००५) । **हालको ठेगाना** : सानेपा, ललितपुर (krishnashah464@hotmail.com) । **फोन** : ५५२२५६४ ।

कृष्णप्रकाश श्रेष्ठ

(अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३८ नोभेम्बर ७, चुनिखेल, काठमाडौं । **माता/पिता** : तेजकुमारी श्रेष्ठ, रामबहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. (पत्रकारिता) । **सेवा** : रेडियो मास्को (नेपाली कार्यक्रम सञ्चालक, अनुवादक, संवाददाता) । **पहिलो रचना** : मित्रता नै सबभन्दा मूल्यवान् (रुसी भाषामा लेख, जुर्नालिष्ट, रुसी भाषा, मास्को, २०१९ मङ्सिर १७) । **कृति/सृजना** : रुसमा नेपालको अध्ययन (इ.सं. १९८०), स्थाननाम कोश (इ.सं. १९८७), नेपाल भाषा साहित्य (इ.सं. १९९७), नेपालमा पशुपक्षीको पूजा (रुसी भाषा, इ.सं. १९९३), रुसमा नेपालको छवि (इ.सं. २०००), नेपाली समालोचक र समालोचना (२०५७), नेपालको साहित्य परम्परा र आधुनिकता (समालोचना, रुसी साहित्यको इतिहास) आदि । **सम्पादन/अनुवाद** : *सम्पादनमा* : रुसी-नेपाली शब्दकोश (करिब २५ हजार शब्द र वाक्यांशसहित, इ.सं. १९७५), नेपाली-नेपाल भाषा शब्दावली (इ.सं. १९७८), सङ्क्षिप्त अङ्ग्रेजी-नेपाली पारिभाषिक शब्दावली (इ.सं. १९८१), लक्ष्मीप्रसाद देवकोटा, सङ्कलित रचना (इ.सं. १९९९), नेपाल सहस्राब्दीहरूको सङ्घारमा (रुसी भाषामा लेखसङ्ग्रह, इ.सं. २००२), कविताञ्जलि (नेपाली रुसी कवितासङ्ग्रह, इ.सं. २००४) । *रुसी भाषाबाट अनूदित साहित्यिक कृतिहरू* : जिप्सी (खण्डकाव्य, अलेक्सान्द्र पुस्किन, इ.सं. १९६८), क्यालेण्डरको पाना (लेनिनसम्बन्धी कथासङ्ग्रह, इ.सं. १९७०), नेपाल (यात्रावृत्तान्त, इ.सं. १९७१),

मान्छेको भाग्य (लघुउपन्यास, मिखाइल सोलोखोभ, इ.सं. १९८२), कथाकहानी (लेभ तोल्सतोय, इ.सं. १९८४), राता पालहरू (लघुउपन्यास र कथाहरू, इ.सं. १९८५), दुवोभ्स्की (उपन्यास, अलेक्सान्द्र पुस्किन, इ.सं. १९८७), रुसी चरित्र (कथासङ्ग्रह, इ.सं. १९८७), लेनिनगाथा (कवितासङ्ग्रह, इ.सं. १९८८), बेल्किनका कथाकहानी (अलेक्सान्द्र पुस्किन, इ.सं. १९८९), मेरा विश्वविद्यालयहरू (जीवनीमूलक उपन्यास, माक्सिम गोर्की, इ.सं. १९८९), पिता र पुत्र (उपन्यास, इभान तुर्गेनेभ, इ.सं. १९९०), प्रथम शिक्षक (उपन्यास, चिङ्गिज आइतमातोभ, इ.सं. १९९०), मान्छेको पराक्रम (इल्यिन म., सेगाल ये., इ.सं. १९९०), सुनौला सिउर (रुसी दन्त्यकथासङ्ग्रह, इ.सं. १९९७), हाम्रो जमानाको चरित्रनायक (उपन्यास, मिखाइल लेर्मोन्तोभ) लगायत अन्य थुप्रै कृतिहरू । **पुरस्कार/सम्मान** : टेलिभिजन तथा रेडियोको उत्कृष्ट कार्यकर्ता पदक (मास्को, इ.सं. १९८८), साहित्यानुरागीप्रति पुश्किन स्वर्णपदक (मास्को, इ.सं. २००३), जगदम्बाश्री पुरस्कार (२०५९) । **हालको ठेगाना** : रुस, मास्को ११९४२१, लेनिन्स्की प्रोस्पेक्ट, ९९ -५०३ ।

कृष्ण प्रधान (कुमार कश्यप, लथालिङ्गे, कृष्णकुमार प्रधान)

(कवि, लेखक नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१२ जेठ ४ गते, यासोक-३, पाँचथर । **माता/पिता** : दुर्गादेवी प्रधान, बमप्रसाद प्रधान । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल. । **सेवा** : बैङ्किङ । **पहिलो रचना** : युगज्ञान साप्ताहिकमा कविता प्रकाशित (२०२८) । **कृति/सृजना** : नेपालमा वाणिज्य बैङ्किङ : उपलब्धि तथा चुनौती (लेखसङ्ग्रह, २०४८), मौन पहाड (कवितासङ्ग्रह, २०४९), आत्मवाद (कवितासङ्ग्रह, २०५२), समकालीन समालोचना (समालोचना-सङ्ग्रह, २०५३), नेपालमा ग्रामीण बैङ्किङ वित्तीय प्रणाली (२०५३), म भग्नावशेष बूढो : भीमसेन थापाको दरवार (कवितासङ्ग्रह, २०५४),सूर्यस्नान (कवितासङ्ग्रह, २०५५), पानीका जलक्रीडा (२०५७), हनोइदेखि होचिमिन्ह सिटीसम्म (२०६१), डेभलप्मेन्ट फाइनान्स एन्ड नेपाल राष्ट्र बैङ्क (अङ्ग्रेजी, २०६१) । **सम्पादन/अनुवाद** : प्राथमिकता क्षेत्र समाचार (मासिक), बैङ्किङ्ग न्युज लेटर (अङ्ग्रेजी मासिक) । **पुरस्कार/सम्मान** : इलाममा आयोजित निबन्ध गोष्ठीमा प्रथम, कवितामा दोस्रा पुरस्कार (२०३२), ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०४९), “उज्यालो” पत्रिका (वीरगञ्ज) मा प्रकाशित लेख सर्वोत्कृष्ट भई पुरस्कृत । **हालको ठेगाना** : ख १/६१५ डिल्लीवजार, काठमाडौँ/सतासीधाम -३, झिलझिले झापा । **फोन** : ४७७००३३, ४४१३१३६ ।

कृष्ण प्रसाईं (कृष्णप्रसाद प्रसाई)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१७ कात्तिक ३०, दुहागढी -६, झापा । **माता/पिता** : राधादेवी प्रसाई, जयप्रसाद प्रसाई । **शिक्षा** : एम.ए. (समाजशास्त्र, मानवशास्त्र, नेपाली) । **सेवा** : निजामती, स्वास्थ्य सेवा । **पहिलो रचना** : वालक (कविता, सूर्योदय पत्रिका, २०३३) । **कृति/सृजना** : प्रक्षेपण (कथासङ्ग्रह, २०४७), अनुभूतिका छालहरू (नियात्रा २०६५), घाम नभएको वेला (कविता, २०६२, अङ्ग्रेजी भाषामा समेत) । **सम्पादन/अनुवाद** : छरिएका केही पृष्ठ (नीरविक्रम प्यासीका निबन्धहरूको सङ्ग्रह, २०४४), नेपाली समसामयिक कविताहरू (कवितासङ्ग्रह, २०४८), घामको वर्षा (कवितासङ्ग्रह, तीन भाषामा : कोरियन-अङ्ग्रेजी-नेपाली, २०६६) । **पुरस्कार/सम्मान** : जनसङ्ख्या पुरस्कार (इ.सं. १९९०, युएएफपीए, नेपाल) लगायत विभिन्न कविगोष्ठीहरूमा पुरस्कार प्राप्त । **हालको ठेगाना** : अनामनगर, काठमाडौँ । **फोन** : ९८५१०३३२८३, ४२३००९९ ।

कृष्णप्रसाद आचार्य

(समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१५ साउन १५, भरतपोखरी, कास्की । **माता/पिता** : सेतीदेवी आचार्य, वामदेव आचार्य । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : विजय मल्ल र उनको ‘अन्तिम भोज’ (समालोचना, शास, अङ्क ५, २०४७) । **कृति/सृजना** : आधुनिक नेपाली नाटक र फुटकर कविता (सहलेखन, २०५९), नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा (सहलेखन, २०६१), आधुनिक नेपाली महाकाव्य (सहलेखन, २०६२), आधुनिक नेपाली कथा (२०६२), आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६४), पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना (२०६२),

पूर्व आधुनिक नेपाली साहित्य लोकसाहित्य र आधुनिक नेपाली निबन्ध (२०६३), शोधविधि सिर्जना र संस्कृत काव्यशास्त्र (२०६४), भाषाविज्ञान (२०६४), नेपाली कविता र काव्य (२०६६), साहित्य शास्त्र र नेपाली समालोचना (२०६६), नेपाली गद्य र नाटक (२०६६), भाषा विज्ञान र नेपाली भाषा (२०६८), शोध, सिर्जना र संस्कृत काव्यशास्त्र (२०६९) । **सम्पादन/अनुवाद** : मूलप्रवाह (त्रैमासिक, २०३६) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०५५) । **हालको ठेगाना** : कीर्तिपुर, प्राध्यापन आवासगृह, काठमाडौँ । **फोन** : ४३३१३३८, ९८४९०२११४७ ।

कृष्णप्रसाद काफ्ले

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ कृष्णाष्टमी, विराटगनर । **निधन** : २०५०, काठमाडौँ । **शिक्षा** : एम.ए. । **सेवा** : निजी व्यवसाय । **पहिलो रचना** : २०१६ सालमा कविता प्रकाशित । **कृति/सृजना** : कवितासङ्ग्रहहरू : सुषमा (२०२०), कोपिलाहरू (२०२०), जरुर साथी म पनि पागल (२०३०), म हुन्नँ ब्रह्मचारी रे (२०३२), मेरो सङ्घर्ष मेरो जीवन (२०३५), घाइते तपस्वीको चीत्कार (२०४०) । मेरो तपस्या : मेरो अडान (निबन्धसङ्ग्रह, २०४७) । **पुरस्कार/सम्मान** : विद्यार्थी जीवनमा विभिन्न पुरस्कारहरू प्राप्त ।

कृष्णप्रसाद घिमिरे

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७६ भदौ कृष्णाष्टमी, गैह्रीधारा, टङ्गाल, काठमाडौँ । **निधन** : वि.सं. २०४९ मङ्सिर १०, काठमाडौँ । **माता/पिता** : मनोरथकुमारी, केदारनाथ उपाध्याय घिमिरे । **शिक्षा** : साहित्यशास्त्री, काव्यतीर्थ, विद्यावारिधि । **सेवा** : साहित्य, सरकारी सेवा । **पहिलो रचना** : १८ वर्षको उमेरदेखि काव्यलेखन यात्रा । **कृति/सृजना** : राष्ट्रिय चरित्र (ऐतिहासिक महाकाव्य, २०१५), रुक्मिणी विवाह (२०१६), अवधूत (२०१६), श्रीमद्भागवतगीता (अनुवाद), अजामिल (खण्डकाव्य, २०१६), देश-नरेश (२०१७), श्रीकृष्णचरितामृतम् (संस्कृतमहाकाव्य), गौरी गिरीशम् (महाकाव्य, २०४५), नेपालेश्वर-गौरवम (संस्कृत नाटक), गति-विधियों की रूपरेखाएँ (हिन्दी), कादम्बरी (नेपाली, महाकाव्य), नचिकेताक्ष (संस्कृत) आदि । **सम्पादन/अनुवाद** : वाल्मीकि रामायण, निर्णयसिन्धु, चण्डीसप्तशती, कादम्बरी, अमरकोश (अनुवाद), श्रीमद्भागवद्गीता (अनुवाद) । **पुरस्कार/सम्मान** : गुणराज पुरस्कार, भारत सरकारबाट राज्यस्तरीय पुरस्कार (इ.सं. १९८६), उन्नयन परिवार र रुद्र-तोय लोहनी गुठीबाट नगद पुरस्कार (२०४७), उदयानन्द पुरस्कार (२०४७), पाणिनि पुरस्कार, गुणराज पुरस्कार । कविभारती भन्ने संस्थाले 'कविरत्न' उपाधि प्रदान (इ.सं. १९७२), भारतका राष्ट्रपति सन्मुख 'विद्यावारिधि' उपाधि (२०२९) । **हालको ठेगाना** : टङ्गाल, गैह्रीधारा, काठमाडौँ ।

कृष्णप्रसाद घिमिरे (घिमिरे मैदेली)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २००५ वैशाख २७, मैदी -७, धादिङ । **माता/पिता** : हरिप्रिया घिमिरे, बुद्धिप्रसाद घिमिरे । **शिक्षा** : शास्त्री, बी.एड. (नेपाली) । **सेवा** : अध्यापन (भानुभक्त उमावि, पानीपोखरी । **पहिलो रचना** : हिमाल (कविता, अरुणोदय पत्रिका, २०३२) । **कृति/सृजना** : हास्यव्यङ्ग्य– ट्याब्लेटको मान्छे (२०५८), मैदेलीको मादल (२०५९), सिस्नु खेती (२०६७), घिमिरेको घुयैँत्रो (२०६७) । **सम्पादन/अनुवाद** : भानु स्मारिका, विष्णुप्रसाद शाह स्मृति ग्रन्थ, गन्धर्व सङ्गीत संस्कृति, नेपालका मेरा साथी (जापानी लेखिका । **हालको ठेगाना** : कीर्तिपुर, काठमाडौँ । **फोन** : ९८४११४२२३१, ४२८३४९० ।

कृष्णप्रसाद घिमिरे (किशोर, अनन्त)

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ चैत्र २१, पटौटी -३, कोहोल, अर्घाखाँची । **माता/पिता** : भूमाकला घिमिरे, शिवलाल घिमिरे । **शिक्षा** : एम.ए. (नेपाली), शास्त्री (संस्कृत), विद्यावारिधि (शोधार्थी) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : सुधार (कविता, सगरमाथा पत्रिकामा, २०३४) । **कृति/सृजना** : संस्कृत सूक्तिसङ्ग्रह (२०४८),

आख्यानकार पारिजात (२०५८), अर्घाखाँचीका लोकगीतहरूको विश्लेषणात्मक अध्ययन (अनुसन्धान, २०५७), पारिजातका नाटकको समीक्षा (२०६४), साहित्यिक अभियान विगतदेखि वर्तमान (२०६३) । नायक र विदूषक बनी नाटकहरूमा अभिनय गरेको । **सम्पादन/अनुवाद :** पारिजातको नाटक (सम्पादन, २०६५), आधुनिक नेपाली कथा (भाग ३, सम्पादन), नव आकाङ्क्षा (साहित्यिक पत्रिका), कुमारी (सामाजिक पत्रिका), DAWN (बिहानी) (शैक्षिक पत्रिका), नयाँ पुकार (साहित्यिक पत्रिका), नेपाली कथा (भाग-३, २०५५) । **पुरस्कार/सम्मान :** विद्याभूषण (२०४४), विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** पटौटी-३, अर्घाखाँची/ बल्खु, काठमाडौँ । **फोन :** ४३३१२८१, ९८४१४१७३९१ ।

कृष्णप्रसाद चापागाई

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ भदौ, कुशेऔँसी, धुनीबेँसी, धादिङ । निधन : वि.सं. २०३५ असोज, काठमाडौँ । **माता/पिता :** पदमकुमारी चापागाईं, लक्ष्मीप्रसाद चापागाईं । **शिक्षा :** एस.एल.सी. । **सेवा :** न्याय, जागिर । **पहिलो रचना :** मेरो सपना (कथा, शारदा, १९९७) । **कृति/सृजना :** टुक्राटाक्री (कथासङ्ग्रह, २००८), रसभरी चमचम (हास्यव्यङ्ग्य कथासङ्ग्रह, २००८), मिसमास (विविध साहित्यिक विधाको सङ्ग्रह) । **सम्पादन/अनुवाद :** समाज दैनिक । **हालको ठेगाना :** धुनिसदन, अद्वैतमार्ग, बागबजार, काठमाडौँ ।

कृष्णप्रसाद दाहाल

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ २२, धरान, सुनसरी । **माता/पिता :** राधिकादेवी दाहाल, हिमप्रसाद दाहाल । **शिक्षा :** एम.ए.(नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मोतीराम भट्टका बारेमा लेखेका कविता (पीपल पत्रिका, २०३१) । **कृति/सृजना :** केही कवि केही कविता (सहलेखन, २०४३), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान (शोध प्रबन्ध, २०६१) । **सम्पादन/अनुवाद :** प्रविधि-प्रभात, सुनसरी, प्रमदा, नव-प्रयास, सरस, पं. छविलाल पोखेल अभिनन्दन ग्रन्थ, स्वर्ण महोत्सव पाटन संयुक्त क्याम्पस स्मारिका, परशु प्रधानका कथाको विवेचना (समालोचना) । **पुरस्कार/सम्मान :** शिक्षा दिवस पुरस्कार (२०५४), महेन्द्र विद्याभूषण 'क' (२०५९), विभिन्न कविगोष्ठीहरूमा प्रथम तथा अन्य पुरस्कारहरू । नेपाली साहित्य समिति, आसामद्वारा सम्मान (२०५१), नेपाल प्राध्यापक सङ्घ केन्द्रीय कार्यसमिति काठमाडौँद्वारा सम्मान-अभिनन्दन (२०६१) । **हालको ठेगाना :** सिफल, रातोपुल, काठमाडौँ । **फोन :** २०५२३५१ ।

कृष्णप्रसाद दुवाल

(बाल साहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ भदौ १५, बनेपा, काभ्रेपलाञ्चोक । **माता/पिता :** खिलकुमारी दुवाल, गणेशबहादुर दुवाल । **शिक्षा :** बी.एड. । **सेवा :** साहित्य । **पहिलो रचना :** जि हालागु म्यें (मैले गाएको गीत, कवितासङ्ग्रह, २०१५) । **कृति/सृजना :** बाल कवितासङ्ग्रह– मेरो गाउँघर (२०२५), कमिलाको ताँती (२०४८), बालवाटिका (२०५१), मुसाहरूको खेल (२०५२) । पुरानो पहाडमाथि नयाँ क्षितिज (कवितासङ्ग्रह, २०४९) । **सम्पादन/अनुवाद :** सँग (मासिक), चिराक (२०१६), बालवाटिका (२०२२), युवा सन्देश, प्रवर्द्धन । **पुरस्कार/सम्मान :** सुनकोसी साहित्य प्रतिष्ठानद्वारा अभिनन्दित (२०५२) । **हालको ठेगाना :** बनेपा, काभ्रेपलाञ्चोक ।

कृष्णप्रसाद न्यौपाने

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ माघ २, कृष्णगण्डकी -३, स्याङ्जा । **माता/पिता :** टीकादेवी न्यौपाने, हिमलाल न्यौपाने । **शिक्षा :** एम.ए. (नेपाली, हिन्दी), विद्यावारिधि (२०६२) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** व्याकरण कुसुम (२०५१) । **कृति/सृजना :** शुद्धाशुद्धि तत्त्वविवेक (२०६१), सरल नेपाली शब्दकोश र रचना (सहलेखन, २०६१) । **हालको ठेगाना :** कृष्णगण्डकी-३, स्याङ्जा /बालाजु, काठमाडौँ । **फोन :** ४३५८२६७, ९८४१२६६६४९ ।

कृष्णप्रसाद पराजुली

(साहित्यकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ असार २४, भमरकोट, काभ्रे । **माता/पिता** : महादेवी पराजुली, पशुपतिप्रसाद पराजुली । **शिक्षा** : साहित्यरत्न । **सेवा** : प्राध्यापन, लेखन, साहित्य । **पहिलो रचना** : परोपकार (कविता, गोरखापत्र, २०११) । **कृति/सृजना** : पूर्व एक नम्बर (स्थान परिचय, २०२२), नेपाली व्यावहारिक व्याकरण (व्याकरण, २०२३), राम्रो रचना मीठो नेपाली (व्याकरण, २०२३), पन्ध्र तारा र नेपाली साहित्य (जीवनीसङ्ग्रह, २०२४), सय थुँगा फूल (मुक्तकसङ्ग्रह, २०२४), २०३९), आँखाभरि सपना मुटुभरि गीत (गीतसङ्ग्रह, २०२४), रमाइला नानी (बालकविता सङ्ग्रह, भाग १ र २ - २०२२ र तेस्रो २०२५ मा), नेपाली अध्ययन तथा अभिव्यक्ति (भाषा, २०२७), सुनौला तीन कुरा (बालकथासङ्ग्रह, २०२७), नौबेली (कथासङ्ग्रह, २०२८), चार चडेरी (बालकथासङ्ग्रह, २०२८), लुकामारी (बालकथासङ्ग्रह, २०३०), प्रयोगात्मक भाषातत्त्व (व्याकरण, २०३५), सुनकेस्रा (बालकथासङ्ग्रह, २०३५), नेपाली उखान र गाउँखाने कथा (सङ्ग्रह, भाषाको माया (भाषिक अनुसन्धान-२०४४), फूलपात (निबन्ध र पत्र-परिचय, २०४४), जूनतारा (बालकाव्य, २०४४), हिमाली डाँफे (बालकथासङ्ग्रह, २०४४), बादलका बुट्टाहरू (कवितासङ्ग्रह, २०४५), लोलीबोली (बाल भाषा ज्ञान, २०४७), चरी आयो (बाल कविता, २०४७), मेरो मुरली (बालकथा, २०४८), मन सुसाउँदै छ (गीतसङ्ग्रह, २०५०), कथा आँसुको (२०५५), नेपाली लोकगीतको आलोक (२०५७), देउरालीबाट (२०५८), चिन्तनका बिम्बभित्र (२०५८), जीवनबेली (२०५८), फूलजस्तो मन (२०५९), सम्झनाको क्षितिजमा (२०५९), सुनकल्छे हिमाल, इन्द्रिनी (२०६१), हृदयका पानासँगै (२०६१) । **सम्पादन/अनुवाद** : पत्रिकाहरू : ज्ञानसागर (सामयिक सङ्कलन, २०१३), चिराक (मासिक, २०१६), पालुवा (त्रैमासिक, २०१७), कविता (त्रैमासिक- सहायक सम्पादन, २०२२), नेरावि (सामयिक सङ्कलन, २०२४), त्रिभुवन स्मृतिग्रन्थ (२०२७), कलिलो घाम (कवितासङ्ग्रह, २०२७), वाङ्मय (अर्द्धवार्षिक सहसम्पादन, २०३७), नेपाली बृहद् शब्दकोश (२०४०), पाठ्यक्रम विकास (त्रैमासिक, २०४१), अठोट (कवितासङ्ग्रह, २०४४), बालक (द्वैमासिक, २०४५), भञ्ज्याङका सुसेली (कविता, २०४७), गोधूलि (चौमासिक, २०४९), काभ्रेली (२०५०), ओलन (२०५१), सुनकोशी (२०५१), काशीबहादुर स्मृतिग्रन्थ (२०५२) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा स्वर्णपदक (२०२२), ने.रा.प्र.प्र. कविता महोत्सव (२०२५), शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय बालकोष पुरस्कार (२०४४), बालहितकारी पुरस्कार (२०४५), झपट पुरस्कार (२०४६), हरिहर शास्त्री सावित्रीदेवी पुरस्कार (२०४७), छिन्नलता गीत पुरस्कार (२०४८), दानमाया प्रतिभा पुरस्कार (२०५१), अन्तर्राष्ट्रिय विशिष्ट राष्ट्रिय पुरुष (२०५१), कवि व्यथित विशेष साहित्यिक पुरस्कार (२०५४), लोक साहित्य पुरस्कार (२०५७) । विभिन्न व्यक्ति, सङ्घ, संस्थाद्वारा दर्जनौं अभिनन्दन तथा सम्मान प्राप्त । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५५०९३८ ।

कृष्णप्रसाद पराजुली 'शिशु'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ जेठ २०, सालिजा, बाहुनस्वाँरा, पर्वत । **माता/पिता** : अमृता पराजुली, रामप्रसाद पराजुली । **शिक्षा** : आचार्य, बी.एड. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : मातAप्रति (कविता, सगरमाथा पत्रिका, हरिद्वार भारत, २०३८) । **कृति/सृजना** : रातो आँसु (भावकाव्य, २०६०) । **सम्पादन/अनुवाद** : पर्वत (शिक्षक बुलेटिन) । **हालको ठेगाना** : शालिजा -३, पर्वत । **फोन** : ०६७-४२९३०४ ।

कृष्णप्रसाद बराल



(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असार २६, जीतपुर -२, इलाम । **माता/पिता** : नर्वदा बराल, राधाकृष्ण बराल । **शिक्षा** : बी.कम. । **सेवा** : संस्थान सेवा । **पहिलो रचना** : दुखु बूढो (निबन्ध, २०४६) । **कृति/सृजना** : तीन पिँढी एउटा सिँढी (निबन्धसङ्ग्रह, २०५६), लीला वार्ता र शरणार्थी (लीला समालोचना, २०५९), कथा च्यातिएका (कथासङ्ग्रह, २०६०), अवतरण (उपन्यास, २०६१) । **सम्पादन/अनुवाद** : भुटानी शरणार्थी र वातावरण (२०५५), गङ्गानाथ बाँस्तोला व्यक्तित्व र कृतित्व (२०५७) । **हालको ठेगाना** : शनिश्चरे -३, झापा (arkbaral@ntc.net.np) । **फोन** : ०२३-५४०६१९/९८५२६७२५११ ।

कृष्णप्रसाद बस्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ माघ १५, भमके, दाङ । **माता/पिता** : द्रौपदीदेवी बस्याल, होमकान्त बस्याल । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : न्याय सेवा । **पहिलो रचना** : विद्यार्थी (कविता, उपहार वार्षिक पत्रिका, तानसेन, २०१८) । **कृति/सृजना** : सुस्केरा (कवितासङ्ग्रह, २०३४), दण्ड-सजाय र फैसला कार्यान्वयन (कानुनसम्बन्धी, २०३९), परिणति (पद्यात्मक खण्डकाव्य, २०४३), अभिशप्त सडकको मौन आवाज (कवितासङ्ग्रह, २०५६), आफ्नै यात्रा आफ्नै अनुभूति (यात्रासंस्मरण, २०५९) । **सम्पादन/अनुवाद** : सँगालो, अञ्जलि, सगरदीप, जुम्लादर्पण आदि पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय जनमत सङ्ग्रह पदक (२०३७), जानपद सेवा पदक (२०४०), सुप्रबल गोरखा दक्षिणबाहु (२०४३), दीर्घसेवा पदक (२०५१), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), शान्तिदूत पुरस्कार (२०६१), वाणी पुरस्कार (२०६४), महाकवि देवकोटा शताब्दी काव्य पुरस्कार (२०६६) । विसाप सम्मान (२०५८), बगर सम्मान (२०६३), विशिष्ट दोभान तन्नेरी सम्मान (२०६६) । **हालको ठेगाना** : चाबहिल, काठमाडौँ । **फोन** : ०१-४४६८९८३, ९८४१५६४५२५ ।

कृष्णप्रसाद बाँस्तोला

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ साउन १७, फूलबारी, पोखरा, कास्की । **माता/पिता** : धनकुमारी बास्तोला, नूरप्रसाद बास्तोला । **शिक्षा** : प्रमाणपत्र तह (कानुन) । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : आह्वान (कविता, आह्वान साप्ताहिक, पोखरा, २०२८) । **कृति/सृजना** : आमा नरोऊ अब (कवितासङ्ग्रह, २०३८), हिमालतिर (कवितासङ्ग्रह, २०४०), महागाईजात्रा (निबन्धसङ्ग्रह, २०४६), अझै अँध्यारो छ (कथासङ्ग्रह, २०५०), मुक्तक बत्तीसा (कवितासङ्ग्रह, २०५२) । **सम्पादन/अनुवाद** : मुस्कान (त्रैमासिक, २०३७), पार्वती (पाक्षिक पत्रिका, २०४०), पोखरेली पराग (२०४६), नयाँ मञ्च (मासिक, २०४७), आदर्श समाज (दैनिक, २०५३), प्रजातन्त्र सेनानी ऋषिकेशव (२०५५) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा द्वितीय (द रेयुकाई नेपाल, २०३९), गाईजात्रा विशेषाङ्क प्रतियोगिता (प्रथम- २०४०), दयाशङ्कर स्मृति पत्रकारिता पुरस्कार (२०५८) । ढुकढुकी युवा क्लबबाट सम्मान (२०६०), पोखरा पब्लिक स्कुलबाट सम्मान (२०६१), द रेयुकाई नेपाल पोखरा शाखाबाट सम्मान (२०६१), इको सियस सम्मान (२०६२) । **हालको ठेगाना** : लेखनाथमार्ग, न्यूरोड, पोखरा, कास्की (adarshasamaj@ntc.com.np) । **फोन** : ९८४६०२२९०३, ०६१-५३१२०० ।

कृष्णप्रसाद भण्डारी 'मुमुक्षु'



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ साउन १०, जोहाङ -४, गुल्मी । **माता/पिता** : नारायणी भण्डारी, पद्मनाभ भण्डारी । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : हे वीर नेपाली (कविता, राष्ट्रदीप वार्षिक पत्रिका, नेपाली छात्रसङ्घ अयोध्या, भारत, इ.सं. १९८१) । **कृति/सृजना** : सिर्जनाका फूलहरू (कवितासङ्ग्रह, २०५६), कुमारी ऋतुबाला (हाइकुसङ्ग्रह, २०६२), रुद्रावती (मुक्तक, २०६) । **सम्पादन/अनुवाद** : प्राज्ञमञ्च (पोखरा, २०५४), माछापुच्छ्रे (माछापुच्छ्रे एफ.एम., २०६०), श्री गीताञ्जली (साहित्यिक पत्रिका, २०६१) । **पुरस्कार/सम्मान** : कवि गोष्ठीमा प्रथम (प्रवासी नेपाली विद्यार्थी सङ्घ, इ.सं. १९८२) । **हालको ठेगाना** : चिकित्साशास्त्र अध्ययन संस्थान, पोखरा क्याम्पस, कास्की । **फोन** : ०६१-५३७४५७, ५२०४८५०, ९८४६०५००५९ ।

कृष्णप्रसाद रिजाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१६ साउन १६, नामसालिङ-७, इलाम । **माता/पिता** : निधिकुमारी रिजाल, इच्छाराम रिजाल । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : अध्यापन । **कृति/सृजना** : कन्दरा (२०३६), सम्झना (कवितासङ्ग्रह, २०३७), विश्वशान्ति (खण्डकाव्य, २०४४), मेरो फूलबारी (लघुकाव्य, २०४१), मदन-आश्रितको खोजीमा (२०५६), इन्द्रेणी (उपन्यास, २०५४), फिक्कलदेखि

सन्दकपुरसम्म (नियात्रा, २०५५), बहिनी पाथीभरा एक चिनारी (२०५५), बाँदर नाच (हास्यव्यङ्ग्य, भाग १-२, २०५१, २०५४), रिजालका केही कविताहरू (२०६१) । **सम्पादन/अनुवाद** : पण्डित गजाधर देवीप्रसाद भट्टराई स्मृति ग्रन्थ (सङ्कलन/सम्पादन), प्रजापति उपाध्याय स्मृति (२०६५) । **पुरस्कार/सम्मान** : रजत जयन्ती पदक (२०५३) । **हालको ठेगाना** : फिक्कल-६, इलाम । **सम्पर्क फोन** : ९८०३६०३९९१ ।

कृष्णप्रसाद रेग्मी

(माध्यमिक कालीन कवि)



जन्म/स्थान : वि.सं. १९४०, धुनिबेँसी, धार्के, धादिङ । निधन : वि.सं. १९८५ । **शिक्षा** : संस्कृत, साहित्य (बनारस) । **सेवा** : साहित्य सेवा । गोर्खा भाषा प्रकाशिनी समिति । **कृति/सृजना** : विरह लहरी र प्रभावती चरित्र (१९६२), पट्ठापट्ठी (शृङ्गारकाव्य) (१९६२), महाभारत वनपर्व (१९७३), बाह्रमासे ऋतुमाला (१९७९), शृङ्गार माला, (१९७९), ठूलो भक्तमाला र लक्ष्मण·प्रश्नोत्तर । **सम्पादन/अनुवाद** : महाभारत आदिपर्व (१९६०), उद्योगपर्व (१९६२), देवीभागवत (पद्याख्यान) (१९८६), विरहलहरी (१९६२), महाभारत आदिपर्व (१९६३), ऋतुमाला (१९७९), शृङ्गारमाला (१९७९) ।

कृष्णप्रसाद श्रेष्ठ

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९८२ चैत्र १८, मोहरियाटोल, पोखरा, कास्की । **माता/पिता** : लक्ष्मीकुमारी श्रेष्ठ, श्यामप्रसाद श्रेष्ठ । **शिक्षा** : स्वाध्याय । **सेवा** : कलाकारिता, व्यापार । **पहिलो रचना** : वि.सं. १९९२ देखि चित्रकलामा प्रवेश, वि.सं. २०१४ देखि सामूहिक कला प्रदर्शनी सुरु । **कृति/सृजना** : एकल चित्रकला प्रदर्शनी (पोखरा, २०३७, २०५९, काठमाडौँ, २०४८, २०५९) । **सम्पादन/अनुवाद** : योगवाशिष्ठ (हिन्दीबाट नेपालीमा अनुवाद प्रकाशन, २०४८) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), ललितकला पुरस्कार (२०५५), नवरत्न पुरस्कार, पोखरा (२०५५) तथा अन्य पुरस्कारहरू । विभिन्न सम्मानहरू प्राप्त । **हालको ठेगाना** : भीमकाली बजार -१, पोखरा, कास्की । **फोन** : ०६१-५२०१९८ ।

कृष्णप्रसाद श्रेष्ठ (बी.ए. कृष्ण)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९१ असार २३, धरान, सुनसरी । **माता/पिता** : विष्णुमाया श्रेष्ठ, गणेशप्रसाद श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : राजनीति, साहित्य । **पहिलो रचना** : कविता (छात्रधारा, २००४) । **कृति/सृजना** : जीवनको लक्ष्य (कविता, २००६) । **सम्पादन/अनुवाद** : पानको पात (कथासङ्ग्रह, २०२४), छात्र (वार्षिक), जनवार्ता (पहिलो साप्ताहिक, अहिले दैनिक) । **पुरस्कार/सम्मान** : नेपाल विद्यार्थी सङ्घ-काशी विश्वविद्यालयद्वारा आयोजित कथा प्रतियोगितामा दोस्रो पुरस्कार । सुनसरी साहित्य सम्मानपत्र (२०५२), शब्द-शताब्दी नेपाल (२०५५), गणेश खिलकुमारी जनमत (२०६०) सम्मान । **हालको ठेगाना** : २३ लक्ष्मी सडक, धरान-४, सुनसरी, । **फोन** : ५२०७९१ ।

कृष्णप्रसाद सर्वहारा

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : विं.सं. १९८५ मङ्सिर, डिल्लीबजार, काठमाडौँ । निधन : २०५२ जेठ १७, काठमाडौँ । **माता/पिता** : नेत्रकुमारी, शशीधर उपाध्याय न्यौपाने । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : दुई छेस्का सलाई (कथासङ्ग्रह, २०१३ । **कृति/सृजना** : दरबारकी केटी (कथासङ्ग्रह, २०१८), प्रेमको हत्या (पत्रकथा, २०१९), विद्रोही आँसु (पत्रकथा, २०२०), मान्छे बेचिँदैन (कथासङ्ग्रह, २०३०), नरेन्द्र दाइ कस्तो (आलोचनात्मक पुस्तिका, २०३१), धरहराबाट (आलोचना, २०३२) । **पुरस्कार/सम्मान** : कथामा स्वर्णपदक प्राप्त (२०१८) । **सम्पर्क ठेगाना** : घट्टेकुलो, काठमाडौँ । **फोन** : ४४२५५५४ ।

कृष्णप्रसाद सापकोटा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ पुस कृष्ण नवमी, चाबहिल, काठमाडौँ । **माता/पिता** : गोमा सापकोटा, यज्ञप्रसाद सापकोटा । **शिक्षा** : स्नातक (कला) । **सेवा** : निजामती सेवा । **पहिलो**

रचना : तीन पथिक तीन काल (लेख, औलो उन्मूलन बुलेटिन, २०२६) । **कृति/सृजना** : हृदयस्पर्शी (भजन माला, २०५५), आराधना (भजनगीति एल्बम, रचना, २०५७), श्रद्धाको पुष्प श्री रामलाई (भजनमाला, पुस्तक, २०५८), फर्केकी चेली, देशकी देवी (उपन्यास, २०५८), श्री पशुपतिनाथ सभक्ति समर्पण (भजनसङ्ग्रह, २०६२) । **हालको ठेगाना** : शान्ति गोरेटो, चाबहिल, काठमाडौँ । **फोन** : ४४८०६७९ ।

कृष्णप्रसाद ज्ञवाली (यदुनाथ ज्ञवाली)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ मङ्सिर १२, थानपति, थोर्गा, गुल्मी । निधन : सन् १९९९ मार्च २४, रिडी । **माता/पिता** : भीमादेवी ज्ञवाली, त्रिलोचन ज्ञवाली । **शिक्षा** : एम.बी. (होमियोपेथी) । **सेवा** : साहित्य, अध्यापन, व्यवसाय । **पहिलो रचना** : आत्मसमर्पण (कथा, फिलिङ्गो पत्रिका, इ.सं. १९५६) । **कृति/सृजना** : असमको इतिहास (इ.सं. १९६१), पीपलको छहारी (निबन्धसङ्ग्रह, २०३२), जमरा र अक्षता (कृष्णप्रसाद ज्ञवालीका कविताहरूको सङ्कलन), अब स्कुल पढ्न जाऔँ (पाठ्यपुस्तक), बिरालो (बालकवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : उषा (वार्षिक पत्रिका, इ.सं. १९५८), आशा (त्रैमासिक, इ.सं. १९६४), भानु त्रैमासिक (२०२२), सुमन (इ.सं. १९६५), सहकारी समीक्षा (मासिक, इ.सं. १९८३) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा प्रथम (सिलाङ, इ.सं. १९५७), ने.रा.प्र.प्र. कविता महोत्सव - प्रथम (२०२४), भानु-निबन्ध प्रतियोगितामा प्रथम (दार्जीलिङ, २०२६), नेपाल-भारत विराट साहित्य सम्मेलनमा प्रथम (ई. १९६२) ।

कृष्णबम मल्ल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ असार ३१, पर्वत । निधन : २०४० साउन १९, बल्खु, काठमाडौँ) । **शिक्षा** : एम.एस्सी. (बनारस) । **सेवा** : प्राध्यापन, कूटनीति (राजदूत), निजामती (सचिव), लोक सेवा आयोगको अध्यक्ष, नेपाल बैङ्क लिमिटेड सञ्चालक समिति अध्यक्ष । **पहिलो रचना** : वच्ची (कथा, शारदा पत्रिका, १९९६) । **कृति/सृजना** : गुरुजीको मलामी (कथासङ्ग्रह, २००९), देवता (कथासङ्ग्रह, २०१८), श्री ५ राम शाहको न्याय (कथासङ्ग्रह, २०४१), रापती उपत्यका (संयुक्त) । **पुरस्कार/ सम्मान** : "सिपाही" पत्रिकामा प्रकाशित लेखमा प्रथम पुरस्कार (२०३७, २०३९), गोरखा दक्षिणवाहु प्रथम, त्रिशक्तिपट्ट प्रथम, सुगौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद (२०३९) । **हालको ठेगाना** : क १ /९४ चक्रपथ, वल्खु, काठमाडौँ ।

कृष्णबहादुर चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९६९ फागुन ६, काठमाडौँ । निधन : २०५६ असोज ५ । **माता/पिता** : बुद्धमाया चित्रकार, तुलसीबहादुर चित्रकार । **शिक्षा** : सामान्य लेखपढ । **सेवा** : राणाकालमा दर्बारहरूमा भित्तेचित्र, व्यक्तिचित्र एवं फोटोग्राफी आदि विषयमा लामो अवधिसम्म कार्यरत र चित्रकारहरूको प्रमुख भई नेतृत्व प्रदान । **पहिलो रचना** : पँधेर्नी (२०४०, तैलचित्र) । **कृति/सृजना** : परम्परागत चित्रकारी पेशामा लगातार सात दशक योगदान जसमा चित्रकलाका विभिन्न विधा - नेवारी, पौराणिक लोक कला पुँज्या तथा पौभा चित्रकलाका साथै समसामयिक चित्रकलामा पानी र तेल रङ्गका व्यक्तिचित्र, दृश्यचित्रका थुप्रै मूर्त चित्रकलाहरू एवं फोटोग्राफीको माध्यमबाट समेत कलाकृतिको सिर्जना । **पुरस्कार/सम्मान** : चन्द्रअमर सिरपा (२०५४) । चित्रकार (पुँ) समाजद्वारा सम्मान । **हालको ठेगाना** : पो.ब.नं. २०४३, टेङ्गल टोल, काठमाडौँ । **फोन** : ५५२८६७१ ।

कृष्ण बाउसे (कृष्णप्रसाद दुलाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज ५, ओयाक्जुङ, तेह्रथुम । **माता/पिता** : हरिमाया, नन्दीकेशर शर्मा । **शिक्षा** : एम.ए. । **सेवा** : अध्ययन, पत्रकारिता, तथ्याङ्कशास्त्री, सामाजिक सेवा ।

पहिलो रचना : लाटो हुनुको यथार्थ (नयाँ चेतना, २०३१) । **कृति/सृजना :** प्रेरणाका गीतहरू (गीतसङ्ग्रह, २०३९), यस्तो उद्घोष गर्छु (कवितासङ्ग्रह, २०५७), देशको खबर (मुक्तक-सङ्ग्रह, २०६२), अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह, २०६२), एउटै हो मान्छेको जात (बालकविता, २०६२), नानीको रहर (बालकविता, २०६७), माथि माथि चढ्ने हो (बालकविता, २०६७), पढ्नै रमाइलो (बालकविता, २०६८), देशको बिन्तीपत्र (मुक्तकसङ्ग्रह, २०६८), चिनारी (बालकविता, २०६९), प्रसवपीडाको गुञ्जन (कवितासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** रचना (रेडियो नेपाल), जनबोली (साप्ताहिक, २०४२), जनता (साप्ताहिक), दायित्व (संस्थापक सम्पादक), नेपालमा इन्जिनीयरिङ तथा इन्जिनीयर, शिक्षासेवी परिचय कोष आदि सम्पादन । **पुरस्कार/सम्मान :** राष्ट्रिय युवा महोत्सव कवि गोष्ठीमा स्वर्णपदक, २०३७), राष्ट्रिय युवा महोत्सव कविता प्रतियोगितामा स्वर्ण पदक (२०४४), व्यथित काव्य पुरस्कार (२०५५), दायित्व वाङ्मय सम्मान (२०६८) । **हालको ठेगाना :** सिनामङ्गल, काठमाडौँ /इटहरी -५, सुनसरी (bausekrishna8@yahoo.com) । **फोन :** ९८४१३३५०७१, ९७४१०५१४२५ ।

कृष्णभक्त देवकोटा 'घनचक्र'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ २, फुरुङ्दी, ताहुँ, पाल्पा । **माता/पिता :** प्रेमकुमारी, बुद्धिसागर देवकोटा । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन । **पहिलो रचना :** विश्वलाई प्रभावित पार्ने पाश्चात्य विचारधारा (सगरमाथा, हरिद्वार, इ.सं. १९६७ तिर) । **कृति/सृजना :** इङ्गिलस ग्रामर इन नेपाली पोइम (२०२८), कर्म सन्देश (काव्य, २०३०), प्रथम साम्यवादी घोषणापत्र एक अध्ययन (२०३५), विश्व प्रवाह (२०३६), मानव शरीर र राजनीति (२०३८), होमियोपैथिक राजनीति (२०३९), संविधान संशोधन एक परिचय (२०३९), एक सय एघार आपत्ती या प्रश्न (२०४७) । **हालको ठेगाना :** धापासी, काठमाडौँ । **फोन :** ४३६४९२२ ।

कृष्णभक्त बोडे

(कवि, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : वि.सं. २०१६ भदौ १९ मध्यपुर ठिमी, भक्तपुर । **माता/पिता :** न्हुछेमाया बोडे श्रेष्ठ, विष्णुकुमार बोडे श्रेष्ठ । **शिक्षा :** आई.ए. । **पहिलो रचना :** कथा (स्वर्णद्वार पत्रिका, भक्तपुर, २०३५) । **कृति/सृजना :** जिगु लु (हाइकुसङ्ग्रह, नेपाल भाषा, ने.सं. ११२२), मिँचल दुने (हाइकुसङ्ग्रह, ने.सं. ११२४) । **हालको ठेगाना :** भक्तपुर न.पा. - ७ । **फोन :** ६६१३३२९, ६६१७३०० ।

कृष्णभक्त श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४० अक्टुबर २५, ठमेल, काठमाडौँ । **माता/पिता :** चन्द्रमाया श्रेष्ठ, लक्ष्मणभक्त श्रेष्ठ । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी साहित्य), पत्रकारितामा डिप्लोमा । **सेवा :** पत्रकारिता, संस्थान सेवा (गोरखापत्र) । **पहिलो रचना :** उद्गम (कविता, भारती) । **कृति/सृजना :** कृष्णभक्त श्रेष्ठका कविताहरू (कवितासङ्ग्रह, २०३३), मान्छेको कथा (कवितासङ्ग्रह, २०५४) । **सम्पादन/अनुवाद :** मधुपर्क (मासिक), गोरखापत्र (दैनिक), राइजिङ नेपाल (दैनिक), मुकुट (पत्रिका), सिउँडी (पत्रिका) । **पुरस्कार/सम्मान :** व्यथित सिन्धु प्रतिभा सम्मान (इ.सं. १९९८), देवकोटा काव्य सम्मान (इ.सं. २००१) । **हालको ठेगाना :** मण्डिखाटार, काठमाडौँ ।

कृष्णभूषण बल



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ मङ्सिर १५, रवि माल्टेनी, इलाम । निधन : वि.सं. २०६९ असार ११ गते । **माता/पिता :** ईश्वरीदेवी तामाङ, हेमदल तामाङ । **शिक्षा :** स्नातक । **सेवा :** बैङ्किङ सेवा, ने.प्र.प्र.(प्राज्ञ सभासद्, २०६७) । **पहिलो रचना :** म युवक हुँ (कविता, सौगात, २०२१) । **कृति/सृजना :** दाज्यू तिम्रो हात

चाहिन्छ (खण्डकाव्य, २०३४), भोलि बास्ने बिहान (कवितासङ्ग्रह, २०४१)। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. - कविता महोत्सवमा तेस्रो, दोस्रो (२०३९, २०४१), प्रतिभा पुरस्कार (२०४१), गणेश स्मृति पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), हरिहर शास्त्री सावित्रीदेवी पुरस्कार, स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार। **सम्पर्क ठेगाना** : विराटनगर -१३, मोरङ। **फोन** : ०२१-५३०११२, ९८४२०३३४९२।

कृष्णमञ्जरीदेवी (मीराजी, कृष्णमञ्जु, मञ्जरीमाता)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७२ असार, रामेछाप। निधन : २०६३ पुस १७)। **माता/पिता** : कृष्णभक्तकुमारी, जयभद्रप्रसाद उपाध्याय ढुङ्गेल। **शिक्षा** : स्वाध्याय। **सेवा** : भजन गायन। **कृति/सृजना** : मेरो आँसु (भक्ति कविता, २००४), हरि रस (२००८), श्रीकृष्ण मञ्जु- भजन (हिन्दीमा, २०१०), श्रीकृष्णश्याम सुन्दर मञ्जुमोहन कि जय : (२०२२), जीवनी सारांश (२०२३), भजन मञ्जरी सङ्ग्रह (२०२३)। **पुरस्कार/सम्मान** : अभिनन्दन (सनातन धर्म सेवा समिति, २०५२), विशेष सम्मान (केशव-सुषमा भजन ज्ञान गुठी, नेपाल, २०६१)। **सम्पर्क ठेगाना** : कमलादी, काठमाडौँ।

कृष्ण मल्ल

(चलचित्रकर्मी)



जन्म/स्थान : वि.सं. २०१३ भदौ १६, कोदारी, सिन्धुपाल्चोक। **माता/पिता** : इन्द्रराज्यलक्ष्मी मल्ल, जयनन्द मल्ल। **शिक्षा** : स्नातकोत्तर। **सेवा** : रङ्गमञ्च, रेडियो नेपाल, सांस्कृतिक संस्थान, सामाजिक सेवा। **पहिलो रचना** : चलचित्र वासुदेव (२०४०) मा अभिनय। **कृति/सृजना** : टेलिचलचित्र/शृङ्खलाहरूमा श्री ५ पृथ्वीनारायण शाह, चक्रव्यूह, टाढाको बस्ती, पार्शल, अँध्यारो उज्यालो आदिमा निर्माण निर्देशन तथा अभिनय। ठूलो पर्दाका चलचित्रहरूमा : वासुदेव (२०४०), मायाप्रीति (२०४३), कोसेली, चिनो, कोसेली, विजय पराजय, सपना, बादल, राँको, गोठालो, सङ्कल्प, लगनगाँठो, हिरो, अञ्जली, गाजल, यस्तै हुन्छ पिरती आदिमा अभिनय। चलचित्र बादल निर्देशन। केही नाटकहरू लेखन-मञ्चन। **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), उत्कृष्ट अभिनेता (एकाङ्की अभिनय, २०३२), स्वर्ण पदक (राष्ट्रिय नाटक महोत्सव, २०३६, ने.रा.प्र.प्र.), सर्वोत्कृष्ट निर्देशक (टेलिफिलम महोत्सव, २०४४), शुभराज्याभिषेक रजत महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य पदक, हिराबहादुर खड्का पुरस्कार (२०६१)। दशकका अभिनेता सम्मान (२०५२), विशेष ट्रफी तथा सम्मान (नेपाल चलचित्र सङ्घ, २०५७), ने.च.क.रा. सङ्घद्वारा विशेष सम्मान (२०५७), राष्ट्रिय सांस्कृतिक प्रतिष्ठानद्वारा विशेष सम्मान। **हालको ठेगाना** : 'संसार', १७० पनिको कुमारी टोल, सिफल, काठमाडौँ (krishnamalla@nepalfilmartists.com)। **फोन** : ४४७४४७२, ९८५१०३२३७०।

कृष्णमान डङ्गोल

(गायक)

जन्म/स्थान : वि.सं. १९८२ असार, कृष्णाष्टमी, वोडेगाउँ, ललितपुर। **शिक्षा** : साधारण। **सेवा** : निजामती सेवा, सङ्गीत निर्देशन। **कृति/सृजना** : ए साइँली हेर न कोइली डाक्तछे ... , मेरो माया छ भने त्यता ... , कालो कालो कपालको कति राम्रो छायाँ .... बोल रहेका आदि थुप्रै गीतहरू रेकर्ड। **पुरस्कार/सम्मान** : स्वर्ण पदक (२०२३), गोरखा दक्षिणबाहु, लोकगीत सम्मेलनमा प्रथम (२०२१), आधुनिक गीत सम्मेलनमा प्रथम (२०२३)।

कृष्ण मानन्धर

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००४ साउन १८, भोटाहिटी, काठमाडौँ। **माता/पिता** : सरस्वती मानन्धर, सिद्धिबहादुर मानन्धर। **शिक्षा** : जी.डी.ए. (बम्बई, भारत)। **सेवा** : अध्यापन, प्राध्यापन (चित्रकला)। **पहिलो रचना** : इ.सं. १९७१ देखि निरन्तर चित्र निर्माण। **कृति/सृजना** : एकल कला प्रदर्शनी (काठमाडौँ - इ.सं. १९८५, १९९१, १९९२), सामूहिक कला प्रदर्शनी (इ.सं. १९६८ देखि १९९६ सम्म भारतमा पाँचपटक, नेपालमा सातपटक, जापानमा दुईपटक, बङ्गलादेशमा दुईपटक, अष्ट्रेलियामा एकपटक)॥

राजदरबार, त्रिभुवन विमानस्थल, वीरेन्द्र आर्ट ग्यालरीलगायत देश-विदेशमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : कास्य पदक (सर जे.जे. स्कुल अफ आर्ट, इ.सं. १९६९), राष्ट्रिय पुरस्कार (नाफा, इ.सं. १९७१), शिक्षा पुरस्कार (त्रि.वि. इ.सं. १९९०), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. १९९९) । **हालको ठेगाना** : भोटाहिटी, काठमाडौँ । **फोन** : ४२२४३०९ ।

कृष्णराज अर्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१ पौष १४, गैह्रीधारा, काठमाडौँ । निधन : २०६३ कात्तिक १ । **माता/पिता** : मीनकुमारी अर्याल, द्विजराज अर्याल । **शिक्षा** : एम.ए.(भारत), एम.एड.(अमेरिका) । **सेवा** : प्राध्यापन, राजनीति (पूर्व मन्त्री), कूटनीति (राजदूत) । **पहिलो रचना** : रमाइला कुरा (कविता, २०२३) । **कृति/सृजना** : रमाइला कुरा (बालसाहित्य भाग १-५, २०२३), शिक्षा विज्ञान (२०१४), मोनार्की इन द मेकिङ अफ नेपाल (२०३१), एजुकेशन फर द डेभलेपमेन्ट अफ नेपाल (२०३७), नेपाली संस्कृति सङ्क्षिप्त झलक (२०६२) । **सम्पादन/अनुवाद** : हाम्रो किताप (पाठ्यपुस्तक, भाग १-३), शिक्षा (चौमासिक पत्रिका, इ.सं. १९५२), नवीन शिक्षा (इ.सं. १९५६), एजुकेशन क्वाटर्ली (अङ्ग्रेजी भाषा, इ.सं. १०५६) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु प्रथम (२०३५), त्रिशक्तिपट्ट दोस्रो (इ.सं. १९८३), युगोस्लाभ स्टार (इ.सं. १९८३), शुभराज्याभिषेक पदक (२०३१), ग्रान्ड अफिसर, अर्डर नेसनल ड्यु मेरिट (फ्रान्स, ई. १९८३), राइजिङ सन प्रथम (जापान) साथै अन्य पुरस्कारहरू । विशेष सम्मान (लाओस, इ.सं. १९८९) । **हालको ठेगाना** : गैह्रीधारा, काठमाडौँ । **फोन** : ४४१३८६२ ।

कृष्णराज कोइराला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७, दुम्जा, सिन्धुली । **कृति/सृजना** : सिमलको भुवा (गीत-कवितासङ्ग्रह, २०१९), आधुनिक गोठ (कवितासङ्ग्रह, २०२५), रहर (निबन्ध-कथासङ्ग्रह, २०४१), जिन्दगीका छालहरू (गीतसङ्ग्रह, २०४१), जीवनयात्रा (उपन्यास, २०४६), वी.पी.को व्यक्तित्व र कृतित्व (२०४२), मुक्ति सङ्घर्ष (उपन्यास, २०४७), नेपाली लोक गीतसङ्ग्रह (२०४९) । **सम्पादन/अनुवाद** : किसान (अङ्क १-५), सनातन सन्देश, धरणीधर, धरणी आदि ।

कृष्णराज डी.सी.

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ मङ्सिर २७, लस्तम, सल्यान । **माता/पिता** : रत्नदेवी डाँगी, जीवलाल डाँगी । **शिक्षा** : एम.ए., बी.एड., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मानवप्रवृत्ति एक झलक (युगबोध साप्ताहिक, दाङ, २०४०) । **कृति/सृजना** : निशा - नीरज (गीति खण्डकाव्य, २०५६), मरुभूमिको फूल (कवितासङ्ग्रह, २०६०), आमाभन्दा ठूलो को छ ? (कवितासङ्ग्रह, २०६०), अल्बर्ट आइन्सटाइन र गौतम बुद्ध (खण्डकाव्य, २०६२) । **सम्पादन/अनुवाद** : शैक्षिक सम्वाह (पत्रिका), सल्यानी सुसेली (साहित्यिक पत्रिका), प्रारम्भ (मुखपत्र), राप्ती दूत (मुखपत्र) । **पुरस्कार/सम्मान** : बमशङ्कर साहित्य पुरस्कार (२०५६), शोभाराम बेलमती साहित्य पुरस्कार (२०५९) । प्रसून फाउण्डेसन दाङद्वारा सम्मान । **हालको ठेगाना** : थारमारे -५, सल्यान /रेडियो स्वर्गद्वारी, दाङ । **फोन** : ०८२-५६०६७१ /५६०१६४ ।

कृष्णराज धमला 'अपूर्ण'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ कात्तिक ११, स्यूना, रास्कोट, कालीकोट । **सेवा** : नोकरी (कार्यक्रम सञ्चालन) । **पहिलो रचना** : विरह बिम्ब (कवितासङ्ग्रह, २०५७) । **कृति/सृजना** : विरह बिम्ब (कवितासङ्ग्रह, २०५७), अनिँदो रातका सपनाहरू (गजलसङ्ग्रह, २०६१), प्रदेशिको बाटो (देउडा गीतिएल्बम, २०६१), भिजेको सिरानी (मुक्तक-गजलसङ्ग्रह, २०६२) साथै विभिन्न पत्रपत्रिकाहरु तथा विद्युत्तीय सञ्चार माध्यममा २०० जति रचनाहरु प्रकाशित प्रकाशोन्मुख : अहँ खेल्दिनँ बाघचाल, कवितासङ्ग्रह, एउटा मुक्तकसङ्ग्रह, एउटा गजलसङ्ग्रह, एउटा गीतसङ्ग्रह र एउटा देउडा गीति एल्बम आदि ।

सम्पादन/अनुवाद : सदाबहार हवाई साहित्यिक मासिक । **हालको ठेगाना** : विजयनगर जुम्ला । **फोन** : ०१९-५५१५०६ ।

कृष्णराज सर्वहारी

(कवि/उपन्यासकार, नेपाली/थारू भाषा)

जन्म/स्थान : वि.सं. २०२८ भदौ ६, चैलाही-६, दाङ । **माता/पिता** : ज्ञानुदेवी चौधरी, टीकाराम चौधरी । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : पत्रकारिता, कार्यक्रम संयोजन (२०६०) । **पहिलो रचना** : फुटल करम (उपन्यास, २०५५, थारु भाषा) । **कृति/सृजना** : फुटल करम (उपन्यास, २०५५), दोसर घर जाइबेर (मुक्तकसङ्ग्रह, २०५६), गन्तव्य (उपन्यास, २०५९), समयका उच्छ्वासहरू (हाइकुसङ्ग्रह, २०५९), मामा-भाञ्जा (कथासङ्ग्रह, २०६०), ढुँ ढुँ पाँ पाँ (हास्यव्यङ्ग्य सङ्ग्रह, थारूभाषा, २०६८) । **सम्पादन/अनुवाद** : बिहान, हमार यहुरा, थारु संस्कृति (वार्षिक), अग्रासन (मासिक, २०६१), लावाबिहान (चौमासिक, २०५९), हमार सैडान (रेडियो रिपोर्ट सँगालो, २०५९) । **पुरस्कार/सम्मान** : पद्मनाभ-तिलकुमारी राणा पुरस्कार (२०६०) । **हालको ठेगाना** : दाङ (krc@yahoo.com) । **फोन** : ०८२-५४०१००, ९८५१११६१८३ ।

कृष्णराम चित्रकार 'अपार'

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९९६ असोज ११, शालाछेँ, भक्तपुर । **माता/पिता** : पूर्णमाया चित्रकार, सन्सार चित्रकार । **शिक्षा** : दश कक्षा । **सेवा** : चित्रकला । **पहिलो रचना** : बाल्यकालदेखि नै चित्रकला यात्रा । **कृति/सृजना** : भक्तपुर दरबार स्क्वायरको ५५ झ्याले दरबारको भित्तेचित्र स्केच । चित्रकला प्रदर्शनीमा सहभागिता (२०३६) । **हालको ठेगाना** : भक्तपुर -३ । **फोन** : ६६१२७१७ ।

कृष्णलाल अधिकारी

(माध्यमिक कालीन साहित्यकार)



जन्म/स्थान : वि.सं. १९४४ माघ २४, तिल्पुङ कठजोर, रामेछाप । निधन : १९८०, काठमाडौँ जेल । **माता/पिता** : इन्द्रकुमारी, लक्ष्मणराज अधिकारी । **शिक्षा** : संस्कृत, नेपाली, स्रेस्ता शिक्षा । **सेवा** : साहित्य, गोरखापत्रमा कार्यरत, सुब्वाङ्गी पाएका । **कृति/सृजना** : मकैको खेती (१९७७), धर्मकुमारी शिक्षा (१९८०) । **पुरस्कार/सम्मान** : सुब्वा 'मकै पर्व' मा प्रताडित भई 'जेलमै मृत्युवरण गरेका प्रतिभा, प्रथम साहित्यिक शहीद घोषित ।

कृष्ण शाह यात्री

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०३२ भदौ १०, कटारी-४, उदयपुर, सगरमाथा । **माता/पिता** : कौशिल्यादेवी शाह, विन्देश्वर शाह । **शिक्षा** : स्नातकोत्तर (पत्रकारिता/आमसञ्चार, त्रि.वि.), डिप्लोमा इन फिल्म स्टडिज (चलचित्र लेखन तथा निर्देशन) । **सेवा** : पत्रकारिता, अभिनय, निर्देशन (रङ्गमञ्च), नेपाल नाट्य-सङ्गीत प्रज्ञा प्रतिष्ठान (प्राज्ञ सभासद्, २०६६) । **पहिलो रचना** : सगरमाथा र म (कविता, ज्योतिपुञ्ज साहित्यिक पत्रिका, २०४७) । **कृति/सृजना** : सूक्ष्म शिखाहरू (लघुकथासङ्ग्रह, २०५६), समय अवसान (नाटकसङ्ग्रह, २०६१), मान्छे मान्छेहरू (नाटकसङ्ग्रह, २०६४), आणविक अस्त्र (लघुकथासङ्ग्रह, २०६४), प्रतिनिधि नेपाली नाटक (२०६४), प्रतिनिधि नेपाली बाल नाटक (२०६५), तिखेको सिङ (बालकथा सङ्ग्रह, २०६६), भूतको बाँसुरी (बालकथा सङ्ग्रह, २०६६), मसिने मुसो र अरू कथाहरू (बालकथासङ्ग्रह, २०६६), गुन्टे गैँडा (बालकथा, २०६७), सहरमा डमरु (बालकथा, २०६७), जादुको टोपी (बालकथा), फुच्चे रोबोट (बाल नाटक सङ्ग्रह, २०६४), हिङमाङको चौरी (बाल नाटक सङ्ग्रह, २०६५), जलपरी (बाल नाटक सङ्ग्रह, २०६७), शिखर कलाकार (समालोचना, २०६६) आदि । *निर्देशित प्रमुख नाटकहरू :* आमाको काखमा (ले. मोदनाथ प्रश्रित, इ.सं. १९९२), भाग्योदय (ले. लोकेन्द्रबहादुर चन्द, इ.सं. १९९३), चिसो वस्ती (ले. कृष्ण शाह यात्री, इ.सं. १९९४), नीलाम्वरको आकाशयुद्ध (ले. विप्लव ढकाल, इ.सं. १९९८), हारेका मान्छेहरू (ले. अशेष मल्ल, इ.सं. १९९९), नाम नभएको मानिस (ले. विजय मल्ल, इ.सं. २०००), प्रेम (ले. बालकृष्ण सम, इ.सं. २००१),

कोलाज (ले. सरुभक्त, इ.सं. २००२), समय अवसान (ले. कृष्ण शाह यात्री, इ.सं. २००३), निर्वासित मनहरू (ले. यात्री, इ.सं. २००४), मिथक र स्वास्नीमान्छेहरू (ले. सरुभक्त, इ.सं. २००५) आदि लगायत जम्मा ३१ ओटा नाटक निर्देशन । मुख्य टेलिशृङ्खला निर्देशित : आकाङ्क्षा, मार्गदर्शन, सम्बन्ध । वृत्तचित्र लेखन : मनोरम हुम्ला (इ.सं. २००५), बहिरा राघववीर जोशी (इ.सं. २००३), सङ्खुवासभा र इको हिमाल (इ.सं. २००१) आदि । **सम्पादन/ अनुवाद :** ज्योतिपुञ्ज (द्वैमासिक, इ.सं. १९९२), प्रोत्साहन (साहित्यिक हवाई पत्रिका, इ.सं. १९९६), अभिनव (द्वैमासिक, इ.सं. १९९८), गुञ्जन (त्रैमासिक, लघुकथा विशेषाङ्क, संवाद (द्वैमासिक, इ.सं. १९९८) । **पुरस्कार/सम्मान :** सर्वोत्कृष्ट निर्देशक पुरस्कार (राष्ट्रिय नाटक महोत्सव, २०५८), सर्वोत्कृष्ट नाटक पुरस्कार (उपत्यकाव्यापी नाटक उत्सव, २००४), उत्कृष्ट नाटक पुरस्कार (पूर्वाञ्चल नाटक महोत्सव, २०५९), सर्वनाम विद्वद्वृत्ति पुरस्कार (२०६१), उत्कृष्ट नाटक पुरस्कार (मध्यमाञ्चल नाटक उत्सव, २०६२), सर्वोत्कृष्ट नाटक पुरस्कार (उपत्यकाव्यापी नाटक उत्सव, इ.सं. २००५), नागार्जुन रचना पुरस्कार (२०६४), युवामोती पुरस्कार (२०६९) । **सम्मानहरू :** काँचुली हवाई साहित्य सम्मान (१९९९), विशेष योगदान सम्मान (पूर्वाञ्चल नाटक महोत्सव, २०५९), नवसिर्जना रङ्गमञ्च सम्मान (२०६२) लगायत विभिन्न सङ्घसंस्थाहरूबाट सम्मान । **हालको ठेगाना :** पो.ब.नं. १३७२८, काठमाडौँ (krishnayatri@yahoo.com) । **फोन :** ९८५१०७२२३४, ०१-४४२१६७९ ।

कृष्ण सुवेदी 'निराकार'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० भदौ ७, तीनपाटन, सिन्धुली । **माता/पिता :** खड्गकुमारी सुवेदी, तारानाथ सुवेदी । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, सामाजिक सेवा । **पहिलो रचना :** काख (मुक्तक, वैँसालु हास्यव्यङ्ग्य मासिक, दार्जीलिङ, २०४४) । **कृति/सृजना :** तीतो सत्य (कवितासङ्ग्रह, २०५९), सानो छँदा (बालकवितासङ्ग्रह, २०६१), निराकार उवाच (मुक्तक, २०६४) । **सम्पादन/अनुवाद :** शैक्षिक सौगात (२०५५), माता उपासना (२०५८), भवानी घिमिरे (स्मृतिगन्थ), लेखनाथ (स्मारिक, २०६४), हाम्रो गतिविधि (२०६३) । **पुरस्कार/सम्मान :** यथार्थ सिर्जनशील प्रतिभा सम्मान (इटहरी (२०६२) । **हालको ठेगाना :** चन्द्रगढी -१, झापा । **फोन :** ४५६०२२, ९८४२६२६५६६ ।

कृष्ण सेन 'इच्छुक'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१३, देहरादुन, भारत । निधन : २०५९ जेठ १३, काठमाडौँ । **माता/पिता :** भीमकुमारी, यमबहादुर सेन । **शिक्षा :** एम.ए.सम्मको अध्ययन । **सेवा :** पत्रकारिता, राजनीति, संस्थान सेवा, साहित्य । **पहिलो रचना :** भोलिप्रति (कविता, मातृभूमि साप्ताहिक, २०३२) । **कृति/सृजना :** शोकाञ्जलि (खण्डकाव्य, २०४८), इतिहासको यस घडीमा (कवितासङ्ग्रह, २०५६), बन्दी र चन्द्रगिरि (लामो कविता, २०५७) । **सम्पादन/अनुवाद :** जनादेश साप्ताहिक, जनदिशा दैनिक । **पुरस्कार/सम्मान :** यादव प्रतिभा पुरस्कार, साहित्यिक शहीद । **सम्पर्क ठेगाना :** इच्छुक प्रतिष्ठान, काठमाडौँ ।

कृष्णहरि बराल

(गीतकार/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० पुस २१, हत्पते, सिन्धुली । **माता/पिता :** पद्मकुमारी बराल, खडानन्द बराल । **शिक्षा :** एम.ए. (नेपाली), बी.एड., विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** दुई टुक्रा गीत (उषा पत्रिका, २०३२) । **कृति/सृजना :** भाषा विज्ञान र नेपाली भाषा (सहलेखन, २०५०), एक फूल : अनेक पत्र (गीतसङ्ग्रह, २०५१), संदृष्टि (समालोचनासङ्ग्रह, २०५५), उपन्यासको विश्लेषण (सहलेखन, २०५५), उंपन्यास सिद्धान्त र नेपाली उपन्यास (सहलेखन, २०५५), माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास (सहलेखन, २०५७), कवि भूपि : विश्लेषण र मूल्याङ्कन (२०५७), निम्न माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास (सहलेखन, २०५८), कृष्णहरि बराल : सिर्जना र समालोचना (२०५८), गीत : सिद्धान्त र इतिहास (२०६०), वस्तुपरक समालोचना (२०६१), मनोविश्लेष्ण र साहित्य (२०६८), अभिव्यक्तिको उत्खनन् (२०६८), कथा सिद्धान्त (२०६९) । *गीति एल्बमहरू :* रिसाइदेऊ न बिन्ती (२०४७), सफलतम (२०५४), हल्लाहरू (२०५५), पहिलो भेट (२०५६), माया बैगुनी (२०५७), बसाइँ (२०५९), बिम्ब (गजल, २०६२), कि त तिमी मन पर्छ्यौ (सी.डी., २०५७), सम्भावना (सी.डी. २०६७), नाइ नभन्नू ल (सी.डी. २०६८), देवयानी (सी.डी. २०६८),

लोकार्पण (सी.डी. २०६९), रिदम (सी.डी., २०६९)। **सम्पादन/अनुवाद** : अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास, साधारण नेपाली (सहलेखन), रजनीमाला (समालोचना, २०५७), रजनी। **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ गीतकार (प्रथम भिडियो चलचित्र महोत्सव, २०४७), राष्ट्रव्यापी कविता प्रतियोगिता - प्रथम पुरस्कार (इन्हुरेड, २०४९), छिन्नलता गीत पुरस्कार (२०५६), भूपालमानसिंह युवा साहित्य पुरस्कार (२०५९), बहादुरसिंह बराल स्मृति पुरस्कार (२०६२) आदि पुरस्कारहरू। नइ-कलानिधि सङ्गीत सम्मान (२०५५), दोभान प्रतिभा सम्मान (२०५७), म्यूजिक नेपाल सम्मान (२०५७, २०५८), गजलश्री सम्मान (२०६०), सिन्धुली श्रेष्ठ समाज सम्मान (२०६१) आदि सम्मानहरू लगायत विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान। **हालको ठेगाना** : कुमारी क्लब, कलङ्की, काठमाडौँ (khbaral@yahoo.com)। **फोन** : ४३३०४८९, ९८४१३५०९२५।

कृष्णादेवी शर्मा (श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ फाल्गुण १५, मुडिकुवा-५, पर्वत। **माता/पिता** : तुलसा रेग्मी, नारायणदत्त रेग्मी। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : अध्यापन। **कृति/सृजना** : सुनाखरी र लालीगुराँसको देश (कवितासङ्ग्रह, २०५७) घरबेटी भाउजू (कथासङ्ग्रह, २०५९), अत्याचारी घर (तीजगीत सँगालो, २०५८), नारायणहिटी पर्व (तीजगीत सँगालो, २०५८)। **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक। श्री भ.वि.पी. मा.वि.द्वारा अभिनन्दित (२०५७)। **हालको ठेगाना** : प्रगतिनगर -३, नवलपरासी। **फोन** : ०७८-५२९५१२।

कृसु क्षेत्री (कृष्णकुमार सुवेदी क्षेत्री)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ पुस ४, खुदुनाबारी-२, मदनपुर, झापा। **माता/पिता** : वसुन्धरादेवी सुवेदी, मानबहादुर सुवेदी। **शिक्षा** : एम.पी.ए., बी.एड.। **सेवा** : परराष्ट्र सेवा (परराष्ट्र)। **पहिलो रचना** : मुक्तक (रूपरेखा मासिक, २०४३)। **कृति/सृजना** : अर्द्धमुदित आँखाहरू (गजलसङ्ग्रह, २०५९), आगोको मूर्च्छना (संयुक्त कवितासङ्ग्रह, २०६१), वोधिसत्वको मृत्युउत्सव (कवितासङ्ग्रह, २०६३), रगतको दरवार (विलयन काव्य), जापानमा नेपाली भाषा र साहित्य (अनुसन्धानात्मक), म्यान्मामा नेपाली भाषा साहित्य र संस्कृति (अनुसन्धानात्मक)। **सम्पादन/ अनुवाद** : प्रतिनिधि नेपाली गजल (सम्पादन, २०५७), साहित्यकार विनय रावल : सिर्जनायात्राको अभिरेखाङ्कन (२०५८), प्रश्नै प्रश्नका बीच प्रेरणा (सम्पादन, २०६०), प्रतिनिधि म्यान्माली नेपाली कविता, प्रतिनिधि नेपाली हाइकु, मिमिरि (मासिक), वसुन्धरा (द्वैमासिक), मानश्री (त्रैमासिक), समकालीन नेपाली साहित्य (मासिक), आर्थिक मीमांसा (द्वैमासिक), अन्तर्दृष्टि (त्रैमासिक)। **पुरस्कार/सम्मान** : ललिता काव्य पुरस्कार -प्रथम (२०४९), ने.रा.प्र.प्र. राष्ट्रिय कविता महोत्सवमा प्रथम (२०५७), हरिभक्त कटुवाल सिर्जना पुरस्कार (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), षडानन्द प्रतिभा पुरस्कार (२०६०), गजलश्री सम्मान (२०६०), त्रिचन्द्र देवकोटा सम्मान (२०६२), युवा वर्ष मोती पुरस्कार (२०६६), देवकोटा शताब्दी स्वर्ण पदक (२०६७)। **हालको ठेगाना** : १९५ मानश्रीमार्ग, वसुन्धराबस्ती, विशालनगर, काठमाडौँ। (krisuchhetri@hotmail.com)। **फोन** : ४४३२६७२, ४४३२६७३।

के. एल. पीडित (खेतुलाल बुढाथोकी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० जेठ २९, फचकपुर, दाङ। **माता/पिता** : निमादेवी बुढाथोकी, देवीराम बुढाथोकी। **शिक्षा** : एस.एल.सी.। **सेवा** : पत्रकारिता, अध्यापन। **पहिलो रचना** : ग्रामीण जीवनप्रति हामी किन उदास ? (निबन्ध, गाउँघर साप्ताहिक, दाङ, २०५१) **कृति/सृजना** : सहर पसेपछि (कवितासङ्ग्रह)। **सम्पादन/अनुवाद** : पहल (साहित्यिक त्रैमासिक, २०५५), पालुवा (मासिक, २०५९)। **हालको ठेगाना** : सौडियार-५, दाङ। **फोन** : ०८२-५६१४३२।

के.के. कर्माचार्य (कान्छाकुमार कर्माचार्य)

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २००४ चैत ८, डल्लुटोल, काठमाडौँ। **माता/पिता** : तुलसीमाया कर्माचार्य, भीमबहादुर कर्माचार्य। **शिक्षा** : बी.ए.(त्रि.वि.), कला प्रवीण (त्रि.वि.)। **सेवा** : निजामती सेवा, कलाकारिता, हुलाक टिकट डिजाइनिङ, ने.रा.प्र.प्र.

(प्रज्ञा-सभासद्, २०६१), नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (सदस्य-सचिव, २०६६) । **पहिलो रचना :** पहिलो एकल कला प्रदर्शनी (काठमाडौँ, २०२८) । **कृति/सृजना :** *कला प्रदर्शनी :* नेपाल (१ एकलसमेत ८ पटक), भारत (१ पटक), जर्मनी (एकल १ पटक), कोरिया (२ पटक एकलसमेत ३ पटक), बङ्गलादेश (३ पटक) र जापानमा १ पटक) । २०६२ सालसम्म ४०१ हुलाक टिकट डिजाइन प्रकाशित, २० बाल साहित्यिक पुस्तकहरूमा चित्र । दर्जनौँ पुस्तकहरूको आवरण चित्रको सृजना प्रकाशित । विश्वमा सबभन्दा अग्लो भारतमा निर्माण हुने १५२.४ मिटर अग्लो मैत्रेय बुद्धको धातु मूर्ति र पार्कको कलात्मक स्वरूप तयार गरेको, चीनको बेइजिङमा स्थापित १.६० सेन्टिमिटर अग्लो पूर्ण कद धातुको मूर्तिको स्वरूप (नमुना) र निर्माणमा निर्देशन, काठमाडौँको सञ्चारग्राममा निर्मित मूर्तिहरू (कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाट्यसम्राट बालकृष्ण सम) को स्वरूप तयार गरेको । **सम्पादन/अनुवाद :** बाल कोसेली द्वैमासिक र मचाक्यव: बालसाहित्यको चित्र सम्पादन । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणवाहु (२०४३), श्री ५ वीरेन्द्र स्वर्ण जन्मोत्सव पदक (२०५२), श्री ५ वीरेन्द्रको राज्यारोहण रजत महोत्सव पदक (२०५३), श्री ५ वीरेन्द्रको राज्यारोहण रजत महोत्सव नागरिक मूल समिति पदक (२०५३), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । त्रिमूर्ति सम्मान (२०६१), जनमत सम्मान (२०६१) । **हालको ठेगाना :** साधना गल्ली, रातोपुल, काठमाडौँ (kkk@ntc.net.np) **फोन :** ४४६६२७५, ९८४१३०६१९५ ।

केदारनाथ खतिवडा

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९३५, काठमाडौँ । निधन : २००३ । **पिता :** होमनाथ खतिवडा । **शिक्षा :** संस्कृत/नेपाली । **सेवा :** साहित्य सेवा, बनारसमा प्रकाशन संस्था सञ्चालन गरेका । **कृति/सृजना :** श्रीमद्भागवत गीता (पञ्चरत्न) १९५५ इ.सं.) अनुशासनपर्व (इ.सं. १९५७), अश्वमेघ पर्व (इ.सं. १९५७), आश्रमवासी पर्व (इ.सं. १९५७), कर्णपर्व (इ.सं. १९५७), गदापर्व (इ.सं. १९५७), द्रोणपर्व (इ.सं. १९५७), महाभारत सम्पूर्ण (इ.सं. १९५७), महाभारत सम्पूर्ण (इ.सं. १९५७), श्रीमद्भागवत (१९७८), चरित्रसङ्ग्रह, नलदमयन्ती, सत्यनारायण व्रतकथा । *(मिति जति : संस्करणका मिति हुन् ।)*

केदारनाथ खनाल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ कात्तिक ७, ताकलुङ -१, गोरखा । **माता/पिता :** देवमाया खनाल, भोगप्रसाद खनाल । **शिक्षा :** एम.एड., शास्त्री । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** युवा (कविता, २०२१, बागेश्वरी चितवनबाट) । **कृति/सृजना :** अनुभूतिका शब्दतरङ्ग (२०६१), शैक्षिक निबन्ध सङ्ग्रह (२०६२), शिक्षा : केही गन्थन केही मन्थन (२०६२), यात्राका स्पन्दनहरू (२०६५), स्मृतिका बिम्बहरू (२०६६) । **सम्पादन/अनुवाद :** बागीश्वरी, सम्प्रेषण, सुधांशु, मझेरी, आदर्शपुञ्ज, वेणी, आलोक, पुष्पोपहार, मुद्रण स्मारिका, चितवन महोत्सव स्मारिका, सञ्जीवनी आदि । **पुरस्कार/सम्मान :** शिक्षा सेवा पदक (२०४४), हरि उत्कृष्ट पुरस्कार (गोरखा, २०६६) । अभिव्यञ्जना साहित्य प्रतिष्ठानद्वारा अभिनन्दित (२०६०), आदर्श क्लब, रामपुर, चितवनद्वारा सम्मान, वाल्मीकि साहित्य सदन सम्मान (२०६२), कालिका स्रष्टा सम्मान (२०६३), पल्लव साहित्यिक सम्मान (२०६६), महामण्डला साहित्यिक सम्मान (२०६६) । **हालको ठेगाना :** भरतपुर -१०, चौबीसकोठी, चितवन । **फोन :** ०५६-५२०१२८ / ०१-४३५५९२८, ९८४५०४५९२८ ।

केदारनाथ न्यौपाने

(लेखक, नेपाली/नेवारी भाषा)



जन्म/स्थान : वि.सं. १९८४ मङ्सिर १४, न्ह्यौखा, काठमाडौँ । निधन : २०२८ असोज २७ । **माता/पिता :** सुभद्रा न्यौपाने, दामोदरनाथ न्यौपाने । **शिक्षा :** एम.ए., बी.एल. । **सेवा :** अध्यापन, पत्रकारिता, च्वसापासाका सचिव, कन्या मन्दिरका संस्थापक) । **पहिलो रचना :** नूतन वर्ष स्वागत (कविता, शारदा पत्रिका, २००५) । **कृति/सृजना :** क्येहैंयात पति (ने.सं. १०७२) । **सम्पादन/अनुवाद :** आँखा (२००३), पासा (मासिक), हालखबर

(दैनिक), इको (अङ्ग्रेजी, साप्ताहिक), जागरण (२००७) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०२४) । **हालको ठेगाना** : टङ्केश्वर, ताहाचल, काठमाडौँ । **फोन** : ४२७८८७८ ।

केदारनाथ प्रधान

(इतिहासकार)

जन्म/स्थान : वि.सं. २००३ वैशाख ७, वकुटोल, बनेपा, काभ्रे । निधन : २०५ साउन ६ गते । **माता/पिता** : मसिनुदेवी, आशाकाजी श्रेष्ठ । **शिक्षा** : एम.ए. (इतिहास), विद्यावारिधि । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : कविता (विगुल पत्रिका, २०२९) । **कृति/सृजना** : नेपाली इतिहास लेखन बारे (२०४२), महाभारत मानव सम्भाव्यता अध्ययन (२०४५), नौलो नेपाल परिचय (२०४५), आदिमानवको उद्गम र उद्गमस्थल (२०४५), नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास (२०५४), बनेपाको ऐतिहासिक रूपरेखा (२०५६), सरल नेपाल परिचय (२०५८) । **सम्पर्क ठेगाना** : बनेपा, नगरपालिका-२ काभ्रे ।

केदार न्यौपाने (किरण उप्रेती)

(उपन्यासकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०११ असार १७, गोगने, भोजपुर । **माता/पिता** : विष्णुमाया न्यौपाने, लिला न्यौपाने । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अध्यापन, राजनीति (सांसद, राष्ट्रिय सभा), साहित्य । **पहिलो रचना** : बुहारी नाटक (२०४१) । **कृति/सृजना** : नानीहरूको गीत (बालगीत), रामलाल (उपन्यास), उज्यालो हुनुअघि (उपन्यास), जुलुस (नाटक), हामी र हाम्रो अधिकार, नेकपा (माले) कस्तो पार्टी हो ? **हालको ठेगाना** : काठमाडौँ । **फोन** : ०५७-५२०८६२ ।

केदार न्यौपाने (केदारराज न्यौपाने)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ मङ्सिर १८ गते, गोगने, भोजपुर । **माता/पिता** : उमादेवी, गणेशप्रसाद न्यौपाने । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : खोलाको भूत (कविता, मनोरञ्जन हस्तलिखित पत्रिका, २०१७) । **कृति/सृजना** : समीक्षा सुमन (समीक्षात्मक लेखहरूको सँगालो, २०६२) । **सम्पादन/अनुवाद** : प्राविधिक शव्दार्थावली (चिकित्सा तथा विज्ञान खण्ड), प्राविधिक शव्दार्थावली (अर्थशास्त्र, गणित र तथ्याङ्क क्षेत्रको), नेपाल, पीपल, घाम छायाँ, चौराली (सामयिक सङ्कलन- संयुक्त सम्पादन), अङ्कुर (सामयिक सङ्कलन - प्रधान सम्पादक), मनोरञ्जन (हस्तलिखित) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. - कविता महोत्सवमा तृतीय (२०३०, २०३३, २०३७, २०४५ र २०४६) । **हालको ठेगाना** : वानेश्वर, काठमाडौँ । **फोन** : ४४८६०३४ ।

केदारमणि आ.दी.

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६१ असार २५, भन्सारहिटी, काठमाडौँ । निधन : २०४९) । **पिता** : राममणि आ.दी. । **शिक्षा** : स्नातक । **सेवा** : नोकरी । **पहिलो रचना** : अविस्मरणीय यात्रा (निबन्ध, रूपरेखा, २०२२) । **कृति/सृजना** : बेलाइत जाँदा (यात्रासंस्मरण, २०२२), एक फन्को (यात्रासंस्मरण, २०२५), हिउँदमा बेलाइत (यात्रासंस्मरण, २०२७), यतै वरिपरि (यात्रासंस्मरण, २०२९), बद्री केदारयात्रा तीस वर्ष अघिको (यात्रासंस्मरण, २०२३), चारधामको यात्रा (यात्रासंस्मरण, २०२५), नीतिका कथा (बालपाठ्य, २०२५), हितका कथा (बालपाठ्य, २०२६), यात्राका कुरा (यात्रासंस्मरण, २०३१), तीनतिर (यात्रासंस्मरण, २०३१), आफ्नै कुरा (आत्मकथा, २०३४), ठाउँ ठाउँका कुरा (यात्रासंस्मरण, २०३५), नारायणी-लुम्बिनी (यात्रासंस्मरण, २०४७), यात्रा समुच्चय, भारतयात्रा प्रसङ्ग ।

केदारमान 'व्यथित'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ कात्तिक, बाहुनेपाटी, सिन्धुपाल्चोक । निधन : वि.सं. २०५५ । **माता/पिता** : पदमकुमारी, सूर्यमान श्रेष्ठ । **शिक्षा** : स्वाध्याय । **सेवा** : राजनीति, साहित्य, ने.रा.प्र.प्र. (कुलपति) । **पहिलो रचना** : प्रतीक्षा (कविता, २००३) । **कृति/सृजना** : *कवितासङ्ग्रहहरू* : सङ्गम (२००३), प्रणव

(२००३), ०९ सालको कविता (२००९), एक दिन (२०११), त्रिवेणी (२०१५), सञ्चयिता (२०१५), जुनेली (२०१९), नारी-रस, माधुर्य (२०२५), आलोक (२०२५), मेरी प्रियसी-प्रजातान्त्रिक स्वतन्त्रता (काव्य, २०२६), सप्तपर्ण (२०२८), आवाज (२०३१), बदलिरहने बादलका आकृति (मुक्तकसङ्ग्रह, २०३३), मेरा सपनामा हाम्रो देश र हामी (२०३४), रस त्रिफला २०३६), अग्नि शृङ्गार (हिन्दी, २०३९), अग्नि शृङ्गार (मुक्तकसङ्ग्रह, २०३९), दृष्टि सत्य सृष्टि सुन्दर (२०५५), फेरि अर्को एउटा कुरुक्षेत्र, प्रतीक्षा (नेवारी), दिवस चित्र (नेवारी), स्वबिं प्या:गुम्ये (नेवारी), छ्वास (नेवारी), हमारा देश : हमारा स्वप्न (हिन्दी), त्रयी (हिन्दी), सेलेक्टेड् पोयम्स् (अङ्ग्रेजी)। **सम्पादन/अनुवाद** : हिमानी (प्रधानसम्पादक)। **पुरस्कार/सम्मान** : वेदनिधि पुरस्कार (२०४६), जगदम्बाश्री पुरस्कार, सीताराम पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार, ज्योतिर्मय त्रिशक्ति पट्ट प्रथम, डा. कृष्णचन्द मिश्र हिन्दी सम्मान पुरस्कार (२०५४), नेपाल तथा भारतमा अभिनन्दन गरिएको, सिलसिला परिवार विराटनगरद्वारा अभिनन्दित)।

केदारशमशेर थापा

(माध्यमिक कालीन नाटककार)

जन्म/स्थान : अनुसन्धेय, काठमाडौँ । **माता/पिता** : नूतनराज्यकुमारी, केशरसिंह थापा । **शिक्षा** : संस्कृत, नेपाली । **सेवा** : सैनिक सेवा (कर्णेल)। **कृति/सृजना** : वीरनिर्वेद लहरी (१९७४), दुर्गाभक्ति तरङ्गिनी (वि.सं. १९७६), वीर ध्रुवचरित्र तथा वीर सुकन्या (नाटक, अप्र.)। **पुरस्कार/सम्मान** : कर्णेल (नेपाली सेना)।

केदार शर्मा (केदारनाथ अधिकारी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ भदौ १०, करफोक माघे, इलाम। **माता/पिता** : उमादेवी शर्मा, नरहरि शर्मा। **शिक्षा** : बी.ए. (त्रि.वि.)। **सेवा** : पत्रकारिता। **पहिलो रचना** : कविता, इलामबाट प्रकाशित (२०३२)। **कृति/सृजना** : आधुनिकतासँग सावधान (२०५१), अझ धेरै बाँच्नु छ। **सम्पादन/अनुवाद** : हिमाल (नेपाली), गाउँघर (भित्रेपत्रिका), वातावरण (भित्तेपत्रिका)। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव -दोस्रो (२०४२), क्याम्पस/ अन्तर-क्याम्पस स्तरीय प्रतियोगितामा पुरस्कृत। **हालको ठेगाना** : बत्तीसपुतली, काठमाडौँ पो.ब.नं. ५१८८। **फोन** : ५५४५८८८, ९८५१०३४६४७।



केदार शर्मा ढकाल (केश ढका, सकशि)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ असोज ११, फापरथुम-८, टिकाजा, स्याङ्जा । **माता/पिता** : वसुन्धरीदेवी, दुर्गादत्त उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : कृषि, अध्यापन । **पहिलो रचना** : मानव अघि अघि बढ्दै जाऊ (कविता, युगवाणी, २००८)। **कृति/सृजना** : आँसु र पसिना (कवितासङ्ग्रह, २०१५), बाँच्न गाह्रो भो (आत्मपरक निबन्ध, २०४९), जीवन सङ्घर्षको चक्कर ठक्कर (आत्मपरक निबन्धसङ्ग्रह, २०५८)। **सम्पादन/अनुवाद** : युगभाषा (चारमहिने साहित्यिक पत्रिका सम्पादन-२०२३), साहित्यधारा (तीन महिने साहित्यिक पत्रिका-सम्पादन-२०२१), गण्डकी (साप्ताहिक-सम्पादन- २०२१)। **पुरस्कार/सम्मान** : शङ्खनारायण साहित्य पुरस्कार (२०४९)। **हालको ठेगाना** : पुतली बजार-९, स्याङ्जा। **फोन** : ०६३-४२०३१७, ०१-४४८१८८८।

केदार शाक्य

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र शुक्ल रामनवमीको भोलिपल्ट, चैनपुर -२, सङ्खुवासभा। **माता/ पिता** : डम्बरकुमारी शाक्य, बुद्धिलाल शाक्य। **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र, त्रि.वि.)। **सेवा** : पत्रकारिता। **पहिलो रचना** : कला (कल्पना पत्रिका, २०२६)। **कृति/सृजना** : परोपकार सेवा र सङ्घर्ष (सहलेखन, २०३८),

बुद्धधर्म र वातावरण (२०५२), भगवान् बुद्धको अस्थिधातुको ऐतिहासिक यात्रा (२०५१), बुद्धधर्मको संस्कृतिको विस्तार (२०५५)। **सम्पादन/अनुवाद :** कल्पना (२०२६), श्री ५ वीरेन्द्र वहुआयामिक व्यक्तित्व (२०५२), आर्यनाम संगीति (अनु. २०६०), श्री ५ महेन्द्र स्मृतिग्रन्थ (२०६१)। **पुरस्कार/सम्मान :** गद्दी आरोहण रजत महोत्सव पदक (२०५८), बाल पत्रकारिता पुरस्कार (२०५८)। राष्ट्रिय व्यक्तित्व सम्मान (२०६२)। **हालको ठेगाना :** कुलेश्वर, काठमाडौं। **फोन :** ४२७२७६६।

केदार सत्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१, तीनपाटन, सिन्धुली। **कृति/सृजना :** पत्रैपत्र (कवितासङ्ग्रह, २०२४), भेटी (कवितासङ्ग्रह, २०३३), सत्य हरिश्चन्द्र (नाटक, २०३३), छन्दमाथि विजय (२०३४)। **सम्पादन/अनुवाद :** गुराँस पत्रिका। उमर खैय्यामका रूवाइहरू (अनुवाद २०३२)।

केबि महर्जन (कान्छाबाबु महर्जन)

(लेखक, अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००९ साउन ७, महाराजगञ्ज, काठमाडौं। **माता/पिता :** ज्ञानीमाया महर्जन, हर्षनारायण महर्जन। **शिक्षा :** एम.ए., वी.एड.। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** मानिसका सुखानुभव (अनुभूति मासिक इ.सं. १९७०)। **कृति/सृजना :** Lecture Notes on Eng for Further Education (2052), Dict. of Eng-Nep Verbs (2059), English Nepali classified Vocab Dict. (2060), जापानमा छ वर्ष (२०६३)। **सम्पादन/अनुवाद :** अन्तर्राष्ट्रिय मञ्च (मासिक), International forum (मासिक), The Trend (साप्ताहिक)। **हालको ठेगाना :** पो.ब.नं. ५५३४, महाराजगञ्ज, काठमाडौं। **फोन :** ४४१५८२३/४४३८७२०।

केवलपुरे किसान (देवीप्रसाद पौडेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८३ चैत्र २९, केवलपुर, लामिडाँडा, धादिङ। निधन : २०६८ असोज २२। **माता/पिता :** विद्यादेवी, हरिप्रसाद पौडेल। **शिक्षा :** संस्कृत पूर्वमध्यमा। **सेवा :** अध्यापन, साहित्य। **पहिलो रचना :** आह्वान (कविता, युगवाणी, बनारस, २००५)। **कृति/सृजना :** बाघ आयो (जनगीतसङ्ग्रह, २००९), केवलपुरे किसानका गीत र कविताहरू (गीत र कवितासङ्ग्रह, २०४५), बोको खस्यो (कवितासङ्ग्रह, २०५४), शङ्कैशङ्का (२०५६), आँसुको पोखरी (२०५८), शोकले कविता जन्मायो (२०६१), *गीतिकवितासङ्ग्रहहरू* : नेपाल न छो (२०१०), समातेर पछार (२०१२), छि ! छि ! (२०१५), सङ्घर्षको ठीक गर (२०१६)। केवलपुरेको आन्द्राभुँडी (गीति एल्वम, २०५९)। **पुरस्कार/सम्मान :** साहित्य गोष्ठी द्वितीय (तीनधारा पाठशाला, २००३), कृष्णमणि साहित्य पुरस्कार (२०४८), गोकुल साहित्य पुरस्कार (२०५३), युद्धप्रसाद मिश्र पुरस्कार (२०६५)। जनमत सम्मान (२०६१) का साथै दर्जनौं अभिनन्दन तथा सम्मान। **सम्पर्क ठेगाना :** इमाडोल, ललितपुर। **फोन :** २२२२४३५।



केशचन्द्र श्रेष्ठ

(नृत्य कलाकार)



जन्म/स्थान : वि.सं. २०१३ चैत्र १७, कुपण्डोल, ललितपुर। **माता/पिता :** लक्ष्मी श्रेष्ठ, कृष्णवहादुर श्रेष्ठ। **शिक्षा :** आई.ए., सिनियर डिप्लोमा (शास्त्रीय नृत्य)। **सेवा :** शास्त्रीय चर्या नृत्य, लोकनृत्य, ने.रा.प्र.प्र. (नृत्यकला)। **पहिलो रचना :** २०२९ सालमा कुमारी नृत्य नाटिका श्री ५ वीरेन्द्र सरकारलाई कार्यक्रम देखाएको। **कृति/सृजना :** आर्यतारा, कुमारी, वज्रयोगिनी, मञ्जुश्री, पञ्चबुद्ध जस्ता चर्यानृत्य प्रस्तुत। दक्षिण कोरिया, पाकिस्तान, वङ्गलादेश, भारत, वेलायत, जापान, जर्मनी, हङकङ, श्रीलङ्का, थाइल्याण्ड, रसिया, सिङ्गापुर, चीन, नेदरल्याण्ड आदि देशहरूमा पटक-पटक नृत्य प्रस्तुत तथा सांस्कृतिक कार्यक्रममा सहभागी। फर्केर हेर्दा, जब घाम लाग्छ, वीरकुश, पहाड चिच्याइरहेछ, सपना ब्यूँझन्छ आदि नाटकहरू, सकुन्तला, मालती मङ्गले, रामायण गीति नाटकहरू, अन्नपूर्ण, सती बृन्दा, चण्डालिका, शिव ताण्डव, कुमारी ब्यालेहरूमा अभिनय। **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), प्रज्ञा सेवा पदक (२०४५), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रज्ञा दीर्घसेवा पदक (२०५६)। **हालको ठेगाना :** पो.ब.नं. २१४५०, बबरमहल, काठमाडौं (kkshrestha@wlink.com.np)। **फोन :** ४२४११७४।

केशरजङ्ग बराल मगर

(लेखक, मगर भाषा)

जन्म/स्थान : वि.सं. २०१२ भदौ १७, कुवादी, पीपलडाँडा, पाल्पा । **माता/पिता** : रम्भीसरा बराल मगर, खुमबहादुर बराल मगर । **शिक्षा** : एम.ए. (त्रि.वि.), विद्यावारिधि (दिल्ली विश्वविद्यालय, भारत) । **सेवा** : प्राध्यापन, उपकुलपति ।**कृति/सृजना** : मगर कुरा कुट जाट्म ङाक्के (मगरभाषा, २०३७), पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति (२०५०), फन्डामेन्टल अफ फाइनान्सियल मेनेजमेन्ट (२०६२) । **हालको ठेगाना** : पीपलडाँडा -४, कुवादी, पाल्पा / पृथ्वीनारायण क्याम्पस, पोखरा । **फोन** : ९८५६०२०८११ ।

केशरत्न शाक्य

(हास्यव्यङ्ग्यकार, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. २०२० मङ्सिर १७, ओमबहाल, काठमाडौँ । **माता/पिता** : रत्नकुमारी शाक्य, पुष्परत्न शाक्य । **शिक्षा** : स्नातक (बाणिज्यशास्त्र) । **सेवा** : स्वास्थ्य सेवा । **पहिलो रचना** : स्वदेशी तरकारी (हाव्यव्यङ्ग्य, नौलो कोसेली, २०४४) । **कृति/सृजना** : ल्वाप्पा (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५५), मोतिलानि व मोतिलानि सिरपा: (जीवनी, २०५६) । **पुरस्कार/सम्मान** : २७औँ र २८औँ विराट नेपाल भाषा साहित्य सम्मेलन निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार । **हालको ठेगाना** : ओमबहाल, काठमाडौँ । **फोन** : ४२६७५३९ ।

केशरी अम्गाई

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० पुस १८, पाँचखुवा देउराली, गोरखा । **माता/पिता** : रेवती अम्गाई, बालकृष्ण अम्गाई । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : कार्टुन मान्छेहरू (कविता, चौतारी, २०५२) । **कृति/सृजना** : युद्धक्षेत्र (उपन्यास, २०५६), सुकेको मुढो (कथासङ्ग्रह, २०६०), समाजवादी अर्थशास्त्र र समाजवादको भविष्य (२०५७) । **सम्पादन/अनुवाद** : एसियाली कथाहरू (अनुवाद, २०६३), विश्व प्रसिद्ध लोककथाहरू (२०६५) । **हालको ठेगाना** : पाँचखुवा देउराली-५, गोरखा । **फोन** : ९८४१३९०९०१ ।

केशरीलक्ष्मी मानन्धर

(लेखक, नेवारभाषा)

जन्म/स्थान : वि.सं. १९९६ साउन शुक्ल १३, असन, कमलाछी, काठमाडौँ । **माता/पिता** : बेटीलक्ष्मी तुलाधर, ज्योतिरत्न तुलाधर । **शिक्षा** : एम.एस्सी, विद्यावारिधि (बोटानी माइक्रोलोजी) **सेवा** : कृषि अनुसन्धान । **पहिलो रचना** : पोशाक र गहना (निबन्ध, नेवारीमा, झिः पत्रिका, २०१४) । **कृति/सृजना** : चतुमधु (क्वाँटीसङ्ग्रह, नेपाल भाषा, २०५३), च्याउखेती सम्बन्धी चार ओटा पुस्तिका (कन्य, गोब्रे, मृगे र पराले : २०५८) । **सम्पादन/अनुवाद** : कृषिसम्बन्धी कृतिहरू सम्पादन । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (संस्कृति तथा पर्यटन मन्त्रालय, २०५३) । रोनास्ट सम्मान (२०५९) । **हालको ठेगाना** : ७/५६२, मरु अट्कोनारायण, काठमाडौँ । **फोन** : ४२६३३९१, ५५२१७३६ ।

केशव आचार्य (केशवप्रसाद आचार्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असार १८, भोटेछाप, तेह्रथुम । **माता/पिता** : नर्वदा आचार्य, भवानीप्रसाद आचार्य । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), एल.एल.बी. (अध्ययन पूरा) । **सेवा** : प्राध्यापन, लेखा परीक्षण, होम्योपेथिक चिकित्सक, सामाजिक सेवा । **पहिलो रचना** : संवाद (कविता, हिमचुली साप्ताहिक, २०१९) । **कृति/सृजना** : छायाँ कुल्चेर (लघुकाव्य, २०६१) । **सम्पादन/अनुवाद** : उषा (भित्ते हस्तलिखित पत्रिका, २०१३), उज्यालो (धार्मिक पत्रिका, २०२५ देखि हालसम्म), छायाँ (२०२७), वरण (संयुक्त सम्पादन, २०४२) । **पुरस्कार/सम्मान** : नवरङ्ग साहित्य प्रतिष्ठान झापाद्वारा सम्मान (२०६२) । **हालको ठेगाना** : कन्चनबारी, विराटनगर, मोरङ । **फोन** : ०२१-४६०२६६ ।

केशव आचार्य 'सेवक' (केशवप्रसाद आचार्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ वैशाख ८, हाङपाङ, ताप्लेजुङ । **माता/पिता** : पुण्यमाता आचार्य, रङ्गलाल आचार्य । **शिक्षा** : आई.कम. । **सेवा** : अध्यापन । **कृति/सृजना** : आचार-विचार (मुक्तकसङ्ग्रह, २०३७) । **सम्पादन/अनुवाद** : विश्वदीप (साहित्यिक मासिक), भानु (साहित्यिक मासिक, सम्पादक सदस्य), शनिबार (साप्ताहिक, सहायक सम्पादक) । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४८) का साथै समयसमयमा साधारण साहित्यिक पुरस्कारहरू प्राप्त । देवकोटा स्मृति भवन भद्रपुरबाट सम्मान (२०५२) । **हालको ठेगाना** : अनारमनी, झापा । **फोन** : ०२३-५४०२८२ ।

केशव दुवाडी

(चित्रकला)

जन्म/स्थान : वि.सं. १९७८ मङ्सिर १२, विराटनगर । निधन : २०५३ पुस १८ । **माता/पिता** : अवन्तिका दुवाडी, बाबुराम दुवाडी । **शिक्षा** : ललितकलामा स्नातक । **सेवा** : प्राध्यापन, ललितकला (नाफा) । **कृति/सृजना** : *सङ्ग्रह* : राजदरबार (नेपाल), भाइस राय हाउस आर्ट ग्यालरी (नयाँ दिल्ली, भारत), भारत कला भवन (वाराणसी, भारत), जे.जे. स्कुल अफ आर्ट ग्यालरी (बम्बै), वीरेन्द्र आर्ट ग्यालरी (काठमाडौँ), राष्ट्रिय सङ्ग्रहालय (नेपाल), सरकारी सङ्ग्रहालय (लखनऊ, भारत), बोस्टोन आर्ट ग्यालरी (संयुक्त राज्य अमेरिका), नेपाल, भारत र अमेरिकाका बुद्धिजीवी तथा विशिष्ट व्यक्तिहरू । *प्रदर्शनीहरूमा* : आर्ट इन इण्डष्ट्री एक्जिविसन (नयाँ दिल्ली, इ.सं. १९४४), द आर्ट सोसाइटी अफ इण्डियन आर्ट (बम्बै, १९४४/४५/४६), द कन्टेमपोररी इण्डियन आर्ट एन्ड क्राफ्ट (भारत, इ.सं. १९४४), अल इन्डिया फाइन आर्ट एन्ड क्राफ्ट (भारत, इ.सं. १९४५), कार्टुन प्रदर्शनी (वाराणसी, भारत, इ.सं. १९५०), आर्ट प्रदर्शनी (ललितपुर, नेपाल, इ.सं. १९५१), इस्टर्न हिमालयन फाइन आर्ट एक्जिविसन (भारत, इ.सं. १९५१), चित्रकला प्रदर्शनी (भारत, इ.सं. १९५५, काठमाडौँ, इ.सं. १९६०, इ.सं. १९६३), आदि थुप्रै कला प्रदर्शनी । नेपाल तथा भारतबाट प्रकाशित विभिन्न पुस्तकहरूमा कभर डिजाइनको कार्य । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (Dolly Corsetgi, सर जे.जे. स्कुल अफ आर्टस्, बम्बै, इ.सं. १९४४), प्रथम पुरस्कार (चित्रकला प्रतियोगिता, वम्बै कला समाज, इ.सं. १९४४), नगद पुरस्कार (चित्रकला प्रतियोगिता, बम्बै कला समाज, इ.सं. १९४५), रजत पदक (बम्बै कला समाज, इ.सं. १९४६), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (ने.रा.प्र.प्र., इ.सं. १९९५) । **हालको ठेगाना** : का.म.न.पा. -८ । **फोन** : ४४९५६८३ ।

केशव दुवाडी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ असोज २५, ढोला, धादिङ । **माता/पिता** : शिवकुमारी दुवाडी, ऋषिराम दुवाडी । **शिक्षा** : स्नातक (कानुन) । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : कविता (गोरखापत्र, २०४९) । **कृति/सृजना** : मदनस्मृति काव्य (२०५२) । **सम्पादन/अनुवाद** : धादिङ आवाज (साप्ताहिक), नागरिक आवाज (अर्धवार्षिक) । **हालको ठेगाना** : ढोला-८, धादिङ । **फोन** : ०१०-५२००४९ ।

केशव नेपाल



(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ पुस २९, फुलिपङ डाँडा-८, सिन्धुपाल्चोक । **माता/पिता** : जोगमाया नेपाल, उमाकान्त नेपाल । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन, राजनीति । **पहिलो रचना** : महिला प्रश्नोत्तर माला (२०३९) । **कृति/सृजना** : सत्यको विजय (बालकथासङ्ग्रह, २०३८), अनेरास्ववियु (छैटौँ)को इतिहास (२०३८), महिला प्रश्नोत्तर माला (भाग १, २०३९), शब्द परिचय माला (भाग १, २०४४), नयाँ नेपाल बनाऔँ (कवितासङ्ग्रह, २०४४), बेचिएकी चेली (उपन्यास, २०४५), राजन रायमाझीको सङ्क्षिप्त जीवनी (२०४७), अखिल नेपाल (बाल सङ्घको सङ्क्षिप्त परिचय (२०४८), जेलको आवाज (कवितासङ्ग्रह, २०४९), लाहुरेको चिट्ठी (उपन्यास, २०५२), जेल तोडियो (नाटक, २०५४),

टुहुरीको जिन्दगी (उपन्यास, २०५६), शहिदको सम्झनामा (कवितासङ्ग्रह, २०५७), संविधानसभा नै किन ? (२०६०), चिथोरिएको देश (उपन्यास, २०६१) । **सम्पादन/अनुवाद :** हाँक (साप्ताहिक), नयाँ परिवेश (त्रैमासिक), सुनकोशीको सुसाइ (मासिक), जनसत्ता, युवक ध्वनि, युवक गर्जन, मुक्तिसन्देश, नयाँ सन्देश, नेपाली एकता । **हालको ठेगाना :** फुल्पिङ डाँडा-८, सिन्धुपाल्चोक । **फोन :** ४२६२२९२, ९८४१२९५४२८ ।

केशवप्रसाद उपाध्याय (डा. केशवप्रसाद घिमिरे)

(समालोचक)

जन्म/स्थान : वि.सं. १९९० पुस १७, चण्डिनी, मकवानपुर । **माता/पिता :** प्रेमकुमारी, तीर्थराज उपाध्याय । **शिक्षा :** साहित्याचार्य (संस्कृत), एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन, ने.रा.प्र.प्र. (प्राज्ञ) । **पहिलो रचना :** भला आँखो त बचेछ (लघु लोककथा, साहित्य, २०१७) । **कृति/सृजना :** हिन्दी नेपाली शिक्षक (२०१९), साहित्य प्रकाश (२०३०), रिमाल - व्यक्ति र कृति (२०३२), प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति (२०३२), केही रचना केही विवेचना (२०३२), तरुण तपसीको पुनर्मूल्याङ्कन (२०३४), पूर्वीय साहित्य सिद्धान्त (२०३६), विचार र व्याख्या (२०४०), बालकृष्ण समको दुखान्त नाट्यचेतना (समालोचनासङ्ग्रह, २०४५), नाटक र रङ्गमञ्च (२०५२), बकैयाको तीरमा तीन मूर्ति (संस्मरणसङ्ग्रह, २०५२), प्रशान्त निलयम्मा तीन दिन (२०५२), पाश्चात्य दुःखान्त नाटकको सृजनपरम्परा (२०५५), नाटकको अध्ययन (२०५६), मन्थन (२०५९), नेपाली नाटक तथा रङ्गमञ्च (२०५९), दुःखान्त नाट्यचिन्तन (२०६०), मेरो सृष्टि : मेरो दृष्टि (२०६०), विचार र विश्लेषण (२०६१), नेपाली नाटक र नाटककार (२०६१) । **सम्पादन/अनुवाद :** नेपाली एकाङ्की (भाग १,२,३ संयुक्त -२०४७), तीन कविका तीन काव्य (२०५६), समका एकाङ्की (२०५९), समका तीन नाटक (२०५९), त्रियुगा (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. - कविता महोत्सवमा पुरस्कृत, त्रि.वि. शिक्षा दिवस पुरस्कार (२०३३), सैन्यध्वज नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार (२०४४), झपट पुरस्कार (२०५०), मदन पुरस्कार (२०५५), रुद्रराज पुरस्कार (२०५७), महेन्द्र विद्याभूषण (२०५९) । **हालको ठेगाना :** अलौकिक मार्ग -९२, सरस्वतीनगर, चाबहिल -६, काठमाडौँ । **फोन :** ४४८०३८३ ।

केशव बडाल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ असोज २५, चुखागाउँ, सरस्युँखर्क, काभ्रे । **माता/पिता :** हेमकुमारी बडाल, उमाकान्त बडाल । **शिक्षा :** स्नातक । **सेवा :** राजनीति (पूर्वमन्त्री) । **पहिलो रचना :** कथा (मातृभूमि पत्रिका, २०२६) । **कृति/सृजना :** संसार बनाउने श्रमजीवी जनता हुन् (२०३६), राजनीतिक शब्द परिचय पुस्तिका (२०३६), काभ्रेका किसान के भन्छन् (२०३८), नेपाली महिला र तिनले लिनुपर्ने बाटो (२०४१), किसानको किताब (२०४२), किसान कार्यकर्ताहरूबारे (२०४४), नेपालमा भूमिसुधार कृषिक्रान्ति र अर्थतन्त्रको विकास (२०५५), सहकारी सिद्धान्त र प्रयोग (२०६१), भियतनाम र भूमिसुधार (२०६६) । **सम्पादन/अनुवाद :** किसान जागरण (२०५४) । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (हिन्दी साहित्य प्रतियोगिता, बाराणसी, २०२२) । **हालको ठेगाना :** चाबहिल, काठमाडौँ (talktobadal@hotmail.com) । **फोन :** ४४७४२७१ ।

केशव भट्टराई

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०२५ मङ्सिर ४, सेर्ना -२, ओखलढुङ्गा । **माता/पिता :** नन्दकुमारी, मेघराज भट्टराई । **शिक्षा :** स्नातक (वाणिज्य, त्रि.वि.) । **सेवा :** अभिनय एवं चलचित्र निर्माण । **पहिलो रचना :** कोसेली (चलचित्र अभिनय, २०४६) । **कृति/सृजना :** *टेलिचलचित्रहरू :* भावना, हिजो आजका कुरा, आदि । *ठूलो पर्दाका चलचित्रहरू :* कोसेली (२०४६), चिनो (२०४७), दुई थोपा आँसु (२०४८), पुकार, दक्षिणा, मीतज्यू, दौँतरी, ठूल्दाइ, घरसंसार, दोमन, लक्ष्मणरेखा, सुखदुःख, पाहुना, कर्मयोद्धा, वरमाला, चट्टान, हामी तीन भाइ, बलिदान (२०५१) आदिलगायत सन्देशमूलक तथा व्यावसायिक थुप्रै विज्ञापनहरूमा अभिनय तथा दौँतरी, ठूल्दाइ, आफ्नो मान्छे, पाहुना, कर्मयोद्धा जस्ता चलचित्रहरूको निर्माण । **पुरस्कार/सम्मान :** रजत महोत्सव पदक (चिनो चलचित्र, २०४८), सयौँ दिन पदक (बलिदान, २०५२), ठूल्दाइ (स्वर्णदिवस पदक, २०५५), थुप्रै चलचित्र पुरस्कारहरू प्राप्त । नेपाल चलचित्र निर्माता सङ्घबाट सम्मान

हालको ठेगाना : नागार्जुन गल्ली, अनामनगर, काठमाडौँ । **फोन** : ४२१९९३३ / ९८५१०३०५७८ ।

केशव मरहट्टा

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ पुस ३, पृथ्वीनारायण न.पा-२, गोरखा । **माता/पिता** : मुक्तकुमारी मरहट्टा, शेषरमण मरहट्टा । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, त्रि.वि.) । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : मान्छे (कविता, रूपरेखा, २०२३) । **कृति/सृजना** : डोमा (उपन्यास, २०५५), प्रजातन्त्र-नेपाली काङ्ग्रेस : हिजो, आज र भोलि (राजनैतिक समीक्षा, २०५५) । **सम्पादन/अनुवाद** : दिव्योपदेश (२०२९), पङ्कज (२०२४), नवीन खबर दैनिक (२०२५), आकाशदीप (साप्ताहिक, २०३१), वी.पी. स्मृतिग्रन्थ (सङ्कलन, सम्पादन, २०४८) । **पुरस्कार/सम्मान** : शान्ति संस्कृति पुरस्कार (इ.सं. १९९३, विश्व शान्ति महासङ्घ, इटाली), उत्तम जनसम्पर्क पुरस्कार (लायन्स अन्तर्राष्ट्रिय, अमेरिका, इ.सं. १९९९) । अन्तर्राष्ट्रिय अध्यक्ष सम्मान (इ.सं. २००१) **हालको ठेगाना** : कोपुण्डोल, ललितपुर / पो.ब.नं. ४७६४, काठमाडौँ । **फोन** : ५५२२४९५ ।

केशवराज अर्याल

(लेखक, नेपालीभाषा)

जन्म/स्थान : वि.सं. १९९० चैत्र, कपिलवस्तु, तौलिहवा । निधन : २०६० वैशाख २, काठमाडौँ । **माता/पिता** : विष्णुमाया, गोपीराज अर्याल । **शिक्षा** : व्याकरण मध्यमा, बी.ए. । **सेवा** : शिक्षा सेवा (परीक्षा नियन्त्रक) । **कृति/सृजना** : हिन्दू राष्ट्र नेपाल (२०२३), नेपाली संस्कृति (२०२८) । **सम्पादन/अनुवाद** : कौटिल्यको अर्थशास्त्र (अनुवाद) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ । **फोन** : ४४८११८१ ।

केशवराज पिंडाली (केशवराज शर्मा लामिछाने)



(आख्यानकार/हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ माघ १६, पिँडा, धादिङ । निधनः २०५५ जेठ २६ । **माता/पिता** : युगमञ्जरी, कृष्णप्रसाद लामिछाने । **शिक्षा** : एस.एल.सी. । **सेवा** : पत्रकारिता, लेखन, अध्यापन । **पहिलो रचना** : वालपन (कविता, शारदा, १९९६) / गुन्टे र चरी (कथा, शारदा, वि.सं. १९९८) । **कृति/सृजना** : *हास्यव्यङ्ग्य सङ्ग्रहहरू* : खै खै (२०१७), फेरि उल्टै मिल्यो (२०३२), व्यङ्ग्यैव्यङ्ग्य (२०४६), प्रसन्न हुनुहोस् (२०५२) । *उपन्यासहरू* : एकादेशकी महारानी (२०२६), अन्तदेखि सुरु (२०३८), बाँच्ने एउटा जिन्दगी (२०४७), साँझ घर फर्केको मान्छे (२०४७) । **सम्पादन/अनुवाद** : जाईजात्रा (२००८), नयाँ कदम (२००९), विकास (२००९), नेपाल आह्वान (पत्रिका, २०१७), गोरखापत्र (कार्यकारी सम्पा. २०३०), मधुपर्क (मासिक, कार्यकारी सम्पा. २०३०), विमर्श (साप्ताहिक) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०४४), वालचन्द्र पुरस्कार (२०४६), भैरव अर्याल पुरस्कार (२०४६), वेदनिधि पुरस्कार (२०५१), भारती खरेल पुरस्कार (२०५३), वासुदेव लुइँटेल पुरस्कार (२०५३), त्रिभुवन प्रज्ञा पुरस्कार (२०५४), हाँसने पुर्पुरो पुरस्कार, गोरखा दक्षिणबाहु चौथो ।

केशवराज भट्टराई (आमोदी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ जेठ २०, सुकौरा, तनहुँ । **माता/पिता** : दमयन्तीदेवी भट्टराई, कमलाकान्त भट्टराई । **शिक्षा** : स्नातक, शास्त्री (संस्कृत) । **सेवा** : अध्यापन । **पहिलो रचना** : कर्णाली (कविता, कर्णाली मुखपत्र, २०३३) । **कृति/सृजना** : हिमाल रुन्छ (उपन्यास, सहलेखन, २०४८), अरण्य रोदन (खण्डकाव्य, २०५४), सत्ता साधन (मुक्तकसङ्ग्रह, २०५७), कर्मभूमि (खण्डकाव्य, २०६०), गजलदीपिका (गजलविषयक काव्य, २०६०), जल-तरङ्ग (काव्य, गजल, २०६०) । **सम्पादन/अनुवाद** : सम्प्रेषण (त्रैमासिक), जस्मिन (द्वैमासिक), शिक्षक आवाज (वार्षिक), अन्नपूर्ण (स्मारिका), जागृति (मासिक) । **पुरस्कार/सम्मान** : वाल्मीकि साहित्य सम्मान (चितवन, २०६०), अभिव्यञ्जना साहित्य सम्मान (चितवन), अन्नपूर्ण सम्मान (चितवन), प्रतिभा पुरस्कार (चितवन, २०६२), पल्लव साहित्य सम्मान (२०६२), हाम्रो मझेरी साहित्य सम्मान (२०६२), कालिका स्रष्टा सम्मान (२०६५), मातृभूमि साहित्य सम्मान

(२०६६), स्रष्टा सम्मान (२०६६), लक्ष्मीस्मृति सम्मान (२०६८) आदि । **हालको ठेगाना** : रत्ननगर नगरपालिका -१२, चितवन । **फोन** : ०५६-५६१९९२, ९८४५०७३१९८ ।

केशवलाल कर्माचार्य

(साहित्यकार, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : वि.सं. २०१० फागुन ७, पुलु, सैंपु, रामेछाप । **माता/पिता** : विष्णुमाया, खड्गबहादुर पौडेल । **शिक्षा** : विद्यावारिधि (रिप्रोडक्टिभ हेल्थ साइन्स) । **सेवा** : स्वास्थ्य सेवा, अनुसन्धान । **पहिलो रचना** : पाँच अरबको संसार (कविता, २०३९) । **कृति/सृजना** : गर्भान्तर (स्वास्थ्यसम्बन्धी सङ्ग्रह, २०४७), प्रजननप्रणाली (२०५४), किशोर-किशोरी (२०५४), मन्त्रीपुराण (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५६), अतीतलाई फर्केर हेर्दा (कवितासङ्ग्रह, २०५६), बूढो गोरुले ओगटेको गाई (व्यङ्ग्य, २०५६), बङ्गलादेशको सफर (यात्रासंस्मरण, २०५७), परिश्रमी पाखुरी (स्वास्थ्यसम्बन्धी सङ्ग्रह, २०५७), सामुदायिक प्रजननविज्ञान (स्वास्थ्यसम्बन्धी सङ्ग्रह, २०५७), देवका पनि देव भ्रष्टेश्वर महादेव (पाल्सी महाकाव्य, २०५८), प्रतिनिधिसभा स्तोत्रम् (व्यङ्ग्य सूक्तिसङ्ग्रह, २०६१), आई.यु.डी. (२०६१), वाती (गीतिकाव्य, २०६२) । **सम्पादन/अनुवाद** : दीपशिखा (साहित्यिक त्रैमासिक, २०५३) । **पुरस्कार/सम्मान** : कविता, गीत, कथा, गजल प्रतियोगिताहरूमा करिब एक दर्जन प्रथम/उत्कृष्ट पुरस्कारहरू प्राप्त, मिनी हिमालय एकेडेमी पश्चिम बङ्गाल (भारत)बाट स्वर्ण पदक (इ.सं. २००३) । **हालको ठेगाना** : हेटौँडा -२, श्रीदेवी रोड, मकवानपुर । **फोन** : ०५७-५२३०२१ ।

गणेश गुरुङ (गणेशकुमार गुरुङ)

(सङ्गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० वैशाख १५, रानीटार, पाँचथर । **माता/पिता** : गङ्गा कलावती गुरुङ, हर्कराज गुरुङ । **शिक्षा** : बी.म्युज. । **सेवा** : सङ्गीत । **पहिलो रचना** : झूटो कसम नामक आधुनिक गीति क्यासेट प्रकाशित । **कृति/सृजना** : ५० भन्दा बढी आधुनिक, राष्ट्रिय तथा लोकगीतहरूमा सङ्गीत दिएको । **पुरस्कार/ सम्मान** : सङ्गीत प्रभाकरमा उत्कृष्ट भई स्वर्णपदक तथा कलानिधि इन्दिरा सङ्गीत पुरस्कार (२०६१), नेपाल तमु विद्यार्थी सङ्घ पाँचथरद्वारा सम्मानित (२०५६) । **हालको ठेगाना** : लगनखेल-६, ललितपुर । **फोन** : ५५५११४२ / ५५३२४२३ ।

गणेश घिमिरे 'मार्मिक'

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : २०१५ कात्तिक ६, हौँचुर- ६, खोटाङ । **माता/पिता** : रत्नकुमारी, महेश्वर घिमिरे । **शिक्षा** : स्नातक । **सेवा** : निजामती सेवा । **कृति/सृजना** : पराजित आँखाहरू (कथासङ्ग्रह, २०५१), महेश्वर (श्रद्धाञ्जलि काव्य, २०६४), करिब दुई दर्जन गीतहरू रेकर्डिङ । **सम्पादन/अनुवाद** : मैत्री (सामयिक प्रकाशन), सम्प्रेषण (अर्धवार्षिक), घामपानी (हास्यव्यंग्य मुक्तक सङ्ग्रह), रङ्गमञ्च (पाक्षिक), अंशु (साहित्यिक त्रैमासिक) । **पुरस्कार/ सम्मान** : उत्कृष्ट गीतकार (राष्ट्रिय जनसङ्ख्या गीत प्रतियोगिता, २०५६), धर्नासो साहित्य प्रतिष्ठान, धरमपुरद्वारा करदपत्र, साहित्य कला सङ्गम, दमक झापाद्वारा कदरपत्र प्राप्त, नवरङ्ग साहित्य प्रतिष्ठान, झापाद्वारा कदर पत्र प्राप्त तथा अन्य विभिन्न पुरस्कारहरू । **हालको ठेगाना** : मध्यपुर थिमी न.पा.- १५, भक्तपुर (ganeshmarmik@gmail.com) । **फोन** : ०१-६६३७१०८, ९८४१५४४६९४ ।

गणेश जि.सी. (गणेशबहादुर)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० मङ्सिर २१, नारायण -७, गहतारी, दैलेख । **माता/पिता** : जानकीदेवी जी.सी., रत्नबहादुर जी.सी. । **शिक्षा** : एस.एल.सी. । **सेवा** : सैनिक सेवा (नेपाल), पत्रकारिता, समाजसेवा । **पहिलो रचना** : चिरायु कामना (कविता, सिपाही पत्रिका, २०३८) । **कृति/सृजना** : सम्झौता (उपन्यास (२०४९), अज्ञात अनाथिनी (उपन्यास, २०५०), क्रन्दन (कथासङ्ग्रह, २०५०), मङ्गलचा (खण्डकाव्य, २०५३), कुसवाडिया जाति एक चिनारी (२०५७) । **सम्पादन/अनुवाद** : राउटे जाति एक चिनारी (खोज, २०५७), राजी जाति एक चिनारी, (सह-सम्पादन २०५७), समानान्तर (साप्ताहिक) । **पुरस्कार/सम्मान** : सैनिक कविता प्रथम पुरस्कार (२०३८) । इन्द्रमणि मानव साहित्य सम्मान (२०६२) । **हालको ठेगाना** : नेपालगञ्ज-७, बाँके, (vijen_r@yahoo.com) . **फोन** : ०८१-५२४६३९ ।

गणेश न्यौपाने 'मुनाल'

(रङ्गकर्मी, अभिनेता)

जन्म/स्थान : वि.सं. २००७ वैशाख १७, गोवरडिया, देउखुरी, दाङ । **माता/पिता** : जानुकीदेवी न्यौपाने, गोपालप्रसाद न्यौपाने । **शिक्षा** : एस.एल.सी. । **सेवा** : कलाकारिता, फाइन आर्ट । **पहिलो रचना** : प्रह्लाद (नाटक, मञ्चन, २०२२) । **कृति/सृजना** : *अभिनीत नाटकहरू* : प्रह्लाद (२०२२), पृथ्वीनारायण शाह (२०२२), अमरसिंह थापा (२०२२), सरदार भक्ति थापा (२०२२), नालापानीको युद्ध (ब्याले, २०२२), कुमारी (ब्याले, २०२२), अन्त्य (२०४६), आक्रोश (२०४७), भष्मासुरको नलिहाड (२०४७) । *टेलिचलचित्रहरू* : उज्यालोतिर (२०४६), झ्याउँकीरी (२०४७), अलिखित (२०४६), भावना (२०४८), मन (२०५०), अनुराधा (२०५२), जीवनयात्रा (२०५३), चेष्टा, अपराधी को ?, अञ्जली, कालीगण्डकीको सेरोफेरो, अविरल बग्दछ इन्द्रावती (२०५७), तिमी पुरुष (२०५९), गङ्गा जमुना (२०५९), वंश (२०५९), यातना आदि । *चलचित्रहरू* : प्रेमपिण्ड (२०५०), पुकार, नासो (२०५१), भानुभक्त (२०५४), वीर गणेशमान (२०५९), श्री स्वस्थानी, हत्तेरि, खुकुरी, माया बसेछ, जङ्गे, नौ डाँडापारि, चीत्कार, बसाइँ, माइली, मैदान, पिरती आफै हुँदो रैछ आदि थुप्रै । भिडियो फिल्महरू : अभिमान,

मातृभूमिको व्यथा, लभ, प्रेमको मूल्य, हत्या आदि । साथै थुप्रै सङ्ख्यामा टी.भी. विज्ञापनहरूमा अभिनय । **पुरस्कार/सम्मान :** नेपाल चलचित्र विकास कम्पनी लिमिटेडबाट प्रशंसापत्र (२०५६), भानु जन्मस्थल विकास समितिबाट सम्मान (२०५७), कुसुम नाट्य समूहबाट सम्मान (२०६०), प्रहरीबाट आभारपत्र । **हालको ठेगाना :** बौद्ध महाङ्काल, पानीट्याङ्की गेट, काठमाडौँ । **फोन :** ४४९८७५२ ।

गणेश पराजुली

(सङ्गीतकार)



जन्म/स्थान : वि.सं. २०२१ माघ ५, फिक्कल-३, इलाम । **माता/पिता :** तेजमाया पराजुली, पद्मलाल पराजुली । **शिक्षा :** बी.म्युज. । **सेवा :** निजामती, सङ्गीत प्रशिक्षक, गायन । **पहिलो रचना :** केही खुशीका गीत पनि .... बोलको गीत रेकर्ड (आफ्नै रचना, सङ्गीत र गायन, म्युजिक नेपाल, २०४४) । **कृति/सृजना :** गाउँको माया (एलबम, २०५७), फुर्सदमा (सङ्गीत, सी.डी. २०६८) लगायत दर्जनौं गीतहरू गायन तथा सङ्गीत रेकर्ड । **पुरस्कार/सम्मान :** इलाम नगर प्रतिभा पुरस्कार (इलाम, २०४५), रेडियो नेपाल सङ्गीत पुरस्कार (२०५३) । नइ कलानिधि सङ्गीत सम्मान (२०६१) । **हालको ठेगाना :** सिद्धार्थमार्ग, घट्टेकुलो, काठमाडौँ, (ganeshparajuli@yahoo.com) । **फोन :** ४७७०६४०

गणेशप्रसाद

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० भदौ १५, मेघालय, सिलाङ । **माता/पिता :** भीमाकुमारी शर्मा, रामप्रसाद शर्मा । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** विवशता (कविता, नवकविता पत्रिका, २०४९) । **कृति/सृजना :** शब्दहरू अविराम यात्रामा (कवितासङ्ग्रह, २०५७), आगो (कवितासङ्ग्रह, २०६३), शब्दक्रान्ति (२०६५) । **सम्पादन/अनुवाद :** साहित्यिक पत्रिकाहरू : प्रेरणा, वागीश्वरी, सौदामिनी, अभिव्यञ्जना । **हालको ठेगाना :** चितवन न.पा. १३ । **फोन :** ०५६-५२०५०५, ९४५०४५९५४ ।

गणेशप्रसाद अर्ज्याल

(माध्यमिक कालीन कवि)



जन्म/स्थान : वि.सं. १९६८ माघ २७, बक्राङ, गोरखा । निधन : २०२४ चैत्र १६ । **माता/पिता :** चन्द्रमाया, वेद शर्मा । **शिक्षा :** शास्त्री (संस्कृत, बनारस), वेदान्त । **सेवा :** शिक्षा, अध्यापन । **कृति/सृजना :** राम भक्तिमाला (२०१५), श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा (२०१५), प्रजातन्त्र र समाजचित्रण (२०१८), गणेशकल्पलता (२०६२), बालरामायण (२०६२), गायत्री गणेश (स्मृतिग्रन्थ, २०६२) । **पुरस्कार/सम्मान :** 'गायत्री गुरु' र 'अन्धा गणेश' नामले पनि पुकारिन्थे । **सम्पर्क फोन :** ४४९६१३५ ।

गणेशप्रसाद ओझा 'सुधोयात्री'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ साउन १४, गइसेरा-४, डोटी । **माता/पिता :** डम्मरादेवी, धनिराम ओझा । **शिक्षा :** स्नातकोत्तर, शास्त्री (संस्कृत) । **पहिलो रचना :** घुम्ने मेचलाई नमस्कार । **कृति/सृजना :** जुत्ता दर्शन (हास्यव्यङ्ग्य, २०५८) ।

गणेशप्रसाद काफ्ले

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६, चण्डीभञ्ज्याङ, रातमाटे, सिन्धुली । **पहिलो रचना :** नेपाली झ्याउरे (कवितासङ्ग्रह, २०२२) । **कृति/सृजना :** बाढी-पहिरो गीत (२०२२), भजनको आसिक (२०२३), जिरीको झलक (लोकगीतसङ्ग्रह, २०२४), श्री ५ को जयजयकार (२०२४), मेरा बिलौना (२०२८), मेरो कोसेली (२०२९), मनको विरह (गीतसङ्ग्रह, २०३६), सुदामाको दु:ख (गीतिकाव्य, २०३६), छोरीको बिलौना (गीतसङ्ग्रह, २०३९), आमाको परिश्रम (गीतसङ्ग्रह, २०४४), पार्वतीको जन्म (२०४४), श्रीराम वनवास (२०४४), मूर्खलाई उपदेश (गीतसङ्ग्रह, २०४५), जेमपुरी (गीतिनाटक, २०४८), कान्छा र कान्छीको चरित्र (गीतसङ्ग्रह), व्यासको चरित्र (गीतसङ्ग्रह, २०४९) ।

गणेशप्रसाद भट्टराई



(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ साउन ६, गोगने, कन्याम, इलाम । **माता/पिता** : टीकादेवी भट्टराई, धर्मानन्द भट्टराई । **शिक्षा** : एम.ए. (नेपाली, इतिहास), एम.एड., बी.एल. । **सेवा** : अध्यापन, प्रशिक्षण, निजामती । **पहिलो रचना** : म (निबन्ध, चियाबारी भित्ते पत्रिका, २०४७) ।**कृति/सृजना** : कुलचन्द्र कोइराला : दृष्टिकोण एवं विश्लेषण (२०५४), शिक्षा परिचय (२०६०), राजसंस्था : हिमाली अधिराज्य नेपालको जीवन्त सम्पदा (निबन्धसङ्ग्रह, सहलेखन, २०५४), सञ्चयन (लघुकथासङ्ग्रह, सहलेखन, २०५५), संवरण (लघुकथासङ्ग्रह, २०५८), संवर्द्धन (२०६१), शैक्षणिक विधि (२०६६), लगायत डेढ दर्जनजति पाठ्यपुस्तकहरूको सहलेखन । **सम्पादन/अनुवाद** : जुनेली, नवरङ, जनमैत्री (स्मारिका), रत्नस्मृति (स्मारिका), शिक्षा र पाठ्यक्रम गतिविधि आदि पत्रिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : अर्जुन स्वर्ण पदक (२०४९), लारी स्वर्ण पदक (२०५१), महेन्द्र विद्याभूषण (२०५१), सर्वोत्कृष्ट निबन्ध पुरस्कार (२०५२), अधिराज्यव्यापी निबन्धलेखन पुरस्कार (२०५२, २०५४), सर्वोत्कृष्ट लघुकथाकार (रेयुकाई पाटन, २०५८) आदि । उत्कृष्ट शिक्षक सम्मान (जनमैत्री क्याम्पस, २०५६), अभियान सम्मान (२०६०), विशिष्ट प्रतिभा सम्मान (करफो मा.वि. इलाम, २०६०) । **हालको ठेगाना** : कन्याम -८, इलाम । **फोन** : ६६३७११३, ९८४१३६१६६५ ।

गणेशबहादुर खत्री

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ जेठ १०, नँखेल -९, शान्तिगाउँ, भक्तपुर । **माता/पिता** : भीमकुमारी खत्री, चक्रबहादुर खत्री । **शिक्षा** : बी.ए. । **सेवा** : ले.प. अधीक्षक, सामाजिक सेवा, राजनीति (रा.पं.स.) । **पहिलो रचना** : यो के कलि हो ? (कविता, मुक्ति पत्रिका, भक्तपुर, २०२१) **कृति/सृजना** : चमेली चन्द्र (महाकाव्य, २०३२), समाज (नाटक, २०३२), दश थुँगा फूल (कथासङ्ग्रह, २०३८), निर्धाहरूको बल (बालकथा, २०६२) । **पुरस्कार/सम्मान** : सेवा पदक, शुभराज्याभिषेक पदक, भिक्टोरिया मेडल आदि । **हालको ठेगाना** : नँखेल -९, शान्तिगाउँ, भक्तपुर । **फोन** : ६५४०१४९ ।

गणेशबहादुर प्रसाई (श्रीप्रसाद प्रसाई)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असार, निघुरादिन, आठराई, ताप्लेजुङ **माता/पिता** : पद्मादेवी प्रसाई, पूर्णप्रसाद प्रसाई । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, राजनीति, साहित्य । **पहिलो रचना** : कवि व्यथित एक परिचय (समीक्षा, जनदूत, दार्जीलिङ, २०१३) । **कृति/सृजना** : त्यो धनकुटा (आत्मकथा, २०४१), सुवानन्ददेखि राजीवलोचनसम्म (समालोचना, २०४५), दीर्घ प्रतीक्षा (निबन्धसङ्ग्रह, २०४४), नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा (समालोचना, २०४८), माध्यमिक कालीन काव्य-साहित्यको विवेचना (२०६१) । **सम्पादन/अनुवाद** : सञ्चय (डाइजेष्ट), प्रज्ञा, सयपत्री आदि पत्रिकाहरू । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४५), साझा पुरस्कार (२०४५), मुक्ति पुरस्कार, राजीवलोचन पुरस्कार । **हालको ठेगाना** : धाइजन -१, झापा ।

गणेश भण्डारी (गणेशप्रसाद भण्डारी)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० कात्तिक २१, माङ्दिङ, भोजपुर । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन, प्रशासन । **पहिलो रचना** : राष्ट्रवन्दना (कविता, २०१२) । **कृति/सृजना** : व्यक्ति-अभिव्यक्ति (समालोचना), कवि पं. साम्बभक्त सुवेदी र उनका कृति (समालोचना), ऐतिहासिक मकैपर्व (अनुसन्धान), पट्याँस-पट्याँस (बालकथासङ्ग्रह) । **सम्पादन/अनुवाद** : छहारी (त्रैमासिक), डढेलो (कवितासङ्ग्रह), धर्मकुमारी शिक्षा, असमेली नेपाली कविता (संयुक्त), उत्तरकाव्य (बुद्धिविनोद), एरिस्टोटलको काव्य-शास्त्र (अनु.) । **हालको ठेगाना** : २२२ भृकुटीकुञ्ज, सरस्वतीटोल, विराटनगर, मोरङ ।

गणेश भण्डारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३९ साउन २१, कुनाथरी -९, सुर्खेत ।

आमा/बाबु : शिवादेवी भण्डारी, वेदप्रसाद भण्डारी । **शिक्षा/विषय** : प्रमाणपत्र तह । **सेवा** : साहित्य, राजनीति । **पहिलो रचना** : कविता (सुर्खेत पोस्ट, २०५०) । **कृति/सृजना** : अन्तिम विजय (कवितासङ्ग्रह, २०५५), आस्थाको निहारिकाबाट (कविता-सङ्ग्रह, २०६२), बन्दी आकाश विरुद्ध (संस्मरण, २०६३) । **सम्पादन/अनुवाद** : सम्बोधन (साहित्यिक त्रैमासिक, २०६०), उद्घोष (साहित्यिक त्रैमासिक, २०६०) । **पुरस्कार/सम्मान** : प्रलेसद्वारा आयोजित कविता-गोष्ठीमा प्रथम (२०५३) । **हालको ठेगाना** : लाटीकोइली, सुर्खेत / काठमाडौँ । **फोन** : ९८४१५५२०८० ।

गणेशमान गुरुङ

(संस्कृतिविद्/समाजशास्त्री)

जन्म/स्थान : इ.सं. १९४७ नोभेम्बर १, पञ्चमूल-४, सिरुबारी, स्याङ्जा । **शिक्षा** : विद्यावारिधि (समाजशास्त्र) । **सेवा** : प्राध्यापन, लोकसेवा आयोग । **कृति/सृजना** : जुम्ली संस्कृति (१९८१), दुराजातिको सामाजिक अध्ययन (१९८४), द चेपाङ : अ स्टडी इन कन्टिनुइटी एन्ड चेन्ज (१९८९), इन्डिजिनियस पिपुलस् : मोबिलाइजेसन एन्ड चेन्ज (१९९४), रिपोर्ट फ्रम द चेपाङ भिलेज (सोसाइटी, कल्चर एन्ड चेन्ज, १९९५) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (इ.सं. १९९२), पासाङ ल्हामु शेर्पा अवार्ड (इ.सं. १९९५) । **हालको ठेगाना** : पो.ब.नं. २४७९, सङ्गमवस्ती, ट्याङ्लाफाँट, काठमाडौँ (gmg@mos.com.np) । **फोन** : ४३३१४९४, ९८५१०३९०७९ ।

गणेश रसिक (गणेशकुमार राई)

(गायक/सङ्गीतकार/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ असोज ४ गते, नौलागाउँ, छिनामखु, भोजपुर । **माता/पिता** : रत्नमाया राई, नरोत्तम राई । **शिक्षा** : बी.ए. । **सेवा** : संस्थान सेवा (अध्यक्ष/महाप्रबन्धक : रत्न रेकर्डिङ, महाप्रबन्धक : सांस्कृतिक संस्थान, अध्यक्ष/महाप्रबन्धक : साझा प्रकाशन), गायन-सङ्गीत, व्यवसाय, सामाजिक सेवा । **पहिलो रचना** : क्षितिजलाई छुन खोज्दा (कथासङ्ग्रह, २०२५) । **कृति/सृजना** : एउटा सारङ्गीभित्र (कथासङ्ग्रह, २०२७), रसिकका गीतहरू (गीतसङ्ग्रह, २०४५), आकाशगङ्गाको ओतमुनि (उपन्यास, २०४८), जब सिस्नुहरू टेक्दै हिँडें (संस्मरण, २०५५), बिलाउँदै गएको गीत (कथासङ्ग्रह, २०५७), दसगजामा उभिएर (संस्मरण लेखसङ्ग्रह, २०६२), स्वाधीनताको पीडा (गीतसङ्ग्रह, २०६७), मेरो अतीत (गीति एल्बम), अन्तराल (अडियो क्यासेट, भाग १-२) । **सम्पादन/अनुवाद** : चोइटा, छायाँ (हस्तलिखित), नेपाली संस्कृति, उपत्यका (सामयिक सङ्कलन), सगरमाथा (पाक्षिक) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवा महोत्सवमा कथामा प्रथम पुरस्कार (२०२४), ने.रा.प्र.प्र.- कविता महोत्सवमा प्रथम पुरस्कार (२०२८), शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (२०३५), रेडियो नेपाल सङ्गीत प्रतियोगितामा उत्कृष्ट गीतकार (२०३८), मुस्याचु पुरस्कार (२०४१), सार्क शिखर स्मृति पदक (२०४४), रत्नश्री स्वर्ण पदक (२०४५), गद्दी आरोहण पदक (२०५३), नागरिक सेवा पदक (२०५३), छिन्नलता गीत पुरस्कार (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), वासु शशी स्मृति पुरस्कार (२०६०) । लेकाली समूह (संस्थापक) । किरात राई यायोक्खा सम्मान (केन्द्रीय समिति, २०५६), राष्ट्रिय प्रतिभा सम्मान (२०५६), कलानिधि सङ्गीत सम्मान (२०५७), लाली गुराँस युवा क्लब सम्मान (२०५७), शशांक प्रतिष्ठान तथा धुलाबारी जेसिसद्वारा सम्मान (२०५९), एकीकृत विकास सम्मान (२०५९), पूर्वाञ्चल प्रतिष्ठानद्वारा सम्मान (२०५९), वनिता सङ्गीत सम्मान (२०६१) आदि थुप्रै सम्मान तथा अभिनन्दन प्राप्त । **हालको ठेगाना** : काठमाडौँ /फिक्कल -५, इलाम । **फोन** : ०१-४४२४०७७ / ०२७-५४०१८८, ९८५११०१९९२४ ।

गणेश राई

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ चैत्र १, हाँडीखोला, खोटाङ । **माता/पिता** : दैलथी राई, डिकबहादुर राई । **शिक्षा** : एस.एल.सी. । **सेवा** : सैनिक सेवा (ब्रिटिस गोर्खा सैनिक) । **पहिलो रचना** : नेपालीभाषाप्रति (निबन्ध, इन्द्रेणी, २०३३) । **कृति/सृजना** :

राइफलको नालबाट जीवन नियाल्दा (संस्मरण-उपन्यास, २०६२), राइफलले फलाकेको जिन्दगी (कवितासङ्ग्रह, २०६३), राइफलको मूर्च्छना (उपन्यास, २०६८) । **सम्पादन/अनुवाद** : गतिविधि (मासिक पत्रिका, हङकङ, इ.सं. २००१) । **पुरस्कार/सम्मान** : फोकल्याण्ड युद्धपदक (इ.सं. १९८२) । **हालको ठेगाना** : ताल्छिखेल, ललितपुर / बेलायत (gnxrai@hotmail.com) । **फोन** : ५५५१९८२ ।

गणेश राई (गणेशकुमार राई, गणेश दोरङ्चा, गणेश वाम्बुले)

(कवि/लेखक, नेपाली/वाम्बुले राई भाषा)

जन्म/स्थान : वि.सं. २०२७ जेठ २४, थाक्ले-८ हिलेपानी, ओखलढुङ्गा । **माता/पिता** : सीतारत्न राई, सोमबहादुर राई । **शिक्षा** : बी.एड., एम.ए. (नेपाली) । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : 'म विरक्तिदै छु' (कविता, समीक्षा साप्ताहिक, २०४९) । **कृति/सृजना** : इक हिर्कटी (वाम्बुले भाषाको निबन्धसङ्ग्रह), वाम्बिर (वाम्बुले भाषाको कवितासङ्ग्रह- २०६७), किरात वाम्बुले लोकवार्ता (लोकसाहित्य, २०६८) । **सम्पादन/ अनुवाद** : 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक (२०५० देखि), कौशिकी (साहित्यिक, २०५५), निप्सुङ (त्रैमासिक, २०५७), कावा (मासिक, २०५५) वाम्बुले राई जाति : भाषा र संस्कृति (कृति, २०६४), वाम्बुले राडु योरल्वाम कवितातिड (वाम्बुले राई भाषाका कविताहरू, २०६५), किरात वाम्बुले राई जाति र द्वाञ्वाङ्चा वंशावली (२०६८) । **पुरस्कार/सम्मान** : प्रथम, भानु-मोती काव्य पुरस्कार (२०५६), राष्ट्रिय शिक्षा लेखनवृत्ति-२०६२ (शिक्षा विभाग), राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार-२०६९ (शिक्षा मन्त्रालय र नेपाल पत्रकार महासंघ) । **हालको ठेगाना** : ललितपुर उपमहानगरपालिका-१५ सातदोबाटो (raiganesh@gmail.com) । **फोन** : ०१-५२०२१८८, ९८४१२५६४८८ ।

गणेशराज अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ साउन १, हात्तीखर्क, धनकुटा । **माता/पिता** : भुजुमाया अधिकारी, देवीप्रसाद अधिकारी । **शिक्षा** : एम.एड. (नेपाली) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : सिसोइ (कवितासङ्ग्रह, २०५७), भाभा (निबन्धमाला, २०६२), अभ्यास शिक्षण दिग्दर्शन (२०६२) । प्रायोगिक भाषाविज्ञान (२०६१), भाषा पाठ्यक्रम तथा शिक्षणपद्धति (२०६१), कविवर माधव घिमिरे र उनको कलमवीर कविता (समीक्षा, २०६१) लगायत थुप्रै सहायक पाठ्यपुस्तक लेखन तथा प्रकाशन । **सम्पादन/अनुवाद** : आँकुरा (वार्षिक, २०६१), कस्मिक भिजन (२०६०), नेप्सेम्याक सन्देश (२०६०) **हालको ठेगाना** : गोठाटार-८, काठमाडौँ ।



गणेशलाल श्रेष्ठ

(वाद्यशिरोमणि)

जन्म/स्थान : वि.सं. १९५८ मार्ग शुक्ल चतुर्दशी, गाबहाल, पाटन, ललितपुर । निधन : २०२७ जेठ १ । **माता/पिता** : पद्मकुमारी, प्रेमलाल श्रेष्ठ । **शिक्षा** : वाद्य सङ्गीतसम्बन्धी अध्ययन । **सेवा** : सङ्गीत साधना, रेडियो नेपालमा वाद्यप्रबन्धक । **कृति/सृजना** : शास्त्रीय वाद्यवृन्द एवं थुप्रै शास्त्रीय वाद्यधुनहरू । **पुरस्कार/ सम्मान** : इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०१६), वाद्य-शिरोमणि (२०१९) ।

गणेशलाल श्रेष्ठ

(कवि, नेपाल/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६८ साउन ५, भीमफेदी, मकवानपुर । निधन : २०४२ साउन ९ । **माता/पिता** : चन्द्रकुमारी, माधवलाल श्रेष्ठ । **सेवा** : व्यवसाय, जागिर, सङ्गीत साधना । **कृति/सृजना** : मेरा दुई पुष्पाञ्जली (वि.सं. १९९९), निफ्व: स्वां (वि.सं. २१०३), लोकह्वा:गु म्ये (वि.सं. २०४६) । अभिनय, सङ्गीत, गीत रचना तथा गायनमा दख्खल भएको । **पुरस्कार/सम्मान** : लोककवि, लोकसाहित्य परिषद्बाट मरणोपरान्त सम्मान (२०५६), वस्ताजका रूपमा सम्मान ।

गणेश विषम (गणेशप्रसाद मजगैयाँ)

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ भदौ गणेश चौथी, मानपुर,

जहदा, दाङ । **माता/पिता** : रेवतीदेवी मजगैयाँ, कृष्णप्रसाद मजगैयाँ । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (सर्वदर्शन) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : प्रेमिका (कविता, मानसप्रभा पत्रिका, २०२०) । **कृति/सृजना** : नेपालीमा वाच्यपरिवर्तन (पाठ्यक्रम, सहलेखन), रहर (कवितासङ्ग्रह, २०५७), महर्षि कण्वकन्या (खण्डकाव्य, २०६२), केही गीतरचना रेकर्ड भएका । **सम्पादन/अनुवाद** : साहित्य सौजन्यमाला (पत्रिका, २०६०), प्रतिबिम्ब (दाङ) । **पुरस्कार/सम्मान** : युवा महोत्सव कविता प्रतियोगितामा प्रथम (२०२६ र २०२९), राष्ट्रिय कविता महोत्सवमा द्वितीय र तृतीय (२०३० र २०४२), विश्वहिन्दू महोत्सवको कविता प्रतियोगितामा द्वितीय (२०४४), व्यथित काव्य पुरस्कार (२०४४) । **हालको ठेगाना** : मानपुर -३, दाङ । **फोन** : ०८२-५२१०१६ ।

गायत्री बिष्ट 'गाउँले'

(कवि/अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ मङ्सिर ५, सुनटोल, साँखु, काठमाडौँ । **माता/पिता** : मिश्रीमैयाँ बिष्ट, कमलबहादुर बिष्ट । **शिक्षा** : स्नातकोत्तर (पत्रकारिता), पी.सी.एल. (उर्दू) । **सेवा** : पत्रकारिता, नोकरी, नेपाल प्रज्ञा-प्रतिष्ठान (प्राज्ञ सभासद्) । **पहिलो रचना** : प्रतीक्षा (कविता, आरती साप्ताहिक, २०४७) । **कृति/सृजना** : लहरिएका आकाङ्क्षाहरू (कवितासङ्ग्रह, २०५२), जूनकीरी (उपन्यास, २०५४), खलनायकका बिम्बहरू (कथासङ्ग्रह, २०५८), अ-आ, क-ख स्वर लहरी (बालकविता सङ्ग्रह, २०६३), क, का, कि, की, स्वर लहरी (बालकविता सङ्ग्रह, २०६३), पुन्टु र पुन्टे (बाल उपन्यास, २०६३), खरायो साथी (बाल उपन्यास, २०६३), फुपूका कथा (विज्ञान उपन्यास, २०६४), फुच्ची बोक्ने परेवा (बालकथा सङ्ग्रह, २०६५), मीत भ्यागुता (बालचित्र कथा, २०६६), चित्रको चित्र (बालकथा सङ्ग्रह, २०६७), आगो (बालचित्र कथा, २०६७), चित्रभित्र लुकेका शब्द (चित्र कविता, २०६९) । **सम्पादन/अनुवाद** : शब्दपथ (संयुक्त, सम्पादन, २०५३), प्रज्ञा, संस्कृति । जाजुस मुसो (बालकथा सङ्ग्रह, २०६३), समुद्र हिमालमा (कथासङ्ग्रह, २०६७), ढुङ्गा मेरो खोज (कथासङ्ग्रह, अनु. २०७०) । **पुरस्कार/सम्मान** : नव कविता प्रतिभा पुरस्कार (२०५२), गुञ्जन प्रतिभा पुरस्कार (२०६२) । **हालको ठेगाना** : वज्रयोगिनी-९, काठमाडौँ । **फोन** : ९८४१८८१९९१ ।

गायत्री लम्साल (लुइँटेल)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ असार २२, चिन्नेवास-२, स्याङ्जा । **माता/पिता** : टाँकामाया लम्साल, नुवादत्त लम्साल । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, निजामती । **पहिलो रचना** : नस्वीकारिएको माइतीघर (सगुन पत्रिका, २०५९) । **कृति/सृजना** : झटारो (हास्य-व्यङ्ग्य कवितासङ्ग्रह, २०६०), बोकापालन (व्यङ्ग्यनिबन्धसङ्ग्रह, २०६२), कलेजमा क्यान्सर (व्यङ्ग्य, २०६६) । **सम्पादन/अनुवाद** : नवअभियान (साप्ताहिक, २०६०), सगुन (२०६२) । **पुरस्कार/सम्मान** : तीलाकुमारी साहित्य पुरस्कार (२०६०), काजी रोशन साहित्य पुरस्कार (२०६६) । **हालको ठेगाना** : थुमपोखरा -७, स्याङ्जा । **फोन** : ०६३-४४०११३ ।

गार्गी शर्मा

(कवि/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ फागुन २३, वटुटोल, काठमाडौँ । **माता/पिता** : गोमा शर्मा, नारदप्रसाद शर्मा उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन । **प्रथम रचना** : कल्पनाका धनी धनका गरीब देवकोटा (निबन्ध, फूलपात पत्रिका) । **कृति/सृजना** : केही समीक्षा (समालोचनासङ्ग्रह, २०४१), चाँदनी शाहको काव्यभूमि (समालोचनासङ्ग्रह, २०४४), केही अनुसन्धानात्मक अभिव्यक्ति (समालोचनासङ्ग्रह, २०४६), सिद्धिचरणका खण्डकाव्यको अध्ययन (२०५१), बाङ्देलका नारी पात्र (समालोचनासङ्ग्रह, २०५१), गोठालेका बालपात्रहरू (समालोचना, २०५१), लक्ष्मीदेवी राजभण्डारीका काव्य साधना (इ.सं. २०००), गोमा (महाकाव्य, २०६३), घिमिरेका गीतिनाटकमा मानवतावाद । **सम्पादन/अनुवाद** : नेपाली साहित्य वाटिका (टुकराज मिश्र अङ्क : २०५०, माधुरी भट्टराई अङ्क : २०५१, सिद्धिचरण नारी अङ्क :

२०५२), नेपाल भारतका केही नारी प्रतिभा (२०४४), चाँदनी शाहको काव्य संसार (२०५१) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०४८ / २०३८), महानन्द पुरस्कार (२०५०), महेन्द्र विद्याभूषण (२०५१), दीर्घसेवा पदक (त्रि.वि.), शान्तिदूत सम्मान (२०६३) । **हालको ठेगाना** : क्षेत्रपाटी, काठमाडौं । **फोन** : ४२५१९०७ ।

गितु गिरी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१४ जेठ ७, प्युठान । **माता/पिता** : मनकला गिरी, लोकु गिरी । **शिक्षा** : एम.ए., बी.एड., विद्यावारिधि । **सेवा** : प्राध्यापन । तन्नेरी प्रतिभा सम्मान, (२०६०), देवदह संरक्षण प्रतिष्ठान सम्मान (२०६०) । **पहिलो रचना** : भित्रीकोट भूगर्भमा भित्रिँदै छ (२०४७) ।**कृति/सृजना** : लुम्बिनीको सांस्कृतिक झलक (२०४९), प्युठान राज्यको इतिहास (२०५२), वेलकम टू लुम्बिनी (अङ्ग्रेजी, २०५५), नेपाली कला, वास्तुकला, सङ्ग्रहालय र पर्यटन (२०६०), लुम्बिनी दर्शन, (२०६१), नेपाली संस्कृतिका केही पक्षहरू (लेख सँगालो, २०६१), नेपालमा उखडा प्रथा (२०६१), नेपालको इतिहास र संस्कृति (२०६१) । **सम्पादन/अनुवाद** : गिरी वंशावली (२०५९), बहिरा दर्पण (लुम्बिनी बहिरा सङ्घ), क्षितिज (भैरहवा बहुमुखी क्याम्पस), साधना (रूपन्देही) । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (२०५४), महेन्द्र विद्याभूषण 'क' (२०६०) । **हालको ठेगाना** : सिद्धार्थनगर -७, हिमाली पथ, रूपन्देही । **फोन** : ०७१-५२२५३२, ९८४७०२०५४५ ।

गिरिजा श्रेष्ठ

(नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. २००४ असोज १५, बाङ्गेमुढा, काठमाडौं । **माता/पिता** : बिजुली गुरुवाचार्य, रत्नबहादुर गुरुवाचार्य । **शिक्षा** : दशम कक्षा उत्तीर्ण । **सेवा** : नृत्य, अभिनय, भेषभूषा । प्रबन्धक तथा उप नृत्यनिर्देशक । **पहिलो रचना** : २०२६ चैत्रमा नृत्य प्रदर्शन (ने.रा.प्र.प्र.) । **कृति/सृजना** : *नाटकहरू* : भित्ते घडी, कुलः चखनी तिनी, किसीन्यायिमि मदनमान, अभ्यन्तरमा चिल्लाया । *अपेराहरूमा* : मालती मङ्गले, शकुन्तला । *व्यालेहरूमा* : कुमारी, अन्नपूर्ण, गुलाफ र गुराँस, चण्डालिका, शिवताण्डव । कान्तिपुर (टेलिचलचित्र), आदर्शनारी, कुमारी, वीर गणेशमान (ठूलो पर्दाको चलचित्र) आदिमा अभिनयका साथै सयौं सांस्कृतिक कार्यक्रमहरू, नाटक र ब्यालेहरूमा देश-विदेशमा सहभागी भई प्रदर्शन । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट अभिनेत्री पुरस्कार (नाटक महोत्सव, २०४८), गोरखा दक्षिणबाहु (चौथो, २०६१), गद्दी आरोहण रजत महोत्सव पदक, दीर्घसेवा पदक (ने.रा.प्र.प्र.), चित्तधर सिरपा (कुमारी व्याले), रजत जयन्ती पदक (ने.रा.प्र.प्र.) । **हालको ठेगाना** : ३०७/१६ सामाखुशी मार्ग, गल्कोपाखा, काठमाडौं । **फोन** : ४३५१८०८ ।

गिरिजाप्रसाद जोशी

(कवि/नाटककार, नेपाल भाषा)



जन्म/स्थान : ने.सं. १०५९ चैत्रकृष्ण १२, साँखु, काठमाडौं । निधन : ने.सं. ११०७ यंलाथ्वः१५ । **माता/पिता** : खड्गकुमारी जोशी, देवप्रसाद जोशी । **शिक्षा** : बी.एड. । **सेवा** : अध्यापन, साहित्य सेवा । **पहिलो रचना** : कविता (धर्मोदय पत्रिका, ने.सं. १०७८) । **कृति/सृजना** : पालिख्वाँय्, (कवितासङ्ग्रह, ने.सं. १०७९), हाइ हाइ रे थ्वँया बात्चा (कवितासङ्ग्रह, ने.सं. १०८५), आगं (कवितासङ्ग्रह, ने.सं. १०८८), धकिं (कथासङ्ग्रह, १०९०), छि स्याना हत्या (उपन्यास, ने.सं. १०९६), सुथनाप सुथय् सुथय् (काव्य, ने.सं. १०९७), गिरिजाप्रसादया गद्य कविता (ने.सं. १०९८), सिलुस्वां (उपन्यास, ने.सं. १०९८), विपात्र (उपन्यास, ने.सं. १०९९), जनताया म्ये (ने.सं. ११००), मन्त्र (खण्डकाव्य, ने.सं. ११०१), व गमला थ्व खैथल (उपन्यास, ने.सं. ११०३), बुद्ध नुगः (खण्डकाव्य, ने.सं. ११०३), सिलु म्ये (चिपूखँ, ने.सं. ११२०) । **पुरस्कार/सम्मान** : थी थी साहित्य सम्मेलनय् तःगूमछि सिरपा, त्याकादीगु ।

गिरिराज आचार्य (तारिणीप्रसाद)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५१ अप्रिल १६, धरान-१, सुनसरी । **माता/पिता** : पदमकुमारी आचार्य, रामप्रसाद आचार्य । **शिक्षा** : स्नातक । **सेवा** : पत्रकारिता । **सेवा** : राजनीति । **पहिलो रचना** : अधिकार र कर्तव्य (कविता, पियूष पत्रिका, २०२६) । **कृति/सृजना** : मेरी रजनी (कवितासङ्ग्रह, २०३८), सानीको सामना (कथासङ्ग्रह, २०३९), जनउदय (नाटक, २०४०),

विस्थापित यौवन (उपन्यास, २०४१), अन्तर्राष्ट्रिय नारी वर्ष र नेपाली नारी (लेखसङ्ग्रह, २०४२), भानुभक्त र नेपाली भाषाको विकास (२०४४), तुलसा (उपन्यास, २०६२), मोतीराम भारतेन्दु तुलनात्मक अध्ययन (२०६३), नेपाली भाषा र साहित्यका केही समस्याहरू । **सम्पादन/अनुवाद :** विस्फोट (कवितासङ्ग्रह) । **पुरस्कार/सम्मान :** महानन्द पुरस्कार (२०४५), अतुर्भुज प्रपन्नाचार्य पुरस्कार (२०६०) । धरान-काठमाडौँ सृजनशील साहित्यिक समूहबाट अभिनन्दन (२०४३), प्रजातन्त्रप्राप्तिका लागि विशेष योगदान पुर्‍याएबापत ९४औँ महानन्द सापकोटा जयन्ती समारोहमा मनमोहन अधिकारीबाट अभिनन्दन (२०४७), साहित्य सम्मान (२०४७) आदि । **हालको ठेगाना :** धरान, १२/३०, कोशी अञ्चल । **फोन :** ०२५-५२०४३५ ।

गिरिराज गिरी

(उपन्याकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ वैशाख २१, भुङ्दी, प्यूठान । **आमा/बाबु :** हिमाकुमारी गिरी, तेजु गिरी । **शिक्षा/विषय :** स्नातक । **सेवा :** अध्यापन । **कृति/सृजना :** सफलता (उपन्यास, २०५७), चितवनका साहित्यिक स्रष्टा (२०५९) । **हालको ठेगाना :** कोल्हुवा-२, नवलपरासी (Giriraj@hotmail.com) । **फोन :** ०५६-२८३७८ ।

गिरिराज शर्मा पौडेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ जेठ, मसिना, दाङ । **माता/पिता :** चित्रकुमारीदेवी पौडेल, तिलकराम शर्मा उपाध्याय । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, सामाजिक सेवा । प्रगतिशील लेखक सङ्घ (दाङ, २०५५), नेपाल राष्ट्रिय शिक्षक संगठन (दाङ, २०५९) आदि सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन सम्मान । **पहिलो रचना :** छात्र र वटुवा संवाद (कविता, सन्देश, वनारस, २०२२) । **कृति/सृजना :** दाउरेनी (खण्डकाव्य, २०४९), आचार विचार (बाल लघुकाव्य, २०५८), बूढा जोर सिमलका रूखहरू (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** राप्तीदूत (मुखपत्र), प्रतिविम्ब (मुखपत्र), स्मारिका (दाङ), सन्देश (मुखपत्र), खलिहान (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** लुम्बिनी साहित्य पुरस्कार (२०२३), तारामन्त पुरस्कार (२०४६), तुलसा-गेदलाल साहित्य सर्जक पुरस्कार (२०६१) । **हालको ठेगाना :** त्रिभुवन न.पा. -६, मसिना, दाङ । **फोन :** ०८२-५६१२९३ ।

गिरीशबल्लभ जोशी

(माध्यमिक कालीन उपन्यासकार)

जन्म/स्थान : वि.सं. १९२४ वटु, काठमाडौँ । निधन : वि.सं. १९८० । **शिक्षा :** संस्कृत, आयुर्वेद । **सेवा :** चिकित्सा सेवा (वैद्य) । **कृति/सृजना :** वीर चरित्र (उपन्यास, १९६०), बहादुर चरित्र (उपन्यास, १९५७), वीरचरित्र (सम्पूर्ण, २०२२), प्रारब्ध दर्पण (उपन्यास, २०४४), गिरीशवाणी (हिन्दीमा), सत्यनाग चरित्र (नाटक), पशुपति लीला (नाटक), ईश्वरतत्त्व विवेक, योगसूत्रको भाष्य, चन्द्रकला, आदि । **पुरस्कार/सम्मान :** राजवैद्य । कविराज ।

गीता कार्की

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ साउन १२, भोजपुर । **माता/पिता :** देवी कार्की, मीनबहादुर कार्की । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** पत्रकारिता, अध्यापन । **पहिलो रचना :** कविता प्रकाशन (साप्ताहिक पत्रिका, २०४४) । **कृति/सृजना :** मलाई अँध्यारो नै चाहिन्छ (कविता-सङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** चौधौँ साहित्य वन महोत्सव (२०५८) लाभाका बाफहरू (कथासङ्ग्रह, २०५८), अस्तिता (अर्धवार्षिक साहित्यिक पत्रिका, २०६२) । **पुरस्कार/सम्मान :** स्वर्ण पदक (त्रि.वि., २०५२) । **हालको ठेगाना :** रानीबारी, लाजिम्पाट, काठमाडौँ । **फोन :** ४३५३८४२ ।

गीताकृष्ण खरेल 'ओजश्री' (श्यामकृष्ण)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : १ जनवरी १९४३, खरेलथोक, काभ्रे । **माता/पिता** : टेककुमारी खरेल, बालकृष्ण खरेल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : महाप्रबन्धक (महेन्द्र सुगर मिल) । **पहिलो रचना** : लघुकथा, विदेह पत्रिका (२०२३) । **कृति/सृजना** : तुहेको साँझ (संयुक्त कथासङ्ग्रह, २०२४), गुँड्या कप्तान (बालकथासङ्ग्रह, २०३७) । **सम्पादन/अनुवाद** : होली डे नेपाल (इ.सं. १९७४) **पुरस्कार/सम्मान** : समाजसेवा पदक (२०५९) । **हालको ठेगाना** : ज्ञानेश्वर, काठमाडौँ / खरेलथोक -१, काभ्रे । **फोन** : ४४१९३५४ ।

गीता केशरी

(उपन्यासकार, नेपालीभाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार २७, पकनाजोल, नयाँ बजार, काठमाडौँ । **माता/पिता** : सीता पन्त, रामराज पन्त । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : संस्थान, ने.रा.प्र.प्र. (सदस्य-सचिव, २०६१), पर्यटन व्यवसाय । **पहिलो रचना** : अपराधी को ? (कथा, अरुणोदय पत्रिका, २०२१) । **कृति/सृजना** : *उपन्यासहरू* : कसिङ्गर (२०३४), सौगात (२०४६), आवाज (२०४७), मुक्ति (२०४८), खोज (२०५०), अन्तिम निम्तो (२०५१), विश्वास (२०५२), खुला आकाश (२०५४), नोकरी (२०५५), निष्कर्ष (२०६०), बदलिँदो क्षितिज (२०६६), फक्रँदो कोपिला (२०६८) । *कथासङ्ग्रह* : तरङ्ग (२०५७), भुमरी (२०५९), लहर (२०६६) । **पुरस्कार/सम्मान** : धरणीधर कोइराला पुरस्कार (२०४९), लोकप्रियादेवी पुरस्कार (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), नारी साहित्य प्रतिष्ठान पुरस्कार (उपन्यास, २०६०), गङ्की-वसुन्धरा पुरस्कार (२०६१) । भानु साहित्य सम्मान (२०५९), नारी साहित्य सम्मान (२०५९), गंकी वसुन्धरा सम्मान (२०६०), नवरङ्ग साहित्य सम्मान (२०६०), नारी साहित्य प्रतिष्ठानद्वारा सम्मान (उपन्यास, २०६०), वनिता साहित्य सम्मान (२०६१), सयपत्री युवा क्लबद्वारा सम्मान (२०६१), दायित्व वाङ्मय प्रतिष्ठान नेपालद्वारा सम्मान (२०६१), हृदयचन्द्र स्मृति सिर्जना सम्मान (२०६३), बी.डी. त्यागी स्मृति सम्मान (२०६५), रुद्रराज पुरस्कार (२०६५), स्वर्णिम विशिष्ट नारी सम्मान तथा पुरस्कार (२०६८), भीमनिधि तिवारी साहित्य सम्मान (२०६८), राष्ट्रिय कलाश्री पुरस्कार (२०६८) । **हालको ठेगाना** : चण्डोल, वैष्णवी मार्ग ५८/५९, विशालनगर, काठमाडौँ । **फोन** : ४४३२१२०, ९८५११०२२०३ ।

गीतादत्त अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५५, बक्राङ गोरखा । निधन : २०२७, देवघाट, चितवन) । **शिक्षा** : ज्योतिषशास्त्र, बनारस । **सेवा** : समाजकल्याण, शिक्षा प्रचार र सार्वजनिक निर्माण कार्यमा संलग्न । **कृति/सृजना** : नेपालको शृङ्गार (२०२१), नयाँ विकास (अनुल्लेख) । **सम्पर्क ठेगाना** : चितवन ।

गीता रेग्मी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०२७ फागुन १२, लमजुङ । **माता/पिता** : चन्द्रकला रेग्मी, तीर्थराज रेग्मी । **शिक्षा** : स्नातकोत्तर (समाजशास्त्र) । **सेवा** : सामाजिक क्षेत्र । पिस वेभ नेपालद्वारा सम्मान (२०५३), जेम्स विद्यालयबाट सम्मान (२०६७) । **पहिलो रचना** : लोग्ने मान्छे (कविता, एकता पाक्षिक, २०६३) । **कृति/सृजना** : परिचय (कथासङ्ग्रह, २०६५), पुस्तान्तर (कथासङ्ग्रह, २०६६), पश्चिमाहरूको देशमा (२०६५), ज्योतिका युगीनस्वरहरू (संयुक्त कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : तीज विशेषाङ्क । **हालको ठेगाना** : वनस्थली, काठमाडौँ / गोरखा-१ । **फोन** : ४८८०४९७, ९८४१६१५०४४ ।

गीता सापकोटा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३८ पुस ११, महभीर, इलाम । **माता/पिता** : विष्णुमाया सापकोटा, कृष्णभक्त सापकोटा । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : प्राध्यापन, पत्रकारिता । सुनकोसी साहित्य प्रतिष्ठानबाट सम्मान (२०६३) । **पहिलो रचना** : गजल (इसारा मासिक, २०५७) । **कृति/सृजना** : इलामे चेलीका रचनाहरू

(संयुक्त गजलसङ्ग्रह, २०५९), इतिहासका पानाभित्र (गजलसङ्ग्रह, २०६१), नेपाली गजलका नारी हस्ताक्षर (संयुक्त गजल सङ्ग्रह, २०६२), पुरस्कार (बालकवितसङ्ग्रह, २०६५), उपहार (कवितासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : ज्योतिपुञ्ज (द्वैमासिक), इसारा (मासिक), नारी लेखमाला, दिगो ललित आवाज, वे भलेन्थ (स्कुल पत्रिका) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ / इलाम । **फोन** : ९८४१६१७१८८ ।

गीता त्रिपाठी

(समालोचक/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ असार १५, खरेलथोक, काभ्रे । **माता/पिता** : रमा थपलिया, वेदराज थपलिया । **शिक्षा** : एम.ए.नेपाली (प्रथम श्रेणी), एमफिल । **सेवा** : प्राध्यापन, साहित्य । **पहिलो रचना** : स्वच्छता (कविता, बिरुवा मासिक, २०४५) । **कृति/सृजना** : थुँगा : वनफूलका' (गीतसङ्ग्रह, २०६१), एक्लै...एक्लै (२०६१ गीति एल्बम), दुई हरफ ओठहरू (संयुक्त गीतसङ्ग्रह, २०६४), नृशंस पर्खालहरू (कविता सङ्ग्रह, २०६५), दृष्टिविचरण (समालोचना, २०६६), कृति विश्लेषण : प्रायोगिक आयाम (समालोचना, २०६७) । **सम्पादन/अनुवाद** : आँसु (खण्डकाव्य, रचना: कुलचन्द्र कोइराला, २०५६), द रेज (२०६०), बी.जी.सी.भ्वाइस (२०६२), जनमत कविता भाग १ र भाग २ (२०६४) । **पुरस्कार/सम्मान** : निबन्ध प्रतियोगिता : प्रथम पुरस्कार (२०५६) पद्मकन्या स्वर्णपदक (२०५७) तीर्थप्रसाद ढुङ्गाना स्मृति पुरस्कार (२०५७) नानु न्यौपाने स्मृति पुरस्कार (२०५७) प्रेमचन्द्र-देवकुमारी पुरस्कार (२०५७), सर्वोत्कृष्ट गीतकार पुरस्कार(२०६४, आयोजक सांस्कृतिक संस्थान), सूचक पद्मादेवी युवा प्रतिभा पुरस्कार (२०६८, समालोचना विधाका लागि) । **हालको ठेगाना** : ७१/५६, का.म.पा.४, बालुवाटार । **फोन** : ४-४२६३०७, ९८४१३८७४९९ ।

गुणराज उपाध्याय (रामदास)

(माध्यमिक कालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७२, त्रिपुरेश्वर, काठमाडौँ । **निधन** : २०३१, कात्तिक । **माता/पिता** : लोकजननी, हर्षनाथ खनाल **शिक्षा** : स्वाध्याय । **सेवा** : निजी व्यवसाय, आध्यात्मिक । (यिनका नाममा गुणराज स्मृति पुरस्कार र गुणराम व्याख्यान पुरस्कारको स्थापना संस्थागत रूपमा गरिएको छ) । **कृति/सृजना** : श्रीकृष्ण सन्देश (महाकाव्य, २००६ प्रकाशन २०20), भरतमिलन (महाकाव्य, २०१९), शाहवंश (महाकाव्य, २०३९), *खण्डकाव्यहरूमा* : शान्ति शतक (२०२९), सुदामाचरित्र (२०२९), अमोघदर्शन (२०३१), गोविन्दगीत, विचार लहरी, अश्रुपात, *नाटकहरूमा* : कलङ्कमोचन (२०२९) । **सम्पादन/अनुवाद** : भागवत भक्ति महिमा (भावानुवाद), रामचरित्रपदारविन्द (स्तोत्र) । **पुरस्कार/सम्मान** : पारिवारिक गुठीद्वारा महाकवि घोषित । **सम्पर्क ठेगाना** : २/४२ त्रिपुरेश्वर, हर्षकुटी, काठमाडौँ । **फोन** : ४२६१७३५ ।

गुणराज काफ्ले 'शाण्डिल्य'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ वैशाख १८, ढुङ्गेछाप, सालु, रामेछाप । **माता/पिता** : विष्णुकुमारी काफ्ले, जगतप्रसाद काफ्ले । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, निजामती, बैङ्किङ । **पहिलो रचना** : गद्य (गोरखापत्र, २०१८ कात्तिक) । **कृति/सृजना** : विष्णु सहस्रनाम (नेपाली सहस्रश्लोकी, २०६१) (प्रकाशोन्मुख : सहरको ऐना, श्रीमान्जी भन्नुहुन्छ आदि) । **हालको ठेगाना** : १९३ रुद्रनगर मार्ग, रातोपुल, काठमाडौँ । **फोन** : ४४९५३८६ ।

गुमानी पन्त

(प्राथमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १८४७ फागुन २७, नैनीताल, काशीपुर । **निधन** : १९०४ असार, नैनीताल, कुमाउँ, (अल्मोडा) । **शिक्षा** : ज्योतिष र आयुर्वेद । **सेवा** : साहित्यसेवा, नेपाली । **कृति/सृजना** : रामनाम पञ्चाशिका, राममहिमा वर्णन, गङ्गाशतक, कृष्णाष्टक, रामसहस्रगण दण्डक, चित्रपदावली, कालिकाष्टक, नीतिशतक शतोपदेश, आशौचनिर्णय आदि (नेपाली भाषामा फुटकर रचना मात्रै लेखेका) । **पुरस्कार/सम्मान** : गढवाली कविको सम्मान प्राप्त ।

गुरुप्रसाद मैनाली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५७ भाद्र १३ गते, कानपुर, काभ्रेपलाञ्चोक। निधन : २०२८ जेठ २५, काठमाडौँ। **माता/पिता** : काश्मीरूपादेवी, काशीनाथ मैनाली। **शिक्षा** : साधारण। **सेवा** : न्याय (न्यायाधीश)। (यिनको नामबाट साहित्यिक पत्रकार सङ्घले 'मैनाली कथा पुरस्कार'को स्थापना गरेको छ।) **पहिलो रचना** : तीर्थयात्राको वर्णन (१९८१)। **कृति/सृजना** : नासो (कथासङ्ग्रह, २०२०)। **सम्पर्क ठेगाना** : बालाजु, काठमाडौँ। **फोन** : ४३५०४७६ (९८४११४७१०१ छोरा : माधव मैनाली)।

गुलाब खेतान (गुलाब राय/ गुलाबजी महाराज)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३, कात्तिक नवमी, पाकोटोल, काठमाडौँ। निधन : २०६८। **माता/पिता** : पद्मादेवी खेतान, गोवर्द्धनदास राय खेतान। **शिक्षा** : स्नातक, मानार्थ विद्यावारिधि। **सेवा** : रेडियो नेपाल। **पहिलो रचना** : हाउ टु एनालाइज (अङ्ग्रेजी भाषा, २०१७)। **कृति/सृजना** : आलोक अन्त:स्करणको (लघुकथासङ्ग्रह, २०४६), अँध्यारो आकाशका आँखाहरू (कवितासङ्ग्रह, २०४६), जीवनसार सफलताका खुड्किलाहरू (निबन्धसङ्ग्रह, २०४६), समता पदावली (पद एवं दोहा सङ्ग्रह, ई १९९० हिन्दीमा), सूर्योदय (कवितासङ्ग्रह, २०४७), मानवताका लक्ष्य, परिचय मानवका मानवसे (हिन्दी, ई. १९८६), नैतिकता की निव (१९८७), इन्ट्रडक्सन अफ म्यान टु म्यान (१९९०) लगायत ९३ ओटा पुस्तक विभिन्न भाषा (नेपाली, हिन्दी, उर्दू, अङ्ग्रेजी, पञ्जाबी, राजस्थानी)मा प्रकाशित। १४ भाषामा व्याख्यान दिने कुशलता। **सम्पादन/अनुवाद** : विश्लेषण (साप्ताहिक), अर्थ जगत् (उपसम्पादक), कल्पना (साहित्यिक -अतिथि सम्पादक), श्री ५ वीरेन्द्रको सचित्र जीवनी (अङ्ग्रेजी-२०५३, संयुक्त सङ्कलन)। **पुरस्कार/सम्मान** : नेपाल एवं भारतमा विभिन्न समयमा थुप्रै सङ्घ-संस्थाबाट अभिनन्दन तथा सम्मान। **सम्पर्क ठेगाना** : घ १/३२० ज्ञानेश्वर, काठमाडौँ। **फोन** : ४४१११३६।

गुहनाथ पौडेल



(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ असार ७, लामाटार -८, ललितपुर। **माता/पिता** : लीलादेवी पौडेल, भोलानाथ पौडेल। **शिक्षा** : स्नातकोत्तर (गणित)। **सेवा** : प्राध्यापन। **कृति/सृजना** : दोलाइँ (बाल कवितासङ्ग्रह, २०५३), कपुरी क (बालगीत, २०५४), अगम विज्ञानमाला (भाग : १, २, विज्ञान बालकथाहरू, २०५६), अनौठा प्राणी र वनस्पति (२०५८), केही अनौठा कुराहरू (२०५९), औँसीको रात (लेखसङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : बर्मेलीको सम्झना आगम (२०५९), भक्तपुरको राजकुलो (२०६६), The Nepali Mathematical Sciences Report T.U. (1995-96)। **पुरस्कार/सम्मान** : जमर्को उत्कृष्ट बालसाहित्य पुरस्कार (२०५८)। **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ (lusha@mos.com.np)। **फोन** : ४७८४८६५, ९८५१०३८८१२।

गेहनाथ गौतम

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ असोज २५, स्याबुन, सिभुवा, सङ्खुवासभा। **माता/पिता** : खिलेश्वरी गौतम, चेतनाथ गौतम। **शिक्षा** : एम.ए., एम.एड.। **सेवा** : निजामती सेवा। **पहिलो रचना** : नियति (लघुकथा, २०५२)। **कृति/सृजना** : उत्तर मसान (मसानको उत्तरवर्ती नाटक, २०५८), गौतमका एकाङ्कीहरू (२०६८)। **सम्पादन/अनुवाद** : सिलिचुङ (भोजपुर, २०५५), लघुआयाम (भोजपुर, २०५६), शिक्षा दीप (धनकुटा, २०५८), मिलन चौतारी (सिन्धुपाल्चोक, २०६१), जम्बावती स्वर्ण स्मारिका (सङ्खुवासभा, २०६१)। **हालको ठेगाना** : स्याबुन-२ सङ्खुवासभा। **फोन** : ०२१-५३२३१२।

गेहेन्द्रभूषण पोखरेली (गेहेन्द्रमान उदास)

(कवि, लेखक नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ चैत्र १४, तेर्सापट्टि, पोखरा, कास्की। **शिक्षा** : स्नातकोत्तर (इतिहास, नेपाली, त्रि.वि.), विद्यावारिधि (नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन, इतिहास)।

सेवा : अध्यापन, प्राध्यापन, सामाजिक सेवा । **पहिलो रचना :** प्रतिबिम्ब (कथासङ्ग्रह, २०३२) । **कृति/सृजना :** प्रारम्भिक वनविज्ञान (वन विषय, २०३२), मेरो वसन्त (कवितासङ्ग्रह, २०३७), राष्ट्रवाद (कवितासङ्ग्रह, २०३९), शाहवंशका पाँच प्रमुख राजाहरू (नाटकसङ्ग्रह, २०४३), आधुनिक नेपालको विश्लेषणात्मक इतिहास (२०४५), २०३६ देखि २०४६ सम्मका सङ्घातहरू (कवितासङ्ग्रह, २०४७), नेपालको सांस्कृतिक र राष्ट्रिय एकताको विपरीत हिन्दू अधिराज्यको अवधारणा (२०४८), बालक बिरुवा र पृथ्वीमाता (बालसाहित्य, २०४९), हाम्रा बालबालिका र सामाजिक शिक्षा (२०५१), नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन (शोधग्रन्थ, २०५३), रमाइला सामाजिक बालकथा (२०५४), काकाको अर्ती नानीलाई फूर्ती (कवितासङ्ग्रह, २०५७), प्रमुख प्राचीन सभ्यता मत र विश्वको विश्लेषणात्मक इतिहास (२०६१), नेपालका आदिवासीमा हिन्दूकरण (इतिहासदेखि आजसम्म - एक विश्लेषण, २०६१), वनवासी सीता (पौराणिक पूर्णाङ्की नाटक, २०६२), एक वसन्त अनेक फूलहरू (पूर्णाङ्की नाटकसङ्ग्रह, २०६२), ओजेनस् इन्टेग्रेटेड (सोसिएल स्टडिज बुक, सहलेखन, भाग ०-८ सम्म) । **पुरस्कार/सम्मान :** त्रिभुवन स्मारक स्वर्ण जयन्ती समारोहद्वारा सम्मान, तमु छोंज धिं केन्द्रीय समितिद्वारा कदरपत्र । **हालको ठेगाना :** पोखरा, बाटुलेचौर, कास्की । **फोन :** ०६१-५३२४२३ ।

गेहेन्द्रमान अमात्य

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९९३ साउन २०, खिचापोखरी, काठमाडौँ । **माता/पिता :** हिरापिया अमात्य, मोदमान अमात्य । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** निजामती सेवा, कलाकौशल । **पहिलो रचना :** आधुनिक कला प्रदर्शनी (२०१२) । **कृति/सृजना :** मोडर्न आर्ट (२०१८), नेपाल (२०२१), म र मेरो कला (२०५३), रेलिजिअस लाइफ इन नेपाल (भाग ४ सम्म, २०५५), आधुनिक कला (२०६१), अमूर्त कला (२०६२), अभिव्यक्ति र टिप्पणी (२०६२), दस हजारभन्दा बढी पोस्टर, आवरण, लोगो, होर्डिङ, स्लाइड, चित्रहरूको डिजाइन । नेपालको पहिलो आधुनिक कलाप्रदर्शनी देखाएको (२०१२), २६औँ पटक कला प्रदर्शनी, ५ हजारभन्दा वढी कलाकृतिको सृजना । ५० भन्दा वढी राष्ट्रिय र अन्तर्राष्ट्रिय कला प्रदर्शनीहरूमा भाग लिएको । **सम्पादन/अनुवाद :** नेपाल कल्चरल म्यागेजिन (द्वैमासिक अङ्ग्रेजी पत्रिका, २०१४), फाइन आर्ट (मासिक अङ्ग्रेजी पत्रिका, २०२२), कलाकृति (मासिक पत्रिका, २०३६) । **पुरस्कार/सम्मान :** वाल कला प्रतियोगितामा प्रथम पुरस्कार (नयाँदिल्ली, २००९), प्रथम राष्ट्रिय कला प्रदर्शनीमा सान्त्वना पुरस्कार (२०२२), शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (२०३३), गोरखा दक्षिणबाहु (२०४१), सार्क पदक (२०४४), दीर्घसेवा पदक (२०४५) । २० भन्दा वढी प्रशंसापत्र र अभिनन्दन सम्मान । आधुनिक कलाका प्रथम साधक । **हालको ठेगाना :** कालधारा, काठमाडौँ । **फोन :** ४२५११७९ ।

गोकुल अधिकारी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२० मङ्सिर २, विराटनगर, मोरङ । **माता/पिता :** शिवकुमारी, टेकनाथ अधिकारी । **शिक्षा :** स्नातक (व्यवस्थापन) । **सेवा :** बैङ्किङ सेवा । **पहिलो रचना :** शुभकामनाका सुसेली (आमा साहित्यिक पत्रिका, विराटनगर, २०३७) । **कृति/सृजना :** अक्षरको घर (२०६६) । **सम्पादन/अनुवाद :** आमा (साहित्यिक पत्रिका, विराटनगर, २०३७), धारा (साहित्यिक पत्रिका, विराटनगर, २०३८), मिमिरि (साहित्यिक पत्रिका, २०५२), कल्पतरु (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. राष्ट्रिय कविता महोत्सवमा तृतीय (२०५३) । **हालको ठेगाना :** लोकन्थली-१६, भक्तपुर । **फोन :** ६६३५०७३, ९८४२०३०२७७ ।

गोकुल जोशी (गोकुलप्रसाद पोखरेल)

(जनकवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ जेठ ८, राइपुर, तनहुँ । निधन : २०१८ असार ४, घैलाडुब्बा, झापा । **माता/पिता :** मनरूपा पोखरेल, हरिलाल पोखरेल । **शिक्षा :** माध्यमिक तह । **सेवा :** सैनिक सेवा, मजदुरी, राजनीति, साहित्य । **पहिलो रचना :** शीर्षकविहीन कविता (कविता, सेवा सदन, वीरगञ्ज, २०१०) । **कृति/**

सृजना : *कवितासङ्ग्रहहरू* : नेपालको भविष्य (२०११), नवप्रभात (२०१२), एसियाको फूलबारी नेपाल (इ.सं. १९९५), डा. के.आइ. सिंहलाई स्वदेश आउन देऊ (२०१२), बाँच र बाँच्न देऊ (२०१४), सीमानाको दीप (२०१५), कवि गोकुल जोशीका सङ्कलित रचना (२०६०) । **पुरस्कार/सम्मान :** नगद पुरस्कार (२०१२) ।

गोपाल अश्क

(साहित्यकार, भोजपुरी/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असोज ३, भेडिहारी -१, पर्सा । **माता/पिता :** पतिया सोनारिन, सुरूज शाह आर्य । **शिक्षा :** एम.ए. (हिन्दी) । **सेवा :** बिमासम्बन्धी । **पहिलो रचना :** लाल गौरैया (कविता, २०४४) । **कृति/सृजना :** कजरी (खण्डकाव्य, २०४७), कवि के जनमकुँडली (गीतिकाव्य, २०५१), नइहर के चुनरी (कहानीसङ्ग्रह, २०५३), अभी बाकी बा (गजलसङ्ग्रह, २०५४), धंधोर (महाकाव्य, २०५५), फुलवा (उपन्यास, २०५५), एक बित्ता के दुरी (नाटकसङ्ग्रह, २०५७), उ भोर ना भइल (गीतसङ्ग्रह, २०५९), जीवनको लेक र बेसी (गजल, २०५६), मानिनी (कवितासङ्ग्रह, २०५५), भोजपुरी नाटक (२०६२), प्रेमान्तर (गजल, २०६२), शंखनाद (२०६८), श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र सानो ठिमीबाट कक्षा ९/१० को भोजपुरी भाषाको पाठ्यपुस्तक लेखन । *कलाकौशल* : नाट्य लेखन, अभिनय, निर्देशन । **सम्पादन/अनुवाद :** गमक (भोजपुरी त्रैमासिक), अञ्जन (नेपाली), सयपत्री (विशेष कथा अङ्क) अङ्कुश (दैनिक पत्रिका), अलिखित (भोजपुरीमा अनु. ध्रुवचन्द्र गौतमको उपन्यास), सम के एकाङ्की (भोजपरीमा डा. केशवप्रसाद उपाध्यायसँग मिलेर अनुवाद, बालकृष्ण समका एकाङ्की) । **पुरस्कार/सम्मान :** लीलाधर मिश्र स्मृति पुरस्कार (२०५४), गंकी वसुन्धरा पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), महाकवि देवकोटा पुरस्कार (२०५६) । नारायणी वाङ्मय सम्मान (वीरगञ्ज), देवकोटा स्मृति सम्मान (कलैया), गजलश्री सम्मान (काठमाडौँ) । **हालको ठेगाना :** रानीघाट -१३, वीरगञ्ज, पर्सा । **फोन :** ०५१-५२१४०९, ५२८६५९, ९८५१०२५६६८ ।

गोपाल कलाप्रेमी

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २००२ साउन २५, विराटनगर, मोरङ । **माता/पिता :** बालकुमारी उपाध्याय, दामोदर उपाध्याय । **शिक्षा :** एम.ए. (अर्थशास्त्र, राजनीतिशास्त्र), बी.एल. । **सेवा :** प्राध्यापन, पेन्टिङ, कानुनी सेवा । **पहिलो रचना :** आधुनिक कला : सङ्क्षिप्त अध्ययन (कलाविषयक लेख, गोरखापत्र, २०२३ पुस) । **कृति/सृजना :** यथार्थवादी र आधुनिक कला रचनाहरू (पुस्तक), पटक-पटक नेपाललगायत जापान, बङ्गलादेश आदि देशहरूमा एकल एवं सामूहिक रूपमा चित्रकला प्रदर्शनी (इ.सं. १९६८ देखि हालसम्म) । **सम्पादन/अनुवाद :** कला सङ्गम (कलाविषयक मुखपत्र) । **पुरस्कार/सम्मान :** कोमेण्डेड प्राइज (सत्रौँ राष्ट्रिय कला प्रदर्शनी, इ.सं. १९८१), ने.रा.प्र.प्र. रजत जयन्ती कला प्रदर्शनीमा दोस्रा पुरस्कार (इ.सं. १९८२), २२औँ राष्ट्रिय कला प्रदर्शनीमा विशेष पुरस्कार (इ.सं. १९८६), सर्टिफिकेट अफ एक्सेलेन्स (रोटरी क्लब अफ विराटनगर, इ.सं. २००२) । प्रतिभा सम्मान (हिडपा साहित्यिक परिवार, विराटनगर, इ.सं. १९९९), थुप्रै प्रशंसापत्रहरू प्राप्त । **हालको ठेगाना :** विराटनगर उ.म.पा. -१०, मोरङ । **फोन :** ०२१-५२२०६७ ।

गोपालकुमार मैनाली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असार १५, निघुरादिन, ताप्लेजुङ । **माता/पिता :** चन्द्रमाया मैनाली, छविलाल मैनाली । **शिक्षा :** एम.ए., बी.एल. । **सेवा :** स्वास्थ्य सेवा (प्रशासन), निजामती । **पहिलो रचना :** प्रकृति प्रेममा लक्ष्मीप्रसाद देवकोटा (लेख, बैँसालु पत्रिका, दार्जीलिङ, २०३७) । **कृति/सृजना :** कविताका आकाशहरू (छोटा कवितासङ्ग्रह, २०५५), विन्दुमा सिन्धू (मुक्तक सङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद :** सर्वनाम बुलेटिन, सरगम मासिक । **पुरस्कार/सम्मान :** सर्वनाम सम्मान (२०५९) । **हालको ठेगाना :** पो.ब.नं. १४२४४, काठमाडौँ /मेचीनगर नगरपालिका -१३, झापा । **फोन :** ४१०८५९६, ९८४१२५३३३३ ।

गोपालकृष्ण आचार्य (जी.के. आचार्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० साउन ९, गीतानगर, चितवन ।

माता/पिता : तारादेवी, हरिप्रसाद आचार्य । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : पत्रकारिता, प्राध्यापन । **पहिलो रचना** : शिक्षाको महत्त्व (निबन्ध, अरुणोदय स्मारिका, २०४२) । **कृति/सृजना** : सरल इकोनोमिक्स (इ.सं. २००२) । **सम्पादन/अनुवाद** : नवसचेतक, नयाँ सृष्टि, नयाँ स्मृति, साहित्य प्रवाह, प्रस्फुरण, श्रमजीवी, विमर्श । **पुरस्कार/सम्मान** : फेलोसिप पुरस्कार (१९९९, २००२, २००३, साकाई लायन्स क्लब तथा इमानिसी मेमोरियल फेलोसिप ट्रस्ट, जापान), राष्ट्रिय निबन्ध पुरस्कार (प्रथम, २०५७, समाज दर्पण परिषद्, काठमाडौँ), राष्ट्रिय निबन्ध पुरस्कार (द्वितीय, २०५९, नेपाल चेम्बर अफ कमर्स, काठमाडौँ) । **हालको ठेगाना** : पो.ब.नं. २१३०४, काठमाडौँ (gkacharya299@yahoo.com) ।

गोपाल कोइराला 'त्यागी' (जी.पी. त्यागी, गोपालप्रसाद)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ साउन २७, इनरुवा, सुनसरी । **माता/पिता** : भागीरथा कोइराला, पद्मलाल कोइराला । **शिक्षा** : बी.ए. (अनर्स) । **सेवा** : सरकारी सेवा (भू-आर्जन अधिकृत), पत्रकारिता, सामाजिक सेवा, राजनीति । **पहिलो रचना** : वि.सं. २०१३ साल विन्दु पत्रिकामा (आसाम, भारत) । **कृति/सृजना** : सम्पत्तिको आतङ्क (उपन्यास, २०५४), नेपाली मुटुको रगतका थोपाथोपा (कवितासङ्ग्रह), मुक्त कल्पना स्मृति (लघुकाव्य) लगायत पाँच कृति प्रकाशित । **सम्पादन/अनुवाद** : समाचार जगत साप्ताहिक, साहित्य सौगात (साहित्यिक), सुनसरी (साहित्यिक) । **पुरस्कार/सम्मान** : वीरेन्द्र-ऐश्वर्य सेवा पदक, दैवी प्रकोप पीडित-उद्धार पदक (दुईपटक) । **हालको ठेगाना** : इनरुवा - ५, सुनसरी । **फोन** : ०२५-५६०१०३ ।

गोपाल गाउँले

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ मङ्सिर २५, मादी, सङ्खुवासभा । निधन : २०५७ जेठ २६, सिक्किम । **माता/पिता** : लक्ष्मी दाहाल, एकनाथ दाहाल । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता (सम्पादन), साहित्य । **पहिलो रचना** : कविता (पञ्चामृत पत्रिका, २०२४) । **कृति/सृजना** : अझ एउटा छोरो जन्माउन बाँकी छ (कवितासङ्ग्रह, इ.सं. १९८२), स्वाभिमानका कुरा (कवितासङ्ग्रह, २०४२), सिक्किमको राजनीतिक इतिहास (२०५९), प्रजातन्त्रका योद्धाहरू (२०५८), गोपाल गाउँलेका सम्पूर्ण रचनावली (२०६१) । **सम्पादन/अनुवाद** : सिक्किम बोल्छ (समाचारपत्र), अर्चना (साहित्यिक पत्रिका), हिमाली वेला (समाचारपत्र), परिवर्तन (समाचारपत्र), निर्माण (सामयिक साहित्यिक सङ्कलन) । **पुरस्कार/सम्मान** : साहित्यमा महत्त्वपूर्ण योगदान दिएबापत "गोपाल गाउँले निर्माण पुरस्कार" एवं "गोपाल गाउँले स्मृति प्रतिष्ठान" को स्थापना (इ.सं. २००३) । **सम्पर्क ठेगाना** : विराटनगर -२१, मोरङ । **सम्पर्क फोन** : ०२५-५३३९४३ ।



गोपालजी नेपाली

(गायक/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ असोज २५, वीरगञ्ज, पर्सा । **माता/पिता** : चिनीमैयाँ, खडानन्दप्रसाद उपाध्याय सिग्देल । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : गैरसरकारी, लेखा, चलचित्र, साहित्य । **पहिलो रचना** : २०१६ सालमा गीतरचना रेकर्ड भई रेडियोबाट प्रसारण / मैले भेटेँ कान्छीलाई (गायन, २०१८) । **कृति/सृजना** : थुँगो (गीतिसङ्ग्रह, २०२१), कोपिला (खण्डकाव्य, २०४६) । जीवनज्योति, धरती र आकाश (चलचित्र, कथा/पटकथा, संवाद, अभिनित चलचित्रहरू : हिजो आज भोलि, श्री स्वस्थानी, नासो, माइली, धरती र आकाश । नौओटा मुख्य वृत्तचित्रको निर्माण । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु चौथो (२०६२) । **हालको ठेगाना** : बखुन्डोल, ललितपुर । **फोन** : ५५२३८६२, ५५२८१४९ ।

गोपाल ढकाल

(रङ्गकर्मी/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ असार ७, हाङदेवा, ताप्लेजुङ । **माता/पिता** : देउमाया ढकाल, रविलाल ढकाल । **शिक्षा** : एम.ए. (मनोविज्ञान) । **सेवा** : रङ्गमञ्च । **पहिलो रचना** :

भोको घर (नाटक, मञ्चन, सांस्कृतिक संस्थान, २०५८)। **कृति/सृजना** : अस्ताएको सूर्य (लघुकथासङ्ग्रह, २०६२)। **हालको ठेगाना** : बालुवाटार, काठमाडौँ। (webmaster@thinking.tk) **फोन** : २०७३१७०।

गोपालदास 'कलाप्रेमी' श्रेष्ठ

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०२२ भदौ १, महाराजगञ्ज, काठमाडौँ। **माता/पिता** : दुर्गादेवी श्रेष्ठ, धर्मदास श्रेष्ठ। **शिक्षा** : बी.एफ.ए.। **सेवा** : अध्यापन (फाइन आर्ट), प्राध्यापन (फाइन आर्ट), प्रशिक्षण। **कृति/सृजना** : रङ्गीन चश्मा (व्यङ्ग्यसङ्ग्रह, २०४६)। एकल चित्रकला प्रदर्शनी : पीस फ्रम लभ (काठमाडौँ आर्ट ग्यालरी, १९९८), द मुज (Muse) (बाम्बु आर्ट ग्यालरी, १९९९), मिलेनियम (होटेल डे'ला अन्नपूर्ण ग्यालेरी, २०००), गोल्ड फिस (बाम्बु आर्ट ग्यालेरी, २०००), कलाप्रेमी वीथ स्टुडेन्ट (सृजना आर्ट ग्यालेरी, २००१), खोज (२००३), सिङ्गल सो इन न्यु दिल्ली (२००३), डार्कर डेज अफ माई कन्ट्री (नाफा आर्ट ग्यालरी, २००५), द बोटल (ग्यालरी नाइन, २००५)। **पुरस्कार/सम्मान** : कार्टुन आर्ट प्रतियोगितामा तृतीय (ने.रा.प्र.प्र., १९८३), ह्यान्डीक्राफ्ट प्रवर्द्धन योजनामा दोस्रो (१९९४), उत्कृष्ट खलनायक (अभिनेता) पुरस्कार (ने.रा.प्र.प्र., १९८५), उत्कृष्ट पुरस्कार (आर्ट फोरम, १९९४), वेष्ट कटेज इन्डस्ट्रियलिस्ट अवार्ड (१९९५), राष्ट्रिय कला प्रतियोगितामा प्रथम (नाफा, १९९६), दोस्रो पुरस्कार (रङ्गलाल वाङ्देल आर्ट, १९९९), अरनिको आर्ट पुरस्कार तथा स्वर्ण पदक (२०००), क्रियटिभ आर्टिस्ट अफ द इयर (नेपाल आर्ट सोसाइटी, २००५) लगायत थुप्रै पुरस्कारहरू प्राप्त। **हालको ठेगाना** : काठमाडौँ -३, (kalapremishrestha@yahoo.com)। **फोन** : ४४२७१३४।

गोपालनाथ योगी

(वाद्यवादक /सङ्गीतकार)

जन्म/स्थान : वि.सं. १९९२ माघ ४, डुम्रिका पाल्पा। **माता/पिता** : शिवकुमारी, धर्मदत्तनाथ योगी। **शिक्षा** : सङ्गीतविद् (खैरागढ), सङ्गीत प्रवीण (इलाहावाद -२०२६)। **सेवा** : रेडियो नेपाल (२०१९), वाद्य विशेषज्ञ (ने.रा.प्र.प्र.-२०२१), प्रशिक्षक : कलानिधि सङ्गीत महाविद्यालय। **पहिलो रचना** : करुणा वाद्यवृन्द (वाद्यसङ्गीत, २०२१)। **कृति/सृजना** : सङ्गीतमा पूर्व र पश्चिम झङ्कार (इ.सं. १९६८), सङ्गीतका विधाहरू, राग, अनुभव, व्यालेट (शास्त्रीय सङ्गीतका गीति एल्बमहरू)। केही नयाँ राग सिर्जना। **सम्पादन/अनुवाद** : थुप्रै वाद्यवृन्द र नृत्यनाटकहरू संयोजन - सम्पादन गरेका। **पुरस्कार/सम्मान** : इन्द्रराज्य प्रज्ञा पुरस्कार (इ.सं. १९८५), शार्क पदक (इ.सं. १९८५), नारायणगोपाल सङ्गीत पुरस्कार (इ.सं. १९९४), वाद्य सम्मेलनमा चारपटक स्वर्णपदक, गोरखा दक्षिणबाहु दोस्रो (इ.सं. १९९६), दीर्घसेवा पदक (ने.रा.प्र.प्र.) आदि। **हालको ठेगाना** : ज्ञानेश्वर, काठमाडौँ। **फोन** : ४४१९५२०।

गोपालनिधि तिवारी

(लेखक, नेपाली/संस्कृत/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९७७ चैत्र कृष्ण द्वादशी, कमलपोखरी, काठमाडौँ। **माता/पिता** : जीवकुमारी, तेजोनिधि तिवारी। **शिक्षा** : आचार्य (शाङ्कर वेदान्त), एम.ए. (अङ्ग्रेजी, त्रि.वि.)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : वेदान्त चर्चा (लेख, गोरखापत्र, १९९९)। **कृति/सृजना** : नेचर एण्ड सोल (अङ्ग्रेजी लेखसङ्ग्रह, २०२५), संस्कृत साहित्य (समीक्षा, २०३०), भगवन्चन्द्रिका (अङ्ग्रेजी, २०३०), नेपाली भाषाको बनोट (भाषाव्याकरण, २०३०), कलङ्कमोचन नाटक सङ्क्षिप्त विवेचना (समीक्षा, २०३५), जगद्गुरु श्री आद्य शङ्कराचार्य (जीवनी, २०४५)। **सम्पादन/अनुवाद** : योगवाशिष्ठ दर्शन (अनु. २०१४)। **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०१३ र २०३१), महेन्द्र विद्याभूषण (२०२०), जानपद सेवा पदक (२०२३), गुणराज व्याख्यानमाला पुरस्कार (२०३५), शिक्षा पुरस्कार (२०३७), दीर्घसेवा पदक (२०३९)। धार्मिक तथा सांस्कृतिक क्षेत्रमा योगदान गरेबापत जगद्गुरु शङ्कराचार्य शताब्दी समारोह समितिद्वारा सम्मान (२०५१)।

गोपाल पराजुली

(बालसाहित्यस्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ जेठ ९, पाँचखाल, भमरकोट, काभ्रे । **माता/पिता** : विष्णुमाया पराजुली, टीकाप्रसाद पराजुली । **शिक्षा** : स्नातक । **सेवा** : निजामती । **पहिलो रचना** : सम्पादकलाई चिठी (गोरखापत्र, २०२१) । **कृति/सृजना** : केही राष्ट्रिय विभूति (भाग १-३), पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी, हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग १-६), नानीको बानी (बाल निबन्धसङ्ग्रह), रूपाको साहस (बालकथासङ्ग्रह), एक दिनको यात्रा (बाल उपन्यास), समयका डोबहरू (कवितासङ्ग्रह), पच्चीस प्रतिभा (जीवनीसङ्ग्रह, भाग १-५), नेसनल हिरोज अफ नेपाल (भाग १, २), पच्चीस प्रतिभा (भाग ५) । **सम्पादन/अनुवाद** : शिशु पत्रिका (शिक्षा विभाग, २०६०) । **पुरस्कार/सम्मान** : राष्ट्रिय बाल पुरस्कार (२०४३, २०४७), बालकथा पुरस्कार (ई १९९०), बाल हितकारी पुरस्कार (२०५७), बालसाहित्य पुरस्कार (शिशु सेवा सदन, विराटनगर, २०५९), देवकुमारी बाल साहित्य पुरस्कार (२०६५) । सृजना सम्मान (सुनकोशी साहित्य प्रतिष्ठान, २०६०), रत्न बालकोषबाट अभिनन्दन (२०५८), बाल साहित्य समाजबाट अभिनन्दन (२०६६) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ । **फोन** : ४४४९४१२ ।

गोपाल पराजुली (गोपालप्रसाद)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ पुस २, कोटेश्वर, काठमाडौँ । **माता/पिता** : थिरकुमारी पराजुली, जीवनाथ पराजुली । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : संस्थान सेवा । **प्रथम रचना** : चरित्र रक्षा (कथा, रूपरेखा, २०३०) । **कृति/सृजना** : गोलार्द्धका दुई छेउ (नाटक, २०३७), सडकपछि सडक (नाटक, २०४६), पृथ्वीमाथि आलेख (काव्य, २०४६), दिशाहीन आकाश (कथासङ्ग्रह, २०५०), हिमालमाथि आलेख (काव्य, २०५३), अर्को दिशा (२०५४), देशमाथि आलेख (२०५५), शब्द शताब्दी (२०५७), समयको प्रस्थान (२०५८), नयाँ ईश्वरको घोषणा (२०६०), समानान्तर सडक (नाटक, २०६३), शताब्दीको एउटा पत्र (२०६९) । **सम्पादन/अनुवाद** : गरिमा (मासिक) । **पुरस्कार/सम्मान** : अन्तर हाईस्कुल पुरस्कार (२०१९), युवा महोत्सव पुरस्कार (२०३१), भानु पुरस्कार (२०३३), ने.रा.प्र.प्र. बाट पदक तथा पुरस्कार (२०३८), साझा पुरस्कार (२०५०), दीपा-जनमत पुरस्कार (२०५०), मदन पुरस्कार (२०६०), मैनाली कथा पुरस्कार (२०६०), परदेश कविता प्रतियोगिता २००३ पुरस्कार (अमेरिका) आदि । गोपालप्रसाद रिमाल सम्मान (२०५६), नेसनल स्कुल अफ साइन्सेज सम्मान (२०६१), लब्ली एङ्गेल्स अङ्ग्रेजी आवासीय विद्यालयद्वारा सम्मान (२०६१), तन्नेरी सम्मान (२०६४), महाकवि देवकोटा शताब्दी स्वर्णपदक (२०६७) आदि । **हालको ठेगाना** : क-१, २५७ कोटेश्वर, काठमाडौँ (gopalparajuli@yahoo.com) । **फोन** : ४११२४२९, ९८४३४८६६६० ।

गोपाल पाँडे 'असीम'

(व्याकरणकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७० जेठ १५, प्याफल, काठमाडौँ । निधन : वि.सं. २०३५ मङ्सिर, काठमाडौँ । **माता/पिता** : टुल्कादेवी पाँडे, लीलाराम पाँडे । **शिक्षा** : आई.ए. । **सेवा** : शिक्षा सेवा, साहित्य, अध्यापन । **पहिलो रचना** : कविता हरायो समस्यापूर्ति, गोरखापत्र, १९९१ । **कृति/सृजना** : पचभैया (खण्डकाव्य, १९९३), उखानसङ्ग्रह (१९९३), सुनीति विरह (काव्य, १९९५), ह्रस्वदीर्घको सवाई (व्याकरण, १९९७), रचना केशर (व्याकरण, २०००), गीतको गीत (२००१), रचना दर्पण (व्याकरण, भाग १, २, ३ - २००१-२०११), निर्वाचनको सवाई (२०१५), 'अश्रुपात'को विवेचना (२०३३), प्रमाणपत्र (लघुनाटक, २०२२), राष्ट्रभाषा साहित्य (भाग ४, ५, ६, ७, ८, बालपाठ्य, संयुक्त लेखन) महेन्द्र माला (भाग ८, संयुक्त लेखन) । **सम्पादन/अनुवाद** : समस्या पूर्ति (कवितासङ्ग्रह, २०१९) । **पुरस्कार/सम्मान** : नगद पुरस्कार (शिक्षा विभाग र ने.भा.प्र.स. बाट 'ह्रस्वदीर्घको सवाई' का लागि, १९९७), प्रवल गोरखा दक्षिणबाहु (२०१६), महेन्द्र प्रज्ञा पुरस्कार (२०३४) । **हालको ठेगाना** : ग १/३३४ डल्लुटोल, काठमाडौँ ।

गोपाल पोखरेल 'विवश'

(सांस्कृतिक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ १०, आँखीभुइँ, सङ्खुवासभा । **माता/पिता** : दमयन्ती पोखरेल, छविलाल पोखरेल । **शिक्षा** : एम.ए. (संस्कृति-पुरातत्त्व), विद्यावारिधि (जातीय संस्कृति) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** :

लिच्छविकालीन नेपालमा आमोद-प्रमोद परम्परा (गोरखापत्र, २०३७) । **कृति/सृजना :** सोसियल सर्भिस इन नेपाल : अ हिस्टोरिकल पर्स्पेक्टिभ (सहलेखन, २०४३), नेपाल अधिराज्यको ऐतिहासिक वृत्तान्त (२०४५) । **सम्पादन/अनुवाद :** सोलिडारिटी एन्ड पीस (जर्नल, ई. २००४) । **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौं /आँखीभुइँ -४, सङ्खुवासभा (nepalaapso@yahoo.com) । **फोन :** ४४२३२३३, ९८५१०९९९०१ ।

गोपालप्रसाद बस्याल 'परिश्रान्त'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ कात्तिक ५, खानीगाउँ, पाल्पा । **माता/पिता :** यमकला बस्याल, गुणाखर बंस्याल । **शिक्षा :** एम.एड. (अङ्ग्रेजी) । **सेवा :** अध्यापन । **पहिलो रचना :** लभ इज डाइङ्ग इन नेपाल, (२०५१) । **कृति/सृजना :** टिचिङ्ग इङ्लिस टु बिगिनर्स (सन् २००३) । **सम्पादन/अनुवाद :** शारदा मासिक (२०५४), प्रवाह त्रैमासिक (२०५७ देखि निरन्तर), तानसेन त्रैमासिक (२०६१), आवर ओकेबाजे (अनु. २०६१), गोस्टस् अफ पाल्पा (अनु. सन् २००३) । **पुरस्कार/सम्मान :** वैकुण्ठध्वज पत्रकारिता पुरस्कार (२०६१) **हालको ठेगाना :** खानीगाउँ-६, पाल्पा । **फोन :** ९८५७०६०२१६ ।

गोपालप्रसाद रिमाल

(नाटककार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४, जेठ १८ लगनटोल, काठमाडौं । निधन: २०३०, कात्तिक ८, काठमाडौं । **माता/पिता :** आदित्यकुमारी, उमाकान्त रिमाल । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, अमिनीमा लप्टन । (यिनको नाममा 'गोपालप्रसाद रिमाल सम्मान' को स्थापना भएको छ ।) **कृति/सृजना :** मसान (नाटक-२००३), यो प्रेम (नाटक-२०१५), आमाको सपना (कवितासङ्ग्रह, २०१९) । **सम्पादन/अनुवाद :** शारदा (मासिक), दर्पण (मासिक) । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०१९), त्रिभुवन पुरस्कार (२०३०) । **सम्पर्क ठेगाना :** ४/८९८ लगनटोल, काठमाडौँ ।

गोपालप्रसाद सङ्ग्रौला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार १६, छातेढुङ्गा, आठराई, तेह्रथुम । **माता/पिता :** लीलादेवी सङ्ग्रौला, इन्द्रमाणि सङ्ग्रौला । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** अध्यापन । **पहिलो रचना :** मेरो देश (कविता, आमा पत्रिका, बनारस, २०२१) । **कृति/सृजना :** जनचेतनाका फिलुङ्गाहरू (कवितासङ्ग्रह, २०४८), हरिमाया (शोककाव्य, २०५२) (प्रकाशोन्मुख : शहीद स्मृति (खण्डकाव्य), गुरुदक्षिणा (महाकाव्य), शहीदकी स्वास्नी (कथासङ्ग्रह)लगायत सातओटा पुस्तकहरू) । **सम्पादन/अनुवाद :** सङ्गम सुधा (आठराई, २०६१) । **हालको ठेगाना :** सुरुङ्गा -४, झापा । **फोन :** ०२३-५५०३३६ ।

गोपाल भण्डारी (गोपालप्रसाद भण्डारी)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ पुस २८, ताङ्खुवा -१, सिँभुवा, धनकुटा । **माता/पिता :** ढककुमारीदेवी भण्डारी, भोग्यप्रसाद भण्डारी । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (भवानी भिक्षुको कथामा मनोविज्ञान) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** कलमसँग (कविता, नेपाल पत्रिका, २०२६) । **कृति/सृजना :** प्रागभानुभक्तीय नेपाली काव्य (२०५३), समालोचनाका केही बान्कीहरू (२०६१) । **सम्पादन/अनुवाद :** पीपल (संस्कृत छात्र पुस्तकालयको मुखपत्र, २०२५), सन्दन (२०३९), दृष्टिकोण (म.ब. क्याम्पसको धरानको मुखपत्र, २०४५), सप्तकोसीको प्रवाह (२०४७), सनातनवाणी (२०५६) । **पुरस्कार/सम्मान :** सैनध्वज - नन्दकुमारी पुरस्कार (२०५५) लगायत अन्य केही साहित्यिक पुरस्कारहरू । नवरङ्ग साहित्यिक सम्मान (झापा, २०५८), कविशिरोमणि साहित्य

सम्मान (विराटनगर, २०६१) । **हालको ठेगाना** : अमरपथ, धरान, सुनसरी । **फोन** : ०२५-५२१८७९ ।

गोपाल योञ्जन

(सङ्गीतकार/गायक/गीतकार)

जन्म/स्थान : वि.सं. २००० भदौ जनैपूर्णिमा, दार्जीलिङ । निधन : २०५४, काठमाडौँ । **माता/पिता** : छेकुडोल्मा, बुद्धिमान योञ्जन । **शिक्षा** : एम.ए. (नेपाली, त्रि.वि.), स्नातक (शास्त्रीय सङ्गीत) । **सेवा** : सङ्गीत, प्राध्यापन, सामाजिक सेवा । **कृति/सृजना** : निशानी-५२ र निशानी-५३ (दुईओटा गीति एल्बम), सङ्गीताञ्जलि (२०२९), गीत मञ्जरी (इ.सं. १९९३), कान्छी, बदलिँदो आकाश, सिन्दुर आदि चलचित्रहरूमा सङ्गीत संयोजन, करिब तीन सय गीतको रचना, सङ्गीत र गायन । **सम्पादन/अनुवाद** : बागिना पत्रिका । **पुरस्कार/सम्मान** : स्वर्णपदक (२०२९), सुप्रबल गोरखा दक्षिणबाहु, छिन्नलता गीत पुरस्कार । उत्कृष्ट सङ्गीतकारको सम्मान (रेडियो नेपाल र शाही नेपाल चलचित्र संस्थान) ।

गोपालराज पन्त

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८, नयाँ बजार, काठमाडौँ । निधन : वि.सं. २०४८ । **माता/पिता** : कमलकुमारी पन्त, टङ्कराज पन्त । **शिक्षा** : आई.ए. । **सेवा** : प्रहरी सेवा । **कृति/सृजना** : सेतो सालिग्राम (हास्य नाटकसङ्ग्रह, २०२६), कर्के आँखा (हास्य नाटकसङ्ग्रह, २०२६) । **सम्पादन/अनुवाद** : तथ्यकथा (द्वैमासिक), प्रहरी, रेडियो प्रहरी कार्यक्रम (निर्देशन) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा, त्रिशक्ति पट्ट, सेवा पदक, प्रहसन द्वितीय (२०१७) आदि । **सम्पर्क ठेगाना** : वसन्त वाग, बालाजु, काठमाडौँ ।

गोपालराज मैनाली (चङ्खे, चतुरे)

(हास्य कलाकार)

जन्म/स्थान : वि.सं. २००० कात्तिक १६, मङ्गलटार, काभ्रे । **माता/पिता** : गणेशकुमारी, रोहिणीप्रसाद मैनाली । **शिक्षा** : बी.ए. । **सेवा** : हास्य अभिनय, निजामती सेवा । युनेस्को क्लब नेपालद्वारा 'हास्य सम्राट्'को सम्मान (इ.सं.२०००) । **पहिलो रचना** : माइला वाजे (कथा, साहित्य पत्रिका) । **कृति/सृजना** : खुसुक्क भन्नुहोस् फच्या ? (क्वाँटीसङ्ग्रह, इ.सं. १९९६) । *अभिनित चलचित्रहरू* : हिजो आज भोलि (इ.सं. १९६७), सिन्दूर (इ.सं. १९८०), भाग्यरेखा (ई १९८०), जीवनरेखा (इ.सं. १०८२), के घर के डेरा (इ.सं. १९८५), सन्तान (इ.सं. १९८७), तिलहरी (इ.सं. १९८९), युगदेखि युगसम्म (इ.सं. १९९१), कसम (इ.सं. १९९२), देउकी (इ.सं. १९९३), नौडाँडा पारि आदि ठूला पर्दाको चलचित्रहरू तथा करिब असीवटा जति नाटकमा अभिनय, टेलिचलचित्र, टेलिविज्ञापनहरूमा अभिनय । **सम्पादन/अनुवाद** : बालपोष (मासिक पत्रिका) । **पुरस्कार/सम्मान** : गाईजात्रे महोत्सवमा पुरस्कृत, (इ.सं. १९७६, १९८०), नवीन पुरस्कार (ई २००१), वासुदेव-विद्यादेवी लुइँटेल पुरस्कार, प्रिया अवार्ड, सर्वश्रेष्ठ हास्य कलाकार, गीताञ्जलि सिने अवार्ड, राष्ट्रिय चलचित्र पुरस्कार लागयत हास्य कलाकारको रूपमा विभिन्न पुरस्कारहरू । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४४९०३३७ ।

गोपाल वैद्य 'किन्जल्क'

(कवि, नेपाली/संस्कृत भाषा)

जन्म/स्थान : वि.सं. १९७८ जेठ २, खलङ्गा, प्युठान । **माता/पिता** : गणेशकुमारी वैद्य, मेघकुमार वैद्य । **शिक्षा** : जी.ए.एम.एस. (आयुर्वेद स्नातक) । **सेवा** : चिकित्सा व्यवसाय । **पहिलो रचना** : संस्कृतको किन्जल्क कणिका (गोरखापत्र, २०४०) । **कृति/सृजना** : हिमाद्रि महिमा (संस्कृत, २०६१), बद्री केदार दर्शन (पद्यात्मक, २०५४), नीति शतकम् (पद्यात्मक, २०५४) । **सम्पादन/अनुवाद** : चाणक्य नीति दर्पण (पद्यानुवाद, २०५४), कुमार सम्भव १, ४, ५ सर्ग (पद्यानुवाद, २०५४), शिव महिमा : स्त्रोत्रम् (पद्यानुवाद, २०५६), विष्णुसहस्त्रनाम (पद्यानुवाद, २०५८), सूक्ति मुक्ताहार (पद्यानुवादसहित, २०५४), लक्ष्मी नृसिंहस्तोत्र, भगवच्छरण (२०५७) स्तोत्र साधनपञ्चकम् कैवल्याष्टक, उपमन्युकृत शिवस्तोत्रहरूको पद्यानुवाद (२०६१) । **पुरस्कार/सम्मान** : योगी नरहरिनाथ ट्रष्ट बानेश्वर, काठमाडौँद्वारा

अभिनन्दन (२०६१), रत्न श्रेष्ठ राष्ट्रिय सम्मान (२०६२), जयतु संस्कृतम् पुरस्कार सम्मान (२०६२) । **हालको ठेगाना** : पोखरा उ.म.पा. - २, कास्की । **फोन** : ०६१-५२०६१७ ।

गोपीन्द्र पौडेल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन ७, लुङ्ग, प्युठान । **माता/पिता** : मीना पौडेल, ईश्वरीप्रसाद पौडेल । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी, प्रगतिवादी नेपाली कथा) । **सेवा** : प्राध्यापन, साहित्य लेखन । **पहिलो रचना** : प्रसङ्ग हास्यव्यङ्ग्यको चर्चा भीमनिधि तिवारीका कविताको (जनजागृति, २०४५) । **कृति/सृजना** : कामरेडमा नाउँ दरिएन (निबन्धसङ्ग्रह, २०५६), सौन्दर्यबोध र समीक्षा विविध (समालोचना, २०५९) । **सम्पादन/अनुवाद** : आलोचना (साहित्यिक त्रैमासिक), कलम (साहित्यिक त्रैमासिक) । **हालको ठेगाना** : लुङ्ग -५, बाहाने, प्युठान । **फोन** : ४३१३२१२ ।

गोपीकृष्ण काफ्ले

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ असोज १५, लामाचौर-५, पोखरा । **माता/पिता** : द्रोणकुमारी काफ्ले, खेमराज काफ्ले । **शिक्षा** : एम.एड. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : अनिवार्य नेपाली व्याकरण, अभिव्यिक्ति र साहित्य (२०५३) । **कृति/सृजना** : भाषा र साहित्य (२०५३, ड्राइभिङ शिक्षा (२०५४) । **सम्पादन/अनुवाद** : यती (त्रैमासिक), विश्वप्रसिद्ध व्यङ्ग्यकथासङ्ग्रह (अनु. २०६२) । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाहरूबाट गरिएको प्रतियोगितामा प्रथम र द्वितीय । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ (gopikphle@hotmdic.com) । **फोन** : ६-६१६०६० ।

गोपीकृष्ण खनाल

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ पुस २९, खाम्लालुङ, समथाङ, तेह्रथुम । **माता/पिता** : पवित्रा खनाल, मनोरथ खनाल । **शिक्षा** : आई.ए. । **सेवा** : सामाजिक सेवा, पत्रकारिता । **पहिलो रचना** : म यहाँ केवल हुलदङ्गा मच्चाउँछु (कविता, बाडुली द्वैमासिक, २०२८) । **कृति/सृजना** : पक्षाघात (कविता-सङ्ग्रह, २०५९), काठमाडौँ-आसामदेखि मुम्बईसम्म (यात्रा-संस्मरण), हाम्रो संस्कृति र कर्तव्य (निबन्धसङ्ग्रह) । **सम्पादन/अनुवाद** : बाडुली (द्वैमासिक, २०२८), विश्वदीप (मासिक, २०३७), भानु (मासिक, सहसम्पादन, २०३९), नयाँ विचार (साप्ताहिक, २०४०), रहर (मासिक, २०४२), मनकामना (साप्ताहिक, २०४७), नयाँ कामना (साप्ताहिक, २०४७), मोती समस्यापूर्ति प्रकाशन समिति मेची । **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत महोत्सव पदक (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), खोमनाथ मिश्र उत्कृष्ट वर्ष लेखक पत्रकारिता पुरस्कार (२०६०), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०६१), अन्य केही साहित्यिक पुरस्काहरू प्राप्त । 'जुही' नवरत्न सम्मान (२०६०), हिडपा साहित्यिक संस्था विराटनगरद्वारा प्रशंसापत्रद्वारा सम्मान (२०४२), नवरङ्ग साहित्यिक संस्था धरमपुर (झापा) द्वारा पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेबापत सम्मान आदि केही अन्य सम्मानहरू । **हालको ठेगाना** : अनारमनी -४, झापा । **फोन** : ०२३-५४०१२५, ५४१४५०, ९८४२६२ ।

गोपीकृष्ण ढुङ्गाना 'पथिक'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ माघ २, गौरादह -७, झापा । **माता/पिता** : चन्द्रकला ढुङ्गाना, दिननाथ ढुङ्गाना । **शिक्षा** : एम.एड. (अङ्ग्रेजी), एमएएमसिजे (पत्रकारिता), बी.ए. (नेपाली) । **सेवा** : पत्रकारिता, प्राध्यापन । **पहिलो रचना** : कर्तव्य (कविता, बिहानी साहित्यिक पत्रिका, २०४७) । **कृति/सृजना** : मौनताका रातहरू (गजलसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : काठमाडौँ गजलसङ्ग्रह (२०६१), काव्यकुञ्ज डटकम । **पुरस्कार/सम्मान** : महाकवि देवकोटा शताब्दी सम्मान (स्वर्णपदक) । **हालको ठेगाना** : काव्य कुञ्ज, गठ्ठाघर, भक्तपुर (gk_dh@hotmail.com) । **फोन** : ०१५६३९५०७, ९८४१३७१४०६ ।

गोपीकृष्ण शर्मा (गौतम)

(समालोचक)

जन्म/स्थान : वि.सं. १९९७ माघ ८, गैरागाउँ, तानसेन, पाल्पा । **माता/पिता** : नन्दकुमारी उपाध्याय, रुद्रनाथ शर्मा उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली), व्याकरणाचार्य । **सेवा** : प्राध्यापन । दायित्व वाङ्मय सम्मान (२०५७) । **पहिलो रचना** : नेपालको चहलपहल (कविता, छात्रदूत, काशी, वर्ष ३, अङ्क ३, २०१४) । **कृति/सृजना** : नेपाल परिचय (भाग १, सहलेखन, २०३०), नेपाली निबन्ध परिचय (२०४०), अवलोकन र विवेचन (समालोचनासङ्ग्रह, २०४४), पौराणिक बालकथा (कथासङ्ग्रह, २०४४), सरल निवन्ध परिचय (२०४८) केही भाषा केही साहित्य (सहलेखन, २०४८), केही कथा उपन्यास केही कविता काव्य (सहलेखन, २०४९), एक भाषा अनेक साहित्य (सहलेखन, २०५०), संस्कृत साहित्यको रूपरेखा (२०५३), मेरो अमेरिका यात्रा (यात्रासंस्मरण, २०६३) । **सम्पादन/अनुवाद** : पाठ्यक्रम विकास पत्रिका (त्रि.वि., त्रैमासिक, २०३६), नेपाली बृहत् शब्दकोश (सहसम्पादन, ने.रा.प्र.प्र. २०४०), सम्झनाका छालहरू (झपटबहादुर राणाको कवितासङ्ग्रह, २०४५), पाल्पा दर्पण (विभिन्न अङ्क), पाल्पा दर्शन (२०६०) । **पुरस्कार/सम्मान** : वाराणसेय संस्कृत विश्वविद्यालय स्वर्णपदक (आचार्यमा सर्वप्रथम २०१९), महेन्द्र विद्याभूषण (२०२०), अर्जुन पदक (त्रि.वि.वि. बाट बी.ए. मा सर्वप्रथम, २०२४), झपट पुरस्कार (२०४५), दीपा जनमत पुरस्कार (२०५४), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), दीर्घसेवा पदक (२०५६, त्रि.वि.), सुप्रवल जनसेवाश्री । **हालको ठेगाना** : शहीदमार्ग, ज्ञानेश्वर, काठमाडौँ । **फोन** : ४४२४६७६/९८४१६०३३३४ ।

गोपीनाथ अर्याल

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. १९७८ भदौ कृष्ण एकादशी, प्युखाटोल, काठमाडौँ । निधन : २०३९ असोज १७ । **माता/पिता** : चोलकुमारी, हेमनाथ अर्याल । **शिक्षा** : आई.ए. । **सेवा** : नाट्यक्षेत्र, अभिनय, रेडियो नेपाल । **पहिलो रचना** : मुकुन्द इन्दिरा नाटकबाट अभिनययात्रा शुभारम्भ (१९९५) । **कृति/सृजना** : मुकुन्द इन्दिरा (अभिनय, १९९७५), प्रह्लाद (अभिनय, १९९६), अन्धवेग (अभिनय/निर्देशन, २०१०), अमरसिंह (अभिनय/निर्देशन, २०१२), भीमसेनको अन्त्य (अभिनय, २०१३), नागानन्द (संस्कृत, निर्देशन, २०१३), मुद्रा राक्षस (संस्कृत, निर्देशन, २०१३), स्वामी रणवहादुर शाह (अभिनय/निर्देशन, २०१४), म (निर्देशन, २०१६), देशको लागि (निर्देशन, २०१८), अमर सिंहको विजय (अभिनय/निर्देशन, २०१८), प्रकृतिको प्रेरणा (निर्देशन, २०१९), भतेर (निर्देशन, २०१९), मुटुको व्यथा (अभिनय/निर्देशन, २०१९), यता कि उता (निर्देशन, २०२२), जिद्दी होइन सङ्कल्प (निर्देशन, २०२३), शिलान्यास (अभिनय/निर्देशन, २०२३), राजेन्द्रलक्ष्मी (अभिनय, २०१३) आदि थुप्रै नाटकहरू । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट अभिनय पुरस्कार (२०२१), दीर्घसेवा पदक (२०२९) । **हालको ठेगाना** : घर नं. ४६३, मैतीदेवी, काठमाडौँ । **फोन** : ४४१३७२३ ।

गोपी मैनाली

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार १, कान्पुर-२, काभ्रेपलाञ्चोक । **माता/पिता** : रेवती मैनाली, केदारनाथ मैनाली । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), एम.पी.ए. (विकास प्रशासन/टेक्सेसन एन्ड बजेटिङ) । **सेवा** : निजामती सेवा (सहसचिव) । **पहिलो रचना** : कविता (आकार पत्रिका, २०३८) । **कृति/सृजना** : अवसाद अभिनयी (निवन्धसङ्ग्रह, २०४०), आँखाभरि रमिता, मनभरि वेदना (नियात्रा दैनिकी, २०६३), प्रत्यक्ष शासन र जनआन्दोलन (समसामयिक, २०६४), राज्य सञ्चालनका आधारहरू (व्यवस्थापन, २०६६), नेपालमा बजेट र योजना (व्यवस्थापन र विकास, २०६७), प्रशासन र सुशासन (व्यवस्थापन, २०६८), युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (२०६८), अभिव्यञ्जना यात्राप्रति (समालोचना, २०६९) । **हालको ठेगाना** : ८२/१६, शङ्खमुल, काठमाडौँ (mainaligopi@gmail.com) । **फोन** : ४७८२४२४, ९८४१३५३९८३ ।

गोपीनाथ लोहनी

(माध्यमिक कालीन साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९०३, काठमाडौँ । निधन : वि.सं. १९७५ । **शिक्षा** : संस्कृत/ अङ्ग्रेजी । **सेवा** : साहित्य । **कृति/सृजना** : ध्रुव चरित्र

(काव्य, १९४३), सत्य दुर्गा (भाषाकाव्य १९४६), नृगचरित्र (१९४८), नलोपाख्यान (१९५२), नलदमयन्ती कथा (१९५६), गफास्टक (१९६३), हरिश्चन्द्रकथा (१९८१) ।

गोपीरमण उपाध्याय

(लेखक/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ जेठ ११, किचनास -५, स्याङ्जा । **माता/पिता** : उमादेवी उपाध्याय, हरिप्रसाद उपाध्याय वाग्ले । **शिक्षा** : स्नातकोत्तर (संस्कृत-साहित्य) । **सेवा** : पत्रकारिता, प्राध्यापन, राजनीति, साहित्य, सम्पादन । **पहिलो रचना** : दर्शनको विकास क्रम (सुस्केरा, २०३६) । **कृति/सृजना** : राजनीतिक शब्द परिचय (२०३८), हिन्दू धर्ममा मानव उत्पीडनका सन्दर्भहरू (२०४९), मार्क्सवादका आधारभूत सिद्धान्तहरू (२०५६), केही दार्शनिक निबन्धहरू (२०५६), मार्क्सवाद सम्बन्धी केही प्रश्न र तिनका सङ्क्षिप्त उत्तरहरू (२०५९), प्रगतिशील साहित्य समालोचना (२०५९), कार्ल मार्क्स जीवनी र कृतित्व (२०६५) लुम्बिनी अञ्चलको नाट्यलेखन र मञ्चनको परम्परा । **सम्पादन/अनुवाद** : दैनिक निर्णय (२०३६), दैनिक लुम्बिनी (२०४५), बौद्धिक जगत् (२०५२), मार्क्सवादी लेनिनवादी दर्शन (२०५५), गुरुवाणी (२०५९), उमाहरि जन्मशताब्दी स्मारिका (२०६५), बुटवल दर्पण (२०६५) । अनुवाद : मार्क्सवादी लेनिनवादी दर्शन (२०५५), प्रशान्त दोन् (लेखक : मिखाइल सोलोखोव, २०५६), चिनियाँ पौराणिक कथा (लेखक : ल्यू सुन, २०५६), परिवार व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति (२०५२), गोगोललाई बेलेन्स्कीको चिठ्ठी (२०६१), आजको युगमा मार्क्सवादको महत्त्व (लेखक : एजाज अहमद, सहअनुवाद, २०६३), भारतीय विवाह संस्थाको इतिहास (२०६३), मानवीय सारतत्त्व (जर्ज थाम्सन, २०६४), आम्दानीको ठाउँ (नाटक, अलेक्सान्द्र ओस्त्रोव्स्की, २०६४), सुप्रसिद्ध केही विदेशी कथाहरू (२०६४), आदिम साम्यवाददेखि दास प्रथासम्मको इतिहास (२०६५), बुद्धिजीवीको निर्माण (अन्तोनियो ग्राम्सी, २०६५), प्राकृतिक भौतिकवाददेखि वैज्ञानिक भौतिकवादसम्म (२०६८) । **पुरस्कार/सम्मान** : सुकमाया लामिछाने बालसाहित्य पुरस्कार (२०६०), सिद्धार्थ सकला वाङ्मय पुरस्कार (२०६४) । **हालको ठेगाना** : बुटवल -९, रूपन्देही । **फोन** : ०७१-५४३४९५, ९८४७०९२३४१ ।

गोपी सापकोटा

(नाटककार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ भदौ ६, बागलुङ । **माता/पिता** : गङ्गादेवी सापकोटा, टीकाराम सापकोटा । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी साहित्य) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मैले गुप्तचरहरूबाट पाएको सन्देश (कविता, शहीद पत्रिका, २०४७) । **कृति/सृजना** : एक अन्त्य एक सुरुआत (कवितासङ्ग्रह, २०५२), पूर्णविराम (नाटकसङ्ग्रह, २०५५), कमिलाको सपना (बालकथासङ्ग्रह, २०५७), खरानी (नाटकसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : सुनकेस्रा (मासिक बालपत्रिका, २०५३) । **पुरस्कार/सम्मान** : नवकविता प्रतिभा पुरस्कार (२०५१), जमर्को बालपत्रकारिता पुरस्कार (२०५८) । **हालको ठेगाना** : कोपुण्डोल, ललितपुर /गैंडाकोट -५, नवलपरासी (gopisapkota@yahoo.com) । **फोन** : ०५६-५०१४४९ ।

गोमा (गोमा उपाध्याय)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२ जेठ, पर्वत । निधन : ३० जुलाई २००२ । **माता/पिता** : नन्दकुमारी, लक्ष्मीकान्त उपाध्याय । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : जलन (कविता, शारदा पत्रिका, वि.सं. १९९५) । **कृति/सृजना** : जलन (कवितासङ्ग्रह, २०३७), साहित्यिक फूलबारीका फूलहरू (समालोचना, २०३७), बाँच्ने रहर (कवितासङ्ग्रह, २०३९), कार्यशील महिलाको भूमिका (निबन्धसङ्ग्रह, २०३९), मातृव्यथा (कवितासङ्ग्रह, २०४१), इन्दु (खण्डकाव्य, २०४२), कवि म.वी.वि. शाहका काव्य प्रवृत्ति (समालोचना, २०४२), तिरष्कृत आत्मा (खण्डकाव्य, २०४३), नेपाल भारतका केही नारी प्रतिभा नारी परिचय (जीवनीसङ्ग्रह, २०४४), केही अनुसन्धानात्मक अभिव्यक्ति (२०४५), अञ्जु (खण्डकाव्य, २०४६), पौराणिक नारी परिचय (जीवनीसङ्ग्रह, २०४८), चार नारी हस्ताक्षरहरू (समालोचना, २०४९), मानव धर्म र आस्था (कवितासङ्ग्रह, २०५०), चाँदनी शाहको काव्य संसार (समालोचना, २०५१), मानव धर्म र आस्था (२०५१) । **सम्पादन/अनुवाद** : युगश्री, कर्मिका । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०२४),

दीर्घसेवा पदक (२०४०), लोकप्रियदेवी पुरस्कार (२०४४), मैना पुरस्कार (२०५०), गोपाल पाँडे असीम पुरस्कार (२०५३), प्रबल गोरखा दक्षिणबाहु (इ.सं. १९९९), सरस्वती पुरस्कार (२०५६), युगकवि सिद्धिचरण श्रेष्ठ काव्य पुरस्कार (इ.सं. २००१), पुष्पराज कृष्ण प्यासी राजभण्डारी सम्मान पुरस्कार (इ.सं. २००१) । **सम्पर्क ठेगाना** : क्षेत्रपाटी, काठमाडौँ । **फोन** : ४२१२९०७ ।

गोरखबहादुर सिंह

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ फागुन १०, लुङ -४, प्युठान । निधन : २०६९ । **माता/पिता** : चेतनाकुमारी सिंह, ईश्वरबहादुर सिंह । **शिक्षा** : एम.पी.ए., एम.एड.(त्रि.वि.) । **सेवा** : निजामती, शिक्षा सेवा । **पहिलो रचना** : मुष्ठिदान, खनौँ राजमार्ग (बिरुवा, २०२०) । **कृति/सृजना** : *बालसाहित्य* : खप्तड (सन्दर्भसामग्री, २०४०), बिर्सन नसकिने मान्छे (सन्दर्भसामग्री, २०४०), जातपातको कथा (सन्दर्भसामग्री, २०४१), अल्छीको औषधि (कथासङ्ग्रह, २०५७), चतुरेको चर्तिकला (भाग १-२, बालकथा, २०५८/६०), खरायो र कछुवाको दौड (बालचित्रकविता, २०६०), सुनको सियो (कथासङ्ग्रह, २०६०) । भाषणको तयारी (कथासङ्ग्रह, २०४९), आलुप्याज/प्याजआलु (कथासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : बाल सन्दर्भ सामग्री, पहिरो थुप्रिएको बगर (लघुकथासङ्ग्रह, २०५५), ८० दिनमा विश्व भ्रमण (उपन्यास, अनुवाद, २०५८) । **सम्पर्क ठेगाना** : लुङ-४, प्युठान । **फोन** : ४४७४७१४ ।

गोवर्द्धन पूजा (राजेन्द्रलाल श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ भदौ जनैपूर्णिमा, चैनपुर-८, चितवन । **माता/पिता** : शान्तिलक्ष्मी श्रेष्ठ, श्यामलाल श्रेष्ठ । **शिक्षा** : एम.ए. (भूगोल, नेपाली) । **सेवा** : पत्रकारिता, प्राध्यापन, स्वास्थ्यसेवा । **पहिलो रचना** : आज (कविता, प्रतिभा त्रैमासिक, २०४६) । **कृति/सृजना** : असहमतिका पाइलाहरू (संयुक्त कथासङ्ग्रह, २०५०), शून्यताको आँचलभित्र (उपन्यास, २०५३), धर्तीको धूलो (गजलसङ्ग्रह, २०५४), अब इतिहास रुँदैन (उपन्यास, २०५५), पीडा अवतार (कवितासङ्ग्रह, २०५७), वाचाल ओठहरू (कवितासङ्ग्रह, २०६१), गाथा (गजलसङ्ग्रह, २०६२), प्रेमअवतार (कवितासङ्ग्रह, २०६३), विक्रीमा यो जिन्दगी (गजलसङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : वृष्टि (स्मारिका, २०४८), अनावरण (स्मारिका २०४९), आकाश (मासिक, २०४९), प्रतिविम्व (मासिक, २०५०), राष्ट्रशक्ति (साप्ताहिक, २०५८), नव समानान्तर (साप्ताहिक, २०५४), हिन्दू (साप्ताहिक, २०५३), कालान्तर (साप्ताहिक, २०५२), मधुरस (मासिक, २०५३), आकाश गङ्गा (विशेषाङ्क, २०५३), अन्नपूर्ण पोष्ट (दैनिक, २०५९) लगायतका तीन दर्जन जति पत्रिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : नव कविता पुरस्कार (२०५५), भानुभक्त लेखन पुरस्कार (२०५५), लालीगुराँस युवा सम्मान (२०५५), ने.रा.प्र.प्र. कविता महोत्सव - द्वितीय पुरस्कार (२०५७), नारायणी वाङ्मय पुरस्कार (२०५७), श्री ५ ऐश्वर्य शुभजन्मोत्सव कविता महोत्सवमा प्रथम (२०५७), युवा वर्ष प्रतिभा पुरस्कार (२०५९), युवावर्ष मोती पुरस्कार (२०६५), आदि पुरस्कारहरूलगायत हरिभक्त कटुवाल युवा सम्मान (२०५९), गजलश्री सम्मान (२०५९), नयाँ नेपाल राष्ट्रप्रेम सम्मान (२०६३), जनमत-जनक सेवा सम्मान (२०६४), राष्ट्रिय सेवा सम्मान (२०६४), दामोदर पुडासैनी प्रतिभा सम्मान (२०६५) साथै अन्य सम्मानहरू । **हालको ठेगाना** : सिनामङ्गल, काठमाडौँ (gpooja1970@gmail.com) । **फोन** : ४४९१३७५, ९८४१२२१४२९ ।

गोविन्द आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ भदौ २७, लक्ष्मीपुर -९, दाङ । **माता/पिता** : रूपसा आचार्य, पद्मप्रसाद उपाध्याय । **शिक्षा** : विद्यावारिधि (राप्ती अञ्चलको लोकगीतको विश्लेषण) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : चकचकी (कविता, २०४१) । **कृति/सृजना** : सुसेली (गीतसङ्ग्रह, २०४१), प्रेयसी (खण्डकाव्य, २०५२), स्मृतिमा (गीतसङ्ग्रह, २०५४), राप्ती (खण्डकाव्य, २०५५), आमा (कवितासङ्ग्रह, २०५९), २५० भन्दा बढी गीत गायन रेकर्ड, पाँच दर्जनजति गीतमा सङ्गीत भरिसकेको, तीन सयभन्दा बढी लोकगीत सङ्कलन । **सम्पादन/अनुवाद** : रापतीका गीत (राप्ती अञ्चलका प्रतिनिधि गीतकारहरूका रचना, २०६०), छन्दमा राप्ती (छन्दोबद्ध राप्ती अञ्चलका प्रतिनिधि कविता, २०६१),

नवपालुवा (वाल साहित्यिक पत्रिका, अतिथि सम्पादक, २०६१) । **पुरस्कार/सम्मान** : राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा स्वर्ण र काँस्यपदक (२०४३/४४), उत्कृष्ट युवा पुरस्कार (नेपाल जेसिस, साहित्य सङ्गीत, इ.सं. १९९८), घनश्याम पुरस्कार (२०५२, राप्ती साहित्य परिषद्, दाङ), कृष्णप्रसाद स्मृति सर्जक पुरस्कार (दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान, २०५७), सांस्कृतिक महोत्सव पुरस्कार (दाङ, २०५८) । **हालको ठेगाना** : लक्ष्मीपुर -९, दाङ । **फोन** : ५६०१४४ / ५६००३२ ।

गोविन्द कोइराला

(नाट्यकर्मी, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० जेठ १०, वीरेन्द्रनगर, सुर्खेत । **माता/पिता** : कृष्णदेवी कोइराला, पशुपतिभक्त कोइराला । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : रङ्गमञ्च प्रशिक्षण । **पहिलो रचना** : आमा (कविता, २०४७) । **कृति/सृजना** : १०० भन्दा वढी नाटक लेखन, मञ्चन, राष्ट्रिय नाटक महोत्सवमा सहभागी (निर्देशन, अभिनय) । **सम्पादन/अनुवाद** : प्रेस मेसेज (२०५५), सुसेली (साप्ताहिक), फूलबारी (त्रैमासिक, २०६०) । **पुरस्कार/ सम्मान** : कला, संस्कृतिकर्मीका रूपमा कविता प्रतियोगितामा पुरस्कृत । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, सुर्खेतद्वारा सम्मान (२०६१) । **हालको ठेगाना** : वीरेन्द्रनगर-१०, सुर्खेत (koiralantv@yahoo.com) । **फोन** : ०८३-५२००६४ ।

गोविन्द गिरी 'प्रेरणा'

(उपन्यासकार/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५, वैशाख ५, टेक्कर भन्सार, मकवानपुर । **माता/पिता** : विष्णुमाया गिरी, रामबहादुर गिरी । **शिक्षा** : बी.कम. । **सेवा** : त्रि.वि., लेखा शाखा, पत्रकारिता । **पहिलो रचना** : किनारा (कथा, आस्था, २०३४) । **कृति/सृजना** : सुतेको समुद्र (कथासङ्ग्रह, २०४०), अन्तराल (कथासङ्ग्रह, २०४६), उत्खनन (उपन्यास, २०४५), स्वप्नकथा जारी छ (कवितासङ्ग्रह, २०४९), पाखण्ड पर्व (उपन्यास, २०५०), अचानक एक दिन (कवितासङ्ग्रह, २०५३), फेरो (यात्रासंस्मरण, २०५३), अन्तिम खाडल (उपन्यास, २०५३), मात्र एक रात (कवितासङ्ग्रह, २०५३), फूलहरू केही त बोल (कवितासङ्ग्रह, २०५५), यात्रा : अनन्त (कथासङ्ग्रह, २०५५), टिष्टाको किनारैकिनार (यात्रासंस्मरण, २०५५), ब्रह्मपुर र अरू एकाङ्की (नाटक तथा एकाङ्कीसङ्ग्रह, २०५५), फूलहरू केही त बोल (कवितासङ्ग्रह, २०५६), राजमार्गका सुन्दरीहरू (कवितासङ्ग्रह, २०५६), दुई दशकका आवाज (कवितासङ्ग्रह, २०५९), पाउली बुलु (निबन्धसङ्ग्रह, २०६०), प्रजातन्त्रको काफल पाक्यो हजुर (व्यङ्ग्य, २०६१), गुड बाई अमेरिका (यात्रासंस्मरण, २०६२), तेलको धूप (समीक्षा, २०६२) । **सम्पादन/अनुवाद** : लघुकथा, अन्यथा, दीपिका (मासिक), दीपज्योति (मासिक), समकालीन नेपाली साहित्य (संयुक्त सम्पादन), समकालीन नेपाली कविताको रूपयात्रा (संयुक्त सम्पादन, २०५३), ध्रुवचन्द्र गौतमका एकाउन्न कथाहरू (कथासङ्ग्रह), केही परख : कदीका (भूमिकाहरू, २०५५), भाषान्तर (त्रैमासिक), इकेदाका कविता र निबन्ध (अनु., २०५६), जापानी साहित्यको सङ्क्षिप्त झलक (अनु. २०५८) । **पुरस्कार/सम्मान** : नारायणी वाङ्मय पुरस्कार (२०४६), उन्नयन पुरस्कार (२०५३), मैनाली कथा पुरस्कार, शिवप्रसाद उन्नयन पुरस्कार (२०५३), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (संयुक्त रूपमा, २०५३) । **हालको ठेगाना** : गैरीगाउँ, तीनकुने, काठमाडौं । **फोन** : ४४८७९४९ ।

गोविन्द टण्डन (गोविन्दबहादुर)

(लेखक/संस्कृतिविद्, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ वैशाख १९, बत्तीसपुतली, काठमाडौँ । **माता/पिता** : मेघकुमारी, महेश्वरबहादुर टण्डन । **शिक्षा** : स्नातकोत्तर (इतिहास, संस्कृति तथा पुरातत्त्व), विद्यावारिधि (पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन) । **सेवा** : प्राध्यापन, धर्म, संस्कृति, पुरातत्त्व, सामाजिक सेवा, व्यवसाय, ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्) । **पहिलो रचना** : सम्पादकलाई चिठी (गोरखापत्र, २०३१) । **कृति/सृजना** : काठमाडौँ अधित्यकाका गणेश मूर्तिहरू (२०४२), नेपालमा गुठी व्यवस्था (२०४५), पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (भाग १-२, २०५३, २०५५), म्याप अफ देवपाटन (प्रो. डा. एक्सल मिखाइलसँग सहलेखन, इ.सं. १९९४), पशुपतिक्षेत्रका मठ-मन्दिरहरूको सञ्चालन र अवस्था (२०५४), संस्कृति संरक्षण : केही लेख केही विचार (२०५५), समाज र राष्ट्रको

उत्थानमा गुठीहरूको भूमिका (२०५६), राई बाबासँग साक्षात्कार (२०६१) । **सम्पादन/अनुवाद :** यासुमासा ओइजुमी, नेपालमा तरकारी खेती (२०३९), यासुमासा ओइजुमी, पालुङक्षेत्रमा कृषकहरूका लागि तरकारी खेतीको तरिका र केही निर्देशनहरू (२०४२), जुञ्जी ताकाहासी, तरकारीको बीउ उत्पादन र रासायनिक मलको प्रयोग (२०४२), कृषकहरूको लागि धान खेतीको प्रारम्भिक पुस्तक (२०४२) *(सबै नेपालमा कृषि विकासमा संलग्न जापानी विशेषज्ञहरूलाई नेपालका कृषकहरूको लागि आवश्यक पर्ने पुस्तकहरू सम्पादन)*, अभिलाषा (सम्पादन, २०४२), योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ (सम्पादन, २०५६), नेपालको इतिहासका विविध पक्ष (ने.रा.प्र.प्र., २०५८), तराईका कृषि प्राविधिज्ञको लागि सिञ्चित कृषिको व्यावहारिक उत्पादन प्रविधि पुस्तक *(अङ्ग्रेजीबाट अनु., २०४१)*, हिन्दूहरूको आराध्यदेव श्री पशुपतिनाथ (२०४५), रमण महर्षिकृत उपदेशसार (२०५४), आद्य शङ्कराचार्यकृत तत्त्वबोध (२०५२), स्वामी चिन्मयानन्दद्वारा गरिएको व्याख्यानसहितको श्रीमद्भगवतगीता (२०६०) *(सबै हिन्दीबाट अनु.)* । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), वक्तृत्वकला प्रतियोगितामा प्रथम भई स्वर्णपदक (सामाजिक सेवा दिवस, २०४०), 'नेपालमा गुठीव्यवस्था र राष्ट्रको उत्थानमा यसको भूमिका' विषयक शोधग्रन्थ प्रतियोगितामा प्रथम भई स्वर्णपदक, सार्क पदक (२०४४), महेन्द्र विद्याभूषण प्रथम (२०५२), झपटसिंह पुरस्कार (२०५४), गुणराज पुरस्कार (२०५५), भूपालमानसिंह कार्की धर्म पुरस्कार (२०६०) । **हालको ठेगाना :** श्री राममन्दिर मार्ग -२०८, बत्तीसपुतली, काठमाडौँ । **फोन :** ४४७०९९७, ९८५१०३०६७२ ।

गोविन्दनारायण 'ज्यापू' (ज्यापूमास्टर)

(मूर्तिकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९२६ अगष्ट १५, भीमसेनथान, काठमाडौँ । **माता/पिता :** देवमाया डङ्गोल, तुलसीनारायण डङ्गोल । **शिक्षा :** कला प्रवीण, यफ आर्ट एड. (अमेरिका), डी.सी.सी. (यू.के.), एल.टी. (फिलिपिन) । **सेवा :** अध्यापन, प्राध्यापन, प्रशिक्षण । **पहिलो रचना :** पटनामा मूर्तिकला प्रदर्शनी (इ.सं. १९५३) । **कृति/सृजना :** चित्रकला विभान (पुस्तक, २०२३), दृश्यात्मक शिक्षा सामग्री (२०२५), क्याम्प फाएर बुक (२०३४), एइड टु रोभर स्काउटिङ (२०४६) । मूर्तिकला प्रदर्शनी (काठमाडौँ, इ.सं. १९५४, १९५५, १९६६, १९६९, १९७०), गान्धी, नेहरू, त्रिभुवन (माटो), रेलिफ र राउण्डसमेत, श्री ३ जुद्धशमशेर ज.व.रा. (राजकीय पोशाकमा), माछाहरू (ढुङ्गामा, नारायणहिटी राजदरवारमा चढाएको), राजा महेन्द्रको माटोको प्रतिमा (नारायणहिटी राजदरवार), ओरिगन विश्वविद्यालय (यू.एस.ए.) अर्धकदको ढुङ्गामा गौतम बुद्धको मूर्ति (कुँडी म्यूजियम), अमेरिकाका झण्डाका ३ राष्ट्रपति (वासिङ्टन, लिंकन र आइजन हावरको मूर्ति, ह्वाइट हाउस) । नेपाललगायत भारत, अमेरिका आदि राष्ट्रहरूमा कला सङ्गृहीत । **सम्पादन/अनुवाद :** नेपाल स्काउटको वुलेटिन (२००९), नेपाल प्रहरी पत्रिकाको विशेषाङ्क, श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ (२०५९), श्री ५ त्रिभुवन स्मारक समिति स्वर्णजयन्ती स्मारिका (२०६१), श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य तथा श्री वडामहाराजाधिराज पृथ्वीनारायण शाह (शुभविशेषाङ्क) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणवाहु (चौथा : इ.सं. १९६६ र तेस्रो), प्रथम पुरस्कार (राष्ट्रिय कला प्रदर्शनी, नाफा, इ.सं. १९६९), सुनौला स्काउट पदक, सुनौला गैँडा, प्रोफेस्नल स्काउटर पदक, जानपद पदक, दीर्घसेवा पदक, शिक्षा सेवा पदक, नेपाल स्काउट स्वर्ण जयन्ती पदक, विशेष सेवा पदक, कला र हस्तकला नगदसहित पुरस्कार (नाफा), श्री ५ वडामहारानी ऐश्वर्यवाट नगदसहित पुरस्कार, रूपैला पदक र नगद पुरस्कार आदि थुप्रै पुरस्कारहरू प्राप्त । प्रेसिडेन्ट सम्मान (अमेरिका) । **हालको ठेगाना :** ज्यापू छें, ४४ न्हुसाः मार्ग, काठमाडौँ । **फोन :** ४२४५३६०, ९८४१२९३५७४ ।

गोविन्द न्यौपाने

(समाजशास्त्रीय लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२, गोगने, भोजपुर । **पिता :** लीलाबल्लभ न्यौपाने । **शिक्षा :** स्नातक । **सेवा :** गैरसरकारी, राजनीति । **कृति/सृजना :** सामाजिक विकासको विवेचना (इ.सं. १९९९), नेपालको जातीय प्रश्न (इ.सं. २०००), नेपाली समाजको रूपान्तरण (इ.सं. २०००), नेपाली क्रान्तिको राजनैतिक परिवेश (इ.सं. २००२), नेपालीज माइग्रेन्ट इन् दिल्ली (अङ्ग्रेजी, इ.सं. २००५) । **हालको ठेगाना :** neupaneg1987@yahoo.com ।

गोविन्दप्रसाद घिमिरे (जी.पी. काश्यप)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ जेठ ५, चरम्बी, भोजपुर । **माता/पिता :** रमादेवी घिमिरे, टीकाप्रसाद घिमिरे । **शिक्षा :** संस्कृत

मध्यमा । **सेवा** : अध्यापन । जुही रत्नद्वारा सम्मान (जुही प्रकाशन, झापा, २०५९) । **पहिलो रचना** : कोशी (कविता, कोशी अञ्चल पत्रिका, २०२४) । **कृति/सृजना** : नारी-सन्देश (खण्डकाव्य, २०५९), अभ्यर्थना (कवितासङ्ग्रह, २०६३), परिचय (महाकाव्य, २०६४) । **सम्पादन/अनुवाद** : कन्काई प्रवाह (२०६८) । **हालको ठेगाना** : सुरुङ्गा -९, झापा । **फोन** : ०२३-६९००३७, ९८४२६२४४९६ ।

गोविन्दप्रसाद घिमिरे 'वेदमणि'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ वैशाख ९, जोरपाटी -४, काठमाडौँ । **माता/पिता** : झम्केश्वरी घिमिरे, हरिप्रसाद घिमिरे । **शिक्षा** : आचार्य (संस्कृत) । **सेवा** : निजामती, साहित्य, अभिनयका संस्थापक । **पहिलो रचना** : पानी समान ज्ञानी (कविता, २०२७, गोरखापत्र) । **कृति/सृजना** : डायरीको पानाबाट (कवितासङ्ग्रह, २०५६), श्रद्धाञ्जलि (गीतिकाव्य, २०५७), शहीद (कवितासङ्ग्रह, २०५८), युगनायक (महाकाव्य, २०५९), मृत्युचक्र (महाकाव्य, २०६०), सत्य प्रसङ्ग (धार्मिक लेखमाला, २०६०), प्रेरणा (महाकाव्य, २०६०), देवस्तुति (एलबम, २०६०), धर्मदूत (खण्डकाव्य, २०६१), आमा (खण्डकाव्य, २०६१) । **सम्पादन/ अनुवाद** : अभिनव साहित्यिक पत्रिका । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०४९) । **हालको ठेगाना** : जोरपाटी -४, काठमाडौँ (gpavinawa@yahoo.com) । **फोन** : ४९१५२९६, ९८४३२३४४५९ ।

गोविन्दप्रसाद ढुङ्गाना

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९७५ श्रावण शुक्ल नवमी, धौबुङ्गल महाराजगञ्ज, काठमाडौँ । **निधन** : २०२५ वैशाख शुक्ल नवमी, वनारस । **शिक्षा** : साहित्यशास्त्री । **सेवा** : बिचारी (निजामती सेवा) **कृति/सृजना** : छन्दोहार (छन्दशास्त्र, २००१), रस दर्पण (रस विवेचन, २०१५), मीनामोहन (काव्य, २०२१) । **सम्पादन/अनुवाद** : गोविन्द कविता कुञ्ज (कवितासङ्ग्रह, भाषा प्रकाशिनी समितिमा प्रकाशनार्थ दिएको) । **सम्पर्क फोन** : ४४३९६२१ ।

गोविन्दप्रसाद पाण्डे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० माघ १४, हाँकु, गिडिखोला, जुम्ला । **आमा/बाबु** : रक्षादेवी, भक्तप्रसाद पाण्डे । **शिक्षा/विषय** : स्नातक । **सेवा** : समाजसेवा । **कृति/सृजना** : देउडा विगतदेखि वर्तमानसम्म (२०६०) । **सम्पादन/अनुवाद** : कसमको मुखपत्र (कर्णाली सशक्तिकरण मञ्च, नेपालगञ्जद्वारा प्रकाशित, २०५९), मातृभूमिको सन्देश मुखपत्र (मातृभूमि विकास मञ्च, नेपालगञ्जद्वारा प्रकाशित, २०६१) । **पुरस्कार/पदक** : अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा प्रथम (२०५७) । **हालको ठेगाना** : हाँकु-६, जुम्ला (pandaygovinda@hotmail.com) । **फोन** : ०८१-५२६६२६ ।

गोविन्दप्रसाद भट्टराई

(महाकाव्यकार, अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६७ असोज ८, झाँगाझोली, परेवाडाँडा, सिन्धुली । **निधन** : २०४२ साउन २९) । **माता/पिता** : विष्णुकुमारी भट्टराई, जगन्नाथ भट्टराई । **शिक्षा** : आचार्य (संस्कृत साहित्य) । **सेवा** : अध्यापन, प्राध्यापन । अनुसन्धान विद्वद्वृत्ति (ने.रा.प्र.प्र.) । **पहिलो रचना** : पृथ्वी महेन्द्र (महाकाव्य, २०१७) । **कृति/सृजना** : भावना (महाकाव्य, २०२०), पञ्चायत व्यवस्था - पृष्ठभूमि र आधार (२०२५), पूर्वीय काव्य सिद्धान्त (२०३१), कवि जगन्नाथ भट्टराईको जीवनी (२०३४), सत्य सङ्कल्प (उपन्यास, २०३७), नेपाल र नेपाली (जाति, भाषा, साहित्य (२०३७), मूर्तिकला (लक्षणसहित प्राचीन नेपाली मूर्तिहरू, २०४१) । **सम्पादन/अनुवाद** : रामाङ्क नाटिका (अनु., २०३२), वृत्तकल्पलतिका (अनु., २०३२), महामुनि भरतको नाट्यशास्त्र

(अनु., २०३९), श्रीमद्भगवतगीता (अनु. र व्याख्या, २०४२)। **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०२६)। **सम्पर्कको ठेगाना** : काठमाडौँ। **सम्पर्क फोन** : ४४१३०८९।

गोविन्दप्रसाद भट्टराई



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ माघ, रावा लामिडाँडा, खोटाङ। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : टुपी (निबन्ध, गोरखापत्र, २०३०)। **कृति/सृजना** : केही कवि : केही कविता (कवितासङ्ग्रह, संयुक्तलेखन २०४३), काव्यिक आन्दोलनको परिचय (समालोचना, २०४९)। **सम्पादन/अनुवाद** : आरम्भ (साप्ताहिक)। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (इ.सं. १९७९), लारी स्वर्णपदक (इ.सं. १९७९), उपत्यकाव्यापी अन्तरक्याम्पस निबन्ध प्रतियोगितामा प्रथम भई स्वर्णपदक (२०३५), अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार (२०३८), अन्य विभिन्न पुरस्कारहरू प्राप्त। **हालको ठेगाना** : अनामनगर घट्टेकुलो, काठमाडौँ।

गोविन्दप्रसाद लोहनी

(समालोचक/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ कात्तिक, न्हैकन्तला, काठमाडौँ। **माता/पिता** : गङ्गाकुमारी, दीपकेश्वर लोहनी। **शिक्षा** : एम.ए. (अर्थशास्त्र)। **सेवा** : साहित्य, कूटनीति (राजदूत), राजनीति, बैङ्किङ सेवा। **पहिलो रचना** : प्रोटिनको समस्या (लेख, गोरखापत्र, २००८)। **कृति/सृजना** : कामरेड जाने होइन ? (२००८), आजको चीन (२००९), नेतृत्वको भोक (कथासङ्ग्रह, २०१०), यो हो सोभियत रुस (२०११), द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद (२०११), चिनियाँ जनसङ्घर्षको इतिहास (२०१२), मार्क्सवादी अर्थशास्त्र (२०१२), नेपालमा भूमि सम्बन्धको इतिहास (२०२२), नेपालमा भूमि सुधार उपलब्धिको मूल्याङ्कन (२०२३), आउटलाइन अफ नेपलिज् इकोनोमिक्स (२०४३), कलेक्टेड आर्टिकल्स (२०४४), गोविन्द लोहनीका दार्शनिक रचनाहरू (२०६९)। **सम्पादन** : जनविकास (पत्रिका, २००९)। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु तेस्रो (२०१६), रत्नश्री पुरस्कार (२०१९)। **हालको ठेगाना** : ख १/४५२ घट्टेकुलो, डिल्लीबजार, काठमाडौँ। **फोन** : ४४१४४५९।

गोविन्दप्रसाद सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७६ पुस १२, सिम्पानी, सुवेदीगाउँ, लमजुङ। **माता/पिता** : पद्मा सुवेदी, कमलापति सुवेदी। **शिक्षा** : आचार्य (सर्वदर्शन, साहित्य, वैद्यरत्न, व्याकरण), एम.ए. (अङ्ग्रेजी)। **सेवा** : प्राध्यापन, प्रधानाचार्य। **पहिलो रचना** : उठ रे विद्वद्सिंह विशाल (कविता, छात्रदूत पत्रिका, वाराणसी)। **कृति/सृजना** : उठ रे विद्वद्सिंह विशाल (कवितासङ्ग्रह, २०४०)। **सम्पादन/अनुवाद** : देवीभागवत महापुराणको नेपाली अनुवाद (चतुर्थस्कन्धसम्म), स्कन्दपुराण हिमवत्खण्डको नेपाली अनुवाद कार्यको सम्पादन, 'गाण्डीवम्' संस्कृत दैनिक, सहसम्पादक)।

गोविन्दबहादुर कुँवर (माझ्रे माइलो, विप्लव शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ भदौ १८, बलिथुम, रातमाटा, लमजुङ। **माता/पिता** : बुधकुमारी कुँवर, थमानसिंह कुँवर। **शिक्षा** : बी.ए., बी.एड.। **सेवा** : अध्यापन। **कृति/सृजना** : समयका पदचापहरू (कवितासङ्ग्रह, २०४७)। **सम्पादन/अनुवाद** : दूधपोखरी (लमजुङको प्रतिनिधि कविता सँगालो)। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव - तृतीय (२०४३)। **हालको ठेगाना** : भोटेओडार, लमजुङ।

गोविन्दबहादुर मल्ल 'गोठाले'

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९, असार २६ गते, ओम्बहाल, काठमाडौँ। **निधन** : २०६७ मङ्सिर २७। **माता/पिता** : आनन्दमाया मल्ल, ऋद्धिबहादुर मल्ल। **शिक्षा** : आई.एस्सी.।

सेवा : निजी व्यवसाय, ने.रा.प्र.प्र. (आजीवन सदस्य) । **पहिलो रचना** : ममता (कविता, शारदा, १९९२) । **कृति/सृजना** : कथासङ्ग्रह (कथासङ्कलन, २००३), कथैकथा (२०१६), पल्लो घरको झ्याल (उपन्यास, २०१६), भूसको आगो (नाटक, २०१८), दोष कसैको छैन (नाटक, २०२७), प्रेम र मृत्यु (कथासङ्ग्रह, २०३९), च्यातिएको पर्दा (नाटक, २०३९), भोको घर (नाटकसङ्ग्रह, २०३४), बाह्र कथा (कवितासङ्ग्रह, २०५२), अपर्णा (उपन्यास, २०५३) । **सम्पादन/अनुवाद** : शारदा (मासिक), आवाज (दैनिक) । **पुरस्कार/सम्मान** : त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), वेदनिधि पुरस्कार (२०४७), पहलमानसिंह स्वाँर पुरस्कार (२०५७), गोरखा दक्षिणबाहु दोस्रो, भवानी साहित्यिक पत्रकारिता पुरस्कार । **हालको ठेगाना** : गणबहाल, काठमाडौँ । **फोन** : ४२२०४०७ ।

गोविन्दबहादुर लिम्बू

(गीतकार/गायक, नेपाली/ लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. २०२६ भदौ ५, फाक्चामारा, तेह्रथुम । **माता/पिता** : देशरानी लिम्बू, मोतीराज लिम्बू । **शिक्षा** : आई.ए. । **सेवा** : गायन । **कृति/सृजना** : *लोकगीति एल्बम* : डालीघाँसैमा (२०५२), धान घर घर (२०५६), सुनकोसीमा (२०५८), लोकलहरी (२०६०), मालिङ्गो सै सै (२०६०), नु नु थुङ (लिम्बू भाषामा, २०६०), पञ्चैबाजा (२०६१), साउदी कतारमा (२०६१) । **पुरस्कार/ सम्मान** : पूर्वाञ्चलव्यापी लोकगीत प्रतियोगितामा प्रथम (२०५१) । **हालको ठेगाना** : वालाजु, काठमाडौँ । **फोन** : २०२०११६ ।

गोविन्दबाबु तिवारी (कौशिक शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ वैशाख १७, तिवारीडाँडा, चिती, लमजुङ । **माता/पिता** : भद्रकुमारी तिवारी, टेकनिधि तिवारी । **शिक्षा** : स्नातक । **सेवा** : संस्थान सेवा (बैङ्क) । **पहिलो रचना** : हाकिमको हकिम (२०३२) । **कृति/सृजना** : तेस्रो कोण (कवितासङ्ग्रह, संयुक्त, २०४४), उपसंहार (कवितासङ्ग्रह, २०५८), समयका स्वरहरू (कवितासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : सिर्जना (साहित्यिक मासिक), मर्स्याङ्दी (स्मारिका) । **पुरस्कार/सम्मान** : विभिन्न कविगोष्ठीहरूमा पुरस्कृत । वीरगञ्ज साहित्य परिषद्बाट सम्मान (२०५९), ज्ञानपूर्ण बुद्धविहार, वीरगञ्जबाट सम्मान (२०५९) । **हालको ठेगाना** : काठमाडौँ -५ (gbtiwari@hotmail.com) । **फोन** : ४३७७५८३, ९८५१०२४३९३ ।

गोविन्द भट्ट

(लेखक, समालोचक)



जन्म/स्थान : वि.सं. १९९६ साउन ३, पुरेनवा, रौतहट । निधन : २०६८ असोज २५, काठमाडौँ । **माता/पिता** : शैलपुत्री उपाध्याय, रुद्रनाथ उपाध्याय । **शिक्षा** : एम.ए. (दर्शनशास्त्र) । **सेवा** : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. (अनुसन्धान अधिकृत, १९८०-१९८४), गोरखापत्र संस्थान (अध्यक्ष), चिनियाँ रेडियो अन्तर्राष्ट्रिय पेइचिङ (भाषा विशेषज्ञ, १९८५-१९९१), ने.रा.प्र.प्र. (सदस्य, प्राज्ञपरिषद्, २०६१) । **पहिलो रचना** : शोषित पुकार (कविता, युगवाणी पत्रिका, २००८) । **कृति/सृजना** : शान्तिसन्देश (खण्डकाव्य, २०२३), नेपाललाई बुझ्ने समस्या : एक लामो र कठिन प्रक्रिया (२०२४), चीनका चार आधुनिकीकरण (अङ्ग्रेजी भाषामा, इ.सं. १९८८), गोविन्द भट्टका समालोचना (२०५४), गोविन्द भट्टका दार्शनिक रचनाहरू (२०६८), आधुनिक युग, आधुनिक साहित्य (नेवारी निबन्ध पुस्तिका), गोविन्द भट्टको मार्क्सवादी चिन्तन (लेखसङ्ग्रह) । **सम्पादन/अनुवाद** : अन्तर्विरोधबारे (मार्क्सवादी दर्शन, २०२४), माई मदर (अङ्ग्रेजीमा, २०४६), सगरमाथा (दैनिक, २०५३), द एभरेस्ट हेराल्ड (२०५३) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा पुरस्कृत (२०२२), कृष्णमणि साहित्य पुरस्कार (२०५१), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (बगर, २०५४), नारायणी वाङ्मय पुरस्कार (२०५९), गोकुल स्मृति पुरस्कार (२०६०), सर्वदा वाङ्मय पुरस्कार (२०६१), पुष्पलाल स्मृति पुरस्कार । चिनियाँ सामाजिक विज्ञान एकेडेमी (अतिथि प्राध्यापक, १९८६-१९८८) । चीन

सरकारबाट सर्टिफिकेट अफ अनर (विशेष सम्मान, १९९१) । **सम्पर्क ठेगाना** : घर नं. ३३४, खुर्सानीटार, लाजिम्पाट, काठमाडौँ । **फोन** : ४४२०१८६ ।

गोविन्दमान श्रेष्ठ

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. १९९४ मङ्सिर १७, क्षेत्रपाटी, काठमाडौँ । **माता/पिता** : मोतीमाया श्रेष्ठ, रामबहादुर श्रेष्ठ । **शिक्षा** : एम.बी.ए. (त्रि.वि.) । **सेवा** : सामाजिक सेवा, नाटक लेखन/निर्देशन, सङ्गीतक्षेत्र । **पहिलो रचना** : १५ वर्षको उमेरदेखि साङ्गीतिक क्षेत्रमा लागेको । **कृति/सृजना** : गीति एल्बमहरू : भजनमाला (भाग १-४, भी.सी.डी., भीएचएस र सी.डी.), पुलपुलु स्वया: (नेपाल भाषा), भक्ति सँगालो, गीता-शास्त्र (भाग १-८ र सी.डी., ७०० श्लोक भएको), दुर्गासप्तशती (नेपाली भाषामा भावानुवाद, ७०० श्लोक), शिवबाबाको याद गरौँ, भगवान्‌को महिमा (सङ्गीत, गायन), सुमरण या भगवान् (नेपाल भाषा भक्ति सङ्गीत), साथै हालसम्म १०० ओटा भजन, २५ ओटा नेपाल भाषाका गीत, १० ओटा राष्ट्रिय गीत, १० ओटा आधुनिक गीत तथा एउटा अङ्ग्रेजी र एउटा हिन्दी गीत रेकर्डिङ गरिसकेको साथै देश-विदेशमा कार्यक्रम प्रस्तुत । **सम्पादन/अनुवाद** : गीताशास्त्र (२०६०), दुर्गा सप्तशती (२०६१) । **पुरस्कार/सम्मान** : प्रख्यात त्रिशक्तिपट्ट चौथा (२०६०) । ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, काठमाडौँ, नेपाल भाषा मंका खल: ललितपुर, इन्द्र जवाहर सहयोग गुठी, बालकृष्ण संजीव पुरस्कार गुठी, सरगम कला केन्द्र, गीता मन्दिर, स्वयम्भू, अन्नपूर्ण प्राकृतिक चिकित्सा योग केन्द्र, श्री योगाम्बर माई गुठी आदि थुप्रै सङ्घ-संस्थाहरूद्वारा सम्मान तथा प्रशंसापत्र । **हालको ठेगाना** : १९२ स्वाँछपु मार्ग, क्षेत्रपाटी, पो.ब.नं. १९४३, काठमाडौँ । **फोन** : ४२५८२१३ ।

गोविन्दराज भट्टराई

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० साउन १२, च्याँगथापु, पाँचथर । **माता/पिता** : मन्दोद्दरा, टेकनाथ भट्टराई । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), एम.एड. (अङ्ग्रेजी), विद्यावारिधि (भाषाविज्ञान) । **सेवा** : प्राध्यापन (त्रि.वि.), ने.प्र.प्र. (प्राज्ञ सभासद, २०६६) । **पहिलो रचना** : कथा (गोरखापत्र, २०३१ साउन) । **कृति/सृजना** : मुगलान (उपन्यास, २०३१), मणिपुरको चिठ्ठी (उपन्यास, २०३४), तीनधारा (कथासङ्ग्रह, २०३५), नेपाली ध्वनिशास्त्र (भाषाविज्ञान, सहलेखन २०३९), काव्यिक आन्दोलनको परिचय (२०४९), विश्वविद्यालयमा अग्निपूजा (निबन्धसङ्ग्रह, २०६१), एक्लै एक्लै एक्लै (निबन्धसङ्ग्रह, २०६०), आख्यानको उत्तरआधुनिक पर्यावलोकन (समालोचना, २०६१), पश्चिमी वलैँसीका वाछिटा (समालोचना, २०६१), विश्वविद्यालयमा अग्निपूजा (निबन्धसङ्ग्रह, २०६१), उत्तर आधुनिक ऐना (सिद्धान्त र समालोचना, २०६२), सुकरातका पाइला (उपन्यास, २०६३), उत्तरआधुनिक विमर्श (समालोचना सिद्धान्त, २०६४), सँगै बसौँ यो रात (निबन्धसङ्ग्रह, २०६४) सुकरातको डायरी (उपन्यास, २०६८) आदि । **सम्पादन/अनुवाद** : हिमज्योति, कोसेली, नागवेली, निर्माण (साहित्यिक पत्रिका), विदेशी बगैँचाका चार थुँगा फूल (अनूदित वालकथा, २०५१), विदेशी बगैँचाका पाँच थुँगा फूल (अनूदित वालकथा, २०५६), विदेशी बगैँचाका छ थुँगा फूल (अनूदित बालकथा, २०५६), सेलेक्टेड नेपाली एसेज् (अनुवाद, २०६०), स्टोरिज फ्रम नेपाल (अनुवाद, २०६१), प्रेन्डसिप (२०६३) । **पुरस्कार/सम्मान** : शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान दिएबापत जेसिज पुरस्कार । **हालको ठेगाना** : दमक -१, झापा / हाल : ट्याङ्ला, कीर्तिपुर, काठमाडौँ (tu.govinda@gmail.com.np) । **फोन** : ४३३०३३४, ४३३११९६ ।

गोविन्दराज विनोदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० साउन २८, रूपाकोट, कास्की । **माता/पिता** : गौरादेवी, कृष्णानन्द । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन, सामाजिक सेवा, पत्रकारिता, साहित्यसेवा, चित्रकला । **पहिलो रचना** : रिस (कविता, चितवनको चिनो, २०२१) । **कृति/सृजना** : मेरो वर्तमानता (कवितासङ्ग्रह, २०४७), निर्मम निर्मम घडीहरू (गजलसङ्ग्रह, २०५६), आँखाका नानी (बाल कवितासङ्ग्रह, २०५७), छन्दविनोद (प्रबोधक काव्य, २०५९), अविश्रान्त (कवितासङ्ग्रह, २०५९), हिमस्पर्श (कवितासङ्ग्रह, २०६६), अनुपमा धर्ती (काव्य, २०६६), सृष्टि माथिका दृष्टि (समीक्षासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : राष्ट्र-सन्देश (साप्ताहिक, २०४८), सुनगाभा (साहित्य विविध,

२०५१), अभिनव प्रस्तुति (साहित्यिक पत्रिका, २०५२), साप्ताहिक चितवन (२०५३), मृगतृष्णा (साहित्य विविध, २०५८), विजयध्वनि (सामाजिक सेवा पत्रिका, २०५७), चितवन महोत्सव स्मारिका आदि । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (चितवन, २०५३), उत्कृष्ट पत्रकारिता पुरस्कार (२०५५), कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (चितवन, २०५९), रूकु कार्की राष्ट्रिय पुरस्कार (२०६७), भवानी भिक्षु साहित्य पुरस्कार (२०६७), गजल सन्ध्या पुरस्कार (२०६७), नरेन्द्र-सुनीता साहित्य पुरस्कार (२०६८) । दोभान साहित्य सम्मान (काठमाडौँ, २०५९), चितवन वाङ्मय सम्मान (चितवन, २०५९), गजलसन्ध्या सम्मान (गजलसन्ध्या पोखरा, २०६१), प्रतिभा सम्मान (नवलपरासी, २०६०) आदि थुप्रै सम्मानहरू । **हालको ठेगाना** : आदर्श गैंडाकोट -८, नवलपरासी । **फोन** : ०५६-५०१२७३, ९८५५०६०२७३ ।

गोविन्दलाल श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ असार २, सुनडाँडा, बागलुङ । **माता/पिता** : पानकुमारी, नन्दलाल सैँजु । **शिक्षा** : मध्यमा । **सेवा** : निजामती (प्र.जि.अ.), सहायक अञ्चलाधीश । **पहिलो रचना** : हामी किन दुःखी (निबन्ध, युगवाणी, बनारस, २००८) । **कृति/सृजना** : नयाँ नेपाललाई नयाँ सन्देश (कवितासङ्ग्रह, २००९), सही बाटो (निबन्धसङ्ग्रह, २०१२), अधुरो सपना (कथासङ्ग्रह, २०१६), दशकथा (कथासङ्ग्रह, २०४१) । **सम्पादन/अनुवाद** : धवलागिरि साप्ताहिक, कोसेली त्रैमासिक । **पुरस्कार/सम्मान** : शुभ-राज्याभिषेक पदक (२०१३), जनपद सेवा (२०२३), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०२६), शुभराज्याभिषेक पदक (२०३१) । **हालको ठेगाना** : रविभवन, काठमाडौँ । **फोन** : ४२७१२५६ ।

गोविन्दलालसिंह डङ्गोल

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २००३ मङ्सिर १८, ब्रह्मटोल, काठमाडौँ । **माता/पिता** : श्यामादेवी, चन्द्रलाल सिंह । **शिक्षा** : जी.डी.ए. (बम्बई, भारत) । **सेवा** : अध्यापन, कला, प्राध्यापन । **पहिलो रचना** : इ.सं. १९७१ तिर तेल रङ्गमा चित्र । **कृति/सृजना** : चित्रमाला (भाग-१, २), देश-विदेशमा करिब १२ पटक एकल तथा सामूहिक कला प्रदर्शनी । राजदरबार, भक्तपुर म्युजियम, यू.एस.ए., मेक्सिको, जापान, अस्ट्रेलिया, जर्मनी, इङ्ल्याण्ड, थाइल्याण्ड, इटाली आदि देशमा कला सङ्गृहीत । गणेशकै विभिन्न आकृतिका साठी चित्रहरू । श्रीयन्त्रको चित्र । **पुरस्कार/सम्मान** : अन्तर्राष्ट्रिय कला प्रतियोगितामा प्रथम (बम्बई, भारत, इ.सं. १९७१), विशेष पुरस्कार (रुस, इटाली, इ.सं. १९९४), सुप्रबल गोरखा दक्षिणबाहु तेस्रो (इ.सं. १९९७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), दीर्घसेवा पदक, शिक्षा सेवा पदक, अन्य विविध पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : ५४८, ब्रह्मटोल, काठमाडौँ । **फोन** : ४२५६५२९ ।

गोविन्द वर्तमान

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ चैत १, चाबहिल, काठमाडौँ । निधन : २०६९ कात्तिक ६ गते । **माता/पिता** : भगवती अधिकारी, श्रीधर अधिकारी । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य, पत्रकारिता । **पहिलो रचना** : भएको भइदिए (कविता, निर्माण, २०३३) । **कृति/सृजना** : सोह्र साँझहरू (२०६१), हरियो साइकल (२०६८) । **पुरस्कार** : स्तम्भ लेखन पुरस्कार ।

गोविन्द विकल (गोविन्दबहादुर बोहरा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ माघ ६, गौरी गाउँ, विजयपुर, सुनसरी । निधन : २०६२ चैत्र १८ । **माता/पिता** : देवी थापा बोहरा, जगतबहादुर बोहरा क्षेत्री । **शिक्षा** : आई.ए. । **सेवा** : साहित्य । **कृति/सृजना** : आजको सेलो (कवितासङ्ग्रह, २०४१), गजल-सङ्ग्रह, (२०५९) । **सम्पादन/अनुवाद** : छायाँ (वार्षिक मुखपत्र, २०२५) ।

गोविन्दशरण उपाध्याय

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ साउन २९, वर्राचौर -१, पर्वत ।

माता/ पिता : ईश्वरीदेवी, पिताम्बरशरण उपाध्याय । **शिक्षा** : विद्यावारिधि (दर्शन) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : आमालाई चिठी (कविता, हिमाल पत्रिका, सन् १९८३) । **कृति/ सृजना** : सकारात्मक अनुशासन प्रविधि (२०६३), प्रजातान्त्रिक अनुशासन र मीतमध्यस्थता प्रविधि (२०६३), व्यावहारिक हिन्दू दर्शन (२०६३), सहयोगी आमाबाबु (२०६३), केवल किशोर किशोरीहरूका लागि (२०६४), परिचयात्मक पाश्चात्य दर्शन (२०६४), पोजिटिभ डिसिप्लान टेक्निक (२०६५), लागूपदार्थ र मस्तिष्क (२०६५), आर्यदर्शन (२०६६) । **हालको ठेगाना** : काठमाडौँ (gsu300@gmail.com) । **फोन** : ९८४१४८२९१७ ।

गोविन्द शर्मा 'विमल' (डोरकेश्वर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ चैत्र २९, चिसापानी, रामेछाप । निधन : २०५१ माघ २ । **माता/पिता** : पद्मकुमारी घिमिरे, विष्णुलाल उपाध्याय घिमिरे । **शिक्षा** : आचार्य (संस्कृत साहित्य) । **सेवा** : राजनीति, साहित्य । **कृति/सृजना** : विनोदिनी (खण्डकाव्य, २००८), नेपाल-हिन्दी परिचय (व्याकरण, २०१६) । **सम्पादन/अनुवाद** : किरातार्जुनीयम् (महाकाव्य, पद्यानुवाद, २०२०) ।

गोविन्दसिंह रावत

(नाट्यकर्मी, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन ३, शिलाङ, मेघालय, भारत । **माता/पिता** : गङ्गादेवी रावत, शेरसिंह रावत । **शिक्षा** : एम.ए. (नेपाली), कोविद (हिन्दी), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : कथा (जूनकिरी मासिक पत्रिका, २०३७) । **कृति/ सृजना** : पूर्वाञ्चल भारतको नेपाली कविता : एक सर्वेक्षण (समालोचना, २०४२), सडक नाटक आलेखहरूको सँगालो (२०५७), सडक नाटकको विकास क्रम र नेपालमा सडकनाटक । **सम्पादन/अनुवाद** : अछेता (त्रैमासिक, शिलाङ, सहसम्पादक), नेपाली मण्डली (साहित्यिक मासिक, शिलाङ, हस्तलिखित, सहसम्पादक), 'खबरसम्प्रेषण डट कम' (नेपाली वेभ साइट पाक्षिक, क्यानाडा), 'सौगात' (साहित्यिक पत्रिका, क्यानाडा), 'उत्तर अमेरिकाको नेपाली कवि र कविता' (संयुक्त सम्पादन), 'स्मारिका' (अट्ठाइसौँ एएनएको उपलक्ष्यमा अमेरिकाबाट प्रकाशित) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०४१), अभिनयमा ने.रा.प्र.प्र. लगायत अन्य सङ्घ-संस्थाहरूबाट विभिन्न पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : गौशाला, काठमाडौँ (हाल : क्यानडा) । **फोन** : ४७२६२९ / ४१६६७१३७४७ (टोरन्टो) ।

गोविन्द सुमन

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ फागुन २३, रूपसे, पाल्पा । **माता/पिता** : नेत्रकुमारी, पद्मनाभ नेपाल । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), विद्यावारिधि । **सेवा** : प्राध्यापन, योजना आयोग । **पहिलो रचना** : नेपाली दाजुभाइ लैलैमा विदेश नजाऊ (कविता, २०१९) । **कृति/ सृजना** : खुट्टाको बुई र मुटुको बोल (कवितासङ्ग्रह, २०३८), इकोनामिक्स अफ वेलफेयर (सन् १९९२), डेभलपमेन्ट प्लानिङ इन द एरा अफ ग्लोबलाइजेसन (सन् २००६), अन्डरस्ट्यान्डिङ रूरल इनर्जी प्रोग्राम एन्ड पभर्टी रिडक्सन लिङ्केज एन इम्पेरिकल स्टडिज अफ नेपाल (सन् २००६), ट्रेड युनियन र श्रमको मूल्य सिद्धान्त (सन् २००६) । **पुरस्कार/सम्मान** : गण्डकी अञ्चलस्तरीय कवि सम्मेलनमा प्रथम पुरस्कार (२०२८) । **हालको ठेगाना** : धापासी हाइट, काठमाडौँ । **फोन** : ९८५१०८११४५ ।

गौतमरत्न तुलाधर

(चित्रकार, रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २००४ माघ १, असन, काठमाडौँ । **माता/ पिता** : चन्द्रशोभा वज्राचार्य तुलाधर, कान्छाभाइ गुरुजु वज्राचार्य । **शिक्षा** : डिप्लोमा (फाइन आर्ट, नृत्य) । **सेवा** : नाट्य, नृत्य । **पहिलो रचना** : एकल चित्रकला प्रदर्शनी (नाफा,

२०२८) । **कृति/सृजना** : एकल चित्रकला प्रदर्शनी (नाफा : २०२८, नेपाल आर्ट काउन्सिल : २०५७-२०६१, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र : २०६१), सामूहिक चित्रकला प्रदर्शनी (नाफा : २०२२-२०४२, इमेज आर्ट ग्यालरी : २०५५, होटल डेल अन्नपूर्ण : २०५६, मेट्रोपोलिटन आर्ट म्यूजियम, टोकियो- जापान : २०५७, कला कार्यशाला- विराटनगर : २०५८, कला कार्यशाला, पोखरा : २०५८, नाफा : २०५९-२०६०, नागपोखरी, नक्साल : २०६१, नेपाल आर्ट काउन्सिल : २०६१-२०६२, आर्ट क्लब, बङ्गलादेश : २०६२) आदि । राम-भरत मिलाप, हरिश्चन्द्र, विस्नतर, निमन्त्रणा, अजात शत्रु, मुनामदन आदि गीतिनाटकहरूमा अभिनय । दुर्गाअवतार, शिव पार्वती आदिमा ब्याले अभिनय । सङ्कल्प, संरक्षण आदि गीतिनाट्यमा अभिनय । नालापानी, ऋसमा टाँगिएको जिन्दगी, आऊ सम्झौता गरूँ, साहुजीकी लाटी स्वास्नी, यमलोकमा जिउँदो मान्छे, पृथ्वीनारायण शाहको चारपछे आदि नाटकहरूमा अभिनय । कुमारी, जुनी, जीवनरेखा, कान्छी, मायालु, भगवान्, कस्तुरी, बाडुल्की, माइतीघर, कैदी, हतियार, देशद्रोही आदि चलचित्रहरूमा अभिनय । भैरवकाली, सोरठी, सेब्रु, तामाङसेलो, देशति, धिमाल, मैथली, ज्याप-ज्यापुनी आदि नृत्य अभिनय । **पुरस्कार/सम्मान** : नगद पुरस्कार (राजा महेन्द्रबाट, २०२६), नास सिरपा (२०२६), पूर्वपश्चिम राजमार्ग चित्र प्रतियोगितामा तृतीय पुरस्कार र पदक, रजत पदक (प्रधान नाट्यमण्डल, २०२६), अभिनय रत्न पदक (२०६१) । वरिष्ठ चरित्र अभिनेता सम्मान (नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घ, २०६०) । **हालको ठेगाना** : बुद्धनगर, काठमाडौं । **फोन** : ४७८३०९१ ।

ग्याल्पो ह्योल्मो

(थाङ्का चित्रकार)

जन्म/स्थान : वि.सं. २०२६ माघ ३, ह्योल्मो, हेलम्बु । **माता/पिता** : निमाबुट्टी ह्योल्मो, पासाङ छिरिङ ह्योल्मो । **शिक्षा** : साधारण । **सेवा** : कलाकौशल । **पहिलो रचना** : २०४३ देखि चित्रकला (पौवा) तर्फ कार्यरत । **कृति/सृजना** : विभिन्न थाङ्काहरूमा जीवनचक्र, मण्डला, तारा, बुद्ध, भैरव, कुवेर आदि । सबैभन्दा ठूलो थाङ्कामा लोकेश्वर मण्डल (२०४७, हाल : जापानमा रहेको), करिब ५ सयभन्दा बढी थाङ्काहरू बनाइएको जो नेपाललगायत स्वीट्जरल्याण्ड, क्यानडा, अमेरिका, जापान, ताइवान, वेल्जियम, ब्राजिल, वेलायतमा समेत सङ्गृहीत । **पुरस्कार/सम्मान** : नगद एवं ताम्रपत्र (नाफा, २०५३), औद्योगिक प्रदर्शनी कार्यक्रममा उत्कृष्ट पुरस्कार (२०५६), पन्ध्रौं राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार, २७औं राष्ट्रिय कला कौशल प्रदर्शनीमा सान्त्वना पुरस्कार । **हालको ठेगाना** : पो.ब.नं. १११७१, बौद्ध, काठमाडौं (gyalpoyolmo@yahoo.com) । **फोन** : ४४९३०९६ ।

ग्रीष्मबहादुर देवकोटा

(इतिहासलेखक, नेपालीभाषा)

जन्म/स्थान : वि.सं. १९७३ जेठ, नरदेवी, नेटपाचो, काठमाडौं । निधन : २०५१ फागुन २५ । **माता/पिता** : आनन्दकुमारी देवकोटा, वसन्तबहादुर देवकोटा । **शिक्षा** : स्नातक । **सेवा** : गोरखापत्र सञ्चालक समितिको सदस्य, शाही प्रेस आयोगको सदस्य (२०३७), राजसभा सदस्य (२०३८), राजसभा स्थायी समिति (२०४२), राजनीति । **कृति/सृजना** : नेपालको राजनैतिक दर्पण (भाग १), नेपालको छापाखाना तथा पत्रपत्रिको इतिहास (२०२४), नेपालको राजनैतिक दर्पण (दोस्रो भाग), नेपालको राजनैतिक दर्पण तेस्रो भाग (जनमतसङ्ग्रह र त्यसपछि), नेपालको राजनैतिक दर्पण (पञ्चायत व्यवस्थाको प्रादुर्भाव, चौथो भाग) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०२५), सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (२०३८), सुविख्यात त्रिशक्तिपट्ट (२०४४) । **सम्पर्क ठेगाना** : ज्ञानेश्वर, काठमाडौं । **फोन** : ४४७४७५२ ।

घटराज भट्टराई

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १०, सेर्नाथुम्की, ओखलढुङ्गा । निधन : २०६३ साउन २३, काठमाडौं) । **माता/पिता** : बालकुमारी, जयप्रसाद भट्टराई । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, प्रशासन । **पहिलो रचना** : हलेश्वर महादेव (धार्मिक लेख, गोरखापत्र, २०१९) । **कृति/सृजना** : कविता कुसुम (कवितासङ्ग्रह, २०२३), आजकीसित (काव्य, २०२३), बादल फाटेपछि (काव्य, २०२५), अमरज्योति (काव्य, २०२९), गुणराज : व्यक्ति र कृति (२०३१), भीमनिधि : व्यक्ति र कृति (२०३२), काव्यत्रयी (काव्य,

२०३३), संस्कृतका अमर साहित्यकार (२०३४), मोतीमत (२०३९), अमर प्राज्ञ (जीवनी र समालोचनासङ्ग्रह, २०३९), डोल्पाकी छोटी (यात्रासंस्मरण, २०३९), बालचन्द्र शर्मा व्यक्तित्व र सम्झना (२०४४), गोसाइँकुण्ड (यात्रानिबन्ध-२०४६), आशुकवि ढुङ्गेलको परिचय (२०४६), जयबाल (काव्य, २०५१), गुणराजका कविताको विवेचना (२०५१), भाषा विज्ञान र साहित्य सिद्धान्त (२०५४), खोजखाज (२०५४), नेपाली साहित्यको ऐतिहासिक रूपरेखा (२०५५), नेपाली साहित्यको इतिहास (सहलेखन, २०६०), केही पाठ्यपुस्तकहरू आदि । **सम्पादन/अनुवाद** : बुइँगलको एउटा बाकस (संयुक्त सम्पादन, २०५३), एउटा अर्को बुइँगल (२०५३), नेपाली लेखक कोश (२०५६), लुकेका कवि र कविता, माध्यमिक कालीन कवि र कविता, साहित्यकार झपटबहादुर राणा, आशुकवि शम्भुका काव्यकृति, यज्ञ रचनावली, नेपाली प्राचीन गद्य/पद्य, शम्भु रचनावली, भानुभक्तको जीवन चरित्र, शम्भुका स्फुट पद्य, शम्भुका गीत शम्भुका गजल, महाकवि देवकोटाका आनीबानी, स्वर्गद्वारी आश्रम आदि थुप्रै पुस्तकहरूको सम्पादन । धर्मविज्ञान (भाग १-४, सहानुवाद) । **पुरस्कार/सम्मान** : भरजिल्ला साहित्य सम्मेलन प्रथम रजत पदक (२०२३), ने.रा.प्र.प्र. कविता महोत्सव प्रथम (२०३१), झपट पुरस्कार (२०३७), दीर्घसेवा पदक (त्रि.वि., २०५१), गुणराज स्मारक व्यवस्थापन पुरस्कार (२०५१), मुक्ति पुरस्कार (२०५३), भूपालमान पुरस्कार (२०५६), गद्दी आरोहण रजत पदक (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), सुप्रबल गोरखा दक्षिणबाहु (२०६१), दीर्घसेवा पदक (पशुपति बहुमुखी क्याम्पस, २०६२), शिक्षा मन्त्रालयबाट गीत पुरस्कार । छिन्नलता गीत सम्मान (२०५४), दीपरत्न सम्मान (२०५४), भानु जन्मस्थल विकास समिति, तनहुँबाट सम्मान (२०५६), देवकोटा सम्मान (देवकोटा स्मृतिसभा, २०५८), रजत महोत्सव सम्मान (पशुपति बहुमुखी क्याम्पस, २०६२), मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६२), आदि थुप्रै सम्मान, अभिनन्दन तथा कदरपत्रहरू । **सम्पर्क ठेगाना** : फैका, बौद्ध, काठमाडौँ । **फोन** : ४४७४४४९ ।

घनप्रसाद अर्ज्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९३४ जेठ ३, ज्ञानेश्वर, काठमाडौँ । निधन : २०२५ माघ १० । **माता/पिता** : मणिकुमारी नेपाल / गगनकुमारी, पूर्णप्रसाद अर्ज्याल । **शिक्षा** : संस्कृत, साहित्य । **सेवा** : साहित्य । **कृति/सृजना** : रासलीला (काव्य, १९६१), दुःखीको उद्धार : सिद्धको चमत्कार (कथा-२०११), भक्तअम्वरिष (काव्य, २०१३) । **सम्पर्क फोन** : ४४४४४३२ ।

घनश्याम उपाध्याय कँडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ जेठ २३, रिचोकटार मलेखु, धादिङ । **माता/पिता** : नन्दकुमारी, पुष्पराज उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली, अङ्ग्रेजी), बी.एल. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : साहित्यमा उपयोगितावाद (नयाँ पाइलो, बनारस, २०१९) । **कृति/सृजना** : देवयानी (खण्डकाव्य, २०३९), केही अन्वेषण : केही विश्लेषण (समालोचना, २०४०), पाश्चात्य यथार्थवादी नाटक (समालोचना, २०४६), जीवनका सन्दर्भहरू (कवितासङ्ग्रह, २०५१), उज्यालोतिर (गीतिकाव्य, २०५५), नेपाली साहित्यकोश (सहलेखन, २०५५), वनको क्रन्दन (खण्डकाव्य, २०५८), आँसुका अक्षर (शोककाव्य, २०६०), विश्वामित्र-मेनका (खण्डकाव्य, २०६६) । **सम्पादन/अनुवाद** : टङ्कप्रसाद आचार्य स्मृतिग्रन्थ (२०५४) नेपाली समालोचना (२०५५), रश्मि (त्रैमासिक), नौलो पाइला (वार्षिक मुखपत्र), केही उपनिषद्हरूको छन्दोवद्ध अनुवाद । **पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार (२०४१), शिक्षा दिवस पुरस्कार (२०४५), दीपस्मृति पुरस्कार (२०५८), महेन्द्र विद्याभूषण, त्रि.वि.वि. लारी स्वर्णपदक, त्रि.वि. दीर्घसेवा पदक । धादिङ मिलन केन्द्रद्वारा अभिनन्दन (२०५८) । **हालको ठेगाना** : कँडेल कुटीर क, १-४४४ कुलेश्वर, काठमाडौँ । **फोन** : ४२७८६५२ / ४२१३०६५

घनश्याम खतिवडा

(कलाकार/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ फागुन २०, बाबरे -८, दोलखा । **माता/पिता** : यशोदादेवी खतिवडा, परशुराम खतिवडा । **शिक्षा** : एम.ए. (नेपाली), साहित्याचार्य (एम.डी., बुद्धवादभित्रको आध्यात्म) । **सेवा** : अध्यापन, रङ्गमञ्च । **पहिलो रचना** : मेरो देश (कविता, मधुपर्क) ।

कृति/सृजना : रेडियो एकाङ्की सङ्ग्रह (२०६१), गुरुदक्षिणा (प्रथम संस्कृत टेलिचलचित्र, २०५४), अल्छीको भाग्य (२०५५), निसाफ (२०५५), एउटा यस्तो दसैं (२०५५), पाप धुरीबाट कराउँछ (२०५५), रागविराग (संस्कृत टेलिचलचित्र, २०५८), दोबाटो (२०६०), आशङ्का (२०६१), लगायत २५ भन्दा बढी टेलिचलचित्र तथा डकुमेन्ट्री निर्माण निर्देशन । थुप्रै रङ्गमञ्च नाटकहरूमा अभिनय तथा निर्देशन । बाचा, चैतन्यलगायत थुप्रै रेडियो एकाङ्की लेखन । **सम्पादन/अनुवाद :** अरुणोदय (संस्कृत छात्रावास, २०५२), दोलखा आवाज (२०५२) । **पुरस्कार/सम्मान :** संस्कृत युवा सम्मान (कविरत्न कृष्णप्रसाद घिमिरे स्मृति प्रतिष्ठान, २०५४), कला प्रतिभा सम्मान (दोलखा, २०५५), विश्व हिन्दू युवा सम्मान (२०५७), निर्माना सम्मान (२०६१) । **हालको ठेगाना :** ज्ञानेश्वर, काठमाडौं (ghanashyam_khatiwada@hotmail.com) । **फोन :** ४४४१७२१, ९८५१०१५१६० ।

घनश्याम ढकाल (सागर, अजात)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० माघ १४, पुतलीबजार-८, स्याङ्जा । निधन : २०६८ फागुन २, काठमाडौं । **माता/पिता :** कौशल्या ढकाल, प्रभाकर ढकाल । **शिक्षा :** एम.एस्सी (तथ्याङ्कशास्त्र), बी.एल. । **सेवा :** प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना :** निबन्ध (मातृभूमिको गोरेटो, २०२६) । **कृति/सृजना :** नाम कमाउने रहरमा (निबन्धसङ्ग्रह, २०४२), गङ्गा कावेरी एक्सप्रेस चिठीलाई जवाफ (काव्य, २०४२), अभिवादन गर्छ सगरमाथा पेरूभियाली जनक्रान्तिलाई (काव्य, २०४३), फैसला हारजितको (कवितासङ्ग्रह, २०४४), दरिद्रताबाट मुक्ति (निबन्धसङ्ग्रह, २०४५), भरिया र यात्री (कथासङ्ग्रह, २०४६), गाउँभित्र (उपन्यास, २०४७), शहीद मानचित्रमा नपरेको शहीद (कथासङ्ग्रह, २०४८), समर्पणको बाटोमा (कथासङ्ग्रह, २०५१), मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना (समालोचनासङ्ग्रह, २०५४), आजको महाभारत (कथासङ्ग्रह, २०५५), रातो आकाश (उपन्यास, २०६०), भावनाका छालहरू (शोकगीतिकाव्य, २०६२) । **सम्पादन/अनुवाद :** यथार्थवादी नेपाली समालोचना (२०६२), पोखरेली समालोचना (२०६५), पसिना (साहित्यिक त्रैमासिक), कलम (साहित्यिक त्रैमासिक), प्राज्ञमञ्च (पृथ्वीनारायण क्याम्पस, प्राध्यापक सङ्घको मुखपत्र), गण्डकी सङ्गम (सहसम्पादन, गण्डकी साहित्य सङ्गमको मुखपत्र) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५१, अस्वीकार), पारिजात सृजन पुरस्कार (२०५५) । **सम्पर्क ठेगाना :** पोखरा -८, प्रतिभामार्ग, सिमलचौर, कास्की । **फोन :** ०६१-५३३१२० ।

घनश्याम न्यौपाने 'परिश्रमी'

(गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ असार ४, बलाम नित्यडाँडा, स्याङ्जा । **माता/पिता :** तारादेवी न्यौपाने, रुक्माङ्गद न्यौपाने । **शिक्षा :** एम.ए. (नेपाली), आचार्य (संस्कृत), विद्यावारिधि (गजल) । **सेवा :** अध्यापन, प्राध्यापन, साहित्यिक पत्रकारिता । **पहिलो रचना :** जागजाग (कविता, सिम्रिक मुखपत्र, २०३२) । **कृति/सृजना :** अन्त्यमा (खण्डकाव्य, २०३६), यो मौसम (गजलसङ्ग्रह, २०५०), घामको छहारीमा (गजल सङ्ग्रह, २०५३), साहित्य सन्दर्भ (समालोचना सङ्ग्रह, २०५५), जुनुमामा (बाल गजलसङ्ग्रह, संयुक्त २०६०), जून चुहेको रात (गजलसङ्ग्रह, २०६०), अनिवार्य नेपाली (पाठ्यपुस्तक, २०६०), आधुनिक नेपाली व्याकरण (२०६२), राम्रा चाचा मीठा पापा (बाल गजलसङ्ग्रह, २०६३), गजल भूमिकावली (भूमिकासङ्ग्रह, २०६३), गजल सौन्दर्य मीमांसा (समालोचना, २०६४), साधारण नेपाली (२०६६), साहित्य निरूपण (समालोचना सङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** सगर (त्रैमासिक), रजस्थल (त्रैमासिक), अनुराग (साहित्यिक द्वैमासिक), नानी (त्रैमासिक बालपत्रिका), स्वर्ण महोत्सव स्मारिका (ठाकुरराम बहुमुखी क्याम्पस) आदि थुप्रै पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान :** राष्ट्रिय शिक्षा पुरस्कार (२०४६), रत्न पुरस्कार (इलाम, २०५४), कालीगण्डकी कला-साहित्य पुरस्कार (२०५५), महेन्द्र विद्याभूषण 'क' (२०६२), कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार (त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०५९), भवानी भिक्षु पुरस्कार (२०६४), सुकदेव सुकुमाया लामिछाने बालसाहित्य पुरस्कार (२०६५) । दीपेन्द्र मा.वि. सर्दी, नवलपरासी (२०५४), देवकोटा स्मृति सभा कलैया (२०५८), वीरगञ्ज जेसीस (२०५८), नवसृजना साहित्य समूह मकवानपुर, (२०५८), कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार २०५९),रत्न श्रेष्ठ पुरस्कार (२०६५), सिद्धार्थ साहित्य पुरस्कार (२०६८), त्रि.वि. उत्कृष्ट सेवा पुरस्कार (२०६९), मकवानपुर साहित्य सङ्गम, हेटौंडा (२०५९), गजलश्री सम्मान (काठमाडौं, २०६०), तन्नेरी प्रतिभा सम्मान (२०६०), भेरी साहित्य समाज, नेपालगञ्ज (२०६०), 'गजलज्ञानमणि' उपाधिसहित सम्मान (कावासोती, नवलपरासी २०६१), कालिका

एफ.एम. प्रा.लि. भरतपुर (२०६२), कालीगण्डकी साहित्य समाज स्याङ्जा (२०६५) लयायत करिब दुई दर्जन जति सङ्घ-संस्थाहरूद्वारा सम्मान तथा अभिनन्दन । **हालको ठेगाना :** सिद्धार्थनगर, रूपन्देही (dparishramee@yahoo.com) । **फोन** : ९८५७०२२२०९, ९८४७०२३०१२ ।

घनश्याम राजकर्णिकार

(नियात्राकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९८ माघ ३, कमलपोखरी, काठमाडौं । **माता/पिता :** प्राणमाया, कृष्णबहादुर राजकर्णिकार । **शिक्षा :** एम.ए. (अर्थशास्त्र, त्रि.वि.) । **सेवा :** निजी व्यवसाय । **पहिलो रचना :** मिलनको क्षण (एकाङ्की, गोरखापत्र, २०२४ असार) । **कृति/सृजना :** केही चिन्तन केही मन्थन (विविध विधाहरूको सङ्ग्रह, २०३५), विदेशको यात्रा स्वदेशको सम्झना (यात्रानिबन्ध-२०३७), देश प्रदेशको भ्रमण: केही संस्मरण (नियात्रासङ्ग्रह, २०४३), पवित्र सम्झना आमाको (संस्मरण, २०४९), सम्झनाको लहरमा लहरिँदै जाँदा (संस्मरण, २०५२), बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म (नियात्रासङ्ग्रह, २०६०), बुद्ध ज्योतिका केही रश्मि (२०६४), गजराज राजकर्णिकारको वंशावली (खोज, २०६१) । **सम्पादन/अनुवाद** : बुद्धको सम्झना कल्याणको कामना (पुस्तक सम्पादन, २०३९) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०४२) । सयपत्री राष्ट्रिय सम्मान (२०५८), एकीकृत पौरख सम्मान (२०५९), राष्ट्रिय नागरिक सम्मान (२०६१), नन्दी विद्यार्थी कल्याणकोष सम्मान (२०६१), नागरिक समाज सम्मान (२०६१), बुक फिल्ड : अन्तर्राष्ट्रिय कलेज सम्मान (२०६२), राजकर्णिकार समाज हनापौं (ने.सं.११२५), दीपा-जनमत सम्मान (२०६३), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), दायित्व वाङ्मय सम्मान (२०६७) आदि । **हालको ठेगाना** : पो.ब.नं. ३४०६, कमलपोखरी, काठमाडौं (gsrajkarnikar@yahoo.com) । **फोन** : ४४१०३९२ ।

घनेन्द्र ओझा

(गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि. सं. २०३७ चैत २८, सुभाङ- ६, पाँचथर । **माता/पिता :** गीता ओझा, बद्रीप्रसाद ओझा । **शिक्षा :** स्नातकोत्तर (पत्रकारिता तथा आमसञ्चार) । **सेवा :** प्राध्यापन, पत्रकारिता । **पहिलो प्रकाशित रचना** : मुक्तक (प्रतीक्षा साहित्यिक पत्रिका, २०५२), **कृति/सृजना :** आफ्नै चिहानमा टेकेर (गजलकृति, २०६१), बल्झेर याद तिम्रो (गजलकृति, २०६२), बाटो अझै छ बाँकी (संयुक्त गजलकृति, २०६५) एउटा अर्को सङ्ग्रामको घोषणा (कविताकृति, २०६५), गजल कसरी लेख्ने ? (संयुक्त, २०६६) नेपाली गजल : सिद्धान्त र विवेचना (सैद्धान्तिक समालोचनात्मक पुस्तक, २०६७), दुल्हा राजा आउनुभो, (वाल गजलकृति, २०६९) । **सम्पादन/अनुवाद :** चौथो अङ्ग (मासिक), मुक्त पाइला, तन्नेरी डट कम (मासिक), सहकारी नेपाल (मासिक), मुक्त आवाज (कमैया मुक्तिका दस्तावेजहरू), राष्ट्रिय मानवअधिकार आयोगका दश वर्ष (महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू), अनाम (गजलप्रधान पत्रिका), राष्ट्रिय भाषाका गजलहरू, बहरमाला (बहरबद्ध गजलहरूको संयुक्तसङ्ग्रह), गजलमाला (बहरबद्ध गजलहरूको संयुक्त सङ्ग्रह), नेपाली गजल : विगत र वर्तमान (सैद्धान्तिक समालोचनात्मक पुस्तक), अनाममण्डली स्मारिका लगायत अन्य । **हालको ठेगाना :** गोठाटार, काठमाडौं (ghanuojha@gmail.com)। **फोन :** ९८४१४३३१२८, ९८०८७१७५३३ ।

चक्रपाणि अर्ज्याल

(प्राथमिक कालीन स्रष्टा)

जन्म/स्थान : वि.सं. १७९०, पोखरीथोक, गोर्खा (पछि भक्तपुरमा बसोबास । निधन :वि.सं. १८६७ । **माता/पिता :** सत्यधरा, विद्यारण्यकेशरी अर्ज्याल । **शिक्षा :** ज्योतिष (संस्कृत) । **सेवा** : भक्तपुरका राजा रणजित मल्लको दरबारमा राजगुरु भई काम गरेका । **कृति/सृजना :** प्रश्नतत्त्वम् उत्तानगणितं च (१९३४ इ. सं.), जातकेन्दु, ग्रहणतत्वम्, गोरक्षवरस्तुति, हठयोग प्रदीपिका (भाष्य), नेपाल भाषामा : पञ्चाङ्गसारिणी र सूर्यग्रहण-सारिणी, विजयकल्पलता (१८६१), अशेष तन्त्रसङ्ग्रह र ज्योतिषसारङ्ग । ग्रहगणित, सूर्यवल्ली र पर्वसाधनम् । **पुरस्कार/सम्मान** : रणजित मल्लका गुरु पण्डित, 'गोर्खाली दूत', ज्योतिर्विद् ।

चक्रपाणि चालिसे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९४० कात्तिक, कटुञ्जे, भक्तपुर । निधन : २०१५ चैत्र १४, काठमाडौं । **पिता** : प्रेमलाल । **शिक्षा** : व्याकरण, साहित्य मध्यमा । **सेवा** : गोरखा भाषा प्रकाशिनी समिति, भाषा, साहित्य । **कृति/सृजना** :



मच्छिन्द्रनाथको कथा (काव्य, १९६३), नेपाली सङ्क्षिप्त रामायण (आख्यान, १९७५), नेपाली सङ्क्षिप्त महाभारत (आख्यान, १९७५), मेघदूत छाया (१९९४), ईशावास्योपनिषद् (१९९६), साहित्य मीमांसा (२०००), मनुस्मृति (२००४), चक्र कविता तरङ्गिणी (कवितासङ्ग्रह, २०१५), जैमनीय भारत (२०२०), भगवती भोला (भजनमाला), स्वास्थ्य विज्ञान, नेपाली शिक्षा (भाग १-३), आत्मपरिचय (२०३९)। **सम्पादन/अनुवाद** : नेपाली बगलीकोश १९९८), नेपाली पर्यायवाची कोश (शब्दकोश-१९९९)। नीतिरत्न मञ्जूषा (अनु. १९७३)।

चट्याङ मास्टर (कृष्णमुरारि गौतम)

(व्यङ्ग्यकवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० फागुन २२, झौखेल, भक्तपुर। **माता/पिता** : भीमकुमारी गौतम, नारायणप्रसाद गौतम। **शिक्षा** : स्नातकोत्तर (कृषि अर्थशास्त्र)। **सेवा** : ग्रामीण विकास, हास्यव्यङ्ग्य साहित्य। नवरङ्ग साहित्य प्रतिष्ठानबाट सम्मान (२०५७)। **पहिलो रचना** : दशैँको पिरलो (निबन्ध, प्राङ्गण पत्रिका, २०३६)। **कृति/सृजना** : चट्याङ गीता (व्यङ्ग्य कवितासङ्ग्रह : भाग-१ : २०५७, भाग-२ : २०५८, भाग-३ :२०६०), भाग-४ :२०६१), चट्याङ गीता (व्यङ्ग्य, निबन्धसङ्ग्रह: भाग-५ (२०६१)। **सम्पादन/अनुवाद** : शक्ति (ऊर्जासम्बन्धी नेपालको पहिलो त्रैमासिक। **पुरस्कार/सम्मान** : भैरव प्रतिभा पुरस्कार (२०५६), गोपालराज पन्त पुरस्कार (२०६०)। **हालको ठेगाना** : इमाडोल, ललितपुर। **फोन** : ५५३६५६६, ९८५१०६४७०६।

चतुररत्न उदास (सी.आर. नेपाली, मास्टर)

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९५० वसन्तपुर, काठमाडौं। निधन : वि.सं. २००५ असोज। **माता/पिता** : पूर्णकुमारी, हरि उदास। **शिक्षा** : कला अध्ययन (कलकत्ता)। **सेवा** : नेपालमा सर्वप्रथम नेपाल आर्ट स्कुलको स्थापना (वि.सं. १९९१ चैत्र ३० गते), वि.सं. १९९५ मा श्री जुद्धकला पाठशालाको रूपमा स्थायित्व प्रदान गरी सक्रिय भूमिका निर्वाह गरेको। वि.सं. २००४ सम्म प्रमुख कला शिक्षक भई कला अध्यापनमा समर्पित भई सेवा गरेको। **कृति/सृजना** : हाल उपलब्ध कलाकृतिमा सिसा चित्रमा 'राधाकृष्ण' ठूलो सानो गरी दुई चित्र, 'नारायणलक्ष्मी' एक ठूलो सिसा चित्र, तैलचित्रमा 'बालक ध्रुव तपस्या' र आफ्नै 'सेल्फ पोट्रेट' अद्यावधिक छन्। मूर्तिकलाका केही कला पनि संरक्षित छन्। **पुरस्कार/सम्मान** : भारतको कलकत्तामा कला अध्ययन तथा चर्चित कोरेनथ्यन थियटरमा पर्दामा दृश्यचित्र लेखनबापत पदक तथा पुरस्कार प्राप्त। **सम्पर्क फोन** : ४२७४७८२।

चतुर्भुज आशावादी

(नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. २००१ मङ्सिर १, चाबहिल, काठमाडौँ। निधन : २०५९ भदौ ५। **माता/पिता** : भवानी उपाध्याय, अच्युतानन्द उपाध्याय पौडेल। **शिक्षा** : आई.ए.। **सेवा** : नृत्य निर्देशक। **पहिलो रचना** : नृत्य प्रदर्शन (२००६)। **कृति/सृजना** : निर्माण (नाटक, २०१७), सांस्कृतिक टोलीका साथ रुसमा नृत्य प्रदर्शन (२०२२), भारतको दिल्ली, पटना (२०२६), देहरादुन र दार्जीलिङ (२०३३), हिमालदेखि तराईसम्म, कार्यक्रम (२०३९-४०), विद्यार्थी (नाटक, प्रदर्शन (२०४१)। **पुरस्कार/सम्मान** : इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०५३), सर्वनाम पुरस्कार (२०५३), मधुरिमा पुरस्कार (२०५७), तेस्रो चौथो र पाँचौँ अन्तर्राष्ट्रिय मैथिली नाट्यमहोत्सवमा (तृतीय पुरस्कार)। डाँफेकला मन्दिर पोखराबाट सम्मान (२०२४), मिथिला एकेडेमी सम्मान (२०४४), सांस्कृतिक संस्थानबाट कदरपत्र (२०४४), साधना कला सम्मान (२०५४)।

चन्देश्वर शाह

(लेखक, मैथिली भाषा)

जन्म/स्थान : वि.सं. २००८ माघ १४, बटेश्वर -६, धनुषा। **माता/पिता** : पानोदेवी, रामशरण शाह। **शिक्षा** : विद्यावारिधि (मैथिली, त्रि.वि.)। **सेवा** : संस्थान, रेडियो नेपाल। **पहिलो रचना** : लेख (मैथिली भाषामा, २०४०)। **कृति/सृजना** :

मल्लकालीन मैथिली नाटक (२०५५), कारीख - महाराज (शोधप्रबन्ध, २०६१), करीब आधा दर्जन जति पाठ्यपुस्तक लेखन तथा मैथिली भाषाको विद्यालयस्तरीय पाठ्यक्रम निर्माण । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' । **हालको ठेगाना** : बटेश्वर -६, धनुषा /कोपुण्डोल, ललितपुर ।

चन्द्रकला नेवार

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ चैत्र २, डिगबोई, भारत । **माता/पिता** : कुमारी प्रधान, भक्तबहादुर प्रधान । **शिक्षा** : स्नातक, विशारद (हिन्दी साहित्य) । **सेवा** : गायन, नाटक, अध्यापन । **पहिलो रचना** : एक द्वीप, दुई पुतली (कथा, उषा पत्रिका, इ.सं. १९६०) । **कृति/सृजना** : ममता (कथासङ्ग्रह, २०२२), सीताको वनवास (रेडियो रूपक, इ.सं. १९६५), चक्रव्यूह (कवितासङ्ग्रह, २०५०), अल इन्डिया रेडियोमा करीब अढाई दर्जन जति गीत (गायन) रेकर्ड, म्युजिक नेपालद्वारा १० वटा गीतिएल्बम प्रकाशन (गायन, गीतरचना) । **पुरस्कार/सम्मान** : अखिल भारतीय स्तरको कथा प्रतियोगितामा प्रथम पुरस्कार (इ.सं. १९६३), नेपाली सङ्गीत प्रतियोगितामा श्रेष्ठ स्वरकार द्वितीय पुरस्कार (इ.सं. १९८३), लोकप्रिया पुरस्कार (२०५७) । असम प्रगतिशील शिल्पी साहित्यिक सङ्घ, अखिल भारतीय नेपाली भाषा समिति असम राज्य शाखा, नवरङ्ग साहित्य प्रतिष्ठान आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : पो.ब.नं. ९५५४, शङ्खमूल, काठमाडौँ (dilchandra@hotmail.com) । **फोन** : ४७८३८५० ।

चन्द्रकला शाह (फुस्री मैयाँ)

(लोकगायिका)

जन्म/स्थान : वि.सं. २००६ चैत्र रामनवमी, हापुर गुर्जे सिस्नेरी, दाङ । **माता/पिता** : जयकला मल्ल ठकुरी, पदमबहादुर मल्ल ठकुरी । **शिक्षा** : प्रभाकर (गायन, इलाहाबाद) । **सेवा** : लोकगीत सङ्कलन, गायन, साहित्य । **पहिलो रचना** : माथिबाट बगाइल्यायो दैखाने बटुकी .... बोल रहेको लोकगीत रेकर्ड (सङ्कलन, रेडियो नेपाल, २०३३), ओल्लो डाँडा इन्द्रेनी ....बोलको गीत गायन रेकर्ड (रेडियो नेपाल, २०३६) । **कृति/सृजना** : आँधी आएर (हाइकु-ताङ्कासङ्ग्रह, २०६१) । गीतिएल्वमहरू : जोवन कोपिलो (२०४५), चौतारी (२०४६), काठमाडौँ (२०४६), जीवन ज्योति (२०५०), कृष्णलीला (२०५१), गिटी कुटेर (२०६२), लगायत तीजगीत, दोहरी, भजन र लोकगीत गरी जम्मा ३१ वटा गीतिएल्बम प्रकाशन । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), प्रबल गोरखा दक्षिणबाहु (२०६१), लोकगीत प्रतियोगितामा सर्वोत्कृष्ट (रेडियो नेपाल, २०४०) । रेयुकाईद्वारा सम्मान (२०६१), गोर्खा म्यूजिक सम्मान (२०६१), दाङमा अभिनन्दन (२०६०) आदि । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२५६२८ ।

चन्द्रकान्त अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ असार १७, काफलडाँडा, गोरखा । **माता/पिता** : ईश्वरा अधिकारी, कुबेरदत्त अधिकारी । **शिक्षा** : एम.ए., एम.एड. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : आशाको अन्त्य (कथा, छहरो पत्रिका, २०२७) । **कृति/सृजना** : मौलिक अठोट : भावानुवादित छनोट (कविताकाव्य, २०४७), कुले (कथासङ्ग्रह,२०४८), नेपाली व्याकरणपरक शब्दकोश (क्रियापद, कोश, २०५१), बोध शक्ति (२०५१), बालुन गीत (संस्कृति, लौकिक गीतिनाटक, २०५५), चुनाव (कथासङ्ग्रह, २०५६), लगायत थुप्रै सहायक पाठ्यपुस्तकहरूको लेखन । **सम्पादन/अनुवाद** : गण्डकी (वार्षिक पत्रिका, २०५२), कालो बिरालो (उपन्यास, अनुवाद, २०५५), चेलीको आवाज (गीतिकाव्य, २०५९), कुलमाता विन्ध्यवासिनी (संस्कृति, २०६२) । **पुरस्कार/सम्मान** : केही साहित्यिक पुरस्कारहरू । **हालको ठेगाना** : बालाजु, एकलटार, काठमाडौँ / पोखरा, कास्की । **फोन** : २०९३३५२ / ९८४६०३४४२३ ।

चन्द्रकान्त आचार्य

(नियात्राकार)

जन्म/स्थान : वि.सं. २००८ जेठ १, वाङ्ला -४, अर्घाखाँची ।

माता/पिता : जमुनादेवी आचार्य, पोमनारायण आचार्य । **शिक्षा :** स्नातकोत्तर (सर्भे इन्जिनियरिङ) । **सेवा :** इन्जिनियरिङ परामर्श सेवा । **पहिलो रचना :** दस्विदानिया (कथा, किरण पत्रिका, इ.सं. १९७१) । **कृति/सृजना :** ज्वाला (उपन्यास, २०५७), सम्झनाको क्षितिजबाट (यात्रासंस्मरण, २०६१), दासता मुक्ति (२०६३), मित्रता (उपन्यास, २०६२), न्यूयोर्क सुन्दरी (२०६८) । **सम्पादन/अनुवाद :** ज्यूँदो शहीद (स्मारिका, २०६३), **पुरस्कार/सम्मान :** रामराज पन्त स्मृति पुरस्कार (२०६२) । **हालको ठेगाना :** १०८ नवसिर्जना मार्ग, नयाँ बानेश्वर, काठमाडौँ (masinacon@hotmail.com) । **फोन :** ४४७३८९६, ९८५११०६३८१ ।

चन्द्रकुमार मोक्तान (घावा वाङज्यु लामा)

(लेखक, तामाङ भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असोज ३१, भिङखोरी -८, शिखरपुर काभ्रे । **माता/पिता :** चमेली तामाङ, पूर्णसिंह मोक्तान । **शिक्षा :** साधारण । **सेवा :** लोकगीत गायन, प्रकाशन । **पहिलो रचना :** तामाङ ह्वाई (तामाङ गीत, फूलबारी पत्रिका, २०४२ पुस) । **कृति/सृजना :** तामाङ ह्वाई (भाग १, २ - २०४२, २०४५, म्यूजिक नेपाल), तामाङ काइह्वाव (धुन, २०५२, म्यूजिक नेपाल), तामाङ ह्वाइडाङ (२०५५, मास्टर रेकर्डिङ), पोङ लामा (तामाङ भाषामा गाईजात्रा (२०५६) । **सम्पादन/अनुवाद :** फूलबारी पत्रिका (२०४२) । **पुरस्कार/सम्मान :** ल्हासो पुरस्कार (२०५४) । जोङ मेल्लुङ कला समूह सम्मान (भक्तपुर, २०५९), तामा डजाङ सम्मान (काठमाडौँ, २०५९), नेपाल तामाङ घेदुङ सम्मान, (ललितपुर, २०६०), तामाङ सेर्जिम समिति सम्मान (काठमाडौँ, २०६०), नेपाल तामाङ राष्ट्रिय महासङ्घ सम्मान । **हालको ठेगाना :** कालीमाटी, काठमाडौँ । **फोन :** ४२८३१०३ ।

चन्द्र गुरुङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ साउन २१, माझगाउँ, मान्बु-६, गोरखा । **माता/पिता :** सेतुमाया गुरुङ, कुम्बासिं गुरुङ । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, व्यवसाय । **पहिलो रचना :** सावधान (कविता, गोरखापत्र, २०५४) । **कृति/सृजना :** उसको मुटुभित्र देशको नक्सा नै थिएन (सन् २००८) । **हालको ठेगाना :** मान्बु-६, गोरखा /धरान, सुनसरी (chandu_901@hotmail.com) । **फोन :** ०२५-५२४०७२, ९८११३५४२९८ ।

चन्द्रज्योति सुवेदी

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ भदौ २, गजुल-४, रोल्पा । **माता/पिता :** नन्दकुमारी सुवेदी, भक्तिराम सुवेदी । **शिक्षा :** आई.ए. । **पहिलो रचना :** कविता प्रकाशन (सृजना भित्ते पत्रिका, २०४८) । **कृति/सृजना :** दाहिने हात (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान :** दियो नवप्रतिभा पुरस्कार (रोल्पा, २०६१) । **हालको ठेगाना :** लिवाङ -६, रोल्पा ।

चन्द्रप्रसाद अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ पुस ४, खरिपानी, पाल्पा । **शिक्षा :** साधारण । **सेवा :** रेडियो नेपाल, प्रज्ञा लोकसाहित्य विभाग । **पहिलो रचना :** स्वदेशमै बस्छु म (गीतिकवितासङ्ग्रह, २००६) । **कृति/सृजना :** वनमुनिको झोपडी (गीतिकवितासङ्ग्रह, २०१०), गीतमाला (गीतिसँगालो, २०१३), कन्या बिक्री (गीतिकविता सङ्कलन, २०१४), कोसेली (गीतिकविता सङ्कलन, २०१८), कस्तो-कस्तो लाग्छ (गीतिकविता सङ्कलन), चाहना (गीतिकविता सङ्कलन, २०४०), चार सहर (गीतमाला, २०४५), तिर्खा (गीतमाला, २०४६), चाहना (गीतमाला) । **पुरस्कार/सम्मान :** छविलाल पाल्पाली प्रतिभा पुरस्कार (२०५०) । **हालको ठेगाना :** भुताहा, नवलपरासी ।

चन्द्रप्रसाद न्यौपाने



(महाकाव्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ कात्तिक २८, फुलपिङकोट, कल्लेरी, सिन्धुपाल्चोक । **माता/पिता** : अम्बिका न्यौपाने, हीरालाल न्यौपाने । **शिक्षा** : स्वाध्याय । **सेवा** : अध्यापन । **पहिलो रचना** : पालुवा (खण्डकाव्य, २०४७) । **कृति/सृजना** : नयाँ घर (कथासङ्ग्रह, २०४९), बेचिएकी चेली (खण्डकाव्य, २०४९), सगरमाथामाथि (खण्डकाव्य, २०५०), युद्धको नाइके (उपन्यास, २०५०), आँसुको थोपा (खण्डकाव्य, २०५१), विद्रोही (खण्डकाव्य, २०५२), फुलपिङकोट एक परिचय (शोध, २०५२), कहाँ छ ईश्वर ? (कवितासङ्ग्रह, २०५२), कुबिण्डे र सङ्घर्ष (खण्डकाव्य, २०५२), सोल्मू (महाकाव्य, २०५३), जीवनलक्ष्य (कवितासङ्ग्रह, २०५४), एउटा बाल मजदुर (खण्डकाव्य, २०५५), चन्द्रप्रसादका १०१ कविता (कवितासङ्ग्रह, २०५५), प्रत्याघात (महाकाव्य, २०५५), केही साहित्यिक व्यक्तित्व-कृतित्व (समालोचना, २०५६), मनका गुनासा (कवितासङ्ग्रह, २०५६), व्यावहारिक सन्देश (नीतिकाव्य, २०५७), उज्यालोको खोजीमा (निबन्धसङ्ग्रह, २०५८), सिमाना (महाकाव्य, २०५८), गौतमबुद्ध (महाकाव्य, २०५९), केही शीर्षस्थ प्रतिभाहरू (खण्डकाव्य, २०६०), सिन्धुको साहित्यिक इतिहास (शोधग्रन्थ, २०६०), सिपाही (महाकाव्य, २०६१), मान्छेको यात्रा (महाकाव्य, २०६१), आधुनिक वाल्मीकि : रमेशचन्द्र (खण्डकाव्य, २०६१), म (महाकाव्य, २०६२), तीतामीठा कुरा (सहलेखन, नीतिकाव्य, २०६३), छन्दकुञ्ज (सूत्रबद्ध-कवितासङ्ग्रह, २०६३), माधुरी (कवितासङ्ग्रह, २०६३), राता फूलहरू (कवितासङ्ग्रह, २०६३), अरनिको (महाकाव्य, २०६३), चन्द्रयुग (बृहत्तरकाव्य, २०६५) । **सम्पादन/अनुवाद** : सिन्धु जमर्को (साहित्यिक त्रैमासिक), बिहानी (साहित्यिक पत्रिका), सिन्धु जमघट (साहित्यिक विशेषाङ्क) । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (बृहत् सिन्धु साहित्यिक सम्मेलन, २०५१), 'नेपाली साहित्यका अरनिको (जिविस सिन्धुपाल्चोकद्वारा उपाधि, २०६०), राष्ट्रिय शिक्षा पुरस्कार (२०६० र २०६५), विश्व शान्तिदूत अवार्ड (२०६३) । जनमत जनकसेवा सम्मान (२०६०), सुनकोशी प्रतिभा सम्मान (२०५४), दीपशिखा प्रतिभा सम्मान (२०६०), 'नेपाली साहित्यमा आश्चर्य' सम्मान (गतिशील युवा समूह, २०६२), प्रगति साहित्य सम्मान (२०६२), लोकतान्त्रिक सम्मान (सिन्धुपाल्चोक, २०६३), सिन्धु प्रतिभा सम्मान (२०६३) । **हालको ठेगाना** : फुलपिङकोट -३, कल्लेरी, सिन्धुपाल्चोक । **फोन** : ९७४११७६९०७, ०१६-६२२१०६९ ।

चन्द्रबहादुर खड्का

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ पुस १६, मल्पी, पनौती, काभ्रेपलाञ्चोक । **माता/पिता** : शिवकुमारी खड्का, मीनबहादुर खड्का । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : प्रशासन । **पहिलो रचना** : चुनावको लहर (कविता, २०१५) । **कृति/सृजना** : रोएको मन (२०६१) । **सम्पादन/अनुवाद** : रारा पत्रिका (२०३३), अरनिको (२०३६), सुभाष स्मारिका (२०५९) । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (२०३२), गोरखा दक्षिणवाहु (चौथा र तृतीय, २०३३, २०५३) शिक्षामा राम्रो काम गरेवापत कदरपत्र (२०३६) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ०१-४४७००१ ।

चन्द्र भट्टचन

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ जेठ ४, गणेशटोल, पोखरा, कास्की । **माता/पिता** : यामकुमारी भट्टचन, झपटबहादुर भट्टचन । **शिक्षा** : स्नातकोत्तर (व्यवस्थापन, त्रि.वि.) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : कडा पत्थर पनि पग्लँदो रहेछ (गजल, मधुपर्क २०३८) । **कृति/सृजना** : सञ्चयन गीतिएल्बम, रचना, २०५८), प्रतिवद्ध (गीतिएल्बम, रचना २०६०), अस्तित्वका लागि परिकल्पना (शब्दमा चित्रप्रदर्शनी, २०६२) । **सम्पादन/अनुवाद** : अभिभारा (२०५७), खाङ्गालो (२०६१), थासाङ (२०६२) । **पुरस्कार/सम्मान** : वक्तृत्व कला प्रतियोगितामा प्रथम पुरस्कार (पोखरा, २०४०), थकाली सेवा समिति जापान (नेपाल) द्वारा सम्मान (इ.सं. २००१) । **हालको ठेगाना** : धोबीघाट, ललितपुर /पो.ब.नं. ५३५३, काठमाडौँ (kchan@wlink.com.np) । **फोन** : ५५२८५४९ ।

चन्द्रमणि अधिकारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ फागनु १, मौवा, पाँचथर । **माता/पिता** : दुर्गादेवी, प्रजापति उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** :

सिम्लेली साइँलो (कथा, पीपल पत्रिका, २०२६) । **कृति/सृजना :** अस्मिता (कथासङ्ग्रह, २०४१), निबन्धको प्रबन्ध (निबन्धसङ्ग्रह, २०५४) र नेपाली भाषा र व्याकरण (२०५६), हाम्रो समाज (कथासङ्ग्रह, २०६३), बी.पी. कोइरालाका उपन्यासहरू (२०६४), कथा र कथाहरू (२०६४), गीता बाहिनी (२०६४), रुद्राक्षारण्य (नेपाली-अङ्ग्रेजी, २०६४) । **सम्पादन/अनुवाद :** काँचुली (सामयिक सङ्कलन, २०२७), फेवा (त्रैमासिक, २०३२), आरती (साप्ताहिक, २०४०), परामर्श दैनिक (२०४०) । **पुरस्कार/सम्मान :** खिलेश्वरी पत्रकारिता पुरस्कार (२०५०), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । **हालको ठेगाना :** १५/९९ धरान, सुनसरी । **फोन :** ०२५-५२०४३३ ।



चन्द्रमणि प्रसाई (चन्द्रप्रसाद)

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज ६, ताप्लेजुङ । **माता/पिता :** नयनादेवी प्रसाई, टङ्कप्रसाद प्रसाई **शिक्षा :** साहित्य, दर्शन । **सेवा :** कृषि, व्यापारी, पत्रकारिता । **पहिलो रचना :** नयाँ वर्ष (कविता, युगज्ञान पत्रिका, २०३८) । **कृति/सृजना :** युगज्योति (खण्डकाव्य, २०४१), विभो ! (कविताकाव्य, २०४४), प्रिय-प्राण (आत्मकाव्य, २०४५), शासक, समाज र साहित्य (निबन्धसङ्ग्रह, २०४७), चन्द्रमणिका निबन्धहरू (२०४७), सूक्ष्म तरङ्ग (निबन्धसङ्ग्रह, २०४८), चन्द्रमणिका सूक्तिहरू (२०५३) अखण्ड दिव्य सन्देश (२०५५), निजानन्द अनुभूति (२०५७), चिन्तन र आत्मप्रकाशन (२०५८), अखण्ड सुख सूत्र (२०६३) । **सम्पादन/अनुवाद :** नयाँशक्ति (साप्ताहिक, २०४८), जनसत्ता (साप्ताहिक, २०४९), शुभारम्भ (धार्मिक मासिक, २०६८) लगायत अन्य साप्ताहिक र मासिक पत्रिकाहरू सम्पादन । **हालको ठेगाना :** सरस्वतीमार्ग घर नं. १०७०, चाबहिल, काठमाडौँ । **फोन :** ४८२१९१८, ९८४१३४२६४८ ।

चन्द्रमान मुनिकार

(चर्या नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. २०२२ मङ्सिर १५, यटखा, टोल, काठमाडौँ । **माता/पिता :** श्रीमाया मुनिकार, दशनारायण मुनिकार । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** अध्यापन, चर्या नृत्य प्रशिक्षण । **पहिलो रचना :** २०४० सालदेखि चर्या नृत्यमा संलग्न **कृति/सृजना :** चर्या नृत्यको अनुसन्धान, चर्या नृत्य प्रशिक्षण, चर्या नृत्य अन्तर्राष्ट्रिय मुलुकहरू (जापान, भारत, बेल्जियम, नेदरल्याण्ड, सिङ्गापुर आदि) मा प्रदर्शन, (प्रकाशोन्मुख: चर्या नेपाल) । **पुरस्कार/सम्मान :** World folklore Music festival मा स्वर्णपदक (बेल्जियम, इ.सं. २००१), नाट्येश्वर नृत्य कलाकेन्द्रद्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** का.म.न.पा. -१९, (chandra_man@hotmail.com) । **फोन :** ४२६५६४४ ।

चन्द्रमान वज्राचार्य

(साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०११ भदौ ३१, कीर्तिपुर, काठमाडौँ । **माता/पिता :** बेटीमाया वज्राचार्य, भक्तमान वज्राचार्य । **शिक्षा :** एम.ए. (नेपालभाषा), विद्यावारिधि (धुस्वां साय्मिया नेपालभाषा उपन्यासय् शिल्पविधि) । **सेवा :** प्राध्यापन, सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक सेवा । **पहिलो रचना :** मानमत्तया लीला (कथा, नेपालभाषा, लूनिभा: पत्रिका, २०३०) । **कृति/सृजना :** छ्वास काव्यय् कवि 'व्यथित' (समालोचना, २०४३), भिक्षु महानाम् 'कोविद' म्हसीके (व्यक्ति-मूल्याङ्कन, २०५२), सिर्जनाया विवेचना (अनुसन्धानमूलक, २०५४), नेपालय् जिगु थ:गु खँ (लघुनिबन्ध, २०५५) । कीर्तिपुर नगरपालिकाभित्रका पर्यटन स्थलहरू : एक झलक (इ.सं. १९९८), कविकेशरी चित्तधर हृदय : जीवनी र व्यक्तित्व (२०६३), किन पिरोल्छ भारत नेपाललाई (२०६९), सन्दर्भ : नेपालभाषा (२०६९), महाकवि चित्तधर हृदयको सुगत सौरभमा नेपाल संस्कृति (२०६९), सुगत सौरभमा बुद्धजीवनी र बुद्ध धर्म (२०६९), कृति व दृष्टि (नेपाल भाषा, २०६९), साहित्यिक (२०६९) । **सम्पादन/अनुवाद :** कुलां (२०३०), केपूया चिलंचो बहा: (जगतपाल महाविहार, २०५१), नेपाल नेवा: समाजको स्मारिका, २०५२) प्राचीन कीर्तिपुर (२०५२), नेपाल-ऋतुपौ (नेपालभाषा परिषद्को मुखपत्र), २०४६ को जनआन्दोलन :

एक मूल्याङ्कन (वक्तव्य सँगालो, २०५३), बाघभैरव (पुस्तक, २०५४)। आफन्तीका कथा (अनुवाद, २०४९)। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण पदक 'क' (२०६२)। जनचेतना पुस्तकालयबाट सम्मान (२०५६)। **हालको ठेगाना** : कीर्तिपुर, काठमाडौँ। **फोन** : ४३३०९२२, ९८४१८६३४६८।

चन्द्रमान सिंह मास्के

(चित्रकार/मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९५६ चैत २३, बाङ्गेमुढा, काठमाडौँ। निधन : २०४१ साउन १३। **माता/पिता** : पूर्णकुमारी मास्के, बुद्धिमानसिंह मास्के। **शिक्षा** : स्नातक (चित्रकला)। **सेवा** : निजामती सेवा, कला, सामाजिक सेवा, प्राध्यापन। **पहिलो रचना** : एकल चित्रकला प्रदर्शनी (१९८५)। **कृति/सृजना** : *चित्रकलाहरू* : गद्दी बैठक (वसन्तपुर, काठमाडौँ), नारायणहिटी राजदरबार, सिंह दरबार, ग्यालरी बैठक (हाल : प्रतिनिधि सभा भवन), प्राच्य कला सङ्ग्रहालय (मास्को, रूस), नेपाल, भारत, जर्मनी, स्वीट्जरल्याण्ड, यू.के. अमेरिका, अन्य देशहरूका बुद्धिजीवी विशिष्ट व्यक्तिहरूको सङ्ग्रह। *मूर्तिकलाहरू* : लुम्बिनी उद्यानमा अवस्थित भगवान् बुद्धको जन्म मायादेवीको प्रस्तर मूर्ति (२०१४), भगवान् रामचन्द्र, सीता र लक्ष्मणका प्रस्तर मूर्तिहरू (आसोपुर बलकवा, सिरहा, २०१६), बालाजु बाइसे धारा उद्यान रहेको राजा महेन्द्र तथा रत्नको प्रस्तर मूर्ति (२०२४), राजा महेन्द्रको ढलौटको मूर्ति (नेपाल प्रज्ञा-प्रतिष्ठान), धनगढी, महेन्द्रनगरस्थित उद्यानमा राजा वीरेन्द्र तथा ऐश्वर्यका ढलौटका मूर्तिहरूको निर्माण। *वास्तुकला निर्माणमा* : नयाँसडक ढोकाको कलात्मक डिजाइन, वीरगन्ज सभागृहको कलात्मक डिजाइन, पोखराको फेवातालमा अवस्थित वराह मन्दिरको कलात्मक डिजाइन, थानकोटस्थित उद्यानमा त्रिभुवन स्मारकस्थलको कलात्मक डिजाइन। पृथ्वीनारायण क्याम्पस, पोखराको पुतली सङ्ग्रहालयमा प्रदर्शित काष्ठ टुँडालहरूको डिजाइन। करीब एक दर्जनभन्दा बढी चित्रकला प्रदर्शनी। **पुरस्कार/सम्मान** : त्रिभुवन रजत जयन्ती पदक (वि.सं. १९९३), नेपाली उद्योग प्रदर्शनी रजत पदक (वि.सं. १९९४), गोरखा दक्षिणबाहु -चौथा (२०१०), परोपकार संस्थाद्वारा आयोजित नेपाल राष्ट्रिय प्रदर्शनी रजत पदक (२०११), शुभराज्याभिषेक पदक (२०१३ र २०३१), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०२३), त्रिभुवन स्मारक समिति स्वर्ण पदक (२०३०), सोभियत सङ्घ सरकारबाट प्राप्त पदक (२०३९)। साहित्यिक पत्रकार सङ्घ, काठमाडौँबाट अभिनन्दन (२०४०), हुलाक टिकट प्रकाशन गरी सम्मान २०५२)। **सम्पर्क ठेगाना** : पाटन, ललितपुर। **फोन** (सम्पर्क) : ५५४९३७५ (सन्तोषमान मास्के)।

चन्द्रराज शर्मा अर्ज्याल

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं.१९९६ पुस कृष्ण सप्तमी, डिल्लीबजार, काठमाडौँ। **माता/पिता** : होमकुमारी, यज्ञराज शर्मा अर्ज्याल। **शिक्षा** : सङ्गीत प्रभाकर (२०२०, इलाहावाद), बी.कम. (२०२३ त्रि.वि.)। **सेवा** : प्राध्यापन, प्रशिक्षण (सङ्गीत)। **कृति/सृजना** : मुनामदन, शकुन्तला, रामभरत मिलाप, कुञ्जिनी, हरिश्चन्द्र, यशोधरा, शुभविवाह, श्रीकृष्णलीला, मुटुको व्यथा, शिवपार्वती, राजकुमार, विश्वान्तर आदि गीति नाटकहरू तथा दुर्गावतार, सत्य नाग आदि नृत्यनाटिकाहरूमा एवं करीब १२५ फुटकर गीतहरूमा, चलचित्रहरू कुमारी, जीवनज्योति, भानुभक्त, श्री स्वस्थानी आदिमा सङ्गीत सिर्जना। **सम्पादन/अनुवाद** : गीति नाटकमा सङ्गीत प्रदान, कुमारी चलचित्रमा सङ्गीत निर्देशन। **पुरस्कार/सम्मान** : नेपाल कलाभूषण (२०२१), शुभराज्याभिषेक पदक (२०३१), शिक्षा पुरस्कार (२०४८), प्रबल गोरखा दक्षिणबाहु, छिन्नलता पुरस्कार (२०४९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४)। राजा महेन्द्रबाट नेपाल कलाभूषणको उपाधिद्वारा सम्मान (२०२२), साधना सम्मान (२०५५), नारायणगोपाल सङ्गीत कोषद्वारा स्वरसम्राट् स्मृति सम्मान (२०५८), नेपाल चलचित्र राष्ट्रिय कलाकार सङ्घ सम्मान (२०५८), रूपक स्मृति कला सम्मान (२०५९) लगायत प्रशस्त सम्मान, कदरपत्र तथा अभिनन्दन। **हालको ठेगाना** : ज्ञानेश्वर, काठमाडौँ। **फोन** : ४४२००११, ४३७१९६१।

चन्द्रराज सापकोटा

(भेषज साहित्यकार/पाठ्यपुस्तक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ जेठ २३, दमेक -४, बागलुङ। **माता/पिता** : भगवती सापकोटा, गङ्गाधर सापकोटा। **शिक्षा** : एम.डी. (आयुर्वेद)। **सेवा** : प्राध्यापन (त्रि.वि.), सिंहदरबार वैद्यखाना

(पूर्व प्रबन्ध निर्देशक) । **पहिलो रचना** : गुणकारी लहसुन (लेख, १९८६, सचित्र आयुर्वेद, पटना) । **कृति/सृजना** : आयुर्वेदीय औषध निर्माण विज्ञान (पाठ्यपुस्तक, २०५७), आयुर्वेदिक फर्माकोलोजी (विषयगत सन्दर्भ पुस्तक, २०५८), सञ्जीवनी (पुस्तक, २०५९) । **सम्पादन/अनुवाद** : एकता पत्रिका, चिन्तन पत्रिका, धन्वन्तरि स्मारिका (२०५७), नेपाल आयुर्वेद भैषज्य संहिता (२०६०) । **पुरस्कार/सम्मान** : निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार (ई. १९८७, पटना), धन्वन्तरी अवार्ड (इ.सं. २००१) । राष्ट्रिय नागरिक सम्मान (२०६१, नागरिक मञ्च नेपाल, काठमाडौँ) । **हालको ठेगाना** : धापासी, टोखासडक खरिबोट, काठमाडौँ (gangayur@ntc.net.np) । **फोन** : ४३५५८४८ ।

चन्द्र रानोहँछा (चन्द्रकुमार राई)

(कवि/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ भदौ ७, निर्मलीडाँडा -८, खोटाङ । **माता/पिता** : कृष्णलक्ष्मी राई, राजबहादुर राई । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : कला, साहित्य, सङ्गीत । **पहिलो रचना** : चौबन्दी किनिदिउँला (गायन, २०५५) । **कृति/सृजना** : चौबन्दी किनिदिउँला (रचना/गायन, गीतिएल्बम, २०५५), चिनो रुमाल (रचना/गायन/सङ्गीत, गीतिएल्बम, २०५६), मनमा आँधी चलेपछि (कवितासङ्ग्रह, २०६७), भाउजू लडेको भीर (कथासङ्ग्रह, २०६९) । **पुरस्कार/सम्मान** : चित्रकला प्रतियोगितामा द्वितीय (खोटाङ), कार्टुन चित्र प्रतियोगितामा प्रथम (काठमाडौँ) । **हालको ठेगाना** : बागबजार, काठमाडौँ (artist.chandra@yahoo.com) । **फोन** : ९८४१५८३१२३ ।

चन्द्रवदना घिमिरे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : १ मई १९४३, दुराडाँडा, लमजुङ । **माता/पिता** : हरिमाया अधिकारी, शोभाकर अधिकारी । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : शिक्षण सेवा । **पहिलो रचना** : समयको माग (नाटक, प्रदर्शित, २०१९) । **कृति/सृजना** : श्वेता (शोककाव्य, २०५६), प्रयास (कवितासङ्ग्रह, २०५६) । **सम्पादन/अनुवाद** : बिहानीको किरण (विद्यालयको वार्षिक पत्रिका, २०३४), मातृवियोग (शोककाव्य, २०५९) । **हालको ठेगाना** : लैनचौर, काठमाडौँ । **फोन** : ४४१५८०९ ।

चन्दा श्रेष्ठ

(ललितकलाकर्मी)

जन्म/स्थान : १५ अगस्ट १९५६, काठमाडौँ । **माता/पिता** : मनोरमा श्रेष्ठ, गोपालदास श्रेष्ठ । **शिक्षा** : बी.एफ.ए. (फाइनआर्ट) । **सेवा** : चित्रकारिता, अध्यापन । **पहिलो रचना** : चित्रकला (१९८२) । **कृति/सृजना** : अमेरिका, बेलायत, जापान, अष्ट्रेलिया, भारत, श्रीलङ्का, स्वीडेन, क्यानाडा आदि देशहरूमा चित्रकला सङ्गृहीत । **पुरस्कार/सम्मान** : तेस्रो पुरस्कार (कला, इ.सं. १९८४, १९८५, १९८७), दोस्रो पुरस्कार (इ.सं.१९८५), स्वर्ण पदक (१९८४), द वेस्ट अफ सो अवार्ड (१९८६) । **हालको ठेगाना** : पो.ब.नं. ९१५८ नरदेवी, काठमाडौँ । **फोन** : ४२५९६९७, ४२५९१३६ ।

चन्द्रशेखर उपाध्याय

(कवि, अनुवादक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९१ भदौ ५, वडहरवा -१, रौतहट । **माता/पिता** : गणेशकुमारीदेवी उपाध्याय, कृष्णप्रसाद उपाध्याय । **शिक्षा** : साहित्याचार्य (संस्कृत), डिप् इन एड (नेपाली), विशिष्टशास्त्री (नेपाली) । **सेवा** : अध्यापन, कृषि । **पहिलो रचना** : गजल (धनुषा पत्रिका, २०१२) । **कृति/सृजना** : वीरगन्ज वैभव (हिन्दी खण्डकाव्य), मटिहानी महिमा (हिन्दी खण्डकाव्य), धनुषा धाममें जनकका धनुष यत्र (हिन्दी खण्डकाव्य), कमला विमला मिथिला धाम (हिन्दी खण्डकाव्य), सुदामा चरित (खण्डकाव्य), मिथिलाक सांस्कृतिक सदाशयता (शोधप्रबन्ध), जनकपुर मीमांसा (खण्डकाव्य) । **सम्पादन/अनुवाद** : प्रियप्रवास (महाकाव्य, हिन्दीबाट नेपालीमा अनुवाद), मधुशाला (हिन्दीबाट नेपालीमा पद्यानुवाद), रश्मिरथी (हिन्दीबाट नेपाली, खण्डकाव्य), कामायनी (हिन्दी महाकाव्यको नेपालीमा अनुवाद) । **पुरस्कार/सम्मान** : बौद्धिक समाज जनकपुरबाट सम्मान (२०६३), जानकी कला परिषद् जनकपुरबाट पुरस्कृत (२०६५),

रचनात्मक समुदाय नेपाल (जनकपुर) बाट सम्मान (२०६६), मिथिला गौरव सम्मान (२०६७), राजर्षि जनक साहित्य संस्थानद्वारा सम्मान (२०६८), । **हालको ठेगाना** : रघुनाथपुर -५, धनुषा । **फोन** : ०४१-५२१०११ ।

चन्द्रा थानी (शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ चैत १६, बयलकाँडा, सुर्खेत । **माता/पिता** : भूमिदेवी थानी, प्रजापति थानी । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य । **पहिलो रचना** : नारी जीवन (कविता, कविता कोसेली, २०४७) । **कृति/सृजना** : सङ्कल्प (कवितासङ्ग्रह, २०५१), नारी चेतना (खण्डकाव्य, २०५५), कत्लेआम (काव्य, २०६८) । **पुरस्कार/सम्मान** : सुर्खेती प्रतिभा पुरस्कार (२०५२) । **हालको ठेगाना** : नयाँ नैकाप, काठमाडौं । **फोन** : ४३१२१६७, ९८४१६८७५२० ।

चाँदनी शाह (ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह)

(कवि/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ कात्तिक २२, लाजिम्पाट, काठमाडौं । निधन : २०५८ जेठ १९, नारायणहिटी राजदरबार । **माता/पिता** : राज्यलक्ष्मी राणा, रथी केन्द्रशमशेर ज.ब.रा. । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : राजकाज तथा साहित्य । जापान, लाओस, युगोस्लाभिया र स्पेनबाट सम्मानित । पूर्व रानी । **कृति/सृजना** : चाँदनी शाह आफ्नै आकाश आफ्नै परिवेश (गीतिकविता, नरेन्द्र प्रसाईद्वारा सम्पादित, २०४३), चाँदनी शाहका गीत (गीतिएल्बम, भाग १, २ तथा सी.डी., २०५६), उकाली ओरालीहरूमा..., यौटा मान्छेको मायाले कति..., आदि थुप्रै गीत (रचना)हरू रेकर्ड भएका । **पुरस्कार/सम्मान** : नेपाल प्रताप भास्कर, ओजस्वी राजन्य, महागौरव तेजस्वी प्रजातन्त्र श्रीपद, महाउज्ज्वल कीर्तिमय नेपाल श्रीपद आदि ।

चारुशिला मिश्र

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ असोज, नक्साल, काठमाडौं । **माता/पिता** : मनदेवी रिमाल, शिवनाथ रिमाल । **शिक्षा** : साधारण । **सेवा** : गृहस्थी । **कृति/सृजना** : उसैको सम्झनामा (काव्य, २०२८), भावाञ्जली (कवितासङ्ग्रह, २०४५), श्रद्धाञ्जलि (कवितासङ्ग्रह, २०६०), भाव सरिता (काव्य, २०६२), भागवत् प्रेम (निवन्ध, २०६३), भक्ति सरिता (काव्य, २०६३), प्रभु दर्शन (काव्य संस्मरण, २०६७) । **पुरस्कार/सम्मान** : सत्संग मन्दिर, जावलाखेलद्वारा सम्मान, कात्यायनी सार्वजनिक पुस्तकालय, बानेश्वर काठमाडौँद्वारा अभिनन्दन । **हालको ठेगाना** : कोपुण्डोल, ललितपुर । **फोन** : ५५२१७४६ ।

चित्तधर हृदय

(कवि, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९६३ जेठ ५, काठमाडौँ । निधन : २०३९ जेठ २६ । **माता/पिता** : ज्ञानीलक्ष्मी, द्रव्यधर तुलाधर । **शिक्षा** : स्वाध्याय, संस्कृत । **सेवा** : साहित्य, अध्यापन, व्यापार, नेपालभाषा परिषद्का संस्थापक, *लाइब्रेरी पर्वमा प्रताडित, ९७ सालमा जेलयातना ।* । **पहिलो रचना** : बुद्धोपासकया पाप देशनां (बुद्ध सम्वत् २४७०) । **कृति/सृजना** : पद्य निकुञ्ज (ने.सं. १०५३), हृदयकुसुम कविता (ने.सं. १०५३), हृदय कथा (ने.सं. १०६७), गौतम बुद्ध (ने.सं. १०६७), झी मचा (बालसाहित्य, ने.सं. १०६७), बभ्रुवाहन (खण्डकाव्य, ने.सं. १०६९), अन्तर्ध्वनि (कविता, ने.सं. १०६९), सुगत सौरभ (महाकाव्य, ने.सं.१०६९), नेपालभाषा गथे च्वयगु (नेवारी व्याकरण, ने.सं. १०७२), झिगु साहित्य (ने.सं. १०७४), महाचीनय नेपाल संस्कृति (यात्रासंस्मरण, ने.सं. १०८४), नेपाली सङ्गीत (ने.सं. १०९३), हृदयया झन्कार (गीत, ने.सं.११०६) लगायत ३३ वटा पुस्तक (अप्र.: प्रेमकुसुम, कविगुथी, जिगुजात आदि) । **सम्पादन/अनुवाद** : नेपाल (ऋतु पत्रिका, ने.सं. १०७२), अनुवाद पुस्तक २ वटा, नेपालीमा ४ नेवारीमा थुप्रै (१११) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०१३, २०३१), 'कविकेशरी' को उपाधिबाट सम्मान (राजा महेन्द्रबाट), च्वसापासाबाट साहित्य शिरोमणि ।

चित्तरञ्जन नेपाली (नारायणप्रसाद राजभण्डारी)

(इतिहासकार)

जन्म/स्थान : वि.सं. १९८८ साउन १० गते, न्हैकन्तला, काठमाडौँ । **माता/पिता** : कालीनानी, मेदिनीप्रसाद राजभण्डारी । **शिक्षा** : एम.ए. (नेपाली साहित्य, इतिहास संस्कृति र पुरातत्त्व) । **सेवा** : निजामती (महानिर्देशक: पुनर्वास विभाग, उपसचिव: खाद्य कृषि मन्त्रालय, निर्वाचन आयुक्त । ने.रा.प्र.प्र. : प्राज्ञ । **पहिलो रचना** : खैय्यामको रूवैयातबाट (अनुवाद, शारदा पत्रिका, वर्ष १३, २००४) । **कृति/सृजना** : मां लुमंका: (शोककाव्य, नेपालभाषा, २००७), नेपाली इतिहास परिचय (बालसाहित्य, भाग १-३, २०१३, २०१५), जनरल भीमसेन थापा र तत्कालीन नेपाल (२०१३), प्रतिक्रिया (कवितासङ्ग्रह, नेपालभाषा, २०१४), श्री ५ रणबहादुर शाह (व्यक्तित्व र जीवनी, २०२०), नेपाल चीन सिमाना सन्धि (इतिहास, २०२१), शाह किङ्ग्स् अफ नेपाल (अङ्ग्रेजी भाषा, २०२२), राणाशाहीको रोलव्यवस्था र धर्मपत्रहरू (पुस्तिका, २०५५), पारिवारिक षड्यन्त्रका कथाहरू (२०५७), जिगु सन्देश (कवितासङ्ग्रह, नेपालभाषा, २०५७), म अझै बाँचेको छु (२०५७), केही कृति केही अभिव्यक्ति (२०५८), केही ऐतिहासिक निबन्धहरू (२०६०) । करीब आधा दर्जन जति नाटकहरू निर्देशन, अभिनय । **सम्पादन/अनुवाद** : बालज्ञान किरण (बालसाहित्य, २००८), जापानको इतिहास (२०४५), ग्वीं निला (नेपालभाषा, दुर्गालाल श्रेष्ठका कविताहरू, २०५७), ट्वीस्टस् एन्ड टर्नस् (अङ्ग्रेजी भाषा, दुर्गालाल श्रेष्ठका कविताहरू, इ.सं. २०००), कलाकौशल वाद्य वा सङ्गीतसँग सम्बन्धित विधान तथा कामहरू को सम्पादन । *अनुवाद कृतिहरू* : खैय्यामका रुवाइ (अङ्ग्रेजीबाट नेवारीमा, लेखक : एड्वार्ड फिट्जेराल्ड, २०१३), बैत हे (नेपालीबाट नेवारीमा अनु., लेखक : म.वी.वि. शाह, २०२८), उसैको लागि (नेवारीमा अनु., मूल लेखक : म.वी.वि.शाह), स्वप्नवासवदत्ता (नेवारीमा अनु.) गंकी (उपन्यास - नेवारीबाट नेपालीमा, लेखक: धूस्वाँ सायमी, २०१६), मुद्रा राक्षस (संस्कृत भाषाबाट नेपाली भाषामा, लेखक: विशाख दत्त, २०३९), आधुनिक जापानी उपन्यासप्रति विभिन्न दृष्टिकोणहरू (अङ्ग्रेजी भाषाबाट नेपालीमा, लेखक: विभिन्न अमेरिकन र जापानिज समालोचकहरू, २०४६), सुगत सौरभ (महाकाव्यको अनुवाद) आदि थुप्रै पुस्तकहरूको अनुवाद । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०१३), श्रेष्ठ सिरपा पुरस्कार (२०१५), वीरेन्द्र शुभराज्याभिषेक पदक (२०३१), सुप्रबल गोरखा दक्षिणबाहु (तेस्रो, २०१९, दोस्रो, २०५१), त्रिशक्ति पट्ट तेस्रो (२०२४), दुर्गम सेवा पदक (२०२८), जानपद सेवा पदक (२०३०), जानपद दीर्घ-सेवा पदक (२०३९), दैवी प्रकोप पीडितोद्धार पदक (२०४५), भीमसेन थापा स्मृति पुरस्कार (२०५२) गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), अमरसिंह थापा पुरस्कार, उदयानन्द अर्ज्याल स्मृति पुरस्कार (२०६९), सयपत्री सम्मान, नइखरा प्रदीप्ति पुरस्कार । **हालको ठेगाना** : बाँसबारी, चक्रपथ, काठमाडौँ । **फोन** : ४३७३०४२, ४३७२८४५ ।

चित्रकुमारी सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ साउन ११, नेर्पा, खोटाङ । **माता/पिता** : नन्दकुमारी सुवेदी, देवीप्रसाद सुवेदी । **शिक्षा** : बी.एड. । **सेवा** : अध्यापन । **पहिलो रचना** : गजल (प्रतिभा, २०५४) । **कृति/सृजना** : चित्रका चित्कारहरू (गजलसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : काँचुली (मुखपत्र), नयन ऋताङ्क (गजलप्रधान पत्रिका), । **पुरस्कार/सम्मान** : स्थानीय साहित्यिक प्रतियोगितामा पुरस्कृत । **हालको ठेगाना** : नेर्पा-५, खोटाङ ।

चिनियाँलाल वज्राचार्य (उपन्यासकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८९ कोजाग्रत पूर्णिमा, टक्सारटोल, तानसेन, पाल्पा । **माता/पिता** : हिरामाया वज्राचार्य, अमृतलाल वज्राचार्य । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । थुप्रै सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन-सम्मान । **पहिलो रचना** : फोंगी (धर्मोदय पत्रिका, २००५) **कृति/सृजना** : नसंचा (उपन्यास, नेपाल भाषा, २०३६), बुँबाली (उपन्यास, नेपाल भाषा, २०५१) । **सम्पादन/अनुवाद** : वैशाख पूर्णिमा (तानसेनबाट प्रकाशित) **पुरस्कार/सम्मान** : छविलाल पुरस्कार (पाल्पा साहित्यिक समाज, २०५४), पालपाली प्रतिभा पुरस्कार (२०५४) **हालको ठेगाना** : तानसेन, पाल्पा । **फोन** : ०७५-५२००७९ ।

चिनीकाजी ताम्राकार

(मण्डला चित्रकार)

जन्म/स्थान : वि.सं. १९९१ वैशाख शुक्ल त्रयोदशी, मरुटोल, काठमाडौँ । **माता/पिता** : पूर्णदेवी, छत्रबहादुर ताम्राकार । **शिक्षा** : स्वाध्याय । **सेवा** : सदस्य (नाफा) । हस्तकला सङ्घबाट सर्वोत्कृष्ट सम्मान (२०६१) । **पहिलो रचना** : कला प्रदर्शनी (इ.सं. १९५४) **कृति/सृजना** : कला प्रदर्शनी (इ.सं. १९५४, १९५९, १९६५, १९७४) **पुरस्कार/सम्मान** : दोस्रो पुरस्कार (नाफा, २०२८), तेस्रो पुरस्कार (पोस्टर प्रतियोगिता, इ.सं. १९६७) । **हालको ठेगाना** : मरुटोल, पिगँननी, काठमाडौँ । **फोन** : ४२६०६४२, ४२६५९५० ।

चिन्तित नेपाली (विनयकुमार शर्मा)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.१९९५ माघ १७, चाबहिल, शान्तिगोरेटो, काठमाडौँ । **माता/पिता** : ॐकारलक्ष्मीदेवी ढुङ्गाना, हरिहरनाथ शर्मा ढुङ्गाना । **शिक्षा** : मध्यमा (संस्कृत) । **सेवा** : नापी विभाग, निजामती । **पहिलो रचना** : आत्मा (कथासङ्ग्रह, २०१९) । **कृति/सृजना** : अनुपमा (कवितासङ्ग्रह, २०५६), बत्ती र पुतली (विचार-दर्शन, २०५७), सुन्धारा र भीमसेनस्तम्भ (ऐतिहासिक खोज, २०५६), भीमसेनलाई नियाल्दा (इतिहास विवेचना, २०५७), अनुभूति (विचार-सङ्गम, २०५८) । **पुरस्कार/सम्मान** : निबन्धात्मक कहानीमा पदक तथा पुरस्कार (विराट साहित्य सम्मेलन भक्तपुर, २०१९), गद्दी आरोहण रजत महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक । **हालको ठेगाना** : चाबहिल, काठमाडौँ । **फोन** : ४४७९६९६ ।

चिन्तु गिरी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ असार ११, लामागे, स्याङ्जा । निधन : २०६५ मङ्सिर १४ । **माता/पिता** : खगीसरा गिरी, नरभूपाल गिरी । **शिक्षा** : प्रवेशिका । **सेवा** : अध्यापन । **पहिलो रचना** : मूर्खलाई उपदेश (मातृभूमिको गोरेटो, २०२८) । **कृति/सृजना** : मेरो धर्ती (कवितासङ्ग्रह, २०५०), खोक्रो पेट (खण्डकाव्य), पत्यौला (कविता-सङ्ग्रह), बिरामी वर्तमान (कवितासङ्ग्रह, २०५९), गोलैंचीका फूलहरू (गीतिकवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : रजस्थल (साहित्यिक त्रैमासिक), दीपज्योति, भावदृष्टि (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान** : लीलाकुमारी साहित्य पुरस्कार (२०५८), शङ्खनारायण साहित्य पुरस्कार (२०५८), कालीगण्डकी कला साहित्य पुरस्कार (२०६०) लगायत विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पटक-पटक प्रथम पुरस्कार । **सम्पर्क ठेगाना** : पुतलीबजार -९, लामागे, स्याङ्जा



चिरञ्जीवीदत्त पाण्डे (नेमदत्त, नेदपा, पल्लव)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ जेठ ४ गते, टङ्गाल, गैह्रीधारा, काठमाडौँ । **माता/पिता** : खिलकुमारी पाण्डे, नारायणदत्त पाण्डे । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : संस्थान । **पहिलो रचना** : कसरी बाँचूँ (कविता, सेवा पत्रिका, २०१९) । **कृति/सृजना** : केही नेपाली काव्यहरूको समीक्षा (समालोचनासङ्ग्रह, २०३०), समालोचना (समालोचनासङ्ग्रह, २०२९), मेरी मोडर्न स्वास्नी (नाटकसङ्ग्रह, २०४३) । **सम्पादन/अनुवाद** : पुस्तक परिचय (२०३१) । **पुरस्कार/सम्मान** : वि.सं. २०१९ देखि नै साहित्यिक सम्मेलनहरूमा पुरस्कार प्राप्त । **हालको ठेगाना** : ३०/३४ सहमतिमार्ग टङ्गाल, गैह्रीधारा, काठमाडौँ । **फोन** : ४४४४१२३ ।

चिरञ्जीवी पौड्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९२४, काठमाडौँ । निधन : वि.सं. १९९७, बनारस, भारत । **शिक्षा** : संस्कृत, साहित्य तथा ज्योतिष (बनारस) । **सेवा** : साहित्य, पत्रकारिता, पण्डित **कृति/सृजना** : बेला पात्रो (१९५०), उपवन विनोद (१९६०), गजेन्द्र मोक्ष (२००९), कोशिका स्मृति

(२०१४), आफ्नु कथा (आत्मकथा, २०१४), तत्त्वबोध (दार्शनिक चिन्तन), कोकशास्त्र : शाली होत्र : युरोप यात्रा । **सम्पादन/अनुवाद** : गोरखापत्र (दैनिक, सम्पादन), सुखार्णव (श्रीमद्भागवतको पद्यानुवाद, १९५०), प्रेमसागर (अनु. १९४७) ।

चिरी दाइ (मानज्योति शाक्य)

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९७३, ज्याठा, ओकुबहाल, ललितपुर । निधन : २०४६ । **माता/पिता** : बुद्धमाया शाक्य, पञ्चज्योति शाक्य । **शिक्षा** : साधारण लेखपढ । **सेवा** : धातु मूर्तिकला । २००५ र २०२५ सालमा भुटानी शाही परिवारबाट नेपाली धातु मूर्तिकलाको तालिम शिक्षण र प्रशिक्षणको लागि निमन्त्रणा एवं सम्मान । **पहिलो रचना** : पद्मसम्भव (१४४ सि.मि., कर्मराज महाविहार, स्वयम्भू, २००४) **कृति/सृजना** : मैत्री बुद्ध (१८३ से.मि., मैत्री गुम्बा, स्वयम्भू, २००७), पञ्चबुद्ध (६५ से.मि. श्रीघः बौद्ध स्तुपा, २००९), बुद्ध मूर्तिहरू (६.५ फिट, धर्मालोक विहार, लुम्बिनी, २०१९-२४, २.५ फिट, बुद्धजयन्ती यात्रा, पाटन, २०३०), वज्रवाराही (२ फिट, पुनःनिर्माण, वज्रवाराही, चापागाउँ, २०३१), बुद्ध (ज्युरिक स्विट्जरल्याण्ड गुम्बा, २०३२), सिद्धार्थ (८ फिट, शान्तिस्तुप, पोखरा, संयुक्त निर्माण, २०३४) । **सम्पर्क फोन** : ५५२५०९७ ।

चुन्दा वज्राचार्य (चुन्दादेवी वज्राचार्य)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१० माघ १०, मरुटोल, काठमाडौँ । **माता/पिता** : ज्वालादेवी वज्राचार्य, वेदानन्द वज्राचार्य । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, नेपालभाषा), विद्यावारिधि (नेपालभाषाया नाटक्या प्रवाह व प्रवृत्ति) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । नेपालभाषा नाटक विधामा पहिलो विद्यावारिधि । न्हु पुचः बाट सम्मान (२०६०), शिक्षा नारी समूहद्वारा सम्मान (२०५८), नेपालभाषा मिखाखलः (२०५०), नेपालभाषा मिसाखःल ठिमी (२०५०), विराट् नेपालभाषा साहित्य सम्मेलन गुठी (२०५०), पश्चिम भेगका नेवाः पुचः (२०५७), आदि सङ्घ-संस्थाहरू सम्मान । **पहिलो रचना** : नेवाः नसा त्वँसाया रीतिथिति (स्वयुस्वाँ ल्याः अङ्क १, २०३९) । **कृति/सृजना** : मल्लकालीन छुँ संस्कृति (२०४१), मध्यकालीन छुं घटनावली (२०४३), मोतीलक्ष्मी उपासिकाया (जीवनी, भाग -१, २०४४), रणजित मल्लया विवाहयात भम्चा काःवंगु धरःपौ (२०४५), जीतामित्र मल्लकालीन धरःपौ (२०५३), भिक्षु सुदर्शनया नाटक विधा (२०५४), नेपालभाषाया आधुनिक नाटकाय् मिसा समस्या (२०५४), नेवाः तजिलजिइ नखःचखः (२०५४), नेवा तजिलजिया च्वखँमुना (२०५६), थानकोटको आदिनारायण (२०६१) । **सम्पादन/अनुवाद** : शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्तताल स्मारिका (२०५७), नेवाः मिसा (२०५७), पौभाः (महिला अङ्क) । मध्यकालीन अभिलेखको नेपालभाषालाई नेपालीमा अनुवाद (२०४५), मध्यकालीन ऐतिहासिक सामग्री धरःपौको नेपालीमा अनुवाद (२०४०) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (२०५०), वज्राचार्य पदक (२०५०), शिक्षा पुरस्कार (२०५१), मानकाजी सिरपा (२०५१), निकी एशिया प्राइज फर कल्चर (जापान, सन् २०००) । **हालको ठेगाना** : ७/८४१ मरु ख्यःक्यव, काठमाडौँ (chundabajracharya@yahoo.com) । **फोन** : ४२६०६९६ ।

चूडानाथ भट्टराय

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७५ असार कृष्णदशमी, इन्द्रचोक, काठमाडौँ । निधन : वि.सं. २०५३ असोज १७, शिक्षण अस्पताल, काठमाडौँ । **माता/पिता** : कुलमञ्जरीदेवी, लोकनाथ भट्टराई । **शिक्षा** : सर्वदर्शनाचार्य, दर्शनशास्त्र । **सेवा** : प्राध्यापन, ने.रा.प्र.प्र. (आजीवन सदस्य) । **पहिलो रचना** : परिवर्तन (नाटक, पुस्तकाकार, २००५) । **कृति/सृजना** : परिवर्तन (नाटक, २००५), सङ्क्षिप्त बौद्धदर्शन (२०१३), परिणाम (नाटक, २०१६), निबन्ध चूडामणि (निबन्धसङ्ग्रह, २०१६), तरुण तपसी मीमांसा (समालोचना, २०१८), कवि, कविता र कविताको सिद्धान्त (समालोचना, २०१९), साङ्ख्य विवेक (२०२८), योग प्रबोध (दर्शन, २०२८), न्यायदीप (दर्शन, २०२८) विशेषार्थसिद्धि (दर्शन, २०३०), श्री ५ पृथ्वीनारायण शाह (२०३०), मीमांसा मयूख (दर्शन, २०३१), अद्वैत चूडामणि (दर्शन, २०३१), मेरा रूपकका चार रूप (नाटकसङ्ग्रह, २०३३), दर्शन संमुच्चय (दर्शन, २०३३), दर्शन कौस्तुभ (दर्शन, २०३४), अकाल मृत्यु (उपन्यास, २०३६), दुई दृष्टि एक सपना (नाटकसङ्ग्रह, २०३८), तन्त्र सर्वस्व (दर्शन, २०४०), पशुपति

चैत्यभिज्ञ (दर्शन), नागानन्द (संस्कृतका ६ नाटकको सङ्क्षेपीकरण), सिद्धान्त बिन्दु (दर्शन), परिणाम (संस्कृत भाषाको नाटक), साङ्ख्य मयूख (दर्शन) । **सम्पादन/अनुवाद** : हिमानी, मर्यादा, प्रज्ञा (त्रैमासिक), कविता (त्रैमासिक), धर्म विज्ञान (भाग १-४) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०२२), शुभराज्याभिषेक पदक (२०१३), शुभराज्याभिषेक पदक (२०३१) । **सम्पर्क ठेगाना** : ममतावनी महादेव चौर च १/६६१, बालुवाटार, काठमाडौँ ।

चूडामणि खनाल

(हास्यव्यङ्ग्य निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ वैशाख १५, मानहुँ गुणादी, तनहुँ । **माता/पिता** : खगमाया खनाल, पशुपतिनाथ खनाल । **शिक्षा** : स्नातकोत्तर (नेपाली), आचार्य (संस्कृत), विद्यावारिधि (शोधार्थी) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : वसन्तविरोध (कविता, पूर्णिमा पत्रिका, मटिहानी, जनकपुर, २०२४) । **कृति/सृजना** : पोखराज (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५२), अन्तर्राष्ट्रिय पुड्के सम्मेलन (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५३), जगदम्बाशतक (२०६१), चक्रपाणिचर्चा (२०६३) । भैँसीको साग (हास्यव्यङ्ग्य) । **सम्पादन/अनुवाद** : नेपाली वाङ्मयका साधक चक्रपाणि चोलिसे (२०६२) । **पुरस्कार/ सम्मान** : जनकपुर अञ्चलव्यापी बालसाहित्य सम्मेलनको कवितामा प्रथम (२०२५), भक्तपुर जिल्ला बुद्धिजीवी समूहबाट अभिनन्दन (२०५८), पृथ्वीनारायण क्याम्पसबाट सम्मान (२०५९), दीर्घ सेवा पदक (त्रि.वि., २०५९) आदि । **हालको ठेगाना** : विन्ध्यवासिनी भूपिमार्ग -१७, पोखरा, कास्की । **फोन** : ०६१-५२७१५१ ।

चूडामणि गौतम

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असोज १, पाकतिन खाम्लालुङ - १, तेह्रथुम । **माता/पिता** : भीमरूपा गौतम, यमनाथ गौतम । **शिक्षा** : बी.ए., बी.एल. (त्रि.वि.) । **सेवा** : अध्यापन, लेखन । **पहिलो रचना** : नारीको लागि (कविता, नेपाल, २०१९) । **कृति/सृजना** : आभास (कवितासङ्ग्रह, २०३५), हाइअर लेभल इङ्ग्लिस ग्रामर कम्पोजिशन एन्ड प्रोनन्सिएसन (२०३७), राम्रो नेपाली व्याकरण, सङ्क्षिप्त नेपाली ह्रस्व-दीर्घ ज्ञान, राम्रो अङ्ग्रेजी बोलचाल अभ्यास, नेपाली-इङ्ग्लिस डिक्सनरीलगायत दर्जनौँ पुस्तक । **हालको ठेगाना** : पीपलबोट मार्ग, डिल्लीबजार, काठमाडौँ । **फोन** : ९८५१०२२२६७ ।

चूडामणि बन्धु

(भाषाशास्त्री)

जन्म/स्थान : वि.सं. १९९५ जेठ, रहवास, चिर्तुङ, पाल्पा । **माता/पिता** : हरिप्रियादेवी, डिल्लीराज उपाध्याय रेग्मी । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (भाषा) । **सेवा** : अध्यापन, प्राध्यापन, ने.रा.प्र.प्र. (प्राज्ञ परिषद् सदस्य, २०५२) । **पहिलो रचना** : कविता प्रकाशन (छात्रदूत पत्रिका, २०१२) । **कृति/सृजना** : महाकवि लक्ष्मीप्रसाद देवकोटा (२०१८), नेपाली भाषाको उत्पत्ति (२०२५), भाषा विज्ञान (भाषा, २०३०), सिञ्जाली : स्टडिज इन लिङ्ग्विस्टिक विहाभियर (इ.सं. १९७३), क्लज प्याटर्स इन नेपाली (इ.सं. १९७३), अनुसन्धान प्रबन्धको रूप र शैली (२०३४), देवकोटा (जीवनी, समालोचना, २०३६), कर्णाली लोक संस्कृति (खण्ड-४, २०३८), अनुसन्धान तथा प्रतिवेदन लेखन (२०५२), भाषाविज्ञानका सम्प्रदाय (२०५३), नेपाली लोकसाहित्य (२०५८) आदि । **सम्पादन/ अनुवाद** : साझा कविता (२०२५), साझा एकाङ्की (२०२५), लक्ष्मी कवितासङ्ग्रह (२०३३), लक्ष्मी कथासङ्ग्रह (२०३४), लक्ष्मी गीतिसङ्ग्रह (२०४०), स्मृतिका केही पृष्ठ (२०४१), चिल्ड्रेन्स बुक्स एन्ड रिडिङ इन नेपाल (ई. १९८७), नेपाली व्याकरणका केही पक्ष (व्याकरण, २०४५), आधारभूत प्राविधिक शब्दावली (२०५२), मौलिक कृति (२०४८), संस्कृत-सूक्ति (२०४८), नेपाली बाल विश्वकोश (२०६०), नेपाली साहित्यको इतिहास (खण्ड १, सहलेखन, २०६१) आदि । **पुरस्कार/ सम्मान** : मदन पुरस्कार (२०२९), गोरखा दक्षिणबाहु चौथा (२०३१), साझा पुरस्कार (२०३७), गुणराज स्मारक व्याख्यान पुरस्कार (२०३७), महेन्द्र विद्याभूषण (२०४०), कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार (२०४०), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु दोस्रो (२०४५) । **हालको ठेगाना** : पो.ब.नं. ३१, काठमाडौँ (cmbandhu@yahoo.com) । **फोन** : ५५२२७७९ ।

चूडामणि रेग्मी (व्यङ्ग्य ऋषि, ज्ञानी, आराश)

(साहित्यकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ चैत्र २९, वाना, सङ्खुवासभा। **माता/पिता** : खिलेश्वरीदेवी रेग्मी, पीताम्बर रेग्मी। **शिक्षा** : आचार्य (संस्कृत साहित्य)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : पहिलो यात्रा (कथासङ्ग्रह, २०१२)। **कृति/सृजना** : पहिलो यात्रा (कथासङ्ग्रह, २०१२), नेपाली कथा-साहित्य (सहलेखन- प्र.सं. २०१४) भुमरी (कथासङ्ग्रह, २०३६), साधना (निबन्धसङ्ग्रह, २०३०), धुनमा घुन (निबन्धसङ्ग्रह, २०३५), घुमेका कुरा (यात्रावृत्तान्त, २०५२), नेपाली टुक्काहरूको अध्ययन (प्र.सं. २०४१, परिवर्धित दोस्रो सं. २०५७), भावना (लघुकाव्यसङ्ग्रह, २०५०), पारिजात : परिचय र मूल्याङ्कन (२०५०), गजबाष्टक १०८ (व्यङ्ग्य, २०५१), नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल (२०५२), तत्सम शब्दको वर्णविन्यास (भाषा, २०५३), कृति र कृति (समालोचनासङ्ग्रह, दोस्रो भाग २०५३, पहिलो भाग - २०५६), चाबी (कथासङ्ग्रह, २०५६), अरे ! उदेकलाग्दा कुराहरू र गजबाष्टक (हास्यव्यङ्ग्य, २०५६), बाइस समालोचना (समालोचनासङ्ग्रह, २०५७), चिन्तन र समालोचना (समालोचना, २०५९), गफडीका गफ (निबन्ध), आँखा र मनका पाइला, बितेकाहरूको सम्झना (२०६३), मन भित्र र बाहिर (२०६४)। **सम्पादन/अनुवाद** : छात्रदूत (वार्षिक, बनारस, २०१३), छहारी (द्वैमासिक, सहसम्पादन, २०१५), जनवार्ता (२०२०), मोती (२०२३), कस्तूरी (सहसम्पादन, २०२५), युगज्ञान (साप्ताहिक, २०२६), जुही (त्रैमासिक-२०३८), विश्व शाक्यका हास्यव्यङ्ग्य कृतिको मूल्याङ्कन (२०६२)। **पुरस्कार/सम्मान** : भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४७), महानन्द पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), गणेश दुवाल खिलकुमारी प्रतिभा पुरस्कार (२०५३), प्रेस काउन्सिल पुरस्कार (२०५४), भैरव पुरस्कार (२०५४), त्रि.वि. दीर्घसेवा पदक, शिक्षा दिवस पुरस्कार। मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६२)। **हालको ठेगाना** : लेखनाथचोक, चन्द्रगढी -१, झापा। **फोन** : ०२३-४५५६४९, ९८४२६२८११९।

चूडामणि शास्त्री (ढकाल)

(कवि, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९८२ पुस १०, नामसालिङ, इलाम। निधन : २०५३ मङ्सिर २४, नयाँ दिल्ली, भारत। **माता/पिता** : यशोदादेवी, हरिदत्त ढकाल। **शिक्षा** : शास्त्री। **सेवा** : आध्यात्मिक साहित्य। **कृति/सृजना** : विश्वोद्धारक सन्मार्ग रक्षा (२०१०), दश ब्राह्मण (२०१०), मगरको विधान (२०११), ज्ञानोदय (२०१२), गोरक्ष सन्देश (२०१२), दलितवर्गको उच्चध्वजा (२०१३), कामाक्षा मन्दिर या कसाइखाना ? (२०१४), स्तोत्ररत्नम् (नेपाली पद्यानुवाद र व्याख्या, २०१४), श्रीमद्भगवतगीता (पद्यानुवाद र व्याख्या, २०१४), तप्तमुद्राधारणमा निर्णय सिन्धुको फैसला (२०१४), त्रिवेणी (२०१५), नारीपतन (२०१६), अर्थपञ्चक कौमुदी (२०२४), रहस्यत्रयम् (२०२४), आचार्य प्रभाव (२०२५), विद्यार्थी युगका राम (पर्चासाहित्य, २०३६), श्रीराम रामानुज सङ्कीर्तन रूप तथा बहत्तर वाक्य (२०३७), सहस्रगीति (नेपाली पद्यानुवाद र व्याख्या, २०४२), माग्नेलाई भिक्षादान (२०४४), श्रीव्रत (नेपाली पद्यानुवाद, २०४५), मोक्षोपनिषद् (२०४६), श्री कनकधारा लक्ष्मी स्तवराज (नेपाली पद्यानुवाद र व्याख्या, २०४९), शुक्ल यजुर्वेद नेपाली व्याख्या (२०५२), वेदस्तुति (नेपाली पद्यानुवाद र व्याख्या, २०५२), सहस्रगीति महाकाव्य। **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार।

चेतन कार्की

(चलचित्रकर्मी/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ कात्तिक २२, आरूखर्क, बहाँटारी, स्याङ्जा। **माता/पिता** : चन्द्रमाया कार्की, जुद्धवीर कार्की। **शिक्षा** : एम.ए. (हिन्दीसाहित्य), बी. एस्सी.। **सेवा** : लेखन/ निर्देशन (चलचित्र), प्रहरी सेवा। **पहिलो रचना** : हम आगे बढते जायेंगे (कविता, गोर्खा मिलिटरी स्कुलको वार्षिक पत्रिका, २००९)। **कृति/सृजना** : आत्मा बेचेको छैन (उपन्यास, २०२३), हनीमून (उपन्यास, २०२५), ढलेको गिलास (उपन्यास, २०२९), कल्पना टूट चुकी है (हिन्दी तथा उर्दू कवितासङ्ग्रह, २०३७), जून निदाउन थाल्यो (गीत, कवितासङ्ग्रह, २०३९), साइट साउण्ड एन्ड पल्स (सहलेखन)। थुप्रै चलचित्रहरू निर्देशन तथा गीतलेखन। विश्वास, भुमरी, पहिलो प्रेम, मनका आँखा आदि टेलिफिल्म र चलचित्रहरू निर्देशन। **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ कला संयोजन पुरस्कार

(२०२१, पोखरा), शुभराज्याभिषेक पदक (२०३१), सर्वश्रेष्ठ गीतकार (२०४३), छिन्नलता गीत पुरस्कार (२०५१), गोरखा दक्षिणबाहु चौथो (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), बालनरसिंह सुवर्णकुमारी पुरस्कार (२०५४), फिल्मी कलाकार सङ्घ पुरस्कार (इ.सं. १९९९), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८)। नेपाल चलचित्र कलाकार सङ्घद्वारा सम्मान (२०५०), प्रिया सम्मान (२०५२), कलाकार प्रतिष्ठानद्वारा (२०५३), स्तुपाद्वारा (२०५४) मधुरिमा नेपालद्वारा (२०५४), नेसनल भिजनद्वारा सम्मान (२०५४), महेन्द्र चलचित्र साधना सम्मान (२०५६), नेपाल चलचित्र कलाकार सङ्घ रजत महोत्सव सम्मान (२०५६) अभिनन्दन, आदि। **हालको ठेगाना** : जावलाखेल, ललितपुर। **फोन** : ५५२६९४६, ५५२५४९१।

चेतनाथ कणेल 'हरित'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ वैशाख १७, शृङ्गा-दिगाम -२, गुल्मी। **शिक्षा** : स्नातकोत्तर (जनप्रशासन, स्रोत व्यवस्थापन, युनिभर्सिटी अफ वेल्स, बेलायत)। **सेवा** : अध्यापन, गैरसरकारी सेवा, सामाजिक सेवा। **कृति/सृजना** : मेरो कलमका अतिरिक्त स्वरहरू (कवितासङ्ग्रह, २०४७), बहुगुणी अम्लिसो (पुस्तिका), रुद्राक्ष महत्त्व र खेती प्रविधि (२०५०), (बेलायततिर भौंतारिंदाका कविताहरू प्रकाशोन्मुख)। **सम्पादन/अनुवाद** : अरुण (वार्षिक साहित्यिक), नवरस (साहित्यिक द्वैमासिक), साहित्यिक सङ्गम स्मारिका (२०५२), देशभित्र-देशबाहिर (गोकुल भण्डारीका कविताहरूको सङ्ग्रह, इ.सं. २०००), मान्छेः केस्रा-केस्रामा (गोकुल भण्डारीका लघु निबन्धहरूको सङ्ग्रह, इ.सं. २००५)। **पुरस्कार/सम्मान** : केही साहित्यिक पुरस्कारहरू।

चेतनाथ धमला (चेतन ढुस्केली)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ साउन १९, बेतिनी-९, ढुस्के शिखरबस्ती, ओखलढुङ्गा। **माता/पिता** : विष्णुमाया धमला, इच्छाराम धमला। **शिक्षा** : बी.ए. (समाजशास्त्र)। **सेवा** : अध्यापन, पत्रकारिता। **पहिलो रचना** : कविता प्रकाशित (ओखलढुङ्गा हवाई मासिक, २०४८)। **कृति/सृजना** : छहरा छर्रा (कवितासङ्ग्रह, २०५५), आगोको मूर्च्छना (संयुक्त, २०६२), रगतको दरबार (कवितासङ्ग्रह, २०६६)। **सम्पादन/अनुवाद** : कौशिकी (साहित्यिक द्वैमासिक, २०५८), कौशिकी कविता पात्रो (२०५७), हाइकु (पत्रिका, २०६०), कविताराम श्रेष्ठका अस्वीकृत मान्यतासम्वन्धी अन्तर्वार्ताहरू (अन्तर्वार्तासङ्ग्रह, २०६०), ताङ्का (पत्रिका, २०६१), नयाँ पालुवा (बाल साहित्यिक पत्रिका, २०६१), प्रतिनिधि नेपाली हाइकुसङ्ग्रह (सहसम्पादन, २०६४)। **पुरस्कार/सम्मान** : सगरमाथा अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम (२०५९), द रेयुकाई खुल्ला कविता प्रतियोगितामा प्रथम (२०५९), राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम (मसांस, २०६१), हाइकु सम्मान (गङ्गा साहित्यिक प्रकाशन, २०६१), जि.वि.स. ओखलढुङ्गाबाट सम्मान (२०५५) आदि। **हालको ठेगाना** : काठमाडौं, पो.ब.नं. ७२१४। **फोन** : ९८४१७२४२१८, ०१-४४७८७५२।

चेतनाथ शर्मा भट्टराई

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. १९७१, बोर्लाङ, गोरखा। **माता/पिता** : चन्द्रकुमारी, लीलानाथ भट्टराई। **शिक्षा** : सङ्गीत शिरोमणि यज्ञराज शर्मा अर्ज्यालसँग सात वर्ष सङ्गीत शिक्षा लिएका, सङ्गीत विशारद (जयपुर) **सेवा** : सङ्गीत साधना/सङ्गीत शिक्षक (कलानिधि सङ्गीत महाविद्यालय)। **कृति/सृजना** : सङ्गीत गायनमा थुप्रै सङ्गीत सिर्जना। **पुरस्कार/सम्मान** : शास्त्रीय सङ्गीत सम्मेलन (२०२०) मा प्रथम भई पुरस्कृत, सङ्गीत रत्न (२०२२)।

चेतबहादुर कुँवर (कुँवर चेब)

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार १६, भगवती टोल, तानसेन, पाल्पा। **माता/पिता** : वस्तकुमारी कुँवर, नृपबहादुर कुँवर। **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), बी.एल., विद्यावारिधि (राजनीतिशास्त्र)। **सेवा** : अध्यापन, निजामती (राजप्रासाद), समाजसेवा। **पहिलो रचना** : साहित्यिक बीज अङ्कुरलाई (कविता, २०१२, अङ्कुर

पत्रिका) । **कृति/सृजना** : दियालो (गीति-कवितासङ्ग्रह, २०१३), नरहोस् कोही बेकार (एकाङ्कीसङ्ग्रह, २०१९), सिम्पल न्यारेसन (अङ्ग्रेजी-नेपाली व्याकरण, २०२१), एनालिसिस मेड इजी (अङ्ग्रेजी-नेपाली व्याकरण, २०२३), सिर्जनाका उषाहरू (कवितासङ्ग्रह, २०२६), वन्दनाका तृष्णाहरू (कवितासङ्ग्रह, २०२८), कुँवर चेबका कविताका तीन सँगालाहरू (२०४६), नेपालमा अञ्चलाधीशहरूको भूमिका र कार्य (शोध, अङ्ग्रेजी भाषा, २०५२) । **सम्पादन/अनुवाद** : अङ्कुर (सामयिक सङ्कलन, २०१२), आशा (सङ्कलन, २०१४), कोपिला (मासिक, २०१४), पाल्पा (साप्ताहिक, २०१८), गुराँस (द्वैमासिक, २०२२), पाल्पा हिजो-आज (सामयिक निबन्ध सङ्कलन २०२७), मोती स्मृतिग्रन्थ (२०३९), पाल्पा दर्पण (वार्षिक सङ्कलन, २०४०), राष्ट्रभाषा (वार्षिक, २०४८), श्रद्धाका केन्द्र श्री ५ वीरेन्द्र (स्मृति ग्रन्थ, २०६०) डा. डिल्लीरमण रेग्मी स्मृति-ग्रन्थ (२०६०), जगदम्बाश्री पुरस्कार तथा मदन पुरस्कार प्राप्त सम्मानित व्यक्तित्वहरू (२०६२) । **पुरस्कार/सम्मान** : लुम्बिनी अञ्चलस्तरीय साहित्य सम्मेलनमा द्वितीय पुरस्कार (२०२०), शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु (चौथो : २०३४, तेस्रो : २०४० र दोस्रो : २०५२), ने.रा.प्र.प्र. - कविता महोत्सवमा तेस्रो (२०४१), सार्क सेवा पदक (२०४४), राजप्रासाद सेवा पदक (२०४४), ऐश्वर्य स्वर्ण पदक (२०४५), त्रिशक्तिपट्ट (तेस्रा : २०४५, दोस्रा : २०५६), रत्नश्री स्वर्णपदक (२०४६), एबीआई डिस्टिङ्गुइस्ड लिडरसिप अवार्ड (इ.सं. १९९१), दैवी प्रकोप उद्धार पदक (२०५०), महेन्द्र विद्याभूषण पदक (प्रथम, २०५३), राजप्रासाद दीर्घ सेवा पदक (२०५३), द ग्राण्डक्रस अफ द अर्डर अफ मेरिट विथ स्टार (जर्मनी, इ.सं. १९९६), गद्दी आरोहण रजत महोत्सव पदक (२०५४), विशेष सेवा पदक (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), नूरगङ्गा प्रतिभा पुरस्कार (२०५९), सिपाही पत्रिकामा गद्य र पद्य दुवै विधामा प्रथम पुरस्कार । शान्तिदूत सम्मान (२०६३) । **हालको ठेगाना** : १८४ सीमागल्ली, काठमाडौँ । **फोन** : ४४१६२६३ ।

चेतोनाथ अर्ज्याल

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९५०, अमरभूमि (मर्भुङ), रयाले, गुल्मी । निधन : २००६ असार १६, बिजौरी, दाङ) । **माता/पिता** : दमयन्तीदेवी, जगन्नाथ अर्ज्याल । **शिक्षा** : व्याकरण साहित्य, धर्मशास्त्र । **सेवा** : अध्यापन । **पहिलो रचना** : दाङ भुवनेश्वरी मन्दिरमा चढाइएको घण्टामा उत्कीर्ण संस्कृत पद्य (वि.सं. १९७४) । **कृति/सृजना** : कार्तवीर्य कवचम् (स्तुतिकाव्य, संस्कृत, वि.सं. १९८३) । **सम्पादन/अनुवाद** : लक्षवर्ति व्रतकथा (नेपाली अनुवाद, वि.सं. १९९०) । **सम्पर्क ठेगाना** : बिजौरी, दाङ । **फोन** : ४४७३५२५ ।

चेतोनाथ शर्मा आचार्य

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ वैशाख, शुक्ल प्रतिपदा, चापागाउँ, झरुवारासी, ललितपुर । **माता/पिता** : गुणकुमारी, भोजराज आचार्य । **शिक्षा** : आचार्य (संस्कृत), एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । वैदिक सनातन कर्मकाण्ड महासङ्घद्वारा अभिनन्दन (२०५४) । । **कृति/सृजना** : गणेशतत्त्वचिन्तन (२०४२), हाम्रो धार्मिक चाडपर्व (२०४५) । **सम्पादन/अनुवाद** : अरुणोदय (साहित्यिक त्रैमासिक, २०२०), धर्मसन्देश, मर्यादा । **पुरस्कार/सम्मान** : साहित्य सम्मेलनमा स्वर्णपदक (श्री ५ त्रिभुवन हीरक जयन्ती), शुभराज्याभिषेक पदक (२०३१), प्रबल गोरखा दक्षिणबाहु (२०४४), गुणराज व्याख्यान पुरस्कार (२०४४), गुणराज पुरस्कार (२०४७) ।

चैतन्यप्रकाश प्रधान

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१७ असार १६, असनटोल, तानसेन, पाल्पा । **माता/पिता** : सुभद्रादेवी प्रधान, ज्ञानेश्वरप्रसाद प्रधान । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, पत्रकारिता । **पहिलो रचना** : नजर लगाए भियतनाम (कविता, आनन्दभूमि, २०३० भदौ) । **कृति/सृजना** : विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग (समालोचना, २०६२), आँखा+आँखा (अ-उपन्यास,२०६४) । **सम्पादन/अनुवाद** : क्यव (नेवारी पत्रिका), शिष्योपनिषद् (हिन्दीबाट नेपालीमा अनुवाद, लेखक : डा. नारायण दत्त श्रीमाली, २०६२), विजय मल्ल स्मृति-ग्रन्थ (२०६६) । **हालको ठेगाना** : का.म.न.पा. -१४, काठमाडौँ । **फोन** : ४२८१४७६, ९८४१८८६२१२ ।

चैत्यराज वज्राचार्य

(चर्या नृत्य कलाकार)

जन्म/स्थान : वि.सं. १९५४, भिन्छे बहाल पाटन। निधन : २०३३। **शिक्षा** : चर्या सङ्गीतको अध्ययन। **सेवा** : नासः खलका चर्या गुरु। **कृति/सृजना** : मञ्जुश्री वज्रजोगिनी, भैरव, अष्टमातृका लाखे नाचको संयोजन।

चोकबहादुर थापा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ साउन १७, चापटारी, स्याङ्जा। **सेवा** : नोकरी। **कृति/सृजना** : हृदयको उद्गार (कवितासङ्ग्रह, २०२१), एउटा नयाँ बिहानको प्रतीक्षामा (कवितासङ्ग्रह), स्मृतिका केही चित्रहरू (ऐतिहासिक प्रबन्ध, इ.सं. १९८०)। **सम्पादन/अनुवाद** : परिषद् पत्र (संयुक्त सम्पादन)। **हालको ठेगाना** : नेपाली मन्दिर पल्टन बजार, गुवाहाटी -७८१००८, रिहाबारी, असम।

चोलेश्वर शर्मा (खनाल)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार २३, ध्रुवघाट, तानसेन, पाल्पा। **माता/पिता** : मायादेवी, गोपीकृष्ण शर्मा खनाल। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : अब तपाईं के गर्नुहुन्छ ? (निबन्ध, मधुपर्क, २०३४)। **कृति/सृजना** : म त अप्रिलफुल भएछु (हास्य-व्यङ्ग्यात्मक निबन्धसङ्ग्रह, २०४२)। **सम्पादन/अनुवाद** : फूलबारी (बुटवल)। **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४९), भैरव हास्यव्यङ्ग्य पुरस्कार (२०५१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)। **हालको ठेगाना** : १४३ ध्रुवघाट, तानसेन, पाल्पा। **फोन** : ०७५-५२०३९७, ९८४७०२८२७५।

चंकी श्रेष्ठ (अभय, सानुबाबु)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ भदौ २५, गुण्डु -९, भक्तपुर। **माता/पिता** : हीरादेवी श्रेष्ठ, पूर्णवहादुर श्रेष्ठ। **शिक्षा** : स्नातक। **सेवा** : पत्रकारिता। आमसञ्चार साहित्यिक पत्रकारिता सम्मान (२०६०)। **पहिलो रचना** : गजल (समीक्षा, २०४६)। **कृति/सृजना** : फूलबिनाको शाखा (गजलसङ्ग्रह, २०६०), कायाकल्प (कवितासङ्ग्रह, २०६२), तेस्रो किनारा (कथासङ्ग्रह, २०६८)। **सम्पादन/अनुवाद** : दर्पण (हवाई मासिक, २०४८), स्वर्णगजुर (साहित्यिक त्रैमासिक, २०५६), नेपाल समाचारपत्र (समाचार-आलेख सम्पादन, २०५४), स्पेशटाइम दैनिक (समाचारआलेख सम्पादन, २०५७), शब्द, स्पर्श, अनुभूति (२०६२) आदि। **पुरस्कार/सम्मान** : राष्ट्रिय गजल पुरस्कार (२०५७), कथा प्रतियोगितामा प्रथम पुरस्कार (ने.रा.प्रः.प्र., २०६१)। **हालको ठेगाना** : गुन्डु -९, भक्तपुर (avaya.writer@gmail.com)। **फोन** : ९८४१५४९२५१, ०१-५०९०२५८।

छत्रबहादुर कायस्थ

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९९ असार ३, वखुम्वहाल, ललितपुर। **माता/पिता** : ज्वालादेवी, नरबहादुर कायस्थ। **शिक्षा** : स्नातक (नेपाल भाषा)। **सेवा** : निजामती, नाटकलेखन, निर्देशन तथा अभिनय, सङ्गीत। **पहिलो रचना** : मनयात (कविता, २०१५), लँजुवायात (कविता, शान्ति-विजय, बु.सं. २५११) **कृति/सृजना** : झीगु म्ये (२०२३), जुजु सिद्धिनरसिंह मल्लया म्ये पुचः (२०२५), उपहार (गीतिकाव्य, २०३१), नेपाल संवत् छगू विवेचना (२०३२), शिवरात्री पर्वकथा (२०३३), नेपालभाषाया प्राचीन काव्य व काव्यकार (ने.सं. १०९७), धर्मलक्ष्मी संवाद (कथा, ने.सं. १११२), थिमि देया दुलांगु म्ये, लुंभु देशया पुलांगु म्ये (ने.सं. ११२५), जुजु भूपतीन्द्र मल्लया पर्वया शिलापत्र : छगू अध्ययन। लगायत ने.सं. ११२५ सम्ममा ५५ वटा कृतिहरू प्रकाशित। **सम्पादन/अनुवाद** : ज्वालान्हाय्कं (वार्षिक, २०२६), शान्तिविजय (वार्षिक, २०२६), अमृत (द्वैमासिक, २०२६), सिर्जना (मासिक, २०२९), नेपाल स्कोप (मासिक, इ.सं. १९७८), लुँझ्याः (अर्धवार्षिक, २०३७), थपु (वार्षिक, २०३७), नेपाल संस्कृति

(मासिक, २०४७), हेटौडाया लसतापौ (वार्षिक, २०५८) आदि । **पुरस्कार/सम्मान** : जानपद सेवा पदक, दीर्घसेवा पदक, हेमराज ह:पा: र सिरपा: (२०५२), चित्तधर सिरपा: (२०५४), भाषाज्योति (उपाधि, २०५८), सङ्गीत सम्मेलनमा रचनामा विभिन्न पुरस्कारहरू । वर्ष पुरुष (दँ मनू, २०५७) । **हालको ठेगाना** : मण्डपहिटी, ललितपुर । **फोन** : ५५३७६८३ ।

छत्रलाल कायस्थ

(ललितकलाकर्मी)



जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १, तेर्सापट्टी, पोखरा । **माता/पिता** : ढाँतीमाया कायस्थ, जुद्धलाल कायस्थ । **शिक्षा** : बी.ए. (त्रि.वि.) । **सेवा** : कला क्षेत्र (२०३२ सालदेखि कलाक्षेत्रमा समर्पित) । **पहिलो रचना** : एकल चित्रकला प्रदर्शनी (पोखरा, २०४८) । **कृति/सृजना** : एकल चित्रकला प्रदर्शनी (पोखरामा तीनपटक, काठमाडौँमा दुईपटक, चेन्नईमा एकपटक), थुप्रै सामूहिक चित्रकला प्रदर्शनी, व्यङ्ग्य चित्रकला प्रदर्शनीमा सहभागी । **पुरस्कार/सम्मान** : वाङ्देल स्मृति पुरस्कार (२०५६), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २०००), ललितकला पुरस्कार (पोखरेली युवा सांस्कृतिक परिवार, इ.सं. २००१), लगायत पटक-पटक प्रथम, द्वितीय पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : पोखरा उ.म.न. पा. -३ कास्की (chhetra4@hotmail.com) । **फोन** : ०६१-५३०५१८ ।

छविकिरण वली

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१० कात्तिक १०, स्यानीखाल, सल्यानचौर, सल्यान । **माता/पिता** : धनकुमारी वली, चन्द्रवीर वली । **शिक्षा** : आई.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : आजको मानिस (कविता, सन्देश पत्रिका, २०२६) । **कृति/सृजना** : संयोग (उपन्यास, २०५९), राप्ती अञ्चलका लोकगीत (लोकगीतसङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान** : भरतमणि घिमिरे शारदादेवी घिमिरे साहित्य पुरस्कार (२०६०), नन्दहरि साहित्य पुरस्कार (२०६१) । **हालको ठेगाना** : धनौरी -४, घुसुरा, दाङ । **फोन** : ०८२-५२०८६८ ।

छविरमण सिलवाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ कात्तिक १५, मेथिनकोट-२, काभ्रे । **माता/पिता** : दीर्घलक्ष्मी, देवीप्रसाद सिलवाल । **शिक्षा** : स्नातक (राजनीतिशास्त्र) **सेवा** : हस्तकला, पर्यटन । **पहिलो रचना** : जागिरे (कविता, नवकविता, २०४७) । **कृति/सृजना** : सहृदयी स्वरहरू (संयुक्त कवितासङ्ग्रह, २०५९), सिर्जनाका लहरहरू (समीक्षासङ्ग्रह, २०६४), मनको शिविरबाट (कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : जनमत कविता (खण्ड १-२), प्रतिभा (पत्रिका, २०५५), आकाश (साहित्यिक समाचार), नेपाली लघुकथा (२०६९) । **पुरस्कार/सम्मान** : नवकविता प्रतिमा सम्मान (२०५३), जनमत सहयात्री सम्मान (२०६५), हीराबहादुर खड्का साहित्य प्रतिष्ठानबाट सम्मानपत्र (२०६३), अली मियाँ लोक वाङ्मय प्रतिष्ठानबाट सम्मानपत्र (२०६६) । **हालको ठेगाना** : पुरानो सिनामङ्गल, काठमाडौँ (crsilwal@gmail.com) । **फोन** : ४९९२१०४, ९८४१२१६३७६ ।

छविलाल थारू (कोपिला, पृथ्वी–आकाश)

(कवि/उपन्यासकार, थारू भाषा)

जन्म/स्थान : वि.सं. २०३२ जेठ १७, चैलाही -८, दाङ देउखुरी । **माता/पिता** : पार्वती थारू, केल्लु थारू । **शिक्षा** : माध्यमिक तह । **सेवा** : पत्रिकारिता, सामाजिक सेवा । **पहिलो रचना** : कविता प्रकाशन (गाउँघर साप्ताहिक, दाङ) । **कृति/सृजना** : मुक्तिक खोज (थारू भाषाको उपन्यास, २०५९), भौगर (गजलसङ्ग्रह, थारू/नेपाली, २०६१), चुरिनीया (उपन्यास), घायल म़न (गजलसङ्ग्रह) । **सम्पादन/अनुवाद** : केरनी (साहित्यिक पत्रिका, थारू भाषा), इन्द्रेणी (करीब दस भाषामा) । **हालको ठेगाना** : चैलाही -८, दाङ /बुटवल । **फोन** : ०७१-५४६१९५ ।

छविलाल नेपाल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९०५, तानसेन, पाल्पा । **निधन** :

१९७९ । **माता/पिता :** अनुसन्धेय । **शिक्षा :** तनहुँ रम्घाका भानुभक्त आचार्यसँग संस्कृत साहित्य । **सेवा :** साहित्य साधना तथा शिक्षा । **कृति/सृजना :** गोपीगीत, खड्गस्तुति, पुत्रशिक्षा ।

छविलाल पोखरेल

(साहित्यकार, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९६२ मङ्सिर ५, कचिडे, धनकुटा । निधन : २०५६ फागुन १ । **माता/पिता :** अरुन्धती पोखरेल, वेदनिधि पोखरेल । **शिक्षा :** व्याकरणाचार्य (क्वीन्स कलेज, बनारस) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मानवता अथवा धर्म (लेख, नेपाल, २०१६) । **कृति/सिर्जना :** लघुसिद्धान्तकौमुदी (कौमुदीसार, व्याकरण, २०२०), महात्मा गान्धी तथा अष्टाङ्गयोग र आदर्श व्यवहार (२०२२), वेदको सोमरस र जाँड-रक्सीको इतिहास (२०३८), भावतरङ्ग (कवितासङ्ग्रह, २०४०), वेददेखिका धर्म र मतहरू (२०४०), वैदिक सिद्धान्त र मानव समाज (२०४२), इसाई सम्प्रदाय : एक समीक्षा (२०४६), हाम्रो धर्म (२०४६), समालोचनाको कसीमा देवासुर सङ्ग्राम (समालोचना, २०४७), त्यो युग विवेचनात्मक अध्ययन (२०४९), वैदिक सिद्धान्त (२०४९), जातजाति र सम्प्रदायहरू (२०५३), मुक्ताचयनम् (संस्कृतमा), ईश्वर र व्यवहार, वेद र भ्रमनिवारण, साङ्ख्यकारिका, छविलाल पोखरेल (आत्मचरित), आधुनिक दृष्टिमा वाल्मीकि रामायण । **सम्पादन/अनुवाद :** मुक्ताचयनम् (सूक्तिसङ्ग्रह, अनु.) । **पुरस्कार/सम्मान :** शिक्षा सेवा पुरस्कार (२०४४), महेन्द्र प्रज्ञा पुरस्कार (२०५३), केशरसिंह कार्की - खड्गकुमारी पुरस्कार (२०५३), गोरखा दक्षिणबाहु (२०५४) । सनातन धर्म सेवा समिति (२०४२), म.सं.वि. पिण्डेश्वर (२०४३), नेपाल साहित्यकार सङ्घ धरान (२०४९), बी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठानद्वारा आजीवन निःशुल्क स्वास्थ्य सेवा सम्मान (२०५१), गणेशमानसिंह प्रज्ञा-प्रतिष्ठानद्वारा सम्मान (२०५४), राष्ट्रिय दलित आयोगद्वारा मरणोपरान्त सम्मान (२०५९) द्वारा अभिनन्दन-सम्मान, आदि । **सम्पर्क ठेगाना :** धरान-१२, सुनसरी । **फोन :** ४४६०९७३ ।

छविलाल सुरी (ढुङ्गेल)

(कवि, संस्कृत भाषा)

जन्म/स्थान : वि.सं. १८९५, पकरवास । निधन : १९६३ चैत्र १५ । **पिता :** देवीप्रसाद ढुङ्गेल । **शिक्षा :** संस्कृत, व्याकरण, तर्कशास्त्र, (बहुभाषाका ज्ञान भएका) । **सेवा :** खरिदार, निजामती सेवा । सरदार, सूरी, सुब्बा आदि पदवी प्राप्त । **कृति/सृजना :** मुकुन्द चरित्र, सुन्दर चरित्र, पैदक फौजका कहावत (१९३३), विरक्त तरङ्गिणी शतक (१९३८), कुशल ... (१९५४), वृत्तालङ्कार (१९५५) ।

छविलाल सुवेदी 'विजयी'

(निवन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असार २७, ज्ञादी, पर्वत । **माता/पिता :** रुक्मिणी सुवेदी, तुलाराम सुवेदी **शिक्षा :** बी.ए. (त्रि.वि.) । **सेवा :** अध्यापन, निजामती सेवा । **पहिलो रचना :** हामी कम छैनौ (कविता, मोदीबेनी पत्रिका, २०३५) । **कृति/सृजना :** माटोको सन्देश (निबन्धसङ्ग्रह, २०५९), माटाको मन (निबन्धसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद :** मोदीवेनी (सहसम्पादन, २०३५), कर्मचारी स्मारिका (कास्की, २०५५), नव लालित्य (२०६०), गोधूलीको सन्देश (२०६१, सहसम्पादन) । **पुरस्कार/सम्मान :** विभिन्न साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** ठूलीपोखरी -७, बर्जला, पर्वत । **फोन :** ०६१-५४११५५, ५३४६१६ ।

छायादत्त न्यौपाने 'बगर'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ असार १६, हुवास, पर्वत । **माता/पिता :** देवरूपा न्यौपाने, कमलप्रसाद न्यौपाने । **शिक्षा :** स्नातकोत्तर (नेपाली), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मेरो समाज (एकाङ्की, विद्यार्थीको कलम, बनारस, २०४५) । **कृति/सृजना :** भाषा : सिकाइ, सीप र सिर्जना (२०५३), बालदिवस (कथासङ्ग्रह, २०६२), केही असल मानिसहरू (२०६२), आइँपाडीले दूध खायो (बालउपन्यास, २०६४), कति राम्रो 'क' (बालगीत, २०६३), बालदिवस (बालएकाङ्की सङ्ग्रह, २०६३), बाटा बताउने नाति (बालकथासङ्ग्रह, २०६३), गुराँस झुल्दै छ

(बालदोहोरी, २०६३), कदर नभएपछि (निबन्धसङ्ग्रह, २०६४), बादलको रेसाहरू (निबन्धसङ्ग्रह, २०६४), हजुरबाको गाउँ (बालनिबन्धसङ्ग्रह, २०६४), पुतलीको बिहे (बालकविता, २०६५), टुर्रटुर्र कराउँछ (बालकविता, २०६६), मोटरसाइकलको बिहे (बाल एकाङ्की, २०६७), परर ताली (बाल निबन्धसङ्ग्रह, २०६७), डाँफे चरी (बालकथासङ्ग्रह, २०६७), हाम्रा कुरा हामीसित (बालसंवाद, २०६७), साथीभाइको कथा (बालकथासङ्ग्रह, २०६७), वाङ्मयका कुरा (समालोचना, २०६९) । **सम्पादन/अनुवाद :** विद्यार्थीको कलम (२०४५), जम्को (२०५४), शिक्षा सौगात (२०५७), राष्ट्रोद्घोष (२०५८), साहित्यिक अभियान (२०५८), आख्यानकार डायमन (समीक्षाग्रन्थ, २०६५), साहित्यिक अभियान विगतदेखि वर्तमान (अभियान साहित्यिक प्रतिष्ठानको वार्षिक मुखपत्र, २०६४) । **हालको ठेगाना** : सीतापाइला-१, काठमाडौँ । **फोन** : ९८४१५८१३४१ ।

छिन्नलता (रमोलादेवी शाह)

(गीतकार, नेपाली/भाषा)

जन्म/स्थान : वि.सं. १९८० (इ.सं. १९२२ जुलाई ८), बागबजार, काठमाडौँ । निधन : ४ डिसम्बर, २००० । **माता/पिता** : हरिमाया, हर्षनारायण मानन्धर । **शिक्षा** : साधारण । **सेवा** : साहित्य । **पहिलो रचना** : त्यो आत्मा त्यागद्वारा (भजन रेकर्ड, रेडियो नेपाल) । **कृति/सृजना** : अन्तर्भावना (गीतसङ्ग्रह, २०२८), अन्तर्तरङ्ग (गीतसङ्ग्रह, २030), अन्त:स्पन्दन (गीतसङ्ग्रह, २०४३), अन्तर्वेदना (गीतसङ्ग्रह, २०५१), अन्तर्वार्ता (गीतसङ्ग्रह, २०५८) (विरह के काँटे प्याए के फूल (हिन्दी, इ.सं. १९९६), सोजाय दिल (उर्दू, इ.सं. १९९८) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०३२), लोकप्रियादेवी पुरस्कार (२०४६), मैना पुरस्कार । **सम्पर्क ठेगाना** : ख २/३३ ताहाचल, काठमाडौँ । **फोन** : ४२७०७६७ ।

जगत उपाध्याय 'प्रेक्षित' (जगतप्रसाद)

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ चैत्र २७, बडलम्जी, दैलेख । **माता/पिता** : मानकुमारी उपाध्याय, हरिप्रसाद उपाध्याय । **शिक्षा** : आचार्य, एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन, रजिस्ट्रार (नेपाल संस्कृत विश्वविद्यालय) । **पहिलो रचना** : मेरो चाहना (कविता, आमोद, मुखपत्र, (२०४५) । **कृति/सृजना** : आकुञ्चन (संयुक्त कवितासङ्ग्रह, २०५१), ज्वाला (खण्डकाव्य, २०५४), कमिलाको एकता (बाल कवितासङ्ग्रह, २०५९), समयका छालहरू (कवितासङ्ग्रह, २०६०), हिमाल हेर्न जाऔँ (बालकविता-सङ्ग्रह, २०६५), सेता हाँस र मुसाहरू (सचित्र बालकथा, २०६६) । **सम्पादन/अनुवाद** : संस्कृत-विद्वत्सम्मेलन संस्मरणग्रन्थ (२०५१), नेपाल समाचार पत्र (संस्थापक सम्पादक, २०५२), छलफल (साप्ताहिक, २०५३), ज्वालासन्देश (मुखपत्र, २०५५), भेरी सन्देश (मुखपत्र, २०५३), पौरख (राष्ट्रिय मासिक, २०५३), तारापुन्ज (मुखपत्र, २०५५), द ह्युम्यानिस्ट (मुखपत्र, २०५६), साहित्य सन्ध्या (मासिक, २०५६), तोयनाथ पाण्डेय स्मृतिग्रन्थ (२०५८), प्राइम प्रोजेक्सन (मुखपत्र, २०५९), आन्वीक्षिकी (मुखपत्र, २०६०), ऋतम्भरा (अनुसन्धान पत्रिका, २०६१), मार्क्सवादको मूलभूत सिद्धान्त (२०५९), मार्क्सवादको रूपरेखा (२०६४), तर्कामृतम् (२०६७), रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनाग्रन्थ, २०६७) आदि । **पुरस्कार/सम्मान** : पण्डितराज सोमनाथ पुरस्कार (२०५२), मुकुन्दनाथ भट्टराई निबन्ध पुरस्कार (२०४८), महेन्द्र विद्याभूषण 'ख', दैलेखी सेवा समाजबाट कदरपत्रद्वारा सम्मान (२०६१), अभियान साहित्य प्रतिष्ठानद्वारा संस्थापक सम्मान (२०६१), आदि । **हालको ठेगाना** : कपन आदर्शनगर, काठमाडौँ । **फोन** : ४८१०४२८, ९८५७८२१५७३ ।

जगत नवोदित (जगतराम राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ पुस २२, लफ्याङ-४, खोटाङ । **माता/पिता** : पद्महीरा राई, अबिरमान राई । **शिक्षा** : बी.टेक. (ओपेन युनिभर्सिटी, यू.के.) । **सेवा** : अध्यापन, गोर्खा सैनिक (बेलायत) । **पहिलो रचना** : फूल र म (कविता, लालिमा पत्रिका, २०४८) । **कृति/सृजना** : जीवन अनुभूति (कविता/गजलसङ्ग्रह, २०५५), अक्षय आकृति (मुक्तकसङ्ग्रह, २०६१), काँचो मुद्दा (कवितासङ्ग्रह, २०६६), प्रश्नहरूको पहाड (कविता, २०६९) । **सम्पादन/अनुवाद** : भावना (साहित्यिक त्रैमासिक, २०५३), सप्तकोशीको किनारबाट (गजलसङ्ग्रह, सहसम्पादन, २०५५), सुम्निमा-पारुहाङ (वार्षिक मुखपत्र,

२०६९) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवा कविता महोत्सव, प्रथम (२०५९), राष्ट्रिय युवा गोष्ठी (उत्कृष्ट, २०५७), राष्ट्रिय क्याम्प अवार्ड, नेपाल स्काउट (२०५७), भजेन्द्र युवा वक्तृत्वकला, प्रथम (२०५४), विश्वव्यापी रेडियो कविता प्रतियोगितामा प्रथम (२०६३), प्रतिभा सम्मान (किराया युके, २०६४), राष्ट्रिय कविता महोत्सवमा द्वितीय (ने.प्र.प्र., २०६९) । **हालको ठेगाना** : लफ्याङ -४, खोटाङ /ब्रामकोट, यू.के. (jagat_nabodit12@hotmail.co.uk.) । **फोन** : ९८४१३३७८३४, ००४४७८८१९३८७६१ ।

जगतबहादुर जोशी

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असार २५, नारायणटोल, तानसेन, पाल्पा । निधन : २०६८ चैत्र २३, भैरहवा । **माता/पिता** : बुद्धलक्ष्मी जोशी, मीनबहादुर जोशी । **शिक्षा** : स्नातक (बनारस) । **सेवा** : अध्यापन । **पहिलो रचना** : गुलाबको फूल (कविता, युगवाणी, २००६) । **कृति/सृजना** : नेपालका इतिहास निर्माता (भाग १-३, २०१४), नेपाल दर्शन (भाग १ र २, २०१४), जसवन्ते (खण्डकाव्य, २०२८), आज सूर्य विरामी छ (कवितासङ्ग्रह, २०५०), डम्बरेको टालो (उपन्यास, २०६०), आज सूर्य बिरामी छ (२०६२), मिथ्यादृष्टि र अन्धविश्वास, बौद्धदर्शनका भौतिक सिद्धान्तहरू । **सम्पादन/अनुवाद** : पथप्रदर्शक (हस्तलिखित पत्रिका, विभिन्न भाषामा, २००६), उपहार (वार्षिक पत्रिका, २०१४), सिर्जना (पत्रिका, २०१५), धवलागिरि (२०१८), भाषा दुई थरिका (मूल लेखक : भिक्षु बुद्धदास, थाइलैन्ड), बौद्धधर्मका मौलिक सिद्धान्त (प्रश्नोत्तररूपमा, मूल लेखक, भिक्षु बुद्धदास), बौद्धदर्शन (अनु.) । **पुरस्कार/सम्मान** : दीर्घ शिक्षासेवाका लागि स्वर्ण पदक (२०२६), राष्ट्रिय शिक्षा समितिबाट पुरस्कृत (२०३४), नूरगङ्गा प्रतिभा पुरस्कार (२०५४), छविलाल प्रतिभा पुरस्कार (पाल्पा, २०५९) । धवलागिरि साहित्यिक प्रतिष्ठान बागलुङबाट पन्ध्रौँ प्रतिभाका रूपमा सम्मान (२०५५) । गणेश दुवाल खिलकुमारी प्रतिभा पुरस्कार गुठी बनेपा, काभ्रेबाट सम्मान (२०५५) । **सम्पर्क ठेगाना** : बुटवल -५, पुलचोक, बुटवल । **फोन** : ०७१-५४९५२४ ।

जगतमान शाक्य (जेमा)

(धातु मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९९७ वैशाख १०, ओकुबहाल, ललितपुर । **माता/पिता** : चनमाया शाक्य, जोगलाल शाक्य । **शिक्षा** : माध्यमिक तह । **सेवा** : धातु मूर्तिकला । **पहिलो रचना** : २०१९ सालदेखि मूर्ति निर्माण यात्रा । **कृति/सृजना** : छुचुन्द्रो (मरु गणेशअगाडि, २०१९), सिद्धार्थको मूर्ति (जापानमा फुजी गुरुजीमा, २०१९), शान्ति स्तूप र जापानिज मोनस्ट्री पोखरा, हाल : माटोपानी गुम्वा, २०१९), शाक्यमुनि (मङ्गलबजार, विहारपार्क, २०१९), जापानिज पहलमान निओसामा (जापान, ताइवान, २०१९), वैरोचन (जापानको मन्दिरमा, २०१९), मैनवाट धातुको मूर्ति बनाउने प्रक्रिया (पाटन म्युजियम, २०१९) । **पुरस्कार/सम्मान** : ओ.मू.पे.का सहकारी संस्था, ओकुवहालबाट सम्मान (२०५४), मङ्गलबजार विहार समितिबाट चाँदीको तक्मासहित सम्मान (२०२९) । **हालको ठेगाना** : प्रयाग पोखरी -६, (ग), ललितपुर । **फोन** : ५५४६१०९ /५५२५०९२ ।

जगदीश घिमिरे

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ चैत्र २८, मन्थली, रामेछाप । **माता/पिता** : पद्मकुमारी, इन्द्रप्रसाद घिमिरे । **शिक्षा** : एम.ए. (समाजशास्त्र), पोस्ट ग्र्याजुएट डिप्लोमा (जनसङ्ख्या) । **सेवा** : साहित्य, सामुदायिक विकास, गैरसरकारी नोकरी, राजनीति । **पहिलो रचना** : श्री ३ गिद्ध (कथा, अञ्चल सन्देश, २०२१) । **कृति/सृजना** : लीलाम (उपन्यास, २०२७), जगदीशका कथाहरू (कथासङ्ग्रह, २०२७), साविती (उपन्यास, २०३२), केही कथा, कविता र संस्मरण (विविध, २०३४), सन्तान (नाटक, २०३६), नेपालमा गैरसरकारी संस्था नीति (सहलेखन, ई. १९९४), अन्तर्मनको यात्रा (आत्मालाप, २०६४), अग्निसूत्र (कवितासङ्ग्रह, २०६५), बर्दी (रोज्जा कथाहरू, २०६५), स्थान कालपत्र (निबन्ध, २०६६), सकस (उपन्यास, २०६९) । **सम्पादन/अनुवाद** : नेपाली कवितायें (हिन्दी - संयुक्त सम्पादन), पर्वत (सामूहिक सङ्कलन, २०२४), अभिव्यक्ति (पत्रिका, २०२७) । **पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार (२०४४), Advertising Campaian का लागि विशिष्ट पुरस्कार (संयुक्त, सिङ्गापुर, इ.सं. १९८८), आशाको प्रतिबिम्ब (अमेरिका, २०६३), उत्तम शान्ति पुरस्कार (२०६४),

मदन पुरस्कार (२०६४), सुप्रबल जनसेवा श्री (तृतीय) । **सम्पर्क ठेगाना** : चोभार गेट, कीर्तिपुर-१३, काठमाडौं (jagdishghimire@gmail.com) । **फोन** : ४३३०३३३, ९८०८६८०१२३ ।

जगदीशचन्द्र भण्डारी (जचभ)

(कवि/समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१९ जेठ २४, मालुङ्गा-९, धाङ्लिङ, स्याङ्जा । **माता/पिता** : भागीरथा भण्डारी, चिन्तामणि शर्मा भण्डारी । **शिक्षा** : एम.ए., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन, साहित्य-सिर्जना । **पहिलो रचना** : क्रान्तिज्वाला (कविता, इ.सं. १९७३, नयाँ पुकार पत्रिका, अयोध्या) । **कृति/सृजना** : वर्तमान जन्मन खोजिरहेछ (कवितासङ्ग्रह, २०४०), मेरो आँखामा तानाका कथा र जमर्काहरू (समालोचना, २०४०), अँध्यारोमा चल्बलाएका शब्दहरू (निबन्धसङ्ग्रह, २०४७), मुक्तिक्षेत्रको यात्रामा (कवितासङ्ग्रह, २०४८), साहित्य: चिन्तन र विवेचन (समालोचना, २०५०), प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (समालोचना, २०५५), आँखाका यी नानी (बालकविता, २०५९), पृथक् सिर्जन : पृथक् निरूपण (समालोचना, २०६०), सौन्दर्यको भूमिका (२०६५) । **सम्पादन/अनुवाद** : कटिबद्ध (मासिक, २०३६), मार्क्सवादी दर्शनसम्बन्धी निबन्धहरू (२०५८), प्रतिनिधि नेपाली समालोचना (२०६८) युगधारा (साप्ताहिक पत्रिका, सहसम्पापन), दृष्टिकोण (विचारप्रधान मासिक), कम्युनिस्ट (विचारप्रधान मासिक), प्रलेस (साहित्यिक मासिक), लेनिनका कविता (अनु.), साहित्य र यथार्थ (अनु.) । **पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार । **हालको ठेगाना** : नरेफाँट, कोटेश्वर, काठमाडौं । **फोन** : ६६३१७३८, ९८४१३३६९९३ ।

जगदीशचन्द्र रेग्मी

(इतिहासकार, नेपाली भाषा)

जन्म/स्थान : १३ जुन १९४४, नक्साल, काठमाडौं । **माता/पिता** : हरिप्रियादेवी, कृष्णचन्द्र रेग्मी । **शिक्षा** : एम.ए. (संस्कृति), विद्यावारिधि (इ.सं. १९७०) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : नेपाली गद्य-चन्द्रिका (सहलेखन, २०१९) । **कृति/सृजना** : सात साहित्यिक र ऐतिहासिक अभिलेख (इ.सं. १९६६), अंशुवर्मा (इ.सं. १९६७), नेपालको सङ्क्षिप्त इतिहास (इ.सं. १९६७), लिच्छवि संस्कृति (इ.सं. १९६९), टेम्पल्स अफ काठमान्डू (इ.सं. १९७२), नेपालको धार्मिक इतिहास (इ.सं. १९७३), नेपाली अध्ययन (२ भागमा, इ.सं. १९७५), नेपाल एन्ड हर फ्रेन्ड्स् (इ.सं. १९७६), शाहकालीन कला र वास्तुकला (इ.सं. १९७६), नेपालायन (२ भागमा, इ.सं. १९७८), प्राचीन नेपालको राजनीतिक इतिहास (इ.सं. १९७८), डिक्सनरी अफ कल्चरल जियोग्राफी (इ.सं. १९७९), नेपालको वैधानिक परम्परा (भाग १-२, इ.सं. १९८०-१९८४), नेपालको ऐतिहासिक भूगोल (इ.सं. १९८२), डिक्सनरी अफ नेपाल बुद्धिज्म (इ.सं. १९८२), प्राचीन नेपाली संस्कृति (इ.सं. १९८३), डिक्सनरी अफ हिमालयन पिपुल (इ.सं. १९८३), श्री आदिनाथ (सहलेखन, इ.सं. १९८९), नेपाली संस्कृति विषयक अग्रलेखहरू (इ.सं. १९९०), द कुमारी अफ काठमान्डू (इ.सं. १९९०), पशुपति क्षेत्रको धार्मिक इतिहास (शोध, २०४७), श्री दक्षिणकाली : ऐतिहासिक सांस्कृतिक अध्ययन (इ.सं. १९९१), द रोयल प्यालेस कम्प्लेक्स अफ काठमान्डू (इ.सं. १९९१), दुर्गाभवानी (२०६३), नेपाली समाजको धार्मिक पृष्ठभूमि (२०६७) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (२०२७), साझा पुरस्कार (इ.सं. १९७८), त्रिभुवन प्रज्ञा पुरस्कार (इ.सं. १९९२), इमेज अवार्ड (२०६२) । बाबुराम आचार्य शोध सम्मान (२०६१) । **हालको ठेगाना** : जोरपाटी, नयाँबस्ती, काठमाडौं । **फोन** : ४४७५०३७ ।

जगदीश चित्रकार

(चित्रकलाकार / उपन्यासकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००३ चैत्र, केलटोल, काठमाडौं । **माता/पिता** : चन्द्रदेवी चित्रकार, अमर चित्रकार । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, जननीति तथा प्रशासन) । **सेवा** : अनुसन्धान अधिकृत (त्रि.वि.) । **पहिलो रचना** : छ् व जि (कविता, सितु पत्रिका, अङ्क १६, ने.सं. १०८७)/अन्तिम क्षण (चित्र, १९७७) । **कृति/सृजना** : माखापिखा (उपन्यास, ने.सं. १०९१), नचुयावंपि मनूत (उपन्यास, ने.सं. ११२४), द रोल अफ पञ्चायतस् इन नेपालस् डेभेलप्मेन्ट (इ.सं. १९७४), द कन्टेमपोररी मोभमेन्ट इन नेपालिज आर्टस् (१९८४), आर्टस् अफ एशिंया (हङकङ, इ.सं. १९८४) । एकल चित्रकला प्रदर्शन (५ पटक) । **पुरस्कार/सम्मान** : चित्रकलामा प्रथम पुरस्कार (नाफा) । **हालको ठेगाना** : डल्लु, काठमाडौं । **फोन** : ४२७२८७६ ।

जगदीशशमशेर राणा (जयदेव शमशेर)

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ भदौ ३, सिंहदरबार, काठमाडौँ । **माता/पिता** : रुक्मिणीदेवी, मृगेन्द्रशमशेर राणा । **शिक्षा** : बी.ए. (अनर्स), एम.ए. (इतिहास) । **सेवा** : साहित्य, राजनीति, समाजसेवा, । **पहिलो रचना** : कवि र उसकी प्रिया (कविता, २००१) । **कृति/सृजना** : मुनामदन भ्रमण (समालोचना, २००३), नरसिंह अवतार (काव्य, २०३७), दस दृष्टिकोण (समालोचनासङ्ग्रह, २०४५), नाचगानको राजधानी भक्तपुर (सांस्कृतिक लेखहरूको सङ्ग्रह, २०४६), नरसिंह अवतार परिचर्चा (२०४६), कथा कुथुङ्ग्री (फुटकर रचना, २०४६), भूपि शेरचन कवित्व र व्यक्तित्व (भाग १, २, २०४६), कुन प्रकारको मान्छे (समीक्षा, २०५२), साहित्य चौतारी एक विवेचना (२०५२), पारम्परिक नाचगानको संरक्षण र संवर्द्धन एक अध्ययन (२०५१), सेतो ख्याक (उपन्यास, २०६१), स्थानकाल पात्र (२०६७), काव्यको रचनामा शिल्पकारिताको भूमिका (२०६७), उमन राईटर्स अफ नेपाल : प्रोफाइल एन्ड प्रस्पेस्टिभ (इ.२०११) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०३७) । **हालको ठेगाना** : गैह्रीधारा, काठमाडौँ । **फोन** : ४४३९५३५ ।

जगन्नाथ अवा

(कथाकार, अङ्ग्रेजी भाषा)

जन्म/स्थान : सन् १९४७ जुन २१, बनेपा, काभ्रे । **माता/पिता** : चन्द्रप्रभा अवा, वैजनाथ अवा ।**शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : प्राध्यापन, निजामती । **पहिलो रचना** : Teaching English (भुजङ्ग पत्रिका, २०४२) । **कृति/सृजना** : The Tales Retold Vo. 1 (2058), The Tales Retold Vo. 1 (2059) कन्साइज प्राक्टिकल अङ्ग्रेजी ग्रामर (२०६३) । **हालको ठेगाना** : बनेपा-२, काभ्रे । **फोन** : ०११-६६०४२९ ।

जगन्नाथ गुरागाई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५७ असार २३, हाङ्देवा, ताप्लेजुङ । निधन : २०२३ कात्तिक २६, बनारस । **माता/पिता** : धर्मशीलादेवी, कपिलमणि उपाध्याय । **शिक्षा** : साहित्य, शास्त्री । **सेवा** : सामाजिक सेवा, साहित्य । **कृति/सृजना** : नम्रनिवेदन (कवितासङ्ग्रह, १९९६), गुणरत्नमाला (कवितासङ्ग्रह, १९९७), मन्त्रीको गुणदोष (२०२३), । **सम्पादन/अनुवाद** : सम्मेलन (साप्ताहिक) ।



जगन्नाथ शर्मा त्रिपाठी (जनाशत्री)

(कवि, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९८७ वैशाख ८, सुनखानी, दोलखा । निधन : २०६७ चैत्र ११ । **माता/पिता** : पद्मकुमारी त्रिपाठी, प्रभाकर त्रिपाठी । **शिक्षा** : एम.ए. (नेपाली), काव्यतीर्थ, पुराणतीर्थ, विशारद (हिन्दी) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : वर्षावर्णन (कविता, भारती मासिक, २०१०) । **कृति/सृजना** : चन्द्रसहस्रदर्शनोद्यापनपद्धति (कर्मकाण्ड, नेपाली भावानुवादसहित, २०३४), संस्कृतम् (कक्षा ७, २०४०) संस्कृतम् (कक्षा ७ -९ र १०, २०४०), आधुनिक नेपाली व्याकरण कौमुदी (भाग १-६, २०४३ -२०४९), रुक्मिणीपरिणयम् काव्यको अध्ययन र विश्लेषण (२०४५), सरलीकृत अनिवार्य नेपाली व्याकरण बोध, रचना र विवेचना (व्याकरण, २०४८), कवि धरणीधर शर्मा कोइराला समग्र (२०४९), भारती खरेल व्याख्यानमाला (२०५०), गुणराज व्याख्यानमाला । **सम्पादन/अनुवाद** : ज्योत्स्ना (पत्रिका, इ.सं. २०२८), दियो (मासिक), कस्तूरी (पत्रिका, २०३०), जमरा (पत्रिका), मधुरिमा (पत्रिका, २०५१) । पुरुषोत्तममासमाहात्म्य (अनु.२०१८), शिवपुराणको वायवीय संहिता (अनु.), गुरुगीता (नेपाली र हिन्दीमा अनु.) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४४), गुणराज व्याख्यानमाला पुरस्कार (२०४९), भारती खरेल व्याख्यान पुरस्कार (२०५०), विद्वद्केशरी सम्मान (२०६७) । **सम्पर्क ठेगाना** : चाबहिल, काठमाडौँ । **फोन** : ४४६१७२८ ।

जगन्नाथ सेढाईं

(अनुसन्धेय)

कृति/सृजना : विक्रम मञ्जरी (काव्य), रामचरित्र (काव्य), 'सुन्दरी', 'सूक्तिसिन्धु' जस्ता पत्रिकामा रचना प्रकाशित छन्,

चन्द्रमयूख (चित्रकाव्य, सहलेखन, १९७०), भूचन्द्र चन्द्रिका (सहलेखन, १९७०, बाबु-छोराको संयुक्त लेखन) । **सम्पादन/अनुवाद :** सम्मेलन (साप्ताहिक) ।

जगमान गुरुङ

(संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. २००३ माघ २१, याङ्जाकोट, कास्की, गण्डकी अञ्चल । **माता/पिता :** जोगमाया गुरुङ, शेरजङ्ग गुरुङ । **शिक्षा** : स्नातकोत्तर, (नेपाली इतिहास, संस्कृति र पुरातत्त्व), विद्यावारिधि (पश्चिमाञ्चलको गण्डकी प्रदेशका गुरुङहरूमा प्रचलित चिनियाँ-तिब्बती ज्योतिषशास्त्र) । **सेवा** : प्रशासन; प्राध्यापन; अनुसन्धान; सहप्राध्यापक (नेपाली संस्कृति)- नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. (२०५५); ने.रा.प्र.प्र. (सदस्य, प्राज्ञ-परिषद्, २०६१) । **पहिलो रचना** : लमजुङ जिल्लाको नामकरण : एक विवेचना (गण्डकी, वर्ष ६, अङ्क ३, २०२७) । **कृति/सृजना** : गुरुङ जाति तथा संस्कृति (२०३४), नेपालको एकीकरणमा गुरुङहरूको भूमिका (२०४१), ब्लो (मुस्ताङ) को सांस्कृतिक सम्पदा (२०५७), नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन (२०६१), गण्डकी प्रसवण क्षेत्रको सांस्कृतिक सम्पदा (२०६७), नेपालको सांस्कृतिक दिग्दर्शन आदि । **सम्पादन/अनुवाद :** तमु पत्रिका (२०३९) । **पुरस्कार/सम्मान :** गोकुलचन्द स्वर्णपदक (२०३९), महेन्द्र विद्याभूषण स्वर्णपदक 'ख' (२०४२), श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव गद्दी आरोहणको रजत महोत्सव पदक (२०५३), त्रिभुवन विश्वविद्यालय दीर्घसेवा पदक (२०५७), श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), ज्यो. हरिअभिनव संस्कृति पुरस्कार (२०६७) । सनातन धर्म सेवा समिति, नेपाल (२०५५), राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति (२०५६), बौद्ध अर्घौं सदन (२०५९), योगी नरहरिनाथ ट्रस्ट हाम्रो नेपाल (२०६०), तमु छोज धिँ, नेपाल (२०६१), नयराज पन्त शोध-सम्मान (२०६५) आदि सङ्घ-संस्थाहरूद्वारा कदर पत्र, प्रशंसापत्र तथा अभिनन्दनपत्र । **हालको ठेगाना :** पुल्चोक, ललितपुर । **फोन :** ५५४२५६६, ५५४४१९१ ।

जगमोहन शाक्य (इन्द्रकुमार शाक्य)

(कथाकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० जेठ ३०, चैनपुर, सङ्खुवासभा । निधन : २०६६ भदौ १५ । **माता/पिता :** अष्टमाया शाक्य, नरबहादुर शाक्य । **शिक्षा** : स्वाध्याय । **सेवा** : अध्यापन, सङ्गीत । **पहिलो रचना** : छात्रप्रति (कविता, पुकार, २०१०) । **कृति/ सृजना** : उपहार (कथासङ्ग्रह, सहलेखन, २०१५), बाह्र मसला (संयुक्त कथासङ्ग्रह, २०१८), जिन्दगीका फाँटहरू (कवितासङ्ग्रह, २०४९), सँगालिएका प्रतिबिम्बहरू (संयुक्त कवितासङ्ग्रह, २०५१), धनेको सपना (कथासङ्ग्रह, २०५५), जगमोहन शाक्यका कविता (कवितासङ्ग्रह, २०५७), मनका उच्छ्वासहरू (गीत-गजलसङ्ग्रह, २०६१) । **सम्पादन/ अनुवाद** : सगरमाथा (२०१६), उपहार (कथासङ्कलन, संयुक्त, २०१५), भानु (२०२१), आगमन (२०५२), खुला आकाश (संयुक्त कवितासङ्ग्रह, २०५३) । **पुरस्कार/ सम्मान** : समता साहित्यिक परिवार, इलाम (२०५४), मानव अधिकार सङ्गठन, ताप्लेजुङ (२०५४), प्रतिभा निकेतन तथा साहित्य कला सङ्गम, झापा (२०५९) आदि सङ्घ-संस्थाहरूबाट अभिनन्दन-सम्मान । **सम्पर्क ठेगाना** : फुङ्लिङ -४, ताप्लेजुङ । **फोन** : ०२४-४६०२४५ ।

जङ्गब चौहान

(निबन्धकार/अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ भदौ ३, बर्मा (म्यानमार) । **माता/पिता :** लक्ष्मीमाया चौहान, वीरबहादुर चौहान । **शिक्षा** : एम.ए. (रूसी, नेपाली), विद्यावारिधि (तुलनात्मक भाषाविज्ञान), पत्रकारिता र अनुवादमा डिप्लोमा । **सेवा** : पत्रकारिता, अध्यापन (रूसी भाषा), प्रशासन, प्राध्यापन, अनुवादक । **पहिलो रचना** : मोहन (कथा, २०२८) । **कृति/सृजना** : नीलो-नीलो आकाश र दुई थोपा आँसु (निबन्ध-कवितासङ्ग्रह, सहलेखन), विश्वका केही विद्रोही साहित्यकार, रूसी साहित्यको झलक, गोर्की र इटाली । **सम्पादन/अनुवाद** : युरेसियाका कविता (अनु. २०५२), तीस रूसी कथा (अनुवाद, २०५२), मत्सिरी (खण्डकाव्य, अनु. २०५३), रसियाको गहिराइमा र अन्य कथाहरू (अनु. २०६२) ।

पुरस्कार/सम्मान : महेन्द्र विद्याभूषण 'क' (२०५८), रोसजारूवेभ्क पदक (रूसी परराष्ट्र मन्त्रालय, २०६२)। **हालको ठेगाना** : पो.ब.नं. ६२५०, काठमाडौँ / धोबीघाट, ललितपुर (jangab@mail.ru)। **फोन** : ५५३०३५७, ९८४३०९६००२।

जङ्गबहादुर शाह

(कथाकार/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ माघ १२, गोठकसेरी, खलङ्गा, प्युठान। **माता/पिता** : योगमाया शाह, घनश्याम विक्रम शाह। **शिक्षा** : स्नातक, विशारद। **सेवा** : सैनिक सेवा। **पहिलो रचना** : जनगीत (कविता, उदयन, उत्तर प्रदेश भारत, इ.सं. १९६२)। **कृति/सृजना** : विश्वामित्र (उपन्यास, २०५८), वेदायन (वेदिककथासङ्ग्रह, २०६३), बुद्धायन (कथासङ्ग्रह, २०६९), पाश्चात्य पुराण (२०६७), उदयन (बुद्धकालीनकथाहरू, २०६८)। **सम्पादन/अनुवाद** : शेक्सपियरका नाटकहरूको कथा (अनु.)। **हालको ठेगाना** : बुटवल -१३, रूपन्देही। **फोन** : ०७१-४३७७५७, ९८०६९८२६७३।

जनकप्रसाद हुमागाई

(कवि/बाल साहित्यस्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ असोज २८, बलथली -३, काभ्रेपलाञ्चोक। निधन : २०६३ माघ २८, काठमाडौँ। **माता/पिता** : पवित्रादेवी हुमागाई, दुर्गाप्रसाद हुमागाई। **शिक्षा** : विशारद। **सेवा** : निजामती सेवा, साहित्य, संस्कृति, समाजसेवा। **पहिलो रचना** : किसानको गति (खण्डकाव्य, २०१६)। **कृति/सृजना** : यौटै नारा लाउनु छ अब (लघुकाव्य, २०१६), नेपाल आमाको सत्यवचन (लघुकाव्य, २०१७), पसिना (कवितासङ्ग्रह, २०१९), दुःखी गरिबको सवाई (खण्डकाव्य, २०२१), खोलो साँघु (लघुकाव्य, २०२५), गोरे घर्तीको सवाई (खण्डकाव्य, २०३२), नानी पढ्छ (बालगीत, कविता, २०६०)। *बालकथाहरू* : गोकुलकी आमा कसरी निको भइन् (२०३६), गुनिला पाँच बालकथा (२०४१), बा आमाको माया (२०४३), दिदीभाइको माया (२०४७), चम्पा र मायालु काका (२०५०), मालतीको यात्रा वर्णन (२०५१), भाइबहिनीका कथा (२०५३), टाटे-पाङ्ग्रे (सहलेखन, २०५७), अमूल्य उपहार (सहलेखन, २०५८), लहरेपीपलको कथा (२०५९), गल्ती पत्ता लगाउने नाति (२०५९), असल मित्र (२०६०), विकृत ढोका (२०६१)। *लेख-निबन्धहरू* : सात सालको परिवर्तन र हाम्रो भविष्य (२०४२), एउटा इन्जिनीयरको तालिमे भाषा र त्यसले उपन्न गरेको प्रभाव (२०४९), नेपाली बालसाहित्य विवेचनामूलक लेखहरूको सङ्ग्रह (२०५६), भाषा र भाषा (भाषिक निबन्धसङ्ग्रह, २०५८), शब्दज्ञान (भाषिक बाल निबन्ध, २०६०), मावनता र मुक्तिका कवि गोकुल जोशी (खोज-अनुसन्धान, २०६१)। **सम्पादन/अनुवाद** : रारा (अर्धवार्षिक, २०३३), अरनिको (अर्धवार्षिक, २०३४), शृङ्खला (मासिक, २०३५), बालपोष (सचित्र रङ्गीन, २०३६), बालक (मासिक, २०४४), शृङ्खला (त्रैमासिक, २०४४), प्रलेस (त्रैमासिक, २०५३), संस्कृति (द्वैमासिक, २०५३), जुगल हिमाल (मासिक, २०२४), शिवस्मृति स्मारिका (२०५५), कृति र स्मृतिमा देवीप्रसाद उप्रेती (२०५५), रमला स्मृति पुस्तक (२०५६), हजुरबा-हजुरआमा (बालपुस्तक, २०५७), नेबासास बुलेटिन (२०६१), बालसाहित्य (नेपाल बालसाहित्य समाजको मुखपत्र)। **पुरस्कार/सम्मान** : पनौती जिल्लाव्यापी कवि सम्मेलनमा द्वितीय पुरस्कार (२०१९), धादिङ जिल्लाव्यापी साहित्य सम्मेलनमा प्रथम पुरस्कार (२०२३), उत्कृष्ट बालसाहित्य पुरस्कार (२०४१), बालहितकारी पुरस्कार (२०४६), नगद पुरस्कार (बालसाहित्यको उत्थानमा उल्लेखनीय योगदानका निम्ति, २०४६), दानमाया प्रतिभा पुरस्कार (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), साझा बालसाहित्य पुरस्कार (२०५८), सरस्वती सम्मान पुरस्कार (२०६२), नूर-गङ्गा बालसाहित्य पुरस्कार (२०६२)। साहित्यकार सम्मान (पुष्पलाल स्मृति प्रतिष्ठान, २०५४), वरिष्ठ साहित्यकार सम्मान (जनमत प्रकाशन, २०५९), बगर सम्मान (बगर प्रकाशन, २०५९), दीपशिखा सम्मान (२०६०), कविताराम बालसाहित्य प्रवर्द्धन सम्मान (२०५९), सुनकेस्रा सम्मान (२०६१), गङ्गादेवी लूनकरण दास साहित्य प्रतिष्ठानबाट सम्मान (२०६२), बृहत् अभिनन्दन-सम्मान (२०६३)। **सम्पर्क ठेगाना** : कला साहित्य सेवा सदन, नयाँ बानेश्वर, काठमाडौँ। **फोन** : ४१०८३२०।

जनकलाल वैद्य

(साहित्यकार, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९१ साउन १५, धुम्बहाल /कोबहाल, ललितपुर। **माता/पिता** : आशामाया वैद्य, रामलाल वैद्य। **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपालभाषामा)।

सेवा : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : ल्वोल (कथा, नेपालभाषा, मचा मासिक पत्रिका, २०११) । **कृति/सृजना** : कल्याणी (स्वस्थानी कथामा आधारित पूर्णाङ्की नाटक, २०२४), सत्यसती (सिद्धिदास अमात्यको खण्डकाव्यको विवेचना, २०२४), स्वयाच्वंगु मिखा (कथासङ्ग्रह, २०३९), नेपालभाषाया काव्य सिर्जना प्रवृत्ति (विद्यावारिधि उपाधि स्वीकृत शोधग्रन्थ, २०४३), आशा सफू कुथिया अभिलेख ग्रन्थया वर्णनात्मक धलः (२०४८), राष्ट्रिय अभिलेखालयका नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र (२०५८), नेपालभाषाया प्राचीन काव्य सिर्जना (२०५९), कीर्तिलक्ष्मीया पलाः (एकाङ्की नाटकसङ्ग्रह, ने.सं. १११९), सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा पाँचतले मन्दिर : न्यातापोल देवल (२०६१) । **सम्पादन/अनुवाद** : सयपत्री (अतिथि सम्पादक, २०५७), खेलुईताः (वार्षिक पत्रिका), ८० डेज इन यूरोप इम्प्रेजन एन्ड रिफ्लेक्सन (अनु. इ.सं. २००३) । **पुरस्कार/सम्मान** : मायादेवी प्रज्ञा पुरस्कार (ने.रा.प्र.प्र., २०५३), गणेश दुवाल खिलकुमारी पुरस्कार, दीर्घसेवा पदक । सनातन धर्म सेवा समिति, ललितपुर, टङ्गालटोल सुधार समितिद्वारा सम्मान । **हालको ठेगाना** : घर नं. ८९२, महालक्ष्मीचोक, ललितपुर - १४ । **फोन** : ५५२४४८० ।

जनकलाल शर्मा (जनकलाल ढकाल)

(समाजशास्त्रीय लेखक)

जन्म/स्थान : वि.सं. १९७८ वैशाख १७, क्याब्रुङ, इलाम । **निधन** : २०५६ माघ १६, काठमाडौँ । **माता/पिता** : कौशल्यादेवी ढकाल, गोविन्दप्रसाद शर्मा ढकाल । **शिक्षा** : शास्त्री, साहित्यरत्न (हिन्दी), सारस्वत व्याकरणतीर्थ । **सेवा** : सरकारी, अध्यापन, पुरातत्त्व विभाग (महानिर्देशक) । **पहिलो रचना** : गद्यरचना (गोर्खा पत्रिका, २००२) । **कृति/सृजना** : राम्रो नेपाली साहित्य (प्राइमर, २०१४), राम्रो नेपाली साहित्य (भाग १-४, २०१४), राम्रो नेपाली साहित्य (भाग ५-७, सहलेखन, २०१४), राप्ती उपत्यका (विवराणात्मक, सहलेखन, २०१४), ललितकला र साहित्य (निबन्धसङ्ग्रह, २०१४), नेपाली निबन्धावली (निवन्धसङ्ग्रह, २०१९), जोसमनी सन्त परम्परा र साहित्य (जीवनी, समीक्षा, २०२०), नेपाली व्याकरण (भाग १, २, ३ बालपाठ्य, २०२३), निबन्ध र चिठीपत्र (सहलेखन, २०२६), कौतुकमय डोल्पो (यात्रासङ्ग्रह, २०३१), महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना (निबन्ध-२०३२), भूमिकै भूमिका (निबन्धसङ्ग्रह, २०३६), हाम्रो समाज : एक अध्ययन (समाजशास्त्र, २०३९), जनकलाल शर्माका प्रबन्ध (२०५८), जनकलाल शर्माका संस्मरण (२०६०) । **सम्पादन/अनुवाद** : नेपाली संस्कृति, प्राचीन नेपाल (पत्रिका), जापानी संस्कृति, नेपाली संस्कृति : एक पक्ष (सांस्कृतिक लेखसङ्ग्रह) । **पुरस्कार/सम्मान** : शुभ राज्याभिषेक पदक (२०१३ र २०३१), मदन पुरस्कार (२०२०), प्रबल गोरखा दक्षिणबाहु (२०२२), रत्नश्री स्वर्णपदक (२०३१), साझा पुरस्कार (२०३९), गुणराज व्याख्यान माला पुरस्कार (२०४६), बालचन्द्र स्मृति पुरस्कार (२०५१), झपट साहित्य पुरस्कार (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३) र सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५७) । प्रतिभा समूह बानेश्वरद्वारा अभिनन्दन (२०५३) । **हालको ठेगाना** : ६-२/१८९ पानीपोखरी, महाराजगन्ज, काठमाडौँ । **फोन** : ४१२२५६, ४१२४८२

जनार्दन जोशी

(कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००१ चैत्र १७, ज्याठाटोल, काठमाडौँ । **माता/पिता** : नानीमैयाँ, रामप्रसाद जोशी । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : बैङ्क । **पहिलो रचना** : खिइएको पिँध रित्तिएको मान्छे (कविता, अभिव्यक्ति, २०२७) । **कृति/सृजना** : गुम्सिएको रातभित्र पुरिएको अस्थिपन्जर (कवितासङ्ग्रह, २०३२), भ्वाथः लाकां प्वाल प्वाल थिम मनु (कवितासङ्ग्रह, २०३६) हस्पिटलको कैदी क्याविन नं. १ मा (खण्डकाव्य, २०३७), आवाजको खोजी (कवितासङ्ग्रह, २०४५), अवतार विघटन (संयुक्त उपन्यास, २०४५) । **सम्पादन/अनुवाद** : समष्टि (द्वैमासिक- प्रधान सम्पादक), कुमुदका कविताहरू (सम्पा.) **हालको ठेगाना** : ज्याठा ७९/२१, काठमाडौँ । **फोन** : ४२४९४७३ /४२२५९६३, ९८४१२११७०१ ।

जनार्दनराज शर्मा 'जागरूक'

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ वैशाख १, लाजिम्पाट, काठमाडौँ ।

माता/पिता : नानीमैया शर्मा , नवराज शर्मा अर्याल । **शिक्षा :** बी.ए. । **सेवा :** अध्यापन । **पहिलो रचना :** परिवर्तन (कथा, गोरखापत्र, २०३७) । **कृति/सृजना :** अन्तहीन यात्री (कथासङ्ग्रह, २०४३), सहस्राब्दीको यन्त्रमानव (बालउपन्यास, २०५०), सङ्गतगुनाको फल (नीतिकथा, बालसाहित्य) । **सम्पादन/अनुवाद :** राष्ट्रियताको प्रतीक (स्मारिका, २०४६), प्रकाश (व्यक्ति कृति, २०४८), गद्दी आरोहण रजत स्मारिका (२०४७), चाँदनी (साहित्यिक पत्रिका, २०४४) । **हालको ठेगाना :** लाजिम्पाट-२, काठमाडौँ । **फोन :** ३२१००१४४ ।

जनार्दनशरण त्रिपाठी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ साउन २८, हेमजा-७, कास्की । **माता/पिता :** टीकादेवी त्रिपाठी, गोविन्दप्रसाद त्रिपाठी । **शिक्षा :** संस्कृत साहित्य र संस्कृति । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** बृटिश र जापानको युद्ध (२०१९) । **कृति/सृजना :** ब्रिटिश र जापानको युद्ध (पद्य, २०१९), हाम्रो भन्नु (प्रबन्ध काव्य, २०४५), नेपाली वन्यसम्पदा (खण्डकाव्य, २०५९) । **सम्पादन/अनुवाद :** स्वधर्म (२०४०), एकता स्मारिका (२०६१), हिमशिखर (२०६२) । **हालको ठेगाना :** पोखरा -१, कास्की । **फोन :** ०६१ - ५३०११५ ।

जनार्दन सम

(गायक)

जन्म/स्थान : वि.सं. १९८४ कात्तिक शुक्लसप्तमी, ज्ञानेश्वर, काठमाडौँ । निधन : २०३९ पुस २६ । **माता/पिता :** मन्दाकिनी, बालकृष्ण सम । **शिक्षा :** स्नातक (दर्शन), संस्कृत, अङ्ग्रेजी र हिन्दीको अध्ययन । **सेवा :** सैनिक सेवा (लप्टन), रेडियो नेपाल, (२००८ -२०२१), रेडियो नेपालमा उपनिर्देशक, त्यसपछि सञ्चार मन्त्रालयमा (२०२६) । **पहिलो रचना :** प्रेमी प्रतीक्षा (काव्य, शारदा, २००४) । **कृति/सृजना :** प्रेमी प्रतीक्षा (गद्य-खण्डकाव्य, २००५), मेरो अपराध (कवितासङ्ग्रह, २०१२), निर्माण पथ (गीति नाटक-२०१५), नेपालको फूलबारी (गीतिनाटक, २०१९), यो मृगतृष्णा (नाटक, २०२०), अग्निपरीक्षा (मूकनाटक, २०२१), सङ्कल्प (गीतिनाटक, २०२२), पूर्ण चन्द्र (गीतिनाट्य, २०२२), गर्छिन् पुकार आमा (गीति नाटक, २०२२), महानता (नाटक, २०२३), यता कि उता (नाटक, २०२३), चेतना (नाटक, २०२५), शाह हजुर (नाटक), जिद्दी होइन सङ्कल्प (नाटक), बन्दीपुरे उकाली लामो (गीतसङ्ग्रह), क्रान्ति र शान्ति (नाटक), हिमकन्या, प्रज्ञा प्रतिष्ठा, सत्यम् शिवम् सुन्दरम् । चित्रकला र गायनमा पनि निपुण । **सम्पादन/अनुवाद :** झङ्कार (सम्पादक) । **पुरस्कार/सम्मान :** सुप्रबल गोरखा दक्षिणबाहु (२०२५) ।

जयकलां आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ चैत्र ७, रानीगाउँ-६, पाँचथर । **माता/पिता :** अयोध्या खतिवडा, गङ्गाराम खतिवडा । **शिक्षा :** साक्षर । **सेवा :** सामाजिक, साहित्य । **पहिलो रचना :** कविता (२०१६ सालतिर) । **कृति/सृजना :** परदेशीलाई कवितामा पत्र (२०१६), नारी मुक्ति (२०४६) । **सम्पादन/अनुवाद :** दोहोरी गीत सङ्कलन (२०२२) । **पुरस्कार/सम्मान :** विभिन्न सङ्घ-संस्थाबाट पुरस्कृत । **हालको ठेगाना :** गैह्रीधारा, काठमाडौँ । **फोन :** ४४३८१२७, ४३८१२७ ।

जय छाङ्छा (जयबहादुर राई)

(नियात्राकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ चैत्र २६, बास्तिम, भोजपुर । **माता/पिता :** बिजुलादेवी राई, काजीमान राई । **शिक्षा :** स्नातक । **सेवा :** निजामती सेवा, कूटनैतिक । **पहिलो रचना :** अफालिएका फूलहरू (कथा, जनजागृति, २०३५) । **कृति/सृजना :** कङ्गारुको देशदेखि आइफेल टावरसम्म (नियात्रासङ्ग्रह, २०५२), चाँप फुल्ने पहाड मुन्तिर (नियात्रासङ्ग्रह, २०५४), पोटोम्याकको किनारमा (कवितासङ्ग्रह, २०५८), पोटोम्याकको किनारमा (कवितासङ्ग्रह, इ. २०१), बादल रुँदाको जुरिच (नियात्रासङ्ग्रह, २०५९), छाङ्छाको प्रेम कविताहरू (कवितासङ्ग्रह, इ. २००५), बिब्लेटो आकाशको धरातलतिर (नियात्रासङ्ग्रह, इ. २००६), अमेरिका यात्रा अध्ययन र इलम (इ. २००६), छिछचाङ्छा बान्तवा राई

(वंशावली, २०५४) । **सम्पादन/अनुवाद :** छहरा (साहित्यिक, २०३५), निप्सङ (साहित्यिक, २०५५), अन्तर्दृष्टि (साहित्यिक द्वैमासिक, २०५५)। भारत एशियाई साहित्यिक पत्रिका (नयाँ दिल्ली, इ.२००८) । **पुरस्कार/सम्मान** : द क्रस अफ मेरिट (विभूषण, सङ्घीय जर्मनी, इ.१९८६), अमरसिंहसम्बन्धी कविता प्रतियोगितामा पुरस्कृत (२०५२), स्रष्टा पुरस्कार (सिक्किम, इ.१९९८), एडिटर्स च्वाइस एवार्ड (मेरील्याण्ड, अमेरिका, इ.१९९९), अनरेवल मेन्सन (मिचिगन, अमेरिका, इ. १९९९), उदय नियात्रा पुरस्कार (इ. २००९) । सगर साहित्यिक सम्मान (वीरगन्ज, २०५४), अमेरिका नेपाल सोसाइटी (वाशिङ्गटन डी.सी., इ.सं. २००२), इण्डो एशियाई लिटेरचर सम्मान (इ.२००८) द्वारा सम्मानित । **हालको ठेगाना** : ३६ मितेरीमार्ग, बानेश्वर, काठमाडौँ, (bastim2003@yahoo.com) । **फोन** : ४४९२७२७, ४४९२४३८ ।

जयदेव गौतम

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ पुस १७, दर्लामडाँडा-१, पाल्पा । **माता/पिता** : दुर्गादेवी, श्रीकृष्ण गौतम शर्मा । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : ट्राफिकिङ इन नेपाल : अस्पेक्टस् एण्ड च्यालेन्जेज, सोसियल फर कन्स्टिच्युसनल एण्ड पार्लियामेण्ट एक्सर्साइज (सन् १९९४) । **कृति/सृजना** : यूज अफ पेस्टिसाइड्स् एण्ड केमिकल फर्टिलाइजर इन ग्रीन भेजेटेबल (अङ्ग्रेजी भाषामा, सन् १९९१), विश्व कप फूटबल : कथा एक गाथा अनेक (सन् २००२), लक्ष्मण रेखाका । **सम्पादन/अनुवाद** : विश्वसन्देश (चौमासिक, अमेरिका), कान्तिपुर दैनिक (सहायकसम्पादक, सन् २०९३-२००५), खेल संसार (मासिक, सन् १९९४), चित्रण (साप्ताहिक, सन् १९८८), युगसंवाद (साप्ताहिक, १९९०) । **हालको ठेगाना** : मध्यपुर ठिमी-१७, भक्तपुर । **फोन** : ०१-६६३४९३९, ९८४१९७९९६७ ।

जयदेव पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४, काठमाडौँ । निधन : २०४४ । **शिक्षा** : संस्कृत-मध्यमा । **सेवा** : पुराण वाचक पण्डित । **कृति/सृजना** : आत्मबोध (२०३३), तत्त्वबोध (निबन्ध, २०३३), गोर्ख्यायिका (महाकाव्य, २०३३) । **सम्पादन/अनुवाद** : दोहोरी गीत सङ्कलन (२०२२) । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाबाट पुरस्कृत । **सम्पर्क ठेगाना** : गैह्रीधारा, काठमाडौँ । **फोन** : ४४३८१२७ ।

जयदेव भट्टराई (देव, विनय, शरद)

(सम्पादक/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ फागुन २८, वटु, काठमाडौँ । **माता/पिता** : बनु भट्टराई, गुणदेव भट्टराई । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : संस्मरण (रचना पत्रिका, २०४५) । **कृति/सृजना** : व्यक्तित्व र शब्दचित्र (२०५३), छाडेर जानेहरू (व्यक्तित्व वृत्त, २०६६), बच्चा हराउने गाउँ (२०६६) । **सम्पादन/अनुवाद** : वासुदेव भट्टराई स्मृतिग्रन्थ (२०४५), साहित्यकार परिचय र अभिव्यक्ति (२०५४), सन्दर्भ र खोजी (२०५६), छाडेर जानेहरू (२०६६), सय वर्षको कविता (२०५८), गोपको इतिहास (२०६७), आत्म पुराण, भावना (त्रैमासिक), मुकुट, गोरखापत्र । **पुरस्कार/सम्मान** : प्रेस काउन्सिल पुरस्कार (२०६२), गोरखापत्र पत्रकारिता पुरस्कार (२०२४), हृदयचन्द्रसिंह राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), ईश्वरवल्लभ पुरस्कार (२०६६) । जनमत जनक सेवा सम्मान (२०६२), त्रिविक्रम राणा स्मृति साधना सम्मान (२०६०), जागरण सम्मान (२०६६), महामण्डल साहित्य सम्मान (२०६७), पल्लव साहित्य सम्मान (२०६७), प्रेमदत्त गोमा त्रिपाठी साहित्य तथा सञ्चार सम्मान (२०६७) । **हालको ठेगाना** : कोपुण्डोल, ललितपुर । **फोन** : ५५२००९९, ९८४१२४६१७४ ।

जयनन्द लामा

(गायक, चलचित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१३ साउन १८, धार्पा, बाह्रबीसे, सिन्धुपाल्चोक । **माता/पिता** : साहिँली गोले (थिङ), टेकबहादुर लामा (थिङ) । **शिक्षा** : डिप्लोमा (यू.एस.ए.), बी.एड. (ललितकला क्याम्पस) । **सेवा** : गायन, कलाकारिता (अभिनय), प्रशिक्षण, कार्यक्रम । **कृति/सृजना** : म्युजिक नेपालको प्रथम गीतिएल्बमदेखि १२ वटा गीतिएल्बमका अतिरिक्त करीब ३०० भन्दा बढी गीतहरू रेकर्ड भइसकेको (गायन), मनको बाँध

(नेपाली चलचित्र, २०३०) देखि हालसम्म ३७ वटा ठूलो पर्दाको चलचित्र, छिमेकी, देवी, जिरे खोर्सानी लगायत टी.भी. सिरियल २० भन्दा बढीमा अभिनय साथै भिडियो चलचित्रहरू निर्माण र निर्देशन । शिखर आरोहण (२०५६), माया गर्छु म (२०५७), छुट्छ कि मायाजाल (चलचित्र, कथा-निर्देशन-निर्माण, २०५९), कर्मको फल (चलचित्र, निर्माण-निर्देशन, गीत-सङ्गीत, २०६१) चलचित्र निर्देशन, तामाङ भाषाको चलचित्र 'सेमरी छोरङ्गान' को कथा लेखन, निर्देशन तथा निर्माण । देश-विदेशको विभिन्न स्थानहरूमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०५१), स्वर्ण पदक (अमेरिका नेपाल सोसाइटी, वासिङ्टन डि.सी., अमेरिका), गद्दी आरोहण रजत महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । विशिष्ट श्रेणीका गायक (रेडियो नेपाल, २०२७), क श्रेणी कलाकार (ने.रा.प्र.प्र., २०३१), माउन्ट एभरेस्ट युथ क्लब नगरकोट (२०५०), दुलालेश्वर वातावरणीय तथा समाज सेवा क्लब, दोलालघाट (काभ्रेपलाञ्चोक, २०५१), नवबुद्ध मेला समूह, राम्चे (सिन्धुपाल्चोक, २०६०), सिन्धुपाल्चोक जिल्ला फुटबल सङ्घ, सिन्धुपाल्चोक (२०६१), जिल्ला विकास समिति, सिन्धुपाल्चोक (२०६१), आदि सङ्घ-संस्थाद्वारा अभिनन्दन तथा सम्मान प्राप्त । **हालको ठेगाना** : मध्यपुर ठिमी -१६, लोकन्थली, भक्तपुर । **फोन** : ०१-६६३८३००, ९८४१३०६७९२ ।

जयनेन्द्र चन्द ठकुरी

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. १९८७ साउन २५ । **पिता** : शील चन्द ठकुरी । **सेवा** : चलचित्र । नेपाल टेलिभिजनबाट सम्मान (२०६१) । **पहिलो रचना** : जीवनरेखा (चलचित्र, चरित्र अभिनेता, २०३६) । **कृति/सृजना** : जीवनरेखा, अग्निपथ, सीमारेखा, आघात, अरुणिमा, कान्छी, भाग्यरेखा आदि करीब ८५ वटा चलचित्र/टेलिचलचित्रहरूमा अभिनय । पाकिस्तानी, बङ्गलादेशी, भारतीय चलचित्रहरूमा पनि अभिनय एवं विभिन्न व्यावसायिक टेलिविज्ञापनहरूमा अभिनय । **पुरस्कार/सम्मान** : हरिततारा चलचित्र पुरस्कार (२०५२), अभियान २०५१ एक्टर अफ डिकेट (२०५२) । **हालको ठेगाना** : कुरियागाउँ, बबरमहल, काठमाडौँ ।

जयन्तप्रसाद रेग्मी

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०२३ असोज १५, सापाटार, चुन्नीखेल, काठमाडौँ । **माता/पिता** : सीतादेवी रेग्मी, अच्युतप्रसाद रेग्मी । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अभिनय, चलचित्र । **पहिलो रचना** : रङ्गमञ्च अभिनय (२०४१) । **कृति/सृजना** : आँधीवेरी, रक्षा, पुकार, मोहनी, ज्वाला, जलन, ठूल्दाइ, विहानी, वसन्ती, अप्सरा, नातेदार, आफ्नो मान्छे, नौ डाँडा पारि, फेरि तिम्रो याद आयो, अर्जुन, कस्तो साइनो, जिद्दी, बाबुसाहेब आदि चलचित्रहरू एवं टेलिशृङ्खलाहरू निमित्त नायक, राप, अलिखित, भावना, बेमतलब, भोजवहादुर, प्रतिद्वन्द्वी, देवी, दुई दिनको जिन्दगानी, कसलाई आफ्नो भनौँ, जीवनयात्रा, अपराध आदि साथै बदला, भोजवहादुर, कामकुरो, गुफाहरू आदि नाटकहरूमा अभिनय । **हालको ठेगाना** : का.म.न.पा. -४, लोहासाल, काठमाडौँ । **फोन** : ४३७१२७० ।

जयन्ता पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२७ वैशाख १६, खोटाङ । **माता/पिता** : पुण्यमाता, केदार पोखरेल । **शिक्षा** : प्रमाणपत्र तह (वाणिज्य) । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : भोलि तँ नआइज (कविता, शनिबार साप्ताहिक, झापा, २०४६) । **कृति/सृजना** : मेरो अर्थमा (कवितासङ्ग्रह, २०६२) । **हालको ठेगाना** : विराटनगर, मोरङ ।

जयन्ती सत्याल अधिकारी 'स्पन्दन'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ चैत्र १५, दाप्चा -७, काभ्रे । **माता/पिता** : नर्मदेश्वरी सत्याल, मदनप्रसाद सत्याल । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : सरकारी सेवा (उच्च मा.वि. शिक्षा परिषद्) । **पहिलो रचना** : म बूढी भएछु (कविता, गोरखापत्र, २०४५) । **कृति/सृजना** : आमाछोरी (संयुक्त कवितासङ्ग्रह, २०५८), वक्तृता आजको आवश्यकता (सहलेखन, २०५९) ।

पुरस्कार/सम्मान : शिक्षा पुरस्कार (२०५९) । **हालको ठेगाना** : सुन्द्रावती -१, दोलखा । **फोन** : ४४७४८२१ ।

जयपृथ्वीबहादुर सिंह

(माध्यमिक कालीन लेखक)

जन्म/स्थान : वि.सं. १९३४ भदौ ७, चैनपुर, बझाङ । **निधन** : १९९७ असोज १ । **माता/पिता** : इन्द्रकुमारी, विक्रमबहादुर सिंह । **शिक्षा** : उच्चशिक्षा (इलाहाबाद), आई.ए. । **सेवा** : भाषा-साहित्य सेवा, गोरखापत्र छापाखानाका मुख्तियार । **पहिलो रचना** : अक्षराङ्क शिक्षा (पाठ्यपुस्तक, १९५८) । **कृति/सृजना** : अक्षरमाला (१९४८), बालबोध (भाग १, १९५८), अक्षराङ्क शिक्षा (१९५८), पदार्थ तत्त्व-विवेक (१९६२), श्रेस्ता दर्पण (भाग १, १९६२), शिक्षादर्पण (भाग १, १९६४), डिफेन्स (१९६४); बृगेड (१९६५), व्यवहारमाला (१९६५), भूगोल विद्या (१९६७), अक्षर माला (१९६८), शिक्षा दर्पण (भाग २-४, १९६४-६८), प्राकृत व्याकरण (१९६९), तत्त्वप्रशंसा (१९७०) । **सम्पादन/अनुवाद** : गोरखापत्र (१९६०-६२) । **पुरस्कार/सम्मान** : मानव अधिकारवादी नेपाली चिन्तक ।

जयप्रसाद ढकाल

(समालोचक)

जन्म/स्थान : वि.सं. १९९० असोज १४, नामसालिङ, ताप्लेजुङ । **माता/पिता** : मदनकुमारी ढकाल, अविनारायण ढकाल । **शिक्षा** : एम.ए. (त्रि.वि.) । **सेवा** : साहित्य, सामाजिक सेवा । देवकोटा स्मृति-भवन भद्रपुर (२०५२), अतिथिसदन बिर्तामोड (झापा, २०५३), समता परिवार इलाम (२०५४), नवरङ्ग साहित्य प्रतिष्ठान (झापा, २०५९), विराटनगर धरणीधर पुरस्कार प्रतिष्ठान (२०६०) आदि सङ्घ-संस्थाहरूबाट सम्मान । **पहिलो रचना** : संस्कृति (लेख, उदय, बनारस, २०१३) । **कृति/सृजना** : साहित्य र संस्कृति (आलोचना, २०५२), आधुनिक नेपाली आलोचना (२०५७), आधुनिक नेपाली पत्र-जगत् (समीक्षा, २०५९) । **सम्पादन/अनुवाद** : जीवन स्मारक (संस्मरण, २०६३) । **हालको ठेगाना** : शनिश्चरे -३, झापा । **फोन** : ०२३-५६५५२८, ९८४१८८३२३३ ।

जयप्रसाद भेटवाल (बाघरच जभे)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ भदौ १, थेचम्बु, ताप्लेजुङ । **शिक्षा** : स्नातक । **सेवा** : संस्थान । **कृति/सृजना** : रम्भा (कथासङ्ग्रह, २०३५), आकाश पाताल (उपन्यास, २०३९) । **हालको ठेगाना** : डिल्लीबजार, घट्टेकुलो, काठमाडौँ ।

जयबहादुर हितान मगर 'अभागी'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ साउन, पैँदी अरेवा, गुल्मी । **निधन** : २०६६ मङ्सिर २६ । **माता/पिता** : हस्तिकला हितान, पदमसिंह हितान । **शिक्षा** : स्नातक । **सेवा** : निजामती सेवा । **कृति/सृजना** : नेपालको गृहनीति र प्रजातन्त्र (२०४८), हाम्रा कथाहरू (२०४९) । **सम्पर्क ठेगाना** : बुटवल -१०, रूपन्देही । **फोन** : ०७१-५४०३६१ ।

जयराज आचार्य

(लेखक/विवेचक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००८ कात्तिक २६, भानु -३, चुँदी, तनहुँ । **माता/पिता** : गङ्गादेवी, नरनाथ आचार्य । **शिक्षा** : स्नातकोत्तर (अङ्ग्रेजी), विद्यावारिधि (भाषा विज्ञान, अमेरिका) । **सेवा** : कूटनीति सेवा, प्राध्यापन । **पहिलो रचना** : त्यै पाखाको यादमा (कविता, विवेकबिन्दु, २०२६) । **कृति/सृजना** : ट्रेडिसनल ग्रामर ए स्टडी (नेपाली अङ्ग्रेजी, १९८०), अ डिस्क्रिप्सन अफ नेपाली ग्रामर (१९९१), द नेपाल माहात्म्य अफ द स्कन्द पुराण (अङ्ग्रेजी, १९९२), यदुनाथ खनाल जीवनी र विचार (२०००) । **सम्पादन/अनुवाद** : अरुणोदय (२०३२), कल्पना (२०३६), आजको राष्ट्रिय चिन्तन (२०३७), पूजा (बी.पी. विशेषाङ्क), नेपाल अपडेट (अङ्ग्रेजी, १९८२), मोदिआइन (अनु., १९८९), वासिङ्टन

(१९९१), भानुभक्त हिज लाइफ एन्ड वर्क्स (१९९५), पोइट्री इन द स्टोन (१९९५), लक्ष्मीप्रसाद देवकोटा सेलेक्टेड पोयम्स (१९९८) आदि । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी साहित्य प्रतियोगितामा स्वर्णपदक (२०२८), अन्तरक्याम्पस प्रवचन प्रतियोगितामा स्वर्णपदक (२०३२), महेन्द्र विद्याभूषण 'ख' (अङ्ग्रेजी, एम.ए., २०३३), महेन्द्र विद्याभूषण 'ख' (संस्कृतमा आचार्य), मदन पुरस्कार विद्वद्वृत्ति (२०३५), पीस कल्चर अवार्ड (लामा गान्चेन वर्ल्ड पीस फाउन्डेसन, २०५६), महेन्द्र विद्याभूषण 'क' (भाषाविज्ञान, २०५७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । विद्वद्वृत्ति (जर्जटाउन विश्वविद्यालय, अमेरिका, २०४३, न्याशनल जोग्राफिक सोसाइटी, अमेरिका, २०४६), राष्ट्रिय संस्कृत गौरव प्रवर्धन सम्मान (२०५७), राष्ट्रिय नागरिक सम्मान (नागरिक मञ्च, नेपाल, २०६१), आदि । **हालको ठेगाना** : १११ श्रीमार्ग लाजिम्पाट, काठमाडौँ । **फोन** : ४४१९२९८ ।

जयराज पन्त

(लोकसाहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० चैत्र १५, जिजोडामाडौँ-८, जैनोली, डोटी । **माता/पिता** : राधादेवी पन्त, दयानिधि पन्त । **शिक्षा** : स्नातकोत्तर (नेपाली), विद्यावारिधि (लोकसाहित्य/नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : हामी नेपाली (लेख, २०२९) । **कृति/सृजना** : अँजुलीभरि सगुन पोल्टाभरि फाग (लोकसाहित्य, २०५५), डोटेली धमारी गीत : एक अध्ययन (२०६४), मष्टापरम्परा र त्यसका गीतहरू (२०६४), देउडा (२०६४), डोटेली गोरापर्वका गीत र गाथाहरू (२०६४), डोटेली भो पर्वका गीत र गाथाहरू (२०६५), शैलेश्वरीको माहात्म्य र तिनका केही गीत (२०६५), डोटेली वत्सगोत्रीय वंश (२०६७) । **सम्पादन/अनुवाद** : सेतीको सुसेली, देवाटवी, कस्तूरी, दीपशिखा, गुरुवाणी, लोकसंस्कृति, शैलेश्वरी कोटिहोम स्मारिका, लोकायन, भावजाह्नवी, गिरिजा बाबु, हायु जातिको लोकजीवन, तराईमा बसोबास गर्ने आर्यमूलका जातिहरूको मानवशास्त्रीय अध्ययन आदि । संस्कृतका लोकोपयोगी केही कृतिको नेपाली भाषामा समछन्दमा अनुवाद । **पुरस्कार/सम्मान** : बेलु-विश्वस्मृति प्रतिष्ठानद्वारा सम्मान (२०५८), अभियान समूहद्वारा सम्मान (२०५९) विशिष्ट सेवा पुरस्कार तथा दीर्घ सेवा पदक (त्रि.वि.), राष्ट्रिय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६६), विद्याभूषण 'क', साथै साहित्य, संस्कृति र कलासित सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान, अभिनन्दन र पुरस्कार । **हालको ठेगाना** : ८४ ढुङ्गेधारामार्ग, हाँडीगाउँ, काठमाडौँ, (jayarajpant@yahoo.com) । **फोन** : ४४३८२००, ९८४१२७८००० ।

जयराम शर्मा लुइँटेल (विरक्ति, मीननाथ लुइँटेल)



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ चैत्र २, ढुङ्गेअड्डा, काठमाडौँ । **माता/पिता** : नरिमायादेवी, टीकाराम शर्मा । **शिक्षा** : मास्टर अफ इन्जिनियरिङ । **सेवा** : जागिर । **पहिलो रचना** : खोल्सो (भेल एक, कवितासङ्ग्रह, २०४६) । **कृति/सृजना** : खोल्सो (भेल दुई, २०४७), जयराम शर्मा (जीवनी, २०४९), तँलाई हरियो बाँस (हास्यव्यङ्ग्य, २०५०), टिम्मुर (हास्यव्यङ्ग्य, २०५२), द्यौसी भैलो (हास्यव्यङ्ग्य, २०५५), दाइ-भाइका कुरा (गद्य, २०६१) । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (विक्रम विश्व विद्यालय), महेन्द्र विद्याभूषण 'ग' । **हालको ठेगाना** : तीनथाना -८, काठमाडौँ । **फोन** : ४३१२०२२, ४३११८४६ ।

जलेश्वरी श्रेष्ठ

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३, वटुटोल, काठमाडौँ । **माता/पिता** : हरिदेवी श्रेष्ठ, शरणलाल श्रेष्ठ । **शिक्षा** : बी.ए. । **सेवा** : साहित्य । **पहिलो रचना** : भगवती (कथा, २०४७) । **कृति/सृजना** : लाभाका बाफहरू (कथासङ्ग्रह, २०५८), परीको घर (बालकथासङ्ग्रह (२०६०), मौन विद्रोह (२०६१), मेहनती गौरी (बाल उपन्यास, २०६१), तिसाको जन्मदिन (बालकथा-सङ्ग्रह, २०६१), सुनपरी (बालउपन्यास) । **पुरस्कार/सम्मान** : देवकुमारी थापा बालसाहित्य वनिता पुरस्कार, गोमा स्मृति पुरस्कार र गुञ्जन नवप्रतिभा पुरस्कारका संस्थापक), नवरङ्ग साहित्य विशेष कदर (२०६०) । **हालको ठेगाना** : का.म.न.पा. -४, काठमाडौँ । **फोन** : ४४१४४९१, ९८४९४६८६६७ ।

जवाहर रोका

(कथाकार/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० असोज, चैनपुर जेल, सङ्खुवासभा । **निधन** : २०५२ भदौ १०, विराटनगर । **माता/पिता** : बुद्धिमाता रोका, मोतीलाल रोका । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : पन्छीसित प्रीतिसन्देश (कविता, उदय, २०२०) । **कृति/सृजना** : वारन्ट (कथासङ्ग्रह, २०२७), फेसुआ (उपन्यास, २०३७), छोइछिटो (२०४४), छोइ छिटोको अन्त (प्रबन्धसङ्ग्रह, २०४८), सुवासको सिन्दूर (खण्डकाव्य, २०४६) । **सम्पादन/अनुवाद** : जमरा (पत्रिका, २०२८), मुक्ति (पत्रिका, २०२८), मुक्तिचक्र (पत्रिका, २०४८) । **पुरस्कार/सम्मान** : डा. भीमराव अम्बेडकर विशिष्ट सेवा पुरस्कार (भारत, २०४९) । नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजद्वारा सम्मान (२०५१) ।

जसराज किराती (रत्न राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ साउन १७, बुइपा, खोटाङ । **माता/पिता** : धर्मलक्ष्मी, धनहर्क राई । **शिक्षा** : म्याट्रिक । **सेवा** : अध्यापन, राजनीति, कृषि । **पहिलो रचना** : अर्धचन्द्र (कविता, दैलो पत्रिका, २०२०) । **कृति/सृजना** : उज्यालो खोज्ने आँखाहरू (कवितासङ्ग्रह, २०३७), जसराज किरातीका कविताहरू (२०५७), जसराज किराँतीका प्रतिनिधि कविता (२०६५) । **सम्पादन/अनुवाद** : आक्रोश (साहित्यिक सङ्कलन, २०२८), हलेसी कुन्ज (साहित्यिक पत्रिका, २०४१) । **पुरस्कार/सम्मान** : अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम (ओखलढुङ्गा, २०२०), वाणी पुरस्कार (२०५८), आदिवासी गीति सम्मान (२०६४), खोटाङ सेवा पुरस्कार (२०६६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६६) । **हालको ठेगाना** : बुइपा, खोटाङ ।

जितबहादुर अर्जेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ भदौ, कुसे औँसी, तनमुना गाउँ, सुनसरी । **माता/पिता** : लक्ष्मीदेवी, बुद्धिनाथ अर्ज्याल । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : राजनीति, साहित्य र समाजसेवा । **पहिलो रचना** : झ्याउरे कविता (२०२१ तिर) । **कृति/सृजना** : माधुरी मोहन (कवितासङ्ग्रह, २०२७), भोको मान्छे (कथासङ्ग्रह, २०२७), राजनीति, निर्दलीय राजनीति, राजनैतिक उद्वेग (२०३२), अर्जेलका निबन्धहरू । **पुरस्कार/सम्मान** : प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु, दैवी प्रकोप पीडितोद्धार पदक; सेवा पदक, समाज सेवा पदक, गद्दी आरोहण रजत महोत्सव पदक, शुभराज्याभिषेक पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८) । **हालको ठेगाना** : पुरानो बानेश्वर, काठमाडौँ । **फोन** : ४४७१५८५ / ०२१-५२७१०९ ।

जितबहादुर कार्की

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१६ साउन ५, जफे-९, दोलखा । **माता/पिता** : गणेशकुमारी कार्की, कृपाध्वज कार्की । **शिक्षा** : स्नातक । **सेवा** : सैनिक सेवा । **पहिलो रचना** : कविता (२०३६) । **कृति/सृजना** : आस्थाका हिउँचुलीहरू (गजल-सङ्ग्रह, २०६४) । **पुरस्कार/सम्मान** : जिल्लाव्यापी खुल्ला कविता प्रतियोगितामा प्रथम (२०५४, २०५६), सैनिक सेवा पदक, यूएन मेडल, परदेश सेवा पदक । **हालको ठेगाना** : जफे-९, दोलखा/भीमेश्वर न.पा.-१०, चरिकोट । **फोन** : ९८४१६८१६६४ ।

जितबहादुर रायमाझी

(मैथिल चित्रकार)

जन्म/स्थान : वि.सं. २००१ वैशाख ४, भुल्के, सिराहा । **माता/पिता** : चन्द्रमायादेवी रायमाझी, कर्मबहादुर रायमाझी । **शिक्षा** : स्नातकोत्तर (चित्रकला) । **सेवा** : मिथिला लोककला अनुसन्धान तथा प्रशिक्षण । **पहिलो रचना** : कला र संस्कृति (लेख, मधुपर्क, २०२९) । **कृति/सृजना** : कला प्रदर्शनी (म्युजिकल इमेज, २०३०) (प्रकाशाधीन : मिथिला लोकचित्रकला तथा व्यावसायिकता, मिथिला लोककला सङ्क्षिप्त परिचय, संरक्षण-संवर्द्धनका सम्भावित आयामहरू (कार्यपत्र) । **पुरस्कार/सम्मान** : विभिन्न कलाप्रतियोगिताहरूमा पुरस्कृत । भाजुमान चित्रकारका रूपमा

सम्मानित (२०५७) । **हालको ठेगाना** : बडहरामाल -५, सिरहा । **फोन** : ४४६२७३७ ।

जितबहादुर सिञ्जाली मगर

(कवि, मगरभाषा)

जन्म/स्थान : वि.सं. १९९८ जेठ १८, लुम्पेक, ग्याभा, गुल्मी । **शिक्षा** : आई.ए. । **सेवा** : शैक्षिक सेवा, समाज सेवा । **कृति/सृजना** : मगराती भाषाङ लिहङ व टुक्कावौ किताब (कवितासङ्ग्रह, २०१६), मगर भाषाङ काटसरौ किताब (२०१६), ल्हेस्म राहानाङ (फर्किएर आउँदा, कवितासङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान** : मगर भाषाका आदिकवि । **हालको ठेगाना** : राजापुर -७, खाङरानका, दाङ देउखुरी ।

जितमान राई

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ जेठ ५ गते, कुइँटा, पाकिस्तान । निधन : वि.सं. २०४८, धरान । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : इ.सं. १९५५ मा कथा प्रकाशित । **कृति/सृजना** : परित्यक्ता (उपन्यास, २०२४), तिर्खालु आत्मा बाँचिरहन्छन् सधैंभरि (कथासङ्ग्रह, २०३३) ।

जितु नेपाल (जितबहादुर नेपाल)

(हास्यकलाकार)

जन्म/स्थान : वि.सं. २०३२ असार १, ज्यामिरे, सिन्धुपाल्चोक । **माता/पिता** : योगकुमारी नेपाल, शशीधर नेपाल । **शिक्षा** : स्नातक । **सेवा** : टेलिभिजन, रेडियो कार्यक्रम निर्माण, निर्देशन, लेखन तथा प्रस्तोता । **पहिलो रचना** : आजभोलिका कुरा (२०४९) । **कृति/सृजना** : गीताञ्जली, मुक्ति (२०५८), काउकुती (२०६०), जिरे खुर्सानी (२०६०), ट्वाक्कटुक्क, सँगालो, मुक्ति, तिरिमिरीझ्याइँ, क्याटमाण्डू, दर्शन जिन्दगीकोलगायत आदि तीन दर्जन टेलिचलचित्र तथा दर्पण छायाँ, दुई किनारा, लहना, वसन्त ऋतु, पूजा, ख्यालख्यालैमा लगायत तीन दर्जनभन्दा वढी चलचित्रहरूमा अभिनय । जिरे खोर्सानी लगायत केही टेलिशृङ्खलाको निर्देशन तथा लेखन । दर्जनौं रेडियो/टेलिभिजन विज्ञापन रेडियो नाटकहरूमा अभिनय । **पुरस्कार/सम्मान** : उत्कृष्ट कलाकार (मुक्ति टेलिशृङ्खला, २०५४), नेशनल एकेडेमी अवार्ड, नवप्रतिभा पुरस्कार (२०६१), उत्कृष्ट संवाद लेखन अवार्ड तथा अन्य पुरस्कार (२०६२) लगायत थुप्रै । **हालको ठेगाना** : जडीबुटी, कोटेश्वर, काठमाडौँ । **फोन** : ६६३२२९८, ९८५१०४६९६३ ।

जिमी लामा

(थाङ्का चित्रकार)

जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १२, सेर्मयाङ, किउल, सिन्धुपाल्चोक । **माता/पिता** : ग्याल्मो लामा, डुकतार लामा । **शिक्षा** : कला-अध्ययन । **सेवा** : थाङ्का चित्र, सामाजिक सेवा, कृषि । **पहिलो रचना** : बुद्धको थाङ्का चित्र । **कृति/सृजना** : न्हाखाङ गुम्बा मान्द्रीमा काठको बुट्टा भरेको (२०५०), किउल सेर्मथाङ धर्मशालामा काठको ठूलो मूर्ति (थुजे छेम्बो) निर्माण (२०५५), किवजोम छेतेन म्हनी धुम्खोर निर्माण (२०५७) । **हालको ठेगाना** : किउल -७, सिन्धुपाल्चोक । **फोन** : २१४००५० ।

जिलबर्ट कालु सिंह

(चित्रकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९२३ जनवरी १, जावलाखेल, ललितपुर । **माता/पिता** : भुक्तमाया सेलिना खाती, दलवीर सिंह । **शिक्षा** : बी.ए., बी.एड., बी.एल.(त्रि.वि.) **सेवा** : अध्यापन, चित्रकारिता, स्काउट । व्यङ्ग्यचित्र सम्मान (हङकङ, इ. १९८०), सी.एल.ई. लिटरेसी सम्मान (रोटरी, इ. १९९७) पोस्टर कला प्रतियोगिता सम्मान (नाफा, २०५६) शैक्षिक कार्यका लागि दोसल्ला सम्मान (राजदरबार, इ. १९८९) आदि । **पहिलो रचना** : नेपाली साक्षरताका पुस्तकहरू (इ.सं. १९६१) । **कृति/सृजना** : सी.एल.ई. (CLE) साक्षरताका पुस्तकहरूमा चित्र । **पुरस्कार/सम्मान** : असल र समझदार स्काउट पदक (हङकङ), शिक्षा सेवा पदक

(इ.सं. १९८९) “शिक्षा सबैको लागि” पोस्टर डिजाइनमा युनिसेफद्वारा पुरस्कृत । **हालको ठेगाना** : मानभवन बसस्टप, जावलाखेल, ललितपुर (abel@ccsl.com.np) । **फोन** : ५५३३०६२ ।

जीवेशकुमार राई

(गायक/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ असोज १५, रमिते खोला, मोरङ । **माता/पिता** : बुद्धिमाया राई, शेरबहादुर राई । **शिक्षा** : एस.एल.सी., डिप्लोमा (सङ्गीत) । **सेवा** : सङ्गीत । **पहिलो रचना** : सारङ्गी रुँदै पारी गावैंमा (लोकगीत, सङ्कलन एवं गायन, रेडियो नेपाल, २०५०) । **कृति/सृजना** : लेकैमा चर्ने चौंरी (गीतिएल्बम), चिसाङ बगर (गीतिएल्बम, २०६०) । **हालको ठेगाना** : जोरपाटी-४ काठमाडौं । **फोन** : ९८४१२७५३५८ ।

जीवन आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ चैत्र २०, यासोक, पाँचथर । निधन : २०४६ वैशाख २३ गते, काठमाडौं । **माता/पिता** : जयकला, कमल जङ्गली आचार्य । **शिक्षा** : बी.एफ.ए. । **सेवा** : निजी व्यवसाय, चित्रकला, पत्रकारिता, साहित्य । **पहिलो रचना** : २०३२ सालमा कविता प्रकाशित । **कृति/सृजना** : अन्तहीन सुरुआत (कवितासङ्ग्रह, २०४१), जीवनका धुनहरू (कवितासङ्ग्रह, २०४७) । **पुरस्कार/सम्मान** : व्यथित काव्य पुरस्कार (२०४०), डोली पुरस्कार ।

जीवनचन्द्र कोइराला

(सम्पादक/अन्वेषक)

जन्म/स्थान : वि.सं. २०१७ असार १६, धोक्सिला, सिन्धुली । **माता/पिता** : कमलादेवी कोइराला, कुलचन्द्र कोइराला । **शिक्षा** : स्नातक, योग र प्राकृतिक चिकित्सामा डिप्लोमा । **सेवा** : राजनीति, सम्पादन । **पहिलो रचना** : कविता (मातृभूमि साप्ताहिक, २०४०) । **कृति/सृजना** : नेपालका राष्ट्रिय व्यक्ति र व्यक्तित्व, तुलसी मेहरको जीवनी, सफाइ अड्डादेखि काठमाडौं महानगरसम्म आदि । **सम्पादन/अनुवाद** : बी.पी.का कविता सम्झना कविका (२०४९), शहीद दिवानसिंह राई स्मृतिपुष्प (२०५२), स. नेता गणेशमान सिंहका लेख तथा संस्मरण (२०५२), बी.पी.वाद (२०५३), बी.पी.का छरिएका सामग्री (२०५३), बी.पी.को समालोचना र विचारमा (२०५३), जनरल सुवर्णशमशेर स्मृतिग्रन्थ (२०५३), शहीद शुक्रराज शास्त्रीका चार रचना (२०५४), कृष्णप्रसाद भट्टराईका रचना (२०५५), सुन्दरराज चालिसे स्मृतिग्रन्थ (संयुक्त, २०५६), मातृकाप्रसाद कोइरालाका कविता (२०५७), पुष्करशमशेर राणा स्मृतिग्रन्थ (२०५८), तुलसीमेहेर श्रेष्ठ स्मृतिग्रन्थ (२०६२), रमेशचन्द्र आचार्य स्मृतिग्रन्थ (२०३), सुशीलादेवी चालिसे स्मृतिग्रन्थ, सूर्यप्रसादका लेखकहरूको सङ्ग्रह, भोग्यप्रसाद शाह अभिनन्दन ग्रन्थ लगायत थुप्रै कृति तथा स्मृतिग्रन्थहरूको सम्पादन । पानस (साप्ताहिक), ध्येय चिन्तन (मुखपत्र), सेवा नेपाल (मुखपत्र), सम्प्रेषण (मुखपत्र), आदिको सम्पादन । **पुरस्कार/ सम्मान** : प्रतिभा सम्मान (२०५८), भूतपूर्व सैनिक प्रतिष्ठान (२०५६), कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी (२०६०) आदि सङ्घ-संस्थाद्वारा सम्मान । **हालको ठेगाना** : बानेश्वर, काठमाडौं /चन्द्रनिगाहपुर -६, रौतहट (toprack_ray@hotmail.com) । **फोन** : ४४९४६६७ ।

जीवनमुक्ति (कवीरराज तण्डुकार)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२४ भदौ २९, बानेश्वर, काठमाडौं । **माता/पिता** : देवकुमारी, महलाल तण्डुकार । **शिक्षा** : एसएलसी । **सेवा** : सहकारी, साहित्य, पत्रकारिता । **पहिलो रचना** : भय, त्रास र वातावरण विरुद्ध (कविता, प्रतिभा मासिक, २०४८) । **कृति/सृजना** : एक सय एक मान्छेहरू (कवितासङ्ग्रह, २०५६) । **पुरस्कार/सम्मान** : हाम्रो नेपाल सामाजिक संस्थाद्वारा अभिनन्दन (२०६६) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौं । **फोन** : ४११६०८६, ९८४१४२२५४६ ।

जीवनलाल सत्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ असोज २७, लाजिम्पाट, काठमाडौँ । **माता/पिता** : देवकुमारी, विहारीलाल सत्याल । **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा** : प्रशासन सेवा, संसद् सेवा । **पहिलो रचना** : लोल (कविता, उदय पत्रिका, बनारस, १९९५ असार) । **कृति/सृजना** : नानीका गीतहरू (कवितासङ्ग्रह, २०२८), चिचिला (कवितासङ्ग्रह, २०२९), संसद्भित्र (२०४८), ओठका रेखीहरू (२०६०) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा । **हालको ठेगाना** : लैनचौर, काठमाडौँ । **फोन** : ४४१०६१९ ।

जीवन शर्मा

(गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ चैत्र २५, पाही (राङ्खानी), बागलुङ । **माता/पिता** : द्रौपदादेवी, चन्द्रदत्त उपाध्याय । **शिक्षा** : एम.ए. (एन्थ्रोपोलोजी) । **सेवा** : गायन । **पहिलो रचना** : बहिनीलाई चिठी (कविता, हलकारा पत्रिका, २०३९) । **कृति/सृजना** : रक्तिमका गीतहरू (भाग १-३, २०४६-२०४७), झरनाको चिसो पानी (२०४८), हुकुमी शासन (२०४९), फूल फुल्नेछ (२०५०), रक्तिम पाइला (२०५१), न्यायको युद्ध (२०५२), लालसलाम (२०५३), कमल तारा (२०५४), रक्तक्रान्ति (२०५५), ज्वालामुखी (२०५६), प्याउली पलायो (२०५६), रक्तिम बाललहरी (२०५७), फूलबारी (२०५८), कालीगण्डकी (२०५८), पाल्पा रानीवन (२०५९), पसिनाको थोपा (२०६२) लगायत ३३ वटा गीतिएल्बमहरू एवं केही सी.डी.हरू) । ठूली (गीतिनाटक, पुस्तक २०५०), नालापानीदेखि कालापानीसम्म (नाटक, पुस्तक, २०५४), पूजा (गीतिनाटक, पुस्तक, २०५६), जवाफ (नाटक, पुस्तक, २०६०) । **पुरस्कार/सम्मान** : गोकुल जोशी पुरस्कार (२०५९) । **हालको ठेगाना** : घट्टेकुलो, काठमाडौँ । **फोन** : ४७७०९५२, ९८४१२९८५४२ ।

जीवनाथ धमला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ कात्तिक २०, बेतिनी, ओखलढुङ्गा । **माता/पिता** : गोमादेवी धमला, तुलसीराम धमला । **शिक्षा** : एम.ए. (मानवशास्त्र) । **सेवा** : सञ्चार (नेपाल टेलिभिजन) । **पहिलो रचना** : अनुभूति (कविता, राष्ट्रपुकार साप्ताहिक, २०३५) । **कृति/सृजना** : मान्छेको अस्मिता (कवितासङ्ग्रह, २०४९), ऊर्ध्वमुखी महायात्रा (कवितासङ्ग्रह, २०५५), व्यक्ति-व्यक्तित्व (जीवनीसङ्ग्रह, २०५९), नेपालको प्रजातान्त्रिक आन्दोलनका दुई शिखरपुरुष (जीवनी, २०६०), बर्लिनतिरका झझल्काहरू (नियात्रा, २०६३), गिरिजाप्रसाद कोइराला : सङ्कल्प र नेतृत्व (जीवनी व्यक्तित्व, २०६६), कृष्णप्रसाद भट्टराई (जीवनी, व्यक्तित्व, २०६७), अक्षरको विस्कुन (निबन्ध, २०६९), साहित्य, कला, सङ्गीत क्षेत्रका विशिष्ट साधकहरूका जीवनीमूलक वृत्तचित्रहरूको निर्माण, आलेख-लेखन एवं निर्देशन (१०० भन्दा बढी) । **सम्पादन/अनुवाद** : ओखलढुङ्गा (त्रैमासिक, २०४७), रजहाँस (साहित्यिक, २०४८), अभिनन्दन देवकोटा शतवार्षिकी विशेष (२०६६), टेलिभिजन स्मारिका (२०६६) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव- रजत पदक (२०४५), षडानन्द प्रतिभा पुरस्कार (२०५०), युवा वर्ष मोती पुरस्कार (२०५५), उत्कृष्ट कार्यक्रम पुरस्कार (नेपाल टेलिभिजन, २०५३) । **हालको ठेगाना** : सिनामङ्गल, पेप्सीकोला, काठमाडौँ । **फोन** :४९९००४४, ९८४१४११०५५ ।

जीवरत्न शाक्य (जुजुरत्न)

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. १९७८, माघ कृष्ण चौथी, लगनटोल, काठमाडौँ । **माता/पिता** : ज्ञानशोभा शाक्य, रत्नमान शाक्य । **शिक्षा** : कलाप्रवीण । **सेवा** : कलाक्षेत्र, प्राध्यापन । **पहिलो रचना** : भक्तपुरको पचपन्ने दरबार (चित्र, पानीरङ्ग, २००२) । **कृति/सृजना** : भगवान् शाक्यमुनि गौतम बुद्धको जीवनीसित सम्बन्धित क्रमबद्ध चित्रहरू ३६ थानको उल्लेखनीय कलाकृति (जापानका विभिन्न सहरहरूमा प्रदर्शन भइसकेको), श्री सुरेन्द्र शम्शेर ज.ब.रा. को बैठक केठामा ग्लास पेन्टिङ र खोजीमा हुरी बतासको सिमसिमे वर्षामा प्रफुल्लित युवतीको चित्र । पानी रङ्गका विभिन्न चित्रहरू, माटाका मूर्ति तथा ढलौटका मूर्तिहरू, तेलरङ्गका चित्र

केही निर्माण। **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०२३), शुभराज्याभिषेक पदक (२०१३), दि शाक्य फाउन्डेसन (२०६०), ललितकला संस्था (२०६१), ललितकला समीक्षक समाज (२०५७), नेपाल वाटर कलर सोसाइटी आदि सङ्घ-संस्थाहरूबाट सम्मान। **हालको ठेगाना** : पो.ब.नं. २२९५, लाजिम्पाट, काठमाडौँ। **फोन** : ४२६५९५४।

जीवराज घिमिरे

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ साउन २५, बिजुले, खोटाङ। **माता/पिता** : तीर्थकुमारी घिमिरे, हरिप्रसाद घिमिरे। **शिक्षा** : एम.ए., बी.एल.। **सेवा** : सरकारी सेवा। **पहिलो रचना** : मुक्तक (मधुपर्क, २०३८)। **कृति/सृजना** : आजको आकाश (संयुक्त कवितसङ्ग्रह, २०४२), आजको आकाश (कवितासङ्ग्रह, २०६३)। **सम्पादन/अनुवाद** : अनुराग (पत्रिका, बारा, २०४७) **पुरस्कार/सम्मान** : राष्ट्रिय कवितागोष्ठीमा द्वितीय पुरस्कार (२०४३), सार्क पदक, सेवा पदक आदि। **हालको ठेगाना** : कोटेश्वर, काठमाडौँ /बुइपा, खोटाङ। **फोन** : ४६००४२३।

जीवराज पोखरेल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० मङ्सिर २४, खार्पा, खोटाङ। **माता/पिता** : कमलकुमारी, खगराज पोखरेल। **शिक्षा** : विद्यावारिधि (वास्तुकला)। **सेवा** : प्राध्यापन (डीन, त्रि.वि.)। **पहिलो रचना** : आवास-प्रवास (कविता, प्रविधि विकास पत्रिका, २०३३)। **कृति/सृजना** : पाटनको कृष्ण मन्दिर (गीतिकाव्य, २०५८), शिक्षक-शिष्य संवाद (महाकाव्य, २०५८)। **सम्पादन/अनुवाद** : युद्ध चरित्र (अनूदित महाकाव्य, २०५९)।

जीवलाल बस्याल

(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१९ साउन २९ यम्घा-८, पाल्पा। **माता/पिता** : सुमित्रा बस्याल, नन्दलाल बस्याल। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : मातृभूमिमा जन्मेका केही कथाहरू (लेख, 'सत्य' पत्रिका, २०४१)। **कृति/ सृजना** : आधारभूत नेपाली शिक्षण (२०५७), पश्चिमाञ्चलका नेपाली लोकगीतको अध्ययन र विश्लेषण (२०५८), मिलिनियम नेपाली व्याकरण (शृङ्खला-४, ५, ६, ७ - २०६१)। **सम्पादन/अनुवाद** : आलोक (मुखपत्र, त्रिभुवन ब. क्याम्पस, पाल्पा), Dawn, The Bud, साहित्यिक अभियान। **हालको ठेगाना** : मदनपोखरा -६, पाल्पा। **फोन** : ५५५३६३३, ९८४१५१७७४७।

जीवेन्द्रदेव गिरी (प्रदेशी, जीदेगि)

(भाषाशास्त्री, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००९ असार ८, सिम्ता-काप्रीचौर, सुर्खेत। **माता/पिता** : भागीरथी गिरी, नारायण गिरी। **शिक्षा** : स्नातकोत्तर (नेपाली), विद्यावारिधि (नेपाली भाषा)। **सेवा** : अध्यापन, प्राध्यापन, भाषा-साहित्य, ने.रा.प्र.प्र. (सदस्य, प्राज्ञ-परिषद्, २०६१)। **पहिलो रचना** : मुटुले ढ्याङ्ग्रो ठोक्दै छ (कथा, २०३३)। **कृति/सृजना** : नेपाली साहित्य शृङ्खला (भाग १-२, सहलेखन, २०५२), भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण (२०५३), लोकसाहित्यको अवलोकन (२०५७), हाम्रा लोकगाथा (२०५७), नेपाली बालपत्रिकाको बालसाहित्यमा योगदान (२०६१), भाषा विज्ञान, भाषा र भाषिका (२०६३), साहित्यकार जनक प्रसाद हुमागाई (२०६७), नेपाली लोक साहित्यमा जनजीवन (२०६७), सबैको नेपाली (पाठ्यपुस्तक, सहलेखन, २०६७), नेपाली लोक साहित्यको रूपरेखा (२०६८, सहलेखन), भाषा र नेपाली भाषा (२०६९), अभिव्यक्ति र सिर्जना व्यक्तित्व र समालोचना (२०६९), रचनामा विवेचना (२०६९), नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम (२०६९)। **सम्पादन/अनुवाद** : सुर्खेती कल्याण समाजको स्मारिका (२०४६), कविता-कोसेली (२०४७), बालसाहित्य (२०४८), साहित्य सौगात (२०५१), साहित्यसुमन (२०५२), रातो थुँगा (२०५२), प्रलेस (२०५२), साहित्य कोसेली (२०५३), दीपशिखा (२०५५), झिसमिसे (२०५७), युगदूत (२०५८), प्रज्ञा (२०६१), प्रज्ञा-गतिविधि (२०६१), सयपत्री (२०६१), फक्रँदो कोपिला (२०६१), वाङ्मय (२०६४), स्मृतिमा कमल (२०६४), संस्कृति (२०६६), जनकप्रसाद हुमागाई : स्रष्टा एक द्रष्टा अनेक (२०६७), जुही : मोदनाथ प्रश्रित विशेषाङ्क, (२०६८), शब्दसंयोजन : मोदनाथ प्रश्रित विशेषाङ्क (२०६९)। **पुरस्कार/सम्मान** : शिक्षा दिवस पुरस्कार (२०४२), सुर्खेती प्रतिभा पुरस्कार

(२०५३), दीपा जनमत प्रतिभा सम्मान पुरस्कार (२०५७), त्रि.वि. दीर्घसेवा पदक (२०५९), नेपाल विद्याभूषण 'क' (२०६७), सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति (२०६८), दोभान प्रतिभा सम्मान (२०६८), श्यामप्रसाद ज्ञानगुन साहित्य सम्मान (२०६९), नयराज पन्त शोध सम्मान (२०६९) । नेपालगन्जमा भेरी अञ्चलका पत्रकार र कलाकारहरूसँगै एक साहित्यकारका रूपमा अभिनन्दित (२०५८) । **हालको ठेगाना** : २००/२६ कुमुद देवकोटा मार्ग, नयाँ बानेश्वर, काठमाडौँ (jivendra22@yahoo.com) । **फोन** : ४१०७७४१, ९८४१७९९०६७ ।

जी.बी. लुगुन (गणेशबहादुर राई)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ माघ १६, भोजपुर । **माता/पिता** : हिराश्वरी राई, रहरवीर राई । **शिक्षा** : साधारण । **सेवा** : बृटिस सेना, संस्कृति । **कृति/सृजना** : साकेला उधौली (राई जातिको संस्कृति, २०३२), म मेरै कवितामा रोएको छु (कवितासङ्ग्रह, २०३४), किरात अस्तित्व (२०३६), साहित्य सौरभ (कवितासङ्ग्रह, २०४२), हिन्दू धर्मको विश्लेषणात्मक टिप्पणी (२०४६), बुद्धको महानता (समालोचना, २०५०), साहित्य सागर (विश्लेषणात्मक मूल्याङ्कन, २०५२), आफ्नै कथाव्यथा (२०५६) । **सम्पादन/अनुवाद** : रसिक स्मारिका (२०६०) । **पुरस्कार/सम्मान** : प्रतिभा सम्मान (बेलायत, २०६७) ।

जी. शाह (ज्ञानेन्द्रवीरविक्रम शाह)

(गीतकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ असार २३, नारायणहिटी राजदरबार, काठमाडौँ । **माता/पिता** : इन्द्रराज्यलक्ष्मीदेवी शाह, महेन्द्रवीरविक्रम शाह । **शिक्षा** : सिनियर क्याम्ब्रिज (२०२३) स्नातक (२०२६) । **सेवा** : नेपाल अधिराज्यका महाराजाधिराजको रूपमा गद्दी आरोहण (२०५८ जेठ २२), शाही नेपाली सेनाका परमाधिपति अतिरथी परमसेनाधिपति (२०५८-२०६३), त्रि.वि./म.सं.वि. कुलपति (२०५८-२०६३), महेन्द्र प्रकृति संरक्षण कोष (२०३८-२०५८) तथा लुम्बिनी विकास कोष, ने.रा.वि.प्र.प्र. का संरक्षक (२०४२-२०४७) । **पहिलो रचना** : हे युवा तिमी हौँ देशको शक्ति ... बोलको गीतरचना रेकर्ड (२०३१) । **कृति/सृजना** : जी. शाहका गीतको पर्यावलोकन (गीत-गजल, २०४२, भीम खरेलको सम्पादनमा), जी. शाह : व्यक्तित्व र सिर्जना (गीत-गजल, २०५६, भीम खरेलको सम्पादनमा) साथै दर्जनौँ गीतरचना सङ्गीतबद्ध भई रेकर्ड भएका । **पुरस्कार/सम्मान** : नेपाल अधिराज्यका सबै मान-पदवीका परमाधिपति । (शाहवंशका अन्तिम राजा) । **हालको ठेगाना** : निर्मल निवास, काठमाडौँ ।

जुक्तिप्रसाद पुन

(लेखक, मगर भाषा)

जन्म/स्थान : वि.सं. २०१२ फागुन १, काक्री -३, नरिबाङ, रुकुम । **माता/पिता** : दिलमाया पुन, श्रीबहादुर पुन । **शिक्षा** : बी.कम. । **सेवा** : निजामती सेवा । **कृति/सृजना** : खाम मगर पाङ्लु तुनुजा रोः र दुप्सिने पो (मगरभाषाको शब्दकोश, २०६२) । **हालको ठेगाना** : घोराही, दाङ । **फोन** : ०८२-५६११६२ ।

जुँगे भट्टराई (उद्धवराज भट्टराई)

(कलाकार)

जन्म/स्थान : वि.सं. २०१३ माघ १, लदौली, बैतडी । **माता/पिता** : सरस्वतीदेवी भट्टराई, रामदत्त भट्टराई । **शिक्षा** : ५ कक्षा । **सेवा** : भेषभूषा, कलाकारिता (चलचित्र), गायन । **पहिलो रचना** : चालीसको दशकदेखि चलचित्र क्षेत्रमा कार्यरत । **कृति/सृजना** : चैतुवा काफल (दोहोरी गीतिएल्बम, गायन/सङ्कलन, म्युजिक नेपाल, २०५४), हितको कली (लोक सङ्कलन, २०५६)) । प्रेमपिण्ड, जयबाबा पशुपतिनाथ, राजमती, विजय पराजय, भानुभक्त, मुनामदन, मुक्तिदाता आदि सयभन्दा बढी चलचित्रहरूमा भेषभूषा तथा अभिनय । ने.रा.प्र.प्र. मा मञ्चन भएको विभिन्न नाटकहरूमा अभिनय । **पुरस्कार/ सम्मान** : कलिउड सिनेमा अवार्ड (२०५४), अभियान काठमाडौँद्वारा अवार्ड (२०५६), कलिउड सिनेमा अवार्ड (पाँचौं, २०५७) । शङ्कर फिल्मस् (२०४८), सयपत्री फिल्मस् (२०५३), नेपाल चलचित्र कलाकार सङ्घ (२०५५), राष्ट्रिय लोक सङ्गीत, नृत्य महोत्सव (ने.रा.प्र.प्र.,

२०५७), बैतडी समाज (२०५८), जहदा गा.वि.स., नवलपरासी (२०५८), अमरगढी (२०५८) आदि विभिन्न सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन तथा सम्मान प्राप्त । **हालको ठेगाना** : नरदेवी, काठमाडौँ । **फोन** : ०१-४२६५४१३ ।

जुजुराम कुशले

(निबन्धकार, नेपाली भाषा)

जन्मस्थान : मैतीदेवी, काठमाडौँ । **शिक्षा** : उच्चशिक्षा । **सेवा** : अध्यापन । **कृति/सृजना** : बाल निबन्धसङ्ग्रह (२०१३), सुनौला कथा (२०१६), कुशले आङ्गलो नेपाली डिक्सनरी (२०२०)नवीन निबन्धसङ्ग्रह (२०२३) ।

जे.एन. पाण्डेय हिमाली (डा. जनपाली)

(चिकित्सासाहित्यकार)

जन्म/स्थान : वि.सं. २०१३ भदौ २४, सिम्पानी-१, लम्जुङ । **माता/पिता** : हरिमाया पाण्डेय, धर्मदत्त पाण्डेय । **शिक्षा** : एम.डी., एम.ए. (जनप्रशासन), विद्यावारिधि, महाविद्यावारिधि । **सेवा** : चिकित्सा, प्राध्यापन (चिकित्सा), पत्रकारिता, विज्ञान, कानुनी, अनुसन्धान । **पहिलो रचना** : प्रेमीलाई प्रेमको चिठी (कविता, गोरखापत्र, २०३१) । **कृति/सृजना** : सन्देश सौगात (दर्शनसङ्ग्रह, २०५५), नेपालमा बाथ रोग : एक सङ्क्षिप्त परिचय (२०५६), खाना उपचार विज्ञान (२०५७), मालिस उपचार विधि (२०५८), नेपाल-रूसबीचको मैत्री सम्बन्धका आधारहरू (२०५९), मञ्जरी (कवितासङ्ग्रह, २०६०), कुञ्जरी (कवितासङ्ग्रह, २०६१), पुञ्जरी (कवितासङ्ग्रह, २०६२), विश्व हावापानी परिवर्तनमा विश्व समाज (२०६८) । **सम्पादन/ अनुवाद** : रङ्गमञ्च (मासिक), अनुपम (मासिक), नेपाल जनमत (मासिक), रसियन बाल कथा (अनु.) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण प्रथम, विजयरत्न अवार्ड (भारत), विजयरत्न सम्मान (२०६०) । **हालको ठेगाना** : पो.ब.नं. ६८३५, टुसाल, महाराजगञ्ज, काठमाडौँ (romali.nep@gmail.com) । **फोन** : ४३६०४३४, ९८४१५५८९००

जेजप्रसाद उपाध्याय

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ वैशाख ८, दैलेख । **माता/पिता** : चन्द्रलीलादेवी, गङ्गाप्रसाद उपाध्याय । **शिक्षा** : एम.एस. (अमेरिका) । **सेवा** : निजामती सेवा (सचिव) । **पहिलो रचना** : आखिर चिट्ठा पर्‍यो नै (हास्यव्यङ्ग्य निबन्ध, गोरखापत्र, २०३१) । **कृति/सृजना** : अतीततिर फर्किएर हेर्दा (संस्मरण, २०५०), अक्कासिँदै गयो आकाश (२०५१) । **सम्पादन/अनुवाद** : सगरमाथा (पत्रिका, २०६०) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु तेस्रो (२०३४) र त्रिशक्तिपट्ट तेस्रो (२०३७) । **हालको ठेगाना** : जोरपाटी-२, काठमाडौँ । **फोन** : ४४७११०० ।

जेबी खत्री

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ । विजया दशमी, मौवा, पाँचथर । **माता/पिता** : विष्णुमाया खत्री, टेकबहादुर खत्री । **शिक्षा** : एम.ए. (नेपाली) । **पहिलो रचना** : प्रेम गर्ने भनाउँदाहरू (कविता, २०४४) । **कृति/सृजना** : चितामाथिको लास (उपन्यास, २०५१) । **हालको ठेगाना** : मौवा-७, पाँचथर ।

जे.बी. टुहुरे (जुठबहादुर खड्गी)

(गायक)

जन्म/स्थान : वि.सं. २००१ कात्तिक १५, पुरानो बजार, धरान, सुनसरी । **माता/पिता** : दानदेवी खड्गी, कृष्णबहादुर खड्गी । **शिक्षा** : प्रवेशिका । **सेवा** : गायन, ने.रा.प्र.प्र.(प्रज्ञा-सभासद्) । **पहिलो रचना** : अनपढ प्रयास (गीति-पुस्तक, २०२४) । **कृति/ सृजना** : अनपढ प्रयास (गीतिसङ्ग्रह, २०२४), जनगीति माला (२०५०) । *गीतिएल्बमहरू :* आमा दिदी बैनी हो (२०४७), शहीदका लासहरू आलै छन् (२०४९), शान्ति-सन्देश (२०४९), सुखानीको रगत (२०५०), जनताको छोरो (२०५१), चेतना गीतको मुहान (२०५६), ढालेर सालिक ढल्दैन (२०५६), निरन्तरता (२०६०) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०५१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५१), साहित्य सन्ध्या सम्मान (२०४७), नेपाल सम्मान (२०५७), राष्ट्रिय नागरिक स्वर्ण साँझ सम्मान (२०६१) आदि थुप्रै सम्मानहरू । **हालको ठेगाना** : विराटनगर उमनपा -१६, मोरङ । **फोन** : ४२७७७५२ /४४७७२०१ ।

जैनेन्द्र जीवन (जैनेन्द्र शर्मा लामिछाने)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ असार २५ गते, बानेश्वर, काठमाडौं । **माता/पिता** : शारदा शर्मा, शैलराज शर्मा लामिछाने । **शिक्षा** : एम.ए. । **सेवा** : बैङ्किङ, निजामती, साहित्य । **पहिलो रचना** : श्रीमतीलाई प्रेमपत्र (कविता, सगरमाथा पाक्षिक, २०२३) । **कृति/सृजना** : धर्साहरू जो कोरिए धर्साहरू जो कोरिएनन् (कथासङ्ग्रह, २०३४), सपनाहरूको पालोपहरा (कथा, कविता, निबन्धहरूको सङ्ग्रह, २०३८), अवतार विघटन (उपन्यास, २०४५ संयुक्त लेखन) । **सम्पादन/अनुवाद** : राजस्व (पत्रिका, २०४०) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक, गोरखा दक्षिणबाहु चौथो (२०५३) । **हालको ठेगाना** : हात्तीवन, हरिसिद्धि-१, ललितपुर । **फोन** :५२५०८६०, ९८५१०९५१३८ ।

जोगमान शाक्य

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. १९४४, पुस, सिकुचाबहाल । **निधन** : २०२३ । **पिता** : हर्षवन्त शाक्य । **शिक्षा** : अमरकोष, संस्कृत । **सेवा** : मूर्तिकला, चित्रकला, अध्यापन (शिल्प) । **कृति/सृजना** : महाबुद्धको पुनः निर्माण (पाटन, १९९० महाभूकम्पपछि), १३ × ४ फिटको रक्षा पौभाः चित्र (महा विद्याधरिदेवी आगम), २×३ फिटको समन्त भद्र पौभाः चित्र, ६×४ फिटको शाक्यमुनि बुद्धको मार विजयी पौभाः चित्र रुद्रवर्ण महाविहारको भित्तामा बुद्धका चित्रहरू, राष्ट्रिय सङ्ग्रहालय छाउनीमा र बेलायतको म्युजियममा ४ फिटको धातुको महाबुद्ध मन्दिर, बेतबाट बनाइएको मच्छिन्द्र नाथको रथहरू, रेशमी धागाबाट कारचौपी गरिएका पौभाः चित्रहरू । **हालको ठेगाना** : सिकुचाबहाल, थैना, ललितपुर । **फोन** : ५५३६०७६ ।

जोगमान शाक्य

(मूर्ति, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९५७, नागबहाल, ललितपुर । **निधन** : वि.सं. २०३४ । **पिता** : ज्योतिमान शाक्य । **शिक्षा** : स्वाध्याय, स्वाभ्यास । **सेवा** : मूर्तिकला । **पहिलो रचना** : बुद्धमूर्ति । **कृति/सृजना** : राष्ट्रिय कला प्रदर्शनी (ई १९६७, १९७४), एकल कला प्रदर्शनी (लखनउ, भारत), राजदरवार (नेपाल), बरोडा र लखनऊका कला कलेजहरूमा कला सङ्गृहीत । **सम्पादन/ अनुवाद** : तेस्रो पुरस्कार (आठौँ राष्ट्रिय कला प्रदर्शनी, इ.सं. १९७२) । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (१९६९), नाफा फेलोसिप (१९६९), तेस्रो पुरस्कार (१९७२) । भारतका विभिन्न सहरका कला प्रदर्शनीमा मूर्तिकला प्रदर्शनीमा उच्चस्तर सम्मान । **सम्पर्क फोन** : ५५२४२७१ ।

जोगवीरसिंह उदास

(माध्यमिक कालीन कवि)



जन्म/स्थान : वि.सं.१९४२ वैशाख शुक्ल पक्ष प्रतिपदा, केलटोल, काठमाडौं । **निधन** : १९९८ चैत्र १६ । **माता/पिता** : लक्ष्मीनानी तुलाधर, चैत्यवीरसिंह कंसाकार । **शिक्षा** : स्वाध्याय । **सेवा** : साहित्य, व्यापार, जोगमण्डलीका सञ्चालक । **कृति/सृजना** : योगसुधा (कवितासङ्ग्रह, नेपालभाषा, २००८), सुन्दरीकालिक ऋतुवर्णन तथा समस्यापूर्ति (सं. पुष्कर लोहनी, २०४७) मा कविता सङ्कलित ।

ज्योति अधिकारी

(बालकथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ वैशाख २९, गैह्रीधारा, काठमाडौं । **माता/पिता** : पद्मादेवी सत्याल, खुरेन्द्रराज सत्याल । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : काम (कविता, अनुगमन द्वैमासिक, २०५७) । **कृति/सृजना** : बालकथा : आमाको माया (२०५९), काम गर्ने कालु मकै खाने भालु (२०५९), सेवा नै धर्म हो (२०५९), पखेटे काँडो (२०६१), बुद्धिमान झिँगा (२०६१), फुच्चे (२०६१), मानवीय मूल्य शिक्षा- रिदम इन थिम (अङ्ग्रेजी, २०५९),

शिक्षामा मानवीय मूल्य (२०५९)। **हालको ठेगाना** : शास्त्रीमार्ग, मैतिदेवी, काठमाडौँ। **फोन** : ४४१७३३६।

ज्योतिकृष्ण लामा

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०२४ जेठ ३, श्यामपाटी, काभ्रे। **माता/पिता** : सुर्जेमति लामा, वीरबहादुर लामा। **शिक्षा** : एस.एल.सी.। **सेवा** : परम्परागत थाङ्का चित्रकला। **पहिलो रचना** : विगत २५ वर्षदेखि। **कृति/सृजना** : एकल थाङ्का चित्रकला प्रदर्शनी (स्वीट्जरल्याण्ड, इ.सं. १९८६, जर्मनी, इ.सं. १९९०, अमेरिका, इ.सं. १९९७)। **हालको ठेगाना** : जोरपाटी -३, काठमाडौँ (jytlama@yahoo.com)। **फोन** : ४४७१३६१।

ज्वाला (स्थापित) तुलाधर

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०११ माघ ३, ज्याठाटोल, काठमाडौँ। **माता/पिता** : दानमाया स्थापित, नारायण स्थापित। **शिक्षा** : स्नातकोत्तर (अर्थशास्त्र, नेवारी)। **सेवा** : प्राध्यापन (त्रि.वि.)। **पहिलो रचना** : नेपाल लिपिया विकास (इनाप पत्रिका, २०३९)। **कृति/सृजना** : भुजिमोल लिपि : छगु अध्ययन (नेपाल भाषा, अनुसन्धानकृति, २०६१), ल्वहँपौ अभिलेखया भाषा व लिपि (पाठ्यपुस्तक, २०५९) **सम्पादन/अनुवाद** : हितोपदेश (२०५६), बेताल पञ्चविंशति (नेवारभाषामा अनु., २०५७)। **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०५४)। **हालको ठेगाना** : ४१/४३ ख बैङ्कमार्ग, बागबजार, काठमाडौँ। **फोन** : ४२२१२१४।

झपटबहादुर राणा

(साहित्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९५३ कात्तिक ५, धोबीचौर, काठमाडौँ। निधन : २०३० पुस १४, सिरहा। **माता/पिता** : योगकुमारी राणा, भैरवबहादुर राणा। **शिक्षा** : स्वाध्याय। **सेवा** : साहित्य, बडाहाकिम, सैनिक सेवा। **पहिलो रचना** : हरदम याद राख्नुपर्ने कुरा (निबन्ध, गोरखापत्र, १९७६)। **कृति/सृजना** : साहित्यकार झपटबहादुर राणा (विविध सङ्कलन, २०३७), सौन्दर्य (कथासङ्ग्रह, २०३९), झपट निबन्धावली (निबन्धसङ्ग्रह, २०३९), लुकेका कवि र कविता (अभिनन्दन, २०३९), स्मृतिका केही पृष्ठहरू (२०४१), झपटका दस कथाहरू (कथासङ्ग्रह, २०४३), सम्झनाका छालहरू (२०४५), गहन चिन्तन (निबन्ध, २०४६), भञ्ज्याङका सुसेली (कविता, २०४६), झपट स्मृति-ग्रन्थ (२०४९)। **पुरस्कार/सम्मान** : नेपाल तारा (मानपदवी, २००२), दीर्घसेवा पट्ट, बर्मा वार मेडल र ग्रेट वार मेडल (इ.सं. १९१४-१८)। भारतीय सेनाको मान (तक्मा)।

झपेन्द्रराज पन्त क्षेत्री 'सरल'

(कवि लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ चैत्र २०, गहते, बागलुङ। **माता/पिता** : कृष्णकुमारी पन्त, बाबुराज पन्त क्षेत्री। **शिक्षा** : आई.ए. सम्म। **सेवा** : अध्यापन। **पहिलो रचना** : श्रीमती चाहियो (उपन्यास, २०४३)। **कृति/सृजना** : प्रेमको निसानी (२०४३), सानो भँगेरी (२०५४), सोल्टिनी (२०५४), देवी (२०५४), मेरो अनु (२०५४), हाम्रो ज्योति नगर (२०५५), मुसुक्क हाँसिदेऊ (२०५५), चुहुने ताउली (२०५६), श्रीदेवी (२०५९), जोख्न मिल्ने भए माया (२०५९), भेल (२०६०), म पनि नाच्छु दिदी (२०६०), कर्कलाको पातको पानी (२०६०), नछो मलाई अहिले (२०६०), रगत सबैको रातो (२०६०), सरल सागर (२०६१), मुटुको वेदना (२०६१), मायाको सागर (२०६२), पीर नभएको संसार (बालगीतसङ्ग्रह, २०६२)। **हालको ठेगाना** : बुटवल -६, आदर्शनगर, रूपन्देही। **फोन** : ०७१-५४६३३८।

झपेन्द्रराज वैद्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र ३१, विजुवार-७, टारी, प्युठान। **माता/पिता** : बागेश्वरी वैद्य, गजाधर शर्मा। **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र)। **सेवा** : साहित्य। **पहिलो रचना** : सिर्जना (कविता, नयाँ मोर्चा साप्ताहिक, २०४७)।



कृति/सृजना : मेरो पुरानो घर (खण्डकाव्य, २०६०), पाँच हजारको सारी (कथासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : सुमन, लिस्ने (त्रैमासिक) । **पुरस्कार/सम्मान** : कविता र निबन्ध प्रतियोगितामा पुरस्कार । **हालको ठेगाना** : पो.ब.नं. १०४४६ वनस्थली, काठमाडौँ । **फोन** : ४३५१५८६ ।

झमक घिमिरे

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ असार २१, धनकुटा-३, कचिडे, धनकुटा । **माता/पिता** : आशादेवी, कृष्णबहादुर घिमिरे । **सेवा** : साहित्य । **पहिलो रचना** : सङ्कल्प (कविता, २०५५) । **कृति/सृजना** : आफ्नै चिता : अग्निशिखातिर (२०५७), मान्छेभित्रका योद्धाहरू (२०५७), अवसानपछिको आगमन (विविध, २०५७), सम्झनाका बाछिटाहरू (लेख निबन्ध, २०५७), नौलो प्रतिबिम्ब (२०६०), पर्दा समय र मान्छे (कथासङ्ग्रह, २०६२), बेमौसमका आस्था (निबन्धसङ्ग्रह, २०६३), झमक घिमिरेका कविताहरू (२०६५), जीवन काँडा कि फूल (आत्मजीवनी, २०६५), आगो र झिल्काहरू, डायरीका पानाहरू, मेरा अनुभूतिहरू, फक्रिएका फूल आदि कृतिहरू । **पुरस्कार/सम्मान** : कविताराम बालसाहित्य पुरस्कार (२०५५), गोरखादक्षिणबाहु चौथो (२०५७), अस्वीकृत वि.सा.पु. (२०५६), अपाङ्ग प्रतिभा पुरस्कार (२०५७), नेपाल सरकारबाट सम्मान (२०६३), क्षेत्रीय प्रतिभा पुरस्कार (२०६५), मदन पुरस्कार (२०६७) लगायत दर्जनौँ सम्मान । **हालको ठेगाना** : धनकुटा । **फोन** : ०२६-५२०३४१ ।

झलकमान गन्धर्व

(गायक)

जन्म/स्थान : वि.सं. १९९२ वैशाख १२, बाटुलेचौर, कास्की । निधन: २०६० । **माता/पिता** : भागीरथी गन्धर्व, दुर्गाबहादुर गन्धर्व । **शिक्षा** : साधारण । **सेवा** : लोकसङ्गीत, रेडियो नेपाल २०२४ देखि २०५४ सम्म । **कृति/सृजना** : गीतिएल्बम : लाहुरेको कहानी, डाँफे र मुरलीको कथा । थुप्रै लोकगीत सङ्कलन गरी गाइएका । **पुरस्कार/सम्मान** : लोकगीत गायनतर्फ प्रथम पुरस्कार (२०२३), नगद पुरस्कार (राजा महेन्द्रबाट, २०२६), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९९५), दीर्घ सेवा पदक आदि ।

झलनाथ खनाल

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ चैत्र ६ साङ्खेजुङ -४, इलाम । **माता/पिता** : मधुमाता खनाल, पुङ्गनाथ खनाल । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, राजनैतिक सेवा (पूर्व प्रधानमन्त्री) । **पहिलो रचना** : मातृभूमि (कविता, २०२८) । **कृति/सृजना** : आप्रवासन तथा भूराजनैतिक समस्याबारे केही कुराहरू (२०४१), अन्तर्राष्ट्रवाद कि नवट्राटस्कि पन्थी पुच्छरवाद (२०४२), चुनाव अभियानसम्बन्धी रचनाहरू (२०४३), पञ्चायती प्रतिनिधि संस्था र जनपक्ष (२०४४), नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू (२०४५), हामीले संसद्मा गएर के गर्‍यौँ ? (२०५१), राष्ट्रिय सूचना महामार्ग : हाम्रो अपरिहार्य दिशा (२०५४), शताब्दीको पहिलो बिहानी (कवितासङ्ग्रह, २०५९) आदि । **सम्पादन/अनुवाद** : वर्ग-सङ्घर्ष (पूर्व नेकपा (माले) को मुखपत्र, मुक्तिमोर्चा (पूर्व नेकपा एमालेको मुखपत्र), न्यू एरा (नेकपा एमाले विदेश विभागबाट प्रकाशित), प्रवासी नेपाली आवाज (पत्रिका) । **हालको ठेगाना** : पो.ब.नं. ६६१९, काठमाडौँ (jn_khanal@hotmail.com) । **फोन** : ४२७१९५६ ।

झुलेन्द्रमान प्रधान (श्याम)

(समीक्षक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८६ वैशाख १७ । निधन : २०५८ फागुन श्रीपञ्चमी । **माता/पिता** : मिश्री प्रधान, सुन्दरमान प्रधान । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : प्रशासन । **पहिलो रचना** : साहित्य च्वेमते (कविता, नसला पत्रिका, ने.सं. १०७३) । **कृति/सृजना** : काव्यया स्वभाव (ने.सं. १०८७, भाग २, ने.सं. १०९०), नेपालभाषा बाखं साहित्यया इतिहास (भाग

१, ने.सं. १०८६ भाग २, ने.सं. ११०४), ईश्वर भएको प्रमाण (२०५८), आफैलाई नियाल्दा (२०५०) । **सम्पादन/अनुवाद** : मतापय् च्वयागु (निबन्ध, ने.सं. ११०८), खलिल जिब्रानया जीवन दर्शन (अनु. ने.सं. १०८६) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०८२), गोरखा दक्षिणबाहु (चौथा), शुभराज्याभिषेक पदक (२०३१) । **सम्पर्क ठेगाना** : बत्तीस पुतली, काठमाडौँ । **फोन** : ४४७३५०३ ।

टङ्क आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ भदौ २६, यासोक -७, पाँचथर । **माता/पिता** : जयकला आचार्य, कमल 'जङ्गली' आचार्य । **शिक्षा** : बी.कम. । **सेवा** : स्वास्थ्य, शिक्षा सेवा । **पहिलो रचना** : आफ्नै आमा (कविता, २०४२) । **कृति/सृजना** : फेरि एउटा अर्को कुरुक्षेत्र (कवितासङ्ग्रह, २०६१), क्यानभासमा कविता (नेपालमा पहिलोपटक, दमक), आकाश छेड्ने रहर । **सम्पादन/अनुवाद** : विवेचना (दैनिक), जीवनबिम्ब (साहित्य, कलाप्रधान अर्धवार्षिक), मुक्त अभियान (साहित्य, कलाप्रधान अर्धवार्षिक) । **पुरस्कार/सम्मान** : विभिन्न साहित्यिक तथा कलासम्बन्धी सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : दमक -१०, झापा । **फोन** : ५८०२०२, ५८०६५५ ।

टङ्क उप्रेती

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ असार १४, शनिश्चरे - ३, झापा । **माता/पिता** : कृष्णादेवी उप्रेती, भक्तिप्रसाद उप्रेती । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, आमसञ्चार) । **सेवा** : सञ्चार सेवा, कला, संस्कृति, साहित्य । **पहिलो रचना** : एउटा प्रश्नचिह्न (कविता, 'विचार' पत्रिका, २०४६) । **कृति/सृजना** : अनुभूतिका अक्षरहरू (कवितासङ्ग्रह, २०५४), शब्दहरूको नेपथ्य (संयुक्त कवितासङ्ग्रह, २०५६), गजुर पग्लिएर (लामो कविता, २०५७), निगुरोको खरानी (लामा कविता, २०६४), सञ्चार (अनुसन्धान, २०६७), खण्डित सपनाको गीत (निबन्धसङ्ग्रह, २०६८), नेपालमा टेलिभिजन (२०६९) । **सम्पादन/अनुवाद** : बाजा (त्रैमासिक, सांस्कृतिक पत्रिका, २०५४) । **पुरस्कार/सम्मान** : डकुमेन्ट्रीमा दुईपटक अन्तर्राष्ट्रिय अवार्ड, नेसनल फाइन आर्ट जोर्नालिस्ट अवार्ड (सन् २०११) । **हालको ठेगाना** : शनिश्चरे-३, झापा / पो.ब.नं. ११५२७ काठमाडौँ (tankaupreti@hotmail.com) । **फोन** : ४७८२६२३

टङ्क के.सी. खड्का

(गायक/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असोज १८, नाङरुङ, गजुरमुखी, इलाम । **माता/पिता** : टेकुमाया खड्का, चन्द्रबहादुर खड्का । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, गायन, लेखन तथा समाजसेवा । **पहिलो रचना** : २०२८ साललेखि साहित्यलेखन तथा गायनकार्यको आरम्भ / रेडियो नेपालमा स्वर परीक्षा पास गरी गीत रेकर्ड सुरु गरेको (२०४०) देखि । **कृति/सृजना** : जाँगर (कवितासङ्ग्रह, २०३७), जीवनचक्र (कवितासङ्ग्रह, २०४५), गीत सँगालो (२०४६), टङ्क के.सी.का लोकगीतहरू (२०४७), हाम्रो लोकसङ्गीत र संस्कृति (२०४८), माइबेनी मेलामा (दोहोरी गीतिसङ्ग्रह, २०४९), अतीतका प्रेयसीहरू (उपन्यास, २०५३), लोकसङ्गीतका थुँगाहरू (खोजसंस्कृति, २०५३), यौवनका आकाङ्क्षाहरू (लघु उपन्यास, २०५३), विखण्डित जिन्दगी (उपन्यास, २०५३), घरेलु उपचार विधि (लघु पुस्तिका, २०५५), लोकसङ्गीत र हाम्रो राष्ट्रियता (२०५६), प्रजातन्त्र र आजका जनता (कवितासँगालो, २०५६), हाम्रो बौद्धिक जगत् (सामान्य ज्ञान, २०५६), हाम्रो संस्कृति र जातीय अस्तित्व (२०५७), नेपालका जनजाति र मौलिक परम्परा (२०५९), द कल्चरल टुरिज्म नेचर अफ नेपाल (अङ्ग्रेजी भाषामा, २०६१), द कल्चर टुरिजम, नेचर अफ नेशनल (पुस्तक, २०६२) । मेची किनारका लोकसुसेलीहरू, देउराली भञ्ज्याङका लोकगीतहरू, पूर्वै घुमेर, राम राम छ सबैलाई, रिबन फरर, फूलमती, लाकुरी छायाँ, जुनेली रात, झरना र सुसेली, सिमसिम पानीमा, नवरस लोकभाका, सानो छँदा, मोहिनी, दुःखी ड्राइभरलगायत करीब दुई दर्जनजति दोहोरीगीत, लोकगीतका गीतिएल्बम सङ्कलन, गायन तथा उत्पादन । **सम्पादन/अनुवाद** : सरगम (त्रैमासिक), आदिवासी (त्रैमासिक, अतिथि), नृगीना (त्रैमासिक) । **पुरस्कार/सम्मान** : द रेयुकाई नेपाल लोकगायनमा प्रथम (२०४३), युवा महोत्सव राष्ट्रिय गीत - रजत पदक (२०४३), गोदावरी एल्मुनाई एसोसियशन गीत गायन - तृतीय (२०४३), रेडियो नेपाल लोकगीत गायन -कास्य पदक (२०४४), उत्कृष्ट मेची अञ्चल

रेडियो गायन पुरस्कार (२०४४), हिमाली सांस्कृतिक दोहोरी गीत प्रतियोगितामा दोस्रो (२०५०), सरगम दोहोरी गीत प्रतियोगितामा दोस्रो (२०५१), लायन्स क्लब राष्ट्रिय दोहोरी गीत - प्रथम (२०५२) आदि । 'क' श्रेणीको गायक (रेडियो नेपाल) । रवीन्द्र गीत सम्मान (२०५७), श्रद्धेय पुरस्कार सम्मान (२०५८), संस्कृति संरक्षक सम्मान (२०५९), रमा ठकुरी गुठी सम्मान (२०६१) । **हालको ठेगाना** : बौद्ध-६, काठमाडौँ । **फोन** : २०७२३६८ ।

टङ्कप्रसाद बराकोटी 'विचारी'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ मङ्सिर १४, वितलप, गजुरी, धादिङ । **माता/पिता** : इन्द्रमाया बराकोटी, हरिलाल बराकोटी । **शिक्षा** : विद्यावारिधि (कृषिविज्ञान) । **सेवा** : कृषि, वातावरण, गैरकाष्ठसम्बन्धी अनुसन्धान तथा विकास । **पहिलो रचना** : स्वदेशी फूल (कविता, २०२८) । **कृति/सृजना** : स्वदेशी फूल (कवितासङ्ग्रह, २०२८), जडीबुटी चिराइतोसम्वन्धी पाँचवटा पुस्तकहरू (२०५७ -२०६०), महान् वैज्ञानिक 'कार्ल लिन्ने' (जीवनी, २०६०), चिराइतो खेती तथा विकास (अङ्ग्रेजी भाषा, २०६१) । **सम्पादन/अनुवाद** : विभिन्न प्राविधिक पुस्तक, कार्यपत्र, प्रतिवेदनहरूको सम्पादन । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण पदक 'क' श्रेणी (२०४२), लाउरियट युवा विज्ञान तथा प्रविधि पुरस्कार (मास्को, इ.सं. १९८४) । **हालको ठेगाना** : मध्यपुर ठिमी-१५, कौशलटार, डाँफे टोल, भक्तपुर (tpbarakoti@yahoo.com) । **फोन** : ६६३००३७ ।

टङ्कबहादुर राई (सामलिङ वालाली, के.के. चाम्लिङ, अमर शक्ति)

(लेखक, राईभाषा)



जन्म/स्थान : वि.सं. २००८ साउन २२ विजयखर्क, वाकलिम, खोटाङ । **माता/पिता** : आशाहीरा राई, जितमान राई । **शिक्षा** : एम.ए. (संस्कृति), बी.एल., बी.एड. (अङ्ग्रेजी), डिप्लोमा (फ्रेञ्च) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : तिमी आउनुको विरुद्ध (कविता, 'आक्रोश' सामयिक सङ्कलन, २०२७) । **कृति/सृजना** : बहिनीको मृत्युमा (कवितासङ्ग्रह, २०३२), उद्घाटन वास्तविकताको (कवितासङ्ग्रह, २०३३), सीम् छाम् (चाम्लिङ गीतसङ्ग्रह, २०३७), श्रद्धाका फूलहरू (कवितासङ्ग्रह, २०४६), किरात इतिहासको रूपरेखा (२०६०), मेरो सङ्घर्ष : अनुभव र अनुभूति (२०६१), नेपालको जातीय समस्या विश्लेषण र समाधान (इ.सं. १९८०), किराँत राष्ट्रिय मुक्ति (इ.सं. १९८०), रामप्रसाद राई एक झलक (इ.सं. १९८१), जातीय प्रश्नबारे केही भ्रमपूर्ण विचारहरूको खण्डन (इ.सं. १९८३), मार्क्सवाद लेनिनवाद र राष्ट्रिय मुक्ति आन्दोलन (२०५१) । **सम्पादन/अनुवाद** : पारूहाङ (मासिक, २०३८), पिछावुङाची (इ.सं. १९८०, चाम्लिङ खालिङ लेख, कवितासङ्ग्रह), लाम् सामयिक सङ्कलन (२०४०), मी (पाक्षिक, २०५०), छाम्ची दिम्ची (२०५१, चाम्लिङ लेख, गीत, कवितासङ्ग्रह), बुङाची (२०५८, चाम्लिङ गीत, कवितासङ्ग्रह), रोदुङ (वार्षिक, २०५४), आदि । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०६१) । **हालको ठेगाना** : पो.ब.नं. १११७९, काठमाडौँ । **फोन** : ४७७०९६० ।

टङ्क भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ असोज १४, खाल्ले, खोटाङ । **माता/पिता** : रुद्रमाया, लालबहादुर भट्टराई । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : निजामती सेवा, प्राध्यापन । **पहिलो रचना** : युवा आऊ एउटा प्रण गरौँ (कविता, युवा आवाज खोटाङ, २०४५) । **कृति/सृजना** : साँझमा पहिलो तारा (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : प्रतिभा (अर्धवार्षिक, २०५१), कर्मचारीका सुस्केरा (सोलुखुम्वु, २०५५), हुलाक (पत्रिका, २०६१), खोटाङ चौतारी (२०६६) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. राष्ट्रिय कविता महोत्सवमा द्वितीय (२०५९), भूकम्पीय सुरक्षा, अधिराज्यव्यापी कविता प्रतियोगितामा प्रथम (२०५८), मसांस राष्ट्रिय कविता महोत्सव (तृतीय : २०५८, द्वितीय : २०५९) । **हालको ठेगाना** : डिल्लीबजार, काठमाडौँ । **फोन** : ९८४१३१७१३० ।

टङ्कराज आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ पुस २२, महारानी झोडा-३, झापा । **माता/पिता** : मुनादेवी, अग्निप्रसाद आचार्य ।

शिक्षा : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : आस्था (कविता, मधुपर्क, २०४३) । **कृति/सृजना** : बोकाको मुखमा कुभिन्डो (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद** : नवमञ्जरी (समालोचनासङ्ग्रह, २०५४), गौरव (साहित्यसङ्ग्रह, २०५६) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवा कविता महोत्सवमा द्वितीय (२०५५) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ । **फोन** : ९८५१०७३४६६ ।

टङ्क लामा (टङ्कबहादुर बल)

(थाङ्का चित्रकार)

जन्म/स्थान : वि.सं. २०२६ फागुन २०, बेथान -७, रामेछाप । **माता/पिता** : चिनीमाया तामाङ, शुकराम तामाङ । **शिक्षा** : बी.ए. । **सेवा** : थाङ्का चित्र । **पहिलो रचना** : अमिताभा (थाङ्काचित्र, अमेरिका, २०४०) । **कृति/सृजना** : जापानका विभिन्न ११ वटा सहरहरूमा (१९९८-९९) थाङ्का प्रदर्शनी (एकल) तथा प्रशिक्षण । **हालको ठेगाना** : कमल विनायक -४, भक्तपुर (manjushree@mail.com.np) । **फोन** : ६६१३२२७, ६६१७४६४, ९८५१०७८१९५ ।

टङ्केश्वर गौतम

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४ भदौ, बिजुवार -७, प्युठान । **माता/पिता** : विनाकुमारी गौतम, जीवराज गौतम । **शिक्षा** : दर्शन मध्यमा, शास्त्रीय खण्ड । **सेवा** : अध्यापन । जनसेवा युवा क्लबबाट कदरपत्र (२०६२) । **पहिलो रचना** : प्रकृतिसित (कविता, उदय पत्रिका, वाराणसी, २००५) । **कृति/सृजना** : प्युठानको भूगोल (२०१७), कहाँ म जाऊँ (२०३४), नेपाली वर्णमाला (२०३४), प्रियावियोगको शोक (२०६१) आदि । **हालको ठेगाना** : बिजुवार -७, प्युठान । **फोन** : ०८६ -४६००७३ ।

टहलदास शिवाकोटी 'यात्री'

(खोजकर्ता/सम्पादक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१६ फागुन ३, सान्मागु, ताप्लेजुङ । **माता/पिता** : अमृतादेवी खरेल शिवाकोटी, खड्गप्रसाद शिवाकोटी । **शिक्षा** : स्वाध्याय । **सेवा** : आध्यात्मिक एवं सामाजिक सेवा । **पहिलो रचना** : प्रणाम (लेख, प्रणामी धर्म पत्रिका, २०३६) । **कृति/सृजना** : श्रीकृष्ण प्रणामी धर्म नेपाली परिवेश (शोधग्रन्थ, २०५५), धरतीका धर्मरत्न (२०६५), नेपाली हुलाक टिकटमा समाविष्ट व्यक्तित्वहरू (२०६९) । **सम्पादन/अनुवाद** : निजानन्दीय (सामान्यज्ञान, २०५०), छोटीवृत (अनुवाद, २०५०), नेपाली नित्यपाठ (सम्पादन, २०५२), सचित्र धाम वर्णन (अनुवाद-सम्पादन, २०५३), श्रीरास (सम्पादन, २०५५), ज्ञान सरोवर (सङ्कलन, २०५९), ज्ञान सरोवर (सूक्तिसङ्ग्रह, २०५९), प्रेमस्मृतिग्रन्थ धरतीको धर्मरत्न (२०६५) । **पुरस्कार/पदक** : मङ्गल पुरस्कार (मङ्गलधाम, कालिम्पोङ, भारत, २०६६), गङ्गा साहित्य प्रतिष्ठान सम्मान (काठमाडौँ, २०६४), जागरण अभियान सम्मान (काठमाडौँ, २०६५), आध्यात्मिक प्रज्ञा सम्मान (२०६३) श्रीकृष्ण ज्योति तुलसी सेवा समिति, काठमाडौँद्वारा सम्मानलगायत विभिन्न संस्थाद्वारा अभिनन्दित । **हालको ठेगाना** : महारानी झोडा -८, प्रणामीनगर, झापा । **फोन** : ९७४१०५५२५८ ।

टी. आर. विश्वकर्मा (तुलाराम विक)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० बुद्धजयन्ती, विजयपुर, धरान, सुनसरी । निधन : वि.सं. २०४७ भदौ ४ गते, काठमाडौँ । **माता/पिता** : पद्मकुमारी, मकरध्वज बि.क. । **शिक्षा** : साहित्यरत्न । **सेवा** : पत्रकारिता, राजनीति । **पहिलो रचना** : बाँच्ने ठूलो (२०१६) । **कृति/सृजना** : बाँच्ने ठूलो (कवितासङ्ग्रह, २०१७), गुच्छा र पात (सहलेखन, २०२५), माटो र मुटु (२०५०) । **सम्पादन/अनुवाद** : प्रेरणा (साप्ताहिक), उकालो (मासिक), जनदूत (दैनिक), मजदूर बाटो, दलित आवाज, अछुत मुक्ति मोर्चा र रा. मुक्ति परिषद् (बुलेटिन) । **पुरस्कार/सम्मान** : डा. अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार आदि । **सम्पर्क**

ठेगाना : ९/२०३, काश्मिरी बजार, इन्द्रचोक, काठमाडौँ । **फोन** : ४२२७९३७ ।

टीका चाम्लिङ (टीकाराम राई)

(गीतकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३० माघ ४, नुनथला, खोटाङ । **माता/पिता** : दिलकुमारी राई, रोजबहादुर राई । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : गीत (पयर पत्रिका, २०४८) । **कृति/सृजना** : सधैँभरि (गीतिएल्बम, २०५८), सपनाको रङ (गीतसङ्ग्रह, २०६०), समयको रङ (गीतिसङ्ग्रह, २०६४), जूनको बस्ती (गीतिसङ्ग्रह, २०६८), दर्जनौँ गीतरचना सङ्गीत भई रेकर्ड भएका । **सम्पादन/अनुवाद** : शिखर सन्देश (मासिक, २०५८), हाम्रो संस्कृति (२०६२), जनजाति पहिचान (२०६३), निशाना (मासिक, २०६५), विशेषाङ्क (साहित्यिक त्रैमासिक, २०६६), हाम्रो जमिन (२०६७) । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट गीतकार (रेडियो नेपाल, २०६१), जिमी राई उत्थान समाज गीति सम्मान (काठमाडौँ, २०६२) । **हालको ठेगाना** : नुनथला-५, खोटाङ / काठमाडौँ (t_Chamling@yahoo.com), **फोन** : ९८४१४६९७८८ ।

टीकाप्रसाद पोखरेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२० माघ २८, पादुका, उपाध्यायवाडा, दैलेख । **माता/पिता** : इन्द्रदेवी पोखरेल, शिवराज पोखरेल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : नारीको क्रन्दन (गीत, सुर्खेती चौमासिक, २०४८) । **कृति/सृजना** : पर्यावरण सन्तुलन (गीति अभिव्यक्ति, लोकगीतसङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : रातो थुँगा (२०४८), नेपालको प्रजातान्त्रिक आन्दोलनमा सुर्खेत (स्मारिका, २०५७), अनुभूति (वार्षिक, इ.सं. २०००) । **पुरस्कार/सम्मान** : कविगोष्ठीमा द्वितीय (सुर्खेती कला-साहित्य परिषद्, २०४९), कविगोष्ठीमा प्रथम (नेपाल मानवअधिकार सङ्गठन, सुर्खेत, २०५०) । **हालको ठेगाना** : वीरेन्द्रनगर-४, सुर्खेत । **फोन** : ५२०६१६ ।

टीकाबहादुर कार्की

(लेखक, अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ २, सुकादमार, वल्ढेङगढी, पाल्पा । निधन : २०६४, अमेरिका । **माता/पिता** : पवित्रा कार्की, गोविन्द कार्की । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : बेसिक कोर्स इन स्पोकेन नेपाली (सहलेखन, पुस्तक, इ.सं.१९७४) । **कृति/सृजना** : अ बेगिनर्स कोर्स इन स्पोकेन नेपाली (सहलेखन, पुस्तक, इ.सं. १९९६) । **सम्पादन/अनुवाद** : नेपाली इङ्गिलस डिक्सनरी (इ.सं. २००५) । **पुरस्कार/सम्मान** : पिसकोर वासिङ्टन/ नेपालबाट विभिन्न पुरस्कारहरू । **हालको ठेगाना** : च १-१५८ हाँडीगाउँ, काठमाडौँ (tika_karki@hotmail.com) । **फोन** : ४४३१७०४

टीका भण्डारी

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०२१ जेठ १३, शान्तिनगर, झापा । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, त्रि.वि.) । **सेवा** : सङ्गीत, रेडियो नेपाल । ललितपुर कला संरक्षण केन्द्रद्वारा सम्मानित (२०५३), देवकोटा सङ्गीत साधना प्रतिष्ठान भद्रपुरबाट सम्मान (२०५६), लेकबेंसी साङ्गीतिक समूह धादिङद्वारा सम्मान (२०५६), द इनसाइडर साङ्गीतिक समूह धुलाबारी, झापाबाट सम्मान (२०५६), युवा प्रतिभा सम्मान (२०५६), बागीना समूह, सुर्खेतबाट सम्मान (२०५९) । **पहिलो रचना** : वाद्यवादन (रेडियो नेपाल, २०४५) । **कृति/सृजना** : बिहानी, बहादुर, गाउँले, परदेशी कान्छा, जित, मजदुर, लक्ष्मणरेखा, जीवनदान, हाम्रो जिन्दगी, नातेदार, भाइ, पिञ्जडा, बक्सिस, साथीभाइ, लवकुश, सङ्घर्ष, स्वयम्बर, सन्तानको माया, बाचा बन्धनलगायत दुई दर्जनभन्दा बढी चलचित्रमा सङ्गीत दिएको । सयौँ गीतहरूमा सङ्गीत तथा वाद्यवादन । विभिन्न विद्यालय तथा संस्थाहरूमा सङ्गीत प्रशिक्षक । दर्जनौँ गीतहरू गायन तथा सयौँ गीतहरूमा सङ्गीत । **पुरस्कार/सम्मान** : लोकगीत प्रतियोगितामा प्रथम (समूह गायन, रत्न रेकर्डिङ संस्थान, २०४६), युगकवि सिद्धिचरण श्रेष्ठ सङ्गीत सिर्जना पुरस्कार (२०४९), बालगीत प्रतियोगितामा प्रथम पुरस्कार (रेडियो नेपाल, २०५३), आधुनिक सङ्गीत प्रतियोगिता (द्वितीय -२०५४, प्रथम -२०५५), म्युजिक नेपाल अवार्ड (चलचित्र गाउँलेको लागि,

२०५६), नेपाल जेसिस आउटस्ट्यान्डिङ अवार्ड (२०५८), नारायणगोपाल युवा सङ्गीत पुरस्कार (२०६०) । **हालको ठेगाना** : काठमाडौँ ।

टीकाभूषण दाहाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० वैशाख १५ गते, च्याङथापु, सेरेजा, पाँचथर । **शिक्षा** : स्नातक । **सेवा** : निजी व्यवसाय, समाजसेवा । **कृति/सृजना** : माखेसाङ्लो (उपन्यास, २०२२), लायन्स क्लब उद्देश्य र इतिहास । **पुरस्कार/सम्मान** : प्रवल गोरखा दक्षिणबाहु, लायन्स इन्टरनेसनलबाट विभिन्न अन्तर्राष्ट्रिय तक्मा । **हालको ठेगाना** : ग १/१८ मित्र निकुञ्ज, कोपुण्डोल, ललितपुर । **फोन** : ५५९२८५८ ।

टीकाराम अधिकारी

(समीक्षक/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ असार १७ मिजुरेडाँडा -७, कास्की । **माता/पिता** : प्रेममाया अधिकारी, देवीप्रसाद अधिकारी । **शिक्षा** : आचार्य (संस्कृत साहित्य), एम.ए. (नेपाली), विद्यावारिधि (संस्कृत) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : दु:खको आवाज (गीतसङ्ग्रह, सहलेखन, २०२०) । **कृति/सृजना** : पहाडी गुनासो (लोकगीतरचना, २०३९), महाकवि कालिदास (विवेचना, २०४०), कवितासङ्गम (प्रतिनिधिकवितासङ्ग्रह, २०४४), पण्डित कुलचन्द्र गौतम र उनको साहित्य-साधना (विवेचना, २०५६), चन्द्रप्रभा (संस्कृत खण्डकाव्य, २०५८), गोविन्दचरितामृतम् (संस्कृत खण्डकाव्य, २०६२), प्रणयसुधा (खण्डकाव्य, २०६३) । **सम्पादन/अनुवाद** : गण्डकी माहात्म्यम् (सम्पादन र नेपाली भाषानुवाद, २०५५), उज्जयिनीको राजघराना (पद्यानुवाद, २०६१), प्रणयमेधा (पद्यानुवाद, २०६१), यक्षसुन्दरी (पद्यानुवाद, २०६३) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'ग' श्रेणी (२०३०), महेन्द्र विद्याभूषण 'क' श्रेणी (२०५५), महेन्द्र संस्कृत विश्वविद्यालय दीर्घसेवा पदक (२०५७) । **हालको ठेगाना** : ३८/१६ नवसृजनामार्ग, नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४४९१८१६ ।

टीकाराम अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ वैशाख २४, पाङ, पर्वत । **माता/पिता** : शिवधरा उपाध्याय, कलाधर उपाध्याय । **शिक्षा** : शास्त्री (व्याकरण), एम.ए. (नेपाली) । **सेवा** : प्रशासनिक सेवा । **पहिलो रचना** : विदाइको एक झलक (२०३३) । **कृति/सृजना** : श्री ५ महेन्द्रको वाराणसी शुभागमन र यात्राको अन्तिम चरण पटनाको भव्य बिदाइको झलक (इ.सं. १९६६), नेपालको इतिहासमा शाहवंशको देन एक ऐतिहासिक विवेचना (२०३३), संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनाको सक्रिय योगदान (२०४२), भावनाका तरङ्गहरू (कवितासङ्ग्रह, २०५९), गीताज्ञान एवं जीवनसार (२०६०), जीवनदर्शन (२०६५), तीर्थयात्रा अनुभव र अनुभूति (२०६७) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०३१), त्रिशक्तिपट्ट चौथा (२०४१), सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा, तेस्रो सार्क सम्मेलन स्मृति पदक, शुभराज्याभिषेक पदक, जानपद सेवा पदक, दैवी प्रकोप पीडितोद्धार सेवा पदक, जानपद दीर्घसेवा पदक, गद्दी आरोहण रजत महोत्सव पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४१०४२४८, ९८४१५६१७९८ ।

टीकाराम उदासी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३०, गर्पा, रोल्पा । **माता/पिता** : सुना बुढा, धर्मजित बुढामगर । **शिक्षा** : एम.ए., (नेपाली, राजनीति शास्त्र), बी.एड. । **सेवा** : प्राध्यापन, राजनीति, साहित्य । **कृति/सृजना** : अनुरोध (कवितासङ्ग्रह, २०४८), वर्तमान बाँधन खोज्दा (गजलसङ्ग्रह, २०५०), परिवेशका धुनहरू (गजलसङ्ग्रह, २०५६), अनुभूतिका बाछिटाहरू (हाइकुसङ्ग्रह, २०५९), गजलसिद्धान्त र नेपाली गजलको इतिहास (इतिहास, अनुसन्धान, २०५९), मौसमका हरफहरू (संयुक्त कवितासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : जमर्को (मासिक, २०५१), मगर आवाज (वार्षिक, २०५१), इन्द्रेणी (मासिक, २०५२), दङाली आवाज (वार्षिक, २०५४), कदम (त्रैमासिक, २०५५), सप्तरङ्गी (द्वैमासिक, २०५७), अन्तर्ध्वनि (त्रैमासिक, २०५७), आदिवासी

मञ्च (त्रैमासिक, २०५८), आँखीझ्याल (त्रैमासिक, २०६०), अनाम (मासिक, २०६०), राप्तीका गीत (राप्तीका प्रतिनिधि गीत, २०६०) । **पुरस्कार/सम्मान** : घनश्याम पुरस्कार (२०५०), बमशङ्कर साहित्यिक पुरस्कार (२०५९) । **हालको ठेगाना** : सौडियार -१, दाङ । **फोन** : ०८२-५६१४३२ ।

टीकाराम चौधरी

(साहित्यकार, थारूभाषा)

जन्म/स्थान : वि.सं. २०१४ असोज २८, कर्मला, बर्दिया । **माता/पिता** : कैलशनी थारू, भरथरि थारू । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : शिक्षा सेवा । **पहिलो रचना** : गोचाली (थारू भाषामा कविता, गोचाली पत्रिका, २०२८) । **कृति/सृजना** : नयाँ गोरेटो (प्रौढ साक्षरता पुस्तक (२०३७), मुठ्लिहाइ (थारूभाषाको प्रौढ साक्षरता पुस्तक, २०५४), चोत्लुङ (लिम्बूभाषाको प्रौढ, २०५४), लालिमा (अनौपचारिक शिक्षा, २०५५), विश्वास (चेलीबेटी बेचबिखनसम्बन्धी पुस्तक, २०५९), सही बाटो (आयमूलकसम्बन्धी पुस्तक, २०५९), सुनौलो भविष्य (बाल शिक्षासम्बन्धी, २०६०) आदि । **हालको ठेगाना** : बगनाह, ५, कर्मला, बर्दिया (tikaram@wei.org.np) । **फोन** : ४४३८८७४ ।

टीकाराम धनञ्जय (मरासिनी)

(माध्यमिक कालीन साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६६ कात्तिक शुक्ल दशमी, पीपलडाँडा, अर्घाखाँची । निधन : १९९३ । **माता/पिता** : नारायणी मरासिनी, एकदेव मरासिनी । **शिक्षा** : संस्कृत मध्यमा (व्याकरण), ज्योतिष र आयुर्वेदको अध्ययन । **सेवा** : अध्यापन, साहित्य सेवा । **पहिलो रचना** : तित्रेनीको जारी (कविता, १९७७) । **कृति/सृजना** : ॠतुमञ्जरी, खण्डकाव्य (१९८५), उपदेशमञ्जरी, (शिक्षामूलक कथा १९८७ तिर), यात्रामञ्जरी (केही अंश प्रकाशित १९९०), शिशुबोध तरङ्गिणी (गणित शिक्षाको पुस्तक १९९०), शिशुबोध तरङ्गिणी-२ (१९९१), उपदेश चन्द्रकला (शिक्षामूलककथा, १९९१), शिक्षामञ्जरी (स्त्री-पुरुषसम्बन्धी कर्तव्य शिक्षा), नियति मञ्जरी (भाग्यका स्वरूपको विचार), श्रीधर (नाटक), कामशास्त्र (वात्स्यायन मतअनुसार), संस्कार कल्पलता (दशकर्म पद्धति), लीलावती (ज्योतिष ग्रन्थ), लघुकौमुदी (सुबन्त भाग-२ संस्करण प्रकाशित । **सम्पादन/अनुवाद** : अनुवाद र भाष्य : भास्वती (ज्योतिष ग्रन्थ, १९९० देखि तीन संस्करण) ।

टीकाराम पन्थी

(लेखक, संस्कृत/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ असार १२, अर्खले, भाडगाउँ, गुल्मी । निधन : २०६६ मङ्सिर ५, काठमाडौँ । **माता/पिता** : कुन्तीदेवी, मुक्तिनाथ पन्थी । **शिक्षा** : नव्यव्याकरणाचार्य, विद्यावारिधि (पाणिनीयव्याकरणात् प्राक्तनव्याकरणानां पर्यालोचनम्) । **सेवा** : अध्यापन, प्राध्यापन, (शिक्षाध्यक्ष), ने.प्र.प्र को सदस्य (२०५६-६०) । पन्थीसेवा समाज (२०५७), दधिराम मरासिनी स्मृति प्रतिष्ठान (२०५७), राष्ट्रिय विकास तथा सम्मान केन्द्र (२०५७), नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी (२०५८) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना** : निर्धनता (संस्कृत कविता, जयतु संस्कृतम्, २०२०) । **कृति/सृजना** : *संस्कृतमा लेखिएका कृतिहरू* : रुरुवृत्तम् (खण्डकाव्य, २०२१), नेनेपालः (खण्डकाव्य, २०३९), अश्रूपहारः (खण्डकाव्य, २०३९), सुधर्मा (खण्डकाव्य, २०४०), बुद्धस्मरणम् (खण्डकाव्य, २०५३), काव्यचतुष्टयविमर्श : (अनुसन्धानात्मक प्रबन्ध), मङ्गलग्रहः (खण्डकाव्य, २०५७) । *नेपालीमा* : केही जनश्रुतिहरू (अनुसन्धानात्मक प्रबन्धसङ्ग्रह, २०४१), घिड्किसो (कथासङ्ग्रह, २०५८), भाषिक चिन्तन (भाषिक लेखहरूको सङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय शिक्षा पुरस्कार (२०४३), सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०५२), दीर्घसेवा पदक (२०५३), पाणिनि पुरस्कार (२०५७), गुणराज स्मारक व्याख्यान पुरस्कार (२०५४) । **हालको ठेगाना** : बुटवल न.पा. -१५, बेलबास, रूपन्देही । **फोन** : ०७१-५४३२४०, ४३३२२८५ ।

टीकाराम शर्मा (दाहाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ असार २७, हनुमन्तेश्वर, दोलखा । निधन : २०६३ जेठ ५ । **माता/पिता** : दीपमाया दाहाल, बलभद्र दाहाल । **शिक्षा** : बी.ए. (कलकत्ता), बी.टी. (सिलाङ, भारत) । **सेवा** : अध्यापन, राजपरिषद् सदस्य । **पहिलो रचना** :

दोस्ती (एकाङ्की, गोर्खा साप्ताहिक, २००२) । **कृति/सृजना :** *नाटकहरू :* आमाको पुकार (२०२०), टुहुरी (२०२१), चेली (२०२२), गजाधर सोतीकी बूढीका पक्षमा (एकाङ्की, २०४०), नेपालका सतारहरू (२०५४), अस्ति, हिजो, आज र भोलि (२०५६) । **सम्पादन/अनुवाद :** गोर्खा साप्ताहिक (मुखपत्र, इ.सं. १९४५) । कल्याणी धरती (उपन्यास, अङ्ग्रेजीबाट नेपालीमा अनु. २०४४), सिक्किम गाथा (इतिहास, अङ्ग्रेजीबाट नेपालीमा अनु. २०५१), प्रह्लाद (नाटक, नेपालीबाट अङ्ग्रेजीमा अनु. २०५४) ।

टीकाराम शर्मा पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ माघ २१, खुर्कोट, पर्वत । **शिक्षा :** एम.ए., बी.एल., बी.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** दीपक (खण्डकाव्य, २०४५) । **कृति/सृजना :** प्रणयवियोग (खण्डकाव्य, २०४५) *सहलेखनमा :* प्रवेशिका व्याकरण र प्रवेशिका नेपाली (कक्षा ९ र १०, २०५७), आधारभूत व्याकरणहरू (कक्षा ६,७, ८, २०५८), प्रारम्भिक व्याकरणहरू (कक्षा ४, ५, २०५८), रमाइला व्याकरणहरू (कक्षा १, २, ३) । **सम्पादन/अनुवाद :** जुरेली चरीको गीत र अरू कथा (बालकथा, २०५७, हान्स क्रिस्टियन एन्डरसनका कथाहरूको नेपालीमा अनु.), स्निचहरू (डा. सुसको कवितात्मक बालकथाको नेपालीमा अनु., २०५९) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव -प्रथम (२०४६), छन्दमा नुन कविता प्रतियोगितामा प्रथम (२०६०) । **हालको ठेगाना :** हात्तीवन, ललितपुर । **फोन :** ५५४३४१७

टी.बी. पुन (टेकबहादुर पुन)

(लेखक, मगर भाषा)

जन्म/स्थान : इ.१९६४, बागलुङ । **माता/पिता :** पम्फा पुन, प्रेमबहादुर पुन मगर । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मगर जातिको जातीय अपमान 'शिलान्यास' नाटक (समालोचना, २०६०) । **कृति/सृजना :** हामी मगर (२०६३), साहित्यमा जनजाति (समालोचना, २०६४), मगराँत स्वायत्त राज्य नै किन ? (२०६५), हिन्दू धर्मशास्त्रमा जातीय विभेद र उत्पीडन (२०६६), आदिवासी पहिचान (कविता, २०६७), मगर जाति र बौद्ध धर्म (२०६७) । **पुरस्कार/सम्मान :** स्व. कृष्णबहादुर आलेमगर पुरस्कार (२०६०) । **हालको ठेगाना :** पडसरी-८, रूपन्देही (tbpun@yahoo.com) । **फोन :** ९८४६३५५२१७ ।

टुकराज मिश्र

(माध्यमिक कालीन उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६६ फागुन ९, तार्कुटार, लमजुङ । निधन : २०६० पुस १९, काठमाडौँ । **माता/पिता :** टीकालक्ष्मी, डिल्लीकृष्ण मिश्र । **शिक्षा :** साहित्यभूषण, हिन्दी । **सेवा :** निजामती । नेपाली शिक्षा परिषद् (२०४८), नेपाली साहित्य मन्दिर (२०५२), खिल शर्मा राजीवलोचन जोशी स्मारक प्रतिष्ठानबाट सम्मान (२०५८), बाट अभिनन्दन । **पहिलो रचना :** सुनमा सुगन्ध (समस्यापूर्ति, उद्योग मासिक, १९९२) । **कृति/सृजना :** रजवन्धकी (ऐतिहासिक उपन्यास सहलेखन, १९९६), रामकृष्ण कुँवर राणा (ऐतिहासिक उपन्यास सहलेखन, १९९९), बुद्ध परिवारको क्रन्दन (खण्डकाव्य, सहलेखन, २०१३), नेपाल माताको क्रन्दन (खण्डकाव्य सहलेखन, २०१३), रिडी र राँची : हाँस्दै रुँदै (ऐतिहासिक उपन्यास, २०४८), मेरा अनुभूतिमा रुद्रराज पाण्डे (२०४९), अदालत सम्बन्ध । **पुरस्कार/सम्मान :** उत्तम कुँवर पुरस्कार (२०४८), रुद्रराज अतिरिक्त पुरस्कार (२०५१), वेदनिधि पुरस्कार (२०५३), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८) ।

टेकनाथ अधिकारी

(कवि, नेपाली/संस्कृत भाषा)



जन्म/स्थान : वि.सं. १९७९ वैशाख २३, चानुवा, धनकुटा । **शिक्षा :** स्नातक, शास्त्री (पुराण, साहित्य र वैष्णवशास्त्र) । **सेवा :** अध्यापन । **कृति/सृजना :** निवेदनमञ्जरी (खण्डकाव्य,

१९९८), जीवनवृत्त (संस्मरण, २०६०), अन्तर्नाद (शोककाव्य, २०६४), विराट्महिमा (लघुकाव्य, २०६६), विराट्वर्णनम् (लघुकाव्य, संस्कृत भाषा, २०६६), धर्म एवं साहित्य सेवा सम्मान (मोरङ, २०६६), राम महिमा (भजन सङ्ग्रह)। **पुरस्कार/सम्मान** : रामइन्दिरा दीर्घसेवा वाणी पुरस्कार (२०६५), शङ्कराचार्य पदक (२०६७), जनता मा.वि. विराटनगर पूर्व विद्यार्थी सङ्घ (२०६६), सनातन धर्म सेवा समिति मोरङलगायत विभिन्न सङ्घ-संस्थाबाट सम्मान तथा कदरपत्र। **हालको ठेगाना** : ३/४७, गोग्राहा, विराटनगर, मोरङ। **फोन** : ९८४२०३०२७७, ०२१-४६०९५७।

टेकनाथ गौतम



(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७५ जेठ १५, हापुर नारेबाङ, बगिया, दाङ। निधन : २०६६ असोज १६। **माता/पिता** : चुमादेवी, चन्द्रनिधि गोतामे। **शिक्षा** : शास्त्री, आयुर्वेद, आई.ए. (अङ्ग्रेजी)। **सेवा** : राजनीति, सामाजिक सेवा। **पहिलो रचना** : सर्वोदय कसरी (पुस्तिका, २०१०)। **कृति/सृजना** : खस जातिको विवेचन (२०३०), पुनर्विवाह विमर्श (२०४,९), राप्ती अन्चलको इतिहास तथा केही संस्मरणहरू, थारू जातिको इतिहास तथा संस्कृति, नेपाली छन्दशतक, हिन्दू धर्म र बौद्ध धर्म एउटै आर्य धर्म हुन्, हाम्रो धर्म र धन लुटाइँदै छ..., हिन्दूसमाजमा मातृजाति, विचारणीय कुराहरू, दाङलाई बचाऔँ, खस, मगर र किरात भनिने को हुन्, गोतामे वंशको परिचय। **सम्पादन/अनुवाद** : श्रीमद्भगवद्गीता (नेपाली अनुवाद), दुर्गा सप्तशती समश्लोकी (नेपाली)। **पुरस्कार/सम्मान** : (लेखक सङ्घ दाङ, सर्वोदय पुस्तकालय र ज्येष्ठ नागरिक सरोकार मन्चलाई घडेरी र घर प्रदान)। **हालको ठेगाना** : घोराही, हापुर, दाङ। **फोन सम्पर्क** : ०८२-५६०३४३।

टेकनाथ पोखरेल 'पीडित'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ चैत १२, घाचोक -१, कास्की। **माता/पिता** : कुन्ती पोखरेल, हरिलाल पोखरेल। **शिक्षा** : एम.ए. (नेपाली), बी.एड.। **सेवा** : निजामती, अध्यापन, प्राध्यापन। **पहिलो रचना** : बन्द कोठाभित्र (कविता, आलोक पत्रिका)। **कृति/सृजना** : पद्य-पुष्पाञ्जली (कवितासङ्ग्रह, २०५०), तर्पणका अञ्जुली (शोककाव्य, २०५१), घाम छायाँका तरेलीहरू (कवितासङ्ग्रह, २०५७), तोता-मैना (खण्डकाव्य, २०६१)। (प्रका. - दौलथी -कथासङ्ग्रह, जिजीविषा - उपन्यास)। **सम्पादन/अनुवाद** : आँकुरा (साहित्यिक पत्रिका, २०५९), सिर्जना (साहित्यिक पत्रिका, २०६०), हिमशिखर (साहित्यिक पत्रिका)। **हालको ठेगाना** : पोखरा-३, कास्की। **फोन** : ०६१-५४०४६७।

टेकनाथ भट्टराई



(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ फागुन ११, अर्चले, रामेछाप। **माता/पिता** : पद्मकुमारी भट्टराई, छविलाल भट्टराई। **शिक्षा** : साहित्याचार्य, एम.ए.। **सेवा** : निजामती (का.मु. सचिव)। **कृति/सृजना** : प्रयोगशील प्रतिभा कवि ईश्वरवल्लभ (समालोचना, २०४३), (प्रकाशोन्मुख : आध्यात्मिक निबन्ध सङ्कलन)। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०३२)। **हालको ठेगाना** : बालुवाटार, काठमाडौँ **फोन** : ४४१९४२८।

टेकबहादुर 'नवीन' खत्री

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ पुस २६ गते, किनचेत, त्रिशूली, नुवाकोट। **शिक्षा** : एम.ए. (राजनीति, त्रि.वि.)। **सेवा** : सरकारी सेवा। **पहिलो रचना** : २००३ सालतिरदेखि साहित्यिक यात्रा आरम्भ। वि.सं. २००८ मा युगवाणी पत्रिकामा कविता प्रकाशित। **कृति/सृजना** : चोइटा (कवितासङ्ग्रह, २०१६), मेरा केही चोइटाहरू (कवितासङ्ग्रह, २०४०), शाही नेपाली सेनाको इतिहास (इतिहास, २०४१), नेपाली सन्चार क्षेत्रको चिनारी (चिनारी), पन्चायत : एक अध्ययन (परिचय), पन्चायत : आज (परिचय), नेपालमा सार्वजनिक सन्चार (परिचय), पोस्टेज स्ट्याम्पस् अफ नेपाल लगायत अङ्ग्रेजी भाषामा ९ वटा कृति प्रकाशित। **सम्पादन/अनुवाद** : विश्वका उत्कृष्ट कथा (अनु.-२०२५), सयौं सवाल : सयौं जवाफ

(सामान्यज्ञान) । **पुरस्कार/सम्मान** : युनेस्कोको राष्ट्रिय आयोगबाट पुरस्कार, काठमाडौं सरस्वती सदनमा भएको कविता गोष्ठीमा पहिला, दोस्रा पुरस्कार प्राप्त । **हालको ठेगाना** : झम्सीखेल, ललितपुर ।

टेकबहादुर श्रेष्ठ

(इतिहासकार)

जन्म/स्थान : वि.सं. १९९८ वैशाख २४, धनकुटा न.पा. -५, धनकुटा । **माता/पिता** : विष्णुकुमारी श्रेष्ठ, पूर्णबहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. (इतिहास, नेपाली, संस्कृति, पुरातत्त्व), विद्यावारिधि (इतिहास, २०५०) । **सेवा** : प्राध्यापन, अनुसन्धान । **पहिलो रचना** : दोलखाको ऐतिहासिक रूपरेखा (पुस्तक, सहलेखन, २०३१) । **कृति/सृजना** : नुवाकोटको ऐतिहासिक रूपरेखा (सहलेखन, २०३२), पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना (सहलेखन, २०३५), शाहकालका अभिलेख (भाग १, सहलेखन, २०३७), पर्वत राज्यको ऐतिहासिक रूपरेखा (२०५९), चौबीसी प्रदेशको इतिहास, पूर्वका सेन राज्यको इतिहास । **सम्पादन/अनुवाद** : नेपालका राजाहरू तथा तराईका थारू (२०५८) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पुरस्कार (२०३७), महेन्द्र विद्याभूषण पदक क (२०५३), दीर्घसेवा पदक (ने.ए.अ.के., २०५४ र त्रि.वि., २०५९) । **हालको ठेगाना** : बल्खु, कुमारी मार्ग-२११, काठमाडौं (tek_chas@yahoo.com) । **फोन** : ४३३०५२१, ९८४१३५४११६ ।

टेकवीर मुखिया सुनुवार (दसुचा)

(ललितकलाकर्मी)

जन्म/स्थान : इ.सं. १९३८ जनवरी २५, खरसाङ, भारत । **माता/पिता** : पदमा मुखिया, कर्णवीर मुखिया । **शिक्षा** : आठ कक्षा (स्वाध्यायन), चित्रकला । **सेवा** : कलाकारिता । (जोर गणेश प्रेस, साझा प्रकाशन) । **पहिलो रचना** : विगत चार दशकदेखि छापाखानासम्वन्धी कलाकारितामा कार्यरत । **कृति/सृजना** : ३० भन्दा बढी नेपाली तथा अन्य भाषाका बालपुस्तकमा चित्राङ्कन गरिसकेको, हालसम्म पाँच हजारभन्दा बढी पुस्तकको आवरण डिजाइन गरिसकेको । एक हजारभन्दा बढी पेन्टिङ तयार गरेका । कला प्रदर्शनी (नेपाल, बङ्गलादेश, जापान) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (इ.सं. १९८१), उत्कृष्ट पुरस्कार (राष्ट्रिय कला प्रदर्शनी, इ.सं. १९८४), रङ्गलाल बाङ्देल स्मृति पुरस्कार (इ.सं. १९९९), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २००२), साथै अन्य प्रतियोगितात्मक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : पो.ब.नं. १४६१, सैंबु, ललितपुर (tekbirmukhiya@hotmail.com) । **फोन** : ५५९०१२४ / ५५३८३७३ ।

ठाकुर पराजुली (ठाकुरप्रसाद)

(समालोचक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७, भदौ २० गते, पातले खेत, म्याग्दी । **माता/पिता** : भद्रकाली पराजुली, रघुनाथ पराजुली । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : कविता प्रकाशित (हालखबर दैनिक पत्रिका, २०१३) । **कृति/सृजना** : नेपाली साहित्यको परिक्रमा (समालोचनासङ्ग्रह, २०४४), नेपाली साहित्य शृङ्खला (भाग १ र २, सहलेखक, २०५२) । **सम्पादन/अनुवाद** : मैना (देवकोटाको काव्यसङ्ग्रह, २०३९), सौन्दर्य (झपटबहादुरको कथासङ्ग्रह, २०३९), वाङ्मय (अर्द्धवार्षिक), हिमाली साहित्य (पाठ्य, संयुक्त सम्पादन), सिंहनाद (द्वैमासिक), विद्यार्थी सन्देश, ज्योति । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०२८), गुणराज स्मारक व्याख्यान पुरस्कार, झपट पुरस्कार (२०३९), धौलागिरी पुरस्कार, रत्न श्रेष्ठ पुरस्कार (२०४५), गोरखा दक्षिणबाहु चौथा (२०६१) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौं । **फोन** : ४७८०८०९ ।

ठाकुरप्रसाद मैनाली

(मूर्तिकार)



जन्म/स्थान : वि.सं. १९९१ असार ७, वाल्टिङ, काभ्रे । **माता/पिता** : इन्द्रमाया मैनाली, रामप्रसाद मैनाली । **शिक्षा** : बी.ए. (फाइनआर्ट) । **सेवा** : कलाक्षेत्र, ने.रा.प्र.प्र. (सदस्य, प्रज्ञा-सभासद्, २०५१, प्राज्ञ-परिषद्, २०६१) सचिव ललितकला संस्था (२०२२), ललितकला एकेडेमी नयाँदिल्ली, भारतद्वारा अयोजित ट्रिनाले अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा नेपालको तर्फबाट दुईपटक कमिस्नर भई भाग लिएको (२०३१,

२०४३), अन्तर्राष्ट्रिय कला संस्था (पेरिस, फ्रान्स) को राष्ट्रिय समितिमा सचिव भई सेवा गरेको, युनेस्को राष्ट्रिय समितिमा सदस्य (कलाविद्), उपकुलपति (नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, २०६७) । **पहिलो रचना :** २०१९ सालदेखि एकल, सामूहिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाप्रदर्शनीमा भाग लिँदै आएको । **कृति/सृजना :** आधुनिक वातावरणीय मूर्तिकला सिर्जनाको नाम : निर्माण (भृकुटी मण्डप, २०२३), बुद्धि र बलको योग (कृषि विकास वैङ्क, रामशाहपथ, काठमाडौँ, २०३४), कृषिका कार्यहरू (कृषि विकास वैङ्क, रामशाहपथ, काठमाडौँ, २०३५), दूरसञ्चार विकास (दूरसञ्चार संस्थान, नक्साल काठमाडौँ, २०३६), शिक्षा (त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, (२०३७), ज्ञानको ज्योति (दूरसञ्चार संस्थान, बबरमहल, काठमाडौँ, २०३७), कृषि गतिविधि (कृषि विकास वैङ्क (राम शाह पथ, काठमाडौँ, २०३६), विकास (परवानीपुर, २०३७), शक्ति (कुलेखानी जल विद्युत्, मुर्सिङ, २०३८), कृषक (कृषि सेवा आयोजना केन्द्र, काठमाडौँ, २०३९), कम्प्युटर मस्तिष्क (राष्ट्रिय कम्प्युटर केन्द्र, सिंहदरबार, २०४२), ज्ञान र विज्ञानको सङ्गम (दीपेन्द्र प्रहरी आवासीय विद्यालय, ककनी, काठमाडौँ, २०४२), ज्ञान र सेवाको मन्दिर (त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगन्ज, काठमाडौँ, २०४२), विकासको गति (हेटौँडा सिमेन्ट उद्योग, हेटौँडा, २०४३), प्रकाशको मन्दिर (दोस्रो जलविद्युत्, कुलेखानी, भैँसे, २०४४), सञ्चारको गति (अन्तर्राष्ट्रिय दूरसञ्चार भवन, त्रिपुरेश्वर, काठमाडौँ, २०४४), गौरीशङ्कर (दीपेन्द्र सभागृह, पोखरा, २०४५), कृषि (कृषि क्याम्पस चितवन, २०४५), विकास (इन्जिनियरिङ अध्ययन संस्थान, पोखरा, २०४५), दूरसञ्चारको विकास (अन्तर्राष्ट्रिय भू-उपग्रह केन्द्र बलम्बु, काठमाडौँ, २०४५), दुरसञ्चारको गति (दूरसञ्चार संस्थान, बाँसबारी, काठमाडौँ, २०४५), विद्युत् विकास (मर्स्याङ्दी जलविद्युत्, २०४६), शिवशक्ति (सिफल, काठमाडौँ, २०४६), जीवनज्योति (सैनिक अस्पताल, छाउनी, काठमाडौँ, २०४७), ॐ नमः शिवाय (बुद्ध गान्धी प्रतिष्ठान, लाजिम्पाट, काठमाडौँ, २०४८), ॐ (वीरेन्द्र अन्तर्राष्ट्रिय केन्द्र, नयाँ बानेश्वर, काठमाडौँ, २०५१), प्रहरी स्मारक (प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ, २०५१), आस्था (वीरेन्द्र अन्तर्राष्ट्रिय केन्द्र, काठमाडौँ, २०५६), प्रकृति (वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, काठमाडौँ, २०५७), विभिन्न विषयलाई प्रतिनिधित्व गर्ने धातु, प्लास्टर अफ पेरिस, मार्बल चिप्स, सिमेन्ट, फलामे छड, काठ र माटो आदिका गरी घरभित्र राख्ने करीब १००० वटा जति मूर्तिकला सिर्जना । नेपाललगायत भारत, बेलायत, फ्रान्स, अमेरिका, नर्वे, स्वीडेन, डेनमार्क, जर्मन, सोभियत सङ्घ, चीन र स्वीटजरल्यान्ड आदि देशहरूमा कला सङ्गृहीत । देश-विदेशमा गरी डेढ दर्जनपटक कला र हस्तकला प्रदर्शनी । समर्पण (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** कला पत्रिका (नेपाल ललितकला संस्थान, २०२९), आकृति (ललितकला विषयक) । **पुरस्कार/सम्मान :** गुजरात राज्य ललितकला एकेडेमीद्वारा आयोजित कला प्रदर्शनीमा द्वितीय पुरस्कार (२०१८ र २०१९ मा राजकोट र बरोदा, भारत), हरिवदन स्मृति सर्वोत्तम पुरस्कार (भारत, २०२०), नेपाल ललितकला संस्थाद्वारा आयोजित राष्ट्रिय कला प्रदर्शनीमा द्वितीय पुरस्कार (२०२०), सर्वोत्तम पुरस्कार (पुरातत्त्व विभाग र नेपाल ललितकला संस्थाद्वारा आयोजित अन्तर्राष्ट्रिय कला प्रदर्शनी, २०२७), नेपाल ललितकला संस्थाद्वारा आयोजित राष्ट्रिय कला प्रदर्शनीमा प्रथम पुरस्कार (२०३०, २०३१), वीरेन्द्र राष्ट्रिय कला स्वर्ण पदक (२०३१), शुभराज्याभिषेक पदक (२०३१), सुप्रबल गोरखा दक्षिणबाहु तृतीय (२०५२), गद्दी आरोहण रजत पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), विख्यात त्रिशक्ति पट्ट तृतीय (२०६०) । प्रतिभा सम्मान (सुनकोशी साहित्य प्रतिष्ठान, २०५३), श्री ५ वीरेन्द्र सरकारको ५४औँ शुभजन्मोत्सव विशेष योगदान स्मृति चिह्न (२०५५), राष्ट्रिय विकास तथा सम्मान केन्द्र नेपालद्वारा सम्मान (२०५७), शताब्दीको लोकप्रिय कलाकार (कान्तिपुर पब्लिकेसनले इन्टरनेटवाट गरेको सर्वेक्षणवाट, २०५७), स्रष्टा सम्मान (ने.वि.सङ्घ, २०५९), नेपाल फर्मास्यूटिकल ल्याव प्रा.लि. द्वारा सम्मान (२०६०) आदि अभिनन्दनपत्र एवं कदरपत्रहरू प्राप्त । **हालको ठेगाना :** घ-२ रातोपुल, सिफल, काठमाडौँ । **फोन :** ४४७२१४७ ।

ठाकुर बेलवासे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ असार २१, ढाकावाङ-८, अर्घाखाँची । **माता/पिता :** पुनम बेलवासे, ईश्वरीप्रसाद बेलवासे । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** साहित्य, समाजसेवा, पत्रकारिता । **पहिलो रचना :** बालकहरू (कविता, स्मारिका, २०४७) । **कृति/सृजना :** सागरको वरिपरि मनहरूको समारोह (कविताकृति, २०५९), अचानक यो साँझ (कवितासङ्ग्रह, २०६७), त्रासमा ईश्वर (कवितासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** युगका कविता (कवितासङ्ग्रह, २०५६), माटोको माया (नाटक, २०५५), युग वसन्त (मासिक), नव जनप्रहार (साप्ताहिक), कौटिल्य (साप्ताहिक), विशाल नेपाल (समसामयिक राजनीति र (RAW), नयाँ । **पुरस्कार/सम्मान :** हिमशिखर प्रतिभा पुरस्कार (२०५६), राष्ट्रिय कविता महोत्सव (कास्यपदक, २०५८), विराट्

नेपाल कविता महोत्सव (२०५८), मानश्री युवा सम्मान (२०६०), त्रि-चन्द्र देवकोटा सम्मान (२०६३), विनय रावल स्मृति पुरस्कार (२०६६), महाकवि देवकोटा शताब्दी महोत्सव काव्य पुरस्कार (२०६६), लूनकरणदास-गङ्गादेवी चौधरी नेपाल नवप्रतिभा पुरस्कार (२०६९), राष्ट्रिय कविता महोत्सव (प्रथम, ने.प्र.प्र., २०६९), युवावर्ष मोती पुरस्कार (२०६९), साझा पुरस्कार । **हालको ठेगाना :** बालकोट, भक्तपुर (belbasethakur@gmail.com) । **फोन :** ९८४१२८०२७१ ।

ठाकुर शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ २५, जुहाङ, गुल्मी । **माता/पिता :** धनकला भण्डारी, जगन्नाथ भण्डारी । **शिक्षा :** साहित्याचार्य, एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मिर्मिरे (कविता, मिर्मिरे पत्रिका, २०४३ भदौ) । **कृति/सृजना :** अन्तर्ध्वनि (कवितासङ्ग्रह, २०५५), आस्थाका पाइला (कवितासङ्ग्रह, २०५९), उपासना (कवितासङ्ग्रह, २०६०), तीतामीठा कुरा (कविता, सहलेखन, २०६३), वसन्तानन्द (चम्पू काव्य, २०६५), प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह, २०६६) विमर्शन (२०६६), प्रकृतिमा मान्छे (२०६६) । **सम्पादन/अनुवाद :** दायित्व (साहित्यिक मासिक), पुष्पाञ्जली (मुखपत्र), युवा चौतारी (नेपाल रेडक्रस सोसाइटी), गोनिष्क्रमणस्थलको महिमा (अनुवाद, २०५२) । **हालको ठेगाना :** सिफल, काठमाडौँ । **फोन :** ४४८३४२६, ९८४१२४५३३१ ।

डमरूवल्लभ पौड्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ भदौ २५, अर्घौं अर्चले, कास्की । निधन : २०६० असार १७ । **माता/पिता :** विष्णुमाया, जगन्नाथ पौड्याल । **शिक्षा :** संस्कृत साहित्यमा आचार्य । **सेवा :** राजदरबार (राजपुरोहित, राजप्रासाद), साहित्य । **पहिलो रचना :** वीर तेन्जिङको स्वागतमा (कविता, जयन्ती, २०१०) । **कृति/सृजना :** राम्रो म (खण्डकाव्य, २०१८), जीवनको विचित्रता (खण्डकाव्य, २०१९), यात्री (खण्डकाव्य, २०२३), नब्युँझने नीद (खण्डकाव्य, २०२३) । **सम्पादन/अनुवाद :** खेचराद्रितीर्थमाहात्म्य (अनु. २०१७), श्रीमद्भगवद्गीता (अनु., २०२६), शुक्रनीति (अनु.-२०२९), सद्धर्मपुण्डरीकसूत्र (२०३१), अश्वायुर्वेद (२०३१), अवधूत गीता (अनु. २०३१), वाशिष्ठ गीता र योग वाशिष्ठका कथाहरू (अनु. २०३८), श्री अष्टावक्र गीता (अनु.), अश्वशास्त्र (अनु.) । **पुरस्कार/सम्मान :** राजप्रासाद सेवा पदक (२०२३), शुभराज्याभिषेक पदक (२०३१), ने.रा.प्र.प्र. कविता महोत्सव - दोस्रो (२०४४),सुप्रबल गोरखा दक्षिणबाहु तेस्रो (२०५०), विख्यात त्रिशक्तिपट्ट तेस्रो (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३) । **सम्पर्क ठेगाना :** लैनचौर, दुग्धविकास संस्थान पछाडि, काठमाडौँ ।

डमरूवल्लभ भण्डारी 'जुठे'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१२ साउन २२, इनरूवा-१०, सुनसरी । **माता/पिता :** खड्गकुमारी, कृष्णप्रसाद भण्डारी । **शिक्षा :** स्नातक । **पहिलो रचना :** एक क्रान्तिकारी (कविता, हुँकार, २०३४) । **कृति/सृजना :** कस्तो चलन (खण्डकाव्य), गोधूलि (खण्डकाव्य, २०६४), अझ क्रान्ति बाँकी छ (काव्य, २०६७) ।

डम्बर घिमिरे (हौँचुरे कान्छो, गगन भुवन)



(हास्यकवि/कलाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार १, रावाखोला, हौँचुर, खोटाङ । **माता/पिता :** मेनाकुमारी घिमिरे, गजाधर घिमिरे । **शिक्षा :** शास्त्री, स्नातक । **सेवा :** अध्यापन, कृषि, कला, साहित्य । **पहिलो रचना :** गङ्गाको घाटमा पूर्व फर्केर (२०२७) । **कृति/सृजना :** भीष्म प्रतिज्ञा (कवितासङ्ग्रह, २०५१), तीतो पीरो (हास्यव्यङ्ग्य क्यासेट, २०५७), घाम पानी (हास्यव्यङ्ग्य, मुक्तक, २०६१), धर्मकुमारी (शोककाव्य, २०६५) । झ्याइँकुटी, तीतोसत्य, हिजोआजका कुरा, साङ्ग्रिला आदि टेलिहास्य शृङ्खलामा अभिनय । **सम्पादन/अनुवाद :** नवरङ्ग (२०६१) । **पुरस्कार/सम्मान :** डा. स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार (२०६१),

जि.वि.स. झापाबाट पुरस्कार (२०५४), भद्रकुमारी घले सेवा पुरस्कार (२०६६), गेरू अम्विका कोइराला स्मृति वाणी पुरस्कार (२०६७), गोपालराज पन्त पुरस्कार (२०६८) । करीब दुई दर्जन सङ्घसंस्थावाट सम्मान तथा अभिनन्दन । देवकोटा स्मृति भवन (२०५२), सृजनाकला समूह, काठमाडौँ (२०५३), लेखनाथ वाचनालय झापा (२०५४), साहित्यकला सङ्गम, दमक (२०५९), मेचीनगर नगरपालिका (२०५४), वीरगन्ज साहित्य परिषद् वीरगन्ज (२०५७), देवकोटा शतवार्षिकी सम्मान, आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान अभिनन्दन । **हालको ठेगाना :** विराटनगर -१६, मोरङ / कौशलटार, भक्तपुर । **फोन :** ९७४२०१८८९२ ।

डम्बर पहाडी (परियार)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ कात्तिक २६, इलाम । **माता/पिता :** जानुकादेवी परियार, केशरबहादुर परियार । **शिक्षा :** एम.ए. (इतिहास, त्रि.वि.) । **सेवा :** प्राध्यापन, सामाजिक सेवा, अभिनय, सङ्गीत, साहित्य । **पहिलो रचना :** मेची किनारका कविता (कविता, २०२९) । **कृति/सृजना :** नझुकेको स्वाभिमान (नाटक, २०५०), प्रहर (कवितासङ्ग्रह, २०६०) । नरोए आमा (गीतिएल्बम) एवं केही गीतहरूमा सङ्गीत दिएको । नओइलाउने फूलहरू (टेलिफिल्म अभिनय) । **सम्पादन/अनुवाद :** प्रतिज्ञा (साप्ताहिक), संस्कृति (पत्रिका) । **पुरस्कार/सम्मान :** जीवनस्मृति पुरस्कार (२०६३) । समता इलामद्वारा अभिनन्दन (२०६५) जुही लगायत विभिन्न सङ्घसंस्थाहरूबाट प्रशंसापत्र । **हालको ठेगाना :** नारायणहिटी पथ, नक्साल, काठमाडौँ । **फोन :** ४४३४८४९ ।

डम्बरबहादुर डी. (न्यौपाने)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ फागुन ७, धुम्बाराही, काठमाडौँ । **माता/पिता :** मोहनकुमारीदेवी न्यौपाने, तरङ्गबहादुर न्यौपाने । **शिक्षा :** स्नातक । **सेवा :** सिँचाइ विकास योजना । **पहिलो रचना :** चङ्गा (कविता, २०१७) । **कृति/सृजना :** जीवनमुक्ति (कविता-सङ्ग्रह, २०१९), मेरी प्रेमिका (हास्यव्यङ्ग्यसङ्ग्रह, २०४५), वोकाका मुखमा कुभिन्डो (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५१), पवनदूत (खण्डकाव्य, २०५३), कुर्सी र गधा (हास्यव्यङ्ख्य, प्रका.) । **सम्पादन/अनुवाद :** खित्का (हास्यव्यङ्ग्य पत्रिका, २०२६) **हालको ठेगाना :** धुम्बाराही, काठमाडौँ **फोन :** ४४४०५६१ ।

डम्बर रसिक भारती (डम्बरबहादुर)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३४ जेठ ११, कुन्चोक, सिन्धुपाल्चोक । **माता/पिता :** मैया भारती, पोनप्रसाद भारती । **शिक्षा :** स्नातक । **सेवा :** पत्रकारिता, अध्यापन । **पहिलो रचना :** प्राथमिक विद्यालय (वालउपन्यास, २०५०) **कृति/सृजना :** प्राथमिक विद्यालय (वालउपन्यास, २०५०), भुइँकुहिरो (लघुकथासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** जमघट (साहित्यिक द्वैमासिक, २०५९) । **पुरस्कार/सम्मान :** विभिन्न कविगोष्ठीहरूमा पुरस्कृत । काँचुली हवाई पत्रिका पाल्पाबाट सम्मान (२०५७) । **हालको ठेगाना :** कुन्चोक -४, सिन्धुपाल्चोक । **फोन :** ०११-६२०२५६ ।

डम्मरशमशेर थापा

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९४० असार शुक्ल तृतीया, नक्साल, काठमाडौँ । निधन : २०२७ असार शुक्ल चौथी । **माता/पिता :** नूतनराजकुमारी, केशरसिंह थापा । **शिक्षा :** स्नातक । **सेवा :** रक्षा सचिव । **कृति/सृजना :** डायरीका पानाबाट (संस्मरण, २०३४) । **सम्पादन/अनुवाद :** कवाजको किताब (अनुवाद, १९८५) । **पुरस्कार/सम्मान :** माथवर नेपाल तारा (१९७५), महाभूकम्प पीडितोद्धार पदक (१९९१), प्रख्यात त्रिशक्तिपट्ट पदक (१९९५), दीर्घसेवा पदक (१९९७), शुभराज्याभिषेक पदक (२०१३) ।

डायमनशमशेर राणा

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७५ असार २१, ठूटेपीपल, तानसेन,

पाल्पा । निधन : २०६७ फागुन २०, काठमाडौँ । **माता/पिता :** मोहनकुमारी, बुद्धशमशेर जबरा । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, सैनिक सेवा, राजनीति । **कृति/सृजना :** *उपन्यासहरू :* वसन्ती (२००६, चलचित्र समेत बनिएको), सेतोबाघ (२०३०, अङ्ग्रेजी, जर्मन, जापानी, फ्रेन्च भाषालगायत सात भाषामा समेत अनूदित), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८), अनीता (२०४५), धनको धब्बा (२०५१), गृह प्रवेश (इ.सं. २००२) । **पुरस्कार/सम्मान :** शुभ समूह पुरस्कार (२०४२), भारती खरेल स्मृति पुरस्कार (२०५०), प्रोफेसर बी.सी. मल्ल अवार्ड (इ.सं. २००१), राष्ट्रिय प्रतिभा पुरस्कार, जगदम्बा पुरस्कार, भूपाल कृति पुरस्कार । शुभ समूहद्वारा अभिनन्दन-सम्मान । **सम्पर्क ठेगाना :** कोपुण्डोल, ललितपुर । **फोन :** ५५२०४०१ ।

डिक बान्तवा

(साहित्यकार, नेपाली/राईभाषा)

जन्म/स्थान : वि.सं. २००५ कात्तिक मसान्त, दिल्पा नागी, भोजपुर । **माता/पिता :** मदन हाङ्मा राई, मानबहादुर राई । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, बान्तवा भाषाका अध्येता । **पहिलो रचना :** हली (कविता, बैसालु, दार्जीलिङ, २०२४) । **कृति/सृजना :** निम्तो (उपन्यास, २०२६), अभाव (उपन्यास, २०२८), हिमालको फेदीमा (खण्डकाव्य, २०३१), तर पनि माछापुच्छ्रे बोल्दैन (संस्मरण, २०४४), बान्तवा राई शब्दकोश (२०४७), बान्तवा राई व्याकरण (२०५५), आन युङ (बान्तवा भाषाको पाठ्यपुस्तक, २०५७), छावुङ (बालपुस्तक, बान्तवाभाषामा, २०६०) । सायाबुङ (बान्तवाभाषाको टेलिचलचित्र, लेखन/निर्देशन, २०५३), साकेवा (पहिलो बान्तवा-राई भाषाको वृत्तचित्र, भाग-१ : २०५४, भाग-२, २०६१), शहीद (टेलिचलचित्र, निर्देशन, २०५५), रिसिया (बान्तवा राई भाषामा पहिलो गीतिएल्बम, रचना, २०५६), सिम्मा (बान्तवाभाषाको टेलिचलचित्र, लेखन/निर्देशन, २०६३) । **सम्पादन/अनुवाद :** सातचोटे (साहित्यिक वार्षिक पत्रिका, २०२९), छहरा (साप्ताहिक, २०४७), किरावाबुङ (वार्षिक पत्रिका, २०५८), आन युङ (कक्षा १ देखि ५ सम्म लेखन/सम्पादन) । **पुरस्कार/सम्मान :** पूर्वाञ्चल लोकनृत्यमा प्रथम/स्वर्णपदक (धरान, २०३१) । किरात राई यायोक्खाबाट सम्मान, माटो मासिकबाट सम्मान (२०६२) । **हालको ठेगाना :** बलम्बु, काठमाडौँ । **फोन :** ४३११५५५ ।

डिकमान मुखिया 'विरही'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ माघ १०, फुङ्लिङ, ताप्लेजुङ । **माता/पिता :** सरस्वता सुनुवार, सहरमान सुनुवार । **शिक्षा :** एस.एल.सी. । **सेवा :** लेखन, साहित्य । **पहिलो रचना :** महेन्द्र हुन् राजा (कविता, सूर्योदय साप्ताहिक, २०३०) । **कृति/सृजना :** विरह (कवितासङ्ग्रह, २०३३), एउटा अठोटको स्वर (कवितासङ्ग्रह, २०५३) । **सम्पादन/अनुवाद :** रहर (साहित्यिक मासिक, २०३५), झुल्के घाम (साप्ताहिक, २०४९), साहित्य चौतारी (मुखपत्र, २०६०) । **पुरस्कार/सम्मान :** उत्कृष्ट समाचार लेखन राष्ट्रिय पुरस्कार, कन्काई प्रतिभा पुरस्कार, महानन्द पुरस्कार (२०५८), श्यामकृष्ण पत्रकारिता पुरस्कार (२०५९), अन्तर्राष्ट्रिय सहकारी पुरस्कार (२०६०), मोतीराम पत्रकारिता पुरस्कार (२०६१) । **हालको ठेगाना :** दुहागढी -४, झापा । **फोन :** ०२३-५४३३७८ ।

डिल्लीजङ्ग गुरुङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६१ कात्तिक १४, लाँकुरी चौतारा, घनपोखरा, लमजुङ । निधन : २०२१ जेठ । **माता/पिता :** पदमकुमारी गुरुङ, मनिलाल गुरुङ । **शिक्षा :** साधारण शिक्षा । **सेवा :** साहित्यिक सिर्जना, आध्यात्मिक चिन्तन । **कृति/सृजना :** विचारालोक, नवमञ्जरी, सुन्दरकाण्ड, लाँकुरी, कपिलगीता, प्रेमोपहार (काव्य), नेपाली तुलसी रामायण (२०५९), उद्धवगीता, रामगीता, वृन्दावन, चौबीसगुरु, चित्तबोध आदि । **सम्पादन/अनुवाद :** नवमञ्जरी (माघव घिमिरेको अनु.), सुन्दरकाण्ड (तुलसीकृतरामायणको अनु.) । **सम्पर्क ठेगाना :** मन्डिखाटार, काठमाडौँ । **फोन :** ४३७२३७३ ।

डिल्लीजङ गुरुङ

(लेखक, गुरुङभाषा)

जन्म/स्थान : वि.सं. १९९४ माघ १, धारापानी -४, नाचै, मनाङ । **माता/पिता** : सुनुरनी गुरुङ, नरसुब्बा गुरुङ । **शिक्षा** : अनौपचारिक अध्ययन । **सेवा** : अध्यापन, राजनीति, भाषासाहित्य । **पहिलो रचना** : तमु (गुरुङ-नेपाली-अङ्ग्रेजी शब्दावली २०४२) । **कृति/सृजना** : तमु (नेपाली-अङ्ग्रेजी शब्दावली, २०४२), तमु (गुरुङ) जातिको वंशजबारे खण्डन र केही संस्कृति झलक (२०४३), जहाँ पाप त्यहाँ धर्म (नेपाली भाषा, २०४८), तमु (गुरुङ) वंशावलीको परिचय (संस्कृतिसहित, २०४९), तमु (गुरुङ) नेपाली, अङ्ग्रेजी शब्दकोश (२०५२), नेपाली, अङ्ग्रेजी, तमु बोलचाल भाषा (२०५३), तमु (गुरुङ) जातिको परिचय (२०५४), तमु जातिको लुकेको इतिहास (२०५६), नेपाली, तमु, अङ्ग्रेजी शब्दकोश (२०५९) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५) । केन्द्रीय तमु धिं तदर्थ समिति (२०४८), तमु राष्ट्रिय भेला (पोखरा, २०४९), तमु छोजधिं केन्द्रीय समिति (पोखरा, २०५३), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, केन्द्रीय सङ्गठन कमिटी (काठमाडौँ, २०५५), तमु छोजधिं के.वि.स. (योहिल्हो ल्होसार, २०५५), रैतो तमु प्रेतना (ललितपुर, २०६१), राजधानी सेवा समिति (काठमाडौँ, २०६१), तमु युवा संस्कृति परिवार (पोखरा, २०६२), तमु संस्कृति महोत्सव (२०६२) आदि सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन तथा सम्मानहरू प्राप्त । **हालको ठेगाना** : बालुवाटार, काठमाडौँ । **फोन** : ४४१२२०५ ।

डिल्लीबहादुर केसी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ पुस १५, तुलसीपुर न.पा.-४, दाङ । **माता/पिता** : भूमाकुमारी केसी, अमरबहादुर केसी । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता, समाज सेवा । **पहिलो रचना** : आत्माको सङ्घर्षबाट निक्लेको करेन्ट (कविता, राप्ती दर्पण, २०२३) । **कृति/सृजना** : सिंहदरबारका भूत लाग्दा (कवितासङ्ग्रह, २०२७), यहाँका मान्छेहरू (कवितासङ्ग्रह, २०३७), मुलुकमा बितेका पन्ध्र वर्षहरू (लेखसङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान** : अन्तरकलेज कविता प्रतियोगितामा पुरस्कार (२०२६, २०२९), दैवीपीडित उद्धार पदक (२०४५) । राप्ती साहित्य परिषद्बाट सम्मान (२०५०) । **हालको ठेगाना** : तुलसीपुर-४, दाङ । **फोन** : ५२०२०७, ९७४८५१००६९ ।

डिल्लीरमण रेग्मी



(इतिहासकार, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९७० पुस ४, लाजिम्पाट, काठमाडौँ । निधन : २०५८ भदौ १४, काठमाडौँ । **माता/पिता** : मुक्तिदेवी रेग्मी, रोहिणीरमण रेग्मी । **शिक्षा** : विद्यावारिधि, डी.लिट (इतिहास) । **सेवा** : राजनीति (पूर्वमन्त्री), इतिहास । **कृति/सृजना** : इन्सेन्ट नेपाल (इ.सं. १९५९), मेडियवल नेपाल (४ भाग, इ.सं. १९६५), इन्सेन्ट इन्स्कृप्सन (२०३८), नेपालको इतिहास । **पुरस्कार/सम्मान** : नेपाल युनेस्को पीस प्राइज (इ.सं. १९९४) । मानार्थ डी.एस्सी. (मास्को) द्वारा सम्मानित ।

डिल्लीरमण शर्मा अर्ज्याल



(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ चैत्र ७, नलाङ, आप्रीछाप, धादिङ । **माता/पिता** : अयोध्यादेवी अर्याल, वेदनिधि अर्याल । **शिक्षा** : आचार्यसम्मको अध्ययन (संस्कृत), बी.एड. । **सेवा** : अध्यापन, सामाजिक सेवा । **पहिलो रचना** : श्रीरङ्गस्तुति (खण्डकाव्य, संस्कृत भाषामा, २०२०) । **कृति/सृजना** : श्रीरङ्गस्तुति (खण्डकाव्य, २०२०), वेदनिधि (शोककाव्य, २०४६), धातुपरिचय (नेपाली व्याकरण, २०४७), व्याकरण परिचय (२०५२), परिमार्जित तथा परिवर्धित व्याकरण परिचय (२०५३), थोपल (खण्डकाव्य, २०५७), छन्द परिचय (२०५८), गङ्गा-जमुना (कवितासङ्ग्रह, २०५८), जीवनका कथाव्यथाहरू (संस्मरण, २०५८), अष्टचिरञ्जीवीहरू (कथासङ्ग्रह, २०५९), मुटु खायो (गीतसङ्ग्रह, २०६०), रेडक्रस परिचय (खण्डकाव्य, २०६१), अर्ज्याल वंशक्रम (अनुसन्धान, २०६१) जनआन्दोलन । **सम्पादन/अनुवाद** : बिसौनी (धादिङ साहित्य समाजको मुखपत्र), आँखुको सुसेली (कर्मचारी मिलन केन्द्र धादिङको मुखपत्र) । **पुरस्कार/**

सम्मान : शिक्षासमितिद्वारा शिक्षा दिवस समारोह -सुवर्ण पदक 'तक्मा' (२०४९) । नीलकण्ठ पुनर्मिलन समारोह धादिङद्वारा सम्मान (२०४५), कर्मचारी मिलन केन्द्रद्वारा सम्मान (धादिङ, २०५७), परिवर्तन नेपाल धादिङ शाखाद्वारा सम्मान (२०५९) । वसन्त-राधा पद्यकाव्य पुरस्कार (२०६८), जिविस धादिङबाट पुरस्कृत (२०६८), त्रिमूर्ति पुरस्कार (२०६९) । **हालको ठेगाना** : नीलकण्ठ-५, धादिङ । **फोन** : ०१०-५२०३४२ ।

डिल्लीरमण शर्मा न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ साउन २, किचनास, स्याङ्जा । **माता/पिता** : इन्द्रकला, ऋषिराम न्यौपाने । **शिक्षा** : साधारण । **सेवा** : कृषिकार्य । **कृति/सृजना** : आजको झ्याउरे (२०११), ग्राम्य सङ्घर्ष (झ्याउरे कवितासङ्ग्रह, २०१६), विधवाको करुण क्रन्दन (सवाई कविता, २०१६) । **हालको ठेगाना** : करहिया, तुलसीपुर रूपन्देही । **फोन** : ०७१-५६०४३९, ९८४१३१३६४९ ।

डिल्लीराज अर्याल (देशबन्धु /डि.राज)

(कवि/निवन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० पुस १६, मदनपोखरा-१, पाल्पा । **माता/पिता** : वेदप्रभा अर्याल, झपेन्द्रराज अर्याल । **शिक्षा** : साहित्याचार्य, एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, लेखन, पत्रकारिता । **पहिलो रचना** : हराउँदै छन् (कविता, पाहुर पत्रिका, २०३५) । **कृति/सृजना** : नेपालमै जान्छु म (कवितासङ्ग्रह, २०३४), सरिता (खण्डकाव्य, २०४५), रहस्य (कथा, २०४७), ठूले राई (खण्डकाव्य गीतिलयमा, २०५६), रातमा सूर्य दिनमा तारा (व्यङ्ग्य निबन्धसङ्ग्रह, २०५७), भन्नै पऱ्यो सुन्नै पऱ्यो (खण्डकाव्य, गीतिलयमा, २०६०), घोल्कीमा बस्ने रहर (संस्मरणात्मक निबन्ध, २०६१), धर्मयुद्ध (खण्डकाव्य, २०६४) । **सम्पादन/अनुवाद** : सर्वोदय (मुखपत्र, २०४१), कलम (मुखपत्र, २०४७), निष्पक्ष (साप्ताहिक, २०५१), श्रीनगर (साप्ताहिक, २०५४), प्रतिभा (२०५५), नेतृत्व (साप्ताहिक, २०५५), आरती (मुखपत्र, २०५७), चन्द्रज्योति (मुखपत्र, २०५८), उत्साह (मुखपत्र, २०६०), परिचय (२०६४), हाम्रो मनोहरबस्ती (२०६४), धर्मयुद्ध (खण्डकाव्य, २०६४), त्रासदी (कवितासङ्ग्रह, २०६८) झलझली आँखामा (संस्मरण, २०६८), नौलो नेपाली । **पुरस्कार/सम्मान** : वर्ष शिक्षक पुरस्कार (मो.क.मा.वि.बाट, २०५६), गोष्ठीहरूमा पुरस्कृत, शिक्षा पुरस्कार (२०५७), उत्कृष्ट पत्रकारिता पुरस्कार (२०६५), सर्वोदय मा.वि.बाट पटक-पटक प्रशंसापत्र तथा नगद पुरस्कार । निष्पक्ष साप्ताहिक बुटवलबाट सम्मान (२०५०), दैनिक लुम्बिनीबाट सम्मान (२०६०), पोखराथोक साहित्य सङ्गमबाट सम्मान, साहित्यिक जनचेतना साप्ताहिकबाट सम्मान । **हालको ठेगाना** : पुरानो सिनामङ्गल, काठमाडौं । **फोन** : ४९९०८११, ९८४१९६२५४६ ।

डिल्लीराज आचार्य

(कवि/पत्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ साउन १०, दाङवाङ-७, प्युठान । **माता/पिता** : डोमादेवी आचार्य, लोकमणि आचार्य । **शिक्षा** : एम.ए., बी.एल., बी.एड. । **सेवा** : सरकारी सेवा, न्याय सेवा । **पहिलो रचना** : २०३७ साल देखि निरन्तर लेखन । **कृति/सृजना** : प्राकृतिक न्यायको सिद्धान्त (२०४९), जनसङ्ख्या कानुन (२०५१), कानुनको शासन : सिद्धान्त र व्यवहार (२०५७), सङ्कटकाल र सङ्कटकालीन अभिव्यक्तिहरू (२०५९), माननीय माहात्म्य (व्यङ्ग्यसङ्ग्रह) । **हालको ठेगाना** : सिसहनियाँ -६, दाङ ।

डिल्लीराज शर्मा

(संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. २०१४ जेठ १९, त्रिभुवननगर न.पा. -६, दाङ । **माता/पिता** : दुर्गादेवी पौडेल, नारायणप्रसाद पौडेल । **शिक्षा** : एम.ए. (संस्कृति) । **सेवा** : प्राध्यापन, अनुसन्धान । **पहिलो रचना** : दाङमा प्राप्त नवपाषाण-कालीन औजार (गोरखापत्र, २०३८, भदौ) । **कृति/सृजना** : प्रारम्भिक पुरातत्त्व विज्ञान (२०४६), नेपाल बाहिर नेपाली साहित्य र संस्कृति (२०५२), नेपालको किल्ला वास्तुकला (२०५५), पश्चिम नेपालको कला र वास्तुकला (२०५८), गण्डकी प्रश्रवण क्षेत्रको सांस्कृतिक सम्पदा-कला र वास्तुकला (२०६०) । **सम्पादन/अनुवाद** : कन्ट्रिबुसन टु द नेपालीज स्टुडिज (सीएनएएस जर्नल, २०५९), जमरा (विशेषाङ्क,

२०५२) । **पुरस्कार/सम्मान** : मृगेन्द्र चिकित्सागुठी सुवर्ण पदक (२०४५), शिक्षा पुरस्कार (२०५७) । **हालको ठेगाना** : कीर्तिपुर, काठमाडौँ । **फोन** : ४३३१७४०, ४४८३६२१ ।

डिल्लीराम अधिकारी

(कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०१८ फागुन २२, ताप्लेजुङ, सिनाम । **माता/पिता** : गोमादेवी अधिकारी, खडानन्द अधिकारी । **शिक्षा** : स्नातकोत्तर (संस्कृत साहित्य) । **सेवा** : गैरसरकारी सेवा । **पहिलो रचना** : समाजकार्य एक परिचय (पुस्तिका, २०५५) । **कृति/सृजना** : मनै त हो पग्लन्छ (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : नेपाल वर्ष किताब (सन् १९९६) । **हालको ठेगाना** : पो.ब.नं. १०९२९, पुरानो बानेश्वर, काठमाडौँ (cegod@dra.wlink.com.np) । **फोन** : ४४९६२७७ ।

डिल्लीराम तिमसिना/ तिमसिना विद्यार्थी

(साहित्यकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९८० पुस ११ एकचेपा, पाँचथर । निधन : २०४९ असोज ९ । **माता/पिता** : भागीरथीदेवी तिमसिना, जनकलाल उपाध्याय तिमसिना । **शिक्षा** : एम.ए., आचार्य, काव्यतीर्थ, विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : २००२ मा गोरखापत्रमा लेख प्रकाशित । **कृति/सृजना** : सम्झना (कवितासङ्ग्रह, २०१७), छन्द र अलङ्कार (सहलेखन, २०१८), हाम्रो साहित्य र साहित्यकार (सहलेखन, सङ्क्षिप्त समालोचना, २०१८), दर्शनको रूपरेखा (२०१९), प्रबन्ध लता (२०१९), बनारसको चिठ्ठी (पत्रात्मक निबन्धसङ्ग्रह, २०२५), बसिबियाँलो (लेख, प्रबन्धसङ्ग्रह, २०३१), बिर्सन्न बिर्सन्न है (कवितासङ्ग्रह, २०३५), भाषा र साहित्य (निबन्ध प्रबन्धसङ्ग्रह, २०४१), काशी (प्रबन्धसङ्ग्रह, २०४५), त्रिवेणी (कथासङ्ग्रह, सहलेखन), शोभा (शोककाव्य, इ.सं. १९८२) गीतानुशीलन (गीताभाष्य), साहित्यिक वार्ता, वाणीसाधना र सामयिक पत्रिका (सहलेखन) । **सम्पादन/अनुवाद** : प्राचीन साहित्य (रवीन्द्रनाथ ठाकुरको समीक्षात्मक निबन्धसङ्ग्रह, अनु.), सिद्धार्थ नाटक, काव्य मीमांसा (अनु., २०३१), भक्तिमीमांसा (२०५३), बाणभट्ट (अनु.), ज्ञान विज्ञानको दिशा (निवन्धसङ्ग्रह) । **पुरस्कार/सम्मान** : पूर्वाञ्चल साहित्यिक प्रतिष्ठानद्वारा सम्मान (२०४३) । **हालको ठेगाना** : दुर्गा निवास, पाञ्चाली, विराटनगर-१५ । **फोन** : ०२१-५३०३४७ ।

डिल्लीराम दाहाल

(लेखक, अङ्ग्रेजी भाषा)
जन्म/स्थान : वि.सं. २००३ जेठ २२, झापा । **माता/पिता** : गङ्गादेवी दाहाल, जगेनिधि दाहाल । **शिक्षा** : एम.ए., विद्यावारिधि (मानवशास्त्र) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : धिमाल लोकजीवन अध्ययन (२०३६) । **कृति/सृजना** : ल्यान्ड एन्ड माइग्रेसन इन फार वेस्टर्न नेपाल (इ.सं.१९७९), इन ईथ्नोग्राफी अफ सोसल चेञ्ज एमोङ द आठपहरिया राई अफ धनकुटा (इ.सं. १९८५), रिभ्यू अफ फरेस्ट्री युजर ग्रुप केश स्टडी फ्रम इस्टर्न नेपाल (इ.सं.१९९४), नेशनल स्ट्राटेजी अन दलित (इ.सं. २००२) । **सम्पादन/अनुवाद** : नेपालमा पिछडिएका जातिहरूको अध्ययन (इ.सं. २००१) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण क (इ.सं. १९८३), शिक्षा पदक (२०५०) । शान्तिदूत सम्मान (२०६३) । **हालको ठेगाना** : ज्ञानेश्वर, काठमाडौँ । **फोन** : ४४१५४०८ ।

डिल्लीराम निर्भीक

(कवि/पत्रकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९९५ माघ २, भद्रपुर-१५, इलाम । **माता/पिता** : नर्मदा शर्मा, मनोरथ शर्मा । **शिक्षा** : आई.ए. । **सेवा** : अध्यापन, समाजसेवा, पत्रकारिता, साहित्य सेवा । **पहिलो रचना** : उषा, आमा र बाडुली (कविता, २०२०) । **कृति/सृजना** : पत्रकारिता : विविध विचार पुस्तक (२०५२), निर्भीक पत्रकारिता (संस्मरणात्मक सङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : हिजो आज (दैनिक), सिद्धार्थ (अर्ध साप्ताहिक), आदि । **पुरस्कार/सम्मान** : प्रख्यात त्रिशक्तिपट्ट चौथा (२०६१), प्रवल गोरखा दक्षिणवाहु, वीरेन्द्र सेवा पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, श्यामकृष्ण पत्रकारिता पुरस्कार, मोती पत्रकारिता पुरस्कार ।

जन्म/स्थान : वि.सं. १९६७ वैशाख शुक्ल पूर्णिमा, प्युखा, काठमाडौँ । निधन : २०१४ वैशाख शुक्लएकादशी । **माता/पिता** : टीकालक्ष्मी पाण्डे, पद्मराज पाण्डे । **शिक्षा** : एम.ए. (संस्कृति, इतिहास) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : नेपालको सङ्क्षिप्त इतिहास (संयुक्त), भारतको सङ्क्षिप्त इतिहास । **सम्पादन/अनुवाद** : गीता प्रवचन (विनोवा भावेद्वारा लिखित, अनुवाद) ।

तोयनाथ पाण्डे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ वैशाख शुक्लपूर्णिमा, काठमाडौँ । निधन : २०५० असोज १७ । **माता/पिता** : आनन्दकुमारी पाण्डे, कुलदत्त पाण्डे । **शिक्षा** : आचार्य (ज्योतिष) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : ज्योतिष र जनजीवन (हाम्रो संस्कृति, २०२६) । **कृति/सृजना** : आमा (काव्य), हर्षोद्गार (काव्य), घण्टा, बार र रातको उत्पत्ति र उपायन्ती, राजाबाट हामीले पाएको प्रेरणा, हाम्रो शास्त्रीय संस्कृतिमा हिन्दुत्व, ज्योतिष र जनजीवन, संस्कृतको अनुत्थानका कारणहरू, गुरुर्वन्दना ।

तोयनिधि पौडेल

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ साउन, लुभु, ललितपुर । निधन : २०३९ भदौ ३१, बानेश्वर । **माता/पिता** : तारादेवी पौडेल, बोधनिधि पौडेल । **शिक्षा** : स्वाध्याय । **सेवा** : सहायक सचिव (स्वास्थ्य) । **पहिलो रचना** : समर्पण र प्राप्ति (उपन्यास, २०२४) । **कृति/सृजना** : *उपन्यासहरू* : नारी (२०२८), भावना (२०३२), एक र अनेक (२०३४), पूर्व र पश्चिम (२०४२), इन्दुमती ।

तोया गुरुङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र १७, कुती, तातोपानी, सिन्धुपाल्चोक । **माता/पिता** : पदमकुमारी गुरुङ, पूर्णवहादुर गुरुङ । **शिक्षा** : एम.ए. (नेपाली), बी.एल. । **सेवा** : अध्यापन, बैङ्क, ने.रा.प्र.प्र. (प्रथम महिला प्राज्ञ) । **पहिलो रचना** : मेरो इतिहास बन्नेछ (कविता, स्वास्नीमान्छे, साउन, २०१९) । **कृति/सृजना** : सूर्यदह (कवितासङ्ग्रह, २०४२), धूपी (लामो कविता, २०४२, अङ्ग्रेजी भाषामा अनुवाद भएको), देवल घुमेपछि (कवितासङ्ग्रह, २०४२), तोया गुरुङका लामा कविता (लामा कविताहरूको सङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : कविता (अतिथि सम्पादक), समकालीन नेपाली कविता (सहसम्पादन), कन्टेम्पोररी नेपाली पोइम्स । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (विराटनगर, २०४३), व्यथित काव्य पुरस्कार (२०४५), रत्नश्री स्वर्णपदक (२०४६) । डिल्लीबजार कन्या बहुमुखी क्याम्पसद्वारा सम्मानपत्र (२०५९), हरित सम्मान (ग्रीन अनर, २०६०), आजीवन सदस्य (नेपाल प्रज्ञा-प्रतिष्ठान) । **हालको ठेगाना** : मीनभवन, नयाँ बानेश्वर, काठमाडौँ (toya_gurung516@hotmail.com) । **फोन** : ४४८१८५६ ।

थरेन्द्र बराल

(हास्यगायक)

जन्म/स्थान : वि.सं. २०११ असोज ६, साँघु -३, ताप्लेजुङ । **माता/पिता** : इन्द्रकला बराल, पुण्यप्रसाद बराल । **शिक्षा** : भिडियोग्राफीमा डिप्लोमा । **सेवा** : हास्यव्यङ्ग्य गीत, लोकगीत, वृत्तचित्र, लोकसंस्कृति । **पहिलो रचना** : झरना र सुसेली (लोक गीतिएल्बम, २०४५) । **कृति/सृजना** : गीतिएल्बमहरू : हाटखोला जाँदा (लोक तथा दोहोरी, २०४७), आँखै बेइमानी (लोक तथा दोहोरी, २०४८), तातो पिँडालु (स्व. मदन भण्डारीको जीवनीमा आधारित, २०५३), महाप्रलय (हाव्यव्यङ्ग्य, २०५३), कुखुरा छोप है (हास्यव्यङ्ग्य, २०६१), पूर्वेली लोकगीत (लोकदोहोरी, २०६२), रेडियो नेपालमा करीब डेढ दर्जन लोकगीत रेकर्ड भएको । **पुरस्कार/सम्मान** : मेची अञ्चल लोकगीत प्रतियोगितामा दुईपटक प्रथम (२०४२), पूर्वाञ्चल लोकगीत प्रतियोगितामा द्वितीय (रेडियो नेपाल, २०४४), अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा प्रथम (रेडियो नेपाल, २०४५), अधिराज्यव्यापी दोहोरी गीत

प्रतियोगितामा प्रथम (२०५२) । **हालको ठेगाना** : कपन, काठमाडौँ । **फोन** : ४२४५०१५ ।

थानेश्वर अर्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ हर्मिचौर-८, गुल्मी । **माता/पिता** : सावित्रा अर्याल, मोतीलाल अर्याल । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : लोक साहित्यको सम्बन्धमा (प्रयास पत्रिका, २०४६) । **कृति/सृजना** : नवपल्लव (समालोचना), लोकसाहित्य र लोकसंस्कृतिको केही सन्दर्भहरू (२०६९) । **सम्पादन/अनुवाद** : प्रयास (पत्रिका, गुल्मी, २०४६), प्राज्ञमञ्च । **पुरस्कार/सम्मान** : कास्की जिल्ला शिक्षा शाखाबाट सम्मान (२०४९) । **हालको ठेगाना** : बुटवल नगरपालिका-९, शिवनगर । **फोन** : ९८४७१५३८६२ ।

दण्डपाणि अर्ज्याल

(तन्त्रशास्त्री/इतिहासकार)

जन्म/स्थान : वि.सं. १९६३ कात्तिक २४, बगुवा, गोरखा । निधन : २०४५ माघ ७ गोरखा । **माता/पिता** : भवानीदेवी अर्ज्याल, तप शर्मा अर्ज्याल । **शिक्षा** : ज्योतिष शास्त्री । **सेवा** : अध्यापन, इतिहास, ज्योतिष । **पहिलो रचना** : राम शाह (२०२९) । **कृति/सृजना** : दशमहाविद्या (तन्त्रशास्त्र-२०३५, प्रकाशन-२०६२) । बृहद् अर्ज्याल वंशावली (२०३५), गोरखाको सङ्क्षिप्त इतिहास, नरभूपाल शाह (जीवनी, २०३२), आदि थुप्रै रचनाहरू अप्रकाशित अवस्थामै छन् । **पुरस्कार/सम्मान** : पण्डित पदवी प्राप्त । **सम्पर्क ठेगाना** : पो.ब.नं. ७४४१, काठमाडौँ । **सम्पर्क फोन** : ४३५९६१५ ।

दधिराज सुवेदी

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ साउन ४, साङराङ, दिङ्ला, भोजपुर । **माता/पिता** : खड्गदेवी सुवेदी, शिवशङ्कर सुवेदी । **शिक्षा** : एम.ए.(नेपाली) । **सेवा** : निजामती, प्राध्यापन । **पहिलो रचना** : चम्की फुले कोपिला (कविता, जनवार्ता, २०२५) । **कृति/सृजना** : नेपाली वाङ्मयका विशिष्ट साधक र उनका साधनाको अभिरेखाङ्कन (समालोचनासङ्ग्रह, २०४४), प्रतिभा र प्रस्तुति (समालोचना-सङ्ग्रह, २०४५), विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र अध्ययन (सहलेखन, २०५१), रचना र अवलोकन (समालोचनासङ्ग्रह, २०५३), विराटनगरको सङ्क्षिप्त इतिहास (२०५४), अध्ययन र मूल्याङ्कन (समालोचनासङ्ग्रह, २०६१), अनुभव र अनुभूति (निबन्धसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : बरगाछी (साहित्यिक पत्रिका, २०२८), संसार (साहित्यिक पत्रिका, २०३६), नेपाली साहित्य आजको सन्दर्भमा (सहसम्पादन, २०३८), प्रतिष्ठान (साहित्यिक पत्रिका, २०४३), मातृकाका कथा र उनको कथाशिल्प (२०४४), मातृकाप्रसाद कोइराला अभिनन्दन ग्रन्थ (२०४५), सुसेली (साहित्यिक पत्रिका), प्रतापनिधि शर्मा स्मृतिग्रन्थ (२०४६), मातृकाका कथा र उनको कथाशिल्प (२०४४), डा. लक्ष्मण शास्त्री स्मृति-ग्रन्थ (२०५०), पिताजी कृष्णप्रसाद कोइराला स्मृतिग्रन्थ (२०५१), आबाल ब्रह्मचारी षडानन्द अधिकारी स्मृतिग्रन्थ (२०५२), काव्य समालोचना (२०५२, सहसम्पादन), विराटनगरको सङ्क्षिप्त इतिहास (२०५२), प्रतिभा (साहित्यिक पत्रिका) आदि । **पुरस्कार/सम्मान** : नारायण पाध्या पुरस्कार (२०५९), जानकीवल्लभ चन्द्रप्रभा पुरस्कार (२०६२) । प्रज्ञा सभासद् (ने.रा.प्र.प्र., २०५१) । शिरोमणि सम्मान (विराटनगर, २०५४), साहित्यकला सम्मान (काठमाडौँ, २०५५), गुराँस सम्मान (विराटनगर, २०६१), नरेन्द्र चापागाईं - वनिता सम्मान (२०६२), गोपाल पाँडे असीम पुरस्कार (२०६६) । **हालको ठेगाना** : गोधूलीमार्ग, विराटनगर -४, मोरङ । **फोन** : ०२१-५२४०३३ ।

दधिराम मरासिनी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९३९ असार २४, खिदिम, अर्घाखाँची । निधन : २०२०, चैत्र ३ । **माता/पिता** : खगेश्वरी मरासिनी, परीक्षित मरासिनी । **शिक्षा** : आचार्य (संस्कृत) । **सेवा** : शिक्षा सेवा, हरिहर संस्कृत पाठशालाका संस्थापक एवं प्राचार्य । **पहिलो**

रचना : कविता कल्पद्रुममा कविता प्रकाशित (१९५८) । **कृति/सृजना** : सदाचार र ज्ञानगरिमा (१९७६), श्रीरामचरितामृतम् (संस्कृत खण्डकाव्य, १९८५), नेपालीय भाषाश्लोकसङ्ग्रह (नेपाली कविता-काव्यसङ्ग्रह, २०२१), श्रीकृष्णचरितामृतम् (संस्कृत खण्डकाव्य, २०५०), स्तवमाला (संस्कृत कवितासङ्ग्रह, २०५०), कर्मकाण्ड भास्कर (संस्कृत, पूजापद्धतिसङ्ग्रह, २०५४), लेखनाथ पौड्याललाई प्रेरणा दिने व्यक्तित्वका रूपमा परिचित छन् । **सम्पादन** : कविता कल्पद्रुम (१९६०) । **पुरस्कार/सम्मान** : हेडगुरु, महापण्डित ।

दमनराज तुलाधर

(कवि, नेपाली/नेपाल भाषा)
जन्म/स्थान : वि.सं. १९७३, काठमाडौँ । निधन : २०४८ । **माता/पिता** : देवमाया तुलाधर, बलराज तुलाधर । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : जितेमा संसार (कथा, नेपाल, ने.सं. १०७२) । **कृति/सृजना** : तीस दिनको एक महिना (कवितासङ्ग्रह, २०२५), दमनराज तुलाधर (जीवनी) । **सम्पादन/अनुवाद** : फाउस्ट (अनु.) ।

दयाकृष्ण राई

(कवि/लेखक, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०२२ कात्तिक ६, ठूलोदुम्मा-५, भोजपुर । **माता/पिता** : सुखमती राई, गङ्गाप्रसाद राई । **शिक्षा** : माध्यमिक तह । **सेवा** : बेलायती सेना । **पहिलो रचना** : कविता (पर्वते मासिक, हङकङ, सन् १९८६) । **कृति/सृजना** : लाहुरेको कथा र जापानको व्यथा (कवितासङ्ग्रह, २०६१), ईश्वरको मलामी (कवितासङ्ग्रह, २०६३), सम्झनाको आलिङ्गनमा बाँधिएर (नियात्रा, २०६५), पागल दार्शनिकका अभिव्यक्तिहरू (निबन्धसङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : खुकुरी बुलेटिन (तोकाइ क्षेत्र जापान, सन् २००२), आदिवासी एकता (जापान, सन् २००२) । **सम्मान** : किरात राई यायोक्खा बेलायत (सन् २००८), नेपाली कला साहित्य मञ्च बेलायत (सन् २००८), साहित्य सँगालो डटकम (सन् २०१०) आदि संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : ठूलोदुम्मा-५, भोजपुर / आडस्मडाउन, दक्षिण वेल्स कार्डिफ, बेलायत (dkchhiwatpang@yahoo.co.uk) । **फोन** : ०१-५५७१६१३, ०४४७४५०२९६७९६ (बेलायत) ।

दया खड्गी 'बेचैन'

(कवि, नेपाली/नेपाल भाषा)
जन्म/स्थान : वि.सं. २०२० माघ ११, गा:हिटी, ललितपुर । **माता/पिता** : अष्टमाया खड्गी, कृष्णबहादुर खड्गी । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अभिलेख र प्रशासनसम्बन्धी दक्षता । **पहिलो रचना** : आँसु (कविता, २०३९) । **कृति/सृजना** : आँसु (कविता-सङ्ग्रह, २०३९), *नेवारीमा :* भावनाया छगू न्हुगु संसार (कथासङ्ग्रह, ने.सं. १११२), जि व जिगु यात्रा (कवितासङ्ग्रह, ने.सं. १११८), सच्छिकू हाइकु (हाइकुसङ्ग्रह, ने.सं. १११९), मतिनाया लँपुइ (गजलसङ्ग्रह, ने.सं. ११२१), न्यय्कु हाइकु (हाइकुसङ्ग्रह, ने.सं. ११२३), तकुस्वां (हाइकुसङ्ग्रह, ने.सं. ११२४), इलं बुइकूगु कविता (कवितासङ्ग्रह, ने.सं. ११२५) । **सम्पादन/अनुवाद** : नेवा: हाइकु मुना (संयुक्त), प्रेमचन्दया न्यापुबाखं (अनु. कथासङ्ग्रह, ने.सं. ११२४) । **पुरस्कार/सम्मान** : न्हूगु विश्वभूमि सिरपा (ने.सं. १११३), वि.ने.भा. साहित्य सिरपा (ने.सं. १११७), मणिगल गजल सिरपा (ने.सं. १११८), लुमिन श्रेष्ठ ने.भा. सिरपा (ने.सं. ११२४) । हना-पौ सम्मान (ने.सं. ११२२) । **हालको ठेगाना** : ललितपुर -२२ । **फोन** : ५५३७८१५ ।

दयानन्द वज्राचार्य



(विज्ञान साहित्य स्रष्टा, नेपाली भाषा)
जन्म/स्थान : २००२ असोज १०, मरुटोल, काठमाडौँ । **माता/पिता** : ज्वालादेवी वज्राचार्य, वेदानन्द वज्राचार्य । **शिक्षा** : विद्यावारिधि (वनस्पति विज्ञान) । **सेवा** : प्राध्यापन, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान/नास्ट (प्राज्ञ, उपकुलपति) । **कृति/सृजना** : वैज्ञानिक गोरेटोमा (२०६२), नेपालका विज्ञान तथा प्रविधि (सहलेखन, २०६४), अँध्यारोमा एक काँटी सलाई- जीवनमा विज्ञान (२०६७) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (ख- इ.१९६७, क -

इ.१९७६), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (इ.१९९९), डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार (इ.२००७), श्री लूनकरणदास गङ्गादेवी चौधरी साहित्य पुरस्कार (इ. २०१०) । **सम्पर्क ठेगाना** : चुनदेवी, गणेशमार्ग, महाराजगन्ज, काठमाडौँ (dbajra2002@gmail.com) । **फोन** : ४७२११०८ ।

दयाराम अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २००५ कात्तिक २६ होलसिङ, गोरखा । **माता/पिता** : इन्द्रकुमारी अर्याल, लीलाधर अर्याल । **सेवा** : अध्यापन । **पहिलो रचना** : नेपाल (कविता, दीपशिखा, २०५९) । **कृति/सृजना** : नवोदित पाइलाहरू (संयुक्त कवितासङ्ग्रह, २०६३), अर्याल वंशवृत्तान्त (होलसिङ, गोरखा, २०६७), प्यारो गोरखा (काव्य, २०६७) । **हालको ठेगाना** : जावलाखेल, ललितपुर /नारेश्वर-४, गोरखा । **फोन** : ९८४९१९५७८९, ०६४-४२०८०६ ।

दयाराम दाहाल

(चलचित्रकर्मी, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ जेठ १४, उग्रचण्डी नाला, काभ्रेपलान्चोक । **माता/पिता** : धनकुमारी दाहाल, पदमप्रसाद दाहाल । **शिक्षा** : बी.ए. (त्रि.वि.) । **सेवा** : चलचित्र निर्देशन, सम्पादन, गीत लेखन, कलाकार । **पहिलो रचना** : २०४३ देखि चलचित्र क्षेत्र । **कृति/सृजना** : भरिया, दाइजो, दौतरी, ठूल्दाइ, चाँदनी, जङ्गे, ढुकढुकी, तँ त साह्रै बिग्रिस् नि बद्री, कर्म, अर्जुन, इज्जत, अङ्गरक्षक, दैव, जेठा-कान्छोलगायत दर्जनौँ चलचित्रहरू निर्देशन । **पुरस्कार/सम्मान** : चलचित्र पुरस्कारहरू । **हालको ठेगाना** : काठमाडौँ ।

दयाराम श्रेष्ठ 'सम्भव'

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० भदौ (२४ अक्टोबर, १९४३), सिरान बजार, धनकुटा । **माता/पिता** : नयनकुमारी, सूर्यबहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली कथा र यथार्थवाद) । **सेवा** : प्राध्यापन, साहित्यलेखन तथा अनुसन्धान । **पहिलो रचना** : कविता (हिमाञ्चल, धनकुटा, २०१७ तिर) । **कृति/सृजना** : सन्दर्भ र मूल्याङ्कन (२०२५), नेपाली साहित्यका केही पृष्ठ (२०३२), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (नेपाली साहित्यको इतिहास-सहलेखन-२०३४), नेपाली भाषा र साहित्यको विकासमा शाह वंशको देन (समालोचना, २०४४), रामकथा परम्परा र भानुभक्तको रामायण (इ.सं. १९८४), नेपालको राष्ट्रिय झन्डा : इतिहास, वैशिष्ट्य र प्रयोग (२०५३), साहित्येतिहास : सिद्धान्त र प्रयोग (२०६०) । **सम्पादन/अनुवाद** : वीरकालीन कविता (समालोचना, २०३४), प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा (२०३८), पच्चीस वर्षका नेपाली कथा (२०३९), भारतीय नेपाली कथा (२०३९), कथायान (कथासङ्ग्रह, २०४०), पुष्करशमशेरका कथा (२०४५), झपटका दस कथा, २०४५), नेपाली कथाका समकालीन सन्दर्भ (कथासङ्ग्रह, २०४५), पुष्कर शमशेरका कथा (इ.सं. १९८८) तलतल (बालकृष्ण समको, २०४७) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (इ.सं. १९८४), झपट पुरस्कार (२०४३), पञ्चायत रजत जयन्ती पदक (२०४३), सैनध्वज नन्दकुमारी विद्वत पुरस्कार (इ.सं. १९९०), मदन पुरस्कार (२०५३), गद्दी आरोहण रजत महोत्सव पदक (इ.सं. १९९७), प्रतिभा पुरस्कार (इ.सं. १९९८) । छिन्नलता सम्मान (इ.सं. १९९९) । **हालको ठेगाना** : प्राध्यापक निवास, त्रि.वि.वि. कीर्तिपुर, काठमाडौँ । **फोन** : ४३३१७१६ ।

दलबहादुर काउछा मगर

(कवि, नेपाली भाषा)

जन्मस्थान : तम्घास, खानीगाउँ, गुल्मी । **सेवा** : सैनिक सेवा (भारतीय) । **कृति/सृजना** : बुद्धजयन्ती (कवितासङ्ग्रह, २०५०), विवाह (निबन्ध, २०५०), लाहुरेको जीवनकहानी (२०५०),सादा कागज (कवितासङ्ग्रह, २०५१), सरिताको खोजीमा एक सन्यासी (उपन्यास, २०५२), प्रजातन्त्रको मार्ग (२०५२), पितृहत्या (नाटक, २०५३), हाम्रो संस्कृतिका गीत (२०५५) ।

दलबहादुर गुरुङ (दाइ साहिँला)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : २०३७ मङ्सिर २५, दोभान-६, पाल्पा । **माता/पिता** : चन्द्रश्री गुरुङ, लालबहादुर गुरुङ । **शिक्षा** : एम.एड. । **सेवा/सम्प्रति** : पत्रकारिता, साहित्य, सहकारी,

पर्यटन । **कृति/सृजना** : नसोध मलाई (गीतिनाटक, २०५७), आस्थाका स्वरहरू (चटनीसङ्ग्रह, २०६०), हात्ती हरायो (बालगीतसङ्ग्रह, २०६५), रेक्सा (दृश्यकविता, २०६६), नरसिंह (वृत्तचित्र, २०५६), बालअधिकार (भिडियो फिल्म, २०६६), चिठ्ठी साहिँलीलाई (संस्मरणात्मक चिठ्ठी, २०६६) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा प्रथम (सिद्धार्थ साहित्य परिषद्, भैरहवा, २०५९), कविता प्रतियोगितामा प्रथम (द रेयुकाई नेपाल र साहित्य सङ्गम, बुटवल, २०६१), कथा प्रतियोगितामा तृतीय (साहित्य सङ्गम, बुटवल, २०६१), नूरगङ्गा नवप्रतिभा पुरस्कार । **हालको ठेगाना** : बुटवल (daisahila@gmail.com) । **फोन** : ९८४७०२५५०४ ।

दक्षराज शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ चैत्र, मारेक-कटहरे-२, धनकुटा । **माता/पिता** : जानुकादेवी दाहाल, देवीप्रसाद दाहाल । **शिक्षा** : शास्त्री, बी.एड । **सेवा** : अध्यापन । **पहिलो रचना** : २०१६ सालदेखि लेखरचना, कविताहरू प्रकाशन आरम्भ । **कृति/सृजना** : मेरो प्यारो वतन (कवितासङ्ग्रह, २०५९), जीवनीको आलोकमा केही स्रष्टा (समीक्षण, २०६१) । **सम्पादन/अनुवाद** : नेपाल (धरान, २०१७), हिमाल (दमक, २०२७), हिमज्योति (दमक, २०३५), सङ्गम (दमक (२०५३) । **पुरस्कार/सम्मान** : जिल्ला शिक्षा समिति, झापाबाट नगद पुरस्कार (२०५६) । ने.रा.शि.सं (२०५८), ने.शि. सङ्घ (२०५९), लेखनाथ वाचनालय तथा पुस्तकालय (२०६०) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : दमक -१०, झापा । **फोन** : ०२३ -५८०२६८ ।

दाताराम शर्मा पौडेल (प्रजातन्त्राचार्य/ दत्तात्रेय)

(व्यङ्ग्यकवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७० भदौ ३, सैपु गाउँ, रामेछाप । **निधन** : २०४४ पुस ५, मानभवन, ललितपुर । **माता/पिता** : सुदामादेवी, लोकनाथ पौडेल । **शिक्षा** : शास्त्री (संस्कृतसाहित्य), स्नातक । **सेवा** : अध्यापन, पत्रकारिता, साहित्य, समाजसेवा । **पहिलो रचना** : मन्त्रीहरू कस्ता हुनुपर्छ (कविता, हालखबर, २०१३) । **कृति/सृजना** : सिस्नु ९७ (हास्यव्यङ्ग्यात्मक काव्य, २०३७), "भ्रष्ट गीता" (व्यङ्ग्य भजन) आदि । **सम्पादन/अनुवाद** : हालखवर (पत्रिका, २०१४), गोरखापत्र (सहसम्पादन, २०२१) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१) । **सम्पर्क ठेगाना** : ५/९८ जाउलाखेल, मानभवन, ललितपुर । **फोन** : ५५५०१२८ ।

दामोदर घिमिरे/ धूम्रकेतु

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ असार (१५ मई १९४७), धर्मस्थली, काठमाडौँ । **माता/पिता** : टेककुमारी, मुकुन्दप्रसाद घिमिरे । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : सञ्चार सेवा । **पहिलो रचना** : काफल पाक्यो (बालकथा, २०२६) । **कृति/सृजना** : गर्भिणीको सपना (कथा, कवितासङ्ग्रह, २०२७), माटोको माया (कथासङ्ग्रह, २०२९), तयारी गन्ध (कथासगह, २०३२), तलाउकी रानी (बाल कथासङ्ग्रह, २०३३) शिक्षा शिक्षण (पाठ्यपुस्तक, कक्षा ८, २०३८), भैंसी जात्रा (व्यङ्ग्य क्यासेट, संयुक्त, २०४८), दासढुङ्गा (गीतिएल्बम, २०५२), रेडियो ओनरसिप एन्ड लिसनिङ इन नेपाल (२०५५), सञ्जीवनी र फैसला (भाग १-५), पर्खाल (नाटकसङ्ग्रह, २०६३), मेरी आमा कति राम्री (बालगीत, २०६३), भावगङ्गा (भजनसङ्ग्रह, २०६३), गौमाया (कथासङ्ग्रह, २०६३), एघार एकाङ्की (नाटकसङ्ग्रह), एक सय एक गीत (गीतसङ्ग्रह) । **सम्पादन/अनुवाद** : झङ्कार (मासिक), प्रवक्ता (साप्ताहिक) । **हालको ठेगाना** : गोङ्गबु, काठमाडौँ । **फोन** : ४३५४९७० ।

दामोदर पुडासैनी 'किशोर'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ जेठ १८, जितपुर फेदी, काठमाडौँ । **माता/पिता** : तुलसा पुडासैनी, हरिप्रसाद पुडासैनी । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : लेखा, सांस्कृतिक तथा सामाजिक । **पहिलो रचना** : शहीद (कविता, जागृति साप्ताहिक, २०३१) । **कृति/सृजना** : आफन्तका अनुहारहरू (कवितासङ्ग्रह, २०४९), आँखाको खोजीमा (कवितासङ्ग्रह, २०६२), आलोकित आयाम

(२०६३), आकारको खोजीमा (२०६३) । **हालको ठेगाना** : गोङ्गबु, काठमाडौँ (damopuda567@hotmail.com) । **फोन** : ४३५३९२४, ९८५१०९२०७७ ।

दामोदर पौड्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ कात्तिक ६, पुलचोक, ललितपुर । **माता/पिता** : खेटकुमारी, ध्रुवमोहन पौड्याल । **शिक्षा** : बी.ए. । **सेवा** : लेखापरीक्षण निर्देशक । **पहिलो रचना** : आन्तरिक लेखा परीक्षण (निर्देशन, २०१८) । **कृति/सृजना** : समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका (२०४४), चुनावमा कसरी भाग लिने ? (२०५१), ब्रह्मविद्या (२०६१), आत्मचिन्तन (२०६३) । **हालको ठेगाना** : झम्सीखेल, ललितपुर । **फोन** : ५५२६६०५ ।

दामोदर प्याकुरेल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९३०, कमलपोखरी, काठमाडौँ । निधन : वि.सं. २००० । **शिक्षा** : शास्त्री, संस्कृत, साहित्य । **सेवा** : साहित्य । **कृति/सृजना** : पद्मावती परिणय (खण्डकाव्य, १९६१) करुणा तरङ्गिणी, शार्दुलजङ्गोपाख्यान तथा 'सूक्तिसुधा' कविता कल्पद्रुम र सुन्दरीमा फुटकर रचना प्रकाशित छ ।

दामोदर सुवेदी (दामु मार्सेफुल)

(गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ कात्तिक १५, गजुल-६, रोल्पा । **माता/पिता** : हुकुमा सुवेदी, खोबिलाल सुवेदी । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), बी.एल. । **सेवा** : नोकरी, कार्यक्रम सञ्चालन । **पहिलो रचना** : मानव अधिकारको पचास वर्ष र व्यवहार (निबन्ध, गाउँघर पत्रिका, २०५३) । **कृति/सृजना** : दुःखान्त पल्लवी (दर्दकाव्य, २०५९), पञ्चामृत (विविध ५ विधा, सहलेखन, २०६१), लोकगीत श्रव्यएल्बम : राप्ती पुलैमा (२०५८), रातो गालैमा (२०५९), जुवातासैले (२०६०), चिनारी (आधुनिक गीतिश्रव्यएल्बम, २०६१) । **सम्पादन/अनुवाद** : स्वर्णिम कीर्ति (त्रैमासिक२०५८), पानस (मासिक) । **पुरस्कार/सम्मान** : विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : जि.वि.स. दाङ (marciful_7@yahoo.com) । **फोन** : ०८२-५६२१३०, ९८४१४२१४५८ ।

दिनबहादुर थापा

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ भदौ २२, गलकोट, बागलुङ । **माता/पिता** : पद्मकुमारी, तिलबहादुर थापा । **शिक्षा** : विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : लोकसंस्कृतिको एक झलक तीजगीत (लेख, ज्योतिष जागरण, २०५१) । **कृति/सृजना** : साधारण नेपाली (सहलेखन, २०६१), धवलागिरिका लोकगीतको पहिचान (२०६६), समाजभाषा विज्ञान (२०६९) । **पुरस्कार/सम्मान** : जगतचन्द्र विद्वद्-वृत्ति पुरस्कार (२०६५) लगायत विभिन्न सङ्घसंस्थाबाट सम्मान । **हालको ठेगाना** : बानपा-१, बागलुङ । **फोन** : ९८४७६२२३५५, ०६८-५२१८२० ।

दिनेश अधिकारी (दिनेशहरि)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ मङ्सिर २२, बानेश्वर, काठमाडौँ । **माता/पिता** : शारदादेवी, नन्दनहरि अधिकारी उपाध्याय । **शिक्षा** : एम.ए.(राजनीतिशास्त्र), बी.एल. । **सेवा** : न्यायसेवा । **पहिलो रचना** : 'इच्छा' र 'सम्झे पुग्छ' (कविता, रत्नश्री द्वैमासिक, इ.सं. १९७६) । **कृति/सृजना** : अन्तरका छिटाहरू (कवितासङ्ग्रह, २०३७), धर्तीको गीत (कवितासङ्ग्रह, २०४४), आदिम आवाज (कवितासङ्ग्रह, २०४५), कविताको मौसम (कविता क्यासेट-२०४० संयुक्त), अविराम यात्रा (गीतसङ्ग्रह, २०४८), इन्द्रजात्रा (काव्य, २०५१), आफ्नै मन : आफ्नै आँगन (गीतसङ्ग्रह, २०५४), अतिरिक्त अभिलेख (कवितासङ्ग्रह, २०५६), जङ्गलको कथा जङ्गलको व्यथा (बाल गीतिनाटक, २०५८), मन र मोडहरू (गीतसङ्ग्रह, २०६३) । *गीतिएल्बम (रचना)* : भावनाका मातहरू (२०४७), सुख र दुःख (२०५०), बोल बोल पाखाहरू (२०५४), बिरानो मन (२०५५), परेलीको डिलमुनि (सी.डी.समेत, २०५६), यात्रा (सी.डी., २०५७), अनुभूति (सी.डी.समेत, २०५७), लिपि (सी.डी., २०५९), शब्द (२०६३) । **सम्पादन/अनुवाद** : जीवनज्योति (पत्रिका, सर्लाही, २०२३), मिलन (पत्रिका, बारा, २०४४) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी साहित्य सम्मेलनमा दोस्रा (२०३७), रत्नश्री सुवर्ण

पदक (२०३८), ने.रा.प्र.प्र. -कविता महोत्सव (द्वितीय : २०३८, प्रथम : २०४०), व्यथित काव्य पुरस्कार (२०३९), आधुनिक गीत सम्मेलन (रेडियो नेपाल) मा सर्वश्रेष्ठ गीतकार (२०४०), आधुनिक सङ्गीत सम्मेलन (रत्न रेकर्डिङ संस्थान)मा सर्वश्रेष्ठ गीतकार (२०४०), युगकवि सिद्धिचरण पुरस्कार (२०४५), सर्वोत्कृष्ट गीतकार (राष्ट्रिय भिडियो फिल्म महोत्सव, इ.सं. १९९१), मोती पुरस्कार (२०४९), मदन पुरस्कार (२०५१), साझा पुरस्कार (२०५१), गङ्गा-लक्ष्मी पुरस्कार (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०५३), सुप्रबल गोरखा दक्षिणबाहु (२०५५), भूपालमानसिंह कार्की युवा पुरस्कार (२०५५), मानश्री पुरस्कार (२०५७), छिन्नलता गीत पुरस्कार (२०५९), विख्यात त्रिशक्तिपट्ट तेस्रो (२०६०) । सर्वनाम सम्मान (२०५६), सिम्पल आर्टस सम्मान (२०५९) । **हालको ठेगाना** : बत्तीसपुतली, काठमाडौं । **फोन** : ४४७२७३७, ४२२५२६९ ।

दिनेशचन्द्र रेग्मी 'मधुप'

(इतिहासकार/संस्कृतिविद्, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : १४ अगस्ट १९४५, नक्साल, काठमाडौं । **माता/पिता** : सुशीलादेवी, पूर्णचन्द्र रेग्मी । **शिक्षा** : एम.ए., विद्यावारिधि (पुरातत्त्व) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : अनुरोध (कविता, २०२१) । **कृति/सृजना** : पुरालेखन परिचय (२०४८), नेपालको पौराणिक इतिहास (२०५४), सोम आस्पेक्ट अफ नेपाली कल्चर (इ.सं. २००१), प्राचीन समाज, धर्म र लेखन (२०५८), पुरालेखन र अभिलेख (२०६१) । **सम्पादन/अनुवाद** : नेप्लीज कल्चर । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (इ.सं. १९९६) । **हालको ठेगाना** : धुम्बाराही, काठमाडौं । **फोन** : ४००९५२१, ९८४१३३६७७४ ।

दिनेश तुलाधर

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. २०२१ असार ७, यट्खा, काठमाडौं । **माता/पिता** : न्हानी तुलाधर, बाबुकाजी तुलाधर । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : मूर्तिकला, व्यवसाय । **पहिलो रचना** : लेखनाथ पौडेलको अर्धकदको मूर्ति (लेखनाथ मार्ग, पोखरा, २०३९) । **कृति/सृजना** : *अर्धकदको मूर्ति* : कवि शिरोमणि लेखनाथ पौडेल (२०३९), छितेस काजी (होटल मनासलु, २०४८) हुलासचन्द गोल्छा, रामलाल गोल्छा (२०५३), हंसराज हुलासचन्द काँस्य प्रतिमा (२०५४), कृष्णप्रसाद कोइरालाको काँस्य प्रतिमा (२०५६), कालीवाबाको काव्य प्रतिमा, धुलिखेल (२०५७), स्व. श्री कुलरत्न तुलाधरको पूर्णकदको ढलोट प्रतिमा, कवि युद्धप्रसाद मिश्रको अर्धकदको काँस्य प्रतिमालगायत साना-ठूला मूर्तिहरूको निर्माण । **पुरस्कार/सम्मान** : अक्षेश्वर महाविहारको मूर्ति प्रदर्शनीमा प्रथम (इ. १९९८) । **हालको ठेगाना** : स्वयम्भू, सिद्धिचरण सडक, काठमाडौं (ddinesh@wlink.com.np) । **फोन** : ४२७२२३४, ९८५१०६२०१५ ।

दिनेश थानी

(गायक/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ फागुन १, वीरेन्द्रगनर-१, सुर्खेत । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : गायन (रेडियो नेपाल), सिभिल इन्जिनियर । **पहिलो रचना** : स्वदेश गान (विश्रान्ति पत्रिका, २०४६) । **कृति/सृजना** : पहिलो पाइला (कवितासङ्ग्रह, २०५५), परेलीको पानी (संयुक्त गीत सङ्ग्रह, २०५७), आलय (आधुनिक गीति एलबम, २०६१) । **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत महोत्सव पदक (गायनतर्फ, २०५३), लालीगुराँस युवा सम्मान (२०५५), सुर्खेती प्रतिभा पुरस्कार (२०५५), तेस्रो मोशन पिक्चर एवार्ड (२०५७) । **हालको ठेगाना** : काठमाडौं-३४ (thanidinesh@yahoo.com) । **फोन** : ४४८०२१४ ।

दिनेश पन्थी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ भदौ १०, धनौरा, कपिलवस्तु । **माता/पिता** : हरिकला पन्थी, देवकीनन्दन पन्थी । **शिक्षा** : एम.ए., बी.एड. (गणित) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : सुशीला (खण्डकाव्य, २०४०) । **हालको ठेगाना** : पनौती -२, काभ्रेपलाञ्चोक । **फोन** : ९८४१२८८१३२ ।

दिनेश बान्तवा

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०३४ भदौ १२, नागी, भोजपुर । **माता/पिता** : पञ्चदेवी राई, सुभाषचन्द्र राई । **शिक्षा** : स्नातकोत्तर (वाणिज्य) । **सेवा** : सङ्गीत, प्राध्यापन । **पहिलो रचना** : मायाको बन्धन (गीत, सङ्गीत, २०५७) । **कृति/सृजना** : जुत्ता चाइनाको (लोकगीतिएल्बम, २०५९), के हो धरान (लोकगीतिएल्बम, २०६०), पप आधुनिक एल्बम (एकल सङ्गीत, २०६१) आदि । **हालको ठेगाना** : नागी-६, भोजपुर (dineshrubu@hotmail.com/yahoo.com) । **फोन** : ४३५५८७१, ९८५११६८०७९ ।

दिनेश भुजू

(निबन्धकार, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९५८, उमाकुञ्ज, भक्तपुर । **माता/पिता** : उमादेवी भुजू, केशवनारायण भुजू । **शिक्षा** : एम.एस्सी. **सेवा** : रोनास्ट । **पहिलो रचना** : लालीगुराँस ब्याक्कं ह्वैगु न्हूँ कुलांया (कविता, नसंचा, ने.सं. १०९८) । **कृति/सृजना** : बायावंगु लँपु (छ्धा:प्वाखं, ने.सं. ११०३) । **सम्पादन/अनुवाद** : कथि जूम्ह मनू (प्याखं, अनु., ने.सं. ११०९) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. ११०४) । **हालको ठेगाना** : बाहिति छाउनी, काठमाडौँ । **फोन** : ४२७३७०७, ५५४७७१७ ।

दिनेशराज पन्त

(इतिहासकार)

जन्म/स्थान : वि.सं.२००६ कात्तिक ३ गते, वटु सबलबहाल, काठमाडौँ । **माता/पिता** : बुधकुमारी, नयराज पन्त । **शिक्षा** : संस्कृत, इतिहास संस्कृतिको विशेष अध्ययन । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : पृथ्वीनारायण शाह (पद्य संस्कृत, जयतु संस्कृतम्, २०१६) । **कृति/सृजना** : श्री ५ पृथ्वीनारायण शाहका उपदेश (सहलेखन, २०२५), नेपालको इतिहासका केही पाना (२०३८), लिच्छविकालमा चलेका संवत् (२०३८), गोरखाको इतिहास (भाग १-४, २०४१-५०), बुद्धदेखि पहलमानसम्म (२०४९), इतिहासका कुरा (नानीहरूका लागि, २०५७), बुद्धदेखि पहलमानसम्म, राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी (२०५७), नेपालको इतिहासका विविध पक्ष (२०५८), श्री ५ पृथ्वीनारायण शाहको विषयमा केही कुरा (२०५९), धादिङमा फेला परेका नेपाली कविता (२०६१), प्रथम किरात राजा यलम्बरको समय (खोज अनुसन्धान, २०६९), वृत्तशतक (संयुक्त), सुमतितन्त्र (संयुक्त) । **सम्पादन/अनुवाद** : पूर्णिमा (इ.सं. १९७१), मर्यादा (इ.सं. १९८६) लगायत विभिन्न पुस्तक र स्मारिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु तेस्रो (इ.सं. १९९७), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २००१), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (इ.सं. २००१), डा. बलराम जोशी सुयोग्य शिक्षक पुरस्कार (इ.सं. २००४), प्रतिभा सम्मान (इ.सं. २००४), सुप्रबल जनसेवा श्री (तृतीय) । **हालको ठेगाना** : धुम्बाराही, पावनगल्ली नं. ११६, काठमाडौँ । **फोन** : ४४३५७४९, ९८४९२२१६४२ ।

दिनेशराज सत्याल (सौरभ)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५८ अक्टोबर २४, पुतलीसडक, काठमाडौँ । **आमा/बाबु** : लीलाकुमारी, शेषराज सत्याल । **शिक्षा/विषय** : एम.ए. (राजनीतिशास्त्र), स्नातक (पत्रकारिता) । **सेवा** : पत्रकारिता । **कृति/सृजना** : सौरभका सामयिक चिन्तनहरू, Nepalz Floritaze (वनस्पतिशास्त्र, २०६४) । **पुरस्कार/पदक** : जर्मनीबाट दिइने 'डच वेले पुरस्कार' कथामा प्राप्त (२०४४) । **हालको ठेगाना** : १६/३३ रामशाहपथ, पुतलीसडक, काठमाडौँ । **फोन** : ४४७२५६८ ।

दिल पौडेल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ पुस १५, लदाभीर-३, सिन्धुली । **माता/पिता** : चन्द्रकुमारी पौडेल, धनबहादुर पौडेल । **शिक्षा** : स्नातक । **सेवा** : निजामती, सामाजिक सेवा । **पहिलो रचना** :

सकिन (कविता, वर्चस्व पत्रिका, २०४६) । **कृति/सृजना :** अधुरो जिन्दगी (उपन्यास, २०५०), केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन (समालोचना, २०६१), प्रजातन्त्र (हाइकुसङ्ग्रह, २०६१), कात्रोमा मेरो देश (कवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद :** मेदिनी (साहित्यिक त्रैमासिक, सिन्धुली, २०५४), समय र समाचार (साप्ताहिक, २०५५), मेलम्ची सङ्गम (साहित्य, २०६०) । **हालको ठेगाना :** जि.वि.स. सिन्धुपाल्चोक । **फोन :** ०११-६२०३३७ / ९८५१००३४८७ ।

दिलबहादुर क्षेत्री

(इतिहासकार)

जन्म/स्थान : २०१२ भदौ ५, चिलाउनेबास, स्याङ्जा । **शिक्षा :** एम.ए. (त्रि.वि.), विद्यावारिधि । **सेवा :** प्राध्यापन । विन्ध्यावासिनी विराट् महायज्ञ (२०५७), स्याङ्जाली सम्पर्क सदन, कास्की (२०५७), जनप्रिय स्कुल (२०६०), मिलेनियम ट्रेक कल्चरल फेस्टिबल (इ.सं. २००२), प्रद्युम्न पनेरु उच्च माध्यमिक विद्यालय, रङ्गेठाँटी, environment, culture & orphan society-nepal (EC)-CSN) (2062) आदि विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान तथा अभिनन्दन । **कृति/सृजना :** Documents on Nepal MA collection of Diplomatic Correspondences with British Indian, Sanads and Lalmohars (1998), A Brief Analysis of History writing in Nepal., गलेश्वर शिवालय तथा पुल्हाश्रम क्षेत्र सङ्क्षिप्त अध्ययन (२०५६) सिद्ध शक्तिपीठ विन्ध्यवासिनी तथा पोखराका केही मठ (२००१), ल्होसार पर्व : सङ्क्षिप्त अध्ययन (सहलेखन, २०५८) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क', गोरखा दक्षिणबाहु (चौथो, २०५४) । **हालको ठेगाना :** पोखरा, कास्की । **फोन :** ९७४६००६८४१, ०६१-५३१३७५ ।

दिलबहादुर चित्रकार

(चित्र/मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९८४, हौगल, ललितपुर । **माता/पिता :** नरमाया चित्रकार, जगतबहादुर चित्रकार । **शिक्षा :** कला प्रवीण । **सेवा :** मूर्ति, प्रौढ शिक्षा, घरेलु टेक्सटाएल डिजाइन, जनक शिक्षा सामग्री केन्द्र । **पहिलो रचना :** २०१३ सालदेखि टेक्सटाएल डिजाइन, २०१९ सालदेखि ग्राफिक आर्ट । **कृति/सृजना :** सातपटक एकल चित्रकला प्रदर्शनी, सामूहिक कला प्रदर्शनी तीनपटक । राजदरबार, वीरेन्द्र कला ग्यालरी, भारत, कोरिया, जापान, जर्मन, बेलायत, फ्रान्स, इटाली, स्विजरल्याण्ड, अष्ट्रेलिया र अमेरिकामा कृति सङ्गृहीत । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (नेपाल ललित कला संस्था, २०२३), चन्द्र अमर सिरपा (चित्रकार पूँ समाज, २०६०), नेपाल कलाकार समाजद्वारा सम्मान (२०५९) । **हालको ठेगाना :** महालक्ष्मीथान, लगनखेल, ललितपुर (comex@wlink.com.np) । **फोन :** ५५३३८७८ ।

दिलबहादुर नेवार

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९ चैत्र १३, कठजोर, रामेछाप । **निधन :** २०६२, असोज । **माता/पिता :** भक्तमाया नेवार, कीर्तिमान नेवार । **शिक्षा :** स्वाध्ययन । **सेवा :** निजी व्यवसाय । **पहिलो रचना :** ढुङ्गो पनि बोल्छ (कविता, सुमन मासिक, इ.सं. १९६५ तिर) । **कृति/सृजना :** विचारमा डुबेको मान्छे (निबन्धसङ्ग्रह, इ. १९७०), मेरा बितेका दिनहरू (आत्मकथात्मक उपन्यास भाग-१ : इ.सं. १९७५, भाग-२ : इ.सं. १९७६, भाग-३ : इ.सं. १९८२, भाग-४ : इ.सं. १९८६), महाराष्ट्र : यात्रा सङ्कलन (यात्रानिबन्ध, इ.सं. १९७७), लोककथाको आधार (कथासङ्ग्रह, इ.सं. १९८१), इन्द्रेणी (गीतसङ्ग्रह, इ.सं. १९९०) । **सम्पादन/अनुवाद :** सुमन पत्रिका (इ.सं. १९६५), सहकारी समीक्षा (पत्रिका, इ.सं. १९८२) ।

दिल साहनी



(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार १, गलकोट, बागलुङ । **माता/पिता :** पवित्रा साहनी, रविलाल साहनी । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), पिजिसिटिई । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** ओइलाएको फूल (कथा, सैनिक समाचार, इ.सं. १९६५) । **कृति/सृजना :** नौलो माटो चाहिएको छ (कवितासङ्ग्रह, २०२७), युगपुरुष (कथासङ्ग्रह, २०२८), पारसमणिसँगको अन्तर्वार्ता (अन्तर्वार्ता, २०३०), जनताको शत्रु (नाटक, २०४०), नौलो

मान्छे (कवितासङ्ग्रह, इ.सं. १९८३), बन्दी प्रमेथियस (कवितासङ्ग्रह, २०४१), आसामदेखि मणिपुरसम्म (नियात्रा, २०४५), सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह, २०४५), यमको अदालत (एकाङ्की नाटक, २०४६), मट्याङ्ग्रा (संयुक्त अणु कवितासङ्ग्रह, २०४६), कवि युद्धप्रसाद मिश्र (समालोचना, २०४७), एमाले र महाकाली सन्धी (समकालीन लेखको सँगालो, २०५३), फिलिङ्गा (अणु कवितासङ्ग्रह, २०५७), खरानी गाउँ (कथासङ्ग्रह, २०५७), ज्याला (नाटक, २०४०) Marxist aesthetics (English essays इ.सं. २००४) विभिन्न नाटकहरूमा निर्देशन तथा अभिनय गरेको । **सम्पादन/अनुवाद :** अभियान (समाचारप्रधान, इ.सं. १९६८), कथामञ्च (कथाप्रधान पत्रिका, इ.सं. १९६९), नयाँ चेतना (पाक्षिक, इ.सं. १९७०), मादल (साहित्यिक, इ.सं. १९७१), जनमुख (साहित्यिक, इ.सं. १९७६), पसिना (साहित्यिक पत्रिका, इ.सं. १९७७), घोषणा (राजनैतिक, २०३५), अणु (अणु पत्रिका, २०४७), युगज्योति (साहित्यिक, २०५२) । **पुरस्कार/सम्मान :** शिक्षा पुरस्कार (२०४७), गण्डकी साहित्य पुरस्कार (२०५८), सिद्धार्थ साहित्य पुरस्कार (२०५९) । **हालको ठेगाना :** बुटवल -१०, लुम्बिनी । **फोन :** ०७१-५४१८३२ ।

दिलीप योञ्जन

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३, भोजपुर । **माता/पिता :** पासाङडोल्मी योञ्जन, कुलबहादुर योञ्जन । **शिक्षा :** बी.ई., बी.कम. । **सेवा :** इन्जिनियरिङ सेवा, साहित्य । **कृति/सृजना :** मान्छेहरूको भिडमा (कवितासङ्ग्रह, २०५०), आस्था खोजिरहेछु (कवितासङ्ग्रह, २०५८), बादलको देशमा (कथासङ्ग्रह, २०६०), दुर्गमका आवाजहरू (कवितासङ्ग्रह, २०६१) । **हालको ठेगाना :** बालाजु, वनस्थली, काठमाडौं । **फोन :** ४२७६१९६ ।

दिलीप श्रेष्ठ



(कवि, नेपाली भाषा)

जन्म/स्थान : २००९ वैशाख १, चैनपुर, सङ्खुवासभा । **माता/पिता :** रत्नकुमारी, लोकमान श्रेष्ठ । **शिक्षा :** स्नातक । **सेवा :** संस्थान । **कृति/सृजना :** जिन्दगीको यात्रा कहाँ रोकौं ? (कवितासङ्ग्रह, २०५६) । **पुरस्कार/सम्मान :** नेपाल परिवार नियोजनबाट गीत रचनामा राष्ट्रिय पुरस्कार (२०३५) । **हालको ठेगाना :** घट्टेकुलो, काठमाडौं । **फोन :** ४७७०९७२ ।

दिलु सिंह (दिल्लीबहादुर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ असार १७, कोपुण्डोल, ललितपुर । **माता/पिता :** पुष्पकुमारी सिंह, दलबहादुर सिंह । **शिक्षा :** बी.एस्सी. (इन्जिनियरिङ, सिभिल), मास्टर्स अफ इन्जिनीयरिङ एन्ड टेक्नोलोजी मेनेजमेन्ट । **सेवा :** सरकारी सेवा, इन्जिनियरिङ । **पहिलो रचना :** एक र एक मिलेर एघार बन्दछ : दुई होइन (कविता, २०३६) । **कृति/सृजना :** पुष्प र ज्वाला (कवितासङ्ग्रह, २०५४), मुटु दुखे हात चल्छ (गीत, गजल एवं भजनसङ्ग्रह, २०५५), प्रेम (गजलसङ्ग्रह, २०५६), बोर्डफस्ट सुम्निमा र अभिभावकको भूमिका (२०५७) । **सम्पादन/अनुवाद :** वैष्णवस् पोइटिक गार्डेन : २००४ (श्यामदास वैष्णवका ९० दार्शनिक कविताहरूको अङ्ग्रेजी अनुवाद) । **पुरस्कार/सम्मान :** जानपद सेवा पदक (२०५४) । **हालको ठेगाना :** ग १/१८१ कोपुन्डोल, ललितपुर / पो.ब.नं. २७७०, काठमाडौं (dillisingh@yahoo.com) । **फोन :** ५५४२१५१, ९८४१३९८९४७ ।

दिलेन्द्र मुकारुङ राई

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असार १७, फुएतप्पा, कोप्चे, इलाम । **माता/पिता :** छविरत्न मुकारुङ राई, मनप्रसाद मुकारुङ राई । **शिक्षा :** एम.ए. । **सेवा :** अध्यापन, लोकसंस्कृति । **पहिलो रचना :** साकेवा : राई जातिको महान् चाड (लेख, २०४७) । **कृति/सृजना :** बर रोपी छायाँ (लोकगीतिएल्बम, २०६०) । **सम्पादन/अनुवाद :** दोदुम (मुखपत्र) । **पुरस्कार/सम्मान :** स्थानीय स्तरका विभिन्न पुरस्कार । **हालको ठेगाना :** कोटेश्वर, काठमाडौं (ipss@wlink com.np) । **फोन :** ४४८८२१३, ४४८८३६७ ।



बी.ए., बी.टी., पत्रकारिता । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : व्यथा (कविता, पश्चिम बङ्गाल साप्ताहिक २०१५) । **कृति/सृजना** : जीवन प्रश्न (कथासङ्ग्रह, २०२१), यौवन तृष्णा (२०२१), सागर (उपन्यास, २०२३), समस्या (उपन्यास, २०२४), सगरमाथाको शान्ति (मनोविश्लेषण, २०२७), मुना (काव्य, २०२८), गौरी (उपन्यास, २०२९), शान्ति (उपन्यास, २०२९), नाइन्टी थ्रि डेज् इन द ब्युटिफुल ल्यान्ड अफ कञ्चनजङ्घा (टुर रिकलेक्सन्, २०२९), मेरो देशको कविता (कवितासङ्ग्रह, २०३६), विद्रोह बोल्छ (२०३६) । **सम्पादन/अनुवाद** : विवेचना (अर्धसाप्ताहिक), अनुभव, चन्द्र सूर्य, श्रीपेच, आवा (सामयिक सङ्कलन), पञ्चायत, विवेचना, तरुण गोर्खा, पुष्पदल (मासिक), आवाज (पाक्षिक), वरुण (साप्ताहिक) । **पुरस्कार/सम्मान** : श्यामकृष्ण पत्रकारिता पुरस्कार (२०५२), शिशु कल्याणी पत्रकारिता पुरस्कार (२०५९), महानन्द साहित्य पुरस्कार (२०६०), मोतीराम पत्रकारिता पुरस्कार । **हालको ठेगाना** : चन्द्रगढी, झापा । **फोन** : ०२३-५२०१८८ ।

नकुल सिलवाल (अरविन्द जोशी)

(साहित्यकार/सम्पादक)

जन्म/स्थान : वि.सं. २०१९ फागुन २७, सेलाङ, सिन्धुपाल्चोक । **माता/पिता** : पुतलीदेवी सिलवाल, प्रसादसिंह सिलवाल । **शिक्षा** : स्नातक (पत्रकारिता) । **सेवा** : नोकरी, लेखन, सम्पादन, प्रकाशन । **पहिलो रचना** : क्षमा पाउने छैनौँ (कविता, चर्चा साप्ताहिक, २०३८) । **कृति/सृजना** : सूर्य उदाएपछि (कवितासङ्ग्रह, २०४०), पहिरोले उतारेको मानचित्र (कवितासङ्ग्रह, २०४२), तेस्रो पाइला (उपन्यास, २०४५), अवतार विघटन (उपन्यास, सहलेखन २०४५), नकुल सिलवालका कविताहरू (कवितासङ्ग्रह, २०५०) तिमी रोएर म रोएको (कथासङ्ग्रह, २०५१), केही कविता, कथा र उपन्यास (२०५९) । **सम्पादन/अनुवाद** : बगर (त्रैमासिक, २०३९ देखि), नदी (त्रैमासिक), आजको मान्छेको कविता (कवितासङ्ग्रह, २०४५), आजको मान्छेको कथा (कथासङ्ग्रह, २०४६), २०४७ का सर्वश्रेष्ठ स्रष्टा र सिर्जना (२०४८), एशियन पोएट्री, सर्वोत्कृष्ट रचनाहरू (२०४८), उत्कृष्ट रचनाहरू (२०४९), सर्वश्रेष्ठ दश (२०५९) लगायत पाँच दर्जन जति पुस्तकहरूको सम्पादन एवं प्रकाशन । **पुरस्कार/सम्मान** : साहित्यिक पत्रकारिता पुरस्कार (२०४६), सिद्धिचरण युवा काव्य पुरस्कार (२०४८), लोकेन्द्र साहित्य पुरस्कार (२०५०), दानमाया प्रतिभा पुरस्कार (२०५३), युवावर्ष मोती पुरस्कार (२०५५), साहित्यिक पत्रकारिता पुरस्कार (२०५९), भानु साहित्यिक पत्रकारिता पुरस्कार (२०६१), आदि थुप्रै पुरस्कार । काभ्रेली प्रतिभा (काभ्रेमा सम्मान), प्रेस काउन्सिल सम्मान (२०५३), दानमाया काभ्रेली सम्मान (२०५३), समता सम्मान (इलाम) । **हालको ठेगाना** : पो.ब.नं. ५१२९, काठमाडौँ । **फोन** : ४१०८५५८, ९८४१२३३५९६ ।

नगिना जोशी

(अभिनेत्री/नर्तकी)

जन्म/स्थान : वि.सं. २०१२ भदौ ५, ओम्बहाल, काठमाडौँ । **माता/पिता** : कृष्णदेवी वज्राचार्य, परमानन्द वज्राचार्य । **शिक्षा** : एस.एल.सी. । **सेवा** : कलाकारिता । **पहिलो रचना** : २०३० सालदेखि कलायात्रा आरम्भ । **कृति/सृजना** : माल्दिभ्सका राष्ट्रपति अब्दुल गयूम (२०४२), भारतका राष्ट्रपति डा. ज्ञानी जैल सिं (२०४३), बङ्गलादेशका राष्ट्रपति डा. एर्साद (२०४३), स्पेनका राष्ट्रपति ह्वांकार्लोस (२०४४), जर्मनका राष्ट्रपति डा. डगलस हार्जोन (२०५३), लगायत अन्य राष्ट्राध्यक्ष तथा अन्य विशिष्ट व्यक्तिहरूको स्वागतार्थ सांस्कृतिक कार्यक्रममा कला प्रस्तुत । शिवताण्डव, चन्दालिका, निमन्त्रणा नेवारी आदि नृत्य नाटिकाहरूमा खेलेको । गीतिनाटक शकुन्तला (२०३७) साथै जे भो राम्रै भो (२०६१), लक्ष्मी, रात, यां मिखा आदि चलचित्र तथा टेलिचलचित्रहरूमा अभिनय । यसका अतिरिक्त लोक, चर्या, कुमारी, आर्यतारा, मञ्जुश्री, पञ्चबुद्ध तथा विभिन्न नृत्यहरू प्रस्तुत गरिएको । **पुरस्कार/सम्मान** : नृत्य कलाकार सम्मानस्वरूप पुरस्कार (२०५६) । **हालको ठेगाना** : का.म.न.पा. -१६, काठमाडौँ । **फोन** : ४३५२५९६ ।

नगेन्द्र गुरु

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५, लिवाङ - ५, रोल्पा । **माता/पिता** : देवकी आचार्य, दामोदर आचार्य । **शिक्षा** : म्याट्रिक ।

सेवा : सरकारी सेवा /लेखापढी । **पहिलो रचना** : रापतीका गीत (गीत, २०४३) । **कृति/सृजना** : इन्द्रकलम (खण्डकाव्य, २०५९), मनका धुन (कवितासङ्ग्रह, २०५९) । **हालको ठेगाना** : त्रिभुवन न.पा. -११, दाङ । **फोन** : ०८२-५६१४२१ ।

नगेन्द्र थापा (नगेन्द्रबहादुर थापा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असार ९, मुगा, धनकुटा । **माता/पिता** : दुर्गादेवी, टेकबहादुर थापा । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) । **सेवा** : नोकरी, साहित्य । **पहिलो रचना** : कविता (रूपरेखा पत्रिका, २०१८) । **कृति/सृजना** : प्रतिमा (कविता-सङ्ग्रह, २०१९), गोपालको बाँसुरी (गीतसङ्ग्रह, २०२३), हाम्रो प्रीति बस्यो रे (कवितासङ्ग्रह, २०२३), सिन्कौली माया (कवितासङ्ग्रह, २०२४), गोपालको बाँसुरी (पुस्तक) । **सम्पादन/अनुवाद** : बागिना, भालेको डाँक (त्रैमासिक, इ.सं. १९६४) । **पुरस्कार/सम्मान** : देवकोटा पुरस्कार (दार्जीलिङ २०६२), विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : मालीगाउँ, काठमाडौँ । **फोन** : ४४३१३१७, ६६३१३६२ ।

नगेन्द्रराज रेग्मी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० जेठ १८, बतासे, मार्से, खोटाङ । **माता/पिता** : मेनकादेवी रेग्मी, तुलसीप्रसाद रेग्मी । **शिक्षा** : स्नातक (वाणिज्य) । **सेवा** : पत्रकारिता, सम्पादन, प्रकाशन, शैक्षिक संस्था सेवा । **पहिलो रचना** : लघुकथा (गोरेटो पत्रिका, २०३६) । **कृति/सृजना** : खोटाङ जिल्लाको साहित्यिक रूपरेखा (२०५३), स्रष्टा संवाद (२०६९) । दुई दर्जन जति रेडियो नाटक रेडियोबाट प्रसारित । **सम्पादन/अनुवाद** : कहिरन (साहित्यिक सङ्कलन, २०४०), श्रुति साप्ताहिक (२०४४), साहित्यिक पत्र (२०४६), खोटाङ पुकार (मासिक, २०४७), झङ्कार (मुखपत्र, २०५३), प्रेमराज आङ्देम्बे व्यक्ति र व्यक्तित्व (२०५५), मुहूर्त (मासिक, साहित्यिक पत्रिका, २०५५), युवापत्र (२०५५), बादलभित्रका ताराहरू (कविता/कथासङ्ग्रह, २०६३) । **हालको ठेगाना** : जडिबुटी, कोटेश्वर, काठमाडौँ । **फोन** : ९८४१६३१००५, ०१६६३९०७४ ।

नगेन्द्रराज शर्मा (यायावर, मुकुन्द, ध्रुव शर्मा, युधिष्ठिर, लक्ष्मीप्रसाद घिमिरे)

(आख्यानकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ चैत्र २२, मन्थली, रामेछाप । **माता/पिता** : पद्मा घिमिरे, इन्द्रप्रसाद घिमिरे । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : स्वतन्त्र पत्रकारिता, सामाजिक सेवा । **पहिलो रचना** : अभिशाप (कविता, छात्रवाणी, बनारस, इ.सं. १९५८) । **कृति/सृजना** : महापुरुष (उपन्यास, २०२८), दिवास्वप्न (उपन्यास, २०२९), पीपलको बोटमुनि (कथासङ्ग्रह, २०३९), एकान्तका आफन्तहरू (कथासङ्ग्रह, २०५५) । **सम्पादन/अनुवाद** : उज्यालो खोज्ने आँखाहरू, अभिव्यक्ति (साहित्यिक द्वैमासिक) र एक दर्जन जति पुस्तकहरू । **पुरस्कार/सम्मान** : भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४६), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), मैनाली कथा पुरस्कार (२०५५), सुप्रबल गोरखा दक्षिणबाहु (२०५५), साहित्यिक पत्रकारिता पुरस्कार (वीरगञ्ज साहित्य परिषद्, वीरगञ्ज, २०५६), सुश्री लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार (२०५७), गङ्गालक्ष्मी साहित्यिक पत्रकारिता पुरस्कार (२०५७), प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार (२०५७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), धुस्वाँ सायमी सिर्जना पुरस्कार (२०६१) आदि थुप्रै पुरस्कारहरू । सृजना सम्मान (सुनकोशी साहित्य प्रतिष्ठान, २०५७) । **हालको ठेगाना** : गुह्येश्वरी, गौरीघाट, काठमाडौँ । **फोन** : ४४७२६३७ ।

नगेन्द्र शर्मा (ढुङ्गाना)

(निबन्धकार, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९९१ मङ्सिर ६, खरसाङ, दार्जीलिङ । **माता/पिता** : हरिप्रिया, नन्दप्रसाद शर्मा । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), एल.एल.बी. । **सेवा** : संस्थान (गोरखापत्र, एनटिभी) । **पहिलो रचना** : नगेन्द्रका निबन्ध (कृति, २०२६) ।

कृति/सृजना : अण्डादेखि भ्यागुतोसम्म (निबन्धसङ्ग्रह, २०४१), बनारसमा बेचिएकी बहिनी (निबन्धसङ्ग्रह, २०४७), मेचीदेखि महाकालीसम्म (सहलेखन), दिस इज नेपाल (इ.सं. १९७२), फोल्क टेल्स् अफ नेपाल (इ.सं. १९७४, जापानीमा अनूदित), नेपाल ए टू जेड (इ.सं. १९७८), नेपाली लिट्रेचर इन ए नटसेल (इ.सं. १९८४), नेपाली जनजीवन (इ.सं. १९८६), सेक्रेट्स अफ साँग्रिला (इ.सं. १९९०)। **सम्पादन/अनुवाद** : वर्षेनी (वार्षिक), दि एनयुअल (वार्षिक), विकेन्ड (अङ्ग्रेजी पाक्षिक), पश्चिम बङ्गाल (साप्ताहिक)। **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), हिमशिखर पुरस्कार (इ.सं. २००२)। रोयल भिक्टोरियन अर्डर (बेलायत, इ.सं. १९८६), अन्तर्राष्ट्रिय सम्मानित नागरिक (अमेरिका, इ.सं. १९८६)। **हालको ठेगाना** : पुतलीसडक, काठमाडौँ। **फोन** : ४४३०३४७।

नजरराम महर्जन

(आख्यानकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००८ फागु पूर्णिमा, कीर्तिपुर, पाँगा धुसि, काठमाडौँ। **माता/पिता** : श्रीकुमारी महर्जन, जगन्नाथ महर्जन। **शिक्षा** : स्नातक। **सेवा** : व्यवसाय, सामाजिक सेवा। **पहिलो रचना** : पङ्गल (कथा, सितु पत्रिका, २०२९)। **कृति/सृजना** : बाखं दुनेया बाखं (कथा, २०३७), मि पुसा (उपन्यास, २०४२), न्ह्याना च्वंगु पला (उपन्यास, २०६१), ज्वाःजुयाःवंगु (उपन्यास, २०६२)। **सम्पादन/अनुवाद** : सः (साहित्यिक पत्रिका)। **हालको ठेगाना** : कीर्तिपुर -३, काठमाडौँ (noworg@org.np)। **फोन** : ४३३३००७।

नन्दकृष्ण जोशी (तिमल्सिना)

(देउडा गायक)

जन्म/स्थान : वि.सं. २०१५ साउन १५, मेलबिसौना, तलकोट, बझाङ। **माता/पिता** : गङ्गामतीदेवी, जगदीश जोशी। **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र, नेपाली) आचार्य (संस्कृत)। **सेवा** : कलाकारिता, गायन, संस्कृति, रेडियो कार्यक्रम प्रस्तोता, ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१)। **पहिलो रचना** : वारिको खेत वगाई लैग्यो... वोलको गीत रेकर्ड (ओ वाज झुम्र्यौली वाजको लय, रेडियो नेपाल, २०३५)। **कृति/सृजना** : काठमान्डू दोहोरी (२०४२), नन्दकृष्ण जोशीका लोकगीतहरू (२०४५), सेतीको सन्देश महाकालीको मौसम (२०४७), कठैदैन (२०४८), चुलीय फूलीय (२०४८), ओ बाज झुम्र्यौली बाज (२०४९), गलबन्दीमा रातो धागो (२०४९), जमुना र सुवा (२०५०), सावधान (२०५०), दाइ लालै (२०५०), रैबार (२०५०), साथीभाइ (२०५१), तालमोरा (२०५१), स्वास्थ्यसन्देश (भाग १, २०५१), जौल्याधान (२०५३), साँफ्याका साँझ (२०५३), अन्नीफाँको (२०५४), बुलबुले तालैमा (२०५५), चेतनाका स्वरहरू (२०५७), संरक्षण गीतिमाला (२०५८), मातृभूमि (२०५८) आदि लोकलयमा आधारित गीति क्यासेट (गायन), ५०० भन्दा बढी गीतहरू रेकर्डिङ। केही गीतरचना, केही सङ्कलन, केहीमा सङ्गीत भरेको। देउडा लयमा दर्जनौँ विज्ञापनहरूमा स्वर, शब्द र सङ्कलन गरी विभिन्न सञ्चारका माध्यमहरूबाट प्रसारण। **सम्पादन/अनुवाद** : युगपुकार (द्वैमासिक, धनगढी, २०५५)। **पुरस्कार/सम्मान** : रेडियो नेपालमा प्रथम पुरस्कार (२०४३), क्षेत्रीय पुरस्कार (लोकगीत, २०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), विशिष्ट श्रेणीको लोक गायक, 'देउडा सम्राट्' को उपाधि (सु.प. साहित्य समाज धनगढीद्वारा, २०५६), जनकवि केशरी धर्मराज थापा पुरस्कार (२०५८), गोरखा दक्षिणबाहु चौथा (२०५९), भूपालमानसिंह कार्की युवा सङ्गीत पुरस्कार (२०६१), प्रबल जनसेवा श्री (चतुर्थ, २०६६)। डडेलधुरा, बझाङ जि.वि.स. सम्मान (२०५२), नेपाल तरुण सम्मान (२०५५), रेडियो नेपाल सम्मान (२०५५), म्यूजिक नेपाल सम्मान (२०५५), सु.प. साहित्य समाज धनगढी सम्मान (२०५६), नेपाल निर्माण व्यवसायी महासङ्घ सम्मान (२०५९), गणेशमानसिंह अध्ययन प्रतिष्ठान सम्मान (२०५९), झरना सङ्गीत सम्मान (२०६१), एभरेस्ट फाउन्डेसन सम्मान (२०६१), नागरिक मञ्च नेपालद्वारा स्वर्ण सम्मान (२०६२)। **हालको ठेगाना** : धुम्बाराही, काठमाडौँ। **फोन** : ४३७०४१७।

नन्दनहरि उपाध्याय 'ओखलढुङ्गे'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८० जेठ १६, गाम्नाङ डाँडाखर्क, ओखलढुङ्गा। **निधन** : २०५३ साउन १०। **माता/पिता** : रत्नकुमारी, दुर्गाहरि अधिकारी। **शिक्षा** : मध्यमा। **सेवा** :



निजामती, साहित्य । **पहिलो रचना** : अम्मलको हावा (लेख, गोरखापत्र, २००४) । **कृति/सृजना** : बूढो मऱ्यो कुरा सऱ्यो (निबन्धसङ्ग्रह, २०३७), सम्पादकलाई चिठी (पत्रसाहित्य, २०५४) ।

नन्दराम लम्साल



(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १०, दार्मे, नुवाकोट । **माता/पिता** : दुर्गाकुमारी लम्साल, हरिप्रसाद लम्साल । **शिक्षा** : संस्कृत व्याकरण शास्त्री, बी.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : सुर्खेती (सामयिक सङ्कलन, सुर्खेत, २०२८) । **कृति/सृजना** : मीठो कुरा (बालकवितासङ्ग्रह, २०३१), विसर्ग (कथासङ्ग्रह, २०३४), आरम्भ (उपन्यास, २०३९), देश दुख्ला भनेर (कवितासङ्ग्रह, २०६१) (अप्रकाशित : पासाङ ल्हामु (खण्डकाव्य), क्रान्ति वाला आदि) । **सम्पादन/अनुवाद** : सिर्जना (साहित्यिक त्रैमासिक, २०३१), महेन्द्र सौरभ (पत्रिका) आदि । **पुरस्कार/सम्मान** : अस्वीकृत विचारधारा साहित्यिक पुरस्कार (२०५५), तीर्थमान साहित्य स्मृति पुरस्कार (२०५६) आदि । नागरिक अभिनन्दन तथा सम्मान (बाँके जि.वि.स., २०५८), स्रष्टा सम्मान (औद्योगिक व्यापार मेला नेपालगन्ज, २०६०), इन्द्रमणि मानव साहित्य सम्मान (२०६१) । **हालको ठेगाना** : नेपालगन्ज -१७, बाँके । **फोन** : ०८१-५२००९० ।

नयनराज पाण्डे

(उपन्यासकार/पटकथालेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ जेठ २७, प्युखा, काठमाडौँ । **माता/पिता** : भवगतीदेवी पाण्डे, डिल्लीराज पाण्डे । **शिक्षा** : बी.एल. । **सेवा** : पत्रकारिता, चलचित्र, कार्यक्रम सञ्चालन/निर्देशन । **पहिलो रचना** : मैले चुनाव हारेँ (हास्य लेख, किरण साप्ताहिक, २०३८) । **कृति/सृजना** : नाङ्गो मान्छेको डायरी (उपन्यास, २०४४), विक्रमादित्य एउटा कथा सुन (उपन्यास, २०४४), अतिरिक्त (उपन्यास, २०५०), उलार (उपन्यास, २०५५), खोरभित्र जोकर (कथासङ्ग्रह, २०६०), निदाएँ जगदम्बा (कथासङ्ग्रह, २०६५), लु (उपन्यास, २०६८) । मसान, चेष्टा, सङ्गीत, अर्थ आदि टेलिभिजन धारावाहिकको निर्देशन । जीवनयात्रा, दुई दिनको जिन्दगानी, पुष्पाञ्जली, कसलाई आफ्नो भनूँ लगायत थुप्रै टेलिफिल्मको कथा/पटकथा/संवाद साथै ठूलो पर्दाका दुई दर्जन चलचित्रमा कथा/पटकथा/संवाद लेखन । **सम्पादन/अनुवाद** : सिर्जना (त्रैमासिक), रूपरेखा (मासिक, २०४४) । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ लेखक (ने.रा.प्र.प्र., नाटक महोत्सव २०४६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), लोकेन्द्र साहित्य पुरस्कार (२०५८), रामराज पन्त स्मृति सम्मान पुरस्कार (२०६०), गरिमा सम्मान पुरस्कार (२०६०), मोशन पिक्चर अवार्ड (सर्वश्रेष्ठ पटकथा लेखनको लागि, २०५८) । **हालको ठेगाना** : श्रीटोल, धापासी, वसुन्धरा, काठमाडौँ । **फोन** : ९८५१०४८२४० ।

नयराज पन्त



(इतिहासकार/लेखक, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९७० साउन २६, महाबौद्ध, काठमाडौँ । निधन : २०५९ कात्तिक १८ । **माता/पिता** : यज्ञप्रिया, कृष्णदत्त पन्त । **शिक्षा** : आचार्य, गणित ज्योतिष । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : हेमन्त मन्तुर्न ते (कविता, अमरवाणी पत्रिका, बनारस, १९९२) । **कृति/सृजना** : इतिहास सहायक (२००७), ज्योतिष (२०१०), विद्यारक्षा (भाग १-१५, २०१५-२०२०), पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति (२०३७), प्राचीन र नवीन गणितको तुलना (२०३९), श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या (२०४०), हाम्रो उद्देश्य र कार्यप्रणाली, २०५९), *सहलेखनका पुस्तकहरू :* नेपालको सङ्क्षिप्त इतिहास (२००४), संस्कृत-बोध (२००७), बुद्धिविनोद प्रश्नावली र त्यसको उत्तर (२०१५), गोलबोध (२०३४), सुमतितन्त्र (२०३५), त्रिकोणमिति (ज्योत्पत्ति, २०४०), लिच्छविसंवत्को निर्णय (२०४३), कालचक्रको ज्योतिष भाग र त्यसको विवेचना (२०४४), हिन्दू सिद्धान्तज्योतिष र ग्रीक सिद्धान्तज्योतिषको तुलवा (२०४५), रत्नदीप (२०४७), विश्रान्ति (२०५०) । **सम्पादन/अनुवाद** : राजपुरोहित

शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकर नाटक (२०१४), ऐतिहासिक पत्रसङ्ग्रह (भाग १-२, २०१४, २०२१), अभिलेख सङ्ग्रह (भाग १-१२, २०१८-२०२०) गल्लीमा फ्याँकिएका कसिङ्गर (२०१८), सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा (२०१९), इतिहास-संशोधनको प्रमाण-प्रमेय (२०१९), श्री ५ पृथ्वीनारायण शाहको उपदेश (खण्ड १-५, २०२५-२०२८), दैवज्ञ लक्ष्मीपति पाँडेको रत्नदीप (२०३५), महेश्वराचार्यको वृत्तशतक (२०३५) आदि । **पुरस्कार/सम्मान** : जुद्ध पदक (वि.सं. १९८९), महेन्द्र विद्याभूषण (२०२०), गोरखा दक्षिणबाहु (तेस्रा, २०२९, दोस्रा २०३७, पहिलो २०५६), मदन पुरस्कार (२०४३), त्रिभुवन प्रज्ञा पुरस्कार (२०४५), आदिकवि भानुभक्त पुरस्कार (२०५३), वासु स्मृति पुरस्कार (२०५५) । इतिहास शिरोमणि बाबुराम आचार्य सम्मान (२०५६), सम्मानार्थ महाविद्यावारिधि (डि.लिट्.) । ने.रा.प्र.प्र. (आजीवन सदस्य) । **हालको ठेगाना** : धुम्बाराही, काठमाडौं । **फोन** : ४४३५७४९ ।

नरदेव पाण्डे (सुधा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९२९ भोसिको टोल, काठमाडौं । निधन : २००१ वैशाख १२ । **माता/पिता** : शिवप्रियादेवी, उमादेव पाण्डे । **शिक्षा** : मध्यमा, संस्कृत साहित्य (बनारस) । **सेवा** : ठहिटी आढत तथा नेपालको पहिलो छापाखाना पशुपति प्रेसका मालिक, सुधासागर र गोरखापत्रमा कार्यरत । **कृति/सृजना** : श्रीगणेश सरस्वतीस्तोत्र (१९५०), वीरबलचातुरी (१९५६), नलोपाख्यान (१९५८), अद्भूत मिलाप (१९५८), शङ्खमूल यात्रा (१९५९), मेरिना चरित्र (उपदेश रहस्य, १९५९), मोतीराम भट्टको जीवनचरित्र (१९६०), चन्द्रभक्ति प्रकाश (१९६२), शङ्खमूल यात्रा (१९५९), श्रीगणेश सरस्वतीस्तोत्र (१९५०) ।

नरनाथ लुइँटेल (जुँगेकाजी)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ ८, सिक्तेल, भोजपुर । **माता/पिता** : पवित्रा लुइँटेल, तारानाथ लुइँटेल । **शिक्षा** : स्नातकोत्तर (नेपाली), बी.एड. (नेपाली) । **सेवा** : प्राध्यापन, सम्पादन । **पहिलो रचना** : सेवा नै धर्म हो (निबन्ध, सेवा पत्रिका, झापा, २०३३) । **कृति/सृजना** : तुवाँलो फाट्दै छ (नाटक, सहलेखन, २०४१), छेपन (हास्यव्यङ्ग्य, २०५१), मानवअधिकार गीत (गीतिकाव्य, २०५१), कमैया मुक्तिको गीत (गीतिकाव्य, २०५३), सिङ न पुच्छर (हास्यव्यङ्ग्य, २०५३), इन्सेक अभियानका दस वर्ष (लघु अनुसन्धान, २०५५), चम्चा चिन्तन (हास्यव्यङ्ग्य, २०५५), बाँदरका हातमा नरिवल (हास्यव्यङ्ग्य सङ्ग्रह, २०६०), हास्यव्यङ्ग्यकार श्याम गोतामे (जीवनी, २०५८), नेपाली हास्यव्यङ्ग्य (अनुसन्धान, २०५८), ठूली (शोककाव्य, २०६६) । **सम्पादन/अनुवाद** : प्रकाश (साप्ताहिक, सहसम्पादक, २०४९), मानव अधिकार र वर्षपुस्तक (सम्पादन, इ.सं. १९९२), प्राची (द्वैमासिक, २०५२), भानु (मासिक, २०५८), फित्कौली (मासिक, हास्यव्यङ्ग्य पत्रिका, २०६२) । **पुरस्कार/सम्मान** : विरसा हास्यव्यङ्ग्य लेखन पुरस्कार (२०५३) । नवरङ्ग साहित्य प्रतिष्ठान झापाद्वारा सम्मान (२०५७), झर्रो नेपाली रत्न सम्मान (झापा, २०६६), भैरवस्मृति सम्मान (हेटौंडा, २०६९) । **हालको ठेगाना** : कलङ्की, काठमाडौं । **फोन** : ४२७६४९८ / ९८४१५२१७४८

नरनाथ शर्मा आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६२ चैत्र ११, भानु-२, तनहुँ । निधन : २०४५ वैशाख २५ । **माता/पिता** : यशोदादेवी, लोकनाथ आचार्य । **शिक्षा** : शास्त्री (आयुर्वेद), व्याकरण मध्यमा । **सेवा** : सरकारी नोकरी, आयुर्वेद चिकित्सा, साहित्य । **कृति/सृजना** : कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (जीवनी, २०१६), वधूरक्षा र सुभाषित सङ्ग्रह आदिले विभूषित हरिश्चन्द्र कथा (पद्याख्यान, २०१७), लक्षाहुति पञ्चदशी (पद्यसङ्ग्रह, २०३१), १९९६ को अग्निकाण्डको वर्णन (कविता, २०३६), पद्यमाला (कवितासङ्ग्रह, २०४०), कवितासङ्ग्रह, (कवितासङ्ग्रह, २०४०) ।

नरपति शर्मा पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५५, धनकुटा । निधन : २०४६ । **माता/पिता** : अरुन्धतीदेवी, वेदनिधि पोखरेल । **शिक्षा** : आयुर्वेद (शास्त्राचार्य) । **सेवा** : साहित्य, चिकित्सा । **कृति/सृजना** : क्षयरोग (क्षयरोगबारे आयुर्वेदको चिन्तन), अंशबन्डा (नाटक),

नरजीवन (कवितासङ्ग्रह, २००४), सन्मार्ग (कवितासङ्ग्रह, २०२९), सामयिक अनुभूतिहरू (कविता सङ्ग्रह, २०३१), नेपाली भाषा (भाषा चर्चा), जूवा र मदिरा (२०३३), धनकुटाको इतिहास, नरपति शर्मा पोखरेल (जीवनी, २०३५)। **पुरस्कार/सम्मान** : 'कविराज'द्वारा सम्मान।

नरप्रसाद धिताल 'बूढानीलकण्ठ सेवक'

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ फागुन १७, बूढानीलकण्ठ, नारायणस्थान, काठमाडौँ। **माता/पिता** : नानीमैयाँ, मुक्तिनाथ धिताल। **शिक्षा** : बी.ए.। **सेवा** : समाजसेवा, साहित्य। **पहिलो रचना** : ढुङ्गासँग माटो हुन्छ (झङ्कार, २०५१)। **कृति/सृजना** : बूढानीलकण्ठ नारायण र देवी-देवताहरू (२०५३), सिब्लिगानको पात (कवितासङ्ग्रह २०५८), बूढानीलकण्ठ आसपासका देवदेवीस्थल र योगी तपस्वीहरूको परिचय (२०६०)। **सम्पादन/अनुवाद** : शिवपुरी सन्देशमा संयुक्त सम्पादक भई कार्य गर्दै आएको। **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत पदक। **हालको ठेगाना** : विष्णु बूढानीलकण्ठ-२, काठमाडौँ। **फोन** : ४३७२४२१।

नरबहादुर भारती

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९३४ भदौ, कमलपोखरी, काठमाडौँ। निधन : २०२३ माघ १०। **पिता** : राजेश्वर भारती। **शिक्षा** : संस्कृत र अङ्ग्रेजी भाषा। **कृति/सृजना** : नीति सुधारको झ्याउरे (२०१८), फुटकर कवितासङ्ग्रह (२०१८)। काठका सुन्दर कलात्मक फर्निचर र नेपाली वाद्ययन्त्रको निर्माण। **सम्पादन/अनुवाद** : कादम्बरी (भाग १ र २, अनु., २००६, २००७), कादम्बरी (भाग ३-५, २०२०)। **पुरस्कार/सम्मान** : त्रिभुवन पुरस्कार (२०१६)।

नरबहादुर लिम्बू

(लेखक, नेपाली/लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. १९९८ वैशाख ३, सिंहदेवी -४, मोरङ। **माता/पिता** : हाङ्मा लिम्बू देवान, जसबहादुर लिम्बू। **शिक्षा** : एस.एल.सी.। **सेवा** : अध्यापन, निजामती, सामाजिक सेवा। **कृति/सृजना** : नेपाली भाषामा : अन्यायको हार (२०३६), सङ्क्षिप्त खस नेपाली शब्दकोष (२०४९), किराती ऐतिहासिक सवाई (२०५०), किरात सामान्य ज्ञान (२०५२), ४० आदिवासी/जनजातिको सङ्क्षिप्त परिचय (२०५६), राष्ट्रिय जनगणनासम्बन्धी किरात दिग्दर्शन (२०५८), बौद्धिक ज्ञानका अमर विचारहरू (२०४७), राष्ट्रको एक सपूत र ज्ञात अज्ञात शहीदहरूको तथ्याङ्क गाथा। लिम्बू भाषामा : लिम्बू नामाकरण (२०५०), पालाम (२०५२), कालीहाङ तङनाम 'लारिङ थे' (२०५३), याक्थुङ मुक्यान् सुम् (२०६१), याक्थुङ चुक् पान्छेक्वा। वेन्छा हा, रेन् थिक्मिमरे खेदा हा (उपन्यास)। **पुरस्कार/सम्मान** : किरात लिम्बू साहित्य कार्यक्रम समितिबाट अभिनन्दन (२०६०), सिरिजङ्गा तेअङसीको ३०३ औँ जन्मजयन्तीमा अभिनन्दन (किरात याक्थुङ, घैलाडुवा, २०६३), मुक्ति आवाज साप्ताहिक पत्रिकाबाट अभिनन्दन। **हालको ठेगाना** : अर्जुनधारा -२, किरातटोल, झापा। **फोन** : ०२३-५४१९११, ५४२०५२।

नरबहादुर राना

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : अनुसन्धेय, बालकोट, भक्तपुर (जङ्गबहादुरका समकालीन)। **शिक्षा** : साधारण। **सेवा** : सरकारी सैनिक। **कृति/सृजना** : जङ्गबहादुरको सवाई (वि.सं. १९३३)।

नरबहादुर साउद

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : रीम-३, बन्डागाउँ, बैतडी। **आमा/बाबु** : धमदिवी, धनवबहादुर साउद। **सेवा** : कृषि सेवा। **कृति/सृजना** : नेपालका बालीनाली र तिनको दिगो खेती (अनुसन्धान)। **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०६७)। **हालको ठेगाना** : कञ्चनपुर।

नरराज ढकाल

(सङ्गीतज्ञ)



जन्म/स्थान : इ.सं. १९२० नोभेम्बर, कुश्लेचउर, काठमाडौँ। निधन: २०६१। **माता/पिता** : रामप्रिया, छविराज ढकाल। **शिक्षा** : सङ्गीत शिरोमणि यज्ञराज शर्मा अर्ज्यालसँग तीनवर्ष सङ्गीत अध्ययन, सङ्गीत प्रभाकर (इलाहावाद)। **सेवा** : सङ्गीत, सङ्गीत शिक्षक। **कृति/सृजना** : शास्त्रीय सङ्गीत, शास्त्रीय गायनहरू प्रशस्त। **पुरस्कार/सम्मान** : इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०२४), महेन्द्र प्रज्ञा पुरस्कार (इ.सं. १९९१)। नारायणगोपाल सङ्गीत सम्मान (इ.सं. १९९७), विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान। 'सङ्गीत प्रवीण' को उपाधिले सम्मान (श्री ५ महेन्द्रद्वारा इ.सं. १९६२)।

नरसिंहभक्त तुलाचन (मास्टर नानी)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ असोज १, थाक टुकुचे, मुस्ताङ। निधन : २०३६। **माता/पिता** : सर्किनीदेवी तुलाचन, प्रेमसिंह तुलाचन। **शिक्षा** : एस.एल.सी.। **सेवा** : स्वास्थ्य सेवा, सामाजिक सेवा, राजनीति (रापंस)। **कृति/सृजना** : एभरेस्टको चढाइ (कथासङ्ग्रह, २०१०), टिकट खरिदा (कवितासङ्ग्रह, हिन्दीभाषा, २०१३), नेपालको चित्रकला (निबन्ध, २०१६), युगल प्रेमी (२०१८), नौलो बिहान (२०२०), चार महापुरुषहरू (कवितासङ्ग्रह, २०२१), महेन्द्रको जीवनी (भोटेभाषामा, २०२६), लामाहरूलाई चिठी (२०३०), झालेको डाकलगायत थुप्रै चित्रकलाहरू प्रकाशित। सु-इमानी (को बेइमान) नाटक हातैले लेखेर थाकखोलामा मञ्चन। **सम्पादन/अनुवाद** : धवलपत्र, कलाकृति (पत्रिका), श्री ५ महेन्द्रको जीवनी (तिब्बती भाषामा अनु., २०२६)। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु दोस्रा (२०२१)। **हालको ठेगाना** : झम्सीखेल, ललितपुर। **फोन** : ५५३६४७३।

नरहरि आचार्य

(समालोचक/राजनीतिज्ञ)

जन्म/स्थान : वि.सं. २०१० असोज ११ गते, भानुगाउँ, तनहुँ। **माता/पिता** : रेवतीदेवी आचार्य, उमानाथ आचार्य। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन, राजनीति (पूर्व मन्त्री)। **पहिलो रचना** : पुतली (कविता, विवेकविन्दु, २०२५)। **कृति/सृजना** : नेपाली अकरणको स्थिति : भाषिक विवेचना (लियो प्रकाशन, २०४०), महाकाव्यकार सोमनाथ सिग्देल (समालोचना, २०४१), परिशीलन (समालोचनासङ्ग्रह, २०५५), नयाँ नेपालको प्रस्तावना (लेखसङ्ग्रह, २०५६), आजका राष्ट्रिय मुद्दाहरू (लेखसङ्ग्रह, २०५७), सोमनाथ सिग्देल र उनको महाकाव्य साधना र परिशीलन (समालोचना, इ.सं. १९८४ र १९९८), नेपाली भाषामा अकरण : एक अध्ययन (भाषा विज्ञान, इ.सं. १९८४), नरहरि आचार्यका समालोचना (समालोचनासङ्ग्रह), नेपाली बालसाहित्यको सर्वेक्षण (सहलेखन)। **सम्पादन/अनुवाद** : उन्मेष, विवेक बिन्दु, भोलि (सामयिक सङ्कलन), अरुणोदय, धर्म-दर्शन (सांस्कृतिक), वाङ्मय, भानु दर्शन। संवत्सर (पाक्षिक), नेपाली कथा भाग १, २, ३ को संयुक्त सम्पादन, नेपाली काङ्ग्रेसका चारदशक : विश्वेश्वरप्रसाद कोइराला (राजनीतिक विश्लेषण)। **पुरस्कार/सम्मान** : राष्ट्रिय बाल साहित्य सम्मेलनमा प्रथम (२०२५), महेन्द्र विद्याभूषण (२०३३), लारी पदक, विभिन्न साहित्यिक सम्मेलन र वक्तृत्वकला प्रतियोगिताहरूमा पुरस्कार। **हालको ठेगाना** : पो.ब.नं. ४६८१, विशालनगर, काठमाडौँ (narahari_acharya@hotmail.com)। **फोन** : ४७२१४६१, ४४१७४६१।

नरू थापा (नरबहादुर थापामगर)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९, बरहाकोट, बागलुङ। **माता/पिता** : हस्तीकला थापामगर, उदबहादुर थापामगर। **शिक्षा** : स्नातक। **सेवा** : अध्यापन, राष्ट्रिय अनुसन्धान विभाग (वरिष्ठ उपरीक्षक)। **पहिलो रचना** : मान्छे बोल्छ - बोल्छ मान्छे (कथासङ्ग्रह, २०३७)। **कृति/सृजना** : सीमारेखा (ऐतिहासिक उपन्यास, २०५०, चलचित्रसमेत बनिसकेको), आतङ्कवादी (राजनैतिक उपन्यास, चलचित्रसमेत बनिसकेको), ख्यालख्यालैमा (कथा, चलचित्र बनिसकेको), आँखा (ऐतिहासिक उपन्यास), रमिता (उपन्यास, 'बन्धकी' नामले

चलचित्र बनिसकेको), सृष्टि (उपन्यास) । थुप्रै कविता, कथा, लेख तथा गीतहरू लेखन प्रकाशन । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु, प्रबल गोरखा दक्षिणबाहु, राष्ट्रसेवा पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, गद्दी आरोहण रजत महोत्सव पदक, प्रहरी सेवा पदक, राष्ट्रिय चलचित्र पुरस्कार (२०६२), सर्वोत्कृष्ट कथाकार, कृष्ण आले पुरस्कार । विश्व आदिवासी दिवस (२०६२) सम्मानपत्र, नेपाल मगर सङ्घ (काठमाडौं, रूपन्देही, ललितपुर, बागलुङ, कास्की) बाट अभिनन्दन, बागलुङ नगरपालिका 'श्रीकालिका' सम्मानपत्र । **हालको ठेगाना** : बागलुङ न.पा. - १, बागलुङ /पोखरा, कास्की । **फोन** : ०६१-५२०९७८, ९८४६०२५८९४ ।

नरेन्द्र चापागाई

(समालोचक/भाषाशास्त्री, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ असार २३, दिङ्ला, भोजपुर । निधन : २०६१ वैशाख १०, विराटनगर, मोरङ । **माता/पिता** : योगमाया, भवानीशङ्कर । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन र साहित्य । **पहिलो रचना** : घामछायाँमा शीतका कणहरू (कविता, सामयिक सङ्कलन, विराटनगर, २०२४) । **कृति/सृजना** : *व्याकरणकृतिहरू* : शब्द, वाक्य र अभिव्यक्ति (२०३२), भाषातत्त्व (व्याकरण र रचना, २०३३), नेपाली नवीन व्याकरण तथा रचना (२०३४), नेपाली व्यावहारिक व्याकरण तथा रचना (२०४१), आधुनिक नेपाली व्याकरण तथा रचना (२०५३), *भाषाका कृतिहरू* : नेपाली अनुकरणात्मक शब्दको व्युत्पत्ति स्रोत विश्लेषण (२०५१), नेपाली टुक्काको संरचनात्मक अध्ययन (२०५६), नेपाली टुक्काहरूको सङ्कलन (२०५७), नेपाली अनुकरणात्मक शब्दको स्वरूप (२०५८), *समालोचनाका कृतिहरू* : काव्यतत्त्व (काव्यसिद्धान्त, २०२४), उपन्यास शिल्प (उपन्यास सिद्धान्त, २०३४), केही कृति : केही प्रतिकृति (२०३८), केही सृष्टि : केही दृष्टि (२०४१), केही भाषा : केही साहित्य २०४५), केही सिद्धान्त : केही विश्लेषण (२०५१), बी.पी. कोइरालाका साहित्यको समग्र अध्ययन (२०५१), नरेन्द्र चापागाईका समालोचना (२०६०) आदि । *कविताकाव्यकृतिहरू*: मेरा नानीहरू (बालकाव्य, २०४४), देशान्तर (आबालकाव्य २०४४), नारायण वंशगीता (चापागाई वंशावली, २०४५), केही झिल्का : केही फिलिङ्गा (२०४६) आदि । नेपाली शब्दभण्डार (एक लाख पच्चीस हजारभन्दा बढी शब्दहरू सङ्कलित नेपाली शब्दकोश) । **सम्पादन/अनुवाद** : सूब सेनका कथा र उनको कथाशिल्प (२०४४), पूर्वाञ्चल समालोचना सङ्ग्रह, (२०४४), मातृका अभिनन्दन ग्रन्थ (२०४५), काव्यसमालोचना (२०५१), देवकुमारी थापाका प्रतिनिधि कथा (२०५१) आदि कृतिहरूका साथै अपुङ्गो (२०२९), कौशिक (२०४०), प्रतिष्ठान (पूर्वाञ्चल साहित्य प्रतिष्ठानको मुखपत्र, २०४३), प्रलेस (२०५२) आदि पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३) । **हालको ठेगाना** : नहरपारि, विराटनगर -१५, मोरङ । **फोन** : ०२५-५२५६६९ ।

नरेन्द्रनाथ रिमाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९३७ असोज, नौरथा महाअष्टमी, फिर्केप, नुवाकोट । निधन : वि.सं. २००८ असार कृष्णदशमी, बनारस । **माता/पिता** : गुणकेशरी कुमारी, दीनानाथ रिमाल । **शिक्षा** : स्वाध्याय (चार पास) । **सेवा** : निजामती, साहित्यसेवा । **पहिलो रचना** : श्रीमद्‌भगवद्‌गीता (अनु. इ.सं. १९२०) । **कृति/सृजना** : युरोपीय महाभारत (जर्मनीको लडाइँको सवाई, प्रथम खण्ड- १९७७, द्वितीय खण्ड- १९८२), श्री मद्‌भागवत् गीता (१९८१), अठार पर्व महाभारत, सर्वप्रथम नेपाली भाषामा श्लोकबद्ध गर्ने व्यक्ति (वि.सं. १९८५ तिर) । **पुरस्कार/सम्मान** : पण्डित । **सम्पर्क ठेगाना** : भनिमण्डल, जावलाखेल, ललितपुर । **फोन** : ५५३८२१३, ९८५१०७०७९६ ।

नरेन्द्रप्रसाद जोशी

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०२० पुस १५, बोलाछेँ टोल, भक्तपुर । **माता/पिता** : विष्णुकेशरी जोशी, ईश्वरीप्रसाद जोशी । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अध्यापन । **पहिलो रचना** : शहीद (कविता, २०४२) । **कृति/सृजना** : स्वां छंगु क्यबया (गीतगजलसङ्ग्रह, २०६१), मतिनाया स्वां (गीतिएल्बम), लुमन्ती वसां (गीतिएल्बम), तिम्रो नजरमा (नेपाली गीतिएल्बम) । **सम्पादन/अनुवाद** : जानकारी पत्रिका,

आशा स्मारिका, साङ्गीतिक मञ्च । **पुरस्कार/सम्मान** : न्हुगु विश्वभूमि उत्कृष्ट लेखन पुरस्कार (२०५१), उष्कृष्ट व्यवस्थापन पुरस्कार (भक्तपुर तलेजु, २०६१) । **हालको ठेगाना** : भक्तपुर -१२ । **फोन** : ६६१८४५३ ।

नरेन्द्रबहादुर श्रेष्ठ

(चित्रकार, कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००४ असोज ९, यटखा, काठमाडौँ । **माता/पिता** : सुभद्रादेवी श्रेष्ठ, पूर्णबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : व्यापार, चित्रकला, साहित्य । **पहिलो रचना** : झर्ना (कविता, जुद्धोदय पत्रिका, २०१८) । **कृति/सृजना** : ऊ भएर मेरो अभिव्यक्ति (कवितासङ्ग्रह, २०४५), प्याय् चा:गु स: (२०४९), सालिकको साम्राज्य (२०६७), १५० भन्दा बढी कभर (चित्र) डिजाइन । **सम्पादन/अनुवाद** : त्रिवेणी काव्य (नेपाल, नेपाली र मैथिली भाषा, (२०४९), भिन्तुना (साहित्यिक पत्रिका, २०५०),शारदा (मासिक पुनर्प्रकाशन, २०६३), गोरेटोको खोजीमा (हरिहरराज जोशीद्वारा लिखित निबन्ध, सम्पादन २०६८) । **पुरस्कार/सम्मान** : उपत्यकाव्यापी साहित्य सम्मेलनमा उत्कृष्ट पुरस्कार (२०२६), चित्रकला प्रतियोगितामा द्वितीय पुरस्कार (२०३१), उत्कृष्ट निर्देशनको राष्ट्रिय पुरस्कार (नेपाल जेसिस, २०३२), व्यथित काव्य पुरस्कार (२०५०), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), त्यागी साहित्य सम्मान (२०६६), देवकोटा शतवार्षिकी सम्मान (२०६६), अलि मियाँ लोक वाङ्मय सम्मान (२०६६), वाशु शशी स्मृति पुरस्कार (२०६८), नौलो नेपाली साहित्य सम्मान (२०६९), धरणीधर पुरस्कार (२०६९), नेपाल सम्मान । **हालको ठेगाना** : १७६ नागपोखरी कोलनी मार्ग, नक्साल, काठमाडौँ (narendra1947@msn.com) । **फोन** : ४४३४५३६, ९८५१०६९६९६ ।

नरेन्द्रमणि आ.दी.

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५९, काठमाडौँ । निधन : २०४२ । **माता/पिता** : ललितादेवी, काशीनाथ आ.दी. । **शिक्षा** : रसायनशास्त्रमा अनर्स, एम.ए. (अङ्ग्रेजी साहित्य) । **सेवा** : प्राध्यापन, सरकारी सेवा । **कृति/सृजना** : स्कूल ज्यामिति (पहिलो भाग, १९८१), युरोपीय साहित्यको नमुना (१९९५), हाम्रो युगात्मक र ध्वन्यात्मक शब्दहरू (२०१७), सङ्क्षिप्त अङ्ग्रेजी नेपाली शब्दकोश (२०३०) । **सम्पादन/अनुवाद** : भएका कुरा (पिता काशीनाथको, २०३१) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु प्रथम, नेपालतारा, सुविख्यात त्रिशक्ति पट्ट । **हालको ठेगाना** : गैह्रीधारा, शान्तिनिकेतन, काठमाडौँ । **फोन** : ४४१२७६८ ।

नरेन्द्रराज पौडेल

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ जेठ ९ गते, सिपापोखरे, सिन्धुपाल्चोक । **माता/पिता** : टेककुमारी पौडेल, केदारनाथ पौडेल । **शिक्षा** : आचार्य, एम.ए. (नेपाली) । **सेवा** : निजामती । **पहिलो रचना** : कमिज सुरुवाल लगाएको नयाँ सडक (गोरखापत्र, २०२५) । **कृति/सृजना** : छरिएका टुक्राहरू (कवितासङ्ग्रह, २०३९), घरभित्रको गाईजात्रा (हास्यव्यङ्ग्यसङ्ग्रह, २०४१), सप्त पल्लव (समालोचनासङ्ग्रह, २०४२), विहेको निम्ता (हास्यव्यङ्ग्यसङ्ग्रह, २०४४), छड्डुङको जङ्गलमा हराउँदा (यात्रासंस्मरण, २०४७), मङ्की स्टेट याने वानर राज्य (२०५१), मेटिएका रेखाहरू (२०५२) फट्टिकको खम्वा (कथासङ्ग्रह, २०५३), पर्खाल वाहिर (२०५८), हस्ताक्षर (२०६०), एलो सीमाधिको साँझ (२०६०), स्वप्न यात्रा (संस्मरण) । **सम्पादन/अनुवाद** : अङ्कुर (मुखपत्र), पराशर माला (स्मारिका) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा प्रथम (२०३१), ने.रा.प्र.प्र. -कविता महोत्सव- प्रथम (२०३४), हाँसने विरसा पुरस्कार (२०५२), प्रबल गोरखा दक्षिणवाहु चौथा (२०५६), दानमाया प्रतिभा पुरस्कार (२०५८), भैरव पुरस्कार (२०५९), लगायत अन्य विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । नि:शुल्क शिक्षासेवा समितिद्वारा सम्मान (२०५१), सुनकोशी साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०५१), कुलचन्द्र कोइराला स्मृति सम्मान (२०६०) । **हालको ठेगाना** : सिपा पोखरे -८, सिन्धुपाल्चोक / काठमाडौँ । **फोन** : ०६६-२०१३३ / ४४९५१९३ ।

नरेन्द्रराज प्रसाई

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ वैशाख १, आठराई, हाङ्पाङ, ताप्लेजुङ । **माता/पिता** : भागीरथा प्रसाई, जयप्रसाद प्रसाई । **शिक्षा** : स्नातक । **सेवा** : भाषा साहित्य । **कृति/सृजना** : अठ्तीस अनौठा अनुहारहरू (जीवनीसङ्ग्रह, २०४०), केही चर्चित अनुहारहरू (जीवनीसङ्ग्रह, २०४२), दक्षिण एशियाली

क्षेत्रीय सहयोग सङ्गठन (समीक्षा, २०४३), शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (प्रबन्ध, २०४४), सामाजिक सेवा अन्तर्दृष्टि (अन्तर्वार्तासङ्ग्रह, २०४४), सामाजिक सेवाको नालीबेली (२०४५), मेरो मनको देउराली (गीतसङ्ग्रह, २०४६), समाजका केही चिन्तक (जीवनीसङ्ग्रह, २०४७), मेरा प्यारो कन्चनजङ्घा (निबन्धसङ्ग्रह, २०४८), मेरो मोती पुरस्कार (निबन्धसङ्ग्रह, २०४८), जनप्रियताको नाप (२०५३), पुग्नुपर्ने टाढा थियो (गीतसङ्ग्रह, २०५४), नेपाली साहित्यका प्रमुख समालोचक (२०५४), अक्षरको प्रदर्शनी (निबन्धसङ्ग्रह, २०५५), पारिजातको जीवनकथा (जीवनी, २०५७), नेपाली साहित्यका समालोचक र समालोचना (२०५७), नमस्कार (निबन्धसङ्ग्रह, २०५८), नेपाली सङ्गीतका शिखर (जीवनी, २०५९), श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८), वाङ्देलको जीवनयात्रा (जीवनी, २०५९), राजसंस्था र नेपाली जनता (२०५९), एक महारथिको जवाफ (अन्तर्वार्ता, २०६०), आदिगायक सेतुराम (जीवनी, २०६०), ठाँगे उक्लेपछि (निबन्धसङ्ग्रह, २०६०), दौलतविक्रम विष्टको परिक्रमा (जीवनी, २०६०), कोइलीदेवीको जिन्दगानी (जीवनी, २०६१), रेलको रमाइलो (निबन्धसङ्ग्रह, २०६१), सहोदरी ठुङ (निबन्धसङ्ग्रह, २०६२), नारीचुली (२०६३), प्रिय इन्दिरा (निबन्धसङ्ग्रह, २०६२), प्रथम नारीस्रष्टा : ललितत्रिपुर-सुन्दरी (२०६४), कीर्तिबाबु (जीवनी, २०६६), देवकोटाको जीवनशैली (२०६६), महाकवि देवकोटा (जीवनी, २०६६)। मिर्मिरिमा तिमीलाई (गीतिएल्बम, २०४७), यो मनले रोजेको छ (गीतिसी.डी., २०५०), हाँसीहाँसी जलिरहेँ (२०५५), कस्तो गरी माया बस्यो (गीतिएल्बम, २०५६), शिखा (गीतिएल्बम, २०५८), जुनी (गीति सी.डी., २०५८)। **सम्पादन/अनुवाद :** नेपाल स्पेन सम्बन्ध सँगालो छ (२०३९), चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (समालोचनासङ्ग्रह, २०४३), कवि चाँदनी शाहका रचना (कवितासङ्ग्रह, २०४३), सामाजिक सेवा अन्तर्दृष्टि (२०४४), ज्ञानज्योति (सङ्कलन, २०४८), अरुणा लामा : कथा र व्यथा (२०५०), पौरखी पुरुष (२०५२), भारती खरेल सिर्जना र समीक्षा (संयुक्तसम्पादन, २०५२), एक अमर प्राज्ञ बालकृष्ण सम (संस्मरण, २०५४), गणेश गुरु : साधनादेखि समाधिसम्म (संस्मरण, २०५४), रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४), भूपाल अर्चना (२०५५), उकाली ओरालीहरूमा तारादेवी (२०५६), श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७), ईश्वर बराल : कृति र कीर्ति (२०५७), सङ्गीत शिरोभूषण : नातिकाजी (२०५८), ईश्वरवल्लभ : आयाम र आकृति (२०५९), मिश्रका कृति : कविका दृष्टि (२०६०), कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०), शरद्चन्द्र भट्टराईको इतिवृत्त (२०६२), द समिट अफ वमेन राइटर्स (अङ्ग्रेजी, सन् २००७), महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)। कुटुम्ब (साप्ताहिक, २०३९), उपकार (त्रैमासिक, २०४३), प्रज्ञापत्र (मासिक, २०५३), भानुमोती (वार्षिक, २०५६) आदि। **पुरस्कार/सम्मान** : जेसिस साहित्य स्वर्णपदक (२०४४), युवावर्ष मोती पुरस्कार (२०४८), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), राष्ट्रिय गौरव युवा सम्मान (२०५३), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०५७), प्रतिभा सम्मान (२०५७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), भानुभक्त चलचित्र सम्मान (२०५९), प्रतिभा सम्मान (२०५९), उत्तम शान्ति पुरस्कार (२०६०), भद्रकुमारी घले पुरस्कार (२०६४), दीपज्योति सम्मान (२०६७), देरूनीख पुरस्कार (२०६७)। **हालको ठेगाना** : घट्टेकुलो, डिल्लीबजार, काठमाडौँ। **फोन** : ४७७०५८०।

नरेशजङ्ग राणा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५१ नोभेम्बर १३, प्युठान। **माता/पिता** : भोजकुमारी राणा, पद्मनाभजङ्ग राणा। **शिक्षा** : बी.ए.। **सेवा** : संस्थान सेवा। **कृति/सृजना** : दुई थुँगा फूल (कवितासङ्ग्रह, संयुक्त, २०६१), निसास्सिएका रातहरू (कविता-सङ्ग्रह, २०६२)। **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक (२०५९)। **हालको ठेगाना** : त्रिभुवन -११, घोराही, दाङ। **फोन** : ०८२-५६०१०५।

नरेशवीर शाक्य

(लेखक, नेपाली/नेवा: भाषा)

जन्म/स्थान : वि.सं. २०११ चैत्र २५, मखनटोल, काठमाडौँ। **माता/पिता** : हेरादेवी शाक्य, धर्मवीर शाक्य। **शिक्षा** : एम.ए. (नेपालभाषा)। **पहिलो रचना** : अन्तरजातीय इहिपा खसकरण खपेफु (निबन्ध, विश्वभूमि, २०५३)। **कृति/सृजना** : म्ह पूजा किन र

कसरी ? (२०५३), नेपालभाषा (२०५४), ईलोह वर्णमाला (२०५७) । **सम्पादन/अनुवाद** : हामी नेवार (अनु, २०५३), ईलाहे बालमासिक पत्रिका (२०५६), यज्जु (पारिवारिक मासिक, २०५७), विश्वया न्यापुबाखं भाग १, २ (अनु. २०५६, २०५८), भारतयागु यइपुगु बाखं (अनु. २०६०), लायकू पाक्षिक (२०६०), न:लि साहित्यिक द्वैमासिक (२०६१) । **हालको ठेगाना** : मखनटोल, काठमाडौँ । **फोन** : ४२२२९९७, ९८५१०३०३७६ ।

नरेश शाक्य ‘नीरज’ (नरेशकुमार शाक्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ मङ्सिर १०, धरान, सुनसरी । **माता/पिता** : जगतकुमारी शाक्य, गङ्गाप्रसाद शाक्य । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन । साहित्य सन्ध्या सम्मान (२०५०), फ्रि नेपाल डट कमद्वारा साहित्य सम्मान (२०६२) । **पहिलो रचना** : कलिलो बालक (कविता, रूपरेखा, २०२२) । **कृति/सृजना** : नरेश शाक्य ‘नीरज’का कविता र गीतहरू (कवितासङ्ग्रह, २०४९), परिवेश (कवितासङ्ग्रह, २०५६) । **सम्पादन/अनुवाद** : कोशीको कोसेली (कविता सङ्कलन, २०२१), आक्रोश (कथासङ्ग्रह, कोशीका कथाकारहरूको कथा, २०२१), साहित्य सुधा (साहित्य सङ्गम, आठराई, २०२६), प्रेरणा (सामयिक सङकलन, धरान) । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), साहित्य सन्ध्या पुरस्कार, साहित्यिक पत्रकार सङ्घद्वारा पुरस्कृत (२०६२) । **हालको ठेगाना** : महालक्ष्मी स्थान, ललितपुर । **फोन** : ५५३३७५५ ।

नरेश श्रेष्ठ

(फोटो कलाकार)

जन्म/स्थान : २०२० पुस ११, सिङ्गिया-९, सुनसरी । **आमा/बाबु** : विष्णुमाया श्रेष्ठ, कृष्णमान श्रेष्ठ । **शिक्षा/विषय** : स्नातक । **सेवा** : फोटोग्राफी । विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान एवं कदरपत्रहरू । **कृति/सृजना** : तस्वीर (सचित्र, नेपाली-अङ्ग्रेजी) फोटो प्रदर्शनीहरू । **हालको ठेगाना** : बागबजार, काठमाडौँ (abcshrestha@gmail.com) । **फोन** : ९८४१२७४७५८, ४२४०२४१ ।

नरेशसुन्दर सैजू

(ललितकलाकर्मी)

जन्म/स्थान : वि.सं. २०१५ साउन, पनौती, काभ्रेपलाञ्चोक । **माता/पिता** : लक्ष्मी सैजू, रामभक्त सैजू । **शिक्षा** : बी.एफ.ए. (चित्रकला) । **सेवा** : चित्रकारिता । **पहिलो रचना** : सामूहिक चित्रकला प्रदर्शनी (नेपाल-भारत मैत्री सङ्घ, २०३७) । **कृति/सृजना** : सामूहिक चित्रकला प्रदर्शनी (नेपाललगायत बेल्जियम, भारत, बेलायत आदि देशहरूमा २०३७ देखि हालसम्म चौधपटक) । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (ललितकला क्याम्पस), प्रथम पुरस्कार (युवाकलाकार समूह), तृतीय पुरस्कार (बृहत् कला प्रदर्शनी, रङ्गलाल वाङ्देल स्मृति पुरस्कार) । **हालको ठेगाना** : पनौती -७, काभ्रेपलाञ्चोक । **फोन** : ६६११५९४ ।

नर्मदेश्वर प्रधान

(समालोचक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००४ कात्तिक ४, पुल्चोक, न:टोल, ललितपुर । **माता/पिता** : लक्ष्मी प्रधान, रुद्रमान प्रधान । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन, लेखन । **पहिलो रचना** : वियोग (कविता, भ्रीः पत्रिका, ने.सं. १०७९) । **कृति/सृजना** : सिर्जना (समालोचना, ने.सं. १०९६), जिगु विचा: जिगु धापू (ने.सं. ११०५), जिगु गद्य कविता (ने.सं. १११९), स्वंग:गु मिखा (साहित्य साहित्य, ने.सं. १११९), सौन्दर्य दर्शन (साहित्य सिद्धान्त, ने.सं. १११९) । **सम्पादन/अनुवाद** : प्रतिभा साहित्य दबू (ने.सं. १११०), ल:हँय् (उपन्यास, अनु., ने.सं. १११०), नेपालभाषा कवितासङ्ग्रह (ने.सं. १११६, नापं) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. ११०५) । **हालको ठेगाना** : पुल्चोक, न:टोल, ललितपुर । **फोन** : ५५२४५०२ ।

नर्मदेश्वरी सत्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असार १४, खाँदबारी,

सङ्खुवासभा । **माता/पिता** : वेदकुमारी घिमिरे, षडानन्द घिमिरे । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, सामाजिक सेवा । **पहिलो रचना** : लघुकथा (कान्तिपुर साप्ताहिक, २०४६) । **कृति/सृजना** : आमा-छोरी (कवितासङ्ग्रह, संयुक्तलेखन, २०५८), वक्तृता आजको आवश्यकता (वक्तृता, सहलेखन, २०५९), छुनुमुनु-छुनुमुनु (बालकवितासङ्ग्रह, २०६१) । **हालको ठेगाना** : क्षत्रेबाँझ -७, काभ्रेपलाञ्चोक । **फोन** : ४४७९८८९ ।

नलराज शास्त्री

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ चैत्र २७, द्यौराली, पाल्पा । **माता/पिता** : चेतकान्ता, लीलाराज नेपाल । **शिक्षा** : वेदान्ताचार्य, एम.ए. । **सेवा** : प्रशासन सेवा । **कृति/सृजना** : प्रथम सप्ताहव्यापी विकास माहात्म्य महोत्सव एक संस्मरण (२०३४), विकेन्द्रीकरण एक दर्शन (२०४३), आर्यसंस्कृति (२०४४), हाम्रो राष्ट्रिय झन्डा (२०४८), देवघाट तीर्थ माहात्यम् (२०६५), आर्यध्वज विज्ञान (२०६७) । **सम्पादन/अनुवाद** : गोरक्ष-पद्धति (२०५०) । **हालको ठेगाना** : देउघाट, चितवन ।

नवराज अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असार, कठजोर, रामेछाप । **माता/पिता** : मातादेवी, योगनाथ अधिकारी । **शिक्षा** : बी.कम., बी.एल. । **सेवा** : निजामती, पत्रकारिता र लेखन-सम्पादन । **कृति/सृजना** : सामान्यज्ञान (भाग १-१२), विश्वका वैज्ञानिकहरू (२०६३), इजरायल एक परिचय (२०६५), नेपालका साहित्यकारहरू (तस्वीरमाला) । **सम्पादन/अनुवाद** : दिव्य-उपदेश, बालमञ्च, अन्तर्राष्ट्रिय मञ्च, शैक्षिक मञ्च, स्वास्थ्य सन्देश, पासाङ ल्हामु स्मृति-ग्रन्थ, नेपाली लोक कथासङ्ग्रह । **फोन** : ४२२०७३१ ।

नवराज कट्टेल

(सम्पादक/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ कात्तिक ३, कट्टेलडाँडा, गोरखा । **माता/पिता** : दुर्गादेवी कट्टेल, हरिकृष्ण कट्टेल । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (संस्कृत), बी.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : हिमाल (कविता, बालक, २०३७) । **कृति/सृजना** : सृजनाका थुँगाहरू (कवितासङ्ग्रह, २०६८), नेपाली कथा र उपन्यासको अध्ययन (२०६८) । **सम्पादन/अनुवाद** : लक्ष्मनियाँको गौना (कथासङ्ग्रह, २०५१), कथाकार सनत रेग्मी (२०५३), गोरखा वाङ्मय (२०५३), नैतिकता हराएको सूचना (२०५५), जयतु संस्कृतम् (संस्कृतकवितासङ्ग्रह (२०५९), विवरणात्मक (ग्रन्थकोष (२०६०), मलाई नक्साभित्रको देश चाहिन्छ (कवितासङ्ग्रह, २०६८), चार्वाक दर्शन (२०६९) । **पुरस्कार/सम्मान** : विभिन्न सालहरूमा निबन्ध, कविता तथा अन्य विधाहरूमा स्वर्ण पदकलगायत प्रथम, द्वितीय, तृतीय तथा नगद पुरस्कारहरूबाट सम्मानित, सर्वप्रथम दीननाथ-नारायणीदेवी पौडेल नामक पुरस्कारबाट पुरस्कृत । **हालको ठेगाना** : का.म.न.पा.-७ । **फोन** : ४४८६२९९, ९८४१-३४५९७६ ।

नवराज कार्की

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००९ वैशाख ३०, शिखघार, म्याग्दी । **माता/पिता** : तीर्थकुमारी कार्की, टेकबहादुर कार्की । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, साझा प्रकाशन । **पहिलो रचना** : कथा (मातृभूमि साप्ताहिक, २०२५) । **कृति/सृजना** : सिलसिला (कवितासङ्ग्रह, २०४०), मनभित्रको आँधी (गीत तथा कवितासङ्ग्रह, २०५३), एक दनक (हास्यव्यङ्ग्य कविता, २०५९) । **सम्पादन/अनुवाद** : किशोर (बाल पत्रिका, २०४८), गरिमा (साहित्यिक मासिक) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव (दोस्रा, २०३९), ने.रा.प्र.प्र. गाईजात्रा महोत्सवमा कवितामा ३ पटक प्रथम (२०३७, ३८, ३९), रत्नश्री स्वर्णपदक (२०३९), रत्न श्रेष्ठ पुरस्कार (२०४०), व्यथित काव्य पुरस्कार (२०५३) । **हालको ठेगाना** : पो.ब.नं. ५९०३, रानीबारी, लाजिम्पाट, काठमाडौं । **फोन** :. ४३५२८६९ ।

नवराज चालिसे

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ वैशाख ३०, जोरपाटी, काठमाडौँ । **माता/पिता** : लक्ष्मीदेवी चालिसे, नारायणप्रसाद चालिसे । **शिक्षा** : स्नातकोत्तर, विद्यावारिधि (अर्थशास्त्र) । **सेवा** : नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय योजना आयोग, राष्ट्रिय वाणिज्य बैङ्क, कृषि विकास बैङ्क । **पहिलो रचना** : चोर (कथा, रचना पत्रिका, २०१९) । **कृति/सृजना** : प्राचीन हिन्दू अर्थशास्त्रको रूपरेखा (२०२२), नेपाल र आर्थिक विकास (२०३६), ल्यान्ड टेनर रिफर्म इन नेपाल (अङ्ग्रेजी भाषा, २०४५) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०२१), गोरखा दक्षिणबाहु तेस्रा (२०२९), महेन्द्र विद्याभूषण (२०२७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । छहारी सांस्कृतिक समूह, जोरपाटीबाट सम्मान (२०६१) । **हालको ठेगाना** : गहनापोखरी, काठमाडौँ । **फोन** : ४४३२५४५ ।

नवराज पुडासैनी 'ज्योत्स्ना'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ मङ्सिर २८, गोठाटार, काठमाडौँ । **माता/पिता** : पार्वती पुडासैनी, कृष्णप्रसाद पुडासैनी । **शिक्षा** : स्नातक । **सेवा** : बैङ्किङ सेवा । सम्पादन, साहित्य । **पहिलो रचना** : कवि (कविता, गोरखापत्र, २०३१) । **कृति/सृजना** : बिचरी शिलाहरू (कथासङ्ग्रह, २०५७), ज्योत्स्नाका गीत गजल (२०६१) । **सम्पादन/अनुवाद** : मनोभाव (साहित्यिक त्रैमासिक), कल्पतरु (साहित्यिक त्रैमासिक), उपहार (साहित्यिक त्रैमासिक), मजबुन (साहित्यिक त्रैमासिक) । **हालको ठेगाना** : गोठाटार -१, काठमाडौँ । **फोन** : ४४२४१०१, ९८४१२८२३०५ ।

नवराज रिजाल (वागियान शर्मा)

(आख्यानकार/बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ जेठ २९, पश्चिम १ नं., धादिङ । **माता/पिता** : देवकुमारी रिजाल, ठाकुरप्रसाद रिजाल । **शिक्षा** : एम.ए., (नेपाली,), बी.एड. । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : पागलको चाहना (कथा, मातृभूमि साप्ताहिक, २०३९) । **कृति/सृजना** : अदृश्यपीडा (लघुकथा-सङ्ग्रह, २०५७), दयालु ढेडु (बालकथासङ्ग्रह, २०५८), डुमरवानाको सेरोफेरो (खोज अनुसन्धान, २०५८) भूतको घरभित्र (बालकथासङ्ग्रह, २०५९), बोक्सी बूढी (बालकथासङ्ग्रह, २०६०), म पनि जान्नँ (बालकथा सङ्ग्रह, २०६१), तिलकानेको टिको (बालकथासङ्ग्रह, २०६२), विखण्डित प्रवाह (कथासङ्ग्रह, २०६३), छट्टु बाँदरको बिहे (बालकथासङ्ग्रह, २०६३), दि थ्री फ्रेन्डस (बालकथा-सङ्ग्रह, अङ्ग्रेजी भाषा, २०६४), चुपचाप-चुपचाप (गजलसङ्ग्रह, २०६६, वागियान शर्माको नाममा), स्यावास गोपी (बाल कथासङ्ग्रह, २०६६) रोजीको हवाईजहाज (बालउपन्यास, २०६७), नक्कलीको अक्कल (बाल कथासङ्ग्रह, २०६७), माटो खोज्दै (लघु कथासङ्ग्रह, २०६७), जूनदाइ आए (बाल कवितासङ्ग्रह, २०६८), गुराँस फुलेपछि (बाल कवितासङ्ग्रह, २०६९) । **सम्पादन/ अनुवाद** : नवप्रज्ञापन (२०५०), मैदान (२०५२), मूर्च्छना (२०५६), समायोजन (२०६०), उत्तरार्द्ध (२०६७), महेश आवाज । **पुरस्कार/सम्मान** : सुगन्ध लघुकथा पुरस्कार (२०५१), नारायणी वाङ्मय पुरस्कार (२०५७), अनेसास पुरस्कार (२०६६) । राष्ट्रिय वाङ्मय सम्मान (२०६३) । **हालको ठेगाना** : स्वाभिमानबस्ती, डुमरवाना -७, बारा / पो.ब.नं. ९१०९, काठमाडौँ । **फोन** : २०२०५५१, ९८५११३८६२४ ।

नवराज लम्साल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ साउन ८, ज्यामरुङ -९, धादिङ । **माता/पिता** : हेमकुमारी लम्साल, टङ्कप्रसाद लम्साल । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (संस्कृत साहित्य) । **सेवा** : अध्यापन, सम्पादन, रेडियो कार्यक्रम सञ्चालन । **पहिलो रचना** : वन्दना (कविता, अरुणोदय पत्रिका, २०४१) । **कृति/सृजना** : पाइलैपिच्छे सगरमाथा (कवितासङ्ग्रह, २०६१), आगो छोपेर कतिञ्जेल (कवितासङ्ग्रह, २०६२), धुनभित्र र धुन बाहिर (गीतसङ्ग्रह, २०६२), कर्ण (महाकाव्य, २०६६) । रेडियो नाटक लेखन, थुप्रै सङ्ख्यामा

गीतरचना रेकर्ड । **सम्पादन/अनुवाद :** मधुवन (कविता सँगालो) । **पुरस्कार/सम्मान :** राष्ट्रव्यापी वक्तृत्वकला प्रतियोगिता - प्रथम (२०४८), धादिङ साहित्य सम्मेलन - प्रथम (२०४८), उत्कृष्ट गीतकार (रेडियो नेपाल, २०५८), ने.रा.प्र.प्र. कविता महोत्सव - प्रथम (२०५९), जिविस धादिङबाट पुरस्कृत (२०६८) । **हालको ठेगाना :** तीनथाना -४, काठमाडौँ (nrlamsal@poetic.com) । **फोन :** ४३१३२६५, ९८४१२७३८४७ ।

नवराज शर्मा तिमिल्सिना (मौदगल्य, अभिनव, नराश)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ साउन १७, ढुङ्खर्क, काभ्रे । **माता/पिता :** मनमाया तिमिल्सिना, हिरामणि तिमिल्सिना । **शिक्षा :** प्रवेशिका । **सेवा :** अध्यापन, साहित्य, पत्रकारिता । **पहिलो रचना :** गरिबको व्यथा (कविता, जुनेली मुखपत्र, २०२४) । **कृति/सृजना :** बन्धनभित्रका अभिव्यक्तिहरू (कवितासङ्ग्रह, सहलेखन, २०४६) । **सम्पादन/अनुवाद :** कुराकानी (साप्ताहिक, २०४१), प्रयास (साहित्यिक त्रैमासिक, २०४१), क्रमश: (साहित्यिक, २०४८), सौरभ (साहित्यिक, २०५४), हेटौँडा सन्देश (दैनिक, २०५८), प्रकाश (साप्ताहिक, २०६०) । **हालको ठेगाना :** हेटौँडा-९, मकवानपुर । **फोन :** ०५७-५२१८८६ ।

नवीनकृष्ण चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१९ साउन १७, न्ध्योखा टोल, काठमाडौँ । **माता/पिता :** पार्वती चित्रकार, कृष्ण चित्रकार । **शिक्षा :** आइ.कम. । **सेवा :** चित्रकला । **कृति/सृजना :** पुर्ख्यौली काम परम्परागत पौभा चित्रकलामा वाल्यकालदेखि हालसम्म पौभा चित्रकलामा निरन्तरता, जापानी, कोरियाली, चिनियाँ र ताइवानी चित्रकलामा अनुभव । **हालको ठेगाना :** का.म.न.पा. -२८ । **फोन :** ४२६५३०१ ।

नवीन चित्रकार

(कवि, नेपाल भाषा)



जन्म/स्थान : इ.सं. १९५० जनवरी २, वटु, काठमाडौँ । **आमा/ बाबु :** बीना चित्रकार, माणिक चित्रकार । **शिक्षा :** बी.कम. । **सेवा :** साहित्य, सञ्चार, समाज सेवा, धार्मिक, रङ्गमञ्च, खेलकुद, प्रशासन । **पहिलो रचना :** छिमिसं हे धा: (एकाङ्की नाटक, 'देग' पत्रिका, ने.सं. ११०३, २०३९) 'बालक' वाचन (२०२१) । **कृति/सृजना :** स्वकुमि जि जि दुनेया (नेपालभाषा, कवितासङ्ग्रह, २०५३), एकल फोटो प्रदर्शनी । **सम्पादन/अनुवाद :** कविता (सम्पादन, एटलान्टा रिभ्यू, अमेरिका), नेपालभाषाका कविताहरू हिन्दीमा अनुवाद तथा सम्पादन, प्रोग्राम प्रोडुसर, भिडियो, डकुमेन्ट्री फिल्महरू सम्पादन । **पुरस्कार/ सम्मान :** उत्कृष्ट एकाङ्की लेखक "छिमिसं हे धा:" (२०३९), सर्वश्रेष्ठ पटकथाकार टेलिफिल्म 'घर' तेस्रो टेलिफिल्म पुरस्कार (२०४६), फर्स्ट इन्टरनेसनल फोटो एक्जिभेसन - तेस्रो पुरस्कार, चीन), एडिटर्स च्वाइस अवार्ड (बाइगन साडोज कविताको लागि, इ.सं. १९९९, यू.एस.ए.) आदि । **हालको ठेगाना :** पो.ब.नं. ३८२, काठमाडौँ (nabin_liza@yahoo.com) । **फोन :** ४२२३८०४ ।

नवीनबन्धु दाहाल 'पहाडी'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२७ माघ १, सुनौला बजार, धादिङ । **माता/पिता :** डिलकुमारी, लीलानाथ दाहाल । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** आजका मान्छे (प्रज्ञापन, २०४९) । **कृति/सृजना :** पहाडीका कविताहरू (कवितासङ्ग्रह, २०५८), मनका तरेली मनका सुर (कवितासङ्ग्रह, २०६२), तृष्णा (उपन्यास, २०६७), साधारण नेपाली (पाठ्यपुस्तक, २०६७) । **सम्पादन/अनुवाद :** कल्पन मञ्जरी, गणेश हिमाल, बिसौनी (मुखपत्र) । **पुरस्कार/सम्मान :** विभिन्न स्थानीय पुरस्कारहरू । **हालको ठेगाना :** नीलकण्ठ-२, धादिङ । **फोन :** ५२०१०६, ५२०४६८ ।

नवीन विभास (किरण पुन)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ मङ्सिर २९, जैपा, राङ्कोट, रोल्पा । **माता/पिता** : दिलसरी पुन, दलबहादुर पुन मगर । **शिक्षा** : एम.ए. (पत्रकारिता आमसञ्चार, अङ्ग्रेजी) । **सेवा** : पत्रकारिता, साहित्य । **पहिलो रचना** : गजल (सिस्ने मासिक, २०५२) । **कृति/सृजना** : आधाबाटो हिँडेपछि (कथासङ्ग्रह, २०५७), उनका गजल (संयुक्त गजलसङ्ग्रह, २०५८), मौसमका हरफहरू (संयुक्त कवितासङ्ग्रह, २०५९), रात पनि ऐठन परेको रातमा (निबन्धसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : सिस्ने (मासिक, २०५२), मिर्मिरे (वार्षिक, २०५४) । आदिवासी मञ्च (त्रैमासिक, २०५४), पहल (साहित्यिक त्रैमासिक, २०५५), आँखीझ्याल (साहित्यिक त्रैमासिक, २०५९), रापतीका गीत (राप्तीका प्रतिनिधि गीत, २०५९), नागार्जुन (बालसाहित्य विशेषाङ्क, २०६०) । **पुरस्कार/सम्मान** : राप्ती साहित्य पुरस्कार (२०५९), नागार्जुन बालसाहित्य सम्मान (२०६१), प्रतिभा पुरस्कार (बेलायत, सन् २००८) । **हालको ठेगाना** : राङ्कोट-७, रोल्पा (nbibhas@yahoo.com) . **फोन** : ४३३१४२९ ।

नातिकाजी श्रेष्ठ

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. १९८२ पुस ३, पुल्चोक, ललितपुर । निधन : २०६० कात्तिक १६ । **माता/पिता** : चम्पादेवी, मोहनलाल श्रेष्ठ । **शिक्षा** : प्रवेशिका (२०१६), सङ्गीत विशारद (२०३०, इलाहावाद) । **सेवा** : रेडियो नेपालमा २००८ देखि संलग्न रही २०३४ देखि अधिकृत, सङ्गीत, गायन । **कृति/सृजना** : आधुनिक गीत, लोक गीत, राष्ट्रिय गीत तथा भजन समेत गरी करीब दुई हजारभन्दा बढी गीतमा सङ्गीत दिएको । 'निर्माण पथ' नेपालको फूलबारी गीति नाटक, 'मनको बाँध, सिन्दूर चलचित्रमा सङ्गीत सम्पादन । थुप्रै सङ्ख्यामा गीत गायन । करीब दुई सयभन्दा गीतहरू गायन । **पुरस्कार/सम्मान** : गायन र सङ्गीतमा तीन पटक स्वर्णपदक, गोरखा दक्षिणबाहु चौथो, तेस्रो (२०३५, २०५१), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०३६), त्रिशक्तिपट्ट चौथो, श्रीरत्न सङ्गीत पुरस्कार (इ.सं. १९८८), छिन्नलता गीत पुरस्कार (इ.सं. १९८९), सुप्रसिद्ध प्रवल गोरखा दक्षिणवाहु (इ.सं. १९९९) आदि ।

नातिवज्र वज्राचार्य

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९८ असार १, दगुवहा: भोटाहिटी, काठमाडौँ । **माता/पिता** : मानकुमारी वज्राचार्य, दानरत्न वज्राचार्य । **शिक्षा** : साधारण । **सेवा** : व्यवसाय । **पहिलो रचना** : वंग: न्हू सतकया स्वापू (कविता, सितु पत्रिका, २०२२) । **कृति/सृजना** : सुतिल: (नेपालभाषा, २०२७), थम्हं थ:त लुइका वलय् (नेपालभाषा, २०३८), जीवनया दुवातय् (नेपालभाषा, २०५२), स्वयनगु (गीतिएल्बम, लेखन, २०५८), तय्जु (गीतिएल्बम, लेखन, २०६२) । **सम्पादन/अनुवाद** : न्हसला (२०२६) । **पुरस्कार/सम्मान** : चित्तधर सिरपा: (ने.सं. ११११), विश्वव्यापी शान्ति अभियान पाखें हनापौ (२०५८) । **हालको ठेगाना** : का.म.न.पा. -३० । **फोन** : ४२२१०३२ ।

नारद ओझा (नारदप्रसाद)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ फागुन कृष्णाष्टमी, आङ्तेप, भोजपुर । निधन : २०४७, झापा । **शिक्षा** : कोविद, प्रवीण, संस्कृत मध्यमा । **सेवा** : पत्रकारिता । । **कृति/सृजना** : गन्थन मन्थन (निबन्धसङ्ग्रह, २०४०), वेदतन्त्र र साधना, केही पुराना निबन्धहरू, अस्तित्व र अस्मिता (उपन्यास) । **सम्पादन/अनुवाद** : अनुशीलन (साहित्यिक मासिक), कोसेली (साप्ताहिक) । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (२०४०), सिर्जनशील पत्रकारिता पुरस्कार (२०४३), निबन्ध प्रतियोगितामा दुईपटक प्रथम । स्थानीय साहित्यिक संस्था (विराटनगर) द्वारा अभिनन्दन । **हालको ठेगाना** : कञ्चनबारी, विराटनगर ।

नारदमणि थुलुङ

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६५, छिनामखु, भोजपुर । **निधन** :



२०४७ । **सेवा** : राजनीति (पूर्वमन्त्री, २०१०), २००७ सालमा पूर्वाञ्चल कमाण्डर भई क्रान्तिको नेतृत्व, भोजपुरमा प्रजातान्त्रिक रेडियो खोलेको (२००८) । **कृति/सृजना** : किराँतीको नालीबेली (२०४२), बिर्सेका अनुहारहरू (२०४५), बिर्सन नसकेका घटनाहरू (२०४५) ।

नारदमणि पौड्याल

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ पुस ८, बिगुटार, ओखलढुङ्गा । **माता/पिता** : कृष्णमाया पौड्याल, मनोरथ पौड्याल । **शिक्षा** : शास्त्री (संस्कृत साहित्य), स्नातकोत्तर (नेपाली) । **सेवा** : साहित्य, पत्रकारिता, सहकारी क्षेत्र, रेडियो कार्यक्रम उत्पादन प्रसारण । **पहिलो रचना** : मेरो यात्रा संस्मरण (निबन्धसङ्ग्रह, २०३४) । **कृति/सृजना** : केही कवि केही कविता (सहलेखन, २०४२), नेपालमा सहकारी आन्दोलन इतिहासदेखि वर्तमानसम्म (२०५२), सहकारी परिचय (२०५४), सहकारी शिक्षा (२०५६), नियात्राका नवीनतम थुँगाहरू (२०५९), रेडियो नाटक लेखन, टेलिचलचित्रमा अभिनय, टेलिभिजन कार्यक्रम सञ्चालन । **सम्पादन/अनुवाद** : प्रवर्तमान (मासिक-२०५२), सहकारी संवाद (मुखपत्र, २०४९ देखि), नेपालमा साझा सहकारिता मान्यता र दृष्टिकोण (२०४७), नेपाल फोरम बृहत् ऐतिहासिक ग्रन्थ (२०५२) । **पुरस्कार/सम्मान** : अन्तर्राष्ट्रिय सहकारी दिवस पुरस्कार, गद्दी आरोहण रजत महोत्सव पदक (२०५४), विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कार प्राप्त । अन्तर्राष्ट्रिय सहकारी दिवस सम्मान (२०६०) । **हालको ठेगाना** : कपन -३ (ङ) काठमाडौँ । **फोन** : ४४९०५३१ ।

नारदमणि हार्तम्छाली 'कलाङ'

(चित्रकार, लोकसाहित्यकार)



जन्म/स्थान : वि.सं. २०१४ माघ २९, भीरगाउँ, देउराली, भोजपुर । **माता/पिता** : लच्छीनधरा राई, खड्गबहादुर राई । **शिक्षा** : स्नातक (ललितकला), स्नातकोत्तर (समाजशास्त्र) । **सेवा** : चित्रकारिता, गायन, सङ्गीत, अभिनय । **पहिलो रचना** : सेवा नै धर्म हो (कविता, मुखपत्र, धरान, २०३५) । **कृति/सृजना** : वैशाखे चिउला (कविता-गीतसङ्ग्रह, २०५३), कलाङ (साहित्य, कला विविध, २०५७) । नेपाली चलचित्र 'बलिदान'मा चरित्र अभिनय । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सामूहिक चित्रकला प्रदर्शनी तीनपटक । **सम्पादन/अनुवाद** : भोजपुरे कोथाहरू (बाल साहित्य पुस्तक), पाइला (विकासमूलक पत्रिका) । **पुरस्कार/सम्मान** : अधिराज्यव्यापी चित्रकला प्रतियोगितामा प्रथम (२०४४), क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६९) साथै अन्य पुरस्कारहरू । त्रिवेणी (साहित्य, कला, सङ्गीत), भोजपुर (२०५९), किरात राई यायोक्खा, भोजपुरका संस्थाहरूद्वारा सम्मान अभिनन्दन । **हालको ठेगाना** : काठमाडौँ / देउराली -६, भोजपुर । **फोन** : ४२५२७४१, ४३७६७६० ।

नारद वज्राचार्य

(कथाकार, नेपाली/नेपाल भाषा)



जन्म/स्थान : वि.सं. २०१३ वैशाख ७, असन काठमाडौँ । **माता/पिता** : रामकेशरी वज्राचार्य, चैत्यराज वज्राचार्य । **शिक्षा** : एम.ए. नेपाल भाषा । **सेवा** : नोकरी । **पहिलो रचना** : अमर (कथा, परोपकार पत्रिका, २०२८) । **कृति/सृजना** : नेपाल भाषा व थ्वया साहित्य (सहलेखन, ने.सं.११०८) । **सम्पादन/अनुवाद** : तयजू, गं (ने.सं.११०५) । **हालको ठेगाना** : कुलेश्वर-१४, काठमाडौँ । **फोन** : ४२७९८०१, ९८४१४३५१७० ।

नारायणकुमार आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ माघ ३०, हलवार, दाङ । **शिक्षा** : एम.ए. (नेपाली साहित्य) । **सेवा** : प्राध्यापन, शिक्षाध्यक्ष (म.सं. वि.वि.) । **कृति/सृजना** : माटो (लघुकाव्य, २०६१), रापतीका तरङ्ग (गीतसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : हैमप्रभा (मुखपत्र, जनता विद्यापीठ) । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक (२०५६),

शिक्षा दिवस पुरस्कार (२०५८), शिक्षाविद्का रूपमा अभिनन्दित (२०६०, एक्टिभ एकेडेमी, काठमाडौँ) । **हालको ठेगाना** : बिजौरी-५, दाङ (chetana_bijauri@yahoo.com) । **फोन** : ०८२-५२१२२३ ।

नारायणकुमार आचार्य

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ ३, बारा, कलैया । **माता/पिता** : सितलादेवी आचार्य, अमृत आचार्य । **शिक्षा** : बी.ए., डिप्लोमा इन ल । **सेवा** : प्रहरी सेवा । **पहिलो रचना** : जिन्दगी छ सानो बिर्सेर बिर्सिंदैन (कविता, २०२६) । **कृति/सृजना** : मनभित्रका आवाजहरू (कवितासङ्ग्रह, २०५६), मेरी माया (गीति सी.डी.), तिम्रो सम्झना (सी.डी. २०५७), मनभित्रका आवाजहरू (सीडी, २०६१) । **हालको ठेगाना** : जोरपाटी, काठमाडौँ । **फोन** : ४९१५८४३, ९८४१४४५३५० ।

नारायण गोदारे (नारायणप्रसाद बास्कोटा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ फागुन ७, गोदार, धनुषा । **माता/पिता** : मिथिलादेवी उपाध्याय, बद्रीप्रसाद उपाध्याय । **शिक्षा** : एम.ए. । **सेवा** : सञ्चार, पत्रकारिता । बी.पी.को ७७औँ जन्मजयन्तीको कविगोष्ठीमा सम्मान (२०४७) । **पहिलो रचना** : जीवन जाँच (कविता, २०३१) । **कृति/सृजना** : पैँतालीस थुँगा (कवितासङ्ग्रह, २०५१), गँजडी भँङगी (अखण्ड काव्य, २०५२), सिद्धिचरण (नेवारभाषामा कविता, २०५६), देवघाट (कथासङ्ग्रह, २०५६), शवयात्रा जारी छ (कवितासङ्ग्रह, २०५७), सिद्धिचरण एक र अनेक (नव्य काव्य, २०५८), अनाहकका उद्गारहरू (कवितासङ्ग्रह, २०५९), स्वराष्ट्रका वीरेन्द्र (महाकाव्य, २०५९), कुलचन्द्र स्मृति (खण्डकाव्य, २०६०), फूल (खण्डकाव्य, २०६१) । **सम्पादन/अनुवाद** : स्थानीय विकासका लागि साहित्यिक पुस्तक/पत्रिका सम्पादन, दुर्गम क्षेत्र विकास बुलेटिन पत्रिका सम्पादन । **हालको ठेगाना** : सरस्वतीनगर, घर नं. १९४, काठमाडौँ । **फोन** : ४४८०६०७ ।

नारायणगोपाल गुरुवाचार्य

(गायक)

जन्म/स्थान : वि.सं. १९९८ असोज, किलागल, काठमाडौँ । निधन : २०४७, काठमाडौँ । **माता/पिता** : रामदेवी, आशागोपाल गुरुवाचार्य । **शिक्षा** : स्नातकोत्तर (शास्त्रीय सङ्गीत) । **सेवा** : सङ्गीत साधना, सांस्कृतिक संस्थानमा सञ्चालक सदस्यदेखि महाप्रबन्धकसम्म (२०३६) । **पहिलो रचना** : स्वर्गकी रानी मायाकी खानी .... (गीत रेकर्ड, २०१७) । **कृति/सृजना** : करीब ४ सयभन्दा बढी गीत गाउनुका साथै सय भन्दा बढी गीतमा सङ्गीत संयोजन, मुनामदन, मालती मङ्गलेलगायत चौधवटा गीतिनाटकमा स्वराङ्कन, देशविदेशमा दजनौँपटक साङ्गीतिक कार्यक्रम । **सम्पादन** : बागिना (पत्रिका) । **पुरस्कार/सम्मान** : सर्वोत्तम सङ्गीत पुरस्कार (२०२३), सर्वोत्कृष्ट गायन पुरस्कार (२०२४), रत्न रेकर्डिङ पुरस्कार (२०२९), गोरखा दक्षिणबाहु चौथो (२०३३), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०४०), विशाल बजार लायन्स अवार्ड (२०४३), छिन्नलता गीत पुरस्कार (२०४४), जगदम्बाश्री पुरस्कार (२०४५), उर्वशी रङ्ग पुरस्कार (२०४७), विख्यात त्रिशक्तिपट्ट, आदि । सङ्गीतज्ञ, 'स्वरसम्राट्' उपाधि, चित्राङ्कित हुलाक टिकट प्रकाशन ।

नारायण ढकाल (विक्रम नेपाली, बालकृष्ण थापा मगर, रजनी श्रेष्ठ)

(आख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० जेठ २४, मूलपानी, काठमाडौँ । **माता/पिता** : शान्ता ढकाल, नगेन्द्रप्रसाद ढकाल । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : अध्यापन, पत्रकारिता, राजनीति (पूर्व सांसद) । **पहिलो रचना** : २०२७ सालदेखि कविता प्रकाशित । **कृति/सृजना** : शहर-यन्त्र (कथासङ्ग्रह, २०५०), इरफान अली (कथासङ्ग्रह, २०५१), तीनसंवत्सर (संस्मरण र निबन्धसङ्ग्रह, २०५२), पीत संवाद (उपन्यास, २०५५), शोकमग्न यात्रीहरू (यात्रासंस्मरण, २०५७), मुसेकान्छाको करामत (बालकथासङ्ग्रह, २०५९), गोमाको यार्लिङ (बालकथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : लहर (साहित्यिक), प्रकाश (साप्ताहिक, २०४५), दृष्टि (साप्ताहिक, २०४६), प्रतिपक्ष (साप्ताहिक, २०४८),

अन्नपूर्ण पोष्ट (दैनिक, २०५९) । **पुरस्कार/सम्मान** : उत्तम शान्ति कुँवर पुरस्कार (२०५२), लोकेन्द्र पुरस्कार (२०५४), मैनाली कथा पुरस्कार (२०५७) । **हालको ठेगाना** : मूलपानी -५, काठमाडौँ । **फोन** : ४४५०५५४ ।

नारायण तिवारी

(कवि/आख्यानकार, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०११ पुस १८, सीतागन्ज, सुनसरी । **माता/पिता** : धनमाया तिवारी, चक्रप्रसाद तिवारी । **शिक्षा** : स्नातक (मानविकी) । **सेवा** : बैङ्किङ सेवा । **पहिलो रचना** : केवल रित्तो संसार छ (कविता, संरक्षक साप्ताहिक, २०३३) । **कृति/सृजना** : सपनाहरू जिन्दगीका (मुक्तक, २०३९), अस्थिपञ्जर (कथा, २०५४), दसैँ खर्च (लघुकथा, २०५७), पिताम (लघुउपन्यास, २०५७), अर्थात् (कविता, २०६३), शत्रु (कथा, २०६६) । **सम्पादन/अनुवाद** : खुला आकाश (सामूहिक सम्पादन, २०५४), आवाज (पत्रिका, २०५५), प्रागज्योति (२०६३), तराई-मधेसका कथा (२०६७) । **पुरस्कार/सम्मान** : षडानन्द प्रतिभा पुरस्कार (२०५४), नव क्षितिज साहित्य पुरस्कार (२०५५), कवि शिरोमणि लेखनाथ पौड्यालको १२४औँ जन्म जयन्तीको अवसरमा सम्मानित (२०६४) । **हालको ठेगाना** : कौशलटार, भक्तपुर (narayan_tiwari2002@yahoo.com) । **फोन** : ०१-६६३७०७८, ९७४११८७६१६, ९८०४३३५३७५ ।

नारायणदत्त शास्त्री आचार्य

(नाटककार/कवि, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. १९८९ चैत्र २, चुँदी, रम्घा, तनहुँ । **माता/पिता** : रितुमाया आचार्य, रामचन्द्र आचार्य । **शिक्षा** : शास्त्री (साहित्य) । **सेवा** : निजामती सेवा, अध्यापन । **पहिलो रचना** : सङ्घर्ष जीवन (काव्य, २०१४) । **कृति/सृजना** : *नाटक कृतिहरू* : महाभारत पञ्चामृत (२०१५), नारी हत्या (२०१६), आमा (२०१७), कालो झन्डा (२०१७), राम वनवास (गीतिनाटक, २०२१), योगमाता (२०५६), पागल (२०५६), *काव्यकृतिहरूमा* : सङ्घर्ष जीवन (२०९१४), आमाको आँसु (२०१५), गोरखानाथ स्तुति (२०१५), भानुको सम्झना (२०१७), बैनीको कोसेली (२०१८), गोरखाको गोरेटो (२020) श्रीमद्भागवत सारांश (२०५७), कृषि डायरी (२०५९), गीता-मञ्जरी (२०६०), वन-वनस्पति (काव्य, २०६२) । साहित्यको ऐना (साहित्य लक्षण ग्रन्थ, २०१६) । मेरो जीवनयात्रा (२०६८) । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (चितवन साहित्य परिषद्, २०५९) । **हालको ठेगाना** : भानु -३, तनहुँ /क्षेत्रपुर -२, चितवन । **फोन** : ०५६-५२५९५४ ।

नारायणदेवी प्रधान

(नृत्य कलाकार/अभिनेत्री) **जन्म/स्थान** : वि.सं. २०१० कात्तिक ६, सोनिम्ह्टोल पाटन, ललितपुर । **माता/पिता** : तीर्थमाया श्रेष्ठ, नारायणदास श्रेष्ठ । **शिक्षा** : आई, ए., बी.म्युज (नृत्य विशारद, इलाहावाद) । **सेवा** : नृन्य, नृत्य प्रशिक्षक, निर्देशन (ने.रा.प्र.प्र.) । **पहिलो रचना** : ने.रा.प्र.प्र.को ठूलो हल उद्घाटन अवसरमा श्री ५ महेन्द्रको नजरमा कुमारी व्यालेमा कुमारीको भूमिका निर्वाह (२०२७) । **कृति/सृजना** : नृत्य-नाट्य विधामा थुप्रै अभिनय, जसमध्ये : १२ वटा नेवारीमा, २६ नेपाली भाषाका अतिरिक्त नृत्य (१२), नाटक (८), टेलिचलचित्र (५), ठूला पर्दाको चलचित्र (८) मा अभिनय, नृत्य प्रस्तुति । अनेकौँ परम्परागत शास्त्रीय नाच-चर्या, कुमारी, अजिमा, वज्रयोगिनी, आर्यतारा, चारुमती, सीता विवाह आदिमा सृजनात्मक कलाप्रस्तुत । विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय स्वागत समारोहहरू -चीनका राष्ट्रपति लि सेन न्येन, जापानका राजकुमारी चिचितु, बङ्गलादेका राष्ट्रपति एर्साद, जर्मनका राष्ट्रपति डा. डगलस हर्जोनहरूकद्दो सम्मानमा सांस्कृतिक नृत्य प्रस्तुत । **पुरस्कार/सम्मान** : इन्द्रराज्यलक्ष्मी देवी पुरस्कार (२०३२), शिक्षा दिवस पदक (२०४३), गोरखा दक्षिणबाहु चौथो (२०४९), प्रख्यात त्रिशक्तिपट्ट चौथा (२०६१), लगायतका अन्य धेरै पदक तथा नगद पुरस्कारहरू प्राप्त । साधना कला केन्द्र सङ्गीत विद्यालयद्वारा सम्मान (२०५३), नृत्येश्वर सम्मान (२०५६) शेष हिरा प्रतिष्ठानद्वारा सम्मान (२०५७), इन्दिरा कलानिधि सङ्गीत महाविद्यालयबाट सम्मान (२०५८), स्रष्टा सम्मान (२०६०), हारती सम्मान (२०६१), परिवर्तन नेपाल प्रशिक्षण शिविर शाखा कार्यालय, भक्तपुरद्वारा सम्मान (२०६२), पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा सम्मान (२०६२) । **हालको ठेगाना** : भीमसेनस्थान, छायबहाल, ललितपुर । **फोन** : ५५३४१९७ ।

नारायणध्वज पन्त

(चलचित्रकर्मी)

जन्म/स्थान : इ.सं. १९४९ मे १, काठमाडौँ । **माता/पिता** : भद्रकुमारी पन्त, डम्बरध्वज पन्त । **शिक्षा** : स्नातक । **सेवा** : कलाकारिता । **पहिलो रचना** : मनको बाँध (चलचित्र अभिनय, २०३०) । **कृति/सृजना** : मनको बाँध, कुमारी, सिन्दूर, जीवनरेखा, के घर के डेरा, शान्तिदीप, मायालु, प्रेमपिण्ड, गोपीकृष्ण, भुमरी आदि चलचित्रहरूमा अभिनय ।

नारायण नेपाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार २९, स्याङ्जा । **माता/पिता** : गङ्गादेवी नेपाल, चिरञ्जीवी नेपाल । **शिक्षा** : आचार्य (शाङ्कर वेदान्त) । **सेवा** : अध्यापन । **पहिलो रचना** : विद्यार्थिनो दुर्गुणाः कर्तव्यञ्च (संस्कृत कविता, संस्कृतामृतम्, २०३६) । **कृति/सृजना** : मिट्टी उठाओ (हिन्दी काव्यसङ्ग्रह, २०५६), मेरा मनका गीत (गीत-गजलसङ्ग्रह, २०६०) । विभिन्न नाटकहरू लेखन/निर्देशन । **सम्पादन/अनुवाद** : सगरमाथा (हरिद्वार, भारत), सूर्य (हरिद्वार, भारत), उद्घोष (हिन्दी काव्यसङ्ग्रह) । **पुरस्कार/सम्मान** : बमशङ्कर साहित्य पुरस्कार (२०५४), राप्ती साहित्य पुरस्कार (२०५७), शिक्षा सेवा पुरस्कार (२०५७) । **हालको ठेगाना** : नारायणी -९, नवलपरासी / महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ । **फोन** : ५९००२८ /५२१२८४ ।

नारायण परिश्रमी (नारायणबहादुर पण्डित)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० कात्तिक १२, सिम्हाले, लमजुङ । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : सानीको गीत (सङ्कल्प पत्रिका, २०३१) । **कृति/सृजना** : तीजको कोसेली (भाग १-६, २०४७-२०६१), परिश्रमीका केही गीतहरू (२०५१), खोरिया (कवितासङ्ग्रह, २०६०), Solid lucid current high school english essay and essays -(2061) । **सम्पादन/अनुवाद** : ज्यामी (हस्तलिखित पत्रिका, तनहुँ), साहित्य रेखा (२०४८), पाटी प (निवन्द्इडघध, २०४९), सञ्चेतना (त्रैमासिक, २०५३), वाल गोठाले हाएवा (अनुवाद) । **हालको ठेगाना** : पोखरा उ.म.न.पा -१२, कुँडहर, कास्की । **फोन** : ०६१-५३७४५४ ।

नारायण पुरी

(चलचित्रनिर्देशक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ माघ १, सतहुँ, स्याङ्जा । **माता/पिता** : चन्द्रकला पुरी, लाल पुरी । **शिक्षा** : बी.एस्सी., बी.ए. । **सेवा** : चलचित्र निर्देशन, पत्रकारिता, अभिनय । **पहिलो रचना** : २०४२ तिरदेखि टेलिभिजन कार्यक्रममा संलग्न । **कृति/सृजना** : तपस्या, सौता, महादेवी, सान्नानी, रगत, शङ्कर, सगुन, आगो, पापी, लक्ष्मणरेखा, दोमन, अनाथ, मेरो हजुर, मामाघर, आफ्नो घर आफ्नै मान्छे, फेरि अर्को साइनो, कर्तव्य, मान्छेको माया आदि चलचित्रहरू निर्देशन एवं निर्माण । सगुन, दोमन, अनाथ, आगो, मेरो हजुर, मामाघर लेखन तथा थुप्रै चलचित्रहरूमा गीतलेखन । **पुरस्कार/सम्मान** : उत्कृष्ट नाटक निर्देशक (२०४३), उत्कृष्ट युवा पुरस्कार (२०५९), हरप साप्ताहिक अभियान पुरस्कार (२०६१), गीताञ्जली सिने अवार्ड (उत्कृष्ट निर्देशक), कलिउड सिने अवार्ड (उत्कृष्ट निर्देशक), आदि थुप्रै चलचित्र पुरस्कारहरू । पृथ्वी सम्मान (२०५६), युनेस्को सम्मान (२०५६), विशेष योगदान सम्मान (२०५६), प्रकाश थापा स्मृति सम्मान (२०६१) आदि । **हालको ठेगाना** : माउन्टभिउ रेसिडेन्सी, हरिसिद्धि, ललितपुर । **फोन** : ५५५५०४२/९८५१०३०२६१ ।

नारायण प्रधान

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०१८ मङ्सिर १८, कुशादेवी, काभ्रेपलाञ्चोक । **माता/पिता** : बालकुमारी, गङ्गालाल प्रधान । **शिक्षा** : प्रवीणता प्रमाणपत्र तह । **सेवा** : चलचित्र कलाकारिता,

खेलकुद, समाज सेवा । **पहिलो रचना :** २०४० देखि चलचित्र क्षेत्रमा प्रवेश । **कृति/सृजना :** अन्याय, चिनो, भुमरी, चेलीबेटी, शिलु (नेवारी), झुमा, आर्मी, कर्णवीर, लगानगाँठो, राजकुमार, चोट, सङ्कल्प, राँको, बादल, मायालु, तृष्णा, के घर के डेरा, २५ वसन्त आदि ठूलो पर्दाका चलचित्रहरूमा अभिनय । साथै मोनिका (हलिवुड), लिटिल बुद्ध (हलिउड), हामी एक हौं (पाकिस्तानी, संयुक्त लगानी), लभ इन नेपाल (पाकिस्तानी), स्वार्थ (पाकिस्तानी) आदि अन्तर्राष्ट्रिय चलचित्रमा अभिनय । चक्रव्यूह, टाढाको बस्ती, सन्तति, अँध्यारो उज्यालो, डायरी, मि. पण्डित आदि टेलिचलचित्रमा अभिनय । सौता (भिडियो), लभ इन नेपाल (पाकिस्तानी), हामी ट्याक्सी ड्राइभर (२०६३), रघुवीर (२०६३) आदिमा द्वन्द्व निर्देशन । **पुरस्कार/सम्मान :** चलचित्र अभिनयरत्न पदक । **हालको ठेगाना :** कुशादेवी -३, काभ्रे / ज्याठा, काठमाडौं । **फोन :** ४२६६७५०, ९८५१०३६८९० ।

नारायणप्रसाद अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ जेठ मसान्त, थुम्बेदिन -१, ताप्लेजुङ । निधन : २०६० मङ्सिर १२, थुम्बेदिन, ताप्लेजुङ । **माता/पिता :** छविलाल अधिकारी । **शिक्षा :** साधारण । **कृति/सृजना :** पाथीभरा (कवितासङ्ग्रह, २०३२), श्रद्धाञ्जली (कविता-सङ्ग्रह, २०३७), बिर्सन्नँ बिर्सन्नँ (कवितासङ्ग्रह, २०३७), सिनामको पहिरो (कवितासङ्ग्रह, २०४९), अधिकारीहरूको छोटो वंशावली (गद्य-पद्य, २०५८), देशदर्पण (कवितासङ्ग्रह, २०६१) ।

नारायणप्रसाद अर्जेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ पुस १, बलथली, काभ्रे । **निधन :** २०२८ मङ्सिर २३ । **पिता :** गणेशप्रसाद अर्ज्याल । **शिक्षा :** संस्कृत साहित्य । **सेवा :** 'पण्डित' को उपाधिद्वारा सम्मानित । **कृति/सृजना :** महाभारत १८ पर्वको सार (२००४), गीतासार (झ्याउरे, २००८), लालहीराको कथाश्लोक (२०१२) ।

नारायणप्रसाद आचार्य (एनपी आचार्य)

(लेखक/अनुवादक, नेपाली/अङ्ग्रेजी भाषा)



जन्म/स्थान : वि.सं. २००१ भदौ २७, चुङमाङ, धनकुटा । **माता/पिता :** गणेशकुमारी आचार्य, नन्दप्रसाद आचार्य । **शिक्षा :** बी.ए., डिप.इन.एड. । **सेवा :** अध्यापन, ने.प्र.प्र. (प्राज्ञ सभासद्, २०६७) । **पहिलो रचना :** उडुस (कथा, २०१८) । **कृति/सृजना :** मार्क्सवाद (२०२७), लिडिङ इङ्लिस ग्रामर एन्ड स्ट्रक्चर (२०४१), मार्क्सवादी-लेनिनवादी शिक्षणमाला (२०५१), मेरो विगत, मेरा आफ्ना (२०६६), मार्क्सवादी-लेनिनवादी दर्शनशास्त्र (२०६७) । **सम्पादन/अनुवाद :** शाचिया पाङ (चिनियाँ अपेराको अनुवाद, २०२४), स्वर्ण महोत्सव स्मारिका (२०६१), आदिविद्रोही (हवार्ड फास्ट रचित उपन्यासको सङ्क्षिप्त पुनर्रचना, अनु. २०६१), हातेमालो (सामयिक पत्रिका), वरण (सामयिक पत्रिका), अभिवन (विचारप्रधान त्रैमासिक), वर्गसङ्घर्ष (मुखपत्र) । रातो लालटिन (अनूदित नाटक, २०२५), अमरग्राम (अनूदित उपन्यास, २०२५), जब तिब्बती भूदासहरू जागे (अनुवाद), मार्क्सवादी-लेनिनवादी दर्शन (अनुवाद), हो चि मिन्हको जीवनी (अनूदित) । **पुरस्कार/सम्मान :** उडुस कथामा तृतीय पुरस्कार (२०१८), विभिन्न शैक्षिक तथा सामाजिक सङ्घ-संस्थाहरूबाट कदर तथा सम्मान । **हालको ठेगाना :** विराटनगर-४, मोरङ । **फोन :** ०२१-४६०८९१, ९८४९४१७२०८ ।

नारायणप्रसाद उपाध्याय अर्याल

(कवि, संस्कृत/हिन्दी/नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९३ मङ्सिर २७, पाङ -५, नुवार, पर्वत । **माता/पिता :** शिवधरा उपाध्याय, कलाधर उपाध्याय । **शिक्षा :** नव्यव्याकरणाचार्य, व्याकरण वाचस्पति । **सेवा :** अध्यापन, साहित्य सेवा । **पहिलो रचना :** हाम्रो आर्ष छात्रजीवन (निबन्ध, हिमज्योति पत्रिका, वृन्दावन भारत, २०१७) । **कृति/सृजना :** गिरिवरधारण (खण्डकाव्य, २०२०), वामनावतारम् (संस्कृत नाटक, २०२५), त्रिजन्मा (महाकाव्य, २०५६), अनमोल (कवितासङ्ग्रह, २०५९), अर्यालकुलकाव्य (२०६२), काफल पाक्यो (गीति कवितासङ्ग्रह, २०६३), भ्रमर गीत (कवितासङ्ग्रह, २०६३), दुई थोपा आँसु (गद्य कवितासङ्ग्रह, २०६३), जन्मभूमि लागि (कवितासङ्ग्रह, २०६३), सम्झना (कवितासङ्ग्रह, २०६४), द्वादशज्योतिर्लिङ्ग (नेपाली महाकाव्य, २०६४), महारास (कवितासङ्ग्रह, हिन्दी), वासुदेव (महाकाव्य (२०६६) । **हालको ठेगाना :** पाङ -५, पर्वत / मनमैजु -८, काठमाडौं । **फोन :** ९८४७६२४७६०, ९८४१४८५१६१ ।

नारायणप्रसाद खनाल (हिरण्यगर्भ, नापिके, प्रणय राना)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ असार १०, बिर्नात, प्युठान । **माता/पिता** : लीलादेवी खनाल, दामोदर खनाल । **शिक्षा** : स्नातकोत्तर (साहित्याचार्य, नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा** : नेपाल राष्ट्र बैङ्क, प्राध्यापन, कला । **पहिलो रचना** : सिम्रिक (कविता, सिम्रिक पत्रिका, २०३०) । **कृति/सृजना** : केही रहर : केही ठहर (समालोचना-सङ्ग्रह,२०४९), समीक्षा : प्रहर-प्रहरका (समालोचनासङ्ग्रह, २०६१), गोरखाको डायरी (संस्मरण र समीक्षा, २०६१), समीक्षाका आकारहरू (समालोचनासङ्ग्रह, २०६५), समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य (समालोचना, २०६५), नारायणीका लहरलहरमा (निबन्धसङ्ग्रह, २०६१), निर्वचन र भाषिक सन्दर्भ (भाषिक निबन्धसङ्ग्रह, २०६५), स्वप्न यात्रा र चिठी (निबन्धसङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : अन्नपूर्णा (२०४६), अभिनव प्रस्तुति (वार्षिक पत्रिका, २०५२), नमूना स्मारिका (२०५८), जनक स्वर्ण स्मारिका आदि वार्षिक मुखपत्रहरूको सम्पादन । साप्ताहिक चितवन (२०५५), 'कर्जा' चलचित्र (भाषा सम्पादन) । आफ्नो कथा (बी.पी. कोइराला, अनु.) । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (चितवन साहित्य परिषद्,२०५६), लेखनाथ साहित्यिक प्रतिष्ठानद्वारा सम्मान (२०६१), लक्ष्मी स्मृति साहित्यिक प्रतिष्ठानबाट अभिनन्दन तथा सम्मान (२०६३), कालिका एफएम सम्मान (२०६३), रजत वर्ष सम्मान (मुनाल शिशुसदन, रामपुर, २०६४), वाल्मीकि साहित्य सम्मान (२०६५), चितवन युवा समूह दोहा कतारबाट सम्मान तथा पुरस्कार (२०६६), नेपाल विद्याभूषण 'क' पदक (२०६७), दुल्लभ लामिछाने स्मृति पुरस्कार (२०६७) । **हालको ठेगाना** : अग्यौली -९, नवलपरासी /वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन । **फोन** : ०५६-५३१६९५, ९८४५१५४३५७ ।

नारायणप्रसाद भुसाल 'धनञ्जय'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ भदौ ९, ओडारपानी, अर्घाखाँची । **माता/पिता** : खिमा भुसाल, पुष्करनाथ भुसाल। **शिक्षा** : स्नातक (समाजशास्त्र, प्राचीन इतिहास) । **सेवा** : स्वास्थ्य, साहित्य । **पहिलो रचना** : आँकुरो (कविता, आँकुरो पत्रिका, २०२४) । **कृति/सृजना** : भयावह रात (कवितासङ्ग्रह, २०६०), कवि र कविता (२०६०), जीवनको अन्तिम पाइला (उपन्यास, २०६१), घोर्लासी (कवितासङ्ग्रह, २०६२) । **सम्पादन/ अनुवाद** : औषधि व्यवसाय (स्मारिका, २०६१), वाणिज्य सन्देश (२०६१) । **पुरस्कार/सम्मान** : जिल्लास्तरीय साहित्य सम्मेलनमा द्वितीय पुरस्कार (२०३५), पोखरा सन्ध्याकालीन साहित्यिक कार्यक्रममा प्रथम (२०५०), ज्ञानगङ्गा सम्मान (२०६९) । **हालको ठेगाना** : बल्खु, पो.व.नं. १३६५३, काठमाडौं । **फोन** : ४३३१६२५ ।

नारायणप्रसाद मरासिनी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ पुस २७, चिन्नेवास, स्याङ्जा । **माता/पिता** : कुन्तीमाया उपाध्याय, गणेशप्रसाद उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : आजकलका देउता (कविता, राष्ट्रआवाज साप्ताहिक, २०४९) । **कृति/सृजना** : तीजको कोसेली (तीजगीत सँगालो, २०५०), समयका धब्बाहरू (मुक्तकसङ्ग्रह, २०५१), साने (खण्डकाव्य, २०५६) । **सम्पादन/अनुवाद** : आरोहण स्मारिका (२०५३), निगालो (साहित्यिक पत्रिका, २०६०) । **पुरस्कार/ सम्मान** : खुल्ला मुक्तक प्रतियोगितामा प्रथम (पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५१), खुला कविता प्रतियोगिता द्वितीय (गण्डकी साहित्य सङ्गम, पोखरा, २०५२), खुला कविता प्रतियोगिता प्रथम (सूर्यचन्द्र युवा क्लब, पोखरा, २०५४) । **हालको ठेगाना** : चिन्नेवास-१, स्याङ्जा । **फोन** : ०६३-५२१५४६ ।

नारायणप्रसाद रिजाल (बुद्धवज्र)

(अनुवादक)



जन्म/स्थान : वि.सं. २०२४ वैशाख १०, स्वर्गद्वारी आश्रम, प्युठान । **माता/पिता** : धनदादेवी रिजाल, हरिहर रिजाल । **शिक्षा** : एम.एस्सी. (भौतिकशास्त्र), पोस्ट ग्राजुएट डिप्लोमा (बौद्धदर्शन) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : श्रद्धाकुसुमानि (२०६१) ।

सम्पादन/अनुवाद : देवातिशयास्तुति, परम सुख, समन्तभद्र गुरुको मुखागम उपदेश, मिलारेप्याको जीवनी, आर्यमञ्जुश्री नाम सङ्गीतिको उपोद्घात आदि सम्पादन । *अनुवाद कृति* : दर्शन सौभाग्य (२०५२), मुनिमत प्रकाश (२०५६), बोधि चर्यावतार (२०५७), धर्मोपहार (२०६०), आर्य भद्रचर्या प्रणिधानराज (२०६०), बोधिपुष्पाञ्जलि (२०६२) । **हालको ठेगाना** : मानपुर -९, दाङ (byoma@wlink.com.np) । **फोन** : ४४२८३२२ ।

नारायणप्रसाद शर्मा

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ फागुन शिवरात्रि, बर्गदी, दाङ । **माता/पिता** : जीवादेवी शर्मा, यादवप्रसाद शर्मा । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, राजनीति, प्रेस काउन्सिलको अध्यक्ष (२०६६), पत्रकारिता । **पहिलो रचना** : जाग जाग जाग हे ... (कविता, सन्देश पत्रिका, २०१४) । **कृति/सृजना** : जेल दर्शन (खण्डकाव्य, २०१४), हिमाली रत्न (खण्डकाव्य, २०३५), टेबुल गफ (लामो कविता, २०३५), अन्तर्द्वन्द (खण्डकाव्य, २०४३), मातेको मान्छे र प्रजातन्त्र (कविता, २०५३), एउटा स्वर सवारीकोट दाङको (कविता, २०६०), बुद्धको विश्व चिन्तन (२०६४), व्यवस्थापिका संस्दमा मेरो अनुभूति (२०६६), पचहत्तर वर्षको जीवनयात्रा (संस्मरण) । **सम्पादन/अनुवाद** : ज्योत्स्ना (मुखपत्र, २०२२), अन्तर्ध्वनि (साहित्यिक त्रैमासिक, २०२४), नयाँ युगबोध (दैनिक, २०३३), रापती दूत (सहसम्पादन, २०५०), ओल्ड पाथ ह्वाइट क्लाउड्स (अनु.) । **पुरस्कार/सम्मान** : प्रेस काउन्सिल पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), साहित्य सन्ध्या पुरस्कार (२०५४), हृदयचन्द्रसिंह प्रधान पत्रकारिता पुरस्कार (२०६१), प्रकाश (काफ्ले) मानवअधिकार पुरस्कार (२०६१), मेची-महाकाली मिडिया सोसाइटी पुरस्कार (२०६२) । नेपाल प्रेस स्वतन्त्रता सेनानी सम्मान (इ.सं. २००१), प्रेस चौतारी नेपाल सम्मान (२०५८), आदि । **हालको ठेगाना** : त्रिभवुन नगरपालिका -११, दाङ (yougbodh@ntc.net.np) । **फोन** : ०८२-५६१३०३, ९८४१५८९०९९ ।

नारायणप्रसाद शर्मा, गैरे 'सुमित्र'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२० साउन १६, केरवादी, पाल्पा । **माता/पिता** : कौशिलादेवी शर्मा गैरे, शिवलाल शर्मा गैरे । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : औंसीका प्रहर (कविता, सन्देश साहित्यिक त्रैमासिक, २०४५) । **कृति/सृजना** : आमाको माया (कवितासङ्ग्रह, २०४९), शिशु प्रजातन्त्र (कवितासङ्ग्रह, २०५१), एउटा अर्को आकाश (गजलसङ्ग्रह, २०६१), लगायत पाँचवटा पाठ्यपुस्तक प्रकाशन) । **सम्पादन/अनुवाद** : विकासका रचनाहरू (रचनासङ्ग्रह), प्रवाह (विविध), दौँतरी (साहित्यिक पत्रिका), शुभेच्छा (विविध, २०४९), शब्दसाक्षी (कवितासङ्ग्रह), वर्तमान (कवितासङ्ग्रह), जिन्दगी (कवितासङ्ग्रह) आदि सम्पादन । **पुरस्कार/सम्मान** : जनकलाल - मनकुमारी स्मृति प्रतिभा पुरस्कार (२०६१) आदि । **हालको ठेगाना** : करहिया -८, रूपन्देही । **फोन** : ०७१-६०८०२, ०८१-५२५७०७ ।

नारायणप्रसाद शर्मा (कमलप्रसाद, अजेय)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ पुस ४ रामपुर-४, दाङ । **माता/पिता** : कलावती शर्मा, झग्गुप्रसाद पौडेल । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, राजनीति । **पहिलो रचना** : दिन कहिले आउला (कविता, गङ्गा मुखपत्र, २०२९) । **कृति/सृजना** : महान् जनयुद्धका दस वर्ष र हाम्रा श्रद्धेय योद्धाहरू (२०६३), नेपाली जनक्रान्तिमा प्रवासको भूमिका (लेखसङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद** : राप्ती सन्देश (२०३८), योजना (साप्ताहिक, २०४५), जनादेश (साप्ताहिक, २०५१), संश्लेषण (मासिक, २०५४) आदि । **हालको ठेगाना** : मानपुर -९, दाङ / चण्डोल, सदीच्छा मार्ग, काठमाडौँ । **फोन** : ०१-४४१४५५०, ९८४१५२७१४० ।

नारायणप्रसाद सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ पुस ४, बाहेखोला, रोल्पा । **माता/पिता** : कोमादेवी सुवेदी, सेतुप्रसाद सुवेदी । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (नव्यव्याकरण) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : परिश्रम (कविता, जनमानस पत्रिका, २०४२) । **कृति/सृजना** : कालचक्रको दायरा

काव्यकृतिको काव्यात्मक प्रकृति एक चिन्तन विश्लेषण (२०५६), नाटककार कवि वासु शशीका नाट्य-कृति । **सम्पादन/अनुवाद :** कोटीहोम स्मारिका एक दार्शनिक चिन्तन (२०४६), साहित्य जगत् (मासिक, २०४९), गीतादूत (पाक्षिक, २०५२), शैक्षिक जागरण मञ्च (२०५६), हमरदुधु काव्यकृतिको विश्लेषण (२०५३), वासु शशीका काव्यकृति (२०५५) । **पुरस्कार/सम्मान :** थुप्रै फुटकर पुरस्कारहरू, गीताशिरोमणि सम्मान (२०५६) । **हालको ठेगाना :** पहिराधारामार्ग, काठमाडौँ । **फोन :** ४-३५७७८९ ।

नारायणबहादुर सिंह/ धनञ्जय

(कलासमीक्षक)



जन्म/स्थान : वि.सं. १९८७ फागुन २४, ठमेल, काठमाडौँ । निधन : २०४४ भदौ ५, काठमाडौँ। **माता/पिता :** तारादेवी सिंह, सात्यकीबहादुर सिंह । **शिक्षा :** स्नातक (बी.एच.यू. बनारस) । **सेवा :** पत्रकारिता/गोरखापत्र संस्थान । **कृति/सृजना :** कला : एक अनुभूति, एक चिन्तन (निबन्धसङ्ग्रह, २०३२), सद्दमसामयिक नेपाली चित्रकलाको इतिहास (२०३३), नेपाली चित्रकार (२०३४), शृङ्खलाहीन शृङ्खलाहरू (निबन्धसङ्ग्रह, २०४४) । **सम्पादन/अनुवाद :** मधुपर्क (मासिक), परम्परागत र आधुनिक चित्रकला (सहलेखन, उत्तम नेपालीसमेत) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०२९) । **सम्पर्क ठेगाना :** जोरपाटी -५, काठमाडौँ । **फोन :** ४४६६४०८ ।

नारायणमान बिजुक्छे 'रोहित' (हरिबहादुर श्रेष्ठ)

(राजनीतिज्ञ, लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९६ फागुन २६, सुकुलढोका -८, भक्तपुर । **माता/पिता :** सूर्यमाया बिजुक्छे, गणेशमान बिजुक्छे । **शिक्षा :** स्नातक । **सेवा :** राजनीति (मजदुर किसान पार्टीको संस्थापक) । **पहिलो रचना :** भियतनाम परिचय (२०२३) । **कृति/सृजना :** जनताको साहित्य र साहित्यकार (२०३८), विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू (२०३९), राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिठी (२०४०), नेपाल भारत सम्वन्ध र भारत (२०४१), आकाश बाँधिएको छैन (कविता-सङ्ग्रह, २०४१), आत्म-निर्भरताको प्रश्न र नेपालको आर्थिक विकास (२०४६), नाचगानको राजधानी : भक्तपुर एक टिप्पणी (२०४७), अक्टोबर क्रान्ति र यसको महत्त्व (नेपालको परिप्रेक्ष्यमा, २०५४), समाजवाद र सान्दर्भिक विषयवस्तु (२०५८), हरिबहादुर श्रेष्ठका कथाहरू (२०५९), सय वर्षपछिको भक्तपुर (२०५९) आदि । **हालको ठेगाना :** सुकुलढोका -८, भक्तपुर । **फोन :** ६६१०९३३ ।

नारायण शर्मा कोइराला

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९५ वैशाख ८, चावहिल, काठमाडौँ । **माता/पिता :** खिलकुमारी कोइराला, गणपति कोइराला । **शिक्षा :** स्नातक, साहित्यरत्न । **सेवा :** आध्यात्मिक, बैङ्क । **पहिलो रचना :** पहाडी जीवन (गोरखापत्र, २०१८) । **कृति/सृजना :** उदधि-मन्थन (काव्य, २०५४) । **पुरस्कार/सम्मान :** दीर्घसेवा पदक (२०४८) । **हालको ठेगाना :** चाबहिल, काठमाडौँ, (nkoirala@htp.com.np) । **फोन :** ४४७२०७२/४४९६६२० ।

नित्यराज पाण्डे

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८८ पुस २०, नक्साल, भगवती बहाल, काठमाडौँ । **माता/पिता :** विद्याकुमारी, सिद्धिराज पाण्डे । **शिक्षा :** एम.ए. (नेपाली), डिप्लोमा इन पब्लिक एडमिनिस्ट्रेसन । **सेवा :** अध्यापन, निजामती, साहित्य । **पहिलो रचना :** लुम्बिनी बगैँचा (निबन्ध, गोरखापत्र, २०१०) । **कृति/सृजना :** बौद्ध दिग्दर्शन (लेखसङ्ग्रह), महाकवि देवकोटा (जीवनी-२०१६), राजीवलोचन जोशी र केदार कल्प (२०५५) । **सम्पादन/अनुवाद :** असीम संस्मरण (पत्रिका, २०३७), मोती स्मृतिग्रन्थ

(२०३९), निजामती सेवा पत्रिका, राष्ट्रभाषा (वार्षिक पत्रिका, २०४८), सोभनियर, सम्झना (२०५५) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०१६), जानपद सेवा पदक (२०२९), शुभराज्याभिषेक पदक (२०३१), सुप्रबल गोरखा दक्षिणबाहु (२०३७), राष्ट्रिय जनमत सङ्ग्रह पदक (२०३७), दीर्घसेवा पदक (२०४१), दैवीप्रकोप उद्धार पदक (२०४५), सुप्रबल त्रिशक्ति पट्ट (२०४६) । नेपाली शिक्षा परिषद्द्वारा सम्मान (२०४७), देवकोटा साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०५०), डा. ठाकुरनाथ पन्त स्मृति गुठीबाट सम्मान (२०६३) । **हालको ठेगाना** : ४९ तारागल्ली धोबीधारा, काठमाडौँ । **फोन** : ४४३४४०३ ।

नित्यानन्द शर्मा

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ चैत्र (१५ मार्च, १९५३), अम्बापुर, दाङ । **माता/पिता** : लिलादेवी खनाल, कुलप्रसाद खनाल । **शिक्षा** : बी.ए., बी.लिव.एस्सी. (पुस्तकालय विज्ञान) । **सेवा** : पुस्तकालय प्रमुख (म.ब.क्या., दाङ) । **पहिलो रचना** : २०२२ साल (भरतपुर, दाङ) मा पहिलो रचना प्रकाशित (ज्योत्स्ना पत्रिका) । **कृति/सृजना** : बाँच्ने रहर (कथासङ्ग्रह, २०४५) । एक धर्को सिन्दूरैले र बिछोडको बेलैमा (दुई गीतिएल्बम प्रकाशन) । **सम्पादन/अनुवाद** : हाम्रो चिनो (२०२९), गङ्गा (२०३०), एकता (२०४५), स्मारिका (२०४९), रापती दूत (२०५०), रापतीका गीत (२०६०), छन्दमा रापती (२०६१), प्रवाह (२०६२) लगायत थुप्रै स्मारिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (२०३९, २०४५), यादव साहित्यिक प्रतिभा पुरस्कार (दाङ, २०५०), बमशङ्कर साहित्यिक पुरस्कार (दाङ, २०५६ र २०६१), दीर्घसेवा पदक (२०५४) । ललित साहित्य परिषद्, रोल्पा (२०६१) तथा द रेयुकाई नेपाल दाङ शाखा (२०५७) द्वारा कदरपत्र । **हालको ठेगाना** : त्रिभुवननगर न.पा., अम्बापुर, दाङ । **फोन** : ०८२-५६२३१६ ।

निनु चापागाई (निरञ्जन चापागाई)

(समालोचक/सम्पादक)

जन्म/स्थान : वि.सं. २००४ माघ २७, दिङ्ला, साङ्राङ्, भोजपुर । **माता/पिता** : युवकुमारी चापागाई, डण्डपाणि चापागाई । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (नव्यव्याकरण) । **सेवा** : अध्यापन, प्रशासन, राजनीति । **पहिलो रचना** : अबोध (कथा, २०२४) । **कृति/सृजना** : यथार्थवादी रचनादृष्टि र विवेचना (समालोचना, २०५१), मार्क्सवादी चिन्तनमा सौन्दर्य (समालोचना, २०५४), सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण (२०५९), उत्तरआधुनिकतावाद : भ्रम र वास्तविकता (२०६१), मार्क्सवादी साहित्य चिन्तन (२०६७), सांस्कृतिक रूपान्तरण (२०६७), मार्क्सवाद र सङ्गीत (२०६७), मार्क्सवादी समालोचना पद्धति (२०६७), दलित सौन्दर्यशास्त्र र साहित्य (२०६९) । **सम्पादन/अनुवाद** : प्रतिनिधि नेपाली कथाहरू (सं., कथा, २०४६), टनकपुरसन्धि राष्ट्रिय हित कि राष्ट्रघात ? (लेखसङ्कलन/सम्पादन, २०४९), पारिजात स्मृति-ग्रन्थ (सम्पादन/लेखसङ्कलन, २०५१), सम्झनाका तरेलीमा कमरेड निर्मल लामा (२०५७), संविधानसभा : सम्भावना र चुनौती (२०५९), पार्टी सङ्गठनका सिद्धान्तहरू (अनुवाद, २०५७), मैले लेख्न कसरी सिकेँ (अनुवाद, २०५९), निर्मल लामाका केही रचनाहरू (२०६०), समाज र संस्कृति (अनुवाद, २०६०), गोर्कीका छानिएका वैचारिक रचनाहरू (पुस्तक) (२०६५), वेदना (साहित्यिक त्रैमासिक) । **पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार (२०५१), युद्धप्रसाद मिश्रस्मृति पुरस्कार (२०६१), गोकुल साहित्य पुरस्कार (२०६२), महाकवि देवकोटा पुरस्कार (२०६९ । लगायत थुप्रै सम्मान । **हालको ठेगाना** : सानेपा -२, ललितपुर (indira@healthnet.org.np) । **फोन** : ५५२०९१८ ।

निमा घ्याम्छो लामा

(थाङ्का चित्रकार)

जन्म/स्थान : वि.सं. २०१९ जेठ २७, लिसंखु, सिन्धुपाल्चोक । **माता/पिता** : साम्देन डोल्मा लामा, धावाघ्याम्छो लामा । **शिक्षा** : माध्यमिक स्कुलसम्म । **सेवा** : परम्परागत थाङ्का चित्रकला । **पहिलो रचना** : शाक्यमुनि बुद्ध (चित्र, २०२८) । **कृति/सृजना** : राष्ट्रिय कला प्रदर्शनीमा सहभागिता (इ.सं. १९९०, इ.सं. १९९७, इ.सं. २००४ मा चारपटक, २००५ मा दुईपटक) । **पुरस्कार/सम्मान** : गद्दी आरोहण पदक (२०५३), राष्ट्रिय प्रतिभा पुरस्कार (हिमशिखर फाउन्डेसन, काठमाडौँ, २०६१), गोरखा दक्षिणबाहु चौथा (२०६२) । विश्वबौद्ध शिखर सम्मेलन लुम्बिनीद्वारा प्रशंसापत्र, नेपाली तामाङ घेदुङ, काभ्रेपलान्चोकद्वारा

अभिनन्दन, तामाङ डोजाङ, काठमाडौँद्वारा अभिनन्दन (२०५९), परम्परागत थाङ्का (पौभा) चित्रकला विकासको लागि विशेष योगदान पुऱ्याएबापत ने.रा.प्र.प्र. (नाफा) बाट प्रशंसापत्र प्राप्त, हिमशिखर राष्ट्रिय प्रतिभा सम्मान । **हालको ठेगाना** : स्वयम्भू -५, काठमाडौँ । **फोन** : ४२७६२९१ ।

निमेष नेवाः (श्रीकृष्ण तण्डुकार)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ पुस १५, बानेश्वर, काठमाडौँ । **माता/ पिता** : सानुमाया तण्डुकार, नारायणबहादुर तण्डुकार । **शिक्षा** : बी.ए. । **सेवा** : साहित्य । **पहिलो रचना** : पृष्ठ (कविता, पूजा वार्षिक, २०४७) । **कृति/ सृजना** : याद (गोजी गजलसङ्ग्रह, २०५३), तिम्रो मायाको जवाफ छैन (गजलसङ्ग्रह, २०५९), म गुलाबको फूल हुँ (गीतसङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान** : काँस्य पदक (अन्तरक्याम्पस कविता प्रतियोगिता, २०४९) । **हालको ठेगाना** : नयाँ बानेश्वर, थापागाउँ, काठमाडौँ । **फोन** : ४४९२००२ ।

निरञ्जन पन्त

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ असार ३, नयाँबजार, काठमाडौँ । **माता/पिता** : सीता पन्त, रामराज पन्त । **शिक्षा** : एम.कम. (त्रि.वि.) । **सेवा** : बैंकिङ, हवाइसेवा, व्यवस्थापन, टेलिकार्यक्रम सम्पादन । **कृति/सृजना** : निक्षिप्त रक्तबीज (उपन्यास, २०४३), तपस्या (उपन्यास, २०५५), संसृष्टि (कविता-कथासङ्ग्रह, संयुक्त, २०५६), स्वीकृति (उपन्यास, संयुक्त, २०६१) । **हालको ठेगाना** : पो.ब.नं. ९८०४, विशालनगर, काठमाडौँ (niranjanpant2@hotmail.com) । **फोन** : ४४३२४९२ ।

निर्मलकुमार अर्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४३ मार्च ७, नरदेवी, टेङ्गल, काठमाडौँ । **माता/पिता** : कैवल्यकुमारी, पुष्पराज अर्ज्याल । **शिक्षा** : एम.ए., एल.एल.एम. । **सेवा** : पत्रकारिता, प्राध्यापन, पत्रकार सङ्घको सभापति (२०३९) । **पहिलो रचना** : सुस्ता नेपालकै हो (लेख, घौराली पत्रिका, २०२९) । **कृति/सृजना** : निर्वाचन कानुन : मूल्य र मान्यता (२०४८), वेसिक स्टक्चर अफ द कन्स्टिच्युसन अफ दी किङ्डम अफ नेपाल (इ.सं. १९९०) । **सम्पादन/ अनुवाद** : एशियाली आवाज (साप्ताहिक, २०२६) । **पुरस्कार/सम्मान** : स्पेनका नरेश हुवाँ कार्तोसद्वारा मेरिट पदक (२०३९), शिक्षा पुरस्कार (२०५४), दीर्घसेवा पदक (२०५९) । **हालको ठेगाना** : हाँडीगाउँ, पञ्चधारा, काठमाडौँ । **फोन** : ४४३८६४२ ।

निर्मलकुमार आचार्य

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ पुस ११, सानोपोखरा, मकवानपुर । **माता/पिता** : शान्तादेवी आचार्य, मिथिलाशरण आचार्य । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : मेरो गाउँ (कविता, सगरमाथा मुखपत्र, हरिद्वार, इ.सं. १९७५) । **कृति/ सृजना** : प्रथम नेपाली महिला (२०६०), सांस्कृतिक सेरोफेरो (२०६१), मनको ओखती (२०६२), १०१ प्रथम महिला (पूरकखण्ड, २०६३) । **सम्पादन/अनुवाद** : गर्गगोत्री आचार्य वंशावली (२०६१), गोरखापत्र, धर्मलोक, धर्मसन्देश, कल्याण, सिद्धार्थ, आदर्श शिशु, सङ्गम, प्रतिभा प्रकाश । **पुरस्कार/सम्मान** : गोरखापत्र पत्रकारिता पुरस्कार (२०५९), नारायणी वाङ्मय पुरस्कार (२०६०) । **हालको ठेगाना** : हेटौँडा-२, मकवानपुर / काठमाडौँ (nikacharya@yahoo.com) । **फोन** : ४८१०३१४, ९८४१२९७१०८ ।

निर्मल प्याकुऱ्याल

(रङ्गकर्मी/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ जेठ, २३, काठमाडौँ । **माता/ पिता** : इन्दिरादेवी प्याकुऱ्याल, गोविन्द प्याकुऱ्याल । **शिक्षा** : स्नातक (व्यवस्थापन) । **सेवा** : साहित्य, कला । **पहिलो रचना** : २०२६ सालदेखि बालनाटकहरूबाट अभिनय एवं साहित्य लेखन (मारने, लघुकथा, अर्पण साप्ताहिक, २०२६) ।

कृति/सृजना : खाडल (उपन्यास, २०५२), म जीवन र युद्ध (उपन्यास, २०५४)। श्रीस्वस्थानी, मकुन्डो, ग्रहण आदि थुप्रै ठूला पर्दाका चलचित्रहरू, हिजोआजका कुराहरू, हत्तेरिका, क्या फसाद आदि थुप्रै टेलि-शृङ्खलाहरू लगायत दर्जनौँ सङ्ख्यामा रङ्गमञ्च नाटक, डकुमेन्ट्री, विज्ञापनहरूमा अभिनय, निर्देशन । **पुरस्कार/सम्मान :** उत्कृष्ट चरित्र अभिनेता (ने.रा.प्र.प्र. नाटक महोत्सव, २०४५)। **हालको ठेगाना :** काठमाडौँ -३३ (nirppyk751@hotmail.com) । **फोन :** ४४३४८३२ /९८५१०९४८७१ ।

निर्मोही व्यास (वेदव्यास उपाध्याय)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ भदौ ४, भवानीपुर, कलैया, बारा । **माता/पिता :** भगवतीदेवी न्यौपाने, नरनाथ उपाध्याय न्यौपाने । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन) । **सेवा :** प्राध्यापन, लेखन । **पहिलो रचना :** सम्झना (यात्रा निबन्ध, सगरमाथा, हरिद्वार भारत, इ.सं. १९७० अप्रिल) । **कृति/सृजना :** बेहुली अन्माएको घर (कवितासङ्ग्रह, २०३३), सरिता (खण्डकाव्य, २०३६), एलबमका पानाहरू (उपन्यास, २०४३), नौ पाइला (नियात्रासङ्ग्रह, २०४६), स्वयम्भूका आँखाहरू (कथासङ्ग्रह, २०४७), ठोरीको एलबम (यात्रा संस्मरण, २०४८), झलझली आँखामा (यात्रा संस्मरणसङ्ग्रह, २०५१), सम्भवामि युगे युगे (संस्मरणसङ्ग्रह, २०५३), सेरोफेरो सबै मेरो (नियात्रासङ्ग्रह, २०६१), साँचेको सम्झना (संस्मरणसङ्ग्रह, २०६८) । **सम्पादन/अनुवाद :** भारती (सामयिक सङ्कलन, २०३६), प्रतिनिधि (साहित्यिक पत्रिका, २०३६), महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह (२०५८) आदि । **पुरस्कार/सम्मान :** देवकोटा स्मृति पुरस्कार (२०३५), उत्तम पुरस्कार (२०४६), केवलपुरे साहित्य प्रतिभा पुरस्कार (२०५३), यती फाइनान्स साहित्य पुरस्कार (२०६२), नेपाल विद्याभूषण पदक 'क' (२०६८), त्रि.वि. दीर्घ सेवा पदक (२०६९) आदि । **हालको ठेगाना :** सरस्वती नगर, चाबहिल, काठमाडौँ (vyas2066@gmail.com) । **फोन :** ९८४१८२५०६९, ०१-४८१२७०६ ।

निशा शर्मा पोखरेल

(नाट्यकर्मी)

जन्म/स्थान : इ.सं. १९७१ सेप्टेम्बर । **माता/पिता :** लक्ष्मी शर्मा, रामप्रसाद शर्मा । **शिक्षा :** प्रवेशिका । **सेवा :** रङ्गमञ्च । **पहिलो रचना :** प्रतिभा आकाश माग्छे (नाटक, अभिनय, इ.सं. १९८३) । **कृति/सृजना :** ओडिपस, स्क्यापन, द जस्ट, द आउटसाइडर, द गूड ओमन अफ सिचौन, द इल्डर सन, यु-जुरु सन्ध्या सरस, एन्टिगोनी, आरुका फूलका सपना, अग्निको कथा, पुतलीको घरलगायतका दर्जनौँ नाटक तथा टेलिचलचित्रहरूमा अभिनय । स्वदेशका विभिन्न स्थान तथा विदेश (भारत, बङ्गलादेश, डेन्मार्क, पाकिस्तान, स्वीडेन, रसिया, फिलिपिन्स, कोरिया, नर्वे आदि) देशहरूमा दर्जनौँ पटक नाटक अभिनय प्रस्तुत । **पुरस्कार/सम्मान :** स्वर्ण पदक (नृत्य), उत्कृष्ट अभिनेत्री (निमित्त नायक टेलिचलचित्र, इ.सं. १९८९), डबली अवार्ड (इ.सं. २००३) । **हालको ठेगाना :** चाबहिल, काठमाडौँ (nisha_pokharel@yahoo.com/ nishapo@gmail.com) । **फोन :** ४४६७३११, ४४६६९५६, ९८५१००९१७० ।

निष्ठानन्द वज्राचार्य

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९१५ मङ्सिर शुक्ल चौथी, ओम्बहाल, काठमाडौँ । **निधन :** वि.सं. १९९२, मङ्सिर शुक्ल चौथी । **माता/पिता :** थकुमती, मुक्तानन्द वज्राचार्य । **शिक्षा :** संस्कृत । **सेवा :** बौद्ध साहित्य सृजना । **पहिलो रचना :** प्रज्ञापारमिताको भाषाश्लोक (वि.सं. १९६६) । **कृति/सृजना :** ललित विस्तार (१९७२), बोधिचर्या विस्तार (ने.सं. १०४३), भद्रकल्पावदान (ने.सं. १०४८), बोधिज्ञान (ने.सं. १०४३) आदि ।

नीरविक्रम 'प्यासी' (खुशविक्रम राणा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० पुस, क्षेत्रपाटी, काठमाडौँ । **निधन :** २०४९ पुस २१, काठमाडौँ । **शिक्षा :** आई.ए., बी.एड. । **सेवा :** राजदरबार, सैनिक सेवा, प्रदीप्त पुस्तकालय ।

पहिलो रचना : मनको दुःख (कविता, उद्योग मासिक, २००५) । **कृति/सृजना :** तडपन, जलन र आँसु (गीतसङ्ग्रह, २०१०), हिमाली सुस्केरा (कवितासङ्ग्रह, २०१०), पुकार (२०११), चन्द्र (खण्डकाव्य, २०१२), प्यासीका केही कविता (२०२०), युगयुगका आकाशहरू (जीवनीसङ्कलन, २०२९), हिमज्योति (२०३३), दवला (महाकाव्य, २०३४), कविताको आत्मकथा (२०३४), केही ज्यूँदा सासहरू (जीवनीसङ्ग्रह, २०३८), माटोका केही बुँदाहरू (ऐतिहासिक घटनासङ्ग्रह, २०३८), युगचेतना (कवितासङ्ग्रह, २०४८) । **सम्पादन/अनुवाद :** कविता (त्रैमासिक), रमझम (संयुक्त सम्पादक), सिपाही (संयुक्त सम्पादक) । **पुरस्कार/सम्मान :** कवि सम्मेलनमा प्रथम भई स्वर्णपदक (२०१२), प्रबल गोरखा दक्षिणबाहु (२०२१), प्रख्यात त्रिशक्ति पट्ट (२०२२) । **हालको ठेगाना :** साधना शिविर, सल्लाघारी, पकनाजोल, काठमाडौँ ।

नीर शाह (नीरविक्रम शाह)

(चलचित्रकर्मी/गीतकार)

जन्म/स्थान : वि.सं. २०१० असोज २६, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता :** बोधकुमारी शाह, देवेन्द्रविक्रम शाह । **शिक्षा :** बी.ए. । **सेवा :** नेपाल टेलिभिजन, चलचित्र विकास बोर्ड, ने.रा.प्र.प्र., अभिनय, चलचित्र निर्देशन । **पहिलो रचना :** २०२२ सालदेखि नाटक क्षेत्रमा अभिनय, निर्देशन । **कृति/सृजना :** मेरो मिरमिरेको उषा (गीतसङ्ग्रह, २०६१), *चलचित्रहरू :* परिवर्तन, मनको बाँध, सिन्दूर, बदलिँदो आकाश, कुसुमे रुमाल, पिरती, चेलीबेटी, परिवार, सम्पत्ति, मनकामना, अधिकार, सपना, ज्वाला, पुकार, स्वर्ग, सौता, प्रेमपिण्ड, वसन्तीलगायत दर्जनौँ चलचित्रहरूमा अभिनय । राजमती, वसन्ती, वासुदेव, मसान आदि चलचित्र निर्देशन साथै थुप्रै चलचित्र तथा आधुनिक गीत रचना रेकर्ड भएका । विभिन्न टेलिसिरियलहरूमा अभिनय । **पुरस्कार/सम्मान :** उत्कृष्ट निर्देशक पुरस्कार (चलचित्र वासुदेव, इ.सं. १९८५, गद्दी आरोहण रजत पदक, स्वर्ण जयन्ती महोत्सव पदक, सर्वनाम पुरस्कार (इ.सं. १९८६), मुस्याचु पुरस्कार (इ.सं. १९९४), उत्कृष्ट चलचित्र अभिनेता (प्रेमपिण्ड चलचित्र, इ.सं. १९९४), नेवारी चलचित्र राजमती, इ.सं. १९९६), सयपत्री पुरस्कार (इ.सं. १९९६), नाट्येश्वरी पुरस्कार (इ.सं. १९९७), काजोल फिल्म अवार्ड (इ.सं. १९९७), प्रिया अवार्ड, मानसरोवर फिल्म अवार्ड (इ.सं. १९९८), मानवाधिकार पुरस्कार (इ.सं. १९९८), सुप्रवल गोरखा दक्षिणवाहु (इ.सं. १९९९), गोरखा दक्षिणवाहु (तेस्रो, चौथो), रोयल भिक्टोरियन मेडल सिल्भर (युके), ब्लु क्रस मेडल (जीडीआर), प्रेसिडेन्स मेडल (फिनल्यान्ड), नेपाल जेसिस स्वर्ण पदक, आउटस्टान्डिङ युथ अवार्ड आदि थुप्रै पुरस्कारहरू । **हालको ठेगाना :** पो.ब.नं.५८५२, ज्ञानेश्वर, काठमाडौँ (ea@info.com.np) । **फोन :** ४४१३०९५/४४१५२९९ ।

नीरा जोशी प्रधान

(चित्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ फागुन, पाटन, ललितपुर । **माता/ पिता :** निर्मला जोशी, रामानन्द जोशी । **शिक्षा :** स्नातकोत्तर (वनस्पतिशास्त्र), चित्रकलामा स्वअध्ययन । **सेवा :** वनस्पति चित्रकला । **पहिलो रचना :** फ्लोरा फ्रो काठमान्डू भ्याल्ली (इ.सं. १९८९) । **कृति/सृजना :** फ्लोरा फ्रम काठमाडौँ भ्याल्ली (काठमाडौँ उपत्यकामा पाइने ३७ जातका फूलहरूको सचित्र वर्णन कृति, इ.सं. १९९९), नेपालका मौलिक फूलहरू (इ.सं. २००३), चित्रकला प्रदर्शनीमा चारपटक सहभागी (इ.सं. १९९९-२००३) । **हालको ठेगाना :** पो.ब.नं. ८९७५ इपीसी ५२९, काठमाडौँ / पुल्चोक, पाटन, ललितपुर (parkgallery@wlink.com.np) । **फोन :** ५५४११२५/ ५५२२३०७ ।

नीलकण्ठ न्यौपाने

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००६ साउन १९, रिङ्नेरह -३, पाल्पा । **माता/पिता :** मायादेवी न्यौपाने, टीकाराम न्यौपाने । **शिक्षा :** आचार्य (संस्कृत साहित्य) । **सेवा :** अध्यापन, लेखन । **पहिलो रचना :** कर्तव्य (कविता, सगरमाथा पत्रिका, २०२१) । **कृति/सृजना :** पुरेतका मुखमा बुजो (खण्डकाव्य, २०३१), न्यू अष्टादश पुराण (कवितासङ्ग्रह, २०३४), रम्भापानी (खण्डकाव्य, २०३८), नीतिशिक्षा (कवितासङ्ग्रह, २०४२),

बाँधा (खण्डकाव्य, २०४९), नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको इतिहास । **सम्पादन/अनुवाद :** हाम्रा ओके बाजे (जीवनी, सम्पादन) । **फोन :** ०१-२०७००७४ ।

नीलकण्ठ भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ असार १४, दियाले -१, ओखलढुङ्गा । **माता/पिता** : तुलसादेवी भट्टराई, भीमाहर्क भट्टराई । **शिक्षा** : एम्.ए. (नेपाली) । **सेवा** : प्रशासन (महेन्द्र संस्कृत विश्वविद्यालय) । **पहिलो रचना** : कविता । **कृति/सृजना** : बी.पी.को समाधि (खण्डकाव्य, २०६०), सरोज स्मृति सप्त पल्लव (खण्डकाव्य, २०६१), महामानव (महाकाव्य, २०६३) । **हालको ठेगाना** : ढुङ्गेखोला -४, सर्लाही । **फोन** : ०४६-५३०२५५, ०४१-५२६३२६ ।

नीलम कार्की निहारिका

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ चैत्र २७, गोठादी -५, पाल्पा । **माता/पिता** : मीना कार्की, भद्रबहादुर कार्की । **शिक्षा** : एम.ए., एम.एड. । **सेवा** : प्राध्यापन, रेडियो तथा टेलिभिजन कार्यक्रम प्रस्तोता, स्वास्थ्य सेवा । शान्तिका लागि कविता महोत्सव सम्मान (द रेयुकाई नेपाली, २०६१), मानचित्र सम्मान (२०६३), युवा कविता सम्मान (२०६३) । **पहिलो रचना** : आमा (कविता, किसान मुखपत्र, २०४४) । **कृति/सृजना** : मौन जीवन (उपन्यास, २०५२), नियतिको खेल (उपन्यास, २०५४), हवन (कथासङ्ग्रह, २०६२), मस्तिष्क ज्वर (कवितासङ्ग्रह, २०६३), नीलम कार्की निहारिकाका कविता (२०६३), कागजमा दस्तखत (कथासङ्ग्रह, २०२०६४), बेली (कथासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : चितवन जङ्गल महोत्सव (२०५७), जमर्को (२०५६) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा तृतीय (२०५७), शुभजन्मोत्सव प्रतियोगितात्मक कविगोष्ठीमा उत्कृष्ट (२०५७), राष्ट्रिय कविता महोत्सवमा द्वितीय (हिसंफा २०५८), लगायत अन्य केही साहित्यिक पुरस्कारहरू । **हालको ठेगाना** : कपन, काठमाडौँ (belikatha@gmail.com.) । **फोन** : ४८११७८३, ००१-३४७८८५८१३७ (अमेरिका) ।

नीलमकुमार न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ असोज १०, दुवाकोट-४, भक्तपुर । **माता/पिता** : भैरवी न्यौपाने, अजीतकुमार न्यौपाने । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), बी.एल. । **सेवा** : सरकारी सेवा । **पहिलो रचना** : शालिक र मान्छे (कविता, नेपालपत्र साप्ताहिक, २०४८) । **कृति/सृजना** : खण्डकाव्य : अजीत (२०६१), वियोग (२०६१), डालेश्वर (२०६१), भीमसेन थापा (२०६२), बहादुर शाह (२०६२), परजीवी (२०६२), भक्ति थापा (२०६५), मानदेव (२०६५), माथवरसिंह थापा (२०६८), नालापानी युद्ध र वीर बलभद्र (२०६१) । **हालको ठेगाना** : दुवाकोट-४, भक्तपुर (neelamkumarn@yahoo.com) । **फोन** : ०१-४४७५४७८ ।

नीलमणि ढुङ्गाना

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ मङ्सिर ९, भलुवाजोर, रामेछाप । **माता/पिता** : चन्द्रप्रसाद ढुङ्गाना । **शिक्षा** : साहित्याचार्य, एम.ए. (नेपाल) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : रङ-विधान सार नेपाली टीका (२०५३), संस्कृत शिक्षा (भाग १-३), संस्कृत रचना प्रकाश (भाग १-३), नेपाली कवितासङ्ग्रह (२०५८) । **सम्पादन/अनुवाद** : हिमवत् खण्ड, व्युत्पतिमूलक नेपाली शब्दकोश ।

नीलहरि शर्मा ढकाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५९ वैशाख, डाढीगाउँ, सिन्धुली । निधन : २०४० माघ, वीरगन्ज । **माता/पिता** : पवित्रादेवी, अर्कलाल उपाध्याय । **शिक्षा** : संस्कृत, साहित्य । **पहिलो रचना** : अनित्यको झलक र परोपकार (कविता, गोरखापत्र, १९९०-९१ तिर) । **कृति/सृजना** : चण्डी भाषाश्लोक (१९९१) छोरीलाई

अर्ती (काव्य कारुणिक, १९९६), जूठोसूतक निर्णय (२००८), गुणमणिमाला (२०१०), मेरो कृष्णचरित्र (पद्याख्यान, २०१५), मेरो सुन्दरकाण्ड रामायण (बाह्र हजार श्लोकको ग्रन्थ, २०२३), चण्डी टीका (२०२५), श्रीमद्भागवत महापुराण (२०३२), देवी भागवत (पद्याख्यान, २०३२), श्रीमद्भागवद्गीता (२०३२), गुलबकावली (रोचक प्रेमाख्यान), शुकसागर (गद्यको भक्तिपूर्णग्रन्थ, वाल्मीकि रामायण (२०२७), महाभारत (१२ हजार श्लोक), विदुर नीति (पद्य), चाणक्य नीति (पद्य, अप्र.) । **पुरस्कार/सम्मान** : बाराको साहित्यिक समाजले महाकवि सम्मान दिएको (मरणोपरान्त) ।

नीला तुलाचन

(कवि/लेखक, नेपाली, थकाली भाषा)
जन्म/स्थान : वि.सं. २००३ असार ४, थाक टुकुचे, मुस्ताङ । **माता/पिता** : पद्मकुमारी, गजेन्द्रबहादुर गौचन । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : नारी आवाज (स्वास्नीमान्छे पत्रिका, २०१९) । **कृति/सृजना** : नारी जागृति (कवितासङ्ग्रह, २०५५), थकाली भाषाको व्याकरण (२०६३) । **सम्पादन/अनुवाद** : खाँङ्लो (पत्रिका सम्पादन), बी.पी.को 'सुम्निमा' उपन्यासको थकाली भाषामा अनुवाद (२०६३) । अभिनय र गीत गायन । **पुरस्कार/सम्मान** : जनजागृति महिला प्रतिभा सम्मान (२०५९) । **हालको ठेगाना** : पवित्रनगर, सामाखुसी, काठमाडौं । **फोन** : ४३५३५१७ ।

नीलाम्बर पन्थी

(कवि/उपन्यासकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९८४ चैत्र २८, वाग्ला, बडाचौर, गुल्मी । **माता/पिता** : नन्दकुमारी पन्थी, देवीप्रसाद पन्थी । **शिक्षा** : आचार्य वेदान्त दर्शन, एम.ए. (नेपाली साहित्य) । **सेवा** : अध्यापन, प्रशासन, राजनीति । **पहिलो रचना** : मलाई दोभान नबनाऊ (कविता, दोभान, २०२६) । **कृति/सृजना** : जीवनको आशा (उपन्यास, २०५८), विवेक (उपन्यास, २०५९), पन्नगा परिकथा (खण्डकाव्य, २०६०), माया महिमा (२०६४) । **सम्पादन/अनुवाद** : भर्तृहरिसुभाषित सङ्ग्रह (अनु., २०६४), कुमारसम्भव (अनु. २०६४) । **हालको ठेगाना** : बत्तीसपुतली, काठमाडौं । **फोन** : ४४७४३५८ ।

नीलिमा मानन्धर

(ललितकलाकर्मी)
जन्म/स्थान : इ.सं. १९३९ । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन । **कृति/सृजना** : राष्ट्रिय कला प्रदर्शनी (इ.सं. १९७०-७४), एकल कला प्रदर्शनी (नाफा, १९७१, बारा, १९७१, वीरगन्ज, १९७२) । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (महिला कला प्रदर्शनी, १९७५) ।

नुमराज बराल

(कवि, नेपाली भाषा) ।
जन्म/स्थान : वि.सं. २०१५ कात्तिक २७, आर्वा विजय, कास्की । **माता/पिता** : धर्मशीला बराल, सोमनाथ बराल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : आर्बाली वनफूल (कवितासङ्ग्रह, २०३४) । **कृति/सृजना** : भ्रूणहत्या (खण्डकाव्य, २०४३), यस्तो लाग्छ (कवितासङ्ग्रह, २०४५), माटो र पसिना (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : गण्डकी सङ्गम, माछापुच्छ्रे (मुखपत्र) । **हालको ठेगाना** : आर्वा विजय -२, कुइँथोक, कास्की / एसओसएस, रामबजार पोखरा । **फोन** : ५२४५६९, ९८४६०४९२१२ ।

नूतनधर शर्मा

(सांस्कृतिक अन्वेषक)
जन्म/स्थान : वि.सं. २०१८ जेठ १८, वलाटोल, ललितपुर । **माता/पिता** : धनलक्ष्मी शर्मा, ऐश्वर्यधर शर्मा । **शिक्षा** : एम.ए. (इतिहास, संस्कृति) । **सेवा** : प्राध्यापन, सम्पादन, पत्रकारिता, अनुसन्धान । **पहिलो रचना** : आदिकवि भानुभक्त (परोपकार,

वार्षिक स्मारिका, २०३३) । **कृति/सृजना** : ललितपुरका एक तान्त्रिकका अनेक किंवदन्ती (२०५८), पाटनको मत याः (दीपजात्रा) एक परिचय (२०४९) । **सम्पादन/अनुवाद** : गथु (नेपाल भाषा पत्रिका, त्रैमासिक), विद्यार्थी कार्यपत्र (साप्ताहिक), चाँदनी (फिल्मी मासिक पत्रिका), नयाँ पुस्ता (नेपाली, पाक्षिक), दीप यात्रा (शृङ्गभेरी जात्रा, स्मारिका, २०५०) । **पुरस्कार/सम्मान** : नेवार लिपि कक्षामा तृतीय पुरस्कार (२०३१) । **हालको ठेगाना** : ललितपुर उ.म.न.पा. -१६, (sharmanutan@hotmail.com) । **फोन** : ५५२४५६२ ।

नूपुर भट्टाचार्य

(गायिका)

जन्म/स्थान : वि.सं. २००३ पुस १९, तालाप चिया बगान, आसाम, भारत । **माता/पिता** : शान्ति, सुशीलचन्द्र बनर्जी । **शिक्षा** : एम.ए. । **सेवा** : सङ्गीत साधना । **कृति/सृजना** : भजन, लोकगीत र आधुनिक गीतका गीतिएल्बमहरू । **पुरस्कार/सम्मान** : रत्नविद्या पदक (२०१७), लोकगीत सम्मेलनमा द्वितीय (२०२३), गोरखा दक्षिणबाहु, छिन्नलता पुरस्कार (इ.सं. २००१) । **हालको ठेगाना** : कोपुन्डोल, ललितपुर । **फोन** : ५५२१९५६ ।

नेत्रबहादुर थापा

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६३ मङ्सिर २८, काठमाडौँ । निधन : २०४३ वैशाख कृष्णत्रयोदशी । **माता/पिता** : प्रेमबहादुर थापा । **शिक्षा** : उच्चशिक्षा । **सेवा** : सरकारी सेवा । **कृति/सृजना** : नेपाली सङ्क्षिप्त आधुनिक भूगोल (२००२), संसारको इतिहासको एक झलक (२००५), सामान्य ज्ञान (२००९), नेपालको भूगोल (२०१०), वाणिज्य भूगोल (२०११), बाल सामाजिक शिक्षा (२०२३), सामान्य ज्ञान हाजिरी जवाफ (२०३०), सन्तकवीरको बीजक (अनुवाद, २०३२), गीतासारशती (२०३०), यात्राबली, पुकार, प्रसिद्ध आठ महापुरुष । **सम्पर्क ठेगाना** : नेपालटार, काठमाडौँ । **फोन** : ४३५१४६६ ।

नेमा दोर्जे लामा (आले लामा / बोमजन)

(थाङ्का चित्रकार)

जन्म/स्थान : इ.सं. १९६० जून २८, सल्ले भूम्लो -३, काभ्रे । **माता/पिता** : काउली लामा, बुद्ध साङ्वो लामा । **शिक्षा** : साधारण लेखपढ, लामा दर्शन । **सेवा** : विगत ३० वर्षदेखि अनवरत रूपमा थाङ्काचित्र । **कृति/सृजना** : तिब्बती 'नाथथाङ' अर्थात् कालो क्यान्भासमा सुनचाँदी र रङ्गको सम्मिश्रण गरी तयार गरिने थाङ्का चित्रकला । **हालको ठेगाना** : सल्ले भूम्लो -३, काभ्रे (yuva_dorje@hotmail.com) ।

नेत्र एटम (नेत्रमणि सुवेदी)

(समीक्षक)

जन्म/स्थान : वि.सं. २०२६ मङ्सिर २३, भेलाही, दाङ । **माता/पिता** : कमला सुवेदी, टीकाराम सुवेदी । **शिक्षा** : एम.ए. (नेपाली), बी.एल. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मुक्तक (परिमल पत्रिका, २०४८) । **कृति/सृजना** : उपन्यासको विश्लेषण (२०५५), उपन्यास-सिद्धान्त र नेपाली उपन्यास (२०५६), विशेष नेपाली (२०५६), शब्दहरूको नेपथ्य (संयुक्त कवितासङ्ग्रह, २०५६), भित्र कतै दुख्छ भने (२०६०), समालोचनाको स्वरूप (२०६१), सीमान्त आकाश : स्रष्टासितको अन्तर्वार्ता (२०६२) । व्याकरण, भाषा र साहित्यसम्बन्धी १३ वटा पाठ्यपुस्तकहरू प्रकाशित । **सम्पादन/अनुवाद** : तन्नेरी (साहित्यिक द्वैमासिक), रजनी (प्राज्ञिक चौमासिक), गीतकार कृष्णहरि बराल सृजना र समालोचना (२०५८), राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन (२०६०), गोठाले : युग र आवाज (२०६२) । **पुरस्कार/सम्मान** : नवकविता प्रतिभा पुरस्कार (२०५१), उत्कृष्ट निबन्धकार (२०५४), हृदयचन्द्र स्मृति समीक्षालेखन पुरस्कार (२०६०) । **हालको ठेगाना** : कीर्तिपुर, काठमाडौँ । **फोन** : ४३३४९०१ ।

नेत्रमणि आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असोज २८, हिले पोखरी, गोरखा । **माता/पिता** : दुगदिवी आचार्य, भवदत्त आचार्य । **शिक्षा** :

पूर्वमध्यमा । **सेवा** : सरकारी सेवा, समाजसेवा । **पहिलो रचना** : शुभेच्छा (कविता, २०३७) । **कृति/सृजना** : रचना मञ्जरी (कवितासङ्ग्रह, २०४७), पच्चीस थुँगा (कवितासङ्ग्रह, २०४८), शिलान्यास (कवितासङ्ग्रह, २०५१), श्रावणी दर्पण (कवितासङ्ग्रह, २०५२), छन्दज्ञान (कवितासङ्ग्रह, २०५४), दर्जी सुजेरो (२०६०), बुधोत्पति (खण्डकाव्य, २०६१), ऋतुप्रवाह (काव्य, २०६३), पं. गोपाल आचार्यको जीवनी (२०६३) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक महोत्सव पदक (२०३१), ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०३८), हरि प्रतिभा पुरस्कार (गोरखा, २०४६, २०६१) लगायत जिल्लास्तरीय प्रतियोगिताहरूमा दर्जनौं पटक प्रथम पुरस्कार । **हालको ठेगाना** : पृथ्वीनारायण -५, गोरखा / मनमयजु, नेपालटार, काठमाडौँ । **फोन** : ०६४-४२०७२१ / ४३६०९३१ ।

नेत्रलाल अभागी (जोशबहादुर पौडेल)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००१ जेठ ५, धर्ना, दाङ । **निधन** : २०४१ जेठ ६ । **माता/पिता** : जयन्ती पौडेल, मोहनलाल पौडेल । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : अध्यापन, राजनीति, साहित्य । **पहिलो रचना** : उल्लुसँग (कविता, २०२२) । **कृति/सृजना** : नर्कको कथा (खण्डकाव्य, २०३९), सतिसाल मात्र ठिङ्ग उभिन सक्छ (कवितासङ्ग्रह, २०४२), श्रद्धाञ्जली (अभागी प्रति, २०४४) । **सम्पादन/अनुवाद** : आँकुरो (पत्रिका, २०२३), गोचाली (थारूभाषाको पत्रिका, २०२४), सन्देश (राजनीतिक पत्रिका, २०३४) ।

नैना ढकाल (नेपाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन २९, तानसेन, पाल्पा । **माता/पिता** : खुन्धरा नेपाल, त्रैलोक्यनाथ नेपाल । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), एम.पी.एस. (पोषण) । **सेवा** : प्राध्यापन, कृषि अर्थविज्ञ, सामाजिक सेवा । **पहिलो रचना** : नेपालको हिमचुली (कविता, आलोक, २०३१) । **कृति/सृजना** : अप्रत्याशित प्रहार (कवितासङ्ग्रह, २०६०), स्वास्थ्यको लागि सन्तुलित आहार (२०६१) । **सम्पादन/अनुवाद** : प्रतिष्ठा (साहित्यिक पत्रिका, २०३९) । **पुरस्कार/सम्मान** : महेन्द्र रत्ना छात्रवृत्ति (२०३३)। आर.टी.पी.एफ.एन.पी. छात्रवृत्ति (२०५५) । **हालको ठेगाना** : ३७१ सिद्धार्थमार्ग, बुद्धनगर, नयाँ बानेश्वर, काठमाडौँ (nainadhakal@yahoo.com) । **फोन** : ४७८२४४१ ।

नोबलकिशोर राई

(लेखक, नेपाली/बान्तवा भाषा)

जन्म/स्थान : वि.सं. २००२ वैशाख पूर्णिमा, रवि -७, हिकुनाम्वा, पाँचथर । **माता/पिता** : देउसरी राई, चन्द्रदास राई । **शिक्षा** : एम.ए. (नेप.), एम.एड., बी.एल., विद्यावारिधि । **सेवा** : प्राध्यापन, अनुसन्धान, पूर्व राजदूत (जर्मनी) । **पहिलो रचना** : धान नाच एक परिचय (हिमालचुली, विराटनगर, २०२०) । **कृति/सृजना** : बान्तवा ग्रामर (अङ्ग्रेजी), बान्तवा डिक्सनेरी, जर्मन उखानको बखान (नेपाली) । लगभग पच्चीस-तीसवटा नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद** : सिकर्मी व्यवसाय (पा.वि.के. त्रि.वि.), खेलकुद (पा.वि.के.त्रि.वि.), पाठ्यक्रम विकास (पा.वि. के.त्रि.वि.), लिम्बू अङ्ग्रेजी-नेपाली शब्दकोश, चाम्लिङ शब्दकोश । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (इ.सं. १९८८), शिक्षा पुरस्कार (इ.सं. १९९१), द ग्रान्ड क्रश अफ द अर्डर अफ मेरिट (जर्मनी, इ.सं. १९९६), सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (दोस्रो, इ.सं. १९९७), सुविख्यात त्रिशक्तिपट्ट (दोस्रो, इ.सं. १९९७), शुभराज्याभिषेक पदक (इ.सं. १९९७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०६०) । **हालको ठेगाना** : चक्रपथ, धोबीघाट, ललितपुर (drnovel4@yahoo.com) । **फोन** : ५५२३०८० ।

न्हुक्षेराज शाक्य

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९८९, ओकुबहाल, ललितपुर । **निधन** : २०५९ फागुन २७ । **माता/पिता** : बेखामाया शाक्य, धनराज शाक्य । **शिक्षा** : साधारण लेखपढ । **सेवा** : धातु मूर्तिकला ।

कृति/सृजना : विष्णु (५५ से.मि., लसएन्जेल्स म्युजियम अफ आर्ट, अमेरिका), मैत्री बुद्ध (१८३ र १२२ से.मि. मुनगद, कर्नाटक, भारत), बुद्ध (१२२ से.मि., लुम्बिनी, इ.सं. १९९३), अतिशा (१५२ से.मि., कपन गुम्बा, काठमाडौँ, इ.सं. १९९८), चोखापा (१३ से.मि. मङ्गोलिया, इ.सं. १९९४)। **पुरस्कार/सम्मान** : उत्कृष्ट कालिगढ पुरस्कार (भिजिट नेपाल, इ.सं. १९९८)। **हालको ठेगाना** : न्हेफल, ओकुबहाल, ललितपुर (dhandicraft@wlink.com.np। **फोन** : ५५२१३४०, ५५३६९७९।

पङ्कजकुमार चित्रकार

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ मङ्सिर, धुलिखेल -२, काभ्रेपलान्चोक। **माता/पिता** : लक्ष्मीमाया चित्रकार, जोगरत्न चित्रकार। **शिक्षा** : प्रवेशिका/स्वअध्ययन। **सेवा** : नोकरी। **पहिलो रचना** : वेदना (गीतसङ्ग्रह, २०१५)। **कृति/सृजना** : त्रिकोण (गीत-कवितासङ्ग्रह, २०५५)। **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेता पुरस्कार (ने.रा.प्र.प्र., २०३६), प्रतिभा पुरस्कार (ठिमी कला परिषद्, २०५३)।

पतञ्जली गजुर्याल

(प्राथमिकालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८८०, इमाडोल, ललितपुर। निधन : १९४४। **शिक्षा** : संस्कृत र ज्योतिषशास्त्र, बनारस। **सेवा** : तहविल्दार, सरकारी नोकरी। **कृति/सृजना** : तीर्थावली (१९४१), चौरपञ्चाशिका, बोक्सीचरित्र, उत्तरगया माहात्म्य, विराट्पर्वको बालन, रामायण कथा (अनु.), महाभारत (यसमा हरिभक्त, बालगोपाल वाणी, मत्स्येन्द्रनाथको कथा नामक अलग अलग रचना सङ्गृहीत छन्)।

पदम गौतम

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ असोज १०, नेपालेडाँडा, भोजपुर। **माता/पिता** : अम्बिकादेवी गौतम, गणेशकुमार गौतम। **शिक्षा** : बी.ए.। **सेवा** : सामाजिक सेवा, साहित्य, पत्रकारिता। **पहिलो रचना** : कन्टेनरका केही टुक्रा (२०५०)। **कृति/सृजना** : फूलको लाशमाथि (कवितासङ्ग्रह, २०५९), एकलासको फूल (गजलसङ्ग्रह, २०६०), रगतको शयनकक्षमा (कवितासङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद** : प्रतिबिम्व (मासिक, २०५२), बन्दना (द्वैमासिक, २०५४), गोलार्द्ध (द्वैमासिक, २०५५)। **हालको ठेगाना** : सिजुवा-७, मोरङ / पो.ब.नं. २१८४३, अनामनगर, काठमाडौँ (padam@ejg.org.np)। **फोन** : ४७७०१७९।

पदमप्रसाद शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ असोज ३, उदयपुर मुक्तिचौर, प्युठान। **माता/पिता** : टीकादेवी उपाध्याय, अनन्तप्रसाद उपाध्याय। **शिक्षा** : प्रमाणपत्र तह। **सेवा** : अध्यापन। **पहिलो रचना** : यही नै समयको माग छ (कविता, राप्ती समाचार, २०४२ असार)। **कृति/सृजना** : हाम्रा सुसेलीहरू (गीतसङ्ग्रह, सहसिर्जना, २०४९), ढिकपुरदेखि मेची पुलसम्म (यात्रासंस्मरण, २०५६), हुम्लाको झलक (भूगोल इतिहास, २०६०), राप्ती साहित्य परिषद्को इतिहास (इतिहास, २०६०), नेपाल राष्ट्रिय शिक्षक सङ्गठन दाङको इतिहास (इतिहास, २०६१), शब्दको भेद र कार्यक्रमको स्वरूप (निबन्ध, २०६१)। **सम्पादन/अनुवाद** : बहिङ्गा (मुखपत्र), राप्ती दूत (मुखपत्र)। **पुरस्कार/सम्मान** : धनेश्वर पुरस्कार (२०५२), राप्ती परिषद्द्वारा सम्मान (२०६०), नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, दाङद्वारा सम्मान (२०६२) आदि। **हालको ठेगाना** : ढिकपुर -७, दाङ। **फोन** : ०८२-५६०७४०

पदम महत

(नाट्य/चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०२९ जेठ ३, सापिङ -८, काभ्रेपलान्चोक। **माता/पिता** : हरिमाया महत, कृष्णबहादुर महत। **शिक्षा** : स्नातक (त्रि.वि.)। **सेवा** : चलचित्रक्षेत्रमा संवाद लेखन, कलाकारिता, ने.प्र.प्र.। **पहिलो रचना** : स्वतन्त्रता (सडक नाटक, लेखन तथा अभिनय, काठमाडौँको विभिन्न

स्थान, २०४६) । **कृति/सृजना :** *कथा, पटकथा, संवादलेखन* : स्वतन्त्रता (सडकनाटक, २०४६), आवरण (टेलिशृङ्खला, ६ भाग, २०४७), अपूर्व सत्य (टेलिशृङ्खला, ४ भाग, २०४८), उज्यालो दिन (टेलिचलचित्र, २०४९), क्या गजब छ बा ! (टेलिचलचित्र, ४ भाग, २०५०), खस्रे (टेलिचलचित्र, थारू संस्कृति, २०५४), षड्यन्त्र (चलचित्र, २०५७), आरती (चलचित्र, २०५९), रोदीघर (चलचित्र, २०५९), शङ्का (टेलिचलचित्र, २०५९), निवृत्त जीवन (टेलिचलचित्र, २०५९), सचेतना (टेलिशृङ्खला, ४ भाग, २०६०), जोइल (हास्य टेलिशृङ्खला, २०६०), शेयर (टेलिचलचित्र, २०६५), उज्यालोतिर (टेलिचलचित्र, २०६६) । उज्यालो दिन, क्या गजब छ बा !, खस्रे, जोइल आदि टेलिचलचित्रमा मुख्य सहायक निर्देशक तथा अभिनय । रेडियो नाटकशृङ्खला 'सचेतना' (५५ भाग, लेखन) तथा 'भूपरिधि' (३० भाग) रेडियो नेपाल तथा एफ.एम.बाट प्रसारित । ८०० भन्दा बढी १५ मिनेटअवधिका रेडियो नाटक स्वास्थ्य मन्त्रालयका लागि रेडियो नेपालबाट प्रसारित (लेखन/अभिनय) । १०० भन्दा बढी रेडियो तथा टेलिभिजन विज्ञापन तथा रेडियो जिङ्गल लेखन । जुङ्गे दाइसँग एक दिन (२०६५), खोकनामा तीन दिन (२०६७), आशाका किरणहरू (भाग १-४, २०६८) लगायत एक दर्जनभन्दा बढी वृत्तचित्रहरू (लेखन), थुप्रै फुटकर कथा, कविताहरू एवं विभिन्न पत्रपत्रिकाहरूमा व्यङ्ग्यचित्र (कार्टुन)हरू प्रकाशित । आशाका किरणहरू (फोटो जर्नल पुस्तक, १-४ भाग, २०६८) आदि । **सम्पादन/अनुवाद :** तिमी मेरी हौ (कथानक चलचित्र, उर्दू भाषाको चलचित्र 'जानलेवा' बाट, अनुवाद, २०६०), टाइफाइट ज्वरोको जानकारी (पुस्तिका, २०६७) आदि । **हालको ठेगाना :** चन्डोल, काठमाडौँ / बसामाडी -३, मकवानपुर (padammahat@yahoo.com) । **फोन :** ९८४१२७०६७९ ।

पदमराज जोशी



(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ साउन १६, लोडासौ, ग्वाल्लेक, बैतडी । **माता/पिता :** दूरादेवी जोशी, चिन्तामणि जोशी । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** आमा (कविता, गोरखापत्र, २०५१) । **कृति/सृजना :** मेरी आमा (वालउपन्यास, २०५५) । **सम्पादन/अनुवाद :** अन्नपूर्ण पोष्ट (दैनिक, उपसम्पादक) । **पुरस्कार/सम्मान :** दैवी प्रकोप उद्धार सम्मान (२०६३) । **हालको ठेगाना :** अनामनगर, काठमाडौँ (padmya2002@yahoo.com) । **फोन :** ४७७१०८४, ९८४१४४९३१५ ।

पद्मनाथ पन्त

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५३ असोज ३० । **निधन :** २०११ फागुन १ । **माता/पिता :** तुलसीप्रियादेवी पन्त, श्रीरामभक्त पन्त । **शिक्षा :** स्वाध्याय (ज्योतिष, कर्मकाण्ड) । **सेवा :** ज्योतिषी, पञ्चाङ्ग । **कृति/सृजना :** गणक सुन्दरी (१९७३), संस्कृत विन्दु (१९७५), पद्म पत्र (२०४०) । **सम्पर्क ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४७१२९७ ।

पद्मनाभ कोइराला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९२०, हैवारबेँसी, सिन्धुली । **निधन :** २००२ फागुन २६ । **माता/पिता :** नर्मदादेवी, सत्यधर कोइराला 'सूरि' । **शिक्षा :** संस्कृत साहित्य, व्याकरण, ज्योतिष । **सेवा :** पण्डितकार्य, ज्योतिषकार्य । **कृति/सृजना :** लक्ष्मी धर्मसंवाद (काव्य, २०६२) ।

पद्मनाभ सापकोटा (विज्ञान विलास)

(माध्यमिक कालीन उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९४८ बनारस । **निधन :** १९७५ । **शिक्षा :** बी.ए. (कलकत्ता) । **सेवा :** साहित्य । **कृति/सृजना :** व्यापारे वसते लक्ष्मी: (वि.सं. १९७१), नेपालको अर्थशास्त्र, मातृभाषा (१९७२), डा. सूर्यप्रसाद (उपन्यास, १९७२), महारानी प्रियंवदा (उपन्यास, १९७३), बङ्गविजेता (इ.सं. १९१४) । **सम्पादन/ अनुवाद :** भारत वर्षको इतिहास (इ.सं. १९१४) ।

पद्मप्रसाद ढुङ्गाना

(कवि, नेपाली/संस्कृत भाषा)

जन्म/स्थान : वि.सं. १९५९, फिकल, इलाम । निधन : २००१ । **माता/पिता** : जानकीदेवी, कृष्णप्रसाद उपाध्याय । **शिक्षा** : षट्शास्त्री उपाधि (१९८१) । **कृति/सृजना** : रामायण शिक्षा पद्मप्रकाश सप्तमकाण्डम् (१९९५), रामायण सप्तरत्न (१९९८), देशप्रेम (२०१५), कर्तव्यशिक्षा (नीतिशतक र भक्तिशतक), पद्मविरोचन (ज्योतिष पद्य), धनुष्भङ्ग लक्ष्मण-परशुरामसंवाद, रामायण सप्तरत्न ।

पद्मप्रसाद देवकोटा

(लेखक/अनुवादक, अङ्ग्रेजी भाषा)

जन्म/स्थान : इ.सं. १९५२ जुन २९, डिल्लीबजार, काठमाडौं । **माता/पिता** : मनदेवी देवकोटा, लक्ष्मीप्रसाद देवकोटा । **शिक्षा** : डिप्लोमा (फ्रेन्च भाषा), विद्यावारिधि (अङ्ग्रेजी साहित्य) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : ए पौण्ड अफ स्वान्स (२०५९), हरिश्चन्द्र (काव्य, अङ्ग्रेजी भाषा, २०६२), एस्ये अन नेपाली लिटरेचर (अङ्ग्रेजी) लगायत १० पुस्तक प्रकाशित । **सम्पादन/अनुवाद** : अश्वत्थामा (अङ्ग्रेजीमा अनुवाद, इ.सं. १९९८), अ राइजिङ इल द सन (नेपाली अनुवाद) । **पुरस्कार/सम्मान** : समाजसेवा पदक (इ.सं. १९६९) । **हालको ठेगाना** : देवकोटा सदन, मैतीदेवी, काठमाडौं (devkota@gmail.com) । **फोन** : ४४१३२४९ ।

पद्मप्रसाद भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५३ वैशाख १४, सालुपाटी, रामेछाप । निधन : २०२८ गुरुपूर्णिमा । **माता/पिता** : कृष्णमाया, दिनानाथ भट्टराई । **शिक्षा** : आचार्य (न्यायशास्त्र), विद्यावारिधि (वेदान्त) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : समस्यापूर्ति (कवितासङ्ग्रह, १९९२), अभिनन्दन पत्र (२००८), पद्म स्मृतिग्रन्थमा सङ्कलित रचनाहरू (२०४१) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिण बाहु तेस्रा र दोस्रा ।

पद्मप्रसाद सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४ असार १८, अमरपुर, पाँचथर । निधन : २०५२ माघ १८ । **माता/पिता** : विष्णुमाया, अनन्तनारायण सुवेदी । **शिक्षा** : स्वाध्याय, ज्योतिष, दर्शन । **सेवा** : राजनीति, साहित्य, समाजसेवा । **पहिलो रचना** : कृष्ण-चरित्र (काव्य, २००७) । **कृति/सृजना** : कृष्णाष्टमी व्रतकथा (२०४३), चिन्तनका तरङ्ग (कवितासङ्ग्रह, २०५९) । **पुरस्कार/सम्मान** : अमरपुर -६, पाँचथर ।

पद्मरत्न तुलाधर (परतु)

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : २ फेब्रुअरी १९४०, न्हैकन्तला, काठमाडौं । **माता/पिता** : दिव्यालानी, ज्ञानरत्न तुलाधर । **शिक्षा** : एम.ए. (नेवारी, अङ्ग्रेजी साहित्य) । **सेवा** : राजनीति (पूर्व मन्त्री, स्वास्थ्य), मंका: खल: (अध्यक्ष), पत्रकारिता, साहित्य (लिपि गुथि), मानवअधिकार सेवा, उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय) । **पहिलो रचना** : ल्याय्म्ह (निबन्ध, झि पत्रिका, ने.सं. १०८३) । **कृति/सृजना** : बुलुमि (निबन्धसङ्ग्रह, इ.सं. १९६२), हसिना (उपन्यास, ने.सं. १०९९), आ:ला जित:न तनतन दइवल (हास्य प्रहसन, ने.सं. १०९७), झ्वा: मजुइगु स्वाँ (जीवनी, ने.सं. ११०१), ख्या: बच्छि नी बच्छि (नाटक, ने.सं. ११०४) । **सम्पादन/अनुवाद** : ल:हँय, च्वमि ओगाइ मोरि, नेपाल ऋतुपौ, नेपालभाषा पत्रिका (ने.सं. १०९७) । **हालको ठेगाना** : लाजिम्पाट, काठमाडौं । **फोन** : ४४११६६४, ९८५१०५२५४७ ।

पद्मराज जोशी

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. २०१६ असोज १६, वर्छैन -९, डोटी । **माता/पिता** : कृष्णादेवी जोशी, रामचन्द्र जोशी । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, निजामती, समाजसेवा, राजनीति । **पहिलो**

रचना : विकास गर्न उठौँ (सेती समाचार दैनिक, २०३६)। **कृति/सृजना :** भविष्य भावी (कवितासङ्ग्रह, २०३६), वर्तमान नेपालको यात्रा एक परिचय (२०३८), नामसारी (कथासङ्ग्रह)। **सम्पादन/अनुवाद :** शैलेश्वरी (दैनिक, २०६२)। **पुरस्कार/सम्मान :** गणेशमान सिंह वन राष्ट्रिय पुरस्कार (२०५८), गोरखा दक्षिणवाहु चौथो (२०६१), प्रौढ शिक्षा पुरस्कार (कैलाली)। **हालको ठेगाना :** बानेश्वर, काठमाडौँ। **फोन :** ९८५१०९०१७१।

पद्मराज जोशी 'प्रभात'

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ ४, देउरामहल, डोटी। **माता/पिता :** विष्णादेवी जोशी, सहदेव जोशी। **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र)। **सेवा :** सरकारी सेवा। **पहिलो रचना :** मेरो देश नेपाल (कविता, २०३६)। **कृति/सृजना :** नामसारी (कथासङ्ग्रह, २०५७), गौरा पर्व एक परिचय (२०५९), सुदूर पश्चिमाञ्चलको समाज र लोकसंस्कृति एक झलक (२०६४), पहाडकी सौंराइ (संस्मरण, २०६४) चलचित्रहरूमा अभिनय। **सम्पादन/अनुवाद :** सौराइ, सुरभि। **पुरस्कार/सम्मान :** साझा लोक साहित्य पुरस्कार (२०५९)। **हालको ठेगाना :** धनगढी -२, कैलाली। **फोन :** ०९१-५२१८५४।

पद्मराज ढकाल

(लोकगीतसङ्कलक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२० माघ १८, लामास्वाँरा, कास्की। **शिक्षा :** बी.एस्सी. (भौतिकशास्त्र)। **सेवा :** अध्यापन। **पहिलो रचना :** बाँचेर के सार भो (कविता, पृथ्वीनारायण क्याम्पस मुखपत्र २०४१)। **कृति/सृजना :** लोकगीत तर्फ (पाँचवटा गीतिएल्बम), स्वदेशगान-तर्फ 'धरतीका गीतहरू (गीतिएल्बम, २०६१) तथा यी गीतिएल्बमका अधिकांश गीत रचना, लयसङ्कलन तथा सङ्गीत। **पुरस्कार/ सम्मान :** अलीमियाँ लोकवाङ्मय प्रोत्साहन पुरस्कार (२०६०)। लेखनाथ सांस्कृतिक समूहद्वारा सम्मान (२०५९)। **हालको ठेगाना :** पो.ब.नं. ३४५, ग्लोबल कलिजिफ्त स्कुल, पोखरा। **फोन :** ०६१-५२७०१९/५२७८१३।

पद्मराज मिश्र

(माध्यमिक कालीन कवि/उपन्यासकार)



जन्म/स्थान : वि.सं. १९७१, माघ, लमजुङ, तार्कुटार। **निधन :** वि.सं. २०३९ वैशाख ४, काठमाडौँ। **माता/पिता :** टीकालक्ष्मी, डिल्लीकृष्ण मिश्र। **शिक्षा :** साहित्यभूषण। **सेवा :** न्यायसेवा। **कृति/सृजना :** रजवन्धकी (ऐतिहासिक उपन्यास, १९९६), रामकृष्ण कुँवर (ऐतिहासिक उपन्यास, १९९९), बुद्ध परिवारको क्रन्दन (खण्डकाव्य), नेपाल माताको क्रन्दन (खण्डकाव्य) (सबै कृति संयुक्त लेखन, टुकराज मिश्रसँग)। **सम्पर्क ठेगाना :** धोबीधारा, डिल्लीबजार, काठमाडौँ। **फोन :** ४४१८७५७।

पद्मविलास पन्त

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९१९ भाद्र शुक्ल तृतीया, राइनास, लमजुङ। **निधन :** १९८८। **माता/पिता :** लालकुमारीदेवी, ईश्वरीदत्त पन्त। **शिक्षा :** संस्कृत साहित्य। **सेवा :** पाण्डित्य, साहित्य, न्याय। (मोतीमण्डलीका सदस्य)। **कृति/सृजना :** श्लोकसङ्ग्रह (१९६८), काशीयात्रा (मोतीरामले उल्लेख गरेको), विन्ध्यवासिनीयात्रा (टुकराज मिश्रले उल्लेख गरेको), माध्यमिक कालीन कवि र कविता (२०४५) मा रचना सङ्कलित।

पद्मा अर्याल ढकाल

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ असार १०, जोरपाटी, काठमाडौँ। **माता/पिता :** दुर्गादेवी अर्याल, मुकुन्दप्रसाद अर्याल। **शिक्षा :** एम.ए. (नेपाली)। **सेवा :** अध्यापन, प्राध्यापन। **पहिलो रचना :** गजल (२०४६)। **कृति/सृजना :** मनबहादुर मुखियाको नाट्यशिल्प (अनुसन्धान, २०५७)। **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ (padmaaryal@hotmail.com)। **फोन :** ४४८६७४१।

पद्माकुमारी कादम्बरी (मानन्धर)

(गायिका)

जन्म/स्थान : इ.सं. १९३५ अप्रिल १७, काठमाडौँ । **माता/पिता** : लक्ष्मीकुमारी मानन्धर, बद्रीनारायण मानन्धर । **शिक्षा** : विशारद सङ्गीत (२०१६) लखनउ, सङ्गीत निपुण (२०३३) इलाहावाद । **सेवा** : प्राध्यापन, सङ्गीत/गायन । **पहिलो रचना** : विश्वको अग्लो हिमाल ... बोल रहेको गीत (गायन) रेकर्ड (२००७) । **कृति/सृजना** : स्वराष्ट्रका हे वीर महेन्द्र नेपालीका आशा केन्द्र .... (२००८), यो नयनमा एक दिल गङ्गा बगेको थियो .... (२०५९, २००८ सालमा प्रत्यक्ष गाएर रेकर्डपछि गरेको), शास्त्रीय सङ्गीतमा थुप्रै गीतहरू रेकर्ड । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घसंस्थाहरूद्वारा सम्मान तथा अभिनन्दन । **हालको ठेगाना** : मरु अट्को नारायण स्थान, काठमाडौँ । **फोन** : ४२६०८९४, ४२६९२४४

पद्मावती सिंह

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ वैशाख १९, ओम्बहाल, काठमाडौँ । **माता/पिता** : चन्द्रभुवनेश्वरी माथेमा, परशुरामभक्त माथेमा । **शिक्षा** : स्नातक । **सेवा** : नोकरी, गायन, साहित्य । **पहिलो रचना** : कथा (आरती साप्ताहिक, २०२२) । **कृति/सृजना** : कथादि (कथा- सङ्ग्रह, २०३८), कथायाम (कथासङ्ग्रह, २०३९), कथाकार (कथासङ्ग्रह, २०४४), पद्मावती सिंहका कथाहरू (२०५७), जीवनका गीतहरू (गीतिएल्बम, सी.डी.), धेरै दिनपछि (गीतिएल्बम) । **सम्पादन/अनुवाद** : नियोजन (परिवार कल्याण पत्रिका), गुन्जन (साहित्यिक पत्रिका), नारी साहित्यकारहरूको विधागत इतिहास (पुस्तक) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०३९), मैनाली कथा पुरस्कार (२०४७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९) । **हालको ठेगाना** : घ.नं. ३९५, भीमसेन थापा मार्ग, छाउनी, काठमाडौँ । **फोन** : ४२७००८९ ।

पन्नाप्रसाद जोशी

(कोशकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९४३, वटु, काठमाडौँ । निधन : २०२३ पुस । **शिक्षा** : आयुर्वेदाचार्य । **सेवा** : साहित्य, चिकित्सा । **पहिलो रचना** : मेरो बिन्ती (नेवारीमा, धर्मोदय, ने.सं. १०६८) । **कृति/सृजना** : नेपालभाषाया अक्षरबोध (ने.सं. १०७०), नेपालभाषा शब्दकोश (ने.सं.१०७६), नेपालभाषा शब्द रूपावली (ने.सं. १०७९), (बृहत् नेपालभाषा शब्दकोश, अप्र.) । **पुरस्कार/सम्मान** : भाषाशास्त्री, वैद्य ।

परशु प्रधान (पी. आर. प्रधान, परशुराम)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ ३०, भोजपुर बजार । **माता/पिता** : इन्दिरा प्रधान, रामबहादुर प्रधान । **शिक्षा** : एम.ए. (नेपाली, राजनीतिशास्त्र) । **सेवा** : निजामती । **कृति/सृजना** : जीवनपथ (कवितासङ्ग्रह, २०१६), भोजपुर एक अध्ययन (चिनारी, २०१६), सजिलो नागरिकशास्त्र (२०२०), सगरमाथा अञ्चलको भूगोल (२०२१), रात जो पग्लन्छ (धारावाहिक उपन्यास, २०२१), सबै बिर्सिएका अनुहार (उपन्यास, २०२४), फेरि आक्रमण (कथासङ्ग्रह, २०२५), वक्ररेखा (कथासङ्ग्रह, २०२५), नानीको कथा (बालसाहित्य, २०२६), सुनको छाती (नीतिकथा, २०२८), यौटा अर्को दन्त्यकथा (कथासङ्ग्रह, २०२८), सामान्य ज्ञान डाइजेस्ट (२०३०, हालसम्म २९ संस्करण), सुन्नेलाई सुनको माला (बालसाहित्य, २०३०), रङ्गीचङ्गी फूलबारी (२०३०), असम्बद्ध (कथासङ्ग्रह, २०३२), रीताको स्कुल (बालसाहित्य, २०३२), आकाश विभाजित छ (संयुक्त उपन्यास, २०३२), केही क्षण केही अनुहार (अन्तर्वार्तासङ्ग्रह, २०३४), समुद्रमा अस्ताउने सूर्य (कथासङ्ग्रह, २०३५), परशुका प्रतिनिधि कथाहरू (कथासङ्ग्रह, २०४१), यौटा क्रान्तिपुरुषको जन्म (कथासङ्ग्रह, २०५०), केही अनुहार केही क्षण (अन्तर्वार्तासङ्ग्रह, २०५१), कथा र रचनागर्भ (२०५७), उत्तरार्द्ध (कथासङ्ग्रह, २०५८), द लिटिल बुद्ध इन टोकियो (कथासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : दस लहर (कथासङ्ग्रह), सपनाको ओतमा (कवितासङ्ग्रह, संयुक्त सम्पादन, २०१७), विश्वका बाल कविता (सम्पादन, २०४८), घाम-छायाँ । **पुरस्कार/सम्मान** : नेपाल साहित्य

संस्थान पुरस्कार (२०२४), श्री ५ को सरकारबाट नगद पुरस्कार (२०२४), एकेडेमी पदक (२०२४), रत्नश्री स्वर्णपदक (२०३१), अफिसर डे ला नेसन डू मेरिट (फ्रान्स, २०४०), उत्तम शान्ति कुँवर पुरस्कार (२०५१), गरिमा पुरस्कार (२०५८)। छिन्नलता सम्मान (२०५३), दीपरत्न सम्मान (२०५८), विजय विकास केन्द्र सम्मान (२०५९)। **हालको ठेगाना :** ३१२, प्रयाग मार्ग, नयाँ बानेश्वर, काठमाडौँ / १२३ बुद्धविहार मार्ग, विराटनगर-१५, मोरङ। **फोन :** ४४७१७७५, ०२१-५३००२६।

परशुराम कोइराला

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ भदौ १५ चिन्नेवास-३, स्याङ्जा। **माता/पिता :** सीता कोइराला, तोयानाथ कोइराला। **शिक्षा :** एम.ए. (नेपाली), बी.एड.। **सेवा :** प्राध्यापन, पत्रकारिता, रेडक्रस। **पहिलो रचना :** नेपाल खोजिरहेको हुन्छु (कविता, प्रभात, २०४६)। **कृति/सृजना :** नर्कमा रमाउने देवताहरू (कवितासङ्ग्रह, २०५८), माटाको गीत (कवितासङ्ग्रह, २०५९), निरुत्तर (कथासङ्ग्रह, २०६१), लाशहरू रोइरहेछन् (कथासङ्ग्रह)। **सम्पादन/अनुवाद :** युवा जागरण (२०५२), नयाँ सन्देश (सामूहिक सँगालो, २०५२), गण्डकी सन्देश (साप्ताहिक, २०५३), आन्दोलन पाक्षिक (२०५३), नीलगिरि दर्पण (२०५७), नेपाल पत्रकार महासङ्घ स्मारिका (२०५८), गण्डकी सङ्गम (२०५९), साहित्य प्रभा (२०६०)। **पुरस्कार/सम्मान :** विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत। नेपाल उपभोक्ता परिषद् पोखराद्वारा सम्मान (२०५६)। **हालको ठेगाना :** चिन्नेवास -३, स्याङ्जा / पोखरा उ.म.न.पा. ५, एकलधारा मार्ग, कास्की। **फोन :** ०६१-५२७८६८।

परशुराम पराजुली 'पराशर'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२० कात्तिक ३०, जुरोपानी-४, झापा। **माता/पिता :** तेजकुमारी पराजुली, गौरीशङ्कर पराजुली। **शिक्षा/ विषय :** बी.ए., बी.एल.। **सेवा :** अध्यापन। **पहिलो रचना :** सतार जातिको अनौठो विवाह संस्कार (कान्तिपुर 'कोसेली' २०५५)। **कृति/सृजना :** परिचय (गजल-कवितासङ्ग्रह)। **सम्पादन/ अनुवाद :** सुरभि स्रष्टा परिचय (२०६६), सुरभि नवरत्न परिचय (२०६७), भानु (साहित्यिक मासिक)। **पुरस्कार/सम्मान :** विष्णुचन्द्र अभिनव प्रतिभा पुरस्कार (२०६२), राष्ट्रिय गजल वाचन प्रथम पुरस्कार (२०६२), विष्णुचन्द्र अभिनव वर्ष गजल पुरस्कार (२०६५)। **हालको ठेगाना :** जोरपाटी-३, काठमाडौँ। **फोन :** ९८४१७३५९७१।



पल्पसा (किरण प्रधान)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ वैशाख २५, भेडासिं, काठमाडौँ। **माता/पिता :** लहरमाया प्रजापति, सुन्दरहरि प्रजापति। **शिक्षा :** प्रमाणपत्र तह। **पहिलो रचना :** एउटै मन कहिले उदास कहिले चञ्चल ...बोलको गीत रेकर्ड (रचना, २०५५)। **कृति/सृजना :** परिवेश र पातहरू (गीतिसङ्ग्रह, २०६२), बिहानीको मिर्मिरे (गीतिएल्बम, २०६२)। **हालको ठेगाना :** बानेश्वर, काठमाडौँ (kiran148@hotmail.com)। **फोन :** ४४७२७२६।

पवन आलोक (कँडेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ वैशाख २०, कुलुङ, भोजपुर। **माता/पिता :** चन्द्रमाया कँडेल, जितबहादुर कँडेल। **शिक्षा :** स्नातक (इतिहास), पोस्ट ग्राजुएट डिप्लोमा (संस्कृति)। **सेवा :** पत्रकारिता। **पहिलो रचना :** प्रेम एक अभिव्यक्ति (कविता, बोलपत्र पत्रिका, २०२७)। **कृति/सृजना :** पवन आलोकका केही कविता (कवितासङ्ग्रह, २०६०), युरोपको झझल्को (नियात्रा, २०६७)। **सम्पादन/अनुवाद :** गुराँस (पत्रिका, २०२३), आधुनिक नेपाली कविता (२०६८), एन एन्थोलोजी अफ नेपाल भर्स (नेपाली कविताहरूको अङ्ग्रेजीमा अनूदितसङ्ग्रह, बङ्गलादेश)। **पुरस्कार/सम्मान :** पल्लव राष्ट्रिय सम्मान (२०६८) शहीद दिवसको उपलक्ष्यमा आयोजित राष्ट्रिय कविता प्रतियोगितामा प्रथम। **हालको ठेगाना :** डिल्लीबजार,

कालिकास्थान, काठमाडौँ । **फोन** : ४४३०४४९, ९८५१०१४०२४ ।

पवनकुमार खनाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ मङ्सिर, काठमाडौँ । **पिता** : गुणराज खनाल । **शिक्षा** : स्नातक । **सेवा** : औद्योगिक व्यवसाय, साहित्य । **कृति/सृजना** : बाबा (शोककाव्य, २०३३), भक्त प्रह्लाद (भक्तिकाव्य, २०३८), सतीदेवी (भक्तिकाव्य, २०३९), गोपाल पुकार (भक्तिकाव्य, २०४१), आमा (काव्य, २०४२), दुई काव्य (काव्य सङ्ग्रह, २०४४), रामभक्त बाबा गुणराज र उहाँको रामभक्ति (२०४४), उद्वेग (२०४५), त्रिवेणी (गद्यपद्य सङ्ग्रह, २०४५), रामदास (महाकाव्य, २०४५), मा (महाकाव्य, २०४५), विम्ब प्रतिबिम्ब (महाकाव्य, २०४५), भरत मिलन महाकाव्यको सङ्क्षिप्त विवेचना (समालोचना), निबन्धसङ्ग्रह (निबन्धसङ्ग्रह, २०४७),स्वदेशी सुमन (महाकाव्य, २०४८), मातृ सन्देश, अ म्यान अफ सक्सेस, द गोल्डेन मोर्निङ, विचरी दानमाया (उपन्यास, २०४८), आँसुका दाना (२०४८), आत्मचिन्तन (२०४८), जय राम हरे ! जय श्याम हरे !! (भजन सङ्ग्रह, २०४८) । **सम्पादन/अनुवाद** : शेष चण्डी (अनूदित काव्य, २०५०) । **पुरस्कार/सम्मान** : क्याम्पस जीवनमा पुरस्कृत । **हालको ठेगाना** : २/४२ त्रिपुरेश्वर, हर्षकुटी, काठमाडौँ । **फोन** : ४४७४४४९ ।

पवनप्रसाद नेपाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२२ कात्तिक १, देउराली-१, पाल्पा । **माता/पिता** : नन्दकुमारी नेपाल, तिलकराम नेपाल । **शिक्षा** : एम.बी.ए., बी.एल. । **कृति/सृजना** : मन्त्र तथा साधना महिमा (२०५८), भगवान् बाबाका अमृत वाणिहरू (२०६०), श्री सत्य साई सुप्रभातम् महिमा (२०६१), मन जिते जगत जितिन्छ (२०६३) । **हालको ठेगाना** : रातोपुल, काठमाडौँ /देउराली-१, पाल्पा । **फोन** : ४४६२४८३, ९८४१७६६४१५ ।

पशुपतिनाथ तिमल्सेना

(लेखक/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज १६, चन्द्रेश्वर -७, दुराडाँडा, लमजुङ । **माता/पिता** : देवकी तिमल्सेना, चन्द्रकान्त तिमल्सेना । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन, नाटक निर्देशन, सामाजिक सेवा । **पहिलो रचना** : पैतलामुनि रगत चुस्ने काँडा (कविता, युगधारा, २०४१) (२०३६ सालमा रेडियो नेपालबाट कविता प्रसारित) । **कृति/सृजना** : जनकवि युद्धप्रसाद मिश्र (२०५६) । **सम्पादन/अनुवाद** : चिप्लेटी (साहित्यिक, २०४२), लमजुङ सङ्गम (२०५०), निरूपण (विचारप्रधान, २०५१), पोखरा सन्देश (समाचार, २०५३), प्राज्ञमञ्च (बौद्धिक, २०५४), घोषणा (राजनैतिक, २०५८), लालुपाते (२०५७), मार्क्सवादपूर्वको दार्शनिक विकास (शेषमणि आचार्यद्वारा लिखित) । **पुरस्कार/सम्मान** : गण्डकी साहित्य पुरस्कार (२०५१), युद्धप्रसाद मिश्र स्मृति पुरस्कार (२०५५) । आधारभूत पत्रकारिता तालिम सम्मान (२०५६), युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानद्वारा सम्मान (२०६३) । **हालको ठेगाना** : चन्द्रेश्वर -७, लमजुङ / पोखरा, कास्की (ptimilsena@hotmail.com) । **फोन** : ०६१-५३३१४१, ९८४६०५६७०९ ।

पहलमानसिंह स्वाँर

(माध्यमिक कालीन नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९३५ मङ्सिर ७ गते, रिडिकोट, अछाम । निधन : वि.सं. १९९१ वैशाख शुक्ल सप्तमी, कैलाली । **माता/पिता** : जालपादेवी, लक्ष्मीसिंह स्वाँर (लक्षु) । **शिक्षा** : संस्कृत साहित्य, व्याकरण । **सेवा** : सैनिक सेवा, अध्यापन । (संस्कृत, फारसी, उर्दू, हिन्दी भाषाका ज्ञाता ।) । **कृति/सृजना** : अङ्केन्दुशेखर (१९६०), प्रेमावृत वचन सङ्ग्रह (१९६०), अटलबहादुर (नाटक-१९६२), आनन्दराज (नाटक, १९५६-६०), सुन्दरकाण्ड (१९६७), सदरजेल कारखानाको नियम (१९८.४), नेपाल उद्योग कला कम्पनीको साधारण नियम (१९८६), सदरजेल कारखानामा बनेका र बन्ने मालका सम्बन्धमा (१९८८), कताइ-बुनाइ (१९९८), करसम्बन्धी

एक सुझाव (२०१६), अभिज्ञान शाकुन्तल (नाटक, २०१६), एक लाख रुपियाँको चोरी (२०३१), विमलादेवी (नाटक-२०३२), प्रेमरञ्जन शृङ्गार (२०३२), बालोपदेश (२०३२), अछामका चाडपर्व (२०३२), खोर रहस्य (२०३२), लालुभागा (नाटक-२०३३), विष्णुमाया नाटिका (२०३३), किष्किन्धा काण्ड, २०३३), रत्नावली नाटिका (२०३४), स्वाँरको कुरा (२०३४), पहलमान सिंह स्वाँर स्मृति ग्रन्थ (२०३६), लघुव्याकरण (व्याकरण), पहलमान भजनमाला (२०३८), जगत्सिंह (नाटक, २०३९), श्लोकसङ्ग्रह, (इ.सं. १९६१-७५) । **सम्पादन/अनुवाद :** योगदर्शन (अनु. २०२६) रत्नावली, मेघदूत, के सन्तोष राख्न चाहिन्छ (निबन्ध, ·अनु.), अभिज्ञान शाकुन्तल (अनु.), (नाटकमा पाश्चात्यशैली भित्र्याउने नाटककारका रूपमा परिचित ।) । **पुरस्कार/सम्मान :** पहलमान स्वाँर स्मृति प्रतिष्ठान गठन भएको ।

पाण्डव सुनुवार

(लोकगायक)

जन्म/स्थान : इ.सं. १९५२ डिसेम्बर २२, रगनी -४, चाँदीस्थान, ओखलढुङ्गा । **निधन :** २०६३ असोज २१ । **माता/पिता :** नन्दकुमारी सुनुवार, चन्द्रबहादुर सुनुवार । **शिक्षा :** स्नातक (राजनीतिशास्त्र) । **सेवा :** रेडियो नेपाल, सङ्गीत, लोकगायन । **पहिलो रचना :** बीसको दशकदेखि गायनयात्रा । **कृति/सृजना :** रेडियो प्रसारणका आरोह अवरोह (पुस्तक), मेचीदेखि महाकाली (गीतिएल्बम), नरोऊ मायालु (गीतिएल्बम), फ्याफुल्ला (गीतिएल्बम) । सयौँ सङ्ख्यामा लोकगीत गायन, सङ्कलन । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), प्रबल गोरखा दक्षिणबाहु पाँचौँ (२०४५), तेस्रो सार्क शिखर सम्मेलन स्मृति पदक, गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), उत्कृष्ट कार्यक्रम निर्माता (२०६१) । विशिष्ट सम्मान (पूर्वाञ्चल सांस्कृतिक केन्द्र, २०५६) । **सम्पर्क ठेगाना :** फूलबारी नगर, कोटेश्वर, काठमाडौँ । **फोन :** ४४६६०६३ ।

पारसमणि भण्डारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ माघ २८, आँपचौर, अमलाबोट, गुल्मी । **माता/पिता :** इन्द्रकला, यज्ञलाल भण्डारी । **शिक्षा :** स्नातकोत्तर (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** कालीगण्डकी (कविता, कालीगण्डकी, २०२७) । **कृति/सृजना :** सरल नेपाली शृङ्खला (क र ख, सहलेखन), सरल नेपाली शृङ्खला (१-८, सहलेखन), सरल नेपाली शृङ्खला (अभ्यासपुस्तिका १ -५), नेपाली व्याकरण र रचना (१-५, सहलेखन), निम्न माध्यमिक व्याकरण अभ्यास परिचय (२०५३), नेपाली साहित्य शृङ्खला (१ -२, सहलेखन), अध्ययन अभ्यास पुस्तिका (२०५३), काव्य विवेचना (२०५४) । **सम्पादन/अनुवाद :** नेपाली प्रतिनिधि कवि र कविता (सहसम्पा.) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क' । **हालको ठेगाना :** कीर्तिपुर -३, ट्याङ्ला, काठमाडौँ । **फोन :** ४३३०५६३, ९८४१२५५७३० ।



पारस मुकारूङ

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०३३ वैशाख १, अन्नपूर्ण-३, भुरुचोक, भोजपुर । **माता/पिता :** गङ्गादेवी राई, पुरुषोत्तम मुकारुङ राई । **शिक्षा :** बी.ए. सम्म । **सेवा :** सङ्गीत । **पहिलो रचना :** घामले पनि पोल्छ ... बोल रहेको गीत रेकर्ड (सङ्गीत, २०५४) । **कृति/सृजना :** एकल सङ्गीत एल्बम/सी.डी. : फेरि याद आयो (२०५४), आधार (२०५६), कर्म (२०५७), राखौँ सम्झना (२०५८), सुनकाटी तोला (२०५९), कोसिस (२०६१), रस (भाग-१ २०६५, भाग-२, २०६७), अवशेष (२०६९), नाम के हो (चलचित्र), खोला वारि खोला पारि (चलचित्र), अनागरिक (चलचित्र) । **पुरस्कार/सम्मान :** सङ्गीतमा तृतीय पुरस्कार (रेडियो नेपाल, २०५४ र २०५६), उत्कृष्ट वातावरण सङ्गीत (२०५६), उत्कृष्ट सङ्गीतकार (रेडियो नेपाल, २०५७), किरात विद्यार्थी सङ्घद्वारा सम्मान । **हालको ठेगाना :** काठमाडौँ (pmukarung@gmail.com) । **फोन :** ९८५१०५२३९४ ।

पारिजात (विष्णुदेवी वाइबा)

(उपन्यासकार/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० फागुन ३०, लिङ्गे, चियाकमान, दार्जीलिङ । **निधन :** २०५० वैशाख ७, काठमाडौँ । **माता/पिता :** अमृतादेवी वाइबा, कालुसिंह वाइबा । **शिक्षा :** बी.ए. । **सेवा :** लेखन । **पहिलो रचना :** त्यो को हो ? (कविता, धरती पत्रिका,

२०१३) । **कृति/सृजना :** *कविता-सङ्ग्रहहरू* : आकाङ्क्षा (२०१४), पारिजातका कविताहरू (२०४४), बैँसालु वर्तमान (२०५०), *उपन्यासहरू* : शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), बैँसको मान्छे (२०२९), तोरीबारी बाटा र सपनाहरू (२०३३), पर्खालभित्र र पर्खालबाहिर (२०३४), अन्तर्मुखी (२०३४), उसले रोजेको बाटो (२०३५), अनिदो पहाडसँगै (२०३९), एउटा चित्रात्मक सुरुआत (२०४५), परिभाषित आँखाहरू (२०४६), बोनी (२०४८) । *कथासङ्ग्रहहरू* : आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४३), धूपी, सल्ला र लालीगुराँसको फेदमा (आत्मकथा, २०४८), वधशाला आउँदा जाँदा (२०४९) । आधी आकाश (निबन्धसङ्ग्रह, २०४८), घुएँत्रो (नाटक) । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०२२), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०४९), गंकी वसुन्धरा पुरस्कार (२०४९) । ने.रा.प्र.प्र.को विद्वद्वृत्ति (२०३२), जनमत सम्मान (२०४६), तामाङ घेदुङ सम्मान (२०४९) आदि थुप्रै सम्मानहरू प्राप्त । **सम्पर्क :** पारिजात स्मृति प्रतिष्ठान, म्हेपी, काठमाडौँ । **फोन :** ४३५७२३३ ।

पार्थमणि आ.दी.

(कवि, नेपाली/संस्कृत भाषा)

जन्म/स्थान : वि.सं. १९५८, काठमाडौँ । निधन : २०३२ असार । **पिता :** रामचन्द्र आचार्य । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन । **पहिलो रचना :** नेपाली संस्कृत व्याकरण (२०१२) । **कृति/सृजना :** संस्कृत सरल अनुवाद (२०१९), संस्कृतवाणी (सङ्ग्रह, २०२४), सरलीकृत संस्कृत टीका (२०२५), गीता सार । **सम्पादन/अनुवाद :** शेक्सपियर कथासङ्ग्रह (अनु. १९९८) ।

पार्थमणि भट्टराई (पामभट्ट)

जन्म/स्थान : इ.सं. १९४९ जनवरी २४, हरिओन-२, सर्लाही । **माता/पिता :** रन्धतादेवी, ईश्वरीप्रसाद भट्टराई । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, राजनीति, कृषि । **कृति/सृजना :** नेताको अपहरण (हास्यव्यङ्ग्य, २०२९), कुलचन्द्र कोइराला एक परिचय (जीवनी, २०४९), निर्माणाधीन सङ्घीय संविधानका लागि नागरिक र सभासद्को दायित्व (२०६५) । **सम्पादन/अनुवाद :** देवकोटाको नागरिकशास्त्र (२०६६), शिखर यात्रा- बिर्जु साहु (श्रद्धान्जलि ग्रन्थ, २०५६), पानस, सन्दर्भ, धर्मदर्शन, आँखा (स्मारिका), वृद्ध (स्मारिका), पूजा ।



पार्वती राई

(गायिका)

जन्म/स्थान : वि.सं. २०३२ असार २५, बुइपा, खोटाङ । **माता/पिता :** हीरामाया, बुद्धिमान राई । **शिक्षा :** एम.ए. । **सेवा :** गायन । सगरमाथा युवा समाज, दिक्तेलबाट सम्मान (२०५६) । **पहिलो रचना :** नेपालै जाने नेपाली दाजु ... (लोकगीत रेकर्ड, रेडियो नेपाल, २०५३) । **कृति/सृजना :** गीतिएल्बम : खोटाङ हलेसी (२०५९), तिर्सना (२०६१) आदि । **पुरस्कार/सम्मान :** द्वितीय पुरस्कार (अधिराज्यव्यापी राष्ट्रिय गीत प्रतियोगिता, साधना कलाकेन्द्र, २०५७) का साथै केही स्थानीय पुरस्कारहरू । **हालको ठेगाना :** काठमाडौँ / रतन्छा -९, खोटाङ (parbatirai@notmail.com)। **फोन :** ९८५१०५७५६९ ।

पासाङ गोपर्मा

(कथाकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९०, पञ्चकन्या, आइतबारे, इलाम । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** जनक शिक्षा, सामाजिक सेवा, साहित्य सेवा, राजनीति । **पहिलो रचना :** सुबिऊ (लोककथा, भारती पत्रिका, इ.सं. १९५३ तिर) । **कृति/सृजना :** शारीरिक शिक्षा (२०१६), नभाग (संयुक्त, कथासङ्ग्रह, इ.सं. १९५४), पाँच कुरा (प्रबन्धसङ्ग्रह, २०२०), नौगेडी (कथासङ्ग्रह, इ.सं. १९६३), बुहारी (कथासङ्ग्रह, २०२४), स्वावलम्बी शिक्षा (सहलेखन, भाग १ र २), जीवन पद्धतिको मार्ग (२०२४),

लेप्चा र लिम्बूको उपज : इलाम (लेखसङ्ग्रह), विल्डर अफ द नेसन (अङ्ग्रेजी लघु उपन्यास) । **सम्पादन/अनुवाद :** छात्रवाणी (वार्षिक), फूलपाती (द्वैमासिक), डाँफेचरी (द्वैमासिक) । **पुरस्कार/सम्मान :** एकाडेमिक एवार्ड (२०२०), शुभराज्याभिषेक पदक (२०३१), त्रिशक्ति पट्ट दोस्रो (२०३२), गोरखा दक्षिणबाहु दोस्रो, कोरोनेसन मेडल । **हालको ठेगाना :** बानेश्वर, काठमाडौँ

पिटर जे. कार्थक (पिटर जोन कार्थक)

(कथाकार, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००० मङ्सिर १७, सिलोङ, भारत । **माता/पिता :** एलीसिवा, देवनारायण लेप्चा । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** निजी व्यवसाय । **पहिलो रचना :** एकोप्यालिप्स : राँके भूतहरू (कविता, रूपरेखा, इ.सं. १९७१) । **कृति/सृजना :** प्रत्येक ठाउँ : प्रत्येक मान्छे (उपन्यास, २०३४), पीटरका कथाहरू (२०५४), मानस (अङ्ग्रेजी कवितासङ्ग्रह, सहलेखन, इ.सं. १९७७) । **सम्पादन/अनुवाद :** एभ्री प्लेस एभ्री पर्सन (२०६१) । **पुरस्कार/सम्मान :** साझा पुरस्कार (२०३४), हिमशिखर सम्मान (२०५७), सङ्गीत सम्मान (२०५८) । **हालको ठेगाना :** कोपुन्डोल, ललितपुर /पो.ब.नं. ४९६३, काठमाडौँ । **फोन :** ५५२४०७८, ९८४१५६४३९९ ।

पीताम्बर अर्ज्याल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : न्यौखा, काठमाडौँ । **पिता :** हेमलाल अर्ज्याल । **शिक्षा :** संस्कृत, साहित्य । **सेवा :** साहित्य, सरकारी नोकरी । **कृति/सृजना :** कार्तिक माहात्म्य (१९४५), बुइँगलमा 'कलियुग' नामक रचना प्रकाशित छ ।

पीताम्बर शर्मा नेपाली

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ फागुन ३, निस्ती-२, स्याङ्जा । **माता/पिता :** खगेश्वरी शर्मा, भानुभक्त शर्मा । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** ढुङ्गाको असानमा स्वर्गको सपना (कविता, माछापुच्छ्रे २०२०) । **कृति/सृजना :** पेटको राँको (कवितासङ्ग्रह, २०२२), सिमानाको शीत (बालकविता, २०६५), उखरमाउलो (निबन्ध, २०६९) । **सम्पादन/अनुवाद :** पञ्चसमाज (पाक्षिक), युगभाषा (अर्धवार्षिक), माछापुच्छ्रे (वार्षिक), आँधीको सुसेली आदि । **पुरस्कार/सम्मान :** शिक्षा सेवा पुरस्कार (२०३९) । **हालको ठेगाना :** नयाँबजार, हिमालीमार्ग-२५, पोखरा, कास्की । **फोन :** ०६१-५२१२४२, ९८४६०४०५५१ ।

पीताम्बर भण्डारी 'राम्जी'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००४ असार ११, किउल-३, सिन्धुपाल्चोक । **माता/पिता :** खिलकुमारी भण्डारी, यमुनाथ भण्डारी । **शिक्षा :** साधारण । **सेवा :** सामाजिक सेवा । **पहिलो रचना :** महेन्द्र ज्योति (कवितासङ्ग्रह, २०२४) । **कृति/सृजना :** विविध सँगालो (कवितासङ्ग्रह, २०२९), हेलम्बु दर्शन (कवितासङ्ग्रह, २०३७), मनको बह (कवितासङ्ग्रह, २०४३), साँच्चै यहाँ के भयो (कवितासङ्ग्रह, २०४९), जहाँ छैन मानव (कवितासङ्ग्रह, २०५१), नेपाल मेरो घर (कवितासङ्ग्रह, २०५६), छोरी बिराना किन (खण्डकाव्य, २०५९), मेरी मेलम्ची (खण्डकाव्य, २०६१), बागमति सन्देश (२०६३), शान्तिको चाहना क्रान्तिका पाइला (कविता,२०६८) । **सम्पादन/अनुवाद :** बिहानी (प्रलेस), सामूहिक प्रयास (पत्रिका) । **पुरस्कार/सम्मान :** विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत । भूमेश्वरी मा.वि. रजत जयन्ती सम्मान (२०५७), व्यथित सिन्धु प्रतिभा सम्मान (२०६५) । **हालको ठेगाना :** किउल -३, सिन्धुपाल्चोक । **फोन :** ०११-६२९९१३, ९७४१११५६५३ ।

पीताम्बर शर्मा दाहाल 'पराग'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ २१, प्राप्चाग्राम, ओखलढुङ्गा । **माता/पिता :** अयोध्यादेवी दाहाल, भानुभक्त शर्मा दाहाल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** स्नेहिलो चिठी (अरुणोदय, २०२०) । **कृति/सृजना :** पृथ्वी सन्देश (काव्य, २०६२) । **सम्पादन/अनुवाद :** चौराली

(२०२६), सिर्जना (द्वैमासिक, २०१६), लोकवाणी, प्रजातन्त्र, शान्तिदूत आदि सम्पादन । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक, सुप्रबल गोरखा दक्षिणबाहु आदि । **हालको ठेगाना** : संयुक्तमार्ग २७/९, नयाँबानेश्वर, काठमाडौँ । **फोन** : ४१०८३६६ ।

पीताम्बरा उपाध्याय 'पीयूष'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ कात्तिक, धन्वन्तरी जयन्ती, नेपाली कोठी, ब्रह्मघाट, वाराणसी । । **माता/पिता** : सुभद्रादेवी शर्मा, कोशराज शर्मा । **शिक्षा** : बी.ए., बी.एड., हिन्दी साहित्य रत्न, डिप्लोमा सामुदायिक विकास । **सेवा** : अध्यापन, प्रशिक्षण, साहित्य, सामाजिक, धार्मिक एवं समाजसेवा । **पहिलो रचना** : स्वतन्त्रताको भानु चम्क्यो (कविता, युगवाणी मासिक, २००६) । **कृति/सृजना** : विकेन्द्रीकरण सवाई (२०४९), तिमी केवल तिमी (कवितासङ्ग्रह, २०५९), सम्झना (शोककाव्य र कवितासङ्ग्रह, २०६०), युगको प्रतीक्षा (काव्य, २०६०), बाटोमा बसेको बाघ (उपन्यास, २०६०), साँझको घाम (कथासङ्ग्रहग, २०६१) । **सम्पादन/अनुवाद** : प्रगतिको बाटोमा (वार्षिक), विकासधारा (सामयिक), सिर्जना पत्रिका (त्रैमासिक), अन्तर्राष्ट्रिय मञ्च (मासिक) । **पुरस्कार/सम्मान** : पन्त स्मृति पुरस्कार (२०६०), लोकप्रिया साहित्य पुरस्कार (२०६१) । लेखकीय सम्मान (२०५७), सामाजिक सेवा सम्मान (२०६०), पन्त स्मृति सम्मान (२०६०) । **हालको ठेगाना** : पो.ब.नं. ६१०५, लामपाटी, कलङ्की, काठमाडौँ । **फोन** : ५५४३०७१/४२७५१८७ ।

पुण्य कार्की

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ भदौ १८, ताम्लिछा -२, उदयपुर । **माता/पिता** : चन्द्रकला कार्की, भीमध्वज कार्की । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड., बी.एल. । **सेवा** : अध्यापन, प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : ए भुइँकुहिरो (कविता, त्रियुगा साप्ताहिक, २०४८) । **कृति/सृजना** : बाघले घाँस खायो (कवितासङ्ग्रह, २०५४), मखमली (कथासङ्ग्रह, २०५७), जीवनयात्रा (लघुन्यास, २०५७), गम्भीरबहादुर थापाको कवित्व एक विश्लेषण (समालोचना, २०६०), कविको छैटौँ इन्द्रिय (निबन्धसङ्ग्रह, २०६०), मध्यरातमा (कथासङ्ग्रह, २०६२), असल बन्छु (बालकवितासङ्ग्रह, २०६३), बलभन्दा बुद्धि ठूलो (बाललोक-कथासङ्ग्रह, २०६३), फूलको आँखामा (निबन्धसङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद** : नव उदय (साप्ताहिक), नयाँ बिहान (साहित्यिक सङ्ग्रह), सहयात्री (त्रैमासिक) । **पुरस्कार/सम्मान** : दोस्रो राष्ट्रिय युवा कविता महोत्सव (२०५२), राष्ट्रिय कविता प्रतियोगितामा प्रथम पुरस्कार (पुष्पलाल स्मृति प्रतिष्ठान, २०५५), विमलस्मृति रजत पदक, रा.बा.बैङ्कबाट आयोजित सगरमाथा अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम साथै जिल्लास्तरीय साहित्यिक प्रतियोगितामा पटक-पटक प्रथम पुरस्कार । सांस्कृतिक प्रतिष्ठान, उदयपुरद्वारा सम्मान (२०५७), द रेयुकाईबाट अभिनन्दन (२०६२) । **हालको ठेगाना** : त्रियुगा -७, मोतीगडा, उदयपुर (pkarkiji@ntc.com.np) । **फोन** : ०३५-४२००९०, ९८४२८२६७९१ ।

पुण्यनाथ लोहनी

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९५० नुवाकोट । **निधन** : वि.सं. २००१ । **शिक्षा** : मध्यमा, संस्कृत साहित्य । **सेवा** : गोरखापत्रमा कार्यरत थिए (१९७६ सम्म), सहर सफाइ अड्डामा (१९७६-८६) । **कृति/सृजना** : शोकमालिका (१९६९), शोकमञ्जरी ।

पुण्य निरौला (पुण्यप्रसाद)

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ वैशाख १५ खाम्लालुङ, पाकतिन, तेह्रथुम । **माता/पिता** : हिमादेवी, अक्षतानन्द निरौला । **शिक्षा** : साहित्याचार्य (सम्पूर्णानन्द), बी.ए. (अङ्ग्रेजी) । **सेवा** : निजामती, साहित्य । **पहिलो रचना** : २०१९ सालदेखि साहित्यलेखन । **कृति/सृजना** : जनमत सङ्ग्रह (राजनैतिक लेखरचनासङ्ग्रह, २०३६), भावना-गङ्गा (कवितासङ्ग्रह, २०४२), मानससरोवर (कवितासङ्ग्रह, २०४२), तकदिर (उपन्यास, २०४२), देवता (कथासङ्ग्रह, २०४३), पार्वती (उपन्यास, २०४३), अस्थिपञ्जर

(उपन्यास, २०४३), सच्चा प्रेमी (उपन्यास, २०४४), पूजा-दर्पण (धार्मिक, २०४६), विजया दशमी (धार्मिक र सांस्कृतिक, २०४६), पर्व माला (धार्मिक, सांस्कृतिक र चाडसम्बन्धी, २०५४), भगवान् श्रीकृष्ण र गीताको सार (आध्यात्मिक, २०५४), गीतादर्पण (भक्तियोग :२०५४, कर्मयोग : २०५४, आत्मसंयमयोग : २०५४, ज्ञानयोग : ०५५), गीतासार (२०५६), सरल संस्कृत व्याकरण (लघुसिद्धान्तकौमुदीमा आधारित, २०५९) । **सम्पादन/अनुवाद** : श्रीमद्भगवद्गीता (अनुवाद, भाग १-३, २०५६) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), गोरखा-दक्षिणवाहु चौथो, तेस्रा (२०३२, २०४३), सेवा पदक (२०३४), भिक्टोरिया मेडल (बेलायत, २०४३) । **हालको ठेगाना** : कुरिया गाउँ, काठमाडौँ ।

पुण्यप्रसाद खरेल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ चैत्र २५, थेचम्बु -३, आमेबुङ, ताप्लेजुङ । **माता/पिता** : भागिरथा खरेल, छविलाल खरेल । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : छोरोको हत्या (कथा, मातृभूमि साप्ताहिक, २०३१) । **कृति/सृजना** : सङ्गालिएका प्रतिबिम्बहरू (कवितासङ्ग्रह, सहलेखन, २०४९), पुनर्वहाली (कथासङ्ग्रह, २०५४), मताने साइँलो (कथासङ्ग्रह, २०५७), घुमिफिरी रुम्जैटार (नियात्रा, २०५९), । एकाङ्की नाटकहरू लेखन । **सम्पादन/अनुवाद** : हाम्रो तमोर, मेचीका सुसेली (स्मारिका), सुसेली, अनावरण (स्मारिका) । **पुरस्कार/सम्मान** : मेचीनगर नगरपालिकाद्वारा पुरस्कृत, कन्काई प्रवाह कथा विशेषाङ्क पुरस्कार (२०६०) । नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुरबाट कदरपत्र (२०५९) । **हालको ठेगाना** : मेचीनगर -१०, काँकरभिट्टा, झापा । **फोन** : ०२३-५६२४२७ ।

पुण्यप्रसाद पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ कात्तिक १५, सैपू -८, रामेछाप । **माता/पिता** : नन्दकुमारी पौडेल, नीलप्रसाद गौतम । **शिक्षा** : साधारण । **सेवा** : अध्यापन, सैनिक सेवा । **कृति/सृजना** : सूक्ष्म शरीर विज्ञान (आध्यात्मिक दर्शन, २०५७), परिस्थिति रिगाउँछ (खण्डकाव्य, २०५७), भक्ति र भोकको तनाव (कवितासङ्ग्रह, २०५७) । **पुरस्कार/सम्मान** : कवितामा प्रथम (सिपाही पत्रिका, २०३९) ।

पुण्यप्रसाद पराजुली (लोचावा)

(लेखक तथा अनुवादक)

जन्म/स्थान : वि.सं. २०२३ असोज २८, चरम्वी-६, भोजपुर । **माता/पिता** : खड्गकुमारी पराजुली, हरिप्रसाद पराजुली । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन, प्राध्यापक । **पहिलो रचना** : चोक्युर लिङ्पा: जीवनी र उपदेशहरू (अनु. कृति, २०४९) । **कृति/सृजना** : इन्द्रधनुषी रङ्गहरू (२०६२), अन्तराभव परिचय (२०६२), शाक्यापा परम्पराको इतिहास (२०६३) । **सम्पादन/अनुवाद** : *अनूदित कृति* : महायान सातसूत्रीय मतिशोधन अभ्यास (२०५०), रत्ननिधि कोष परिचय र अभिषेक प्राप्ति तालिका (सह. २०५१), दर्शन सौभाग्य लुम्बिनी वृत्तान्त (सह, २०५२), बुद्ध वचन दोहोऱ्याउँदै (२०५३), सुहृल्लेख (बौद्ध धर्म परिचय, २०५७), बौद्धसार उपदेश (२०५८), बोधिसत्त्व अभ्यास (२०५९), दाम्डागज्योको प्राप्ति तालिका (२०५९), आर्य गोशृङ्ग व्याकरण महायान सूत्र (२०६०), आर्य भद्रचर्या प्रणिधान राज (सह. २०६०), धुइज्योम नवनिधि सङ्क्षिप्त पूर्वागत पाठ (२०६०), शाक्यमुनि बुद्ध साधना विधि (सह. २०६०), सातसूत्रीय मतिशोधन अभ्यास (२०६१), खुम्बुबासीलाई जाटुल रिन्पोछेको गीति सन्देश (२०६१), ध्यान शिविरलाई आवश्यक प्रार्थना र स्तुतिहरू (२०६०), तिब्बतको परम्परागत ल्होसार पर्व (२०६२), शाक्यपा परम्पराको इतिहास (२०६३) का साथै तामाङभाषाबाट अनूदित पुस्तकहरूको सम्पादन । **पुरस्कार/सम्मान** : लोचावा (लोकचक्षुपाद, संस्कृत र तिब्वती भाषाविदलाई रिम्पोक्षेहरूद्वारा प्रदान गरिने मानपदवी) । **हालको ठेगाना** : मूलपानी-८ काठमाडौँ । **फोन** : ४४८२५८८, ९८४१४०४०८२ ।

पुण्यप्रसाद सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० फागुन २०, सावला, तेह्रथुम । निधन : २०४२ असोज ६, बेलबारी, मोरङ । **माता/पिता** : विष्णुमाया सुवेदी, रामप्रसाद सुवेदी । **शिक्षा** : एम.ए. (नेपाली, त्रि.वि. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सङ्गिनी (लेख, डाँफेचरी, २०१५) । **कृति/सृजना** : धूवाँका चक्काहरू (कथासङ्ग्रह,

२०२८), पुण्यप्रसाद सुवेदीका कविता (२०६१) । शीतलुमाथि नि शीतलु भयो..., घुमाईमा घुमाई घुम बुन्ने दाजु ... जस्ता केही चर्चित गीत-रचनाहरू रेडियो नेपालमा रेकर्ड भएर प्रसारण भएका । **सम्पादन/अनुवाद** : चौराली (पत्रिका) । **पुरस्कार/सम्मान** : 'ठूल्दाइ' पदवी प्राप्त ।

पुण्यभक्त प्रधानाङ्ग 'दिक्दार'

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ असार ९, बुलाछें टोल, भक्तपुर । निधन : २०६० पुस १६, काठमाडौं । **माता/पिता** : सुनमाया प्रधानाङ्ग, तुलसीभक्त प्रधानाङ्ग । **शिक्षा** : आई.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : वृक्ष (कविता, जनता मा.वि.को मुखपत्र, २०२३) । **कृति/सृजना** : टुटेको सपना (कथासङ्ग्रह, २०६०), दिक्दारका चोक्टक (चोक्टकसङ्ग्रह, २०६१) ।

पुण्यरत्न वज्राचार्य

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५, वसन्तपुर, काठमाडौं । निधन : २०४७ । **शिक्षा** : स्नातकोत्तर (संस्कृति) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : हाम्रा चाडपर्व (सांस्कृतिक लेख, २०२०) । **कृति/सृजना** : राष्ट्रिय निबन्धसङ्ग्रह (निबन्धसङ्कलन, २०२०), हाम्रो संस्कृतिकलेख, २०२०), विवाह समिति (नाटक), तान्त्रिक वैद्य (घरेलु उपचार) लगायत थुप्रै बाल पाठ्यकृति प्रकाशित ।

पुण्यरश्मि खतिवडा

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८० जेठ ५, डिल्लीबजार, काठमाडौं । **माता/पिता** : हेमप्रभा, सिद्धिमणि आ.दी. । **शिक्षा** : स्नातकोत्तर (अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन, लेखन । **पहिलो रचना** : बेफुर्सदी (निबन्ध, रत्नश्री) । **कृति/सृजना** : न्यू नेपाल इङ्ग्लिस रिडर (२०१२), केही लघुनाटक (२०४५), नारी मीमांसा (नाटकसङ्ग्रह), जयन्त-जुनू (उपन्यास, २०५१), अक्लान्त (उपन्यास, २०५२), अपूरो अभिलाषा (उपन्यास, २०५९), अप्रचलित सत्य (कथासङ्ग्रह, २०६०), मेरी वृन्दा यस्तै भई (२०६५), ज्योतिको विवाह (उपन्यास), विश्वेश्वरप्रसाद कोइराला (समीक्षा), सृष्टि सौरभ (कथासङ्ग्रह), तरङ्गित अभिव्यक्ति (लघुउपन्यास), मेरो जीवनी (जीवनी), नेपाली-अङ्ग्रेजी कोश । **पुरस्कार/सम्मान** : सीताराम प्रज्ञा प्रतिष्ठान (२०६२) । **हालको ठेगाना** : बुलबुले, चाबेल, काठमाडौं । **फोन** : ४४८४९३२ ।

पुण्यराज शाक्य (पुण्य दाइ)

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९८२ पुस ७, थैनाटोल, काठमाडौं । **माता/पिता** : सिरिमाया शाक्य, चन्द्रमान शाक्य । **शिक्षा** : साधारण । **सेवा** : कलासाधना । **पहिलो रचना** : सुनको ritual impliments बनाएको (तिब्बतमा रहँदा धर्मगुरु दलाइ लामाको निम्ति, वि.सं. २००१) । **कृति/सृजना** : मञ्जुश्री (चाँदीको पाता, तिब्बत खाम गुम्बा, २०१२), छेपुको मूर्ति (बोधगया, भारत, २०१६), शाक्यपा मूर्ति (बौद्ध काठमाडौं, २०२५), धर्मचक्र स्तूपहरू (विभिन्न गुम्बाहरू, २०३८), पद्मसम्भव (तामा पातामा सुन, जापानको लागि, २०४०), प्रख्यात पचली भैरव (टेकु, काठमाडौं, बेतालको मूर्ति, २०४३), महालक्ष्मीको मूर्ति (महालक्ष्मीस्थान, ललितपुर, चाँदीको, २०४६), बोधगयाको मन्दिर (3 dimensions) ८ थान (ह्लासा, २०५७), मैत्री बुद्ध (तामाको पाता, २०६१) लगायत तिब्बती शैलीका कलाकृतिहरूको निर्माण । **पुरस्कार/सम्मान** : Specialist in Embossing Art अवार्ड (रोटरी इन्टरनेसनल अफ पाटन, २०५८), धर्मोपहार (दलाई लामाद्वारा, २०१६) । **हालको ठेगाना** : ललितपुर उ.म.पा. - १२ (repousse@wlink.com.np) । **फोन** : ५५३८३०२, ५५३१६६१ ।

पुनम क्षेत्री (पुनमराज्यलक्ष्मी सुवेदी क्षेत्री)

(सम्पादक/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ असोज २०, मोगोक, म्यान्मा

(बर्मा) । **माता/पिता** : विष्णुमाया, कुलबहादुर कार्की । **शिक्षा** : बी.एस्सी., बी.एड. । **सेवा** : व्यवसाय, समाज सेवा । **पहिलो रचना** : आमा (कविता, धर्मोदय, बर्मा, २०४७) । **कृति/सृजना** : अविरल आस्था (भक्तिगीतसङ्ग्रह, २०६२), म्यान्मामा नेपाली भाषा, साहित्य र संस्कृति (सहलेखन, २०६७), पलपल पग्लेको परेली (गीतसङ्ग्रह, २०६९), जापानमा नेपाली भाषा र साहित्य (सहलेखन) । **सम्पादन** : मानवाधिकारका लागि नेपाली कविता (२०५९), प्रतिनिधि म्यान्माली नेपाली कविता (संयुक्त सम्पादन, २०६७), आस्था र आरती (२०६९), समकालीन नेपाली साहित्य (मासिक), नेपाली हाइकु, बुहारी (अर्धवार्षिक), अन्तर्दृष्टि (त्रैमासिक), साकुरा सामयिक सङ्कलन, जर्नल अफ नेपाली लिटरेचर, न्यू नेपाल (सहसम्पादन) । **पुरस्कार/सम्मान** : एम्नेस्टी इन्टरनेसनल नेपाल सम्मान, मेखामलिखा पुरस्कार, राष्ट्रिय गजल विशेष सम्मान, बालकृष्ण सम शताब्दी साहित्य सम्मान, गुरुप्रसाद मैनाली जन्मशताब्दी सम्मान आदि । **हालको ठेगाना** : पुनम प्यालेस, बालुवाटार, टुसाल, काठमाडौं (poonamsubedi@gmail.np) । **फोन** : ९८४३११५१३९, ४४३१४७७ ।

पुरू रिसाल (पुरुषोत्तम शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ माघ १६, दधिकोट, भक्तपुर । **माता/पिता** : बालकुमारी रिसाल, गोवर्द्धन रिसाल । **शिक्षा** : स्नातक (जनप्रशासन) । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : स्वागतम् (कविता, गोरखापत्र, २०१६) । **कृति/सृजना** : जागरण (कवितासङ्ग्रह), आह्वान (कवितासङ्ग्रह, २०२०) । **सम्पादन/अनुवाद** : रचना, यति, घटना (साप्ताहिक), हालखबर (दैनिक), गोरखापत्र । **पुरस्कार/सम्मान** : अन्तर हाईस्कुल साहित्य प्रतियोगितामा प्रथम (२०१७), अन्तर हाईस्कुल निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार (२०१८), अन्तर कलेज कविता सम्मेलनमा प्रथम (२०१९), ने.रा.प्र.प्र. कविता महोत्सव - तृतीय (२०२७) । **हालको ठेगाना** : अनामनगर, काठमाडौं । **फोन** : ४७७१८१४, ९८५१०५५९६७ ।

पुरुषोत्तम चौधरी

(लेखक, नेपाली/थारूभाषा)

जन्म/स्थान : वि.सं. २०२४ असोज १२, जगतपुर, सप्तरी । **माता/पिता** : सावित्रीदेवी, शुभकृष्ण चौधरी । **शिक्षा** : एम.ए. (समाजशास्त्र) । **सेवा** : अध्यापन, प्राध्यापन । **कृति/सृजना** : थारूजाति एक परिचय (२०५३), थारू इन्डिजिनियस पिपुल अफ काठमाण्डू भ्याल्ली (इ.सं. १९९९) । **हालको ठेगाना** : जगतपुर-५, सप्तरी । **फोन** : ४४८२७०२ ।

पुरुषोत्तम दाहाल

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ मङ्सिर १३, बिगुटार, ओखलढुङ्गा । **माता/पिता** : टीकादेवी दाहाल, रत्नप्रसाद दाहाल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : गीतिकविता (गोरखापत्र, २०३९) । **कृति/सृजना** : केही कवि केही कविता (संयुक्त कवितासङ्ग्रह, २०४०), साँध (कवितासङ्ग्रह, २०५९), प्रक्षेपण (विचार निबन्धसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : साहित्यिक : तुमुल (साहित्यिक), अरुणोदय (साहित्यिक), राष्ट्रपुकार (दैनिक), देशान्तर, नेपालवाणी, राजधानी आदि पत्रपत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : मानव अधिकार निबन्ध पुरस्कार (२०४०), गोरखा दक्षिणबाहु चौथा (२०५३), नेपाल प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार (२०५८) । **हालको ठेगाना** : बिगुटार -७, ओखलढुङ्गा । **फोन** : ४८१०८२९ ।

पुरुषोत्तम बस्नेत

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ मङ्सिर, लिखुखोला, सोलुखुम्बु । **माता/पिता** : देवकुमारी, मकरध्वज बस्नेत । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : राजनीति, संस्थान । **पहिलो रचना** : आमा (कविता, बनारस, २०१९ तिर) ।

कृति/सृजना : नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप (२०६६)। **सम्पादन/अनुवाद :** मुकुट, सिउँडी, कल्पना, सङ्क्रान्ति, पूजा, राजधानी, नेपालपुकार। **हालको ठेगाना :** सिफल हाइट, काठमाडौँ। **फोन :** ४४७२५४४।

पुरुषोत्तमलाल श्रेष्ठ

(उपन्यासकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९२ मङ्सिर २८, तापाहिटी, पाटन। **माता/पिता :** बिन्दुवासिनी, काजीलाल श्रेष्ठ। **शिक्षा :** बी.ए.। **सेवा :** महालेखा परीक्षकको विभाग (पूर्व निर्देशक)। **पहिलो रचना :** कविता, मचा पत्रिका, २०१३)। **कृति/सृजना :** ह्योलानी (नेवारी उपन्यास, २०५२)। **हालको ठेगाना :** कुसुन्ती, ललितपुर। **फोन :** ५५२४३९१, ५५२५३२९।

पुरुषोत्तमलोचन श्रेष्ठ

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०१५ साउन ५, काठमाडौँ। **माता/पिता :** इन्द्रमाया श्रेष्ठ, बद्रीलोचन श्रेष्ठ। **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि (इतिहास)। **सेवा/सम्प्रति :** प्राध्यापन। **पहिलो रचना :** भक्तपुर तलेजुको था पूजा : एक ऐतिहासिक विश्लेषण (प्राचीन नेपाल, २०४४)। **कृति/सृजना :** सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण (२०५०), त्रिपुर र युथुनिमम् राजकुल (२०५८), भक्तपुर राजदरबार (अङ्ग्रेजी, ई.२००२), भक्तपुरको नवदुर्गा गण (२०६०), द कर्माचार्याज : रेलिजिअस/सेक्युलर रोल इन भक्तपुर सिटी (अङ्ग्रेजी, ई.२०००), भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला सङ्ग्रहालयका कलाकृति विवरण (२०६३), अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन (२०६४), च्वङ्गा गणेश (२०६६), चट्टान अभिलेख र अन्य सम्पदा (२०६६)। **सम्पादन/अनुवाद :** स्वर्णद्वार (स्वर्णजयन्ती स्मारिका, भक्तपुर बहुमुखी क्याम्पस, २०६६)। **पुरस्कार/सम्मान :** उत्कृष्ट युवा पुरस्कार (इ.१९९८), शिक्षा पुरस्कार (२०५७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८)। **हालको ठेगाना :** दुधपाटी, भक्तपुर (plochan1@hotmail.com)। **फोन :** ६६१५१७०, ९८४१२६८६०९।

पुरुषोत्तम सुवेदी



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असार २३, सावला-६, तेह्रथुम। **माता/पिता :** विष्णुमाया सुवेदी, रामप्रसाद सुवेदी। **शिक्षा :** एम.ए. (अर्थशास्त्र), बी.एल.। **सेवा :** राष्ट्रिय बीमा संस्थान, प्राज्ञसमा सदस्य (ने.प्र.प्र. २०६७)। **पहिलो रचना :** काठमाण्डू (कविता, मधुबिन्दु मासिक, २०३३)। **कृति/सृजना :** आतङ्कगन्ध (कवितासङ्ग्रह, २०४८), एक्लो विजेता (कवितासङ्ग्रह, २०५५)। **सम्पादन/अनुवाद :** बीमा तथा पुण्यप्रसाद सुवेदीका कविता। **हालको ठेगाना :** सावला -६, तेह्रथुम,/ पो.ब.नं. ५२७, काठमाडौँ (beema@wlink.com.np)। **फोन :** ४२७५४२७, ४२६२५२०।

पुष्करराज बुढाथोकी 'साउँतेली'

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ पुस २९, फस्कु, दोलखा। **माता/पिता :** अम्बिका बुढाथोकी, रामकृष्ण बुढाथोकी। **शिक्षा :** स्नातक। **सेवा :** पत्रकारिता। **पहिलो रचना :** पुनः आह्वान (कविता, २०५१)। **कृति/सृजना :** परेलीको पानी (संयुक्त गीतसङ्ग्रह, २०५७), वेदनाका रङ्गहरू (गीतिसङ्ग्रह, २०६३), रेडक्रस नेपालको लोगोगीतसहित एक दर्जन जति गीत रेकर्ड भएका। **सम्पादन/अनुवाद :** साहित्य चौतारी (सम्पादन सहयोगी), शृङ्खला मासिक (सम्पादन सहयोगी)। **पुरस्कार/सम्मान :** गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), लैबरी लै एवार्ड (२०५७), लालीगुराँस युवा सम्मान (२०५५)। **हालको ठेगाना :** बालकोट-९, भक्तपुर। **फोन :** ६६३४३००, ९८४१५८२९८३।

पुष्करराज भट्ट (पुष्पराज, प्रकाश, एकलव्य)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०३२ असार ४, दशरथ-५, कुमाली, बैतडी। **माता/पिता :** राधिकादेवी, गोपालदत्त भट्ट। **शिक्षा :** एम.ए. (नेपाली)। **सेवा/सम्प्रति :** समाजसेवा, राजनीति, व्यवसाय।

पहिलो रचना : समय (कविता, मालिका, कैलाली, २०५६)। **कृति/सृजना** : कर्मयोद्धा (लघुकथा, २०५९), युगधारा (निवन्ध, २०५९), आस्थानायकको अवसान (कथा, २०६१), मुक्तिदूत (लघुकथा, २०६२), सुनौलो बिहानी (गजल, २०६३), एक थोपा सागरको (लघुकथा, २०६४), सहयात्रा -१ (संयुक्त कविता, २०६४), सुदूर पश्चिमाञ्चलमा मातृभाषा साहित्य (अनुसन्धान, २०६५), । **सम्पादन/अनुवाद** : प्रेमसिंह धामीका साहित्यिक रचनाहरू। साहित्य सुधा (२०५९), मालिका (२०५९), सुरभि (२०६१), सुदूर पश्चिम साहित्यकार : परिचय र अभिव्यक्ति (२०६०), आफन्त, गजल प्रवाह, आयाम। **पुरस्कार/सम्मान** : हाम्रो मझेरी प्रतिभा सम्मान (२०६१), देवकान्त पन्त स्मृति युवा साहित्यकार सम्मान (२०६३), प्रलेस कैलालीबाट सम्मान (२०६४), स्व. देवकान्त पन्त स्मृति युवा साहित्यकार सम्मान (२०६२), हाम्रो मझेरी प्रतिभा सम्मान (२०६२), प्रगतिशील लेखक सङ्घ, कैलालीबाट सम्मानपत्र (२०६५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६९) आदि। **हालको ठेगाना** : धनगढी-५, हसनपुर, कैलाली (b.pushkar@yahoo.com) । **फोन** : ९८४९२२५८८३, ०९१-५२२२९३।

पुष्कर लोहनी

(कवि/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ चैत्र २०, ज्ञानेश्वर, काठमाडौँ। **माता/पिता** : भेषकुमारी लोहनी, होमप्रसाद लोहनी। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : प्राध्यापन, साहित्य। **पहिलो रचना** : चिसो चुल्हो तातो खरानी (कथा, ज्योति पत्रिका, २०१६)। **कृति/सृजना** : मेचीदेखि महाकाली (ग्रन्थका चार भागको सहलेखन, २०३१), आकाश विभाजित छ (उपन्यास, संयुक्त, २०३२), चहकदार मइन्टोल र पिलपिले लालटिन (अनुसन्धनात्मक लेखहरूको सङ्ग्रह, २०३७), कौडी (कवितासङ्ग्रह, २०४०) पाँच सय वर्ष - सुन हो कि घुन ? (आलोचना), पीपलबाट (चोकासङ्ग्रह, संयुक्त), चौतारी (हाइकुसङ्ग्रह, संयुक्त), केराको थाम (ताङ्कासङ्ग्रह, संयुक्त), भट्ट-मोतीराम भट्ट (समालोचना तथा लेखसङ्ग्रह)। **सम्पादन/अनुवाद** : बगैँचा (२०१७), नयाँ कविता (पत्रिका, २०२१), पर्यायवाची शव्दकोष (२०३०), पञ्चकप्रपञ्च (२०३८), विम्व (कथाप्रधान पत्रिका), वेसरी (२०४७), ऋतुवर्ण तथा समस्या-पूर्ति (२०४७), साहित्यमा विश्वेश्वर (२०६६), कविता यात्रामा नुवाकोट (२०६७)। **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार (राष्ट्रव्यापी कवि सम्मेलन, तीनधारा पाठशाला, २०१८), प्रथम पुरस्कार (मानव अधिकार दिवस कवि सम्मेलन)। **हालको ठेगाना** : घट्टेकुलो, डिल्लीबजार, काठमाडौँ। **फोन** : ४४४३२९०, ९८१३०१८१५५।

पुष्करशमशेर ज.ब.रा.

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५८ पुस, ज्ञानेश्वर, काठमाडौँ। निधन : २०१८, जनकपुर। **माता/पिता** : कीर्तिराज्यलक्ष्मी, समरशमशेर राणा। **शिक्षा** : आई.ए.। **सेवा** : प्राध्यापन। **कृति/सृजना** : पुष्करशमशेरका कथाहरू (कथासङ्ग्रह), नेपाली सजिलो व्याकरण (व्याकरण, २००१)। **सम्पादन/अनुवाद** : अङ्ग्रेजी-नेपाली कोश, सी (अङ्ग्रेजी उपन्यास अनु.), ओथेलो (अनु. २०१८), उखान, टुक्का वाक्पद्धति इत्यादिको कोश।

पुष्प अधिकारी 'अञ्जली'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ भदौ १२, चैनपुर, चितवन। **माता/पिता** : देवकुमारी अधिकारी, झपनबहादुर अधिकारी। **शिक्षा** : स्नातक। **सेवा** : अध्यापन। **पहिलो रचना** : मेरो देश मेरो माटो (राष्ट्रपुकार साप्ताहिक, २०४४)। **कृति/सृजना** : गजलपथका यात्रीहरू (संयुक्त गजलसङ्ग्रह, २०६१), गजलबिम्ब (संयुक्त गजलसङ्ग्रह, २०६२), मनभित्रको मन (गजलसङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद** : हाम्रो मझेरी (राष्ट्रिय साहित्य विविध, २०५७), पुष्पाञ्जली (गजलप्रधान पत्रिका, २०६०)। **पुरस्कार/सम्मान** : भूकम्प साहित्य पुरस्कार (२०६०) द्वितीय पुरस्कार (गजल प्रतियोगिता, चितवन साहित्य परिषद्, २०६१)। नवरङ्ग प्रतिभा सम्मान (२०५९), अनामिका साहित्य प्रकाशनबाट सम्मान (२०६१)। **हालको ठेगाना** : चैनपुर -९, चितवन। **फोन** : ०५६-५२४२४५।

पुष्पकमल दाहाल 'प्रचण्ड'

(राजनीतिक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ १५, लेवाडे, ढिकुरपोखरी, कास्की । **माता/पिता** : भवानी दाहाल, मुक्तिराम दाहाल । **शिक्षा** : स्नातकोत्तर (जनप्रशासन, त्रि.वि.) । **सेवा** : अध्यापन, राजनीति (भू.पू. प्रधानमन्त्री) । **पहिलो रचना** : नयाँ नेपाल (कविता, नौलो बिहानी, २०२८) । **कृति/सृजना** : नेपाली क्रान्तिका समस्या (भाग १-४, २०५२-२०६३), संस्कृति कला र सौन्दर्यचिन्तन (२०६१), प्रचण्डका छानिएका रचनाहरू (भाग १-२, २०६३), प्रचण्डका छानिएका सैन्य रचनाहरू (२०६३) । **हालको ठेगाना** : चितवन / काठमाडौँ । **फोन** : ०१-६२१६५४२ ।

पुष्पनाथ शर्मा (पुष्पनाथ भण्डारी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार २०, बरबोटे, इलाम । **माता/पिता** : देवकी उपाध्याय, प्रजापति उपाध्याय भण्डारी । **शिक्षा** : एम.ई.सं. (विद्युत्, कोलम्बो) । **सेवा** : इन्जिनियरिङ सेवा । **पहिलो रचना** : लोकगीत (निबन्ध, भारती पत्रिका, २०१०) । **कृति/सृजना** : मालिनी (खण्डकाव्य, २०१६), चप्लेटी ढुङ्गा (कथासङ्ग्रह, २०३१), स्नेहलता (उपन्यास, २०४०), बिहानको खोजी (उपन्यास, २०४२), तामाङ जेठा (उपन्यास, २०४४), यो देशप्रेम र यी व्यथाहरू (कवितासङ्ग्रह, २०५४), स्वतन्त्रता (निबन्धसङ्ग्रह, २०५५) । **सम्पादन/अनुवाद** : ज्ञानरश्मि (मुखपत्र, करफोक विद्यामन्दिर, सहसम्पा., २०११) । **पुरस्कार/सम्मान** : जनपद सेवा पदक, दीर्घसेवा पदक, प्रथम पुरस्कार (कवि सम्मेलन, गोर्खा दुःख निवारक सम्मेलन, दार्जीलिङ, इ.सं. १९५८) । **हालको ठेगाना** : ग २ /७६८-१ बत्तीसपुतली, काठमाडौँ ।

पुष्परत्न तुलाधर

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००४ असार २८, काठमाडौँ । **माता/पिता** : मैयारानी तुलाधर, ज्ञानरत्न तुलाधर । **शिक्षा** : बी.एस्सी. । **सेवा** : सामाजिक सेवा तथा व्यापार । **पहिलो रचना** : जिगु छेँ बनेगु गल्लि (सितु द्वैमासिक) । **कृति/सृजना** : धोंय्मो ? (कवितासङ्ग्रह, २०४५), A Shattered Beauty (USA, 2002) । **सम्पादन/अनुवाद** : लाय्लामा अनलाइन (अङ्ग्रेजी पत्रिका) । **पुरस्कार/सम्मान** : विभिन्न साहित्यिक कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : ३२० फुर्केसल्लामार्ग, स्वयम्भू, काठमाडौँ पो.ब.नं. ५१४६ । **फोन** : ४२७४८१५ ।

पुष्परत्न शाक्य

(मूर्ति/चित्रकार)

जन्म/स्थान : वि.सं. २००० साउन २४, झोछेँ बनियाचोक, काठमाडौँ । **माता/पिता** : ऋद्धिमाया शाक्य, ज्ञानरत्न शाक्य । **शिक्षा** : चित्र तथा मूर्तिकलामा स्नातक । **सेवा** : मूर्ति, चित्रकला, सामाजिक सेवा । **पहिलो रचना** : भृकुटी (वास टेक्निक, २०२५) । **कृति/सृजना** : स्वयम्भू विकास मण्डल 'बुद्ध जन्म' बुद्धको मूर्ति, जातीय प्रदर्शनी (भृकुटीमण्डप), राजा वीरेन्द्रको राज्यारोहण (राष्ट्रिय सङ्ग्रहालय), पौभाचित्रको सिर्जना । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (परम्परागत कला, २०२५), नेपालभाषा अन्तरक्याम्पस साहित्यगोष्ठीमा द्वितीय (ने.सं. १०८८) । **हालको ठेगाना** : ठमेल, भगवती, काठमाडौँ । **फोन** : ४४२११०१ ।

पुष्पराज राजकर्णिकार

(कवि, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०७०, यँद्यापुन्ही, कुमारीपाटी, ललितपुर । **माता/पिता** : लक्ष्मीमाया, चिनियाँ राजकर्णिकार । **शिक्षा** : एम.कम., विद्यावारिधि । **सेवा** : जागिर । **पहिलो रचना** : छगू यात्रा (कविता, ससिवा, ने.सं. १०९२) । **कृति/सृजना** : वर्तमानं ज्वेप्यूगु कचिघा: (कविता, ने.सं. ११०१), सच्छिकू जिन्दगी (कविता, ने.सं. १११८) । **हालको ठेगाना** : कुमारीपाटी, लगनखेल, ललितपुर । **फोन** : ५५३८१६५ ।

पुष्पलाल (नेपाली)

(इतिहासकार/राजनीतिक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१ असार १५, भँगेरी, रामेछाप । **निधन :** २०३५ साउन ७, दिल्ली, भारत । **माता/पिता :** तुलसीमैयाँ श्रेष्ठ, भक्तबहादुर श्रेष्ठ । **शिक्षा :** मेट्रिक, स्वाध्याय । **सेवा :** राजनीति (ने.क.पा. को संस्थापक), साहित्य, इतिहास क्षेत्र । **पहिलो रचना :** नेपाली समाजको वर्गीय स्थिति (२००५) । **कृति/सृजना :** अठार वर्षे सिंहावलोकन (२०२९), नेपाली जन आन्दोलनको समीक्षा (२०२९), नेकपाको इतिहास (२०५२), पुष्पलालका छानिएका रचनाहरू (भाग १, सम्पादक : विष्णु प्रभात/भाग २-५, पुष्पलाल स्मृति प्रतिष्ठान) । **सम्पादन/अनुवाद :** कार्ल मार्क्सको कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवाद (२००५), नयाँ जनवाद (२०२५) ।

पुष्पलता आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ चैत्र ११, रम्घा-३, लमजुङ । **माता/पिता :** देवी न्यौपाने, रघुनाथ न्यौपाने । **शिक्षा :** आई.ए. । **सेवा :** साहित्य, समाजसेवा । **पहिलो रचना :** जिन्दगी कस्तो कस्तो (कविता, सपना मासिक, २०३४) । **कृति/सृजना :** सागर सन्ध्या (गीतसङ्ग्रह, २०५१), अञ्जुली (भजनसङ्ग्रह, २०५१), रित्तो वर्तमान (कथासङ्ग्रह, २०५१), गाउँको माया आमाको काख (लोकगीत सङ्ग्रह, २०५२), समयको हुरी (गीतसङ्ग्रह, २०५२), सपनाका बोझहरू (कवितासङ्ग्रह, २०५३), यात्रा र ठेसहरू (गीतसङ्ग्रह, २०५३), सुरुहीन अन्त्य (कथासङ्ग्रह, २०५३), म, मृत्यु र आकाश (कवितासङ्ग्रह, २०५४), मनको घाउ (गीतसङ्ग्रह, २०५५), हरिद्वार (भजनसङ्ग्रह, २०५६), एक्लो यात्री (कवितासङ्ग्रह, २०५६), मनका छालहरू (सूत्रकाव्य, २०५६), अर्को किनारासम्म (कथासङ्ग्रह, २०५८), श्रद्धाञ्जलि (खण्डकाव्य, २०५८), लोकसुसेली (गीति-कवितासङ्ग्रह, २०५८), मादीकी पूर्णिमा (उपन्यास, २०५९), पुष्पलताको असम यात्रा (यात्रासंस्मरण, २०६०), लामो अन्तरापछि (उपन्यास, २०६०), रोजी (उपन्यास, २०६१), फट्याङ्ग्राको कवि गोष्ठी (बालकथासङ्ग्रह, २०६१) साथै अढाई दर्जन जति गीतिएल्बम प्रकाशित । 'गङ्गा' र 'वज्रपात' नामक ठूलो पर्दाका चलचित्र निर्माण, 'सुन्धाराको छेउ' भिडियो क्यासेट निर्माण । **पुरस्कार/सम्मान :** उत्कृष्ट गीतकार र साहित्य सेवा सम्मान (२०५७), साहित्य र समाजसेवा सम्मान (बनेपा, २०५९), सैलुङ टाइम्स साप्ताहिक सम्मान (२०६१) आदि थुप्रै । **हालको ठेगाना :** पो.ब.नं. ८९७३, एन.पी.सी. ५१२, नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४९०५३४ ।

पुष्प सुब्बा थाम्सुहाङ 'असित'

(कवि/लेखक, लिम्बू/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ माघ ७, लुङजक्थवा, याङनाम, पाँचथर । **सेवा :** लेखन । **कृति/सृजना :** अदृश्य व्यथा (उपन्यास, २०३१), इन्द्रकीलको एक तारा (जीवनी, २०३१), लिम्बू छन्दहरू (२०५८), इत्निमहा? (लिम्बू खण्डकाव्य, २०६०), लिम्बू भाषा: साहित्यिक स्रष्टा र दृष्टिकोण (२०६१) । नाम्दुक्वामा फुङ (लिम्बू उपन्यास), घाम नलागेको बस्ती (कवितासङ्ग्रह), । **सम्पादन/अनुवाद :** सिरिजङ्गा (२०२९), नीलिमा (२०४९), थाङसाङ । **पुरस्कार/सम्मान :** पुरस्कारस्रष्टा पुरस्कार (इ.सं. १९९१, सिक्किम, भारत), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६६), विभिन्न सङ्घ संस्थाहरूबाट अभिनन्दित ।

पुष्पा शेरचन

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. २००९ कात्तिक १७, पोखरा, कास्की । **शिक्षा :** बी.एफ.ए. । **सेवा :** कलाकारिता । **कृति/सृजना :** मूर्तिकला प्रदर्शन (पृथ्वी दिवस, इ.सं. १९९२), राष्ट्रिय कलाप्रदर्शनी (२०५६, ५७, ५८, ५९, ६०, ६१, ६२), महिला कला कार्यशालामा सहभागी (इ.सं.२००३), प्रस्तरमूर्तिकलासम्वन्धी कार्यशालाहरूमा सहभागी, हनुमान्‌को मूर्ति (नवलपरासी, ५ फीट, २०००), हौड्रेट (पित्तलको मूर्ति, २४ इन्च, स्विट्जरल्याण्ड, २००१), नीलमकुमार शाही (पित्तलको मूर्ति, स्याङ्जा, २००२) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रथम पुरस्कार (नाफा, २०५७) । **हालको ठेगाना :** शान्तिमार्ग, भाटभटेनी, काठमाडौँ । **फोन :** ४४१७७१७, ९८५१०९९८३५ ।

पूजा चन्द

(चलचित्र अभिनेत्री)

जन्म/स्थान : इ.सं. १९७५ फेब्रुअरी १७, थानकोट, काठमाडौँ । **शिक्षा** : आई.एस्सी. । **सेवा** : अभिनय, व्यवसाय । **पहिलो रचना** : १२ वर्ष अघिदेखि नेपाली चलचित्र क्षेत्रमा प्रवेश, रेडियो नाटकबाट अभिनय यात्रा सुरु । **कृति/सृजना** : छोरी बुहारी, भीष्म-प्रतिज्ञालगायत पाँच दर्जनभन्दा बढी ठूलो पर्दाका नेपाली चलचित्रलगायत थुप्रै टेलिशृङ्खलाहरूमा अभिनय । देश-विदेशमा भएको विभिन्न साङ्गीतिक कार्यक्रमहरूमा सहभागी । **पुरस्कार/सम्मान** : सगरमाथा साहित्य कला प्रतिष्ठान, बस्तीपुर कला केन्द्र, नव प्रभात केन्द्र, नेपाल चलचित्र कलाकार सङ्घ आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : पो.ब.नं. १००८९ थापाथली, काठमाडौँ (puja@goldeneyeintlad.com) ।

पूर्ण इन्फादा (पूर्णप्रसाद पोखेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ मङ्सिर ९, याकु, भोजपुर । **माता/पिता** : देवमाया पोखेल, इन्द्रबहादुर पोखेल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : वसन्त (कविता, पर्बाह पर्चा साहित्यिक पत्रिका, २०४७) । **कृति/सृजना** : मौन कम्पनहरू (कवितासङ्ग्रह, २०५६) अभिलेख अवशेषहरू (कवितासङ्ग्रह, २०६५) । **पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सवमा तृतीय (नेपाल भ्रमण वर्ष-१९९८, २०५५) । **हालको ठेगाना** : याकु -८, भोजपुर /काठमाडौँ । **फोन** : ९८४१६७५८१७ ।

पूर्णकाजी शाक्य 'ङ्यापो'

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. २०१३ जेठ २३, इखाछेँ, ललितपुर । **माता/पिता** : सानुनानी शाक्य, रत्नकाजी शाक्य । **शिक्षा** : स्नातक (मूर्तिकला), स्नातकोत्तर (संस्कृति, नेपाली इतिहास र पुरातत्त्व) । **सेवा** : प्राध्यापन, मूर्ति/चित्रकला, प्रशासन तथा कार्टोग्राफी (त्रि.वि) । **पहिलो रचना** : नेपालय मूर्ति दय्केगु परम्परा (तिसा पत्रिका, २०४६) । **कृति/सृजना** : वि.सं. २०२९ देखि २०३८ सम्म राष्ट्रिय कलाप्रदर्शनी (नाफा), सामूहिक कलाप्रदर्शनी (याग, २०३०), लगायत हालसम्म विभिन्न राष्ट्रहरूमा सामूहिक प्रदर्शनीमा भाग लिँदै आएको । स्व. टङ्कप्रसाद आचार्यको प्रतिमा (कोटेश्वर)को नमुना प्रस्तुत, स्व. दामोदर शर्मा घिमिरेको प्रतिमा (भरतपुर, दाङ), स्व. देवीदास श्रेष्ठको ढलौटको प्रतिमा (श्री आमा विद्यालय, इलाम), भानुभक्त आचार्यको ढलौट प्रतिभा (कलङ्की, काठमाडौँ), बी.पी. कोइरालाको पूर्णकदको ढलौटको प्रतिमा (चिप्लेढुङ्गा, पोखरा र नारायणघाटको पुल्चोकपारि जङ्गलमा), शङ्खधर साख्वाको मैनको मूर्ति नमुना प्रस्तुत (मध्यपुर ठिमी महोत्सव), वासुदेव लुइटेलको पुरस्कार ढलौट प्रतीक मूर्ति, हिमाल एसोसियसनको ढलौट प्रतीक सिंह आदि । ललितकलासम्बन्धी विभिन्न पत्रपत्रिकाहरूमा लेखहरू प्रकाशित । **पुरस्कार/सम्मान** : त्रि.वि. वार्षिक दिवसको उपलक्ष्यमा आयोजित कलाप्रदर्शनीमा द्वितीय पुरस्कार (ललितकला क्याम्पस, २०३३), राजा वीरेन्द्रको शुभजन्मोत्सवको उपलक्ष्यमा आयोजित कला प्रर्दशनीमा प्रथम पुरस्कार (२०३४), शिक्षा दिवसको उपलक्ष्यमा आयोजित कलाप्रदर्शनीमा द्वितीय पुरस्कार (ललितकला क्याम्पस, २०३५) शिक्षा पुरस्कार (२०४६) आदि पुरस्कारहरू । **हालको ठेगाना** : २२ ग /०३६ इखाछेँ, आनन्द बहाल, ललितपुर । **फोन** : ५५३३८७५ /४२४९६८१ ।

पूर्ण ताम्राकार

(निबन्धकार, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९५४, चैत्र ६, मरुटोल, काठमाडौँ । **माता/पिता** : मैयाशोभा ताम्राकार, भक्तरत्न ताम्राकार । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **पहिलो रचना** : क्यारम बोटया गतितय्त (कविता, नेपालभाषा, न्हसला पत्रिका, अङ्क ६, २०३३) । **कृति/सृजना** : साहित्य लचं (समालोचनासङ्ग्रह, नेपालभाषा, २०४९), साहित्यया लिच्व (समालोचनासङ्ग्रह, नेपालभाषा, २०५६), हिंसुदंगु सः (निबन्धसङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : जः (वार्षिक, त्रिचन्द्र क्याम्पस, २०३३), गं (वार्षिक, कीर्तिपुर क्याम्पस, २०३६), मलः (द्वैमासिक), लबु (त्रैमासिक) । **पुरस्कार/सम्मान** : ठाकुरलाल सिरपा (नेपालभाषा परिषद्, २०५९), विभिन्न प्रतियोगितात्मक साहित्य सम्मेलनमा ११ ओटा पुरस्कार प्राप्त । भाषा जवाः धर्मादित्य धर्माचार्यको १०० औँ जन्मजयन्तीमा सम्मान (२०५८) । **हालको ठेगाना** : ब्लक नं. ५४१/३३, गुणकामदेवमार्ग, वडा नं. २०, काठमाडौँ । **फोन** : ४२१६०५९, ४२८३९०७ ।

पूर्णदास श्रेष्ठ

(कथाकार, नेपाली/नेवारी भाषा)
जन्म/स्थान : वि.सं. १९६७ कात्तिक पूर्णिमा, नरदेवी, काठमाडौँ। **माता/पिता** : पूर्णमाया श्रेष्ठ, लक्ष्मीदास श्रेष्ठ। **शिक्षा** : आई.ए.। **सेवा** : व्यवसाय, बैङ्किङ, अध्यापन, साहित्य। **पहिलो रचना** : टुटेको वीणा (कथा, उदय पत्रिका, १९९३)। **कृति/सृजना** : धानको बाला (कथासङ्ग्रह, २००१), न्हुधा (कथासङ्ग्रह, नेवारी, ने.सं. १०९२)। **सम्पादन/अनुवाद** : साप्ताहिक सच् (हिन्दी पत्रिका, इ.सं. १९५४, बम्बै) 'ऋतु पौ' (नेवारी पत्रिका, २०३२)।

पूर्ण पथिक (पूर्णकृष्ण ताम्राकार)

(कथाकार, नेपाली/नेपाल भाषा)
जन्म/स्थान : ने.सं. १०४४, गुँलाथ्व १५, तिखाटोल, ललितपुर। निधन : ने.सं. १११४ थिलागा १४। **शिक्षा** : उच्च माध्यमिक। **सेवा** : अध्यापन। **पहिलो रचना** : प्रार्थना (कविता, धर्मोदय, ने.सं. १०६८)। **कृति/सृजना** : हे मस्त दँ दँ (बालसाहित्य, ने.सं. १०६८), अपराधी (कथासङ्ग्रह, ने.सं. १०७०), छपाः चित्र (कथा, ने.सं. १०७७) आदि। **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०७७)।

पूर्णप्रकाश नेपाल 'यात्री' (जीवन हिमाली)

(अन्वेषक/समीक्षक/कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९९१ साउन ४, कटुञ्जे गाउँ, भोजपुर। निधन : २०६९ पुस ५ गते। **माता/पिता** : हरिप्रिया नेपाल, कृष्णप्रसाद नेपाल। **शिक्षा** : स्नातकोत्तर (संस्कृत साहित्य, मानवशास्त्र)। **सेवा** : प्राध्यापन, लेखन। **पहिलो रचना** : वर्णाश्रम व्यवस्था किन ? (समालोचनात्मक निबन्ध, २००८)। **कृति/सृजना** : वर्णाश्रम धर्म (खण्डकाव्य, २००९), शान्ति पुष्पोपहार (चम्पूकाव्य, २०१०), आँधीमय जीवन (उपन्यास, २०११), यौवन र विवाह (उपन्यास, २०११), कुल्चिएको कोपिला (उपन्यास, २०१२), जोगमाया (उपन्यास, २०१२), मेरो मुक्तिनाथ यात्रा (नियात्रा, २०१२), महाकाली अञ्चल दिग्दर्शन (खोज, २०१३), मलाई मेरो भोजपुर (गीतिकाव्य, २०१३), कुसुमलता (उपन्यास, २०१६), सत्य पुकार (गीतसङ्ग्रह, २०१६), विष्णुमाया (उपन्यास, २०१६), नागछाँगा (निबन्धसङ्ग्रह, २०१९), पर्खन मन लाग्छ (उपन्यास, २०२९), सेतीको नालीवेली (नियात्रा, २०३३), सेतीका तारा (अन्वेषण, २०३४), सिञ्जाको ऐतिहासिक यात्रा, तीन लोकजीवन (२०३४), सेती अञ्चल दिग्दर्शन (खोज, २०३५), रूपान्तर (उपन्यास, २०३६), काशीपुरी परिदर्शन (नियात्रा, २०३७), बदलिँदो घामछायाँ (२०३७), नियात्राको नौलो सुसेली (२०३९), राउटे लोकजीवन (मानवशास्त्र), भेरी लोकसाहित्य (अनुसन्धानात्मक लेख-निबन्धसङ्ग्रह, २०४१), सिञ्जाको ऐतिहासिक रूपरेखा (२०४२), वशिष्ठ सन्तति, पाराशरादि सन्तति, आङ्गिरसादि सन्तति (मानवशास्त्र, २०४३), पर्दाभित्र (उपन्यास, २०४३), कौशिकादि सन्तति (मानवशास्त्र, २०४५), एक झुत्तो पोते (उपन्यास, २०४६), तेईस दशक : जनविजयोल्लास (नव्यकाव्य, २०४८), वसन्तपल्लव (महाकाव्य, २०५५), सिजापतीवाला (महाकाव्य, २०५६), दिव्यालोक, धवलाद्रि (महाकाव्य) लगायत ७३ ओटा कृति प्रकाशित तथा जम्मा लेखिएका पाण्डुलिपिको सङ्ख्या २५१ रहेका छन्। **सम्पादन/अनुवाद** : करुणा (२०१६), गोल्मा राजा गोल्मा रानी (सांस्कृतिक अन्वेषण, २०२२), हिमाली सौगात (२०२८), महानन्द स्मृति विशेषाङ्क (२०३४), राजा गगनीराजको यात्रा (भाषा, २०३८), नेपाली वृहत् शब्दकोश (२०४०) आदि। **पुरस्कार/सम्मान** : लोक साहित्य पुरस्कार (२०४०), साझा पुरस्कार (२०५७), युगकवि सिद्धिचरण पुरस्कार (२०५८), इतिहासशिरोमणि बाबुराम आचार्य शोधसम्मान पुरस्कार (२०६२), जनमत पूर्व एक नम्बर पुरस्कार (२०६८) लगायत करिब एक दर्जन पुरस्कारहरू प्राप्त। सम्मानित प्रतिभा चतराबाट नागरिक अभिनन्दन (२०३८), विराटनगरबाट नागरिक अनिभन्दन (२०४२), सिर्जना सम्मान (सुनकोशी साहित्य प्रतिष्ठान, २०५३) लगायत विभिन्न अवसरमा थुप्रै पटक सम्मानित। सम्पर्क ठेगाना : फैकाटार, काठमाडौँ। **फोन** : ४८२०२६३, ४४७८२६३।

पूर्णप्रसाद ब्राह्मण (पूर्णप्रसाद दवाडी)

(कवि/कथाकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९७९ असार हरिशयनी एकादशी, काफलडाँडा, गोरखा। निधन : २०४६ जेठ ३२, काठमाडौँ। **माता/पिता** : रुक्मिणीदेवी, देवीदत्त दवाडी। **शिक्षा** : पूर्वीय मीमांसामा आचार्य। **सेवा** : राजनीति, राजसभा सदस्य, प्रमुख निर्वाचन आयुक्त (पञ्चायतकालमा), प्राध्यापन। **पहिलो**

रचना : वरदान (कथा, शारदा, १९९२) । **कृति/सृजना** : एक्काइस कथा (कथासङ्ग्रह, २००३), झिल्का (कथासङ्ग्रह, २००७), तदर्थमेव (२००७), विश्वदेवा (काव्य, २००७), अगुल्टो (कवितासङ्ग्रह, २००८), म लोग्ने हुँ (कथासङ्ग्रह, २००८), सत्य-हरिश्चन्द्रम् (महाकाव्य, २०१९), ईशावास्यावृत्ति (२०२७), रामराज्यं (खण्डकाव्य, २०४१), एक कथा (उपन्यास, २०४२), एकतीस कथा (कथासङ्ग्रह, २०४२), राजतन्त्रं सदा जीव्यात् (२०४२), एघार कथा (कथासङ्ग्रह, २०४३), अध्यक्ष उमा (२०४४), कुन्तीको समाचार (खण्डकाव्य, २०४४), सम्झौटो (लघुकाव्य, २०४७) । **सम्पादन/अनुवाद** : सोमनाथ स्मृतिग्रन्थ, पद्मप्रसाद स्मृतिग्रन्थ, सत्य सङ्केत (पुस्तक, २०११), पुरुषार्थ (मासिक, २०११), तदर्थमेव (उसैका लागिको अनुवाद, २०२६) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु (२०२५), कविता महोत्सव- प्रथम पुरस्कार (२०२६), प्रख्यात त्रिशक्ति पट्ट तेस्रो (२०२९), शुभराज्याभिषेक पदक (२०३१), विख्यात त्रिशक्तिपट्ट (२०३९), अडेर अफ मेरिट (जर्मन), सार्क स्मृति पदक, रोयल भिक्टोरिया अर्डर (बेलायत) । संस्कृत महाविद्यालयबाट अभिनन्दन, दाङ । **हालको ठेगाना** : छाउनी, काठमाडौँ ।

पूर्णप्रसाद शर्मा ढुङ्गेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८० पुस कृष्णपक्ष अष्टमी, कटुञ्जे, भक्तपुर । निधन : २०४३ जेठ शुक्ल पक्ष, ललितपुर । **माता/पिता** : इन्द्रमाया ढुङ्गेल, रामचन्द्र ढुङ्गेल । **शिक्षा** : शास्त्री । **सेवा** : अध्यापन, राजदरबार । **पहिलो रचना** : कौवा । **कृति/सृजना** : पञ्चायत, मेरो यात्रा वर्णन (यात्रा वर्णन -२०२०), कौवा (काव्य, २०३०), श्राद्ध र दशैँ (धार्मिक विवेचना, २०४४), त्रिवेणी (काव्य, २०४४) । **पुरस्कार/सम्मान** : त्रिशक्तिपट्ट तेस्रा, रोयल भिक्टोरिया अर्डर चौथो । **हालको ठेगाना** : १/११६ कोपुन्डोल, ललितपुर । **फोन** : ५२४३६१ ।

पूर्ण वैद्य (पूर्णबहादुर वैद्य)

(कवि, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०५७ गुंलाथ्व: १५, चोछेँ, भक्तपुर । **माता/पिता** : देवकुमारी राजभण्डारी, काजीबहादुर वैद्य । **शिक्षा** : एम.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : न्हुसतक्य् (कविता, सितु पत्रिका, ने.सं. १०८५) । **कृति/सृजना** : सरासु (कवितासङ्ग्रह, ने.सं. १०८७), पाचिना (निबन्धसङ्ग्रह, ने.सं. १०८७), कविताया लागा (समालोचना ने.सं. ११०९), ल: ल: ख: (कवितासङ्ग्रह, ने.सं. १११६) । **सम्पादन/अनुवाद** : सुन्तारो तानिकावाया चिनाखँ मुना (अनु., ने.सं. ११०९) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०८४ र ११०१), राष्ट्रिय शिक्षा पुरस्कार (२०१९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), अस्वीकृत विचार पुरस्कार, ठाकुरलाल सिरपा (ने.सं. ११२४) । **हालको ठेगाना** : बबरमहल, अनामनगर, काठमाडौँ । **फोन** : ४२२४२४३ ।

पूर्ण भण्डारी 'पङ्कज' (पूर्णबहादुर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ असोज ५, थारमारे -५, सल्यान । **माता/पिता** : कौशिल्यादेवी, दरिमान भण्डारी । **शिक्षा** : एम.ए., बी.एड. । **पहिलो रचना** : बाँचिरहेछ ऊ (कविता, नयाँ युगबोध दैनिक, २०४७ मङ्सिर २५) । **कृति/सृजना** : सङ्कल्पका शिखा (गजलसङ्ग्रह, २०५७), सल्यान जिल्लाको साहित्यिक रूपरेखा (अनुसन्धान, २०५९) । **सम्पादन/अनुवाद** : जमर्को (२०५०), कदम (साहित्यिक त्रैमासिक, २०५५), सल्यानी सन्देश (पाक्षिक,२०६१) । **हालको ठेगाना** : थारमारे -५, सल्यान (bhandari_pankaj2002@yahoo.com) ।

पूर्णलाल चुके

(कवि/पत्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असोज २६, बामी टक्सारबजार, गुल्मी । **माता/पिता** : लालकुमारी चुके, ज्योतिलाल चुके । **शिक्षा** : पत्रकारितामा डिप्लोमा । **सेवा** : पत्रकारिता, सामाजिक सेवा । विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना** : शुभकामना (कविता, आह्वान साप्ताहिक, २०२९) । **कृति/सृजना** : उषालाई पत्र (कवितासङ्ग्रह, २०३२), दुई बत्ती निभेर (कविता), भक्कानो (लघुकथासङ्ग्रह) । **सम्पादन/अनुवाद** :

अङ्कुर (साहित्यिक मासिक, २०३४), नवरत्न (२०३६), जनमत (अर्द्धवार्षिक, २०३९) । **हालको ठेगाना** : नेपालगञ्ज -१६, बाँके (chuke@wlink.com.np) । **फोन** : ०८१-५२०७४९, ९८५८०२०३२९ ।

पूर्ण विराम (बलराम शर्मा भट्टराई)

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ जेठ १०, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता** : सरस्वती शर्मा, गोवर्द्धन शर्मा भट्टराई । **शिक्षा** : आई.ए. । **सेवा** : नोकरी । आजीवन सदस्य (ने.प्र.प्र. २०६८) । **पहिलो रचना** : भत्केको मान्छे म (कथा, चन्द्रलोक द्वैमासिक, २०२८) । **कृति/सृजना** : आफन्त (कथासङ्ग्रह, २०३७), झ्यालसँगको झ्यालिन्चा (कथासङ्ग्रह, २०४०), पानीमाथि पानी (कथासङ्ग्रह, २०४०), इतिहासका किल्लाहरूमा (कवितासङ्ग्रह, २०४१), आदरणीय लेकाली फूल (२०४१), गोविन्दले ठीक भन्यो (कवितासङ्ग्रह, २०५०), लड्न जन्मेकाहरूले (२०६५), लालीगुराँसको फेदमा (कवितासङ्ग्रह, २०६५) । **पुरस्कार/सम्मान** : पारिजात सिर्जनशील पुरस्कार (२०५३), व्यथित काव्य पुरस्कार । **हालको ठेगाना** : रातोपुल, ज्ञानेश्वर, काठमाडौँ । **फोन** : ४४१२४७६ ।

पूर्ण विश्वकर्मा स्थापित

(काष्ठमूर्तिकार)

जन्म/स्थान : वि.सं. २००२, इखलखु, जोम्बाहाल, ललितपुर । **माता/पिता** : बुद्धिमाया स्थापित, पूर्णबहादुर माइला स्थापित । **शिक्षा** : स्वाध्याय । **सेवा** : काष्ठकला । **पहिलो रचना** : विगत ४८ वर्षतिरदेखि काष्ठकला यात्रा । **कृति/सृजना** : काठको बुद्ध (२०२४), वि.सं. २०२८ देखि बनाइएका काठका मूर्तिहरू हङकङ, जापान, जर्मनी, स्विट्जरल्याण्ड, अमेरिका, बेलायत, अस्ट्रेलिया, अस्ट्रिया, दुबई, कुवेत, भारत, पाकिस्तान आदि देशहरूमा सङ्गृहीत । **पुरस्कार/सम्मान** : तृतीय पुरस्कार (नाफा, काष्ठकला, २०२८), विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कृत । **हालको ठेगाना** : बटुक भैरवस्थान, लगनखेल, ललितपुर । **फोन** : ५५२२२३२, ५५३५६२९ ।

पूर्णानन्द भट्ट

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० पुस २४, वडाखेत, डोटी । **माता/पिता** : दुगादिवी भट्ट, मनिराम भट्ट । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अध्यापन, कृषि । **कृति/सृजना** : अभिशाप (खण्डकाव्य, २०३६), डोटेली लोकलहर (गीतिकाव्य, २०३७), कविता तरङ्ग (कविता-सङ्ग्रह, २०३९), आर्तनाद (खण्डकाव्य, २०३९), वनदेवी (खण्डकाव्य, २०४०), विलापीपत्र (खण्डकाव्य, २०४०), शान्ति मन्दिर (खण्डकाव्य, २०४८), गाउँकला (चम्पूकाव्य, २०४५), प्रजातन्त्र बालक (खण्डकाव्य, २०५१), शान्ति-विज्ञान (महाकाव्य, २०५३), नानो जातक (डोटेली भाषा, छोटा बच्चा । **सम्पादन/अनुवाद** : मानो जातक (आफ्नै कृति, हिन्दीमा अनु.) । **पुरस्कार/सम्मान** : अल इन्डिया रेडियोबाट इ.सं. १९८२ र १९९६ मा पुरस्कृत, पहलमानसिंह स्वाँर शतवार्षिकी समारोहमा आयोजित कवि सम्मेलनमा प्रथम, दुईपटक शहीद दिवसमा आयोजित कविता सम्मेलनमा प्रथम, सुदूर पश्चिमाञ्चल साहित्य परिषद्बाट पुरस्कृत (२०५६) । **हालको ठेगाना** : घण्टेश्वर, डोटी, गुलरिया, कृष्णपुर ।

पृथ्वीनारायण श्रेष्ठ

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. २०२७ पुस ५ गते, धरमपानी, तनहुँ । **माता/पिता** : बालकुमारी श्रेष्ठ, बखतनारायण श्रेष्ठ । **शिक्षा** : स्नातक (ललितकला), स्नातकोत्तर (संस्कृति) । **सेवा** : मूर्तिकला, चित्रकला, कलालेखन । विभिन्न क्षेत्रबाट प्रशंसापत्र तथा सम्मान । **पहिलो रचना** : महर्षि वेदव्यासको प्रतिमा (दमौली, २०४५) । **कृति/सृजना** : शहीद स्मारक (हेटौँडा), कृष्णप्रसाद पौडेल (तनहुँ), मदन भण्डारी (हेटौँडा, काठमाडौँ), टंकप्रसाद आचार्य (काठमाडौँ), बुटवल स्मारक (बुटवल), उजीरसिंह थापा (बुटवल), आदिकवि भानुभक्त आचार्य र पुष्पलाल (बुटवल), एक्देव आले (तनहुँ), जनकवि गोकुल जोशी (झापा), कविशिरोमणि लेखनाथ पौडेल (वीरगञ्ज) हरूका अर्ध तथा पूर्ण कदका मूर्तिहरू प्रमुख सिर्जनाका रूपमा (२०४५ देखि २०६१ सम्म) देखिइसकिएको र 'व्यथित भूमि' शीर्षकमा पहिलो समसामयिक

एकल चित्रकलाप्रदर्शनी (२०५९) लगायत प्रशस्त व्यक्तिचित्रको निर्माण । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), क्याम्पसस्तरीय कला प्रतियोगिता तथा विद्यालयस्तरीय चित्रकला प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** नयाँ बानेश्वर, शङ्खमूल, काठमाडौं (prithvinsart@yahoo.com) । **फोन :** ४७८२८२८, ४७८३०१३, ९८५१०४९४४२ ।

पृथ्वीबहादुर सिंह

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ कात्तिक २९, बजेडीचौर -६, सुर्खेत । **माता/पिता :** कस्तुरीकुमारी सिंह, टीका सिंह । **शिक्षा :** अण्डर मेट्रिक । **सेवा :** अध्यापन । **पहिलो रचना :** लालसलाम (कविता, रातो थुँगा, २०४८) । **कृति/सृजना :** नेकपा सुर्खेतको ऐतिहासिक झलक (२०५७), जब जनता ब्युँझन्छन् (उपन्यास, २०५७), डेनमार्क भ्रमणको डायरी (संस्मरणसङ्ग्रह, २०५९), परिवेश (कवितासङ्ग्रह, २०५९), लाहुरे (कथासङ्ग्रह, २०६१), बहिनीलाई चिठी (२०६२), कुहिरीमण्डल (कवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद :** रातो थुँगा (सहसम्पादन), देउती (साप्ताहिक, अतिथि सम्पादक), निशान्त (मासिक, कार्यकारी सम्पादक) । **पुरस्कार/सम्मान :** सुर्खेती प्रतिभा पुरस्कार (२०५८) । प्रगतिशील लेखक सङ्घ सुर्खेतद्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** बजेडीचौर -६, सुर्खेत । **फोन :** ०८१-५२४५१४, ०८३-५२१३१० ।

पृथ्वी शेरचन

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३८ डिसेम्बर ७, थाक टुकचे, मुस्ताङ । **माता/पिता :** कृष्णदेवी शेरचन, भक्तिप्रसाद शेरचन । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** राजनीति, राजसभा स्थायी समिति सदस्य । **पहिलो रचना :** नयाँ वर्ष (कविता, २०२०) । **कृति/सृजना :** दुई खुट्टाले टेकेर (कवितासङ्ग्रह, २०२३), दुई कप्टेराको माझमा (कवितासङ्ग्रह, २०२४), कुहेको कुभिण्डो विषमताको (कवितासङ्ग्रह, २०३८), चीन भ्रमणको डायरी (यात्रासंस्मरण) । **सम्पादन/अनुवाद :** जनवाणी (२०२६), वाणी (साप्ताहिक), क्युबाली क्रान्तिको संस्मरण (अनु., लेखक : चे गुवारा), साप्ताहिक वाणी । **हालको ठेगाना :** सिद्धार्थनगर -१३, रूपन्देही । **फोन :** ०७१-५२०९६६ ।

पेमा वाङ्गेल लामा

(थाङ्का चित्रकार)

जन्म/स्थान : वि.सं. १९८० जेठ २४, बौद्ध, काठमाडौं । **माता/पिता :** साङ्गे डोल्मा लामा, जितबहादुर लामा । **शिक्षा :** स्वअध्ययन । **सेवा :** बौद्ध धर्म र थाङ्का चित्रकारिता । **पहिलो रचना :** साङदोपरी पद्मसम्भव (थाङ्का, ढुङ्गारङ्ग, २००३) । **कृति/सृजना :** १३ वर्ष तिब्बतमा बौद्ध धर्म र थाङ्कासम्बन्धी शिक्षा हासिल गरी जीवनभर सोही पेशामा समर्पित । बौद्धनाथ र स्वयम्भूको मूलद्वारको डिजाइन र नेपालको हिमाली र पहाडी गुम्बाहरूको डिजाइनर तथा पेन्टिङ गर्ने लगायत भारतको सिक्किम, दार्जीलिङमा समेत गुम्बा डिजाइनर र पेन्टिङका साथै हजारौं थाङ्काको निर्माण र सयौं चेलाहरूलाई बौद्ध धर्म र थाङ्का पेन्टिङसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान । **पुरस्कार/सम्मान :** स्व. राजा वीरेन्द्रको राज्यरोहणमा विभिन्न राष्ट्र प्रमुखहरूद्वारा बौद्धमा आई तत्कालीन प्रज्ञाप्रतिष्ठानका उपकुलपति लैनसिंह वाङ्देलको साथ कलाको अवलोकन गरी प्रशंसा गरिएको । **हालको ठेगाना :** पो.ब.नं. ५१३१, काठमाडौं । **फोन :** ४४८८२९१ ।

पेमा सिङ्गे लामा

(थाङ्काचित्रकार)

जन्म/स्थान : वि.सं. १९८२ भदौ ३१, भुस्कन, लिसङ्खु, सिन्धुपाल्चोक । **माता/पिता :** धामो लामा, कर्म वाङ्वो लामा । **शिक्षा :** बौद्ध शिक्षा । **सेवा :** नेपाली परम्परागत थाङ्का कला । **पहिलो रचना :** मायादेवी कथावस्तु भएको ग्रिनतारा (१९८९) । **कृति/सृजना :** मायादेवी, बुद्ध मण्डला, अवलोकेश्वर मण्डला, धू: छोक्सीङ लामा गुरुको सम्पूर्ण कथावस्तुमा समेटिएको), कुडण्टे देवता (आगोको ज्वालाभित्र कागमाथि चढ्ने देवता), च्याङग्रसी, सिठो जोडी, खाण्डोमा, सिङखोङमा, गुरु पद्मसम्भव, दोर्जे सेम्बा, धोम्बो छ्या सी, विभिन्न भित्ते चित्रहरू । **हालको**

ठेगाना : लिसङ्खु -४, सिन्धुपाल्चोक । **फोन** : ०१०-६६१२०११ ।

पोष (रमण) चापागाई

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ फागुन १४, नागी, मूलपानी-३, दिङ्ला, भोजपुर । **माता/पिता** : हरिप्रिया चापागाई, हरिप्रसाद चापागाई । **शिक्षा** : एम.ए. (नेपाली), आचार्य । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : छात्रा प्रभा (मुखपत्र, ने.छा.प. वाराणसी, सन. १९६९) । **कृति/सृजना** : व्याकरण निर्देशिका (महेन्द्रमाला, कक्षा १०, सहलेखन, २०३३), निबन्ध : रूप आत्मा र चरित्र (निबन्धसङ्ग्रह, २०५३), लप्सीधारो (कथासङ्ग्रह, २०५६), आमा पुतली (बालकथा-सङ्ग्रह, २०५८), पश्चिम अष्ट्रेलियाको यात्रासंस्मरण सेरोफेरो पर्थको (यात्रासंस्मरण, २०५८), मान्छे र बाँदर (बालकथासङ्ग्रह, २०५९), गोसाईंकुण्डदेखि चेन्नेईसम्म (यात्रासंस्मरण २०६०), हाइकु कथा (हाइकुकथा, २०६१), मौन चुल्ठो (नियात्रा, २०६४), बाफको पर्दा (नियात्रा/निबन्ध, २०६८), पुष्प प्रकम्प (नियात्रा, २०६८), बान्की (समालोचना, २०६९) । **पुरस्कार/सम्मान** : षडानन्द प्रतिभा पुरस्कार (२०६८), त्रि.वि.वि. दीर्घसेवा पदक (२०६२) । **हालको ठेगाना** : १९/ख अनामनगर चोक, घट्टेकुलो मार्ग, काठमाडौँ । **फोन** : ४७७१७७२, ९८४१०१८२६३ ।

पोषण पाण्डे (पोषणप्रसाद)



(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ माघ १, इन्द्रचोक, काठमाडौँ । निधन : २०४८ वैशाख ७, काठमाडौँ । **माता** : भगवत्कुमारी पाण्डे । **शिक्षा** : स्नातक । **सेवा** : विद्युत् प्राधिकरण, शा.ने.वा.नि., बैङ्किङ । **पहिलो रचना** : कविता प्रकाशित (शारदा पत्रिका, वि.सं. २००५ तिर) । **कृति/सृजना** : आँखीझ्याल (कथासङ्ग्रह, २०२३), मानस (कथासङ्ग्रह, २०२३), वटवृक्षको उद्घाटन (कवितासङ्ग्रह, २०२५), हिउँमा परेका डोबहरू (कथासङ्ग्रह, २०३३) । **सम्पादन/अनुवाद** : जनसाहित्य (पत्रिका) । **पुरस्कार/सम्मान** : नेपाल एकेडेमी पदक (२०२०), रत्नश्री स्वर्णपदक (२०२३), साहित्य सेवा गरेबापत प्रबल गोरखा दक्षिणवाहु (२०२६), सिद्धिचरण पुरस्कार (२०४८), महेन्द्र प्रज्ञा पुरस्कार (२०४८) । **सम्पर्क ठेगाना** : मैजुबहाल, चावेल, काठमाडौँ ।

पोषराज पौडेल / पी. आर. पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ भदौ ८, घार्मी, लामाचौर, कास्की । **माता/पिता** : धनसरा पौडेल, डिल्लीराम पौडेल । **शिक्षा** : प्रवेशिका । **सेवा** : अध्यापन । **पहिलो रचना** : माडी यात्रा (खण्डकाव्य, २०३९) । **कृति/सृजना** : मेक्सिम गोर्की (कवितात्मक जीवनी, २०४३), आमा स्मृतिका छालमा (शोककाव्य, २०४९), पागल-प्रलाप (खण्डकाव्य, २०५५), शहीद गाथा (महाकाव्य, २०५७) । हाल यस्तै छ, झरीपछिको बिहान, हत्याको खेती, घर न घाटको जिन्दगी आदि एकाङ्की लेखन र मञ्चन । **सम्पादन/अनुवाद** : चुरे सन्देश (साप्ताहिक) । **पुरस्कार/सम्मान** : छन्दोबद्ध कविता प्रतियोगितामा प्रथम (लेखनाथ जयन्ती, चितवन, २०५६) साथै अन्य केही पुरस्कारहरू । **हालको ठेगाना** : भरतपुर न.पा. -७, चितवन । **फोन** : ०५६-५२६८७२ ।

प्रकट पङ्गेनी 'शिव'



(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज २४, देउराली उकाली -३, कास्की । **माता/पिता** : नन्दकुमारी पंगेनी, कुबेरदत्त शर्मा । **शिक्षा** : आई.ए. । **सेवा** : लुम्ले कृषि केन्द्र, ली-बर्ड, पोखरा । **पहिलो रचना** : अधुरो सपना (कथा, हिमदूत, २०३३) । **कृति/सृजना** : यो मन कतै अल्झेको छ (गीतसङ्ग्रह, २०५६), जूनको चिठी जुनालाई (गीतसङ्ग्रह, २०६०), दुख्ने मन यो दुख्छ अन्ना (गजलसङ्ग्रह, २०६२) लगायत चार दर्जन जति गीतहरू रेकर्ड भइसकेको । करीब १६ ओटा नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद** : नवमाध्यम (द्वैमासिक, २०५३), सम्पदा (सामयिक सङ्कलन, २०५६), उत्खनन (२०६१) । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट अभिनेता (ने.रा.प्र.प्र., २०३९), उत्कृष्ट अभिनेता (अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष, १९८१), सर्वोत्कृष्ट

गीतकार (माछापुच्छ्रे एफ.एम. पोखरा, २०६०), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), नेत्र स्मृति पुरस्कार (२०४९)। पोखरा एफ.एम. द्वारा अभिनन्दन (२०६१), प्रतिबिम्ब सम्मान (प्रतिबिम्ब पोखरा, २०४९), ढुकढुकी सम्मान (ढुकढुकी क्लव, २०६०), म्युजिक नेपाल सम्मान (२०५८)। **हालको ठेगाना :** नयाँबजार, पोखरा, कास्की। **फोन :** ०६१-५४११५३।

प्रकाश आङ्देम्बे (तेजप्रकाश आङ्देम्बे)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३७ साउन ७, शरणामति-८, झापा। **माता/पिता :** कौशिला तावा, कालीबहादुर आङ्देम्बे। **शिक्षा :** स्नातक। **सेवा/सम्प्रति :** रङ्गमञ्च, साहित्य। **पहिलो रचना :** कविता (ब्लाष्ट टाइम्स दैनिक)। **कृति/सृजना :** आजभोलि (गजलसङ्ग्रह, २०५७), ग्याँसच्याम्बरमा बुद्ध (रूवाइ सङ्गह, २०६१), वेश्यासँग बिताएको एक साँझ (२०६४), सृष्टि प्रलयको सँघारमा (२०६६)। दर्जनौं नाटक लेखन, मञ्चन, निर्देशन, अभिनय। टेलिभिजन कार्यक्रम निर्माण सञ्चालन (श्रीअन्तुको आँगन, नमस्ते दमक आदि)। दुई दर्जन जति डकुमेन्ट्री निर्माण, निर्देशन। **सम्पादन/अनुवाद :** पूर्वाञ्चलका समसामयिक गजलहरू, जीवन आचार्यका कथाहरू। **पुरस्कार/सम्मान :** झकास अन्तर्राष्ट्रिय पुरस्कार। स्वर्ण गजलकार (भूटान गजल मञ्च र नवोदित साहित्य चौतारी, २०६१), भारतीय नाटकको शतवार्षिकीको अवसरमा गो.दु.नि.स. द्वारा सम्मान, उत्कृष्ठ व्यक्तित्व सम्मान (दमक क्याम्पस साहित्यिक मञ्च, २०६७), उत्कृत्ठ गजलकार सम्मान (२०६७)। **हालको ठेगाना :** दमक-१२, झापा (prakashangdembe@gmail.com)। **फोन :** ९८४२६३२२३२।

प्रकाश ए. राज (पाण्डे)

(अन्वेषक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००० वैशाख १७, ढोकाटोल, काठमाडौँ। **माता/पिता :** किरणकुमारी, केशरीराज पाण्डे। **शिक्षा :** बी.ई. (यु.एस.ए.), एम.ए. (राजनीतिशास्त्र), पोस्ट ग्राजुयट नेसनल डेभलप्मेन्ट (नेदरल्याण्ड)। **सेवा :** राष्ट्रिय योजना आयोग, जलस्रोत विभाग, संयुक्त राष्ट्र सङ्घ सचिवालय (न्युयोर्क), विश्व वैङ्क (सल्लाहकार), यु.एन.डी.पी. (सल्लाहकार)। **पहिलो रचना :** टुँडिखेलमा बार लगाउनुपर्छ (नयाँ समाज पत्रिका, २०१२)। **कृति/सृजना :** नेपाली भाषा र चन्द्रिका व्याकरण (इ.सं. १९७२), डेभलप्मेन्ट इन नेपाल- एट अ ग्लान्स (इ.सं. १९७३), नेपाल अन टु डलर्स अ डे (इ.सं. १९७३), इन्डिया - ए ट्राभल सर्भाइवल किट (सहलेखन, इ.सं. १९८०), काठमाडौँ एन्ड द किङ्डम अफ नेपाल (इ.सं. १९७३), नेपाली फ्रेज बुक (इ.सं. १९८४), अ नेपलिज् डिस्कभर्स हिज कन्ट्री (नेपाली अङ्ग्रेजी शब्दकोश, इ.सं. १९९२), पोखरा : अ भ्याल्ली इन द हिमालयज (इ.सं. १९९३), पोट्रेट्स् एन्ड फोटोग्राफ्स फ्रम नेपाल (इ.सं. १९९४), एक यात्रा-लेखकको कथा (आत्मकथा, इ.सं. १९९४), रोयल चितवन नेसनल पार्क इन नेपाल (इ.सं. १९९५), क्वीनस् अफ द शाह डाइनेस्टी इन नेपाल (इ.सं. १९९७), द न्युयोर्क कनेक्सन, एन्ड रोड टु काठमाण्डू, इन्साइड नेपाल (इ.सं. १९९८), सम तिब्बतियन बुद्धिष्ट मोनास्टेरियस इन नेपाल (इ.सं. १९९९), “के गर्दैको ?” : The Royal Massacre in Nepal (इ.सं. २००१), केही खोजेको केही देखेको (निबन्धसङ्ग्रह, इ.सं. २००२), बागकी कान्छी मैयाँ दीपकुमारी (जीवनी, इ.सं. २००२), Maoists in the land of Buddha (२०६२) विद्वच्छिरोमणि हेमराज शर्मा (जीवनी), सुतेको ज्वालामुखी (कथासङ्ग्रह), काठमाडौँ जाने बाटो (उपन्यास), रोदीघरको सम्झना (उपन्यास), पन्नाको औँठी (उपन्यास), विजयराज पण्डित (जीवनी), बहुजातीय बहुभाषिक नेपाल (निबन्धसङ्ग्रह), कोत पर्वकी महारानी राज्यलक्ष्मी (जीवनी)। **सम्पादन/अनुवाद :** विकास (पत्रिका), द राइजिङ नेपाल (सहसम्पादन, इ.सं. १९६८), गुरागाईंको जीवनी (२०३५) अङ्ग्रेजी-नेपाली शब्दकोश। **पुरस्कार/सम्मान :** Co-Reciepient of Thomas Cook Best Guidebook of Year Award (1982). **हालको ठेगाना :** ललितपुर उ.म.न.पा. १३, जावलाखेल (paraj@wlink.com.np)। **फोन :** ५५३०८०७।

प्रकाश गुरुङ

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २००८ माघ ८, कालिमाटी, काठमाडौँ। **माता/पिता :** डोमिनी गुरुङ, हरिमान गुरुङ। **शिक्षा :** प्रवीणता प्रमाणपत्र तह। **सेवा :** सङ्गीत सेवा, सङ्गीत प्रशिक्षण, अध्यापन (सङ्गीत), ने.प्र.प्र.। **पहिलो रचना :** भविष्य मेरो सबैलाई भन्छु ... बोल

रहेको गीत रेकर्ड (रेडियो नेपाल, सङ्गीत, २०२८) । **कृति/सृजना :** कहीँ त बिर्सन्नौ तिमीले (गीतिएल्बम, सङ्गीत), डुबुल्की (गीतिएल्बम, सङ्गीत), बैँसालु (गीतिएल्बम, सङ्गीत, २०६२), प्रेयसीलाई (गीतिएल्बम, गायन-सङ्गीत, २०६२) । करिब एक हजारभन्दा बढी गीतहरूमा सङ्गीत-निर्देशन । झुमा, सडक, आन्दोलन, आघात, भगवान् आदि चलचित्रहरूलगायत भिडियो चलचित्र, टेलिचलचित्र, नाटक, आधुनिक गीत, बालगीत आदिका दर्जनौँ गीतहरूमा सङ्गीत निर्देशन । जापान, जर्मनी, रूस, बेलायत, अमेरिका, बेल्जियम, थाइल्याण्ड आदि राष्ट्रहरूमा साङ्गीतिक कार्यक्रम प्रस्तुत । **पुरस्कार/सम्मान :** प्रज्ञा-प्रतिष्ठान सेवा पदक, सार्क सम्मेलन पदक, सङ्गीत प्रतियोगितामा उत्कृष्ट पुरस्कार (रेडियो नेपाल, २०३७), सर्वश्रेष्ठ सङ्गीत निर्देशक पुरस्कार (भिडियो फिल्म महोत्सव, २०४८), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), छिन्नलता पुरस्कार (२०६०), इमेज अवार्ड (२०६३) । साधना सम्मान (२०६०), आठौँ दक्षिण एसियाली खेलकुदको प्रमुख गीत-सङ्गीत सिर्जना गरेबापत ताम्रपत्रद्वारा सम्मान । **हालको ठेगाना :** बालाजु, मनमैजु, काठमाडौँ । **फोन :** ४३५७१३४, ४४१६५६६, ९८५१०६२६९५ ।

प्रकाश ज्वाला (कैदी)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ मङ्सिर १२, खहरेखोला, देवस्थल, सल्यान । **माता/पिता :** टीकादेवी साहु, चन्द्रबहादुर साहु (बुढाक्षेत्री) । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), बी.एल. । **सेवा :** अध्यापन, राजनीति (पूर्व प्रतिनिधि सभा सदस्य) । **पहिलो रचना :** विद्यार्थी कदम (वर्ष १, २०३८, भेरी) । **कृति/सृजना :** प्रतिनिधिसभामा प्रकाश ज्वाला (सम्बोधन, २०५७), एक्काइसौँ शताब्दी : समाजवादको शताब्दी (लेखसङ्ग्रह, २०५८), वैचारिक विचलनको भुमरीमा माओवादी आन्दोलन (२०५९) । **सम्पादन/अनुवाद :** राप्ती सन्देश । **हालको ठेगाना :** काठमाडौँ १६ (zwalap@ntc.net.np) । **फोन :** ४२८५४९३ ।

प्रकाश थाम्सुहाङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३७ साउन २३, याङ्नाम, पाँचथर । **माता/पिता :** किरातनोमा थाम्सुहाङ, गणेशबहादुर थाम्सुहाङ । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** कृषि, साहित्य । **पहिलो रचना :** शिखरमा (कविता, रूपरेखा, २०५४) । **कृति/सृजना :** पालामको मूर्च्छना (कवितासङ्ग्रह, २०६३) । **सम्पादन :** आकृति (चौमासिक), प्रतिध्वनि (त्रैमासिक), सिर्जनशील साहित्य (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** राष्ट्रव्यापी कविता प्रतियोगितामा द्वितीय (युवासङ्घ, २०६५), सिर्जनशील पुरस्कार (हङकङ, २०६६), **हालको ठेगाना :** इलाम-९, (thamsuhang23@hotmail.com) । **फोन :** ९८४१६६४०१५, ०२७-५२०५३७ ।

प्रकाश दर्नाल

(संस्कृति विज्ञ, लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ जेठ २६, काल्धारा, काठमाडौँ । **माता/पिता :** हरिमाया दर्नाल, रामशरण दर्नाल । **शिक्षा :** स्नातकोत्तर (इतिहास), पोस्ट ग्राजुएट डिप्लोमा इन् आर्किओलजी (दिल्ली) । **सेवा :** सरकारी सेवा । **पहिलो रचना :** ओह त्यसो भए ? (परिचर्चा, २०३७) । **कृति/सृजना :** सांस्कृतिक सम्पदाहरू : बोडे, खोकना नगदेश ठिमी लुवु साँगा (२०६१) । **सम्पादन/अनुवाद :** प्राचीन नेपाल (मुखपत्र, पुरातत्त्व विभाग) । **हालको ठेगाना :** ९५ जोगीपाक्व-१७, काठमाडौँ । **फोन :** ४२५१५४२, ९८४१३७९५५१ ।

प्रकाश प्रधानाङ्ग

(कवि, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : वि.सं. १९९८ चैत्र, रामनवमी, असनटोल तानसेन, पाल्पा । **माता/पिता :** लक्ष्मी प्रधान, देवीप्रसाद प्रधान । **शिक्षा :** आइ.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** मस्याङ पा: (कथासङ्ग्रह, २०२०) । **कृति/सृजना :** कलाकार (एकाङ्की सङ्ग्रह, २०५४), लुफिं (कथासङ्ग्रह, २०६०), अपवाद (कथासङ्ग्रह, २०६३) । **पुरस्कार/सम्मान :** कथा गोष्ठीमा द्वितीय (चित्तधर हृदयको ७८औं जन्मजयन्तीमा), वनिता सम्मान

(२०६३) । **हालको ठेगाना :** कुलेश्वर आवास क्षेत्र, पारिजात मार्ग, काठमाडौँ । **फोन :** ४२७२८८९ ।

प्रकाश प्रेमी (प्रकाशमान श्रेष्ठ)

(व्यङ्ग्यनिबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ मङ्सिर, पशुपति देवपतन, काठमाडौँ । **शिक्षा :** साधारण । **सेवा :** निजामती । **पहिलो रचना :** खजाञ्ची मन्त्रीलाई बिन्तीपत्र (भाँडभैलो, २०४१) । **कृति/सृजना :** पर जा तन्त्र (हास्यव्यङ्ग्य निबन्ध, २०५०) । **पुरस्कार/सम्मान :** भैरव नवप्रतिभा पुरस्कार (२०५०) । **हालको ठेगाना :** पशुपति देवपत्तन, काठमाडौँ ।

प्रकाशमणि दहाल 'प्रमद'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४५ जनवरी २४, गोदक-४, इलाम । **माता/पिता :** बछ्लादेवी दहाल, गोविन्दप्रसाद दहाल । **शिक्षा :** एम.ए. (अर्थशास्त्र, अङ्ग्रेजी), बी.एल. । **सेवा :** अध्यापन, लेखन, अभिनय । **पहिलो रचना :** मेची (कविता, २०१७/१८) । **कृति/सृजना :** फर्किएर हेर्दा (खण्डकाव्य, २०५७), अनुहार (कथासङ्ग्रह, २०६३), बालगुप्तचर (२०६४), विविध (निबन्ध, २०६५), । **सम्पादन/अनुवाद :** अभिनव (अर्धवार्षिक), उत्कृष्ट एक्काईस कथा (अनु. २०६६) । **हालको ठेगाना :** जोरपाटी - २, काठमाडौँ । **फोन :** ४४६१३९९, ९८४१८३४११९ ।

प्रकाशराज रेग्मी

(लेखक/चिकित्सा साहित्य, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असार २१, काठमाडौँ । **माता/पिता :** विमला रेग्मी, कमलराज रेग्मी । **शिक्षा :** एम.डी. (मेडिसिन), एम.डी.(कार्डियोलोजी- मुटुरोग), पी.जी. ट्रेकिङ्ग (इन्टरभेन्सनल कार्डियोलोजी) । **सेवा :** मुटुरोग विशेषज्ञ । **पहिलो रचना :** उच्च रक्तचाप (२०५४) । **कृति/सृजना :** मेरो मुटु दुख्छ (२०५६), नेपालमा ज्वरो र बाथ : मुटुको बाथ रोग (२०५५), बाथ ज्वरो र बाथ मुटुको रोग (विद्यार्थीको लागि, २०५७), समर्पणको जीवन (२०५९) । **सम्पादन/अनुवाद :** मुटुको ढुकढुकी (स्वास्थ्य पत्रिका), आमा, म र पाल्पा (२०६६) । **हालको ठेगाना :** ललितपुर-३ (prakash1@ccsl.com.np) । **फोन :** ५५२५५३६, ९८५१०५११७० ।

प्रकाश श्रेष्ठ (प्रकाशचन्द्र श्रेष्ठ)

(गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ माघ १५, बिर्ताचोक, वीरगञ्ज, पर्सा । **माता/पिता :** विमलादेवी श्रेष्ठ, चन्द्रमान श्रेष्ठ । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** संस्थान सेवा, गायन । **पहिलो रचना :** छेकेर छेकिन्नन् हिमालका टाकुराहरू .... बोल रहेको गीत रेकर्ड (गायन, रेडियो नेपाल, २०३४) । **कृति/सृजना :** प्रकाश श्रेष्ठका गीतहरू (भाग १ : २०५७, भाग २ : २०६०, पुस्तक) । गीतिएल्बमहरू : घामपानी (२०५८), हल्कारा (२०५९), लाइभ कन्सर्ट अफ प्रकाश श्रेष्ठ (भी.सी.डी., २०६०), वेस्ट अफ प्रकाश श्रेष्ठ (२०६०), ओम नम: शिवाय (भजन, २०६१), माइ च्वाइस (चलचित्रका गीतहरू), सफल तिम्रो, शुभकामना, अजर अमर गीत (राष्ट्रिय गीत), मुसुक्क हाँसी (चलचित्रका गीतहरू), तिमीसँग डुङ्गामा । लगायत ५०० भन्दा बढी गीतहरू रेकर्ड भएका साथै पाँच सयभन्दा बढी साङ्गीतिक कार्यक्रम प्रस्तुत गरिसकेको । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), आधुनिक गीत प्रतियोगितामा प्रथम (रेडियो नेपाल, २०३५), राष्ट्रिय गीत प्रतियोगितामा प्रथम (रेडियो नेपाल, २०३६), अभियान पुरस्कार (सर्वश्रेष्ठ गायक, २०४६), उत्कृष्ट युवा पुरस्कार (नेपाल जेसिज, २०४६), नारायणगोपाल युवा सङ्गीत पुरस्कार (२०४८), सर्वश्रेष्ठ गायक पुरस्कार (नेपाल भिडियो चलचित्र सङ्घ, २०४९, सानमिगल चलचित्र अवार्ड, २०५०, प्रिया अवार्ड, २०५१), नेसनल भिजन विजी अवार्ड (२०५२), प्रबल गोरखा दक्षिणबाहु (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), सयपत्री फिल्म्स अवार्ड सङ्गीत पुरस्कार (२०५३), कलानिधि सङ्गीत पुरस्कार (२०५५), छिन्नलता पुरस्कार (२०५५), राष्ट्रिय गौरव युवा सम्मान पुरस्कार (२०५६), भूपालमान-भुमा कार्की युवा पुरस्कार (२०५७), शिखा सुर वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), त्रिशक्तिपट्ट पदक (२०६०) ।

मानसरोवर सिने सम्मान (२०५६), वीरगञ्ज सांस्कृतिक परिषदद्वारा अभिनन्दन सम्मान (२०५८), नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घद्वारा सम्मान (२०५८), नेपाल चलचित्र सङ्घद्वारा सम्मान (२०५८), पर्सा मिलन केन्द्र, काठमाडौँद्वारा सम्मान (२०५९), वीरगञ्ज उद्योग वाणिज्यसङ्घद्वारा सम्मान (२०६०), वीरगञ्ज उपमहानगरपालिकाद्वारा सम्मान (२०६१)। **हालको ठेगाना** : पो.ब.नं. १३६४९, छाउनी, किमडोल, काठमाडौँ (umaniwas@hotmail.com)। **फोन** : ९८५१०९४५५५, ४२७९२३२।

प्रकाश सायमी

(चलचित्रकर्मी/कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ फागुन कृष्णपक्ष तृतीया, मरुहिटी, काठमाडौँ। **माता/पिता** : लक्ष्मीदेवी मानन्धर, रत्नदास मानन्धर। **शिक्षा** : डिप्लोमा इन सिनेमा। **सेवा** : प्राध्यापन, नाटक/चलचित्र निर्देशन, रेडियो तथा अन्य कार्यक्रम प्रस्तोता। **पहिलो रचना** : ख्व:बि (चकना, नेपालभाषा, २०३५) बन्धित आकाश (मञ्चित नाटक, २०३९)। **कृति/सृजना** : अनन्त यात्रा (मुक्तक सङ्ग्रह, २०३९), चलचित्रकला र प्रविधि (२०५०, २०६१), फिल्म निर्माण र निर्देशन (२०५२), रे : द म्यान अफ सिनेमा (अङ्ग्रेजी भाषा, २०५४), ई सलाईका काँटीहरू (२०५६), नेपाली सङ्गीतको स्वर्णिम युग (२०५६), हिस्ट्री अफ फिल्म (अङ्ग्रेजी भाषा, २०६२), नेपाली रङ्गमञ्च में राकेशकालीन नाटक (हिन्दी भाषा, २०६२), नेपाली सङ्गीतको एक शतक (२०६६), वर्षादी दिनहरू (२०६७), गालिबको चिहान (कवितासङ्ग्रह, २०६८), अञ्जलि (कविताएल्बम)। पृथिवी, सिमाना, अवतार, जमिन, रानीखोला, हतियार, हंसा चलल परदेश आदि चलचित्र निर्देशन। बन्धित आकाश (२०३८), ...र विपिन (२०३८), सङ्घात (२०३९, ब्रश इजल र क्यान्भास (२०४०), जिन्दगी र जिजीविषा (२०४१), बयान जारी छ (२०४४), निजी आँखाहरू (२०४४), पैँचो मागेको विश्वास (२०४५), काठमाण्डूले कान सुन्दैन (२०४५) लगायत दर्जनौँ नाटक निर्देशन। आवाजहरू (गीतिएल्बम), सन्धि (गीतिएल्बम सहरचना), अवनी (गीतिएल्बम, एकल रचना)। **सम्पादन/ अनुवाद** : पुकार (सिने मासिक), सिनेमा टाइम्स् (सामयिक), परिवर्तन (सामयिक), १९ जेठ २०५८ पछि (निबन्धहरू), डाक्टरको रोडम्याप (निबन्ध), अन्नपूर्ण शताब्दी (स्मारिका)। उसको कवितामा अब को रुँदैन (अनुवाद एवं रूपान्तरण, २०४१)। **पुरस्कार/सम्मान** : पाइएका पुरस्कारहरू वहिष्कार वा फिर्ता। **हालको ठेगाना** : गोधूली संसार, सैवु -८ 'ग', ललितपुर / पो.व.नं. ७४०२, काठमाडौँ (sayamee@gmail.com)। **फोन** : ५०१५११४, ९८५१०२१८६५।

प्रकाश सिलवाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३६ माघ १५, थानापति, नुवाकोट। **माता/पिता** : भीमकुमारी सिलवाल, शिवनाथ सिलवाल। **शिक्षा** : स्नातकोत्तर (आमसञ्चार तथा पत्रकारिता)। **सेवा** : पत्रकारिता। **कृति/सृजना** : क्षितिजको आशय (कविता-सङ्ग्रह, २०६०), पूर्णिमाको रात (निवन्धसङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : नागार्जुन (साहित्यिक त्रैमासिक, २०५८), हिटा (स्मारिका, २०६०), वीरेन्द्र शाह स्मृति विशेष (२०६४)। **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी क्याम्पसस्तरीय कविता प्रतियोगिता (२०६०) र राष्ट्रव्यापी निबन्ध प्रतियोगिता (२०६१) मा पुरस्कृत, शिक्षा पत्रकारिता फेलोसिप (२०६२)। **हालको ठेगाना** : थानापति-३, नुवाकोट/ अनामनगर, काठमाडौँ (silwa.prakash@gmail.com)। **फोन** : ९८४१२१६१७६, ४२५८८६४।

प्रचण्ड पौडेल 'आशावादी'

(रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २०३१ कात्तिक २२, विराटनगर, मोरङ। **माता/पिता** : माया पौडेल, चतुर्भुज आशावादी। **शिक्षा** : बी.बी.एस.। **सेवा** : अभिनय, कार्यक्रम सञ्चालन। **पहिलो रचना** : नृत्य (धनकुटा, २०३९)। **कृति/सृजना** : दर्जनौँपटक सांस्कृतिक कार्यक्रम प्रदर्शन। **पुरस्कार/सम्मान** : भानु पदक (२०४५), उत्कृष्ट अभिनेता (२०४६), उत्कृष्ट चरित्र अभिनेता (पटना, २०४७), उत्कृष्ट कलाकार (२०४८), हिडपा सम्मान (२०४५), नाट्यश्वर सम्मान (२०५५), ने.ज.स. सम्मान (२०५२)। **हालको ठेगाना** : विराटनगर-१३, मोरङ। **फोन** : ४४४३५२९/०२१-५२५१८१।

प्रचण्ड मल्ल

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. १९९६ असार १९, वटु, गुच्चाटोल, काठमाडौँ । **माता/पिता :** बेटीमायादेवी मल्ल, झलकमान मल्ल । **शिक्षा :** आई.कम. (अपूरो) । **सेवा :** रङ्गमञ्च तथा नाटक विशेषज्ञका रूपमा कार्यरत, नेपाल सङ्गीत-नाट्य प्रज्ञा-प्रतिष्ठान (उपकुलपति, २०६७) । **पहिलो रचना :** २००९ सालदेखि नाट्यकला क्षेत्रमा प्रवेश र नाट्यसम्राट बालकृष्ण समको निर्देशनमा नाटकहरूको अभिनय । नृत्य अभिनय (लेख, गोरखापत्र, २०१८) । **कृति/सृजना :** नेपाली रङ्गमञ्च (खोजपूर्ण पुस्तक, २०३७), तथागत (पूर्णाङ्की नाटक, नेपालीबाट नेवारी भाषामा पनि अनुवाद, २०६१) । तिलङ्गा (लघुनाटकसङ्ग्रह), करिब १३० ओटा एकाङ्की नाटक लेखन एवं २४० ओटा नाटकहरूको निर्देशन साथै केही ठूला चलचित्रहरूको सल्लाहकार एवं कला निर्देशन । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), सार्क पदक (२०४४), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०४५), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०४८), सर्वनाम पुरस्कार (२०४८), प्रख्यात त्रिशक्तिपट्ट चौथा (२०५३), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । साधना सम्मान (२०५७), पब्लिक युथ क्याम्पसबाट सम्मान (२०५३), बालकृष्ण सम सम्मान (२०५८), सम शताब्दी सम्मान (२०५९), नास:दबू सम्मान लगायत थुप्रै सम्मानहरू प्राप्त । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४११५५५२ ।

प्रतापचन्द्र प्रधान

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० जेठ ४, नरदेवी, काठमाडौँ । **माता/पिता :** जङ्गीमाया प्रधान, कर्णबहादुर मुल्मी प्रधान । **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि (नेपाली, अङ्ग्रेजी) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मृत आत्माको अधुरो सपना (कथा, नर्थ पोइन्टर वार्षिक पत्रिका, इ.सं. १९७२) । **कृति/सृजना :** माध्यमिक कालीन नेपाली कवितामा शृङ्गार (अन्वेषण, २०३७), कथावलोकन (समालोचना, २०४०), नेपाली उपन्यास, परम्परा र पृष्ठभूमि (समालोचना, २०४०), पुरानो गोर्खा थुम (इतिहास, २०४१), मास्टर रत्नदास प्रकाश : एक व्यक्ति अनेक अभिव्यक्ति (जीवनी, २०४२), आयामिक कथाकार इन्द्रबहादुर राई (शोधकृति, २०५७), उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (समालोचना, २०५८), प्रतिनिधि आधुनिक नेपाली लामा कविता (समालोचना, २०५९) । चलचित्रहरूको कथा, पटकथा, संवाद तथा गीत लेखन । **सम्पादन/अनुवाद :** अम्बा (सामयिक पत्रिका, २०४०) । **पुरस्कार/सम्मान :** रत्नश्री सुवर्ण पदक (२०३७) । **हालको ठेगाना :** गान्तोक, सिक्किम / काठमाडौँ । **फोन :** ९८४१४०५३३१ ।

प्रताप बल तामाङ

(लेखक, तामाङभाषा)

जन्म/स्थान : वि.सं. २०१२ माघ २८ । **माता/पिता :** पद्मावती पाखिन तामाङ, निमा बल तामाङ । **शिक्षा :** माध्यमिक शिक्षा । **सेवा :** निजामती । **पहिलो रचना :** एक घटना र शुभकामना (अखिल भारतीय तामाङ बौद्ध सङ्घको त्रैमासिक मुखपत्र, दार्जीलिङ, इ.सं. १९८३) । **कृति/सृजना :** तामाङ सुङ्ताम (तामाङ भाषा कुराकानी, भाग १ -२०४८, भाग २ -२०४९, भाग ३ -२०५१), तामाङ थरको खोज र चर्चा (२०५०), ल्होछार परम्परा फगुन (२०५२), तामाङ ग्योत् लोप्के (तामाङ भाषा सिकौँ) (२०५७), तामाङ सुङ्ताम् (२०५९), तामाङ थकाली र गुरुङ (२०५९), तामाङ प्रतिभा स्व. बुद्धिमान मोक्तान तामाङ (२०५९), आसेङ तिमी आफै सोच (गीत-कविता, २०६१), तामाङ संस्कृतिका विविध पक्ष (२०६२), दोर्जेलिङला ताम्बादुगुला काइतेन् (दार्जीलिङका ताम्बाहरूको व्याख्यान, २०६२) । **पुरस्कार/सम्मान :** लास्सो पुरस्कार (२०५७) । **हालको ठेगाना :** काठमाडौँ ।

प्रतिमा राजभण्डारी

(गायिका, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ साउन १९, नरदेवी, काठमाडौँ । **माता/पिता :** माया तुलाधर, पुष्परत्न तुलाधर । **शिक्षा :** बी.एड. (अङ्ग्रेजी) । **सेवा :** गायन । **कृति/सृजना :** अङ्कुर (गीति-एल्बम, २०५७), तिमी (गीति-एल्बम, २०५९), साथ (गीति

एल्बम/सी.डी., २०६३), शीतको गीत (एल्बम/ भी.सी.डी.) लगायत १०० भन्दा बढी गीत (गायन) रेकर्ड। **पुरस्कार/सम्मान :** कालिका अवार्ड (चितवन, २०६३), इमेज अवार्ड (२०६४)। **हालको ठेगाना :** गणेशबस्ती, महाराजगञ्ज, काठमाडौँ (pratima_rajbhandari@hotmail.com) । **फोन :** ४७२०८८३, ९८५१०७७२९६ ।

प्रतिमा विवश राई

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ वैशाख ७, धरान -१२, सुनसरी । **माता/पिता :** लक्ष्मी राई, प्रेम राई। **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र)। **सेवा :** पत्रकारिता । **पहिलो रचना :** किन : (कविता, साधना मासिक, २०५०)। **कृति/सृजना :** जूनसित बिताएको एकरात (कवितासङ्ग्रह, २०५८), आकाश, धर्ती र सपनाहरू (गीतसङ्ग्रह) । **सम्पादन/अनुवाद :** मिरर टाइम्स (साप्ताहिक), वुमेन्स एरा (मासिक) । **पुरस्कार/सम्मान :** नवकविता प्रतिभा पुरस्कार (२०५५), महिला सशक्तीकरण पत्रकारिता पुरस्कार (सन् २००५/२००७), सिर्जनशील युवा प्रतिभा पुरस्कार (२०५८), युवा प्रतिभा सम्मान (सन् २००४), उत्कृष्ट महिला पत्रकार पुरस्कार (सन् २००४)। **हालको ठेगाना :** घट्टेकुलो, काठमाडौँ / धरान, सुनसरी (pratimabrai2011@gmail.com) । **फोन :** ९८४९०९०२६६ ।

प्रतिमा श्रेष्ठ

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ कात्तिक ११, सिन्चाहिटी, ललितपुर । **माता/पिता :** लल्लीमाया श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ। **शिक्षा :** स्नातक, सिनियर डिप्लोमा (सङ्गीत)। **सेवा :** सञ्चारकर्मी। **पहिलो रचना :** फेरि तिम्रो याद आयो (गीत-रचना, रेकर्ड, २०५९)। **कृति/सृजना :** फेरि तिम्रो याद आयो (गीतिरचना एल्बम, २०५९) मनका परागहरू (गीतिसङ्ग्रह, २०६२), अनुभूति (गीतसङ्ग्रह, २०६४), स्पन्दनका आभासहरू (गीतिसङ्ग्रह, २०६६), प्रशंसा (गीतिरचना एल्बम, २०६६), मुसुक्क हाँसेर (दोहोरी एल्बम), लगायत दर्जनौं गीतरचना रेकर्ड भइसकेका। **हालको ठेगाना :** इमाडोल-९-क, ललितपुर (pratimashrestha287@gmail.com)। **फोन :** ९८४१२४२१८०, ९८०११४६६३० ।

प्रतिसरा सायम्‌ि

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असार १६, क्वाठण्डौ टोल, भक्तपुर। **माता/पिता :** वसुन्धरा मानन्धर, शम्भुमान (काकाभाइ) मानन्धर। **शिक्षा :** एम.ए. (नेपालभाषा)। **सेवा :** शाही नेपाल वायुसेवा निगम, रेडियो एफ.एम. कार्यक्रम सञ्चालन । **पहिलो रचना :** हिस्याइपिन्त (२०३०) । **कृति/सृजना :** जि छकू नालिस भोँ (कवितासङ्ग्रह, २०४२), सिमाहः व मेमेगु बाखंत (कथासङ्ग्रह, २०५५), तिकिनंगु मि (कवितासङ्ग्रह, २०५७) । **सम्पादन/अनुवाद :** मानन्धर टेलिफोन डाइरेक्टरी, लुमन्ति (काकाभाइ मानन्धर स्मारिका) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'ख' पदक (२०४५), चैन लाकौल सिरपा (२०४५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), दीपा जनमत पुरस्कार (२०५४) । पश्चिम लागा शिंर नैकापद्वारा सम्मान (२०५८), यँ महानगरपालिका मेट्रो एफ.एम. १०६.७ द्वारा सम्मान (२०५९) । **हालको ठेगाना :** का.म.न.पा. -२३, काठमाडौँ (pratisara@hotmail.com) । **फोन :** ४२४२०११ ।

प्रतीक ङेसुर तामाङ (प्रतीककुमार लामा)

(लेखक, तामाङभाषा)

जन्म/स्थान : वि.सं. २०२९, चैत्र १०, बुङमती -९, ललितपुर। **माता/पिता :** माइली तामाङ, नयनबहादुर लामा। **शिक्षा :** स्नातक। **सेवा :** सम्पादन। **पहिलो रचना :** रेगो रेगो (उठउठ) (छ्यार म्हेन्दो पत्रिका, तामाङभाषा, २०४३) । **कृति/सृजना :** रेडियोमा तामाङ भाषा (पुस्तक, २०६२) । **सम्पादन/अनुवाद :** लास्सो (द्वैमासिक, २०५०), बलराम स्मृति सौरभ (२०५५), युगध्वनि (२०५५), ज्याम्याङ स्मृतिग्रन्थ (२०५९), नाङसाल (मासिक, २०५८), छ्यारम्हेन्दो स्मारिका (२०५९), छ्यार गोङमा (मासिक, २०६०) । **पुरस्कार/सम्मान :** कान्तिपुर पत्रकारिता पुरस्कार (२०६२) । काठमाडौँ महानगरपालिका (२०५८) नेपाल

तामाङ राष्ट्रिय महासङ्घ (२०६०), तामाङ सेर्जिम समिति (२०६०), वरिष्ठ विद्युतीय तामाङ सञ्चारकर्मीको रूपमा तामाङ दाजाङ (२०५९) बाट सम्मान । **हालको ठेगाना** : बुङमती - ९, ललितपुर । **फोन** : ५५५१९६९ ।

प्रतीक ढकाल (खडानन्द)

(कवि/नियात्राकार, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०१६ जेठ १३, दागापेला, भुटान । **माता/पिता** : पवित्रादेवी, अनन्तप्रसाद ढकाल । **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र र जनप्रशासन), बी.एल. । **सेवा** : निजामती। **पहिलो रचना** : धार (कविता, सूर्योदय पत्रिका, २०२८) । **कृति/सृजना** : सानुलाई (शोककाव्य, २०४२), राजनीतिक चिन्तन तथा विश्लेषण (पाठ्यपुस्तक, २०४९), वियोन्ड द हिमालयज (२०५९), हिमालपारि पुगेपछि (२०६१), नेपालमा सुशासन र प्रशासन सुधार : सिद्धान्त र व्यवहार (२०६२), सेती पनि काली पनि (नियात्रा, २०६३), सगरमाथाको आधारशिविरबाट (नियात्रा, २०६३) । **सम्पादन/अनुवाद** : काका हो ची मिन्ह (अनु., २०३७), चम्किलो रातो तारा (अनु., २०३८) । **पुरस्कार/सम्मान** : स्वर्णपदक (राष्ट्रव्यापी खुला वक्तृत्वकला प्रतियोगिता, २०४२, अन्तर्राष्ट्रिय युवा वक्तृत्वकला पर्व, इ.सं. १९८५, जापान), कविता महोत्सवमा द्वितीय पुरस्कार (ने.रा.प्र.प्र., २०४६), हेमराज पाण्डे पुरस्कार (२०४६), प्रथम पुरस्कार (राष्ट्रव्यापी खुला सङ्गीत प्रतियोगिता, गोदावरी एल्मुनाई एसोसियसन-२०४६, खुला कविता प्रतियोगिता -२०५० र २०५२) । **हालको ठेगाना** : बुधबारे -४, झापा / सिनामङ्गल, काठमाडौं । **फोन** : ०१-६९१०८४३, ९८५१०९५२२० ।

प्रदीप ज्ञवाली (शीतविन्दु, स्मृति अर्याल)

(कवि/आख्यानकार, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०१९ भदौ १८, चौतरा, गुल्मी । **माता/पिता** : पुण्यकला ज्ञवाली, नारायणदत्त ज्ञवाली । **शिक्षा** : आई.ए., स्वाध्यायन । **सेवा** : अध्यापन, राजनीति (पूर्वमन्त्री), सम्पादन, लेखन । **पहिलो रचना** : आँसुले के हुन्छ ? (कविता, दैनिक समालोचना, भैरहवा, २०४१) । **कृति/सृजना** : सहयात्री (उपन्यास, २०४६), चिता जलिरहेछ (कवितासङ्ग्रह, २०५३), मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाली क्रान्ति (वैचारिक निबन्धहरू, २०५७), प्रचण्डपथ : विचारको केन्द्रीकरण कि भ्रष्टीकरण ? (आलोचना, २०५८), आस्था, ओ मेरो प्रिया ! (कवितासङ्ग्रह, २०५९), कुहिरो (कथासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : नयाँ कदम (साहित्यिक अर्धवार्षिक, २०५०), एक्काइसौँ शताब्दी (साप्ताहिक, २०६०) । **पुरस्कार/सम्मान** : विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : नयाँबानेश्वर, काठमाडौँ (pgyawali@ntc.net.np) । **फोन** : ४७८१७६६ ।

प्रदीप नेपाल (सञ्जय थापा)

(आख्यानकार, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २०१० पुस २७, गोगने, भोजपुर । **माता/पिता** : जानुकाकुमारी नेपाल, टीकावल्लभ नेपाल । **शिक्षा** : स्नातक । **सेवा** : राजनीति (पूर्वमन्त्री), साहित्य । **पहिलो रचना** : गाइड (कथा, नौलो राँको, चितवन, २०२६) । **कृति/सृजना** : *कथासङ्ग्रहमा* : सूर्यमान कथा शृङ्खला (२०४०), कथाभित्रका नारीअनुहार (२०४७), परोपकार यात्रा (२०५०), बेचिएका चेलीहरू (२०५५) । *उपन्यासकृतिहरू* : खुइते कडेरिया (२०४०), पार्टीकी आमा (२०४२), पूर्वतिर (२०४४), नओइलाउने फूल (२०४५), बुङलाका साँझहरू (२०४६), देउमाईको किनार (२०४७), मुक्ति (२०४७), आकाशगङ्गाको तिरैतिर (२०५७), एक्काइसौँ शताब्दीको सुम्निमा (२०५८), नन्दीता (२०५९) । *संस्मरणका कृतिहरू* : रजत जयन्ती शब्दचित्र (कवितासङ्ग्रह, २०४२), इलामको तारा (२०४५), मुक्त आकाशको खोजी (भाग १-३, २०४८), अमेरिकी बास मातृभूमिको सम्झना (२०६१), दुर्गा हजुरमाको भूत : (बालउपन्यास, २०६१), स्वप्निल सहर (२०६२), पाइला छाडेर अस्ताएको घाम (संस्मरण, २०६६) । **सम्पादन/अनुवाद** : नवयुग, मदन भण्डारीका सङ्कलित रचनाहरू (भाग १, २०५२), मुक्तिमोर्चा (२०५२) । **पुरस्कार/सम्मान** : साहित्य सन्ध्या पुरस्कार । जन संस्कृति सम्मान (मोरङ, २०६१) । **हालको ठेगाना** : कामनपा-१५, चागल, काठमाडौँ (nepalpradip@gmail.com) । **फोन** : ४२८६६५५, ९८५११०२५२६, ९७४१२००४४६ ।

प्रदीप प्रधान

(कथाकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०१४ भदौ ६, बागलुङ बजार ।

माता/पिता : बुद्धिकुमारी प्रधान, ज्योतिमान प्रधान । **शिक्षा** : डिप्लोमा (नेपाली) । **सेवा** : समाजसेवा, जागिर । **पहिलो रचना** : उषाका किरण (कविता, बागलुङ बहुमुखी क्याम्पसको मुखपत्र) । **कृति/सृजना** : मौन रात (कथासङ्ग्रह, २०५९), जङ्गलका रमाइला कथाहरू (बालकथासङ्ग्रह, २०६१) । **हालको ठेगाना** : अमरपथ, बागलुङ -७, रूपन्देही । **फोन** : ०६८-५४१०१० ।

प्रदीप रिसाल

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४, असोज १५, लुभु, ललितपुर । **माता/पिता** : डिल्लीकुमारी, दुर्गाप्रसाद रिमाल । **शिक्षा** : एम.ए. । **सेवा** : संस्थान, चलचित्र निर्देशक । **पहिलो रचना** : युगको आवाज (कविता, परोपकार पत्रिका, २००९) । **कृति/सृजना** : कर्णाली लोक संस्कृति (लोकसाहित्य, खण्ड ५, २०२८) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०२८) । **हालको ठेगाना** : १/२०८ कोपुन्डोल, ललितपुर । **फोन** : ५५२३६९९, ९८०३०४७८९० ।

प्रदीप सिंह

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०१५ असार १४, बौद्ध, काठमाडौँ । **माता/पिता** : रोज सिंह, विजयकुमार सिंह । **शिक्षा** : आई.एस्सी. । **सेवा** : चलचित्र निर्माण, गायन, अभिनय, व्यवसाय, सामाजिक सेवा । **पहिलो रचना** : पच्चीस वसन्त (ठूलो पर्दाका चलचित्र, अभिनय, २०४१) । **कृति/सृजना** : ६२ भन्दा बढी ठूलो पर्दाका चलचित्रहरू, ३५ भन्दा बढी टेलिफिल्महरूमा अभिनय । कलाकार (गीतिएल्बम) । २५ वसन्त, अन्याय, दुई थोपा आँसु, मितज्यू, त्रिकोणलगायतका आठओटा चलचित्रहरू निर्माण (निर्माता), विभिन्न चलचित्रहरूमा सहायक निर्देशक भई काम गरेको । विभिन्न टेलिशृङ्खला तथा वृत्तचित्रहरूको निर्देशन/निर्माण । **पुरस्कार/सम्मान** : अभिनय पुरस्कार (२०५३), १३ ओटा चलचित्रको सिल्भर जुव्ली पुरस्कारहरू, चलचित्रसम्वन्धी विभिन्न सङ्घ-संस्थाहरूवाट सम्मान । **हालको ठेगाना** : बौद्ध कुमारीगाल, काठमाडौँ । **फोन** : ४४८६८११, ९८४१२७३९७८ ।

प्रद्युम्न जोशी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२० साउन २१, देउपुर-६, काभ्रे । **माता/पिता** : नानीछोरी जोशी, कृष्णलाल जोशी । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा/सम्प्रति** : सरकारी सेवा । **पहिलो रचना** : ऐना (कविता, सुगन्ध, २०५०) । **कृति/सृजना** : समयका स्वरहरू (कविता, २०६६) । **सम्पादन/अनुवाद** : जहाँबाट तिमी आइनौ (वासुशशी, गीतिसङ्ग्रह, २०५३), वासुशशीका नाटक (नाटक, २०६१), बुद्ध सिने नाटक (२०६६), स्रष्टाका दृष्टिमा वासुशशी (२०६८) । **हालको ठेगाना** : चाबहिल, काठमाडौँ । **फोन** : ९८५१००२१६१, ४४९१२८६ ।

प्रभा कैनी (प्रभादेवी देवकोटा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ मङ्सिर २४, आँपपिपल-३, गोरखा । **माता/पिता** : विद्यादेवी देवकोटा, दुर्गाप्रसाद देवकोटा । **शिक्षा** : विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : नारी स्वतन्त्रताको उद्देश्य र यथार्थ (लेख, विमोचन, २०५१) । **कृति/सृजना** : दराई जनजीवन : एक अध्ययन (२०६५), अनावृत्त (उपन्यास, २०६७) । **पुरस्कार/सम्मान** : हरि उत्कृष्ट प्रतिभा पुरस्कार (२०६९) । **हालको ठेगाना** : कपुरधारा, काठमाडौँ /व्यास-२, तनहुँ (prabhakaini@gmail.com) । **फोन** : ०१-४०२१९१९ ।

प्रभात सापकोटा (शिवप्रसाद)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ चैत्र २४, मण्डन, काभ्रेपलान्चोक ।

माता/पिता : गङ्गादेवी सापकोटा, गङ्गाप्रसाद सापकोटा । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, लेखन, सम्पादन । **पहिलो रचना** : किसान (कविता, उन्नतिमार्ग, बनारस, २०३३) । **कृति/सृजना** : *संयुक्त कविता-सङ्ग्रह* : आकुञ्चन (२०५१), किनार वारिपारि (२०५३), वारिपारि पाखा (२०५५) । प्राचीन सहर टोखा (सांस्कृतिक अध्ययन, २०५६), विश्व प्रसिद्ध पैंतीस वैज्ञानिक (२०६२), विश्व प्रसिद्ध पैंतीस साहित्यकार (२०६३), यो मृत्यु राष्ट्र होइन (कविता, २०६३), विश्व प्रसिद्ध पैंतीस दार्शनिक (२०६४), पैंतीस भाषा पैंतीस प्रतिभा (२०६६), विज्ञान र प्रविधिका सारथि (२०६६) । **सम्पादन/अनुवाद** : तादी (अर्धवार्षिक साहित्यिक, २०५२), जम्को (अर्धवार्षिक साहित्यिक, २०५४), जस्केलो (अर्धवार्षिक साहित्यिक, २०५५), जिन्दगीको सन्धिसर्पन (मधुसूदन गिरीका कविता, २०५८), सरस्वती स्मारिका (२०५९) । **हालको ठेगाना** : महादेवस्थान -४, काभ्रेपलान्चोक । **फोन** : ९८४१३७४६९० ।

प्रभात सुवेदी 'ज्योति अर्धव्यास'

(गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ भदौ १६, मयूरबस्ती, बर्दिया । **माता/पिता** : भीमादेवी सुवेदी, यज्ञप्रसाद सुवेदी । **शिक्षा** : स्नातक (विज्ञान) । **सेवा** : अध्यापन, गायन । **पहिलो रचना** : कविता, लहर पत्रिका, २०५४ । **कृति/सृजना** : बाचा कसम (गीतिएल्बम, गायन, २०५८), पीपलु चौतारी (गीतिएल्बम, २०६१) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी लोकगीत प्रतियोगितामा प्रथम पुरस्कार (२०५५) । **हालको ठेगाना** : कालिका-३, बर्दिया । **फोन** : ०८४-४२९६२३ ।

प्रभा भट्टराई आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ कात्तिक १६, चुंदीरम्घा, तनहुँ । **माता/पिता** : मिठ्ठु आचार्य, नारायणदत्त शास्त्री । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्रध्यापन । **पहिलो रचना** : नेपाल आमा (कविता, बालक पत्रिका, २०३३) । **कृति/सृजना** : पोसिला कविता (बाल कविता-सङ्ग्रह, २०६०), मेरो सानो भाइ (बाल कवितासङ्ग्रह, २०६०), सन्तु र सुगा (बालकथासङ्ग्रह, २०६१), सरित्-सङ्गम (छन्दोबद्ध कविता-सङ्ग्रह, २०६२), म के बनूँ (बालकाव्य, २०६२), सुनकेशरी मैयाँ (बालकाव्य, २०६९) । **सम्पादन/अनुवाद** : वाङ्मय समालोचना (समालोचनासङ्ग्रह), पद्यप्रवाह (पद्य कवितासङ्ग्रह), भानुदर्शन (स्मारिका) । **पुरस्कार/सम्मान** : अर्जुन स्वर्णपदक (त्रि.वि.), ललिता काव्य पुरस्कार (२०५१), विभिन्न सङ्घ-संस्था एवं विश्व विद्यालयका साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । गाउँ सेवा सम्मान (गाउँ सेवा कोष, तनहुँ, २०५८), । **हालको ठेगाना** : पो.ब.नं. २३२३, ताहाचल, काठमाडौँ (prabhabattarai@hotmail.com) । **फोन** : ४२७०१६४, ९८४१३८४८१३ ।

प्रमिला उपाध्याय (अनुपमा/प्रमिला पौडेल)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ वैशाख, नक्साल, काठमाडौँ । **माता/पिता** : नानुदेवी प्याकुरेल, बद्रीप्रसाद प्याकुरेल । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : नयाँ संसार पत्रिकामा कथा प्रकाशित (२०२१) । **कृति/सृजना** : दुई हत्या एक भेद (जासुसी उपन्यास, २०२९), रहस्यमय युवक (जासुसी उपन्यास, २०३०), शिवा (सामाजिक उपन्यास) । **सम्पादन/अनुवाद** : नेपाल (द्वैमासिक), दर्पण (मासिक) । **पुरस्कार/सम्मान** : धापीदेवी निबन्ध पुरस्कार (२०२८) । **हालको ठेगाना** : नक्साल, चारढुङ्गे, काठमाडौँ । **फोन** : ४४१६८०२ ।

प्रमिला गिरी

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. २००२ वैशाख, बस्तीपुर, सिरहा । **माता/पिता** : पुण्यप्रभा गिरी, मित्रलाल गिरी । **शिक्षा** : डिप्लोमा (ललितकला, शान्ति निकेतन, भारत), एम.एफ.ए. (मूर्ति, अमेरिका) । **सेवा** : प्राध्यापन, मूर्तिकला, चित्रकला, कार्यकारी सदस्य (२०२२-२३, कोषाध्यक्ष (२०२४-२६),

सल्लाहकार (२०३४-३६) (नाफा) । **कृति/सृजना :** मूर्तिहरू : अवतार (३ फिट अग्लो, मार्बल चिप्स र सिमेन्ट, थापाथली), वातावरणीय (११ फिट लामो, मार्बल चिप्स र सिमेन्ट, भृकुटीमण्डप), राज्याभिषेक (१५ फिट अग्लो, मार्बल चिप्स र सिमेन्ट, कोरोनेसन गार्डेन, कीर्तिपुर), लेडी वीथ ल्याम्प (५ फिट, आँखा अस्पताल लाहान, सिराहा), उडान (५ फिट अग्लो, प्लास्टर पेरिस, इन्डियन एयरलायन्सको टिकट विक्री कक्ष), यती (६ फिट पित्तल धातुको मूर्ति, शानेवानि, न्युरोड), गणेश (५ फिट, मार्बल चिप्स र सिमेन्ट, दूरसञ्चार, सुन्धारा), तेस्रो नेत्र (९ फिट अग्लो, धातु, विमा संस्थान, राम शाह पथ), विकास (१९ फिट लामो, सानो ठिमी), सरस्वती (६ फिट, मार्बल चिप्स र सिमेन्ट, जावलाखेल), शक्तिको स्रोत (१० फिट, धातु, नेपाल उद्योग विकास निगम, काठमाडौँ), स्वतन्त्रता (१५ फिट, मार्बल चिप्स र सिमेन्ट, विशालनगर), युनिभर्स (५ फिट, मार्बल, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र), सरस्वती (५ फिट, धातु, परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी), प्रकृति पुरुष (६ फिट अग्लो, धातु, मार्बल चिप्स, जापानी दूतावास, काठमाडौँ), संरक्षक (५ फिट, धातु, शाही नेपाली दूतावास, नयाँ दिल्ली), शक्ति (धातु, विद्युत् प्राधिकरण, भक्तपुर), तैलचित्र (शारदा सदनको भित्ता, कमलादी), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाप्रदर्शनीमा सहभागी (नेपाल, भारत, जापान, नर्वे, कोरिया, अमेरिका, ब्रिटेन आदि देशहरूमा पटक-पटक तैलचित्र र मूर्तिहरू प्रदर्शन गरेको । **पुरस्कार/सम्मान :** सान्त्वना (नाफा, मूर्तिकला, २०२२), प्रथम पुरस्कार (नाफा, मूर्तिकला, २०२५,), विशेष पुरस्कार (नाफा, २०२६), अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा प्रथम पुरस्कार (चित्रकला, २०३२) । **हालको ठेगाना :** विशालनगर, काठमाडौँ । **फोन :** ४४१३२३८ ।

प्रमोद प्रधान (प्रमोदकुमार प्रधान)

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ असोज १५, विराटनगर, मोरङ । **माता/पिता :** गङ्गादेवी प्रधान, डिगमप्रसाद प्रधान । **शिक्षा :** बी.कम. । **सेवा :** रा.स.स. पत्रकारिता, सम्पादन । **पहिलो रचना :** एक टुक्रा (कविता, नयाँ सन्देश साप्ताहिक, २०२९) । **कृति/सृजना :** रातभरिका सुस्केराहरू (कवितासङ्ग्रह, २०३२), विभाजित मान्छे (कवितासङ्ग्रह, २०४०), केही अध्ययन केही अनुसन्धान (समालोचनासङ्ग्रह, २०४४), कान समात् कान (वालकवितासङ्ग्रह, २०५३), एकान्त गीत (कवितासङ्ग्रह, २०५४), नेपाली वालसाहित्यको इतिहास (समालोचना, २०५७), मोरङमा पत्रकारिताको अर्धशताब्दी (विश्लेषणात्मक इतिहास, २०६१), कानाकाना कुर्र (बाल कवितासङ्ग्रह, २०६२), सधैँभरि लुकामारी (वालकविता, २०६२), रामोन म्यागासेसे पुरस्कार विजेता अन्तर्राष्ट्रिय प्रतिभाहरू (बालजीवनी, २०६५), नेपाली बालवाङ्मय परिचयकोश (२०६५), च्याईच्याई सारङ्गी (वालकवितासङ्ग्रह, २०६६), परेवा, हाँस र घमण्डी भाले (बालचित्रकथा, २०६६), सधैँभरि लुकामारी (बालकविता, २०६२), नेपाली निवन्धको इतिहास (विश्लेषणात्मक ग्रन्थ, २०६६), पीपलको सपना (वालचित्रकथा, २०६६) । **सम्पादन/अनुवाद :** कोसेली (साप्ताहिक, २०३५), नेपाली साहित्य आजको सन्दर्भमा (समालोचनासङ्ग्रह, संयुक्त सम्पादन, २०३८), सूर्यविक्रम ज्ञवाली स्मृतिग्रन्थ (समालोचना, २०४४), पत्रकारिता : मेरो यात्रा (नारदप्रसाद ओझाद्वारा लिखित, २०४८), क्षण, विचार र स्मृतिहरू (देवकुमारी थापाद्वारा लिखित निवन्धसङ्ग्रह, २०४९), नेपाली यौनकथा (प्रतिनिधि कथासङ्ग्रह, २०५४), आलेख (समाचारलेखहरूको सङ्ग्रह, २०५९), रासस आलेख समाचार (समाचारलेखहरूको सङ्ग्रह, २०६१), हाम्रा प्रेरणा (बालजीवनीसङ्ग्रह) आँकुरा (सामयिक साहित्य), युवा अठोट (युवा वर्ष बुलेटिन), प्रारूप (युवा वर्ष स्मारिका), कविता (हवाई पत्रमा कवितासङ्ग्रह), रासस स्मारिका, उत्थान, अभिनन्दन ग्रन्थ आदि थुप्रै पत्रपत्रिका, स्मारिकाहरू सम्पादन । **पुरस्कार/सम्मान :** प्रतिभा पुरस्कार (२०४०), व्यथित काव्य पुरस्कार (२०४६), सर्वोत्कृष्ट युवा साहित्य पुरस्कार (२०४७), खिलेश्वरी पत्रकारिता पुरस्कार (२०४९), सिर्जनशील पत्रकारिता पुरस्कार (२०४९), हरिसिंह दुगड पत्रकारिता पुरस्कार (२०५२), युवावर्ष मोती पुरस्कार (२०५४), नेपाल बासास बालपुस्तक पुरस्कार (२०५४), जमर्को बालपत्रकारिता पुरस्कार (२०६०), प्रवल गोरखा दक्षिणवाहु (चौथो, २०६२), साझा बालसाहित्य पुरस्कार (२०६२), पुष्कर गौतम बालसाहित्य पुरस्कार (२०६५) । पत्रकारिता सम्मान (०५७), वासुशशी स्मृतिपरिषद् सम्मान (२०५२), नवरङ्ग साहित्य प्रतिष्ठान सम्मान (झापा, २०५४), प्रयास साहित्यिक समूह सम्मान (नेपालगञ्ज, २०५८), कविताराम बालसाहित्य प्रवर्द्धन सम्मान (२०६५), । **हालको ठेगाना :** विराटनगर उ.म.न.पा -१६, मोरङ / सुविधानगर, काठमाडौँ । **फोन :** ९८४१२४०१६१, ४४३५७९० ।

प्रमोद मैनाली



(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २०२० पुस १०, सिम्ले, इवा, तेह्रथुम । **माता/पिता :** भागीरथा मैनाली, पुण्यप्रसाद मैनाली । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** निजामती । **पहिलो रचना :** कला साहित्य कस्तो हुनुपर्छ ? (२०४५) । **कृति/सृजना :** माइलस्टोन अफ हिस्ट्री (भाग १-२, २०५७, २०६३), नेपाली इतिहासका कोसेढुङ्गा (भाग-१, २०६०) । **हालको ठेगाना :** इवा-२, तेह्रथुम / काठमाडौँ (pramod_mainali@hotmail.com) । **फोन :** ६६३५५५२, ९८४१३५९४६३ ।

प्रमोद हमाल (प्रमोदकुमार हमाल)

(गीतकार/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ जेठ २७, रक्तकाली, काठमाडौँ । निधन : २०५९ भदौ २० । **माता/पिता :** नयनकुमारी हमाल, योगबहादुर हमाल । **शिक्षा :** एम.ए., विद्यावारिधि (शोधार्थी) । **सेवा :** प्राचार्य, साहित्यिक तथा सांस्कृतिक । **पहिलो रचना :** २०२९ सालतिर गीत रेडियो नेपालमा रेकर्ड गराएको । **कृति/सृजना :** प्रभातका किरणहरू, बिहानीको आभासमा, कोशीको बगरलगायत थुप्रै गीत गायन । **सम्पादन/अनुवाद :** न्यु एरा (नेकपा एमालेको मुखपत्र), प्रकाश, छलफल साप्ताहिक । **फोन :** ४७७०२२८, ६६१२७५६ ।

प्रयागराज 'वाशिष्ठ'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ माघ २२, सेर्ना, ओखलढुङ्गा । **माता/पिता :** बालकुमारी, जयप्रसाद भट्टराई । **शिक्षा :** साहित्याचार्य, एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** गजुर, हजुर, उजुर (कवितासङ्ग्रह, २०४४) । **सम्पादन/अनुवाद :** अरुणोदय (त्रैमासिक), चारुमती (मुखपत्र), शिक्षा सौरभ (मुखपत्र) ।

पुरस्कार/सम्मान : विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** कपन-फैका, काठमाडौँ । **फोन :** ४८२०६२८ ।

प्रवीण पुमा (परशुराम राई)

(रङ्गकर्मी/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ चैत १२, पाथीभारा, चिसापानी, खोटाङ । **माता/पिता :** चतुरकुमारी राई, जगतबहादुर राई । **शिक्षा :** स्नातकोत्तर (अङ्ग्रेजी, त्रि.वि.) । **सेवा :** रङ्गमञ्च, अभिनय, निर्देशन । **पहिलो रचना :** सुम्निमा (नाटक, बालकलाकार, अभिनय/प्रस्तुति, २०४५) । **कृति/सृजना :** सुम्निमा (नाटकसङ्ग्रह- इ.१९९६), हेन्खामा-निनाम्मा (किरात मुन्दुमी मिथकसङ्ग्रह- इ.१९९७), किरात पुमा राई शब्दकोष (किरात पुमा राई शब्दसङ्ग्रह- इ. १९९९), किरात मुन्दुम: दोङवाङ-दोङदापा (किराती मुन्दुम- इ.२००४), सुम्निमा-पारुहोङ (किरात मुन्दुमी नाटकसङ्ग्रह- इ.२००८), हेत्छाकुप्पा (किरात मुन्दुमी नाटक- इ.२००९), निनाम्मा (किरात मुन्दुमी नाटकसङ्ग्रह- इ.२०१०), साया (मुन्दुमी नाटकसङ्ग्रह, २०६८) । लेखन/निर्देशन/अभिनय गरेका नाटक : सुम्निमा-पारुहोङ (इ.१९९२), सुम्निमा (इ.१९९३), निनाम्मा (इ.१९९४), यस्तै रहेछ जिन्दगी (इ.१९९६), हेत्छाकुप्पा (इ.१९९७), साकेन्वा (इ.१९९८), स्यामुना (इ.२०००), सायामा (इ.२००७), आस्था : मुन्दुमको (इ.२००८) । **अभिनय गरिएको मुख्य नाटक :** सुम्निमा (इ.१९८८), प्रजातन्त्र (इ.१९८८), ऊ मरेकी छैन (ने.रा.प्र.-प्र., राष्ट्रिय नाटक महोत्सव- इ.२००३), मलामी (सांस्कृतिक संस्थान, मध्यमाञ्चल क्षेत्रीय नाटक महोत्सव- इ.२००३), मृत्यु सम्पादन (इ.२००३), यु एण्ड मी (इ.२००३), बुद्ध हराएको सूचना (इ.२००३), चेतनाको स्वरहरू (रेडियो नेपाल- इ.२००४), निर्वासित मनहरू (आई.टी.आई., मध्यमाञ्चल त्रिदेशीय नाटक महोत्सव, इ.२००४), अभिसप्त आँखाहरू (ने.रा.प्र.प्र., राष्ट्रिय नाटक महोत्सव इ.२००५), नयाँ बाटो नयाँ पाइला (इ.२००९) । निर्देशन/अभिनय (नाटक) : अ डल्स हाउस (इ.१९९९), इडिपस रेक्स (इ.२००१), एउटा घरको कथा होइन (इ.२००२), इतिहास- भित्रको इतिहास (इ.२००३), राइडर टु ड सी (इ.२००६), यलम्बर (ने. रा.प्र.प्र., राष्ट्रिय नाटक महोत्सव इ.२००६), राइजिङ टु ड सी (इ.२००९),

हारुनको मुरली (निर्देशन- इ.२०१०) लगायत थुप्रै नाटकहरू । ठूलो पर्दाको चलचित्र अनुभव : वीर गणेशमान (अभिनय- इ.२००१), सुम्निमा (लेखन/अभिनय- इ.२००७), मुकुमबुङ (लेखन- इ.२०१०) आदि । **सम्पादन/अनुवाद :** सुम्निमा (साप्ताहिक, २०६२), पुमा (मासिक- इ.२००३), सिलौटी टाइस (मासिक- इ.२००५), यायोक्खा (स्मारिका- इ.२००९), नयाँ सन्देश (साप्ताहिक- इ.२०१०), खम्बुवान पत्र (प्रादेशिक मासिक, २०६७) । **पुरस्कार/सम्मान :** उत्कृष्ट अभिनेता- इ.१९९८ (एस.टी.ए.), उत्कृष्ट निर्देशक- इ.१९९९(एस.टी.ए.), उत्कृष्ट नाट्य प्रस्तुति तेस्रो स्थान- इ.२००२ (सांस्कृतिक संस्थानद्धारा आयोजित पूर्वाञ्चल क्षेत्रीय नाटक महोत्सव- इ.२००२), उत्कृष्ट नवप्रतिभा सम्मान (२०५९), उत्कृष्ट नाट्य सहभागी- इ.२००६ (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय नाटक महोत्सव-२००६) । **हालको ठेगाना :** ताल्छिखेल, ललितपुर (sumnimatheatre@gmail.com) । **फोन :** ९८४१२४५५४८, ०१-५५३०७८१ ।

प्रशान्त श्रेष्ठ

(चित्रकार)

जन्म/स्थान : इ.सं. १९६८, काठमाडौँ । **शिक्षा :** बी.एफ.ए. । **सेवा :** चित्रकारिता । **कृति/सृजना :** एकल चित्रकलाप्रदर्शनी (इ.सं. १९८९ देखि १९९६ सम्म पाँचपटक) र सामूहिक कलाप्रदर्शनी (इ.सं. १९८९ देखि १९९८ सम्म बीसपटक), इ.सं. १९९५ मा नेपाल-बङ्गलादेश कला क्याम्पमा सहभागी । **पुरस्कार/सम्मान :** कला (कार्टुन) प्रतियोगितामा पुरस्कृत (ने.रा.प्र.प्र., १९८९, नाफा, १९९६) ।

प्रह्लाद पोखेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ कात्तिक १२, रावा कुभिन्डे, खोटाङ । **माता/पिता :** शेषकुमारी पोखेल, नवराज पोखेल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** निजामती सेवा, प्राध्यापन । **पहिलो रचना :** नेपाली वीर (कविता, नेपाल वार्षिक पत्रिका, २०२८) । **कृति/सृजना :** आजको आकाश (संयुक्त कवितासङ्ग्रह, २०४२), गीतियात्रा (गीतिकवितासङ्ग्रह, २०५१), जीवन्त यात्रा (कवितासङ्ग्रह, २०५२), गोसाइँकुण्ड (यात्राकाव्य/खण्डकाव्य, २०५६), सारथि (कवितासङ्ग्रह, २०५८), खोटाङ डायरी (खण्डकाव्य, २०६१), कुहिराको कम्बल (कवितासङ्ग्रह, २०६२), आजको आकाश (संयुक्त कवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद :** रजहाँस (वार्षिक), अनुकरणीय (समालोचना, चम्पू, लेखक : कोपराज न्यौपाने) । **पुरस्कार/सम्मान :** नवप्रतिभा पुरस्कार (२०३९), शहीद दिवसका उपलक्ष्यमा आयोजित कवि सम्मेलनमा प्रथम (२०४१), गोरखा दक्षिणवाहु (२०४८), ने.रा.प्र.प्र. कविता महोत्सव - तृतीय (२०४९), भूपालमानसिंह युवा पुरस्कार (२०५३), शिवप्रसाद उन्नयन पुरस्कार (२०५४) । गेरु-अम्बिका कोइराला वाणी सम्मान (२०६१) । **हालको ठेगाना :** विनम्र मार्ग -१९६, रामहिटी, बौद्ध, काठमाडौँ । **फोन :** ४४७४२१७, ९८४१५३०१९१ ।

प्रेमकुमार खत्री

(संस्कृतिविद्, समाजशास्त्री)

जन्म/स्थान : इ.सं. १९४६ फेब्रुअरी ५, पौवा नोलपुर, भोजपुर । **माता/पिता :** सनदकुमारी खत्री, नरसिंगवहादुर खत्री । **शिक्षा :** एम.ए., एल.एल.बी., विद्यावारिधि । **सेवा :** त्रि.वि. सेवा । **पहिलो रचना :** नेपाली समाज र संस्कृति (त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३९) । **कृति/सृजना :** नेपालको सामाजिक संरचना र धार्मिक मत (२०६०), हिस्टोरिक सिटिज् इन एसिया (इ.सं. १९८६), एस्पेक्टस् अफ नेपाली कल्चर (इ.सं. १९८९), केही चिन्तन केही संस्मरण (२०४९), आधुनिक नेपालको सामाजिक इतिहास (२०५३), उत्पत्ति : मानव सभ्यताका केही पक्षको ऐतिहासिक मानवशास्त्रीय अध्ययन (२०५४), नेपालको पुरातत्त्व कला र पर्यटन (२०५५), एन्थ्रोपोलोजी एन्ड सोसियोलोजी इन नेपाल (इ.सं. २००१), नेपालमा मानवशास्त्र तथा समाज शास्त्र (२०६०), कम्प्रेहेन्सिबल सोसियल स्टडिज (इ.सं. २००३), कुमार खड्गविक्रम शाह : म्यान विहाइन्ड द पर्सोना (इ.सं. २००४), कल्चरल एन्ड रेलिजिअस डाइभर्सिटी : डाइलग एन्ड डेभेलपमेन्ट (इ.सं. २००५), । **सम्पादन/अनुवाद :** संस्कृति विभाग त्रि.वि. मुखपत्र, सिनास जर्नल, प्राकृतिक विज्ञान सङ्ग्रहालय जर्नल, कुमार खड्ग विक्रम स्मृतिग्रन्थ, नेपालको सामाजिकशास्त्र, पवित्र कुरान (अनुवाद, इ.सं. २०००), नेपालका जातीय संस्कार (भाग १-२) । **पुरस्कार/सम्मान :** त्रि.वि.

चान्सलर स्वर्णपदक (२०२९), महेन्द्र विद्याभूषण (२०३१, २०४४), शिक्षा दिवस पदक (२०४६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६४)। **हालको ठेगाना** : प्याउली -५, भोजपुर / पो.ब.नं. ३९०३, काठमाडौँ (premkhatry@hotmail.com) । **फोन** : ४३६२१८०, ०१६९१५४९, ९८४९१५४०९७ ।

प्रेम कैदी

(जासुसी उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५४ अगस्त १०, बिजैपुर, रास्कोट, कालीकोट । **माता/पिता** : लालपुरा शाही, कालीबहादुर शाही । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : अधिवक्ता, प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : नटुङ्गिने कथा (मातृभूमि साप्ताहिक, २०२७) । **कृति/सृजना** : षड्यन्त्रको जालो (जासुसी उपन्यास, २०२८), नारायणगढ हत्याकाण्ड (जासुसी उपन्यास, २०२९), पतिको आक्रमण (जासुसी उपन्यास, २०३०) । **सम्पादन/अनुवाद** : बेन्नु (वार्षिक मुखपत्र, २०२७), किसान (मासिक, २०३२), मालिका (पाक्षिक, २०३७), युगधारा (साप्ताहिक, २०३९), युगान्तर साप्ताहिक (२०४२), मालिका (साप्ताहिक, २०५३) आदि थुप्रै पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : एडिटर च्वाइस अवार्ड (इ.सं. २००२), फुजी सगरमाथा इन्टरनेसनल प्रा.लि. टोकियो/ प्रकाशक नेपाल समाचार साप्ताहिक जापानद्वारा सामूहिक सम्मान (२०५७) आदि सम्मान । **हालको ठेगाना** : पुलचोक, ललितपुर । **फोन** : ५५३६७६० ।

प्रेम छोटा (प्रेमप्रसाद श्रेष्ठ)

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ वैशाख १४, किराना टोल, बागलुङ । **माता/पिता** : रत्नकुमारी श्रेष्ठ, दीपबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : निजी व्यवसाय, प्राज्ञ सभासद् (ने.प्र.प्र. २०६७) । **प्रथम रचना** : असम्भव के ? (कविता, सरोज पत्रिका, २०१७) । **कृति/सृजना** : प्रकारान्त (कथासङ्ग्रह, २०४२), धवलागिरिका केही लोक संस्कृतिहरू (संस्कृति, २०४४), प्रेमका केही कविता (कवितासङ्ग्रह, २०४५), प्रेमका उद्गार (प्रवचन, २०५९), धवलागिरिको सांस्कृतिक सम्पदा (अनुसन्धानमूलक कृति, २०६०), धवलागिरिको संस्कृति र सभ्यता (२०६१) भूमिकै भूमिकाको भूमिका (२०६२), अणु अणुको थुप्रो जीवन र प्रेम (२०६४), प्रारम्भिक कथा (२०६७) । **सम्पादन/अनुवाद** : ओमप्रसाद गौचन (परिचयात्मक ग्रन्थ), गुरु गणेशप्रसाद श्रेष्ठ केही संस्मरण (२०४३), काव्य-त्रिवेणी (कवितासङ्ग्रह, २०५०), सिंह (श्रेष्ठ) पास्ताखलको वंशावली (२०५२), धवलागिरिका कथाहरू (२०५३), शाश्वत स्वरहरू (कवितासङ्ग्रह, २०५३), धवलागिरिका कवि र कविता (कविताहरू, २०५५), धवलागिरिका पुरस्कृत र विहङ्गम दृष्टि (समालोचना, २०५७), धवलागिरिको वाङ्मय सूची (लेखक तथा कृतिहरूको सूची, २०६०), नेवारको सांस्कृतिक परम्परा : सिंह (श्रेष्ठ) पस: खल:को वंशावली (२०६१), प्राथमिक कालीन पुराना कवि वीरशाली पन्त (२०६२), बागलुङको बास्सा नाच (२०६५), बागलुङको ऐतिहासिक घटना (२०६६), हनुमान् नाच : बागलुङको सांस्कृतिक पहिचान (२०६८), आदि थुप्रै पुस्तक तथा पत्रपत्रिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : प्रहसन प्रतिभा रजत पदक (२०१८, २०१९), द अनेररी मेन्सन अवार्ड (इ.सं. १९९६, अमेरिका), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), गोपाल पाँडे असीम पुरस्कार (२०५६) । गणेश-खिलकुमारी दुवाल जनमत सम्मान (२०५९) लगायत करिब आधा दर्जनभन्दा बढी सम्मानहरू । **हालको ठेगाना** : किनारा टोल, बागलुङ बजार । **फोन** : ०६८-५२०५८०, ९८४७६२३१७५ ।

प्रेमदेव गिरी (गिरी जेठा)



(रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २०१० माघ १०, हिलेखोली, सुर्खेत । **माता/पिता** : लीलादेवी गिरी, हरिलाल गिरी । **शिक्षा** : दशम कक्षा । **सेवा** : नाट्यक्षेत्र, सङ्गीत, अध्यापन । **पहिलो रचना** : विगत २०२९ सालदेखि लोकगीतहरू सङ्कलन । **कृति/सृजना** : रङ्गमञ्चीय नाटक, रेडियो नाटकहरूमा अभिनय । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), सुर्खेत जि.वि.स., सुर्खेत (२०५३), प्रगतिशील लेखक सङ्घ, सुर्खेत (२०५६), पाठ्यक्रम विकास केन्द्र शिक्षा मन्त्रालयद्वारा संस्कृतिविद् सम्मान (२०६१) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : वीरेन्द्रनगर न.पा. -३, सुर्खेत ।

प्रेमनाथ न्यौपाने

(कवि, नेपाली भाषा)

जन्मस्थान : स्याम्घा, तनहुँ । **शिक्षा** : संस्कृत व्याकरण मध्यमा र आयुर्वेद भूषण । **सेवा** : १९९१-२०२७ सम्म सरकारी कविराज । **पहिलो रचना** : प्रेमसुधा (आयुर्वेद, छन्दोबद्ध, २०२५) । **कृति/सृजना** : गुरुशिष्यसंवाद (वेदान्त, २०२५), श्री दमौली र श्री दमौलीमा (स्थानवर्णन २०३१), ऋतुमहिमा (कवितासङ्ग्रह, २०५१) । **सम्पर्क ठेगाना** : दमौली, तनहुँ ।

प्रेमनारायण अर्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ वैशाख १४, गुल्मी । **माता/पिता** : हरिकला, टीकाराम अर्ज्याल । **शिक्षा** : एम.एड., विद्यावारिधि (बालशिक्षा, बनारस) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : शिक्षाको सैद्धान्तिक आधार (२०५२), शिक्षाको समाजशास्त्रीय आधार (सहलेखन, २०५४), तथा अभ्यास शिक्षण प्रयोग एवं निर्देशिका (२०५४) ।

प्रेमनिधि पन्त

(माध्यमिक कालीन लेखक, नेपाली भाषा)

जन्मस्थान : पर्वत । **माता/पिता** : उद्योतमति, उमापति पन्त । **शिक्षा** : ज्योतिषशास्त्री, तन्त्रशास्त्री । **कृति/सृजना** : षोडश नित्यतन्त्र टीका, शिव ताण्डव तन्त्र टीका (मल्ला दर्शन), श्रीविद्या नित्यकर्म कला, श्रीविद्या नैमित्यिक कर्म कला, श्रीविद्या काम्यकर्म कला, शब्दार्थ चिन्तामणि (शारदा तिलक टीका), काम्यदीप दान पद्धति (तान्त्रिक कर्मकाण्ड), त्रैलोक्यविजम्यक कवच टीका (स्तोत्र), नित्यप्रयोग रत्नाकर, कार्तविर्य घृतदान पद्धति (तान्त्रिक कर्मकाण्ड) । (कुमार शक्ति, नृपश्लोकी, प्रायश्चित प्रदीप, पृथ्वी प्रेमोदान, श्राद्धकर्म निधि, जैमिनी सूत्र व्याख्या (ज्योतिष भक्ति तरङ्गिणी) ।

प्रेमप्रकाश मल्ल 'मधुकर'

(गायक)

जन्म/स्थान : वि.सं. १९९३ साउन १५, सेरी, मुसिकोट, रूकुम । **माता/पिता** : विष्णुकुमारी, होमजङ्ग मल्ल । **शिक्षा** : बी.ए. । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : आमा (कविता, २०१०) । **कृति/सृजना** : मधुकर छोटो जीवनी लामो कहानी (शोककाव्य, २०४२), त्यो यौटा अजेय शिखर मधुकर (कवितासङ्ग्रह, २०४२), अनुभूतिका स्वरहरू (कवितासङ्ग्रह, २०५४) । करिब ३० ओटा गीत रचना/सङ्गीत/स्वरमा रेकर्ड (रेडियो नेपाल) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), छिन्नलता गीत पुरस्कार, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, तीर्थमान श्रेष्ठ स्मृति पुरस्कार, नूरगङ्गा साहित्य पुरस्कार । महेन्द्र पुस्तकालयबाट सारस्वत सम्मान, गुलजार-ए-अदव सम्मान (२०५३), रोटरी क्लव इन्टरनेसनलबाट सम्मान, राप्ती कला केन्द्रबाट सम्मान आदि । **हालको ठेगाना** : नेपालगञ्ज -१३, बाँके । **फोन** : ०८१-५२२८३९ ।

प्रेमध्वज प्रधान

(गायक)

जन्म/स्थान : इ.सं. ६ जुन १९३८, चौतारा, सिन्धुपाल्चोक । **माता/पिता** : प्राणदेवी प्रधान, रत्नध्वज प्रधान । **शिक्षा** : बी.ए. (त्रि.वि.), गणेशलालबाट सङ्गीत शिक्षा । **सेवा** : अमेरिकी सूचना केन्द्रमा सांस्कृतिक अधिकृत, गायन । **पहिलो रचना** : २००९ देखि रेडियोमा गाउन थालेका । **कृति/सृजना** : हालसम्म करिब सात सयजति गीतहरू गायन । बीसवटा भन्दा बढी सी.डी. र छवटा भन्दा बढी गीतिएल्बम प्रकाशित (गायन) । नेवारी, नेपाली तथा भजनका साथै चलचित्रका गीतहरू रेकर्ड (गायन) साथै सय ओटा जति गीतमा सङ्गीत निर्देशन । **पुरस्कार/सम्मान** : सर्वोत्तम साधक गायक (२०२१), प्रबल गोरखा दक्षिणबाहु (२०४४), छिन्नलता पुरस्कार (२०४७), प्रख्यात त्रिशक्तिपट्ट (२०५३), आर्यतारा मूर्ति पुरस्कार, भूपाल सङ्गीत पुरस्कार (२०५८), गङ्गा नुरकरण दास चौधरी पुरस्कार (२०५९), हिट्स एफल लाइफ टाइम एचिवमेन्ट अवार्ड (२०५९) आदि । नारायणगोपाल सङ्गीत सम्मान आदि । **हालको ठेगाना** : बागबजार, काठमाडौँ । **फोन** : ४२२५२३३ ।

प्रेमप्रसाद भट्टराई

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९४९, पकनाजोल, काठमाडौँ । **निधन** :

२०१२ साउन। **माता/पिता :** इन्द्रकुमारी भट्टराई, होमनाथ भट्टराई। **शिक्षा :** संस्कृत साहित्य। **सेवा :** साहित्य, पुस्तकालय। **कृति/सृजना :** विरक्तपुष्पाञ्जलि, (१९८२) सतीसावित्री (काव्य, १९८३), सम्झना (काव्य, १९८४) प्रकाशित र रामायण अप्रकाशित छन्।

प्रेमबहादुर कंसाकार (प्रेमरत्न)

(लेखक)

जन्म/स्थान : वि.सं. १९७४, मासङ् गल्ली, काठमाडौं। निधन : २०४८। **माता/पिता :** लक्ष्मीनानी कंसाकार, आशामानसिंह कंसाकार। **शिक्षा :** स्नातक। **सेवा :** राजनीति, संस्कृति, साहित्य। **पहिलो रचना :** मत (कविता, धर्मोदय पत्रिका, ने.सं. १०६९)। **कृति/सृजना :** हाम्रो नाट्य परम्परा (खोजपूर्ण समीक्षा), प्रार्थना (गीत, २००७), न्हु पुखु (निबन्धसङ्ग्रह, ने.सं. १०७८), ती (कथा ने.सं. १०७५), स्वांमा (बालकथासङ्ग्रह, ने.सं. १०८३), त्य पू (कवितासङ्ग्रह, ने.सं. १०८४), गयथे मस्यु (कथासङ्ग्रह, ने.सं. ११०८)। **सम्पादन/अनुवाद :** धर्मोदय, नेपाल र सितु पत्रिका, नसला (१०७४), नास:द्यौया मे (१०८५), सिद्धिदास म्हसिके (१०८७), ससुमां (भाग १, १०९१)। अनुवाद : चाणक्य सार सङ्ग्रह, (ने.सं. १०९१), शुकवहत्तरी (ने.सं. ११००), जापानी बालकथा (११०६), आशा सफुकुथी ग्रन्थमाला (११११)। **पुरस्कार/सम्मान :** श्रेष्ठ, लाकौल र करुणाकर पुरस्कार।

प्रेममान चित्रकार

(चित्रकलाकार)

जन्मस्थान : भीमसेनथान, काठमाडौं। **माता/पिता :** चन्द्रमाया चित्रकार, पृथ्वीमान चित्रकार। **शिक्षा :** आई.ए.। **सेवा :** परम्परागत चित्रकला। **कृति/सृजना :** कलाप्रदर्शनी (इ.सं. १९६२, १९७३-७९, काठमाडौं)। **पुरस्कार/सम्मान :** द्वितीय पुरस्कार (नाफा, इ.सं. १९७४/७६, स्वयम्भू भूदृश्यचित्र चित्रकलाप्रदर्शनी, इ.सं. १९७९), प्रथम पुरस्कार (नाफा, इ.सं. १९७८, नेपाल हस्तकलाप्रदर्शनी, इ.सं. १९८३), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९९४)। **हालको ठेगाना :** भीमसेनस्थान, काठमाडौं।

प्रेमरमण उप्रेती

(इतिहासकार)

जन्म/स्थान : इ.सं. १९४४ अक्टोबर १६, टार, इलाम। **माता/पिता :** प्रेमाकुमारी, लक्ष्मणरमण उप्रेती। **शिक्षा :** एम.ए. (इतिहास), विद्यावारिधि (आधुनिक इतिहास र कूटनीति)। **सेवा :** प्राध्यापन, ने.रा.प्र.प्र. (प्राज्ञ-सभासद्, २०६१)। **पहिलो रचना :** रिलिजन एन्ड पोलिटिक्स इन द पञ्जाब इन द १९२०, (इ.सं. १९८०)। **कृति/सृजना :** नेपालको सङ्क्षिप्त सामाजिक आर्थिक तथा कुटनैतिक इतिहास (सहलेखन, इ.सं. १९८०) Religion and Politics in the Punjab in the 1920s (1980), Nepal-Tibet Relations, 1850-1930 (1980), Nepal a Small Nation in the Vortex of International Conflicts (1984), Political Awakening in Nepal : Search for a New Identity (1992), Nepal and South Asia (1994), Political Instability in Nepal (1999), Moods and Reflections (English poems, 1999). **पुरस्कार/सम्मान :** स्टेफेन हिस्टोरी फेलोसिप (बेलायत, इ.सं. १९७४)। **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौं। **फोन :** ४४९०३४९, २२३०२००।

प्रेमराज न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१२ असोज १८, दुराडाँडा, लमजुङ। **माता/पिता :** वसुन्धरा न्यौपाने, डिल्लीराम न्यौपाने। **शिक्षा :** एम.ई., एम. पिए., विद्यावारिधि (दर्शन)। **सेवा/सम्प्रति :** निजामती सेवा (प्राविधिक)। **पहिलो रचना :** प्रशवको व्यापकता (लेख, अन्तरङ्ग पत्रिका, २०४७)। **कृति/सृजना :** मनोवृत्ति र सिद्धिको दार्शनिक विश्लेषण (२०६४), मनोवृत्तिको दार्शनिक र वैज्ञानिक विश्लेषण (पुस्तक, २०६६), स्थापत्यकलाको महत्त्व र विकासका

सम्भावनाहरू (लघु अनुसन्धान, २०६७) । **सम्पादन/अनुवाद** : गद्दीआरोहण रजत पदक, दीर्घ सेवा पदक (२०४७), सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०६१) । **हालको ठेगाना** : काठमाडौँ -१४ । **फोन** : ४६७२७३४, ९८४१३९८०६९।

प्रेमराज लुइँटेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ साउन २५, थुमपोखरा-७ स्याङ्जा । **माता/पिता** : उमादेवी लुइँटेल, ज्ञानप्रसाद लुइँटेल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : दुई थोपा रगत पोखिदिन मन लाग्छ (कविता, आँधीखोला पत्रिका, २०५६) । **कृति/सृजना** : धर्तीमा तिम्रै लागि (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : सगुन (साहित्यिक त्रैमासिक, २०५९), रजस्थल (२०६२) । **हालको ठेगाना** : थुमपोखरा -७, स्याङ्जा । **फोन** : ०६३-४४०११३ ।

प्रेमराज शर्मा पौडेल (भूँडे पण्डित)

(कवि/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६० कात्तिक ३०, लुभु, ललितपुर । निधन : २०२८ जेठ ९, काठमाडौँ । **माता/पिता** : दुर्गादेवी, चिरञ्जीवी पौडेल । **शिक्षा** : डिप्लोमा (होमियोप्याथी) । **सेवा** : पत्रकारिता (गोरखापत्र) । **पहिलो रचना** : कवि (पद्य, शारदा, १९९१) । **कृति/सृजना** : तपस्वीको अनुभव (१९९३), ससुराली (हास्यव्यङ्ग्य नाटक, १९९४), राष्ट्रिय रामायण (पद्य, १९९६), माहुरी पालन (१९९९), श्री सीतास्तोत्र रामामृत महावीरमहिमा (२००३), भगवतीस्तोत्र (२०१०) । **सम्पादन/अनुवाद** : गोरखापत्र (१९९०) । **सम्पर्क ठेगाना** : पाटनढोका, ललितपुर । **फोन** : ५५२१२७२ ।

प्रेमविनोद नन्दन

(गीतकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ जेठ १९, बन्दीपुर, तनहुँ । **माता/पिता** : नन्दकुमारी श्रेष्ठ, मोतीलाल श्रेष्ठ । **शिक्षा** : स्वाध्याय (अनौपचारिक) । **सेवा** : निजी व्यवसाय, सामाजिक सेवा, गीतलेखन । **कृति/सृजना** : झटारो (गीतसङ्ग्रह, २०११), अञ्जली (कवितासङ्ग्रह, २०१५), सपनीबाट ब्यूँझेर (कवितासङ्ग्रह, २०२३), विपनीका पाइलाहरू (गीत-कवितासङ्ग्रह, २०५२) । **सम्पादन/अनुवाद** : मूलबाटो, मारुनी, दोभान, गोधुली (सामयिक सङ्कलन) । **पुरस्कार/सम्मान** : कविताका लागि राजा महेन्द्रबाट नगद पुरस्कार प्राप्त (२०११), समय समयमा साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत, नारायणी वाङ्मय पुरस्कार (२०५२), चितवन साहित्य परिषद्को प्रतिभा पुरस्कार (२०५२), छिन्नलता गीत पुरस्कार (२०५५), भरतपुर न.पा.द्वारा प्रतिभा पुरस्कार (२०५८), यति फाइनान्स पुरस्कार (हेटौँडा, २०५९) । चितवन वाङ्मय प्रतिष्ठानद्वारा अभिनन्दन (२०५२), रेडियो नेपालद्वारा विशिष्ट श्रेणीको गीतकारको सम्मान (२०५४), जनमत साहित्य सम्मान (२०५८), साधना सम्मान (काठमाडौँ, २०५९), दोभान साहित्य सम्मान (काठमाडौँ, २०५९), सिनर्जी सम्मान (२०६१) आदि सम्मानहरू । **हालको ठेगाना** : भरतपुर न.पा.-३, मेनरोड, नारायणघाट, चितवन । **फोन** : ०५६-५२०१८१ ।

प्रेमशान्ति तुलाधर

(समीक्षक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००७ फागुन १०, भोटाहिटी, काठमाडौँ । **माता/पिता** : ज्ञानदेवी स्थापित, मणिरत्न स्थापित । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, नेपालभाषा) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : जीवन व सङ्घर्ष (निबन्ध, नेवारी भाषा, सितु पत्रिका, २०२४) । **कृति/सृजना** : नेपालभाषाया काव्य परम्पराय् कवि 'व्यथित' या काव्य (शोधग्रन्थ, २०४५), न्हुवाखं पुचःगा बाखंत (समालोचना, २०४५), सुगत सौरभ महाकाव्यया बारे छुं (समालोचना, २०५५), नेपालभाषा साहित्यया इतिहास (साहित्यिक इतिहास, २०५६), जिगु सिर्जनाया पुचः (समालोचना, २०५६), नेवारजातिको चिनारी (२०६८), नेपाल भाषाको साहित्यको इतिहास । **सम्पादन/अनुवाद** : नेपालभाषा व थ्वया साहित्य विभागीय गोष्ठी (२०४६), लोक साहित्य (नेवारी, २०४९), विष्णु अल्पज्ञया - जिव जिया दुने (२०५१), तिमी मलाई चिन्ने छौ (२०५६), The Contemparary writings in Nepal Bhasha (अङ्ग्रेजी, २०५८), गुरुवाणी (२०६१),

लोकवार्ता (२०६७), नेपालभाषा (पत्रिका, २०६७) । **पुरस्कार/सम्मान :** चैन लाकौल सिरपा: (२०४४), महेन्द्र विद्याभूषण (२०४५), शिक्षा पुरस्कार (२०५५), दीर्घसेवा पदक (२०५६), श्रेष्ठ सिरपा (२०६४), जरिमैयाँ सिरपा (२०६७), पच्छिम लागा नेवा: पुच:को सम्मान (२०५७), भाषाथुवा: सम्मान लगायत अन्य । **हालको ठेगाना :** पशुपति सडक, ज्ञानेश्वर, काठमाडौँ । **फोन :** ४४१४४१९, ४४२००७९ ।

प्रेमसागर पौडेल (प्रभात शर्मा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० जेठ १, पैयूँ, बागलुङ । **माता/पिता :** जानकीदेवी शर्मा, टीकाराम शर्मा । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** पत्रकारिता । **कृति/सृजना :** नेपालमा शिक्षाका राष्ट्रिय उद्देश्य र नीतिहरू सङ्क्षिप्त सिंहावलोकन (शिक्षाशास्त्र, २०५२), आदर्श प्रेमपत्रहरू (चिठी, २०५६), नयाँ जीवन (उपन्यास, २०५६), नेपालमा गरीब किसानहरूको अवस्था र मुक्तिको प्रश्न (समाजशास्त्र, २०५६), सुदूर सुदूरको यात्रा (खण्डकाव्य, २०६०), नयाँ युगका गर्जनहरू (संस्कृति, २०६०) । **सम्पादन/अनुवाद :** तेस्रो सहस्राब्दी (विचारप्रधान मासिक), हाम्रो सहस्राब्दी (विचारप्रधान मासिक), बालप्रतिभा (मासिक), नेपाल एकता-दुईदशक विशेषाङ्क (संयुक्त सम्पादन), ती दश दिन जब दुनियाँ डगमगायो (अनु., २०५९), सहस्राब्दी ड्राइभिङ शिक्षा (२०६१) । **हालको ठेगाना :** पैयूँथन्थाप -४, बागलुङ । **फोन :** ४२५४४४९/ ४२६९५०४ ।

प्रेम सायमि (प्रेमनारायण मानन्धर)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००७ माघ १५, मोहरिया टोल, पोखरा । **माता/पिता :** देवमाया मानन्धर, बेखानारायण मानन्धर । **शिक्षा :** एम.ए. (नेपालभाषा) । **सेवा :** अध्यापन, समाचारवाचन, सम्पादन, अनुवाद, अभिनय । **पहिलो रचना :** मतिनाया किचलय् (निबन्ध नेवार भाषामा, 'ज:', २०३५) । **कृति/सृजना :** दोलखाया नेपालभाषा खँ पु मुना (ने.सं. ११०६), नेवा: नां मुना (ने.सं. १११७) । **सम्पादन/अनुवाद :** ज: (वार्षिक पत्रिका, २०३५) । **पुरस्कार/सम्मान :** अभिनयमा तृतीय (नाटक 'बलासा', २०३२), रजत जयन्ती सम्मान (सिद्धार्थ वनस्थली मा.वि. इन्स्टिच्युट, २०५५) । **हालको ठेगाना :** गोङ्गबु-४, ख घर नं. १०७, काठमाडौँ । **फोन :** ४३५४५६० ।

प्रेम सिलवाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ फागुन २०, थानापति, नुवाकोट । **माता/पिता :** मिश्री सिलवाल, शिवनाथ सिलवाल । **शिक्षा :** बी.कम. । **सेवा :** साहित्य, व्यवसाय । **पहिलो रचना :** बदाम र घाम : सरकारी काम (निबन्ध, गोरखापत्र, २०४८) । **कृति/सृजना :** खबरदारी सिंहलाई (कवितासङ्ग्रह, २०५६), बुख्याँचा (व्यङ्ग्यसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** नयाँ संविधान किन ? (२०६२), हाम्रो नुवाकोट सन्देश (२०५५) । **पुरस्कार/ सम्मान :** राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा द्वितीय पुरस्कार (२०५९) । **हालको ठेगाना :** गोङ्गबु, काठमाडौँ । **फोन :** ४३५३४७४, ९८४१२४०२४९ ।

प्रेमहिरा तुलाधर

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१२ मङ्सिर १२ मरुटोल, काठमाडौँ । **माता/पिता :** हेरालानी ताम्राकार, नीलवीरसिंह ताम्राकार । **शिक्षा :** एम.ए. (नेपालभाषा, अर्थशास्त्र) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** देवदत्त (धर्मकीर्ति पत्रिका, २०३०) । **कृति/सृजना :** विक्रम चरित व उकिया भाषाय् छ्पुलु (ह:पा: गुथि, असं २०४१), इलं ल्ह्यया ललित विस्तर (नेपालभाषा मिसा खल: जमल, २०५९) । **हालको ठेगाना :** का.म.न.पा. -३० असन, काठमाडौँ । **फोन :** ४२५३१७४ ।

प्रेमा शाह

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ मङ्सिर २५, श्रीपुर, वीरगञ्ज । **माता/पिता :** अम्बिकादेवी शाह, पूर्णेन्द्रविक्रम शाह । **शिक्षा :**

एम.ए. (नेपाली), डिप्लोमा बाटिक पेन्टिङ । **सेवा** : प्राध्यापन, सामाजिक सेवा । **पहिलो रचना** : दुई कविता (कविता, शारदा, २०१६) । **कृति/सृजना** : पहेंलो गुलाफ (कथासङ्ग्रह, २०२३), विषयान्तर (कथासङ्ग्रह, २०२८), आकाश विभाजित छ (उपन्यास, संयुक्त लेखन, २०३२), मन्टुको बज्यैको कथाको पेटारो (बालकथासङ्ग्रह, २०३८), रङ्गीचङ्गी कथाहरू (बालकथासङ्ग्रह, २०४०), मम्मी (उपन्यास, २०४०), आनन्दको आविष्कार, इन्द्रधनुष (बालकथासङ्ग्रह, २०४२), रामेको कथा (बाल उपन्यास, २०४२), भँगेरा (बालउपन्यास, २०४३), जिन्की र जोक्कर (बालकथासङ्ग्रह), बाल गीत भाग १ र २ । **सम्पादन/अनुवाद** : उज्यालो (बालपत्रिका), हिमानी, द्यौराली, जिन्की र जोक्कर (बालकथासङ्ग्रह) । **पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार (२०४५), मैना पुरस्कार (२०५९), नारी साहित्य प्रतिष्ठानबाट सम्मान (२०५९) । **हालको ठेगाना** : श्रीपुर, वीरगञ्ज, पर्सा । **फोन** : ५५४७८४८ ।

फणीन्द्र नेपाल

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ फागुन २१ गते, धुपू, सङ्खुवासभा । **माता/पिता** : जानुकादेवी नेपाल, हेमराज नेपाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सेवक बनेर विकास गरौं (कविता, रा.से.द., २०३३) । **कृति/सृजना** : तरलतावादको अर्थप्रकाश (परिचयात्मक लेखसङ्ग्रह, २०४४), फणीन्द्र नेपालका कविता (कवितासङ्ग्रह, २०४५), रामकृष्ण शर्माका कृति : अधीति र अभिवीक्षा (समालोचना, २०४६), कालरात्रिमा बिम्ब खोज्दै (कवितासङ्ग्रह, २०४८), नेपाल टिस्टादेखि सतलजसम्म (२०५५), सुस्तामा भारतीय अतिक्रमणको वास्तविकता (२०६२), ग्रेटर नेपालको बाह्रखरी (२०६३) । **सम्पादन/अनुवाद** : पूर्वार्द्ध (त्रैमासिक), एकीकरण (मासिक), नेपाल, द्यौराली, सिलसिला, सूक्ति सिन्धु र अन्य समालोचना (समालोचनासङ्ग्रह), नरहरि आचार्यका समालोचना (परिशीलन) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगिताहरूमा दुईपटक स्वर्णपदक, स्रष्टा पुरस्कार, राष्ट्रिय युवावर्ष मोती पुरस्कार, देवकोटा पदक, ललिता काव्य पुरस्कार । बहादुर शाह राष्ट्रिय गौरव सम्मान (२०५४) ।

हालको ठेगाना : भद्रकाली -६, हात्तीगौँडा, काठमाडौँ । **फोन** : ४४९६१०४, ९८५१०७१०५१ ।

फणीन्द्ररत्न वज्राचार्य

(कोशकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८७ फागुन ३०, भवाबहाल, काठमाडौँ । **माता/पिता** : सिलुकुमारी वज्राचार्य, ज्योतिरत्न वज्राचार्य । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, प्रशासन, सूचना विभाग, संस्कृति मन्त्रालय (उपसचिव) । **पहिलो रचना** : आमन्त्रण (कविता, धर्मोदय पत्रिका, वि.सं. २००५) । **कृति/सृजना** : चुलि (कवितासङ्ग्रह, ने.सं. १०७८), तिमिला (कवितासङ्ग्रह, ने.सं. १०७८), स्वांसिन्ह: (निबन्धसङ्ग्रह, ने.सं. १०८०), तयुजू (निबन्धसङ्ग्रह, ने.सं. १०८९), क्वाति (निबन्धसङ्ग्रह, ने.सं. ११००), पौ दु:ख सुखमागु (निबन्धसङ्ग्रह, ११०१), च्वापुमा ज: (कथासङ्ग्रह, ने.सं. ११०७), शालिग्राम (कथासङ्ग्रह, ने.सं. ११०८), बुद्ध व धर्म (निबन्धसङ्ग्रह, ने.सं. १११४), जिगु खँ (निबन्धसङ्ग्रह, ने.सं. १११६), आनन्दमुनी वज्राचार्यया जीवनय् छपलु (जीवनी, ने.सं. ११११), बद्रीरत्न वज्राचार्यया सफू म्हसिके (समीक्षासङ्ग्रह, ने.सं. १११४) नेपालभाषा परिषद् छपलु म्हसिका (निबन्धसङ्ग्रह, ने.सं. १११९), सफू पिका:पिं वज्राचार्यपिं (लेखक परिचय), म्हसिका धल: (लेखक परिचय, २०५९), आदि सबै कृतिहरू नेपालभाषामा लेखिएका । **सम्पादन/अनुवाद** : साहित्य मा: (बालसाहित्य भाग १-३, ने.सं. १०८७), हृदयया झङ्कार (गीत, चित्तधर हृदय, ने.सं. ११०६), चित्रया चिन्तना : हृदयया रचना (विविध, चित्तधर हृदय, ने.सं. ११०७), सिद्धिचरणया ग्वमुस्वां (कविता, ने.सं. १११०), सिद्धिचरणया निबन्ध (ने.सं. ११११), नारी-हृदय (कथा र एकाङ्की, ने.सं. १११२), उत्तराविलाप (महाकाव्यको अंश, ने.सं. १११३), सिद्धिचरणया घ:मा: (भूमिकासङ्ग्रह, ने.सं. १११३), मणिहर्ष ज्योति स्मृतिग्रन्थ (ने.सं. १११५), प्रवज्या संवर लुमंका -२ (ने.सं. १११६), म्ह पूजाया विधि (म्ह पूजाको पद्धति, ने.स. १११८), मोतीलक्ष्मी उपासिका स्मृतिग्रन्थ (ने.सं. १११९), आदि कृतिहरू सम्पादन । धर्मोदय (मासिक पत्रिका, २०१४), नसंचा (त्रैमासिक पत्रिका, २०१६), नेपाल (द्वैमासिक पत्रिका, २०३९), चित्तधर हृदय स्मृतिग्रन्थ (ने.सं. ११०४) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (२०२४), शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (२०४०), दुर्गम सेवा पदक (२०४२), जानपद सेवा पदक (२०४८), नेवा: हना सिरपा (२०५३), गद्दीआरोहण रजत-

महोत्सव पदक (२०५३)। **हालको ठेगाना** : च २, ५६८ झवाबहाल, काठमाडौँ -२७। **फोन** : ४२२९२९५।

फणीन्द्रराज काफ्ले

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ जेठ १, मगरस्वारा वानेथोक द्यौराली, स्याङ्जा। **माता/पिता** : टीकाकुमारी, उमापति उपाध्याय। **शिक्षा** : स्नातकोत्तर (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : साधारणीकरण (समीक्षात्मक लेख, लालुपाते, २०२४)। **कृति/सृजना** : नेपाली कवितामा राष्ट्रियता (समीक्षा, २०२८), अनिवार्य नेपाली व्याकरण (व्याकरण, २०३७), साहित्यका केही सैद्धान्तिक पक्ष (२०४५)। **सम्पादन/अनुवाद** : प्रकम्पन, दोभान, लालुपाते आदि। **हालको ठेगाना** : पकनाजोल, काठमाडौँ। **फोन** : ४३८२७३०, ९८४१२०१८७२।

फणीन्द्रराज खेताला (भट्टराई)

(कवि/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९ असोज १३, सल्लाघारी, ठमेल, काठमाडौँ। निधन : २०६७ माघ १ गते। **आमा-बाबु** : दिव्यकुमारी, भुवनराज भट्टराई। **शिक्षा** : स्नातक, कृषि विशारद। **सेवा** : अध्यापन। **पहिलो रचना** : पैसा (कविता, वि.सं. १९९४)। **कृति/सृजना** : सीता स्वयंबर (पूर्णाङ्की नाटक, २००६), विजय (नाटक, २०१९), छाँगो र छायाँ (कवितासङ्ग्रह, २०२८), नागफनी र स्वास्नीमान्छे (एकाङ्कीसङ्ग्रह, २०२८), मूर्ति बोल्छ (एकाङ्की सङ्ग्रह, २०४३), प्रेमका कविता (२०४४), आफैलाई टेकेर हिँड्दा (संस्मरण, २०६२), खेतालाका कविता (कवितासङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद** : नव पद्य सङ्ग्रह (२००९), फिलिङ्गो (दैनिक, २०१६)। **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक, ("सिपाही" पत्रिकाको पदक दुईपटक, २०४४), दीपस्मृति पुरस्कार (२०५२), वेदनिधि पुरस्कार (२०५६), रुद्रराज पुरस्कार (२०६१, भवदेव पन्त पुरस्कार (२०६१), जगदम्बाश्री पुरस्कार (२०६१)। चारु मित्र समूह, पशुपति मित्र मा.वि., सिफल युवा क्लब, पशुपति अल्मुनाई, एसोसियसन, आह्वान समूह, बूढानीलकण्ठ स्कुल, कवि शिरोमणि लेखनाथ रथारोहण स्वर्ण जयन्ती समारोह समिति आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान। **हालको ठेगाना** : ज्योतिकुञ्ज घ ७६/१३, कुमारीगाल, आदर्श गल्ली, काठमाडौँ। **फोन** : ४४७८०७३।

फत्तेबहादुर सिंह

(कवि, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०२२ बछलागाः १३, थायमदु, काठमाडौँ। निधन : २०४० जेठ २१। **माता/पिता** : देवलानी सिंह, कुलदिप सिंह। **शिक्षा** : अङ्ग्रेजी। **सेवा** : साहित्यिक पत्रकारिता। **पहिलो रचना** : बांमलागु चाल (कविता, बुद्धदर्शन, नेपालभाषा, ने.सं. १०५०)। **कृति/सृजना** : वनवासया छगू खँ (खण्डकाव्य, ने.सं. १०६८), जीवन खुशी (ने.सं. १०७०), चर्पट मञ्जरी (२००६)। **सम्पादन/अनुवाद** : नेपाली विहार (कवितासङ्ग्रह (ने.सं. १०५९), नेपालभाषा पत्रिका (ने.सं. १०७५), । **पुरस्कार/सम्मान** : भाषारत्न।

फत्तेमान राजभण्डारी

(गायक)

जन्म/स्थान : वि.सं. १९९३ मङ्सिर १३, पाःचाटोल, पशुपति, काठमाडौँ। **माता/पिता** : पूर्णमाया, जितमान राजभण्डारी। **शिक्षा** : साधारण, स्वाध्याय। **सेवा** : गायन, सङ्गीत, प्रशिक्षक। **पहिलो रचना** : २०१८ देखि रेडियो नेपालमा गाउन थालेको। **कृति/सृजना** : गीतिएल्बम : सन्त हृदय (नेपाली भजन, २०५७), देऊ दर्शन (२०५७), प्रेमपीडा (२०५८), गायक फत्तेमान साँझ कार्यक्रम एलबम (२०५९) लगायत अन्य ४०० भन्दा बढी गीतहरू रेकर्ड भएको साथै करिब ४ दर्जनभन्दा बढी गीतहरूमा सङ्गीत भरेको। डेढ दर्जनजति गीतरचना। विभिन्न अवसर तथा स्थानहरूमा एकल गायन कला प्रस्तुत गरेको। **पुरस्कार/सम्मान** : गीत रचना- स्वर्णपदक (नेपालभाषा 'ताचाप्वायँ' को लागि २०१३), आधुनिक गीत प्रतियोगितामा प्रथम तथा स्वर्णपदक (रेडियो नेपाल, २०२५), शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय गीत प्रतियोगितामा प्रथम (२०३२), छिन्नलता गीत पुरस्कार (२०५२), गद्दीआरोहणको रजत-महोत्सव पदक (२०५३), प्रबल गोरखा दक्षिणबाहु मानपदक (२०५५), वीरेन्द्र-ऐश्वर्य सेवा पदक

(२०५८), इमेज अवार्ड (२०६०), भूपालमानसिंह कार्की सङ्गीत पुरस्कार (२०६१), साधना सम्मान (२०५५), सङ्गीत साधना केन्द्र, धरानद्वारा सम्मान (२०५८), शम्भुप्रसाद मिश्र स्मृति सम्मान (२०५९), नेवा: पुच नारायणघाटद्वारा सम्मान (२०५९), सुमन सांस्कृतिक साँझ सम्मान (२०५९), नारायणगोपाल सङ्गीत कोष स्वर सम्राट् स्मृति सम्मान (२०५९), कृष्ण प्रणामी युवा परिषद्द्वारा सम्मान (२०५९), रेडियो नेपालबाट सम्मान (२०५९), यति नेपाली एसोसियसन यु.के., लन्डनबाट सम्मान (२०६०), निर्माण प्रकाशन, नाम्ची, सिक्किमबाट सम्मान (२०६०), एभरेस्ट फाउन्डेसन नेपालद्वारा सम्मान (२०६०), नेपालभाषा मंका खल:द्वारा सम्मान आदि तथा पटक-पटक विभिन्न सङ्घसंस्थाहरूबाट अभिनन्दन । **सम्पर्क ठेगाना :** पा:चाटोल, देवपतन, पशुपतिक्षेत्र, काठमाडौँ । **फोन :** ४४८०३६७ ।

बखतबहादुर थापा

(उपन्यासकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२२ माघ २९ गमौडी, साजाकाँध, दैलेख । **माता/पिता :** विष्णा थापा, मोतीराम थापा । **शिक्षा :** साधारण । **सेवा :** इलेक्ट्रोनिक (कम्प्युटर टेक्निसियन) । **पहिलो रचना :** दैलेख (कविता, तारापुञ्ज वार्षिक पत्रिका, २०५५) । **कृति/सृजना :** परदेश (उपन्यास, २०५८), कुहिरो र काग (उपन्यास, २०६१), आघात (कथासङ्ग्रह, २०६२), कालचक्र (उपन्यास, २०६४) । **हालको ठेगाना :** गमौडी-८, दैलेख / घट्टेकुलो, काठमाडौँ । **फोन :** ०१-४४३७४८०, ९८४१२६५१६८ ।

बखतवीर बूढापिर्थी

(सङ्गीतकार, पियानोवादक)

जन्म/स्थान : इ.सं. १९१४, भुरुङखेल, काठमाडौँ । निधन : इ.सं. १९७७ । **शिक्षा :** नेपाली सङ्गीतमा स्वरलिपि प्रयोगकर्ता । **सेवा :** सैनिक वाद्यमण्डली । **कृति/सृजना :** थुप्रै परेडधुन सिर्जना गरेको, राइफल, तोपखाना, वीरगञ्ज, स्वयम्भू, भीमटार, महेन्द्र, हजमनिया नामक सलामी धुनका स्रष्टा एवं शाहकालीन राष्ट्रियगान 'श्रीमान् गम्भीर ... ' का सङ्गीतस्रष्टा ।

बच्चुकैलाश बस्नेत

(गायक)

जन्म/स्थान : वि.सं. १९९५ साउन १५, छोरम्बु, सापतेल, खोटाङ । **शिक्षा :** स्नातकोत्तर (त्रि.वि.) । **सेवा :** 'जी' शाहका सङ्गीतगुरु । **कृति/सृजना :** टाढा टाढा जानु छ साथी एकफेर हाँसिदेऊ लगायत दर्जनौँ कालजयी गीतहरू गायन (रेकर्ड) । **हालको ठेगाना :** काठमाडौँ । **फोन :** ४४१९६२४ ।

बत्सगोपाल वैद्य

(चित्रकार)



जन्म/स्थान : वि.सं. २००३ कात्तिक ५, पाटन सौगलटोल, ललितपुर । **माता/पिता :** पूर्णमाया वैद्य, कृष्णगोपाल वैद्य । **शिक्षा :** जी.डी. आर्ट (वम्बई) । **सेवा :** सरकारी सेवा (कला अधिकृत), वाद्यवादन । **पहिलो रचना :** इ.सं. १९७० देखि कलाकारिता क्षेत्रमा संलग्न । **कृति/सृजना :** सिर्जनात्मक क्रियाकलाप किन ? (२०५५), क्रियटिभ एक्स्प्रेसन थ्रो आर्ट (इ.सं. २००१), २०२० सालदेखि सांस्कृतिक बाजा दमोखिं बजाउँदै आएको, एकल कलाप्रदर्शनी (इ.सं. १९८९/९१/९३), सामुकि कलाप्रदर्शनी (काठमाडौँ, पोखरा, यु.एस.एस.आर., इ.सं. १९७५, जापान, अष्ट्रेलिया, बेलायत) । **पुरस्कार/सम्मान :** पोस्टर प्रतियोगितामा प्रथम (२०३१), प्रथम पुरस्कार (राष्ट्रिय प्रदर्शनी, २०२७), वीरेन्द्र कला पदक (२०३४), स्वर्ण पदक (प्रथम द्विवार्षिकी प्रदर्शनी, बङ्गलादेश, २०३८), गोरखा दक्षिणबाहु चौथा (२०५०) । **हालको ठेगाना :** सौगल, ललितपुर । **फोन :** ५५२६०४२ ।

बदरीनाथ भट्टराई (हिमनाथ)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६५ कात्तिक कृष्णाष्टमी, इन्द्रचोक, काठमाडौँ । निधन : २०५२ माघ ४ । **माता/पिता :** भूमिकुमारी भट्टराई, दामोदर भट्टराई । **शिक्षा :** साहित्यशास्त्री, धर्मशास्त्राचार्य । **सेवा :** भाषा, साहित्य, प्राध्यापन । राजा वीरेन्द्रद्वारा नगद र दोसल्लासहित विद्वद्सम्मान (२०५१) । **पहिलो रचना :** मूलबाटो (कथा, शारदा पत्रिका, २००१) ।

कृति/सृजना : पच्चीस प्रबन्ध (प्रबन्धसङ्ग्रह, २००८), नेपालका तारा (प्रबन्ध, लेखसङ्ग्रह), कादम्बरी (नाटक, २००८), पौराणिक कहानी (२०१०), पौराणिक कहानी (२०१०), सिन्धुलीको झलक (खण्डकाव्य, २०१५), ऐतिहासिक कहानी (२०१५), आत्मपुराण, धर्मबोध (भाग, १,२,३,४,५), अनुवाद प्रकाशिका, अनुवाद बोधिनी, प्रबन्ध पल्लव (२०१९), पैराणिक कथा (कथासङ्ग्रह), संस्कृत साहित्यको सिंहावलोकन (समीक्षा, २०२०), वैदिक कहानी (२०२९), ईश्वर कसरी मान्ने ? (निबन्धसङ्ग्रह, २०३१), ईश्वरको सेवा किन गर्ने ? (निबन्धसङ्ग्रह, २०४०), पन्ध्र प्रबन्ध (प्रबन्धसङ्ग्रह), उद्योगधन्दा (सहलेखन, श्यामदास वैष्णव पनि), पौराणिक कथा (सहलेखन) । **सम्पादन/अनुवाद :** नेपाली गद्यसङ्ग्रह (भाग १, १९९८), नेपाली पद्यसङ्ग्रह, भाग १, २, ३ (१९९८, १९९९, २०११), शान्ति (पत्रिका, २०१४) आदि सम्पादन । हरिस्तुति (२०२८), विद्यागीता (२०२८), गजेन्द्रमोक्ष (२०३१), योग वाशिष्ठ (२०३१), स्तुतिधारा (भाग १-२, २०३३), देवीगीता, हंश गीता र भिक्षुगीता (२०३३), रामगीता (२०३४), ब्रह्मगीत (२०३४), विचार चन्द्रोदय (२०४६), शाकरी अमृत धारा आदि अनूदित । **पुरस्कार/सम्मान :** आत्म पुराण (२०३१), गुणराज पुरस्कार (२०३८), वेदनिधि पुरस्कार (२०४५), आदिकवि भानुभक्त स्मृति पुरस्कार (२०५१) । **सम्पर्क ठेगाना :** नागपोखरी, नक्साल, काठमाडौँ ।

बद्री अधिकारी

(नाट्यकर्मी/चलचित्र निर्देशक)



जन्म/स्थान : वि.सं. २०१४ फागुन २९, पोखरिया, विराटनगर । **माता/पिता :** दिव्यश्वरा अधिकारी, यज्ञबहादुर अधिकारी । **शिक्षा :** स्नातक । **सेवा :** रङ्गमञ्च, नेपाली नाट्य लेखन, निर्देशन, अभिनय, शिक्षाक्षेत्र । **पहिलो रचना :** यहाँ मरे बाँचिन्छ (पूर्णाङ्की नाटक लेखन, अभिनय, निर्देशन, २०३१) । **कृति/सृजना :** भीडमा हराएको मान्छे (नाटक, लेखन/निर्देशन/अभिनय, ने.रा.प्र.प्र., २०३७), राजा इपिडस (२५०० वर्ष अघि लेखिएको ग्रीक कालीन नाटक), लगायत दर्जनौं विश्व प्रसिद्ध विदेशी नाटकको नेपाली रूपान्तर नाटकहरूमा प्रमुख पात्रको रूपमा अभिनय, साथै प्रतिभा आकाश माग्छे, मूल सडककी आमा, र यसकारण रिसाउँछ कुमार, शान्ति क्षेत्रको बालक (बाल नाटक), भीडमा हराएको मान्छे, वनदेवी, आवाज (मुक नाटक) इत्यादि नाटकहरूमा अभिनय । मौन आकाश, कोरस, शान्ति क्षेत्रको बालक, अविरल बग्दछ इन्द्रावती, सहयात्री आदि टेलिशृङ्खलाहरू निर्माण, निर्देशन, अभिनय तथा लेखन । दुश्मन, चक्रव्यूह (२०५८), लडाइँ, इन्द्रावती (२०६०), ज्यान हाजिर छ, आवाज लगायत थुप्रै ठूला पर्दाको चलचित्रहरू निर्देशन, अभिनय । **हालको ठेगाना :** आरुबारी, काठमाडौँ । **फोन :** ४४७८१२२, ९८४१३२२००१ ।

बद्री पलिखे (बद्रीमोहन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ जेठ ३०, धरान -७, सुनसरी । **माता/पिता :** इन्द्रकुमारी पलिखे, सुरतमान पलिखे । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, सामाजिक सेवा । **पहिलो रचना :** चक्रव्यूह (कविता, झुत्रो सामयिक सङ्कलन, वर्ष १, २०२६) । **कृति/सृजना :** कालचक्र (मुक्तकसङ्ग्रह, २०५०), मौन अनुहारहरू (कवितासङ्ग्रह, २०५३), सुनसरीका प्रतिभाहरू (खोजमूलक सङ्ग्रह, २०५३), मन्जुरीनामा (मुक्तकसङ्ग्रह, २०५८), शान्तिस्तूप (कवितासङ्ग्रह, २०५९), मनस्थिति (लघुकथा, २०६०), केही आकृति केही अनुभूतिहरू (संस्मरण र अनुभूतिहरू, २०६१), यात्रा गोलार्द्ध (यात्रा अनुभूति, २०६२), केही व्यक्ति : केही स्मृति (संस्मरण र अनुभूति, २०६२) । **सम्पादन/अनुवाद :** झटारो (गोजिका, २०३०), पञ्चस्वर (सामयिक, २०३६), पञ्चेश्वर (सामयिक सङ्कलन, २०३६), मोती (वार्षिक मुखपत्र, २०३८) हिमवाणी (साप्ताहिक, २०४८), नव प्रयास (साहित्यिक समाचार पत्र (२०५२), सडक (कवितासङ्ग्रह, २०४८), भिन्तुना (नेवारी पत्रिका, २०५०), शब्दास्त्र (साहित्यिक समाचार पत्रिका (२०५९), लगायत अन्य केही स्मारिका तथा मुखपत्रहरू सम्पादन । **पुरस्कार/सम्मान :** राष्ट्रिय शिक्षा पुरस्कार (२०३७), वासु शशी स्मृति पुरस्कार (२०५८), मोहन रेग्मी स्मृति सम्मान र पुरस्कार (२०५६) । नवरङ्ग सम्मान (धरमपुर, २०५२), स्व. विमला गुरुङ स्मृति सम्मान (२०६०), धरान महोत्सव अभिनन्दन (२०५८) । **हालको ठेगाना :** धरान ९/२८ पुतलीबजार, सुनसरी । **फोन :** ०२५-५२३०५१ /५२०२६७ ।

बद्री खड्गी 'वेदना'

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१९ माघ ९, भोंसिको टोल, न्यूरोड,

काठमाडौँ । **माता/पिता** : मैया खड्गी, तुलसीनारायण खड्गी । **शिक्षा** : आई.ए. । **पहिलो रचना** : नयाँ सन्देश पत्रिका (कविता, २०३९) । **कृति/सृजना** : पलेस्वां (गजलसङ्ग्रह, २०६०), सन्ध्याया ई (हाइकु मुना (ने.सं. ११२५), जिगु नुग: 'संस्कृति लुमंका' मेनजा मुना (ने.सं. ११२५), भत्किएका पाइला (गीतसङ्ग्रह, २०६२) । *गीत लेखन-रेकर्ड : भिडिओ फिल्म* : अधुरो प्रेम (२०४५), न्हिला न्हिला हुँ (नेवारी, २०४६), जीवन यात्रा (२०४६), तिनी को हुन् ? (नाटक, २०४७) । *सी.डी. तथा अडियो चक्काहरूमा :* वल छंगु किच: ल्यू ल्यू जिगु (ने.सं. १११०), लूज: (ने.सं. १११०), रोज (गीतिएल्बम, २०५४), विजय (नेपाल भाषा, २०५७), मतिना (२०५८), मेमोरी (२०५९), फेन्टास्टिक (गीतिएल्बम, २०६०) । *ठूलो पर्दाका चलचित्र :* मनको राजा (२०५६), देशद्रोही (२०५७) । **सम्पादन/अनुवाद** : गुँजला मासिक (ने.सं. ११२५) । **पुरस्कार/सम्मान** : कविता सम्मेलनमा प्रथम (विराट नेवार भाषा सम्मेलन गुठी, ने.सं. ११२४), ह:पा: सिरपा (ने.सं. १११६) । **हालको ठेगाना** : सुविधानगर, काठमाडौँ । **फोन** : २०५२०६७ ।

बद्रीप्रसाद शर्मा बिनाडी

(कोशकार, डोटेलीभाषा)



जन्म/स्थान : वि.सं. २०१५ माघ २७, जोराघाट, डोटी । **माता/पिता** : तुलछीदेवी बिनाडी, भीमलाल बिनाडी । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : विद्याको महिमा (सगरमाथा, नेपाली विद्यार्थी सङ्घ, हरिद्वार, भारत, २०३६) । **कृति/सृजना** : डोटेली भाषिकाको शब्दकोश (२०५५) । **सम्पादन/अनुवाद** : अर्चना (२०४३), अङ्कुर (२०४४), सङ्गम, मर्यादा, जदौ, सुरभि । **हालको ठेगाना** : सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर, कन्चनपुर /सातफरी -४, डोटी । **फोन** : ०९४-५२४२४२ ।

बद्रीप्रसाद दाहाल 'भस्मासुर'

(व्यङ्ग्यकवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ पुस २७, नेवारपानी सुनौला बजार धादिङ । **माता/पिता** : देवकुमारी दाहाल, गङ्गादत्त दाहाल । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : गङ्गा (शोककाव्य, २०४०) । **कृति/सृजना** : हेनरी ड्युना (स्मृतिकाव्य, २०४६), भस्मासुरका खितका (व्यङ्ग्यनिवन्ध, २०५७), डिवडिवे (व्यङ्ग्य कविता गीतसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : भैरवी (साहित्यिक पत्रिका, २०३६) । **पुरस्कार/सम्मान** : शैक्षिक योगदानमा राष्ट्रिय पुरस्कार (२०४५), शिक्षा कार्यालय धादिङबाट अभिनन्दित (२०६०) । **हालको ठेगाना** : नीलकण्ठ -५ धादिङ । **फोन** : ०१०-५२०२१३ ।

बद्री भिखारी (बद्रीप्रसाद पोखरेल)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१७ पुस १५, माम्खा, ओखलढुङ्गा । **माता/पिता** : पुण्यकुमारी पोखरेल, काशीनाथ पोखरेल । **शिक्षा** : प्रमाणपत्र तह । **कृति/सृजना** : हत्केलाभरिका रेखाहरू (मुक्तक-सङ्ग्रह, २०४२) । **सम्पादन/अनुवाद** : पालुवा (हवाईपत्रे पत्रिका), तरङ्ग (गोजिका पत्रिका) । **हालको ठेगाना** : दुलारी गाउँ -१, विराटनगर, मोरङ । **फोन** : ०२१-५२७७४७ ।

बद्रीरत्न वज्राचार्य (बद्री गुर्जु)

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९९० मुख:अष्टमी, तेबहाल, काठमाडौँ । **माता/पिता** : बेटीमाया वज्राचार्य, देवरत्न वज्राचार्य । **शिक्षा** : स्वाध्याय, धर्मदर्शन, ज्योतिष । **सेवा** : बौद्ध पण्डित, बौद्ध कर्मकाण्डमा आचार्य (पुरोहित), प्राध्यापन । **कृति/सृजना** : *नेपालभाषा तथा संस्कृतमा* : नेपाली जनजीवनमा क्रियापद्धति (ने.सं. १०८३), मञ्जुश्री गुरु (ने.सं. १०९२), प्राणीसेवा (कविता ने.सं. १०९२), नमो वागीश्वराय (गर्तेश्वर माहात्म्य, ने.सं. १०९३), शृङ्गभेरी (ने.सं. १०९४, श्री आर्यतारादेव्यै व्रतविधिकथा (ने.सं. ११०१), श्री अमोघपाश लोकेश्वरया व्रतविधि कथा (ने.सं. ११०१), श्री

भद्रकालिका लुँमधी अजिमाया वंशावली (ने.सं. ११०१), षट्‌त्रिंशात्मक पूजाया महत्त्व (वि.सं. २०३८), सङ्क्षिप्त वासिष्ठावदान (ने.सं. ११०१), नागार्जुन पर्वत नागार्जुन सिद्ध (ने.सं. ११०३), वसुन्धरादेवीया व्रतविधि कथा (ने.सं. ११०३), दुर्गतिपरिशोधन (ने.सं. ११०८), जामन: गुभाजु (ने.सं. १११३), हारीतिमां (ने.सं. १११६), दुर्गति परिशोधन मण्डल पाठपूजा कथा (ने.सं. १११९), पञ्चदान विवरण, नेपालको बौद्ध कर्मकाण्ड प्राथमिक तह र माध्यमिक तह, बौद्ध पूजाविधि, आर्यातार पूजाविधि, आगमशास्त्र, दशकर्म संस्कार धर्म आदि थुप्रै कृतिहरू । **सम्पादन/अनुवाद :** श्री स्वयम्भू महापुराण (अनु. ने.सं. ११०३), भैरव पूजाविधि । **पुरस्कार/सम्मान :** धनवज्र वज्राचार्य राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), गोरखा दक्षिणबाहु चौथो (२०६१), लस एन्जल्स, अमेरिकाबाट 'धर्मपाल' उपाधि प्राप्त (इ.सं. २००३) । **हालको ठेगाना :** महाबौद्ध, काठमाडौँ । **फोन :** ४२४७७६६ ।

बद्रीविनोद प्रतीक

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ मङ्सिर १८, फल्याङ्कोट (थुम्को), कास्की । **माता/पिता :** विष्णुमती खनाल, भद्रकृष्ण खनाल । **शिक्षा :** एम.ए. (भूगोल), बी.एड. । **सेवा :** अध्यापन । **पहिलो रचना :** सफल जिन्दगी (कथा, साकार, २०३२) । **कृति/सृजना :** स्वीकार (उपन्यास, २०३४), झरेको पात (उपन्यास, २०४६) । **सम्पादन/अनुवाद :** मुस्कान (त्रैमासिक), धरा (त्रैमासिक), आह्वान (साप्ताहिक) । **पुरस्कार/सम्मान :** अञ्चलव्यापी साहित्य सम्मेलनमा प्रथम पुरस्कार (२०३२) । **हालको ठेगाना :** पोखरा नगरपालिका-१२, कुँडहर, कास्की । **फोन :** ०६१-५६०२११८१ ।

बद्रीविशाल पोखरेल

(कवि/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० असार १५, दिङ्ला, भोजपुर । **माता/पिता :** हरिमाया पोखरेल, घनश्याम पोखरेल । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन, साहित्य । **पहिलो रचना :** तैपनि अक्षरहरू बोलेनन् (कविता, पीपल, २०३०) । **कृति/सृजना :** अचेतन मनहरू (कवितासङ्ग्रह, २०५८), पारिजात : जीवनी, कृतित्व र कवितायात्रा (समालोचना, २०६५), प्रगतिवादी कविता : सिद्धान्त र प्रवृत्ति (समालोचना, २०६६), स्रष्टा ध्वस्त सालिक र आहत मनहरू (निबन्धसङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** निष्ठा र प्रलेस (समसामयिक साहित्यिक पत्रिका), सुनसरीको कम्युनिष्ट आन्दोलनको इतिहास । **पुरस्कार/सम्मान :** उत्कृष्ट कृति पुरस्कार (सुनसरी, २०५८) । **हालको ठेगाना :** इटहरी न.पा. -५, सुनसरी । **फोन :** ०२५-५८०३०७, ९८४२१७५९८२ ।

बमप्रसाद श्रेष्ठ

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ भदौ ३०, जलजला, तेह्रथुम । **माता/पिता :** सुभद्रालक्ष्मी, अरिमर्दन श्रेष्ठ । **शिक्षा :** एम.एस्सी. (वनविज्ञान), बी.एल. । **सेवा :** निजामती सेवा, चित्रकला, अभिनयकला । **पहिलो रचना :** जुम्लाको बहुउद्देश्यीय उद्योग (लेख, गोरखापत्र, २०२२) । **कृति/सृजना :** रीता (उपन्यास, २०२४), वाग्मतीको किनार (नाटक, २०३३), रश्मि (उपन्यास, २०३९), आफ्नो कथा आफ्नै व्यथा (टेलिफिल्म), गाजली (उपन्यास, २०५५), माटो संरक्षण (इ.सं. १९६७), फरेस्ट प्लान्ट्स् अफ नेपाल (इ.सं. १९८९), सरस्वती लक्ष्मी (उपन्यास, इ.सं. २००२) । एक चित्रकलाप्रदर्शनी (इ.सं. १९९१), राष्ट्रिय कलाप्रदर्शनीमा सहभागी । आफ्नो कथा आफ्नो व्यथा (टेलिचलचित्र, इ.सं. १९९३) । मौसमी रिमझिम (गीतिएल्बम, इ.सं. १९९८) ॥ । **पुरस्कार/सम्मान :** शुभराज्यभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (२०३२), जानपद सेवा पदक (२०३५) । साहित्यिक योगदानका लागि सम्मान (२०६१) । **हालको ठेगाना :** २०२/० ग, सानेपा, ललितपुर । **फोन :** ५५२२३५४, ९८०३०४०९८८ ।

बमबहादुर थारू

(कवि, थारू भाषा)

जन्म/स्थान : २०१२ साउन २३, गजेडी, गाउँटोल, बकुलगाढ, रूपन्देही । **माता/पिता :** डुठिया थारू, जालीप्रसाद थारू । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** अध्यापन । **पहिलो रचना :**

चौताल-करेजाफार गीत (२०२८)। **कृति/सृजना :** टाइगर, हथगोला, रसभरी, ई जिन्दगी आँसुका थोपाहरू, समाज सोहानी झुपडा, कितबिया निसानी, हुलुकबान। छवटा एल्बममा गीत रचना। **सम्पादन/अनुवाद :** थारू साहित्य (२०४२), थारू भित्तेपात्रो, पहिलपरग (पत्रिका)। **पुरस्कार/सम्मान :** नेपाल भोजपुरी प्रतिष्ठानद्वारा सम्मान। थारू जनकवि। **हालको ठेगाना :** गजेडी-२, रूपन्देही। **फोन :** ९८४७२४५१०८।

बमबहादुर थापा 'जिताली'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० जेठ ३०, जिता -८, चिन्ने, लमजुङ। **माता/पिता :** वसुन्धरा थापा, प्रेमबहादुर थापा। **शिक्षा :** एम.ए., बी.एड. (नेपाली), विद्यावारिधि। **सेवा :** सञ्चार, प्राध्यापन। **पहिलो रचना :** सृष्टिमा पार्वतीको दृष्टि (हास्यकथा, परिवार पत्रिका, २०३३ असोज)। **कृति/सृजना :** वसुन्धरा (कवितासङ्ग्रह, २०४५), धोती न टोपी (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०४९), जापानी छन्दमा नेपाली कविता (२०६४), छत्तीस छन्दको छहरा (२०६७), औचित्यवादको आलोकमा लेखनाथ र उनका कविता (२०६६)। थुप्रै गीतरचना रेकर्ड भएको। **सम्पादन/अनुवाद :** झङ्कार (अर्धवार्षिक, रेडियो नेपाल)। **पुरस्कार/सम्मान :** कविता सम्मेलनमा दोस्रो तथा रजत पदक (अन्तर्राष्ट्रिय शान्ति वर्षको उपलक्ष्यमा काठमाडौँ, २०४३), अम्बा श्रेष्ठ प्रतिभा पुरस्कार (२०४५), हास्यव्यङ्ग्य पुरस्कार (गाईजात्रा महोत्सव, २०४५), सिपाही पुरस्कार (२०४५, २०५२, २०५६ र २०६०), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), भानुमोती पुरस्कार (२०५६), डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति पुरस्कार (२०६१), रत्न श्रेष्ठ पुरस्कार (२०६७), उदयानन्द पुरस्कार (२०६८) आदि। **हालको ठेगाना :** रानीवन, काठमाडौँ (jitalibam@gmail.com)। **फोन :** ९८४१४९१०८१।

बलदेव अधिकारी 'गाउँले'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ जेठ ५, सुनौला बजार, धादिङ। **माता/ पिता :** गङ्गादेवी अधिकारी, ज्ञानेन्द्रप्रसाद अधिकारी। **शिक्षा :** एम.ए. (नेपाली), शास्त्री, विद्यावारिधि (शोधार्थी)। **सेवा :** अध्यापन, प्राध्यापन, लेखन। **पहिलो रचना :** ढलबहादुर (कविता, २०२८)। **कृति/सृजना :** शारदाको नेपाल (खण्डकाव्य, २०४३), दाम्पत्य (खण्डकाव्य, २०४४), भाषा-वन्दना (गीतिव्याकरण, २०४४), ललित व्याकरण (गेय तथा हास्यव्याकरण, २०४५), मेरो राजा (२०५८), गाउँलेको घाउ (२०५६), म तिम्रो यमदूत, तिमी मेरो यमदूत (२०५९), त्रिफला (२०५९), नैकापको घर (२०६३), तोरीको फूल (२०५७), पूतना र प्रजातन्त्र (२०५७), धूमा (२०५९), मीठो नेपाली बोली (१-३ भाग, २०६२), मीठो नेपाली बोली (कक्षा २-३), आधारभूत नेपाली विवेचना, आधारभूत नेपाली सिर्जना तथा बोध, आधारभूत व्याकरण, शब्दभण्डार, सिर्जना। गीताञ्जली नेपाली (१-३ भाग), मध्यस्त व्याकरण (१-२ भाग, २०६६), पर-लोकतन्त्र (महाकाव्य, २०६७), ललित नेपाली शृङ्खला (२०६७) आदि। **सम्पादन/अनुवाद :** गन्धर्व सङ्गीत र संस्कृति (लेखक : पूर्ण नेपाली), विष्णुप्रताप शाह स्मृति-ग्रन्थ, विकसन, सहकाल (साप्ताहिक), आधारभूत नेपाली (कक्षा ४), आधारभूत नेपाली। **पुरस्कार/सम्मान :** जिल्लाव्यापी साहित्य प्रतियोगितामा प्रथम (धादिङ, २०३५), कविता महोत्सवमा प्रथम (विशाल मिलन केन्द्र, २०४४), द जानकी म्युजिकल ग्रुप सम्मान (२०६३) आदि। **हालको ठेगाना :** नैकाप, नयाँ भञ्ज्याङ, काठमाडौँ। **फोन :** ४३११८६९, ९८४१३९८२८१।

बलदेव जुजु

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९९२ जेठ शुक्ल पञ्चमी, इन्द्रचोक, काठमाडौँ। **माता/पिता :** अमरवाणी, शाम्भवानन्द राजोपाध्याय। **शिक्षा :** नव्यन्यायाचार्य। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** खड्ग सुरक्षा प्रतीक (लेख, नेपालभाषा, न्हायकं वार्षिक पत्रिका, २०३४)। **कृति/सृजना :** *नेपालभाषामा* : नेपाःया तान्त्रिकद्यं: व तान्त्रिक पूजा (सहलेखन, २०४२), कान्तिपुर (सहलेखन, २०४५), नेवा: संस्कृति व नेवादर्शन (२०५२), नेवा: संस्कार व उकिया विधि, नेवा: नख:चख:या पूजा विधि (२०५९), मृत्यु संस्कार, नेवा : संस्कृतिकथं (२०६१), रुद्राध्यायको अर्थ र भावार्थ (नेपाली भाषा, २०६०), सूर्योपासना र ब्रह्मगायत्री मन्त्र जपानुष्ठान विधेशिक्षणम् (संस्कृत भाषा), जीवन प्रकाशिनी गायत्री (संस्कृत भाषा, २०६१)। **सम्पादन/अनुवाद :** युवामेला (बुलेटिन, २०२५)। **पुरस्कार/सम्मान :** गौरी अनन्त सिरपा

(लोकसाहित्य परिषद्), ठाकुरलाल सिरपा (नेपालभाषा परिषद्), दीर्घसेवा पदक (त्रि.वि.), शिक्षा पुरस्कार (त्रि.वि.) । **हालको ठेगाना :** इन्द्रचोक, मखन, काठमाडौँ । **फोन :** ४२२७४८१ ।

बलदेव शर्मा मजगैयाँ

(आख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ साउन ५, बिजौरी, दाङ । **माता/पिता :** हेमकुमारी, देवीप्रसाद उपाध्याय । **शिक्षा :** एम.ए. (इतिहास) । **सेवा :** राजनीति (पूर्व मन्त्री), साहित्य । **पहिलो रचना :** शान्ति (कविता, ज्योत्स्ना पत्रिका, दाङ, २०२१) । **कृति/सृजना :** नरमणि (लघुउपन्यास, २०४८), कुहिरो (उपन्यास, २०५२), सङ्कलप (कथासङ्ग्रह, २०५३), चारु (उपन्यास, २०५४), बेलपत्र (कविता, गीतसङ्ग्रह, २०५७), सुम्निमा : अग्नि-धनको पीडा (समालोचना) । **सम्पादन/अनुवाद :** बी.पी. कोइराला विचार बिन्दु (२०४५), हाम्रा सांसदहरू (पत्रिका, २०५२) । **पुरस्कार/सम्मान :** तारा पन्त पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३) । नेपाल विदेश क्षेत्रद्वारा प्रदत्त सम्मान (२०५६), हासने समाजद्वारा सम्मान (२०५६) । **हालको ठेगाना :** सरस्वतीनगर, चाबहिल, काठमाडौँ । **फोन :** ४४७२८७६ /०८२-६०११७, ९८५१०६३२८८ ।

बलभद्र भारती

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ माघ २६, भैरवस्थान, सुर्खेत । **माता/पिता :** देवी भारती, जगन्नाथ भारती । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, राजनीति । **पहिलो रचना :** मानव (कविता, सुर्खेती कल्याण समाज स्मारिका, २०४६) । **कृति/सृजना :** मुक्ति सङ्घर्ष (कवितासङ्ग्रह, २०४९), क्षितिजभित्रका गाउँहरू (कवितासङ्ग्रह, २०५०), कुहिरो र काग (कवितासङ्ग्रह, २०५८), नयाँ-नयाँ साथी (बाल कवितासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद :** रातो थुँगा (साहित्यिक चौमासिक), नेपालको प्रजातान्त्रिक आन्दोलनमा सुर्खेत (स्मारिका) साहित्य कोसेली (वार्षिक सँगालो), साथी (मासिक, सम्पादनसहयोगी) । **पुरस्कार/सम्मान :** सुर्खेती प्रतिभा पुरस्कार (२०४९) । **हालको ठेगाना :** वीरेन्द्रनगर -४, सुर्खेत (bharatiktm@yahoo.com) । **फोन :** ०८३ -५२१३१० ।

बलराम अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ कात्तिक, जोरपाटी, काठमाडौँ । **माता/पिता :** ठमादेवी अर्याल, भूमिनन्द अर्याल । **शिक्षा :** स्नातक । **सेवा :** सहकारी सेवा । **पहिलो रचना :** दुई कविता (रचना, २०१८) । **कृति/सृजना :** बलरामका कविताहरू । **सम्पादन/अनुवाद :** अभिनव (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** कवितामा दोस्रो (नेपाल नेसनल कलेज, २०१९) । **हालको ठेगाना :** जोरपाटी-१, नारनटार, काठमाडौँ । **फोन :** ४४८५०४९ ।

बलराम अर्याल



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ २९ गाईखुर, गोरखा । **माता/पिता :** टेककुमारी, जयकृष्ण अर्ज्याल । **शिक्षा :** एम.ए., विद्यावारिधि (भाषाशास्त्र, रूस) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** प्राविधिक शब्दका सम्बन्धमा (भाषिक लेख, गरिमा, २०४४) । **कृति/सृजना :** नेपाली भाषा भाग १-२ (२०५८), म्याप्स अफ नेपाल (२०६०) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण क (२०४५), शिक्षा पुरस्कार (२०५४), उत्कृष्ट सेवा पुरस्कार (२०५९) । **हालको ठेगाना :** धापासी, काठमाडौँ । **फोन :** ४३५०६९३ ।

बलराम उपाध्याय रेग्मी (पर्वति काइँलो)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ चैत्र २१, खुर्कोट-४, पर्वत । **माता/पिता :** मनिकला उपाध्याय रेग्मी, शिरवल्लभ उपाध्याय रेग्मी । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), आयुर्वेदाचार्य, शास्त्री (नव्य व्याकरण), बी.एल., बी.एड., डी.लिट. (मानार्थ, ज्योतिष) । **सेवा :** प्राध्यापन, पत्रकारिता, ज्योतिष, वकालत । **पहिलो रचना :** हरिद्वार महिमा (सगरमाथा, वार्षिक मुखपत्रिका, भारत, इ.सं. १९७६) । **कृति/सृजना :**

स्वयं ज्योतिषी (२०४१), नेपाली कविता कुसुम (२०४१), सिद्धार्थ (खण्डकाव्य, २०४२), किसान (खण्डकाव्य, २०४२), कविता कुञ्ज (२०४२), मेरो जेलयात्रा (२०४२), पर्दाभित्रको जिन्दगी (नाटक, २०४३), ज्योतिष शिक्षा शिक्षण (भाग १-१०), मेची अञ्चलका ज्योतिष प्रतिभाहरू, नेपाली ज्योतिष शब्दकोश, अन्तर्राष्ट्रिय ज्योतिष प्रतिभाहरू, नेपाली ज्योतिष सामान्य ज्ञान, नेपाली तन्त्रमन्त्र सङ्गह, मेची-महाकाली ज्योतिष अभियान (यात्रासंस्मरण), अङ्ग्रेजी ज्योतिष शब्दकोश आदि । **सम्पादन/अनुवाद** : ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), वेदाङ्ग ज्योति (मासिक, राजस्थान, भारत), अन्तर्राष्ट्रिय ज्योतिष परिचय कोष । **पुरस्कार/सम्मान** : मेची महाकाली छन्द कविता पुरस्कार (२०५९), राष्ट्रिय तन्त्र विज्ञान पुरस्कार (२०६०), राष्ट्रिय ज्योतिष पत्रकारिता पुरस्कार (२०६०), पण्डित मेघराज शर्मा स्मृति ज्योतिष प्रतिभा पुरस्कार (२०६१) । **हालको ठेगाना** : पोखरा, कास्की / खुर्कोट-४, पर्वत (jbweekly@fewanet.com.np) । **फोन** : ०६१-५४०३४७, मो. ९८५५०२०९१४ ।

बलराम दाहाल

(कवि/गजलकार, नेपाली भाषा)

जन्म/स्थान : २०३७ मङ्सिर २२, सुन्द्रावती -५, लप्से, दोलखा । **माता/पिता** : लक्ष्मी दाहाल, देवीप्रसाद दाहाल । **शिक्षा** : आचार्य (ज्योतिष), एम.ए. (नेपाली) । **पहिलो रचना** : मानवता (कविता, आँकुरा पत्रिका, २०५३) । **कृति/सृजना** : घरको कथा (खण्डकाव्य, २०६३), हामी बालक (बालकवितासङ्ग्रह, २०६५), सौगात (कवितासङ्ग्रह, २०६८), खरानी पो भो माटो (गजलसङ्ग्रह, २०६८), पश्चात्ताप (बालउपन्यास, २०६८), फूलबारी (बाल- गजलसङ्ग्रह, २०६९) । **हालको ठेगाना** : सिपाडोल -भक्तपुर । **फोन** : ९८४१५६२७७२ ।

बलराम पोखरेल (आत्रेय भाइ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ वैशाख ८, खार्पा, खोटाङ । **माता/पिता** : वेदमाया पोखरेल, बुद्धिप्रसाद पोखरेल । **शिक्षा** : एम.ए., बी.एल. । **सेवा** : अध्यापन, सरकारी सेवा । **पहिलो रचना** : माझी औँलाको मूसो एक गन्थन (पञ्चामृत पत्रिका, २०२६) । **कृति/सृजना** : वलराम पोखरेलका कविताहरू (२०३०) । **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०५०), गोरखा दक्षिणवाहु पाँचौं (२०५७), दैवी प्रकोप पीडितोद्दार पदक (२०५७), दीर्घसेवा पदक (२०६१) । **हालको ठेगाना** : लोकन्थली, भक्तपुर । **फोन** : ६६३७९९० ।

बलरामप्रसाद उपाध्याय (अखण्डप्रसाद आत्रेय)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ पुस २६ खार्पा -८, खोटाङ । **माता/पिता** : रत्नमाया पोखरेल, हेमसागर पोखरेल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : मैले के बिराएँ ? (कविता, २०२५) । **कृति/सृजना** : चिन्तन एक सँगालो (२०३५), हुँदा खाने र हुनेखाने कम्युनिष्ट (२०३८), आन्दोलन अभिव्यक्ति (कवितासङ्ग्रह, २०४७), सभ्यताको बिस्कुन (कवितासङ्ग्रह, २०४९), नेपाली 'ताङ्का' (लघु कविता, २०६१) । **सम्पादन/अनुवाद** : हातेमालो (२०२४), वरण (मासिक, २०४२), मोरङका समकालीन कविता । **पुरस्कार/सम्मान** : शुभ राज्याभिषेक पदक, राष्ट्रिय शिक्षा समिति पदक (२०४८) । **हालको ठेगाना** : विराटनगर -४, मोरङ (balarampokharel@yahoo.com) । **फोन** : ०२१-५३०५९७ ।

बल्लभमणि दहाल

(भाषाशास्त्री)

जन्म/स्थान : वि.सं. १९९१ पुस ९, मादी, ओखरबोट, सङ्खुवासभा । **निधन** : २०६० कात्तिक २१, काठमाडौँ । **माता/ पिता** : देवीप्रिया, हरिप्रसाद दहाल । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (भाषाशास्त्र) । **सेवा** : प्राध्यापन, भाषा सेवा, कम्युनिष्ट पार्टीको सदस्य, झर्रोवादी । **कृति/सृजना** : साहित्यिक नेपाली तथा कत्थ्य भाषाको विश्लेषण (इ.सं. १९७४), नेपाली बझाङ्गी भाषिकाको

अध्ययन (इ.सं. १९८२), अनिवार्य नेपाली शिक्षण निर्देशिका (इ.सं. १९८९), आधुनिक नेपाली व्यावहारिक शब्दकोश (अङ्ग्रेजी, १९९३), ध्वनि प्रक्रिया र केही ध्वनि सिद्धान्त (सहलेखन), बल्लभमणिका भाषिक चिन्तन (२०६१), बल्लभमणि दहालका रचनाहरू । **सम्पादन/अनुवाद :** नेपाली बृहत् शब्दकोश, नौलो पाइला, छहारी (पत्रिका) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (इ.सं. १९७६), गोरखा दक्षिणबाहु दोस्रो (इ.सं. १९८४), मैत्री पुरस्कार (चीन, इ.सं. १९९५), प्रथम पुरस्कार (विदेश विज्ञ ब्यूरो र चाइना डेली, इ.सं. १९९६), रजत-महोत्सव पदक (इ.सं. १९९६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (इ.सं. २००१) । **सम्पर्क । फोन :** ४२७१४७१ ।

बसुश्री पाण्डे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ भदौ कृष्णाष्टमी, कालधारा, काठमाडौँ । **माता/पिता :** पद्मकुमारी भट्टराई, भरतप्रसाद भट्टराई । **शिक्षा :** स्नातक । **सेवा :** सामाजिक सेवा । **पहिलो रचना :** विवाह (कथा, २०२५) । **कृति/सृजना :** एकक्षण (कवितासङ्ग्रह, २०५३), भजनामृत (२०५६), ज्ञानी बनौँ (बालकवितासङ्ग्रह, २०५७), हावा चल्यो (बाल कवितासङ्ग्रह, २०५८), सोमत मो मत (बालकथा, २०६०), नेपाली भक्ति भजन गीत (सी.डी., २०६०), भँगेरा-भँगेरी (२०६१) । **सम्पादन/अनुवाद :** वनिता । **पुरस्कार/सम्मान :** हिडपा साहित्य सम्मान (२०५८), नवरङ्ग साहित्य सम्मान (२०६०) । **हालको ठेगाना :** ४/१६४ मीनतारा भवन मेनरोड, विराटनगर, मोरङ ।

बहादुरसिंह बराल

(गीतकार, भजन लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९४९ वैशाख ५, धर्मशाला भाक्सु, काँगडा । निधन : २०१९ कात्तिक २) । **माता/पिता :** चन्द्रकला बराल, सर्वजित बराल । **शिक्षा :** सामान्य । **सेवा :** गोर्खा सैनिक (भारतीय सेना) । **कृति/सृजना :** बरालको आँसु (२००६) (यस पुस्तकमा मित्रसेन थापामगरका रचना पनि छन्), गोरखा ढोगभेटको वृत्तान्त र गोरखनाथको स्तुति भजन (इ.सं. १९३६) । **पुरस्कार/सम्मान :** मेजर सुवेदार । **फोन :** ४४१२९२६ ।

बाजुराम पौडेल (बाजुरामप्रसाद)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० चैत्र २०, कपन-७, काठमाडौँ । **माता/पिता :** गगनकुमारी, दधिराम पौडेल । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** बैङ्किङ क्षेत्र (उपप्रबन्धक) । **पहिलो रचना :** आँसुको जीवन (कविता, पहिलो किरण, २०३३) । **कृति/सृजना :** सिर्जना फस्टाउन पाउनुपर्छ (खण्डकाव्य, २०५१), बाजुरामका कविताहरू (२०६५), शीत-स्वर्णा (कवितासङ्ग्रह, २०६७), भन्ज्याङ र चौतारी (संस्मरण, २०६९) । **सम्पादन/अनुवाद :** सुरभि स्रष्टा परिचय (२०६६) । **पुरस्कार/सम्मान :** विष्णुचन्द्र अभिनव पुरस्कार (२०६२), बद्रीनाथ अभिनव छन्दोबद्ध कविता पुरस्कार (२०६४), रिम्स स्रष्टा सम्मान (२०६८) । **हालको ठेगाना :** जोरपाटी-६, काठमाडौँ । **फोन :** ९८४१२५६९८२, ४९१०४८६ ।

बाबा न्यौपाने (वामनप्रसाद)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ माघ २६, भौखेल, भक्तपुर । **माता/पिता :** दुर्गादेवी न्यौपाने, देवकृष्ण न्यौपाने । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** कल्पनाका शिकार (कथा, स्वर्णद्वार पत्रिका, २०३१) । **कृति/सृजना :** बैंसको आकाश (कथासङ्ग्रह, २०५६), दोस्रो प्रहर (कथासङ्ग्रह, २०६२) । **हालको ठेगाना :** धोबीघाट, ललितपुर । **फोन :** ५५४९६४८/६६१३७३०, ९८५१०७३४०४ ।

बाबा बस्नेत

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ चैत्र २७, स्वाँरा, पाङ्ग्रेटार, सिन्धुपाल्चोक । **माता/पिता :** शोभा बस्नेत, सुदर्शन बस्नेत । **शिक्षा :** स्नातक । **सेवा :** पत्रकारिता, सम्पादन, अभिनय,

सञ्चार, सरकारी, गायन, सामाजिक सेवा । **पहिलो रचना :** शैल सन्देश पत्रिकामा कविता प्रकाशन (२०३९) । **कृति/सृजना :** धर्तीको सुसेली (कवितासङ्ग्रह, २०४७), जब दिन ढल्छ चखेवा रुन्छ (गीतसङ्ग्रह, २०५१), योद्धा (पूर्णाङ्की नाटक, २०५३), गन्तव्य (कथासङ्ग्रह, २०५४), किनारा भेट्न खोज्दा (गीतसङ्ग्रह, २०५७), बालुवाको घर (कवितासङ्ग्रह, २०६०), सुदर्शन (शोककाव्य, २०६०), उन्यु फुलेपछि (कथासङ्ग्रह, २०६१), रातकी रानी (उपन्यास, २०६३) । **सम्पादन/अनुवाद :** समग्र (राष्ट्रिय मासिक, २०५७) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. नाटक महोत्सवमा उत्कृष्ट अभिनेत्री पुरस्कार (२०४३), राष्ट्रिय युवा कवि गोष्ठी - स्वर्ण पदक (२०४५), बृहत् युवा कवि गोष्ठी - प्रथम (२०४८), अन्तर क्याम्पस लघु कथा प्रतियोगिता -तृतीय (२०४९), ललिता काव्य पुरस्कार (२०४९ र २०५०), आदि थुप्रै साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । नि:शुल्क शिक्षा सेवा समिति, सिन्धुपाल्चोकद्वारा सम्मान (२०५३), हिराबहादुर खड्का साहित्य सम्मान (२०६१) । **हालको ठेगाना :** १३७/३२ वज्रेश्वरी मार्ग, गौशाला, काठमाडौँ । **फोन :** ४४७०४२० ।

बाबुकाजी सिलवाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ फागुन १२, कुम्पुर-८, धादिङ । **माता/पिता :** कृष्णकुमारी सिलवाल, मानबहादुर सिलवाल । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** सरकारी, अध्यापन, बैङ्क, अभिनय । **पहिलो रचना :** पापको परिणाम (कथा, २०३६) । **कृति/सृजना :** हिमाली ढुकढुकी (कवितासङ्ग्रह, २०५८), जुम्ला आक्रमण (यात्रासंस्मरण, २०६१) । **हालको ठेगाना :** कुम्पुर -८, धादिङ । **फोन :** ०१०-५२०२२५ ।

बाबुराम अधिकारी

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ साउन १५, लेखनाथ न.पा. -११, कास्की । **माता/पिता :** इन्द्रकला अधिकारी, धर्मदत्त अधिकारी । **शिक्षा :** एम.ए., बी.एड. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** आमा (कविता, सगरमाथा पत्रिका, हरिद्वार, २०४०) । **कृति/सृजना :** समालोचना सिद्धान्त र नेपाली समालोचना (२०६०), प्रायोगिक भाषाविज्ञान (सहलेखन, २०६१), भाषा पाठ्यक्रम तथा शिक्षणपद्धति (सहलेखन, २०६१), साहित्यशास्त्र र नेपाली समालोचना (२०६१), नेपाली भाषा शिक्षण (२०६२), सामान्य र प्रायोगिक भाषा विज्ञान (२०६२) । **सम्पादन/अनुवाद :** जुझारु (त्रैमासिक, २०५०), पालुवा (२०६०) । **पुरस्कार/सम्मान :** छन्द कविता वाचनमा प्रथम पुरस्कार (भविष्यवाणी साप्ताहिक, पोखरा, २०५९) । **हालको ठेगाना :** लेखनाथ न.पा. -११, कास्की । **फोन :** ९८४६०२७०४१, ०६१-६९२०४९ ।

बाबुराम आचार्य

(इतिहासकार)

जन्म/स्थान : वि.सं. १९४४ फागुन २९, गौचर, काठमाडौँ । निधन : २०२९ भदौ २२, काठमाडौँ । **माता/पिता :** शिवकुमारी, धर्मदत्त आचार्य । **शिक्षा :** ज्योतिष र व्याकरणमा सम्पूर्ण मध्यमा । **सेवा :** सरकारी, इतिहासलेखन । **पहिलो रचना :** मानिनी विलास (लेख, सुन्दरी पत्रिका, १९६३) । **कृति/सृजना :** पुराना कवि र कविता (साहित्यको इतिहास, इ.सं. २००३), तुलनात्मक सुन्दर काव्य (समालोचना, २००२), तिब्बत र चीनसँग नेपालको सम्बन्ध (इतिहास, २०१३), नेपालको सङ्क्षिप्त वृत्तान्त (खण्ड १, इतिहास, २०२२), श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी (ऐतिहासिक जीवनी, भाग १-४, २०२४-२६), नेवा:, नेवा: भाय् व संस्कृति (निबन्धसङ्ग्रह, ने.सं. १०९९), चीन, तिब्बतसँग नेपालको सम्बन्ध (२०१३) नेपालको सङ्क्षिप्त वृत्तान्त (२०२२), नेपालको सांस्कृतिक परम्परा (२०५४), अब यस्तो कहिल्यै नहोस् (२०५५) चीन, तीब्बत र नेपाल (२०५९), श्री ५ प्रतापसिंह शाह (२०६०), प्राचीन कालको नेपाल (२०६३), जनरल भीमसेन थापा : यिनलाई मैले जस्तो देखेँ (२०६५), जनरल भीमसेन थापा : यिनको उत्थान तथा पतन (२०६९) । **सम्पादन/अनुवाद :** बडा महाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य-उपदेश (सहसम्पादन, २०१०) । **पुरस्कार/सम्मान :** इतिहास शिरोमणि पदवी (२००८, श्री ५ त्रिभुवनबाट), त्रिभुवन प्रज्ञा पुरस्कार (२०२०), गोरखा दक्षिणबाहु दोस्रा (२०२७) ।

बाबुराम पोखेल

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३८ जनवरी ५, अरौंदी, गुल्मी । **माता/पिता :** गायत्रीदेवी पोखेल, भद्रकाली शर्मा पोखेल । **शिक्षा :** आचार्य (इतिहास, पुराण), एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन, निर्देशक (महेन्द्र संस्कृत विश्व विद्यालय) । **पहिलो रचना :** 'रूपमती' उपन्यासका पात्रविधानको विश्लेषण (नेपाली पत्रिका, २०३४) । **कृति/सृजना :** हिमवत् खण्डको समीक्षात्मक अध्ययन (अनुसन्धान, २०४२) । **सम्पादन/अनुवाद :** महापण्डित दधिराम मरासिनी स्मृतिग्रन्थ (२०६०), घनश्याम स्मृतिग्रन्थ (२०६१) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण क (२०४२), सुप्रसिद्ध गोरखा दक्षिणबाहु (२०५६), रुद्रराज पुरस्कार (२०५३), गुणराज स्मृति पुरस्कार (२०५५), भारती खरेल पुरस्कार (२०५९), शिक्षा पुरस्कार, दीर्घसेवापदक (म.सं.वि.) । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौं । **फोन :** ४४७१४३९ ।

बाबुराम पौडेल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : १९९९ साउन नागपञ्चमी, दुरागाउँ, रामेछाप । **माता/पिता :** चित्रकुमारी पौडेल, गङ्गाप्रसाद पौडेल । **शिक्षा :** साहित्याचार्य, एम.ए., बी.एल. । **सेवा :** सरकारी सेवा (सहसचिव) । **पहिलो रचना :** २०१९ सालतिर गोरखापत्रमा लेख प्रकाशित । **कृति/सृजना :** नेपाली भाषा एवं साहित्यको सङ्क्षिप्त विकासक्रम (लेखसङ्ग्रह, २०४३) । **सम्पादन/अनुवाद :** हिमाल (दिल्ली नेपाली छात्रसङ्घ) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०२८), महेन्द्र विद्याभूषण (२०३४), जनमत सङ्ग्रह पदक (२०३७), सेवा पदक (२०४५), भारत सरकार केन्द्रीय शिक्षा मन्त्रालयबाट रजतपदक (इ.सं. १९६२) । **हालको ठेगाना :** पो.ब.नं. ५७६४, गहनापोखरी, टङ्गाल, काठमाडौं । **फोन :** ४४३१९५२ ।

बाबुराम बास्ताकोटी 'विवेकी'

(चित्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ जेठ ५, कास्कीकोट -८ । **माता/पिता :** मनकुमारी बस्ताकोटी, कृष्णप्रसाद बस्ताकोटी । **शिक्षा :** आई.ए. । **सेवा :** कला प्रशिक्षक, चित्रकला । **पहिलो रचना :** २०४२ देखि । **कृति/सृजना :** चित्रकला (पौराणिक, समसामयिक र आधुनिक), दर्जनौं कलाप्रदर्शनी । **सम्पादन/अनुवाद :** रेयुकाई बाट पुरस्कृत तथा सम्मान २०४९ । **हालको ठेगाना :** पोखरा -७, मासबार घर नं. २०, कास्की ।



बाबुराम भट्टराई

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ असार १५, पोखराथोक -१, अर्घाखाँची । **माता/पिता :** हेमकुमारी, टीकाराम भट्टराई । **शिक्षा :** शास्त्री । **सेवा :** संस्थान, पत्रकारिता । **कृति/सृजना :** शहीदको आह्वान (लघुकाव्य, २०४१), सङ्घर्ष (कथासङ्ग्रह, २०४४), हाम्रा राष्ट्रिय चिन्तक कहाँ छन् (निबन्ध, २०४४) । **सम्पादन/अनुवाद :** आइमाईको हकमा (तसलिमा नसरिनका उपन्यास, अनु. २०५४), बिग्रेकी केटी (तसलिमा नसरिनका गद्य, अनु. २०५४) । **पुरस्कार/सम्मान :** पण्डित । **फोन :** ०७१-५४६९८४ ।

बाबुराम भट्टराई

(राजनीतिक अर्थशास्त्रीय लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० असार ४, गोरखा । **माता/पिता :** कर्मकुमारी, भोजप्रसाद भट्टराई । **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि (क्षेत्रीय विकास योजना) । **सेवा :** राजनीति (पूर्व प्रधानमन्त्री, २०६८), इन्जिनीयरिङ । **कृति/सृजना :** बेलाबखतका कुरा २०४७), मार्क्सवाद र महिलामुक्ति (सहलेखन, २०५८), वार्ता र तत्कालीन राजनैतिक निकासको प्रश्न (२०६०), नयाँ ढङ्गको राजनैतिक निकासको प्रश्न (२०६०), राजनीतिक अर्थशास्त्रको झ्यालबाट (२०६३), युद्ध र वार्ता (२०६३), नेपाली क्रान्तिका आधारहरू (भाग १, २०६३), जनयुद्धका दश वर्ष (२०६३), नेपाली अ मार्क्ससिस्ट भ्यू (इ.सं. १९९६), पोलिटिको इकोनोमिक रिलेसन अफ पिपुल्स वार इन

नेपाल (इ.सं. १९९८), द नेचर अफ अन्डरडेभलप्मेन्ट एन्ड रिजनल स्ट्रक्चर अफ नेपाल अ मार्क्सिस्ट एनालाइसिस (इ.सं. २००३) । **हालको ठेगाना** : काठमाडौँ ।

बाबुराम लामिछाने

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००९ माघ ६, सिरसुवा, पर्वत । **माता/पिता** : रेवती लामिछाने, रविरमण लामिछाने । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : निजामती (उपसचिव) । **पहिलो रचना** : प्रत्येक वेडमा एउटा लास तेर्सिन्छ (कविता, आस्था, २०३५) । **कृति/सृजना** : प्रतिद्वन्द्वीको खोजी (कवितासङ्ग्रह, २०५३), हातभन्दा पर (कथासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : सेवा पदक (२०४३), प्रबल गोरखा दक्षिणबाहु (२०५०), दैवी प्रकोप पीडितोद्धार पदक (२०५०), कृष्णजङ्ग-डम्बरजङ्ग पुरस्कार (नवलपरासी, २०५७) । देवकोटा सम्मान (कलैया, बारा) । **हालको ठेगाना** : मुकुन्दपुर -७, नवलपरासी । **फोन** : ४३६३५९८ ।

बाबुरामसिंह थापा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० पुस २६, महिबलकोट, तनहुँ । **माता/पिता** : जमुनादेवी थापा, चित्रवीरसिंह थापा । **शिक्षा** : एम.बी.ए. । **सेवा** : समाजसेवा । **पहिलो रचना** : चेपाङ जातिको सिपकौशल (मधुपर्क, २०५६) । **कृति/सृजना** : महापुरुष (काव्यसङ्ग्रह, २०६१) । **हालको ठेगाना** : सैबु-४, ललितपुर । **फोन** : ५५९०६३९ ।

बारा (बाबुराजा द्यौला)

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१० कात्तिक १६, लगनखेल, थटिटोल, ललितपुर । **माता/पिता** : नानीमाया द्यौला, मोतीभाइ द्यौला । **शिक्षा** : आई.ए. । **सेवा** : चित्रकारिता । **पहिलो रचना** : मुहारचित्र (पार्क आर्ट ग्यालरी, २०२९) । **कृति/सृजना** : राजा वीरेन्द्रको मुहार चित्र, हिटलरको मुहार चित्र । **पुरस्कार/सम्मान** : सान्त्वना पुरस्कार (२०२९) । **हालको ठेगाना** : लगनखेल, ललितपुर । **फोन** : ५५२५८९२ ।

बाल आवारा (बालजित राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ जेठ ५, हलेसी नितुङ, खोटाङ । **माता/पिता** : नन्दकुमारी राई, बखतसेर राई । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : लेखन, अध्यापन, व्यवसाय । **पहिलो रचना** : गीत (गोरखापत्र, २०४२ मङ्सिर) । **कृति/सृजना** : भक्तपुरको देश (कवितासङ्ग्रह, २०५७), पाठकहरूको मृत्युमा (कवितासङ्ग्रह, २०६०), गीतलेखन । **हालको ठेगाना** : दुर्छिम -५, नितुङ / काठमाडौँ । **फोन** : २०७४३५३ ।

बालकृष्ण तुलाधर

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९९२ असोज १८, इतुम्वहाल, काठमाडौँ । **माता/पिता** : गणेशमाया तुलाधर, रत्नबहादुर तुलाधर । **शिक्षा** : साधारण । **सेवा** : मूर्तिकला । **कृति/सृजना** : शहीदगेटका सालिकहरू, टुँडिखेलका ६ जना सिपाहीहरू, राजा त्रिभुवन (बनेपा चौबाटो र बुटवल), राजा महेन्द्र (सिंहदरवार ग्यालरी बैठक, रामेछाप, हेटौँडा, मनाङ), राजा वीरेन्द्र (वीरेन्द्र अस्पताल, जावलाखेल, पशुपति क्षेत्र), रानी ऐश्वर्य (लैनचौर), भानुभक्त (बालाजु, तनहुँ), शुक्रराज (ललितपुर झाट), लक्ष्मीप्रसाद देवकोटा (सल्यान), क्रान्तिकारी रामप्रसाद राई (विराटनगर), बी.पी. कोइराला (नेपालगञ्ज बी.पी. चोक), शहीद लालबहादुर बम (बबरमहल साइन्स क्याम्पस), शहीद टङ्कप्रसाद (रत्नराज्य क्याम्पस), पुष्पलाल (चम्पादेवी), ११ ओटा श्रीपेच (पोखरा शान्तिवन बाटिका), प्रिन्सेप शाह (रेडक्रस), सात राष्ट्रका प्रतिमाहरू (सार्क सम्मलेन), पर्वतारोही पासाङ ल्हामु शेर्पा (बौद्ध चुच्चेपाटी), छिन्नलता (सोल्टीमोड), मनमोहन अधिकारी (मनमोहन प्रतिष्ठान, सानेपा), गणेशमान सिंह (सिराहा, वीरगञ्ज), गणेशमान सिंह र मङ्गलादेवी सिंह (शोभाभगवती),

जीवनप्रसाद ... (नवयुग मा.वि., ज्याबहाल), लक्ष्मीप्रसाद देवकोटा (ल्हासा, तिब्बत), गोपाल पाँडे (शिक्षा परिषद्), मदन भण्डारी र जीवराज आश्रित (दासढुङ्गा), पुष्पलाल (पुष्पलाल चोक, नेपालगञ्ज), गङ्गालाल (गङ्गालाल अस्पताल, बाँसबारी), गङ्गालाल र दशरथ चन्द (शोभाभगवती), साधु बाबा (मिर्चया स्कुल मिर्चया), अरनिको (अरनिको मार्ग), डा. डिल्लीराम रेग्मी (लाजिम्पाट), लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र लेखनाथ पौड्याल (त्रिमूर्ति, एयरपोर्ट आदि सालिक निर्माण । **पुरस्कार/सम्मान :** भूपालमानसिंह कार्की पुरस्कार (२०५७), शहीद टङ्कप्रसाद आचार्य स्मृति पुरस्कार (२०५१), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), अ.ने.रा.स्व.वि.यु. बाट सम्मान (२०५८), शहीद अमर प्रहरी वरिष्ठ उपरीक्षक परमेश्वर सिंह सिजापतिबाट सम्मान (२०५९), त्रिमूर्ति निकेतन (२०६१), शहीद गोपी महर्जन सालिक निर्माण समिति (२०५९), शेर्पा सेवा केन्द्र (२०६१)श्री ५ ज्ञानेन्द्रबाट कदरपत्र (२०६०), आदि थुप्रै सङ्घ-संस्थाहरूबाट अभिनन्दन, प्रशंसापत्र तथा सम्मान । **हालको ठेगाना :** का.म.न.पा. १३, काठमाडौं । **फोन :** ४२८०८१७ ।

बालकृष्ण थपलिया

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ असार ४, सल्यानटार, धादिङ । **माता/पिता :** घनकुमारी थपलिया, विश्वनाथ थपलिया । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** सञ्चार तथा प्राध्यापन । **पहिलो रचना :** व्यङ्ग्य कविता (घटना र विचार, २०४८) । **कृति/सृजना :** गजलपथका यात्रीहरू (संयुक्त गजलसङ्ग्रह, २०६१), धारा एक सय सत्ताइस (कविता, २०६२) । **सम्पादन/अनुवाद :** कवितामा चितवन (२०६१), वागीश्वरी, अभिव्यञ्जना । **हालको ठेगाना :** सल्यानटार-१, धादिङ / भरतपुर, चितवन (balkrishna127@gmail.com) । **फोन :** ९८४५०५११२७ ।

बालकृष्ण पोखरेल (रुपावासी, वसन्त, लक्ष्मीविलास पाध्या, केकेमनुक्चयो पोखरेल, गढतिरे साहिँलो, हिमालपाने बराल आदि)

(भाषाशास्त्री, उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९०, साउन ३०, चिसापानी गढी, मकवानपुर । **माता/पिता :** छायादेवी पोखरेल, शारदाप्रसाद पोखरेल । **शिक्षा :** एम.ए. (भाषाविज्ञान, नेपाली) । **सेवा :** प्राध्यापन, ने.रा.प्र.प्र. । **पहिलो रचना :** एउटा भाषिक निबन्ध (लेख, युगवाणी पत्रिका, २००८) । **कृति/सृजना :** कानुङ् लाम् (मगर भाषाको कवितासङ्ग्रह, २००९), शान्तिसेना (कवितासङ्ग्रह, २०१०), पाँच सय वर्ष (अनुसन्धानात्मक, २०२१), रसिला कविता (बालकविता-सङ्ग्रह, २०२५), साना-सानी (बालकवितासङ्ग्रह, २०२५), सौरी (खण्डकाव्य, २०४०), फुटेको ऐना (कथासङ्ग्रह, २०२६), नेपाली भाषाको नापी (२०२८), सुनगाभा (कथासङ्ग्रह, २०२९), सोधाइ र जवाफ (कथासङ्ग्रह, २०२१), कानेखुशी (कथासङ्ग्रह, २०३४), तीन कथा (उपन्यास, २०४४), हस्ताक्षर हुन नपाउँदै (नाटक, २०४५), नेपाली निर्वाचन (२०५०), खस जातिको इतिहास (२०५५), एकादेशमा (बालकथासङ्ग्रह), कलेजस्तरका निबन्धै निबन्ध (पाठ्यपुस्तक), उकुसमुकुस (निबन्धसङ्ग्रह), तेस्रो एकमुखे रुद्राक्षको खोजी (निबन्धसङ्ग्रह), हिमाली रचना (बाल निबन्धसङ्ग्रह), यातना (उपन्यास), खोलावारि खोलापारि (उपन्यास), मित्रता (उपन्यास), परिचय (उपन्यास), जोरजुलुम (उपन्यास),सेतो सिन्दूर (उपन्यास), सुनीरा (उपन्यास), झिमझिम परेली (उपन्यास), कल्पनाको डीलबाट (उपन्यास), बरालिएको मान्छे, पराई मान्छे (उपन्यास), हिमाली साहित्य भाग ४-१० सम्म, नेपाली भाषा र साहित्य, एम मन सात चिन्तन (समालोचना), राष्ट्रभाषा (भाषिक कृति), लगायत १०० भन्दा बढी पुस्तक प्रकाशित । **सम्पादन/अनुवाद :** बारुद र चेरीका फूलहरू (अनु. - कृष्णचन्द्रको कथा), कालो भूत (कथासङ्ग्रह), नौलो पाइलो (त्रैमासिक, २०१३), फूलपाती (द्वैमासिक), सगरमाथा (वार्षिक), छात्रवाणी (वार्षिक), कविता, प्रज्ञा, विरचना, थुम्को, नेपाली बृहत् शब्दकोश (ने.रा.प्र.प्र.) । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०२१), रत्नश्री स्वर्णपदक, महेन्द्र विद्याभूषण (२०२१), शिक्षा विभागीय पुरस्कार (२०२९), प्रतिभा पुरस्कार प्रतिष्ठान (विराटनगर) बाट अभिनन्दन (२०४१), प्रतिभा पुरस्कार (२०४४), गोपाल पाँडे असीम पुरस्कार (२०५०), त्रिभुवन प्रज्ञा पुरस्कार (२०५१), उदयानन्द पुरस्कार (२०५२), झपट पुरस्कार (२०५३) । **हालको ठेगाना :** अब्रेली पोस्तक गौँडी, तीन टोलिया, विराटगनर, मोरङ / घट्टेकुलो, काठमाडौँ । **फोन :** ०२१-५३०२७० / ४४३१७१६ ।

बालकृष्ण भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४७ अक्टोबर ५, छेर्लुङ, बौघा गुम्हा, पाल्पा । **माता/पिता :** हरिकलादेवी भट्टराई, रामप्रसाद भट्टराई ।

शिक्षा : एम.ए. (नेपाली), आचार्य (नव्य व्याकरण) । **सेवा** : अध्यापन, प्राध्यापन, सामाजिक सेवा । **पहिलो रचना** : उठ ! उठ ! (गीति-कविता, नयाँ पुकार पत्रिका, २०२५) । **कृति/सृजना** : प्रस्थान गर्नुअघि (भूमिकासङ्ग्रह, २०६५), नीतिका कुरा (संयुक्त कविता-सङ्ग्रह) । **सम्पादन/ अनुवाद** : सिद्धार्थ (मुखपत्र, सिद्धार्थ कलेज), क्षितिज (मुखपत्र, भैरहवा क्याम्पस), नव कोपिला (मुखपत्र, पक्लिहवा मा.वि.), मिलन (मुखपत्र, कर्मचारी मिलनकेन्द्र रूपन्देही), साधना (मुखपत्र, रूपन्देही क्याम्पस) । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार (२०४५), विशिष्ट सेवा पुरस्कार (२०६७), नथमल-गिनियादेवी अग्रवाल ट्रस्ट सम्मान (२०५६), स्नातक समाज नेपाल सम्मान (२०५७), तन्नेरी प्रतिभा सम्मान (२०५९), बगर सम्मान (२०६१) । **हालको ठेगाना** : सिद्धार्थनगर -१२, वसन्तपथ, भैरहवा । **फोन** : ०७१-५२०३९४, ९८४७०३०६६६ ।

बालकृष्ण सम (बालकृष्णशमशेर राणा)

(चित्रकार/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५९ माघ २४, ज्ञानेश्वर, काठमाडौँ । निधन: २०३८ साउन ६, काठमाडौँ । **माता/पिता** : कीर्तिराज्यलक्ष्मी राणा, समरशमशेर ज.ब.रा. । **शिक्षा** : आई.एस्सी. । **सेवा** : सैनिक सेवा (कप्तान), प्राध्यापन, ने.रा.प्र.प्र. (आजीवन सदस्य तथा उपकुलपति), चित्रकला, साहित्य । **पहिलो रचना** : इशोर (कविता, शारदा पत्रिका) । **कृति/सृजना** : *नाटक तथा एकाङ्कीहरूमा* : मुटुको व्यथा (१९८६), ध्रुव (१९८६), मुकुन्द इन्दिरा (१९९४), प्रल्हाद (१९९५), अन्धवेग (१९९६), भक्त भानुभक्त (२०००) म (२००२), प्रेमपिण्ड (२००९), अमरसिंह (२०१०), तलमाथि (२०११), अमरसिंह विजय (२०१८), चार एकाङ्की (२०२०), अमित वासना (२०२२), माटोको ममता (२०२६), तानसेनको झरी (२०२७), भीमसेनको अन्त्य (२०२७), मोतीराम (२०३३), स्वास्नीमान्छे (२०३३), ऊ मरेकी छैन (२०३५) । आगो र पानी (खण्डकाव्य, २०१४), चिसो चुल्हो (महाकाव्य, २०१५), बालकृष्ण समका कविता (कवितासङ्ग्रह, २०३८) । नियमित आकस्मिकता (दर्शन-२००५), कला र संस्कृतिका स्रोत श्री ५ महेन्द्र (२०२०), हाम्रा राष्ट्रिय विभूतिहरू (जीवनीसङ्ग्रह, २०२४), गाउँ फर्क (२०२४), मेरो कविताको आराधना १, २ (संस्मरण, २०२३, २०२९), तलतल (कथासङ्ग्रह, २०४६ : सं. दयाराम श्रेष्ठ) आदि । **सम्पादन/अनुवाद** : रत्नश्री (द्वैमासिक) । **पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०२७), वीरेन्द्र पदक, त्रिभुवन प्रज्ञा पुरस्कार (२०२९), पृथ्वी प्रज्ञा पुरस्कार (२०३५), रत्नश्री स्वर्णपदक, गोरखा दक्षिणवाहु प्रथम, एकेडेमी पदक, त्रिभुवन जयन्ती पदक, भूकम्प पदक, गोष्ठी स्वर्णपदक पदक । नेपाली शेक्सपियर, महाविद्यावारिधि (त्रि.वि.) आदिद्वारा सम्मान । त्रि.वि.द्वारा महाविद्यावारिधि उपाधिबाट सम्मानित ।

बालचन्द्र शर्मा (ढुङ्गाना)

(इतिहासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७६ भदौ ३ (कृष्णाष्टमी), इलाहावाद, भारत । निधन : २०३२ असार, काठमाडौँ । **माता/पिता** : रामेश्वरीदेवी, गोपालचन्द्र उपाध्याय । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), साहित्यरत्न हिन्दी । **सेवा** : कूटनीति (राजदूत), पूर्व मन्त्री, ने.रा.प्र.प्र. (उपकुलपति), । **पहिलो रचना** : नेपालको ऐतिहासिक रूपरेखा (इतिहास, २००८), । **कृति/सृजना** : भानुभक्त (समालोचना, २०१४), नेपाली संस्कृति (२०२०), हाम्रा चार छिमेकी (२०२०), पृथ्वी, अन्तरिक्ष (विज्ञान, २०२०), नेपाली शब्दकोश (२०२०), इन्ट्रोडक्सन टु नेपलिज कल्चर (२०२०), नेपाली साहित्यको इतिहास (२०३९) । **सम्पादन/अनुवाद** : नेपाल पुकार, युगवाणी, नेपाली शब्दकोश (२०१९), गुलबकावली, चीनका प्राचीन कथा (अनु. २०३९), प्रेमयोगी (फारसी भाषाको कृति, अनु.) । **पुरस्कार/सम्मान** : बालचन्द्र पुरस्कार ।

बालन्द राई

(गायक/सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०२५ असोज २२, काहुले, सालाम्बु-५, खोटाङ । **माता/पिता** : मनिकुमारी राई, दलबहादुर राई । **शिक्षा** : स्नातकोत्तर (समाजशास्त्र) । **सेवा** : सङ्गीत-क्षेत्र, अध्यापन । **पहिलो रचना** : सेतो हिमालको, हरियो जङ्गलको

... (गीत गायन, रेडियो नेपाल, २०५०) । **कृति/सृजना** : लोकएल्बमहरू (गायन) : आँखीझ्यालैमा (२०५२) फूलमायालाई (२०५३), नबिर्स मायालु (२०५४), मिनी बसैमा (२०५४), माछा पानीमा (२०५५), बसौँ छायामा (२०५६), सधैँ सधैँ (आधुनिक गीत, गायन, २०५९), सन्ध्या (आधुनिक गीत, गायन, २०६८), एकल सङ्गीतका एल्बमहरू : रित्तो याद (२०६९), तरेली, सन्ध्या (भाग दुई), संयोगका साथहरू (गजलएल्बम) टेलिशृङ्खलाहरू लगायत अन्य फुटकर रूपमा सयौँ सङ्ख्यामा गायन तथा सङ्गीत रेकर्ड । **हालको ठेगाना** : पुल्चोक, ललितपुर (balanddai@gmail.com) । **फोन** : ९८४१४५८२३१ ।

बालमुकुन्द कार्की (बी.एम. अनुपम)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ जेठ १०, चन्द्रनिगाहपुर, रौतहट । **माता/पिता** : ललितादेवी कार्की, श्यामवहादुर कार्की । **शिक्षा** : स्नातक (नेपाली) । **सेवा** : पत्रकारिता, अध्यापन । **पहिलो रचना** : दुई टुक्रे कविता (सूर्योदय साहित्यिक पत्रिका, २०४९) । **कृति/सृजना** : पोखिएका रङ्गहरू (कवितासङ्ग्रह, २०५७) । **सम्पादन/अनुवाद** : सूर्योदय (साहित्यिक पत्रिका, २०५०), सुगन्ध (साहित्यिक मासिक, २०५१), साङ्ग्रिला (वार्षिक, २०६०), हाम्रो चन्द्रनिगाहपुर (स्मारिका, २०६१), भानु (नेपाली मासिक, २०६१), सुरभि स्रष्टा परिचय (सम्पादन तथा लेखन), सुरभि स्रष्टा (लेखन तथा सम्पादन), पाक्षिक श्री (समाचारमूलक साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान** : सुगन्ध सम्मान (२०५३), राष्ट्रिय कविता प्रतियोगितामा सम्मान (प्र.रा.यु. संघ), तनहुँ राष्ट्रिय कविता प्रतियोगिता सम्मान, । **हालको ठेगाना** : जोरपाटी, काठमाडौँ । **फोन** : ४९१०५०४, ९८४१३७०१५१ ।

बालमुकुन्ददेव पाण्डे (बादेपा, घटोत्कच शर्मा, बलमकनद, हात्तीगौँडे पुरेत)

(निबन्धकार/सम्पादक,
नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ कात्तिक ४, फसिकेव, काठमाडौँ । निधन : २०५९ असार ५ । **माता/पिता** : गङ्गादेवी पाण्डे, दक्षदेव पाण्डे । **शिक्षा** : बी.ए. (त्रि.वि.) । **सेवा** : पत्रकारिता, साहित्य । **पहिलो रचना** : सामयिकी निर्देशन (मासिक पत्रिका) । **कृति/सृजना** : दमाहा (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२४), मेटिन नसकेका डोबहरू (२०६२), बहिनीलाई चिठी (पुस्तक) । **सम्पादन/अनुवाद** : रूपरेखा (मासिक, सहसम्पादन, २०१८), रमिता (हास्यव्यङ्ग्य पत्रिका, २०२८), गोरखापत्र (दैनिक, २०४४), नयाँ समाज (२०२४), युवामञ्च (मासिक), नेपाली आवाज (साप्ताहिक) जनमञ्च (साप्ताहिक), संरक्षक (साप्ताहिक), राजधानी (दैनिक) । **पुरस्कार/सम्मान** : सुप्रसिद्ध गोरखा दक्षिणबाहु (२०२४), त्रिशक्ति पट्ट, पीडितोद्धार सेवा पदक (२०४५), भैरव अर्याल पुरस्कार (२०४८) । **हालको ठेगाना** : घट्टेकुलो, काठमाडौँ । **फोन** : ४७७०५६७ ।

बिनुबाबा अर्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ फागुन १३, डिल्लीबजार, काठमाडौँ । **माता/पिता** : शिला भट्टराई, मदनदेव भट्टराई । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, नेपाली) विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मलाई यस्तो लाग्छ (कविता, रत्नश्री, २०२७) । **कृति/सृजना** : नेपाल परिचय (२०४०), नयाँ नेपाल परिचय (२०४२) । **सम्पादन/अनुवाद** : मध्यकालीन नेपालमा मन्त्रीहरूको भूमिका (२०५९) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण पदक (२०६०) । **हालको ठेगाना** : बत्तीसपुतली, काठमाडौँ । **फोन** : ४४७२९२७, ९८४१७३८०२४ ।

बिपिन घिमिरे

(चित्रकार)

जन्म/स्थान : इ.सं. १९५७ डिसेम्बर २६, लिम्बा -४, पाँचथर । **माता/पिता** : भीमादेवी घिमिरे, अम्बिकाप्रसाद घिमिरे । **शिक्षा** : एम.एफ.ए. । **सेवा** : प्राध्यापन, चित्रकला । **पहिलो रचना** : जीवन नै हतियार हो (तेलरङ्ग, इ.सं. १९८०) । **कृति/**

सृजना : नेपाललगायत रसियामा समेत एकल चित्रकलाप्रदर्शनी ६ पटक (१९८१ देखि २००३ सम्म), नेपाल तथा रसियामा समेत सामूहिक चित्रकला-प्रदर्शनी ...पटकपटक । भारत, रसिया, कोरिया, जापान, अमेरिका, राजदरबार, गोरखा म्युजियम र भूगर्भ क्याम्पस कीर्तिपुरमा कला सङ्कलन । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), महेन्द्र विद्याभूषण पदक (२०४६), सासंक पुरस्कार (सासंक प्रतिष्ठान, झापा, २०६०), अन्य विभिन्न पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : दमक -१, झापा/पो.ब.नं. ८९७५ इपीसी २८१४, काठमाडौं । **फोन** : ५५२१९१८ ।

बिमला तुम्खेवा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ जेठ ९, ओखे, तेह्रथुम । **माता/पिता** : सुकमाया लिम्बू, खड्गबहादुर लिम्बू । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : कविता (हवाई पत्रिका, २०५१) । **कृति/सृजना** : बिमला तुम्खेवाका कविताहरू (कवितासङ्ग्रह, २०५५), नदी, छाल र तरङ्गहरू (कवितासङ्ग्रह, २०६०), संस्मरण एउटा बूढो रूखको (कवितासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : वीरगञ्ज साहित्य पुरस्कार (२०५९), नवरङ्ग साहित्य प्रतिष्ठान (२०६०) । **हालको ठेगाना** : पथरी-१, मोरङ / काठमाडौं (bimalanp@hotmail.com) । **फोन** : ९८४१३२३४८४ ।

बिमला श्रेष्ठ

(नर्तकी/गायन)

जन्म/स्थान : वि.सं. २००५ फागुन ५, भैंडासिंह टोल, काठमाडौं । **शिक्षा** : एस.एल.सी., सङ्गीत प्रभाकर (कत्थक नृत्य तथा सितार) । **सेवा** : नृत्य, अभिनय, सितार वादन, गायन । **पहिलो रचना** : ६ वर्षको उमेरदेखि कलायात्रा प्रारम्भ, ८ वर्षको उमेरदेखि कत्थक नृत्यमा पारङ्गत भइसकेको, २०१३ सालमा कत्थक नृत्य सार्वजनिक रूपमा प्रस्तुत । **कृति/सृजना** : प्रशस्त नृत्य नाटिका, गीति नाटकहरूमा सत्यनाग, दुर्गा अवतार, हिमकन्या, सङ्कल्प, भृकुटी, शिव-पार्वती, राम भरत मिलाप आदिमा नृत्य/ अभिनय । आमा, मनको बाँध, मायाप्रीति, नेपालभाषाको राजमती र पाकिस्तानी चलचित्र मजबुत जस्ता चलचित्रहरूमा अभिनय/ नृत्य । हिमकन्या गीतिनाटक आदिमा अभिनय । **पुरस्कार/ सम्मान** : महेन्द्र स्वर्ण पदक, शाही सैनिक पदक, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, राष्ट्रिय शिक्षा पुरस्कार, गोरखा दक्षिणबाहु (पाँचौ, चौथो), त्रिशक्ति पट्ट तेस्रो, शुभराज्याभिषेक पदक, गद्दीआरोहण रजत-महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य पदक, शास्त्रीय प्रतिभा पुरस्कार, सांस्कृतिक संस्थानद्वारा सर्वश्रेष्ठ कलाकार घोषित, माधुरी सम्मान, तरुण सम्मान, नेपाल कलाकार सम्मान, साधना कला सम्मान, विश्व रङ्गमञ्च दिवस सम्मान, नरसिंह सम्मान, रूपक स्मृति सम्मान आदि थुप्रै सम्मान । **हालको ठेगाना** : बालुवाटार, काठमाडौं । **फोन** : ४४३९८६१ ।

बी.के. पाल्पाली (विजय पोखरेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३२ असोज १५, पाल्पा । **माता/पिता** : वेलकुमारी पोखरेल, कविराज पोखरेल । **शिक्षा** : एम.ए. (मानवशास्त्र/ राजनीतिशास्त्र), बी.एल., बी.एड. । **सेवा** : कानुनी सेवा, पत्रकारिता । **पहिलो रचना** : कोइरालाको फूल (कविता, मुस्कान, २०४८) । **कृति/ सृजना** : पेस्तोलभित्रका गोलीहरू (कवितासङ्ग्रह, २०५१), घायल वर्तमान (हाइकुसङ्ग्रह, २०५८), चार्लीको चिठी (हाइकुसङ्ग्रह, २०६०), हाइकु साहित्य र सैद्धान्तिक अवधारणा (हाइकु साहित्यको विश्लेषणात्मक कृति, २०६०), सिर्जना विम्वमा ओमवीरसिंह (खण्डकाव्य, २०६३), कर्मशील हिरा (जीवनीवृत्त, २०६३), अचुक सम्बन्ध (उपन्यास, २०६३) । **सम्पादन/अनुवाद** : मुस्कान (हाइकुप्रधान पत्रिका, २०४८), पेरोल (साहित्यिक पत्रिका), नेपाल बोर्डर (मासिक पत्रिका), विश्व शान्तिका लागि प्रेरक अभिव्यक्तिहरू (क्यालेन्डर),विभिन्न तीन दर्शनभन्दा बढी स्मारिकाहरू सम्पादन । **पुरस्कार/ सम्मान** : बाबा ओमवीरसिंह प्रतिभा पुरस्कार (२०६४) । **हालको ठेगाना** : कोटेश्वर, काठमाडौं / सोमादी-६, पाल्पा (bkpalpali9@yahoo.com) । **फोन** : २०९२०९४, ०७५-६९०१३६ ।

बी.डी. त्यागी (बलदेव आचार्य)

(कवि/लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९६ वैशाख १२, गहनापोखरी, टङ्गाल, काठमाडौं । निधन : २०६० वैशाख १९ । **माता/पिता** : मोहनकुमारी, शुकदेव आचार्य । **शिक्षा** : स्नातक ।

कृति/सृजना : स्वामी १०८ गोपालानन्द गिरी (परिचयात्मक काव्य, २०५१), बन्द झ्यालको शिशाभित्र (कथासङ्ग्रह, २०५२), शुभेच्छा (कवितात्मक एल्बम, २०५७), उत्पात (हास्यव्यङ्ग्य उपन्यास, २०५८), वैराग्य (नाटक, २०५९), अठार अध्याय गीता माहात्म्य (धार्मिक कृति, २०६१), धोती न टोपी (लोक कथासङ्ग्रह, २०६२) । **सम्पर्क :** गहनापोखरी, काठमाडौँ । **फोन :** ४४८७३२६ ।

बुद्धरत्न शाक्य 'क' (बुद्ध नेवाः)

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००० वैशाख शुक्ल पूर्णिमा, नागबहाल, कुटिवहाल, ललितपुर । **माता/पिता :** हेरामाया शाक्य 'क', करुणारत्न शाक्य 'क' । **शिक्षा :** स्वाध्ययन । **सेवा :** हस्तकला, व्यवसाय, सामाजिक सेवा । **पहिलो रचना :** जित यःम्ह बुद्ध (कविता, आनन्दभूमि पत्रिका, २०३३) । **कृति/सृजना :** पूजाभः (कवितासङ्ग्रह, २०५७), कल्पवृक्ष (कवितासङ्ग्रह, २०५९), याकः भिसाया भुजाःया, बुँग ड्यःया मतिना (लघुकाव्य, २०६४), छगू जिगू भिन्तुना स्येचा (सी.डी. एल्बम, २०६५), चेतन गाजलं (गजलसङ्ग्रह, नेवारीभाषा, २०६७), मनया लसता (गीतिसङ्ग्रह, नेवारी भाषा, २०६७), वँचुगु सर्गः (हाइकुसङ्ग्रह, नेवारी भाषा, २०६९) । **पुरस्कार/सम्मान :** उत्कृष्ट घरेलु उद्यमी पुरस्कार (२०४४), ईल्वह ज्ञानज्योति सिरपा (२०६९) लगायत अन्य पुरस्कारहरू । **हालको ठेगाना :** पुलचोक-१३, ललितपुर (buddhanewa@gmail.com) । **फोन :** ९८४९०५६८४३, ०१-५५२५८७४ ।

बुद्धिसागर चपाई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३८ जेठ २०, पथरैया-४, कैलाली । **माता/पिता :** बेलकुमारी, हर्षबहादुर चपाई । **शिक्षा :** स्नातक (पत्रकारिता) । **सेवा :** साहित्य । **पहिलो रचना :** गजल (रेडियो नेपालबाट प्रसारण, २०५३) । **कृति/सृजना :** रारा जलेपछि (गजलसङ्ग्रह, २०६०), हजारौँ पृथ्वी हजारौँ आकाश (कवितासङ्ग्रह, २०६४), कर्णाली ब्लुज (उपन्यास, २०६७), बुद्धिसागरका कविता (२०६८) । **पुरस्कार/सम्मान :** राष्ट्रिय गजल महोत्सव (प्रथम, २०५७), मसांस कविता महोत्सव (प्रथम, २०५८), राष्ट्रिय कविता महोत्सव (प्रथम, ने.रा.प्र.प्र., २०६०), क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६४), रामराजाप्रसाद पन्त स्मृति सम्मान (२०६८) आदि । **हालको ठेगाना :** गोङ्गबु, काठमाडौँ / मान्म ठाँडाचक्र, कालिकोट । (buddhisagar@gmail.com) । **फोन :** ९८०३५२३५१७ ।

बुद्ध सायमी (बुद्धरत्न मानन्धर)

(कवि/समालोचक, नेपाल भाषा)

जन्म/स्थान : ई.सं. १९४५ जनवरी १, चिकंमुगल, काठमाडौँ । **माता/पिता :** पद्मकुमारी मानन्धर, ज्यानबहादुर मानन्धर । **शिक्षा :** बी.ए. । **सेवा :** बैङ्किङ, साहित्य सेवा । **पहिलो रचना :** मां मालाच्वना (कविता, सितु, ने.सं. १०८६) । **कृति/सृजना :** जि : जिगु वर्तमान (कविता, ने.सं. १०९४), जिन्दगी : बँय् वाःगु हि वाः चेतनाया मि (कविता, ने.सं. १११७), २००० कविता : थौया मिखां (समालोचना, ने.सं. ११२०), सासः ल्हानाच्वंगु, पलाःख्याँय्त - जीवनी । **पुरस्कार/सम्मान :** नेपालभाषा साहित्य राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५) । **हालको ठेगाना :** चिकँमुगल, काठमाडौँ । **फोन :** ४२५४८३३, ४२६७८४७ ।

बुद्धाचार्य शाक्य

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९६ फागुन १, श्रीबहाः, काठमाडौँ । **माता/पिता :** हर्षमाया शाक्य, तीर्थराज शाक्य । **शिक्षा :** दशम कक्षा । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** नेपालया जातः (निबन्ध, शान्ति विजय, ने.सं. १०९८) । **कृति/सृजना :** चिनाखँ (ने.सं. १०९७), अंशुवर्मा (जीवनी, ने.सं. ११०२), नेपालया मल्ल जुजुपिं (ने.सं. ११११), स्वनिगलया ल्वहं हिति (ने.सं. १११४), म्हपूजा (ने.सं. १११७), प्रज्ञापारमिता (ने.सं. ११२०) । **पुरस्कार/सम्मान :** गौरी अनन्त सिरपा (ने.सं. १११४) ।

बुद्धि गुरुङ (बुद्धिबहादुर गुरुङ)

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१५ भदौ १४, अर्मलाकोट, कास्की । **माता/पिता** : श्रीमाया गुरुङ, नरबहादुर गुरुङ । **शिक्षा** : स्वअध्ययन । **सेवा** : कला अध्यापन । **पहिलो रचना** : २०३४ सालदेखि कला-प्रदर्शनीहरूमा सहभागी । **कृति/सृजना** : कलाप्रदर्शनी (नाफा, इ.सं. १९८९/९१), चौथो र पाँचौं एशियन कलाप्रदर्शनी (बङ्गलादेश, इ.सं. १९८९, इ.सं. १९९४), नेपाली कला प्रदर्शन (दक्षिण कोरिया, इ.सं. १९९५), एकल कलाप्रदर्शनी (जेआर्ट ग्यालरी काठमाडौँ, २०४७, पोखरा : २०५७ र २०६१) एस.ओ.एस. हर्मन माइनर विद्यालय गण्डकी हलमा चौथोपटक एकल चित्रकलाप्रदर्शनी । रिक्सा चालक, गाइने र युद्धको गीत, भरि पसल, नृत्य, लालीगुराँसको देश अर्द्धअमूर्त चित्रहरू । हिम शृङ्खला, मनभित्रको बस्ती भगवान बुद्ध र शान्ति दृश्यचित्र आदि आधुनिक चित्रकला शृङ्खलाबद्ध कलाकृतिहरू । (एक्रेलिक र पानी रङ्गमा प्रयोगात्मक कलाकृतिहरू निर्माण) । **पुरस्कार/सम्मान** : सान्त्वना (नाफा, २०३४), प्रथम पुरस्कार (इ.सं. १९८४, काठमाडौँ), उत्कृष्ट पुरस्कार (नाफा, इ.सं. १९८६/८९), विशेष पुरस्कार (युनिसेफ, इ.सं. १९९०), ललितकला पुरस्कार (पोखरा, २०६१) । **हालको ठेगाना** : ११/५७, तुलसी मार्ग, रानीपौवा -११, पोखरा, कास्की । **फोन** : ०६१-५२७२८४ ।

बुद्धि थापा पल्ली मगर

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०१० असोज २१, बडागाउँ, गुल्मी । **माता/पिता** : नरमाया थापा पल्ली, चन्द्रवीर थापा पल्ली । **शिक्षा** : बी.एफ.ए. । **सेवा** : कलाकारिता । **कृति/सृजना** : १६ पटक सामूहिक कला प्रदर्शनी (नेपाल र भारत विभिन्न सहरहरूमा, इ.सं. १९८३-२००४), १७ पटक एकल कला प्रदर्शनी (नेपाल र भारतका विभिन्न सहरहरूमा, इ.सं. १९८५-२००४) साथै न्युयोर्क, जापान, क्यानाडा, दक्षिण कोरिया, फ्रान्स, इङ्ल्याण्ड, वासिङटन डी. सी., दक्षिण भियतनाम, डेनमार्क, अस्ट्रेलिया, नेदरल्याण्ड, थाइल्याण्ड, भारत र नेपालका विभिन्न चित्रहरू सङ्गृहीत । **हालको ठेगाना** : बडागाउँ -३, गुल्मी । **फोन** : ४४३०२५१ ।

बुद्धिनारायण श्रेष्ठ

(सीमाविद्/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ वैशाख १७, ओखलढुङ्गा वजार । **माता/पिता** : योगकुमारी श्रेष्ठ, हस्तवहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. । **सेवा** : नापी विभाग (महानिर्देशक) । **पहिलो रचना** : कर्मचारीको तलव वृद्धि : एक दृष्टिकोण (लेखरचना, समीक्षा साप्ताहिक, २०३० भदौ २०) । **कृति/सृजना** : जन उपयोगको लागि कित्ता नापी (२०३८), नेपालको सिमाना (२०५७), राष्ट्रिय सुरक्षाका सन्दर्भमा सीमा व्यवस्थापन (२०५९), बोर्डर मेनेजमेन्ट अफ नेपाल (अङ्ग्रेजी, २०६०), क्याडेस्टल सर्भे फर पब्लिक युजफुलनेस (इ.सं. १९८१), नेपालको विकासमा नापी नक्शाको भूमिका (इ.सं. १९९०) । **सम्पादन/अनुवाद** : मिलन (पत्रिका, २००४) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (इ.सं. १९८०), दीर्घसेवा पदक (इ.सं. १९९०), गोरखा दक्षिणवाहु तेस्रा (इ.सं. १९९१), एडुअर्ड डोलेजल अवार्ड (अष्ट्रेलिया, इ.सं. १९९६), गद्दीआरोहण रजत-महोत्सव पदक (इ.सं. १९९७), मदन पुरस्कार (२०५७) । कोलोम्बो प्लान विद्वद्वृत्ति (इ.सं. १९९६), नव सहारा नेपाल सम्मान (२०५९), नेपलिज् एसोसियसन अफ हुस्टन, टेक्सस्, यु.एस.ए सम्मान (२००३), सुप्रबल जनसेवा श्री (तृतीय), जापान, क्यानडा, जर्मनीबाट सम्मानित । **हालको ठेगाना** : पो.ब.नं. ६७६९, घट्टेकुलो हाइट, काठमाडौँ (border@wlink.com.np) । **फोन** : ४४१७४५० ।

बुद्धिबहादुर थकाली

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९ भदौ २५, टुकुचे ठिनी, थाकखोला, मुस्ताङ । निधन : २०३४ साउन १० । **माता/पिता** : सुनमाया थकाली, गगनसिंह गुरुङ । **शिक्षा** : साधारण । **सेवा** : सैनिक, समाज, साहित्य । **कृति/सृजना** : लाहुर जाने धोको (नाटक, २०२९) लेखन तथा पचास रुपियाँको तमसुक लगायत थुप्रै नाटकमा अभिनय गरेको । **सम्मान** : काका । **सम्पर्क ठेगाना** : बुटवल नगरपालिका, रूपन्देही ।

बुद्धिराम प्रजापति

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१२ भदौ, मरु, अट्को, काठमाडौँ। **माता/पिता** : हरिमाया प्रजापति, तुलसी साहु प्रजापति। **पहिलो रचना** : हर्ण (नेपाल भाषामा कथा, पल्पसा द्वैमासिक, २०३०)। **कृति/सृजना** : गुंगु स्वां (कथासङ्ग्रह, नेपाल भाषा, २०३०)। **हालको ठेगाना** : काठमाडौँ -२३।

बुद्धिसागर पराजुली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७० असोज ७, मिरुवा गाउँ, पोखरा। निधन : २०४९ साउन २, काठमाडौँ। **माता/पिता** : पार्वती पराजुली, शिवप्रसाद पराजुली। **शिक्षा** : आचार्य (पूर्व मीमांसा), पोष्टाचार्य। **सेवा** : प्राध्यापन (त्रि.वि., म.सं.वि.), राष्ट्रिय अभिलेखालयमा जागिरे। **कृति/ सृजना** : पुरातन विश्वनिर्देश (नियमित आकस्मिकतासँगै, दर्शन, २००५), धर्मप्रवेश (खण्ड १-५, २०१०), साम्राज्यलहरी (संस्कृत, नेपाली टीकासहित, २०१७), रुद्राभिषेक तथा पूजाविधिसहित रुद्रपद्धति (२०२४), दर्शनामृत (२०२५), ब्रह्म शान्ति (२०२८), सपर्यामृतम् (२०२९), करुणविंशोत्तरी (खण्डकाव्य, २०३०, शुभराज्याभिषेक विधानकारिका (२०३०), भगवद्‌वरिवस्या (२०३२), श्री ५ महेन्द्रका अमर कहानी (खण्डकाव्य, २०५६), तर्पणैकोद्दिष्ट पार्वणतीर्थ-श्राद्धविधि। **सम्पादन/अनुवाद** : पुरुषार्थ (मासिक, २००६), संस्कृत सन्देश (मासिक २०१०), हिमवत् संस्कृति (त्रैमासिक, २०१६), प्राचीन नेपाल (मुखपत्र, २०२४), तथा थुप्रै अभिलेखीय कृतिहरूको सम्पादन। **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०१९), महेन्द्र विद्याभूषण (२०२०), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०२३), शुभराज्याभिषेक पदक (२०३१)। **हालको ठेगाना** : महाराजगञ्ज, काठमाडौँ। **फोन** : ४४१६१५६। ९८५१०८२१७७।

बुलु मुकारुङ

(सङ्गीतकार/साहित्यकार)

जन्म/स्थान : वि.सं. २०१६ पुस ९, दिल्पा अन्नपूर्ण, भोजपुर। **माता/पिता** : पार्वती राई, सहरमान राई। **शिक्षा** : एम.ए (संस्कृति), एम.म्युज. (इलाहावाद)। **सेवा** : सङ्गीत, रेडियो नेपाल, अभिनय, सङ्गीत निर्देशन, गायन, ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१)। **पहिलो रचना** : "राम साइली सुरुबुरु लाँकुरीको लङ्कै पुग्यो जरा..." बोलको गीत गायन, रचना, रेडियो नेपाल, २०३५)। **कृति/सृजना** : सिक्किम र सिक्किमका व्यक्तित्वहरू (२०५३), सङ्गीतको प्रारम्भिक ज्ञान (२०५६), जापानको चक्कर (२०५७), बाइस जँघार तरेपछि (२०५७), सङ्गीत आरोहण (२०५९) अमेरिका : कल्पना र वास्तविकता (२०६७)। नेपाली सङ्गीतको अभिलेख। एकल गीतिएल्बम तथा सी.डी. १६ वटा। अभिनय : ५ ओटा चलचित्रमा, दर्जनौँ वृत्तचित्र, नाटक, चलचित्र, टेलिचलचित्र, भिडियो फिल्म मा सङ्गीत निर्देशन। साथै करिब ५ सयभन्दा बढी गीतहरूमा सङ्गीत दिएको। **सम्पादन/अनुवाद** : मीरा मूर्च्छना (पुस्तक, २०५७), पुष्प पुष्पाञ्जलि (पुस्तक, २०५८), धुनभित्रका गीतहरू (पुस्तक, २०५८), नेपाली सङ्गीतका अभियन्ता : शिवशङ्कर (पुस्तक, २०६३), हाम्रो जाति हाम्रो थर (२०६६)। **पुरस्कार/सम्मान** : आधुनिक सङ्गीत प्रतियोगिता -प्रथम (२०४१, २०४७, २०५०), उत्कृष्ट सङ्गीत पुरस्कार टेलिचलचित्र (२०४८), उत्कृष्ट सङ्गीत पुरस्कार (सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् २०४६), नारायणगोपाल युवा सङ्गीत पुरस्कार (२०५१), भूपालमानसिंह कार्की युवा सङ्गीत पुरस्कार (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), छिन्नलता गीत-सङ्गीत पुरस्कार (२०६७)। विराटकला समूह विराटनगरद्वारा सम्मान (२०५५), पूर्वाञ्चल सांस्कृतिक संवर्द्धन केन्द्रद्वारा सम्मान (२०५६), साधना सङ्गीत केन्द्र, धरानद्वारा सम्मान (२०५८), सङ्गीत साधना महाविद्यालय, इटहरीद्वारा सम्मान (२०५८), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाद्वारा सम्मान (२०६०), रावासावा प्राज्ञिक सम्मान (२०६८) लगायत दर्जनौँ। **हालको ठेगाना** : लामपोखरीमार्ग -२३६, चाबेल, काठमाडौँ। **फोन** : ४४८१३६९, मो. ९८५१०५३८६१।

बूँद राना (लोकबहादुर राना)

(कवि/गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ भदौ ३०, धाइरीचौर (कुर), अर्घाखाँची। **माता/पिता** : रूपीमाया राना, तेजबहादुर राना। **शिक्षा** : माध्यमिक तह उत्तीर्ण। **सेवा** : राजनीति, अध्यापन, समाजसेवा, नेपाल प्रज्ञा-प्रतिष्ठान (परिषद् सदस्य, २०६६)। **पहिलो रचना** : स्वर्ग

नै सरे छ भूमा (कविता, लुम्बिनी सन्देश साप्ताहिक, २०२५)। **कृति/ सृजना :** पुष्टकारी (बाल कविता-सङ्ग्रह, २०५०), अब किन मान्थिन् (लघुकाव्य, २०५१), खै गुजी ? (बालकवितासङ्ग्रह, २०५४), रातो मलाई प्यारो (गजलसङ्ग्रह, २०५६), जुनू मामा (बालगजल, सहलेखन, २०६०), तीलमा लेङ्गम (गीतिनाटक, २०६३), चल्दै छ जिन्दगी (गजलसङ्ग्रह, २०६४), चनाचटपटे (बाल कवितासङ्ग्रह, २०६७), छिनोफानो (खण्डकाव्य, २०६७), डण्डीबियो (बाल गीतिकथा, २०६८), चक्रवात (खण्डकाव्य, २०६८), पैलो भयो प्यादा (बाल गीतिकथा, २०६९), सिर्जनाका स्वरहरू (कवितासङ्ग्रह- सहलेखन), मट्याङ्ग्रा (कवितासङ्ग्रह -सहलेखन)। **सम्पादन/अनुवाद :** जनजीवन (सामयिक सङ्कलन, २०३९), रतौंधी को दो दो डण्डा (नेपालीबाट हिन्दीभाषामा अनु., २०६२), सयपत्री (अर्धवार्षिक, २०६७)। **पुरस्कार/ सम्मान :** बाल कवितातर्फ प्रथम पुरस्कार (२०३५), ने.रा.प्र.प्र. कविता महोत्सवमा तृतीय (२०४३), केवलपुरे किसान प्रतिभा पुरस्कार, साहित्य सन्ध्या पुरस्कार (२०५१), राष्ट्रिय प्रतिभा पुरस्कार, व्यथित काव्य पुरस्कार, नूरगङ्गा प्रतिभा पुरस्कार, पुष्पलाल साहित्य पुरस्कार। **हालको ठेगाना :** सिद्धार्थनगर -८, रूपन्देही / काठमाडौँ (boondrana@gmail.com)। **फोन :** ९८५११२३४४०।

बुनू लामिछाने (व्रजेश्वरी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ भदौ श्रीकृष्णजन्माष्टमी, तुलसीपुर, गोलौरा, दाङ। **माता/पिता :** शुभद्रादेवी, अशोककुमार लामिछाने। **शिक्षा :** स्नातकोत्तर (नेपाली, संस्कृत)। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** शुभकामना (कविता, २०५५)। **कृति/सृजना :** बिहानीका पाइलाहरू (कवितासङ्ग्रह, २०५८), सुलोचना महाकाव्यको विश्लेषण (समालोचना, २०५८), याचना (महाकाव्य, २०६०), विद्रोही इन्द्रकुमारी (महाकाव्य, २०६४)। **पुरस्कार/सम्मान :** कृष्णस्मृति सर्जक पुरस्कार (२०६०), गुञ्जन नवप्रतिभा पुरस्कार (२०६१), नवरङ साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०६०)। **हालको ठेगाना :** तुलसीपुर-६, दाङ। **फोन :** ०८२-५२०८२६।

बेचन उराँव

(लेखक, उराँव/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ माघ १, इनरुवा-७, सुनसरी। **माता/पिता :** धौलीदेवी उराँव, मोतीलाल उराँव। **शिक्षा :** ए.वी.एस., एम.ए. (समाजशास्त्र)। **सेवा :** दूरसञ्चार। **पहिलो रचना :** उराँव जातिको सङ्क्षिप्त परिचय (लेख, २०५५)। **कृति/सृजना :** एंग्हय पद्दा (निबन्धसङ्ग्रह), उराँव जातिको चिनारी (२०६९), विभिन्न अनुसन्धान कृतिहरू। **सम्पादन/ अनुवाद :** मानी खीरी (कथासङ्ग्रह, २०६९), डहरे (निबन्धसङ्ग्रह, २०६९)। **पुरस्कार/सम्मान :** कदर पत्र (गोरखापत्र, २०६४), कुडुख़ लिटरेसी सोसाइटी इन्डियाबाट सम्मान पत्र (२०६९), राष्ट्र मातृभाषा पुरस्कार (२०६९), उराँव नागरिक अगुवा समाजबाट सम्मान (२०६९) लगायत अन्य कदरपत्र तथा सम्मान प्राप्त। **हालको ठेगाना :** बबरमहल, काठमाडौँ / इनरुवा-७, काठमाडौँ (buranw@yahoo.com)। **फोन :** ०२५–५६११०३, ९८५१०४३७८१।

बेनुका राई

(गायिका)

जन्म/स्थान : वि.सं. २०३८ फागुन २९, सेखुवा, च्यानडाँडा, खोटाङ। **माता/पिता :** ज्ञानशोभा राई, टेकबहादुर राई। **शिक्षा :** बी.एफ.ए.। **सेवा :** सङ्गीत गायन। **पहिलो रचना :** आफ्नै गाउँघर बिरानो लाग्छ ... बोलको गीत गायन, रेडियो नेपाल, २०५९)। **कृति/सृजना :** सँगालो (गीतिएल्बम, २०६१), सिमखेत बाँभै भो (लोकदोहोरी गीतिएल्बम, २०६१), पर्खाइ (गीतिएल्बम, २०६२), । **पुरस्कार/सम्मान :** राष्ट्रव्यापी आधुनिक गीत प्रतियोगितामा तृतीय पुरस्कार (रेडियो नेपाल, २०५९)। **हालको ठेगाना :** ललितपुर-१४, ललितपुर (benuka@hotmail.com)। **फोन :** ५५७११२२।

बेन्जु शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ पुस २७, डिल्लीबजार, काठमाडौँ। **माता/पिता :** भुवनेश्वरी तिवारी, भीमनिधि तिवारी। **शिक्षा :**

एम.ए. (नेपाली तथा इतिहास, संस्कृति तथा पुरातत्त्व), विद्यावारिधि । **सेवा :** प्राध्यापन, एकाङ्कीहरू लेखन, निर्देशन र अभिनय, प्राज्ञ (नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६६) । नेपाल टेलिभिजन (अध्यक्ष, २०६३), साझा प्रकाशन (सञ्चालक समितिको निर्वाचित सदस्य, २०४२-४८) । **पहिलो रचना :** नेपाल (कविता, रूपरेखा पत्रिका, २०१८) । **कृति/सृजना :** देहमुक्त (उपन्यास, संयुक्तलेखन, २०४४), विसङ्गत (कथासङ्ग्रह, २०४९), आन्दोलनपूर्वका बन्द अभिव्यक्ति (कवितासङ्ग्रह, २०५०), टु सिस्टर्स (कलेक्सन अफ पोइम्स, अङ्ग्रेजी, इ.सं. १९९७), सम्बन्ध प्रदूषण (कवितासङ्ग्रह, २०५९), इतर किनाराको वरिपरि (कवितासङ्ग्रह, २०६२), कर्फ्यू (कवितासङ्ग्रह, २०६८) । **सम्पादन/अनुवाद :** हाम्रो सवाल : दाइको जवाफ (२०५०), तिवारी नाट्य साहित्यको विश्लेषणात्मक अध्ययन (२०५४), कविता (चौमासिक, २०६७) । **पुरस्कार/ सम्मान :** पद्मकन्या क्याम्पसबाट एकाङ्कीमा स्वर्णपदक (२०२२) रत्नश्री स्वर्णपदक (२०३१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), महेन्द्र विद्याभूषण 'क' (२०५८), दीर्घसेवा पदक (त्रि.वि.वि., २०६२), स्वर्ण पदक (त्रिमूर्ति निकेटन, २०६७) । शान्तिदूत सम्मान (२०६३), राष्ट्रिय व्यक्तित्व सम्मान (२०६३), विशेष राष्ट्रिय नारी सम्मान (२०६३), साझा प्रकाशन सम्मान (२०६३), नेपाल सरकार सम्मान (२०६३), मधुपर्क सम्मान (२०६६), मैनाली कथा सम्मान (२०६७), त्रि-चन्द्र क्याम्पस इकाइ समिति र त्र-चन्द्र बहुमुखी क्याम्पसद्वारा सम्मान (२०६८) लगायत दर्जनौं सम्मान । **हालको ठेगाना :** घर नं. ११०, मचगामार्ग, मालीगाउँ, टङ्गाल, काठमाडौँ । **फोन :** ४४३१९२४, ९७२१४०६१२६ ।

बेटी वज्राचार्य (सुखलक्ष्मी)

(नृत्यविद्, कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ वैशाख २०, वसन्तपुर, तानसेन, पाल्पा । **माता/पिता :** अष्टमाया शाक्य, गणेशमान शाक्य । **शिक्षा :** नृत्य विशारद (बरोडा), एम.म्यूज. (कत्थक नृत्य), एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा :** प्राध्यापन, ने.रा.प्र.प्र. (नृत्य अन्वेषक, प्रज्ञा-सभासद्, २०६१), नृत्य प्रशिक्षक, सामाजिक सेवा । **पहिलो रचना :** राष्ट्रभाषा (कविता, रहर पत्रिका, २०१९) । **कृति/सृजना :** नपोखिएका व्यथाहरू (कवितासङ्ग्रह, २०४५), नृत्यबोध (भाग १-२, पाठ्यपुस्तक) । **सम्पादन/अनुवाद :** गुलाफ (गोजीपत्रिका, २०२८), लुम्बिनी (मासिक, २०२८) । **पुरस्कार/सम्मान :** नृत्यकलाकार (दिल्ली, २०२३), रत्न सेवा पदक (२०४३), गोरखा दक्षिणबाहु चौथा (२०४६), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), बेष्टजेसी अफ नेपाल (ट्रफी र प्रशंसापत्र), वरिष्ट नृत्य गुरुबाट सम्मान (डान्स कल्चर सेन्टर नरदेवी, २०५८), सामाजिक सेवा समूह सम्मान (२०६१) । **हालको ठेगाना :** पो.ब.नं. ३२७७, कुलेश्वर, काठमाडौँ । **फोन :** ४२७८५७८/ ९८४१२८९१३३ ।

बेदुराम भुसाल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ असार १५, धन्चौर-५, अर्घाखाँची । **माता/पिता :** धनीकला भुसाल, तिलकराम भुसाल । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** राजनीति (पूर्व राष्ट्रिय सभा सदस्य), साहित्य । **पहिलो रचना :** वसन्तका नयाँ मुना (कविता, सङ्कल्प साहित्यिक द्वैमासिक, २०३८) । **कृति/सृजना :** सी.के. प्रसाईलाई जवाफ (२०४७), दर्शनशास्त्र परिचय (२०५९), उग्र वामपन्थ : एक विवेचना (२०६५), मार्क्सवादी दर्शन (२०६७), नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू (२०६८), ऐतिहासिक नोट (पुष्पलाल) । **सम्पादन/अनुवाद :** नयाँ जनवाद (मासिक), पुष्पलाल हिस्टोरिकल नोट्स् । **हालको ठेगाना :** कलङ्की, काठमाडौँ / गजेहदा -१, कपिलवस्तु । **फोन :** ४२८४८००/ ९७४१०३००८४, ४२७८०८१ ।

बैजनाथ सेढाई

(माध्यमिक कालीन)

जन्म/स्थान : वि.सं. १९४६, गौरीघाट, काठमाडौँ । **निधन :** २०१०, बनारस । **पिता :** जगन्नाथ सेढाई । **शिक्षा :** मध्यमा, संस्कृत । **सेवा :** गोरखापत्रमा डिट्ठा र सम्पादक । **कृति/सृजना :** चन्द्रमखयु भूचन्द्र चन्द्रिका (१९७१), गोरखा भाषा (१९७३), चक्र परिक्रमा (१९७३), एक लाख रुपियाको चोरी (१९७४), उपदेश सहस्री (१९७४) सार सतक मदालसोपाख्यान (२०००),

जुद्ध पुष्पाञ्जलि, मुद्रणकला दर्पण चारुचर्या (२०००), काला प्रलापमाला (२००९)।

बोधविक्रम अधिकारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५१, ज्यामरूक आहाले, तनहुँ। **निधन** : वि.सं. २००८, फागुन, काठमाडौँ। **पिता** : डम्मरसिंह अधिकारी। **शिक्षा** : एम.ए. (नेपाली, अङ्ग्रेजी : एम.ए. गर्ने पहिलो नेपाली)। **सेवा** : अध्यापन, प्राध्यापन (पद्मकन्या कलेजका प्रथम प्राचार्य)। विश्वविद्यालय स्थापना समितिमा रही सहयोग पुऱ्याएका। **पहिलो रचना** : कवितामातासँग मेरो गन्थन (शारदा, १९९१)। **कृति/सृजना** : नेपाली दन्त्यकथा (लोककथासङ्ग्रह, १९९६), अङ्ग्रेजी नेपाली शब्दकोश (१९८८)।

बोधिराज आचार्य

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९७९, ओकुबहाल, काठमाडौँ। **निधन** : २०४८ कार्तिक २९। **माता/पिता** : पूर्णमाया शाक्य, पुण्यराज शाक्य। **शिक्षा** : साधारण। **सेवा** : धातु मूर्तिकला। **पहिलो रचना** : श्री साई बाबाको मूर्ति (१२२ से.मि., बालाजु, इ.सं. १९६४)। **कृति/सृजना** : मैत्री बुद्ध (२८ से.मि. पाटन दरबार स्क्वायर, इ.सं. १९९५), मञ्जुश्री (९१ से.मि., बौद्ध, काठमाडौँ), शाक्यमुनी (२० से.मि., बौद्ध, काठमाडौँ)। **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (हस्तकलाप्रदर्शनी, घरेलु तथा ग्रामीण उद्योग विभाग एवं हस्तकला प्रवर्द्धन शाखा पा.औ.क्षे.), दोस्रो पुरस्कार (हस्तकलाप्रदर्शनी)। **हालको ठेगाना** : ओकुबहाल, ललितपुर (bodhiarts@wlink.com.np)। **फोन** : ५५३६०७६।

ब्रजेश खनाल

(सञ्चारकर्मी/कलाकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९६८ मार्च २८। **शिक्षा** : स्नातक। **सेवा** : चलचित्र, रङ्गमञ्च, सञ्चार। **पहिलो रचना** : स्तम्भ लेखन (संरक्षण साप्ताहिक, सन् १९८१)। **कृति/सृजना** : विजय-पराजय, चोट, मनकामना, ट्रक ड्राइभर, मोहनी, टुहुरो, राधा-कृष्ण, भाउजू, माइली, नेपाली बाबु, सीता, नाता लगायत चार दर्जनजति नेपाली चलचित्रको कथा, पटकथा लेखन, आँखा, आफ्नो कमाई, अपुताली, टाढाको वस्ती, अनुराधा लगायत चार दर्जन जति टेलिशृङ्खलाहरू लेखन, दर्जनौँ चलचित्र तथा टेलि-चलचित्रमा अभिनय। यायायार (उपन्यास, २०६९)। **पुरस्कार/सम्मान** : मोती सम्मान (सन् १९८४), उत्कृष्ट संवाद लेखन अवार्ड (सन् १९८४), काजोल सिने सम्मान, मानसरोवर सिने सम्मान, म्युजिक नेपाल सम्मान लगायत दर्जनौँ सम्मान तथा पुरस्कार। **हालको ठेगाना** : काठमाडौँ।

ब्रह्मप्रिय प्रेमस्वरूप (द्वारिका चौलागाईं)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३, माघ ९, कात्तिके देउराली, काभ्रे। **माता/पिता** : लक्ष्मीमाया चौलागाई, लक्ष्मीप्रसाद चौलागाईं। **शिक्षा** : स्नातक। **सेवा** : साहित्य, आध्यात्मिक। **पहिलो रचना** : गरीब (कविता, चौतारो पत्रिका, २०३८)। **कृति/सृजना** : सृष्टिकर्ताको खोजीमा (कविता-सङ्ग्रह, २०५८), दर्शनाभिलाषी (२०६३), हृदयको माझमा (२०६६)। **सम्पादन/अनुवाद** : वैश्वानरवार्ता (पत्रिका, २०५४), नाद बिन्दु (पत्रिका, २०५५), चैतन्य, ज्योति पत्रिका (२०५४)। **पुरस्कार/सम्मान** : दैवीप्रकोप पीडितोद्धार पदक (२०४५), दीर्घसेवा पदक (२०४७)। **हालको ठेगाना** : नयाँबानेश्वर, बुद्धनगर, काठमाडौँ। **फोन** : ४७८२७६१, ९८४९१५०२२१।

ब्रह्मशमशेर राणा

(माध्यमिक कालीन समीक्षक)

जन्म/स्थान : वि.सं. १९६६, सिंहदरबार, काठमाडौँ, । **निधन** : २०४४। **पिता** : बबरशमशेर। **शिक्षा** : बी.ए., संस्कृत (अनौपचारिक)। **सेवा** : सरकारी सैनिक सेवा। **कृति/सृजना** : नेपालमा भूकम्प (१९९१), कवि भानुभक्त (१९९५) आदि।

भक्त खपाङ्गी (भक्तबहादुर विश्वकर्मा)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ पुस ११, बुधबारे, झापा । **माता/पिता** : हरिमाया खपाङ्गी, सन्तवीर खपाङ्गी । **शिक्षा** : स्नातकोत्तर (नेपाली, इतिहास) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : जोखाना (कथा, युगज्ञान साप्ताहिक झापा, २०२६) । **कृति/सृजना** : जागिरले बोलाएपछि (कथासङ्ग्रह, २०५७) । **सम्पादन/अनुवाद** : उद्दीपन (मासिक, २०५०), मानवअधिकार वर्ष पुस्तक । **हालको ठेगाना** : अनारमनी -३, बिर्तामोड, झापा (yogeshkhapangi@hotmail.com) । **फोन** : ०२३-६९०८१९, ९८४१२९१९७५ ।

भक्तबहादुर कार्की

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ वैशाख १६, पुलाचौर-९, म्याग्दी । **माता/पिता** : कलावती कार्की, दिलबहादुर कार्की । **शिक्षा** : एस.एल.सी. । **सेवा** : अध्यापन, समाजसेवा, साहित्य सेवा । **पहिलो रचना** : श्रमिक (कविता, चितवन पोस्ट साप्ताहिक, २०५७) । **कृति/सृजना** : मनका कोसेलीहरू (कवितासङ्ग्रह, २०५७), खोइ मेरा खेलौनाहरू (बालगीतसङ्ग्रह, २०६१), चड्कन (हाइकुसङ्ग्रह, २०६४), चञ्चल (बालहाइकु सङ्ग्रह, २०६४), प्रतिबिम्ब (ताङ्कासङ्ग्रह, २०६४) । **सम्पादन/अनुवाद** : नव प्रतिभा (साहित्यिक हवाई पत्रिका), जूनकीरी (साहित्यिक त्रैमासिक पत्रिका), बाल सिर्जना (भित्ते पत्रिका), शिक्षक समाचार, विभिन्न स्मारिकाहरू सम्पादन । **पुरस्कार/सम्मान** : अञ्चल स्तरीय कविता प्रतियोगितामा उत्कृष्ट पुरस्कार (२०५८), राष्ट्रिय शिक्षा पदक (२०६०), स्मृतिदीप उपाधि (धौलागिरि स्मृति प्रकाशन, २०६३), आदर्श समाज सेवा सम्मान (म्याग्दी, २०६३), नेपाल शिक्षक संघ, जिल्ला कार्य समिति म्याग्दीबाट अभिनन्दन, श्री जामुनाखर्क मा.वि. अर्थुङ्गे म्याग्दी बाट सम्मान (२०६१), श्री विद्याज्योति मा.वि. माझफाँट पर्वतबाट सम्मान (२०६२), ग्रामीण वातावरण तथा सशक्तीकरण केन्द्र (रिक)बाट सम्मान (२०६५) लगायत थुप्रै सम्मान तथा अभिनन्दन । **हालको ठेगाना** : पुलाचौर-९ फुर्केसल्ला, म्याग्दी । **फोन** : ९८४७६४९६३२ ।

भक्तबहादुर नेपाली (रत्नबहादुर पण्डित)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ असोज ५, लामाटार -४, ललितपुर । **माता/पिता** : सावित्री पण्डित, नरबहादुर पण्डित । **शिक्षा** : स्नातक (वाणिज्य) । **सेवा** : लेखापरीक्षण, राजनीति, साहित्य । **पहिलो रचना** : भूमिसुधार सहकारिता (लेख, सहकारी, २०२२) । **कृति/सृजना** : *उपन्यासहरू* : जेलभित्र (२०३८), आजको चिन्तन (कथासङ्ग्रह, २०४२), चालामाला (गीत तथा कविता, २०४४), छिमेकीको भूत (२०४७), उज्यालो गाउँ (२०४८), नेपाली आमा (२०४९), बेचिएकी दिदी बहिनीको कथा (२०५१), भूतको ओखती (२०५१) । सुन बर्सने देश (बाल साहित्य, २०४७), जान्नैपर्ने केही कुरा (२०४९), उपहार (निबन्धसङ्ग्रह, २०५०), स्मृतिका पानाहरू (आत्मसंस्मरण, २०५१), शुभकामनाका स्वरहरू (गीत-कवितासङ्ग्रह, २०५२), चेतबाबा काशी (निबन्धसङ्ग्रह, २०५३), हाम्री आमा (निबन्धसङ्ग्रह, २०५७), देशको माया कसरी गर्ने (२०५७), ह्रस्व दीर्घको सवाई (२०६१), लीलावती (उपन्यास, २०६६) । टेलिशृङ्खला 'कथा यसरी सुरु हुन्छ' (अभिनय, २०५६) । **सम्पादन/अनुवाद** : जुही (मासिक) । **हालको ठेगाना** : जाउलाखेल, ललितपुर । **फोन** : ५५३५३७९, ४२५७७८१ ।

भक्तराज आचार्य

(गायक)

जन्म/स्थान : इ.स.१९४२, धनकुटा । **माता/पिता** : रेनुका आचार्य, बलभद्र आचार्य । **सेवा** : गायन, सङ्गीत । **पहिलो रचना** : मलाई जीवन चाहिन्छ ... बोल रहेको गीत गायन । **कृति/सृजना** : वि.सं. २०३० सालदेखि करिब ५०० भन्दा बढी गीतहरू रेकर्ड भएका । केही गीतहरूबाहेक सबै आफ्नै सङ्गीतमा गीत रेकर्ड । **पुरस्कार/सम्मान** : भजन शिरोमणि उपाधि, प्रतिभा सम्मान (बेलायत, इ.सं.२०११) लगायत दर्जनौं सम्मान तथा पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : ललितपुर ।

भगतदास श्रेष्ठ

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र १५, स्वनिम्ह, ललितपुर । **माता/पिता :** तीर्थमाया श्रेष्ठ, नारायणदास श्रेष्ठ । **शिक्षा :** स्नातकोत्तर (राजनीति) । **सेवा :** साहित्य, भाषा, संस्कृति, स्वतन्त्र पत्रकारिता । **पहिलो रचना :** कविता (ज्वला न्हायक पत्रिका, २०२२) । **कृति/सृजना :** जि अले जिगु विश्व (म अनि मेरो विश्व : कवितासङ्ग्रह, २०४९) । चलचित्र कथा लेखन । **सम्पादन/अनुवाद :** ससिवा: (सिमसिमे पानी, २०३०), मुक्ति (२०५०) क्रान्ति एक दिशाबोध (अनुवाद.) । **पुरस्कार/सम्मान :** विविध समयमा विविध पुरस्कारहरू, लुमिन सिरपा सम्मान (२०६३) । **हालको ठेगाना :** जोरपाटी -४, काठमाडौं । **फोन :** ४९११२९०, ४९१०५७१, ९८४१७८४९६५ ।

भगवतकुमारी पाण्डे

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९५३, कालिकास्थान, काठमाडौं । **निधन :** २०२८ । **पिता :** ताराप्रसाद पन्त । **शिक्षा :** साधारण । **सेवा :** गृहस्थी । **कृति/सृजना :** भक्ति तिलक (काव्य, १९७६), भगत पुष्पाञ्जलि (काव्य, २०२९) । **सम्पर्क ठेगाना :** मैजुबहाल, चाबेल, काठमाडौं ।

भगतसिंह बाग्दास

(वाद्यवादक)

जन्म/स्थान : वि.सं. २००५ भदौ ऋषिपञ्चमी, बागबजार, काठमाडौं । **माता/पिता :** ठूली बाग्दास, बहादुरसिंह बाग्दास । **शिक्षा :** बी.म्यूज.(इलाहाबाद) । **सेवा :** निजामती सेवा, सङ्गीत, वाद्यकलाकार । **पहिलो रचना :** पाइप मेलोडी (२०३४) । **कृति/सृजना :** भजन सङ्गीत, आधुनिक, दुई दर्जन जति अपेरामा, तीन दर्जन जति चलचित्रमा वाद्यवादन प्रस्तुत गरेको । महेन्द्रज्योति नामक सङ्गीत तयार गरेको (२०२४) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक (२०१३ र २०३१), सङ्गीत प्रज्ञा पुरस्कार (२०२४), वाद्यवादनमा दोस्रो पुरस्कार (रेडियो नेपाल, २०२६), शिक्षा पुरस्कार (२०४०), सार्क पदक (२०५८) । **हालको ठेगाना :** बागबजार, काठमाडौं । **फोन :** ४२४२७९३ ।

भद्रकुमारी घले

(चित्रकार/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ फागुन १९ गते, डिल्लीबजार, मैतीदेवी, काठमाडौं । **माता/पिता :** भक्तकुमारी घले, कृष्णबहादुर घले । **शिक्षा :** स्नातक (हिन्दी), शास्त्री (संस्कृत) । **सेवा :** कृषि, राजनीति, चित्रकारिता, साहित्य, राजपरिषद् सदस्य । **पहिलो रचना :** भावना (कवितासङ्ग्रह, २०४७) । **कृति/सृजना :** कल्पना (कवितासङ्ग्रह, २०४७), उपहार (कवितासङ्ग्रह, २०४७), शक्तिरूपा नारी (कथासङ्ग्रह, २०४७), राष्ट्रिय चिन्तन (निबन्धसङ्ग्रह, २०४७), नारीको व्यथाको कथा (कथासङ्ग्रह, २०४७), गीति नृत्य नाटिका (कवितासङ्ग्रह, २०५१), मेरा जीवन्त कविता (कवितासङ्ग्रह, २०५१), तमु (गुरुङ जातिको परिचय, २०५४), सहयात्री (कथासङ्ग्रह, २०५९), समय दृष्टि (निबन्धसङ्ग्रह, २०५९), राजसंस्थाप्रति नेपालीको आस्था (निबन्धसङ्ग्रह, २०६०), अस्तित्व (कवितासङ्ग्रह, २०६०), ऐँजेरू (कवितासङ्ग्रह (२०६०), कला र जीवन (चित्रात्मक कविता र निबन्धात्मकसङ्ग्रह, २०६०), सृष्टिको धरोहर नारी (निबन्धसङ्ग्रह, २०६१), युगबोध (काव्य, २०६२), आइमाई (२०६२), मनमन्थन (२०६२), हिन्दी कविताएँ (२०६२), सिन्धुली कि सेरनी (२०६२) । चित्रकलाप्रदर्शनी (भृकुटी मण्डपः २०२२, २०४३, २०५२, २०६१) लगायत थुप्रै । **पुरस्कार/सम्मान :** रत्नश्री स्वर्णपदक, हीरक पदक, गोरखा दक्षिणबाहु दोस्रा, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, पीडितोद्धार सेवा पदक, सेवा पदक लगायत शहीद दिवसमा कविता प्रतियोगितामा दुई वर्ष प्रथम र दोस्रा, चित्रकला, गीतिनाटक, लोकनृत्य, सिलाइमा बारम्बार पुरस्कृत । विभिन्न सङ्घ-संस्थाहरूबाट थुप्रै पटक सम्मान । **हालको ठेगाना :** अनमोल गल्ली-६०, मैतीदेवी, काठमाडौं । **फोन :** ४४२०४६१, ४४९९९५३ ।

भद्रवीर अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ साउन ९, चिसापानी, तनहुँ । **माता/पिता :** मनुमायादेवी अधिकारी, महावीर अधिकारी ।



शिक्षा : एम.ए., बी.एल., विद्यावारिधि (नेपाली) । **सेवा :** निजामती सेवा (उपसचिव पदबाट निवृत्त) । **पहिलो रचना :** धेरै सम्भावना लिएर विकास पथमा अग्रसर अर्घाखाँची (गोरखापत्र, २०४०) । **कृति/सृजना :** नेपालमा सार्वजनिक प्रशासन : एक झलक (२०४३), थामे अधिकारी क्षेत्री र यिनीहरूको कुलदेवता पूजा एक परिचय (२०४४), एशियाली मापदण्ड, आगामी पन्ध्र वर्ष तथा अनुकरणीय छ संयुक्त राज्य अमेरिका (२०४५), नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान (शोधग्रन्थ, २०६२), सृष्टिचक्र तथा मानव समाज (२०६३), युवागीत (गद्यकविता, २०६३) । नेपाली कथानक चलचित्र 'आदिकवि भानुभक्त' मा अभिनय । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (२०३४), दीर्घसेवा पदक (२०४४), महेन्द्र विद्याभूषण पदक (२०६२) । भानु प्रतिष्ठानद्वारा सम्मान, अन्तर्राष्ट्रिय विश्वहिन्दू महासङ्घद्वारा सम्मान, नेपाल शिक्षा परिषदद्वारा । आदि । **हालको ठेगाना :** १४४/१६ कालधारा, काठमाडौं । **फोन :** ४३८२१८९, ४३८१०९६ ।

भरतकुमार भट्टराई

(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ कात्तिक २२, फुङलिङ -३, ताप्लेजुङ । **माता/पिता :** भीमादेवी भट्टराई, यमनाथ भट्टराई । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना :** यो गाउँ (कविता, संचेतना द्वैमासिक, २०४४) । **कृति/सृजना :** हास्यव्यङ्ग्य सिद्धान्त (२०५७), करिब एक दर्जन सहायक पाठ्यपुस्तकहरू प्रकाशित । **सम्पादन/अनुवाद :** बज्यै ! बज्यै ! गीत गाऔँ (सङ्कलन, सम्पादन, २०५२), नेपाली दीपिका (नौ शृङ्खला, सहलेखन सम्पादन, २०६०) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'ख' (२०४१), मकबुल लारी स्वर्ण पदक (२०४१) । **हालको ठेगाना :** कीर्तिपुर, काठमाडौं (bhattaraibharat@yahoo.com) । **फोन :** ४३३३२०५ ।

भरत जङ्गम

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ मङ्सिर १०, तौमढी टोल, भक्तपुर । **माता/पिता :** इन्द्रकुमारी जङ्गम, गोविन्दहरि जङ्गम । **शिक्षा :** स्नातक । **सेवा :** कृषि, निजामती, साहित्य । **पहिलो रचना :** शङ्का छ ! (कविता, विभूति साहित्य सङ्कलन, २०२९) । **कृति/सृजना :** कालो सूर्य (उपन्यास, २०३६ : अङ्ग्रेजी, हिन्दी, बङ्गाली, कन्नड, उर्दू, चिनियाँ, रूसी, जापानी, आसामी, मैथिली र नेवारी गरी एघार भाषाहरूमा अनूदित), व्यूहचक्र (उपन्यास, २०४१), पचास प्रसङ्ग (प्रबन्ध, २०४९), रातो घाम (उपन्यास, २०५०), नेपाली काङ्ग्रेसको सामान्यज्ञान (२०५२), भ्रष्टाचार विरुद्ध : वैचारिक आन्दोलन (२०६१) । **सम्पादन/अनुवाद :** धर्मदर्शन (अनुसन्धानात्मक त्रैमासिक, २०२९), साप्ताहिक नेपाली आवाज (२०४७) । **पुरस्कार/सम्मान :** विभिन्न संस्थाहरूद्वारा स्वर्ण पदकहरू प्राप्त, नेपाली साहित्य समिति विराटनगरद्वारा सम्मान (२०५३), दिनेशचन्द्र सेन रिसर्च सेन्टर कलकत्ताबाट सम्मान (इ.सं. १९९९), नेपाली साहित्य परिषद्द्वारा सम्मान । **हालको ठेगाना :** जङ्गम निवास, बानेश्वर, सहकारी क्षेत्र, काठमाडौं। **फोन :** ४७८१४८८, ४४७३०४१ ।

भरत नेपाली

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०१२ असार १५, लिगुन्या टोल, भक्तपुर । **माता/पिता :** पद्मकुमारी नेपाली, शेरबहादुर नेपाली । **शिक्षा :** कक्षा १० । **सेवा :** प्रशिक्षक । **पहिलो रचना :** दुई आँखा चिम्ली ... बोल रहेको गीत (सारङ्गीवादन, २०३६) । **कृति/सृजना :** बुद्धम् शरणम् गच्छामि (२०५५), सेक्रेड भ्याली सेक्रेड म्यूजिक (२०५८), साउन्ड अफ नेपाल (२०६०), नगरकोटैमा (नेपाली लोकगीत, २०६०), ज्यायानापी, दंनेमापीं आदि ७ ओटा नेवारी गीत रेकर्ड भएको । माउण्टेनस्, आदि सिडीहरू लगायत थुप्रै सङ्ख्यामा सङ्गीत सृजना । **पुरस्कार/सम्मान :** मेरिटोरिएस ग्लोरी पुरस्कार (सिङ्गापुर, इ.सं. २००३) । आरोहण सम्मान (२०४७), लुज: सम्मान (२०६०) लगायत थुप्रै प्रशंसापत्र प्राप्त । **हालको ठेगाना :** लिगुन्या टोल, -५, भक्तपुर (omsarangi@hotmail.com) । **फोन :** ९८५१०७८३६४ ।

भरत नेपाली प्याकुरेल

(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं.१९५४ जनवरी १५, सखडा, छिन्नमस्ता, सप्तरी । **माता/पिता** : शकुन्तलादेवी प्याकुरेल, जानकी प्रसाद प्याकुरेल । **शिक्षा** : एम.एड. (नेपाली), एम.फिल. (शिक्षा, डेनमार्क) । **सेवा** : सरकारी सेवा (उपनिर्देशक पा.वि.के. सानोठिमी) । **पहिलो रचना** : नेपाली पाठमाला (क, ख, ग, १-५ सहलेखन, १९९४) । **कृति/सृजना** : मेरो नेपाली किताब (कक्षा ४, इ.सं. १९९५), चमेली साक्षरता पुस्तक (भाग १,२, सहलेखन, इ.सं. १९९५), हाम्रो नेपाली किताब (कक्षा ७, इ.सं. १९९६), प्रकाश साक्षरता पुस्तक (भाग १,२, सहलेखन, इ.सं. १९९७), साझा नेपाली (क, ख, ग, १-६, सहलेखन, इ.सं. १९९८), सन्दर्भ सामग्री (कक्षा-३, सहलेखन, इ.सं. १९९८) । **सम्पादन/अनुवाद** : शिक्षा (वार्षिक पत्रिका) । **हालको ठेगाना** : ललितपुर-३, ललितपुर । **फोन** : ५५२९१३४ ।

भरत भारद्वाज (भरतकुमार सुवेदी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ भदौ ६, अर्जुनधारा-२, झापा । **माता/पिता** : वसुन्धरादेवी सुवेदी, मानबहादुर क्षेत्री सुवेदी । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : नेपाल प्रज्ञा-प्रतिष्ठान, पत्रकारिता । **पहिलो रचना** : भगवान् मलाई अमर बनाऊ (कविता, २०४२) । **कृति/ सृजना** : प्रश्नको क्याराभान (लघुकथासङ्ग्रह, २०६१), पुंसत्व र पर्खाल (कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : समकालीन नेपाली सहित्य, वसुन्धरा, मानश्री, समकालीन नेपाली कविताको रूपयात्रा, म्यान्माली नेपाली कविता, मानवाधिकारका लागि नेपाली कविता । **पुरस्कार/सम्मान** : भानुमोती पुरस्कार (२०५९), ने.रा.प्र.प्र. कविता महोत्सव - द्वितीय (२०६२), गजलश्री सम्मान (२०६०), उत्कृष्ट वर्ष पुस्तक सम्मान (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६२) । **हालको ठेगाना** : का.म.न.पा. -४, विशालनगर, काठमाडौँ । **फोन** : ४४३२६७३, ९८४११७०५५० ।

भरतराज पन्त

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ असार ३०, फसिखेव टोल, काठमाडौँ । निधन : २०६५ वैशाख ८ । **माता/पिता** : ललितादेवी पन्त, मणिदत्त पन्त । **शिक्षा** : एम.ए. (नेपाली), साहित्याचार्य (संस्कृत) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : जयश्री त्रिभुवन (कविता, २००८) । **कृति/सृजना** : उर्लेको आँसु (काव्य, २०१८), जूनकीरी (कवितासङ्ग्रह, २०२३), दिनेश (शोककाव्य, २०२८), भरतराज पन्त (आत्मजीवनी, २०३८), शैलपुत्री (खण्डकाव्य, पच्चीस वर्षका खण्डकाव्यमा, २०३९), चन्द्रहास (खण्डकाव्य, २०३९), दोभान (महाकाव्य, २०४१), हातको तकिया (लेखसङ्ग्रह, २०४१), नमस्कार (मुक्तककाव्य, २०४६), मेरो रमु (शोककाव्य, २०४९), गुन्द्रुक (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५०), मनस्थिति (शोककाव्य, २०५४), अलङ्कार परिचय (२०५६) । **सम्पादन/अनुवाद** : तपस्विनी (कुमार सम्भवबाट, अनु. २०२५), एकादशिका (अनु., २०४२) । **पुरस्कार/सम्मान** : उपत्यकाव्यापी साहित्य प्रतियोगितमा प्रथम (२०२५), गुणराज पुरस्कार, (२०४३), हरिहर शास्त्री सावित्री पुरस्कार (२०४९), रुद्रराज पुरस्कार (२०४९), भूपालमान सिंह कार्की पुरस्कार (२०५७), बाबा ओमवीर सिंह पुरस्कार (२०५६), राजीवलोचन पुरस्कार । **सम्पर्क ठेगाना** : कुसलेचौर, क्षेत्रपाटी, काठमाडौँ । **फोन** : ४२५१०९७, ६२६६०११ ।

भरतराज पौडेल 'पीडित'



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ जेठ ६ भर्दाल्कोट, गुल्मी । **माता/पिता** : हरिकला पौडेल, लक्ष्मीपति पौडेल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, सम्पादन । **पहिलो रचना** : यस्तो लाग्छ (निबन्ध, पार्वती पत्रिका, पोखरा, २०४४) । **कृति/सृजना** : आफ्नै देश बिरानो भयो (कवितासङ्ग्रह, २०५९), आँखा छिटो खोल्नु छ (कवितासङ्ग्रह, २०५९), सीमाङ्कनका सम्पादकीय रेखाहरू (भाग १-३, २०५७/५९) । **सम्पादन/अनुवाद** : प्रयास (पत्रिका, २०४४), सोपान (समालोचनासङ्ग्रह, २०४९), घटना र विचार (साप्ताहिक, २०५२), तरुण (साप्ताहिक, ०५३),

भू.पू. सैनिक सन्देश (२०५३), सीमाङ्कन (साप्ताहिक, २०५७), समानता (मासिक, २०५८) । **हालको ठेगाना** : हर्मिचौर -६, भर्दाल्कोट, गुल्मी । **फोन** : ९८५१०८७१७६ ।

भरतराज मन्थलीय

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२, माघ १ गते, मन्थली, रामेछाप । निधन : २०६१ असार १९ । **माता/पिता** : सोमकुमारी, भवप्रसाद उपाध्याय । **शिक्षा** : साहित्यशास्त्री, काव्यतीर्थ, आई.ए. । **सेवा** : निजामती । **पहिलो रचना** : कविता प्रकाशित (झङ्कार पत्रिका) । **कृति/सृजना** : महेन्द्रोदय (महाकाव्य संस्कृत भाषा, २०१५), गिरिबाला (खण्डकाव्य, संस्कृत-नेपाली भाषा, २०३९), देवयानी (महाकाव्य, २०३९), पहाड र झर्नाको लोक (खण्डकाव्य, २०४०), व्योमपथ (खण्डकाव्य, २०४१), मोतिवृत्तम् (खण्डकाव्य, संस्कृत भाषा, २०४१), मिठ्ठु (खण्डकाव्य, २०४३), महारामायण एक काव्य (२०५०), मनको मथेलो (२०५४), पतञ्जलिमुनिका योग सूत्रहरू (२०५४), रामगीता (२०५५), कृष्णाभिसमर्पण (संस्कृत काव्य, २०५६), श्रुति सौरभ (महाकाव्य, २०५८) । **सम्पादन/अनुवाद** : अमरत्वको सन्देश (गीतिकाव्य, २०३७ अनु., विलियम वर्डस्वर्थको कृति), दक्षिणमूर्ति स्तोत्र (अनु. २०५०) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०२७), शुभराज्याभिषेक पदक (२०३१), दीर्घसेवा पदक, उदयानन्द पुरस्कार (२०५०), पाणिनि पुरस्कार (२०५४), गुणराज पुरस्कार (इ.सं. १९९५), आदिकवि भानुभक्त पुरस्कार (इ.सं. २००१) । सुनकोशी साहित्य प्रतिष्ठानबाट राष्ट्रिय स्तरको सिर्जना सम्मान (२०५२) । **सम्पर्क ठेगाना** : ४३५- ख १ मन्थलीय पल्ली, घट्टेकुलो, डिल्लीबजार, काठमाडौँ । **फोन** : ४४१७५३४, ४४११७९२ ।

भरत विवश पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३८ साउन ५, पाङ, पर्वत । **माता/पिता** : अप्सरा उपाध्याय, धर्मानन्द उपाध्याय । **शिक्षा** : स्नातक । **सेवा** : निजामती । **पहिलो रचना** : विद्या (कविता, २०५४) । **कृति/सृजना** : ओझेलको सुवास (२०५८), अक्षरहरूको चीत्कार । **सम्पादन/अनुवाद** : प्रयास मासिक पत्रिका । **पुरस्कार/सम्मान** : विभिन्न स्थानीय पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : पाङ-९, पर्वत । **फोन** : ०६७-४२०१२९ ।

भवदेव पन्त

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७० चैत्र, काठमाडौँ । निधन : २००१ मङ्सिर, काठमाडौँ । **पिता** : जयदेव पन्त । **शिक्षा** : बी.कम. । **सेवा** : बैङ्किङ, साहित्य । **पहिलो रचना** : वनवाला (खण्डकाव्य, २०१२) । **कृति/सृजना** : वीर अभिमन्यु (खण्डकाव्य, २०१९), अ सर्ट हिस्ट्री अफ बैङ्किङ करेन्सी एन्ड कमर्स इन नेपाल (१९९६), ध्रुव (नाटक, सङ्क्षिप्त रूपमा) ।

भवानी क्षेत्री

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ साउन २०, टक्सार, भोजपुर । **माता/पिता** : उमा कार्की, चन्द्रबहादुर कार्की । **शिक्षा** : साहित्य अलङ्कार । **सेवा** : अध्यापन । **पहिलो रचना** : तिम्रो सपना अब हाम्रो सपना बनेको छ (कविता, दृष्टि, २०४७) । **कृति/सृजना** : सुनामी (कवितासङ्ग्रह, २०५६), उजेलीहरू (कथासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : केही स्थानीय पुरस्कारहरू प्राप्त । साहित्य एकता आन्दोलन (दमक, २०५५), श्री सिंहदेवी पुस्तकालय, (पृथ्वीनगर, २०५७), श्री संजोग सृजनाकला प्रतिष्ठान (विर्तामोड, २०५९), जुही साहित्यिक त्रैमासिक (चन्द्रगढी, २०५९), नवरङ्ग साहित्य प्रतिष्ठान (झापा, २०६०) आदि सङ्घ-संस्थाहरूबाट सम्मान । **हालको ठेगाना** : अनारमनी -३, झापा । **फोन** : ०२३-५४०१५९/५४२२६० ।

भवानी घिमिरे (श्री शर्मा, भवानीप्रसाद)

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असोज १३, मधुमारा, विराटनगर । निधन : २०६६ भदौ ४, काठमाडौँ । **माता/पिता** : हाटकेशरी

घिमिरे, हिरण्यनाथ उपाध्याय । **शिक्षा** : स्नातक । **सेवा** : साहित्यिक पत्रकारिता, राजनीति । **पहिलो रचना** : दो मित्र (हिन्दी भाषामा कथा, उदय पत्रिका, २००२) । **कृति/सृजना** : आत्मज्वाला (कथासङ्ग्रह, २००९), नानी (कथासङ्ग्रह, २०१३), माओ त्सेतुङ (जीवनी, २०१४), स्मृतिका रेखाहरू (कवितासङ्ग्रह, २०२४), महानन्दको जीवनी वृत्तान्त (जीवनी, २०३५), मेरो अभिव्यक्ति विविध (२०५८), आफ्ना अभिव्यक्ति कतिपय (२०६५), पारसमणि प्रधानको जीवनी । **सम्पादन/अनुवाद** : जनयुग (पाक्षिक, २००८), हाम्रो नेपाल (मासिक, २०१०), कामरेड जाने होइन (कथासङ्ग्रह, २०११), गाउँको सन्देश (कथासङ्ग्रह, २०११), भानु (४२ वर्ष अघिदेखि, पहिले त्रैमासिक हाल मासिक, २०२०), मेची किनारका कविता (२०२४), कारागारभित्र प्रतीक्षा र अन्य कविता (गुमानसिंह चामलिङको कवितासङ्ग्रह), प्रकाश (साप्ताहिक), युवक (मासिक), नभाग (कथासङ्ग्रह), मेची किनारका कविताहरू, राष्ट्र र राष्ट्रियता (२०४५) । मार्क्स र मार्क्सवाद (अनु., २०२४), बटुवा/खलिल जिब्रान (अनु.), प्रकाश साप्ताहिक । **पुरस्कार/सम्मान** : बृहत् कवि गोष्ठी - प्रथम (महानन्द कवि समारोह झापा, २०४५), प्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०५४), गोपाल पाँडे असीम पुरस्कार (२०५७), गणेश पुरस्कार, साहित्यिक पत्रकारिता पुरस्कार (तीनओटा), प्राज्ञिक क्रियाकलाप गरेबापत शिक्षा मन्त्रालयबाट पुरस्कृत, महानन्द स्मृति पुरस्कार । हिमायती सम्मान (धरान, २०४८), नागार्जुन विशेष सम्मान (२०६५), अभिनव साहित्य समाजद्वारा सम्मान (२०६५), सगरमाथा सम्मान, सूर्योदय सम्मान लगायत देशका विभिन्न क्षेत्र, सङ्घ-संस्थाहरूद्वारा सम्मान तथा स्मृति ग्रन्थ प्रकाशित । **हालको ठेगाना** : पो.ब.नं. १९७३८, कुमारीगाल, मैजुबहाल, काठमाडौँ । **फोन** : ४४९५४२३, ९८४१६६३१९३ ।

भवानीदत्त पाण्डे

(अनुवादक)

जन्म/स्थान : वि.सं. १८५८, काठमाडौँ । **निधन** : १९१० । **पिता** : रामनारायण पाँडे । **शिक्षा** : साहित्य, संस्कृत । **सेवा** : भाषा-साहित्य सेवा । **कृति/सृजना** : आत्मबोध, महाभारत विराट्पर्व, उद्योगपर्व, शान्तिपर्व, मार्कण्डेय पुराण, हितोपदेश मुद्रा राक्षस (नाटक) जस्ता कृतिको अनुवाद (१८९० तिर) गरेका थिए ।

भवानीप्रसाद खतिवडा

(माध्यमिक कालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९३१, कल्लेरी, धादिङ, (काठमाडौँ र बनारसमा बसोबास गर्दथे) । **निधन** : १९८९ । **पिता** : टङ्कनाथ खतिवडा । **शिक्षा** : संस्कृत । **सेवा** : साहित्य (अठ्तीस साल पर्वमा राजनैतिक आरोपमा निर्वासित) । **कृति/सृजना** : ढ्याङ्ग्रो (२०४५), गोर्खा संसार र तरुण गोर्खा (देहरादुन) नामक पत्रिकामा रचनाहरू छन् ।

भवानीप्रसाद पाण्डे 'भास्कर'



(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ वैशाख १४, गल्कोट, चरौदी -८, बागलुङ । **माता/पिता** : कृष्णकुमारी पाण्डे, विष्णुप्रसाद पाण्डे । **शिक्षा** : स्नातकोत्तर (नेपाली), शास्त्री, विद्यावारिधि । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : दृढ सङ्कल्प (कविता, मुक्तिज्वाला, २०२४) । **कृति/सृजना** : नेपाली खण्ड व्याकरणका केही पक्षहरू (समालोचना, २०३८), पिचाशको कसौडी (कथासङ्ग्रह, २०४२), हाँडीका कनिका (उपन्यास, २०४४), बन्दी आवाज (उपन्यास, २०४६), अमरबस्ती (उपन्यास, २०५३), चोर बत्ती (कथासङ्ग्रह, २०५४), अचम्मको फैसला (उपन्यास, २०५६), मान्यता मूल्याङ्कन र स्पष्टीकरण (समालोचना, २०५६), समर्पण (उपन्यास, २०५७), स्मृतिका पानाहरू (कथासङ्ग्रह, २०५७), नयाँ गीत (कथासङ्ग्रह, २०६६), रातो वेद (कविता, २०६७), जाँडको मूसो (किशोर कथा, २०६९) । **सम्पादन/अनुवाद** : जनमुक्ति, मुक्तिज्वाला, पसिना, साहित्य स्रोत, बागलुङ समाज आदि । **हालको ठेगाना** : पोखरा -८, नयाँबजार, कास्की । **फोन** : ०६१-५२३८८१, ९८४६०४३९४८ ।

भवानी भिक्षु (भवानीप्रसाद गुप्ता)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६६ जेठ २१ गते, तौलिहवा । **निधन** : २०३८ वैशाख ४, काठमाडौँ । **माता/पिता** : यशोदादेवी गुप्ता, इन्द्रप्रसाद गुप्ता । **शिक्षा** : साहित्यकुलभूषण, हिन्दी ।

सेवा : ने.रा.प्र.प्र. (आजीवन सदस्य) । **पहिलो रचना** : आलोचक र आलोचना (नेपालीमा, शारदा पत्रिका, १९९३) । **कृति/सृजना** : गुनकेशरी (कथासङ्ग्रह, २०१७), मैयाँ साहेब (कथासङ्ग्रह, २०१७), छायाँ (कवितासङ्ग्रह, २०१७), प्रकाश (कवितासङ्ग्रह, २०१७), परिष्कार (कवितासङ्ग्रह, २०१७), सुभद्रा बज्यै (२०१९), आवर्त (कथासङ्ग्रह, २०२४), पर्दापछाडि (२०३०), आगत (उपन्यास, २०३२), पाइप नं. २ (उपन्यास, २०३४), अवान्तर (कथासङ्ग्रह, २०३४), सुन्तली (उपन्यास, २०४०) । **सम्पादन/अनुवाद** : धरती (पत्रिका), शारदा (पत्रिका, १९९७), बिहान (पत्रिका) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०३२), साझा पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६) ।

भवानी सिवाकोटी (गीता खरेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ चैत्र २९, क्षमावती-९, दोलखा । **माता/पिता** : विष्णुमाया सिवाकोटी, विष्णुप्रसाद सिवाकोटी । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : नारी (रजहाँस पत्रिका, २०५२) । **कृति/सृजना** : सम्झना नित्य आउँछ (शोककाव्य, २०६१), शिक्षक तालिम पुस्तिका (२०५८) । **सम्पादन/अनुवाद** : पालुवा, रजहाँस । **पुरस्कार/सम्मान** : राष्ट्रिय शिक्षा पुरस्कार, विभिन्न सामाजिक सङ्घ संस्थाबाट सम्मानित । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौं । **फोन** : ४४९२९७७ ।

भवेश्वर पङ्गेनी

(इतिहासकार)

जन्म/स्थान : वि.सं. २०१२ भदौ २७, मदनपोखरा-७, पाल्पा । **माता/पिता** : बेलकुमारी पङ्गेनी, मेदिनीबल्लभ पङ्गेनी । **शिक्षा** : एम.ए., विद्यावारिधि (इतिहास, त्रि.वि.) । **सेवा** : प्राध्यापन, । **पहिलो रचना** : भीमसेन थापाको पतनका केही दीर्घकालीन कारणहरू (लेख, २०४५) । **कृति/सृजना** : पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन : वि.सं. २००७ (२०४९), पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन : वि.सं. २००७ (२०५३), डा. के.आई. सिंह र नेपालको राजनीति : वि.सं. २००७-२०१७ (२०६१), कुँवर राणाजीहरूको बृहत् वंशावली (२०५२, सहलेखन), डा. के.आई.सिंहको चीन प्रवास (२०६२), पाल्पा गौँडा प्रशासनका दुई दशक (वि.सं. १८६१-१८८१) (२०६२), केन्द्रीय पुस्तकालयका पाँच दशक (वि.सं. २०१६-२०६६), श्रीनाथ गण -सम्पूर्ण इतिहास (२०६७), नेपालको प्रशासनिक इतिहास (वि.सं. १८२५-१९०३) (२०६४), नेपालको आर्थिक इतिहास (वि.सं. १९०८-१९२६) (२०६८), सुन्दरी जल जङ्गी मेगजिन अड्डा (२०६८), । **सम्पादन/अनुवाद** : भ्वाइस अफ हिस्ट्री (इतिहास, अनुसन्धानात्मक, त्रि.वि.), सन्दर्भ : शहीद धर्मभक्त चर्चा । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०४९), रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०५५), शिक्षा पुरस्कार (२०५८), महेन्द्र विद्याभूषण 'क' (२०६१) । **हालको ठेगाना** : प्राध्यापक आवास, त्रि.वि., कीर्तिपुर, काठमाडौं । **फोन** : ४३३१५१६, ९८४१३६४३६३ ।

भाउपन्थी (तिलकप्रसाद शर्मा खनाल)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ जेठ १४, दिगाम, गुल्मी । **माता/पिता** : लक्ष्मीदेवी शर्मा, चूडामणि शर्मा । **शिक्षा** : स्नातक । **सेवा** : निजी व्यवसाय, नेपाल प्रज्ञा-प्रतिष्ठान (सदस्य, प्राज्ञ-परिषद्, २०६०/२०६६) । **पहिलो रचना** : २०२२ बाट आरम्भ । **कृति/सृजना** : पलाँस (उपन्यास), आदिपुरुष (उपन्यास), उब्रेको मान्छे (उपन्यास), प्रतिचक्रव्यूह (कथासङ्ग्रह, संयुक्त, २०३१), एउटा आकारको बारेमा (कथासङ्ग्रह, २०३२), सम्बन्ध (कथासङ्ग्रह, २०३६), सत्ताच्युत र अरू कथाहरू (२०५१), अद्यापि र अरू कथाहरू (कथासङ्ग्रह, २०५२), कविकोश (कोश, प्रसिद्ध समकालीन र केही वरिष्ठ नेपाली कविहरूको जीवनी र काव्यप्रवृत्तिको आलेख, २०६०), चौथो पात्र (नाटक), चोर ! चोर !! (व्यङ्ग्यसङ्ग्रह, २०५२), पहाड-पहाड (यात्रासाहित्य), सनाखत र अरू कथाहरू (कथासङ्ग्रह, २०६७), नदी पनि सुत्छ, ईश्वर पनि निदाउँदछ (कथासङ्ग्रह), पात्रहीन (उपन्यास, २०६९) । **सम्पादन/अनुवाद** : बुदी (सामयिक साहित्य सङ्कलन, सुदूर पश्चिम महाकाली, महेन्द्रनगर, २०२३), पृथ्वीजयन्ती (स्मारिका, २०६०), आधुनिक नेपाली

हास्यव्यङ्ग्य सङ्ग्रह (२०६०) कथाविमर्श, नेपाली उपन्यास शतवार्षिकी स्मारिका, रचना (दुईमहिने), समकालीन साहित्य, यतीका पाइला खोज्दै, तोया गुरुङका लामा कविता, प्रज्ञा आधुनिक कथासङ्ग्रह (भाग १-२) । **पुरस्कार/सम्मान :** मैनाली कथा पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), हासने पुरस्कार, नेपाली साहित्यमा नारीविषयक चित्रणका लागि सम्मानित (इ.सं. १९७५) । **हालको ठेगाना :** घट्टेकुलो, काठमाडौँ / महेन्द्रनगर, कन्चनपुर । **फोन :** ९८४१३७६०११, ४४३६२१९ ।

भागवत आचार्य



(समीक्षक/कवि, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०२८ असार २३, राजापानी-९, खोटाङ । **माता/पिता :** नर्वदादेवी आचार्य, नारायणप्रसाद आचार्य । **शिक्षा :** एम.ए. (अर्थशास्त्र, नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा :** प्राध्यापन, सम्पादन, बैङ्किङ सेवा । **पहिलो रचना :** हराएको म (कविता, नवसिर्जना साहित्यिक पत्रिका, २०४७) । **कृति/सृजना :** कविता सिद्धान्त र नेपाली कविता (समालोचनासङ्ग्रह, २०५८), स्नातक अनिवार्य नेपाली (पाठ्यपुस्तक, २०६२), मनलाई सम्बोधन (कवितासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** मिर्मिरे (मासिक, २०५८-२०६६) । **पुरस्कार/सम्मान :** अभिनव प्रतिभा पुरस्कार (२०६७), नेपाल राष्ट्र बैङ्क कविता उत्सव पुरस्कार (२०६६), हीराबहादुर खड्का साहित्य सम्मान (२०६६) लगायत अन्य पुरस्कार । **हालको ठेगाना :** जागृतिनगर, नयाँ बानेश्वर, काठमाडौँ (bhagawat@nrb.org.np) । **फोन :** ४१०८५६५, ९८४१५७३१०१ ।

भागवतप्रसाद शर्मा

(कवि, नेपाली भाषा)
जन्म/स्थान : इ.सं. १९५८ फेब्रुअरी २४, गढीगाउँ, दैलेख । **माता/पिता :** कृष्णादेवी शर्मा, नारायणदत्त शर्मा । **शिक्षा :** साहित्याचार्य, शिक्षाशास्त्री, विद्यावारिधि (शोधार्थी) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** गुराँस (कविता, २०३५) । **कृति/सृजना :** आमाको पुकार (खण्डकाव्य, २०५९) । **सम्पादन/अनुवाद :** हिमज्योति (संस्कृत मासिक, २०४०), हेमप्रभा, हैमवती, संस्मरण ग्रन्थ, राप्तीदूत पत्रिकाको सम्पादन । **पुरस्कार/सम्मान :** राप्ती साहित्य पुरस्कार (२०६०), अन्य केही पुरस्कारहरू । **हालको ठेगाना :** बिजौरी -४, दाङ । **फोन :** ०८२-५२०९७४ ।

भागीरथी श्रेष्ठ

(कथाकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २००५ असोज १४, रिडीवजार, गुल्मी । **माता/पिता :** जानकी वजिमय, राजकुमार वजिमय । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, नोकरी । **पहिलो रचना :** प्रवल इच्छा (कथा, रुरु पत्रिका, २०२३) । **कृति/सृजना :** मालती (उपन्यास, २०३४), क्रमश: (कथासङ्ग्रह, २०४२), मोहदंश (कथासङ्ग्रह, २०४४), यस्तो एउटा आकाश (२०४६), रङ्गीन पोखरी (लघु कथासङ्ग्रह, २०५०), विभ्रम (कथासङ्ग्रह, २०५०), भूमिगत (कथासङ्ग्रह, २०६३), रातो गुलाफ (कथासङ्ग्रह, २०६५) । **सम्पादन/अनुवाद :** रूरू (२०२२), मिर्मिरे (पत्रिका, २०३१), पाल्पा दर्पण (२०३९), कस्तूरी (२०४४), अग्निपर्व (अनु. २०६५) । **पुरस्कार/सम्मान :** लुम्बिनी अञ्चलस्तरीय साहित्य सम्मेलनमा गद्यतर्फ प्रथम भई स्वर्णपदक (२०२३), रत्नश्री स्वर्णपदक (२०४३), सर्वोत्तम कथाकार (टेलिफिल्म प्रतियोगिता, २०४४), मैनाली कथा पुरस्कार (२०४८), प्रतिभा पुरस्कार (२०५५), नूरगङ्गा साहित्य पुरस्कार (२०५८), दायित्व वाङ्मय पुरस्कार (२०५९) । पाल्पा वाङ्मय प्रतिष्ठानबाट सम्मानित । **हालको ठेगाना :** बौद्ध नयाँ बस्ती, काठमाडौँ । **फोन :** ४३७९७६७, ९८०८००४६९३ ।

भाग्यशाली अधिकारी

(कवि/कथाकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २००९ चैत्र, चन्द्रेश्वर-७, दुराडाँडा, लमजुङ । **माता/पिता :** विष्णुमाया अधिकारी, श्रीधर अधिकारी । **शिक्षा :** पूर्व मध्यमा । **सेवा :** संस्थान । **पहिलो रचना :** शान्तिक्षेत्र नेपाल (कविता, रेडियो नेपाल, २०३६) । **कृति/सृजना :** यो एउटा भरिपूर्ण मरुभूमि (कवितासङ्ग्रह, २०५८), आमाका क्रन्दन (खण्डकाव्य, २०६०, मनुको खुसी (बालकथासङ्ग्रह, २०६५), बुद्धिमान नुनु

(बालकथासङ्ग्रह, २०६८), फुँ ! गऱ्यो साँढेले (बालकविता, २०६८), बिरानो लोक (उपन्यास, २०६८) आदि । **सम्पादन :** जूनसँग मीत (बालकविता) । **पुरस्कार/सम्मान :** अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा द्वितीय पुरस्कार, विभिन्न सङ्घसंस्थाबाट प्रशंसापत्र । **हालको ठेगाना :** सामाखुसी, काठमाडौँ । **फोन :** ९८४९०६०१२७ ।

भाजुमान चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १८७१ तुंछे गल्ली, नरदेवी, काठमाडौँ । **निधन :** वि.सं. १९३२ । **शिक्षा :** पारिवारिक, पेशागत स्वदीक्षित । **सेवा :** चित्रकला, विशिष्ट प्रतिभाको कारण प्रधानमन्त्री जङ्गबहादुरको दरबारमा कलाकारको नोकरी । **कृति/सृजना :** विशेषत: परम्परागत नेपाली शैलीमा नै व्यक्ति चित्रणतिर विशेष दखल भएको, अलङ्कार प्राधान्य रहेका कृतिहरू अत्यन्त सूक्ष्म रेखाङ्कनको लागि विशेष उल्लेखनीय । **पुरस्कार/सम्मान :** भाजुमानको कृतिको प्रशंसा गर्दै प्रधानमन्त्री जङ्गबहादुरले दोसल्ला ओढाई हात्तीमा सवार गराई सिन्दूर यात्रा समेत गरिएको जानकारी पारिवारिक स्रोतबाट प्राप्त ।

भानुदत्त

(अनुसन्धेय)

जन्मस्थान : चोक, लमजुङ **पिता :** तारानिधि । **शिक्षा :** संस्कृत । **सेवा :** भीमसेन थापा आश्रित पण्डित । **कृति/सृजना :** हितोपदेश मित्रलाभ (अनूदित, वि.सं. १८३३ अघिको) ।

भानुभक्त आचार्य

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १८७१ असार २९, चुँदी रम्घा, तनहुँ । **निधन :** १९२६ असोज ७ । **माता/पिता :** धर्मावतीदेवी, धनञ्जय आचार्य । **शिक्षा :** संस्कृत । **सेवा :** साहित्य तथा सरकारी सेवामा खरदार (पाल्पामा) । **पहिलो रचना :** जन्मकुण्डली कविता । **कृति/सृजना :** रामायण (१९१०), प्रश्नोत्तर (१९१०), भक्तमाला (१९२१), वधूशिक्षा (१९१९), रामगीता (काव्य, १९२५) । **सम्पादन/अनुवाद :** बालकाण्ड (पद्यानुवाद, १८९८) । **पुरस्कार/सम्मान :** रामभक्तिधाराका सर्वाधिक चर्चित प्रतिभा । नेपाली भाषा-साहित्यका 'आदिकवि'को उपाधिद्वारा सम्मानित ।

भानुभक्त पोखरेल (लिपु, पुड्के कवि)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ असोज ८ गते, सेलेजुङ, ओयाम, पाँचथर । **माता/पिता :** लक्ष्मीदेवी पोखरेल, प्रेमनारायण उपाध्याय पोखरेल । **शिक्षा :** साहित्याचार्य (संस्कृत), एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मातृदुखोद्‌गार (कविता, छात्रवाणी, २०१४) । **कृति/सृजना :** राष्ट्रमाता (खण्डकाव्य, २०२७), उन्यौको फूल (कवितासङ्ग्रह, २०२७), बोध शैली र अभिव्यक्ति (रचना कौशल, २०३१), मान्छेको म (खण्डकाव्य, २०३३), साहित्यिक अनुशीलन (समालोचना, २०३५), मेरी देवयानी (खण्डकाव्य, २०३९), माधव घिमिरेका विशिष्ट खण्डकाव्य (समालोचना, २०३९), कवि घिमिरे र उनका काव्यचिन्तन (समालोचना, २०३९), सिद्धान्त र साहित्य (समालोचना, २०४०), फूलबारी (बाल कवितासङ्ग्रह, २०४३), मृत्युञ्जय (महाकाव्य, २०४७), परासको सृष्टियोग (खण्डकाव्य, २०५१), ढुङ्गाको टुसो (कवितासङ्ग्रह, २०५३), साहित्यिक समीक्षासङ्ग्रह (२०५५), जागृतिराग (महाकाव्य, २०५६), कवि घिमिरेको रचनायोग (समालोचना, २०५९) मुसाको सिङ (कवितासङ्ग्रह, २०६१), हिमवत्‌खण्ड (महाकाव्य, २०६४), काव्यचौगेडी (काव्य सङ्कलन, २०६८) । **सम्पादन/अनुवाद :** जुनेली (वार्षिक, २०१९), सङ्गम सुधा (सामयिक, २०२३), प्रतिबिम्ब (वार्षिक, २०२४) । **पुरस्कार/सम्मान :** सर्वोत्तम वक्ता स्वर्ण-रजत पदक (२०२३), ने.रा.प्र.प्र. कविता महोत्सव- दोस्रा (२०३९), षडानन्द प्रतिभा पुरस्कार (२०४३), मदन पुरस्कार (२०४७), दीर्घसेवा पदक (त्रि.वि., २०५३), प्रतिभा पुरस्कार (२०५५), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५८), महाकवि देवकोटा पुरस्कार (२०६१), पद्मश्री पुरस्कार (२०६४), आदिकवि भानुभक्त पुरस्कार (२०६४) । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अमेरिका) लगायत विभिन्न सङ्घ-संस्थाहरूबाट सम्मान । **हालको ठेगाना :** तीनटोलिया, विराटनगर, मोरङ / सरस्वतीनगर, चाबहिल, काठमाडौँ । **फोन :** ०१६९२२०४४, ९८४९३०७७५७ ।

भानुभक्त भारती

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ जेठ १२, वीरेन्द्रनगर न.पा., सुर्खेत । **माता/पिता :** देवी भारती, जगनाथ भारती । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, कानुनी सेवा, पत्रकारिता । **पहिलो रचना :** कविता प्रकाशन (चीत्कार पत्रिका, नेपालगञ्ज, २०३६) । **कृति/सृजना :** मानव अधिकार (२०५४), पत्रकारिता (२०५६) । **सम्पादन/अनुवाद :** जनअधिकार (साप्ताहिक), नेपालको प्रजातान्त्रिक आन्दोलनमा सुर्खेत (स्मारिका) । **पुरस्कार/सम्मान :** सुर्खेती प्रतिभा पुरस्कार (२०५५), सुर्खेत अपाङ्ग समाजद्वारा सम्मान (इ.सं. २००२) । **हालको ठेगाना :** शहीदमार्ग, वीरेन्द्रनगर, सुर्खेत । **फोन :** ०८३-५२०२८१ /५२१०३४ ।

भानु महर्जन

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०२२ भदौ १४, नक्साल, भगवतीबहाल, काठमाडौँ । **माता/पिता :** लक्ष्मी महर्जन, नारायणदास महर्जन । **शिक्षा :** एस.एल.सी. । **सेवा :** कलाकारिता, चलचित्र निर्माण । **पहिलो रचना :** २०४४ सालदेखि अभिनय यात्रा । **कृति/सृजना :** सिलु (द्वन्द्व सहायक), युगदेखि युगसम्म, सडक, ठूल्दाइ, दोमन, सरस्वती, लक्ष्मणरेखा, नायक, सिउँदोको सिन्दूर, गोरेटो, ट्रक ड्राइभर, भाइभाइ, सक्कली-नक्कली, फिलिम, तँ त साह्रै बिग्रिस् नि बद्री, सम्पत्ति, मोहनी, अवतार, आगो, अङ्गरक्षक, जिन्दगानी, खानदान लगायत १०८ भन्दा बढी चलचित्रहरूमा द्वन्द्व अभिनय साथै खुद्दागवा (हिन्दी) लगायत पाकिस्तानी, मद्रासी भाषाका विदेशी चलचित्रहरूमा पनि अभिनय । ठूलो पर्दाका चलचित्र- मामाघर (२०५८), कर्तव्य (२०६०) को निर्माण । **पुरस्कार/सम्मान :** ठूल्दाइ चलचित्र सय दिन प्रदर्शन भएकोमा पुरस्कृत भएको । **हालको ठेगाना :** नक्साल, काठमाडौँ । **फोन :** ४४३७५९१ ।

भारती उपाध्याय (चापागाई)

(गायिका)

जन्म/स्थान : वि.सं. २०१२ साउन १२, भैरहवा, बुटवल **आमा/बुवा :** कुमारी प्रधान, भक्तवहादुर प्रधान । **शिक्षा :** एस.एल.सी. । **सेवा :** गायन, नृत्य, नाटक, वाद्यवादन । **पहिलो रचना :** “मै छोरी सुन्दरी, कसरी भरूँ पानी” बोलको गीत रेडियो नेपालमा गायन रेकर्ड (२०३२) । **कृति/सृजना :** भारती उपाध्यायका केही गीतहरू (गीतिएल्वम, गायन), करिव तीन सय जति गीत गायन । कत्थक, भरत नाट्यम्, लोकनृत्य, नाटक, गायन, सङ्गीत प्रस्तुति (दर्जनौँपटक) । **पुरस्कार/सम्मान :** त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवस - द्वितीय पुरस्कार (२०३२), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), मितेरी नेपाल सम्मान (२०६१), रमा ठकुरी समाजसेवा गुठीद्वारा सम्मान (२०६२), श्री पार्वती युवा क्लव पर्वतद्वारा सम्मान (२०६३) । **हालको ठेगाना :** पञ्चमूल -१, स्याङ्जा /सोह्रखुट्टे, खुशिबु, काठमाडौँ । **फोन :** ०१-४३५३२६० ।

भारती खरेल

(उपन्यासकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ मङ्सिर १६, भुम्लु, हलिदेव, काभ्रेपलान्चोक । निधन : २०४९ साउन ४, काठमाडौँ । **माता/पिता :** अनन्तकुमारी उप्रेती, लीलानाथ उप्रेती । **शिक्षा :** दस कक्षा उत्तीर्ण, स्वाध्याय । **सेवा :** समाजसेवा, अध्यात्मचिन्तन र साहित्यसृजना । **पहिलो रचना :** हरे लौ न आएँ कहाँबाट आज..... बोल रहेको भजन रेकर्ड (रेडियो नेपाल, २०४३) । **कृति/सृजना :** गङ्गा जमुना (उपन्यास, २०४६), यौटी आमाको कथा (उपन्यास, २०४६), भजन भारती (भजनसङ्ग्रह, २०४६), नवरत्न (आध्यात्मिक निबन्धसङ्ग्रह, २०४९), श्रद्धासुमन (भजन तथा कवितासङ्ग्रह, २०४९), भाइटीका (लघु नाटकसङ्ग्रह, २०४९), कुमारी आमा (उपन्यास, २०५१), लाहुरे (उपन्यास, २०५२) । भजन भारती (भजन गीतिएल्वम, भाग १-२) । **पुरस्कार/ सम्मान :** भारती खरेल प्रतिष्ठानको स्थापना (२०४९) । सनातन धर्म सेवा समिति ललितपुर शाखाद्वारा मरणोपरान्त अभिनन्दित (२०५३) । **सम्पर्क ठेगाना :** गठ्ठाघर, भक्तपुर । **फोन :** ६६३४९५७ ।

भारद्वाज मित्र (कृष्ण सुवेदी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ चैत्र १८, दुवाचौर -३,

सिन्धुपाल्चोक । **माता/पिता** : लीलाकुमारी, चित्रप्रसाद सुवेदी । **शिक्षा** : स्नातकोत्तर (समाजशास्त्र) । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : कविता (अरनिको पत्रिका, सिन्धुपाल्चोक, २०३४) । **कृति/सृजना** : हाउ टु जर्मिनेसन इपिलिपिल (२०३८), चहचह (बालगीतसङ्ग्रह, २०५८), मित्रका कविताहरू (२०६६) । **सम्पादन/अनुवाद** : अरनिको (२०३४), हेलम्बु बोल्छ (२०३९), सिन्धु मिलन (२०४८), प्राविधिक (२०५५), झुल्का (द्वैमासिक, २०५६), व्यथित स्मृतिग्रन्थ (२०६१) । **पुरस्कार/सम्मान** : सिन्धु सम्पर्क मञ्चद्वारा सम्मान (२०४३), सिन्धु मिलन केन्द्र सम्मान (२०६५), अविरल साहित्य समाज सम्मान (२०६५), अभिनव छन्द कविता प्रतियोगितामा प्रथम, २०६७) । **हालको ठेगाना** : पो.ब.नं. २१८२९, सिर्जनाबस्ती, कपन काठमाडौँ (cn@childnepla.org) । **फोन** : ९८५१०६९३१७, ४८२१४२२ ।

भालचन्द्र भण्डारी 'ब्रह्मगोल'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ फागुन १७, श्यालकोटिला, गडसेरा-९, डोटी । **माता/पिता** : नर्मदादेवी भण्डारी, रामचन्द्र भण्डारी उपाध्याय । **शिक्षा** : साधारण । **सेवा** : अध्यापन । **पहिलो रचना** : मेरो बिन्ती (कविता, डोटी, २०३७) । **कृति/सृजना** : सुभद्रा (खण्डकाव्य, २०४५), जय नेपाल (कवितासङ्ग्रह, २०५२), रमाइलो गडसेरा (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : शारदीपुष्प (२०५६), शैक्षिक रश्मि (२०५७), मालिका (२०५७), सुरभि (२०५८), देवकान्त पन्त स्मृतिग्रन्थ (२०५९), । **पुरस्कार/सम्मान** : नगद पुरस्कार (राजा वीरेन्द्रबाट, २०४३), रजत पदकसहित अभिनन्दन (नेपाल शिक्षक सङ्घ, डोटी, २०५७), कैलाली बहुमुखी क्याम्पसबाट अभिनन्दन तथा सम्मान, सारस्वत सम्मान (उत्तरप्रदेश, भारत, इ.सं. २००३) लगायत अन्य केही सम्मान तथा अभिनन्दनहरू प्राप्त । **हालको ठेगाना** : धनगढी न.पा. तारानगर, कैलाली । **फोन** : ०९१-५२४७७८२ /५२३९७६ ।

भावेश भुमरी (जुद्धबहादुर पुनमगर)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ साउन १५, मरन्ठाना-८, प्युठान । **माता/पिता** : खीमादेवी पुनमगर, फने पुनमगर । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन, पत्रकारिता । **पहिलो रचना** : तिम्रो पाइला कुनै मनमा (गीत, नवकविता, २०४९) । **कृति/सृजना** : भीरफूलको छाया (गीतसङ्ग्रह, २०५३), भिरालो बस्ती (कवितासङ्ग्रह, २०५४), भिजेको चिठी (गीतसङ्ग्रह, २०५७), भरोसा (आधुनिक गीतिएल्बम, सी.डी., २०६०), भित्र छ फूलको साँध (गीत), भिन्न नजीर (उपन्यास) । **सम्पादन/अनुवाद** : पहार (साहित्यिक त्रैमासिक), प्रतिबिम्ब (हवाई मासिक), अरू सन्दर्भ (समसामयिक त्रैमासिक), मिलनपुष्प (विद्यालयको मुखपत्र) । थुप्रै गीतरचनाहरू सङ्गीतबद्ध भई रेकर्ड भएका । **पुरस्कार/सम्मान** : नवकविता प्रतिभा पुरस्कार (२०५०), राष्ट्रिय युवा कविता महोत्सव (धरान, २०५३), अधिराज्यव्यापी आधुनिक गीत प्रतियोगितामा रचनामा प्रथम (रेडियो नेपाल, २०५७) । प्यूठान-काठमाडौँ सम्पर्क मञ्चद्वारा अभिनन्दन (२०५९), एस.एल.सी. विशिष्ट श्रेणी विषयशिक्षण सम्मान (२०६२), 'क' श्रेणीको गीतकार (रेडियो नेपाल) । **हालको ठेगाना** : पो.ब.नं. १३२१०, बानेश्वर हाइट, काठमाडौँ । **फोन** : ९८४१५१५२२८, ४४६०८२७ ।

भिक्टर प्रधान (भिक्टरलाल)

(लेखक/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ पुस २४, त्यौड टोल, काठमाडौँ । **माता/पिता** : बद्रीमाया प्रधान, भुवनलाल प्रधान । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : बुद्ध दर्शन र प्रजातन्त्र (लेख, आनन्दभूमि पत्रिका, २०३१) । **कृति/सृजना** : नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना (समालोचना, २०४४), चिनियाँ साहित्यको दिग्दर्शन (२०५१), बज्यै बज्यै गीत गाऊँ (बाल साहित्य) । **सम्पादन/अनुवाद** : मधुपर्क (मासिक), नेपाली एकाङ्की (भाग १-३, २०४८ संयुक्त सम्पादन), नीला डलफिनहरूको टापु (उपन्यास, अनु., २०५८), जहाजी सिन्दवाद

(उपन्यास, पुनर्कथन, २०५८), नेपाली बाल विश्वकोश (संयुक्त, २०६०) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'ख' (२०३९), लारी स्वर्णपदक (त्रि.वि.) । **हालको ठेगाना :** पो.ब.नं. १२६८०, काठमाडौँ (pradhanbasera@enet.com.np) । **फोन :** ४२४८८०२, ९८५११०४२९० ।

भिक्षु अमृतानन्द



(बौद्ध साहित्यकार, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९७४ फागुन १, भीमसेन टोल, पाल्पा । निधन : २०४७ । **माता/पिता :** टीकामाया, हिराकाजी शाक्य । **शिक्षा :** विद्यावारिधि (नालन्दा विश्वविद्यालय), महाविद्यावारिधि (बुद्धिष्ट एकेडेमी श्रीलङ्का) । **सेवा :** बुद्धधर्मका प्रचारक र उपासक । **पहिलो रचना :** पराभव सुत (अनु. धर्मदूत, वि.सं. १९९९) । **कृति/सृजना :** गृहविनय (२०१६) बुद्धकालीन ब्राह्मण (२०२८), कसको कुरा सत्य हो (२०२९), बुद्धकालीन गृहस्थीहरू (१, २ र ३, २०२९), बुद्धकालीन महिलाहरू २०३०), बुद्धकालीन राजपरिवारहरू (२०३०), बुद्धकालीन श्रावक चरित (२०३१), बुद्धकालीन विमानकला (२०३३), बुद्धकालीन प्रेतकथा (२०३३), बुद्धकालीन ब्रह्म घिदेव (२०३३), जातकसङ्ग्रह, त्रिरत्न वन्दना (ने.सं. १०५८), आर्यसत्य (ने.सं. १०६३), सङ्क्षिप्त बुद्ध जीवनी (ने.सं.१०६८), जातक माला (भाग १-२, ने.सं. १६९), बुद्ध शासन या इतिहास (ने.सं. १९७६), बौद्ध कहानी (ने.सं. १०७६), अशोक जुजु (ने.सं.११११) आदि । **सम्पादन/अनुवाद :** ज्ञानमाला (भाग १, ३, ने.सं. १०६३), पाली नेपाली नेपालभाषा शब्दकोश (ने.सं. ११२१) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा ।

भिक्षु अश्वघोष महास्थविर

(बौद्ध साहित्यकार, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०४७ तछलाथ्व: १३, नघलटोल, काठमाडौँ । **माता/पिता :** लक्ष्मीमाया शाक्य, चन्द्रज्योति शाक्य । **शिक्षा :** बी.ए. । **सेवा :** बौद्ध साहित्य साधना । **पहिलो रचना :** गौतम बुद्ध (ने.सं. १०७६) । **कृति/सृजना :** त्रिरत्न वन्दना व पूजा विधि (ने.सं. १०७८), पेकिङ स्वास्थ्य निवास (ने.सं. १०८२), बौद्ध शिक्षा (ने.सं. १०९१), हृदय परिवर्तन (ने.सं. १०९२), बोधिसत्व (ने.सं. १०९४), नारी हृदय (ने.सं. १०९५), बाखं (भाग १-४, १०९४-१०९९), मूर्खम्ह पासा मज्यू (ने.सं. १०९८), परोपकारी रूपावती (ने.सं. ११०४), विवेक बुद्धि (ने.सं. ११०५), भिक्षु जीवन (ने.सं. ११०५), बौद्ध नैतिक शिक्षा (ने.सं. ११११), बौद्ध संस्कार, ने.सं. ११११), फिगू बन्धन (१११४), लगायत थुप्रै कृतिहरू । **सम्पादन/अनुवाद :** आनन्दभूमि (मासिक), धर्मकीर्ति (मासिक) । **पुरस्कार/सम्मान :** धर्मोदय पुरस्कार (ने.सं. १०६८) ।

भिक्षु प्रज्ञानन्द महास्थविर

(बौद्ध साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९५७, इटुम्बहाल, काठमाडौँ । निधन : २०४९ फागुन २८ । **माता/पिता :** मोहनमाया तुलाधर, हर्षवीर सिंह । **शिक्षा :** संस्कृत, पाली र तिब्बती । **सेवा :** धार्मिकग्रन्थ लेखन । **पहिलो रचना :** परित्राण (अनु. १९९७) । **कृति/सृजना :** बुद्धोपदेश (ने.सं. १०६१), विशुद्धी ज्ञानदर्शन (ने.सं. १०६६), महा जयमङ्गल पाठ (ने.सं. १०६६), विशुद्धी प्रज्ञा दर्पण (ने.सं. १०७४), अनन्तोपकारक बुद्ध (ने.सं. १०८२), सम्बुल जातक (ने.सं. १०८९), पञ्चशील त्रिरत्न वन्दना (ने.सं. १०९०), काकबलिय महाजन (पिनिगु कथा, ने.सं. १०९५), संसारे छुदु (ने.सं. ११००) आदि । **सम्पादन/अनुवाद :** धातु भेदानु पस्थना (ने.सं. १०६१, अनु.) । **पुरस्कार/सम्मान :** सङ्घमहानायक, अग्गमहापण्डित उपाधि ।

भिक्षु सुदर्शन महास्थविर (श्रामणेर लुद्रराज शाक्य, लुम्बिनीराज)

(बौद्ध साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९१ असार २२, नगरमण्डल श्रीविहार, कीर्तिपुर, काठमाडौँ । निधन : २०४८ । **माता/पिता :** हर्षमाया शाक्य, न्हुच्छेराज शाक्य । **शिक्षा :** एम.ए. (नेपाली संस्कृति, इतिहास, पुरातत्त्व) । **सेवा :** भिक्षु, साहित्य । **पहिलो रचना :** भी मचाखाचायत्त् (कविता, धर्मोदय पत्रिका, ने.सं. १०७१) । **कृति/सृजना :** अम्बपाली

(प्याखं, ने.सं. १०७५), राष्ट्रपाल (प्याखं, ने.सं. १०७७), भारतय् बुद्ध धर्मया उत्थान व पतन (ने.सं. १०७७), अमृतमय मौन (ने.सं. १०७८), महामङ्गल (भाग १, ने.सं. १०८०, भाग २, ने.सं. १०८२), नेपाले राहुल (ने.सं. १०८५), दबू (छ्धा:प्वाखं, ने.सं. १०८५), विश्वय् बुद्ध धर्म (भाग १, ने.सं. १०८८), चैत्य पूजा (भाग १, बु.सं. २५१९ भाग २, बु.सं. २५२०), विश्वय् बुद्ध धर्म (भाग ५, बु.सं. २५३४) लगायत दर्जनौं पुस्तकहरू प्रकाशित । **सम्पादन/अनुवाद :** धर्मोदय (मासिक पत्रिका, ने.सं. १०७२), वैशाख पूर्णिमा (पत्रिका, ने.सं. १०७९), प्रज्ञानन्द स्मृतिग्रन्थ, नापं, ने.सं. १११५) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'ख' (२०३८), श्री गोकुल चन्द पदक, श्रेष्ठ सिरपा (ने.सं. १०७८) ।

भिक्षु सुनन्द महास्थविर (महाथेर)

(बौद्ध साहित्यकार, नेवारी/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २००२ वैशाख १०, दछुटोल, बनेपा, काभ्रे । **माता/पिता :** दीर्घमाया पुतुवार, काजीबहादुर पुतुवार । **शिक्षा :** एम.ए., एम.टी.एस., विद्यावारिधि (दर्शनशास्त्र) । **सेवा :** प्राध्यापन (बौद्ध दर्शन), प्रशिक्षण, प्रवचन, धर्मोपदेश आदि । **पहिलो रचना :** बुद्धदर्शन (न्हसला, इ.सं. १९७७) । **कृति/सृजना :** मेन्टल फेनोमेना एन्ड मेडिटेशन (इ.सं. २००३), बुद्धिष्ट सङ्घ : प्याराडिग्म अफ द आइडियल ह्युमन सोसाइटी (इ.सं. १९९१), नेपाल कन्स्टिच्युसन एन्ड रिलिजन : ए क्योइसन अफ रिलिजियस लिबर्टी (इ.सं. १९९१) आदि साथै बौद्ध भजन, ज्ञानोदय भजन, बुद्धधर्म जिज्ञासुलाई जवाफ (इ.सं. १९९९), जात गन दु (नेपालभाषा, बु.सं. २५२३), द एफिलेसन अफ बुद्धिज्म टु सोसियल पोलिसी, बुद्ध र मार : बुद्ध धर्मको विश्लेषण (२०६२) । **सम्पादन/अनुवाद :** बुद्धपूजा विधि । **पुरस्कार/सम्मान :** बुद्ध परियत्री, शिक्षामा प्रथम पुरस्कार । **हालको ठेगाना :** शाक्यसिंह विहार, थैनाटोल, ललितपुर (siddharthauniversity@hotmail.com) । **फोन :** ५५३०६०७, ९८४१३९९५५७ ।

भिक्षु सुशील (प्रकाशमान शाक्य)

(बौद्ध साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१४ पुस २०, ओम्बहाल, काठमाडौं । **माता/पिता :** ज्ञानहिरा शाक्य, सप्तरत्न शाक्य । **शिक्षा :** स्नातकोत्तर (नेपालभाषा) । **सेवा :** भिक्षु जीवन । **पहिलो रचना :** मन ! छंगु स्वभाव गुज्व:गु ? (सन्ध्या टाइम्स दैनिक, अङ्क १०४, २०५४) । **कृति/सृजना :** ध्यान (नेवारी, २०५७), सुतसोम राजकुमार अवदान, लिपि अध्ययन (नेवारी, २०५७), तथागत भन्नुहुन्छ (नेपाली, २०५८), बुद्ध धर्म व बौद्ध धर्म व हे ख:ला ? (नेवारी, २०५८), लिस: (कविता, नेवारी, २०५९), भिक्षु सुदर्शनया नाटक जिगु मिखाय् (नेवारी, २०६०), निबन्ध पुच: (नेवारी, २०६०) । **सम्पादन/अनुवाद :** बुद्ध जयन्ती स्मारिका (बु.सं. २५४९), तथागत (पूर्णाङ्की नाटक, नेवारी, अनुवाद, २०६१) । **पुरस्कार/सम्मान :** बौद्ध जागरण प्रशिक्षण सिविर (२०५७) बाट प्रशंसापत्र । **हालको ठेगाना :** काठमाडौं -२३ । **फोन :** ४२२६७०२ ।



भिक्षु ज्ञानपूर्णिक (हिरालाल शाक्य)

(बौद्ध साहित्यकार/लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९६ हरिबोधिनी ११, विश्वशान्ति विहार, काठमाडौं । **माता/पिता :** चन्द्रमाया शाक्य, सूर्यलाल शाक्य । **शिक्षा :** धम्मचरिय व बी.ए. । **सेवा :** बुद्धधर्मसम्बन्धी । **पहिलो रचना :** नेपा: व बर्माया स्वापू (नेपालभाषा तपंपौ, ने.स. १०९१) । **कृति/सृजना :** अहिंसा : विजय (ने.सं. १०९१), अभिधर्मार्थ सङ्ग्रह, (भाग-१, ने.सं. १०९१), शमथ व विपश्यना सङ्क्षिप्त भावना विधि (ने.सं. १०९३), विश्व धर्म प्रचार देशना (भाग १-२, ने.सं. १०९४), अले धात्थें सु ख: ? (ने.सं. १०९४), बुद्ध धर्म (ने.सं. १०९४), पञ्चशीलया महत्त्व (ने.सं. ११०७), आदि थुप्रै कृतिहरू प्रकाशित । **सम्पादन/अनुवाद :** योम्ह म्ह्याय् (उपन्यास, अनु. ने.सं. १०९०), लुम्बिनी विपक्ष्यना (अनु., ने.सं. ११००), विपश्यना ध्यान निर्देशन (अनु., ने.सं. ११०५), उभय पातिमोक्ख (अनु. ११०८), ग्राहस्थ प्रतिपत्ति उपदेश (अनु., ने.सं. १११०), अभिधर्मार्थ सङ्ग्रह मूल पालि (भाग २, अनु., ने.सं. ११११), दुदंगु जीवनय मू (अनु., ने.सं. १११२), आदि थुप्रै अनुवाद कृतिहरू प्रकाशित ।

भीमकान्त पन्थी

(कवि, नेपाली/संस्कृत भाषा)

जन्म/स्थान : वि.सं. १९७८ वैशाख १४, वाग्ला बडाचौर,



गुल्मी । निधन : २०५८ असोज २, काठमाडौँ । **माता/पिता** : नन्दकुमारी, देवीप्रसाद पन्थी । **शिक्षा** : शास्त्री, स्वाध्याय । **सेवा** : अध्यापन, सामाजिक सेवा । **पहिलो रचना** : शालग्राम शिलाष्टकम् (हैमवती पत्रिका, वाल्मीकि विद्यापीठ, २०३२) । **कृति/सृजना** : शिक्षा महत्त्व, हाम्रो देश, समागम, मानवत्व, वेदान्ततत्त्व (संस्कृतमा), जगदम्बिकावैभवम् (महाकाव्य, २०५५), जगदीश्वरवैभवम् (महाकाव्य, २०५६), विविधपद्यावलि (कवितासङ्ग्रह, २०५७) । **पुरस्कार/सम्मान** : पाणिनि पुरस्कार (२०५६), जयतु संस्कृतम् पुरस्कार (२०५७), अभिनन्दन (२०५७), कदरपत्र (२०५८) । **सम्पर्क ठेगाना** : पं. भीमकान्त पन्थी अध्ययनकेन्द्र काठमाडौँ । **फोन** : ४८२०२२१ ।

भीमकुमारी श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ भदौ ५, नाथीगाड-९, रुकुम । **माता/पिता** : जयकुमारी गौतम, भीमबहादुर गौतम । **शिक्षा** : दशम कक्षा । **सेवा** : निजामती । **पहिलो रचना** : कर्तव्य (रेडियो नाटक, २०५५) । **कृति/सृजना** : स्वावलम्बी बनौं, रेडियो नाटक (२०५५), मान्छेको सिला (कवितासङ्गह, २०५९), ॐ नम शिवाय (भजन गीतिएल्बम, २०६२) । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक । **हालको ठेगाना** : ललितपुर उ.म.न.पा. -१४ । **फोन** : ५५३०४६५ ।

भीम खतिवडा

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२७ चैत २८, झापा । **माता/पिता** : इन्द्रकुमारी खतिवडा, खडानन्द खतिवडा । **शिक्षा** : साहित्यचार्य, स्नातकोत्तर (नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : संस्कृत साहित्यको नेपाली परम्परा (लेख, मधुपर्क, २०५०) । **कृति/सृजना** : केशव (खण्डकाव्य, २०६०) । **सम्पादन/अनुवाद** : चिन्तन-प्रवाह (अनुसन्धानात्मक कृति, २०५९) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'ख' (२०५२), उत्कृष्ट निवन्ध पुरस्कार (२०५०) । **हालको ठेगाना** : धरान न.पा.-७, सुनसरी । **फोन** : ०२५-५२५२६६ ।

भीम खरेल

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ भदौ ७, थेचम्वु, ताप्लेजुङ । **माता/पिता** : रूपादेवी खरेल, रूपनारायण खरेल । **शिक्षा** : स्नातक (नेपाली, इतिहास) । **सेवा** : संस्थान (गोरखापत्र) । **पहिलो रचना** : कर्णधार बालक (लालटिन सामयिक सङ्कलन, २०२७) । **कृति/सृजना** : अभिलाषा र सफलता (नाटक, २०३२), अस्तित्व र मान्छे (कवितासङ्ग्रह, २०३७), जी. शाहका गीतको पर्यावलोकन (समालोचना, २०४२), रवीन्द्र शाह व्यक्तित्व र कृति (समालोचना, २०४९), शाह वंशका स्रष्टा : केही सिर्जना केही विवेचना (समालोचना, २०५३), जी. शाह : व्यक्तित्व र सिर्जना (समालोचना, २०५६), आस्थाका गीतहरू (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : मेची किनाराका केही कविता (२०३४), पाँचौं पिँढी (२०३८) श्री रत्न रेकर्डिङ स्मारिका, प्रतिनिधि साहित्यिक प्रकाशन (२०५८) । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (नेपाली गीति साहित्यको सन्दर्भमा : गीतकार चाँदनी शाह, २०४०), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), प्रवल गोरखा दक्षिणबाहु चौथा (२०६०) । **हालको ठेगाना** : गौरादह, ३, झापा/तीनकुने, काठमाडौँ । **फोन** : ४४८३९६८, ९८४१२४३६१९ ।

भीमचरण थापा

(उपन्यासकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९१ फागुन २६, डोटी, अछाम । **माता/पिता** : वृन्दादेवी, भवानसिंह थापा । **शिक्षा** : एम.ए. (हिन्दी, नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : दाउरे (कथा, सिंहनाद पत्रिका, २०१९) । **कृति/सृजना** : *उपन्यासहरू* : माया (२०३१), मोड (२०३३), प्रतीक्षा (२०३८), पर्खाल (२०४१), शारदा (२०४७), कल्पना (२०४८) । **सम्पादन/अनुवाद** :

उकालो (संयुक्त सम्पादन), कलेज अफ एजुकेशन वीरगञ्जको मुखपत्र (२०२६), हिमाल (साहित्यिक पत्रिका, २०३८)। **पुरस्कार/सम्मान :** दीर्घसेवा पदक (२०४१), नारायणी वाङ्मय पुरस्कार (संयुक्त, २०४७)। **हालको ठेगाना :** घर नं. २/२६० वडा नं. २, शीतलपुर छपकैंया, पर्सा, वीरगञ्ज। **फोन :** ०५१-५२३०५९।

भीमदर्शन रोका

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ पुस ४, कालधारा, काठमाडौं। निधन : २०५९ चैत्र २४। **माता/पिता :** वसन्तीदेवी, हस्तलाल रोका। **शिक्षा :** बी.ए.। **सेवा :** प्राध्यापन, साहित्य। अभिनन्दन, गुञ्जनद्वारा। **पहिलो रचना :** कैयौं बाटोबाट आएको हुं (कविता, प्रगति, २०१०)। **कृति/सृजना :** भीमदर्शनका कविताहरू (२०६०), फुटकर रूपमा सयौं रचना प्रकाशन। **पुरस्कार/सम्मान :** सिद्धिचरण पुरस्कार (२०५७), राष्ट्रिय प्रतिभा पुरस्कार, स्वर्णपदक (२०४२)।

भीमनारायण रेग्मी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ मङ्सिर ८, छाङ्छाङ्दी-८ स्याङ्जा। **माता/पिता :** तोवाकुमारी रेग्मी, नेत्रलाल रेग्मी। **शिक्षा/विषय :** एम.ए. (नेपाली, भाषाविज्ञान)। **सेवा :** प्राध्यापन, अध्यापन। **पहिलो रचना :** बोटे ल्याङ्ग्वेज (सहलेखन, सन् १९९९)। **कृति/सृजना :** भाषाविज्ञान (सहलेखन, २०५८), दरबारी नेपाली भाषिका: (२०६०)। **हालको ठेगाना :** छाङ्छाङ्दी-८ स्याङ्जा, bhim_regmi@yahoo.com। **फोन :** ४२८६४८।

भीमनिधि तिवारी

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६८ फागुन ३०, डिल्लीबजार, काठमाडौं। निधन : २०३० जेठ १९, काठमाडौं। **माता/पिता :** नन्दकुमारी, लालनिधि तिवारी। **शिक्षा :** आई.ए.। **सेवा :** सरकारी। **पहिलो रचना :** कविता हरायो (समस्यापूर्ति, गोरखापत्र, १९९१)। **कृति/सृजना :** तर्पण (शोककाव्य, १९९४), सहनशीला सुशीला (नाटक-१९९५), काशीवास (नाटक, १९९८), पुतली (नाटक-१९९९), किसान (नाटक, २००३), पन्ध्र प्रबन्ध (प्रबन्धसङ्ग्रह, २००४), नैनिकाराम (नाटक-२००४), कवितानन्द (कवितासङ्ग्रह, २००६), पाँच ऐतिहासिक (एकाङ्की -२००८), इन्द्रधनुष (नाटक-२००८), आदर्श जीवन (नाटक-२००८), विवाह (नाटक-२०१०), वर-शिक्षा (२०१०), बयासी र बीस गजल मेरी (गजलसङ्ग्रह, २०१०), एकाङ्की कली (एकाङ्की सङ्ग्रह, २०११), एकाङ्की पल्लव (एकाङ्कीसङ्ग्रह, २०११), चाडबाड, वर-शिक्षा (२०१२), सिद्धार्थ गौतम (नाटक-२०१३), यशस्वी शव (शोककाव्य, २०१३), सत्य हरिश्चन्द्र (नाटक-२०१३), नोकर (नाटक-२०१४), विस्फोट (कवितासङ्ग्रह, २०१७), कविताकुञ्ज (कवितासङ्ग्रह, २०२०), शिलान्यास (नाटक-२०२३), चौतारा लक्ष्मीनारायण (नाटक-२०२४), सिंहदरबार (कवितासङ्ग्रह, २०२५), तितौरा र मस्यौरा (२०२६), बत्तीसपुतली (२०२७), इन्साफ (उपन्यास, २०२७), तिवारीका अप्रकाशित कविता (कवितासङ्ग्रह, २०४३), आत्महत्या (नाटक), महाराज भूपतीन्द्र (नाटक), माटोको माया (नाटक), नेपाली सामाजिक कहानी (कथासङ्ग्रह, जेठो, माहिलो, साहिँलो, काहिँलो, ठाहिँलो, राहिँलो, अन्तरे, जन्तरे, खन्तरे, मन्तरे गरी १२ वटा) तिवारी सूक्तिसङ्ग्रह। **पुरस्कार/सम्मान :** "यशश्वीशव" मा नगद पुरस्कार, गोरखा दक्षिणबाहु (२००९), शुभराज्याभिषेक पदक (२०१३), मदन पुरस्कार (२०१७), त्रिशक्ति पट्ट (२०२२), जानपद सेवा पदक, जानपद दीर्घसेवा पट्ट, निदरल्याण्डस्की महारानीबाट "अफिसर अफ द अर्डर अफ अरेञ्जज नासौ" को उपाधि (२०२४)। **सम्पर्क ठेगाना :** तिवारी साहित्य समिति, मालीगाउँ, काठमाडौं। **फोन :** ४४३१९२४, २०८३२२०।

भीमप्रसाद मुकारुङ राई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ भदौ ११, अन्नपूर्ण -८, भामला, भोजपुर। **माता/पिता :** कर्मकुमारी योञ्जन, परशुराम मुकारुङ राई। **शिक्षा :** स्वाध्याय। **सेवा :** सामाजिक सेवा।

कृति/सृजना : किराँत सुधारको सवाई (२०१४)। **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), वार मेडल (युद्ध पदक, दोस्रो विश्वयुद्ध : ब्रिटिस सरकार), राजा वीरेन्द्रबाट आदरपत्र, राष्ट्रिय शिक्षा समिति र जिल्ला शिक्षा समितिद्वारा प्रशंसापत्र, जिल्ला शाखा नेपाल रेडक्रस सोसाइटी भोजपुरद्वारा अभिनन्दन, अन्नपूर्ण मा.वि. स्वर्ण जयन्ती महोत्सवमा अभिनन्दन। **हालको ठेगाना** : भुरुचोक, दिल्पा, भोजपुर। **फोन** : ०२९-६९००३८।

भीमप्रसाद लामिछाने

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ भदौ १५, मसुराबारी, बागलुङ। **माता/पिता** : पार्वता लामिछाने, महेश्वर लामिछाने। **शिक्षा** : बी.ए. (गुवाहाटी विश्वविद्यालय)। **सेवा** : अध्यापन, साहित्य। **पहिलो रचना** : यस्तो पनि हुँदोरहेछ (कथा, मासिक पत्रिका, २०२०)। **कृति/सृजना** : घुएँत्रो (हास्यव्यङ्ग्यसङ्ग्रह, २०२४)। **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार (राष्ट्रव्यापी नेपाली साहित्य सम्मेलन काठमाडौँ, २०२५)। **हालको ठेगाना** : हिमाली सङ्गम, भैरहवा।

भीमप्रसाद सुवेदी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ कात्तिक १६, नाम्सालिङ -६, इलाम। **माता/पिता** : जयन्ता सुवेदी, रामचन्द्र सुवेदी। **शिक्षा** : विद्यावारिधि (भूगोल)। **सेवा** : प्राध्यापन (त्रि.वि.), लेखन। **पहिलो रचना** : अनुसन्धान क्षेत्रमा २०३७ सालदेखि लेखहरू प्रकाशित। **कृति/सृजना** : प्रसङ्ग उपल्लो मनाङको : कुरा मनाङको विशिष्टताको (यात्रासंस्मरण, २०५९), अक्सफोर्डतिरको घुमफिर (यात्रासंस्मरण, २०६२), । **सम्पादन/अनुवाद** : भेजिटेशन एन्ड सोसाइटी : दियर इन्टऱ्याक्सन इन द हिमालयज (पुस्तक, संयुक्त सम्पादन, २०५७), जोग्राफी एन्ड जोग्राफर्स वर्क इन नेपाल (संयुक्त सम्पादन, २०६२), प्रोसिडिङ अफ द नेसनल कन्फेरेन्स अफ जोग्राफर्स इन नेपाल (सम्पादन, २०६२)। द हिमालयन रिभ्यू (इ.सं. १९६८ देखि हालसम्म)। **पुरस्कार/सम्मान** : प्रख्यात त्रिशक्ति पट्ट, प्रबल गोरखा दक्षिणबाहु, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, महेन्द्र विद्याभूषण 'क' र 'ख', इष्ट-वेष्ट सेन्टर अवार्ड (युएसए)। **हालको ठेगाना** : नाम्सालिङ -६, इलाम /कीर्तिपुर, काठमाडौँ (bsubedi@enet.com.np)। **फोन** : ४३३०३२९, ४३३११९४।

भीमप्रसाद श्रेष्ठ

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ साउन, खलङ्गावजार, जुम्ला। निधन : २०५४ भदौ १५। **माता/पिता** : तुलसा श्रेष्ठ, नारायणप्रसाद श्रेष्ठ। **शिक्षा** : स्वाध्याय। **सेवा** : अध्यापन, राजनीति। **पहिलो रचना** : सिन्जा एक दृष्टिमा सरसर्ती (लेख, गोरखापत्र, २०२८)। **कृति/सृजना** : नौमती (खसानी सामाजिक उपन्यास, २०५१)। **सम्पादन/अनुवाद** : कर्णाली प्रदेश : एकविटो अध्ययन (पुस्तक सम्पादन, २०२८)। **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (२०५२)। **हालको ठेगाना** : चन्दननाथ -७, जुम्ला। **फोन** : ५५२७४१५, ४४६४४९८।

भीम राना 'जिज्ञासु'

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ वैशाख, ठूलोरीप, गोरखा। **माता/पिता** : हस्तकुमारी राना, दिलबहादुर मगर। **शिक्षा** : स्नातक। **सेवा** : स्वतन्त्र लेखन। **कृति/सृजना** : समयको आवाज (कवितासङ्ग्रह, २०५१), नयाँ सामान्य ज्ञान प्रश्नोत्तर डाइजेस्ट (२०५६), हाजिरी जवाफ प्रतियोगितात्मक सामान्य ज्ञान (२०५६), बौद्ध प्रश्नोत्तरमाला (२०५६), स्पोर्टस् डाइजेस्ट (२०५६), नवीनतम सामान्य ज्ञान डाइजेस्ट (२०५८), विज्ञान प्रश्नोत्तर माला (साइन्स डाइजेस्ट, २०५८), सामान्य ज्ञान दिग्दर्शन (२०५८), ना.सु. दिग्दर्शन (२०५८), नवीनतम प्रतियोगितात्मक सामान्य ज्ञान (२०५९), वर्ल्ड कप (फुटबल) डाइजेस्ट (२०५९), क्रिकेट परिचय कोश (२०६०), एक हजार एक प्रश्नोत्तर सामान्य ज्ञान (२०६०), बौद्ध सामान्य ज्ञान डाइजेस्ट (२०६०), समयचक्र (मुक्तकसङ्ग्रह, २०६१), साहित्य ज्ञानमाला (२०६१), सङ्क्षिप्त सार्क परिचय

(२०६१), अन्तर्राष्ट्रिय सङ्घ, सङ्गठन र सन्धि सम्झौताहरू (२०६१), चराहरूको देश (कवितासङ्ग्रह, २०६३), विश्वविख्यात साहित्यकारहरू (२०६५), कर्फ्यू लागेको दिन (लघुकथा, २०६६), कुर्सीप्रधान देश (मुक्तकसङ्ग्रह, २०६८)। **पुरस्कार/सम्मान :** हरि प्रतिभा पुरस्कार (२०४९), राष्ट्रिय युवा कविता महोत्सवमा प्रथम (धरान, २०५२), राष्ट्रिय कवि सम्मेलन, तनहुँ (२०५३), राष्ट्रिय कविता महोत्सव, ने.रा.प्र.प्र. (२०५४), राष्ट्रिय बौद्ध कविता प्रतियोगिता (२०५४), प्रथम (राष्ट्रिय लघुकथा प्रतियोगिता (२०५४), राष्ट्रिय कवि गोष्ठी, वीरगञ्ज (२०५६), प्रहरी प्रकाशन, उत्कृष्ट (२०५६), साथी राष्ट्रिय गीत प्रतियोगिता (२०५८), विराट नेपाल कविता महोत्सव (२०५८)मा पुरस्कृत। **हालको ठेगाना :** काठमाडौँ। **फोन :** ९८०३००४८६७।

भीम रानाभाट 'ज्यालादारी'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ मङ्सिर १, थन्सिङ, तनहुँ। **माता/पिता :** कौशिलादेवी रानाभाट, पूर्णबहादुर रानाभाट। **शिक्षा :** स्नातकोत्तर (नेपाली)। **सेवा :** बैङ्किङ। **पहिलो रचना :** नयाँ वर्ष (कविता, धरा मासिक, पोखरा, २०४३)। **कृति/सृजना :** रगतका छिर्का (मुक्तकसङ्ग्रह, २०४८)। **सम्पादन/अनुवाद :** गण्डकी सङ्गम (२०५९), निगालो (२०६०)। **पुरस्कार/सम्मान :** विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत। **हालको ठेगाना :** जामुने -३, तनहुँ। **फोन :** ०६५-५६०२०४/५३९१२०।

भीम विराग (भीमबहादुर महर्जन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ माघ १५, माईस्थान, वीरगञ्ज, पर्सा। निधन : २०६८ फागुन १५। **माता/पिता :** लक्ष्मीदेवी महर्जन, तुलसीबहादुर महर्जन। **शिक्षा :** आई.ए.। **सेवा :** पत्रकारिता, सामाजिक सेवा। **पहिलो रचना :** इच्छा (कविता, उदय मासिक, बनारस, २०१४)। **कृति/सृजना :** दुखेको इन्द्रेनी (गीतसङ्ग्रह, २०२३), आठ टुक्रे बादल (कथासङ्ग्रह, २०२९), तातो सुस्केरा (कवितासङ्ग्रह, २०३२), अतृप्त स्पर्श (गीतसङ्ग्रह, २०४३), भीम विरागका कविता (२०५४), दुखेको इन्द्रेनी (गीतिएल्बम, रचना र सङ्गीत, २०५४), अज्ञात प्रारम्भ (खण्डकाव्य, २०५६), दुखेको मुटु (गीतिएल्बम, गजल, स्वर/रचना/सङ्गीत, २०५६), भीम विरागका गीत गजल (गीत-गजल, २०५७), स्वर सम्राट्को सम्झना (संस्मरण, २०५७), मोहभङ्ग, गीता महाकाव्य (२०५९), पाँच सयभन्दा बढी गीतरचना (नेपाली र नेवारी)। **सम्पादन/अनुवाद :** नारायणी (साप्ताहिक), बिगुल (साप्ताहिक)। **पुरस्कार/सम्मान :** नारायणी अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम (२०२३), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०२७), छिन्नलता गीति पुरस्कार (२०४३), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), ज्ञानपूर्ण पुरस्कार (२०५४), मकवानपुर सङ्गीत प्रतिभा पुरस्कार (२०५५), नारायणी वाङ्मय पुरस्कार (२०५५), लेखनाथ राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६)। नेपाल साहित्य गुठी, काठमाडौँ (२०५०), नारायणी वाङ्मय प्रतिष्ठान, वीरगञ्ज (२०५२), चितवन वाङ्मय प्रतिष्ठान, नारायणगढ (२०५५), पर्सा मिलन केन्द्र, काठमाडौँ (२०५६), वीरगञ्ज साहित्यिक परिषद्, वीरगञ्ज (२०५६), भानु कला केन्द्र, विराटनगर (२०५८), मातृभूमि साहित्यिक समाज, हेटौँडा (२०५९), सुशान्त छाल मकवानपुर, (२०६०), साहित्य सङ्गम मकवानपुर, हेटौँडा (२०६१) आदि सङ्घसंस्थाहरूद्वारा सम्मान तथा करिब एक दर्जन सङ्घसंस्थाहरूद्वारा अभिनन्दन। **हालको ठेगाना :** ब्लक नं. ७, हेटौँडा -४, मकवानपुर। **फोन :** ०५७-५२०५७४।

भीम शर्मा फुँयाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ श्रावण १, बुधबारे -४, झापा। **माता/पिता :** पुण्यवती दाहाल, दशरथ शर्मा फुँयाल। **शिक्षा :** एम.ए. (साहित्य भूषण)। **सेवा :** सामाजिक, साहित्यिक सेवा, अध्यापन साथै धार्मिक सेवा। **पहिलो रचना :** मोतीको दाना, पुस्तिका (२०१४)। **कृति/सृजना :** गुरुजी मङ्गलदासः एक व्यक्तित्व (जीवन चरित्र, २०५९), तथा अन्य लेख रचनाहरू प्रकाशित, प्रकाशोन्मुखः शाहवंश (महाकाव्य), नव्य कथामृत (धार्मिक जीवनी), मानवको महान् सम्पत्ति शान्तिः, शोधात्मक गद्यः, मेरो देश, कवितासङ्ग्रहः, मांस भक्षण के हो ?। **सम्पादन/अनुवाद :** निजानन्द चिन्तन। **हालको**

ठेगाना : इटहरी-२, पशुपतिचोक / बुधवारे-४ झापा। **फोन** : ०२५-५८५६०९ ।

भीम शाक्य

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. १९९०, ओकुबहाल, पाटन, ललितपुर। **माता/पिता** : कृष्णकुमारी शाक्य, देवराज शाक्य। **शिक्षा** : साधारण। **सेवा** : कलासाधना। **पहिलो रचना** : ज्ञानमाला भजनगीत (२०२५)। **कृति/सृजना** : स्तूप (मैत्री गुम्बा, स्वयम्भू, २०३५), लोकेश्वर (१०८ थान तामापातामा, जनवहाल, २०५५), पञ्चबुद्ध (गार्डेन गुम्बा, कर्नाटक, भारत, २०५८), पूजादेवी (१६ थान, सिक्किमको राजदरबार, इ.सं.२००२), धेरै मूर्तिहरूमा पुरानो शैलीमा बुट्टा काट्ने काम वि.सं. २०२१ सालदेखि निरन्तर)। **हालको ठेगाना** : ललितपुर उ.म.न.पा. -६ (bajraguru@wlink.com.np)। **फोन** : ५५३१४४८।

भीम क्षेत्री (बी. जीसी, भीम जीसी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१७ असार ९, फिक्कल-४, इलाम। **माता/पिता** : दिला क्षेत्री, रत्न क्षेत्री। **शिक्षा** : स्नातकोत्तर, बी.एड.। **सेवा** : अध्यापन, प्राध्यापन। **पहिलो रचना** : बेवारिसे लास (नाटक, पुस्तिका, २०४९)। **कृति/सृजना** : अँध्यारोमा बाँच्नेहरू (गीतिसङ्ग्रह, २०५२), मझेरीमा झरेको बिहानी (कवितासङ्ग्रह, २०६७)। **सम्पादन/अनुवाद** : शृङ्खला (साहित्यिक मासिक), ज्ञानपुञ्ज (मासिक पत्रिका)। **हालको ठेगाना** : काठमाडौं। **फोन** : ९८४१३२२४२८, ०१६२१२७९५।

भीमार्जुन आचार्य (अर्जुन मिलन आचार्य)

(लेखक/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ पुस ३, सौडियार-१, दाङ। **माता/पिता** : देविका आचार्य, नीमकान्त आचार्य। **शिक्षा** : एल.एल.एम. (संविधान), विद्यावारिधि (संविधान)। **सेवा** : कानुनी सेवा, प्राध्यापन, गायन। **पहिलो रचना** : गीत (महावाणी साप्ताहिक, २०४५ मङ्सिर)। **कृति/सृजना** : गीतिएल्बम : मलमलकीरी जूनकीरी (२०४९), ववई किनारामा (२०५१), जालीमाया (२०५२), मौनताको सहर (गीतिएल्वम। पुस्तक : एन इन्ट्रोडक्सन टु इङ्ग्लिस उई युज (१९९५), ए ह्याण्डवुक टु द इङ्ग्लिस उई युज (इ.सं. १९९७), सेलेक्ट एक्ट अफ द किङ्डम अफ नेपाल (इ.सं. २००३), पत्रकारहरूका लागि व्यावहारिक दिग्दर्शन (सह-लेखन) (इ.सं. २००३), आतङ्ककारी तथा विध्वंसात्मक कार्य सम्वन्धी कानुनहरूको पुनरावलोकन (इ.सं. २००४), सूचनाको स्वतन्त्रता : एक तुलनात्मक कानुनी सर्वेक्षण (सह-लेखन) (इ.सं. २००५), मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्वन्धी कानुनहरूको पुनरावलोकन (इ.सं. २००५), बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको पुनरवलोकन (इ.सं. २००५), संविधानसभा: प्रक्रिया र अनुभवहरू (सन २००६), संविधानसभा हाते पुस्तिका (इ.सं. २००६), मेकिङ कन्स्टिच्युसन थ्रु कन्स्टिच्युएन्ट एसेम्ली (इ.सं. २००६), डोमिस्टेकेसन स्टाटस अफ आईसीसीपिआर (२००७), पत्रकारिता नीति तथा कानुन (सह-लेखन) (इ.सं. २००८), फन्डामेन्टल राइट्स इन द ओर्ल्ड कन्स्टिच्युसन्स् (इ.सं. २००८), मौलिक अधिकारका आयामहरू (इ.सं. २००९), निर्वाचन प्रणाली हाते पुस्तक (इ.सं. २००९), सुरक्षा निकायमाथि नागरिक नियन्त्रणका कानुनी संयन्त्रहरू (इ.सं. २०११), सिभिलियन कन्ट्रोल मेकानिज्म अफ सेक्युरिटी फोर्सेस इन नेपाल (इ.सं. २०११), कम्पेरिटिभ सिस्टमस् अफ जुडिसियल रिभ्यू (इ.सं. २०१२), माई एस्सेज इन ल, मिडिया फ्रिडम एण्ड पोलिटिक्स (इ.सं. २०१२)। **पुरस्कार/सम्मान** : स्वतन्त्रता सम्मान पुरस्कार (२०६४), निर्भिक कानुन लेखन पुरस्कार (२०६५), स्व. ताराप्रसाद खरेल न्यायप्रशासन लेखन कानुन पुरस्कार (२०६७), नन्द प्रज्ञा पुरस्कार (२०६७), उत्कृष्ट युवा वर्ष पुरस्कार (२०६८)। **हालको ठेगाना** : बबरमहल, काठमाडौं (bhimarjun@enet.com)। **फोन** : ४२६१९८१, ९८४१३०८७६७।

भीषण मुकारुङ

(गायक)

जन्म/स्थान : वि.सं. २०३५ साउन १२, अन्नपूर्ण, भोजपुर। **माता/पिता** : गङ्गादेवी राई, पुरुषोत्तम राई। **शिक्षा** : आई.ए.। **सेवा** : गायन-सङ्गीत।

पहिलो रचना : वसन्त लाग्यो क्यारे (गायन रेकर्ड, २०५४) । **कृति/सृजना :** विश्वासको बन्धन (एकल गायन, गीतिएल्बम, २०५८), माहौल (गायन, गीति सी.डी./एल्बम, २०६६) । **हालको ठेगाना :** अन्नपूर्ण-३, भोजपुर/काठमाडौँ । **फोन :** ९८५१०८७७९३ ।

भीष्म उप्रेती

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ माघ १३, कालिकास्थान, झापा । **माता/पिता :** कृष्णादेवी उप्रेती, भक्तिप्रसाद उप्रेती । **शिक्षा :** एम.एस्सी., एम.ए. (नेपाली, अर्थशास्त्र) । **सेवा :** बैङ्किङ सेवा । **पहिलो रचना :** मैले माया गरैं (कविता, मिर्मिरे पत्रिका, २०४५) । **कृति/सृजना :** यात्राका केही थुँगा फूल (नियात्रा, २०४६), नीलो पानी र नीला भावनाहरू (नियात्रा, २०५५), लहरलहरका अक्षरहरू (नियात्रा, २०५८), आकाश खस्यो भने के हुन्छ ? (कवितासङ्ग्रह, २०५३), समुद्र र अन्य कविताहरू (कवितासङ्ग्रह, २०५८, अङ्ग्रेजी र जापानीमा समेत अनुवाद भई प्रकाशित), अक्षरवर्षा कवितासङ्ग्रह, २०६०), हिँड्दै गर्दा (निबन्धसङ्ग्रह, २०६१), संवेदनामा स्वरहरू (संयुक्त निबन्धसङ्ग्रह), प्रेमको प्रतिध्वनि (नेपाली र अङ्ग्रेजीमा, कवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** मिर्मिरे (साहित्यिक मासिक), यद्यपि (मासिक पत्रिका), सारांश (साहित्यिक पत्रिका) । **पुरस्कार/सम्मान :** बी.बी.सी. युवा कविता प्रतियोगितामा प्रथम (२०४९), ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०५०), उत्तमशान्ति पुरस्कार (२०५५), युवावर्ष मोती पुरस्कार (२०६२) । **हालको ठेगाना :** पो.ब.नं. ११५२७, काठमाडौँ / शनिश्चरे -३, झापा (bhismaupreti@nrb.org.np) । **फोन :** ४७८३७९१ ।

भीष्मराज प्रसाई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ असोज २१, आठराई, ताप्लेजुङ । **माता/पिता :** छायादेवी प्रसाई, गङ्गाप्रसाद प्रसाई । **शिक्षा :** स्नातकोत्तर (प्याथोलोजी, लन्डन विश्वविद्यालय) । **सेवा :** चिकित्सा, प्राध्यापन, साहित्य । **पहिलो रचना :** दोषी को ? (कविता, भारती, २००९) । **कृति/सृजना :** शान्तिको अधुरो गीत (खण्डकाव्य, २०४३), आराधना (काव्य सङ्कलन, २०४३), निभेको दियो (खण्डकाव्य, २०४४), घाम फेरि झुल्कनेछ (खण्डकाव्य, २०४७), द अण्डर ग्र्याजुयट मेडिकल एजुकेशन इन नेपाल (इ.सं. १९८२), आत्मसमर्पण (महाकाव्य, २०५५) । **सम्पादन/अनुवाद :** गीताबोध (अनु. नेपाली रूपान्तर, २०३७) । **पुरस्कार/सम्मान :** सेवा पदक (२०४२), शिक्षा पदक (२०३८), नेपाल सरकारद्वारा शिक्षण अस्पतालको स्थापनामा महत्त्वपूर्ण कार्य गरेबापत विशेष सम्मान (भीष्म उद्यान निर्माण) । **हालको ठेगाना :** क १/१४७ कोपुन्डोल, ललितपुर । **फोन :** ५५२१९१०, ९८४१३३३२४३ ।

भुइँदल राई

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ साउन ११, सिन्द्राङ, भोजपुर । **माता/पिता :** रशीमाया राई, गजमान राई । **शिक्षा :** स्वाध्यायन । **सेवा :** राजनीति (पूर्व सांसद), सामाजिक सेवा । **कृति/सृजना :** निर्दलीय पञ्चायती व्यवस्था र पञ्चहरूको नैतिकता (२०४३), क्रान्तिकारी शहीद स्वर्गीय रामप्रसाद राई : एक स्मरण एक चर्चा (२०५३), हामी आदिवासी माथिका सङ्कटहरू र तिनका समाधान (२०५४), पूर्वाञ्चल जनप्रतिनिधि बन्धुहरूमा एक अपिल (२०५५), महानिर्वाचन २०५६ र वर्तमान नेपाली राजनीति (२०५६), वैदेशिक सैनिक सेवा आर्थिक धरातलको एक आधार (२०६०), सदा सम्झनामा आमा स्वर्गीय रशीमाया राई (२०६१), काँडामाथिको आफ्नो जीवन तथा मित्र हर्कशेर राई (२०६१) का साथै ६६ ओटा पुस्तिकाहरू प्रकाशित । **हालको ठेगाना :** बालकोट, भक्तपुर नयाँ बानेश्वर, काठमाडौँ /धरान -८, भोटेपुल, सुनसरी । **फोन :** ६६३१४५५ ।

भुवन केसी

(अभिनेता)

जन्म/स्थान : इ.सं. १९५७ अगस्ट २३, काठमाडौँ । **सेवा :** चलचित्र कलाकारिता । **कृति/सृजना :** सम्झना, कुसुमे रुमाल, साइनो, चिनो, सुपरस्टार, बादल पारि, नेपाली बाबु, करोडपति, म तिमीविना मरिहाल्छु लगायत एक

सयभन्दा बढी ठूला पर्दाको चलचित्रमा प्रमुख अभिनेताको रूपमा अभिनय, करोडपति, नेपाली बाबु, सुपरस्टार, म तिमीविना मरिहाल्छु आदि चलचित्रको निर्माण, देश-विदेशका विभिन्न स्थानमा दर्जनौं पटक अभिनय कला प्रस्तुत, केही सङ्ख्यामा गीत गायन रेकर्ड। **पुरस्कार/सम्मान :** राष्ट्रिय स्तरका दर्जनौं पुरस्कार, अवार्ड तथा सम्मान-अभिनन्दनहरू प्राप्त।

भुवन चन्द

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २००६ असार १, धोबिचौर, काठमाडौं। **शिक्षा :** आई.ए., कत्थक नृत्यमा चौथो वर्ष पूरा। **सेवा :** रङ्गमञ्च, चलचित्र। **पहिलो रचना :** २०१० सालदेखि रङ्गमञ्चीय क्षेत्रमा, आमा (पहिलो नेपाली चलचित्रमा नायिकाको रूपमा अभिनय, २०२२)। **कृति/सृजना :** अन्धवेग, जाली रुमाल, डोला मैयाँ, कुहिरोभित्र, ऋसमा टाँगिएको जिन्दगी, बादलले छोपेको घाम, हवाई दुर्घटना, के सक्कली के नक्कली, मुकुन्द इन्दिरा, भोजन भट्ट, अपमानित आत्मा, मसान, सत्य हरिशचन्द्र, राम भरत मिलाप, घरभित्र घर बाहिर, साउजीकी लाटी स्वास्नी, सत्यको प्रतिष्ठा, रणदुल्लभ, भक्त ध्रुव, श्री ५ पृथ्वीको उपत्यका विजय, माटो र पानी, सीमाना, पर्खाल, युद्ध र शान्ति, तुवाँलोले ढाकेको बस्तीजस्ता दर्जनौं अन्य नाटकहरू, मुटुको व्यथा, कृष्णलीला, भृकुटी, शिव-पार्वती, मुनामदन, अँध्यारो-उज्यालो, रामभरत मिलाप, हिमकन्या, सरदार भक्ति थापा, लक्ष्मीपूजा, यशोधरा, नालापानी, सत्यं शिवम् सुन्दरम् आदि थुप्रै गीतिनाटकहरू, सत्यनाग, चण्डालिका, दुर्गा अवतार, महिषासुर, शिव लीला आदि नृत्य नाटिकाहरू, आमा (पहिलो नेपाली चलचित्र, जसमा प्रथम नेपाली नायिकाको भूमिका), हिजो आज भोलि, दुई थोपा आँसु, प्रतीक्षा, प्रेम प्रतिज्ञा, जीवनसाथी, देउराली, नाम के हो, दुलाहा राजा दुलही रानी, मनमन्दिर, सीमारेखा, महामाया, नेपालीबाबु आदि थुप्रै चलचित्रहरू, करिब ३० ओटा रेडियो नाटकहरूमा अभिनय। करिब चार दर्जनजति गीतहरू रेकर्ड। **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), महेन्द्र रत्न आभूषण, सार्क पदक (२०४४), सर्वनाम पुरस्कार (२०४५), गोरखा दक्षिणबाहु (चौथो, २०५०), हरितारा चलचित्र पुरस्कार (२०५३), रङ्गमञ्च पुरस्कार (२०५३), गद्दीआरोहण रजत पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), राष्ट्रिय चलचित्र महोत्सवमा अभिनयका लागि पुरस्कार (२०६२)। श्री ५ को सरकार पुरातत्त्व तथा संस्कृति विभाग स्वर्ण पदक आदि। द रेयुकाई सम्मान (२०४५), मधुरिमा नेपाल सम्मान (२०५१), अभियान दशक सम्मान (२०५१), श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा सम्मान (२०५७), नारी दिवस सम्मान (काठमाडौं महानगरपालिका वडा. नं. २, २०५७), नव प्रभात कला केन्द्र सम्मान (२०५८), बालकृष्ण (सम शताब्दी) सम्मान (२०५९), परिवर्तन नेपाल सम्मान (२०५९), विशेष सम्मान (नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घ, २०५९) आदि प्रशस्तै सम्मानहरू। **हालको ठेगाना :** काठमाडौं।

भुवन ढुङ्गाना

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ जेठ २ गते, गहेली टोल, विराटनगर, मोरङ। **माता/पिता :** नन्दकुमारीदेवी, विष्णुप्रसाद कोइराला। **शिक्षा :** एम.ए. (अङ्ग्रेजी, त्रि.वि.), बी.एल., बङ्गाली भाषामा स्नातक, भारतीय शास्त्रीय नृत्यमा स्नातक। **सेवा :** प्राध्यापन, ने.रा.प्र.प्र. (प्राज्ञ-परिषद् सदस्य, २०६१)। **पहिलो रचना :** शब्दकोशको 'अ' झैँ (कविता, मधुपर्क, २०२६)। **कृति/सृजना :** युद्धको घोषणा गर्नुभन्दा अघि (कथासङ्ग्रह, २०४८), भुवनका कविता (कवितासङ्ग्रह), बी.पी. आत्मवृत्तान्त (संस्मरण)। **सम्पादन/अनुवाद :** सिउँडी (पत्रिका), तिमी मलाई चिन्नेछौ (पाकिस्तानी लेखिकाहरूको कथासङ्ग्रह, अनु. २०६०), ईश्वर-निन्दा (उपन्यास, अनु. २०६१)। **पुरस्कार/सम्मान :** शिक्षा दिवस पुरस्कार (२०४२), गरिमा साहित्य पुरस्कार (२०५७), लोकप्रियादेवी पुरस्कार (२०५८), वनिता पुरस्कार (२०६०)। **हालको ठेगाना :** ग २/३१७ बत्तीसपुतली, गौशाला, काठमाडौं। **फोन :** ४४७४४१९।

भुवन थापा 'बहुवि'

(कवि/मूर्तिकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२५ भदौ १८, ठूलो लुम्पेक -७, गुल्मी। **माता/पिता :** देउरूपा थापा, काशीराम थापा। **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र), स्नातक (मूर्तिकला)। **सेवा :** कलासाधना, सामाजिक सेवा। **पहिलो रचना :** कलाप्रदर्शनी (ठूलो लुम्पेक, गुल्मी,

२०४२) । **कृति/सृजना :** दरिद्रताको भुमरी (कवितासङ्ग्रह, २०५०), देउसी-भैलो (सांस्कृतिक गीत, २०५१), धर्म : सामाजिक कर्म (एकाङ्की, २०५४), प्यारो गाउँ : जन्म ठाउँ (गीतिनाटक, २०५५), बस्ती विकास (गीतिनाटक, २०५९), सिर्जनाका नव सौगातहरू (गजलसङ्ग्रह, २०६०), शङ्काले लङ्का (हाइकु लहरी, २०६१) । निर्माणका साथै त्रि.वि. कलाप्रदर्शनी (२०४९), नेपाल तथा जापानी बालकलाप्रदर्शनी (२०५०), नमुना गोर्खा गाउँ (गोर्खा स्मारक सङ्ग्रहालय, लैनचौर, २०५२), जनजाति दौँतरी (वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, २०५३), मदन आश्रित प्रतिमा (मदन आश्रित प्रतिमा स्थल हर्मिचौर गुल्मी, २०५४), गोर्खा भी.सी. स्मारक स्तम्भ (लैनचौर, २०५५) राष्ट्रिय कलाप्रदर्शनी (२०५२, २०५३, २०५५, २०५६), कला मेला (ललितकला क्याम्पस, २०५४/५५), रङ्गलाल बाड्देल स्मृति बृहत् कलाप्रदर्शनी (२०५५) मा सहभागी । **सम्पादन/ अनुवाद :** ल्हुम्पेकी आवाज, रुडाग कोसेली, तरामु मगरको नौ पुस्ते वंशावली । **पुरस्कार/सम्मान :** विविन्न सङ्घ-संस्थाहरूद्वारा विभिन्न समयमा सम्मान । **हालको ठेगाना :** पो.ब.नं. ४८७६, काठमाडौँ (bahuvi@yahoo.com) । **फोन :** ५५७३४२६ ।

भुवनप्रसाद ढुङ्गेल

(माध्यमिक कालीन, कवि)

जन्म/स्थान : वि.सं. १९२२ । निधन : १९९३ । **माता/पिता :** अनुन्धेय । **शिक्षा :** संस्कृत । **सेवा :** साहित्य, कविरत्न । **कृति/सृजना :** उपवन विनोद (१९४०), स्वप्न प्रकाश (१९६१), चण्डी (सप्तशती (१९६१), गीत गोविन्द (अनुवाद, १९६१), आध्यात्म रामायण सुन्दरकाण्ड (१९८९) भागवत् गीता (१९९०), रामाष्टक आदि हुन् ।

भुवनलाल प्रधान

(इतिहासकार)

जन्म/स्थान : वि.सं. १९७९ वैशाख ७, कमलाछी, काठमाडौँ । निधन : २०६७ भदौ १० । **माता/पिता :** विद्यालक्ष्मी प्रधान, वंशलाल प्रधान । **शिक्षा :** बी.ए. । **सेवा :** प्रजातन्त्र सेनानी, अध्यापन, राजनीति, मन्त्री परिषद् सदस्य (२०१७) । **पहिलो रचना :** छगू प्रार्थना (धर्मदूत हिन्दी मासिक, भारत, वि.सं. २०००) । **कृति/सृजना :** बालज्ञान सफू (२००३), शहीद शुक्र (२०२९), स्वयम्भू (२०३२), शहीद परिचय (२०३४), लुम्बिनी-कपिलवस्तु-देवदह (इ.सं. १९७९), असन (२०४१), बुद्ध धर्म र शाक्यहरू (२०४२), शाक्यज अफ नेपाल (अङ्ग्रेजी भाषामा, इ.सं. १९८५), नेपालमा बौद्धधर्म (२०४५), दरबार हाईस्कुल : सङ्क्षिप्त झलक (२०५२), नेपालको जनक्रान्ति -२००७ (२०४७), शहीद गङ्गा-दशरथ (२०४९), वज्रवाराही मन्दिर : एक परिचय (२०५२), शहीद धर्मभक्त माथेमा (२०५५), नेपाली इतिहास र संस्कृतिका केही पक्ष (२०५५), शाक्यमुनि बुद्धका स्मारक (२०५७), नेपाल संवत्को यथार्थता (२०५७), शाक्यमुनि, द बुद्ध एन्ड शाक्य हेरिटेज (इ.सं.२००५) । **सम्पादन/अनुवाद :** म्युनिसिपलिटी पत्रिका (२००३), मेरो आत्मकथा (लेखक : चन्द्रकान्त मल्ल, २०३६), भुटानको अरुणोदय (अनु. सुशीला मानन्धर, २०३६) आदि सम्पादन । *अनुवादित कृतिहरू :* जापानी धर्म (२०४४), आजको जापानी समाज (२०४४), जापानी इतिहास (२०४५), बच्चाको विकास विधि (मन्टेसोरी सिद्धान्त, २०४६), ड्रागनको देश (भुटान) (२०५१), पुण्डरिक पद्धति (श्रीलङ्काको एउटा उपन्यास, २०५४) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु प्रथम (२०२१), त्रिशक्तिपट्ट प्रथम (२०२३), वर्ल्ड पिस मेडल (हेल्सिन्की, इ.सं. १९७५), धर्मोदय धम्म पुरस्कार (२०५६), धर्मबहादुर कल्याण कोष पुरस्कार (२०५६), शान्तिको लागि पत्रकारिता पुरस्कार (ने.प्रेस क्लब, इ.सं. २००४) । **सम्पर्क ठेगाना :** बबरमहल, काठमाडौँ । **फोन :** ४२४८८०२ ।

भुवनहरि सिग्देल (विश्वनाथ सिग्देल)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००७ जेठ ५, बाडभन्ज्याङ, गैरीगाउँ, काठमाडौँ । **माता/पिता :** मीनकुमारी सिग्देल, नन्दलाल सिग्देल । **शिक्षा :** बी.ए. । **सेवा :** राष्ट्रिय कम्प्युटर केन्द्र, पर्यटन, साहित्य । **पहिलो रचना :** तर्साउनेको परम्परा र म (निबन्ध, प्रपात पत्रिका, २०२८) । **कृति/सृजना :** *खण्डकाव्यहरू :* आर्तनाद (२०५४), धरणीधर (महाकाव्य, २०५५), खाते (२०५५), कानी (२०५५), मेनुका (महाकाव्य, २०५६), कुलबहादुर (२०५८), डल्ले (२०५९), विभुधारा (महाकाव्य २०६१), रो कविता (कवितासङ्ग्रह, २०६१), तीतामीठा कुरा (नीतिकाव्य, सहलेखन, २०६३), समयचक्र खण्डकाव्य, २०६४), अतीत जब वर्तमान बन्छ (कथासङ्ग्रह, २०६५), सुन सपना (खण्डकाव्य, २०६५), रमितानानी (उपन्यास, २०६६), सुरासुन्दरी (उपन्यास, २०६६), तारा नखस्नू तिमी (खगोल यात्राकाव्य, २०६६), यात्रा

किसिम किसिमका (यात्रा-निबन्ध, २०६७), रामदाइ (औपन्यासिकेतिहास, २०६७), स्मृति तरङ्ग (संस्मरण, २०६७), । **सम्पादन/अनुवाद :** कम्प्युटर (मुखपत्र, वार्षिक, २०३४), कम्प्युटर सञ्चारपत्र (मासिक, २०४१), लेखा परीक्षणको स्मारिका (२०५३) । **पुरस्कार/सम्मान :** भवदेव पन्त प्राज्ञिक पुरस्कार (२०५७), लेखनाथ पौड्याल सम्मान (२०६२), तन्नेरी स्रष्टा सम्मान (२०६७) । नवप्रभात कला केन्द्रद्वारा सम्मान (२०५७), गेरू अम्बिका कोइराला स्मृति सम्मान (२०६०) । **हालको ठेगाना :** बाडभन्ज्याङ, काठमाडौँ । **फोन :** ५५२०१६६, ९८५१०५९०४९ ।

भुवनेश्वर आचार्य

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ पुस, टिक्रा लहलौरा, दाङ । **माता/पिता :** इन्दिरादेवी, कृष्णमणि आचार्य । **शिक्षा :** पूर्व मध्यमा (संस्कृत साहित्य), डिप्लोमा (सङ्गीत) । **सेवा :** अध्यापन, वाद्यवादन । **कृति/सृजना :** नेपालीको अमर कहानी (२०४७) । **पुरस्कार/ सम्मान :** जिल्लास्तरीय पुरस्कारहरू । **हालको ठेगाना :** तुलसीपुर -६, गोलौरा, दाङ । **फोन :** ०८२-५२०८२७ ।

भुवनेश्वरी तिवारी

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. १९८४, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता :** वसन्तकुमारी पाठक, गङ्गादत्त पाठक । **शिक्षा :** कला प्रवीण । **सेवा :** अध्यापन, चित्रकला । **पहिलो रचना :** मयुर झ्याल (चित्र) । **कृति/सृजना :** पूर्व-पश्चिम राजमार्गबारेमा कला प्रदर्शन लगायत थुप्रै पटक सामूहिक कलाप्रदर्शनी । विभिन्न चित्रकला तथा मूर्तिहरूको निर्माण । **पुरस्कार/सम्मान :** कला प्रतियोगितामा प्रथम (स्वर्णपदक) । **हालको ठेगाना :** ढोलाहिटी, काठमाडौँ । **फोन :** ५५७०३३४, ४४३१९२४ (छोरी) ।

भुवनेश्वरी सत्याल

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९९३ असार २२, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता :** गङ्गादेवी थपलिया, बद्रीप्रसाद थपलिया । **शिक्षा :** स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा :** साहित्य । **कृति/सृजना :** गीतावोध (२०५३), आमा मलाई माया गर्नुहुन्छ (नेपाली र अङ्ग्रेजीमा), ग्याल्पोको यात्रा (नेपाली र अङ्ग्रेजी भाषामा), अन्धा मान्छेहरू र हात्ती । **सम्पादन/अनुवाद :** चिचिला (बालपत्रिका, २०४५), पञ्चतन्त्रका रमाइला कथाहरू (अनु.), आफ्नो हेरविचार आफै गर (अनु.) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथो । गैरसरकारी संस्थाहरूको महासङ्घ नेपालद्वारा सम्मान, बालबालिका निमित्त गैरसरकारी संस्थाहरूको महासङ्घद्वारा सम्मान (२०६२) । **हालको ठेगाना :** लैनचौर, काठमाडौँ । **फोन :** ४४१२७९९, ४४१०६१९ ।

भूपति ढकाल 'कमल'

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असार ५, फापरथुम -५, स्याङ्जा । **माता/पिता :** डवलीदेवी ढकाल, हरिशङ्कर ढकाल । **शिक्षा :** स्नातकोत्तर (नेपाली), विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** कविता प्रकाशन (विवेक विन्द, २०२४) । **कृति/सृजना :** स्वदेसिएका जोडी (उपन्यास, २०३७), श्रद्धाञ्जलि (शोककाव्य, २०३९), नेपाली व्याकरणको सङ्क्षिप्त दिग्दर्शन (२०३९), केही कृतिको विवेचना र अभ्यासमूलक नेपाली रचना (२०४०), जय नेपाल सिङ्गो नेपाल बोल्छ (२०४१), नेपाली कांग्रेसको सङ्क्षिप्त विश्लेषण (२०४७), हाम्रो चाहना (२०५०), प्रजातान्त्रिक समाजबाट आजको आवश्यकता र रछ्यानमा फाल्न खोजिएका फाइलवाट (२०५१), आह्वान (२०५२), म घायल सिंह हुँ तर हिंसा गर्दिनँ (पुस्तिका, २०५२), बी.पी. कोइरालाका उपन्यासहरूमा विचारपक्ष (२०५६), बी.पी. कोइराला : दोषी चस्मा र श्वेतभैरवी (२०५८), बी.पी.का छवटा उपन्यासहरूमा (२०५८), बी.पी.का कथा र उपन्यासहरूको विश्लेषण (२०५८), शिक्षा नीतिमा आमूल परिवर्तन र संविधान संसोधनका प्रारूप (२०६०) । **सम्पादन/अनुवाद :** विवेक विन्द (२०२४), अङ्कुर (२०३४), सम्पूर्ण क्रान्ति (२०५०) । **पुरस्कार/सम्मान :** शिक्षा पुरस्कार

(२०४७), महेन्द्र विद्याभूषण 'क' (२०५६), काली गण्डकी साहित्य पुरस्कार (२०५९) । **हालको ठेगाना** : पोखरा न.पा. -१७, कास्की । **फोन** : ४३३३४२१, ०६१-५२५३९३ ।

भूपध्वज राई (थोमरोस्)

(लेखक, नेपाली/राई भाषा)

जन्म/स्थान : वि.सं. २०१३ कात्तिक २२, नाम्लुङ, गुदेल, सोलुखुम्बू । **माता/पिता** : सुबिधनी राई, अबिदल राई । **पहिलो रचना** : सुत्तुम (त्रैमासिक, सम्पादन, २०५०), । **कृति/सृजना** : कुलुङ वंशावली (कुलुङ राई भाषामा, २०५४), कुलुङ सांस्कृतिक अध्ययन (२०५७), कुलुङ राई नेपाली शब्दकोश (२०६२), कुलुङ राई शब्दमाला (२०६३), सोताङ-कुलुङ वंशावली (२०६४), नेपाली-कुलुङ राई शब्दकोश (२०६६) । **सम्पादन/ अनुवाद** : छेलाम्तुम् (त्रैमासिक, २०५९) । **पुरस्कार/सम्मान** : मदनेश्वरी राई स्मृति पुरस्कार (२०५८) । **हालको ठेगाना** : गुदेल -८, सोलुखुम्बू । **फोन** : ०१-४४३७६५१ ।

भूपहरि पौडेल

(कवि/समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०११ असार ३०, सैपु रोपारू -३, रामेछाप । **माता/पिता** : हरिप्रियादेवी पौडेल, रुद्रराज पौडेल । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन, जनक शिक्षा सामग्री केन्द्र (सम्पादक) । **कृति/सृजना** : थलैथलाका पाटाहरू (यात्रासंस्मरण, २०४४), तीनधारा संस्कृत छात्रावासको ऐतिहासिक पृष्ठ (अनुसन्धान, २०४८), ऐतिहासिक मकैपर्व र नेपाली साहित्य (अनुसन्धान, २०४०), नेपालको विद्वद् परम्परा (जीवनीपरक अनुसन्धान, २०५१), घुम्न जाऊँ (बाल पुस्तक, २०५३), विद्यालयस्तरीय सामान्य ज्ञानलगायत पाठ्यपुस्तकका आधा दर्जन पुस्तकहरू । **सम्पादन/अनुवाद** : स्व. साम्बभक्त शर्मा सुवेदी 'मुरारि' का कविता (अनुसन्धान, २०३९), कृष्णलाल अधिकारी मकैपर्व (अनुसन्धान, २०४५), मोती मण्डलीका कवि पद्मविलास पन्त (अनुसन्धान, २०४६), देवीप्रसाद पौडेल ग्रन्थावली (अनुसन्धान), हामीले पनि पढ्न पाउने भयौँ (बाल नाटक, नाटककार : जयराज रेग्मी) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवावर्ष मोती पुरस्का (२०४६), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (२०४७) अन्य साहित्यिक पुरस्कारहरू । **हालको ठेगाना** : कर्मचारी आवास गृह, सानो ठिमी, भक्तपुर । **फोन** : ६६३४३४० ।

भूपाल राई

(कवि/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ पुस, बास्तिम-८, भोजपुर । **माता/पिता** : विष्णुकुमारी राई, खण्डमान राई । **शिक्षा** : एम.ए. (समाजशास्त्र) । **सेवा** : स्वतन्त्र नोकरी, व्यवसाय, गायन । **पहिलो रचना** : आमाको सम्झनामा (कविता, छहरा, २०३४) । **कृति/सृजना** : सुम्निमाको तस्बिर (कवितासङ्ग्रह, २०५३), दाजे ! कविता गाउँमै छ (कवितासङ्ग्रह, २०५७), पैलो हरफ शिरबन्दी (गीतसङ्ग्रह, २०५९), सीमान्त सौन्दर्य (कवितासङ्ग्रह, २०६७), भूमिगत प्रश्नहरू (गद्य, २०६९), भट्टीको कसम (गीतिएल्बम, २०६६), मारुनै (गीतिएल्बम), बिम्ब (गीतिएल्बम), नौलखा (गीतिएल्बमट), १०० भन्दा बढी गीतरचना रेकर्ड । कालो प्रोफाइल । **सम्पादन/अनुवाद** : रामप्रसाद राई स्मृतिग्रन्थ (२०५२), रामप्रसाद राई स्मारिका (२०५३), पहार (साहित्यिक त्रैमासिक, २०५४), नव चोमोलोङ्मा (पत्रिका, २०५८) । **पुरस्कार/सम्मान** : उत्कृष्ट गीतकार (रेडियो नेपाल, २०४९), ने.रा.प्र.प्र. कविता महोत्सव-दोस्रा (२०५०), उत्कृष्ट गीतकार (वातावरण पत्रकार समूह, २०५१), पाठ्यक्रम गीत पुरस्कार (२०५२), विशिष्ट सम्मान (पूर्वाञ्चल सांस्कृतिक केन्द्र, २०५६), किरात राई यायोक्खाद्वारा कदर सम्मान (२०६०) आदि । **हालको ठेगाना** : गट्ठाघर, भक्तपुर । **फोन** : ९८४१२६९४२८ ।

भूपिन व्याकुल (भूपेन्द्र खड्का)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० चैत्र २९, नारायणस्थान -३, बलेवा, बागलुङ । **माता/पिता** : वसुन्धरा खड्का, सर्वजित खड्का । **शिक्षा** : स्नातकोत्तर (शिक्षा) । **सेवा** : अध्यान, प्राध्यापन । **पहिलो रचना** : गजल (कालीगण्डकी साप्ताहिक,

२०४६) । **कृति/सृजना :** क्षतिग्रस्त पृथ्वी र मूल सडक (२०५३), शब्दहरूको नेपथ्य (संयुक्त कवितासङ्ग्रह, २०५६), चौबीस रिल (निबन्धसङ्ग्रह । **पुरस्कार/सम्मान :** राष्ट्रिय साहित्य सम्मेलन (प्रथम पुरस्कार, दमौली, २०५३), बृहत् प्रतियोगितात्मक कवि सम्मेलन (प्रथम पुरस्कार, २०५३) । **हालको ठेगाना :** भरतपुर, चितवन / काठमाडौँ (bhupeenjy@yahoo.com) । **फोन :** ९८४५०२४२८२ ।

भूपि शेरचन (भूपेन्द्रमान सर्वहारा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ पुस १०, थाक टुकुचे, मुस्ताङ । निधन : २०४६ जेठ १, काठमाडौँ । **माता/पिता :** पद्मकुमारी शेरचन, हितमान शेरचन । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, प्राज्ञ (ने.रा.प्र.प्र.), राजनीति । **पहिलो रचना :** परिवर्तन (नाटक, २०१०, बनारस) । **कृति/सृजना :** नयाँ झ्याउरे (कवितासङ्ग्रह, २०११), निर्झर (कवितासङ्ग्रह, २०१५), घुम्ने मेचमाथि अन्धो मान्छे (कवितासङ्ग्रह, २०२५), भूपि शेरचनका कविता (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** कविता (त्रैमासिक), प्रज्ञा (त्रैमासिक) । **पुरस्कार/सम्मान :** साझा पुरस्कार (२०२६), गोरखा दक्षिणबाहु (२०४२) । **सम्पर्क ठेगाना :** नारायणचौर, काठमाडौँ । **फोन :** ४४२२२१७ ।

भूपेन्द्रराज तिम्सिना

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ मङ्सिर २, रूपाटार, उदयपुर । **माता/पिता :** सुलक्षणा तिम्सिना, जयराज तिम्सिना । **शिक्षा :** स्नातक । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** गजल (क्षितिज हवाइपत्रिका, २०५०) । **कृति/सृजना :** निर्वासित चराहरू (संयुक्त गजलसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** जनज्योति (साप्ताहिक, २०५८), अलकापुरी (साप्ताहिक, (२०५८), दक्षिणा मासिक (२०६१) । **पुरस्कार/सम्मान :** स्थिति गद्यात्मक अन्तर्राष्ट्रिय अभियान केन्द्र (राष्ट्रिय गजल प्रतियोगिता, २०६१) मा पुरस्कृत । झिल्लिका साहित्यिक पत्रकारिता सम्मान (२०५८), चन्द्रसूर्य सिप विकास संस्था (२०६०), फूलबारी समाज (२०६१) द्वारा सम्मान । **हालको ठेगाना :** शनिश्चरे-१, मोरङ / बानेश्वर, काठमाडौँ । **फोन :** ०२१-५५५१७५ / २०४०७५६ ।

भूपेन्द्र सुवेदी (उपल्लारे कान्छो)

(कथाकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ असार २५, बिजुवार-७, प्युठान । **माता/पिता :** पद्मादेवी सुवेदी, कुलराज सुवेदी । **शिक्षा :** स्नातक (नेपाली, राजनीतिशास्त्र) । **सेवा :** अध्यापन । **कृति/सृजना :** उपालम्भ (खण्डकाव्य, २०५९), एक मूल एकाउन्न फूल (लघुकथा-सङ्ग्रह, २०६१), भावनाका लहरहरू (विभिन्न लेखको सँगालो, २०६२) । **सम्पादन/अनुवाद :** सुमन (वार्षिक) । **पुरस्कार/सम्मान :** धेरैपटक जिल्लास्तरीय प्रतियोगिताहरूमा प्रथम पुरस्कार । **हालको ठेगाना :** बिजुवार-७, टारी, प्यूठान । **फोन :** ०८६-४६००४० ।

भूषण ढुङ्गेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ असोज १७, धरान, सुनसरी । **माता/पिता :** प्रेमलता ढुङ्गेल, दुर्गाप्रसाद ढुङ्गेल । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मानवको कर्तव्य (कविता, मुना, २०२८) । **कृति/सृजना :** तिमीले लगेको मुटु (मुक्तकसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** कलासङ्गम, स्मारिका (जनता नमुना उच्च मा.वि.) । **हालको ठेगाना :** विराटनगर -३, मोरङ । **फोन :** ५२५४३३ ।

भूषणप्रसाद श्रेष्ठ

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०७२, कौलागा: ज्याबहाल, काठमाडौँ । **माता/पिता :** सरस्वती श्रेष्ठ, जीवनप्रसाद श्रेष्ठ । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** अध्यापन, निजामती । **पहिलो रचना :** सु दै भी जोपिं (कविता, सितु पत्रिका, ने.सं. १०८८) । **कृति/सृजना :** फिस: (कथासङ्ग्रह, ने.सं. १०९३), ग्व:फय्

(कथासङ्ग्रह, ने.सं. १०९४), लँपु (ने.सं. १०९५), धकिं दुने (कथासङ्ग्रह, ने.सं. १०९७), धौयात भौ पासा (व्यङ्ग्य, ने.सं. १०९९), कुकुल्यां कू (निबन्धसङ्ग्रह, ने.सं. ११०१), ज्वा: मजुइगु स्वां (जीवनी, ने.सं. ११०१), दासी व:म्ह मनू (कथासङ्ग्रह, ने.सं. ११०४), जिगु म्ये छ्गु ख: (गजलसङ्ग्रह, ने.सं. १११७) आदि थुप्रै कृतिहरू प्रकाशित । **सम्पादन/अनुवाद :** वातावरण (पत्रिका, ने.सं. १०९४), सितु (द्वैमासिक पत्रिका, ने.सं. १०९९), भ्मी (मासिक, ने.सं. ११०१), थ्याङ्क्यु मिस्टर ग्लाड (उपन्यास अनु., ने.सं. ११०१), छ्गू देशय् ... (कथासङ्ग्रह, सम्पा., ने.सं. ११०९), रासोमोन व मेमेगु बाखँ (ने.सं. ११०९), भ्मी कविता (ने.सं. ११११), नेपालभाषा (कक्षा ९, ने.सं. ११२०), लुँहिति (स्वधा: व्वँज्वलं मुना, ने.सं. ११२०) । **पुरस्कार/सम्मान :** श्रेष्ठ सिरपा (ने.सं. १०९५) । **हालको ठेगाना :** काठमाडौँ । **फोन :** ४२६६२५२ ।

भेषजराज शर्मा अर्ज्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ कात्तिक २४ (शुक्लपञ्चमी), पेखु, बाघखोर, स्याङ्जा । निधन : २०५९ असोज १४ । **माता/पिता :** टोलकुमारी, हरिप्रसाद उपाध्याय अर्ज्याल । **शिक्षा :** नव्यव्याकरणाचार्य, शास्त्री (संस्कृत साहित्य), बी.एड. । **सेवा :** अध्यापन, सामाजिक सेवा । **कृति/सृजना :** आत्मप्रकाश (कवितासङ्ग्रह, २०४५), लाल सलाम (कवितासङ्ग्रह, २०५०), आँधीखोलाको बगर (खण्डकाव्य, २०६२) । **सम्पादन/अनुवाद :** छात्रदूत (वार्षिक, २०१२), युगभाषा (अर्धवार्षिक, २०२३), फूलबारी (स्मारिका, २०४४), आँधीखोला (पाक्षिक, २०५४), छात्रवाणी (वार्षिक) । **पुरस्कार/सम्मान :** भेषराज गुरु' पदवी । 'शङ्खनारायण पुरस्कार (स्याङ्जा, २०५१), गण्डकी साहित्य पुरस्कार (पोखरा, २०५३) । मोती साहित्य प्रतिष्ठानका संस्थापक । लघु सम्मान (नेपाली भाषा प्रवर्द्धन समिति, वालिङ, २०५४) ।

भेषप्रसाद शर्मा पाण्डे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७२, ज्ञानेश्वर, काठमाडौँ । निधन : २०५३ । **माता/पिता :** पुष्पकुमारी पाण्डे, शमशेरप्रसाद पाण्डे । **शिक्षा :** म्याट्रिक । **कृति/सृजना :** सुन्दरीजल (कविता सङ्ग्रह, २००२), क्रन्दन (लघुकाव्य, २००६), केही कहानी (कथासङ्ग्रह, २००९), पृथ्वी शतक (खण्डकाव्य, २०५४) (चन्द्रगुप्त : ऐतिहासिक नाटक, २००२ अप्र.) । **सम्पादन/अनुवाद :** मेघदूत (खण्डकाव्य, अनु., १९९६) ।

भेषराज शर्मा खनाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६७, त्रिपुरेश्वर, काठमाडौँ । **शिक्षा :** स्नातक । **सेवा :** निजामती सेवा । **कृति/सृजना :** के-कस्तो (निबन्धसङ्ग्रह, २००३), अर्थशास्त्र (अर्थशास्त्र-२००५) । **हालको ठेगाना :** २/४४, त्रिपुरेश्वर, काठमाडौँ ।

भैरव अर्याल (अबलर भैया, भैरवप्रसाद अर्ज्याल)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ असोज ५, कोपुन्डोल, ललितपुर । निधन : वि.सं. २०३३ असोज १९, गोकर्ण, काठमाडौँ । **माता/पिता :** खेमकुमारी अर्याल, होमनाथ अर्याल । **शिक्षा :** एम.ए. (नेपाली, त्रि.वि.), साहित्यरत्न, संस्कृतमा मध्यमा । **सेवा :** पत्रकारिता, अध्यापन, साहित्य । **पहिलो रचना :** नयाँ जीवन (कविता, प्रतिभा पत्रिका, २००९) । **कृति/सृजना :** के-के भयो ? (गीतिकाव्य, २०१६), उपवन (कवितासङ्ग्रह, २०१८), राष्ट्रिय आह्वान (लघुकाव्य, २०१८), काउकुती (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०१९), विरही राम (काव्य, २०२०), जयभुँडी (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२२), गलबन्दी (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२६), प्रवेशिका निबन्ध (निबन्धसङ्ग्रह, २०२७), इतिश्री (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०२८), नेपाली काव्यमा प्रकृति (समालोचना, २०३०), दशऔतार (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०३३), भैरव अर्यालका हास्यव्यङ्ग्यहरू

(२०५९), टेढो ऐना (२०६३), कारिन्दाको दिनचर्या (कवितासङ्ग्रह, २०६८), भैरव अर्यालका समालोचना (२०६९)। **सम्पादन/अनुवाद** : साझा कथा (कथासङ्ग्रह, २०२५), छ्याकन (कवितासङ्ग्रह, २०२५)), रत्नश्री, रचना, गोरखापत्र (२०३३), हालखबर। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव - प्रथम (२०२२), रत्नश्री पदक (२०२६)। **सम्पर्क ठेगाना** : जोरपाटी, काठमाडौँ। **फोन** : ४४८५४६५।

भैरवनाथ रिमाल 'कदम'

(कवि/गीतकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९३ माघ २, ठमेल गल्कोपाखा, काठमाडौँ। **माता/पिता** : यमुनादेवी रिमाल, गोपीनाथ रिमाल। **शिक्षा** : साधारण। **सेवा** : निजामती। **पहिलो रचना** : प्रजातन्त्र दिवस (कविता, गोरखापत्र, २००८)। **कृति/सृजना** : भैँचम्पा (खण्डकाव्य, २०११), वन-बगर (लोकगीतसङ्ग्रह, २०१९), झझल्को (कवितासङ्ग्रह, २०२५), हिमालको झर्ना (कवितासङ्ग्रह, २०२६), ढुङ्गाको मूर्ति (कवितासङ्ग्रह, २०२६), माटो रम्छ (कवितासङ्ग्रह, २०२७), शैलजा (कवितासङ्ग्रह, २०२८), पत्थर हृदय (कवितासङ्ग्रह, २०२८), गिरिजा (काव्य, २०२८), बिन्दु (खण्डकाव्य, २०२९), भुइँको धूलो (कवितासङ्ग्रह, २०२९), शून्य शिला (कवितासङ्ग्रह, २०३१), लोली (गीतिकविता, २०३१), राष्ट्रिय सवाई काव्य (ऐतिहासिक काव्य, २०३१), दर्शन (कवितासङ्ग्रह, २०३१), सङ्कल्प (कवितासङ्ग्रह, २०३२), मेरो देश अनि म (खण्डकाव्य, २०३२), नेमुनिको सपना (कवितासङ्ग्रह, २०३३), हरेक प्रहर अनेक लहर (कवितासङ्ग्रह, २०३४), भक्ति र समर्पण (लेखसङ्ग्रह, २०४४), जिन्दगीका पानाभरि (गीतसङ्ग्रह, २०४६), जिन्दगीका ध्वजाहरू (गीतसङ्ग्रह, २०५२), कहाँ छैन आँसु (गीतसङ्ग्रह, २०५५), भगवान् ढोका खोलिदेऊ (भजनसङ्ग्रह, २०६१), आदि कृतिहरू। श्रव्य क्यासेटहरू जम्मा १६ वटा, करिब ७ सय जति गीतरचना रेकर्ड आदि। **सम्पादन/अनुवाद** : विभिन्न पत्रपत्रिकाहरू। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव- तेस्रा (२०२६), गोरखा दक्षिणबाहु पाँचौँ (२०३१), रेडियो नेपालबाट राष्ट्रिय तथा आधुनिक गीतमा प्रथम (२०३२, २०३७), त्रिशक्ति पट्ट पाँचौँ (२०३७), ऐश्वर्य सुवर्ण पदक दोस्रा (२०३९, २०४१) रेडियो नेपालद्वारा आयोजित प्रतियोगितामा रचनातर्फ सर्वश्रेष्ठ पुरस्कार (२०४३), छिन्नलता गीत पुरस्कार (२०५२), दीर्घसेवा पदक, वीरेन्द्र स्वर्ण पदक, ऐश्वर्य स्वर्ण पदक, रेडियो नेपालबाट सम्मानित श्रेणी (गीतकार, २०५४) लगायत थुप्रै पुरस्कारहरू प्राप्त। साधना सम्मान (२०५६), समाजसेवा समूह र हिमाल महिला क्लव सम्मान (२०५७) आदि। **हालको ठेगाना** : चाबेल, वुलबुलमार्ग-१, ब्लक नं. ३३, काठमाडौँ। **फोन** : ४४७१८२९।

भैरवप्रसाद अर्ज्याल

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९१३, न्यौखा, काठमाडौँ। निधन : १९९६। **माता/पिता** : पार्वतादेवी, शम्भुदत्त अर्ज्याल। **शिक्षा** : संस्कृत, साहित्य। **सेवा** : साहित्य, 'दैवज्ञ' सम्मानद्वारा विभूषित। **कृति/सृजना** : श्रीमद्भागवत् गीता (१९६३), वंशवृत्त श्लोक (१९६५), भीष्म पर्व (१९६६), सुन्नेकथा (१९७१) फुटकरमा राहदानी (कविता), बुइँगलमा छ।

भैरवबहादुर थापा मगर

(कवि/सङ्गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ फागुन ६, कमलपोखरी, काठमाडौँ। **माता/पिता** : ताम्बुला योञ्जन थापा 'आलमनूर', पदमबहादुर थापा। **शिक्षा** : म्याट्रिक। **सेवा** : ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१), सम्पादन, नृत्य निर्देशन, ब्रिटिस गोर्खामा क्लर्क (२००७ -२०१०), भैरव नृत्यक्लाका संस्थापक, संस्कृति विभागका कलाकार (२०१८)। **पहिलो रचना** : राँको (कविता, उज्यालो पत्रिका, भारत, २००७)। **कृति/सृजना** : नृत्य र शारीरिक शिक्षा भाग १-३ (२०२२), ढोका (कवितासङ्ग्रह, २०३०), हिँड्दाहिँड्दै बनेका तस्वीरहरू (२०६५)। मनको बाँध, पच्चीस वसन्त आदि चलचित्रहरूमा सङ्गीत सृजना। **सम्पादन/अनुवाद** : एकता, बाँच्नको निम्ति, प्रतिध्वनि, अँध्यारोमा, उसैको लागि, अस्तित्वको चेतना, नवरस, गर्छिन् पुकार आमा, भाग्यरेखा, महानट, पिँजडाको सुगा, पृथ्वीनारायण शाहको चार पक्ष, युगको आह्वान, भैँचालो, नेपालको फूलबारी (गीतिनाटक-२०१९) को सम्पादन संयोजन, भाग्यरेखा र अस्तित्वको चेतना गीतिनाटक संयोजन आदि। **पुरस्कार/सम्मान** : नृत्य विद्वद्वृत्ति (ने.रा.प्र.प्र. बाट २०३४), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), जनकविकेशरी सावित्री थापा पुरस्कार (२०५५), भूपालमानसिंह कार्की प्रज्ञा पुरस्कार (२०५९), वीरेन्द्र - ऐश्वर्य सेवा पदक (२०५८), उत्तम शान्ति पुरस्कार (२०६६), 'नटराज' उपाधि (जनकविकेशरी केशरी सावित्री थापा पुरस्कार गुठीद्वारा)।

साधना कला केन्द्र सम्मान (२०५३), छिमेक समाजसेवा सम्मान (२०५७), भानु मोरङ, सांस्कृतिक समिति तथा भानु कला केन्द्र सम्मान (२०५९), नेपाल चलचित्र कलाकार सङ्घ सम्मान (२०५६), आदि देश-विदेशमा थुप्रै अभिनन्दन । **हालको ठेगाना :** मैतीदेवी धोबीखोला, काठमाडौँ ।

भैरव रिसाल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९८५ साउन २९, ताथली, भक्तपुर । **माता/पिता :** गणेशकुमारी रिसाल, गोवर्द्धन रिसाल । **शिक्षा :** आचार्य (संस्कृत) । **सेवा :** पत्रकारिता, सामाजिक सेवा । **कृति/सृजना :** साधुलाई सुली (जेल डायरी), लोग्ने स्वास्नी र केही मित्रका चिठी (इ.सं.२००१) । **हालको ठेगाना :** अनामनगर, काठमाडौँ । **फोन :** ४४३३२१५, ४२३३०५२ ।

भोगेन्द्र बस्नेत

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ कात्तिक २४ । **माता/पिता :** ठूली बस्नेत, मोहनध्वज बस्नेत । **शिक्षा :** बी.ए. । **सेवा :** बैङ्किङ सेवा । **कृति/सृजना :** मूर्ख जासूस (हास्यव्यङ्ग्य उपन्यास, २०२९) । **सम्पादन/अनुवाद :** अविश्वासी । **हालको ठेगाना :** छ २-५५८, बाँसबारी, लोसाल, काठमाडौँ ।

भोग्यप्रसाद शाह

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९२४ अगस्त २३, काठमाडौँ । **माता/पिता :** राजकुमारी शाह, रेफप्रसाद शाह । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), संस्कृति । **सेवा :** सञ्चार, पत्रकारिता (रेडियो नेपाल) । **पहिलो रचना :** प्रियसँग (कविता, शारदा पत्रिका, २००५) । **कृति/सृजना :** बिदा हुने भै गयो बेला.... जीवनको हरेक मोडमा आदि थुप्रै गीत रचना तथा रेकर्ड । सम्झनाका पानाहरू (संस्मरण) । **सम्पादन/अनुवाद :** कोसेली (पत्रिका, २००९) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु (२०२५), प्रख्यात त्रिशक्तिपट्ट तेस्रो (२०२९), शुभराज्याभिषेक पदक (२०३१), विख्यात त्रिशक्ति पट्ट (२०३९), अर्डर अफ मेरिट (जर्मन), सार्क स्मृति पदक, रोयल भिक्टोरिया अर्डर (बेलायत) आदि । **हालको ठेगाना :** बानेश्वर, शान्तिनगर, काठमाडौँ । **फोन :** ४४७२७७५ ।

भोजराज आचार्य



(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ साउन १०, पीपलचौतारा, रोल्पा । **माता/पिता :** पवित्रादेवी आचार्य, एकदेव आचार्य । **शिक्षा :** एम.ए., बी.एल., बी.एड. । **सेवा :** कानुन, प्राध्यापन । **पहिलो रचना :** सफल पारौँ रेडक्रस सेवालाई (कविता, सँगालो पत्रिका, २०४२) । **कृति/सृजना :** अन्तरिम आदेश (कवितासङ्ग्रह, २०५९), बालपोष (बालकवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** रोल्पा बिम्ब, साहित्य सन्ध्या । **पुरस्कार/सम्मान :** जिल्लास्तरीय प्रसस्तै पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** न्यायिक पथ ल फर्म, बागबजार, काठमाडौँ (rolpalibhojraj@hotmail.com) । **फोन :** ४२४२६२७/४३६३३७० ।

भोजराज घिमिरे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७७ पुस, सीतापुर, बूढीचौर, अर्घाखाँची । **माता/पिता :** विष्णुमायादेवी, खगेश्वर उपाध्याय । **सेवा :** सामाजिक सेवा । नेपाल आर्य समाज सम्मान (२०६०), सहस्रचन्द्र दर्शन अभिनन्दन (२०६०) आदि । **पहिलो रचना :** किन होला (कविता, गौतम पत्रिका, वाराणसी, २०१८) । **कृति/सृजना :** शारदा विरह पुष्प वियोग काव्य (२०५८) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), सेवा पदक (२०३४) ।

भोजराज घिमिरे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ पुस ९, बाहुनडाँगी -६, निन्दा, झापा । **शिक्षा :** एम.ए. (अर्थशास्त्र), एम.एस्सी., । **सेवा :** निजामती सेवा । **कृति/सृजना :** मेरा गुनगुनाइ (गीतिसङ्ग्रह, २०६१), मनका रहर (गजलसङ्ग्रह, २०६१), भोजराज घिमिरेका कविताहरू (२०६७) । **पुरस्कार/सम्मान :** त्रिशक्ति पट्ट तेस्रो, गोरखा दक्षिणबाहु तेस्रो, महेन्द्र विद्याभूषण दोस्रो । **हालको ठेगाना :** बल्खु, टेकुसी, काठमाडौँ /बाहुनडाँगी -६, झापा ।

भोजराज न्यौपाने

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२९ फागुन २६, चरिकोट, दोलखा । **माता/पिता :** दुर्गादेवी न्यौपाने, नीलकण्ठ न्यौपाने । **शिक्षा :** स्नातक (नेपाली) । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** उसको त्यो फाटेको घेरे टोपी (कविता, आँकुरा, दोलखा, २०४९) । **कृति/सृजना :** आकाश-माथिको देवता (कवितासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद :** अरुणिमा (त्रैमासिक, २०४९), हाम्रो गाउँघर (मासिक, २०५४) । **पुरस्कार/सम्मान :** इन्द्रमणि पत्रकारिता पुरस्कार (दोलखा, २०५५) । **हालको ठेगाना :** कोटेश्वर, जडिबुटी, काठमाडौँ (dolakhanews@yahoo.com) । **फोन :** ६६२९७५७ ।

भोला झा

(नाटककार, मैथिली भाषा)

जन्म/स्थान : वि.सं. २००० असार २१, गढिया, धुरगाँव, सप्तरी । **माता/पिता :** इजोतमनि झा, यदु झा । **शिक्षा :** एम.ए. (मैथिली) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** विवाह आ दहेज (लेख, मिथिलामिहिर, मैथिली पत्रिका, २०२८) । **कृति/सृजना :** भोला झाका निवन्धहरू (निबन्धसङ्ग्रह (२०५९), राजा भरथरी (इ.सं. २००४), गोनु झा (नाटक, इ.सं. २००४), काव्य कुन्ज, कलुवा डोम (एकाङ्की), गाम-घर (उपन्यास) । **पुरस्कार/सम्मान :** दीर्घसेवा पदक (त्रि.वि.) । **हालको ठेगाना :** राजविराज -५, सप्तरी । **फोन :** ०३१-५२०१०५, ९८४१३२३६९२ ।

भोलानाथ पराजुली (भोला गुरु)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९७७ चैत्र कृष्ण तृतीय, नदीपुर, पोखरा, कास्की । **माता/पिता :** विष्णुमाया पराजुली, पशुपति पराजुली । **शिक्षा :** साहित्याचार्य । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** स्वतन्त्रताको धारा (पद्य, गोरखापत्र, २०१३ फागुन ७) । **कृति/सृजना :** देखेर पो के गरूँ ? (पद्य, २०४५) । **पुरस्कार/सम्मान :** पोखरा नगरपञ्चायतद्वारा सम्मानपत्र (२०४२) । **हालको ठेगाना :** भीमकाली पाटन, पोखरा, कास्की (brparajuli@hotmail.com) । **फोन :** ०६१-५२२०५७ ।

भोलानाथ पोखरेल

(समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१३ साउन १७, नाम्फू, धनकुटा । **माता/पिता :** चन्द्रकला पोखरेल, घनश्याम पोखरेल । **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** कवि कृष्ण पाखिन र उनको व्यक्तित्व (प्रलेस, मोरङ, २०४५) । **कृति/सृजना :** केही समालोचना र टिप्पणीहरू, पात्रविधानका दृष्टिले नेपाली उपन्यासहरू, सुनसरीका साहित्यकारहरू, सुनसरी जिल्लाको साहित्यिक इतिहास (२०५५), नेपाली समालोचना सङ्ग्रह (२०६८) । **सम्पादन/ अनुवाद :** प्रलेस (सुनसरी, २०५६) । **पुरस्कार/सम्मान :** नेपाल विद्याभूषण पदक (२०६७) । **हालको ठेगाना :** धरान -१२, सुनसरी (bholanathpokharel@yahoo.com) । **फोन :** ९८४२०९०९१६ ।

भोला रिजाल



(गीतकार/गायक, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. २००४ कात्तिक १४, धरान, सुनसरी । **माता/पिता** : पूर्णमाया, जननीप्रसाद रिजाल । **शिक्षा** : एम.बी.बी.एस (स्त्रीरोग), एम.डी. (गाइनो), डी.जी.ओ., एफ.आर.सी.ओ.जी. (थाइल्याण्ड), एफ.आर.सी.एस. (बेलायत) । **सेवा** : स्वास्थ्यक्षेत्र, प्राध्यापन, अभिनय, सङ्गीत, लेखन, गायन । **पहिलो रचना** : वनभरि फूल फुल्यो मनमा फुलेन (२०२३) । **कृति/सृजना** : मेरो पौवापाटी (गीतसङ्ग्रह, २०४८), मुक्तिनाथ भजनमाला । मैनाचरी, सगरमाथा रोइरहेछ, सारङ्गीको तार टुट्यो, ईश्वर आफै बोल्छ आदि गीतिएल्बमहरू । छोरीबुहारी, जूनतारा, लक्ष्मी-पूजा, एक नम्बरको पाखे, अप्सरा, साथी, गौँथली, उकाली-ओराली जस्ता ठूलो पर्दाका चलचित्रहरू निर्माण । सयौँ गीत लेखन-रेकर्ड । गौँथली (गीति-चलचित्र कथा, अभिनय) । मैनाचरी (गीतिचक्का) लगायत दर्जनौँ गीतरचना, सङ्गीत तथा गायन । **पुरस्कार/सम्मान** : म्युजिक नेपाल अवार्ड (इ.सं. २०००), दिव्या राष्ट्रिय महिला सम्मान पुरस्कार (इ.सं. २००१), रविन्द्र गीत पदक (इ.सं. २००१), नेपाली सुमन पदक (इ.सं. २००३), गोरखा दक्षिणाहु चौथो (इ.सं. २००४), कलिउड सिनेमा अवार्ड (२०५४, २०६०) । नेपालको पहिलोस्त्रीरोग विशेषज्ञ पुरुष । म्युजिक नेपाल सम्मान (२०५७), नेपाल नृत्यकार सम्मान (२०५८), रवीन्द्र गीत पुरुष सम्मान (२०५८), मानसरोवर सिने सम्मान (२०५८), नेपाल सम्मान (२०६०), आयकर सम्मान २०६० आदि । **हालको ठेगाना** : पो.ब.नं. १३४९४, महाराजगञ्ज, काठमाडौँ (omhrc@wlink.com.np) । **फोन** : ४३७२१६५, ४४७६२२५ ।

मङ्गलकुमार नेपाल



(कवि/अनुवादक, नेपाली भाषा) **जन्म/स्थान** : वि.सं. १९७३ असोज २५, गौर, रौतहट । **माता/पिता** : ललितादेवी, चतुर्भुज उपाध्याय । **शिक्षा** : व्याकरणाचार्य, साहित्यरत्न । **सेवा** : अध्यापन, प्राध्यापन, । **पहिलो रचना** : कादम्बरी काव्य कुसुम (वि.सं. २०१४) । **कृति/सृजना** : अरुणिमा (काव्यमाला, २०५२), आर्य जगत्का महाविभूतिहरू (२०५५), परम पुरुषार्थी दानवीर कर्ण (२०५९), सङ्क्षिप्त श्रीमद्भागवत कथामृत (२०५९), संस्कृत व्याकरण प्रकाश (सिद्धान्त कौमुदीमा आधारित, २०६२) । **सम्पादन/अनुवाद** : हर्षचरित काव्य कुसुम (सङ्क्षिप्त कथा, २०५७), मेघदूत काव्य (भावानुवाद, २०५८), मालती माधव नाट्य कुसुम (सङ्क्षिप्त कथा, २०६०) । **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०२३), जानपद दीर्घसेवा पदक (२०२८), शुभ राज्याभिषेक पदक (२०३१), शिक्षा दिवस पदक (२०४३) । **हालको ठेगाना** : पो.ब.नं. १०७३९, कोटेश्वर, फूलबारीटोल, काठमाडौँ । **फोन** : ४४६६३०३ / ०५५-५२०१६८ ।

मङ्गलराज जोशी

(लेखक, नेपाल भाषा) **जन्म/स्थान** : वि.सं. १९७७ पुस २७, पाटन, ललितपुर । निधन : २०६१ फागुन १८ । **माता/पिता** : यशोदा जोशी, कृष्णराज जोशी । **शिक्षा** : ज्योतिषशास्त्र । **सेवा** : प्राध्यापन, ज्योतिष । **कृति/सृजना** : २०२५ सालको डायरी, आत्मपूजा अध्ययन र पद्धति (२०२७), लक्ष्मीपूजाको पद्धति (२०२७), श्री ५ महेन्द्र व्यक्तित्व र कृतित्व (२०२९) । **सम्पर्क ठेगाना** : १६/२२६ धलाछें, पाटन, ललितपुर । **फोन** : ५५२३०३४ ।

मङ्गला कारञ्जित

(लेखक, नेपाल भाषा) **जन्म/स्थान** : वि.सं. २००९ (इ.सं. १९५२ अगष्ट ८), ज्याबहाल, काठमाडौँ । **माता/पिता** : मैजुलक्ष्मी कारञ्जित, हरिलाल कारञ्जित । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : संस्थान सेवा । **पहिलो रचना** : कलेजमा (निबन्ध, नेपालभाषा, २०२५) । **कृति/सृजना** : ऋतु में बाह्रमासे मेंया अध्ययन (लोकसाहित्य, नेपालभाषा, २०५२), नेवार समाजमा कारञ्जित जाति । **सम्पादन/अनुवाद** : Newsletter 180 Days/180 Ways for Beijing 95, Bi-annual KBPW Newsletter, Bi-annual BPW Nepal Newsletter, Annual Soviners - for Nepal Council of World Affiars, Indo-Nepal Economic Cooperation, 2005 (Book) - Nepal Council of World Affiars. मेलम्ची सन्देश

(अर्धवार्षिक), नेपाल ऋतु पौ (नेपालभाषा), नेवा: मिसा (स्मारिका, नेपालभाषा) आदि सम्पादन । **पुरस्कार/सम्मान :** नेपालभाषामा कविता प्रतियोगितामा प्रथम (२०२८), नेपालभाषामा निबन्ध प्रतियोगितामा प्रथम (२०२५) आदि पुरस्कार । **हालको ठेगाना :** ४/२५ ज्याबहाल टोल पो.ब.नं. ११६७३, काठमाडौँ /राजतीर्थ सानेपा, ललितपुर (karanjit@infoclub.com.np) । **फोन :** ५५२५६८९ /४४६८९६४ ।

मङ्गलादेवी वज्राचार्य (स्थापित)

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ (ने.सं. १०७३ गुंलाथ्व २), मखनटोल, काठमाडौँ । **माता/पिता :** ज्ञानिमाया स्थापित, मोतीरत्न स्थापित । **शिक्षा :** एस.एल.सी. । **सेवा :** अध्यापन । **पहिलो रचना :** भुखाय् ब्व:गु छैं (कहानी, धर्मोदय पत्रिका, ने.सं. १०९८) । **कृति/सृजना :** ह्यूपा:या जलय् (परिवर्तनका किरणमा) कहानीसङ्ग्रह, ने.सं. ११००) । **पुरस्कार/सम्मान :** विभिन्न साहित्यिक प्रतियोगिताहरूमा प्रथम तथा अन्य पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** लगन दलाछि, काठमाडौँ -२१ । **फोन :** ४२६९०८४ ।

मञ्जु 'काँचुली' तिवारी

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ माघ १६, डिल्लीबजार, काठमाडौँ । **माता/पिता :** भुवनेश्वरी तिवारी, भीमनिधि तिवारी । **शिक्षा :** एम.ए. (क्लिनिकल साइकोलोजी), एम.एड. । **सेवा :** प्राध्यापन, साहित्य, सामाजिक सेवा । **कृति/सृजना :** किरणका छालहरू (कवितासङ्ग्रह, २०३२), आकाश विभाजित छ (उपन्यास, संयुक्त लेखन-२०३२), केही माया, केही परिधि (कथासङ्ग्रह, २०४५), हाम्रो सवाल : दाइ दाइको जवाफ (वार्तालाप, संयुक्त, २०५०), मेरो जीवन मेरो जगत् (कवितासङ्ग्रह, २०५३), मञ्जु काँचुलीका कथा (कथासङ्ग्रह, २०५३), टु सीस्टर्स (अङ्ग्रेजी कवितासङ्ग्रह, २०५४), पलकभित्र पलकबाहिर (कवितासङ्ग्रह, २०५७), आत्म-प्रतीति (कवितासङ्ग्रह, २०६१), विश्वामित्रको सुहागरात (कथासङ्ग्रह, २०६२), होम (अङ्ग्रेजी भाषा, संयुक्तलेखन, उपन्यास, २०६२), बेनामका मानिसहरू (कथासङ्ग्रह, २०६४), भातको सपना (कथासङ्ग्रह, २०६९),। **सम्पादन/अनुवाद :** तिवारी नाट्य साहित्यको विश्लेषणात्मक अध्ययन (पुस्तक, संयुक्त सम्पादन, २०५४) । **पुरस्कार/सम्मान :** लक्ष्मी पदक (२०१७), गुरुवाचार्य कथा पुरस्कार (२०३१), रत्नश्री स्वर्णपदक (२०३६), व्यथित काव्य पुरस्कार (२०५०), लेडी अफ द मन्थ (नारीमञ्च, २०५०), सर्वश्रेष्ठ साहित्यकार (२०५२), दीपा जनमत पुरस्कार (२०५३), महेन्द्रसिंह कार्की पुरस्कार (२०५४), अन्य साहित्यिक पुरस्कारहरू । गोपालप्रसाद रिमाल सम्मान (२०५८), अन्तर्राष्ट्रिय लेखक सम्मान अमेरिका, २०६२), पारिजात मितेरी साहित्य सम्मान (२०६६), साहित्यको लोकतान्त्रिक अभियन्ता तथा उत्कृष्ट साहित्यकार (२०६९) । **हालको ठेगाना :** कुलेश्वर, मेट्रो प्लाजा, ओरेन्टल कोलोनी फेज-२, जी ब्लक, काठमाडौँ (manjukanchuli@yahoo.com) । **फोन :** ०१-२०८३२२०, ९७२१३२२६८९ ।

मञ्जु राणा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ मङ्सिर १०, तेघरा, दाङ । **माता/पिता :** भूवन्दी शाह, पुष्पेन्द्रबहादुर शाह । **शिक्षा :** आई.ए. । **सेवा :** सामाजिक सेवा । **पहिलो रचना :** प्रण गरेकी छु (कविता, राप्ती सन्देश साप्ताहिक, २०५५) । **कृति/सृजना :** दुई थुङ्गा फूल (कवितासङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान :** विष्णुनुमा पुरस्कार (२०५८) । **हालको ठेगाना :** त्रिभुवननगर न.पा.-११, घोराही, दाङ । **फोन :** ०८२-५६०१०५ ।

मञ्जुल (मेघराज शर्मा नेपाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ फागुन २४ (पूर्णिमा), गोगने, भोजपुर । **माता/पिता :** जानुकाकुमारी नेपाल, टीकावल्लभ नेपाल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, प्राध्यापन, बैङ्किङ सेवा, अभिनय, गायन । **पहिलो रचना :** कविता

प्रकाशन (भद्रपुर, झापा, २०१७ तिर) । **कृति/सृजना** : साइली मोरीलाई (गीतसङ्ग्रह, इ.सं. १९६७), छेकुडोल्मा (उपन्यास, २०२६), गायक यात्री (कवितासङ्ग्रह, इ.सं. १९८३), सम्झनाका पाइलाहरू (यात्रासंस्मरण, २०४५), मञ्जुलका नयाँ कविताहरू (कवितासङ्ग्रह, इ.सं. १९८८), चोकटी कविता (इ.सं. १९८८), सिद्धिचरणहरू (कवितासङ्ग्रह, इ.सं. १९८८), जाने होइन दाइ आलापोट (यात्रानिबन्ध, इ.सं. १९८९), मृत्यु (कवितासङ्ग्रह, इ.सं. १९९८), गाउँका दृश्यहरूमा बाँधिएर (कवितासङ्ग्रह, इ.सं. १९९९), पाइलाका निबहरूले (यात्रा कविता, संयुक्त), दुई हरफ ओठहरू (गीतिसङ्ग्रह, संयुक्त २०६४) । **सम्पादन/अनुवाद** : उत्साह, सारङ्गी पत्रिका सम्पादन । उज्यालोको प्रशंसामा (चिनियाँ कवितासङ्ग्रह अनु.), नग्न (जापानी कविताको अनु.) । **पुरस्कार/सम्मान** : कविता उत्सव पुरस्कार (इ.सं. १९६५), व्यथित काव्य पुरस्कार (२०४१), उत्तम कुँवर पुरस्कार (२०४४), सिद्धिचरण काव्य पुरस्कार (इ.सं. १९९३), साझा पुरस्कार (इ.सं. २०००), प्रतिभा पुरस्कार (विराटनगर, २०५५) । **हालको ठेगाना** : सातदोबाटो, ललितपुर, पो.ब.नं. २३२६, काठमाडौं (mansus@infoclub.com.np) । **फोन** : ५५५१३६८, ९८५१०५१३६८ ।

मणिकमान चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९६१, भीमसेनस्थान, काठमाडौं । निधन : २०४५ फागुन **पिता** : बखतमान चित्रकार । **शिक्षा** : स्वाध्याय, परम्परागत अभ्यास । **सेवा** : आजीवन चित्रकला । **कृति/सृजना** : कलाप्रदर्शनी (इ.सं. १९५७, १९६८) राष्ट्रिय कलाप्रदर्शनी (इ.सं. १९६८ देखि १९७४ सम्म), जापान (इ.सं. १९७०) । नेपाललगायत अमेरिका, जर्मनी, भारतमा कला सङ्गृहीत । इतिहास र पाठ्यपुस्तकहरूमा चित्र निर्माण । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (नाफा, २०२८), इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०३०), प्रथम पुरस्कार (राष्ट्रिय कलाप्रदर्शनी) ।

मणिरत्न शाक्य

(मूर्तिकला कलाकार)

जन्म/स्थान : वि.सं. १९९० कात्तिक १९, नागबहाल, ललितपुर । निधन : २०४५ कात्तिक ८) । **माता/पिता** : घनमाया शाक्य, हर्षराज शाक्य । **शिक्षा** : स्वाध्याय । **सेवा** : मूर्तिकला । **कृति/सृजना** : राष्ट्रिय कला प्रतियोगिता प्रदर्शनीमा भाग लिएको (मूर्तिकला, ललितकला संस्था, २०२३ देखि २०३४ सम्म), मूर्तिकला प्रदर्शनीहरू (नयाँ दिल्ली, भारत, २०२०), घरेलु विभागद्वारा आयोजना २०१७ देखि २०२७ सम्म, ललितपुर मङ्गलबजार (२००७ सालतिर), विश्व हिन्दू महासङ्घद्वारा आयोजना (२०४४), बम्बई जे.जे. आर्ट स्कुल भारतमा (२०१७ तिर) शुभराज्याभिषेकको उपलक्ष्यमा भृकुटी मण्डपमा आयोजना (२०३१) आदि थुप्रै पटक मूर्तिकला प्रदर्शनीहरूमा भाग लिएको । **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार (नेपाल ललितकला संस्थाद्वारा आयोजित राष्ट्रिय कला प्रतियोगिता प्रदर्शनी, २०३६), स्वर्ण पदक (विश्व हिन्दू महासङ्घद्वारा आयोजित कलाप्रदर्शनी, २०४४),साथै अन्य पुरस्कारहरू प्राप्त । **सम्पर्क ठेगाना** : नागबाहाल, ललितपुर । **फोन** : ५५३३९७६ ।

मणिकुमार पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन २८, रूपाटार -७, उदयपुर । **माता/पिता** : नन्देश्वरी पोखरेल, रत्नप्रसाद पोखरेल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : निजामती सेवा, अध्यापन । **पहिलो रचना** : आमाको आह्वान (छलफल साप्ताहिक, २०३९) । **कृति/सृजना** : श्रद्धाञ्जलि (कवितासङ्ग्रह, २०४८), गोमारत्न (शोककाव्य, २०६८) तिरस्कृत सिउँदो (लघुकथासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : सुर्खेती । **पुरस्कार/सम्मान** : सुर्खेती प्रतिभा पुरस्कार (२०४८), विभिन्न कविता प्रतियोगिताहरूमा प्रथम, दोस्रो, तेस्रो पुरस्कार । **हालको ठेगाना** : वीरेन्द्रनगुर -४, सुर्खेत । **फोन** : ९८४१३६६८२३, ०८३-५२०५८८ ।

मणिराज सिंह

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१५ भदौ २७, बससिट्टी-५, महोत्तरी । **माता/पिता** : वसन्तीदेवी, रत्नराज सिंह । **शिक्षा** : स्नातक । **सेवा** : बैङ्किङ । **पहिलो रचना** : शुभकामना (कविता, हिमालयन

टाइम्स साप्ताहिक, २०२८) । **कृति/सृजना :** स्वरसम्राट् नारायणगोपाल (जीवनी, २०४७), अक्षर, खुर्पा र खुकुरीहरू (कवितासङ्ग्रह, २०६५), राजधानी छिरेपछि (कवितासङ्ग्रह, २०६६), तिम्रो सहरमा म (कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद :** स्कलर (अङ्ग्रेजी मासिक), ज्ञानश्री (बौद्धिक मासिक), घरसंसार (पारिवारिक मासिक) । **हालको ठेगाना :** इमाडोल, ललितपुर (singhmaniraj@gmail.com) । **फोन :** ९८५१११८३४९ ।

मतिप्रसाद ढकाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ जेठ १९, अमलाचौर -५, बागलुङ । **शिक्षा :** स्नातकोत्तर (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा :** प्राध्यापन (ने.सं.वि.) । **कृति/सृजना :** प्रारम्भिक संस्कृत व्याकरण र रचना (२०५६), भानुभक्तीय रामायणका पाठभेदहरू (२०६३), भानुभक्तका लघुरचना (२०६४), पाणीनीय व्याकरणको सन्धि वैज्ञानिक अध्ययन ।

मणि लोहनी

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ भदौ २१, समुन्द्रादेवी, नुवाकोट । **माता/पिता :** गायत्री लोहनी, शिवशरण लोहनी । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** पत्रकारिता, रेडियो/टिभी कार्यक्रम सञ्चालन । **पहिलो रचना :** समयको अवसान (कविता, गोरखापत्र दैनिक, २०४७ वैशाख) । **कृति/सृजना :** आन्दोलनले छट्पटाएका कलमहरू (संयुक्त कवितासङ्ग्रह, २०४९), असहमतिका पाइलाहरू (कथासङ्ग्रह, २०५०), मलामी साँझ (कवितासङ्ग्रह, २०६१), परास्त प्रेम (कथासङ्ग्रह, २०६७), निर्वस्त्र मन (कथासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** तरङ्ग (त्रैमासिक, २०५१), कदम (साहित्यिक मासिक, २०५०), प्रतिविम्ब (साहित्यिक त्रैमासिक, २०५०), चालीसका प्रतिनिधि कविता (२०६१), सङ्घर्षशील युवा (लेखसङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान :** शब्दशताब्दी पुरस्कार (२०५५), भानुमोती पुरस्कार (२०५८), विसाप पुरस्कार (२०५८), उत्कृष्ट कथा पुरस्कार (२०६३), युवावर्ष मोती पुरस्कार (२०६८) । **हालको ठेगाना :** वसुन्धरा, काठमाडौँ (manilohani@hotmail.com) । **फोन :** ९८४१९५३६८४ ।

मथुराकृष्ण साय्मि

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९६ असार गुरु पूर्णिमा, ठहिटी, काठमाडौँ । **माता/पिता :** न्हुच्छेकुमारी मानन्धर, इन्द्रनारायण मानन्धर । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी साहित्य) । **सेवा :** प्राध्यापन, ललितकला । **पहिलो रचना :** गुथि (कथा, नेपालभाषा, चिराक पत्रिका, २०१६) । **कृति/सृजना :** नेपालभाषामा : वं नकतिनि प्रेम यात (कथासङ्ग्रह, ने.सं. १०८२), लुमन्ति (जीवनसम्बन्धी रचना, ने.सं. १०८३), यज्यू (पत्रसङ्कलन, ने.सं. १०८४), जि हेरा (कथासङ्ग्रह, ने.सं. १०८७), लमि (जीवनसम्बन्धी रचना, ने.सं. १०८८), चतांमारि (उपन्यास, ने.सं. १०९८), ज्वाला (उपन्यास, ने.सं. १०९८), यां मिखा (उपन्यास, ने.सं. ११०३) । **सम्पादन/अनुवाद :** रमा (कृष्णचन्द्रसिंह प्रधान, ने.सं. १०८६), नमिंग्वा:गु सर्गः (कथासङ्ग्रह, लेखक: लक्ष्मण राजवंशी), च्वमि लक्ष्मण राजवंशी (ने.सं. ११०८) । **पुरस्कार/सम्मान :** प्रथम अन्तर कलेज नेपालभाषा साहित्य सम्मेलनमा प्रथम पुरस्कार (ने.सं. १०८०), मणिगल सिरपा (ने.सं. १११९), कथा विधामा विभिन्न समयमा विभिन्न पुरस्कारहरू । **हालको ठेगाना :** पुरानो बानेश्वर, काठमाडौँ -९ । **फोन :** ४४७२९२८ ।

मथुरा केसी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ साउन ३, ताहुँ, पाल्पा । **माता/पिता :** पद्मकुमारी कार्की, हुमबहादुर कार्की । **शिक्षा :** डिप कार्ड, एफ.सी.पी.एस. (बङ्गलादेश) । **सेवा :** स्वास्थ्य सेवा (चिकित्सक) । **पहिलो रचना :** मानवता (कविता, जनता मा.वि.

तानसेनको वार्षिक मुखपत्र, २०२१) । **कृति/सृजना :** *कवितासङ्ग्रहहरू :* बिर्सेको छैन मैले (२०४५), घुँयत्रोको जमाना छैन (२०४७), विरामी देश (२०५७) । **सम्पादन/अनुवाद :** स्वास्थ्यसम्बन्धी पत्रिकाहरू । **हालको ठेगाना :** सिनामङ्गल, काठमाडौँ । **फोन :** ४४७११४७ ।

मथुरा प्रधान (एम पी पी गुप्त)

(लेखक, मगरीभाषा)

जन्म/स्थान : वि.सं. १९५९ माघ १५, असनटोल, तानसेन, पाल्पा । निधन : २०२७ । **माता/पिता :** राधिकादेवी प्रधान, काशीप्रसाद प्रधान । **शिक्षा :** स्वाध्याय । **सेवा :** सामाजिक, राजनैतिक र धार्मिक सेवा । **कृति/सृजना :** मगर शब्द सङ्ग्रह (पहिलो मगरी शब्दकोश, वि.सं. १९९६) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक । **सम्पर्क ठेगाना :** तानसेन -१५, पाल्पा ।

मथुरा प्रधान श्रेष्ठ

(गायिका)

जन्म/स्थान : वि.सं. २०१५ पुस १४, यासोक, पाँचथर । **माता/पिता :** छत्रकुमारी श्रेष्ठ, भजेन्द्रकुमार श्रेष्ठ । **शिक्षा :** स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा :** प्राध्यापन, गायन । **पहिलो रचना :** गीत रेकर्ड (रेडियो नेपाल, २०३७) । **कृति/सृजना :** जीवनको परिधिभित्र (गीतिएल्बम, गायन, २०५२), अन्तराल (गीतिएल्बम, गायन, २०६२), देश-विदेशका विभिन्न सहरहरूमा सांस्कृतिक कार्यक्रमहरूमा सहभागी । **पुरस्कार/सम्मान :** तेस्रो पुरस्कार (नयाँ प्रतिभाको खोजीमा, २०३९), दोस्रो पुरस्कार (सनातन धर्म सेवा केन्द्रीय समिति, २०५७) लगायत थुप्रै पुरस्कार । सनातन धर्म सेवा केन्द्रीय समितिद्वारा अभिनन्दन, २०६१) । **हालको ठेगाना :** नयाँ बानेश्वर, शङ्खमूल, काठमाडौँ । **फोन :** ४७८३५१४ ।

मदनकृष्ण श्रेष्ठ

(हास्यव्यङ्ग्य कलाकार/गायक)

जन्म/स्थान : वि.सं. २००७ वैशाख ७, जितपुर फेदी, काठमाडौँ । **माता/पिता :** लक्ष्मीदेवी, रामकृष्ण श्रेष्ठ । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** अभिनय, लेखन, गायन, सामाजिक सेवा । हास्यकलाकार सम्मान, राष्ट्रिय गौरव युवा सम्मान (२०५४), नेपाल सम्मान (२०५७), प्रबल जनसेवा श्री (चतुर्थ) । **पहिलो रचना :** बैङ्केश्वर (संयुक्त प्रहसन) ख्यालि म्ये (म्ये, झी पत्रिका, ने.सं. ११००) । **कृति/सृजना :** यमलोक, प्यारालाइसिस, अंशबन्डा, कक-फाइट, रद्दीको टोकरी, सपथग्रहण, ऐना, विज्ञापन, लण्डन एयरपोर्ट, वडा नम्बर ३४, राष्ट्रिय गाउँखाने कथा प्रतियोगिता, श्राद्ध, पिकनिक, अभिभावक, सङ्गीत, रिमोट कन्ट्रोल, नेपाल बन्द, रङ नम्बर, प्रश्न-उत्तर, दोहोरी गीत, गीतैगीत, काउकुती, नाता, '२०५' बोसे आन्द्रे भुँडीको, होस्टे हैंसे, सालिक, मह दोहोरी, आदि थुप्रै रङ्गमञ्चीय (नाटक) प्रस्तुति । फिफ्टी-फिफ्टी, सन्तति, २१६७७७, भकुण्डे भूत, पन्ध्र गते, चिरञ्जीवी, रात, वनपाले, सुर-बेसुर, ओहो ६, कान्तिपुर, राजमार्ग, पानी, कालाजार, असली लोग्ने, लक्ष्मी, लालपूर्जा, टिकेको तीन मन्त्र, सृष्टि, जलपरी, भाइरस, मह चौतारी आदि टेलिचलचित्रहरू । वासुदेव, के घर के डेरा, सिलु (नेवारी), लोभीपापी, ट्रक ड्राइभर आदि थुप्रै चलचित्रहरूमा अभिनय प्रस्तुति, लेखन, निर्माणलगायत थुप्रै रेडियो कार्यक्रमरूको निर्माण तथा प्रस्तुति । महसन (कृति) । **पुरस्कार/सम्मान :** उत्कृष्ट गायक (२०२६), हरि तारा पुरस्कार, उत्कृष्ट हास्यकलाकार (२०४३), तेश्रो चलचित्र महोत्सव पुरस्कार, जेसिस युवा पुरस्कार (इ.सं. १९८८), जगदम्बाश्री पुरस्कार (इ.सं. १९९१), गोरखा दक्षिणबाहु चौथो (इ.सं. १९९४), उत्कृष्ट संवाद (२०४७), उत्कृष्ट निर्देशक (२०४८), उत्कृष्ट अभिनेता (२०५४), उत्कृष्ट चरित्रअभिनेता अवार्ड (२०५६), उत्कृष्ट कथालेखन पुरस्कार, एप्रेसियसन अवार्ड (१९९९, क्यानाडा), उत्कृष्ट पटकथा लेखक, अभियानश्री अवार्ड (२०५७), मिलिनियम ख्याली जुजु अवार्ड (२०५७), आउटस्टान्डिङ कन्ट्रिब्युसन अवार्ड (२०५७), लक्स मुभी अवार्ड (इ.सं. २००३), वासुदेव लुइटेल हास्यव्यङ्ग्य पुरस्कार (२०६६) लगायत अन्य दर्जनौं सम्मान अभिनन्दन । **हालको ठेगाना :** ३२०/५७ कुमारीमार्ग, धोबीधारा, काठमाडौँ । **फोन :** ४४३४५४०, ४३७७९१५, ९८५१०२७०४६ ।

मदन चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००४ पुस, टम्लाछी, काठमाडौँ । **माता/पिता :** मनकेशरी चित्रकार, तेजबहादुर चित्रकार ।

शिक्षा : जी.डी. (एप्लाएड आर्ट), एम.ए. । **सेवा** : चित्रकला, कला, संस्कृति । **पहिलो रचना** : नेपाली कलामा ध्यानी बुद्धको महत्त्व (मधुपर्क, २०२५) । **कृति/सृजना** : हालसम्म स्वदेश-विदेशका धेरै महत्त्वपूर्ण प्रदर्शनीमा सहभागी, पाँचओटा एकल प्रदर्शनी । **सम्पादन/अनुवाद** : नेपाल कलाकार समाजद्वारा प्रकाशित विविध आलेख/सङ्ग्रहहरूको सम्पादन । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०५३) । **हालको ठेगाना** : का.म.न.पा.-२७, पो.ब.नं. १९८३, काठमाडौँ (madanc@ntc.net.np) । **फोन** : ४२२७८६६ /४२३८०६६ ।

मदन चोङवाङ

(गीतकार/गायक, नेपाली/ लिम्बूभाषा)

जन्म/स्थान : वि.सं. २०३२ जेठ ६, खाम्लालुङ, तेह्रथुम । **माता/पिता** : जितमाया लिम्बू, धनबहादुर चोङवाङ । **शिक्षा** : स्नातक । **सेवा** : निजी व्यवसाय । **पहिलो रचना** : उठौँ जागौँ (कविता, युगध्वनि साप्ताहिक, २०४९) । **कृति/सृजना** : याक्थुङ् साम्लो (लिम्बू गीतिसङ्ग्रह, २०४९), आम्लाफुङ (लिम्बू गीतिसङ्ग्रह, २०५४), सेन्लप युवा क्लबका गीतहरू (२०५६), लुङमाओ याङछेक (लिम्बू गीतिएल्बम, २०५३), विरह चल्छ (लोकगीतिएल्बम, २०५५), देउराली पाखा (लिम्बू गीतिएल्बम, २०५३), भेन्छ्यायेम (लिम्बू गीतिएल्बम, २०६१), तिरस्कृत आर्तनाद (लघु कथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : मुक्त आवाज (२०४९), तेस्रो आवाज (मासिक, २०५७), छहरा (साप्ताहिक, २०६१) । **हालको ठेगाना** : धरान, सुनसरी (madan-_chongs@yahoo.com) । **फोन** : ५२४००४ ।

मदन ठाकुर

(रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २०१९ कात्तिक ११, जनकपुरधाम-५, धनुषा । **माता/पिता** : कैशल्यादेवी, जुगेश्वर ठाकुर । **शिक्षा** : साक्षर । **सेवा** : रङ्गकला । **पहिलो रचना** : अछूत कन्या (नाटक रङ्गमञ्च अभिनय, २०३३) । **कृति/सृजना** : मैथिली भाषाका नाटकहरू झमेली के विवाह, ओ खालि मुह देखै छै, देह पर कोठी खसा दिय, काठक लोक, ओरिजनल काम, बिरजु, बिल्लु वावु, ओकरा आँगनक वाह्र मासा, छुतहा घैल, पुस जाढ कि माघ जाढ, टुटल तागक एकता ओर, प्रेत चाहे असोज, एक टुकडा पाप, लोक कि कहत, नाकक पुरा, गौ हरण, सीता, धनुष जना, क्षमादान, कोही किन बर्बाद होस्, राजा सल्हेस, जुवाल कनकनी, कमला कातक राम लक्ष्मण, एक कमल नो में आदि लगायत दर्जनौँ सडक नाटकहरूमा अभिनय । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेता को पुरस्कार (सप्त अन्तर्राष्ट्रिय मैथिली नाटक प्रतियोगिता, २०४८ तथा तिरहुत रनिङ्ग शिल्ड प्रतियोगिता, २०५१), सर्वोत्कृष्ट प्रतिभा अवार्ड (जनकपुर फिल्म फेस्टिभल, २०५५), सर्वश्रेष्ठ चरित्र अभिनेता अवार्ड (२०५६) । **हालको ठेगाना** : हरिहर मार्ग, जनकपुर -५, धनुषा । **फोन** : ५२१४७६ ।



मदनदास श्रेष्ठ

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २००५ असार १५, विहाँछैँ टोल, दोलखा बजार । **माता/पिता** : रुद्रमाया, नारायणदास श्रेष्ठ । **शिक्षा** : आई.ए. । **सेवा** : रेडियो नेपाल, रेडियो नाटक, अभिनय । **पहिलो रचना** : २०२१ देखि अभिनय यात्रा प्रारम्भ । **कृति/सृजना** : के घर के डेरा, पच्चीस वसन्त, अभिलाषालगायत पच्चीसभन्दा बढी ठूलो पर्दाका चलचित्र, दर्जनौँ टेलिचलचित्र, तीन सय जति रेडियो नाटक, वृत्तचित्र आदिमा अभिनय । २०३५ सालदेखि रेडियो नाटक निर्देशकको रूपमा हालसम्म कार्यरत । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३२), दैवीप्रकोप पदक (२०४६), वीरेन्द्र-ऐश्वर्य पदक (२०५८), प्रबल गोरखा दक्षिणबाहु पाँचौं (२०६१), रामराज पन्त पुरस्कार (२०६२) । 'क' श्रेणीका कलाकार (ने.रा.प्र.प्र.) । चलचित्र उद्योगमा उल्लेखनीय योगदान गरेबापत सम्मान, सम फाउन्डेसनद्वारा सम सतवार्षिकीय उपलक्ष्यमा रङ्गमञ्चमा योगदान गरेबापत सम्मान, रूपक स्मृति प्रतिष्ठानद्वारा सम्मान, सिनेयात्री सम्मान लगायत थुप्रै सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : घट्टेकुलो, काठमाडौँ । **फोन** : ९८५१०२२४३८ ।

मदनदेव भट्टराई

(साहित्यकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ कात्तिक २२, पकनाजोल, काठमाडौँ । **माता/पिता** : प्रेमकुमारी, बलदेवप्रसाद भट्टराई । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, इतिहास) । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : ऊ हाँसिरहन्छे (कविता, शारदा पत्रिका, २०१६) । **कृति/सृजना** : मदनदेव भट्टराईका केही कथाहरू (कथासङ्ग्रह, २०४१), मदन वाटिका (गीतसङ्ग्रह, २०५१), जीवनस्मृति (महाकाव्य, २०५१), मदनदेव भट्टराईका संस्मरणहरू (२०५३), कायाकल्प (महानाटक-२०५४), समयको प्रतिबिम्ब (कवितासङ्ग्रह, २०५५), दृश्य र द्रष्टा (हास्यव्यङ्ग्य, २०५५), रत्नपार्क (उपन्यास, २०५६) । **सम्पादन/अनुवाद** : रत्नश्री (द्वैमासिक, २०२०), हिमाली सन्देश (साप्ताहिक, २०२७), वाल्मीकि रामायण (नेपाली भावानुवाद), अनुभूति (सीता रिमालको कवितासङ्ग्रह) । **पुरस्कार/सम्मान** : भानु पुरस्कार, शुभराज्याभिषेक पदक, साहित्यिक पत्रकार सम्मान (२०६०) । **हालको ठेगाना** : मैतिदेवी, काठमाडौँ । **फोन** : ४४१०९९० ।

मदन नेपाल 'विञ्जेल'

(कवि/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ असार १८, फुल्पिङडाँडा-८, सिन्धुपाल्चोक । **माता/पिता** : केशवी नेपाल, ब्रह्मनाथ नेपाल । **शिक्षा** : आई.ए. । **सेवा** : अध्यापन । **कृति/सृजना** : मधु (भजनसङ्ग्रह, २०५४), मधु भजन शतक तथा ईश्वर चिन्तन परिचर्चा (भजन तथा कथासङ्ग्रह, २०५७), रामकृष्ण (भजन, रचना/गायन/सङ्गीत, एल्बम/भिडिओ, २०५८), राधाकृष्ण भजनामृत (भजन एल्बम/भिडिओ, २०६१), श्री भगवन्नाम सञ्जीवनी (भजन, २०६६), घुम्थाङ (पार्श्वचित्र, २०६६) । **सम्पादन** : सरस्वती सङ्गम (त्रैमासिक पत्रिका, २०६८), पशु पुकार (२०६८) । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा द्वितीय (सिन्धुपाल्चोक युवा क्लब, २०५४), शिक्षक गीति प्रतियोगितामा द्वितीय (२०६५) । **हालको ठेगाना** : फुल्पिङडाँडा-८, सिन्धुपाल्चोक । **फोन** : ९७५१००३६०६ ।

मदनप्रसाद अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ फागुन ९, मनमैजु बालाजु, काठमाडौँ । निधन : २०६७ माघ ३ । **माता/पिता** : भक्तकुमारी, तुलसीराम अर्याल । **शिक्षा** : शास्त्री (संस्कृत), एम.ए. (नेपाली, त्रि.वि.), जनप्रशासन (चण्डिगढ भारत) । **सेवा** : निजामती सेवा तथा राजपरिषद् सचिव । **पहिलो रचना** : प्रेसको महत्त्व (लेख, गोरखापत्र, २०२६) । **कृति/सृजना** : एभरेष्ट गीता (अङ्ग्रेजी, नेपाली, हिन्दी र संस्कृत गरी चार भाषाहरूमा, २०५२), भर्तृहरिका शतकहरू (२०५५), सजिलो गीता (२०५७), व्यवहार नीति, सेवा नीति र कूटनीति (२०५५) रुद्रीको पुस्तक (२०५९), चाणक्य र जीवनी र नीति (२०५९) । **सम्पादन/अनुवाद** : दुर्गासप्तशती (चण्डीको नेपाली अनुवाद, २०६१) । **पुरस्कार/सम्मान** : त्रिशक्तिपट्ट चौथा, गोरखा दक्षिणबाहु तेस्रो । **हालको ठेगाना** : बालाजु, काठमाडौँ । **फोन** : ४३५१०१२ ।

मदन भण्डारी (मकुभ पखेली, राजमोती)

(राजनीतिक लेखक)

जन्म/स्थान : वि.सं. २००९ असार १४, ढुङ्गेसाँघु, ताप्लेजुङ । निधन : २०५१ जेठ ३, दासढुङ्गा, चितवन । **माता/पिता** : चन्द्रकला, देवीप्रसाद भण्डारी । **शिक्षा** : स्नातक (संस्कृत) । **सेवा** : राजनीति, साहित्य । **पहिलो रचना** : हलिदाइ (कविता, बनारस, २०२९) । **कृति/सृजना** : मदन भण्डारीका सङ्कलित रचना (भाग १), डोको (कथा २०३३), स्वेतशार्दुलको गर्जन (२०५४), संसद्मा मदन भण्डारी (२०५६) । **पुरस्कार/सम्मान** : 'जननेता' को सम्मान प्राप्त । **सम्पर्क ठेगाना** : गङ्गाहिटी, चाबहिल, काठमाडौँ । **फोन** : ४४८४३२२ ।

मदनमणि दीक्षित (चक्रपाणि)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९ फागुन ६, काठमाडौँ । **माता/पिता** : विष्णुकुमारी, लक्ष्मणमणि आचार्य दीक्षित । **शिक्षा** : एम.ए. (दर्शनशास्त्र) । **सेवा** : पत्रकारिता, ने.रा.प्र.प्र. (उपकुलपति) । **प्रथम रचना** : आखिरी मुस्कान (कथा, समीक्षा,

२०१७) । **कृति/सृजना :** कसले जित्यो कसले हार्‍यो (कथासङ्ग्रह, २०२१), हाम्रा ती दिन (निबन्ध-२०२७), म रुँदै बिर्सन्छु (निबन्ध-२०२७), मेरी आमाको पत्रलाई आज जवाफ चाहिएको छ (कथासङ्ग्रह, २०२९), लाखौँ शिशुहरू लिफ्ट मागिरहेछन् (२०३१), माधवी (उपन्यास, २०३९), दशलाख हिरोसिमातिर (इ.सं. १९८३), टुवार्डस् मेगा-हिरोसिमा (इ.सं. १९८३), ग्यास च्याम्बरको मृत्यु (कथासङ्ग्रह, इ.सं. १९८५), स्वर्ण मन्दिरको विहार (२०४५), बर्लिन डायरीका पाना (इ.सं. १९८४), चरैवेति (निबन्धसङ्ग्रह, इ.सं. १९८७), त्यो युग (वैदिक निबन्धसङ्ग्रह, इ.सं. १९९०), द्रौपदी र सीता (इ.सं. १९९२), विदुषी गार्गी (इ.सं. १९९२), मेरी नीलिमा (उपन्यास, २०५२), करुणाको दर्शन (२०५०), जेण्डा (कथासङ्ग्रह, २०५१), त्रिदेवी (उपन्यास, इ.सं. १९९५), उद्दालक आरुणी विश्वका पहिला वैज्ञानिक (जीवनी-२०५३), आनन्दमय आकाश (आत्मजीवनी-२०५३), अमृतत्त्व र कारुणिकता (इ.सं. १९९७), नेपालीको सांस्कृतिक परिचय (२०५३), हाम्रा प्राचीन नारी (२०५७), हिन्दू संस्कृतिको परिशीलन (२०५९), श्वेतकाली (२०५९), सयौँ हिरोसिमातिर (२०६३), ऋग्वेदका केही प्रमुख सूक्त (२०६५), श्री शाश्वत नारी (२०६६), जीवन महाअभियान (२०६६) आनन्दमय जीवन (२०६९), महर्षि याज्ञवल्क्य (२०६९), भूमिसूक्त (उपन्यास) । **सम्पादन/अनुवाद :** समीक्षा (साप्ताहिक), हालखबर (दैनिक) । **पुरस्कार/सम्मान :** शान्ति पुरस्कार (इ.सं. १९७५), मदन पुरस्कार (२०३९), साझा पुरस्कार (२०३९, अस्वीकार), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५१), गोरखा दक्षिणबाहु दोस्रा (२०५५), आदिकवि भानुभक्त पुरस्कार (२०५७), लक्ष्मीप्रसाद देवकोटा पुरस्कार, गोपालदास श्रेष्ठ पत्रकारिता पुरस्कार । देवकोटा स्मृति सभा सम्मान (इ.सं. १९९३), दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार (२०६५) । **हालको ठेगाना :** २/४६४ कालिकास्थान, डिल्लीबजार, काठमाडौँ । **फोन :** ४४१२४१७, ४४१९३६९ ।

मदनमोहन जोशी

(साहित्यकार/अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ भदौ २१, बन्दीपुर, तनहुँ । **माता/पिता :** पुतलीमाया श्रेष्ठ, गणेशमान जोशी । **शिक्षा :** स्नातक । **सेवा :** नेपाल रेडक्रस सोसाइटी, अभिनय । **पहिलो रचना :** भोर (कविता, मूलबाटो पत्रिका, २०१२) । **कृति/सृजना :** मेरो एउटा प्रेमपत्र (लेखसङ्ग्रह), म मर्दिन (कवितासङ्ग्रह), भरियाको कथा (कथासङ्ग्रह), अति बुद्धिवादीपना बराबर बेइमानीपना (लेखसङ्ग्रह), संविधानप्रतिको मोहभङ्ग (लेखसङ्ग्रह), प्रतिक्रियावादी संविधानको खैलाबैला (लेखसङ्ग्रह), हो ची मिन्हको जीवनी (जीवनी) । **सम्पादन/ अनुवाद :** स्रष्टा (साहित्यिक चौमासिक सम्पादन), *अनूदीत पुस्तकहरू :* कम्युनिष्ट पार्टीको घोषणापत्र (अङ्ग्रेजी भाषाबाट), स्टालिनबारे (अङ्ग्रेजीबाट), पेकिङ निवास (नेपालभाषाबाट), जनताको सेवा गर (अङ्ग्रेजी भाषाबाट), कम्युनिष्ट के चाहन्छन् ? (हिन्दीबाट), प्रारम्भिक कम्युनिष्ट शिक्षा भाग-२ (हिन्दीबाट), महिला मुक्ति आन्दोलन (हिन्दीबाट) आदि । रामलीला, सहनशीला सुशीला, समाज आदि नाटकहरूमा अभिनय, कोही किन बरबाद होस् (नाटक, निर्देशन) । **पुरस्कार/सम्मान :** पोखरा, हंसपुर साहित्य गोष्ठीमा सान्त्वना पुरस्कार । साहित्य सङ्गम चितवन, बालकुमारी कन्या मा.वि., चितवन माध्यमिक विद्यालय, भानु मा.वि. बन्दीपुर आदि स्थानहरूद्वारा सम्मान । **हालको ठेगाना :** गोलाबजार, नारायणगढ, चितवन (mdn_joshi@hotmail.com) । **फोन :** ०५६-५२०१४२, ९८४५०४५८४५ ।



मदनमोहन मिश्र

(हास्यव्यङ्ग्यकार, नेपाली/ नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८८ मार्गशुक्ल तृतीया, महापाल, ललितपुर । **माता/पिता :** माहेश्वरी मित्र, मधुसूदन मिश्र । **शिक्षा :** संस्कृत मध्यमा । **सेवा :** अध्यापन । **पहिलो रचना :** नासु (कविता, धर्मोदय पत्रिका, ने.सं. १०७८) । **कृति/सृजना :** सीताहरण (खण्डकाव्य, नेवारी, २०१७), रामराज्य (खण्डकाव्य, नेवारी, २०१९), राष्ट्रिय मूर्तिकला (२०२३), राष्ट्रिय मूर्तिकला एक अध्ययन (२०२५), कला र संस्कृति एक चिन्तन (२०२७), क्वाँटी रस (नेपाली र नेवारी हास्य व्यङ्ग्यसङ्ग्रह, २०३६), हाम्रो कला र संस्कृति एक विहङ्गम दृष्टि (२०४३), नेपाली संस्कृतिमा शिव महिमा (२०४४), नेपाली संस्कृतिमा बागमती एक विहङ्गम दृष्टि (२०४७), ललितपुरका सांस्कृतिक सम्पदा (२०५१), काठमाडौं उपत्यकाका धार्मिक तथा सांस्कृतिक सम्पदा (२०५२), कालु पाण्डे (हास्यव्यङ्ग्य), भक्ति, शक्ति र संस्कृति (नेपाली, २०५३),

नौयात हनापौ (नेवारी हास्यव्यङ्ग्य, २०५४), कान्तिपुरी महानगरी (हास्यव्यङ्ग्य, २०५४), गजि गुलुया म्हगसय् पशुपतिनाथ (नेवारी हास्यव्यङ्ग्य), नुग: खँ (नेवारी/अङ्ग्रेजी कवितासङ्ग्रह, ने.सं. १०८०), नेपाल संस्कृतिया छगू झलक (नेवारी), बङ्गलामुखीदेखि बद्रीनाथसम्म (२०५७)। **सम्पादन/अनुवाद :** उपहार (हस्तलिखित), मङ्गलवन्दना माला (२०६२)। **पुरस्कार/सम्मान :** भैरव पुरस्कार, गुणराज पुरस्कार, १३-१४ ओटा स्वर्ण एवं रजत पदक प्राप्त। **हालको ठेगाना :** इखाटोल, टिछुँगल्ली, ललितपुर। **फोन :** ५५३११७९।

मदन राई 'लामाखुले'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ वैशाख २४, निर्मलीडाँडा-९, खोटाङ। **माता/पिता :** अतम्हरी राई, धनकेशर राई। **शिक्षा :** स्नातक। **सेवा :** अध्यापन। **पहिलो रचना :** मेरो स्यानो कोठा (कविता, बिहानी मासिक पत्रिका, २०३८)। **कृति/सृजना :** सप्तकोशी (कवितासङ्ग्रह, २०४८), घाइते आकाश (कवितासङ्ग्रह, २०६१), नबिर्सिएका सम्झनाहरू (कविता, २०६७)। **सम्पादन/अनुवाद :** बिहानी (मासिक, २०४४)। **हालको ठेगाना :** काठमाडौँ -९, पो.ब.नं. १८७३। **फोन :** ४४८८०७२।

मदन रेग्मी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ मङ्सिर ९, नरदेवी, काठमाडौँ। **माता/पिता :** कल्याणीदेवी, डिल्लीरमण रेग्मी। **शिक्षा :** बी.ए.। **सेवा :** अध्यापन, पत्रकारिता, साहित्य। **पहिलो रचना :** एक चिठी एक नेटो (कथा, रूपरेखा, २०१९)। **कृति/सृजना :** मदन रेग्मीका कविता (कवितासङ्ग्रह, २०३६)। **सम्पादन/अनुवाद :** द नेप्लिज प्रस्पेक्टिभ विक्ली (अङ्ग्रेजी भाषा, उपसम्पा. २०२२), राइजिङ नेपाल (दैनिक)। **हालको ठेगाना :** चुनदेवी, महाराजगन्ज, काठमाडौँ। **फोन :** ४४२१०२४, ४४३२४३६।

मदनलाल सुवाल

(चित्रकार)

जन्म/स्थान : वि.सं. १९९७ भदौ कृष्णअष्टमी, काठमाडौँ। **माता/पिता :** कान्छी सुवाल, राजनारायण सुवाल। **शिक्षा :** कला प्रशिक्षण (ने.रा.प्र.प्र.)। **सेवा :** कला-साधना। **पहिलो रचना :** पूर्व-पश्चिम राजमार्ग (विषयक चित्र, २०१९)। **कृति/सृजना :** राष्ट्रिय कलाप्रदर्शनी (इ.सं. १९६७/७०/७३/७७, नाफा), कलाप्रदर्शनी (इ.सं. १९७०/७१, ने.रा.प्र.प्र., इ.सं. १९९७, काठमाडौँ आर्ट ग्यालरी, इ.सं. १९९७ समिट होटल, इ.सं. १९९७, नेपाल आर्ट काउन्सिल)। **पुरस्कार/सम्मान :** कला प्रतियोगितामा पुरस्कृत (२०१९), राष्ट्रिय कलाप्रदर्शनीमा तृतीय पुरस्कार (नाफा, इ.सं. १९७३), वीरेन्द्र कृति पुरस्कार (२०३०)। **हालको ठेगाना :** सानेपा, ललितपुर। **फोन :** ५५२८९२३।

मदन 'सेन' वज्राचार्य (मदनरत्न वज्राचार्य)

(जीवनीलेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१० असोज १, मखनबहाल, काठमाडौँ। **माता/पिता :** चम्पा वज्राचार्य, सप्तरत्न वज्राचार्य। **शिक्षा :** एम.ए. (इतिहास, नेपाल भाषा साहित्य)। **सेवा :** प्राध्यापन, प्रशासन। **पहिलो रचना :** शान्ति हयेगु थ्व युग ख: (ज:, त्रिचन्द्र क्याम्पस, नेपाल भाषा, २०३८)। **कृति/सृजना :** लोकसाहित्यया अनुसन्धानकर्ता भाषानिभा: भाजु प्रेमबहादुर कंसाकारया छत्वा:चा जीवनी (२०४४), लोकसाहित्यविद् करुणाकर वैद्यया जीवनी (२०४६), लोकम्ये मुनामि मानदास तुलाधरया जीवनी (२०४६), प्रेमबहादुर कसा:या जीवनी (२०४६), लोकगायक लोकरत्न तुलाधरया जीवनी (२०४६) सत्यमोहन जोशीया जीवनी (२०५१), दे आचार्य गुथि परम्परा व आवश्यकता (२०५५) (सबै नेपाल भाषामा)। **सम्पादन/अनुवाद :** 'इनाप' हलंज्वलं धल: (२०४४), 'नेपाल लिपि गुथि' हलंज्वलं धल: (२०४६), नेपा:या लोकबाजा (२०४८), सत्यमोहन जोशीया च्वखँमुना नेवा: व नेवा: लोकसाहित्य (२०५१), मुर्कता व यमदूत (लोकककथासङ्ग्रह, २०५६), बौद्ध कवितासङ्ग्रह, भाग ५ (आठ भाषाको कविता, २०५९), सम्यक सम्बोधित लाभ (२०६२)। **पुरस्कार/सम्मान :** उत्कृष्ट प्रथम

पुरस्कार (वज्राचार्य व वज्राचार्य समाज, २०५८), लगायतका थुप्रै पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** मखनटोल, काठमाडौं । **फोन :** ४२१८३३० ।

मधुकृष्ण चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९५२ फेब्रुअरी २४, भुक्षननी, टौमडी टोल, । **माता/पिता :** हर्षमाया चित्रकार, विष्णुबहादुर चित्रकार । **शिक्षा :** बी.ए. । **सेवा :** चित्रकारिता । **कृति/सृजना :** जर्मनीको ह्याम्बर्ग, ब्रेमेन, कोबर्गलगायतका सहरहरूमा पौभा कलाको प्रदर्शनी तथा कार्यशाला (८ पटक, इ.सं. १९९० देखि), जर्मनीमै लेइपजीज म्युजियम (Leipzig Musium)मा एउटा पौभा कृति सङ्गृहित । **हालको ठेगाना :** भुक्षननी टौमडी टोल, भक्तपुर /पो.ब.नं. ४८५०, काठमाडौं (madhuart@col.com.np) । **फोन :** ६६१२४१३ ।

मधु गुरुङ (रत्नदेवी)

(गायिका)

जन्म/स्थान : वि.सं. २०२६ जेठ २४, शनिश्चरे, झापा । **माता/पिता :** दुर्गामाया गुरुङ (थापा), डम्बरबहादुर गुरुङ । **शिक्षा :** सिनियर डिप्लोमा (सङ्गीत) । **सेवा :** गायन । **पहिलो रचना :** २०४७ देखि गायन प्रस्तुत । **कृति/सृजना :** दर्जनौंपटक मञ्चमा गायन प्रस्तुत, कर्णालीमा हाम्रो सांस्कृतिक पाइला (यात्रासंस्मरण, २०५६), पाइला चालिरहेछु (गीतिएल्बम, गायन, २०५७) लगायत दर्जनौं गीतहरू रेकर्ड भएका । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४) । **हालको ठेगाना :** कुलेश्वर, काठमाडौं /बेलबारी -४, मोरङ । **फोन :** ४२८६९०६, ९८४१३३२८१२ ।

मधु पोखरेल (मधुसूदन)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१० मङ्सिर २२, चन्द्रगढी -१, झापा । **माता/पिता :** तुलसादेवी पोखरेल, घननाथ पोखरेल । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** निजामती सेवा (उपसचिव) । **पहिलो रचना :** मेरो देश (कविता, बाँडुली पत्रिका, सिलिगुडी, २०२५) । **कृति/सृजना :** तुवाँलो लागेको क्षितिजवाट (कवितासङ्ग्रह, २०४०), पुष्पाञ्जलि (खण्डकाव्य, २०५९), मोरङका समकालीन कविता (सहलेखन, २०६०), आस्था र अभिव्यक्ति (कविता, गजलसङ्ग्रह, २०६३), तिमी आइनौ (गजलसङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद :** मोरङ बोल्छ (सामयिक सङ्कलन, २०३७), कदर (त्रैमासिक, २०३७), धनकुटा गौंडा (अधिकृत सङ्गम, धनकुटाको मुखपत्र, २०६०), विराटेश्वर (समसामयिक सङ्कलन, २०६२) । **पुरस्कार/सम्मान :** वाणी सम्मान पुरस्कार (विराटनगर) लगायत विभिन्न साहित्यिक कार्यक्रमहरूमा पुरस्कृत । साहित्य कलासङ्गम, दमकद्वारा सम्मान तथा नवरङ्ग साहित्य कदरपत्र । **हालको ठेगाना :** विराटनगर उ.म.न.पा. -१३, नवीनटोल, मोरङ । **फोन :** ०२१-४७२८३४, ९८४२२४५०११ ।

मधुबाबु थापा (मधु थापा)

(गायक)

जन्म/स्थान : वि.सं. २०१० वैशाख, सौडियार, राजपुर, दाङ । **माता/पिता :** रेबाकुमारी, प्रेमबहादुर थापा क्षत्री । **शिक्षा :** गायनमा सङ्गीत प्रभाकर । **सेवा :** गायन-सङ्गीत । **पहिलो रचना :** भैगो हजुर माया जाल नबुनौं (रेडियो नेपाल, २०३९) । **कृति/सृजना :** चौतारी (२०४३), काठमाण्डू दोहोरी (२०४४), पिरती (२०४५), भाले-पोथी (२०४५), रामरस (२०४६), दश भाका (२०४६), कृष्णलीला आदि लोकदोहोरी, लोकगीत, लोक भजन गरी दुई दर्जन-भन्दा बढी गीतिएल्बमहरू (गायन) । **पुरस्कार/सम्मान :** दुईओटा प्रथम पुरस्कार र शिल्ड, पदक प्राप्त, उत्कृष्ट लोकगीत सङ्कलन पुरस्कार (२०५०) । **हालको ठेगाना :** सानेपा, ललितपुर । **फोन :** ५५२५६२८ ।

मधुवन पौडेल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ जेठ ४, लामाटार (ठूलाघर),

ललितपुर । **माता/पिता** : तारा पौडेल, गोपालप्रसाद पौडेल । **शिक्षा** : एम.ए., बी.एल., डिप्लोमा (कूटनीति) । **सेवा** : निजामती, परराष्ट्र सेवा । **पहिलो रचना** : लेख (अङ्ग्रेजी भाषा, २०२५), व्यथाको दिन (कथा, रूपरेखा, २०३३) । **कृति/सृजना** : ब्रिटिसकालीन भारतको इतिहास (२०३७), *कथासङ्ग्रहहरू* : बाँच्नुको विवशता (२०४१), नलिनी भाउजू (२०४९), म र मेरो परिवेश (२०५०), चपाएको दन्त्यकथा (२०५३), अवतरण र अरू कथाहरू (२०५६) । **पुरस्कार/सम्मान** : मानश्री पुरस्कार, विख्यात त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु चौथो । **हालको ठेगाना** : बत्तीसपुतली, काठमाडौँ (mbpaudel@yahoo.com) । **फोन** : ४४८०४२८ ।

मधुसूदन गिरी

(समीक्षक/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असोज १० दुल्लु, दैलेख । **माता/पिता** : ज्वालाकुमारी (कान्छीमैयाँ) गिरी, धरेन्द्रराज गिरी । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सम्झिन्न त्यो नि किन (कविता, कन्दरा पत्रिका, अङ्क १, २०३९) । **कृति/सृजना** : पूर्वआधुनिक नेपाली साहित्य (सहलेखन, २०५६), पाश्चात्य तथा नेपाली समालोचना (सहलेखन, २०५६), भाषा विज्ञान (सहलेखन, २०५६), शोध र सिर्जना (सहलेखन, २०५७), जिन्दगीको सन्धिसर्पन (कवितासङ्ग्रह, २०५८), बालसँगातीलाई पत्र (कवितासङ्ग्रह, २०५८), धर्तीकी परी (बाल कवितासङ्ग्रह, २०६६), मेरो सानो खुत्रुके (बाल कथासङ्ग्रह, ०६६), बूढो रूखको आत्मकथा (बाल कथासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : मध्यपश्चिमका कविता (२०५३), ज्वाला सन्देश (२०५४), खसानी (२०५६) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव -रजत पदक (२०५१), साथै अन्य केही पुरस्कार र सम्मानहरू । बुटवल साहित्य, कला तथा संस्कृति प्रतिष्ठान लगायतका संस्थाबाट सम्मानित । **हालको ठेगाना** : पादुका -६, दैलेख /काठमाडौँ । **फोन** : ४३१५२००, ९८४१५१३८५९ ।

मधुसूदन पाण्डेय

(अनुवादक/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ असार १७, अदुवाबारी, रामपुर, दाङ । **माता/पिता** : विष्णुकुमारी पाण्डेय, डण्डिराम पाण्डेय । **शिक्षा** : एम.ए. (इतिहास) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : इतिहासका रोचक तर अपुष्ट पक्षहरू (लेख, युगसंवाद, २०४३) । **कृति/सृजना** : नेपालको इतिहासका केही अपुष्ट पक्षहरू (२०५७), नेपालमा सत्तासङ्घर्षको इतिहास (२०५८), बौद्ध दर्शनको इतिहास (२०५९), सुखसँग बाँच्न चिन्ता त्यागौँ (२०६०), विश्वप्रसिद्ध व्यक्तित्वहरू (२०६१), नेपालका जनजातिहरू (२०६१), नेपालका दलितहरू (२०६२), नेपालका प्रमुख धार्मिक स्थलहरू (२०६२) । **सम्पादन/अनुवाद** : बेलायती राजवंशको प्रेमप्रसङ्ग र डायना (अनु. २०५८), गान्धी हत्या किन ? (अनु. २०५८), गान्धीको जीवनी (२०६०), गान्धी हत्या बयानसङ्ग्रह (सम्पादन, २०६१), यौनमनोविज्ञान (अनु. २०६१), फ्रायडको मनोविश्लेषण (२०६१), गान्धी हत्या र म (२०६१), हिटलरको यातनागृह (२०६१), ओथेलो (२०६२), म्याकवेथ (२०६२), नेहरूको आत्मकथा (२०६२) । **हालको ठेगाना** : का.म.न.पा. -६, वज्रमार्ग ४९८, काठमाडौँ । **फोन** : ४४८०५७६ ।

मधुसूदनप्रसाद घिमिरे

(बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ वैशाख ९, नयाँ बानेश्वर, काठमाडौँ । **माता/पिता** : चन्द्रप्रभा उपाध्याय घिमिरे, हरिप्रसाद घिमिरे । **शिक्षा** : आई.ए. । **सेवा** : निजामती, साहित्य । **पहिलो रचना** : प्रतीक्षा गीत (कविता, नयाँ सन्देश, २०३२) । **कृति/सृजना** : नलुकेको वास्तविकता (कथासङ्ग्रह, २०५३), सङ्गतको फल (बालकथासङ्ग्रह, २०५४), पुतलीको रङ्ग (बाल कवितासङ्ग्रह, २०५५), सौतेनी छोरो (कवितासङ्ग्रह, २०५६), माटोको माया (बाल कवितासङ्ग्रह, २०५८), सुनेको कथा (पौराणिक बालकथा, २०५८), छेपारोको घर (बालकथासङ्ग्रह, २०५९), तारी गाई (बालकथासङ्ग्रह, २०६०), कालो माला (बालकथासङ्ग्रह, २०६०), देखासिकी

(बालकथासङ्ग्रह, २०६२), मध्यान्तर (कथासङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान** : नवक्षितिज वाणी साहित्य पुरस्कार (२०५८), बाबा ओमवीरसिंह बस्नेत प्रतिभा पुरस्कार (२०६०) । हाम्रो नेपालद्वारा अभिनन्दन (२०५९) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौं । **फोन** : ४४८३०१७ ।

मनवज्र वज्राचार्य

(लेखक/चित्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ माघ, महाबौद्ध, मासंगल्ली, काठमाडौं । निधन : २०५७ पुस २२) । **माता/पिता** : तीर्थकुमारी वज्राचार्य, दुर्गावज्र वज्राचार्य । **शिक्षा** : स्वअध्ययन (आयुर्वेद र बौद्ध दर्शन), चित्रकला । **सेवा** : आयुर्वेद चिकित्सा चित्रकला, मूर्तिकला, अध्यापन (बौद्ध दर्शन) । **कृति/सृजना** : हाम्रा चाडपर्वहरूको विवेचना (२०२४), नेपाली संस्कृतिको परिधि (२०२८), मध्यकालीन कला (२०२८), एन आउटलाइन अफ आयुर्वेद (इ.सं. १९७५), पोषणको पूर्वीय सिद्धान्त (इ.सं. १९७८), स्वयम्भू पुराणको आधारमा उपत्यकाको पुराकथा (इ.सं. १९७८), आयुर्वेदीय वनस्पति तथा सामान्य उपचार (इ.सं. १९७९), स्तन क्यान्सर (इ.सं. १९८८), माइग्रेन (इ.सं. १९८८), अर्बुद उपचारमा आयुर्वेदीय प्रतिमान (१९८९), एकल चित्रकलाप्रदर्शनी पटक-पटक (मरणोपरान्त, २०४७ मा) । **सम्पादन/अनुवाद** : नेपाल आयुर्वेद पत्रिका । **पुरस्कार/सम्मान** : नेपाल आयुर्वेदीय संस्थाबाट अभिनन्दन सम्मान । **हालको ठेगाना** : का.म.न.पा. -३०, काठमाडौं (paac@wlink.com.np) । **फोन** : ४२२३९६० ।

मनबहादुर मुखिया (मनबहादुर सुनुवार)

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र २, बाब्रे गाउँ, दोलखा । **माता/पिता** : चन्द्रमाया, कृष्णबहादुर मुखिया । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : स्वतन्त्रता अनि वियोग (कथा, जनदूत पत्रिका, इ.सं. १९६६) । **कृति/सृजना** : अँध्यारोमा बाँच्नेहरू (एकाङ्की सङ्ग्रह, इ.सं. १९७२), अनि देउराली रुन्छ (नाटक, इ.सं. १९७४), फेरि इतिहास दोहोरिन्छ (एकाङ्कीसङ्ग्रह, इ.सं. १९७६), क्रसमा टाँगिएको जिन्दगी (नाटक, इ.सं. १९७८) । **सम्पादन/अनुवाद** : सेमिनार (सामयिक सङ्कलन, १९७४), खोजी (गोर्खा दुःख निवारण सङ्घको मुखपत्र, १९७५), दियालो (नेपाली साहित्य सम्मेलनको मुखपत्र, १९७७) । **पुरस्कार/सम्मान** : नाट्यकला निकेतन दार्जीलिङद्वारा नाट्य लेखन, निर्देशन र अभिनयका लागि प्रथम पुरस्कारहरू (१९६५ र १९६६), रत्नश्री स्वर्णपदक (१९७५), ने.रा.प्र.प्र. नाटक प्रतियोगितामा स्वर्णपदक र राजा वीरेन्द्रबाट नगद पुरस्कार (इ.सं. १९७६), जी.ए.ए. काठमाडौंद्वारा नाट्य निर्देशनको निम्ति प्रथम पुरस्कार । **हालको ठेगाना** : कुमारीगाल, गौरीघाट, काठमाडौं । **फोन** : ४४८७०५६, ९८५१०५४५६७ ।

मनरूप नेप्च्युन (शाही)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ साउन १५, सिपखाना -६, हिपकोट, कालीकोट । **माता/पिता** : कालिकादेवी शाही, बिर्खबहादुर शाही । **शिक्षा** : स्नातक (समाज विकास) । **सेवा** : गैरसरकारी सेवा । **पहिलो रचना** : कविता प्रकाशन (२०४०) । **कृति/सृजना** : सरगम (संयुक्तकवितासङ्ग्रह, २०४७), मेरी आमा (कवितासङ्ग्रह, २०४८), यक्ष प्रश्नहरू (कवितासङ्ग्रह, २०५३) । **सम्पादन/अनुवाद** : कर्णाली आवाज (हवाइपत्रिका, २०५०), अधिकार (मानवधिकारसम्बन्धी, २०५२), सारांश (मासिक, २०५५), भावना (चेतनामूलक कवितासङ्ग्रह, २०५६), साहित्य सन्ध्या (मासिक, २०५७) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४) । **हालको ठेगाना** : कोपुन्डोल, ललितपुर, पो.ब.नं. १३९०५ (manarups@gmail.com) । **फोन** : ५५३७६४५, ९८४१३५९९१० ।

मनुजबाबु मिश्र

(निबन्धकार/चित्रकार)

जन्म/स्थान : वि.सं. १९९३ भदौ जनै पूर्णिमा, बौद्ध, काठमाडौं । **माता/पिता** : रमासिंह भण्डारी, तुलसीसिंह मिश्र । **शिक्षा** : बी.एफ.ए. (बङ्गलादेश), एम.ए. (त्रि.वि.) । **सेवा** : निजामती, प्राध्यापन, चित्रकारिता । **पहिलो रचना** : नेपाली कला (लेख,

गोरखापत्र, २०१५) । **कृति/सृजना :** चङ्खे खरायो (बाल साहित्य, २०२७), चिल्ड्रेन्स पिक्टोरियल बुक (नेपाली र डेनिस भाषामा, इ.सं. १९८९-८०), प्लास्टिक कलाको विश्व इतिहास (इ.सं. १९८३), अन्तर्तरङ्ग, विश्वकलाको इतिहास (कला, २०४०), इसेज अन आर्ट (इ.सं. १९८५), कलाका आधारहरू (इ.सं. १९८८), मेरो चित्र मेरो छायाँ (निबन्धसङ्ग्रह, २०५१), एउटा कथाको कथाकार (२०५२), स्वप्न सम्मेलन (उपन्यास, इ.सं. १९९९), अन्तर्तरङ्ग (निबन्धसङ्ग्रह), निबन्धचित्र (निबन्धसङ्ग्रह), दूरान्तर (निबन्धसङ्ग्रह), लगायत १५ ओटा पुस्तक प्रकाशित (चित्रकलासम्बन्धी पुस्तकहरू, उपन्यास, निबन्ध, बाल साहित्यिक कृति, चित्रकलाको सिद्धान्त र चित्रकलाको इतिहास आदि) । चित्रकारका रूपमा चित्ररचनाहरू अनगिन्ती । नेपाल, फिनल्याण्ड, जर्मनी, डेनमार्क, पाकिस्तान, बङ्गलादेश, जापान, अफगानिस्तान, फिलिपिन्स, भारत आदि देशहरूमा थुप्रै एकल तथा सामूहिक चित्रकलाप्रदर्शनी । **सम्पादन/अनुवाद :** ललितकला पत्रिका (ने.रा.प्र.प्र., नाफा), ग्रामीण कला (ग्राम विकास पत्रिका, २०१४), पश्चिमेली कथाहरू (अनु. २०६२) आदि । **पुरस्कार/सम्मान :** चित्रकला प्रतियोगितामा प्रथम पुरस्कार (आर्टस् कलेज, ढाका, इ.सं. १९६४/६५), नगद पुरस्कार (राजा महेन्द्रबाट इ.सं. १९६७ / एसओएस, इ.सं. १९७३), शिक्षा मन्त्रालय, ई १९७४), शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथा (इ.सं. १९७५), विशेष पुरस्कार (रूस, इ.सं. १९८५), झपट पुरस्कार (इ.सं. १९९९), भूपालमानसिंह कार्की-भुमा कार्की पुरस्कार (इ.सं. १९९९) । **हालको ठेगाना :** हर्मिताज, बौद्ध, काठमाडौँ । **फोन :** ४४८७९८५ ।

मनिराज जोशी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ असोज २६, गाँजरी -१, डोटी । **माता/पिता :** वसुन्धरा जोशी, धर्मराज जोशी । **शिक्षा :** साधारण । **सेवा :** निजामती सेवा, समाजसेवा । **पहिलो रचना :** आमाको पुकार (कविता, साप्ताहिक वार्ता, महेन्द्रनगर, २०४३) । **कृति/सृजना :** बेहडा बाबाको उत्पत्ति र महिमा (स्थानपरिचय, २०४५), बालज्योतिसार (ज्योतिष, २०४९), आनन्दगीत (धार्मिक कवितासङ्ग्रह, २०५३), सरिता (खण्डकाव्य, २०५६), पहलमानसिंह स्वाँर (महाकाव्य, २०६१), वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता (२०६२), विनोनानन्दमणि (खण्डस्तुतिकाव्य, २०६२), दुई लाखको अर्ती (कथासङ्ग्रह, २०६२), ज्ञानमणि माला । **सम्पादन/अनुवाद :** महामाया (वार्षिक, २०५६), सुरभि (वार्षिक, २०५६), मालिका (वार्षिक, २०५६), टेकराज स्मृतिग्रन्थ (२०६१) । **पुरस्कार/सम्मान :** विभिन्न कविगोष्ठीहरूमा प्रथम तथा द्वितीय पुरस्कारहरू । सुदूरपश्चिमाञ्चल साहित्य समाजबाट अभिनन्दित, हिन्दू धर्म नारी आह्वान केन्द्रीय समितिद्वारा सम्मानित, नवरत्न साहित्य सङ्गमबाट अभिनन्दित । **हालको ठेगाना :** मणिग्राम, वसन्तटोल, धनगढी, कैलाली । **फोन :** ०९१-५२२७५० ।

मनु ब्राजाकी (सगर नासत्य, हेमन्द हरि, चेतमानसिंह भण्डारी)

(कवि/कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९९ साउन १९, नैनीगौरी, औरही, महोत्तरी । **माता/पिता :** शान्तिदेवी भण्डारी, लिप्तमानसिंह भण्डारी । **शिक्षा :** एस.एल.सी. । **सेवा :** स्वतन्त्र व्यवसाय, चित्रकारिता, साहित्य । **पहिलो रचना :** भ्याङ (कथा, अञ्चल सन्देश पत्रिका, जनकपुर, २०१९) । **कृति/सृजना :** अवमूल्यन (कथासङ्ग्रह, २०३८), आकाशको फल (कथासङ्ग्रह, २०४२), तिम्री स्वास्नी र म (कथासङ्ग्रह, २०४६), गजलगङ्गा (गजलसङ्ग्रह, २०५१), भविष्य यात्रा (कथासङ्ग्रह, २०५२), पारदर्शी मान्छे (कथासङ्ग्रह), आमालाई बेच्नु हुँदैन लाटा ! काँडाका फूलहरू (गजलसङ्ग्रह) । बुटपालिस आन्दोलनमा साहित्यकारहरू बुटपालिस गरेर बसेको चित्र लगायत थुप्रै चित्रकलाको सृजना । **सम्पादन/अनुवाद :** सङ्केत (सामयिक सङ्कलन, २०२८ सालमा छापिनासाथ प्रेसबाटै जफत भएको), । **पुरस्कार/सम्मान :** मैनाली कथा पुरस्कार (२०३९), साझा पुरस्कार (२०४६), गङ्गालक्ष्मी पुरस्कार (२०४७), सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५१), दायित्व प्रतिभा पुरस्कार (२०६१) । **हालको ठेगाना :** गौशाला, महोत्तरी /पो.ब.नं. २७८७, काठमाडौँ । **फोन :** २०४१३३७ / ५५३५३१४ ।

मनु मञ्जिल (टङ्कबहादुर खुलाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ असार १५, हटिया, मकवानपुर । **माता/पिता :** पद्मावती खुलाल, वासुदेव खुलाल । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** अध्यापन, प्राध्यापन, अनुवादन । **पहिलो रचना :** म (कविता, मालिङ्गो पत्रिका, २०४६) ।

कृति/सृजना : आँधीको आवेग (कवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : कोसेढुङ्गा (साहित्यिक मासिक, २०५४), कृष्णभूषण बल तथा भीष्म उप्रेतीका कविताहरू (२०६२), द लिटिल बुद्ध इन टोकियो (सहअनुवाद, २०६२) । **हालको ठेगाना** : इटहरी -८, सुनसरी /जुडीबेला -२, रौतहट । **फोन** : ०२५-५८०४१४ ।

मनोज गजुरेल

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० वैशाख २९, मामाखे, ताप्लेजुङ । **माता/पिता** : इन्द्रमाया गजुरेल, भवानीप्रसाद गजुरेल । **शिक्षा** : स्नातक (पत्रकारिता) । **सेवा** : रेडियो कार्यक्रम, रङ्गमञ्च प्रस्तुति, अभिनय । **पहिलो रचना** : इतिहासलाई फर्किएर हेर्दा (युगान्तर साप्ताहिक, २०४७) । **कृति/सृजना** : लुखास्त (हास्यव्यङ्ग्य-सङ्ग्रह, २०५८), हनुम्यान (हास्यव्यङ्ग्यसङ्ग्रह, २०६०), हास्यव्यङ्ग्य गीतिएल्बम आठवटा, दर्जनौं पटक रङ्गमञ्चीय प्रस्तुति । **सम्पादन/अनुवाद** : सिस्नुपानी (हास्यव्यङ्ग्य पत्रिका), डामाडोल (मासिक पत्रिका), डामाडोल (इन्टरनेट पत्रिका) । **पुरस्कार/सम्मान** : नवरङ्ग सम्मान (झापा), नवरङ्ग मानकदर, नेपाली समाज जापानबाट सम्मान (२०५९) । **हालको ठेगाना** : पो.ब.नं. ७०५०, काठमाडौँ / धरमपुर -८, झापा (mgajurel@gmail.com) । **फोन** : २०५०२८०, ९८५१०७०५२८ ।

मनोज न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ साउन १६, गोगने, भोजपुर । **माता/पिता** : कृष्णा न्यौपाने, शिवकुमार न्यौपाने । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : त्यस्तो स्वर्ग चाहिँदैन (कविता, एटमबम साप्ताहिक, भारत, २०४१) । **कृति/सृजना** : आगोमा उभिएको दुबो (कवितासङ्ग्रह, २०६२), आगोको मूर्च्छना (काव्य, २०६२), रगतको दरबार (काव्य, २०६७), अन्तिम (गजलसङ्ग्रह, २०६९) । **सम्पादन/ अनुवाद** : नानी (बाल मासिक, २०५७), शिवपुरी सन्देश (त्रैमासिक), स्रष्टा, चैत्र ३० (स्रष्टा आन्दोलनको आलेखन, २०६३), अन्तिम (गजलसङ्ग्रह) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. राष्ट्रिय कविता महोत्सव - प्रथम (२०६२), षडानन्द प्रतिभा पुरस्कार (२०६२), श्रीकृष्ण पुडासैनी अभिनव गजल पुरस्कार (२०६८), गजलश्री सम्मान (२०६०), वनिताश्री सम्मान (२०६१), लोकतान्त्रिक वाङ्मय सम्मान (पोखरा, २०६३), समता काव्य सम्मान (पोखरा, २०६७) । **हालको ठेगाना** : विराटनगर -४, मोरङ/ काठमाडौँ । **फोन** : ०२१-५२५७६५, ९८४१५००५०१ ।

मनोरमा तुलाधर

(कवि, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९५२ नोभेम्बर २८, तलाछीटोल, काठमाडौँ । **माता/पिता** : न्हुछेँमाया तुलाधर, बुद्धिरत्न तुलाधर । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, नेपालभाषा) । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : निपासः (समीक्षात्मक लेखसङ्ग्रह, २०५४) । **हालको ठेगाना** : कमलादी, काठमाडौँ । **फोन** : ४२२४२३० ।

मनोहरमान पुन

(चित्रकार)

जन्म/स्थान : वि.सं. १९७१ माघ, मरुटोल, काठमाडौँ । **पिता** : वीरमान चित्रकार । **शिक्षा** : चित्रकलामा स्वाध्ययन । **सेवा** : वि.सं. १९९६ मा बम्बईको प्रकाश फिक्चर कम्पनी पोस्टर आर्टिस्ट । २००६ सालमा दार्जीलिङमा कला साधना । **कृति/सृजना** : एकल कलाप्रदर्शनी (२०२५, २०३९, काठमाडौँ, २०४२ लन्डन, २०४५ जर्मनी), बेलायत, भारत, जर्मनीमा चित्रहरू सङ्गृहीत । **पुरस्कार/सम्मान** : वि.सं. १९९६ मा बम्बई आर्ट सोसाइटीद्वारा आयोजित सोसाइटी स्वर्ण जयन्तीमा प्रदर्शनीमा सोसाइटी पदक प्राप्त ।

मनोहरा (सुशीलारानी राणा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ माघ २०, ठमेल, काठमाडौँ । **माता/पिता :** योगराज्यलक्ष्मी शाह, योगविक्रम शाह । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** राजप्रासाद सेवा, सहसचिव । **पहिलो रचना :** स्वास्नी मान्छेको जीवन (कविता, भारती, वर्ष ४, दार्जीलिङ, २००६) । **कृति/सृजना :** घाँसको फूल (कवितासङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान :** राजप्रासाद सेवा पदक (२०२३), गोरखा दक्षिणबाहु चौथा (२०३०), शुभराज्याभिषेक पदक (२०३१), त्रिशक्तिपट्ट चौथा (२०४२), दीर्घसेवा पदक (२०४७) । **हालको ठेगाना :** धोबीघाट, ललितपुर । **फोन :** ५५३४३९३ ।

मल्ल के. सुन्दर (कृष्णसुन्दर मल्ल)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०६८, यँद्यापुन्ही, थायमरु, काठमाडौँ । **माता/पिता :** तुलसीमाया मल्ल, योगेन्द्रप्रसाद मल्ल । **शिक्षा :** एम.ए. (नेपालभाषा) । **सेवा :** पत्रकारिता, मानवाधिकार, राजनीति । **पहिलो रचना :** कन्नाचायापुगु किपा (कविता, सितु पत्रिका, ने.सं. १०८७) । **कृति/सृजना :** नसना (उपन्यास, ने.सं. ११०३), लुमन्ति किच: (यात्रा, ने.सं. ११०९), नेपालभाषा न्हूँ चिनाखँ (वि.सं. २०३८), झी नेवा: (ने.सं. १११४), नेवात:तय् सङ्गठनात्मक आन्दोलन, ने.सं. १११५) । **सम्पादन/अनुवाद :** इनाप (साप्ताहिक, पत्रिका, ने.सं. ११०३), म्हालकायँचा व मेमेगु बाखं (अनु., ने.सं. ११०९), यक्षी (उपन्यास, अनु., ने.सं. १११४), आदिवासी अधिकार व जनपैरवी (ने.सं. ११२५) । **हालको ठेगाना :** बाङ्गेमुढा, काठमाडौँ । **फोन :** ४२५९०६० ।

म.वी.वि. शाह (महेन्द्रवीरविक्रम शाह)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७७ जेठ ३०, नारायणहिटी राजदरबार । निधन : २०२८ माघ १७, दियालो बङ्गाला, चितवन । **माता/पिता :** कान्तिराज्यलक्ष्मीदेवी शाह, त्रिभुवन वीरविक्रम शाह । **शिक्षा :** स्वाध्याय, संस्कृत, नेपाली, अङ्ग्रेजी, हिन्दी भाषाका ज्ञाता, मानार्थ विद्यावारिधि । **सेवा :** राष्ट्रसेवा, नेपालको राजाका रूपमा वि.सं. २०११ मा गद्दीआरोहण, निर्दलीय पञ्चायती शासनप्रणालीको स्थापना गरी मुलुकी ऐन, भूमिसुधार कार्यक्रम, विकेन्द्रीकरण, असंलग्न परराष्ट्र नीति, गाउँ फर्क राष्ट्रिय अभियान, राष्ट्र बैङ्क, त्रिभुवन विश्वविद्यालय, प्रज्ञा-प्रतिष्ठान, पूर्व-पश्चिम राजमार्ग आदि सञ्चालन । साहित्य सेवा । **कृति/सृजना :** उसैको लागि (गीतसङ्ग्रह, २०१५), फेरि उसैको लागि (गीतसङ्ग्रह, २०२१), अझ उसैको लागि (गीतसङ्ग्रह, २०४५) । **पुरस्कार/सम्मान :** डे होइट विश्वविद्यालयबाट 'डाक्टर अफ ल'को उपाधि, बनारस हिन्दू विश्वविद्यालयबाट 'डाक्टर अफ लिटरेचर'को उपाधि । 'कवि राजा'को रूपमा जनसम्मान प्राप्त देशभक्त नरेश ।

महादेव अधिकारी

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ मङ्सिर १६, मिर्लुङ-३, तनहुँ । **माता/पिता :** सावित्रा अधिकारी, चन्द्रबहादुर अधिकारी । **शिक्षा :** प्रवेशिका (अनौपचारिक) । **सेवा :** सैनिक सेवा । **पहिलो रचना :** आमाको महत्त्व (कथा, सेती समाचार, २०५७) । **कृति/सृजना :** नेपालीहरूका ढुकढुकी स्व. श्री ५ वीरेन्द्र (निबन्धसङ्ग्रह, २०६०), विवश हृदय (कथासङ्ग्रह, २०६१), पुष्पलता क्रान्तिदेखि शान्तिसम्म (गीतिकाव्य, २०६२), वेदना आमाको (गीतसङ्ग्रह) । **हालको ठेगाना :** बुढानीलकण्ठ-५ पासिकोट, काठमाडौँ ।

महादेव अवस्थी

(समीक्षक)

जन्म/स्थान : वि.सं. २०१६ कात्तिक १०, गाँजरी-१, बैतडी । **माता/पिता :** रुक्मिणी अवस्थी, कृपाचार्य अवस्थी । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली साहित्य) । **सेवा :** प्राध्यापन, अनुसन्धान, साहित्य, ने.प्र.प्र. (प्राज्ञ परिषद् सदस्य,

२०६६) । **पहिलो रचना :** बैतडेली उपभाषिका : एक अध्ययन (लेख, ऐँसेलु मुखपत्र, २०३४) । **कृति/सृजना :** बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग (अनुसन्धानात्मक ग्रन्थ, २०४५), अनिवार्य नेपाली कृतिसमीक्षा (२०५५), अनिवार्य नेपाली व्याकरण (२०५६), बैतडेली भाषिकाका केही पक्ष (२०५८), प्रकीर्ण पर्यवेक्षण (२०५८), लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कृतित्वको अन्त:सम्बन्धको विवेचना (२०५८), लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता (२०६१), आधुनिक नपाली महाकाव्य र खण्डकाव्यको विमर्श (२०६४), एकता बुक्सका पच्चीस वर्ष (२०६४), बालसाहित्यका विधा र तिनको लेखनप्रक्रिया (२०६५), खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा र 'सृजामाता' खण्डकाव्य (२०६५) लगायत कक्षा १ देखि १२ सम्मका विविध पाठ्यपुस्तकहरूको सहलेखन । बी.ए., एम.ए. का अन्य थुप्रै पाठ्यपुस्तकहरू लेखन । **सम्पादन/अनुवाद :** झपट स्मृतिग्रन्थ (२०४९), नेपाली कथा (सह., भाग १-३, २०४८-२०५५), सरल नेपाली व्याकरण र रचना (सह., भाग क, ख र १-८, २०४८), निम्न माध्यमिक नेपाली व्याकरण (सह., २०४८), नेपाली साहित्य शृङ्खला (सह., भाग १-२, २०५२), नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति (सह., २०५३), अनिवार्य नेपाली कृतिसमीक्षा (सह., २०५५), अनिवार्य नेपाली व्याकरण (सह., २०५६), बुद्धिको पदोन्नति (सह., २०५६), अनिवार्य नेपाली बोध र अभिव्यक्ति (२०५६), नयाँ नेपाली शृङ्खला (सह., भाग क, ख र १-१०, २०५६), नेपाली बाल विश्वकोश (सह., २०६०), झस्किएको सिन्दूर (२०६६), तेजप्रकाश श्रेष्ठका कथाहरू (२०६७), एकता बृहत् नेपाली-अङ्ग्रेजी कोश (सह., २०६७), बाह्रौँ खेलाडी (२०६६), नेपाली भाषा सङ्गोष्ठी-२०६७ (२०६८), एक चिहान (२०६७), सबैको नेपाली (२०६७), प्रज्ञा (२०६७), एकता कम्प्रेहेन्सिभ इङ्ग्लिस-नेपाली डिक्सनरी (सन् २०१०), देवकोटा व्याख्यानमाला (२०६९) । हाइस्कुल इङ्ग्लिस ग्रामर एण्ड कम्पोजिसन (अनुवाद) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क' र 'ख', लारी स्वर्णपदक, झपट पुरस्कार (२०४९), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार (२०५८), नइ ईश्वर बराल समालोचना पुरस्कार (२०६७) । **हालको ठेगाना :** कीर्तिपुर, काठमाडौँ । **फोन :** ९८४१५६७३६५, ४६७०७६१ ।

महानन्द सापकोटा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५३ वैशाख ३०, देवानछाप, इलाम । निधन : वि.सं. २०३५ असार १, विराटनगर । **माता/पिता :** सरस्वतीदेवी, रामचन्द्र सापकोटा । **शिक्षा :** म्याट्रिकुलेसन । **सेवा :** अध्यापन, राजनीति (शिक्षामन्त्री), साहित्य । **कृति/सृजना :** मनलहरी (झ्याउरे गीत, १९८०), आहुति (२००६), अपुङ्गो (दार्शनिक कृति, २००७), विशाल नेपाल (२००८), अन्नु, आशा, आँसु (२००८), हाम्रो नेपाल (गीति-कविता, २००८),सुखको बाटो र नेपाल कस्तो हुनुपर्छ (चिन्तन, २००८), आँटे (कवितासङ्ग्रह, २००९), हाम्रो साहित्य (भाग १-५, २०१५), ध्वनिको धन्दा (२०२०), खस र खसभाषा (भाषा विषयक -२०२०), सरि शब्द (कोश, २०२१), जनजिब्रो (भाषा, २०२१), चानचुन (२०२२), हाम्रा क्रियान्वयी व्यञ्जना (२०२६), नेपाली निर्वचनको रूपरेखा (२०२७), कीर्ति राना (२०२७), सापकोटा निबन्धावली (निबन्धसङ्ग्रह, २०२९), पौराणिक कथा आधुनिक प्रकाशमा फिँजाई हेर्दा (२०३०), नेपाली शब्द परिचय (२०३४), नेपाली धातु परिचय (२०३४), नखाऊ (२०३४), नेपाली व्याकरणमा प्रस्तावना (२०३४) । **सम्पादन/अनुवाद :** नेपाली भाषा-निबन्धसङ्ग्रह । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०२७), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०३१), दुलिचन्द स्वर्णपदक (भारत), गोरखा दक्षिणबाहु । विराटनगर नगर पञ्चायतद्वारा अभिनन्दन (२०३१) ।

महाशङ्कर देवकोटा

(लोकगीत अन्वेषक)

जन्म/स्थान : वि.सं. १९९२ वैशाख २९, बोहोरा गाउँ, जुम्ला । **माता/पिता :** अम्बिकादेवी देवकोटा, कालिदास देवकोटा । **शिक्षा :** प्रवेशिका । **सेवा :** अध्यापन, सामाजिक सेवा । **पहिलो रचना :** जुम्लाका लोकगीत (वेन्नु पत्रिका, २०२६) । **कृति/सृजना :** चन्दननाथ, दत्तात्रेय र जुम्लाका देवदेवीहरू (२०६१) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु (चौथो, पाँचौँ), शुभराज्याभिषेक पदक (२०३१), सेवा पदक, राष्ट्रिय शिक्षा पुरस्कार, लोकसाहित्य अनुसन्धान प्रथम पुरस्कार (ने.रा.प्र.प्र.), रेडियो नेपाल उच्च गायनकला प्रतियोगी पुरस्कार । **हालको ठेगाना :** स्वामी कार्तिक -२, जुम्ला ।

महीश्वरराज वज्राचार्य

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९६ कात्तिक २३, न:टोल, ललितपुर ।



माता/पिता : चन्द्रदेवी, गणेशराज (आशाकाजी) वज्राचार्य । **शिक्षा** : डिप्लोमा (सिभिल इन्जिनीयरिङ), बी.ए. **कृति/सृजना** : ललितपुरको रथयात्रा (२०५०), बुद्धवादको सारांश (२०५१), बुद्धवादमा कर्म र पुनर्जन्म (२०५२), श्री आर्यतारा स्तुति (परित्राण पाठ, नेपाल/नेपाली भाषा, २०५३), दीपंखा महोत्सव (नेपाल/नेपाली भाषा, २०५७), लोकेश्वर माहात्म्य (२०५८), महायान धर्ममा मद्य मांसको प्रयोग (२०५९), वज्रयान चर्याय् गुरुमण्डल पूजाया रहस्य (नेपाल भाषा, २०६०), सिद्धार्थ जन्मया पृष्ठभूमि (नेपाल भाषा, २०६२), सद्धर्म (कथासङ्ग्रह, नेपाल भाषा, २०६६), बुद्धधर्ममा मद्य मांसको प्रयोग : एक समीक्षात्मक अध्ययन (२०६६), बुद्ध धर्म : केही प्रसङ्ग (२०६७), । **सम्पादन/अनुवाद** : बुद्धयान (स्मारिका), बुद्धयान (बुलेटिन), बौद्ध (आलेखसङ्ग्रह, २०६१), २५५१ औँ बुद्ध जयन्ती स्मारिका (२०६४), रत्नत्रय स्मारिका (२०६४), आर्य नामसङ्गीति तथा अष्टोत्तरशत तारानाम-स्त्रोत्र (२०६३) । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ-संस्थाहरूद्वारा नगद पुरस्कार, अभिनन्दनपत्र, सम्मान प्राप्त । **हालको ठेगाना** : नःटोल, ललितपुर । **फोन** : ०१-५५३४२७७, ९८४१८८१८७० ।

महेन्द्र गिरी 'अप्रिय'

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०१२ मङ्सिर २०, उत्तरगङ्गा -४, फलाँटे, सुर्खेत । **माता/पिता** : नर्वदा गिरी, हरिभक्त गिरी । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन (त्रि.वि.), नाट्यक्षेत्र सेवा, सामाजिक सेवा । **पहिलो रचना** : शान्तिको खोज (निबन्ध, सुर्खेती अङ्क २, २०३०) । **कृति/सृजना** : तातो रगतको प्रतिज्ञा (२०३१), दिवास्वप्न (२०४४), मरुभूमिको कथा (२०४९), मानसम्मान (२०५५), ठूलो घरको इज्जत (२०५५), घरझगडा (२०५९) आदि नाटकहरू प्रदर्शित/प्रसारित/मञ्चित । **सम्पादन/अनुवाद** : सुर्खेती (कला/साहित्य चौमासिक, २०४७), साहित्य कोसेली (सुर्खेती कल्याण समाज) । **पुरस्कार/सम्मान** : प्याब्सन सुर्खेतबाट साहित्य क्षेत्रमा योगदान गरेबापत सम्मान (२०५८), वीरेन्द्रनगर बहुमुखी क्याम्पस स्थापनामा गरेको सहयोगबापत सम्मान (२०६२), प्रलेस सुर्खेतलाई सहयोग गरेबापत सम्मान (२०६२) । **हालको ठेगाना** : वीरेन्द्रनगर - ६, सुर्खेत (girim.p@hotmail.com) । **फोन** : ०८३५२०४६८/५२१८१८ ।

महेन्द्र गुरूङ

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ असोज २१, रूम्जाटार, ओखलढुङ्गा । **माता/पिता** : रमादेवी गुरूङ, कृष्णबहादुर गुरूङ । **शिक्षा/विषय** : स्नातकोत्तर (जलस्रोत इन्जिनीयरिङ) । **सेवा** : साहित्य, निजामती (सहसचिव), । **पहिलो रचना** : नेपालमा सिँचाइको संस्थागत विकास (२०४९) । **कृति/सृजना** : बिहान (कवितासङ्ग्रह) । **पुरस्कार/सम्मान** : बनिता सम्मान (२०६३), तन्नेरी सम्मान (२०६४), राष्ट्रिय तमु अभिनव पुरस्कार (२०६६) । **हालको ठेगाना** : १९ धसुदम्ब मार्ग हाँडीगाउँ, काठमाडौँ । **फोन** : ९८४१३१३६५३ ।

महेन्द्रजङ्ग शाह

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०२७ असार १, धनगढी-३, कैलाली । **शिक्षा** : स्नातक । **सेवा** : अभिनय, प्रशिक्षक । **पहिलो रचना** : फेसन सो (मोडेल, इ.सं. १९८९) तथा वि.सं. २०४२ देखि नाटकहरूमा अभिनय । **कृति/सृजना** : अभिनित प्रमुख नाटकहरू : बाले उइरूकी गैरलाजयी उत्थान, गड्वालकी पुकार, सरुभक्त को 'कोलाज', बालकृष्ण समको 'प्रेम', कृष्ण शाह यात्रीको 'दोषीस्वरूप' आदि लगायत एक दर्जनजति नाटकहरूमा अभिनय । **पुरस्कार/ सम्मान** : चरित्र अभिनेताको रूपमा पुरस्कृत (दोषीस्वरूप नाटक, २०५९) । **हालको ठेगाना** : धनगढी न.पा.-५, कैलाली / घर नं. ४०, शीतल गल्ली, रातोपुल, काठमाडौँ (mjungshah@yahoo.com) । **फोन** : ०९१-५२४०७४/४४२४८९१ ।

महेन्द्रप्रसाद दुलाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७९ साउन १३, बागबजार, काठमाडौँ ।



माता/पिता : कृष्णकुमारी दुलाल, बद्रीनाथ दुलाल । **शिक्षा :** नेपाली एघार पास । **सेवा :** सरकारी न्याय सेवा । **पहिलो रचना :** अनुशासन र पञ्चपद्धति (कविता-सङ्ग्रह, २०२३) । **कृति/सृजना :** इ.सं. १९५० को नेपाल-भारत सन्धि (२०४८), श्री भीम मुकुट र छत्तीस वर्णकी ईश्वरीको कथा । **सम्पादन/अनुवाद :** श्रीगायत्री सहस्र नाम (नेपाली अनुवाद, २०३८) । **पुरस्कार/सम्मान :** त्रिशक्तिपट्ट (२०२२), गोरखा दक्षिणबाहु (२०१९) । **हालको ठेगाना :** बागबजार, काठमाडौं । **फोन :** ४२४५९६९ ।

महेश आचार्य

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०२९ मङ्सिर २२, रत्नपुर -२, स्याङ्जा । **माता/पिता :** सीता आचार्य, वेदप्रसाद आचार्य । **शिक्षा :** बी.एफ.ए. (चित्र, डिजाइन), बी.एल., एम.ए. (राजनीतिशास्त्र) । **सेवा :** अध्यापन, चित्रकला । **पहिलो रचना :** करुणा (चित्र, साइनपेनद्वारा, २०४०) । **कृति/सृजना :** एकल तथा सामूहिक चित्रकलाप्रदर्शनी (इ.सं. १९९२ देखि २००५ सम्ममा करिब एक दर्जनपटकभन्दा बढी संलग्नता), नेपाललगायत अमेरिका, टर्की, फ्रान्स, जर्मनी, जापान, डेनमार्क, इटाली, नर्वे आदि थुप्रै देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान :** चित्रकलामा केही पुरस्कार । **हालको ठेगाना :** रत्नपुर -२, स्याङ्जा / (macharya9@yahoo.com) । **फोन :** ९८४१२१९१२४, ०७१-५२४८६६ ।

महेशचन्द्र रेग्मी

(इतिहासकार)



जन्म/स्थान : वि.सं. १९२९ डिसेम्बर २९, नक्साल, काठमाडौं । निधन : २०६० असार २६ । **माता/पिता :** पद्मप्रिया, कृष्णचन्द्र रेग्मी । **शिक्षा :** स्नातक । **सेवा :** निजामती सेवा, अनुसन्धान । **पहिलो रचना :** सम एस्पेक्ट अफ ल्याण्ड रिफर्म (२०१४) । **कृति/सृजना :** नेपालको भूमि सम्वन्ध (इ.सं. १९६०), ल्याण्ड टेनर एन्ड ट्याक्सेसन इन नेपाल (भाग १-४), द ल्याण्ड सिस्टम : रैकर टेनर (भाग १, इ.सं. १९६३), विर्ता टेनर (भाग २, इ.सं. १९६४), किपट टेनर (भाग ३, इ.सं. १९६५), नेपालको आर्थिक इतिहास (इ.सं. १९७१), ए स्टडी इन नेपाली इकोनोमिक हिस्ट्री १७६८-१८४६ (इ.सं. १९७२), एन इकोनोमिक हिस्ट्री अफ नेपाल १८४६-१९०१ (इ.सं. १९८८), किङ्ग्स एन्ड पोलिटिकल रिडर्स इन द गोर्खाली इम्पायर (इ.सं. १९९६) । **पुरस्कार/सम्मान :** रामोन म्यागासेसे पुरस्कार (पत्रकारिताका निम्ति, इ.सं. १९७७), पोल्सान पुरस्कार (इ.सं. १९९९) । **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौँ । **फोन :** ४४११९२७ ।

महेश चौधरी

(लेखक, नेपाली तथा थारूभाषा)

जन्म/स्थान : वि.सं. २००७ कात्तिक १३, हेलुकी, बैबाङ, दाङ । **माता/पिता :** सूर्यवती चौधरी, कविराम चौधरी । **शिक्षा :** एम.ए. (भूगोल) । **सेवा :** अध्यापन, प्राध्यापन, राजनीति (पूर्व मन्त्री), सभासद् । **पहिलो रचना :** माई भिलेज (अङ्ग्रेजी कविता, ज्योत्स्ना, २०२७) । **कृति/सृजना :** माँगर २०२८), बडकी मार (महाभारत (२०३८), गुरु वाबक् जलमौती (२०३९), सङ्कट छारा (गीतिनाट्य, थारूभाषा), थारू भाषक् लिरौसी (व्याकरण, २०५६), झुँमरा (२०३९), थारू समाजको भाषा वैज्ञानिक अध्ययन (२०६२), थारू-नेपाली (कवितासङ्ग्रह), नेपालको तराई तथा यसका भूमिपुत्रहरू (२०६८), द हिडेनट्रेजर अफ द लो ल्याण्ड (२०६९) । **सम्पादन/अनुवाद :** गोचाली (थारूभाषा, २०२८) । **पुरस्कार/सम्मान :** यादव प्रतिभा पुरस्कार (राप्ती साहित्य परिषद्, २०५२), क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६६), थारूहरूका ५ ओटा संस्थाहरूबाट सम्मान । **हालको ठेगाना :** त्रिभुवननगर -११, दाङ (gmbs@wlink.com.np) । **फोन :** ०८२-५६००६२, ५६०४९६, ९७२१५४३८६१ ।

महेश पाल्पाली (दौलतविक्रम शाह)

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. १९९५ पुस, शिलखान टोल, पाल्पा । **माता/पिता :** ऋद्धिकुमारीदेवी शाह, घनश्यामविक्रम शाह । **शिक्षा :** एस.एल.सी. । **सेवा :** सङ्गीत, साहित्य र कलाकारिता ।



पहिलो रचना : अतीतको सम्झना (नाटक मञ्चन) । **कृति/सृजना :** सुरक्षा (सडक नाटक), नारीको व्यथा (सडक नाटक), अतीतको सम्झना, कुकुरी काँ, मेरो शान, युगबोध आदि नाटक मञ्चन, प्रदर्शन । विभिन्न गीत तथा सङ्गीतको सृजना । **पुरस्कार/सम्मान :** बुटवल प्रतिष्ठान (२०६०), बागेश्वरी सङ्गीतालय, उद्योग वाणिज्य सङ्घबाट अभिनन्दित । **हालको ठेगाना :** बुटवल न.पा. -९, रूपन्देही ।

महेश प्रसाई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज २१, मणिपुर, भारत । **माता/पिता :** धरणीदेवी, गणेशप्रसाद प्रसाई । **शिक्षा :** एम.बी.ए., बी.एल. । **सेवा :** पत्रकारिता, प्राध्यापन । **पहिलो रचना :** वर्षा (कविता, पीपल साहित्यिक पत्रिका, २०२९) । **कृति/सृजना :** भूमिका पछि (मुक्तकसङ्ग्रह, २०३३), अग्निको प्राग्भूमिमा (कवितासङ्ग्रह, २०४२), केही चकमक र शिखाहरू (कवितासङ्ग्रह, २०५१), नि:सृत समुद्र र कालो तिर्खा (कवितासङ्ग्रह, २०५२), प्रत्यञ्चाको बादल (कवितासङ्ग्रह, २०५४), शब्द वस्त्रमा रूपको नदी (काव्य -२०५८), शब्द सारथि (लेख निबन्धसङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद :** कान्तिश्री (सामयिक सङ्कलन, २०३०), विचार (सामयिक सङ्कलन), प्रकाश (मुखपत्र, २०३१), नेपाली मासिक (२०३४), विचार (सामयिक सङ्कलन, २०३६), बहस (साप्ताहिक, २०३९), समाचारपत्र (२०३९), निष्कर्ष दैनिक (२०३९), साहित्यकारत्रय कृतित्व : एक अध्ययन (पुस्तक, २०५१), विमल कोइरालाका कविता र वार्ताहरू (२०५९), महेश प्रसाईंका एक सय एक प्रश्न कमल दीक्षितसित (२०५९), भारतीय नेपाली कवितावृत्तमा : डा. पवन चामलिङ (२०६२) । **पुरस्कार/सम्मान :** प्रतिभा पुरस्कार (२०४२), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (संयुक्त रूपमा, २०५१), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), व्यथित काव्य पुरस्कार (२०५७) । धरणी सम्मान (२०५५), कामेश्वर पोद्दार स्मृति सम्मान (इ.सं. १९९६) आदि । **हालको ठेगाना :** जडीबुटी, कोटेश्वर, काठमाडौँ । **फोन :** ६६३४५१७, ९८४१४१६७८८ ।

महेश रेग्मी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२२ भदौ १३, मेहलधारा, तानसेन, पाल्पा । **माता/पिता :** उमादेवी शर्मा, कृष्णदेव शर्मा । **शिक्षा :** एम.ए. (समाजशास्त्र) । **सेवा :** साझा प्रकाशन, सामाजिक, राजनैतिक । **पहिलो रचना :** युवाहरूलाई आह्वान (कविता, २०३८) । **कृति/सृजना :** समय नेपथ्यमा (कवितासङ्ग्रह, २०५६), आज तिमीलाई सम्झिँदा (कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद :** उपमा (साहित्यिक मासिक, २०५०) । **पुरस्कार/सम्मान :** गद्दीआरोहण रजत-महोत्सव पदक (२०५५) । **हालको ठेगाना :** ट्याङ्ग्ला फाँट, कीर्तिपुर, काठमाडौँ । **फोन :** ०७५-५२०२७३, ९८४१३१३२६२ ।

महेशविक्रम शाह

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२२ भदौ १५, कालीमाटी, अछाम । **माता/पिता :** विमला शाह, सुरतबहादुर शाह । **शिक्षा :** एम.पी.ए., बी.एल., बी.एस्सी. । **सेवा :** प्रहरी सेवा, साहित्य । **पहिलो रचना :** आमा (कथा, साप्ताहिक वार्ता, महेन्द्रनगर, २०३७) । **कृति/सृजना :** सटाहा (कथासङ्ग्रह, २०५३), सिपाहीकी स्वास्नी (कथासङ्ग्रह, २०५९), अफ्रिकन अमिगो (कथासङ्ग्रह, २०६०), छापामारको छोरो (२०६३), काठमाडौँमा कामरेड (२०६५) । थुप्रै नाटक तथा कथाहरू (विभिन्न नाट्य समूहद्वारा) मञ्चन तथा चलचित्र तथा टेलिचलचित्र निर्माण भएको । **सम्पादन/अनुवाद :** टीकापुर आवाज (साहित्यिक सँगालो, २०४५), सेट्स स्मारिका (२०४६), अनुराग (साहित्यिक त्रैमासिक, २०४६), वैद्यनाथ क्षेत्र स्मारिका (२०५०), गुरुकुल (वार्षिक पत्रिका, २०६२) । **पुरस्कार/सम्मान :** जिल्लास्तरीय निबन्ध प्रतियोगितामा पटक-पटक प्रथम पुरस्कार (कैलाली, २०३५/३७), गोविन्दचन्द्र गौतम दीपवती देवी स्मृति पुरस्कार (२०६०), मैनाली कथा पुरस्कार (२०६१), लोकेन्द्र साहित्य पुरस्कार (२०६१), मदन पुरस्कार (२०६३) । बगर सम्मान (२०५९), प्रहरी प्रधान कार्यालय सम्मान (२०६४), सुदूर पश्चिमाञ्चल साहित्य सम्मान (२०६४), सुदूर पश्चिमाञ्चल सरोकार मञ्च

सम्मान (२०६५), फूलबारी एफ.एम. सम्मान (२०६७), भेरी साहित्य समाज सम्मान (२०६८), नेपालगञ्ज लायन्स क्लव सम्मान (२०६८) । **हालको ठेगाना** : काठमाडौँ । **फोन** : ४४४६३३३, ९८५१०४१५३७ ।

महेश्वर राय

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४१ मार्च २०, बखरीभार, महोत्तरी । **माता/पिता** : जानकीदेवी राय, युगेश्वर राय । **शिक्षा** : एम.ए. (हिन्दी) । **सेवा** : निजामती सेवा, राजनीति । **कृति/सृजना** : अरुणोदय (हिन्दी, कवितासङ्ग्रह, २०२९), काली-सेतीका छालहरू (२०४०), सीताको माटोदेखि लिङ्कनको देशसम्म (यात्रा वर्णन, २०४३), पिरामिडको देशमा (२०४५), नीलनदीको छायाँमा (२०५२), झापा : माटो र मानिस । **सम्पादन/अनुवाद** : महोत्तरी बोध । **हालको ठेगाना** : अनकार -८, महोत्तरी ।

महेश्वर शर्मा (अंशुमाली, श्रीमहेश)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ माघ १२, थुमगाउँ, स्याङ्जा । **माता/पिता** : यशोदादेवी, प्रेमनारायण उपाध्याय । **शिक्षा** : स्नातकोत्तर (त्रय), व्याकरणाचार्य (संस्कृत, नेपाली र बीआईएमएस) । **सेवा** : निजामती । **पहिलो रचना** : अङ्गुठी (निबन्ध, युगवाणी पत्रिका, बनारस, २००८) । **कृति/सृजना** : पञ्चायती राजकाज (२०२२), रन्थमोल (जागिरे यात्राको इतिवृत्त, २०५०), कालखण्ड (उपन्यास, २०५१), तर ... तापनि (निबन्धसङ्ग्रह, २०५१), उन्माद (उपन्यास, २०५१), बसिबियाँलो (कथासङ्ग्रह, २०५३), अस्तित्वको खोजीमा (निबन्धसङ्ग्रह, २०५३), वरं न राज्यम् ... (लेखसङ्ग्रह, २०५३), देवघाट (उपन्यास, २०५४), योगमाया (उपन्यास, २०५४), कुरा र कुरा (२०५५), स्याङ्जाका चौबीसे राज्य ... (इतिहास, २०५६), उरालिएका स्वर (निबन्धसङ्ग्रह, २०५९), स्थिर यात्रा (कवितासङ्ग्रह, २०५९), जैन खाँण (ऐतिहासिक उपन्यास, २०६१), बाल सूक्ति सङ्ग्रह (२०६१), कथा कहरको (उपन्यास, २०६३), मुर्कट्टा (उपन्यास, २०६६), एउटा क्रूर कथा (नाटक, २०६८) । **सम्पादन/अनुवाद** : गण्डकी (साप्ताहिक, २०१९), साहित्यधारा (त्रैमासिक, २०२०), पञ्चध्वनि (सामयिक सँगालो, २०२०), अभियान (पाक्षिक, २०२५), रजस्थल (साहित्यिक त्रैमासिक, २०५७), पौडेल वंशावली (२०६०), स्याङ्जाको साहित्यिक चिनारी (२०६०), फिनल्याण्ड : मिथक र वास्तविकता (सहअनुवाद, २०६०) । **पुरस्कार/सम्मान** :. सुप्रवल गोरखा दक्षिणवाहु (२०२५), गद्दीआरोहण रजत-महोत्सव पदक (२०२८/२०५३), काली गण्डकी साहित्य पुरस्कार (२०५५), वालनरसिंह-सुवर्णकुमारी साहित्य पुरस्कार (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५८) हरिकला गुणाकर दायित्व रचना पुरस्कार (२०६५), पहलमानसिंह स्वाँर साहित्य प्रतिभा सम्मान (२०६६), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६) । वालनरसिंह, सुवर्णकुमारी साहित्य सम्मान (२०५६), काली गण्डकी साहित्य सम्मान (२०५५), स्याङ्जा साहित्य सदन (वालिङ) सम्मान । **हालको ठेगाना** : चिलाउनेबास -७, स्याङ्जा । **फोन** : ४७२०१६५ ।

माणिकरत्न शाक्य

(नाट्यकर्मी/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ साउन १८, बनेपा, काभ्रेपलान्चोक । **माता/पिता** : पूर्णलक्ष्मी शाक्य, हिरामान शाक्य । **शिक्षा** : स्नातक । **सेवा** : राष्ट्रिय वाणिज्य बैङ्क । **पहिलो रचना** : मुक्तक (नयाँ सन्देश, २०४१) । **कृति/सृजना** : बयान जारी छ (नाटक, २०४१), बाचा (टेलिफिल्ममा अभिनय, २०४१) । **सम्पादन/अनुवाद** : चौतारी (सामयिक सङ्कलन, २०४५), कल्पलता (साहित्यिक पत्रिका, २०४६), झ्याइँकुटी (हास्यव्यङ्ग्य त्रैमासिक, २०४९), खुसुक्क भन्नुस् फच्च्या (२०५३), भैरव स्मारिका (२०५४), सिस्नुपानी हास्यव्यङ्ग्य पत्रिका (२०५५), हास्यव्यङ्ग्यकार नालीबेली (२०५६), हेलो सिस्नुपानी (टेलिफोन डायरी, २०५७), सिस्नुपानी उखान (उखानसङ्ग्रह, २०५८), फुच्चे सिस्नुपानी (२०६०) आदि सम्पादन । **पुरस्कार/सम्मान** : भैरव नवप्रतिभा पुरस्कार (२०४९) लगायत विभिन्न हास्यव्यङ्ग्यसम्बन्धी पुरस्कार । सुनकोशी साहित्य प्रतिष्ठान (२०५८), मृगतृष्णा साहित्य डबली मकवानपुर (२०५९) आदि सङ्घसंस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : सरस्वतीनगर, चाबहिल, काठमाडौँ । **फोन** : ४४७८७०९, ९८४१२८९३०० ।

माणिकलाल श्रेष्ठ

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९८९ असोज २७, ठहिटी, काठमाडौँ । **माता/पिता** : लक्ष्मीकुमारी श्रेष्ठ, हिरालाल श्रेष्ठ । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), एल.एल.बी. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : प्रेमबहादुरजु व वय्कःया 'ती' बाखं पुचः (समालोचना, धर्मोदय पत्रिका, ने.सं. १०७६) । **कृति/सृजना** : समालोचनाया सिद्धान्त (ने.सं. १०८८), नेपालय् भाषानीति गथे जुइमाः ? (ने.सं. ११०६) । **सम्पादन/अनुवाद** : नेपालभाषा (पत्रिका दैनिक), जापानी न्हूबाखं (भाग १-२, अनु. ने.सं. ११०७) । **हालको ठेगाना** : पकनाजोल, नयाँ बजार, काठमाडौँ । **फोन** : ४३६०६४८ ।

मातृका तिम्सिना

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०१५ पुस १५, खाँदबारी नगरपालिका- १२, सङ्खुवासभा । **माता/पिता** : मन्दोदरी, टेकनाथ तिम्सिना । **शिक्षा** : एम.ए. (समाजशास्त्र) **सेवा/सम्प्रति** : अध्यापन, लेखन । **पहिलो रचना** : आमा (कविता, समीक्षा साप्ताहिक, २०३४) । **कृति/सृजना** : सङ्खुवासभा जिल्लामा छुवाछुत विरोधी आन्दोलन इतिहासदेखि वर्तमानसम्म (२०६३), अरुण उपत्यकाका लोककथा (भाग १-३, २०६६-२०६७) । **सम्पादन/अनुवाद** : अरुण सन्देश (साप्ताहिक), कुसुम (साहित्यिक त्रैमासिक), गाउँबेसी (मासिक) । **हालको ठेगाना** : खाँदबारी न.पा.-१२, सङ्खुवासभा । **फोन** : ९७४२०१५२२१/०२९-५६०३१५ ।

मातृकाप्रसाद कोइराला

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६८ पुस १७, गोग्राहबजार, विराटनगर । निधन : २०५४ । **माता/पिता** : दिव्या कोइराला, कृष्णप्रसाद कोइराला । **शिक्षा** : स्नातक, विद्यालङ्कार । **सेवा** : सामाजिक सेवा, राजनीति (पूर्व प्रधानमन्त्री) । **पहिलो रचना** : तरुण गोर्खामा प्रकाशित (वि.सं. १९८३ तिर) । **कृति/सृजना** : मेरो आसाम यात्रा (यात्रा वर्णन, २०२५), मातृकाका कथा र उनको कथा शिल्प (सं. दधिराज सुवेदी, २०४४), कोशीको कथा (निबन्ध, २०४६) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०१३, २०३१), महागौरवमय त्रिभुवन प्रजातन्त्री श्रीपद (पै), सुप्रदीप्त मान्यवर नेपाल तारा, रत्नश्री पुरस्कार ।

मातृका पोखरेल

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ असार ९, थामखर्क, उदयपुर । **माता/पिता** : सीता पोखरेल, नन्दलाल पोखरेल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : नेपाल विद्युत् प्राधिकरण । **पहिलो रचना** : सूर्य उदाऊ अब (कविता, समीक्षा साप्ताहिक, २०४१) । **कृति/सृजना** : सेतो दरबारको छेउबाट (कवितासङ्ग्रह, २०५७), यात्राको एउटा दृश्य (कवितासङ्ग्रह, २०६०), सन्त्रस्त आँखाहरू (कथासङ्ग्रह, २०६१), अनुहारहरू (कवितासङ्ग्रह, २०६४), घाम झुल्किनु अघि (कथासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : वेदना (साहित्यिक त्रैमासिक, २०४६), ज्योति (साहित्यिक पत्रिका, २०६१), प्रलेस (२०६२) । **पुरस्कार/सम्मान** : काजी रोशन साहित्य पुरस्कार (२०६४) । गम्भीरबहादुर थापा स्रष्टा सम्मान (२०५८) । **हालको ठेगाना** : थामखर्क, उदयपुर /कोटेश्वर, काठमाडौँ (matrikapokharel@yahoo.com) । **फोन** : ४६०१००९, ९८४१२८९७०५ ।

माधवकुमार प्रधान

(गायक/सङ्गीतकार)

जन्म/स्थान : २०१३ मङ्सिर १७, फुङलिङ-४, ताप्लेजुङ । **माता/पिता** : चन्चलादेवी प्रधान, पूर्णकुमार प्रधान । **शिक्षा** : एम.ए. (समाजशास्त्र र ग्रामीण विकास) **सेवा/सम्प्रति** : नेपाल टेलिभिजन, सङ्गीत, नाट्यकला, राजसामञ्च । **कृति/सृजना** : जनताका गीतहरू (भाग १-५), दर्जनौं गीतहरूमा सङ्गीत दिएको तथा गायन । **हालको ठेगाना** : भुरुङखेल, काठमाडौँ । **फोन** : ९८४९३२५८३८ ।

माधव खनाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१२ मङ्सिर २७, जोरपाटी, बेसीगाउँ, काठमाडौं । **पिता** : फणीन्द्रकुमार खनाल । **शिक्षा** : स्नातक (राजनीतिशास्त्र) । **सेवा** : समाजसेवा, राजनीति । **पहिलो रचना** : मेरो देश (कविता, राष्ट्रपुकार, २०३६) । **कृति/सृजना** : अनुभव र अनुभूति (सेवा र राजनीतिको सँगालो, २०६५), छहारी प्रतिभा पुञ्ज (२०६९) । **सम्पादन/अनुवाद** : छहारी मञ्च (पत्रिका, २०५२), राजा वीरेन्द्र छपन्नऔं जन्मोत्सव विशेषाङ्क (२०५७), सिद्धान्त (त्रैमासिक पत्रिका) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (चौथा, २०४५), गद्दी आरोहण पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), नागरिक मूल समारोह समितिद्वारा पदक, वरिष्ठ समाजसेवी (राष्ट्रिय विकास तथा सम्मान केन्द्र, २०६०), प्रख्यात त्रिशक्ति पट्ट (२०६१) । **हालको ठेगाना** : जोरपाटी, काठमाडौं । **फोन** : ४९१०३७६, ९८४९०२७३९० ।

माधव खनाल 'भावुक' (डुण्डुनाथ शर्मा)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ माघ ६, विराटनगर -९, मोरङ । **माता/पिता** : कमलकुमारी, शोभाचन्द्र उपाध्याय खनाल । **शिक्षा** : एम.ए. (इतिहास तथा संस्कृति) । **सेवा** : प्राध्यापन, ज.शि.सा.के.लि. । **पहिलो रचना** : कविता (उदय पत्रिका, वाराणसी, २०१९) । **कृति/सृजना** : जीते र शान्ति (गीतसङ्ग्रह, २०११), हृदय वीणा (भाग १-२, गीतसङ्ग्रह, २०१६-२०२०) । **सम्पादन/अनुवाद** : उज्यालो (स्मारिका, नेपाली छात्रसङ्घ, लखनऊ, २०१२), महेन्द्रमाला कक्षा चार (२०२८) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०२४), छिन्नलता पुरस्कार (२०४६) । कदरपत्र (रेडियो नेपाल, २०५३) । **हालको ठेगाना** : डिल्लीबजार, काठमाडौं । **फोन** : ४४२२३३४, ८४१५११६६ ।

माधव घिमिरे (माधवप्रसाद)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७६ असोज ७, पुस्तुन गाउँ, लमजुङ । **माता/पिता** : द्रौपदीदेवी घिमिरे, गौरीशङ्कर शर्मा घिमिरे । **शिक्षा** : शास्त्री (सर्वदर्शन) । **सेवा** : साहित्य, अध्यापन । ने.रा.प्र.प्र. (कुलपति) । **पहिलो रचना** : ज्ञान पुष्प (कविता, गोरखापत्र, १९९२) । **कृति/सृजना** : नव मञ्जरी (१९९४), घामपानी (बाल कवितासङ्ग्रह, २०१२), नयाँ नेपाल (खण्डकाव्य, २०१३), गौरी (शोककाव्य, २०१५), पापिनी आमा (खण्डकाव्य, २०१७), राजेश्वरी (२०१७), शकुन्तला (नाटक-२०२८), राष्ट्र निर्माता (खण्डकाव्य, २०३०), धर्तीमाता (काव्य, २०३०), मालती-मङ्गले (गीतिनाटक, २०३९), किन्नर-किन्नरी (कवितासङ्ग्रह, २०३३), बालकुमारी (काव्य, २०४०), विषकन्या (गीतिनाटक-२०५०), अश्वत्थामा (गीतिनाटक-२०५१), सुनपङ्खी चरी (बाल साहित्य -२०५३), हिमालपारि हिमालवारि (गीतिनाटक, २०५४), देउकी (गीतिनाटक, २०५५), गौंथली र गजधम्मे (काव्य, २०५७), इन्द्रकुमारी (काव्य, २०५७), बोराको परदा (२०५७), आफ्नै बाँसुरी आफ्नै गीत (निबन्धसङ्ग्रह), बाला लहरी । दर्जनौं गीत रचना सङ्गीतबद्ध भएको । **सम्पादन/अनुवाद** : पच्चीस वर्षका (खण्डकाव्य), नागानन्द (नाटक, २००२, अनु.), कविता, इन्द्रेणी, गोरखापत्र । **पुरस्कार/सम्मान** : एकेडेमी विशिष्ट पदक (२०२२), शुभराज्याभिषेक पदक (२०३१), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३३), गोरखा दक्षिणबाहु प्रथम, राजा वीरेन्द्रबाट नगद पुरस्कार (मालती-मङ्गलेको लागि), आदिकवि भानुभक्त पुरस्कार (ने.शि.प., -२०५२), सीताराम प्रज्ञा पुरस्कार (२०५०), भूपालमानसिंह कार्की प्रज्ञा पुरस्कार (२०५६), सुप्रसिद्ध प्रबल गोरखा दक्षिणवाहु (२०५६), वसुन्धराश्री पुरस्कार (२०५७) । 'राष्ट्रकवि' उपाधि (राजा ज्ञानेन्द्रबाट, २०६० मा), उज्ज्वल कीर्तिमय राष्ट्रदीप (दोस्रो), विभिन्न सङ्घ-संस्थाहरूद्वारा थुप्रै सम्मान तथा अभिनन्दनहरू । **हालको ठेगाना** : लैनचौर, काठमाडौं । **फोन** : ४४१२३९२ ।

माधवप्रसाद देवकोटा

(कवि, नेपाली/संस्कृत भाषा)



जन्म/स्थान : वि.सं. १९६० मङ्सिर ३, तानसेन, पाल्पा । **निधन** : २०३९ चैत्र १९, बनारस, भारत । **माता/पिता** : नर्मदादेवी, पुष्करनाथ देवकोटा । **शिक्षा** : धर्मशास्त्री, साङ्ख्य योगाचार्य । **सेवा** :

अध्यापन, प्राध्यापन, साहित्य । **पहिलो रचना :** समस्यापूर्तिका पाँच कविताहरू (कविता, गोरखापत्र, १९८२) । **कृति/सृजना :** हुस्सू पथिक (खण्डकाव्य, २०१०), भारती वैभवम् (संस्कृत स्तवकाव्य, २०१०), क्रियाचक्र (व्याकरण, २०११), नेपाली बाल संस्कृत व्याकरण (२०१२), नेपाली संस्कृत व्याकरण (भाग १-६, २०१२-२०१४), नेपाली बाल संस्कृत व्याकरण (२०१२), फूलबारी (कवितासङ्ग्रह, २०१९), रुरु गौरव (खण्डकाव्य, २०३०), तरङ्ग (कवितासङ्ग्रह, २०३४), लेखमाला (समालोचना तथा लेखसङ्ग्रह, २०३८), जीवनदानम् (संस्कृत कवितासङ्ग्रह, २०३८), ऊर्मिमाला (संस्कृत कवितासङ्ग्रह, २०३८), कविता कौतुकम् । **सम्पादन/अनुवाद :** ईशादि नौ उपनिषद् (अनु. २०३०), बृहदारण्यक उपनिषद् (अनु. २०३१), छान्दोग्य उपनिषद् (अनु. २०३५), उत्तरगीता (अनु.), विद्वन्मोद तरङ्गिनी (अपूर्ण) । **पुरस्कार/सम्मान :** काशी विद्वद् परिषद्द्वारा 'विद्वन्मणि' र भारत धर्म महामण्डलबाट 'विद्याभूषण' पदले विभूषित (२०१०), 'कविरत्नम्' पदवी (संस्कृत कार्यालय, अयोध्या, २०१४), महेन्द्र विद्याभूषण (२०१६), प्रबल गोरखा दक्षिणबाहु (२०३०), शिक्षा सेवा पदक (२०२६), महेन्द्र प्रज्ञा पुरस्कार (२०३६) आदि । लुम्बिनी अञ्चलबाट सिन्दूर यात्रा र अभिनन्दन गरी माधवप्रसाद देवकोटा स्मृतिग्रन्थ (२०४४) प्रकाशित । **सम्पर्क ठेगाना :** चावेल, मैजुबहाल, काठमाडौँ ।

माधवप्रसाद पोखरेल

(भाषाशास्त्री, निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ मङ्सिर ७, विजयपुर, सुनसरी । **माता/पिता :** कृष्णदेवी पोखरेल, गङ्गाधर पोखरेल । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (भाषाविज्ञान) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** संस्कृत शब्द चिन्ने तरिका (विजयध्वनि, धरान, २०२५ तिर) । **कृति/सृजना :** व्याकरणहरू : क्याम्पसस्तरीय नेपाली वाक्यव्याकरण (२०५३), नेपाली वाक्यव्याकरण (२०५४), निबन्धहरू : मेरो मान्छे (२०५४), ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनिपरिचय (२०५७), नागदहको थिति (२०५९), गार्गीको गाँठो (निबन्धसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** आजको जापानी समाज (लेखक: तादासिई फुकुताके, अनु. भुवनलाल प्रधान, सम्पादन, २०४४), नेपाली संस्कृति : एक पक्ष (लेखक : हिरोसि इसिई, अनु. २०४४), थकाली र नेपालको खेतीपाती (लेखक : शिगेरू इयजिमा र योसिकाजु थाकाया, अनु., २०४४), ड्र्यागनको देश (लेखक: निर्मलादास, २०५१), बुद्धवाणी (लेखक : मास्टर मित्रसेन थापा, २०५३), नेपाली साहित्य कोश (२०५५), जनकलाल शर्माका प्रबन्ध (२०५८), लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०५९), गोरखापत्रका एक सय एक निबन्ध (२०५९), जनकलाल शर्माका संस्मरण (२०६१) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण विशिष्ट श्रेणी (इ.सं. १९९७), डा. गणेश भण्डारी पुरस्कार (२०५६), जापान फाउन्डेसन फेलोसिप अवार्ड (इ.सं. १९९४), साकाइ लाइन्स क्लव इमयानिसि मेमोरियल फेलोसिप अवार्ड (इ.सं. १९९९), वाणी पुरस्कार (२०६१), गद्दीआरोहण रजत-महोत्सव पदक (इ.सं. १९९७) । गोपालप्रसाद रिमाल सम्मान (२०५४) । **हालको ठेगाना :** साँचल त्रिवेणीमार्ग, सानेपा, ललितपुर (madappoxrel@yahoo.com) । **फोन :** ५५२६५४३ ।

माधव 'निर्दोष' नेपाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ माघ १९, देउराली, पाल्पा । **माता/पिता :** लक्ष्मीदेवी, पोखनारायण नेपाल । **शिक्षा :** बी.ए. । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** मित्रलाई सुझाव (कविता, २०५२) । **कृति/सृजना :** गरीबको पीडा (लघु उपन्यास, २०५५), नचिनेका रातहरू (कथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद :** नयाँ कोसेली (मासिक), चाकडीको भेल । **पुरस्कार/सम्मान :** अन्तरक्याम्पस कविता प्रतियोगितामा प्रथम (बुटवल, २०५७) । सिद्धार्थ साहित्य परिषद्बाट सम्मान (२०५७), राष्ट्रिय दैनिक मेचीकाली (पत्रकारिता सम्मान (२०५९) । **हालको ठेगाना :** देउराली -७, पाल्पा । **फोन :** ४४८३५४१ ।

माधव भँडारी



(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ माघ १६, सुम्वेक, इलाम । **माता/पिता :** डम्बरकुमारी भँडारी, टीकाराम भँडारी । **शिक्षा :** साहित्याचार्य, एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** माइत कथा (बल्दो दियो, कथासङ्ग्रह, २०१३) । **कृति/सृजना :** नेपाली कथा साहित्य (संयुक्त, २०१५), गाउँघर (कथासङ्ग्रह, २०१५),

छन्द र अलङ्कार (सहलेखन, २०१८), घरजम (नाटक, २०२८), हाम्रो साहित्य र साहित्यकारहरू (सहलेखन, सङ्क्षिप्त जीवनीसङ्ग्रह, २०२८), पूर्णिमा (उपन्यास, २०३०), आमाको आकाङ्क्षा (नाटक, २०३७), माधव भँडारीका कथा (कथासङ्ग्रह, २०४०), पार्वती परिणय (पौराणिक कथा, २०५८), क्यालेन्डरका घुम्तीहरू (२०५९), नबिर्सिने कोसेली (लोककथा, २०६१)। **सम्पादन/अनुवाद :** छात्रवाणी (बनारस, २०१३), जुनेली (मासिक), सौगात (साहित्यिक पत्रिका, २०२२), सूर्योदय (पत्रिका, २०३०), केही किरण अस्ताउने जूनका (२०४४), सौगात (मासिक)। **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु चौथो, मैनाली कथा पुरस्कार (२०५८), महानन्द पुरस्कार (२०५९), गङ्गाराम भद्रशीला स्मृति पुरस्कार (२०६०)। इलाम प्रगतिशील समाज र इलाम साहित्य संस्कृति प्रतिष्ठानद्वारा अभिनन्दित। **हालको ठेगाना :** टिकाथली गाउँ -६, ललितपुर। **फोन :** २०२०१९६।

माधव मूल

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०११ भदौ २७, वटु डौबहाल, काठमाडौँ। **माता/पिता :** पूर्णलक्ष्मी मूल, काशीप्रसाद मूल। **शिक्षा :** स्नातकोत्तर। **सेवा :** गोरखापत्र संस्थान। **पहिलो रचना :** हृदय त आकाश हो (मधुपर्क, २०३८ अङ्क ५)। **कृति/सृजना :** क्वँलाय् (नाटक, नेपालभाषा, अभिनय, २०३३), नकतिनिया (कविता, नेपालभाषा, २०४९)। **पुरस्कार/सम्मान :** एडिटर च्वाइस अवार्ड (मेरिल्याण्ड, अमेरिका, इ.सं. २००२), इन्टरनेसनल पोइट्स् अफ मेरिट अवार्ड (इ.सं. २००२)। **हालको ठेगाना :** पो.ब.नं. १९०४०, काठमाडौँ (madhavp_mool@hotmail.com)। **फोन :** ४२६०३३७।

माधवराज आचार्य



(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ पुस १५, श्रीपुर, वीरगञ्ज। **माता/पिता :** हेमकुमारी आचार्य, अनिरुद्ध आचार्य। **शिक्षा :** बी.ए., संस्कृत मध्यमा। **सेवा :** त्रि.वि., सामाजिक सेवा। **पहिलो रचना :** चौबाटोमा दिनहुँ देख्छु (सामयिक सङ्कलन, विराटनगर, २०२०)। **कृति/सृजना :** पुष्पाञ्जलि (भजनसङ्ग्रह, २०४२), अमलाको रूखमुनि (कथासङ्ग्रह, २०४३), गोदा चरित्र (गीतिकाव्य, २०४९)। **पुरस्कार/सम्मान :** गणेश स्मृति पुरस्कार (विराटनगर)। मैथिली सेवा समितिबाट सेवा सम्मान। **हालको ठेगाना :** विराटनगर -१६, मोरङ। **फोन :** ०२१-५२६३६५।

माधव लामिछाने

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ माघ २५, सल्यानकोट, धादिङ। **माता/पिता :** रेणुका लामिछाने, लेखनाथ लामिछाने। **शिक्षा :** स्नातकोत्तर (नेपाली)। **सेवा :** अध्यापन, पत्रकारिता, साहित्य। **पहिलो रचना :** वर्तमान आँसु बगाउँदै छ (कविता, अरुणोदय पत्रिका, २०४८)। **कृति/सृजना :** पुरस्कार (लघुकथासङ्ग्रह, २०६१), सरसको हाँस (बालकथासङ्ग्रह, २०६५)। **सम्पादन/अनुवाद :** अरुणोदय (साहित्यिक पत्रिका), सरस (मुखपत्र), वाणी (पत्रिका, २०६७), दर्जनौँ गीतहरू रेकर्ड भएको। **पुरस्कार/सम्मान :** उत्कृष्ट लघुकथा लेखन पुरस्कार (द रेयुकाई नेपाल, २०५८), मानवअधिकार लघुकथा लेखन पुरस्कार (एमनेस्टी इन्टरनेसनल नेपाल, २०५७, २०५९)। **हालको ठेगाना :** सल्यानकोट-५, धादिङ। **फोन :** ४०२७६०६, ९८४१३०९९५४।

माधवलाल कर्माचार्य

(साहित्यकार, नेपाली/नेपाल/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९८३ पुस १०, केलटोल, काठमाडौँ। **माता/पिता :** बद्रिनानी कर्माचार्य, सेरलाल कर्माचार्य। **शिक्षा :** स्नातक। **सेवा :** अध्यापन, श्री ५ को सरकार (उपसचिव), व्यवसाय। **पहिलो रचना :** जीवनफूल (कविता, शारदा, वि.सं. २०००)। **कृति/सृजना :** *समीक्षासङ्ग्रहहरू :* सौगात (२००८), तीन कविका केही कविता (२०१९), आलोचना र साहित्य (२०२२), जिगु मिखाय् साहित्यया छुं (नेपालभाषा, २०३७), खँ साहित्ययागु साहित्यया खँय् (नेपालभाषा, २०४७), साहित्य र जीवन (२०५९), हाकनं मुगु खँ साहित्ययागु

(नेपालभाषा, २०६१), खँ मेगु साहित्यययाग हे (नेपालभाषा) । *कथासङ्ग्रहहरूमा* : मर्नै जति परेपछि (२००९), थ:छ्यँ (नेपालभाषा, २०२५), द्ब्याङ गाउँको बगरे (२०५६), *निबन्ध-सङ्ग्रहहरू* : सम्झना (२००९), हाईस्कुल निबन्धसङ्ग्रह (२०२१), *कवितासङ्ग्रहहरूमा* : भानुभक्तप्रति (२०१५), ल: फँ्व (नेपालभाषा, २०१५), खरानीको थुप्रो (२०१९), सुन सुन पञ्चभाइ हो (२०२०), ट्याउँ ट्याउँ जूठो खाऊँ (२०५७), भाव एक भावना अनेक (२०५७), *भाषा-शिक्षाहरूमा* : भूगोल विद्या (बालोपयोगी, २००८), पाइनियर्स अफ प्रोग्रेस मेड इजी (नेपाली, अङ्ग्रेजी, २०१८), सरल नेपाली व्याकरण (बालोपयोगी, २०२१), नेपाली सेल्फ टक् (नेपाली र अङ्ग्रेजी, २०२१), सम् हिन्टस् अन् प्रिटिङ एन्ड पब्लिसिङ इन नेपाल (अङ्ग्रेजीमा, २०२१), रत्न ट्रेकर्स् पकेट पाल (पर्यटकोपयोगी, अङ्ग्रेजीमा, २०४२), द बिगिनर्स इङ्लिस ग्रामर एन्ड कम्पोजिसन (बालोपयोगी, नेपाली र अङ्ग्रेजी) आदि । **सम्पादन/अनुवाद :** युनेस्को बुलेटिन (त्रैमासिक, २०२८), यती परिवार डाइजेस्ट (साहित्यिक त्रैमासिक, २०३४), कँस्वाँ (वैकुण्ठप्रसाद लाकौलका कविताहरू, नेपालभाषा, २०४१), पूर्णदास श्रेष्ठया झिंस्वपु बाखँ (नेपालभाषा, २०४१), गीति कवि छिन्नलता श्रीमती रमोलादेवी शाह (२०४३), नेपालभाषा कवितासङ्ग्रह (नेपालभाषा, २०५३), मुस्ताङ डकुमेन्टस् इन द नेपाली ल्याङ्ग्वेज (अङ्ग्रेजी, २०५३), सयपत्री (बहुभाषिक अर्धवार्षिक, २०५६), आदि । *अनुवादका कृतिहरू* : जीवनस्मृति (रवीन्द्रनाथ ठाकुर, नेपालीमा, २०२२),प्यासीका केही कविता (अङ्ग्रेजीमा, २०२०), व्यथित्स् सेलेक्टेड पोइम्स् (अङ्ग्रेजीमा, २०२१), सबै मानिस दाजु-भाइ हुन् (महात्मा गान्धी, नेपालीमा, २०२६), ताङ्कालीन चिनियाँ कवि हानसान : केही कविता (नेपालीमा, २०२९), साहित्यिक समालोचनाका सिद्धान्त (आई.ए. रिचार्डस्, नेपालीमा, २०३०), द हर्ट रिङ्स् : सेवेन्टी पोइम्स् बाई छिन्नलता (अङ्ग्रेजीमा, २०३३), सबै मानिस भगवान् हुन् (रजनीश, नेपालीमा, २०३५) कथा सौरभ (कथासङ्ग्रह, नेपालीमा, २०३९), सहस्र सारस (उपन्यास, यासुनारी कावाबाता, नेपालीमा, २०४३), अ ह्याण्ड बुक अफ सिद्धिचरन्स भर्स (अङ्ग्रेजीमा, २०५५), अफ्रिकाली कविहरूको कविता (नेपालीमा, २०६०) । **पुरस्कार/सम्मान :** सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०१३), शुभराज्याभिषेक पदक (२०१३) । छिन्नलता सम्मान (२०५४), भाषाथुवा उपाधि (२०५७), जनमत वरिष्ठ साधक सम्मान (२०६०) । **हालको ठेगाना :** ललितपुर उ.म.पा.-१, ललितपुर । **फोन :** ५५२६६६३ ।

माधव वियोगी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ कात्तिक २९, अर्घौ झाँझरमारे, कास्की । **माता/पिता :** विष्णुमाया घिमिरे, अग्निधर घिमिरे । **शिक्षा :** एम.ए. (नेपाली), बी.एल., बी.एड. । **सेवा :** प्राध्यापन, पत्रकारिता । **पहिलो रचना :** लेखनाथमा श्रद्धाञ्जलि (कविता, पार्वती पत्रिका, २०४१) । **कृति/सृजना :** भावनाको लडाइँ (कविता, २०४५), प्रेम र विधवा (खण्डकाव्य, २०४५), लाहुरे (लोक खण्डकाव्य, २०४८), नूतन सङ्कल्प (कविता, २०५३), सजिलो वर्णमाला (बाल पाठ्यसामग्री, २०५६), गुम्सिएका भावहरू (गजलसङ्ग्रह, २०५८), विष्णुमाया (खण्डकाव्य, २०५८), फराकिलो आकाशमुनि (गीतसङ्ग्रह, २०५९), अलि मियाँ (खण्डकाव्य, २०५९), छन्दशिरोमणि (महाकाव्य, २०६०), अनुभूतिका उच्छ्लन (निबन्ध, २०६१), धर्मराज (महाकाव्य, २०६१) । **सम्पादन/अनुवाद :** अनुपमा (साप्ताहिक), नयाँमञ्च, धरा (मासिक), जनप्राज्ञमञ्च (वार्षिक), पोखरेली (दैनिक), पोखरापत्र (दैनिक), जनमत (दैनिक), चेतनापत्र (दैनिक), साथै विभिन्न स्मारिकाहरू । **पुरस्कार/सम्मान :** कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (२०६०), विभिन्न साहित्यिक प्रतियोगितामा पुरस्कृत । भकुण्डे युवा क्लव स्याङ्जाद्वारा अभिनन्दन (२०५३), सासंक सञ्जीवनी सङ्गम, पोखराद्वारा अभिनन्दन (२०५८) । **हालको ठेगाना :** पोखरा -१७, घर नं. ४२, छोरेपाटन, छन्दनिवास, कास्की । **फोन :** ५३१८२२/ ५३४२६५ ।

माधवी अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ साउन १६, टेङ्गलटोल, काठमाडौँ । निधन :२०६६ असार १९ । **माता/पिता :** इन्द्रमञ्जरी भट्टराई, लक्ष्मीप्रसाद भट्टराई । **शिक्षा :** बी.ए. । **सेवा :** अध्यापन । **पहिलो रचना :** उपहार (कविता, गोरखापत्र, २०४२) । **कृति/सृजना :** ॐ नम: शिवाय (२०५१), महालक्ष्मी तथा रुद्र गृहम् (२०५६), अनुभवको स्पन्दन (कवितासङ्ग्रह, २०५६), अभिव्यक्ति नै अभिव्यक्ति (कवितासङ्ग्रह, २०५७), हाकिमसाहेब (कथासङ्ग्रह, २०५८) । **पुरस्कार/सम्मान :** राष्ट्रिय शिक्षा पुरस्कार (२०४६) । **हालको ठेगाना :** ख २/३४९, कुमारीपथ, नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४९११५३ ।

माधुरी भट्टराई (खनाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ फागुन २६, त्रिपुरेश्वर, काठमाडौँ। निधन : २०५९ जेठ १२। **माता/पिता** : लोकजननी खनाल, हर्षनाथ खनाल। **शिक्षा** : साधारण। **सेवा** : गृहिणी। **पहिलो रचना** : आनन्दलहरी (काव्य, पुस्तकाकार, २०२४)। **कृति/सृजना** : श्रीकृष्ण सुधा (२०२४), चाहन्छ के ? लोक हाँ ! (लघुकाव्य, २०२४), रत्नज्योति (कवितासङ्ग्रह, २०२४), हाम्रो स्वदेश राम्रो (लघुकाव्य, २०२४), श्री रामजानकी गाथा (तुलसीकृत रामायण बालकाण्ड, २०३१), विनय पुकार (लघुकाव्य, २०३८), मूकवेदना (नाटक -२०३८), मधुराष्टकम् (कवितासङ्ग्रह, २०४७), भजगोविन्दम् (पद्य, २०४७), प्रभु-वन्दना (काव्य, २०५२), प्रभुदर्शन (काव्य, २०५३)। **सम्पादन/अनुवाद** : दुर्गा अवतार स्तोत्र (अनु. २०३६), स्तोत्र सङ्ग्रह (अनु. २०४७), श्री तुलसीकृत श्रीराम चरित्रमानस भावानुवाद रामायण (२०४९)। **पुरस्कार/सम्मान** : मैनाबहादुर पुरस्कार (२०५१), भारती खरेल पुरस्कार (२०५७)। नेपाली साहित्य मन्दिरद्वारा सम्मान (२०५०), सृजना सम्मान (सुनकोशी साहित्य, २०५५), भारद्वाज आश्रमबाट सम्मान (२०५४)। **सम्पर्क ठेगाना** : धोबीधारा, काठमाडौँ। **फोन** : ४४३४२२८ / ४४३४२८१।

मानवज्र वज्राचार्य

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२, कालीकोट, भोजपुर। **शिक्षा** : उच्चशिक्षा। **सेवा** : सामाजिक सेवा, भाषा, साहित्य। **कृति/सृजना** : नौलो युगको प्रकाश (२०१५), पितृरत्न (२०१६), सजिलो वर्णमाला (२०१७), युगकवि दर्पण (२०१७), नेपाली संस्कृतिको परिधि (२०१८), वराहक्षेत्र महिमा (२०१८), भावोक्त सङ्गीत (२०२०), आँसुभित्र म (२०२३), नेपालको मध्यकालीन कला (२०२७), फेरि आँसुभित्र म (२०३२), वसन्तश्रवण (खण्डकाव्य, २०३८), ऐतिहासिक स्थलहरूको परिचय (१-४), वराहक्षेत्र विष्णुपादुका, एउटै मञ्चका दुई एकाङ्की आदि। **सम्पादन/अनुवाद** : अभिषेक (साहित्यिक पत्रिका)। **हालको ठेगाना** : सुनसरी।

मानबहादुर सिंह 'पहाडी'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ असोज ७, बझाङ। **कृति/सृजना** : थली (२०२७), मान्छे चोला आयो कलि, गोर्खे चैत्र, लोकसंस्कृति एवं लोकगीतसङ्ग्रह, सिद्धनाथ तथा पूर्णागिरि माहात्म्य (२०४४), कृषक र कृषि, पत्नीवियोग र धर्मी-पापी (२०४७), पहाडी गीतसङ्ग्रह (२०५०)।

मानसाग्नि (हरिप्रसाद)

(योगचिन्तक/लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२० चैत्र २२, सुन्दरगाउँ, तानसेन, पाल्पा। **माता/पिता** : यानकुमारी पोखरेल, यज्ञप्रसाद पोखरेल। **शिक्षा** : योग एवं प्राकृतिक चिकित्सा। **सेवा** : मानवसेवा, साहित्य। **पहिलो रचना** : योग संवत्को अवधारणा (२०३६)। **कृति/सृजना** : निरोग हुने सरल उपाय (२०३४), विश्वयोग दिवस (भाग १-५, २०४१), वेग विज्ञान (२०४०), रोग, निरोग र स्वास्थ्य (२०३८), गहुँ र चिकित्सा विज्ञान (२०४५), एड्स (भाग १-३, २०४७), प्राकृतिक स्वास्थ्य विज्ञान (२०५०), खान्न बाबा, खान्न आमा (२०५०), मान्छेको खोजी (कवितासङ्ग्रह, २०५०), स्वास्थ्य सूत्र (२०५१), विरुद्ध भोज र स्वास्थ्य (२०५१), सावधान ! जुत्ता पनि हानिकारक हुन्छ (२०५२), प्राकृतिक चिकित्सा (२०५२), कब्ज र भोजन चिकित्सा (२०४२), देवयान (कवितासङ्ग्रह, २०५२), सामाजिक विसङ्गति र स्वास्थ्य (२०५५), हृदयरोगमा योग र प्राकृतिक चिकित्सा (२०५७), खोज (कवितासङ्ग्रह, २०५७), आरोग्यको मूलबाटो (२०५८), रक्तदान महादान (२०६०), आँखादान महादान (२०६०), सञ्जीवनी (२०६०), महिला स्वास्थ्यको हेरविचार (२०६०), केही उपयोगी बोटबिरुवा (२०६०), महिनावारी (२०६०), उठो (कवितासङ्ग्रह, २०६०)। **सम्पादन/अनुवाद** : जीवन (२०५२), आदिवासी दनुवार (२०६१)। **हालको ठेगाना** : पो.ब.नं. २६८९, भीमसेनगोला, बानेश्वर, काठमाडौँ। **फोन** : ४१०९१९६, ४१०९१०९।

माया ठकुरी

(गायिका/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४६ जुलाई २, लखनउ, भारत। **माता/पिता** : देवी ठकुरी, गम्भीरसिंह ठकुरी। **शिक्षा** : बी.ए., शास्त्रीय सङ्गीतमा जुनियर डिप्लोमा। **सेवा** : अध्यापन,

गायन, सङ्गीत, अभिनय । **पहिलो रचना :** बौलाही (कविता, आशा पत्रिका, इ.सं. १९६४) । **कृति/सृजना :** नजुरेको जोडी (कथा-सङ्ग्रह, २०३०), गमलाको फूल (कथासङ्ग्रह, २०३३), साँघु तरेपछि (कथासङ्ग्रह, २०३९), चौतारो साक्षी छ (कथा, २०४६), माया ठकुरीका कथाहरू (कथा, २०४८), इन्द्रधनुष (गीतसङ्ग्रह, २०६१), आमा ! जानुहोस् (२०६४), सेलेक्टेड फोक टेल्स फ्रम नेपाल (लोककथा, अङ्ग्रेजी भाषा, इन्टरनेटद्वारा प्रसारण)। दर्जनौं गीतहरूको रचना, सङ्गीत तथा स्वरमा रेकर्ड भएर रेडियोबाट प्रसारण । **सम्पादन/अनुवाद :** नानीहरूका कथा (२०६१), बालकथाका फूलबारी (बालकथासङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान :** रत्नश्री स्वर्णपदक (२०३५), मैनाली कथा पुरस्कार (२०४१), शिक्षा पुरस्कार (२०४४), राष्ट्रिय शिक्षा पुरस्कार (२०४४), मैना पुरस्कार (२०६१), राष्ट्रिय नारी पुरस्कार (२०६१), राष्ट्रिय नागरिक सम्मान (२०६१), लुम्बिनी कला, सङ्गीत तथा साहित्य समाज सम्मान (२०६१), जनमत दीपा सम्मान (२०६१), राष्ट्रिय नारी सम्मान (२०६१) आदि । **हालको ठेगाना :** धोबिघाट, ललितपुर / पो.ब.नं. ३०९३ काठमाडौँ । **फोन :** ५५५४२६६,५५५०९७९ ।

माया निराशी (मायादेवी पौडेल)

(उपन्यासकार/गायिका, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन १५, गुम्दी-८, धादिङ । **माता/पिता :** ललादेवी, ललितमान । **शिक्षा :** जुनियर डिप्लोमा (भोकल) । **सेवा :** नोकरी, गायन । **पहिलो रचना :** ज्योतिको सपना (उपन्यास, २०४२) । **कृति/सृजना :** पश्चात्तापको आँसु (उपन्यास, २०४९), १५ ओटा लोकगीतिएल्बम (एलबम) प्रकाशित, अन्य डेढ दर्जनजति गीतहरू रेकर्ड । **हालको ठेगाना :** चौतारा -५, सिन्धुपाल्चोक । **फोन :** ६२०३०९ ।

माया प्रधान

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २००८ वैशाख ३०, सिद्धिगाउँ, फिक्कल, इलाम । **माता/पिता :** वसन्तकला, हर्कनारायण प्रधान । **शिक्षा :** दस कक्षा । **सेवा :** कलाकारिता । **पहिलो रचना :** २०४३ सालदेखि अभिनययात्रा सुरु । **कृति/सृजना :** २५ वसन्त, अन्याय, मायाप्रीति, बेहुली, भाग्यरेखा, युगदेखि युगसम्म, दिदी, कन्यादान, देवकी, पछ्यौरी, दाजुभाइ, देवता, भूल, दाइजो, भरिया, चिनारी, तिमी बिना, माइती, सन्तानको माया, गौंथली, आफ्नो घर आफ्नो मान्छे, तिमी नै बस्यो मेरो मनमा, ए मेरो हजुर, मनै त हो, मामाघर, मन, हाम्रो जिन्दगी, ममता, योद्धा आदि ठूला पर्दाको चलचित्रहरू, सेतो गुलाफ, चक्रव्यूह, सम्बन्ध, मनमन्दिर, माइली, जिन्दगी, स्वर्ग यात्रा, आगोको झिल्को, १५ गते आदि टेलि चलचित्रहरू र द रिङ (हिन्दी टेलिचलचित्र)मा अभिनय । **पुरस्कार/सम्मान :** गद्दीआरोहण पदक (२०५३), अभिनय रत्न (२०६१) । **हालको ठेगाना :** धापागाल-१६, पाटन, ललितपुर । **फोन :** ५५२०९५० ।

मायामितु न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ कात्तिक २२, धुलाबारी, झापा । **माता/पिता :** डम्बरकुमारी न्यौपाने, तीर्थराज न्यौपाने । **शिक्षा :** स्नातक । **सेवा :** स्वास्थ्य सेवा, साहित्य । **पहिलो रचना :** यो जमाना (कविता, २०४९) । **कृति/सृजना :** निर्वासित चराहरू (संयुक्त गजलसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** ज्योत्स्ना (द्वैमासिक) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सवमा तृतीय (२०६०), राष्ट्रिय युवा कविता महोत्सवमा तृतीय (विमल स्मृति पुस्तकालय, २०६०) । वनिता सम्मान तथा कदरपत्र (२०६१) । **हालको ठेगाना :** शनिश्चरे-१, मोरङ । **फोन :** २०४०७५६ ।

मिङ्मर लामा (ह्योल्मो)

(चित्रकार, थाङ्का)

जन्म/स्थान : वि.सं. २०२६ मङ्सिर ३, किउल -७, सिन्धुपाल्चोक । **माता/पिता :** नाजुङ लामा ह्योल्मो, दावा लामा ह्योल्मो । **शिक्षा :** साधारण । **सेवा :** परम्परागत थाङ्का

चित्र । **पहिलो रचना** : बीस वर्षअघि । **कृति/सृजना** : परम्परागत थाङ्का, परम्परागत जापनीज थाङ्का, पटक-पटक गुम्बा पेन्टिङ । **पुरस्कार/सम्मान** : राष्ट्रिय कला कौशल प्रदर्शनीमा परम्परागत विधामा दोस्रो पुरस्कार (नाफा, २०५३) । **हालको ठेगाना** : पो.ब.नं. ७४२१, बौद्ध, काठमाडौँ ।

मिठाइदेवी विश्वकर्मा (कपाली)

(लेखिका, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ फागुन, इन्द्रचोक, काठमाडौँ । **माता/पिता** : मिश्रीदेवी कपाली, बेखानारायण कपाली । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, राजनीति, सामाजिक कार्य । **पहिलो रचना** : २०३५ सालतिर । **कृति/सृजना** : नेपाली नारीको अवस्था र अवस्थिति (२०६१) । **सम्पादन/अनुवाद** : सञ्जीवनी (मासिक), प्रेरणा (साप्ताहिक), महिला बोल्छिन् आदिको सम्पादन । **पुरस्कार/सम्मान** : डा. अम्बेडकर फेलोसिप (दलित साहित्य अकाडमी, भारत), दलित सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना** : इन्द्रचोक, काठमाडौँ । **फोन** : ४२२७९३७, ९८४९०५५३१७ ।

मित्रप्रसाद दाहाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९९ चैत्र १२, शान्तिनगर, झापा । **माता/पिता** : अम्बिकादेवी दाहाल, तुलसीराम दाहाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : २०४६ तिर पहिलो कविता प्रकाशन । **कृति/सृजना** : प्रमद्वरा (खण्डकाव्य, २०५७), चन्द्रहंस (महाकाव्य, २०६४), श्रीवतन (महाकाव्य, २०६४), तारा (शोककाव्य, २०६६) । **पुरस्कार/सम्मान** : लेखनाथ वाचनालय तथा पुस्तकालयद्वारा सम्मान (२०५९) । **हालको ठेगाना** : सुरुङ्गा -५, झापा । **फोन** : ०२३-५५००६६ ।

मित्रलाल पंज्ञानी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ मङ्सिर २५, काफलडाँडा, स्याङ्जा । **माता/पिता** : खिनादेवी पंज्ञानी, शिवलाल पंज्ञानी । **शिक्षा** : एम.एड. (नेपाली) । **सेवा** : बैङ्किङ सेवा, साहित्य । **पहिलो रचना** : शहीद (गीतिकविता, २०३०) । **कृति/सृजना** : सामन्तको परिचय (कवितासङ्ग्रह, २०३७), उम्रन्छन् आँसुका वृक्ष (कवितासङ्ग्रह, २०४६), गतिमान् गण्डकी (खण्डकाव्य, २०५०), सृष्टिकर्ता (कवितासङ्ग्रह, २०५४), टाकुरामा जाऔँ (बाल कवितासङ्ग्रह, २०५८), सपनामा उडेको (बालकाव्य, २०६१), पिङ खेल्दा (बालकाव्य, २०६४), बलेको आगो (निबन्धसङ्ग्रह, २०६८), ढाडे बिरालो (बालकथा, २०६८) । **सम्पादन/अनुवाद** : साहित्य सन्ध्या (२०५४), लहर, कलम । **पुरस्कार/सम्मान** : पारिजात स्मृति पुरस्कार (२०५४) । **हालको ठेगाना** : कुवाकोट -४, स्याङ्जा/कपन, काठमाडौँ । **फोन** : ४८११२३३, ९८५११३४४६५ ।

मित्रसेन थापामगर

(गायक)

जन्म/स्थान : वि.सं. १९५२ पुस १४, भाक्सु धर्मशाला तोतारानी, पञ्जाब, भारत (पुर्ख्यौलीघर : राखुपुला, पर्वत, नेपाल) । निधन : इ.सं. १८९५ अप्रिल ९ । **माता/पिता** : राधा थापा, मनवीरसेन थापामगर । **शिक्षा** : मेट्रिक, सङ्गीत प्रवीण । **सेवा** : सैनिक सेवामा व्याण्ड मास्टर, नाट्यकर्मी, गोर्खा समाज सुधार (१९७९) का संस्थापक, गायन । **पहिलो रचना** : लाहुरेको रेलिमाई फेसनै राम्रो (गीत/भजन), बरालको आँसु (पहिलो भाग इ.सं. १९३२) । **कृति/सृजना** : महाभारत आदिपर्व (इ.सं. १९३५), अम्बरीष (नाटक, लेखन मञ्चन, इ.सं. १९३६), कृष्णजन्म (नाटक, इ.सं. १९३८), हितको कुरा (इ.सं. १९४०), मित्रको डायरी (इ.सं. १९४१), गहिरो खोज (इ.सं. १९४४), धर्म छोरा (इ.सं. १९४४), बुद्धवाणी (२०५३), मित्रसेन साहित्य सङ्कलन (इ.सं. १९८८), गीता (वि.सं. १९९४), ईश्वरभक्ति (नाटक, मञ्चन, इ.सं. १९३८) । रेकर्ड भएका नाटकहरू : ध्रुव, द्रौपदी चीरहरण, प्रह्लाद, स्वस्थानी व्रतकथा, सत्यवान् हरिश्चन्द्र, सत्यवती सावित्री

आदि । धानको बाला झुल्यो हजुर ...., अब त जाऊँ कान्छी घर ..., मलाई खुत्रुक्कै पाऱ्यो जेठान तिम्रो बैनीले ..., लगायत थुप्रै गीत रचनाका साथै गायन, लोकगीत गायन, थुप्रै नाटकहरूको प्रदर्शन, लेखन आदि । **सम्पादन/अनुवाद** : कृष्ण सुदामा, भक्तप्रह्लाद, बालकध्रुव नामक नाटकहरूको रेकर्ड गराएका छन् । **पुरस्कार/सम्मान** : 'मास्टर', प्रथम विश्वयुद्धका योद्धा ।

मिथिला शर्मा

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २०२१ कात्तिक १, कमलपोखरी, काठमाडौँ । **माता/पिता** : पूर्णलक्ष्मी, नारायणहरि शर्मा सुवेदी । **शिक्षा** : स्नातक (शास्त्रीय नृत्य, गृह विज्ञान) । **सेवा** : कलाकारिता, नेपाल सङ्गीत-नाट्य प्रज्ञा-प्रतिष्ठान (प्राज्ञ परिषद् सदस्य, २०६७), अध्यापन, नृत्य, सामाजिक सेवा । **पहिलो रचना** : २०३० सालदेखि नृत्य क्षेत्रबाट रङ्गमञ्चमा प्रवेश । **कृति/सृजना** : सङ्गीत शिक्षक निर्देशिका (पुस्तक, २०५१, सङ्गीत विषयमा कक्षा १ देखि ५ कक्षासम्म, प्राथमिक पाठ्यपुस्तक तयारी केन्द्र, सानोठिमी, भक्तपुर) । सङ्कल्प (२०४९), गीतिनाटक (२०५०), सबैलाई चेतना भया (२०५१), नेपाल आमा, यात्रा अझै बाँकी छ (२०५२), गीतिनाटकहरू निर्देशन, विगत २५ वर्षदेखि नेपाली विभिन्न लोक नृत्यहरू, नेपाली शास्त्रीय नृत्य (चर्या)को साथै भरत नाट्यम्, कथक नृत्य प्रदर्शन गर्दै आएको, मुनामदन, मुटुको व्यथालगायत ५० ओटा नाटक र ५ ओटा गीतिनाटकहरूमा अभिनय, टेलिचलचित्र ७५ भन्दा बढी, ७ ओटा भिडियो चलचित्र र शान्तिदीप, भुमरी, चेलीबेटी, कन्यादान, माया, अर्को जन्म, परिवार, अधिकार, राँको लगायत ५० भन्दा बढी ठूलो पर्दाका चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), सेवा पदक (२०४३), राष्ट्रिय शिक्षा पदक (२०४५), गोरखा दक्षिणबाहु चौथा (२०४९), गद्दीआरोहण पदक (२०५३), त्रिशक्तिपट्ट चौथो (२०६२), कृति पुरस्कार (२०६२), दशक नायिका लगायत अन्य नगद पुरस्कारहरू । प्रथम टेलीचलचित्र सम्मान (२०४४), प्रथम भिडियो चलचित्र सम्मान (२०४९), अभियान टेलीचलचित्र सम्मान (२०४९), अभियान चलचित्र सम्मान (२०५०), जी.ए.ए. रङ्गमञ्च सम्मान (इ.सं. १९८१) आदि सम्मानहरू । **हालको ठेगाना** : ठाडोढुङ्गा, धोबीघाट, जावलाखेल, ललितपुर । **फोन** : ४२५७९७७ / ५५२७५३४ ।

मिथिलेश्वरीदेवी कर्ण

(चित्रकार, मैथिली)

जन्म/स्थान : वि.सं. २०१०, मधुवनी, विहार, भारत । **माता/पिता** : रूपनारायण मल्लिक । **शिक्षा** : स्वाध्ययन । **सेवा** : मिथिला लोक चित्रकार । **पहिलो रचना** : २०१९ सालदेखि । **कृति/सृजना** : २०१९ सालदेखि परम्परागत रूपमा मिथिला चित्रकला सुरु गरी हालसम्म देशका विभिन्न स्थानहरूमा आफ्नो कला प्रस्तुत गरेको (मैथली कला), मैथली चित्र कला प्रदर्शनीमा भाग लिएको (मिथिला लोक चित्रकार भई जापानको नागोया सिटी हलमा इ.सं. १९९१ मा सहभागी) । संयुक्त राष्ट्र सङ्घको भवन पुल्चोक, ललितपुर, ग्रिनलेज बैङ्क, काठमाडौँ, जनकपुर रेल्वे, जनकपुर, जनकपुर एयरपोर्ट आदि स्थानमा भित्ते चित्रहरू लेखेको । **हालको ठेगाना** : जनकपुर -३, दीवानपोखरी, धनुषा (kanhaiya_karn@hotmail.com) । **फोन** : ५२४१८७ ।

मिलन शाक्य (मिलनरत्न शाक्य)

(चित्रकार, संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. २०१८ माघ १६, ओम्बहाल, काठमाडौँ । **माता/पिता** : भुवनलक्ष्मी शाक्य, नीलरतन शाक्य । **शिक्षा** : बी.एफ.ए., एम.ए., विद्यावारिधि (संस्कृति) । **सेवा** : प्राध्यापन, त्रि.वि., ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१) । **पहिलो रचना** : इ.सं. १९७८ मा सामूहिक कलाप्रदर्शनी । **कृति/सृजना** : Ganesa in Medieval Nepal (2006), The cult of Bhairava in Nepal (2008) कलासम्बन्धी कार्यपत्रहरू विभिन्न समयमा प्रस्तुत । जर्मनीमा एकल कलाप्रदर्शनी (इ.सं. १९८१), स्विट्जरल्याण्डमा कलाप्रदर्शनी (१९८८), पोल्याण्डमा कलाप्रदर्शनी (इ.सं. १९९०), जापानमा कलाप्रदर्शनी (१९९०), फिनल्याण्ड, लाहटी (१९९५), फिनल्याण्ड, हेलसिन्की, लाहती (१९९७) लगायत भारतमा सामूहिक कलाप्रदर्शनी । **सम्पादन/अनुवाद** : बालकोसेली (कलासम्पादक, १९८०-१९९०), पातले (चित्रकला, १९८६-१९८८), युवामञ्च, मुना (मासिक, कला संयोजक, १९८८-२००२) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवावर्ष पुरस्कार (२०४४), राष्ट्रिय

कलाप्रदर्शनीमा द्वितीय पुरस्कार (२०५४), EZRA JACK KEATS International prize (1980), उत्कृष्ट पुरस्कार (जापान)। **हालको ठेगाना** : घ नं. ६६, माछापोखरी, बालाजु, काठमाडौं। **फोन** : ४३५४३७०/४३६१९०० /९८५१०५७५७१।

मिहीलाल उपाध्याप 'पुष्प'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० फागुन २, चमरा चौतारा -४, खत्याडी, डोटी। **माता/पिता** : हरिदेवी उपाध्याय, नन्दराम उपाध्याय। **शिक्षा** : स्नातक। **सेवा** : संस्थान सेवा, विभिन्न सङ्घ-संस्थाहरूमा आवद्ध। **पहिलो रचना** : मेरो जन्मभूमि (कविता, परिचर्चा साप्ताहिक, २०३१)। **कृति/सृजना** : कसम यो माटोको (कवितासङ्ग्रह, २०५३), बदलाको प्रेरणा (कविता, २०५९)। **हालको ठेगाना** : धनगढी न.पा. -२, कैलाली। **फोन** : ०९१-५२२२६३।

मीनकुमार 'नवोदित'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३८ भदौ १७, बतासे-७, खोटाङ। **माता/पिता** : शारदा श्रेष्ठ, गङ्गाबहादुर श्रेष्ठ। **शिक्षा** : स्नातक। **पहिलो रचना** : फोस्रो सिद्धान्त (लघुकथा, २०४८)। **कृति/सृजना** : फूलबारी-भित्रका भमराहरू (कवितासङ्ग्रह, २०५६)। **सम्पादन/अनुवाद** : विभिन्न साहित्यिक पत्रिकाहरू (शान्ति सन्देश, हलेसी, खोटाङ बोल्छ, प्रत्याभूति, झुल्को द्वैमासिक), सभ्यता, पूर्वी साइबर (साप्ताहिक)। **पुरस्कार/सम्मान** : राष्ट्रिय युवा कविता महोत्सव (२०६०), राष्ट्रिय कविता प्रतियोगिता (२०६०) आदि विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत। **हालको ठेगाना** : बतासे-७, रात्माटा, खोटाङ। **फोन** : ०२१-५२८१२०।

मीनप्रसाद नेपाल

(कवि, नेपाली/संस्कृत भाषा)



जन्म/स्थान : वि.सं. १९६७ जेठ २०, द्यौराली, खस्यौली, पाल्पा। निधन : २०३५ फागुन ८। **माता/पिता** : सत्यभामा नेपाल, भीमलाल नेपाल। **शिक्षा** : वेदान्ताचार्य। **सेवा** : मुखियाली, अध्यापन (सिद्धेश्वर गा.वि.स.मा रहेको वेद वेदाङ्ग संस्कृत मा.वि.का संस्थापक एवं अध्यापक, पुराण-वाचनमा प्रसिद्धि पाएको)। **कृति/सृजना** : श्रीराम वनगमन (काव्य, २०३०), प्रश्नोत्तरी (काव्य, २०३१), मीनोक्तमीश्वरदर्शनम् (दर्शन, २०४१), रामगीता सार, सरस्वती सङ्गीत सञ्चय (नचिकेतोपाख्यान), प्रार्थना (भजनसङ्ग्रह), संस्कृत भजन, त्रिवेणी वर्णन, वर्णाश्रम व्यवस्था, ईश्वरास्तित्व सिद्ध माननी। **सम्पादन/अनुवाद** : ब्रह्मसूत्र शाङ्कर भाष्यम् (भाषानुवाद, २०५५), योगवाशिष्ठ (नेपाली अनुवद), कठोपनिषद् (अनुवाद)। **पुरस्कार/सम्मान** : वेदान्तदर्शनशिरोमणि सम्मान। **सम्पर्क फोन** : ९८४७०६५५४१

मीना खनाल (नेम्वाङ)

(गायिका)

जन्म/स्थान : वि.सं. २०१३ जेठ २९, फिदिम -१, पाँचथर। **माता/पिता** : विष्णुमाया नेम्वाङ, देवीप्रसाद नेम्वाङ। **शिक्षा** : एस.एल.सी.। **सेवा** : नोकरी, गायन। **पहिलो रचना** : गीत रेकर्ड (गायन, रेडियो नेपाल, २०३५)। **कृति/सृजना** : एकै धर्को सिन्दूरैले, चौतारी (संयुक्त), काठमाडौँ दोहोरी (संयुक्त), सललल मर्स्याङ्दी खोला (समूह) आदि गीतिएल्बमहरू प्रकाशित (गायन)। **पुरस्कार/सम्मान** : अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा तृतीय। **हालको ठेगाना** : पो.ब.नं. १३३४०, काठमाडौं /सोल्मा -७, तेह्रथुम। **फोन** : ४४६४३७४।

मीना लोक्ताम सम्बाहाम्फे

(गायक, नेपाली/लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. २००९, साखेजुङ -१, इलाम। **माता/पिता** : मनमाया लिङ्देन लोक्ताम, विष्णुबहादुर लोक्ताम। **शिक्षा** : साधारण। **सेवा** : गायन। **कृति/सृजना** : विछोड चोट (गीतिएल्बम, २०६१), फुङनाम (फूलको वासना, गीतिएल्बम, २०६२)। एउटा कथा

(चलचित्र, चरित्र अभिनेत्री), अम्लारी फुङ (सुनाखरी फूल गीतिनाटक, चरित्र अभिनेत्री)। **हालको ठेगाना :** कलङ्की, काठमाडौँ। **फोन :** ४२८३१३७।

मीना सुवेदी 'मीनु'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ माघ १०, पनौती-१३, काभ्रे। **माता/पिता :** राधा भण्डारी, टेकबहादुर भण्डारी। **शिक्षा :** एम.ए. (इतिहास, संस्कृति)। **सेवा :** सामाजिक, धार्मिक, साहित्यिक एवं पत्रकारिता। **पहिलो रचना :** विक्षिप्त मन (कविता, जनसत्ता, २०४४)। **कृति/सृजना :** अधुरो यात्रा (गीतसङ्ग्रह, २०५४), समर्पण (भजनसङ्ग्रह, २०५६), आँसु छचल्किँदा (कवितासङ्ग्रह, २०५८), हाम्रा चाडपर्व (निबन्धसङ्ग्रह, २०६०), दृष्टि एक सृष्टि अनेक (निबन्धसङ्ग्रह, २०६०), राजसंस्थामा हाम्रो आस्था (निवन्धसङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद :** नारी उद्घोष (मासिक), कौशिकी (मासिक), अध्यात्म (मासिक) साथै विभिन्न स्मारिका एवं नेपालको सन्दर्भमा प्रजातन्त्र र राजसंस्था (ऋषिबाबु परियारद्वारा लिखित पुस्तक) आदिको सम्पादन। **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०६१), वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५८)। **हालको ठेगाना :** पो.ब.नं. २०४१८, बानेश्वर, काठमाडौँ। **फोन :** ४४८७७२३/४३७०३२२।

मीरा प्रधान

(लेखिका, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ मङ्सिर २८, बन्दिपुर, तनहुँ। **माता/पिता :** गौरी प्रधान, कुबेर प्रधान। **शिक्षा :** एम.ए. (अर्थशास्त्र, नेपाली)। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** विद्यार्थी जीवन (कविता, चितवन मा.वि.को स्मारिका, २०३६)। **कृति/सृजना :** चन्द्रिका व्याकरणको भाषावैज्ञानिक अध्ययन (२०५६), सजिलो अर्थशास्त्र (२०५६), अनिवार्य नेपाली १०+२ (२०६०), अनिवार्य नेपाली (प्रमाणपत्रतह, २०६०), भाषासारथि (व्याकरण, कक्षा ४ देख १० सम्म, २०६२), नेपाली भाषा शिक्षण (२०६२)। **सम्पादन/अनुवाद :** द बड, जनमैत्री स्मारिका, जे.एम.सी. रिजर्च जर्नल, । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (२०५४), लारी स्वर्णपदक (२०५४), हेमराज पुरस्कार गुठीद्वारा विद्वद्वृत्ति। **हालको ठेगाना :** कीर्तिपुर-२, काठमाडौँ। **फोन :** ४३३३०६०, ९८४१४७१८००।

मीरा राणा

(गायिका)

जन्म/स्थान : वि.सं. २००८ असोज, कमलपोखरी, काठमाडौँ। **माता/पिता :** निर्मला मिश्र, शम्भुप्रसाद मिश्र। **शिक्षा :** सङ्गीत विशारद। **सेवा :** रेडियो नेपाल, गायन, सङ्गीत। **पहिलो रचना :** नसिब कहाँ सबको उही हुन्छ र .... बोलको गीत (गायन रेकर्ड, रेडियो नेपाल, २०२२)। **कृति/सृजना :** मनको बाँध, परिवर्तन, माया, शान्तिदीप, मायाप्रीति, ममता, अभियान, प्रायश्चित, अनर्थ, माला, टाइगर, बादल, दर्पणछायाँ आदि चलचित्रहरूमा पार्श्वगायन। गीतिएल्बमहरूमा : लेकै फुल्यो लालीगुराँस, लभ उपहार, दुर्गाभजन, कृष्ण भजन, सदाबहार लोकगीत, भक्तिस्वरूप। मीरा राणाका गीतहरू (सी.डी.) साथै सयौँ गीत गायन तथा सङ्गीतहरू रेकर्ड। **पुरस्कार/सम्मान :** प्रथम पुरस्कारहरूमा : आधुनिक गायन (रेडियो नेपाल, २०२८, रत्न रेकर्डिङ, २०४५), राष्ट्रिय गायन (रेडियो नेपाल, २०२८), लोकगीत (नेपाल जापान सोसाइटी, २०२९, चुलबुले युवाक्लब, २०२९, अधिराज्यव्यापी, २०३६), नेवारी गीत (२०२९), भजन (बुद्धविहार पाटन, २०४०) सङ्गीत (रेडियो नेपाल, २०५२)। शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु (पाँचौँ, २०४२, चौथो, २०६१), सर्वोत्कृष्ट गायिका अभियान ट्रफी (२०४४), छिन्नलता गीत-सङ्गीत पुरस्कार (२०५३), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य पदक (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८)। मधुरिमा सम्मान (२०५५), तरुण सम्मान (२०५५), आरोहण सम्मान (२०५६), कलाकर्मी सम्मान (२०५६), नेपाल राष्ट्रिय चलचित्र कलाकार सम्मान (२०५८), नेपाल सांस्कृतिक स्वर्ण महोत्सव सम्मान (२०५८), निर्माण प्रकाशन सम्मान (गान्तोक, सिक्किम, २०६०) आदि। **हालको ठेगाना :** क्षेत्रपाटी, काठमाडौँ। **फोन :** ९८५१०३८६०८।

मीनबहादुर विष्ट

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ फागुन २४ गते, दाखा कवाडी,

प्युठान । **माता/पिता** : सावित्री विष्ट, लीलासिंह विष्ट । **शिक्षा** : एम.एड., विद्यावारिधि । **सेवा** : प्राध्यापन । अमेरिकाबाट फुलब्राइट छात्रवृत्ति । **पहिलो रचना** : सहर मेरो सहर (कविता, वेदना, २०३२) । **कृति/सृजना** : शिक्षाको सिद्धान्त (२०३९), मीनबहादुर विष्टका कविता (२०६१), नेपालमा महिला शिक्षिकाहरूको स्थिति (सर्भेक्षण, इ.सं. २००५), शिक्षा मन्त्रालयको संस्थागत विश्लेषण (अङ्ग्रेजी, इ.सं. २००४), शैक्षिक नीति निर्माणमा अनुसन्धानको भूमिका (अङ्ग्रेजी, इ.सं. २००४) । **सम्पादन/अनुवाद** : कुसुम (पाल्पा) । **पुरस्कार/सम्मान** : सर्वोत्तम शोध पुरस्कार (इ.सं. १७७९), महेन्द्र विद्याभूषण 'क', कृष्णचन्द्र रेग्मी पुरस्कार (त्रि.वि.) । **हालको ठेगाना** : वाफल, ताहाचल, काठमाडौं । **फोन** : ४२७११६७ ।

मुकारुङ गोविन्द

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ वैशाख १७, दिल्पा, अन्नपूर्ण, भोजपुर । **माता/पिता** : भगतकुमारी राई, भीमप्रसाद राई मुकारुङ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, समाजसेवा । **पहिलो रचना** : कविता (मुखपत्र, भोजपुर क्याम्पस, २०४५) । **कृति/सृजना** : मान्छेहरूको गीत (गीत, २०५७) । **हालको ठेगाना** : अन्नपूर्ण -३, भोजपुर / पो.ब.नं. ४१६० काठमाडौं । **फोन** : ५५७०२०६ ।

मुकुन्द अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार ६, पुतलीबजार-१३, जैसीडाँडा, स्याङ्जा । **माता/पिता** : दुर्गा अर्याल, द्रोणराज अर्याल । **शिक्षा** : एम.बी.ए. । **सेवा** : संस्थान सेवा । **कृति/सृजना** : आँधी खोलाको सुसेली (कवितासङ्ग्रह, २०५३), जिन्दगीको वासलात (कविता-सङ्ग्रह) । **पुरस्कार/सम्मान** : कथा प्रतियोगितामा प्रथम (नेपाल खानेपानी संस्थान, २०५०), निबन्ध लेखन प्रतियोगितामा उत्कृष्ट पुरस्कार (इ.सं.१९९५), अन्तरबैङ्क कविता प्रतियोगितामा प्रथम (२०६३) लगायत केही पुरस्कारहरू । **हालको ठेगाना** : काठमाडौं । **फोन** : २०५२२८४, ९८४१५६०२०२ ।

मुकुन्द आचार्य (मुकुन्दराज, मुकुन्दप्रसाद उपाध्याय)

(निबन्धकार, भोजपुरी/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ चैत्र १६, मकवानपुरगढी, मकवानपुर । **माता/पिता** : टेककुमारीदेवी, सीताराम उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : कथा (हिमाल, २०१८) । **कृति/सृजना** : विगत र वर्तमान (हास्यव्यङ्ग्य मुक्तक, २०३८), नेताको रूपलाई चुरोटको धूप (२०४२), पट्ठो बन्ने रहरमा (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०४२), भोजपुरी उखान टुक्का (२०५३), भोजपुरी गद्यसाहित्य (२०५३), प्रश्न सोझा उत्तर बाउँठा (व्यङ्ग्य) । **सम्पादन/अनुवाद** : प्रतीक, मोर्चा (पत्रिका), जमर्को (नाटकसङ्ग्रह), प्रतिनिधि (पत्रिका), गायत्री-विज्ञान (हिन्दीबाट नेपालीमा अनु. २०६१), रुद्राक्षमहात्म्य (मैथिलीबाट नेपालमा अनु. २०६१) भानुको रामायण (भोजपुरीमा अनु.-२०६२) । **पुरस्कार/सम्मान** : देवकोटा स्मृति पुरस्कार (२०४३), भैरव पुरस्कार (२०५३), लीलाधर स्मृति पुरस्कार (२०५४), सीताराम प्रज्ञा पुरस्कार (२०६१) । पत्रकार महासङ्घ बाराद्वारा सम्मान (२०६०), नेपाल भोजपुरी प्रतिष्ठान सिम्रौनगढ शाखा, बाराद्वारा सम्मान (२०६१), सिस्नुपानी नेपाल, हेटौंडाद्वारा सम्मान (२०५९) । **हालको ठेगाना** : थानकोट, काठमाडौं । **फोन** : ९८४१८९६०५५, ४३१६१९३ ।

मुकुन्द ढुङ्गेल (मुकुन्दप्रसाद)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३६ अप्रिल १४, भाटभटेनी, काठमाडौं । **माता/पिता** : भाग्यवतीदेवी ढुङ्गेल, लीलाप्रसाद उपाध्याय । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), बी.एल. फ्रेन्च र रूसी भाषामा । **सेवा** : प्राध्यापन, निजामती (सहसचिव पदबाट निवृत्त), कूटनीतिक क्षेत्र (राजदूत) । **पहिलो रचना** : नसोचेको कुरा (कथासङ्ग्रह,

२०१६) । **कृति/सृजना** : नयाँ मोड : रमाइलो सफर (कथासङ्ग्रह, २०१८), ओरालो-उकालो (उपन्यास, २०२२), आँखाको दुर्बिनबाट एक दिन (कथासङ्ग्रह, २०४३), नेपाल इजरायल रिलेसन्स (लेखसङ्ग्रह) । **पुरस्कार/ सम्मान** : गोरखा दक्षिणबाहु चौथा, शुभराज्याभिषेक पदक, जानपद सेवा पदक, दीर्घसेवा पदक । वित्तीय संस्थाबाट सम्मानित (२०६१) सङ्घीय गणतन्त्र जर्मनीबाट DAS VERDIENSTREUZ I KLASS र गणतन्त्र फ्रान्सबाट CHEVALIER DU L'ORDRE NATIONAL DU MERITE द्वारा विभूषित । **हालको ठेगाना** : पो.ब.नं. १२०, बखुण्डोल, ललितपुर । **फोन** : ५५२३९१६ ।

मुकुन्द न्यौपाने (उदय शर्मा)

(कवि/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ जेठ २२, गोगने, भोजपुर । **माता/पिता** : विष्णुमाया न्यौपाने, लीलानाथ न्यौपाने । **शिक्षा** : प्रथमा संस्कृत । **सेवा** : राजनीति, साहित्य । **पहिलो रचना** : म भियतनाम जाँदै छु (हिमाल सामयिक सँगालो, २०२५) । **कृति/सृजना** : आमा (गीतिनाटक, २०३९), लोकविनोद (खण्डकाव्य, २०३९), उथलपुथलभित्रका अनुभूतिहरू (कवितासङ्ग्रह, २०४०), सिन्धुलीको व्यथा (गीतिनाटक, २०४३), पीडित आत्माका धुनहरू (गीतिकवितासङ्ग्रह, २०४४), उद्घोष (पूर्णाङ्की गद्यनाटक, २०४४), फूलबारीको कथा हवाईको व्यथा (गीतिनाटक, २०४५), छोरीलाई चिठी (कवितासङ्ग्रह, २०४७), नेपालमा ट्रेडयुनियन आन्दोलन एक अध्ययन (२०४९), अवसरवादको सल्यक्रिया (राजनीतिक लेखहरूको सङ्ग्रह, २०५६), नयाँ युगका नयाँ कविता (कवितासङ्ग्रह, २०५८), घाइते देश (कवितासङ्ग्रह), समाजवादका अवधारणाबारे (२०५९), देशभक्त सिपाही (गीतिनाटक, २०६०), लीला स्मृतिकाव्य (शोककाव्य, २०६१), नाटकभित्रको संवाद (२०६२), जननेतासँगको सहयात्रा (२०६५ । **सम्पादन/अनुवाद** : श्रमिक पत्रिका (२०३६), श्रमिक खबर । **पुरस्कार/सम्मान** : विभिन्न साहित्यिक गोष्ठीहरूमा प्रथम तथा द्वितीय पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : कलङ्की, काठमाडौँ / भद्रपुर न.पा. -११, झापा । **फोन** : ४२८८५६५, ९८५१०६९७७३ ।

मुकुन्द पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ साउन १९, सिरुटार-३, भक्तपुर । **माता/पिता** : गङ्गा पोखरेल, चिरञ्जीवी पोखरेल । **शिक्षा** : एम.ए. (राजनीति, कूटनीति), बी.एल. । **सेवा** : सरकारी, बैङ्किङ । **पहिलो रचना** : चटकतीर्थको महत्त्व (रेडियो, २०३१) । **कृति/सृजना** : कोमल मनका कठोर आवाजहरू (निबन्ध, २०६०), अन्तर्द्वन्द्वको ज्वारभाटा (कविता-सङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : सिरु (स्मारिका, २०५४), चरखण्डी स्मारिका (२०५७), जलधि (२०६४), अरनिको उच्च मा.वि. स्मारिका (२०६४) । **पुरस्कार/सम्मान** : युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानद्वारा सम्मान (२०६३) । **हालको ठेगाना** : सिरुटार-३, भक्तपुर । **फोन** : ६६३१९४२, ९८४१५९०८०३ ।



मुकुन्दप्रसाद लामिछाने

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ वैशाख कृष्ण चौथी, भीमसेनस्थान, काठमाडौँ । **शिक्षा** : साहित्य मध्यम । **सेवा** : अध्यापन । **कृति/सृजना** : स्वर्गको सी.आई.डी. (चम्पू-२०३१), अग्निरेखा (चम्पू, २०३४), प्रतिशोध (नाटक मञ्चित) । **पुरस्कार/सम्मान** : सरस्वती सदनमा छात्रसङ्घद्वारा आयोजित कविसम्मेलनमा पुरस्कृत (२०१०) । **हालको ठेगाना** : कुरियागाउँ, थापाथली, काठमाडौँ ।

मुकुन्दराज अर्ज्याल

(संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. २००० माघ २, गैह्रीधारा, काठमाडौँ । **माता/पिता** : होमकुमारी, एकराज अर्ज्याल । **शिक्षा** : एम.ए. (संस्कृति- त्रि.वि., एन्थ्रोपोलोजी- न्युयोर्क, अमेरिका), विद्यावारिधि (नेपालमा सौर्यसम्प्रदाय र सूर्य-मूर्तिहरू, बनारस हिन्दू विश्व-विद्यालय, भारत) । **सेवा** : राजदरबार, प्राध्यापन । **पहिलो रचना** : युनेस्को कुर्येयर (सांस्कृतिक लेख, इ.सं. १९७१) । **कृति/सृजना** : नेपाल एन इन्ट्रोडक्सन (अङ्ग्रेजी, फ्रेन्च, जर्मनभाषा, इ.सं. १९७४), लुम्बिनी (अङ्ग्रेजी भाषा, इ.सं. १९८९), शङ्खमूल : ए कल्चरल

मोनोग्राफ (अङ्ग्रेजी भाषा, इ.सं. १८८९), नेप्लिज् स्कल्पचर्स (सहलेखन, इ.सं. १९९८), राष्ट्रिय सङ्ग्रहालय, बौद्धकला विभागको वर्णनात्मक विवरण (सहलेखन, इ.सं. १९९९) । **सम्पादन/अनुवाद :** धर्मकोष सङ्ग्रह (सम्पादन, अनुवाद, इ.सं. २००२), पाटन सङ्ग्रहालय एक चिनारी (अनु., २०५९) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (२०३१), फाल्म डे एकेडेमिक्स् (फ्रान्स सरकार, इ.सं. १९९३), राष्ट्रिय शिक्षा पुरस्कार (इ.सं. १९९४), त्रि.वि. दीर्घसेवा पदक (इ.सं. १९९८) । **हालको ठेगाना :** च २-१६४, त्रैलोक्य निवास, टङ्गाल, काठमाडौँ (mukundaaryal@wlink.com.np) । **फोन :** ४४१७०८४, ४४२९५१३ ।

मुकुन्दराज पथिक

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.२०१५ फागुन ५, रम्घा, लमजुङ । **माता/पिता :** विष्णुमाया वाग्ले, नेत्रराज वाग्ले । **शिक्षा :** स्नातकोत्तर, वी.लिव.एस्सी. (त्रि.वि.) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** बडादसैँ (नयाँ किरण, २०३१) । **कृति/सृजना :** बोन्भेनोन (स्वागतम् : एस्पेरान्तो भाषा, इ.सं. १९९५), वसन्तका फूलहरू (२०६३), आँसुको झरी (२०६३), एस्पेरान्टो एपुड एभेरेस्टो (सगरमाथा नजिक एस्पेरान्तो, इ.सं. १९९५), एस्पेरान्टो मोभाडो (एस्पेरान्तो गतिविधि, इ.सं. १९९५), । **पुरस्कार/सम्मान :** पद्मकन्या बहुमुखी क्याम्पस एकाइबाट सम्मान, लोकतान्त्रिक जनआन्दोलन संयुक्त सङ्घर्ष समिति वनस्पतिबाट सम्मान । **हालको ठेगाना :** बालाजु हाइट, काठमाडौँ (mpathik@vianet.com.np) । **फोन :** ४३५१५६४ ।

मुकुन्दशरण उपाध्याय (मुक्तिनारायण)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ वैशाख ५, हेमजा, कास्की । **माता/पिता :** केशरकुमारी उपाध्याय, दशरथ उपाध्याय । **शिक्षा :** साहित्याचार्य, वेदान्त तीर्थ, एम.ए. (संस्कृत, नेपाली), हिन्दी विशारद । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** भागवत जयन्ती (संस्कृत भाषा, मासिक सर्वेश्वर, २०१६) । **कृति/सृजना :** निम्बार्क चरितम् (संस्कृत खण्डकाव्य, २०१६), वरदान (उपन्यास, २०१७), श्री ५ महेन्द्रालङ्कार (साहित्यशास्त्र-२०१८), प्राकृत पोखरा (खण्डकाव्य, २०२१), धरती र आकाश (कवितासङ्ग्रह, २०३४), शैल सरिता (संस्कृत कवितासङ्ग्रह, २०३८), प्रस्तावना र विवेचना (व्याकरण-२०४३), सरल नेपाली : शुद्ध नेपाली (नेपाली व्याकरण, २०४५) । **सम्पादन/अनुवाद :** छात्र जीवन (भारत, २०१८), गण्डकी (साप्ताहिक, २०२६), अनुसन्धानात्मक जर्नल (पृथ्वीनारायण क्याम्पस, पोखरा), माछापुच्छ्रेको अभिवादन (स्मारिका), सम्झनाको दीयो (अली मियाँ कवितासङ्ग्रह), रजतजयन्ती स्मारिका (पृथ्वीनारायण क्याम्पस) । महाभारत सूक्ति (सङ्कलन/भावानुवाद, २०३०) । **पुरस्कार/सम्मान :** अखिल भारतीय साहित्य पुरस्कार (२०१६), अखिल भारतीय संस्कृत पुरस्कार (२०१७), मदन पुरस्कार (२०२१), ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०३५), श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदक (२०४६), गुणराज व्याख्यान पुरस्कार (२०४७), शिक्षा पुरस्कार (२०४७), दीपस्मृति पुरस्कार (२०५६), शिरोमणि साहित्य पुरस्कार (२०५८), पाणिनि पुरस्कार (२०५९), विद्यार्थी जीवनमा विभिन्न स्वर्णपदक प्राप्त । पोखरा साहित्य समितिद्वारा अभिनन्दन सम्मान (२०४१) । **हालको ठेगाना :** हेम्जा, पोखरा -१, कास्की /टङ्गाल आश्रम, काठमाडौँ । **फोन :** ९८४१३८७६२८, ४४१६३९३ ।

मुकुन्द शर्मा चालिसे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ साउन ६, जैदी -३, रोहोटे, बागलुङ । **माता/पिता :** मतीश्वरीदेवी, हरिदत्त उपाध्याय । **शिक्षा :** एम.ए. (नेपाली), शास्त्री (संस्कृत) । **सेवा :** अध्यापन । **पहिलो रचना :** राजा र राज्याभिषेक (लेख, धौलाश्री पत्रिका, बागलुङ, २०३२) । **कृति/सृजना :** मातृत्व यस्तो हुन्छ (खण्डकाव्य, २०३५), केही सन्तोष केही आक्रोश (कवितासङ्ग्रह, २०३६), साहित्य सौगात (सहलेखन, २०४७), हिमबाला (खण्डकाव्य, २०५४), पावनपथ (महाकाव्य २०५८), रामायण चम्पू (चम्पूकाव्य, २०५८), सुमन सौगात (कवितासङ्ग्रह, २०५८), भूमिसूक्त - पर्यालोचना (समालोचना, २०५९) । **सम्पादन/अनुवाद :** विश्वदूत (साप्ताहिक), भञ्ज्याङ (बूढानीलकण्ठ स्कुलको मुखपत्र), वेणीसंहार (नाटक, अनुवाद, २०६०) । **पुरस्कार/सम्मान :** रत्न श्रेष्ठ पुरस्कार (२०४०), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), वासुदेव भट्टराई स्मृति

पुरस्कार (२०५९), भवदेव पन्त पुरस्कार (२०६०) । **हालको ठेगाना :** पो.ब.नं. १०१८, बूढानीलकण्ठ स्कुल, काठमाडौं । **फोन :** ४३७४१७०, ४३७१६३७ ।

मुकुन्द शर्मा पौड्याल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००५ साउन १९, रातामाटा, बागलुङ । **माता/पिता :** पवनकुमारी उपाध्याय, जगन्नाथ उपाध्याय । **शिक्षा :** एम.ए., बी.एल., शास्त्री । **सेवा :** अध्यापन, निजामती सेवा (का.मु मुख्य सचिवबाट सेवा निवृत्त) । **पहिलो रचना :** कविता प्रकाशित (मुनो पत्रिका, बागलुङ, २०२८) । **कृति/सृजना :** यात्रा सेरोफेरो (२०५५), यात्राका अनुभूतिहरू (२०५७) । **सम्पादन/अनुवाद :** पौडेल वंश स्मारिका (सम्पा. २०५७), पौडेल वंशावली (सम्पा. २०६०) । श्रीमद्भगवद्गीता (केही अध्याय अनुवाद, २०४८) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), सुप्रबल गोरखा दक्षिणबाहु (२०५३), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), जानपद पदक, दीर्घसेवा पदक । तन्नेरी प्रतिभा सम्मान (२०५९), रातामाट विकास समाजद्वारा अभिनन्दन सम्मान (बागलुङ, २०६०), दोभान प्रतिभा सम्मान (२०६१), धवलागिरि सेवा समाजद्वारा सम्मान (२०६३), नेपाल सरकारद्वारा कदरपत्र (२०६३), हुलाक सेवा विभागद्वारा कदरपत्र (२०६३) । **हालको ठेगाना :** बानेश्वर, सङ्गम चोक, काठमाडौं / बागलुङ नगरपालिका । **फोन :** ०१-४१०९६९७, ९८४१४४२४४४ ।

मुकुन्द श्रेष्ठ

(अभिनेता, चलचित्रकर्मी)

जन्म/स्थान : इ.सं. १९५७ सेप्टेम्बर २२ । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** कलाकारिता, लेखन, राष्ट्रिय वाणिज्य बैङ्क, सांस्कृतिक संस्थान, नेपाल टेलिभिजन । **कृति/सृजना :** वासुदेव, अन्याय, साइनो, कोसेली, दुई थोपा आँसु, प्रतिज्ञा, देउता, चट्याङ, दुश्मन, अपराध, सौभाग्य, देवदूत, गोठालो, रहर, देउराली, मीतज्यू, मायाप्रीति, लगनगाँठो, दोमन, अनाथ, सिउँदोको सिन्दूर, हिरो, अर्जुन, घुम्टो, सुपरस्टार, मनमन्दिर, त्रिवेणी, नातेदार, सन्तानको माया, बसाइँ, धर्मपुत्र, तिम्रो माया ९९ मेरो माया १००, गोरेटो, उपहार, मामाघर, दैव आदि थुप्रै चलचित्रहरू, कलाकार, विवश, सम्झौता आदि भिडियो चलचित्रहरू, लाटोबुङ्गो, आफ्नै कथा हो, अनधिकार, प्रतिबिम्ब, चेतना, बस्ती, नास्तिक, मुक्ति आदि टेलिशृङ्खलाहरूमा अभिनय । मीतज्यू, प्रतीक चलचित्रको सहनिर्देशन, बलभन्दा बुद्धि ठूलो, लाटो बुङ्गो, अनधिकार, प्रतिबिम्ब, चेतना, खतरा आदि टेलिशृङ्खला निर्माण/निर्देशन । थुप्रै रेडियो नाटक तथा मञ्चन अभिनय ।

मुकेशकुमार चालिसे

(लेखक, अन्वेषक)

जन्म/स्थान : वि.सं. २०१३ जेठ २०, चालिसेडाँडा, बडिखेल, ललितपुर । **माता/पिता :** मुना चालिसे, मुकुन्दकुमार चालिसे । **शिक्षा :** एम.ए., विद्यावारिधि (वातावरण, वन्यजन्तु) । वानर विशेषज्ञ । **सेवा :** प्राध्यापन, अनुसन्धान । **पहिलो रचना :** मेरो देश (कविता, बर्दिया, २०२५) । **कृति/सृजना :** नेपालका वन्यजन्तु (भाग-१, २०५६, भाग-२, २०५८, भाग-३, २०६०), मकालु वरुण क्षेत्रका बाँदरहरूको अध्ययन (१९९७), घोडाघोडी तालको अध्ययन (१९९८), लामटाङ हिउँ चितुवाको अध्ययन (२००१) । **सम्पादन/अनुवाद :** शृङ्खला (त्रैमासिक, २०३८), नवजवान (साप्ताहिक, २०३८), यथार्थ (साप्ताहिक, २०३९), जनमार्ग (साप्ताहिक), NAHSON Bull (विज्ञान जर्नल, इ.सं. १९९३) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (बर्दिया, २०२५), कन्जर्भेसन अवार्ड (अमेरिका, इ.सं. १९९६), महेन्द्र विद्याभूषण, शिक्षा पुरस्कार (१९९७), Martha J. GALANTE पुरस्कार (अमेरिका, इ.सं. १९९८) आदि । **हालको ठेगाना :** सातदोबाटो, ललितपुर /पो.ब.नं. २३५१३, काठमाडौं (nebors@ccsl.com.np) । **फोन :** ५५२६८९३, ५५४२९७६ ।

मुकेश मल्ल

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०१० जेठ, धनकुटा । **माता/पिता :** नारायणीदेवी प्रधानाङ्ग, खगेन्द्रकुमार प्रधानाङ्ग । **शिक्षा :** एम.ए. (संस्कृति) । **सेवा :** कला अधिकृत । **पहिलो रचना :** कला

दर्शक कोशिका (फेवा पत्रिका, २०३३ अङ्क ३), पहिलो एकल कलाप्रदर्शनी २०३४, धरान । **कृति/सृजना :** तुलिकाघात (२०५२), चित्रकला निरूपण (२०६१), आधुनिक कलाको समकालिक सन्दर्भ (२०६१), आधुनिक कला : अर्थ, प्रक्रिया र भाषा (२०६२), एक कलाप्रदर्शनी १३ वटा, नाफाको राष्ट्रिय कलाप्रदर्शनी (१९७५), अन्तर्राष्ट्रिय कलाप्रदर्शनी (बङ्गलादेश, १९९१), नाटक/कला सृजन (हैदरवाद, २००३) । **सम्पादन/अनुवाद :** कला (२०३५) । **पुरस्कार/सम्मान :** कला प्रदर्शन एवं साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । प्रवल जनसेवाश्री (चतुर्थ), कला प्रदर्शन गरेबापत विभिन्न सम्मान प्राप्त । **हालको ठेगाना :** का.म.न.पा. -७, काठमाडौँ (mukesh@mail.com.np) । **फोन :** ४४९९४३६ / ४४७१००४ ।

मुकेश लामा

(लेखक, तामाङभाषा)

जन्म/स्थान : वि.सं. २०२० फागुन ९, ओ.पी. धारा, इलाम बजार । **माता/पिता :** मधु लामा, नरेन्द्र लामा । **शिक्षा :** स्नातक (अङ्ग्रेजी साहित्य) । **सेवा :** नोकरी । **पहिलो रचना :** गुरु पद्मसम्भवको जीवनी (अनुवाद, इ.सं. २००२) । **कृति/सृजना :** डाकिनी येसे छोग्यालको जीवनी (इ.सं. २००३), सम्यक् सम्बोधिको यात्रा (इ.सं.२००४), बौद्धतन्त्रको परिचय (२००५), मतिशोधन (२००४), आफ्नो मनोचिकित्सक आफै बन्नुहोस् (२००३), आफ्नो मनलाई सागरझैं बनाउनुहोस् (२००४) । **हालको ठेगाना :** पो.ब.नं. १३७७९, डाँची-८ काठमाडौँ (m_lama79@hotmail.com) । **फोन :** ४४५०२७६ ।

मुक्तिकुवेर मास्के (मोहनकृष्ण ज्यापु)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ फागुन पूर्णिमा, दोलखाबजार । **माता/पिता :** धनलक्ष्मी मास्के, हर्षकुवेर मास्के । **शिक्षा :** आई.ए. । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** कलियुगी अवतार । **कृति/सृजना :** धर्मराज यमको अदालत (हास्यव्यङ्ग्य, २०३७), भ्रष्टाचारी काजी (हास्यव्यङ्ग्य, २०३९) । **सम्पादन/अनुवाद :** विभिन्न पत्रपत्रिकाहरूको सम्पादन । **हालको ठेगाना :** कुश्लेचौर, काठमाडौँ ।

मुक्तिनाथ आचार्य

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८३ जेठ २४, चुँदी रम्घा, तनहुँ । **माता/पिता :** दिव्यलोकादेवी आचार्य, देवीभक्त आचार्य । **शिक्षा :** ११ पास । **सेवा :** निजामती सेवा, साहित्य सेवा । **पहिलो रचना :** भानुका भावना (२०२९) । **कृति/सृजना :** आह्वान (छन्दोवद्ध, २०२९), आह्वान (प्राकृतिक सौन्दर्यवर्णन र कर्तव्य निर्देशन, २०२९), भानुको भावना (दोस्रो, २०३४), हितको संवाद (खण्डकाव्य, २०३९), आदिकवि भानुभक्त आचार्य : खोजपूर्ण जीवनी (२०४२), भानुभक्तको रामायण (२०६३) । **सम्पादन/अनुवाद :** विवेक चूडामणि (महाकाव्य, भावानुवाद, २०५८), विवेक चूडामणि (नेपाली अनुवाद, २०५८) । **पुरस्कार/सम्मान :** गाउँसेवा सम्मान (२०५८), भानु सम्मान (२०५८) । **हालको ठेगाना :** भानु, चुँदीगाउँ, तनहुँ /गोँगबु, काठमाडौँ । **फोन :** ४३६२६२४ ।

मुक्तिनाथ तिमिल्सिना

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ असार १५, बाटुलेचौर, बडहरबोट, पोखरा । **निधन :** २०४६ चैत्र १९ । **पिता :** हरिलाल तिमिल्सिना । **शिक्षा :** मध्यमा । **सेवा :** अध्यापन, समाजसेवा, राजनीति (राष्ट्रिय सभा सदस्य, २०१५) । **पहिलो रचना :** नेपालको आधारशिक्षा (पुस्तिका, २००६) । **कृति/सृजना :** को अछूत (उपन्यास, २०११), हिन्दू संस्कृति र आधुनिकता (कथासङ्ग्रह, २०३८), मातृत्व र धर्मपुस्तक (कवितासङ्ग्रह, २००७), गफ (२०१२), मुक्तिनाथ तिमिसिना (जीवनी) । **सम्पादन/अनुवाद :** रघुवंश (महाकाव्य, अनु, वि.सं. २०००), किरातार्जुनीय (अनु., वि.सं. २००२), प्रेमचन्दको 'निर्मला' उपन्यास (अनु.) । **पुरस्कार/सम्मान :** शिरोमणि पुरस्कार (२०४६, मरणोपरान्त) । **सम्पर्क ठेगाना :** पोखरा उ.म.पा. -१६, कास्की । **फोन :** ०६१-५२४९३७ ।

मुक्तिनाथ शर्मा उपाध्याय

(कवि, नेपाली भाषा)



जन्म/स्थान : इ.सं. १९४७ अक्टोबर १५, सायल गुरेना, डोटी । **माता/पिता** : नर्मदादेवी उपाध्याय, हरिप्रसाद शर्मोपाध्याय । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, नाटक निर्देशन । **पहिलो रचना** : कागदूत (कविता, २०२२) । **कृति/सृजना** : महाकवि देवकोटाको मुनामदन भाषा तथा कवितालाई नाट्य शैलीमा परिणत (२०३८) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु (२०५९), शिक्षा सेवा पदक (२०६१) आदि । **हालको ठेगाना** : डौड -७, डोटी । **फोन** : ४४३६६८१ (काठमाडौँ), ५२१०५६) ।

मुक्तिनाथ शर्मा नेउपाने (मुनाश)

(कवि/नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ फागुन १९, खुमरूक, दुराडाँडा, लमजुङ । **माता/पिता** : रुक्मिणीदेवी शर्मा, खडानन्द शर्मा । **शिक्षा** : उच्च शिक्षा । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : मैले सिगरेट उडाएँ (व्यङ्ग्य लेख, बन्दीपुरे उकाली पत्रिका, २०२२) । **कृति/सृजना** : नेपालको आर्थिक प्रशासन - एक अनुभव (२०४६), नेपालको आर्थिक प्रशासन सङ्क्षिप्त परिचय र प्रयोगात्मक झलक (सहलेखन, २०४८), नेपालमा ग्रामीण विकासका अवधारणा (सहलेखन, २०५१), विद्रोह (खण्डकाव्य, २०५५), काठमाडौँदेखि लन्डनसम्म (नियात्रा, २०५७), सर्वोदय (ऐतिहासिक गीतिकाव्य, २०५९), श्रीमद्भागवतभित्रका केही प्रसङ्ग (२०६०), पानी र नानी (बाल गीतिकाव्य, २०६१), बेलायततिरका झझल्का (नियात्रा, २०६२), सम्झनाका झझल्का (कविता, २०६३), सानीचरी गौँथली (बालगीतसङ्ग्रह, २०६३), तीर्थाटन (नियात्रा, २०६५), दिदीवहिनीका पुस्तकहरू (२०६५), बब्लु र सुगा (२०६६), चिन्तनको चौतारी (२०६६), नानीको बानी (बालकाव्य, २०६६), ग्र्यान्ड मदर (अङ्ग्रेजी बालकथा, २०६६) अञ्जना आकृति (बाल उपन्यास, २०६७), थिरी थिरी (बाल कविता, २०६७), मनका तरङ्ग (गीतसङ्ग्रह, २०६७), राम्रा नानी (बाल चित्रकाव्य, २०६७), रमाइलो गाउँ (२०६८), महाभारत भित्रका केही प्रसङ्ग (२०६८), सान्नानीको राम्रो बानी (२०६८), सौगात र हिमचुली (२०६८) । **सम्पादन/अनुवाद** : श्रीमद्भगवद्गीता (नेपालीमा अनुवाद, २०६१) । **हालको ठेगाना** : नव सिर्जना टोल, नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४४९२०२३, ९८४१८२१७०० ।

मुन पौडेल (मुनकुमार शर्मा)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ भदौ २५, ठहिटी, काठमाडौँ । **माता/पिता** : कमला उपाध्याय, नीलनाथ उपाध्याय । **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा** : प्रशासन सेवा, प्रशिक्षक, सामाजिक सेवा । नेपाली भाषा र साहित्यमा विशिष्ट योगदान दिए बापत भानु जयन्तीमा अभिनन्दन (१८८औँ) । **पहिलो रचना** : २०२७ सालदेखि लेखनयात्रा । **कृति/सृजना** : गजलोत्सव (गजल, २०५२), सफलताका तीन मन्त्र (हास्यव्यङ्ग्य, २०५२), बुद्धिजीवी र पुच्छर (हास्यव्यङ्ग्य, २०५६) । **सम्पादन/अनुवाद** : जुहार (मुखपत्र, पब्लिक युथ क्याम्पस, २०३०) । **हालको ठेगाना** : लक्ष्मीपुर बगेवा-१, भगवतीपुर, धनुषा । **फोन** : ०४१-५२२६४७ ।

मुनीन्द्ररत्न वज्राचार्य

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. २००९ मङ्सिर शुक्ल पूर्णिमा, झ्वाबहाल, काठमाडौँ । **माता/पिता** : रत्नकेशरी वज्राचार्य, फणीन्द्ररत्न वज्राचार्य । **शिक्षा** : एम.ए. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : जीवन (कविता, हसना पत्रिका, ने.सं.१०९१) । **कृति/सृजना** : सुथ (निबन्धसङ्ग्रह, ने.सं. ११०५), वज्रयान् पुलुपालु (सहलेखन, ने.सं. १११२), नेपाल परिचय (२०५६), नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर (२०५८) । **पुरस्कार/सम्मान** : निबन्ध तथा वादविवाद प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : का.म.न.पा. -२९, काठमाडौँ । **फोन** : ४२८६३७१ ।

मुरलीधर भट्टराई

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५३, काठमाडौँ । निधन : २०१८, असार । **पिता** : जीववल्लभ भट्टराई । **शिक्षा** : संस्कृत

साहित्य । **सेवा :** राजनीति, साहित्य । **पहिलो रचना :** बाटो (२००८) । **कृति/सृजना :** खोते थापा एन्ड लवर पाँडे (इ.सं. १९३३), बनाएकी सती (इ.सं. १९५३), विद्रोही रानी (इ.सं. १९५३), महात्मा थापा (इ.सं. १९५३), मलयाको चिठी, दुःखलहरी, अमरसिंह थापा, वीर बलभद्र कुँवर, प्रवासी दाजु, लोभीको प्रियदाम, भोलिको नेपाल, पुङमाङ् पुरोहित, दुर्लभ दैत्य, खेताला (इ.सं. १९५३), लखनौको लाहुरे (इ.सं. १९५६), संस्कृति र राजसत्ता (२०१४), धर्म एवं संस्कृति (इ.सं. १९६०), महेन्द्र महावाणी (२०१७), नेपालीको कर्तव्य, श्यामको सम्झना, सनातन धर्म, महर्षिज्म एन्ड मार्क्सिज्म (अङ्ग्रेजीमा) आदि । **सम्पर्क ।** **फोन :** ४२२२४१९ ।

मुरारी अधिकारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०००, वैशाख, अक्षय तृतीया, पदमपुर, सिरहा । **माता/पिता :** भौमादेवी अधिकारी, रामकृष्ण अधिकारी । **शिक्षा :** एम.एस. (शिक्षा, फ्लोरिडा) । **सेवा :** प्राध्यापन, निजामती सेवा । **पहिलो रचना :** वादलपारिको लोक (कथा, रूपरेखा, २०२०) । **कृति/सृजना :** बग्दो खोला थिर बगर (उपन्यास, २०२७), अस्वीकृत (कथासङ्ग्रह, २०५१) । **हालको ठेगाना :** झम्सिखेल, ललितपुर ।

मुरारी पराजुली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ जेठ २२, तानसेन, पाल्पा । **माता/पिता :** ओमकुमारी पराजुली, हेमन्तराज पराजुली । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** जाली तमसुक (एकाङ्की, वीणा वार्षिक मुखपत्र, २०३६) । **कृति/सृजना :** सृजनाका स्वरहरू (कवितासङ्ग्रह, २०४५), आगो पालेका पेट र शीत ओढेका बस्तीहरू (कवितासङ्ग्रह, २०४६), हाँसेर उसका ओठले (कवितासङ्ग्रह, २०६१), लोकतन्त्रको शङ्खनाद (कवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** शब्ददूत (अर्धवार्षिक), शब्ददूत (अर्द्धवार्षिक) । **पुरस्कार/सम्मान :** हरिकला-गुणाकर दायित्य रचना पुरस्कार (२०६४), टेकध्वज खाती -लक्ष्मीदेवी खाती साहित्य सेवा पुरस्कार (२०६६), सिर्जनशील साहित्यिक समाज रूपन्देहीद्वारा सम्मान (२०६४) । **हालको ठेगाना :** करहिया-८, मणिग्राम, रूपन्देही (parajuli_murari@yahoo.com) । **फोन :** ०७१-५६१५३०, ९८४७०२३५३० ।

मुरारीप्रसाद रेग्मी

(मनोवैज्ञानिक समालोचक)



जन्म/स्थान : वि.सं. १९९८ असोज (५ सेप्टेम्बर, १९४२), अमवा, रूपन्देही । **माता/पिता :** राधादेवी रेग्मी, देवीप्रसाद रेग्मी । **शिक्षा :** एम.ए., विद्यावारिधि (मनोविज्ञान) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** पाएन्ड (निबन्ध, निर्णय दैनिक, इ.सं. १९८६) । **कृति/सृजना :** जीवन : क्यान्भासको वृत्तचित्र (उपन्यास, २०३४), मनोविश्लेषणात्मक (समालोचना, २०४१), मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना (कथाखण्ड, २०३८), मनोविज्ञान एक परिचय (मनोविज्ञान), असामान्य मनोविज्ञान र मानसिक स्वास्थ्य (मनोविज्ञान), द साइकोलोजी अफ लर्निङ (साइकोलोजी), हिस्टोरिकल डेभलपमेन्ट अफ साइकोलोजी इन नेपाल (सहलेखन), द गुरुङ : थुन्डर अफ हिमाल (इ.सं. १९९०) । **सम्पादन/अनुवाद :** अटोमोबाइल टेक्निकल ट्रेनिङ म्यानुअल (नेपालीमा अनु.) । **पुरस्कार/सम्मान :** रत्नश्री स्वर्णपदक (२०३२), महेन्द्र विद्याभूषण (२०४०), दीर्घसेवा पदक । **हालको ठेगाना :** त्रि.वि., कीर्तिपुर, काठमाडौँ / परासी बजार, नवलपरासी । **फोन :** ४३३१२५६ ।

मुलीवीर राई

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ मङ्सिर १३, सल्यान-१, सोलुखुम्बू । **माता/पिता :** माइलक्षी राई, नाङ्छी राई । **शिक्षा :** स्नातक । **सेवा :** सैनिक, साहित्य । **कृति/सृजना :** उपन्यास : विसाइत (२०५२), छ्याल (२०५३), हरियो पर्खाल (२०५७), मृत शहर (२०६१) । **पुरस्कार/सम्मान :** रामराज पन्त स्मृति पुरस्कार (२०६१) । **हालको ठेगाना :** बेलायत (बृटिस गोर्खा कम्पनीमा कार्यरत) ।

मृगेन्द्रमान सिंह

(नृत्यकार)

जन्म/स्थान : वि.सं. १९९३ कात्तिक ४ गते, मरुहिटी, काठमाडौँ । **शिक्षा** : नृत्य विशारद (२०२०) । **सेवा** : नृत्य प्रशिक्षक (ने.रा.प्र.प्र.), सङ्गीत महाविद्यालय र पद्मकन्या कलेज) । **कृति/सृजना** : मादल (पुस्तक), माइतीघर चलचित्रमा नृत्य निर्देशक । **सम्पादन/अनुवाद** : नाट्यदर्पण (अनु.) । **पुरस्कार/सम्मान** : स्वर्णपदक (२०२४) ।

मृदुला शर्मा

(कवि, हिन्दी भाषा)

जन्म/स्थान : इ.सं. १९५१ सितम्बर २२, बानेश्वर, काठमाडौँ । **माता/पिता** : कमलादेवी, लक्ष्मीविलास आचार्य । **शिक्षा** : एम.ए., विद्यावारिधि । **सेवा** : अध्यापन, प्राध्यापन । **कृति/सृजना** : नेपाली कवि व्यथित और उनका हिन्दी काव्य (पुस्तक, इ.सं. १९९८), तूलिका की नोक पर नेपाली महिलाएँ (कथासङ्ग्रह, हिन्दी भाषामा अनूदित, २०५८), अभिव्यक्ति (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : माइलस्टोन (मुखपत्र, मोडर्न इन्डियन स्कुल) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क', 'ख' । **हालको ठेगाना** : पो.ब.नं. ५७६५ ललितपुर -३ (drmridulasharma@hotmail.com) । **फोन** : ५५२४७९९ ।

मेघसिं क्ले तमु (घले)

(लेखक, नेपाली/गुरुङभाषा)

जन्म/स्थान : वि.सं. १९९५ माघ १७, गिलुङ, लमजुङ । **माता/पिता** : दशिरी लेम्स्यो तमु, बानवीर घले । **शिक्षा** : स्नातक, आर्मी हायर सेकेन्डरी । **सेवा** : अध्यापन, राजनीति, सैनिक सेवा, सामाजिक सेवा । **कृति/सृजना** : अनौठो प्रेम, Ashattered Dream, उकालो ओरालो, नेपाली जनजातिहरूको कुरा, खुला सिमानाले नेपालको अनुहार मेटायो, तमुको ऐतिहासिक मनोविज्ञान, सार्वभौमिकता खोसिएका तमु अस्तित्व आदि । **हालको ठेगाना** : अन्नपूर्णटोल, औद्योगिक क्षेत्र, पोखरा, कास्की । **फोन** : ९८४६०२५५९३ ।

मेघराज शर्मा

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९७९, इलाम । **शिक्षा** : साहित्यरत्न, साहित्यप्रचारक । **सेवा** : सामाजिक सेवा, शिक्षा सेवा । **कृति/सृजना** : देवस्तुति (भजन तथा आरती, २०५२) । **सम्पादन/अनुवाद** : धरान पब्लिक हाईस्कुल स्मारिका (सहसम्पादन), गौसेवा (पत्रिका), गीतामाधुर्य (नेपाली अनुवाद, २०४२), तरुणतपसी (हिन्दी अनुवाद, २०४६) ।

मेदिनीकुमार केवल (मकर नेपाली)

(साहित्यकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१७ कात्तिक २०, राजपुर-३, देउखुरी दाङ । **माता/पिता** : नमालक्ष्मी केवल, हस्तवीर केवल । **शिक्षा** : शास्त्री (स्नातक), साहित्य वर्ग । **सेवा** : पत्रकारिता, राजनीति । **पहिलो रचना** : हे बुवा, म हिरो बनुँला (कविता, २०२७) । **कृति/सृजना** : पीएको बिहे (व्यङ्ग्यकथासङ्ग्रह, २०५८), घामको झुल्को (कवितासङ्ग्रह, २०६०), नीतिहरूको गुरु राजनीति (विचारसङ्ग्रह, २०६७), फूल एक माली अनेक (कवितासङ्ग्रह, अवधी भाषा) । **सम्पादन/अनुवाद** : देहरादुन सन्देश (२०४६), नेपाली जनसम्पर्क मासिक (नयाँदिल्ली, २०४८), इन्द्रेणी मासिक (२०६०), नेपाली सरोकार मासिक । **पुरस्कार/सम्मान** : नेपाली रत्न पुरस्कार (देहरादुन, २०४८), भूषण पुरस्कार (मुम्बई, भारत, २०५२), भरतमणि पुरस्कार (२०५८), सङ्गीतशीला प्रतिष्ठान काठमाडौँ (२०६१), राप्ती विद्यार्थी सन्जाल काठमाडौँ (२०६७) लगायत विभिन्न सङ्घसंस्थाद्वारा सम्मान । **हालको ठेगाना** : काठमाडौँ /बेला-८, भैँसहवा धरमपुर, दाङ देउखुरी । **फोन** : ९८४१९९००४०, ९८१५४२८८८४ ।

मेदिनीनाथ सुवेदी

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९७ कात्तिक ३, सिम्पानी -९, सुवेदीगाउँ, लमजुङ । **माता/पिता** : कौशल्यादेवी सुवेदी, बद्रीनाथ

सुवेदी । **शिक्षा** : नेपाली-संस्कृत साहित्य । **सेवा** : अध्यापन । **पहिलो रचना** : गुराँसलाई सुझाव (कविता, गोरखापत्र, २०२१) । **कृति/सृजना** : मर्स्याङ्दीका सुसेली (२०५५), स्व. कवि डिल्लीजङ साहित्यको झ्यालबाट । **पुरस्कार/सम्मान** : गण्डकी अञ्चलस्तरीय कविगोष्ठीमा प्रथम (२०२७), कर्मचारी मिलन केन्द्र, लमजुङमा प्रथम पुरस्कार (दुईपटक), बी.पी. उत्कृष्ट पुरस्कार, अम्बा प्रतिभा पुरस्कार, पञ्चायत रजतजयन्ती पुरस्कारलगायत थुप्रै । **हालको ठेगाना** : कीर्तिपुर -२, काठमाडौँ /सिम्पानी -९, लमजुङ । **फोन** : ०१-४३०२३०१ ।

मेदिनीप्रसाद शर्मा नेपाल

(कवि/इतिहासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ पुस २३, चुङमाङ, धनकुटा । **माता/पिता** : यज्ञकुमारी नेपाल, नेत्रप्रसाद शर्मा नेपाल । **शिक्षा** : एम.ए. (इतिहास), विद्यावारिधि (इतिहास) । **सेवा** : प्राध्यापन । धरणीधर पुरस्कार गुठीद्वारा पृथ्वी सम्मान (२०६१) । **पहिलो रचना** : के सोची होली (कवितासङ्ग्रह, २०२५) । **कृति/सृजना** : के सोची होली (कवितासङ्ग्रह, २०२५), मधु-गङ्गा (कवितासङ्ग्रह, २०२५); अन्धो र म (कथासङ्ग्रह, २०४०), थारू जाति : एक अध्ययन (संस्कृति, २०४४), विश्व इतिहास दोस्रो शृङ्खला, नेपालको आधुनिक इतिहास, प्राचीन भारतको इतिहास, नेपालको आधुनिक इतिहास (भाग १ र २), चीनको आधुनिक इतिहास, जापानको आधुनिक इतिहास, आधुनिक विश्वको इतिहास, युरोपको आधुनिक इतिहास, इतिहास लेखन कला, इतिहास के हो ? आदि पुस्तककृतिहरू । **सम्पादन/अनुवाद** : कौशिक (त्रैमासिक पत्रिका, २०४०) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पुरस्कार (२०४३), त्रि.वि. दीर्घसेवा पदक (२०५५) । **हालको ठेगाना** : अमरटोल, विराटनगर -११, मोरङ । **फोन** : ०२१-५२४३२१ ।

मेदिनी शर्मा 'चुँदेली'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ साउन १८, चुँदी, तनहुँसुर-१, तनहुँ । **माता/पिता** : बालकुमारीदेवी शर्मा, भुवनेश्वर शर्मा पण्डित । **शिक्षा** : साहित्य शास्त्री, बी.एड. । **सेवा** : अध्यापन । पदक तथा प्रशंसापत्र (नेपाल राष्ट्रिय शिक्षक सङ्गठन तनहुँ, २०५८) अभिनन्दन । भानु जन्मस्थल विकास समिति तनहुँबाट सम्मान (२०५६) । **कृति/सृजना** : आमाको वेदना (२०४९), परदेशीको घर सम्झना (खण्डकाव्य, २०५८) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पदक (२०४४) । **हालको ठेगाना** : चुँदी पण्डितथर, तनहुँसुर-१, तनहुँ ।

मेनका पोखरेल आचार्य

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२२ चैत्र ४, धरान, सुनसरी । **माता/पिता** : मन्दोदरीदेवी, कालिकाप्रसाद आचार्य । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : आजका सभ्य मान्छेहरू (समीक्षा पत्रिका, २०४५) । **कृति/सृजना** : अनुभूतिका तरङ्गहरू (कवितासङ्ग्रह, २०६६), पीडाका वृत्तहरू (कथासङ्ग्रह, २०६७) । **हालको ठेगाना** : जोरपाटी-२, काठमाडौँ । **फोन** : ९८४९२२८८०० ।

मेरिना स्मृति (ममता)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१३ चैत्र ९, पुरानो बानेश्वर, काठमाडौँ । **माता/पिता** : गिरिजाकुमारी खड्का, पुष्करबहादुर खड्का । **शिक्षा** : मास्टर्स डिग्री (सितार वादन) । **सेवा** : व्यवसाय, अध्यापन (सङ्गीत), वाद्यवादन । **पहिलो रचना** : स्मृतिका लहरहरू (गीतिएल्बम, रचना, २०४६) । **कृति/सृजना** : स्मृतिका पानाहरू (कविता, कथासङ्ग्रह, २०५२), शब्दसङ्ग्रहालय (गीतिसङ्ग्रह, २०५९), सङ्कल्प (कवितासङ्ग्रह, २०५९) *गीतिएल्बम (रचना)* : स्मृतिका लहरहरू (२०४६), याद

(२०५५), सटल सङ्गीत (२०५५)। **सम्पादन/अनुवाद** : शुभ चिन्तन (२०५५), शुभकामना (२०५६), कलश (मासिक)। **हालको ठेगाना** : पुरानो बानेश्वर, काठमाडौँ (merinasmriti@hotmail.com)। **फोन** : ४४३९१७०।

मेलवादेवी गुरुङ

(गायिका)



जन्म/स्थान : वि.सं. १९५४, रुम्जाटार ओखलढुङ्गा। निधन : २०१२। **शिक्षा** : साधारण। **सेवा** : गायन, चन्द्रशमशेरकी तालिमे। **पहिलो रचना** : सवारी मेरो रेलैमा (गीत रेकर्ड, कलकत्ता, १९८५)। **कृति/सृजना** : नेपालीमा गीत रेकर्ड गराउने पहिलो गायिका, आऊ न बसौं पियारी मिर्मिरे झ्यालैमा, हरियो भन्नु आदि गीत गायन रेकर्ड। **पुरस्कार/सम्मान** : 'ठुमरी रानी' भनी स्वर्णपदक (इलाहावाद)।

मेलिना मानन्धर

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २०३१ फागुन १७, काठमाडौँ। **माता/पिता** : ललिता, मोहनकृष्ण मानन्धर। **शिक्षा** : स्नातक। **सेवा** : कलाकारिता। **पहिलो रचना** : चलचित्र 'प्रियसी' (२०४८) देखि अभिनय यात्रा प्रारम्भ। **कृति/सृजना** : प्रियसी, मिलन, अर्पण, अपराध, प्रतिज्ञा, जालीरुमाल, प्रेमपिण्ड, दाइजो, भरिया, जङ्गे, दौतरी, छोरीबुहारी, छहारी, कान्छी नानी, घुम्टो, मायाको जाल, यस्तै हुन्छ पिरती, विषालु, मेरो हजुर, माटो बोल्छ, मामाघर, पिरती आफै हुँदो रहेछ, आफ्नो घर आफ्नो मान्छे, त्रिवेणी, फेरि अर्को साइनो, के भो लौन नि लगायत तीन दर्जनभन्दा बढी चलचित्रहरू, अग्नीकुण्ड, करुणा इत्यादि टेलिचलचित्रहरूमा अभिनय। **पुरस्कार/सम्मान** : राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको चलचित्र सम्मान समारोहमा उत्कृष्ट नायिकाको रूपमा सम्मानित। **हालको ठेगाना** : पो.ब.नं. १४१५६, कुप्लेचौर, काठमाडौँ (familyam@ntc.net.np)। **फोन** : ४२५२०९०।

मोक्तान दुपवाङ्गेल

(लेखक, नेपाली/तामाङभाषा)

जन्म/स्थान : वि.सं. २०२६ जेठ १५, कटुञ्जे, चिप्ले, काभ्रे। **माता/पिता** : साइँली ब्लोन, पृथ्वीध्वज लामा (मोक्तान)। **शिक्षा** : स्नातक। **सेवा** : समाजसेवी। **पहिलो रचना** : गुनासोहरू बोकेर बाँचेको कटुञ्जे (गोरखापत्र दैनिक, २०४५)। **कृति/सृजना** : प्राङबोला ह्वाई (गीत तथा कवितासङ्ग्रह, २०४८), अङ्ग्रेजी-खस-तामाङ शब्दावली (२०४८), तामाङ-नेपाली शब्दावली (२०५०), थु:छेन थु:जङ (दर्शन, साहित्य र राजनैतिक क्षेत्रको परिभाषित शब्दावलीसङ्ग्रह, २०५५), पोङ लामा (तामाङ भाषामा गाईजात्रा (२०५६), तामाङ जातिको महान चाड ल्होछार (२०५९), लाअेआरे म्हाङअे आरे (कवितासङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद** : तिप्लिङ (हवाई पत्रिका, तामाङभाषामा), दमछिग (त्रैमासिक, तामाङ भाषा), गर्जन (साप्ताहिक), यम्बु (पाक्षिक, तामाङभाषा), स्योम्हेन्दो मासिक (२०५०)। **पुरस्कार/सम्मान** : पुवु म्हेन्दो ग्योअीकाअी थेमे (कोपिला तामाङ साहित्य परिवारद्वारा सम्मान (२०६०)। **हालको ठेगाना** : पो.ब.नं. १३८४४, काठमाडौँ (moktanchyan@hotmail.com)। **फोन** : ४२८५२५१, ९८०३०३७०६३।

मोतीकाजी शाक्य (जोगरत्न, मोती दाइ)

(धातु मूर्तिकार)



जन्म/स्थान : वि.सं. १९७० कात्तिक शुक्लनवमी, इटुम्बहाल, काठमाडौँ। निधन : ८४ वर्षको उमेरमा। **माता/पिता** : माया शाक्य, दानरत्न शाक्य। **शिक्षा** : साधारण। **सेवा** : १५ वर्षको उमेरदेखि हस्तकला। **पहिलो रचना** : श्री पञ्चबुद्ध वज्रधातु चैत्यस्तुति (धर्मोदय, अङ्क १७, २०३६)। **कृति/सृजना** : उपदेश सङ्ग्रह, (२०४१), *उल्लेखनीय कलाकृतिहरू नेपालमा सर्वप्रथम* : जागिरदारहरूले लगाउनुपर्ने ब्याज बनाइदिने गरेको, चाँदीको तस्बिर फ्रेम बनाएको। स्व. श्री ५ त्रिभुवनको मुहार अङ्कित मुद्राको मोडेल बनाएको। मित्रराष्ट्रका राष्ट्राध्यक्षहरूको भ्रमणमा गरिने नागरिक अभिनन्दनको लागि काष्ठमण्डपको प्रतिमूर्ति उपहार बनाइदिएको,

राजा महेन्द्रको ४८औं शुभजन्मोत्सवमा नेपाल प्रहरीका तर्फबाट चढाएको राजा महेन्द्र पुलिस क्लबको चाँदीको मोडेल बनाएको, कालिम्पोङमा पश्चिम बङ्गालकी गभर्नर सुकी ... नायडुको “गभर्नर्स रनिङ कप” चाँदीको बनाइदिएको । श्री स्वयम्भू र श्री पशुपतिनाथको साना-साना मोडेलहरू बनाएको । सुन, चाँदी धातुका पाताहरूमा बुट्टा कुँदी उत्कृष्ट कलाकृतिहरू बनाउने गरेको । **सम्पादन/अनुवाद :** स्व. श्री ५ त्रिभुवनको मुहार अङ्कित रु. १।- र ५० पैसे मोहरको मोडेल बनाउँदा तेस्रो पुरस्कार (२००९), मेटल वर्क प्रदर्शनीमा प्रथम पुरस्कार (कालिम्पोङ, भारत, २०१४), नेपाल हस्तकलाप्रदर्शनीमा तीनपटक पुरस्कृत (२०४१-२०४३), २२औं राष्ट्रिय कलाप्रदर्शनीमा सर्वोत्तम पुरस्कार (२०४३) । **पुरस्कार/सम्मान :** नेपाल हस्तकला उद्योग सङ्घबाट वरिष्ठ कलाकारको सम्मान । **सम्पर्क ठेगाना :** का.म.न.पा. २६, पो.ब.नं. २२९५, काठमाडौँ । **फोन :** ४२६५९५४/४२२८९५८ ।

मोतीराज बम

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ साउन ६, राम्नाकोट-५ कालीकोट । **माता/पिता :** धर्मशीला बम, भक्तबहादुर बम । **शिक्षा :** स्नातक (नेपाली) । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** श्रद्धाञ्जलि बीपी तिमीलाई (कविता, राष्ट्रपुकार, २०५२) । **कृति/सृजना :** म रोएको दुई दिन (कवितासङ्ग्रह, २०५८), एक्लै छ गाउँमा देउता (कवितासङ्ग्रह, २०६२), कर्णालीको लोकजीवन (२०६७) । **सम्पादन/अनुवाद :** शङ्खघोष (द्वैमासिक), हाम्रो अधिकार (मासिक), चुली सन्देश (साप्ताहिक) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (पश्चिमाञ्चल सङ्गम कालीकोट, २०५७) । **हालको ठेगाना :** चागल, काठमाडौँ । **फोन :** ९८४१४८३३२८ ।

मोतीराम भट्ट

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९२३ भदौ, कुशेऔंसी, भोसिको टोल, काठमाडौँ । निधन : वि.सं. १९५३, काठमाडौँ । **माता/पिता :** रिपुमर्दिनीदेवी, दयाराम भट्ट । **शिक्षा :** प्रवेशिका । **सेवा :** पत्रकारिता, साहित्य । **कृति/सृजना :** प्रह्लादभक्ति कथा (काव्य, १९४३), गजेन्द्रमोक्ष, पञ्चक प्रपञ्च र तीजको कथा (१९४४), उषा चरित्र (काव्य, १९४४), भानुभक्तको जीवन चरित्र (जीवनीपरक समालोचना, १९४८), मनोद्वेग प्रवाह (कवितासङ्ग्रह, १९५७), गफाष्टक, सङ्गीत चन्द्रोदय (गजलसङ्ग्रह), शकुन्तला (नाटक), प्रियदर्शिका (नाटक), पिक्दूत (काव्य, २०१९), कमल भ्रमर संवाद (काव्य), गुलसनावेर, काशीराज चन्द्रसेन, स्वप्नाध्याय, शकुनौती, उखानको बखान, बालाजी वर्णन, चाणक्य नीति । **सम्पादन/अनुवाद :** बालकाण्ड रामायण (भानुभक्तको, १९४१), सम्पूर्ण रामायण (भानुभक्तको, १९४४), गोर्खा भारत जीवन (नेपाली पत्रिका) । **पुरस्कार/सम्मान :** ‘युवाकवि’ को उपाधि ।

मोतीलाल पराजुली

(लोकसाहित्य, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ माघ ६, चापाकोट -७, कास्की । **माता/पिता :** वदसरा पराजुली, मणिरत्न पराजुली । **शिक्षा :** एम.ए., विद्यावारिधि । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** बाटो विराएछु (कविता, २०३७) । **कृति/सृजना :** नेपाली लोकगाथा (२०४९), नेपाली रचना कला (२०५३), धर्मात्मा राजा (२०५८), विशेष नेपाली (सहलेखन, २०६१), नेपाली लोकनाटक : सिद्धान्त र विवेचना (२०६२) । **सम्पादन/अनुवाद :** पृथ्वी प्राज्ञमञ्च (२०५०), अन्नपूर्ण (स्मारिका, २०५५), प्रज्ञा-पराग (२०५९) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण ‘क’ (२०५८), सैनध्वज-नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार (२०६१), शिक्षा पुरस्कार (२०६१) । **हालको ठेगाना :** स्युचाटार -१, काठमाडौँ । **फोन :** ४३०२३६२ ।

मोदनाथ प्रश्रित

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ असार ६, हर्राबोट, खिदिम, अर्घाखाँची । **माता/पिता :** बालिकादेवी, घनश्याम पौडेल । **शिक्षा :** साहित्यशास्त्री, एम.ए. (नेपाली), आयुर्वेदाचार्य । **सेवा :** राजनीति (पूर्व शिक्षामन्त्री), साहित्य, प्राध्यापन, चित्रकला । **पहिलो रचना :** छात्रजीवन (कविता, किरण पत्रिका, अर्घाखाँची, २०१५) ।

कृति/सृजना : आमाका आँसु (कवितासङ्ग्रह, २०१९), बुवा खै ? (शोककाव्य, २०२०), मानव (महाकाव्य, २०२३), पचास रुपैयाँको तमसुक (नाटक, सहलेखन, २०२८), नयाँ जनवादी संस्कृति (सांस्कृतिक दस्तावेज-२०२९), देवासुर सङ्ग्राम (महाकाव्य, २०३०), देशभक्त लक्ष्मीबाई (उपन्यास, २०३१), आमाको काखमा (नाटक, २०३२), जीवाणुदेखि मानवसम्म (विज्ञान, २०३२), नारी : बन्धन र मुक्ति (समाजशास्त्र, २०३३), वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकाटा (समालोचना, २०३५), गोलघरको सन्देश (लघुकाव्य, २०४०), शहीदको रगत (गीत-कवितासङ्ग्रह, २०४२), भूतप्रेतको कथा (मनोविज्ञान, २०४२), मिल्काउनुपर्ने केही सांस्कृतिक अवशेषहरू (लेख, २०४२), अतीतका पाइलाहरू (संस्मरण, २०४२), प्रश्रितका एक जोडा लेखहरू (लेख, २०४३), चोर (बाल उपन्यास, २०४३), आस्था र प्रथा : एक विवेचना (लेखसङ्ग्रह, २०४४), नानीहरूलाई कसरी असल बनाउने ? (शिक्षा, २०४४), धर्म र नारी (समाजशास्त्र, २०४७), जातपात र छुवाछूतको इतिहास (इतिहास-२०४७), केही ठट्टा : केही मर्का (हास्यव्यङ्ग्य, २०४७), केही सांस्कृतिक निबन्धहरू (निबन्ध, २०४७), जीवनको बाटोमा (लेखसङ्ग्रह, २०४८), जनसंस्कृतिको नयाँ दिशा (सांस्कृतिक दस्तावेज-२०४८), सपनाहरू : उपहार देशलाई (नाटक-२०४९), जब चल्छ हुरी (गीतसङ्ग्रह, २०४९), मानसपटका तस्बिरहरू (संस्मरण-२०४९), मन्त्रीजी (नाटक, २०५१), नेपाली इतिहासको छोटो विवेचना (इतिहास, २०५३), गुटफुट विरुद्ध कम्युनिष्ट आन्दोलन र पार्टी एकताको पक्षमा (राजनीतिलेखसङ्ग्रह, २०५४), नेपाल : गणदेखि राष्ट्रसम्म (सांस्कृतिक इतिहास, २०५७), मानवताको कलङ्क : जातपात-छुवाछूत प्रथा (लेखसङ्ग्रह, २०५८), बुद्ध र चण्डाल युवती (पुस्तिका र क्यासेट, गीतिनाटक, २०५८), कला साहित्य र सौन्दर्य समीक्षा (समालोचना, २०५८), वनौषधि चिकित्सा (आयुर्वेद, २०५८), बहुमुखी प्रतिभा र टीकाराम धनञ्जय (जीवनी, २०५९), आदर्श गुरु पण्डित घनश्याम पौडेल (जीवनी, २०६१), विचार र अन्तर्सम्बन्ध (लेखसङ्ग्रह, २०६२), पृथ्वीनारायण शाह र नेपालको एकीकरण (२०६३), पहिले लेखिएका र अहिले देखिएका कुरा (२०६५)। एकल चित्रकला प्रदर्शनी (बनारस : २०२५ र २०३०, नवलपरासी त्रिवेणी: २०२१, बुटवल : २०२४, भैरहवा : २०२५)। **सम्पादन/अनुवाद :** किरण (वार्षिक, २०१५), संस्कृति (त्रैमासिक), छात्रप्रभा (२०१८), गुराँस (त्रैमासिक, २०२२), लुम्बिनी सन्देश (साप्ताहिक, २०२२), नयाँ जनवाद (२०२९), मुक्तिमोर्चा (२०३२), वर्ग सङ्घर्ष (मुखपत्र, २०३४), महापण्डित, महाकवि दधिराम मरासिनी स्मृतिग्रन्थ (२०६०), धनञ्जय मरासिनी स्मृतिग्रन्थ (२०६५), राष्ट्रकवि माधव घिमिरे अभिनन्दनग्रन्थ, आदर्शगुरु पण्डित घनश्याम पौडेल शताब्दी स्मृतिग्रन्थ, दोभान आदि सम्पादन। **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०२३), भवानी भिक्षु पुरस्कार (२०५१), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार (२०५६), सिद्धार्थ साहित्यिक पुरस्कार, महाकवि देवकोटा पुरस्कार, मधुपर्क पुरस्कार (२०६४), गोमा स्मृति पुरस्कार, आदि। नूरगङ्गा राष्ट्रिय प्रतिभा सम्मान (२०६५), पृथ्वी प्रज्ञा पुरस्कार (२०७०)। **हालको ठेगाना :** महादेवस्थान, थानकोट, काठमाडौँ। **फोन :** ४३११४६१, ९८४१८१४२९७।

मोदनाथ मरहट्टा (एम. बटुवा, उदय गाउँले)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ साउन २, हर्मी-६, गोरखा। **माता/पिता :** सुभद्रा मरहट्टा, पद्मनिधि मरहट्टा। **शिक्षा :** आई.ए.। **सेवा :** अध्यापन, नाटक मञ्चन, निर्देशन, वाद्यवादन। **पहिलो रचना :** मेरो विष्णु (कविता, खसोखास साप्ताहिक, बुटवल, २०३३)। **कृति/सृजना :** पाइलाहरू शिखरतिर उकासिँदै गर्दा (कविता, २०५५), उज्यालो जन्मनुअघि (खण्डकाव्य, २०६२)। **सम्पादन/अनुवाद :** जनदीप (संयुक्त सम्पादन, २०४९), उत्प्रेरणा (मासिक, २०५४), शिक्षक बुलेटिन (२०५५), फूलको डोली (साहित्यिक मासिक, २०६०)। **पुरस्कार/सम्मान :** विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत। **हालको ठेगाना :** हर्मी -६, गोरखा / रत्ननगर -२, चितवन। **फोन :** ०५६-५६१९९५।

मोदनाथ शास्त्री (वाग्ले)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ जेठ २, किचनास, सिम्ले, स्याङ्जा। **माता/पिता :** दमयन्ती, तुलसीराम उपाध्याय। **शिक्षा :** व्याकरण मध्यमा, शास्त्री (साहित्य)। बुटवल साहित्य कला संस्कृति प्रतिष्ठानबाट सम्मान (२०५७), तन्नेरी (द्वैमासिक) सम्मान (२०६०), मदन आश्रित प्रतिष्ठानबाट अभिनन्दन (२०६०), सरस्वती सम्मान (लुनकरणदास गङ्गादेवी चौधरी साहित्य कला मन्दिर, २०६०), सिद्धार्थ साहित्य परिषद्बाट सम्मान (२०६१)। **सेवा :** अध्यापन। **पहिलो रचना :** वसन्त (कविता, नवज्योति, २०२१)। **कृति/सृजना :** भानु (महाकाव्य, २०२४), हाम्रो

लक्ष्य (नाटक २०३०), ब्रह्माण्ड पुराण (महाकाव्य, २०४६), मोदरामायण (२०५०), बुद्धचरित (खण्डकाव्य, २०५६), सूर्य (कवितासङ्ग्रह, २०५६), रासलीला (गीतिनाटक, २०५६), गोपी-उद्धवमिलन (गीतिनाटक, २०५६), सूर्य (कवितासङ्ग्रह, २०५६), मोदगीता (२०५७), राजसत्ता (नाटक, २०५८), गणेशमान (महाकाव्य, २०५९), ज्वलन्त नक्षत्र (महाकाव्य, २०६०), बुवा (उपन्यास २०६०), ब्रह्माण्ड (महाकाव्य, २०६२), गुरुदक्षिणा (महाकाव्य, २०६२), गौतम बुद्ध (महाकाव्य, २०६८) । **सम्पादन/अनुवाद** : रुद्री मोदानुवाद (अनु. २०४४), मोदानुवाद शुक्ल यजुर्वेद (प्रथम खण्डः २०४५, द्वितीय खण्डः२०५०), शुक्ल यजुर्वेद पूर्वविंशिका (अनु. २०४६), शुक्ल यजुर्वेद उत्तरविंशिका (अनु. २०५०) । **पुरस्कार/सम्मान** : साहित्य सन्ध्या पुरस्कार (२०५६), डा. वामदेव जोशी स्मृति पुरस्कार (२०५९), गणेशमान पुरस्कार (२०५९), भवानी भिक्षु पुरस्कार (२०६२) । **हालको ठेगाना** : भृकुटीपथ, सिद्धार्थनगर, रूपन्देही । **फोन** : ०७१-५२३९५३ ।

मोदनाथ 'सादा' गिरी

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : २०२८ फागुन ११, विदुर न.पा.-९, लामाटार, नुवाकोट । **माता/पिता** : सीता गिरी, धनबहादुर गिरी **शिक्षा/विषय** : स्नातकोत्तर । **पहिलो रचना** : कविता (गतिविधि पत्रिका, २०४६) । **कृति/सृजना** : पैगम्बरेश्वर (उपन्यास) । **सम्पादन/अनुवाद** : मुटु (साहित्यिक पत्रिका, २०४८), त्रिशूली त्रिवेणी (२०६७) । **पुरस्कार/सम्मान** : विदुर-९, नुवाकोट । **फोन** : ९८४१६९४४७७ ।

मोमिला जोशी (स्मृति)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ साउन २८, धनकुटा । **माता/पिता** : सनकादेवी जोशी, सिद्धिप्रसाद जोशी । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : प्राध्यापन, उद्घोषण, रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, नृत्य, गायन, चित्रकला । शब्द शताब्दी युवा सम्मान (२०५७), मोहन रेग्मी स्मृति सम्मान (२०५९) । **पहिलो रचना** : प्रतीक्षा फेरि चिताको (कविता, रूपरेखा पत्रिका, २०४४) । **कृति/सृजना** : पैयुँ फुल्न थालेपछि (कवितासङ्ग्रह, २०५२), नीलो नीलो आकाश र दुई थोपा आँसु (कवितासङ्ग्रह, सहलेखन, २०५३), जुनकीरीहरू ओर्लिरहेछन् (कवितासङ्ग्रह, २०५५), दुर्गम उचाइमा फूलको आँधी (कवितासङ्ग्रह, २०६०), ईश्वरको अदालतमा आउटसाइडरको बयान (ललित निबन्धसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : हेमचन्द्र पोखरेलका केही कविता (२०४४), नोबेल (साहित्य वार्षिकी, २०५९), कालचक्र (कविताङ्क, २०६०), www.nepalikalasahitya.com (Online literary web magazine) . **पुरस्कार/सम्मान** : पद्मकन्या पदक (२०५२), कविता महोत्सवमा पुरस्कृत (ने.रा.प्र.प्र., २०५५), राष्ट्रिय युवा पुरस्कार (२०६२) । **हालको ठेगाना** : धनकुटा - ७ / काठमाडौँ (momila_joshi@hotmail.com) । **फोन** : २०५११५१, ९८५१०५०६०९ ।

मोहन कोइराला (डकारप्रसाद कोइराला)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८३ मङ्सिर ११, ठटुनिटी, डिल्लीबजार, काठमाडौँ । निधन : २०६३ फागुन १०, काठमाडौँ । **माता/पिता** : मित्रप्रिया, ईश्वरीप्रसाद कोइराला । **शिक्षा** : स्वाध्याय । **सेवा** : अध्यापन, साहित्य, ने.रा.प्र.प्र. (पूर्व उपकुलपति) । **पहिलो रचना** : जाँदाजाँदै / उनीहरूले बुझिसके (कविता, शारदा, २००७) । **कृति/सृजना** : सूर्यदान (२०२१), लेक (लामो कविता, २०२५), पलङ नम्बर २१ (२०२८), मोहन कोइरालाका कविता (कवितासङ्ग्रह, २०३०), नुनका शिखरहरू (२०३१), सारङ्गी बोकेको समुद्र (२०३४), हिमचुली रक्तिम छ (२०३५), कविताबारे केही चर्चा (समीक्षा, २०३५), नदी किनारका माझी (कवितासङ्ग्रह, २०३८), ऋतु निमन्त्रण र गरलपान (२०४०), नीलो मह (खण्डकाव्य, २०४१), एउटा पपलरको पात (कवितासङ्ग्रह, २०४७) । **सम्पादन/अनुवाद** : आजका नेपाली कविता (२०५०), काव्य विचार गोष्ठी (२०५०), कविता (त्रैमासिक), फणीन्द्र नेपालका कविता, प्रतीक, धरणीधर स्मृतिग्रन्थ आदि सम्पादन । **पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०३०, २०४०), रत्नश्री स्वर्णपदक (२०३४), मदन पुरस्कार (२०३८), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (२०५७) । **सम्पर्क ठेगाना** : ख १/१५९ घट्टेकुलो, डिल्लीबजार, काठमाडौँ । **फोन** : ४४१२१०४ ।

मोहन चापागाई

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ कात्तिक २१, मेलुङ -५, दोलखा ।

माता/पिता : लक्ष्मीदेवी चापागाई, नरबहादुर चापागाई । **शिक्षा :** एम.पी.ए, बी.एड. । **सेवा :** निजामती सेवा (उपसचिव) । **कृति/सृजना :** रम, रवाफ र राजधानी (लेख निबन्धसङ्ग्रह, २०५७), बाटोभरिका बिसौनीहरू (नियात्रासङ्ग्रह, २०५८), चन्दाको धन्दा (व्यङ्ग्यसङ्ग्रह, २०५९), नेपालको आर्थिक प्रशासन (२०६२), कुनाकानीको मान्छे (निबन्धसङ्ग्रह, २०६४), एक अँजुली समय (कवितासङ्ग्रह, २०६७), आकाशको अँगालोमा (निबन्धसङ्ग्रह, २०६९), पैतालाले चुमेका टाकुरा (नियात्रासङ्ग्रह) । **पुरस्कार/सम्मान :** पर्वत साहित्य सङ्गमद्वारा सम्मान (२०५७), धवलागिरि साहित्य प्रतिष्ठान बागलुङ्द्वारा सम्मान (२०५६) । **हालको ठेगाना :** काठमाडौँ । **फोन :** ४३६२८५७, ९८४१३५२१४७ ।

मोहन दुवाल (लालबहादुर/ शरद बनेपा)

(साहित्यकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ जेठ २१, भोलाखाटोल, बनेपा, काभ्रे । **माता/पिता :** खिलकुमारी दुवाल, गणेशबहादुर दुवाल । **शिक्षा :** स्नातकोत्तर (राजनीतिशास्त्र, शिक्षाशास्त्र) । **सेवा :** अध्यापन, राजनीति, पत्रकारिता, सामाजिक सेवा, लेखन, प्राध्यापन । **पहिलो रचना :** मेरो सपना (कविता, २०२०) । **कृति/सृजना :** चुलिजा:गु स्वाँ (कवितासङ्ग्रह, २०२१), आलोचना र परिचय (आलोचनासङ्ग्रह, २०४४), सिर्जनाका फूलहरू (मुक्तकसङ्ग्रह, २०४६), सचेतका धुनहरू (कवितासङ्ग्रह, २०४७), गर्भका रहस्यहरू (लेखसङ्ग्रह, २०४८), केदारनाथ प्रधान (जीवनी-२०५१), क्रमश: सन्दर्भहरू (लेख निबन्धसङ्ग्रह, २०५२), संरचनाका मूलहरू (मुक्तकसङ्ग्रह, २०५२),साहित्यिक चिन्तनहरू (लेखसङ्ग्रह, २०५३), मानवीय संवेदनाहरू (कविता, २०५५), प्रतिबिम्बित बिम्बहरू (व्यक्तिवृत्त, २०५६), ज: = जीवन, जीवन = ज: (नेपालभाषा कविता, २०५९), सम्भावनाका मनहरू (मुक्तक, २०५९), क्रान्त कविताका अक्षरहरू (कवितासङ्ग्रह, २०६२), भारतीका उत्सर्ग (कवितासङ्ग्रह, २०६३), सिक्किम पुग्दाका कुराहरू । **सम्पादन/अनुवाद :** अठोट (कवितासङ्ग्रह, २०४४, संयुक्त), भञ्ज्याङ (महेन्द्र मा.वि. साँगाको मुखपत्र), जनमत (साहित्यिक मासिक), विद्यालय स्मारिका, उत्साह (मासिक), विगुल (सामयिक सङ्कलन), स: (काभ्रे क्याम्पसको मुखपत्र), सङ्गम (कवितासङ्ग्रह), मत अभिमत (खण्ड १-२, विचारसङ्ग्रह), युद्ध बालसाहित्य, बनेपाको ऐतिहासिक रूपरेखा, कमला सम्झना । पनौतीको ब्रह्मायणी जात्रा । केदारमान व्यथित स्मृतिग्रन्थ आदि । **पुरस्कार/सम्मान :** दानमाया प्रतिभा पुरस्कार (२०५२), प्रेस काउन्सिल पुरस्कार (२०५३), जिविस काभ्रे उत्कृष्ट साहित्यिक पुरस्कार (२०५३), साहित्य सन्ध्या पुरस्कार (२०५५), कृष्णकुमारी गुरुङ सम्मान पुरस्कार (२०५६), व्यथित काव्य पुरस्कार (२०५८), बनेपा गौरव सम्मान पुरस्कार (२०६१), नारायणी वाङ्मय पुरस्कार (२०६२) भद्रकुमारी घले पुरस्कार (२०६६), प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार (२०६६) । स्रष्टा सम्मान (काभ्रे, २०५३), समर्पित शिक्षक सम्मान (२०५६), टोखा साहित्य समाज सम्मान (२०५६), क्याम्पस सेवा सम्मान (२०५९), सरस्वती सङ्गीत सम्मान (२०५९), साहित्यकार सम्मान (जूनकीरी साहित्यिक अभियान, २०६०), काठमाडौँ विश्वविद्यालय हाईस्कुल सम्मान (२०६२), मौलिक साहित्य समाज सम्मान (२०६२), सामाजिक विकास जागरण सम्मान (२०६२) । **हालको ठेगाना :** बनेपा-७, भोलाखाटोल, काभ्रे / पो.ब.नं. ५८३३, काठमाडौँ (duwalmohan@hotmail.com), । **फोन :** ०११-६६१५७३, ९८४१६३०४६५ ।

मोहननरसिंह राणा

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. २०११ मङ्सिर ५, मालिगाउँ, काठमाडौँ । **माता/पिता :** प्रतिभा राणा, कर्णनरसिंह राणा । **शिक्षा :** स्नातक (व्यावसायिक कला) । **सेवा :** निजामती । **पहिलो रचना :** परिवार नियोजनसम्बन्धी टिकट डिजाइन । **कृति/सृजना :** नौ सय जति पोर्ट्रेट हुलाक टिकट डिजाइन लगायत विभिन्न कला सिर्जना । नेपाल-इजरायल संयुक्त टिकट डिजाइन, संयुक्त राष्ट्रसङ्घको पचासौँ वार्षिकीसम्बन्धी हुलाक टिकट नमुना । **सम्पादन/अनुवाद :** कविर दृष्टि (त्रैमासिक), डफ्लिरोलिक न्यूज बुलेटिन (त्रैमासिक) । **पुरस्कार/सम्मान :** नेपाल-इजरायल संयुक्त टिकट प्रकाश डिजाइनमा पुरस्कृत, संयुक्त राष्ट्रसङ्घको पचासौँ वार्षिकी सम्बन्धी (इ.सं. १९९७) हुलाक टिकट नमुनामा विश्वमा प्रथम (विश्व हुलाक सङ्घका सदस्य राष्ट्रहरू (१७९) मध्ये) । **हालको ठेगाना :**

काठमाडौँ (mnsr50@hotmail.com) । **फोन :** ९८४९६७१९४ ।

मोहन निरौला

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०१५ चैत ३०, कोयाखोला, थाम्लालुङ, तेह्रथुम । **माता/पिता :** दुर्गादेवी, पुण्यप्रसाद निरौला । **शिक्षा :** बी.कम. (त्रि.वि.) । **सेवा :** अभिनय, पटकथालेखन । **कृति/सृजना :** दन्त्यकथाभित्रको क्रान्ति (पुस्तक, २०३८), प्रजातन्त्र (पुस्तक, २०५७) । चलचित्र पुकार (२०४९) र जन्मभूमि (२०५३) निर्देशन । देवी, चेतना, थोरै भए पुगिसरि, जीवनचक्र, भावना लगायत करिब दुई दर्जनजति टेलिशृङ्खलाहरूमा अभिनय, निर्देशन, पटककथा लेखन । थुप्रै चलचित्रहरूमा पटकथा-लेखन । **सम्पादन/अनुवाद :** आँसु (साप्ताहिक), चलचित्र (मासिक) सम्पादन । **पुरस्कार/सम्मान :** कलिउड सिने अवार्ड (२०५३), गद्दीआरोहण रजत पदक (२०५३), गोरखा दक्षिणवाहु चौथो (२०६२) । दशकका अभिनेता सम्मान (२०५२), नेपाल चलचित्र कलाकार सङ्घबाट सम्मान (२०५८), पूर्वाञ्चल कलाकार सङ्घबाट अभिनन्दन (२०६२) । **हालको ठेगाना :** कुरियागाउँ, काठमाडौँ । **फोन :** ४४३०६४४, ४२२७२७६ ।

मोहनप्रसाद घिमिरे

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० जेठ १६, शान्तिपुर, इलाम । **माता/पिता :** नैनकला घिमिरे, मनोरथ घिमिरे । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन, राजनीति । **कृति/सृजना :** झापा जलेश्वरधाम महिमा (२०५४), पराग वसन्त (कवितासङ्ग्रह, २०५४) । **सम्पादन/अनुवाद :** झापा शनिश्चरे माध्यमिक विद्यालयको स्वर्णजयन्ती स्मारिका (२०५५) । **हालको ठेगाना :** शनिश्चरे-२, झापा ।

मोहनप्रसाद तिमल्सिना

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ २५, सल्यानकोट-३, धादिङ । **माता/पिता :** यजमाया तिमल्सिना, देवीप्रसाद तिमल्सिना । **शिक्षा :** विद्यावारिधि । **सेवा :** प्राध्यापन **पहिलो सृजना :** झरनासँग (कविता, राष्ट्रपुकार, २०२८) । **कृति/सृजना :** भाषिक कालको विश्लेषण । **सम्पादन/अनुवाद :** पाठ्यक्रम पत्रिका (त्रि.वि.), अरुणोदय (साहित्यिक पत्रिका), कस्तुरी (साहित्यिक पत्रिका), कलङ्कीमाई प्रवाह । **पुरस्कार/सम्मान :** नेपाल विद्याभूषण पदक 'क', शिक्षा दिवस पदक (२०६२), दीर्घसेवा पदक (२०६२) लगायत विभिन्न साहित्यिक तथा वादविवाद र वक्तृत्वकला प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** काठमाडौँ (mtimalsina@hotmail.com) । **फोन :** ०१-४२७२७१७, ९८४१५५२२७० ।

मोहनबहादुर कायस्थ

(कवि, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : २००१ वैशाख ३२, नारायणटोल, बन्दीपुर, तनहुँ । **माता/पिता :** दयालक्ष्मीदेवी कायस्थ, विलबहादुर कायस्थ । **शिक्षा :** स्नातक (इन्जिनियरिङ) । **सेवा :** विद्युत् प्राधिकरण । **पहिलो रचना :** प्रण (मूलबाटो, हस्तलिखित, २०२२) । **कृति/सृजना :** कन्फ्रन्टेसन इन इलेक्ट्रिक्स बिजिनेस (अङ्ग्रेजी, भाग १-२ २०४१), बसिबियाँलो मेरो कविता (कवितासङ्ग्रह, भाग १-३,६), विवश जिन्दगी (उपन्यास, भाग १-४), शब्दजाल (उपन्यास), बिजुलीका मेरा अनुभूति (भाग १-२), तरेली (हाइकुसङ्ग्रह, २०६१), रोदीघर (गीतसङ्ग्रह), भावना (कथासङ्ग्रह, २०६२), चालीस फन्को (यात्रासंस्मरण), शब्दजाल (उपन्यास), बिस्कुन (ताङ्का), आकाशवाणीबाट गजल, मोहनबहादुर कायस्थका मुक्तकहरू, लुक ब्याक इन लिजर (अङ्ग्रेजी कवितासङ्ग्रह), पीपलबोट (संयुक्त चोकासङ्ग्रह), चौतारी (संयुक्त हाइकुसङ्ग्रह), गोरेकी आमा (कथासङ्ग्रह), हाई-हेलो ! बिजुली । **सम्पादन/अनुवाद :** बन्दीपुर विकास समितिको स्मारिका (२०५२), बन्दीपुरे आह्वान, यशस्वी देवकोटा, । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (२०२७) । **हालको ठेगाना :** बन्दीपुर -९, तनहुँ /पो.ब.नं. ८९७३ एन.पी.सी २५९, काठमाडौँ । **फोन :** ४४७००४९, ९८५१०१५०३५ ।

मोहनबहादुर मल्ल

(माध्यमिक कालीन उपन्यासकार)

जन्म/स्थान : वि.सं. १९६८ पुस २३, माँझफाँट, बागलुङ ।

निधन : वि.सं. २०३८ जेठ १७ । **माता/पिता** : धर्मकुमारी, टीकाबहादुर मल्ल । **शिक्षा** : स्वाध्ययन । **सेवा** : सामाजिक सेवा, राजनीति । **कृति/सृजना** : उजेली छायाँ (उपन्यास, २००८), पागल दुनियाँ (नाटक, २००८), त्रिफला (कथासङ्ग्रह, २००९), मायारानी (उपन्यास, २००९), स्वदेश परिचय (२०१०), पञ्चायत (उपन्यास, २०१०), समयको हुरी (उपन्यास, २०१५), भुमरी (उपन्यास, २०१६), सिँजा इतिहासको डोरेटो (इतिहास-२०३४), बहादुर नजर (उपन्यास, २०३६), जेली (उपन्यास, २०३७), बाइसे-चौबीसे (इतिहास) । **सम्पादन/अनुवाद** : पर्वतमाला (साहित्यिक पत्रिका), । **पुरस्कार/सम्मान** : रत्नश्रेष्ठ पुरस्कार (२०३४) ।

मोहन राजभण्डारी 'विरही'

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : २००२ असार ३०, कटहर वन, रौतहट । निधन : २०६० । **माता/पिता** : चन्द्रकुमारी राजभण्डारी, गणेशबहादुर राजभण्डारी । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य सेवा । **कृति/सृजना** : मुगलानमा (खण्डकाव्य, २०२३), छरिएका पतकर (कवितासङ्ग्रह, २०२४), मिलन (उपन्यास, २०३४), गरीबको आँसु (कथासङ्ग्रह, २०२४), एउटा जीवन, एउटा मृत्यु (उपन्यास, २०२५), वर र पीपल (कथासङ्ग्रह, २०४४), हत्यारा (नाटक, २०२९), हिमाली मान्छे (कवितासङ्ग्रह, २०५३), गाउँले नानी (उपन्यास, २०५९) । **सम्पादन/अनुवाद** : अगुल्ठो (हस्तलिखित पत्रिका, २०२२), जनतत्पर (२०२७), हिमाली सुस्केरा (साहित्यिक पत्रिका, २०२९), कर्णका केही अभिव्यक्तिहरू (कर्ण सिंहका कविताहरूको सङ्कलन र सम्पादन, २०४१), अभिषेक (कवितासङ्कलन, २०३१), मोतीराम भट्ट र नेपाली साहित्यको विकास (लेख सङ्कलन, २०३३) ।

मोहन वैद्य (किरण, चैतन्य)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ साउन १५, खैराबाङ -७, प्युठान । **माता/पिता** : जानुका वैद्य, शशिधर वैद्य । **शिक्षा** : नव्यन्यायदर्शन शास्त्री (संस्कृत), एम.ए. (नेपाली, राजनीतिशास्त्र) । **सेवा** : राजनीति (वि.सं. २०२१ देखि कम्युनिष्ट पार्टीमा संलग्न), साहित्य । **पहिलो रचना** : समस्यापूर्ति (सुमन, बनारस, २०१८) । **कृति/सृजना** : लाहुरेको रहर (खण्डकाव्य, २०३७), द्वन्द्वात्मक भौतिकवाद के हो ? (२०४२), मार्क्सवादी कलादृष्टि र समीक्षा (२०५४), सङ्घर्षको दर्शन (दार्शनिक कृति, २०६०), नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन (२०६१), क्रान्ति सौन्दर्य (२०६४), समीक्षा र सौन्दर्य (२०६५), मार्क्सवाद र संस्कृति (२०६६), मार्क्सवादी दर्शन (२०६७), विभिन्न राजनैतिक लेख रचनाका पुस्तिकाहरू प्रकाशित । **सम्पादन/अनुवाद** : मशाल, माओवादी आदि पार्टीगत पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार (२०५४) । **हालको ठेगाना** : ढिकपुर, दाङ /काठमाडौँ ।

मोहनराज शर्मा

(हास्यव्यङ्ग्यकार/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ कात्तिक २५, धर्मस्थली, काठमाडौँ । **माता/पिता** : तारा शर्मा, रुद्रप्रसाद शर्मा । **शिक्षा** : एम.ए. (नेपाली, इतिहास) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : एकको एक हात लाग्यो शून्य (हास्यव्यङ्ग्य, दीपक, २०१६) । **कृति/सृजना** : च्याँखेधर्ना (हास्यव्यङ्ग्य कथासङ्ग्रह, २०२४), नेपालीका केही आधुनिक साहित्यकार (२०२६), शब्दरचना र वर्णविन्यास (२०३१), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (समालोचना, संयुक्त लेखन, २०३४), कथाको विकास प्रक्रिया (समालोचना, २०३५), शब्द रचना र वर्ण विन्यास : भाषा वैज्ञानिक पद्धति (२०३६), मि. झप्पु सिंह डबल एम.ए. (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह २०३८), यातनामा छटपटाएकाहरू (नाटक, २०३९), पुछारको पातो (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह २०४०), कोर्रा (कथासङ्ग्रह, २०४०), जेमन्त/यमा (२०४१), बैङ्कुण्ठ एक्स्प्रेस (नाटक-२०४२), शैली विज्ञान (२०४८), भाषाविज्ञान र नेपाली भाषा (सहलेखन-२०५०), महाशून्य (कथासङ्ग्रह, २०५०), शोधविधि (सहलेखन-२०५२), वैखरी (कथासङ्ग्रह, २०५४), समकालीन समालोचना (समलोचना, २०५५), उताको बाघ (नाटक, २०६२), सलिजो

(उपन्यास, २०६६), लगायत सहलेखनका करिब एक दर्जन कृतिहरू । भगवान रफूचा, मि. फत्ते, भाले भिडन्त, समय, आजका युवा (भिडियो फिल्म), राजीनामा आदि टेलिशृङ्खलामा कथा, पटकथा र संवाद । **सम्पादन/अनुवाद :** मायाविनी सर्सी (खण्डकाव्य, २०२४), नवरस (रसकाव्य, २०२४), आकाश बोल्छ (कवितासङ्ग्रह, २०२५), छाँगासँग कुरा (कवितासङ्ग्रह, २०२६), कटक (खण्डकाव्य), समसामयिक साझा कथा (२०४१), नेपाली निबन्ध भाग १ (२०४८), हास्यव्यङ्ग्य (कवितासङ्ग्रह, २०४८), बङ्गलादेशका समकालीन कथाहरू (२०४९), प्रेसर कुकर (पाकिस्तानी उपन्यास, २०५१), रेडियो शैली पुस्तक (२०५५), नेपाली-कोरियाली शब्दकोश (इ.सं. १९९९) आदि सम्पादन । **पुरस्कार/सम्मान :** मैनाली कथा पुरस्कार (२०४०), मदन पुरस्कार (२०४२), शिक्षा पुरस्कार (२०४४), सर्वश्रेष्ठ भिडियो पटकथा पुरस्कार (२०४७), प्रतिभा पुरस्कार (२०४८), त्रि.वि. दीर्घसेवा पदक (२०५३), वासुदेव-हास्यव्यङ्ग्य पुरस्कार (२०६८) । **हालको ठेगाना :** रुद्रतारा निवास, ट्याङ्ला, कीर्तिपुर, काठमाडौं । **फोन :** ४३३११७२, ४३३१२७९ ।

मोहनविक्रम सिंह

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ वैशाख ३, मरुटोल, काठमाडौं । **माता/पिता :** ताराकुमारी घर्ती क्षेत्री, खिमविक्रमसिंह घर्ती क्षेत्री । **शिक्षा :** स्नातकोत्तर (अर्थशास्त्र) । **सेवा :** राजनीति, साहित्य । **पहिलो रचना :** विद्या र हामी (निबन्ध, आँखा पत्रिका, २००५) । **कृति/सृजना :** प्युठानको किसान समस्या र सङ्घर्ष (राजनीतिक, पुस्तक, २०११), इन्कलाब जिन्दावाद (कवितासङ्ग्रह, २०१७), तूफानको सङ्गीत (हाइकु-मुक्तकसङ्ग्रह, २०४२), झिमरुक नदी र चिबे चराको कथा (खण्डकाव्य, २०४२), युग बोल्छ (गीतिनाटक, २०३४), गङ्गा-काबेरी एक्सप्रेस (लामो कविता, २०४०), आदि विद्रोह (खण्डकाव्य, २०४२), विचार विवेचना र विश्लेषण (समालोचना, २०४२), सामाजिक क्रान्ति शान्तिपूर्ण तरिकाले वा सशस्त्र सङ्घर्षद्वारा ? (२०१८), नेपाल भारत पारवहन समस्या (२०२८), राजनैतिक आलोचना (२०२८), पेमा लामा प्रश्नोत्तरमाला (२०३०), विश्व कम्युनिष्ट आन्दोलनको सङ्क्षिप्त इतिहास (२०३८), क्रान्ति वा भ्रान्ति ? (२०५२), बी.पी. को नयाँ आयाम (२०३२), द्वितीय महाधिवेशनदेखि दरभङ्गा प्लेनसम्म (२०४७), चार दशक (२०४९), उग्र-वामपन्थी विचारधाराको खण्डन (२०३४), माओत्सेतुङ विचारधारा वा माओवाद (२०४९), नेपालमा भूमिसुधार (२०५२), बाह्र मई (नाटक, २०४६), क्रान्ति किन हुन्न (एकाङ्की नाटक, २०४६), महिला-मुक्तिको महान गाथा (समालोचना, २०४८) लगायत थुप्रै राजनीतिक र वैचारिक पुस्तकहरू । **सम्पादन/अनुवाद :** रातो लालटिन (अनुवाद, २०४८) । **हालको ठेगाना :** ओखरबोट, प्युठान ।

मोहन सिटौला

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० वैशाख ८, चुहानडाँडा, आठराई, तेह्रथुम । **माता/पिता :** लक्ष्मीमाया सिटौला, हरिचरण सिटौला । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** प्राध्यापन (त्रि.वि.), साहित्य सेवा (अध्यक्ष, अन्तर्राष्ट्रिय साहित्य समाज, अमेरिका, इ.सं. २००४-२००७) । **पहिलो रचना :** कवि लेखनाथ पौड्यालको आध्यात्मिक जीवनदर्शन (लेख, भानु पत्रिका, २०२४) । **कृति/सृजना :** केही सिर्जना : केही विवेचना (समालोचना, इ.सं. १९८५), गोठालाहरू (निबन्धसङ्ग्रह, २०४२), अर्को प्रहर (कवितासङ्ग्रह, २०४४), परिभ्रमण (यात्रानिबन्ध, २०४४), वाण्डेरिङ एस्सेज (२०४२), नयाँ मुलुकको नाद (कवितासङ्ग्रह, २०६३) सङ्घर्ष किन ? (नाटक मञ्चित) । **सम्पादन/अनुवाद :** माछापुच्छ्रे, भारद्वाज (द्वैमासिक, २०३७), । **पुरस्कार/सम्मान :** देशव्यापी निबन्ध प्रतियोगितामा प्रथम भई स्वर्णपदक (२०२४), राष्ट्रिय शिक्षा दिवस पुरस्कार (२०४३), दीर्घसेवा पदक (२०५२) । **हालको ठेगाना :** मिर्मिरे टोल, चाबेल, काठमाडौं/अमेरिका । **फोन :** ४४८१४७६ ।

मोहन हिमांशु थापा (हिमांशु थापा)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ मङ्सिर उत्पत्तिका एकादशी, गोकर्ण, काठमाडौं । **माता/पिता :** नन्दकुमारी थापा, रामशरण थापा । **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (बालकृष्ण समको नाट्यशिल्प) । **सेवा :** प्राध्यापन (नेपाली र नेवारी नाटक) । **पहिलो**

रचना : कैयौँ गीतको लहर छुट्यो (शारदा पत्रिका, २०११) । **कृति/सृजना :** खुकुरीमाथि एक चौटा बादल (कवितासङ्ग्रह, २०३०), साहित्य परिचय (विधागत परिचय, २०३६), बालकृष्ण समको नाट्य कला (अनुसन्धान), नेपालको नाटकको परिदृश्य (नाटक अध्ययन) । **सम्पादन/ अनुवाद :** ज्योति (पत्रिका, २०१३), आँखे (नेवारी पत्रिका, २०४३), नौ एकाङ्की (२०५३), स्मारिका (ने.रा.प्र.प्र., २०६०), प्रेमामृतवचन (काव्यसङ्ग्रह, २०६१) । नेपाल सङ्गीत (नेवारीबाट नेपाली भाषामा अनुवाद, २०२८), जापानी लघुकथा (नेपालीमा अनुवाद, २०४४), न्हू जापानी हाइकु (आधुनिक जापानी हाइकुको नेवारीमा अनुवाद, २०४६) । **पुरस्कार/सम्मान :** शहीद दिवस पुरस्कार (२०१२), शिक्षा मन्त्रालयद्वारा नगद पुरस्कार (२०२१), गोरखा दक्षिणबाहु (२०२१), स्वर्ण पदक (तत्कालीन सोभियत सङ्घको सुप्रिम सोभियतबाट, २०२७), शिक्षा पुरस्कार (२०४४), महेन्द्र विद्याभूषण 'क' (२०५३), दीर्घसेवा पदक (त्रि.वि., २०५३), गद्दीआरोहण रजत-महोत्सव पदक (२०५३), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), युगकवि सिद्धिचरण पुरस्कार (२०६१) । देवकोटा काव्य सम्मान (२०५९), भाषा सम्मान : ल्यायम्ह पुचः काठमाडौँ, २०६०), बालकृष्ण सम सम्मान (२०६०) । **हालको ठेगाना :** पो.ब.नं. ७०७, बल्खु चोक चक्रपथ, काठमाडौँ । **फोन :** ४२७९६३३ ।

मोहम्मद इदरीस सलफी

(साहित्यकार, नेपाली/उर्दू भाषा)



जन्म/स्थान : वि.सं. २०१० असार १४, कपिलवस्तु । **माता/पिता :** नौका मुसलमान, जब्बार मुसलमान । **शिक्षा :** माध्यमिक शिक्षा, इस्लामी शिक्षा आलिम-सम्म । **सेवा :** अध्यापन । **कृति/ सृजना :** इस्लामको उपदेश (नेपाली भाषा), इस्लामको परिचय (नेपाली भाषामा), नमाजे मसनून (हज उमरा निर्देशिका, नमाज (रसूलुल्लाह सल.को अन्तिम उपदेश) । **हालको ठेगाना :** कपिलवस्तु -९, महुवा, कपिलवस्तु ।

मोहम्मद ईशहाक (एमडीआई, हुसेन)

(गीतकार, नेपाली/उर्दू भाषा)

जन्म/स्थान : वि.सं. २०१० असोज १७, वीरगञ्ज न.पा. -१५ । **माता/पिता :** मैरुन नेसाँ हवारी, मो. साहेब मियाँ हवारी । **शिक्षा :** साधारण । **सेवा :** नेपाल प्रहरी । **कृति/ सृजना :** गीतहरूको सँगालो (२०४९) । **सम्पादन/अनुवाद :** लड्का क्या है ? लड्की क्या है ? (कमला भसिनको भोजपुरी अनुवाद, २०६०) । **हालको ठेगाना :** जोरलाही चोक, डुमरवाना, बारा / रूपन्देही, पर्सा । **फोन :** ०७१-५४५२११ ।

यदुनाथ कोइराला (वसन्तपुरे, सिन्धुपाल्चोके कान्छा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ माघ १०, बोडेगाउँ, सिन्धुपाल्चोक । **माता/पिता :** लीलाकुमारी कोइराला, रामप्रसाद कोइराला । **शिक्षा :** आई.ए. । **सेवा :** अध्यापन । **कृति/सृजना :** परिस्थितिले जन्माएका अनुहारहरू (कवितासङ्ग्रह, २०५३), मौसमी खेती (२०६०), बादलभित्रको गाउँमा (नाटक, २०५४), ऐतिहासिक क्रान्ति (गीतिकाव्य, २०५७), बोडेगाउँ दर्पण (स्थान परिचय, २०५८), मास्टर कमन (२०६१), मायाको तरेली (गीतिसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद :** स्मारिका श्री सिपा तीनघरे सं.मा.वि. । **हालको ठेगाना :** बोडेगाउँ-२, सिन्धुपाल्चोक । **फोन :** २०८३१७९ ।

यदुनाथ खनाल

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७० (१९१३ अगष्ट १३), मानुङ गाउँ, तनहुँ । निधन : २०६१ असोज १६ । **माता/पिता :** तारादेवी, नरनाथ खनाल । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), संस्कृत व्याकरण मध्यमा, विधिवारिधि (अमेरिका इ.सं. १९७५), । **सेवा :** प्राध्यापन, निजामती सेवा, परराष्ट्र सेवा, कूटनीति, राजनीति । **पहिलो रचना :** सिन्धुसम्बन्धी लेख (सुक्ति पत्रिका) । **कृति/सृजना :** समालोचनाको सिद्धान्त (समालोचना, २००३), रिफ्लेक्सन अन नेपाल इन्डिया रिलेसन (इ.सं. १९६४), सूक्ति सन्चय (संस्कृत), स्ट्रे थट्स (इ.सं.

१९६६), साहित्यिक चर्चा (समालोचना, २०३४), नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिज्म (२०३४), नेपाल अफ्टर डेमोक्रेटिभ रेस्टोरेसन । **सम्पादन/अनुवाद :** भामिनी विलास । **पुरस्कार/सम्मान :** भानुभक्त पुरस्कार इ.सं. १९५८), गोरखा दक्षिणबाहु प्रथम (इ.सं. १९६१), त्रिशक्तिपट्ट प्रथम, नेपाल श्रीपद द्वितीय (इ.सं. १९७०), नोबेल अर्डर प्रथम (थाइल्याण्ड, इ.सं. १९८५), वेदनिधि पुरस्कार (२०४४), वासुदेव भट्टराई पुरस्कार (इ.सं. १९९९), शार्दूल स्मृति प्रज्ञा पुरस्कार (इ.सं. १९९९) । मानार्थ महाविद्यावारिधि (त्रि.वि., इ.सं. १९९५), सरदार (इ.सं. १९७६), । **सम्पर्क ठेगाना :** ख २/९४२ बानेश्वर हाइट, काठमाडौं । **फोन :** ४४७२७५६ ।

यदुनाथ पोखरेल

(प्राथमिक कालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८६५, सप्तरी, सगरमाथा । निधन : १९२५ अनुमानित अनुसन्धेय, । **शिक्षा :** साहित्य, संस्कृत । **सेवा :** साहित्य । **कृति/सृजना :** १. स्तुति (पद्य-१ र २), कृष्णचरित्र । **पुरस्कार/सम्मान :** भट्ट (राजा राजेन्द्र विक्रमद्वारा सम्मानस्वरूप प्रदत्त पदवी ।

यदुनाथ 'सरल'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९० साउन १३, चन्द्रेश्वर, दुराडाँडा, लमजुङ । **माता/पिता :** पवित्रादेवी ढुङ्गाना, कालीदास ढुङ्गाना **शिक्षा/विषय :** मध्यमा । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** उन्नति गरौं (गीत, वाचन, रेडियो नेपाल, २००९) । **कृति/सृजना :** पुष्पवेली (कवितासङ्ग्रह) । **पुरस्कार/पदक :** अम्बा श्रेष्ठ प्रतिभा पुरस्कार (२०५३), राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम पुरस्कार (माधव घिमिरे रथयात्रा समारोह २०६०, लमजुङ) लगायत केही साहित्यिक प्रतियोगिताहरूमा प्रथम पुरस्कार । **हालको ठेगाना :** पो.ब.नं. १३६५९ काठमाडौं /दुराडाँडा -१, लमजुङ (dunganabed@hotmail.com) ।

यमनाथ चौलागाई (चरिकोटे मित्र)

(कथाकार/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ साउन १२, भोटेचौर -२, सिन्धुपाल्चोक । **माता/पिता :** गङ्गा चौलागाई, गोविन्दप्रसाद चौलागाई । **शिक्षा :** एम.एड. (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** भानुभक्तप्रति श्रद्धाञ्जली (कविता, २०४३) । **कृति/सृजना :** अनिवार्य नेपाली (पाठ्यपुस्तक, सहलेखन, २०५८), प्रारम्भिक नेपाली व्याकरण (२०६०), धुर्त्याइँको पीडा (कथासङ्ग्रह, २०६०), नेपाली रचना शिल्प (व्याकरण र बोध, सहलेखन, २०६१), आप्रवासी (कथासङ्ग्रह, २०६१) । **हालको ठेगाना :** भोटेचौर -२, सिन्धुपाल्चोक / चरिकोट, दोलखा । **फोन :** ०४९-४२०१२४/४२०३९४ ।

यमबहादुर पौडेल क्षेत्री

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ चैत्र २९, लाँकुरी, सेतीदोभान, स्याङ्जा । **माता/पिता :** खरिका पौडेल क्षेत्री, सूर्यबहादुर पौडेल क्षेत्री । **शिक्षा :** एम.ए.बी.एड. (अङ्ग्रेजी साहित्य) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** प्रधानमन्त्री रङ्गनाथ पौडेलबारे केही जानकारी (लेख, आदर्श समाज दैनिक, २०५६) । **कृति/सृजना :** मितेरी (समालोचनात्मक निबन्धसङ्ग्रह, २०५७), साजनप्राज्ञ मञ्च (भाग १-५, इ.सं. २०००-२००४), सोह्र सृष्टि : सोह्रै दृष्टि (समीक्षासङ्ग्रह, २०६१), अ टेक्स बुक अन लिङ्गुइस्टिक्स (पाठ्यपुस्तक, २०६३), लिङ्गुइस्टिक्स फर इन्टरमिडियट (पाठ्यपुस्तक, २०६७), अ स्टडी अफ अप्लाइड लिङ्गुइटिक्स एण्ड ल्याङ्ग्वेजेज अफ नेपाल (पाठ्यपुस्तक, २०६७), फाएन्डेसन्स अफ ल्याङ्ग्वेज एण्ड लिङ्गुइस्टिक्स (२०६७), अप्रिसिएटिङ ल्याङ्ग्वेज एण्ड लिटेरेचर (२०६७), शिक्षा र साहित्यमा गङ्गाबहादुरको योगदान (अनुसन्धान र विश्लेषण, २०६७) । **सम्पादन/अनुवाद :** आँधीको सुसेली (२०६०), प्राज्ञमञ्च (२०६०), हिमालयन जर्नल अफ सोसिओलोजी एण्ड एन्थ्रोपोलोजी (इ.सं. २००४), जर्नल आफ पोलिटिकल साइन्स (इ.सं. २००४), टुरिज्म मिरर (इ.सं. २००४) । हेल्थ, पपुलेसन एण्ड इनभाइरोमेन्ट (नेपालीमा अनुवाद, इ.सं. २००३), फोर्टिन फ्लावर्स अफ नेपाल (अनुवाद, २०६७) । **हालको ठेगाना :** शान्तिपथ, रामघाट, पोखरा, कास्की । **फोन :** ०६१-५३४८१४, ९८४६०५१२३० ।

यशोदा पराजुली

(गायिका)

जन्म/स्थान : वि.सं. २०२६ असोज, बबियाबिता -५, मोरङ । **माता/पिता** : भीमादेवी खरेल, चूडामणि खरेल । **शिक्षा** : बी.ए., बी.म्युज. । **सेवा** : रेडियो नेपाल उद्घोषण, गायन । **पहिलो रचना** : गीत गायन रेकर्ड (मणिपुरी रेडियो, २०४१, भारत) । **कृति/सृजना** : गीति एल्बम : गाउँको माया (२०५४), सहयात्रा (गीति एल्बम/सी.डी., २०६३), फुर्सदमा (सङ्गीत, सी.डी., २०६९), डेढ सयभन्दा बढी गीत रेकर्ड । चलचित्रहरूमा पार्श्वगायन । देश-विदेशका विभिन्न स्थानमा गायन प्रस्तुत । **पुरस्कार/सम्मान** : वेस्ट आर्टिस्ट अफ दि इयर (मणिपुर रेडियो, इ.सं. १९८७), शास्त्रीय गायन प्रतियोगितामा पुरस्कृत (रेडियो नेपाल, २०५०), आधुनिक गायन प्रतियोगितामा पुरस्कृत (रेडियो नेपाल, २०५०), धर्तीका गीत पुरस्कार (२०५३)। कलानिधि सङ्गीत सम्मान (२०६१) । **हालको ठेगाना** : सिद्धार्थमार्ग, घट्टेकुलो, काठमाडौँ । **फोन** : ४७७०६४० ।

यज्ञकुमार प्रधान

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९९ असार १३, नकछैँ, भीमेश्वर न.पा. -२, दोलखा । **माता/पिता** : सोनलक्ष्मी, हर्षवीर प्रधान । **शिक्षा** : बी.ए. । **सेवा** : लेखा परिक्षण । **पहिलो रचना** : दोलखाको कुमारी नृत्य (लेख, २०३१) । **कृति/सृजना** : दोलखाको सांस्कृतिक सम्पदा (२०६१) । **सम्पादन/अनुवाद** : अभयपुर (मासिक, नेवारी भाषा, २०६१) । **पुरस्कार/सम्मान** : आदरपत्र (दोलखा, २०६१) । **हालको ठेगाना** : हस्पिटल गल्ली, रविभगन, काठमाडौँ । **फोन** : ९८४१६१६५८३ ।

यज्ञनिधि दाहाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१० साउन ८, धारापानी, खाल्ले, खोटाङ । **माता/पिता** : कृष्णकुमारी घिमिरे दाहाल, तारानाथ दाहाल । **शिक्षा** : संस्कृत साहित्यमा स्नातक, बी.एड. । **सेवा** : अध्यापन, साहित्य, रेडियो उद्घोषण । **पहिलो रचना** : उद्वेग (कविता, मधुपर्क, २०३०) । **कृति/सृजना** : दुबो बोल्छ (कवितासङ्ग्रह, २०३४), म कोइली कमिनी (कवितासङ्ग्रह), छेस्का गीत (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : उन्नयन (त्रैमासिक, संयुक्त सम्पादन) । **पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सवमा द्वितीय (ने.रा.प्र.प्र., २०३५), अभिवन्दना सम्मान (२०६९) । **हालको ठेगाना** : मन्डिखाटार, काठमाडौँ । **फोन** : ४३७५९९२ ।

यज्ञप्रसाद आचार्य (कौतुक)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० वैशाख ५, धनकुटा । **माता/पिता** : विष्णुदेवी, लक्ष्मीप्रसाद आचार्य । **शिक्षा** : एम.ए.(इतिहास) । **सेवा** : समाज सेवा, राजनीति, साहित्य । **कृति/सृजना** : मुक्तात्मा (कथासङ्ग्रह, २०१८) । **सम्पादन/अनुवाद** : छात्रधारा (हस्तलिखित, २००६) । **हालको ठेगाना** : चाकुपाट, ललितपुर / धरान, सुनसरी ।

यज्ञप्रसाद सुवेदी 'कविगुरु'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९५ कात्तिक १२, ठूलीपोखरी -१, बुमी, पर्वत । **माता/पिता** : हरिकला सुवेदी, ईश्वरीप्रसाद सुवेदी । **शिक्षा** : संस्कृत (मध्यमा) । **सेवा** : अध्यापन, समाजसेवा, कला, साहित्य । **पहिलो रचना** : बाह्र महिनाको महिमा (कविता, गोहाटी, भारत, २०२२) । **कृति/सृजना** : भूमिसुधारको सवाई (२०२२), कल्पना (भाग १-३, २०२४-२०५७), सङ्क्षिप्त रामायण (लोक भजनमाला, २०५६), सङ्क्षिप्त कृष्णचरित्र (२०५६), धार्मिक उदाहरण माला (२०५७), गोरुजात्रा : २०४६ को जनआन्दोलन (व्यङ्ग्य, २०५७), पर्वत जिल्लाको ठूलीपोखरी चिनारी (२०५७) । केही नाटकहरूमा अभिनय । **पुरस्कार/सम्मान** : उद्योग व्यापार सङ्घ बर्दिया (२०५९), बर्दियाली साहित्य समाज (२०६०) द्वारा सम्मान । **हालको ठेगाना** : कालिका -३, शिवालयटोल, बर्दिया । **फोन** : ०८४-४२९६२३ ।

यज्ञप्रसाद सुवेदी (सुसेली)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ १०, वसन्तटार, धनकुटा । **माता/पिता :** मनमाया सुवेदी, टङ्कप्रसाद सुवेदी । **शिक्षा :** बी.ए. (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** रमेश खै ? (२०४८) । **कृति/सृजना :** यिनैको सम्झनामा (२०५२), गोपाल बाबा (शोक कविता, २०५६) । **सम्पादन/अनुवाद :** जन उन्मुख (सम्पादन, २०६१) । **पुरस्कार/सम्मान :** विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कृत । **हालको ठेगाना :** केराबारी-९, मोरङ ।

यज्ञमानपति वज्राचार्य

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९७ साउन २९, मरु लायकु बहिल, काठमाडौँ । **माता/पिता :** अष्टमाया वज्राचार्य, भोजमानपति वज्राचार्य । **शिक्षा :** एम.कम., बी.एल. । **सेवा :** निजामती (महालेखा नियन्त्रक) । **कृति/सृजना :** नेपालको निजामती कर्मचारी प्रशासनमा औषधि उपचार व्यवस्था (२०४६), बौद्ध धर्ममा पूजाका सिद्धान्त तथा व्यवहार (सहलेखन, २०५२), म्हपूजा विधि (नेपालभाषा, ने.सं. ११२४), गुरु, मण्डल, व गुरु मण्डल (नेपालभाषा, ने.सं. ११२४) । केही नाटकहरूमा अभिनय तथा चर्या नृत्य प्रदर्शन । **पुरस्कार/सम्मान :** तेस्रो सार्क सम्मेलन पदक, गोरखा दक्षिणबाहु चौथा, त्रिशक्ति पट्ट चौथा । **हालको ठेगाना :** कुलेश्वर, काठमाडौँ । **फोन :** ४२७८९५६ ।

यज्ञराज प्रसाई 'घायल'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ चैत्र २९, छातेढुङ्गा -४, पोखरी, तेह्रथुम । **माता/पिता :** लक्ष्मीदेवी प्रसाई, दाताराम प्रसाई । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, साहित्य । **पहिलो रचना :** बगरमाथिको लाश (कविता, २०१९) । **कृति/सृजना :** समयान्तर / दुर्घटनाहरू (कवितासङ्ग्रह, २०५४) । **सम्पादन/अनुवाद :** सङ्गमसुधा (वार्षिक पत्रिका, २०२३), झम्पल (सामयिक सङ्कलन, २०२७), मेची किनारका कविताहरू (कवितासङ्कलन), अहिले (सामयिक सङ्कलन), संस्कृति (सामयिक सङ्कलन), अनावरण (भानु स्मारिका, २०६२) । **पुरस्कार/सम्मान :** राष्ट्रिय पुरस्कार (शिक्षा मन्त्रालय, २०५९), देवकोटा स्मृति प्रतिष्ठान (२०५२), राष्ट्रिय जनसांस्कृतिक मञ्च (२०५३), मेचीनगर नगरपालिका झापा (२०५९), त्रिफला राष्ट्रिय पुस्तकालय, झापा (२०६०) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान तथा अभिनन्दन । **हालको ठेगाना :** मेचीनगर न.पा. -१२, इटाभट्टा, झापा । **फोन :** ०२३-५६२१९० ।

यज्ञराज 'यात्री' जोशी (उमा नन्दन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० भदौ १५, गडसेरा -४, डोटी । **माता/पिता :** नर्मदादेवी जोशी, विष्णुदास जोशी । **शिक्षा :** एम.ए. (समाजशास्त्र) । **सेवा :** अध्यापन, निजामती । **पहिलो रचना :** भानु तिमी धन्य छौ (कविता, २०३२) । **कृति/सृजना :** शारदी पुरुष (सरस्वती वन्दना, २०३०), केदारस्तुति (कवितासङ्ग्रह, २०३२), आमा (कवितासङ्ग्रह, २०३८), भक्त र भगवान् (निवन्धसङ्ग्रह, २०३६), नेपालआमा (२०४१), हिलोको पुष्प (निवन्ध, २०४१) आमाको महिमा (कवितासङ्ग्रह, २०४२), नेपालका लाल (२०४७), भगवती वन्दना (२०४८), मातृभूमि नेपाल (कवितासङ्ग्रह, २०४८), नारी (निबन्धसङ्ग्रह, २०५०), देववन्दना (कवितासङ्ग्रह, २०५२), मेरो नेपाल दर्शन (अनुसन्धान, २०५९), आस्था (खण्डकाव्य, २०६०), साहित्यकार परिचय कोष (२०६०), विष्णुदास (शोककाव्य, २०६३), जनगुनासो (कवितासङ्ग्रह, २०६४), हिलोको कमल (२०६५) । **सम्पादन/अनुवाद :** मालिका (वार्षिक), मोती दर्पण (मुखपत्र), सुरभि (वार्षिक), प्रतिभा सङ्गम (चौमासिक), कलापि (त्रैमासिक), चिनारी (त्रैमासिक), समाजसेवी दीनानाथ जीवनी (पुस्तिका), स्वर्णमहोत्सव स्मारिका (श्री नवोदय उ.मा.वि., गडसेरा) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), शाश्वत साहित्य साधना पुरस्कार (२०६२) । नेपाल लाइन्स क्लवद्वारा सम्मान (२०५३), भारतीय हिन्दी परिषद् क्लब (२०५४, २०५९) द्वारा सम्मान, साहित्य साधना सम्मान (भारत, इ. २००१), लाइन्स क्लब सम्मान (२०५४), नवरत्न साहित्य साधना सम्मान (२०६३), सुदूर

पश्चिमाञ्चल साहित्य समाजद्वारा सम्मान । **हालको ठेगाना :** धनगढी -७, मोतीनगर, कैलाली । **फोन :** ०९१-५२१५३५ ।

यज्ञराज शर्मा अर्ज्याल

(सङ्गीतशिरोमणि)

जन्म/स्थान : वि.सं. १९५९, ज्ञानेश्वर, काठमाडौँ । निधन : वि.सं. २०४६ । **माता/पिता :** भुवनेश्वरीदेवी, वेदराज अर्ज्याल । **शिक्षा :** संस्कृत साहित्य /सङ्गीत । **सेवा :** सङ्गीत साधना, नेपालको पहिलो सङ्गीत महाविद्यालयको संस्थापक । प्राज्ञ (२०१४ - २०२२), ने.रा.प्र.प्र. आजीवन सदस्य) । **कृति/सृजना :** 'इष्टका तरङ्ग' नामक बाजाको आविष्कारक, स्वरताल परिचय (सङ्गीतसम्बन्धी पुस्तक, २०३६) । **सम्पादन/अनुवाद :** शास्त्रीय सङ्गीतका थुप्रै रचना सम्पादन । **पुरस्कार/सम्मान :** 'सङ्गीतशिरोमणि' उपाधि (राजा महेन्द्रबाट, २०१३), नेपाल सरकारबाट हुलाक टिकट प्रकाशित ।

यज्ञराज सत्याल

(समालोचक)

जन्म/स्थान : वि.सं. १९८८ भदौ ८, गैह्रीधारा, टङ्गाल, काठमाडौँ । **माता/पिता :** दिव्येश्वरी सत्याल, घनराज सत्याल । **शिक्षा :** एम.ए. । **सेवा :** निजामती । **कृति/सृजना :** नेपाली साहित्यको भूमिका (समालोचना, २०१७), नेपाली साहित्यको सङ्क्षिप्त विवेचना (समालोचना), नेपालको इतिहास र भारतको इतिहास (२०१८), संसारको सानो इतिहास (संयुक्त लेखन, २०१८) । **पुरस्कार/सम्मान :** जानपद सेवा पदक (२०२३), गोरखा दक्षिणबाहु चौथो (२०२४), त्रिशक्तिपट्ट चौथो (२०२८), शुभराज्याभिषेक पदक (२०३१) । **हालको ठेगाना :** घ २/८०१, गैह्रीधारा, टङ्गाल, काठमाडौँ । **फोन :** ४४११३३७ ।

यज्ञेश्वर निरौला

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ भदौ १५, भिरगाउँ, धनकुटा । **माता/पिता :** इन्दिरा निरौला, चिन्तामणि निरौला । **शिक्षा :** एम.ए. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** व्याकरणात्मक कोटिहरू : सङ्क्षिप्त सिंहावलोकन (लेख, २०४९) । **कृति/सृजना :** क्रियाको रूपतत्त्वका आधारमा नेपाली भाषिकाको निर्धारण (२०५१), नेपाली-माला शृङ्खला (शिशु कक्षादेखि पाँच कक्षासम्म, २०६२) । **हालको ठेगाना :** भिरगाउँ-८, धनकुटा (yagyesware@hatmail.com) । **फोन :** ६६३७८२४ ।

यादव खरेल

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. १९९९ फागुन, खरेलथोक, काभ्रे । **माता/पिता :** सरस्वतीदेवी खरेल, गोपीकृष्ण खरेल । **शिक्षा :** एम.ए. (अर्थशास्त्र), बी.एल., चलचित्र निर्माण निर्देशनमा डिप्लोमा । **सेवा :** ने.रा.प्र.प्र. ((सदस्य, प्राज्ञ-परिषद्, २०६१), प्राध्यापन, चलचित्र निर्देशन, कार्यक्रम प्रस्तोता, लेखन, समाजसेवा, शाही नेपाल चलचित्र संस्थान (अध्यक्ष/महाप्रबन्धक), चलचित्र निर्माता सङ्घ (अध्यक्ष), चलचित्र विकास बोर्ड (अध्यक्ष), नेपाल परिवार नियोजन सङ्घ (उपाध्यक्ष/ महासचिव) । **पहिलो रचना :** कविता (२०१२) । **कृति/सृजना :** अनि एउटा लहर ब्यूँझन्छ (कवितासङ्ग्रह, २०२२), समुद्रपारि (नियात्रासङ्ग्रह, २०२९), यादव खरेलका मुक्तकहरू (मुक्तकसङ्ग्रह, २०३०), खलबल (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०४७), यस्तो पनि हुँदो रहेछ (गीतसङ्ग्रह, २०४८), आदिकवि भानुभक्त (नाटक, २०५६), यस्तै रहेछ यहाँको चलन (गीतसङ्ग्रह, २०५९), महाकवि लक्ष्मीप्रसाद देवकोटा (आलेख, २०६१), चालीसभन्दा बढी नेपाली कथानक चलचित्रहरूका लागि गीत लेखन । चेलीबेटी, लोभीपापी, आँधीबेहरी, प्रेमपिण्ड, नासो, श्री स्वस्थानी, आदिकवि भानुभक्त, हत्तेरी चलचित्रका पटकथा लेखन, निर्माण तथा निर्देशन । महाकवि लक्ष्मीप्रसाद देवकोटा, बुहारी, अँध्यारोबाट उज्यालोतिर लगायत चेतनामूलक विभिन्न वृत्तचित्र र लघुचलचित्रका साथै विज्ञापन चलचित्रहरूको लेखन-निर्देशन । **सम्पादन/अनुवाद :** घुएँत्रो (साप्ताहिक, २०४२-२०४४), बी.बी.सी. नेपाली सेवा (१९६९-१९७१), बिहान । **पुरस्कार/सम्मान :** प्रख्यात त्रिशक्तिपट्ट, प्रबल गोरखा दक्षिणबाहु, श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सव पदक, वीरेन्द्र-ऐश्वर्य पदक, बाढी

पहिरो उद्धार पदक, हिरण्यकुमारी कार्की पुरस्कार, रत्नश्री स्वर्णपदक, छिन्नलता गीत पुरस्कार, सर्वश्रेष्ठ चलचित्र निर्देशक राष्ट्रिय पुरस्कार (२०६२) आदि । महेन्द्र चलचित्र साधना सम्मान, सयपत्री फिल्म सम्मान, भानु जन्मस्थल विकास समितिद्वारा सम्मान, परिवर्तन नेपालद्वारा सम्मान, नेपाल सांस्कृतिक परिषद्‌द्वारा सम्मान, नेपाल चलचित्र प्राविधिक सङ्घद्वारा सम्मान आदि लगायतका थुप्रै कदरपत्र तथा अभिनन्दनहरू । **हालको ठेगाना** : कुमारीगाल, काठमाडौँ (ykharel@wlink.com.np) । **फोन** : ४४७०३४७/ ४४७२६९५ ।

यादवचन्द्र भुर्तेल

(चित्रकार)



जन्म/स्थान : इ.सं. १९४७ अप्रिल ३, पोखरा, कास्की । **माता/पिता** : नन्दकली भुर्तेल, चक्रपाणि भुर्तेल । **शिक्षा** : डिप्लोमा इन एग्रिकल्चर, डिप इन एजुकेशन र फाइनआर्ट । **सेवा** : अध्यापन, चित्रकला । **पहिलो रचना** : भिजिट टु सोलु (कविता, २०३२) । **कृति/सृजना** : आवरण कसरी सजाउने, लिपस्टिक, विनाशीर्षक । विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय म्यागजिनहरूमा चित्रकलाकृति प्रकाशन तथा एकल तथा सामूहिक कला प्रदर्शनी विभिन्न पटक (नेपाल, बङ्गलादेश, हङकङ, कोरिया, युनिसेफ आदि)। ने.रा.प्र.प्र., राष्ट्रपति भवन (श्रीलङ्का), लर्भे ग्यालेरी (पेरिस, फ्रान्स), राष्ट्रिय सङ्ग्रहालय (क्यानडा), राजदरबार (इङ्ल्याण्ड र नर्वे) तथा देश-विदेशका निजी सङ्ग्रहालयमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : राष्ट्रिय कला प्रदर्शनीमा सान्त्वना पुरस्कार (२०४५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६) । **हालको ठेगाना** : नागढुङ्गा, पोखरा, कास्की (p_bhurtel@hotmail.com) । **फोन** : ०६१-५२३२८९ ।

यादव भट्टराई

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२४ कात्तिक २९, शीतल सदन, बौघा गुम्बा, पाल्पा । **माता/पिता** : नेत्रकुमारी भट्टराई, बालकृष्ण भट्टराई । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : म त आगो हुँ (कविता, अङ्कुर स्मारिका, २०३८) । **कृति/सृजना** : दिशाहीन यात्राका हरफहरू (कवितासङ्ग्रह, २०५५) । **सम्पादन/अनुवाद** : दायित्व (साहित्यिक मासिक), पुष्पाञ्जलि (मुखपत्र, डिल्लीबजार कन्या बहुमुखी क्याम्पस) । **पुरस्कार/सम्मान** : राष्ट्रिय युवा महोत्सव पुरस्कार (२०४०), परोपकार पुरस्कार (२०४०), कमला पुरस्कार (२०४०), सनातन धर्मसेवा पुरस्कार (२०४०) । गद्दीआरोहण रजत महोत्सव सम्मान (२०५४) । **हालको ठेगाना** : सिद्धार्थनगर-१२, रूपन्देही / पो.व.नं. ८९७३ एनपीसी ३७७, काठमाडौँ । **फोन** : ४७८३२६४, ९८४१२६९००९ ।

यादव लामिछाने (यादवप्रकाश)

(समालोचक/लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०११ असोज १३, अर्खौले जितपुर -१, धनकुटा । **माता/पिता** : डिल्लीमाया लामिछाने, चूडामणि लामिछाने । **शिक्षा** : एम.ए. (नेपाली), एम.एड., विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : शिक्षण (लेख, धरान, २०३९) । **कृति/सृजना** : रमोलादेवी शाह छिन्नलताको गीतिसाधना (२०४९), नेपाली भाषाशिक्षण परिचय (२०५२), नेपाली कविता-काव्य र साहित्य तत्त्व (पाठ्यपुस्तक, २०५३), नेपाली भाषा र साहित्य (पाठ्यपुस्तक, २०५६), कविता-काव्य, नाटक-एकाङ्की र नेपाली साहित्यको इतिहास (सहलेखन, २०५८), कथा सिद्धान्त र समीक्षा (सहलेखन, २०६३), आधुनिक नेपाली उपन्यासमा विसङ्गतिवोध (समालोचना, २०६३), सामान्य र प्रायोगिक भाषाविज्ञान (२०६८), आधुनिक नेपाली विसङ्गतिपरक उपन्यासका विशेषता (समालोचना, २०६८), नेपाली उपन्यास : सिद्धान्त र समीक्षा (समालोचना, २०६८), केही रचना : केही समीक्षण (समालोचना, २०६८), विसङ्गतिपरक उपन्यास विश्लेषणका प्रतिमानहरू (२०६८) लगायत अन्य थुप्रै पाठ्यपुस्तकहरू । **सम्पादन/अनुवाद** : मोरङ एक परिचय (सहसम्पादन, २०५४), गन्तव्य (२०६६) । **पुरस्कार/सम्मान** : नेपाल विद्याभूषण 'क' (२०६५), मानव अधिकार एलायन्सबाट सम्मान (२०६३) । **हालको ठेगाना** : बालकोट-१, भक्तपुर (yadablamichhane@yahoo.com) । **फोन** : ६६३२०१८, ९८४१२७७००० ।

याम थुलुङ (यामबहादुर राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३३ असोज १५, निचुला, सर्भाङ, भुटान ।

माता/पिता : लाखमति सावदेन राई, धनप्रसाद थुलुङ । **शिक्षा** : स्नातक (साहित्य) । **सेवा** : अध्यापन । **पहिलो रचना** : जीवनघडी (कविता, द भुटान टाइम्स साप्ताहिक, २०५०) । **कृति/सृजना** : दोभान (कविता-सङ्ग्रह, २०५८), आँसुका थोपाहरू (गजलसङ्ग्रह, २०६०), अरक्षित यात्रा (गजलसङ्ग्रह, २०६२), सम्झनाका खण्डित आकृतिहरू (संयुक्त कवितासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद** : फूलबारी (साहित्यिक त्रैमासिक, २०५७), मानस (मासिक, २०६०), सूर्योदय (मासिक, हवाई पत्रिका, २०६२), प्रतीत (मासिक, हवाई पत्रिका, २०६५) । **हालको ठेगाना** : दमक, झापा (thulung22@yahoo.com) । **फोन** : ९८४२६२२३१८ ।

युद्धप्रसाद मिश्र

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६४ पुस २७, सोम्लिङ्टार (सिरुबारी), भक्तपुर । निधन : वि.सं. २०४७ फागुन ६ । **माता/पिता** : गीताकुमारी, रुद्रप्रसाद मिश्र । **शिक्षा** : चौध पास । **सेवा** : निजामती, समाजसेवा, राजनीति, साहित्य । **पहिलो रचना** : अहिंसा प्रार्थना (खण्डकाव्य, जुन भीमशमशेरको दर्बारमा नष्ट गरियो), विद्यार्थी शिक्षा (कविता, गोरखापत्र, १९८८) । **कृति/सृजना** : चरा (कवितासङ्ग्रह, १९९४), अमर कथा (कथासङ्ग्रह, २०१५), मुक्तिरामायण (खण्डकाव्य, २०२७), रामायण अरण्यकाण्ड (खण्डकाव्य, २०२७), बाढी (कवितासङ्ग्रह, २०२९), मुक्त सुदामा (खण्डकाव्य, इ.सं. १९७२), युद्धप्रसाद मिश्रका कविताहरू (कवितासङ्ग्रह, २०४८), युद्धप्रसाद मिश्रका काव्य रचनाहरू (२०६५), । **पुरस्कार/सम्मान** : ने.भा.प्र.स. बाट नगद पुरस्कार, कृष्णमणि साहित्य पुरस्कार (२०४६), बलिदान चलचित्र सम्मान, प्रगतिशील लेखक सङ्घद्वारा अभिनन्दन (२०४१) ।

युद्धविक्रम शाही 'विवश' (गणेशबहादुर शाही)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ फागुन १२, कालीकोट । **माता/पिता** : कुसुमकला शाही, रत्नबहादुर शाही । **शिक्षा** : आई.ए. । **सेवा** : सैनिक, न्याय र समाजसेवा । **पहिलो रचना** : नारी स्वतन्त्रता (चासो पत्रिका, २०५१) । **कृति/सृजना** : क्रान्तिका स्वरहरू (कवितासङ्ग्रह, २०५२), मेरो बस्तीको कथा (कवितासङ्ग्रह, २०५९) । **पुरस्कार/सम्मान** : सङ्घ-संस्थाबाट विभिन्न पुरस्कार । **हालको ठेगाना** : वीरेन्द्रनगर -५, सुर्खेत । **फोन** : ०८३-५२०६३७ ।

युधिर थापा (युधिरशमशेर थापा)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ मङ्सिर ११, ज्ञानेश्वर, काठमाडौँ । निधन : २०४४, जेठ ६, लगनखेल, ललितपुर । **माता/पिता** : ज्ञानकुमारी थापा, गम्भीरशमशेर थापा । **शिक्षा** : चार्टर्ड एकाउन्टेन्ट । **सेवा** : संस्थान (डिपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क) सेवा । **कृति/सृजना** : धने (खण्डकाव्य), फेरि कहिले भेट होला (२०२२), जिन्दगी (२०२२), यो गीत तिम्रै हो (२०२३), हिमालको काखमा (२०२४), अधुरो माया (२०२४), धन (२०२५), झरनाको मीठो पानी (२०२८), सिष्टर कल्पना (२०२८), यस्तो पो जीवन (२०३१), रातो दरबार (२०३१), सिङ्गमरमरको ढुङ्गा (२०३१), जीवनका केही क्षण (२०३१), मुटुका अनेक ढुकढुकी (२०३२), सपना मीठो चाल अनौठो (२०३२), हुरीको लहर (२०३२), यहाँ यस्तै यस्तै हुन्छ (२०३३), ककटेल्स (२०३३), एक फूल धेरै काँडा (२०३८), कहीं घाम कहीं छायाँ (२०३८), के थियो के भयो ? (२०४३), जून अस्ताइसकेछ (२०४३), अटुट सम्झना, दिदी मेनका, कसैको प्रतीक्षामा, नमुना, निधारका रेखाहरू, के हुँदो रहेन छ यहाँ, एक फूल फुट्यो, यो के हो ? यो जिन्दगी हो, लुकेको समाज, कसैको मिलन कसैको बिछोड आदि उपन्यासहरू । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु (२०२६) । **सम्पर्क ठेगाना** : शैलनिवास, कुमारीपाटी, ललितपुर । **फोन** : ५५३८५९५ ।

युवराज नयाँघरे

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ असोज १९, नाम्सालिङ, इलाम । **माता/पिता** : तुलसा सुवेदी, हरिहर सुवेदी । **शिक्षा** : स्नातक

(त्रि.वि.) । **सेवा** : अध्यापन, पत्रकारिता । **पहिलो रचना** : मान्छे (कविता, जीवनज्योति साप्ताहिक, २०३९) । **कृति/सृजना** : संवेदनाका स्वरहरू (संयुक्त निबन्धसङ्ग्रह, २०५४), मुहूर्तको वरिपरि (निबन्धसङ्ग्रह, २०५५), मखुण्डाको मन (निबन्ध- सङ्ग्रह, २०५५), काठमाडौँलाई कोर्रा (निबन्धसङ्ग्रह, २०५८), नीलडाम (निबन्धसङ्ग्रह, २०६१), युवराज नयाँघरेका निबन्धहरू (निबन्धसङ्ग्रह, २०६१), अनाम पहाडमा फनफनी (२०६२), एक हातको ताली (निबन्ध, २०६५), घामको चुम्बन (नियात्रा, २०६७), हरियो राहदानी (निबन्धसङ्ग्रह, २०६९), स्वाहा (निबन्धसङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : क्यानभास, कल्पलता साहित्यिक, बालसाथी (बालपत्रिका), विस्कुन (मासिक) लगायत अन्य थुप्रै कृतिहरू सम्पादन । **पुरस्कार/सम्मान** : चक्रपाणि चालिसे राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), उत्तम-शान्ति पुरस्कार (२०५८), युवा वर्ष मोती पुरस्कार (२०६१), भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार (२०६१), मदन पुरस्कार (२०६५), शङ्कर लामिछाने युवा निबन्ध पुरस्कार (२०६५) । हरिभक्त कटुवाल सिर्जना सम्मान (२०५८), कपिलवस्तु साहित्यिक सम्मान (२०६०), झर्रो नेपाली रत्न (२०६६) आदि । **हालको ठेगाना** : दमक-१७, झापा / कलङ्की, काठमाडौँ । **फोन** : ९८५१०६५२६३ ।

युवराज पाण्डे

(लेखक/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ जेठ ३०, केरूङ्गा -६, अर्घाखाँची । **माता/पिता** : विष्णुकुमारी पाण्डे, हरिप्रसाद पाण्डे । **शिक्षा** : स्नातकोत्तर (अर्थशास्त्र), विद्यावारिधि (शोधार्थी) । **सेवा** : अध्यापन, प्रशासन सेवा (सूचना विभाग - महानिर्देशक), सचिव (नेपाल सरकार) । **पहिलो रचना** : दिदीले सुम्पेको दायित्व (कथा, बतिलो वर्ष १, गुल्मी) । **कृति/सृजना** : हाम्रा कविताहरू (कवितासङ्ग्रह, संयुक्त २०३८), सानी (उपन्यास, २०३९), सार्वजनिक नीति विश्लेषण (प्रशासन, २०५४) विकास प्रशासन (२०५९), सार्वजनिक प्रशासन र सार्वजनिक कार्यको व्यवस्थापन (२०६१), अमेरिका यात्राका अनुभूतिहरू (यात्रासंस्मरण, २०६२), प्रशासनका नयाँ आयाम (प्रशासनसम्बन्धी, सहलेखन) । **सम्पादन/अनुवाद** : टुकी (मुखपत्र, २०३४), नेपाल द्वैमासिक (२०५४), पत्रकारिताको विकासक्रम (२०५५), नेपालमा पत्रकार आचारसंहिता (२०५६) आदि सम्पादन । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०५६), वीरेन्द्र ऐश्वर्य पदक (२०५८), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), राष्ट्रसेवा पदक (२०६१) । तन्नेरी प्रतिभा सम्मान, नेपाल सम्मान (एभरेष्ट फाउण्डेसन नेपाल, २०६१), दोभान प्रतिभा सम्मान (२०६१) । **हालको ठेगाना** : नयाँ वानेश्वर, काठमाडौँ । **फोन** : ४७८३३४८ ।

युवराज मैनाली

(कथाकार/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ चैत्र १०, कानपुर -१, काभ्रे । **माता/पिता** : रेवती मैनाली, केदारनाथ मैनाली । **शिक्षा** : एम.ए. (इतिहास) । **सेवा** : निजामती । **पहिलो रचना** : एउटा लास लम्किँदै छ सुनसान रातमा (कथा, तन्नेरी पत्रिका, २०३५) । **कृति/सृजना** : मुर्दा बोल्यो (कथासङ्ग्रह, २०३७), केही प्रतिभा : केही प्रवृत्ति (समालोचना, २०४२), भ्रष्टाचारको भाङ (व्यङ्ग्यनिबन्ध, २०६५), वालकृष्ण समको नाट्यकारिता (२०६९) । **हालको ठेगाना** : धुमवराही, काठमाडौँ । **फोन** : ४४२०३९१, ९८४१५२६६७० ।

युवराज शर्मा गौतम

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ भदौ २१, थोर्गा, गुल्मी । **माता/पिता** : कान्तिदेवी गौतम, जीवनाथ गौतम । **शिक्षा** : एम.ए. (नेपाली), बी.एल. । **सेवा** : निजामती सेवा (विशेष सचिव) । **पहिलो रचना** : नेपाली संस्कृतिका विशेषताहरू (लेख, हाम्रो संस्कृति पत्रिका, २०२७) । **कृति/सृजना** : नेपालमा चियाखेतीको विकास : एक विश्लेषणात्मक अध्ययन (२०४५), अभिवंश शतक (२०५९), तीर्थपर्यटन (२०६१), कालीगण्डकी (२०६२) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०३०) र तेस्रा (२०५७) । **हालको ठेगाना** : बबरमहल, थापाथली, काठमाडौँ । **फोन** : ४२३१३१७ ।

युवराजसिंह कार्की

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २००२ कात्तिक २३, फूलबारी-३, ओखलढुङ्गा । **माता/पिता :** विष्णुकुमारी, रत्नबहादुर कार्की । **शिक्षा :** एम.ए. (अर्थशास्त्र) । **सेवा :** अध्यापन, वैङ्किङ, लेखन, सम्पादन । **पहिलो रचना :** सम्झनाको एक झलक (कथा, नवरञ्जन, २०२८) । **कृति/सृजना :** विश्व परिचय (भाग-३ सम्म, २०३१), Nepal Almanac (अङ्ग्रेजी, इ. १९८३), सउना (२०५५), सउना वंशावली (२०५७) । **सम्पादन/अनुवाद :** नवरञ्जन (साहित्यिक पत्रिका, २०२८), परिचय (द्वैसाप्ताहिक समाचारपत्र, २०३९) । **पुरस्कार/सम्मान :** महाकवि देवकोटामा श्रद्धा सुमन शीर्षकका कवितामा पुरस्कृत (अमेरिका, इ २००९) । **हालको ठेगाना :** चाकुपाट, ललितपुर । **फोन :** ५५२२५५१ ।

येहाङ लावती (धनप्रसाद लावती)

(कवि, लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. २००३ भदौ २०, लुङफबुङ, पाँचथर । **माता/पिता :** बुधमोती ताम्लिङ, गम्भीरहाङ लावती । **कृति/सृजना :** आदिवासी लिम्बू जातिको सङ्क्षिप्त परिचय (२०६२), येहाङवतीले़न् नुवोःङ् साम्मिलाहा । **सम्पादन/अनुवाद :** लिम्बू-नेपाली-अङ्गेजी शब्दकोश - २०५९ । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), इमानसिंह चेम्जोङ साहित्य पुरस्कार (२०५९) । फक्ताङलुङ सांस्कृतिक समूह, काठमाडौँद्वारा अभिनन्दन (२०५३) । **फोन :** ०२१-५३३५४२ ।

योगनाथ ढुङ्गाना

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ भदौ, अर्थुङ्गे-५, म्याग्दी । **माता/पिता :** नन्दलक्ष्मी ढुङ्गाना, हरिप्रसाद ढुङ्गाना । **शिक्षा :** एस.एल.सी. । **सेवा :** अध्यापन । **पहिलो रचना :** प्राथमिक शिक्षा (लेख) । **कृति/सृजना :** बेनी बजार र देवस्थलहरू (कवितासङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान :** उत्कृष्ट सेवा पदक तथा प्रशंसापत्र (जि.शि.का., म्याग्दी, २०५५) । **हालको ठेगाना :** अर्थुङ्गे-५, म्याग्दी ।

योगमाया

(माध्यमिक कालीन)



जन्म/स्थान : वि.सं. १९२४ असार १७, मजुवा, भोजपुर । निधन : १९९८ असार ३१ । **माता/पिता :** चन्द्रकला न्यौपाने, श्रीलाल उपाध्याय । **शिक्षा :** साधारण । **सेवा :** अध्यात्म । शताब्दी नारी सम्मान (हिमाल पत्रिका, २०५७) । **कृति/सृजना :** सर्वार्थयोग वाणी (१९९६), योगमाया (२०५८), सत्यार्थ स्वर्गारोहण ।

योगराज पौडेल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ मङ्सिर २८, खैरेनीटार, तनहुँ । **माता/पिता :** इन्द्रकला पौडेल, डोलिरमण पौडेल । **शिक्षा :** एम.ए. (नेपाली), आचार्य, नव्यव्याकरण । **सेवा :** प्राध्यापन, निजामती (सहसचिवबाट निवृत्त) । **पहिलो रचना :** समपूर्वका नेपाली नाटक : केही टिपोट (गोरखापत्र, २०३०) । **कृति/सृजना :** नेपालमा विकेन्द्रित जिल्ला प्रशासन : एक विवेचना (२०४४), केही कृति : केही दृष्टि (२०६३) । **सम्पादन/अनुवाद :** विभिन्न साहित्यिक पुस्तक तथा पत्रपत्रिकाको सम्पादन । **पुरस्कार/सम्मान :** साहित्य सम्मेलनमा प्रथम पुरस्कार (काठमाडौँ, २०३१), महेन्द्र विद्याभूषण (२०३७) । विभिन्न निकाय तथा सङ्घसंस्थाबाट सम्मानित । **हालको ठेगाना :** शान्तिनगर, नयाँबानेश्वर, काठमाडौँ । **फोन :** ४४७४२०८ ।

योगवीर सिंह

(कवि, नेपाली भाषा)

जन्म/स्थान : ने.सं. १००६, केलटोल, काठमाडौँ । **निधन :** ने.सं. १०६२ । **माता/पिता :** लक्ष्मीनानी, चैत्यवीर सिंह ।

शिक्षा : संस्कृत । **सेवा :** भाषा सेवा । जोगमण्डलीका संस्थापक । **पहिलो रचना :** धर्मसार (कविता, ने.सं. १०४५) । **कृति/सृजना :** योगसुधा (कवितासङ्ग्रह, ने.सं. १०७१), (शकुन्तला नाटक अप्र.) ।

योगानन्दकुमार कर्ण 'गुड्डु गंगुली'

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०३० जेठ ५, गंगुली दक्षिणवारी टोल, धनुषा । **शिक्षा :** स्नातक । **सेवा :** नाट्यक्षेत्र, अभिनय । **पहिलो रचना :** २०४१ देखि नाटक मञ्चन अभिनय । **कृति/सृजना :** हमरो बुचिया स्कुल जे तै (नाटक, मैथिली, २०५९), चारओटा मैथिली टेलिशृङ्खला, रेडियो नाटक, डकुमेन्ट्रीमा चरित्र अभिनेता, पटक-पटक गरेर १५ ओटा सडक नाटक (२०५०-२०६१), २१ ओटा नाटकहरूमा अभिनय (२०४२-२०६१), हमपुजी घरवाली के (मैथिली गीति एल्बम, गायन/प्रकाशन, २०५८) । **हालको ठेगाना :** घोडघास -९, धनुषा (guddu_ganguli@yahoo.com) । **फोन :** ०४१-५२४९५१ ।

योगी नरहरिनाथ (बलवीरसिंह थापा)

(इतिहासअन्वेषक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७१ फागुन १७, कालीकोट । निधन : २०५९ फागुन ४ । **माता/पिता :** गौरीदेवी थापा, ललितसिंह थापा । **शिक्षा :** विद्यालङ्कार, शास्त्री । **सेवा :** धार्मिक, सामाजिक, साहित्य, इतिहास सेवा । **पहिलो रचना :** पृथ्वीनारायण शाहको दिव्योपदेश (कर्मवीर महामण्डल, मृगस्थली, काठमाडौँ, २००७) । **कृति/सृजना :** श्रीनाथाय नमो गुरुवे च: (संस्कृत, २००७), गोरखा वंशावली (इ.सं. १९५२), श्रीमद् पशुपति पुराण (इ.सं. १९५४), धनुर्वेद र हिमवत्खण्ड (इ.सं. १९५६), शान्तिचरितम् (संस्कृत, २०२५), श्री वागीश्वरी स्तुति (२०२६), हिन्दू राष्ट्रमा गाईको महिमा (२०३०), हाम्रो देशदर्शन (२०३२), देवता तीर्थमाला (२०३३), शिखरिणी यात्रा (काव्य, २०३८), आध्यात्मिक नेपाल एवं देवदेशों हिमालय (२०३८), मानवधर्म (२०३८), वैदिक सिद्धान्त (२०४४), जय गोर्खा (२०४५), वैदिक साम्यवाद (२०४८), जापान शव्दचित्रम् (२०५२), पशुपतिमहात्म्य, योगी नरहरिनाथ जीवन एवं कर्म, सन्धिपत्रसङ्ग्रह (भाग १-२), इतिहास प्रकाश (भाग १-४), गोरक्ष ग्रन्थमाला आदि । **सम्पादन/अनुवाद :** नाथवाणी (त्रैमासिक पत्रिका, १९९६) । *पुस्तकहरू* : श्री ५ वडामहाराजाधिराज पृथ्वीनाराण शाहको दिव्योपदेश (सङ्कलन, सम्पादन, १९९८), विवेक चिन्तामणि (२००५), गोर्खालीहरूको सैनिक इतिहास (२०११), नवनाथ चौरासी सिद्ध (२०१२), कवितानिकषोपल (सम्पादन, २०१३), रुद्राक्षारण्य महात्म्यम् (२०१५), हिमवत्खण्ड (२०१३) ग्राम सुधार योजना (२०१६), इतिहास प्रकाश (भाग १: २०१३), भाग २ : २०१३, भाग ३: २०२०), श्री मगर-गुरुङ वंशावली (२०२०), गोरखाबोध (२०२१), इतिहासप्रकाश सन्धिपत्रसङ्ग्रह (२०२१) आदि । अनुवाद : वैश्वानरपुराणम् (२०१२), मत्स्येन्द्र पद्यशतकम् (२०२६), उपमन्यूपाख्यान एवं उपमन्युकृत शिवस्तव (२०३२) । **पुरस्कार/सम्मान :** वेदनिधि पुरस्कार (२०४९), बलराम जोशी पुरस्कार (इ.सं. २०००) ।

योगी विकासानन्द (विकासमान श्रेष्ठ)

(दार्शनिक/लेखक, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : २०१९ साउन १, रक्तकाली, काठमाडौँ । **माता/पिता :** पूर्णदेवी, कृष्णमानसिंह श्रेष्ठ । **शिक्षा :** एम.डी. (ए.एम., वैकल्पिक चिकित्सा) । **सेवा :** रेकीदर्शन, मनोक्रान्ति तथा योगसाधक, चित्रकला । **पहिलो रचना :** तुतां (कविता, सुकुन्दा, ने.सं. ११०१) । **कृति/सृजना :** *दार्शनिककृति* : असम्भव भन्ने केही छैन, आफूलाई चिनौँ, बाँच्ने कला, बदले दृष्टिकोण : बदलिन्छ जीवन, वैदिक आदर्श : वर्णाश्रम, विज्ञानलाई चुनौती, विज्ञान र अध्यात्मदेखि पर, विचार क्रान्ति, दिशानिर्देश, इज्जतको रूपमा षड्यन्त्र, जीवनदर्शन, जीवन : समस्या र समाधान, जीवनको पूर्णता, जीवनरहस्य, जीवनसूत्र, मृत्युपछि के, मनोक्रान्ति के हो ?, मुक्तिको द्वार : उपेक्षा, सन्तुलित जीवन, तटस्थता अर्थात् सल्किने पानी । *स्वास्थ्य विषयक* : हरेक वर्ष नयाँ शरीर, मानसिक स्वास्थ्य, नयाँ स्वास्थ्य रहस्य तथा, स्वास्थ्यको सबभन्दा सरल उपाय, नाता : क्यान्सर र मनको, रेकी रहस्य । *धर्म विषयक* : अग्नि परीक्षा : स्वस्थानी

व्रतकथाको, बुद्धको अदालतमा बौद्धहरू, रामायण : एक अपरेसन, उपदेश बुद्धको : सन्दर्भ आजको । *जीवनीविषयक* : बाललीला, लेनिनको दर्शनदेखि लेनाको आलिङ्गनसम्म । *योगविषयक* : वैज्ञानिक मनोक्रान्ति योग । *शिक्षाविषयक* : सुपरलर्निङ -१ तथा शिक्षादेखि सावधान शिक्षामा मनोक्रान्ति शिक्षामा क्रान्ति, सुपरमेमोरी अर्थात् सुपरलर्लिङ -२ । *ध्यानविषयक* : मनोक्रान्ति (दिग्दर्शन, ध्यान एवं परिचय) । *मनोविज्ञानमा* : मनको विज्ञान, माइन्ड पावर, सपना, शक्ति विस्फोट । *राजनीतिविषक्य* : मनोक्रान्तिमुखी राजनीति, माओवाददेखि मनोक्रान्तिसम्म, नारी मुक्ति : एक नयाँ क्रान्ति, राजालाई पनि मनोक्रान्ति चाहिन्छ, राजनीति : एक समस्या : एक समाधान । *विविधमा* : अँध्यारोदेखि उज्यालोतिर, अध्यात्म, विज्ञान, राजनीति तथा मनोक्रान्ति, कुखुरी काँ ऽऽऽ, रजनीश : कति गलत कति ठीक ? । नेपालभाषामा : सर्वय् (कोश, ने.सं. ११०३) उखे स्व थुखे स्व थ:गु ख्वा: थम्हं स्व, (ने.सं. ११०५), अँखा, पासापिं (दर्शन, ने.सं. १००६) लगायत आठ दर्जनजति कृति । **सम्पादन/ अनुवाद** : पौभा: (पत्रिका), सगं (पत्रिका), बुलुमिं (पत्रिका) । **हालको ठेगाना** : योगा रेकी क्लिनिक सामाखुशी टाउनप्लानिङ, रानीवन, काठमाडौं (anandayaga@unlimit.com) । **फोन** : ४३६२६१७, २०९०११० ।

योगेन्द्र तिमल्सिना

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० साउन ८, चुङ्माङ, धनकुटा । **सेवा** : बैङ्किङ सेवा । **पहिलो रचना** : अपरिचित प्रेमिका र अल्पायु मृत्यु (कथा, बिहान पत्रिका) । **कृति/ सृजना** : पुनर्मिलन (उपन्यास, २०२४), फूल र काँडा (उपन्यास, २०३२), बैँसको निर्वासित सहर (कथासङ्ग्रह, २०३४), मुद्रा र बैंकिङको सिद्धान्त, सार्वजनिक वित्त, समकालीन आर्थिक प्रकरण । **सम्पादन/अनुवाद** : सकसक (सामयिक पत्रिका), पाइन (गोजी पत्रिका), सिर्जना (साहित्यिक मासिक), । **पुरस्कार/सम्मान** : विद्यार्थी अवस्थामा केही साहित्यिक पुरस्कारहरू र ने.रा.बै. बाट साहित्यिक विधामा दुई पटक पुरस्कृत । **हालको ठेगाना** : का.म.न.पा. वार्ड नं. २, लाजिम्पाट ।

योगेन्द्रनाथ अर्याल

(निबन्धकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ पुस १३, डिल्लीबजार, काठमाडौं । **माता/पिता** : कृष्णकुमारी, टीकानाथ अर्ज्याल । **शिक्षा** : एम.ए. (त्रि.वि.), बी.एल. । **सेवा** : पत्रकारिता, 'रूपरेखा' को संस्थापक सम्पादक (२०१७) । **पहिलो रचना** : गद्यरचना प्रकाशित (गोरखापत्र, २०१९) । **कृति/सृजना** : केही कथा केही निबन्ध (२०६३) । **सम्पादन/अनुवाद** : प्रतिध्वनि (साप्ताहिक), रूपरेखा (मासिक) । **हालको ठेगाना** : थापागाउँ, काठमाडौं । **फोन** : ४४९१३९९ ।

योगेन्द्रप्रसाद यादव

(भाषाशास्त्री)

जन्म/स्थान : इ.सं. १९४६ अक्टुबर २०, नहरनियाँ, सिरहा । **माता/पिता** : संझावती यादव, मिश्रीलाल यादव । **शिक्षा** : विद्यावारिधि (भाषाविज्ञान) । **सेवा** : प्राध्यापन । शान्तिदूत सम्मान (२०६३) । **पहिलो रचना** : एस्पेक्ट इन मैथिली (अकेजनल पेपर इन लिङ्ग्विस्टिक्स, इ.सं. १९८०) । **कृति/सृजना** : Issues in Maithili Syntax : A GB Approach (Germany, 1998), Linguistics : a basic Course (2000), Bhashavigyan (2001), Theories of Grammer (2003), Contempory Issues in Nepalese Linguistics । **सम्पादन/अनुवाद** : Lexicography in Nepal (co-edited, 1998), Readings in Maithili Language, Literature and Culture (1999), Topics in Nepalese Linguistics (1999) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' । **हालको ठेगाना** : नवराजपुर -४, सिरहा /कीर्तिपुर, काठमाडौं (ypyadava@gmail.com) । **फोन** : ४३३१२१०, ९८४१३९९७४८ ।

योगेश खपाङ्गी

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०३५ वैशाख १३, अर्जुनधारा-२, झापा । **माता/पिता** : राधा खपाङ्गी, भक्त खपाङ्गी । **शिक्षा** : स्नातक (समाजशास्त्र) । **सेवा** : पत्रकारिता, कार्टुनकला, चित्रकारिता । **पहिलो रचना** : कार्टुन (पूर्वाञ्चल दैनिक, बिर्तामोड, झापा, २०५१) । **कृति/सृजना** : पूर्वाञ्चल दैनिक,

नयाँ सडक दैनिक, स्पेसटाइम दैनिक, गोरखापत्र दैनिक, द राइजिङ नेपाल, युवामञ्च, मधुपर्क आदि पत्रिकाहरूमा कार्टुनकला तथा अन्य थुप्रै चित्रकला प्रकाशित । विभिन्न पत्रपत्रिका तथा साहित्यिक पुस्तकहरूको आवरण बनाएको । थुप्रै पाठ्यसामग्रीहरूमा चित्राङ्कन । **सम्पादन/अनुवाद :** हाम्रो आवाज (साप्ताहिक, कार्यकारी सम्पादक तथा कार्टुनिस्ट, २०५३), हाम्रो सुरुचि (साप्ताहिक, कार्यकारी सम्पादक तथा कार्टुनिस्ट, २०५८), छुनामुना (बालपत्रिका, सम्पादन तथा कला, २०६३) । **पुरस्कार/सम्मान :** वर्षका उत्कृष्ट पुरस्कार (२०६२), वातावरण र हाम्रो पृथ्वी (चित्रकलामा प्रथम) आदि । **हालको ठेगाना :** सामाखुसी, काठमाडौँ / झापा (yogeshkhapangi@hotmail.com) । **फोन :** ०१-२१६०८४८, ९८४१२९१९७५ ।

योगेश वैद्य

(गायक)

जन्म/स्थान : वि.सं. २००३ साउन नागपञ्चमी, नरदेवी, काठमाडौँ । **माता/पिता :** रुक्मिणी वैद्य, इन्दिरानन्द वैद्य । **शिक्षा :** एम.एस्सी. (वनस्पतिशास्त्र, त्रि.वि.), पी.जी. (खाद्यविज्ञान र पोषण तत्त्व) । **सेवा :** खाद्य अनुसन्धान अधिकृत । **पहिलो रचना :** कति प्यासी छ जिन्दगी (नेवारी गीत, इ.सं. १९६८) । **कृति/सृजना :** क्यारोटिन रिच फूड क्रप्स अफ नेपाल (इ.सं. १९९१), इन पावरिङ भिटामिन ए (सहलेखन, इ.सं. १९९३), एक्लो मान एक्लो लगान (गीति एल्बम, सी.डी.), अनुभूति, लगायत सातओटा गीति एल्बम भरिएको प्रसारण गरिएको । **पुरस्कार/सम्मान :** आधुनिक सङ्गीत सम्मेलनमा द्वितीय (२०२६), राष्ट्रिय गीत सम्मेलनमा प्रथम (२०२८), छिन्नलता गीत पुरस्कार (इ.सं. १९९६), विख्यात त्रिशक्तिपट्ट (२०६२) । **हालको ठेगाना :** त्रिपुरेश्वर, काठमाडौँ । **फोन :** ४२४४९७२ ।

रङ्गराव कादम्बरी

(सङ्गीतज्ञ)

जन्म/स्थान : इ.सं. १७ अप्रिल, १९२३, आन्द्र प्रदेश, तेनाली, भारत । **निधन :** १९६५ । **माता/पिता :** जानकीदेवी कादम्बरी, वेकटाचेलम कादम्बरी । **शिक्षा :** सङ्गीत विशारद (कलकत्ता) । **सेवा :** सङ्गीत (सङ्गीत शिक्षक, भातखण्डे सङ्गीत विद्यापीठ, लखनउ (२००४-१४), कलानिधि सङ्गीत महाविद्यालय नेपाल (२०२० - २०३८), रत्नराज्यलक्ष्मी कलेज, प्रदर्शनीमार्ग, काठमाडौँ (२०२२ - २०३०), पद्मकन्या कलेज, बागबजार, काठमाडौँ (२०३१ -२०३८) गायन । **कृति/सृजना :** नेपालका धेरै अञ्चलको भ्रमण गरी लोकसङ्गीतहरूको सङ्कलन र सोको नोटेसन गरेको । **पुरस्कार/सम्मान :** उस्ताद । **सम्पर्क ठेगाना :** मरु अट्कोनारायण स्थान, काठमाडौँ । **फोन :** ४२६०८९४, ४२६९२४४ ।

रघु घिमिरे

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र २२, ढुङ्गेछाप, सालु रामेछाप । **माता/पिता :** शारदादेवी घिमिरे, सोमनाथ घिमिरे । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** बाँझी आमा (कविता, भानु उदय वार्षिक पत्रिका, २०२१) । **कृति/सृजना :** सृजना र दृष्टि (समालोचनासङ्ग्रह, २०५१), राम्रो म (आत्मपरक निबन्धसङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद :** रचना (द्वैमासिक), स्वर्णद्वार (वार्षिक), उन्मेष (वार्षिक पत्रिका) । **पुरस्कार/सम्मान :** त्रि.वि. सेवा पदक (२०५९), पिपुल्स क्याम्पस पदक (२०६३) । **हालको ठेगाना :** घिमिरे निवास १२३ लामोढुङ्गा मार्ग, हाँडीगाउँ, काठमाडौँ । **फोन :** ४४१७२०९ ।

रघुनाथ अधिकारी 'नीलमशेखर'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ जेठ १४, तम्फुला-६, खाल्ले, तेह्रथुम । **माता/पिता :** चन्द्रावता अधिकारी, लक्ष्मीनारायण अधिकारी । **शिक्षा :** स्नातकोत्तर (मानवशास्त्र) । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** सामाजिक अध्ययन (सहलेखन, २०५४), मानववाद (सहलेखन,

२०६८), नेपाल जातीय आन्दोलन : आरक्षण, स्वशासन र सङ्घीय राज्य (२०५७), नेपालका अधिकारी (२०६७), जीवनका अनुभूतिहरू (कवितासङ्ग्रह, २०६७), वागमतीदेखि ब्रह्मपुत्रसम्म (यात्रासंस्मरण, २०६८), मानव जाति : अतिवाद र सहअस्तित्व (२०६९) । **सम्पादन/अनुवाद** : मोरङ एक परिचय (२०५४), अधिकारी वंश इतिहास (२०६७) । **हालको ठेगाना** : पुलचोक, ललितपुर /अमरदह-८, मोरङ । **फोन** : ९८४१४५०१६६, ५५५१९६२

रघुनाथ पोखरेल 'भट्ट'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८६८, गल्फुबेँसी, तनहुँ (निधन: १९१८, वनारस) । **माता/पिता** : अनुसन्धेय । **शिक्षा** : संस्कृत । **सेवा** : सरकारी नोकरी (राजेन्द्रविक्रम शाहका दरबारी पण्डित) । **कृति/सृजना** : रामायण सुन्दर काण्ड (१९४५) ।

रघु पन्त

(लेखक/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ फागुन, लगनटोल, काठमाडौँ । **माता/पिता** : मिनकुमारी पन्त, ओमकारनाथ पन्त । **शिक्षा** : एस.एल.सी. । **सेवा** : राजनीति, पत्रकारिता । **पहिलो रचना** : नौली पत्रिकामा कविता प्रकाशित (२०३२) । **कृति/सृजना** : केही निबन्ध : केही समीक्षा । **सम्पादन/अनुवाद** : झिसमिसे (साहित्यिक त्रैमासिक), युगदूत, युगधारा (साप्ताहिक), दृष्टि (साप्ताहिक), छलफल (साप्ताहिक), बुधबार (साप्ताहिक) आदि । **हालको ठेगाना** : बिजेश्वरी, काठमाडौँ । **फोन** : ४२७२६७५, ९८४१३४६२४६ ।

रञ्जुश्री पराजुली

(बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४८ डिसेम्बर १, काल्धारा, काठमाडौँ । **माता/पिता** : सुशीला भट्टराई, ठाकुरनाथ भट्टराई । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : दस थुँगा फूल (बालकथासङ्ग्रह, २०३९) । **कृति/सृजना** : बालकथासङ्ग्रह : दस थुँगा फूल (२०३९), सबै आमाका सन्तान (२०४८), म बिरामी छैन (२०५३), अन्धविश्वास (२०५४), भुण्टी बाघ (इ.सं. १९९८), कृतिविमोचना (समालोचनासङ्ग्रह, २०५६), चिम्बु र घडी (२०६०), कथावाटिका (२०६१) । विदेशमा बिताएका केही वर्ष (यात्रा संस्मरण, २०४९), कृति विवेचना (समालोचनासङ्ग्रह, २०५६), हरियाली (बाल उपन्यास, २०५८) । **पुरस्कार/सम्मान** : बालसाहित्यलेखनमा नगद पुरस्कार (समाजकल्याण मन्त्रालय, २०५५), शिवप्रसाद उन्नयन पुरस्कार (२०५७), बालसाहित्यतर्फको साझा पुरस्कार (२०५७) लगायत केही साहित्यिक प्रतियोगिताहरूमा पुरस्कार । **हालको ठेगाना** : पराजुली निवास, बाँसबारी, काठमाडौँ (rsparajuli@hotmail.com) । **फोन** : ४३७१९४१ ।

रणप्रसाद घर्तीमगर

(लेखक, मगर भाषा)

जन्म/स्थान : वि.सं. २००७ भदौ १४, तकसेरा-५ रुकुम । **माता/पिता** : देवजीता घर्तीमगर, परशुराम घर्तीमगर । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, निर्देशन (डकुमेन्टरी) । **पहिलो रचना** : वंशावली (२०२८ मा रचना) । **कृति/सृजना** : वंशावली (खाम मगर वंशावली, २०६२), मगरको सामाजिक संस्कार र नाता सम्बन्ध (२०६२), खाम अङ्ग्रेजी शब्दकोश (२०६२), खाम नेपाली शब्दकोश (२०६२), खाम मगर भाषा कसरी बोल्ने ? (२०६२), खाम मगर दन्त्य कथा (२०६२), चेपाङ्गको परिचय (२०६२), ऊ सम्झन्छ (कवितासङ्ग्रह, २०६२), मगरको राजनीति परिचय (२०६२), एन एन्ट्रोडक्सन अफ मगर पोलिसी (अङ्ग्रेजीभाषा, २०६२), टिच योरसेल्फ खाम (अङ्ग्रेजीभाषा, २०६२), खाम मगर लेजेण्ड (अङ्ग्रेजीभाषा, २०६२), बेसिक स्टडी (अङ्ग्रेजीभाषा, २०६२), खाम मगर भाषाको रूप व्याकरण (२०६८) । **सम्पादन/अनुवाद** : खाम मगर दन्त्यकथा (नेपाली अनुवाद, २०६२) । **हालको ठेगाना** : गोङ्गबु-९, काठमाडौँ (rupabudha@hotmail.com)। **फोन** : ९८०३४०५७५२, ४३६६०४८ ।

रणबहादुर मेन्याङ्बो

(कवि, लिम्बू भाषा)

जन्म/स्थान : वि.सं. २००३ मङ्सिर, ११, थेचम्बू, ताप्लेजुङ । **माता/पिता** : मनरानी मादेन, लाखश्वर मेन्याङ्बो । **कृति/सृजना** : तागेरा निङवाफु इङघङ् (२०२१), थोक्ला

(२०३०), किरात याक्थुङ् साम्लो (२०४८), किरात याक्थुङ् साप्सक साक्फाथिक (२०५०), बलिहाङ् तङनाम (२०५४), किरात येहाङ् साम्जिक मुन्धुम (२०५७), आनीपान (कक्षा १ देखि ५ सम्म सहलेखन, २०५४ देखि २०५८)।

रणेन्द्र बराली 'पीडित'

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २००८ साउन २, शिवपुर-६, तनहुँ । **माता/पिता** : अमृता, झिमलाल बराली । **शिक्षा** : आई.ए. । **कृति/सृजना** : नेपालमा दलित सङ्घर्ष र केही योद्धाहरूको परिचय (२०३८), आफ्नै व्यथा (नाटक), भगत सर्वजितको जीवनी, इतिहासको एक पैका (उपन्यास), चीनको कोसेली (यात्रासंस्मरण) । **हालको ठेगाना** : भ.न.पा.- ३, चितवन/नयाँ नैकाप, काठमाडौँ । **फोन** : ०१४३१२१७१/९८५५०५५७०३ ।

रतनकुमार राई

(चित्रकार)



जन्म/स्थान : इ.सं. १९४७ फेब्रुअरी १२, दिल्पा, भोजपुर । **माता/पिता** : लालमती राई, चन्द्रबहादुर राई । **शिक्षा** : एम.ए. (ललितकला) । **सेवा** : अध्यापन, चित्रकारिता । **पहिलो रचना** : करुणामय (चित्रपुस्तक, ई .१९७९, ललितपुरमा १२ वर्षे रातो मच्छिन्द्रनाथको रथजात्रालाई लिएर चित्राङ्कन गरिएको प्रशासन, काठमाडौँ) । **कृति/सृजना** : फेष्टिभल अफ् नेपाल (रेखाचित्रहरूको सङ्ग्रह, इ.सं. १९८२), एलोन द काली गण्डकी, द एन्सियन्ट साल्ट रूट (इ.सं. १९८४, चित्रावली), पोखरादेखि मुक्तिनाथसम्म (इ.सं. १९८५), द थकालिज, बोनकर एण्ड लामाइष्ट मोनस्ट्रिज एलोन द काली गण्डकी (इ.सं. १९९४) । **सम्पादन/अनुवाद** : हिमालयन कल्चर (चौमासिक पत्रिका) । **हालको ठेगाना** : पो.ब.नं. २१५०, काठमाडौँ (ratankrai@yahoo.com) । **फोन** : ४४३६८४० ।

रत्नकमल वैद्य

(लेखक, नेपाली/अङ्ग्रेजीभाषा)

जन्म/स्थान : १ मार्च १९४२, असन, काठमाडौँ । **माता/पिता** : तुलसीमाया, तीर्थमानन्द वैद्य । **शिक्षा** : एम.ए., विद्यावारिधि (जनप्रशासन, लखनउ), मानार्थ विद्यावारिधि (वैकल्पिक चिकित्सा, सिलोन) । **सेवा** : प्राध्यापन, बैङ्किङ सेवा । **पहिलो रचना** : विश्वका प्रमुख वादहरू (पुस्तक २०२८) । **कृति/सृजना** : सार्वजनिक प्रशासनका सिद्धान्त (२०२८), विश्वका प्रमुख संविधान (२०२९), मेजर इजम अफ द वर्ल्ड, नेपालीज् पोल्टिक्स एण्ड गभर्नमेन्ट, एशियन ग्रीक एण्ड वेस्टर्न पोलिटिकल थट (२०३३), नेपाल इन पोलिटिकल क्राइसिस (इ.सं.२००१), इमर्जिङ पोलिटिकल सिनारियो इन नेपाललगायत २२ पुस्तकहरू प्रकाशित । **सम्पादन/अनुवाद** : विश्वभूमि (इ.सं. १९८१), बिहीबार (इ.सं. १९८८), आस्था (मासिक) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), महेन्द्र विद्याभूषण पदक (इ.सं. १९८३), स्वर्ण पदक (इ.सं. १९९६), विशिष्ट सेवा पदक (इ.सं. १९९८) । महेन्द्र विद्वद्वृत्ति । **हालको ठेगाना** : असन, काठमाडौँ । **फोन** : ४२२५७८८ ।

रत्नकाजी वज्राचार्य (रत्न गुर्जु)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९० माघ १०, सबल बहाल, वटु, काठमाडौँ । निधन : २०५६ कार्तिक ९, काठमाडौँ । **माता/पिता** : सानुमैया वज्राचार्य, मोतीरत्न वज्राचार्य । **शिक्षा** : संस्कृत, एघार पास । **सेवा** : चर्या नृत्य, ने.रा.प्र.प्र. । **पहिलो रचना** : नेपाल जनजीवन क्रियापद्धति (संयुक्त, संस्कृत नेपालभाषा, २०१९) । **कृति/सृजना** : झीगु संस्कृतिया ब्वधासा (२०३९), नेपाःदेया बिहारया ताःचा (२०३९) (नेपालभाषामा), Buddhish Ritual Dance (इ.सं. १९८६, अङ्ग्रेजी भाषामा), नेवा : संस्कार संस्कृतिया ताःचा (नेपालभाषामा, २०४६), बलिपूजाया यथार्थता (नेपालभाषामा, २०५०), गुंला धर्म (नेपालभाषामा, २०५६), यँ देया चैत्यमा विवरणात्मक अध्ययन (नेपालभाषामा, २०५६) । **सम्पादन/अनुवाद** : नेपाल जनजीवन क्रियापद्धति (२०१९), यँदेया बौद्ध पूजाक्रियाया हलंज्वलं

(२०३६), धीमति अवदान (२०४१), स्ये पुच: (२०४१), विमलावति अवदान (२०४४), कलशार्चन पूजाविधि (२०४५), अमोघपास लोश्वरया सङ्क्षिप्त बुखँ (२०५१), मोक्षगां उत्पत्तिया वाखं (२०५२), चचा-मुना हापांगु ब्व (२०५३), निपु अवदान (२०५३), मङ्गलाष्टव (२०५४), चचा-मुना निगूगु ब्व (२०५६), सप्तविधानुसार पूजाविधि (२०५७), नेवा: संस्कार संस्कृतिया जात: (२०६१)। । **पुरस्कार/सम्मान :** लोटस रिसर्च सेन्टरबाट नगद पुरस्कार (२०५६), 'पण्डित' पदवी प्राप्त । पशुपति क्षेत्र विकास सञ्चालन परिषद्, कलानिधि इन्दिरा सङ्गीत महाविद्यालय, आदिबुद्ध दिपङ्कर भगवान् जीर्णोद्धार समिति आदिबाट अभिनन्दन । **सम्पर्क ठेगाना :** स्वयम्भू, डल्लु, काठमाडौँ पो.ब.नं. १०९९६ । **फोन :** ४२७६७७३ ।

रत्नकाजी शाक्य

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०१८ मङ्सिर, असन, काठमाडौँ । **माता/पिता :** मिश्री शाक्य, आनन्दरत्न शाक्य । **शिक्षा :** बी.एफ.ए. । **सेवा :** चित्रकला । **कृति/सृजना :** चारपटक एकल कला प्रदर्शनी, देश विदेशमा अरू थुप्रै सामूहिक कला प्रदर्शनीहरूमा भाग लिएको । नेपालको राष्ट्रिय कला सङ्ग्रहालय, मन्दिर, गुम्बज र विहारहरूमा मूर्तिहरू सङ्गृहीत । नेपाललगायत भारत, जर्मन, अमेरिका, बेल्जियम, ब्रिटेनमा मूर्तिहरू सङ्गृहीत । **पुरस्कार/सम्मान :** वि.सं. २०४० देखि २०५९ सम्म दृश्यचित्र, व्यङ्ग्यचित्र, चित्रकला आदि विषयमा भएका प्रतियोगिताहरूमा सात पटक पुरस्कृत, विशेष पुरस्कार (चित्रकला प्रतियोगिता, २०४९) । **हालको ठेगाना :** १२ /४१५ असन, काठमाडौँ । **फोन :** ४२२८८१० ।

रत्न कोजू

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४, कात्तिक ८, यालाछेँ टोल, ब्यासी, भक्तपुर । **माता/पिता :** ज्ञानमाया कोजू, रत्नभक्त कोजू । **शिक्षा :** स्नातकोत्तर (इतिहास) । **सेवा :** व्यापारिक । **पहिलो रचना :** एउटा चित्र (कथा, २०३१) । **कृति/सृजना :** बूढो वर्तमान (कथासङ्ग्रह, २०३९) । **सम्पादन/अनुवाद :** आरोहण (साहित्यिक त्रैमासिक, २०३६) । **हालको ठेगाना :** यालाछेंटोल, ब्यासी, भक्तपुर । **फोन :** ६६१२३१४ ।

रत्नदास प्रकाश

(गायक)

जन्म/स्थान : वि.सं. १९७० माघ कृष्णअष्टमी, लाजिम्पाट, काठमाडौँ । **निधन :** २०४९ कात्तिक ९ । **माता/पिता :** हीरामाया खड्गी, भवानीदास खड्गी । **शिक्षा :** साधारण । **सेवा :** सङ्गीतसाधना, २००८ सालमा रेडियो नेपालको कलाकार, जुद्धशमशेरको तालिमे । **कृति/सृजना :** रेडियो नेपालमा ४० गीतहरूको रेकर्ड रहेको । **सम्पादन/अनुवाद :** रथयात्रा - २०२८) । **पुरस्कार/सम्मान :** 'मास्टर', इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०२८), प्राज्ञ (ने.रा.प्र.प्र.) ।

रत्नदेव शर्मा पौडेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८० माघ ७, चरिकोट, दोलखा । **निधन :** २०६३ वैशाख १५ । **माता/पिता :** पूर्णकुमारी, जयदेव शर्मा पौडेल । **शिक्षा :** शास्त्री । **सेवा :** सामाजिक सेवा । **पहिलो रचना :** उद्योग पत्रिकामा वि.सं. २००४ सालमा कविता प्रकाशित । **कृति/सृजना :** नौली (खण्डकाव्य, २०११), नौली र अरू कविता (कवितासङ्ग्रह, २०२७), हिमशिखा (कवितासङ्ग्रह, २०२८), ज्यूँदो आँखाबाट (कलाकाव्य, २०३५), रत्नदेव शर्माका कृतिहरू (२०६२) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव - तृतीय (२०२२) । लेखनाथ साहित्य प्रतिष्ठान, पोखरा, कास्कीबाट अभिनन्दन (२०५६) । **सम्पर्क ठेगाना :** लैनचौर, काठमाडौँ । **फोन :** ४४४३२८५ / ४४२१६४२ ।

रत्नध्वज जोशी

(साहित्यकार/समालोचक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९७३ साउन ३, न्हुबहाल, ललितपुर । **निधन :** २०४६ साउन २९, ललितपुर । **माता/पिता :**

रत्नमाया जोशी, इन्द्रध्वज जोशी । **शिक्षा :** स्वाध्याय, संस्कृत । **सेवा :** अध्यापन, पत्रकारिता । **पहिलो रचना :** वसन्तगौरव (कविता, शारदा, १९९६) । **कृति/सृजना :** मानसालङ्कार (समालोचना, २००२), हाम्रो काव्य परम्परामा उसैको लागि (समालोचना, २०१९), आधुनिक नेपाली साहित्यको झलक (समालोचना, २०२१), साहित्य समीक्षा (समीक्षा, २०२५), नेपाली कथाको कथा (समालोचना, २०२५), साहित्य चिन्तन (समालोचना, २०३२), साहित्यको अध्ययन (समालोचना, २०३३), ऋतु विचार र लेखनाथ (समालोचना, २०३६), साहित्य विमर्श (समालोचना, २०४४), नेपाली नाटकको इतिहास (समालोचना), नारदमोह (खण्डकाव्य, ने.सं.१०६९), निबन्ध (छपुचः - ने.सं. १०७०, निपुचः -ने.सं. १०७८, स्वपुचः - ने.सं. १०९९), लिसः (समालोचना, ने.सं. १०९९), आरती (निबन्ध, ने.सं. ११०७) । **सम्पादन/अनुवाद :** बाखं पुचः (ने.सं. १०७०), साहित्यया सुलचँ (समालोचना, ने.सं.१०७२) । **हालको ठेगाना :** नागबहाल, ललितपुर । **फोन :** ५५३३३९९ ।

रत्ननिधि रेग्मी (रक्तबीज, गडस्मिथ, बारुद शर्मा, विवेक शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ भदौ १२, बाना -७, खप्टुवा, सङ्खुवासभा । **माता/पिता :** कुन्तमाया रेग्मी, कुलप्रसाद उपाध्याय रेग्मी । **शिक्षा :** स्वाध्याय । **सेवा :** ज्योतिर्विज्ञान, साहित्य, पत्रकारिता । **पहिलो रचना :** भरिया (कविता, परोपकार वार्षिक मुखपत्र, २०३५) । **कृति/ सृजना :** आन्दोलन कविता भाग १ र २ (२०४७), माटोको कथा : मुटुको व्यथा (कविता, २०४८), कविताकुसुम (कवितासङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान :** दिङ्ला भोजपुरमा अन्तर मा.वि. कवि गोष्ठीमा प्रथम (२०३१), शहीद दिवसमा आयोजित कवि गोष्ठीमा (टङ्कार समूह) प्रथम (२०४३), प्रतिभा प्रवाहको कवि सम्मेलनमा प्रथम (२०४७), भूपालमान युवा साहित्य पुरस्कार (२०५६) आदि थुप्रै । इन्हुरेड इन्टर नेशनल सम्मान (२०४९), काठमाडौं महानगरपालिकाद्वारा सम्मान (२०५१) राष्ट्रिय ज्योतिष विज्ञान समिति काठमाडौंद्वारा सम्मान (२०५८) । **हालको ठेगाना :** poetshukracharya@yahoo.com । **फोन :** ९८४१२८४६३८ ।

रत्न प्रजापति

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ चैत्र १, लोकन्थली, भक्तपुर । **माता/पिता :** चन्द्रमाया प्रजापति, बुद्धिबहादुर प्रजापति । **शिक्षा :** एम.ए. (समाजशास्त्र) । **सेवा :** शिक्षा सेवा । **पहिलो रचना :** नेपाल (कविता, गोरखापत्र, २०४० साउन १४) । **कृति/सृजना :** बिसञ्चो (कथासङ्ग्रह, २०६१), मधुमास (गजलसङ्ग्रह, २०६२), मनको तरङ्ग (गीतसङ्ग्रह, २०६५), जूनकीरी र झ्याउँकीरी (बालकथासङ्ग्रह, २०६८), गौरी र मौरी (बालकथासङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** आकाश (त्रैमासिक), वन्दना (त्रैमासिक), अनावरण (सामयिक सङ्कलन) । **पुरस्कार/सम्मान :** राष्ट्रिय स्तरका निवन्ध प्रतियोगिताहरूमा प्रथम पुरस्कार । गजलश्री सम्मान (२०६०), प्रजापति समाज नेपाल सम्मान (२०६२) । **हालको ठेगाना :** लोकन्थली, भक्तपुर (ratna.prajapati@gmail.com) । **फोन :** ६६३१७३२, ९८४१३३५०१२ ।

रत्नबहादुर गुरुङ

(लेखक, गुरुङभाषा)

जन्म/स्थान : वि.सं. २००२ चैत ९, पञ्चमूल -४, स्याङ्जा । **माता/पिता :** खगेश्वरी गुरुङ, कर्णबहादुर गुरुङ । **शिक्षा :** स्नातक । **सेवा :** शिक्षण । **पहिलो रचना :** प्रकाशक (वोई गीतिकाव्य, २०३३) । **कृति/सृजना :** तमु : क्युई लुले (गुरुङभाषा सिकौं), २०५८), तमु क्योए (गुरुङभाणा, कक्षा १-५, २०५९-२०६३), तमू ल्हुताँ (गुरुङ संस्कृति, २०६५), खेप्हि मिथों (शिक्षा दियालो, २०६८) गुरुङसंस्कृतिमा आधारित चलचित्र 'च्यागी' को कथालेखन । **सम्पादन/अनुवाद :** गुरुङ-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०५९), तमू क्युई पोंब्लुबै छ्युई (२०६५), तमू (वार्षिक मुखपत्र, २०६०) । सामाजिक, गणित र विज्ञान (कक्षा १-२), को गुरुङ भाषामा अनुवाद, २०६३) । **हालको ठेगाना :** थसिखेल, ललितपुर (tamu_ratna@hotmail.com) । **फोन :** ५५४५१३८, ९८४१२२६४७४ ।

रत्नबहादुर चित्रकार

(चित्रकार)

जन्म/स्थान : वि.सं. १९९७, काठमाडौँ । **शिक्षा** : चित्रकला अध्ययन (कलकत्ता) । **सेवा** : चित्रकारिता । **पहिलो रचना** : बिटिङ्ग द राइस (चित्रवृत्ति, २०२२) । **कृति/सृजना** : वि.सं. २०२२ देखि २०३१ सम्म राष्ट्रिय कला प्रदर्शनीमा पटकपटक भाग लिएको । १२ इन्च उचाइको जुद्धशमशेरको शिकारी पोट्रेट निर्माण ।

रत्नबहादुर वज्राचार्य

(चित्रकार)

जन्म/स्थान : वि.सं. २००२ माघ, गाबहाल, ललितपुर । **माता/पिता** : बेटीमाया वज्राचार्य, भाजुरत्न वज्राचार्य । **शिक्षा** : आई.ए. । **सेवा** : शिक्षा सेवा, चित्रकला । **पहिलो रचना** : २०२२ सालदेखि चित्रकलामा काम गर्न थालेको । **कृति/सृजना** : डिजाइनरको रूपमा काम गरेको (ज.शि.सा.के.लि. बाट प्रकाशित हुने विभिन्न पाठ्यपुस्तकहरूमा चित्र बनाएको, थुप्रै पुस्तकमा डिजाइनको कार्य, विभिन्न चित्रकला प्रदर्शनीमा सहभागी । **पुरस्कार/सम्मान** : चित्रकला, पोस्टर, लोगो डिजाइन आदिमा पुरस्कृत । **हालको ठेगाना** : गाबहाल, ललितपुर । **फोन** : ५५३४६४१ ।

रत्नमणि नेपाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ जेठ २०, कोट -४, भोजपुर । **माता/पिता** : सीतादेवी नेपाल, गणेशप्रसाद नेपाल । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : भानुचोकमा नव वर्ष आएछ (कविता, ब्लाष्ट दैनिक, २०५४) । **कृति/सृजना** : कथाइन्द्रेनी (कथासङ्ग्रह, २०५८), लीलाधारणा र कथाहरू (२०६४) । **सम्पादन/अनुवाद** : लीलादृष्टि (२०५६), वर्तमान (लीलाविचार प्रधान, साहित्यिक त्रैमासिक, २०५४) । **पुरस्कार/सम्मान** : वर्ष लेखक पुरस्कार (झापा, २०५७) । जुही कथा सम्मान (२०५६), स्रष्टा पुरस्कार (सिक्किम भारत, सन् २००८) । **हालको ठेगाना** : चन्द्रगढी-८, झापा /बल्खु, कीर्तिपुर (nepalratnamani@hotmail.com) । **फोन** : ०२३-४५६४३६, ९८४१४६४१०३, ०१-४३३०७२८ ।

रत्नराज शाक्य

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९९४, ओकुबहाल, ज्याठा, ललितपुर । **माता/पिता** : मानकुमारी, चैत्यराज शाक्य । **शिक्षा** : स्वाध्याय । **सेवा** : मूर्तिकला । **पहिलो रचना** : धातुकलामा ६१ वर्ष अघिदेखि संलग्न रहिआएको । **कृति/सृजना** : बुद्धको मूर्ति (२०१३), सहस्रभुज लोकेश्वर (५०० थान, २०३३ देखि), सहस्र भुज लोकेश्वर (२०६१), ठूलो घण्टा (३ टन काँस) यसका साथै तारा, वसुन्धरा, खेचरी ?, भैरव, दिपङ्कर, लोकेश्वर बुद्ध आदिको मूर्ति निर्माण । नेपाललगायत जापान, भारत, अमेरिका, बेलायत । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (पाटन औद्योगिक मेला, २०३५, नाफा, २०४१, घरेलु हस्तकला प्रर्दशनी, २०४२)) । **हालको ठेगाना** : ओकुबहाल, ज्याठा, ललितपुर । **फोन** : ५५२१३७५ ।

रत्नशमशेर थापा

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९६ साउन १६, कमलपोखरी, काठमाडौँ । **माता/पिता** : तुलाकुमारी थापा, तीर्थशमशेर थापा । **शिक्षा** : एम.ए.(अङ्ग्रेजी) । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : ओभानो सिउँदो (गीतसङ्ग्रह, २०२०) । **कृति/सृजना** : रुझेको परेला (गीतसङ्ग्रह, २०२५), चकलाभरिको घाम (कवितासङ्ग्रह,२०३६), ताराका काँचा रङ्ग (कवितासङ्ग्रह, २०६०) । गीति एल्बम : दोभान, अतीत सम्झिँदै (इ.सं. १९८५), जीवनका लहरहरू (२०५३) । **सम्पादन/अनुवाद** : भिरालो (हस्तलिखित पत्रिका, २०११) । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (गायन, नेपाल

राष्ट्रिय पुस्तकालय, २०१७), छिन्नलता गीत पुरस्कार (२०४०), हरिहर शास्त्री तथा सावित्रीदेवी काव्य पुरस्कार (२०५०), प्रवल गोरखा दक्षिणवाहु (२०५५), मुक्ति पुरस्कार (सीताराम प्रज्ञा प्रतिष्ठान, २०५७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७) लाइफ टाइम एचिभमेन्ट अवार्ड (हिट्स एफ.एम. २०६१), शिक्षा मन्त्रालयबाट दुई पटक नगद पुरस्कार, युगकवि सिद्धिचरण पुरस्कार (२०५८) आदि । रेडियो नेपालबाट कदर (२०५३), साधना सम्मान (२०५३), मधुपर्क सम्मान .२०६०), नेपाल साङ्गीतिक सङ्घ सम्मान (२०६०), युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानद्वारा सम्मान (२०५६), नेपाल सम्मान (सगरमाथा प्रतिष्ठान नेपाल, २०५७), ब्राइटर सम्मान (२०५८) आदि । **हालको ठेगाना :** कमलपोखरी, काठमाडौं। **फोन :** ४४४५४८८ ।

रत्नाकर देवकोटा

(लोकसाहित्य अन्वेषक)

जन्म/स्थान : वि.सं. १९९९ वैशाख १८, तलिचौर, चन्दननाथ-१, जुम्ला । निधन : २०६५ पुस १५ । **माता/पिता :** रामशीला उपाध्याय, रामशङ्कर उपाध्याय देवकोटा । **शिक्षा :** शास्त्री (साहित्य), एम.ए. (नेपाली, अपूर्ण) । **सेवा :** शिक्षण, पत्रकारिता, ने.रा.प्र.प्र. (सदस्य, प्राज्ञ-परिषद्, २०६१) । **पहिलो रचना :** नेपालभूमि: (संस्कृत कविता, जयतु संस्कृतम् पत्रिका, २०१९) । **कृति/सृजना :** जुम्लेली शब्द र उखानसङ्ग्रह (२०२७), जुम्लाको सामाजिक रूपरेखा (२०२७), कर्णालीको अथ-इति (२०४६), दुई शताब्दीभित्रको प्रशासनिक जुम्ला (लिथो, २०४६), कर्णालीको खोजी र खबरी (२०४७), कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरू (२०५१), केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा (२०५८), कर्णालीका लोककथा (२०६३), बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना (२०६५), जुम्लाको सिउँति-बिउँति (२०६८) । **सम्पादन/अनुवाद :** बेन्नु (साहित्यिक पत्रिका, २०२६), मालिका (सामयिक सङ्कलन, २०२८), कर्णाली प्रवाह (हस्तलिखित पत्रिका, २०३०), कल्की (सामयिक सङ्कलन, २०४५), स्मारिका (दाङ भ्रमण, २०५६), प्रज्ञा (२०६१) लगायत पत्रिका तथा स्मारिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), रत्नश्री सुवर्ण पदक (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५१), बम-शङ्कर साहित्य पुरस्कार (२०५३), रेवन्तबहादुर शाह स्मृति प्रज्ञापुरस्कार (२०५४), राप्ती साहित्य पुरस्कार (२०५५), प्रबल गोरखा दक्षिणबाहु चतुर्थ (२०५६), नूर-गङ्गा प्रतिभा पुरस्कार (२०५६), उत्कृष्ट लोकसाहित्य पुरस्कार (२०५८) आदि । रा.स.स. कर्मचारी सङ्घ सम्मान (२०५१), वागीश्वरी वन्धु (डाँगी) ट्रस्ट सम्मान (२०५७), नेपाल प्रेस युनियन सम्मान (२०६०), जनमत गणेश-खिलकुमारी सम्मान (२०६१) लगायत थुप्रै सम्मान तथा कदरपत्रहरू प्राप्त । **सम्पर्क ठेगाना :** तुलसीपुर न.पा.-६, रजौरा, दाङ । **फोन :** ०८२-५२१०६३ ।

रमण घिमिरे

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ वैशाख १५, बरबोटे, इलाम । **माता/पिता :** तोरणकुमारी, हरिनारायण उपाध्याय घिमिरे । **शिक्षा :** स्नातक (कानुन) । **सेवा :** पत्रकारिता (कला) । **पहिलो रचना :** कविता प्रकाशन (धारो पत्रिका, २०३२) । **कृति/सृजना :** एक दर्जन एक रङ्गकर्मीको शब्दचित्र, विभिन्न गायक-गायिकाहरूद्वारा दुई सयभन्दा बढी गीतरचना रेकर्ड । **सम्पादन/अनुवाद :** सृजना र माध्यम (कविता, लेखक तथा चित्रकलासम्बन्धी सामयिक), सङ्गीत (सङ्गीतसम्बन्धी त्रैमासिक), रूपरङ्ग (चलचित्र तथा रङ्गमञ्च-सम्बन्धी मासिक), उर्वशी (चलचित्र तथा रङ्गमञ्चसम्बन्धी मासिक) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), सर्वश्रेष्ठ गीतकार (मोसन पिक्चर्स अवार्ड, २०५८), उत्कृष्ट गीतकार (सातौँ इमेज अवार्ड, २०६१), उत्कृष्ट गीतकार (सन्देशमूलक, राष्ट्रिय गीत प्रतियोगिता, साधना कलाकेन्द्र, नेपाल टेलिभिजन, म्यूजिक नेपाल, २०६२) । **हालको ठेगाना :** पो.ब.नं. १३३७५, जागृतिनगर, बानेश्वर, काठमाडौं (ramanghimire@hotmail.com) । **फोन :** ४१०८७३३, ९८४१२२३८६८ ।

रमा शर्मा (रमादेवी)

(लेखक/अन्वेषक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ साउन ३२, प्याफल टोल, काठमाडौँ । **माता/पिता :** रूपकुमारी पाँडे, गोपाल पाँडे 'असीम' । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मोतीराम भट्ट

एक परिचय (गोरखापत्र, २०१९) । **कृति/सृजना** : महेन्द्र माला (भाग २, पाठ्यपुस्तक, २०२९), खाद्य विज्ञान (सहलेखन, २०३२), केही चिन्तन (समालोचनासङ्ग्रह, २०४८), मोतीराम परिक्रमा (२०५०), भावनाका थुँगाहरू (२०६२) । **सम्पादन/अनुवाद** : असीम (संस्मरण ग्रन्थ, २०३७), मोतीराम भट्टका गजलहरू (२०३८), समस्या पूर्ति (कवितासङ्ग्रह, २०३८), मोती स्मृतिग्रन्थ (२०३९), मोती ग्रन्थावली (२०४५), मोतीराम भट्टको परिचय र केही कविता (२०४२), मोतीमण्डली समस्यापूर्तिहरू (२०४४), गहन चिन्तन (झपटबहादुरको निबन्धसङ्ग्रह, २०४६), भानुभक्तप्रति (रचनासङ्ग्रह, २०४७), राष्ट्रभाषा (वार्षिक, २०४८), पृथ्वी शतक (खण्डकाव्य, २०५४), भक्तिपुष्प (भजनसङ्ग्रह, २०५६), उद्गार (२०५८), कृष्णदेव पन्तका कविताहरू (२०५८) । **पुरस्कार/सम्मान** : रत्न विद्या पदक (२०१८), सेवा पदक (२०२२), रजत पदक (नेपाली शिक्षा परिषद् (२०२२), रत्नश्री स्वर्णपदक (२०२७), झपट पुरस्कार (२०४६), लोकप्रियादेवी पुरस्कार (२०५०), त्रिभुवन पुरस्कार, गुणराज व्याख्यान पुरस्कार (२०५०), दीर्घ सेवा पदक (त्रि.वि., २०५१), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), सुप्रबल गोरखा दक्षिणबाहु पदक (२०५७) आदि । मृगेन्द्र सम्झना चिकित्सा गुठी (२०५३) आदि संस्थाहरूद्वारा प्रशंसापत्रद्वारा सम्मान । **हालको ठेगाना** : ग १/३३४ डल्लु, काठमाडौँ । **फोन** : ४२७०७८४ ।

रमेश अधिकारी

(रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २०२३ फागुन ८, चन्द्रेश्वरी, लमजुङ । **माता/पिता** : अन्नपूर्णा अधिकारी, ज्ञानशाली अधिकारी । **शिक्षा** : बी.कम. । **सेवा** : प्रज्ञा सेवा (नाटक अभिनय) । **पहिलो रचना** : २०४५ सालभन्दा अघिदेखि अभिनय यात्रा प्रारम्भ गरेको । **कृति/सृजना** : झूटो रहेछ गीता पनि (२०४५), असत्यम्, अशिवम्, असुन्दरम् (२०४६), तासको जामा (२०४८), पुरानो घर (२०५०), त्यो एउटा कुरा (२०५१), अन्धवेग (२०५९), किसमिसको बिस्कुन (नेपालीमा अनूदित अमेरिकन नाटक, २०६३), लगायत थुप्रै नाटकहरू, अविरल बग्दछ इन्द्रावती, मृगतृष्णा, हिजो आजका कुरा, अञ्जली, देवी, नारी, देवदूत, तीतो सत्य, लगायत करिब दुई दर्जन जति टेलिचलचित्रहरू र जालीरुमाल, सीमारेखा, आगो, शुभकामना, देश, किस्मत, आवाज लगायत करिब डेढ दर्जनभन्दा बढी चलचित्रहरूमा अभिनय । समयको डोरी (चलचित्र, निर्देशन, २०६१) । जनता (धुले नाटक, अभिनय, २०४७), जब होश खुल्छ (धुले नाटक, निर्देशन-अभिनय, २०६१) । जापानी कवि किसिमोतोको म्यूजिक भिडियोमा अभिनय तथा निर्देशन (२०६०) । २०४९ सालदेखि गाईजात्रा महोत्सवमा लेखन, निर्देशन र अभिनय । **सम्पादन/अनुवाद** : जनता (धुले नाटक, हिन्दीबाट अनुवाद गरी प्रदर्शन गरेको, २०४७) । **पुरस्कार/सम्मान** : नाटक, रङ्गमञ्च, चलचित्रहरूमा सम्मान । **हालको ठेगाना** : लाजिम्पाट, काठमाडौँ । **फोन** : ४४३९२९६, ९८०३१४२९८८ ।

रमेशकाजी स्थापित

(लेखक/नाटक निर्देशक, नेपाली/नेवारी भाषा)

जन्म/स्थान : वि.सं. २०११ मङ्सिर २५, मखनटोल, काठमाडौँ । **माता/पिता** : मोहनदेवी स्थापित, रत्नबहादुर स्थापित । **शिक्षा** : एस.एल.सी. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : कथा (पल्पसा पत्रिका, २०३०) । **कृति/सृजना** : मुलुक्य् मरुगु मुलुक (निबन्धसङ्ग्रह, ने.सं. ११०२), ज्या मदुम्ह मन (कथासङ्ग्रह) । केही नाटकहरूमा अभिनय । एकाङ्की, सडक नाटक, रेडियो नाटक गरी १८ वटामा निर्देशन । राजमती (नेवारी चलचित्रमा सह निर्देशक) । **सम्पादन/अनुवाद** : हिसि (मासिक), थाय्भु, आलमत (गोजिका), तलेजु (चित्रकथा), झी (मासिक), इलां (कथा पत्रिका) आदि सम्पादन । न्यतालय् दाये धुंकाः (हास्यव्यङ्ग्यसङ्ग्रह, मूल लेखक : अजीज ने सीन, अनु., ने.सं. ११०४), संस्कार (उपन्यास, अनुवाद, मूललेखक : यू.आर. अनन्तमूर्ति, भारत), कतांमरिया छैँ (पूर्णाङ्की नाटक, अनुवाद, मूललेखक : हेनरिक इब्सन, नर्बे), बाघभैरव (नाटक, अनुवाद, नेपालभाषाबाट नेपालीमा, मूललेखक : सत्यमोहन जोशी) । **पुरस्कार/सम्मान** : झी प्रधान सिरपाः, विश्वभूमि धूस्वां सिरपाः, ठाकुरलाल सिरपाः, उत्कृष्ट कलाकार पुरस्कार (ख्याल प्रतियोगिता, पब्लिक युथ क्याम्पस, २०४२), उत्कृष्ट निर्देशक पुरस्कार (नाटक महोत्सव, ने.रा.प्र.प्र., २०६०) । **हालको ठेगाना** : काठमाडौँ-२५ (sandhyatimes@mos.com.np) । **फोन** : ४२६५६२२ ।

रमेश खकुरेल (मस्ताना, रमेशप्रसाद)

(कवि/हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ असोज २२, गणबहाल, काठमाडौँ । **माता/पिता** : मनोधरादेवी, हरिप्रसाद खकुरेल । **शिक्षा** :



शास्त्री, बी.एस्सी., बी.ए. । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** यौटा ठूलो वनमहाँ (कविता, पुरुषार्थ, २००७) । **कृति/सृजना :** सङ्क्षिप्त भौतिकी (छन्दमा भौतिक शास्त्र, २०२५), अङ्गालो (कविता-सङ्ग्रह, २०२६), घर भाडामा खाली छ (कवितासङ्ग्रह, २०४८), सरिता नानी (महाकाव्य, २०४९), बहिनीलाई सन्देश (खण्डकाव्य, २०५३), सावधान जहाज डुब्दै छ (लामो कविता, २०५५), बिदाइ (कवितासङ्ग्रह, २०५५), गर्दभ राग (कवितासङ्ग्रह, २०५७), खासा ल्हासा (यात्रा काव्य, २०५८), स्रग्धरा (महाकाव्य, २०५९), आफ्नै भूतको कथा (२०६३), छोटकरी नेपाली पूजाविधि (२०६४), अडगड यात्रा (२०६८) । **सम्पादन/अनुवाद :** त्रियुगा (सामयिक सङ्कलन, २०२९), नारद (साप्ताहिक, २०४०), आनन्द प्रज्ञा गीतमाला (अनु., २०५९) । **पुरस्कार/सम्मान :** बृहत् कविता प्रतियोगितामा स्वर्णपदक (२०१७), अन्तर्महाविद्यालय वादविवाद प्रतियोगितामा स्वर्ण र रजत पदक (२०२०), शहीद दिवस कविगोष्ठीमा प्रथम (२०४०), धरणीधर पुरस्कार (२०५१), गेरू अम्बिका पुरस्कार (२०५७), भवदेव पन्त स्मृति पुरस्कार (२०५७), बाबा ओमवीरसिंह बस्न्यात पुरस्कार (२०५८), उत्कृष्ट पुरस्कार (अमेरिका, इ.सं. २००२) । सिक्किममा अभिनन्दन सम्मान (२०४८), नेपाली वाङ्मय सम्मान (२०६७) । **हालको ठेगाना :** २६/५१४ कमलपोखरी, काठमाडौँ । **फोन :** ४४२०६५० / ४४१२७११ ।

रमेश खनाल

(कवि/कला समीक्षक/चित्रकार)

जन्म/स्थान : वि.सं. २००५ माघ ५, धरान, सुनसरी । **माता/पिता :** नन्दादेवी खनाल, रघुनाथ खनाल । **शिक्षा :** एम.कम. (त्रि.वि.), एम.एस. (मनोविज्ञान, जर्मनी) । **सेवा :** चित्रकला, रेडियो कार्यक्रम सञ्चालन । **पहिलो रचना :** संसार (कविता, दोभान पत्रिका, २०२१) । **कृति/सृजना :** उपेक्षित पक्षहरूलाई जीवनको एक सम्झौता (कवितासङ्ग्रह, २०३५), तेस्रो झर्को घाम लाग्यो पानी पर्‍यो (कवितासङ्ग्रह, २०३८), म घाममा पानी पानी हुन्छु (कवितासङ्ग्रह, २०४०), सार्वजनिक संस्थान (२०४०), वयोवृद्ध कलाकार चन्द्रमानसिं मास्केको जीवनी (२०४०), एक मुठी माटो (कथासङ्ग्रह, २०५७), विश्वप्रसिद्ध कला र कलाकार (२०६३), नेपालका प्रसिद्ध कलाकार (जीवनीपरक निवन्ध, २०६३), कला मन्थन (निवन्ध, २०६३) । २३औँ पटक एकल चित्रकला प्रदर्शनी (स्वदेश तथा विदेशमा), ११ पटक कला कार्यशालामा सहभागी, एघार पटक सामूहिक कला प्रदर्शनीमा सहभागी, दुई पटक एसियन आर्ट वाइनाले बङ्गलादेशमा सहभागी । देश विदेशमा कला सङ्गृहित । **सम्पादन/अनुवाद :** कला र कलाकार (पत्रिका), नेपालश्री (पत्रिका) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार, धरान मेरिट एवार्ड, शिक्षा पुरस्कार, प्रथम पुरस्कार (सामूहिक कला प्रदर्शनी) । राष्ट्रिय प्रतिभा पुरस्कार सम्मान (धरान) । **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौँ (khanal_ramesh@hotmail.com) । **फोन :** ४४२७६३६, २३३७४०० ।

रमेश गिरी 'आशा'

(उपन्यासकार/नाट्यकर्मी, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३४ असोज १७, सिरुटार, भक्तपुर । **माता/पिता :** मोहनकुमारी गिरी, मदनबहादुर गिरी । **शिक्षा :** बी.ए. । **सेवा :** पत्रकारिता, अभिनय, निर्देशन । **पहिलो रचना :** अर्थहीन जिन्दगी (कविता, सुमेधा मासिक, २०५२) । **कृति/सृजना :** एक रात (उपन्यास, २०५७), ऊ अझै मरेको छैन (उपन्यास, २०५९), लिखित, निर्देशित र अभिनित नाटक : विवशताका आँसु (२०५२), वैशाखी (२०५३), आजको काठमाडौँ (२०५४), बादल अझै फाटेको छैन (२०५४), लाशमाथिको युद्ध (२०५५), ऊ विधवा होइन (२०५६), उजाडिएको बस्ती (२०५९) । **सम्पादन/अनुवाद :** सन्देश (मासिक), समता (त्रैमासिक), नव जागृति (मासिक), सहर (द्वैमासिक) लगायत अन्य आधा दर्जन जति । **पुरस्कार/ सम्मान :** मुनास सेवा सम्मान (२०५८), स्व. रामशरण प्रजापति सेवा सङ्घ सम्मान (२०६४), ल्यायम्ह पुचः थिमी सम्मान (२०६५), नेपाल रेडक्रस सोसाइटी भक्तपुर सम्मान (२०६५), राष्ट्रिय समाचार समिति स्वर्ण महोत्सव सम्मान (२०६७), समय समाज पत्रकारिता सम्मान (२०६८), जानकी प्रतिभा समूह सम्मान लगायत अन्य सम्मान । **हालको ठेगाना :** सिरुटार-१, भक्तपुर (giriramesh24@gmail.com) । **फोन :** ९७४११५६८०३, ९८४१२७२३३६ ।

रमेश गोर्खाली

(कथाकार/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० मङ्सिर, मरुहिटीटोल, काठमाडौँ ।

माता/पिता : सावित्रीदेवी गोर्खाली, सुन्दरबहादुर गोर्खाली (मल्ल) । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : प्राध्यापन, निजी व्यवसाय । **पहिलो रचना** : राष्ट्रियतासम्बन्धी रचना (२०२२, युवा बुलेटिन, वीरगञ्ज) । **कृति/सृजना** : मूकात्माको अन्तर्ध्वनि (शोककाव्य, २०२९), तिमी हाँसिदेऊ : म गीत गाउँछु (कथासङ्ग्रह, २०३०), पत्थर (उपन्यास, २०३१), रमेश गोर्खालीका कथाहरू (कथासङ्ग्रह, २०३३), पृथ्वीवादको मर्म (निबन्धसङ्ग्रह, २०६०), रचनाको अभिव्यक्ति (समालोचना-सङ्ग्रह, २०६०), एकान्तका आफन्तहरू (कथासङ्ग्रह) । **सम्पादन/अनुवाद** : अभिनव (सामयिक सङ्कलन), भीम विरागका कविता (कवितासङ्ग्रह, २०५४), नारायणीका सुसेली (पत्रिका), सार्थक (पत्रिका), संरक्षक (कथासङ्ग्रह, ध्रुवचन्द्र गौतम), एकान्तका आफन्तहरू (कथासङ्ग्रह), अदृश्य पीडा (लघुकथा, नवराज रिजाल), रोकिँदैन लेखिने क्रम (कथासङ्ग्रह, विभु अधिकारी), अनुभूतिको जुलुस (सूत्र कविता, अमर त्यागी) । **पुरस्कार/सम्मान** : नारायणी वाङ्मय पुरस्कार (२०४७), मकवानपुर प्रतिभा पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), यति फाइनान्स पुरस्कार (२०६०) । **हालको ठेगाना** : मीनाबजार, वीरगञ्ज, पर्सा / महाराजगञ्ज, मौनगल्ली, काठमाडौँ । **फोन** : ०५१-५२२४२६ / ४७२०६७४ ।

रमेश गौतम 'पाल्पाली' (रमेशचन्द्र, सिद्धिराज)

कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार १२, द्यौराली-१, पाल्पा । **माता/पिता** : लोककुमारी गौतम, योगनाथ गौतम । **शिक्षा** : एम.ए. (नेपाली), व्याकरण शास्त्री, आयुर्वेद विशारद । **सेवा** : अध्यापन, निजामती (सह-सचिव, अवकाश-प्राप्त) । **पहिलो रचना** : किरण (पत्रिका सम्पादन, २०१५) । **कृति/सृजना** : पागलको डायरी (कवितासङ्ग्रह, २०३०), प्रशासन किन र कसरी ? (२०४५), जय भ्रष्टाचार (व्यङ्ग्यसङ्ग्रह, २०५८), एक मोहर (कथासङ्ग्रह, २०६०), सिंहावलोकन (२०६२), डाक्टर नै किन ? (२०६३), सन्तान (महाकाव्य, २०६७) । **सम्पादन/अनुवाद** : किरण (पत्रिका, २०१५), सुसासने पुस्तिका (२०६३) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०३९), दीर्घसेवा पदक (२०४४) । **हालको ठेगाना** : धूमबाराही, काठमाडौँ । **फोन** : ९७४१००७३०६, ४४३१८०१ ।

रमेशचन्द्र अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ साउन १८, नेवारपानी, धादिङ । **माता/पिता** : दुर्गादेवी अधिकारी, पद्मनाथ अधिकारी । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), साहित्याचार्य, विद्यावारिधि । **सेवा** : प्राध्यापन, । तन्नेरी प्रतिभा सम्मान (२०६१), 'शब्द चिन्तन सङ्घ नेपालद्वारा 'आधुनिक वाल्मीकि' उपाधिद्वारा सम्मान (२०६१), नेपाल मैथिली समाजद्वारा अभिनन्दन (२०६६) विश्वहिन्दू महासङ्घ राष्ट्रिय समितिद्वारा अभिनन्दन, मातृभूमि साहित्य समाज मकवानपुरद्वारा अभिनन्दन, जम्को प्रकाशन नेपालद्वारा अभिनन्दन । **पहिलो रचना** : 'शुभराज्याभिषेक भव्यरूपले सम्पन्न (लेख, गोरखापत्र, २०३१) । **कृति/सृजना** : राजतन्त्र र प्रजातन्त्रका सिद्धान्त (२०४६), राजनीतिक दर्शनको इतिहास (२०५०), कौटिल्य, मनु-याज्ञवल्क्यसिद्धान्तमूलकस्य लिच्छविकालिकशासनप्रबन्धस्य विश्लेषणात्मकमध्ययनम् (२०५१), भामहमते काव्यस्य स्वरूपम् (२०५१), पद्मदुर्गा (महाकाव्य, २०५३), सीतायन (भाग १-१२, २०५५-२०६७) । **सम्पादन/अनुवाद** : नेपाल कानुन परिचर्चालगायत थुप्रै पत्रपत्रिकाको सम्पादन । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (२०४७), श्री मैनाबहादुर रामायण पुरस्कार (२०५९), दीर्घसेवा पदक (२०६१), चन्द्रधन पुरस्कार (२०६१), आधुनिक वाल्मीकि (२०६३), बाबा ओमवीरसिंह पुरस्कार (२०६५) अखिल नेपाल संस्कृत वक्तृत्वकलामा सर्वप्रथमलगायत थुप्रै पुरस्कार प्राप्त । **हालको ठेगाना** : सुनौलाबजार -१, धादिङ /कलङ्की, काठमाडौँ । **फोन** : ४२७४८२४ ।

रमेशजङ्ग सिजापति

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२२ जेठ १६, मध्यपुर थिमी -१७, सानोठिमी, भक्तपुर । **माता/पिता** : धनकुमारी सिजापति, लोकजङ्ग सिजापति । **शिक्षा** : एम.ए. (नेपाली, त्रि.वि.) । **सेवा** :

प्राध्यापन, कृषि । **पहिलो रचना :** बिस्केट जात्रा (लेख, रेडियो नेपालबाट प्रसारित, २०३८) । **कृति/सृजना :** सडक सीमा (नाटक सहलेखन, २०५३), समेटिएका तरङ्ग (गीतसङ्ग्रह, २०५४), ओझेलभित्रका कला-साधक (निबन्धसङ्ग्रह, २०५६), मखुन्डो उत्रिएपछि (कवितासङ्ग्रह, २०६५) । **सम्पादन/अनुवाद :** वन्दना (द्वैमासिक, २०४७), पुष्पाञ्जलि (२०४८), उपासना (द्वैमासिक, २०४९), स्रष्टा र कलम (हस्ताक्षर सङ्कलन/सम्पादन, २०५७) । **हालको ठेगाना :** घर-२२१, सानोठिमी, मध्यपुर थिमी -१७, भक्तपुर (smukeshjung@yahoo.com) । **फोन :** ६६३०७६३, ९८४१७१५३५५ ।

रमेश तूफान (रमेशकुमार क्षेत्री)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ २६, विराटनगर, मोरङ । **माता/पिता :** लक्ष्मीदेवी, गणेशबहादुर क्षेत्री । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र) । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** २०२९ सालदेखि लेखनयात्रा तथा प्रकाशन । **कृति/सृजना :** सिपाहीको चिट्ठीबाट (कवितासङ्ग्रह, २०४४), रमेश तूफान नाम हुनुलाई (कवितासङ्ग्रह, २०५३), संवाद र संवाद (२०५४) । **सम्पादन/अनुवाद :** आन्दोलन (२०३२), पानस (२०३८), विश्वदूत (साप्ताहिक, २०३९) । **पुरस्कार/सम्मान :** षडानन्द प्रतिभा पुरस्कार (२०५३) । **हालको ठेगाना :** गोश्वारापूर्व, सरस्वतीटोल, विराटनगर-१०/३, हाल : मैजुबहाल, काठमाडौँ । **फोन :** ४२६२५५०, ४४९०५२२, ९८४१२१२५७९ ।

रमेश पाखे (रमेशप्रसाद उपाध्याय)

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ असोज, झुम्का (भादगाउँ), सुनसरी **पिता :** नारायणप्रसाद भट्टराई । **शिक्षा :** स्नातक (हिन्दी साहित्य विशारद /साहित्य भूषण) । **सेवा :** साहित्यलेखन, पत्रकारिता, सम्पादन । **कृति/सृजना :** नवीन (कवितासङ्ग्रह, २०१९) । **सम्पादन/अनुवाद :** नेपाली निर्वचनको रूपरेखा (लेखक : महानन्द सापकोटा, २०२७), टपरी (कथासङ्ग्रह, कथाकार : देवकुमारी थापा), भावना गाङ्गेय (कवितासङ्ग्रह, कवि : महाकवि देवकोटा) । दीपक (मासिक, २०१३), युगवाणी (साप्ताहिक, २०१९), कोशी (साप्ताहिक), फेवा (त्रैमासिक), फेवा (पाक्षिक), डाइजेस्ट टाइम्स, नेपाल तारा आदि पत्रिकाहरूको सम्पादन । **पुरस्कार/ सम्मान :** निवन्ध प्रतियोगितामा प्रथम पुरस्कार (काशी रामकृष्ण मिशन) । उद्योग वाणिज्य सङ्घ उर्लाबारी मोरङबाट सम्मानित । **हालको ठेगाना :** गट्ठाघर, भक्तपुर । **फोन :** ६६३२७९१ ।

रमेश पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ वैशाख १५, माम्खा, ओखलढुङ्गा । **माता/पिता :** गङ्गादेवी पोखरेल, शेषराज पोखरेल । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** बैङ्किङ सेवा, साहित्य सेवा । **पहिलो रचना :** मानवअधिकार कैदी बनेर कहिल्यै नआउनू (कविता, लहर, २०४६) । **कृति/सृजना :** बज्दैनन् शोकधुनहरू (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद :** लहर (साहित्यिक द्वैमासिक, २०४६), शब्द-संयोजन (साहित्यिक मासिक, २०६१) । **हालको ठेगाना :** महारानीझोडा-३, झापा / शान्तिमार्ग सहयोगी नगर, काठमाडौँ । **फोन :** ४४९५५९७, ९८४१८८१९९१ ।

रमेश प्रभात (रमेशकुमार श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ असार ६, पुर्कोट, खरीपानी, तनहुँ । **माता/पिता :** पुनिमाया श्रेष्ठ, हर्कबहादुर श्रेष्ठ । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** शिक्षण, पत्रकारिता । **पहिलो रचना :** शहीदको पत्र (कविता, मातृभूमि पत्रिका, २०४७) । **कृति/सृजना :** प्रायश्चित (बालसाहित्य, २०५२), सत्तालिप्सा (हाइकुसङ्ग्रह, २०५४), शब्दहरू अविराम यात्रामा (कवितासङ्ग्रह, सहलेखन, २०५७) । **सम्पादन/अनुवाद :** सुसेली (हवाई मासिक, २०५०, साप्ताहिक नारायणी (२०५४), सौदामिनी (साहित्यिक द्वैमासिक, २०५४), कुञ्जिनी (२०५८),

वागीश्वरी (२०६१), अभिव्यञ्जना (२०६०) । **हालको ठेगाना** : मङ्गलपुर -१, चितवन । **फोन** : ५२०५०५ ।

रमेशप्रसाद गौतम

(कवि/निबन्धकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २००६ फागुन १५, स्युचाटार, काठमाडौं । **माता/पिता** : महकुमारी गौतम, गोविन्दप्रसाद गौतम । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : शिक्षा सेवा । **पहिलो रचना** : परिवर्तन (कविता, परोपकार, २०२७) । **कृति/सृजना** : भावनाको बगरमा (खण्डकाव्य), वसन्तका बोटहरू (खण्डकाव्य), शिक्षा सौगात (शिक्षासम्बन्धी लेखहरूको सँगालो, २०५८), Some Glimpuse of Ciric Education (२०६०), नागरिक शिक्षा (नागरिक शिक्षासम्बन्धी लेखहरूको सँगालो, २०६१), उजाड वसन्त (खण्डकाव्य, २०६२) । **सम्पादन/अनुवाद** : पद्मपुष्प, नागरिक सन्देश (बुलेटिन, २०४९), साहित्य सृजना प्राङ्गण (मुखपत्र, २०५४), Ciric Herald (२०५८) । **पुरस्कार/सम्मान** : दैवीप्रकोप उद्धार पदक (२०४५), राष्ट्रिय शिक्षा दिवस पदक (२०५३), प्रबल गोरखा दक्षिणबाहु (२०५४), गद्दीआरोहण रजत पदक (२०५८) । पद्मोदय सम्मान पदक । **हालको ठेगाना** : का.म.न.पा. -१३, काठमाडौं, पो.ब.नं. २०६८६ । **फोन** : ४२८१०१५, ४२२८६८१ ।

रमेशप्रसाद चापागाईं

(भेषज साहित्य, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९९४ असार १७, धुनिबेसी, धादिङ । **माता/पिता** : हरिदेवी चापागाईं, विष्णुप्रसाद चापागाईं । **शिक्षा** : एम.बी.बी.एस., एम.बी.एच., एम.एस. । **सेवा** : स्वास्थ्य । **कृति/सृजना** : ज्वाला (कविता-सङ्ग्रह, २००९), शल्य चिकित्साका केही सिद्धान्तहरू (२०२८), पौष्टिक भोजन (२०२८), केही संसर्गजन्य रोगहरू, पहिलो उपचार (२०३२), फण्डामेन्टल प्रिन्सिपल अफ हाइजिन एड पब्लिक हेल्थ (२०४०), कविता सङ्कलन (कवितासङ्ग्रह, २०४१), । **हालको ठेगाना** : धुनिसदन, अद्वैत मार्ग, बागबजार, काठमाडौं । **फोन** : ४२२७०८६ ।

रमेशप्रसाद भट्टराई

(लेखक/समालोचक, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. २०१७ साउन २३, फुङलिङ -३, ताप्लेजुङ । **माता/पिता** : कृष्णकुमारी भट्टराई, श्रीप्रसाद भट्टराई । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : प्राध्यापन, राष्ट्रिय सल्लाहकार (क्याम्ब्रिज एजुकेशन कन्सल्टेन्सी, यू.के./इस्याट, डेनिडा/ जाइका नेपाल /कोप, यु.एन.डी.पी.) । **पहिलो रचना** : मेरो देश (भानु पत्रिका मुखपत्र, २०३२) । **कृति/सृजना** : अनिवार्य नेपाली व्याकरण र रचना (२०५१), नौलो किरण (पाठ्यपुस्तक, २०५९), नेपाली भाषाशिक्षण (२०६२), विकास अनुसन्धानसम्बन्धी पारिभाषिक कोश (२०६२), लैङ्गिक समविकास (२०६२), ट्रान्सलेखन म्यानुएल (सहलेखन, २०६२), ध.च. गोतामेको उपन्यासकारिता (२०६५), अनुवाद शिल्प (सहलेखन, २०६५), प्रगतिवादी नेपाली साहित्य (२०६६), सबैको नेपाली (सहलेखन, २०६७) । **सम्पादन/अनुवाद** : छायाँ (सामयिक सङ्कलन, २०३७), बालमञ्च (२०४६), झिसमिसे (२०४७), अभ्युत्थान (२०५२), शिक्षक शिक्षा (२०६२), दूर शिक्षा (२०६२), भृकुटी (२०६५) । **पुरस्कार/सम्मान** : अन्तर्राष्ट्रिय नारी वर्ष पदक (१९७५), महेन्द्र विद्याभूषण (२०४६), लारी स्वर्ण पदक (२०४६) । **हालको ठेगाना** : बुलबुले-७, चाबहिल, काठमाडौं (rbhtta@yahoo.com) । **फोन** : ४४९६८३९, ९८४१४४१८८० ।

रमेश बुढाथोकी

(चलचित्रकर्मी/निर्देशक)
जन्म/स्थान : वि.सं. २०१७ भदौ २५, झोराहाट, मोरङ । **माता/पिता** : सुशीला, चित्रबहादुर बुढाथोकी । **शिक्षा** : स्नातक (मनोविज्ञान) । **सेवा** : नाटक, चलचित्र अभिनय, निर्देशन । **पहिलो रचना** : पच्चीस वसन्त (चलचित्र अभिनय, २०४४) । **कृति/सृजना** : पच्चीस वसन्त, चोट, दिदी, सङ्कल्प, रक्षा, गोपिकृष्ण, चट्याङ, सौता, पुकार, छोरो, चलचित्र, आवारा, यस्तै हुन्छ पिरती आदि ठूलो पर्दाका चलचित्रहरू, बाचा बिर्सेको छैन, आघात, चक्रव्यूह, त्याग, बद्री मास्टर, पतन, कलङ्क, टाढाको बस्ती, निमित्त नायक,

राप, मन, जीवनयात्रा, प्रतिद्वन्द्वी, दुई दिनको जिन्दगानी, पुष्पाञ्जलि, उद्घाटन आदि टेलिचलचित्रहरू, द्रोही, बिधुवाको सिन्दूर, दुई लाश एक चिहान, कोसँग जुधुँ, भोको घर, बन्दिनुस न त, मलाई माफ गरिदेऊ, भिडमा हराएको मान्छे, इतिहासभित्रको इतिहास, कोलाज, मृगतृष्णा, रोमियो जुलियट, गुफाहरू, अमरसिंह आदि नाटकहरूमा अभिनय । सत्यको खोजी, दुई लास एक चिहान, भोको घर, ऋचा, महाभारत, मृगतृष्णा, उसको कवितामा अब को रुँदैन आदि नाटकहरू, बाचा बिर्सेको छैन, सन्ताप, आघात, प्रतीक्षा, त्याग, तृष्णा, निमित्त नायक, राप, मन, प्रतिद्वन्द्वी, दुई दिनको जिन्दगानी, पुष्पाञ्जलि आदि टेलिचलचित्रहरू, मोहनी, जूनतारा, अप्सरा, लगनगाँठो, फेरि तिम्रो याद आयो, जिद्दी, बाबुसाहेब आदि ठूलो पर्दाका चलचित्रहरू निर्देशन तथा अभिनय । **पुरस्कार/सम्मान :** उत्कृष्ट अभिनेता (ने.रा.प्र.प्र. नाटक महोत्सव, २०३९, २०४२), श्री पुरस्कार (२०४४), उत्कृष्ट टेलिचलचित्र निर्देशन (अभियान, २०४६), दैवी प्रकोप पीडितोद्धार सेवा पदक (२०५४), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०६१) । **हालको ठेगाना :** पो.ब.नं. ११६, काठमाडौँ (ramesh_71@hotmail.com) । **फोन :** ४३७५४०७ ।

रमेशमोहन अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ चैत १०, विश्रामपुर, रौतहट । **माता/पिता :** सावित्रीदेवी अधिकारी, शिवप्रसाद अधिकारी । **शिक्षा :** एम.ए., बी.एड. (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** जनउत्तरदायी (कविता, चर्चा साप्ताहिक, २०३९) । **कृति/सृजना :** सम्झनाको सेरोफेरो (संस्मरण, २०६३) । **सम्पादन/अनुवाद :** सूर्योदय (२०४९), जूनकीरी (२०५०), झरना (त्रैमासिक, २०५०), समनपुष्प (त्रैमासिक, २०६१) । **पुरस्कार/सम्मान :** कर्ममोहन प्रतिभा पुरस्कार (२०५५), मकवानपुर साहित्य प्रतिभा पुरस्कार (२०५८) । **हालको ठेगाना :** चन्द्रनिगाहपुर-१, रौतहट । **फोन :** ०५५-५४००९६ ।

रमेश रञ्जन झा

(लेखक/रङ्गकर्मी, मैथिलीभाषा)

जन्म/स्थान : वि.सं. २०२२ भदौ २७, देउरी परवाहा- २, धनुषा । **माता/पिता :** इन्द्रकलादेवी, फेकन झा । **शिक्षा :** स्नातक । **सेवा :** नेपाल विद्युत् प्राधिकरण, राजनीति, नाट्यसेवा, अभिनय, सङ्गीत-नाट्य प्रज्ञा प्रतिष्ठान (प्राज्ञ परिषद् सदस्य, २०६७) । **पहिलो रचना :** साकार (कविता, जनक पत्रिका, २०४६), २०३६ सालदेखि मैथिली भाषाको रङ्गकर्ममा संलग्न । **कृति/सृजना :** रक्त वर्षा (कवितासङ्ग्रह, २०६२), फुलवा हरण (कथासङ्ग्रह, २०६२), सङ्गोर (उपन्यास, २०६९), मुर्दा (नाटक, २०६९), । विजयी भव: (२०६०), बगिया (२०६१), सखी (२०६१) आदि नाटकहरू लिखित तथा मञ्चित) । मिथिलाक व्यथा (२०४६), काठक लोक (२०४९), अन्हरजाली (२०५०), मास्टरजी (२०५०), आशिर्वाद (२०५३), कनियाँ (२०५४), एउटा आओर वसन्त (२०५५), चमेली (२०५५), कालाजार (२०५८), सौराठ सभा (२०५९), ममता (२०६०), पुनि-पुनि होइ सीयाराम विवाह (२०६१), वीर गणेशमान (चलचित्र, २०५९) आदि चलचित्र, वृत्तचित्रहरूमा लेखन, निर्देशन तथा अभिनय । **सम्पादन/अनुवाद :** मिथिलावाणी (मैथिली, साहित्यिक त्रैमासिक), विदेशक नगरीसे (कवितासङ्ग्रह), मिनाप (स्मारिका), सौगात (साप्ताहिक), सुप्रभात (दैनिक), सयपत्री (मैथिली विशेषाङ्क, ने.रा.प्र.प्र., अतिथि सम्पादक), विद्यापति टाइम्स (मैथिली साप्ताहिक), नेपालकी समकालीन कविताएँ (सम्पादन तथा अनुवाद), कथायात्रा (२०६७), डा. धीरेन्द्रक कथा (२०६८) । **पुरस्कार/सम्मान :** राष्ट्रिय मैथिली कविता प्रतियोगिता - प्रथम (२०४९), अन्तर्राष्ट्रिय नाट्य महोत्सव - सर्वश्रेष्ठ चरित्र अभिनेता (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), मैथिली फिल्म फेस्टिबल सर्वश्रेष्ठ खलनायक (२०५६) । **हालको ठेगाना :** देउरी परवाहा -२, धनुषा । **फोन :** ०४१-५२४०९५, ९८५४०२४१४३ ।

रमेश विकल (रामेश्वर शर्मा चालिसे)

(आख्यानकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८५, कात्तिक २९, गोकर्ण आरुवारी, काठमाडौँ । निधन : २०६५ पुस २ । **माता/पिता :** छायादेवी (भण्डारी) चालिसे, चन्द्रशेखर उपाध्याय चालिसे । **शिक्षा :** बी.एड. । **सेवा :** निजामती सेवा, राजनीति, प्रलेस (अध्यक्ष), साहित्य, साझा प्रकाशन, प्राध्यापन,

ने.रा.प्र.प्र.(आजीवन सदस्य) । **पहिलो रचना** : गरिब (कथा, शारदा पत्रिका, २००६) । **कृति/सृजना** : *कथासङ्ग्रहमा :* बिरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), एउटा बूढो भ्वाइलिन : आशावरीको धुनमा (२०२२), आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४), उर्मिला भाउजू (२०३५), सालिक र सहस्र बुद्ध (२०४३), शव हराएका कथाहरू (२०५५) । *उपन्यास* : सुनौली (२०३३), विक्रम र नौलो ग्रह (किशोर साहित्य, उपन्यास, २०३९), अविरल बग्दछ इन्द्रावती (उपन्यास, २०४२), सागर उर्लन्छ सगरमाथा छुन (२०५२) । *नाटक/एकाङ्की/प्रहसनमा :* सप्तरङ्ग (एकाङ्की सङ्ग्रह, २०३९), सर्दार भक्ति थापा (पूर्णाङ्की २०४०, मिल्किएको मणि (नाटक, २०४२), मान्छे, वैभव र मृत्यु (एकाङ्कीसङ्ग्रह, २०५५) । *नियात्रामा* : सात सूर्य एक फन्को (२०३४) । *बालसाहित्यमा* : तेह्र रमाइला कथाहरू (२०१९), एक्काइस रमाइला कथाहरू (२०२२), कथा कुसुम (२०२३), पञ्चतन्त्रका कथाहरू (२०२३), अगेनाको डिलमा (२०२४), सातथुँगा (नाटक, २०३७), केही मूर्खहरूको कथा (२०४५), हिउँदे छुट्टीमा (२०४९), दिलमाया (म र मेरो घर, २०४९), गौंथलीको घर (चित्रकथा, २०५०), मान्छे, भैंसी र मुरी चामलको भात (चित्रकथा, नाटक, २०५७), अब तिमी नरोऊ किरण (बाल एकाङ्कीसङ्ग्रह, २०५९), एउटा कथा भन्नु न हजुरआमा (२०६१) । नीलगिरिको छायाँमा (२०४२), अब अगाडि बढ्नु छ : अझ अगाडि (व्यङ्ग्य निबन्ध, २०५०), मेरो अविरल जीवन गीत (आत्मकथा, २०६०) । **सम्पादन/अनुवाद** : रचना, विकासोन्मुख नेपाल (मासिक), शैक्षिक गतिविधि नवीनशिक्षा, कोपिला, समकालीन साहित्य । इन्द्रजाली रूख (उपन्यास, अनूदित, २०५५), भस्मासुर (अनूदित उपन्यास) । **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०१८), महेन्द्र प्रज्ञा पुरस्कार (२०३८), साझा पुरस्कार (२०५०), नेवासास पुरस्कार (२०५०), नूरगङ्गा बालसाहित्य पुरस्कार (२०५७), कृष्णमणि साहित्य पुरस्कार (२०५९),गोकुल जोशी पुरस्कार (२०६०), युद्धप्रसाद मिश्र पुरस्कार (२०६२), देवकुमारी थापा साहित्य पुरस्कार आदि थुप्रै पुरस्कारहरू । **सम्पर्क ठेगाना** : पो.ब.नं. ११४४, जोरपाटी -७, आरुबारी, काठमाडौं । **फोन** : ४४७१४३८ ।

रमेश विष्ट

(व्यङ्ग्यचित्रकार)

जन्म/स्थान : वि.सं. २०३२ जेठ २०, धापासी, काठमाडौं । **माता/पिता** : विष्णु विष्ट, शिवराम विष्ट । **शिक्षा** : स्नातक । **सेवा** : चित्रकारिता, पत्रकारिता । **पहिलो रचना** : कमलको फूल रेखाचित्र (२०४५) । **कृति/सृजना** : नेपाल पत्रकार महासङ्घ चित्र प्रदर्शन (२०५४), एकल चित्रकला प्रदर्शनी (काठमाडौं, २०५६) । **हालको ठेगाना** : धापासी, काठमाडौं (canvas_sagarmatha@hotmail.com) । **फोन** : ४३५४३०४, ९८५१०७२०९९ ।

रमेश शुभेच्छु (रमेशकुमार लुइटेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३६ वैशाख १, सुभाङ -९, पाँचथर । **माता/पिता** : पुण्यमाता लुइटेल, सूर्यनाथ लुइटेल । **शिक्षा** : एम.ए., एम.एड., एम.फिल. । **सेवा** : प्राध्यापन, पत्रकारिता, रङ्गमञ्च । **पहिलो रचना** : लाहुरबाट (लघुनाटक मञ्चन, पाँचथर, २०४९) । **कृति/सृजना** : आँसु नदेऊ मलाई (गजलसङ्ग्रह, २०५७), हजुरबा (शोककाव्य, २०५८), आमाको माया (बालकाव्य, २०६१), अनुत्तरित प्रश्न (गजलसङ्ग्रह, २०६२), बगैंचा (कविता, २०६४), उपहार (कविता, २०६६), सरस्वतीप्रसाद कि लक्ष्मीप्रसाद (बाल उपन्यास, २०६६), नेपालका प्रथम राष्ट्रपति (बालजीवनी, २०६७), घरदेश र परदेशका अनुभूति (गजलसङ्ग्रह, २०६७), जदौ (२०६९) । *पाठ्यपुस्तकहरू* : आधुनिक नेपाली माला (२०६६), स्नातक अनिवार्य नेपाली (२०६६) । **सम्पादन/अनुवाद** : मेची पद्यमाला (मेची अञ्चलका ८० जना छन्द कविका कविता, २०५८), इलामे चेलीका रचनाहरू (इलामका २६ जना कवयित्रीका ५-५ वटा कविता, २०५९), नेपाली गजलमा नारी हस्ताक्षर (१०१ नारी गजलकारका ५-५ वटा कविता, २०६२), पुष्पलता : पत्रहरूमा (चिठीपत्र, २०६२), एक व्यक्ति अनेक वार्ता (अन्तर्वार्ता, २०६३), पाठशालाका सिर्जना (विद्यालयका १२६ बालबालिकाको कविता, २०६५), पत्रहार (चिठीपत्र, २०६६), दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व र अभिनन्दन (समालोचना, २०६६), पाँचथरका स्रष्टा र सिर्जना (पाँचथर जिल्लाको साहित्यिक इतिहास र गतिविधिको खोज, २०६६), नेपाली समालोचना सँगालो (२०६७) पद्यपुष्प (२० जना पद्यकविका १०-१० सिर्जना, २०६७) । *पत्रपत्रिकाहरू* : भानु (साहित्यिक पत्रिका), फित्कौली (व्यङ्ग्यात्मक पत्रिका), चिचिला (बाल पत्रिका), सास (बालपत्रिका, मासिक), सामना (द्वैमासिक), नवरत्न (द्वैमासिक), आगमन (द्वैमासिक), करुणक्रन्दन (द्वैमासिक), मेची किनार (द्वैमासिक), सिर्जना (त्रैमासिक), देवकोटा स्मारिका, स्मृति स्मारिका, सिर्जनशील हात (द्वैमासिक), स्वप्नवाटिका सुवास (वार्षिक), भानुदर्शन

(वार्षिक), प्रक्षेपण (वार्षिक), संयोजन (वार्षिक) । **पुरस्कार/सम्मान :** विभिन्न सङ्घसंस्थाबाट सम्मान-कदरपत्र प्राप्त । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ९८४१४५३१३९ ।

रमेश श्रेष्ठ (रमेशध्वज)

(चित्रकार/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ पुस १७, पोखरा, कास्की । **माता/पिता :** चन्द्रकुमारी श्रेष्ठ, गोपालध्वज श्रेष्ठ । **शिक्षा :** स्नातक । **सेवा :** महेन्द्र प्रकृति संरक्षण कोष । चित्रकला, साहित्य, प्राज्ञसभा सदस्य (ने.प्र.प्र., २०६७) । **पहिलो रचना :** कविता प्रकाशन (इन्द्रेनी, नौलो हाँक २०४०) । **कृति/सृजना :** नपोतिएका रङ्गहरू (गीतसङ्ग्रह, २०५२), चराहरूको पहाड (कवितासङ्ग्रह, २०५५), आमा नदीहरू (कवितासङ्ग्रह, २०५७), इन द नेम अफ बुद्ध (कवितासङ्ग्रह, २०५८), घाँस उखेलिरहेकी केटी (काव्य, २०६०), रोदी रोएको देशमा (काव्य, २०६२) । राष्ट्रिय तथा क्षेत्रीय कला प्रदर्शनीहरूमा थुप्रैचोटि सहभागी । एकल चित्रकला प्रदर्शनी (२०५१) । **सम्पादन/अनुवाद :** तीर्थ श्रेष्ठका कविताहरू (२०५६), अविरलका कथाहरू, मैले सम्झेँ त के बिराएँ (श्रीपुरुष ढकालका गीतहरू, २०५७), कविताको देश (समकालीन पोखरेली कविता, २०६१), अन्नपूर्ण २००३ । **पुरस्कार/सम्मान :** राष्ट्रिय युवा कविता महोत्सवमा प्रथम (धरान, २०५३), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), नव कविता पुरस्कार (२०५४), राष्ट्रिय कवि सम्मेलनमा प्रथम (वीरगञ्ज, २०५५), टोयन (Toyn) अवार्ड २००० (नेपाल जेसिज स्वर्ण पदक), चितवन साहित्य परिषद् कृष्णकुमारी पुरस्कार (२०५७), द रेयुकाई नेपाल स्वर्ण पदक (२०५७), नेत्र स्मृति पुरस्कार (२०५७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), मोती पुरस्कार (२०५८) । शब्दघर सम्मान (२०५५), शताब्दी युवा सम्मान (२०५६), इन्द्रेणी सम्मान (२०६२), तन्नेरी साहित्य सम्मान (२०६२) । **हालको ठेगाना :** पोखरा -१, कास्की । **फोन :** ०६१-५२६७४४ ।

रमेश 'समर्थन' (रमेशहरि शर्मा ढकाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ कात्तिक ५, पोरकनी, पाल्पा । **माता/पिता :** तुलसा उपाध्याय, तीर्थप्रसाद उपाध्याय । **शिक्षा :** व्याकरणाचार्य, स्नातकोत्तर (नेपाली साहित्य, संस्कृत व्याकरण) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** व्याकरण पढौँ (कविता, नयाँ पुकार, २०३१) । **कृति/सृजना :** ब्रह्मलुट (मुक्तक-सङ्ग्रह, २०५३), दक्षिणा (शोक खण्डकाव्य, २०५७), पर्खी बसेँ (गजलसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** रौतहट रश्मि (साहित्यिक त्रैमासिक), जनज्योति स्मारिका । **पुरस्कार/सम्मान :** बुटवल कला, साहित्य, संस्कृति प्रतिष्ठान, सिर्जनशील साहित्य समाज भैरहवाबाट सम्मान । **हालको ठेगाना :** चन्द्रनिगाहपुर, रौतहट /सृजनागृह मङ्गलापुर, रूपन्देही । **फोन :** ५४०१३६/५४०२७२, ९८४५१३२५१६ ।

रमेश सागर (रमेशप्रसाद तिमल्सिना

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ साउन ३०, ढुङ्खर्क-६, काभ्रे । **माता/पिता :** जगतकुमारी तिमल्सिना, डण्डप्रसाद तिमल्सिना । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** संस्थान सेवा, साहित्य, प्राध्यापन, पत्रकारिता । **पहिलो रचना :** हाइकु (चक्षु साप्ताहिक, काठमाडौँ २०४६) । **कृति/सृजना :** सहृदयी स्वरहरू (कवितासङ्ग्रह, संयुक्त, २०६१), कवि विक्रम सुब्बा जीवनी, व्यक्तित्व र कृतित्व (२०६६) । **सम्पादन/अनुवाद :** पापी देवता (उपन्यास, रोशन थुलुङ राई, २०५७), प्रतिभा द्वैमासिक, स्मृति (स्मारिका, २०५८), ताङ्गा (पत्रिका), विद्युत्तरङ्ग (कवितासङ्ग्रह), सौरभ (नेपाली ताङ्गा साहित्यिक पत्रिका), सुनकेस्रा (बालपत्रिका), आगो (कवितासङ्ग्रह, २०६७) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (२०५७, श्री ५ वीरेन्द्र ५६औं शुभजन्मोत्सव), अन्तरसंस्थान कविता प्रतियोगितामा पुरस्कृत आदि । **हालको ठेगाना :** शङ्खमूल, काठमाडौँ / ढुङ्खर्क-६, काभ्रे (rpt_sagar@yahoo.com) । **फोन :** ४७८२२६५ ।

रमेश सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० असोज १४, गजुल -६, रोल्पा । **माता/पिता :** हुकुमा सुवेदी, खोविलाल सुवेदी । **शिक्षा :** एम.ए. (समाजशास्त्र) । **सेवा :** सरकारी सेवा । **पहिलो**

रचना : निबन्ध (जलजला पत्रिका, रोल्पा, २०४४) । **कृति/सृजना :** मनको तरेलीमा (गजलसङ्ग्रह, २०६१) । **हालको ठेगाना :** गजुल -६, रोल्पा (rsubedi_7@yahoo.com)। **फोन :** ०८२-५६१५२५ / ५६००२६ ।



रमेश क्षितिज (रमेश न्यौपाने)

(कवि/गीतकार, नेपाली भाषा)

जन्म/स्थान : अप्रिल २५, १९६९, हिवल्चा, सल्यान । **शिक्षा :** स्नातकोत्तर (कानुन) । **सेवा :** निजामती सेवा। **कृति/सृजना :** अर्को साँझ पर्खेर साँझमा (कविता), आफै आफ्नो साथी भएँ (गीतिसङ्ग्रह, २०६२), आँखाभरी हिउँचुली (गीति एल्वम २०६५), क्षितिज (सी.डी. २०६८), घर फर्किरहेको मानिस (कवितासङ्ग्रह, २०६९) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (वि.सं.२०४१, दसौँ शिक्षा दिवस, २०४१) जिल्ला स्तरीय निवन्ध प्रतियोगितामा प्रथम (नेपाल रेडक्रस (२०४२), क्याम्पस स्तरीय कविता प्रतियोगितामा प्रथम (२०४५), कविता प्रतियोगितामा द्वितीय पुरस्कार (बी.बी.सी. नेपाली सेवा, २०४९), बालगीत प्रतियोगितामा उत्कृष्ट रचनाकार (रेडियो नेपाल, २०५०) शास्त्रीय तथा आधुनिक सङ्गीत सम्मेलनमा आधुनिक गीत लेखनका लागि उत्कृष्ट गीतकार (रेडियो नेपाल, २०५०), राष्ट्रिय कविता महोत्सवमा प्रथम (नेपाल प्रज्ञा-प्रतिष्ठान, २०५१) म्यूजिक नेपाल सम्मान (२०५७), गुरुप्रसाद मैनाली स्मृति कथा प्रतियोगितामा द्वितीय (नेपाल प्रज्ञा प्रतिष्ठान, २०५८), शिक्षा पदक (शिक्षा तथा खेलकुद मन्त्रालय, २०६०), राप्ती साहित्य पुरस्कार, २०६८, मोहन रेग्मी स्मृति सम्मान, २०६८), लगायत अन्य थुप्रै पुरस्कार तथा सम्मान । **हालको ठेगाना :** हिवल्चा, सल्यान ।

रविकिरण निर्जीव

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ जेठ २९, अलैचे, लमजुङ । **माता/पिता :** रेणुका रेग्मी, श्रीप्रसाद रेग्मी । **शिक्षा :** एम.ए., बी.एड. (नेपाली) । **सेवा :** अध्यापन । **पहिलो रचना :** नवजीवनको फूलबारी (कविता-सङ्ग्रह, २०२३) । **कृति/सृजना :** छेपेटार (खण्डकाव्य, २०४२), सोझा निर्जीवका बाङ्गा निबन्धहरू (निबन्धसङ्ग्रह, २०४७), कालो कर्णालीको सेतो छायाँ (लघु उपन्यास, २०५६), मकैका फूलहरूको वर्षा (शोध निबन्धहरू, २०५०) । **सम्पादन/अनुवाद :** साहित्यिक पत्रिकाहरू : प्रकाशपुञ्ज (२०२४), दोभान (२०२४), नौलो राँको (२०२६), सेरोफेरो (२०४४) । **पुरस्कार/सम्मान :** अस्वीकृत विचार साहित्य पुरस्कार (२०६१), साहित्यसङ्गम पुरस्कार (चितवन, २०६२) । साहित्य सङ्गम चितवनबाट सम्मान (२०६१) । **हालको ठेगाना :** भरतपुर -६, चितवन । **फोन :** ०५६-५३२२७०१ ।

रविन कोइराला

(चित्रकार)

जन्म/स्थान : इ.सं. २७ अक्टोबर १९७२, इटहरी, सुनसरी । **माता/पिता :** सीतादेवी कोइराला, कृष्णबहादुर कोइराला । **शिक्षा :** बी.एफ.ए. (त्रि.वि.) । **सेवा :** चित्रकारिता, ललितकला प्रज्ञा प्रतिष्ठान । **पहिलो रचना :** सिद्धान्त र व्यवहार (चित्रकृति, तैलरङ्ग, २०४९) । **कृति/सृजना :** सामूहिक कलाप्रदर्शनी तथा सहभागी (करिब एक दर्जनचोटि (इ.सं. १९९८ देखि), पूर्वाञ्चलका सबै जिल्लाहरूमा गई अनुसन्धानात्मक कलाकृति सिर्जना गरी प्रदर्शन गरेको (मूर्तिकार भुवन थापासँग मिलेर, २०५६) । **हालको ठेगाना :** पो.ब.नं. १९७०३, काठमाडौँ /इटहरी, सुनसरी (rabinkoirala265@hotmail.com) । **फोन :** ४४११२५७, ९८५१०२०८३२ ।

रवि प्राञ्जल (रविनाथ पौडेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ जेठ १०, भाटभटेनी, काठमाडौँ । **माता/पिता :** मैनाकुमारी पौडेल, रामप्रसाद पौडेल । **शिक्षा :** स्नातकोत्तर (मानविकी), बी.म्यूज. (इलाहावाद) । **सेवा :** संस्थान सेवा । **पहिलो रचना :** सन्ध्याप्रभात (संरक्षक साप्ताहिक, २०३५) । **कृति/सृजना :** आँसुका फूलहरू (कवितासङ्ग्रह,



२०४१), घामका झुल्काहरू (गीत गजल-सङ्ग्रह, २०४७), तारिदेऊ न माझी दाइ (गजलसङ्ग्रह, २०४८), उही बाढी उही भेल (गजलसङ्ग्रह, २०५२), आगत (गीति एल्बम, २०५७), सबै बेहोसी (सी.डी. एल्बम, २०६०), चलचित्र 'हारजीत' मा गीतलेखन, थुप्रैपटक रेडियो नाटक, टेलि-शृङ्खलाहरूमा अभिनय । **सम्पादन/अनुवाद** : मधुमास (त्रैमासिक), सोपान (संयुक्त सम्पादन) । **पुरस्कार/सम्मान** : सिद्धिचरण श्रेष्ठ गीत, सङ्गीत तथा गायन प्रतियोगितामा पुरस्कृत (२०४९), गजलश्री सम्मान (२०६०) । **हालको ठेगाना** : शान्तिगोरेटो, चाबहिल, काठमाडौं (pranjal_ravi@hotmail.com) । **फोन** : ४४६३१००, ९८४१२६५३५५ ।

रविमान लमजेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ माघ ७, थोक्लुङ -६, तेह्रथुम । **माता/पिता** : जानुकादेवी लमजेल, धनवीर लमजेल । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : अध्यापन । **पहिलो रचना** : मेरा पुर्खाहरू (कविता, मेची साप्ताहिक, इलाम, २०२९) । **कृति/सृजना** : मेची अञ्चलको साहित्यिक रूपरेखा (इतिहास एवं समीक्षात्मक कृति, २०४२), उन्मुक्त आवेगहरू (कवितासङ्ग्रह, २०४८), कोशी अञ्चलको साहित्यिक इतिहास (२०५०), सिर्जनाका छालहरू (कवितासङ्ग्रह, २०६०), मनभित्रका खुल्दुलीहरू (कवितासङ्ग्रह, २०६२), आकाश चुम्ने रहरहरू (गजलसङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : शुभारम्भ (२०४६), मानव अधिकार वर्ष पुस्तक (इ.सं. १९९३), आगमन (२०५२), खुला आकाश (२०५३), नेपालमा जातीय छुवाछूत (२०५३), कञ्चनजङ्घा उपहार (२०५८) आदिको सम्पादन । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४७), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), नरेन्द्र चापागाई स्मृति पुरस्कार (२०६७), लगायत विभिन्न साहित्यिक गोष्ठीहरूमा कथा, कविता र निबन्धमा प्रथम पुरस्कार । मुक्ति समाज (२०५१), वीरगञ्ज साहित्य परिषद् (२०५५), नौलो साहित्यिक बिहान पाँचथर (२०५६), दलित साहित्य एकेडेमी (२०५७) आदि सङ्घ-संस्थाहरूबाट अभिनन्दन सम्मान । **हालको ठेगाना** : लेलेप -३, तमोरखोला, ताप्लेजुङ । **फोन** : ९८४२६२५१९४ ।

रविराज भण्डारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ चैत १२, मणिकुन्ज, काफलघारी, कास्की । **माता/पिता** : लीलादेवी भण्डारी, मणिराज भण्डारी । **शिक्षा** : वी.एल. । **सेवा** : न्यायसेवा । **पहिलो रचना** : मणि (शोककाव्य, २०४४) । **कृति/सृजना** : कुसुम (शोककाव्य, २०४४), आँसु (कवितासङ्ग्रह, २०४५), भूस्वर्ग नेपाल (खण्डकाव्य, २०४६), तरेली (रचना, गीति एल्बम, २०५१) । **सम्पादन/अनुवाद** : सर्वोच्च अदालत वार एसोसियसन रजतजयन्ती स्मारिका (सहसम्पादन, २०५६), नेपाल कानुन व्यवसायी परिषद् बुलेटिन (२०५६), कानुन (द्वैमासिक, संयुक्त सम्पादन) । **हालको ठेगाना** : पो.व.नं. २८९२, काठमाडौं /कालिका -३, कास्की । **फोन** : ४२६२३००, ९८५१०३५९११ ।

रविलाल अधिकारी (गोरला, लमजुङे अधिकारी)

(समालोचक)



जन्म/स्थान : वि.सं. २००७ असार १६, गोर्जे, कास्की । **माता/पिता** : राधिकादेवी अधिकारी, काशीनाथ अधिकारी । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : दुःखको आवाज (संयुक्त गीतसँगालो, २०२०) । **कृति/सृजना** : बुकिफूल (कवितासङ्ग्रह, २०३१), एकलव्य (लघुकाव्य, २०३५), आँसुको अञ्जुली (शोककाव्य, २०४१), परदेशीलाई पत्र (पत्रात्मक कविता, २०४१), प्रगतिवादी नेपाली कविता (समालोचनासङ्ग्रह, २०४४), अनुभव र आँखाहरू (लेख-समीक्षासङ्ग्रह, २०४६), हर्के (ऐतिहासिक काव्य, २०४६), प्रगतिशील दृष्टिमा यौनसम्बन्ध र सांस्कृतिक चिन्तन (२०४७), नेपाली समालोचनाको रूपरेखा (२०५१), छेलिएका छविहरू (पाँच प्रतिभाका कृतित्वको चिनारी, २०५२), प्रगतिवादी नेपाली समालोचना (२०५६), बिर्सिँदिने परम्परा (निबन्धसङ्ग्रह, २०५७), साहित्यसन्दर्भ : चर्चा र टिप्पणीहरू (२०५८), साहित्य सारथि (पूर्वीय समालोचना सिद्धान्त, २०५९), अली मियाँ : व्यक्ति र

कृति (२०६०), मनोरमा (निबन्धसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** माछापुच्छ्रे (मुखपत्र, २०३७), गोविन्द भट्टका समालोचना (२०५५), पोखरेली पराग, भानूदय (मुखपत्र), साहित्य प्रभा (प्रलेस कास्कीको मुखपत्र), अलिमियाँ अभिनन्दन ग्रन्थ आदिको सम्पादन । **पुरस्कार/सम्मान :** युद्धप्रसाद मिश्र स्मृति पुरस्कार (२०५२), रत्न श्रेष्ठ पशिचमाञ्चल क्षेत्रीय पुरस्कार (२०५७), शुक्ला साहित्य राष्ट्रिय पुरस्कार (२०५९), नेपाली छात्र परिषद् वाराणसीमा भएका वार्षिक साहित्यिक कार्यक्रममा पटक-पटक पुरस्कृत । नमुना साहित्य समूहको स्रष्टा सम्मान (२०६१) । **हालको ठेगाना :** पोखरा -१०, रामघाट, कास्की । **फोन :** ०६१-५२८७६९ ।

रवि शाह

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. १९९९ जेठ ३२, भोटेबहाल, काठमाडौँ । **निधन :** २०६० मङ्सिर २ । **माता/पिता :** उपेन्द्रकुमारी शाह, डोरविक्रम शाह । **शिक्षा :** स्नातक । **सेवा :** अभिनय, निजामती सेवा । **पहिलो रचना :** जाली रुमाल (नाटक अभिनय, २०१६) । **कृति/सृजना :** भक्ति थापा, खण्डित पाषाण, भोजन भट्ट, यमपुरीमा ज्यूँदो मान्छे, भक्ति थापा, सञ्जोगलगायत थुप्रै नाटकहरू; मुनामदन, धर्तीको पुकार, राम-भरत मिलाप, सत्य हरिश्चन्द्र, पृथ्वीनारायण शाह, महासत्त्व (नेवारी) आदि गीतिनाटकहरू; अस्तित्वबोध, दोषी को ?, भाले भिडन्त, आँखा, चक्रव्यूह, टाढाको बस्ती, गुलाफ एकैचोटि फुल्छ, रूपमती, अलिखित, मुकुन्द इन्दिरा, आँखा, मनको आँखा, चतुरेको दाउपेच, हिजो आजका कुरा, कोरस, अनाथ, मेमसाब, मान्छे ताक्छ मुढो, अग्निकुण्ड, वंश, कथा सुख-दु:खको, पुष्पाञ्जली आदि टेलिफिल्महरू; हिजो आज भोलि, परिवर्तन, मनको बाँध, जीवनरेखा, बदलिँदो आकाश, कन्यादान, के घर के डेरा, पच्चीस वसन्त, मायाप्रीति, माया, नाता, चोखो माया, तृष्णा, मिलन, रक्षा, गरिब, बादल, झझल्को, सोल्टिनी, नाता रगतको, लक्ष्मीपूजा, मुस्कान, कान्छा, दुश्मन, विषालु, आर्मी, उपहार, वसन्ती, आमाको माया, दाजुभाइ, आन्दोलन, देवदूत, सन्तानको माया, पूजा, कर्जा, भुतुक्कै भएँ म, एक नजर, पाहुना, आँखा लोभी मन पापी, बुहारी, बादलपारि, मन, कर्णवीरलगायत थुप्रै चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (इ.सं. १९८४), दैवी प्रकोप पीडितोद्धार पदक (इ.सं. १९८८), उत्कृष्ट कलाकार पुरस्कार (कन्यादान चलचित्र, इ.सं. १९९२), प्रख्यात त्रिशक्ति पट्ट (इ.सं. १९९९), हरितारा पदक (इ.सं. २००२), प्रदीप्त वीरेन्द्र प्रजातन्त्र भाष्कर (२०६०), रजत जयन्ती पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, राजा महेन्द्रबाट शिल्ड तथा नगद, पुरस्कार, सर्वनाम पुरस्कार, विजी अवार्ड (नेसनल भिजन, २०५२, २०५३) । साधना कला केन्द्रद्वारा सम्मान, चलचित्र कलाकार सङ्घबाट सम्मान, परिवर्तन नेपालबाट सम्मान, बालकृष्ण सम फाउन्डेसनबाट सम्मान, प्रधान नाट्य समूहबाट सम्मान आदि । **सम्पर्क ठेगाना :** चपली, काठमाडौँ । **फोन :** ४३७८७५६ ।

रवीन्द्र खड्का

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०१६ फागुन १५, सुन्थान, पनौती, काभ्रे । **शिक्षा :** स्नातक (राजनीतिशास्त्र) । **सेवा :** रङ्गमञ्च अभिनय, सामाजिक सेवा । **पहिलो रचना :** २०३२ सालदेखि रङ्गमञ्चिय अभिनय यात्रा । **कृति/सृजना :** जेमन्त, साहुजीकी लाटी स्वास्नी, मुनामदन, आघात, क्रसमा टाँगिएको जिन्दगी, आक्रोश, यमा आदि लगायत दर्जनौँ नाटकहरू लेखन, निर्देशन तथा अभिनय । आजका युवा, समय, धुन, जिन्दगी, चेतना आदि टेलिचलचित्रहरूमा निर्देशन, लेखन तथा अभिनय । मायाप्रीति, भाग्यरेखा, पहिलो प्रेम, चेली, रक्षा, नायक, भानुभक्त, चक्रव्यूह, आशीर्वाद, दागबत्ति, यो कस्तो प्रेम आदि २० भन्दा बढी ठूलो पर्दाका चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान :** एकेडेमी अवार्ड (अभिनेता, निर्देशन, ने.रा.प्र.प्र., २०३९, २०४०, २०४१) सर्वश्रेष्ठ नाटक र निर्देशक (२०४१), श्री पुरस्कार (२०४१), सर्वश्रेष्ठ अभिनेता (गोदावरी एलमुनाई जी.ए.ए. २०४३), गद्दीआरोहण रजत पदक (२०५३), हरितारा पुरस्कार (२०५५), प्रबल गोरखा दक्षिणबाहु पदक (२०५५), नेसनल कल्चर एकेडेमी अवार्ड (२०५७), राष्ट्रिय प्रतिभा पुरस्कार (पर्यटन-संस्कृति मन्त्रालय, २०५८), एक दशक अभिनेताको पुरस्कार आदि थुप्रै पुरस्कारहरू । परिवर्तन सम्मान (२०५८), पिस सोसाइटी वरिष्ट सम्मान (२०५९) आदि सम्मानहरू । **हालको ठेगाना :** पो.ब.नं. ९६९७, काठमाडौँ । **फोन :** ४२८५५९५/ ५५५३४४४ /९८५१०५६०६८ ।

रवीन्द्र ज्यापु

(मूर्तिकार)

जन्म/स्थान : इ.सं. १९५० मे, काठमाडौँ । **माता/पिता :**

हीरादेवी महर्जन, काजीमान महर्जन । **शिक्षा :** स्नातक (फाइनआर्ट) । **सेवा :** मूर्तिकला, प्राध्यापन । **पहिलो रचना :** पोट्रेट (माटोबाट, २०२६) । **कृति/सृजना :** बाबुछिरी सेर्पा (पूर्णकद, तिलगङ्गा, काठमाडौँ), सर एडमण्ड हिलारी (सोलुखुम्बु), आशामानसिंह कंसाकार (रक्तकाली, काठमाडौँ), कान्छाबुद्ध वज्राचार्य (कङ्केश्वरी, काठमाडौँ), कृष्णप्रसाद कोइराला (पूर्णकद, रङ्गेली, विराटनगर) आदिकवि भानुभक्त आचार्य (पूर्णकद, ने.रा.प्र.प्र., काठमाडौँ), योगनाथ प्याकुरेल (शान्ति विद्यागृह, लैनचौर, काठमाडौँ), निष्ठानन्द वज्राचार्य, जयपृथ्वीबहादुर सिंह (गोरखापत्र संस्थान, काठमाडौँ), कालु पाण्डे (गोरखा), महाकवि लक्ष्मीप्रसाद देवकोटा (वीरगञ्ज, बझाङ), जगतसुन्दर मल्ल (भक्तपुर), श्री ५ महेन्द्र (नेपालगञ्ज, कालीमाटी काठमाडौँ, महेन्द्रनगर), श्री ५ रत्न (नेपालगञ्ज), श्री ५ वीरेन्द्र (वीरेन्द्र आर्मी कलेज, भक्तपुर), मङ्गलादेवी सिंह आदि प्रसिद्ध व्यक्तित्वहरूको मूर्ति निर्माण । मायादेवी (लुम्बिनी), बुद्धको आकृति (शङ्खमूल, काठमाडौँ), कुमारीघर भित्तेचित्र (वसन्तपुर, काठमाडौँ), इन्द्रायणी (भित्तेचित्र, पनौती) साथै श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक र कुमारीको सिक्का (रूपैयाँ) डिजाइन (नेपाल राष्ट्र बैङ्क), रजतजयन्ती निशान (त्रि.वि., कीर्तिपुर) । यसका अतिरिक्त २०२७ सालदेखि राष्ट्रिय कलाप्रदर्शनीमा भाग लिँदै आएको । अमेरिकालगायतका देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान :** उत्कृष्ट पुरस्कार (राष्ट्रिय कला प्रदर्शनी, १९८२), प्रथम पुरस्कार (रजतजयन्ती निशान डिजाइनको लागि, साटा, १९८४), द्वितीय पुरस्कार (राष्ट्रिय कला प्रदर्शनी, नाफा, १९७७), राष्ट्रिय प्रतिभा पुरस्कार (२००२) । **हालको ठेगाना :** स्वयम्भू, काठमाडौँ (sirjanaart@infoclub.com) **। फोन :** ४२७९६१६, ९८५१०६८७८१ ।

रवीन्द्र तामाङ (रसिला, ग्यावक च्याङ्वा, रवीन्द्रकुमार सिंह लामा)



(लेखक, तामाङ भाषा)

जन्म/स्थान : वि.सं. २०२२ चैत्र १७, वीरअस्पताल, काठमाडौँ । **माता/पिता :** कालिका बस्नेत, कृष्णबहादुर लामा । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** निजामती सेवा, सामाजिक सेवा । **पहिलो रचना :** तामाङभाषालाई किन हेला (गाण्डीव साप्ताहिक, २०४८) । **कृति/सृजना :** तामाङ रीमठीम (जन्मदेखि मृत्युसम्मका संस्कारहरूको सँगालो, २०५४), तिमाल जात्रा (नमोबुद्ध, बौद्ध र स्वयम्भूको परिचय इतिहाससमेत, २०५४), ग्यावकहरूको पुर्ख्यौली थलो : थोथाङ (२०५५), तामाङ चाडपर्व र पूजाहरू (२०५६), मुग्लानरी (मुग्लानतिर) (एकाङ्की नाटक, २०५७), तामाङ जातिको ऐतिहासिक रूपरेखा (इतिहास, २०५८), तामाङ थरहरू (२०६२), तामाङ लोककथाहरू (२०६३) । तिमाल जात्रा (वृत्तचित्र, नेपाली भाषा) । **सम्पादन/अनुवाद :** प्रतिभा (साहित्यिक मासिक, २०४९), लास्सो (द्वैमासिक, २०५०), तिप्लिङ (हवाई तामाङ साहित्यिक पत्रिका, २०५२), नाम्सा (सामयिक, २०५५), दोसाँध (मासिक), झ्याम्याङ लामा स्मृतिग्रन्थ (२०५९), रेन्जिन दोर्जे (ऐतिहासिक उपन्यास, २०६०), तामाङ कवयित्रीका मातृभाषाका कविताहरू (२०६३) आदि सम्पादन । **पुरस्कार/सम्मान :** तामाङ 'फ्याफुल्ला' पुरस्कार (२०५६), राष्ट्रिय उत्कृष्ट तामाङ लेखन तथा पत्रकारिता पुरस्कार (२०६६), प्रस्फुटन पुरस्कार (२०५२) । तामाङ प्रतिभा सम्मान (काभ्रे-काठमाडौँ सम्पर्क मञ्च) आदि । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ /भीमेश्वर, दोलखा **। फोन :** ४१०९६६८, ९८४११५८७६२ ।

रवीन्द्र पुरी

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. २०२५ पुस १६, तचपालटोल, भक्तपुर । **माता/पिता :** कमला पुरी, शङ्कर पुरी । **शिक्षा :** स्नातकोत्तर (जर्मनी), बी.एफ.ए. । **सेवा :** गैरसरकारी सेवा, सामाजिक सेवा । **कृति/सृजना :** 'नमुना घर' घोषित घर निर्माण । मर्जिङ फेसस् नामक मूर्तिकलाको भक्तपुर र जर्मनीका पाँच विभिन्न सहरहरूमा प्रदर्शनी (२०५९) । **पुरस्कार/सम्मान :** 'नमुना घर' घोषित घर निर्माणबापत युनेस्कोद्वारा 'वर्ल्ड हेरिटेज कन्जर्भेसन अवार्ड (इ.सं. २००४), महेन्द्र विद्याभूषण 'ख' । **हालको ठेगाना :** पो.ब.नं. ११४, भक्तपुर (puri@enet.com.np) **। फोन :** ६६१४१०५ ।

रवीन्द्र समीर (रवीन्द्र पाण्डे)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.२०३० जेठ २५, धुर्कोट, गुल्मी । **माता/पिता :** विमला पाण्डे, तेजनारायण पाण्डे । **शिक्षा :**

एम.डी., एम.पी.एच. (जनस्वास्थ्य) । **सेवा** : चिकित्सा, जनस्वास्थ्य (विशेषज्ञ) । **पहिलो रचना** : राष्ट्रिय एकता आजको आवश्यकता (मातृभूमि, २०४७) । **कृति/सृजना** : तेस्रो आँखा (लघुकथा सङ्ग्रह, २०५३), पोस्टमार्टम (लघुकथा सङ्ग्रह, २०६२), विकिरण (लघुकथा सङ्ग्रह, २०६३), चाँदीको घेरा (मुक्तक सङ्ग्रह, २०६४), ईश्वरका कथा (लघुकथा सङ्ग्रह, २०६५), ग्रेटवालको ग्रेट अनुभूति (नियात्रा सङ्ग्रह, २०६६), अर्जुनदृष्टि (लघुकथा सङ्ग्रह, २०६७), अणु र पहाड (लघुकथा सङ्ग्रह, २०६९) । **पुरस्कार/सम्मान** : प्रथम राष्ट्रव्यापी लघुकथा प्रतियोगिता (प्रथम, २०५४), स्वर्णपदक (ज्ञानचन्द बरमन, २०५८), स्वर्ण पदक (त्रि.वि.वि., चिकित्साशास्त्र, २०५९), महेन्द्रभूषण पदक (२०६२), प्रथम (निबन्ध प्रतियोगिता, बङ्गलादेश, सन् २००७), उपकुलपति स्वर्णपदक (बङ्गलादेश, सन् २००८), अत्युत्कृष्ट कथाकार प्रथम (प्रथम अन्तर्राष्ट्रिय लघुकथा समारोह, २०६४), नेपाल विद्याभूषण पदक (२०६५), नइ भाजप पुरस्कार (२०६६), रमेश विकल साहित्य प्रतिष्ठान सम्मान (२०६६), युवावर्ष मोती पुरस्कार (२०६७), अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार (२०६८), पद्मश्री साहित्य सम्मान (२०६७), ऱ्यान्डम रिडर्स सोसाइटी अफ नेपाल सम्मान (पोखरा, २०६८) । **हालको ठेगाना** : स्वयम्भू, काठमाडौँ (rabinsameer@gmail.com) । **फोन** : ९८५१०५९९९२, ४२८१४६९ ।

रवीन्द्र साह

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३५ वैशाख १०, बेलाग्राम, जनकपुरधाम, धनुषा । **माता/पिता** : सरस्वतीदेवी साह, राजेश्वर नेपाली । **शिक्षा** : वी.ए. । **सेवा** : पत्रकारिता, साहित्य । **पहिलो रचना** : नेपाल मां की पुकार (कविता, २०५१) । **कृति/सृजना** : पत्रकार, भ्रष्टाचार र पलायन (२०६१), युवाओं के लिए एक आह्वान (२०६१) । **सम्पादन/अनुवाद** : विश्वजागरण (राष्ट्रिय दैनिक नेपाली, २०५६), श्रीसीता सहस्रनाम सङ्कीर्तन (२०६१), जनक, जानकी, जनकपुरधाम (२०६१) । **हालको ठेगाना** : सरस्वतीराजसदन, जानकी चोक, जनकपुरधाम । **फोन** : ०४१-५२३०८३ ।

रश्मिराज अर्ज्याल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९४३ भदौ शुक्ल पञ्चमी, मर्भुङ्ग, गुल्मी । निधन : २०१५ । **माता/पिता** : दमयन्तीदेवी अर्ज्याल, जगन्नाथ अर्ज्याल । **शिक्षा** : व्याकरण मध्यमा, बनारस । **सेवा** : अध्यापन । **पहिलो रचना** : नानासंहिता (चिकित्सा, वि.सं. २००१) । **कृति/सृजना** : सत्यनारायण कथामृतम् पूजाविधि सहितम् (वि.सं. १९९४), ऋषि पञ्चमी पूजाविधि (वि.सं. १९९४), वृक्षारोपण विचार (वि.सं.२००३), अमर कोश टीका (वि.सं.२००५), सत्यनारायण कथामृतम् (खण्डकाव्य, २०६२), पाणिनीयअष्टाध्यायी, नेपाली टीका । **सम्पादन/अनुवाद** : रघुवंश टीका (भाषानुवाद) । **पुरस्कार/सम्मान** : 'पण्डित', 'विद्वद्वर' उपाधि ।

रश्मिला प्रजापति

(गायिका)

जन्म/स्थान : वि.सं. २०२८ पुस २५, मरु अट्को, काठमाडौँ । **माता/पिता** : रत्नदेवी प्रजापति, श्यामदास प्रजापति । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : निजामती, प्राध्यापक, कार्यक्रम सञ्चालक, गायन । **कृति/सृजना** : थाहै नदिई (गीतिएल्बम, २०५५) । **हालको ठेगाना** : २९५/७५ ताहाचल मार्ग, काठमाडौँ । **फोन** : ४२७५३०१ ।

रह शर्मा (शशिकिरण रेग्मी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ मङ्सिर ८, अलैंचे, लमजुङ । **माता/पिता** : रेणुका रेग्मी, श्रीप्रसाद रेग्मी । **शिक्षा** : स्नातक । **सेवा** : प्रशासन सेवा । **पहिलो रचना** : बिजुली (कविता, दोभान, २०२५) । **कृति/सृजना** : भ्रम (लघुकाव्य, २०५५), वचन (गीतसङ्ग्रह, २०५६), विसङ्गति (गीत तथा कवितासङ्ग्रह, २०५७), अब के हुन्छ ? (लेखसङ्ग्रह, २०६१), रहका कविता

(कवितासङ्ग्रह, २०६१), सेलरोटी (बालकवितासङ्ग्रह, २०६३)। **सम्पादन/अनुवाद :** अलैंचे स्वर्ण स्मारिका (२०५६), लायन्स स्मारिका (२०५९), हिमालय रजत स्मारिका (२०६१)। **हालको ठेगाना :** भरतपुर -१०, चितवन। **फोन :** ०५६-५२२१४९।

रक्ष राई

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असार १४ गते, बुइपा-२, खोटाङ। **माता/पिता :** पविसरा राई, मौलावहादुर राई। **शिक्षा :** एस.एल.सी.। **सेवा :** ब्रिटिस गोर्खा सैनिक सेवा। **पहिलो रचना :** शान्तिको खोजी (पर्वते पत्रिका, हङ्कङ)। **कृति/सृजना :** देश दुखेको छ (कवितासङ्ग्रह, २०५६), सहिदकी आमाको लास (कथासङ्ग्रह, २०५७), बालुवामा अर्को नेपाल (कथासङ्ग्रह, २०६१), सालिक उभिएर गोर्खाली (कवितासङ्ग्रह, २०६७), नवचेतनाग्रह (कथासंयुक्त सङ्ग्रह, २०६८)। **सम्पादन/अनुवाद :** पारुहाङ सुम्निमा (किराया मुखपत्र, बेलायत)। **पुरस्कार/सम्मान :** पर्वते पुरस्कार (हङकङ), अजम्बरी पुरस्कार (ब्रुनाई), प्रभात सम्मान (प्रवासी साहित्य समाज, बेलायत), किराया सम्मान (बेलायत)। **हालको ठेगाना :** llanelii, dyfed. sa15 3jt.uk (बेलायत) / बुइपा, खोटाङ (rakasharai1964@yahoo.com)। **फोन :** ०१५५४२२८६५९, ०७५२८९७१२५०।

राकेशचन्द्र श्रेष्ठ वसु

(चित्रकार)

जन्म/स्थान : वि.सं. २०२४ कात्तिक ९, काठमाडौं। **माता/पिता :** सरस्वती श्रेष्ठ, प्रकाशचन्द्र श्रेष्ठ। **शिक्षा :** बी.एफ.ए.। **सेवा :** अध्यापन, चित्रकारिता, गोरखापत्र संस्थान। **कृति/सृजना :** १३ पटकभन्दा बढी एकल कला प्रदर्शनी (नेपाल/जापान) (इ.सं. १९९१-२००२), पटक-पटक कला प्रदर्शनीमा सहभागी (इ.सं. १९९१-२०००)। **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (राष्ट्रिय पेन्टिङ प्रतियोगिता, सिविन, काठमाडौँ, इ.सं. १९९२), दोस्रो पुरस्कार (इ.सं. १९९९५) आदि पुरस्कारहरू। **हालको ठेगाना :** कोपुण्डोल, ललितपुर (rakeshshrestha2004@hotmail.com)। **फोन :** ५५२०११३।

रागिनी उपाध्याय ग्रेला

(चित्रकार)

जन्म/स्थान : इ.सं. १९५९ नोभेम्बर ९, विशालनगर, काठमाडौँ। **माता/पिता :** सुशीला उपाध्याय, कामतप्रसाद उपाध्याय। **शिक्षा :** स्नातक (फाइन आर्ट, लखनउ)। **सेवा :** कला। ब्रिटिश काउन्सिल विद्वद्वृत्ति। ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१)। **पहिलो रचना :** रवीन्द्रनाथ टैगोरको पोट्रेट पोस्टरकला (इ.सं. १९७५)। **कृति/सृजना :** एक प्रदर्शनीहरू काठमाडौँमा ११ पटक, भारतमा ३ पटक, जर्मनीमा ४ पटक, जापानमा ३ पटक, बेल्जियममा ४ पटक, स्वीडेनमा २ पटक, फिनल्याण्डमा २ पटक, पाकिस्तानमा १ पटक, ताइवानमा १ पटक, बर्लिनमा १ पटक, पोल्याण्डमा १ पटक। सामूहिक प्रदर्शनी भारतमा १ पटक, बेल्जियममा २ पटक, फिनल्याण्डमा १ पटक, ताइवानमा १ पटक, ढाकामा १ पटक। अन्तर्राष्ट्रिय प्रदर्शनी युगोस्लाभिया, भारत, बङ्गलादेश, इङ्ल्याण्डमा १-१ पटक। **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रदर्शनी पुरस्कार (१९७९), नाफा पुरस्कार (इ.सं. १९८५, १९८८) Kate and Robert Wilson Prize (U.K.) (१९८६), वीरेन्द्र-ऐश्वर्य पदक (२००२)। **हालको ठेगाना :** रागिनी आर्ट भिलेज, बाल्कोट-१/११०, भक्तपुर (ragini@mos.com.np)। **फोन :** ६६३०३३५, ६६१२२३५।

राजकुमार कार्की

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ वैशाख १, बरगाछी, धरान, सुनसरी। **माता/पिता :** मनमाया कार्की, गोपालबहादुर कार्की। **शिक्षा :** स्नातक (साहित्य)। **सेवा :** पत्रकारिता, साहित्य। **पहिलो रचना :** मातृभूमि (कविता,

मातृभूमि साप्ताहिक, २०२८) । **कृति/सृजना :** महिला मुक्तिको सवालबारे (२०४५), बृहत् राजनैतिक शब्दज्ञान (२०४५), नताशा बेगम (उपन्यास), अमृता प्रितम (उपन्यास), शब्द कवच (मुक्तकसङ्ग्रह), दुर्दमनीय सपना (कवितासङ्ग्रह), जेलयात्रा (संस्मरण) आदि, दर्जनौं गीतरचना रेकर्ड । **सम्पादन/अनुवाद :** काँचुली (द्वैमासिक, २०३७), द बुद्ध वर्ल्ड (मासिक), पूर्वको सुसेली (२०४२), सूर्योदय (साप्ताहिक, २०५०), ब्लाष्ट टाइम्स (दैनिक, २०५२), हेल्थ फेमिली डाइजेस्ट (मासिक, २०५९) । क्रान्तिकारी नैतिकताबारे (अनु. २०४७), व्यवहारबारे (अनुवाद) । **पुरस्कार/सम्मान :** सङ्खुवासभा एकता मञ्चद्वारा विशेष सम्मान (२०४७), किरात जागरण सभाद्वारा विशेष सम्मान (२०५७) । **हालको ठेगाना :** धरान -१५, पुष्पलालमार्ग, सुनसरी । **फोन :** ०२५-५२६२९२, ०२५-५२५४५८ ।

राजकुमार केसी (राज केसी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ फागुन २६, भीरपानी, रामेछाप । **माता/पिता :** मैयादेवी केसी, लोकबहादुर केसी । **शिक्षा :** एम.बी.ए. । **सेवा :** अध्यापन, पत्रकारिता । **पहिलो रचना :** प्रजातन्त्रको त्यो दिन (कविता, मिर्मिरि, २०३८) । **कृति/सृजना :** कवितासङ्ग्रह : भूगोलका रेखाहरूबाट (२०४४), निहत्था मेरो सडक (२०४९), अगेनाको डिलमा एक साँझ (२०६८) । **सम्पादन/अनुवाद :** विपुल (त्रैमासिक) । **पुरस्कार/सम्मान :** साहित्य सन्ध्या पुरस्कार (२०४४) । **हालको ठेगाना :** पो.ब.नं. ६६१६, जोरपाटी, काठमाडौं । **फोन :** ४४६८७८४, ९८४१४११२९९ ।

राजकुमार थापा

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ साउन, कालीमाटी, भीममुक्तेश्वर, काठमाडौँ । **माता/पिता :** विष्णुकुमारी थापा, वेदविक्रम थापा । **शिक्षा :** स्नातकोत्तर (तथ्याङ्कशास्त्र) । **सेवा :** फिल्ड सर्भे र सुपरभिजन । **पहिलो रचना :** एक अबला नारीको अन्त (कथा, ज्योत्स्ना अङ्क ७, २०२९) । **कृति/सृजना :** प्रारम्भ (कथासङ्ग्रह, २०४५), स्पर्श (कथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद :** तथ्याङ्क गतिविधि चौमासिक (सहसम्पादन, २०४३) । **हालको ठेगाना :** का.म.न.पा. -१३, काठमाडौं । **फोन :** ४२७०५९४ ।

राजकृष्ण कँडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असोज ७, मलेखु, धादिङ । **माता/पिता :** नन्दकुमारी कँडेल, पुष्पराज कँडेल । **शिक्षा :** एम.ए. (नेपाली, त्रि.वि.), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** कविता (नौलो पाइला पत्रिका, बनारस, २०१८) । **कृति/सृजना :** सम्झनाका छालहरू (शोककाव्य, २०५६), द्रौपदीको पश्चात्ताप (खण्डकाव्य, २०५९), संवेदनाका स्वहरू (निबन्धसङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय शिक्षा समिति पुरस्कार (२०३७), जिल्ला शिक्षा समिति पुरस्कार, प्रतिभा पुरस्कार (चितवन साहित्य परिषद्, २०६१), वाल्मीकि साहित्य सम्मान (२०६१) । **हालको ठेगाना :** भरतपुर -७, कृष्णपुर, चितवन । **फोन :** ०५६-५२१९६१, ५२४०४९ ।

राजन काफ्ले

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. २०२५ जेठ १७, मेथिन्कोट, काभ्रेपलाञ्चोक । **माता/पिता :** पूर्णकुमारी काफ्ले, चन्द्रराज काफ्ले । **शिक्षा :** प्रमाणपत्र तह (ललितकला) । **सेवा :** चित्रकला, मूर्तिकला । **पहिलो रचना :** विगत दुई दशकदेखि कलाक्षेत्रमा समर्पित । **कृति/सृजना :** शहीद भीमदत्त पन्तको मूर्ति (महेन्द्रनगर), शहीद गुम्रा थारू र नेत्रलाल अभागीको मूर्ति (दाङ), शहीद मुखलाल महतोको मूर्ति (बारा), भागवत यादवको मूर्ति (बारा), तुलसीलाल अमात्यको मूर्ति (रौतहट), चित्र पुस्तक (Revealed suffering) प्रकाशित, नेपाललगायत विदेशका ख्यातिप्राप्त व्यक्तित्वहरूको ५ सय थानभन्दा बढी मुहारचित्र । थुप्रै सामूहिक चित्रकला प्रदर्शनी र कार्यशालामा सहभागी । **सम्पादन/अनुवाद :**

फाइनआर्टनेपालडटकम (सम्पा.) । **पुरस्कार/सम्मान :** प्रथम राष्ट्रिय अन्तर्विद्यालय चित्रकला प्रतियोगितामा द्वितीय (२०४१), स्वयम्भू विकास मण्डलद्वारा आयोजित चित्रकला प्रतियोगितामा प्रथम, अन्तरक्याम्पस चित्रकला प्रतियोगितामा प्रथम (२०४५), रेयुकाई नेपालद्वारा आयोजित राष्ट्रिय पोस्टर प्रतियोगितामा प्रथम (२०५७), सबै पुस्ता सँगै बाँचौं पोस्टर प्रतियोगितामा प्रथम । **हालको ठेगाना :** चावहिल, काठमाडौं / चन्द्रनिगाहपुर, रौतहट (tcreation@wlink.com.np) । **फोन :** ४४८१३७८ / ०५५-५४०३८४ ।

राजन मुकारुङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ फागुन १३, दिल्पा नागी, भोजपुर । **माता/पिता :** विष्णुरेखा, घनश्याम किरात । **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र) । **सेवा :** अध्यापन, पत्रकारिता, साहित्य । **पहिलो रचना :** परिवर्तन (कविता, बाटो अर्ध-वार्षिक पत्रिका, भोजपुर) । **कृति/सृजना :** सेतो आरोहण (कवितासङ्ग्रह, २०५६), प्रारम्भ प्रक्षेपण (कवितासङ्ग्रह, २०५८), जिकिरको गद्दी (कवितासङ्ग्रह, २०५९), किरात संस्कार (राई संस्कृति, २०६१), मिथक माया (कवितासङ्ग्रह, २०६१), किरात राई जातिको मुन्दुम : एक विश्लेषण (२०६३), हेत्छाकुप्पा (उपन्यास, २०६५), दमिनी भीर (उपन्यास, २०६९) । आधा दर्जनजति गीति एल्बमहरूमा आलेख । **सम्पादन/अनुवाद :** गोरखा सैनिक आवाज (मासिक), जापानको चक्कर (पुस्तक), बाइस जँघार तरेपछि (पुस्तक), बिर्सेका अनुहारहरू : बिर्सन नसकेका घटनाहरू, दोदुम् (अर्धवार्षिक), गोरखाली (साप्ताहिक), साहित्य समन्वय, रिदुम्-मुन्दुम् (अनुवाद/सम्पादन, बान्तवा र नेपाली) आदि । **पुरस्कार/सम्मान :** किरात राई साहित्य सम्मान (इ.सं. २००१), मदनेश्वरी मेमोरियल अवार्ड (इ.सं. २००८), अन्तर्राष्ट्रिय चेली सम्मान (इ.सं. २००९), किरात स्वायत्त सांस्कृतिक अभियान सम्मान (इ.सं. २००९), मदन पुरस्कार । **हालको ठेगाना :** कोटेश्वर, काठमाडौं (rajarajan142@yahoo.com)। **फोन :** ९८१३९८१३५९ ।

राजपाल थापा

(नाट्यकर्मी)

जन्म/स्थान : इ.सं. १९२२ (इलाम) । निधन : ६ डिसेम्बर, २००२ । **पिता :** धनवीर थापा । **शिक्षा :** प्रमाणपत्र तह (नृत्य) । **सेवा :** प्रहरी सेवा, अभिनय, नाट्यक्षेत्र । **कृति/सृजना :** विचित्र रोगी, त्यागपत्र, घरभित्र, सञ्जोग आदि नाटकहरू, शान्तिदीप, चोखोमाया, सपना, प्रेमपिण्ड, फेरि भेटौंला, घामछायाँ, लोभिपापी, दक्षिणा आदि चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान :** प्रहरी पराक्रम पदक, सेवा पदक, दीर्घसेवा पदक, वासुदेव लुइँटेल पुरस्कार (इ.सं. १९९९), हाँस्ने- गोपालराज पन्त पुरस्कार (इ.सं.२०००), ललितपुर कला संस्कृति प्रतिष्ठानलगायत विभिन्न सङ्घसंस्थाहरूबाट सम्मान । **सम्पर्क ठेगाना :** हाँडीगाउँ, काठमाडौं । **फोन :** ४४१५१६४ ।

राजभाइ महर्जन 'जक:मि'

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१४ मङ्सिर १५, भुजिन्दटोल, कीर्तिपुर, काठमाडौं । **माता/पिता :** शीलकुमारी महर्जन, तुयू महर्जन । **शिक्षा :** बी.ए. । **सेवा :** प्रशासन, निर्देशन एवं प्रशिक्षण । **पहिलो रचना :** सा:म्हुतुचाम्ह दुबुलिं (कविता, न्हसला, २०३१) । **कृति/सृजना :** चीखुज्व:चिया स: (कवितासङ्ग्रह, नेपालभाषा, ने.सं. १०९४), ल्हाबसा (एकाङ्की नाटकसङ्ग्रह, नेपालभाषा, ने.सं. १०९९), पांगाय् न्हगु स्वां (संयुक्त कवितासङ्ग्रह, नेपालभाषा, ११०७), मचा मयुलिं (बालगीति एल्बम, गीतकार, ने.सं. ११२१), जक:मिया कविता (कवितासङ्ग्रह, नेपालभाषा, ११२२), जक:मिया कविता (अडियो क्यासेट, कवितावाचन नेपालभाषा, ११२२), सर्वार्थसिद्धि गीति-नाटकमा एकजना कलाकार (२०३८) ज्यापू बाजा : एक अध्ययन (अनुसन्धान, २०५८) । **सम्पादन/अनुवाद :** जन आन्दोलन कविता (नेपालभाषा, ने.सं. १११०), प्रतिभा साहित्य दजु (साहित्यिक सङ्कलन) । **पुरस्कार/सम्मान :** ट्यालेन्ट सो - सर्वोत्कृष्ट गीतकार अवार्ड (ने.सं. ११२२), राष्ट्रव्यापी कविता सम्मेलन - प्रथम तथा स्वर्णपदक (२०३६), ज्यापु समाज, पाटनबाट "गुरुबा:" पदवी प्रदान (२०६१) । **हालको ठेगाना :** का.म.न.पा. -२०, काठमाडौं (rajbhaimaharjan@hotmail.com) । **फोन :** ४२५८९२० ।

राजमान महर्जन (रामाज्या)

(चित्र कलाकार)

जन्म/स्थान : वि.सं. २०२३ चैत्र २७, कुटुभ्फोल टोल, कीर्तिपुर, काठमाडौँ । **माता/पिता :** दुर्गा महर्जन, लक्ष्मीबहादुर महर्जन । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** अध्यापन (कला), कला पत्रकारिता, चित्रकारिता । **पहिलो रचना :** प्याकी (साहित्यिक पत्रिका, २०४३) /त:धंम्ह जुइगु सुख् (निबन्ध, ने.सं. ११०५) । **कृति/सृजना :** 'जङ्गलया कानुन' देखि 'न्हू पुखु' सम्म (सचित्रकथा), जङ्गलमा कानुन, हासीं मलाम्ह मचा, कतंमरीनाप व्याहा:, जामन: गुभाजु, जुजुया न्हायपनय् माखापिखा, ध्वँ चोलेचा, खिचाया मचात, जातक, चखुंचिया तंगु कय्गु, असंया न्या, कांयात ज्ञां, न्हू पुंखू, खुसी व किसि, किसि व ब्याँचा, ब्यांचा व सिंह, ककाजु, नेपाल संवत् या पलिस्था, अङ्गुलि माल, सोभ्फाम्ह चल्ला, नेपालमा सोभ्फो जरायो, भौ पाजु, रेविजबाट आफू बचौँ /अरूलाई पनि बचाऔँ, पृथ्वीको सन्देश (संयुक्त), फूलबारी (ध्रुवकृष्ण दीपको कवितासङ्ग्रह), जीवन सङ्गीत आदि पुस्तकहरूमा चित्रसिर्जना । युवामञ्च, मुना, कामना, साप्ताहिक, नारी, नेपाल, खित्कैखित्का, भाँडभैलो, विश्वभूमि, सन्ध्या टाइम्स आदि विभिन्न पत्रपत्रिकाहा कार्टुन तथा चित्रलेखन । सामूहिक चित्रकला प्रदर्शनी (इ.सं. १९८७ देखि २००२ सम्म चौधपटक) । **पुरस्कार/सम्मान :** विराट् नेपाल भाषा साहित्य सम्मेलनमा द्वितीय पुरस्कार (२०४३), करुणाकर पुरस्कार (२०४९) चित्रकला प्रतियोगितामा द्वितीय पुरस्कार (रसियन राजदूतावास सांस्कृतिक विभाग, इ.सं. १९८७) लगायत थुप्रै पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** कीर्तिपुर -५, काठमाडौँ । **फोन :** ४३३१५५१ ।

राजमानसिंह चित्रकार

(प्राथमिक कालीन चित्रकार)

जन्म/स्थान : वि.सं. १७९७ वटु गुच्चाटोल, काठमाडौँ । निधन : १८६५ । **माता/पिता :** नानीहीरा, जुगमान चित्रकार । **शिक्षा :** स्वाध्याय । **सेवा :** चित्रकला । **पहिलो रचना :** परम्परागत नेपाली चित्र (धार्मिक दर्शन मुताविक) । **कृति/सृजना :** बेलायती राजदूत ब्रायन हड्सनको अनुसन्धानमा नेपाली जनजाति, चराचुरुङ्गी, जीवजन्तु र बौद्ध चैत्य मूर्तिका चित्रहरू सिर्जना गरेका । तत्कालीन परिवेशमा नौलो अभ्यास साबित, राजमानकृत प्राय सबै कृतिहरू हाल बेलायतको लण्डन सहरस्थित ब्रिटिस म्युजियम/लाइब्रेरीमा सङ्गृहीत, केही कृतिहरू फ्रान्सको पेरिस सहरस्थित म्युजेम गुइमेट (MUSEM GUIMET) मा सङ्गृहीत (१८२०-५६) । राजमानसिंहबारे थप विवरण ब्रिटिस लाइब्रेरीबाट प्रकाशित ओरीजन अफ हिमालयन स्टडी (इ.सं. २००४), नामक ग्रन्थमा विशेष उल्लेख छ ।

राजव (जनार्दन पुडासैनी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ कात्तिक १५, मरुटोल, काठमाडौँ । **माता/पिता :** भवानी पुडासैनी, देवराज पुडासैनी । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र, त्रि.वि.) । **सेवा :** बैङ्किङ सेवा । **पहिलो रचना :** एउटा बूढो विदेह (कविता, २०३०) । **कृति/सृजना :** समय-पीडा (कथासङ्ग्रह, २०४५), इतर जिल्लावासी (कथासङ्ग्रह, २०५०), माननीय बनौट (व्यङ्ग्य-सङ्ग्रह, २०५१), एक्काइसौँ शताब्दीका भासहरू र बीसौँ शताब्दीको ह्याङ्ओभर (कवितासङ्ग्रह, २०५१), असमर्थ श्लोक (कवितासङ्ग्रह, २०५२), कङ्गन खित्का (कथासङ्ग्रह, २०५६), क्रुरको सौन्दर्य प्रेम (कविता, २०६२), लोचन वंशको साक्ष्य र अथ (नाटक, २०६२) । **सम्पादन/अनुवाद :** लहर (२०३५), व्याद (साहित्यिक त्रैमासिक) । **पुरस्कार/सम्मान :** मैनाली कथा पुरस्कार (२०५२), गोपालप्रसाद रिमाल पुरस्कार (२०५२), देवकोटा सम्मान (२०४९) । **हालको ठेगाना :** चाबहिल, काठमाडौँ / अमेरिका । **फोन :** ४४८०६८६ ।

राजाराम सुवेदी 'त्रैम्बक'

(इतिहासकार)

जन्म/स्थान : वि.सं. २००९ असार २४, ढिकुरपोखरी, कास्की । **माता/पिता :** जयश्री उपाध्याय सुवेदी, नरपति उपाध्याय । **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि (इतिहास) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** बभ्फाङ जिल्लाका बाह्र अभिलेखहरू (कन्ट्रिब्युसन टु नेपलिज स्टडी, २०३६) । **कृति/सृजना :** कर्णाली प्रदेशको

मध्यकालीन इतिहास (२०५४), गुल्मीको ऐतिहासिक झलक (२०५५), बाइसी राज्यको ऐतिहासिक रूपरेखा (२०५५), कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य (२०५६), अछामको इतिहास (२०५८), मध्यपूर्वको इतिहास (२०५८), कास्की राज्यको इतिहास (२०६०), नेपालको तथ्य इतिहास (२०६१) लगायत एक दर्जनजति पुस्तक प्रकाशित । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), शान्तिक्षेत्र पुरस्कार (२०३८), राजीवलोचन प्रतिष्ठान पुरस्कार (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६१) । स्नातक समाज नेपाल सम्मान (२०४८), हाम्रो नेपाल योगी नरहरिनाथ ट्रस्ट सम्मान (२०६१) । **हालको ठेगाना :** ढिकुरपोखरी -२, कास्की / कीर्तिपुर, काठमाडौँ । **फोन :** ४३३२३३२ ।

राजा शाक्य

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९४१ (ने.सं. १०६१ तछ्लालागा ३) । **माता/पिता :** प्रेमदेवी, धर्मानन्द शाक्य । **शिक्षा :** एम.ए. (नेवारी साहित्य) । **सेवा :** च्वसा पासामा संलग्न । **पहिलो रचना :** जन्मन्हि (कथा, झिः पत्रिका, ने.सं. १०८३) । **कृति/सृजना :** मतकी (कथा, ने.सं. १०९०), जि खग्रास मखु: मिलाया (कथा, ने.सं. ११०३), न्हसला त्वयवं (ने.स. ११०५), सहलहया सुलचं (व्याकरण, ने.सं. १११०), कुचा कुचागु किपा (ने.सं. १११९) । **सम्पादन/अनुवाद :** जापानयां पुलां बाखं (ने.सं. ११०८), आशा सफू कुथिया सफू धल: (ने.सं. ११२०) । **पुरस्कार/सम्मान :** श्रेष्ठ सिरपा (ने.सं. ११०३) । **हालको ठेगाना :** केलटोल, काठमाडौँ । **फोन :** ४२२३८१७ ।

राजीवलोचन अर्ज्याल



(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १८३९, गोरखा । निधन : वि.सं. १९०३ । **शिक्षा :** संस्कृत, ज्योतिषशास्त्र । **सेवा :** कूटनीति, साहित्य । **कृति/सृजना :** रुरु क्षेत्र (१८६९) । **पुरस्कार/सम्मान :** लप्टेन बाजे ।

राजीवलोचन जोशी (सेढाइँ)



(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९०५ शुक्ल पञ्चमी, मरुटोल, काठमाडौँ । निधन : १९८६ मङ्सिर शुक्ल पञ्चमी । **माता/पिता :** कुशलादेवी, खिल शर्मा । **शिक्षा :** संस्कृत, ज्योतिषशास्त्र । **सेवा :** निजामती, साहित्य सेवा । **कृति/सृजना :** केदारकल्प (काव्य, १९४३) चानक भाषा श्लोक (अनुवाद, १९५०) श्लोकसङ्ग्रह (१९५६), विस्मात हर्ष तरङ्गिणी (१९६८), विदुर नीति (१९६५) । कूट कविता, नामक कृति छन् । **सम्पादन/अनुवाद :** पतिव्रता धर्म (१९५२ अनु.) । **पुरस्कार/सम्मान :** मोतीराम भट्टले 'कवि शिरोमणि' भनेका ।

राजु तुलाधर

(सङ्गीतकार)

जन्म/स्थान : इ.सं. १९५३ सेप्टेम्बर २३, नरदेवी, काठमाडौँ । **माता/पिता :** माया तुलाधर, पुष्परत्न तुलाधर । **शिक्षा :** एम.कम.सम्मको अध्ययन । **सेवा :** गैरसरकारी, सङ्गीत । **पहिलो रचना :** ल्यासे मयुजु बाँला बेमान याय् मते न्हा... बोल रहेको नेवारी गीत गायन (रेकर्ड, रेडियो नेपाल, २०२८) । **कृति/सृजना :** डोरेमी प्रारम्भ (गीति एल्बम /सी.डी., रचना तथा सङ्गीत, इ.सं.२००२ अक्टोबर) । करिब तीन दर्जनजति गीतहरू रेकर्ड भएका (गायन तथा सङ्गीत), सङ्कल्प परिवारसँग सम्बद्ध भई विभिन्न साङ्गीतिक कार्यक्रमहरूमा संलग्न, विभिन्न देशमा साङ्गीतिक कार्यक्रमहरू सहभागी । **पुरस्कार/सम्मान :** ओलम्पस क्लबबाट सङ्गीतमा प्रथम पुरस्कार (२०२८, २९ तिर) । **हालको ठेगाना :** हात्तीगौँडा, काठमाडौँ (rajutaladhar@gmail.com) । **फोन :** ९८५१०६६१५५ ।

राजुबाबु श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ जेठ २७, तीनधारे बजार, गोरखा । **माता/पिता :** ईश्वरीदेवी श्रेष्ठ, ईश्वरीप्रसाद श्रेष्ठ । **शिक्षा :** एम.ए. (इतिहास), बी.एड. । **सेवा :** प्रहरी सेवा (नायब उपरीक्षक) । **पहिलो रचना :** कविता (नवकिरण

वार्षिक पत्रिका, गोरखा, २०४२) । **कृति/सृजना :** मनहरू (कवितासङ्ग्रह, २०५७), देश दुखेको बेला (कवितासङ्ग्रह, २०६१), प्रहरी र साहित्य (खोजमूलक, २०६१), मारिनो सेलोको जुन (कथा, २०६३), पुस्तान्तर (संयुक्त कथासङ्ग्रह, २०६५), वचन (गीतिसङ्ग्रह, २०६४), आयाम (गीति एल्बम, २०६७), गृहयुद्धको घाउ (२०६८), बयान (गीति एल्बम, २०६९), मृत्यु भेला (२०६९), आशय । **सम्पादन/अनुवाद :** प्रहरी (द्वैमासिक) । **पुरस्कार/सम्मान :** दैवीप्रकोप पीडितोद्धार पदक (२०४६), परदेश सेवा पदक (२०५२), संयुक्त राष्ट्र सङ्घीय सेवा पदक (२०५२), राष्ट्रिय साहित्य सम्मेलन (कविता, तृतीय, २०५३), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), सेवा पदक (२०५७), उत्कृष्ट साहित्य लेखन पुरस्कार (प्रहरी द्वैमासिक, २०६०), हरि उत्कृष्ट प्रतिभा पुरस्कार (२०६१), गोरखा दक्षिणबाहु चौथा (२०६२) । **हालको ठेगाना :** गोङ्बु -८, काठमाडौँ (rajubabu25@yahoo.com) । **फोन :** ५५४३०२३, ९८५१०७२६७७ ।

राजुराजा सिंह

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२१ साउन ४, सोपुखोला, जाजरकोट । **माता/पिता :** सोवणदेवी सिंह, श्रीकुमार सिंह । **शिक्षा :** आई.एड. । **सेवा :** नेपाल स्काउट । **पहिलो रचना :** मेरो सगरमाथा (कविता, मालिका, २०३७) । **कृति/सृजना :** चेतना (गीतसङ्ग्रह, २०५३), जाजरकोट दर्पण (सामाजिक सांस्कृतिक ऐतिहासिक, २०५६) । **पुरस्कार/सम्मान :** श्री ५ वीरेन्द्र रजत महोत्सव पदक, श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक, राष्ट्रिय शिक्षा पदक, ज्याम्बोरी अवार्ड, दीर्घसेवा पदक, नेसनल क्याम्प अवार्ड, विशेष सेवा पदक (नेपाल स्काउट, २०६२) । **हालको ठेगाना :** सक्ला -२, जाजरकोट /खलङ्गा -२, जाजरकोट ।

राजुराम मुनकर्मी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०२० साउन १, चोछें टोल -९, भक्तपुर । **माता/पिता :** हीरादेवी मुनंकर्मी, सिद्धिराम मुनंकर्मी । **शिक्षा :** प्रमाणपत्र तह (कृषि तथा पशु विज्ञान/इतिहास) । **सेवा :** सरकारी सेवा, बैङ्किङ सेवा । **पहिलो रचना :** रित्तो सिउँदो (कथा, बैङ्क सम्पदा, पोखरा, २०५२) । **कृति/सृजना :** अन्तर्द्वन्द्व (लघुकथासङ्ग्रह, २०६२), कैले बाँदर (बालकथासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** बौद्धिक (स्मारिका, २०५१), नेपालक्ष्मी (स्मारिका, २०५७), नेवियान्यूज (बुलेटिन, २०६४), स्वर्णगजुर (पत्रिका, २०६५), कर्मचारी दर्पण (स्मारिका, २०६६) । **पुरस्कार/सम्मान :** राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा प्रथम (२०६२) आदि । **हालको ठेगाना :** चोछें टोल, भक्तपुर । **फोन :** ९८४१३०७४८१, ६६१२२८१ ।



राजेन्द्रकुमार आचार्य

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ साउन २०, मर्याङ -४, सान्ने, अर्घाखाँची । **माता/पिता :** खगा, लीलाधर आचार्य । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** अध्यापन । **पहिलो रचना :** चरित्र (कविता, बिहानीपख, बनारस, २०२४) । **कृति/सृजना :** शैक्षणिक मूल्याङ्कन (२०५७), शिक्षण विधि (२०५७), केन्द्रीय नेपाली शब्दकोश (२०६०), गर्गगोत्री आचार्य वंशावली (सहलेखन, २०६१) । **सम्पादन/अनुवाद :** सूर्य (साहित्यिक वार्षिक, २०३८), पाणिनि (साहित्यिक वार्षिक, २०६१) । **हालको ठेगाना :** बुद्धनगर, नयाँबानेश्वर, काठमाडौँ । **फोन :** ४७८०३६४ ।

राजेन्द्र थापा (लेख थापा)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ भदौ १७, डिल्लीबजार, काठमाडौँ । **माता/पिता :** तारादेवी थापा, तुलाबहादुर थापा । **शिक्षा :** स्नातकोत्तर (सैनिक कला विज्ञान, अमेरिका) । **सेवा :** सैनिक सेवा (जर्नेल) । **पहिलो रचना :** बीसको दशकदेखि कविताहरू प्रकाशित । प्रथम गीत रेकर्डिङ (रेडियो नेपाल, २०२६) । **कृति/सृजना :** यसपालि त मनै फाट्यो (गीतिसङ्ग्रह,

२०५२), सूर्जे पनि अस्ताउन मात्रै (गजलसङ्ग्रह, २०६२), सहनेकै छाती अचानो (गजलसङ्ग्रह, २०६२), बाटोले अब मान्छे हिँड्छ (गजलसङ्ग्रह, २०६३), भुइँमान्छे (मुक्तकसङ्ग्रह, भाग १-२), खेलौना (उपन्यास, २०६९), द्रौपदी (उपन्यास) । करिब एक दर्जन लघुनाटकहरूको लेखन भई मञ्चित भइसकेका । गीति-एल्बम : गरिबी हाम्रो भाग्यरेखा होइन (युनेस्को), उठेर आए सलहका हुल, चुपचाप लाग्नु बेस । सिंहबहादुर बस्न्यातको नाटक (२०२८) नाट्यसम्राट् बालकृष्ण समको नाटक 'रणदुल्लभ' (२०२९) मा नायक (कलाकार)को भूमिका निर्वाह । चलचित्र 'मायालु' को संवाद । थुप्रै कथा तथा नाटकहरूको लेखन । हिन्दी तथा उर्दूमा सयभन्दा गजलहरू र तीन चार दर्जन जति गीतहरूको रचना । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु तेस्रा, त्रिशक्ति पट्ट चौथा, शान्ति पदक (राष्ट्र सङ्घीय), सर्वोत्कृष्ट भिडियो फिल्म गीतकार (२०४९), छिन्नलता गीत पुरस्कार (२०५८), ने.रा.प्र.प्र. कविता महोत्सवमा पुरस्कृत (तृतीय: २०३३, प्रथम: २०३६), विविध साहित्यिक कार्यक्रममा स्वर्णपदक । **हालको ठेगाना :** मध्यपुर ठिमी, भक्तपुर (lekhbst@yahoo.com) । **फोन :** ६६३४५१७, ९८५१०३९५०७ ।

राजेन्द्र निरौला सर्वहारा

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०३५ फागुन ७, बाना- ३, सङ्खुवासभा । **माता/पिता :** हिमकुमारी/कृष्णप्रसाद निरौला । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** बूढीगाई र बारूले बहर (२०६०), जमर्काका पाइलाहरू (२०६०), होस्टेमा हैंसे (२०५७), बोर्डिङको मास्टर (२०५८), मोरङ्गका आँकुराहरू (२०६२) । **सम्पादन/अनुवाद :** सङ्खुवासभा शैक्षिक दर्पण । **हालको ठेगाना :** बाना- ३, सङ्खुवासभा ।

राजेन्द्र पराजुली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ वैशाख १३, कोटेश्वर, काठमाडौं । **माता/पिता :** शान्ति पराजुली, कृष्णप्रसाद पराजुली । **शिक्षा :** स्नातकोत्तर (नेपाली, त्रि.वि.) । **सेवा :** शिक्षण, पत्रकारिता । **पहिलो रचना :** श्रद्धाञ्जली (कथा, नयाँ सन्देश पत्रिका, २०३९) । **कृति/सृजना :** तीन आँखाको मान्छे (२०४५), जिन्दावाद/मुर्दावाद (संयुक्त, २०४७), विकल्प यात्रा (कथासङ्ग्रह, २०५०), भ्रष्ट संवेदना (कवितासङ्ग्रह, २०५६), जाडोमा भोक (२०६२) । **सम्पादन/अनुवाद :** संवाहक (त्रैमासिक, २०४७), वन्दना (त्रैमासिक, २०४८), कविता /सोच (२०५०), तन्नेरी (द्वैमासिक, २०५२), प्रतिनिधि नेपाली कथा र आत्मटिप्पणी (२०५३), नेपाली नाटक समकालीन सन्दर्भ (२०५५) आदि । **हालको ठेगाना :** सानेपा, ललितपुर । **फोन :** ४४८७७४०, ९८५१०७६२६६ ।

राजेन्द्र पहाडी

(समाजशास्त्रीय लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०३० वैशाख १८, कुश्मा, पर्वत । **माता/पिता :** पार्वती गिरी, ज्ञानेन्द्र पहाडी । **शिक्षा :** एम.ए. (समाजशास्त्र/राजनीतिशास्त्र), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मेरो देश (कविता, पर्वत सन्देश साप्ताहिक, २०४८) । **कृति/सृजना :** महिला विरूद्ध हिंसा - एक सामाजिक विवेचना (२०६६), पर्वत साहित्य सङ्गम : सङ्क्षिप्त सिंहावलोकन (इतिहास, २०६७), शान्तिनारायण श्रेष्ठका कवितामा समाजशास्त्रीय चिन्तन (समालोचना, २०६७), सामाजिक सर्वेक्षणका लागि आधारभूत तरिकाहरू (समाजशास्त्र, २०६७), सर्वदलीय घरको समाजशास्त्रीय नालीबेली (समालोचना, २०६८), नेपालमा महिला हिंसा (समाजशास्त्र, २०६८) । **सम्पादन/अनुवाद :** सगुन (समसामयिक साहित्य सङ्कलन), समुदाय र सृजना (त्रैमासिक), कफी आवाज (त्रैमासिक), चौतारी (त्रैमासिक), बगैंचा (स्मारिका), बगैंचा दर्पण (वार्षिक), समाजकल्याण दर्पण (वार्षिक पत्रिका) । **पुरस्कार/सम्मान :** निबन्ध प्रतियोगितामा उत्कृष्ट पुरस्कार (चिनिया अन्तर्राष्ट्रिय रेडियो नेपाली सेवा, इ. २०००), धौलागिरि, अञ्चल स्तरीय कविता प्रतियोगितामा प्रथम (२०५८), खुला कविता प्रतियोगितामा प्रथम (रत्नराज्यलक्ष्मी क्याम्पस, २०५७), खुला कविता प्रतियोगितामा प्रथम (रेडियो मास्को, इ.१९८९) लगायत थुप्रै पुरस्कार प्राप्त । सृजनशील ऊर्जा प्रबर्द्धन सङ्घ, पर्वतद्वारा सम्मान (२०६७), नेपाल ललित कला मञ्च नेपाल, पर्वतद्वारा सम्मान (२०६६), युवा शान्तिदूत सम्मान, श्री शिवालय बहुमुखी क्याम्पस, कुश्मा पर्वतबाट सम्मान (२०६४) लगायत थुप्रै सङ्घ-संस्थाबाट प्रशंसापत्र प्राप्त । **हालको ठेगाना :** मैत्रीचोक-४, कुश्मा, पर्वत (babupahadi@yahoo.com) । **फोन :** ०६७-४२०१६२, ९८४७६२०६८९ ।

राजेन्द्रप्रसाद अर्याल

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ मङ्सिर २१, पोखरीथोक, गोरखा । **माता/पिता** : नन्दकुमारी, दण्डपाणि अर्ज्याल । **शिक्षा** : स्नातकोत्तर (जनप्रशासन) त्रि.वि. । **सेवा** : त्रि.वि. (केन्द्रीय कार्यालय) । **पहिलो रचना** : लेख (कस्तुरी, २०५६) । **कृति/सृजना** : फ्रान्सको भ्रमण मेरो संस्मरण (नियात्रासङ्ग्रह, २०६३), पुस्तान्तर (संयुक्त कथासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : ज्ञानबिन्दु (पत्रिका, २०६६) । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक (त्रि.वि., २०६१), राष्ट्रिय शिक्षा दिवस पुरस्कार (२०६२) । **हालको ठेगाना** : सोह्रखुट्टे, काठमाडौँ । **फोन** : ९८४१३०६७३७, ४३५९६१५ ।

राजेन्द्रप्रसाद पौड्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ भदौ १९, कमलामाई न.पा., रानीचुरी, सिन्धुली । **माता/पिता** : चन्द्रमाया पौड्याल, विश्वनाथ पौड्याल । **शिक्षा** : बी.एड., एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, विद्यालय प्रशासन । **पहिलो रचना** : शून्य (कविता, स्थिति साहित्यिक पत्रिका, जनकपुर, २०३५) । **कृति/सृजना** : चौध कथाकारका कथा (२०५४), पाठ्यपुस्तक सहलेखन । **सम्पादन/अनुवाद** : कुमारी (मुखपत्र, काठमाडौँ, २०५६) । **हालको ठेगाना** : बल्खु, प्राज्ञटोल, काठमाडौँ । **फोन** : ४३३०५६८ ।

राजेन्द्रप्रसाद विमल

(लेखक, मैथिलीभाषा)

जन्म/स्थान : इ.सं. १९४७ मार्च २६, जनकपुरधाम । **माता/पिता** : सुशीलादेवी, कुशेश्वरलाभ । **शिक्षा** : एम.ए. (नेपाली, हिन्दी, मैथिली), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : आर्यावर्त (हिन्दी, इ.सं. १९५८) । **कृति/सृजना** : ई हमरे कथा थिक (कथासङ्ग्रह, मैथिली, २०६०), राजेन्द्र विमलका कथाहरू, नेपाल परिचय, नवनीत, जयश्री जानकी : जय जनकपुरधाम, गद्य, पद्य र नेपाली, बौआक पोथी (मैथिली), नेपाली नवजीवन, मिथिलाको इतिहास, संस्कृति र कला-परम्परा, फिस्टीरानी (बालकथा) । मिथलाक व्यथा (पहिलो मैथिली टेलिचलचित्र, कथा/पटकथा लेखन, हंस चलल परदेश (टेलिफिल्म कथा/पटकथा लेखन, नेपाल टेलिभिजनद्वारा प्रसारण) आदि । **सम्पादन/अनुवाद** : सीतायन (महाकाव्य), विज्ञान-प्रविधि (मासिक पत्रिका), आँजुर (मैथिली), अर्चना, अञ्जुली खट्टरकाकाका तरङ्ग (अनुवाद सम्पादन) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार, प्रतिभा पुरस्कार (जानकी कला परिषद्), कुलचन्द्र कोइराला सम्मान (चितवन), गोपालप्रसाद रिमाल सम्मान (काठमाडौँ), मैथिली साहित्य परिषद् वीरगञ्ज, अखिल नेपाली हिन्दी सम्मेलन, जानकी कला परिषद्, धनुषा जिल्ला विकास आदि सङ्घ संस्थाहरूद्वारा सम्मान, 'मिथिला विभूति' सम्मान (विद्यापति संस्थान, दरभङ्गा भारत) । **हालको ठेगाना** : जनकपुर न.पा. -१०, धनुषा (dr_rajendra_bimal@yahoo.com) । **फोन** : ०४१-५२०२६२ ।

राजेन्द्र शलभ (राजेन्द्र शर्मा)

(कवि/चलचित्र निर्देशक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ पुस १, भद्रपुर -९, झापा । **माता/पिता** : पार्वती शर्मा, एस.एल. शर्मा । **शिक्षा** : बी.एल. । **सेवा** : प्राध्यापन, अभिनय-निर्देशन (चलचित्र) । **पहिलो रचना** : कविता प्रकाशन (सूर्योदय साप्ताहिक, २०२५) । **कृति/सृजना** : भाउजू, विजय पराजय, परिभाषा, भन्नै सकिनँ आदि चलचित्रहरू निर्देशन लगायत थुप्रै टेलिकार्यक्रमहरू निर्देशन । **सम्पादन/अनुवाद** : दुबो (गोजिका सम्पादन) । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेता (ने.रा.प्र.प्र., २०४१), सर्वश्रेष्ठ निर्देशक (जी.ए.ए.) (२०४२) । **हालको ठेगाना** : शर्मा निवास, भद्रपुर, झापा / पो.ब.नं. १००३३, काठमाडौँ । **फोन** : ४४८४५९८, ९८५१०४००७१ ।

राजेन्द्र सुवेदी (विरूपाक्ष, विरोचन, रासु)

(समालोचक/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ साउन १९, अमरपुर, पाँचथर । **माता/पिता** : राधिका सुवेदी, पद्मप्रसाद सुवेदी । **शिक्षा** :

एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, प्राध्यापन, संस्थान सेवा (गोरखापत्र) । **पहिलो रचना :** युवकको मुख्य उद्देश्य (निबन्ध, समर्पण पत्रिका, २०२४) । **कृति/सृजना :** सुद्युम्न (पौराणिक उपन्यास, २०३०), विषय गहन : सतह चिन्तन (समालोचना, २०३८), स्रष्टा सृष्टि : द्रष्टा दृष्टि (निबन्ध साहित्यको इतिहास र समीक्षा, २०४३), समकालीन साहित्यकारका बीचमा झपटबहादुर राणा (२०४७), खाली सिसी पुराना कागज (निबन्धसङ्ग्रह, २०४८), स्वप्न संसार (पौराणिक उपन्यास, २०४८), केही समीक्षण : केही विश्लेषण (समालोचनासङ्ग्रह, २०४९), आफ्नै यात्रा आफ्नै परिवेश (निबन्धसङ्ग्रह, २०५३), नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (२०५३), सृजन विधाका परिधिमा पारिजात (समालोचना, २०५४), सृजन विधाका परिधिमा ध्रुवचन्द्र गौतम (२०५४), सृजनात्मक लेखन सिद्धान्त र विश्लेषण (२०५७), नेपाली समालोचना : परम्परा र प्रवृत्ति (२०६१), गुडबाइ छोडिजानेहरूलाई (२०६५), म हुँ औँला नकाटिएको एकलव्य (२०६६), काव्य निबन्ध केन्द्रका देवकोटा (२०६६), आत्मनिर्माण (महाकाव्य, २०६६), बृहत् रत्न नेपाली समालोचना (२०६९) प्रज्ञा नेपाली समालोचना (२०६९), समसामयिक नेपाली उपन्यास (२०६९) । **सम्पादन/अनुवाद :** दाडिमको रूखनेर (निबन्धसङ्ग्रह, २०३९), देवकोटाको निबन्धसङ्ग्रह, गौतमका प्रतिनिधि कथाहरू (ध्रुवचन्द्र गौतमका कथाहरू, २०४१), स्रष्टा देवकोटा द्रष्टा परिवेशमा (देवकोटाको समालोचना, २०४१), समसामयिक साझा कथा (कथासङ्ग्रह, सहसम्पादन, २०४१), श्रीकृष्णाष्टमी व्रतकथा (खण्डकाव्य, २०४२), नेपाली हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह (संयुक्त सम्पादन -२०४६), स्नातकोत्तर नेपाली कथा (कथासङ्ग्रह, २०५२), स्नातकोत्तर नेपाली निबन्ध (२०५१), सूक्तिसिन्धु 'फेरि' (पुन: सं. २०५५), पूर्व आधुनिक नेपाली साहित्यको रूपरेखा (सहलेखन-सम्पादन, २०५५), सृजनात्मक लेखन सिद्धान्त र विश्लेषण (२०५७), । मञ्जरी (वार्षिक, बनारस, २०२५), समर्पण (वार्षिक, बनारस, २०२५), वाङ्मय (अर्द्धवार्षिक, २०४५) आदि पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान :** साहित्य गोष्ठी राष्ट्रिय पुरस्कार (युवक सङ्गठन २०३०), झपट पुरस्कार (२०४७), देवकोटा स्मृति पुरस्कार (२०५२), नेपाली प्रज्ञा प्रतिष्ठान सम्मान (म्यान्मा, २०६९) । **हालको ठेगाना :** कोटेश्वर, काठमाडौँ । **फोन :** ४६००५४९, ९८५१००८२१४ ।

राजेश अवाले

(मूर्तिकार)

जन्म/स्थान : वि.सं. २०११ कात्तिक ६, सिन्चाहिटी, ललितपुर । **माता/पिता :** लक्ष्मीमाया अवाले, कालु अवाले कुम्हाल । **शिक्षा :** साधारण । **सेवा :** कलासाधना । **कृति/सृजना :** मैत्रीय बुद्धको प्रतिमा, मञ्जुघोषको प्रतिमा (हालसम्म नेपालमा बनेका मूर्तिहरूमध्ये सबैभन्दा ठूलो मूर्ति १५ फिट अग्लो), दत्तात्रयको प्रतिभा (नगरकोट), तामाको बुद्ध मूर्ति (स्वीजरल्याण्ड म्युजियम), नागार्जुन प्रतिमा (दार्जीलिङ), तामाको बुद्ध मूर्ति (लण्डन), बुद्ध, मञ्जुघोष र महात्मा गान्धीको प्रतिभा (भारत), बुद्ध, शङ्खधर साख्वा, वज्रसत्त्व, मैत्रेय बुद्ध आदि मूर्तिहरूको सृजना । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०६१), चन्द्रस्मृति गुठीद्वारा सम्मान (२०५७), सुर्खेत उपत्यका नगर विकास समितिद्वारा सम्मान (२०५७), लुँखुसि टोल सङ्घ, ललितपुरद्वारा सम्मान (२०५७) । **हालको ठेगाना :** सिन्चाहिटी, ललितपुर । **फोन :** ५५४१८४७ ।

राजेश गौतम (राजेशकुमार गौतम)

(इतिहासकार)

जन्म/स्थान : वि.सं. २००७ जेठ १९, ठमेल, काठमाडौँ । **माता/पिता :** महाकाली गौतम, बद्रीनाथ गौतम । **शिक्षा :** एम.ए., विद्यावारिधि (इतिहास, त्रि.वि.) । **सेवा :** प्राध्यापन, लेखन, चित्र-कारिता । **पहिलो रचना :** 'सम' को 'आगो र पानी' एक बौद्धिक काव्य (दीपज्योति, वर्ष ३, २०३७ वैशाख) । **कृति/सृजना :** क्रान्तिपछिको दश वर्ष (इ.सं. १९८२), इतिहास लेखनको इतिहास (इ.सं. १९८३), चीन र जापानको इतिहास (इ.सं. १९८४), नेपालको इतिहास (इ.सं. १९८४), विश्व इतिहासका केही पानाहरू (इ.सं. १९८४), नेपालमा प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन (इ.सं. १९८७), नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका (भाग १, इ.सं. १९८८), सन् १९९० अप्रिल ६ मा भएको जनसंहारको रिपोर्ट (इ.सं. १९९०), युरोपको इतिहास (इ.सं. १९९२), राणाकालीन नेपालको एक झलक (इ.सं. १९९४), इतिहासको पनि इतिहास (इ.सं. १९९४), ट्राइबल इथ्नोग्राफी अफ नेपाल (भाग १-२, सहलेखन, इ.सं.

१९९४), इण्डिजिबल स्कार्स (सहलेखन, इ.सं. १९९४), मानवअधिकारको ऐतिहासिक अवधारणा (इ.सं. १९९५), नेपालको संवैधानिक इतिहास र राजनीति (इ.सं. १९९७), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस इ.सं. १९४० देखि इ.सं. १९५१ सम्म (ई.१९९८), प्रचण्ड गोर्खा : एक अध्ययन (इ.सं.२०००), कर्मयोगी राजनीतिज्ञ : कृष्णप्रसाद भट्टराई (इ.सं.२००२), नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह (इ.सं.२००३), विद्रोही भरतशमशेर (इ.सं.२००४), नेपालको प्रजातान्त्रिक आन्दोलन र शहीद दशरथ चन्द (इ.सं.२००५), राणाकालीन नेपालको प्रशासनिक सामाजिक र शैक्षिक इतिहास (२००५), राजवंशीज अफ नेपाल (२००५), हिस्ट्री अफ हिस्ट्री राइटिङ (२००५)। 'म र मेरो आकाश' शीर्षकमा एकल चित्रकला प्रदर्शनी (२०६०), बादलको माधुर्य (एकल चित्रकला प्रदर्शनी, २०६२)। **पुरस्कार/सम्मान :** सर्वोत्कृष्ट युवा पुरस्कार (इ.सं. १९६१), मदन पुरस्कार (इ.सं. १९९०), महेन्द्र विद्याभूषण 'क' (इ.सं. १९९४), राष्ट्रिय शिक्षा पुरस्कार (इ.सं. १९९५)। शहीद दशरथ चन्द स्मृति गुठीद्वारा सम्मान (इ.सं. २००३), धादिङ परिचय प्रतिष्ठानद्वारा अभिनन्दन (इ.सं.२००३)। **हालको ठेगाना :** भगवतीस्थान, ठमेल, काठमाडौं। **फोन :** ४४८२३२३, ९८४१३८७७५३।

राजेशपायल राई

(गायक/सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०३२ असोज १४, बुइपा, खोटाङ। **माता/पिता :** गङ्गा राई, रत्न राई। **शिक्षा :** प्रमाणपत्र तह। **सेवा :** गायन, सङ्गीत। **कृति/ सृजना :** मूर्च्छना, पूर्वमा रङ चढेछ, जस्ट फर यु, लभ लेटर, बैगुनी रैछौ मायालु, निगाह, जदौ, कामना, जदौ-२, दर्शन नमस्ते, राई इज किङ, तिमी नहुँदा, मूर्च्छना-२, जदौ-३, मेड इन नेपाल, सेवारोलगायत डेढ दर्जन एल्बम तथा लोकगीत, भजन, चलचित्र, भाषाभाषी, आधुनिक तथा पपगीतलगायतका सयौं गीत गायन रेकर्ड। कानुन, तिम्रै लागि, लेखान्त, पागल छ यो मन, प्यारी, गुण्डाराज लगायतका ठूलो पर्दाका चलचित्रमा सङ्गीत। **पुरस्कार/सम्मान :** राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरका गायनमा दर्जनौं पुरस्कार तथा सम्मानपत्रहरू। **हालको ठेगाना :** काठमाडौं।

राजेश बान्तवा (आषिक राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ फागनु ५, खावा -९, भोजपुर। **माता/पिता :** ऐतमाया राई, जसबहादुर राई। **शिक्षा :** आई.ए.। **सेवा :** राजनीति, साहित्य। **पहिलो रचना :** मेरो कलम (कविता, छायाँ पत्रिका, २०३७)। **कृति/सृजना :** अँध्यारोभित्रका फिलुङ्गाहरू (कविता सङ्ग्रह, २०३७), राजेश बान्तवाका कविताहरू (२०४९), आस्था र विद्रोह (कवितासङ्ग्रह, २०५६)। **सम्पादन/अनुवाद :** भाषा विज्ञानबारे मार्क्सवाद (सम्पादन, २०४२), पूर्वको सुसेली (साहित्यिक मासिक, २०४८), पूर्वेली दैनिक (समाचार पत्र, २०५४)। **पुरस्कार/सम्मान :** विमल स्मृति पुस्तकालय धरानद्वारा सम्मान (२०५३)। **हालको ठेगाना :** ग्वार्को, ललितपुर /धरान -१५, सुनसरी। **फोन :** ५५५३७१३ / ०२५-२६१६९।

राजेश मानन्धर

(चित्र कलाकार)

जन्म/स्थान : वि.सं. २०२३ फागुन २, पशुपति देवपत्तन, काठमाडौं। **माता/पिता :** वसुमाया मानन्धर, कृष्ण मानन्धर। **शिक्षा :** बी.कम., बी.एफ.ए.। **सेवा :** कला, व्यङ्ग्यचित्र, अध्यापन (कला)। **पहिलो रचना :** मगन्ते (चित्रकला, २०४४)। **कृति/सृजना :** जनावर चित्रकोष (पुस्तक, २०४८), बोटबिरुवा चित्रकोष (सहलेखन, २०४८)। चित्रकला प्रदर्शनी (काठमाडौं, २०४५, २०४७, २०५९) र भारत। **पुरस्कार/सम्मान :** पोस्टर प्रतियोगितामा प्रथम (पशुपति विकास कोष, २०४७), चित्रकला प्रतियोगितामा सान्त्वना (सिविन, २०४९)। दायित्व वाङ्मय प्रतिष्ठानद्वारा सम्मान (२०६०)। **हालको ठेगाना :** पो.ब.नं. ७८६५, पशुपतिदेवपत्तन, काठमाडौं (kipakala@gmail.com)। **फोन :** ४४९७३६७।

राजेश हमाल

(अभिनेता)

जन्म/स्थान : इ.स. १९६४ जुन ९, तानसेन, पाल्पा। **पिता :** चूडाबहादुर हमाल। **शिक्षा :** स्नातकोत्तर (अङ्ग्रेजी साहित्य)। **सेवा :** चलचित्र कलाकारिता। **पहिलो रचना :** युगदेखि युगसम्म (चलचित्र, प्रमुख भूमिका, २०४८) **कृति/सृजना :**

युगदेखि युगसम्म, कसम, गोपीकृष्ण, देउकी, देउता, शङ्कर, अपराध, अधिकार, चट्याङ, परिभाषा, पृथ्वी, प्रतिज्ञा, भीष्म प्रतिज्ञा, छोरी बुहारी, सिमाना, अल्लारे, अवतारलगायत दर्जनौं चलचित्रमा प्रमुख भूमिकामा अभिनय, देश-विदेशका विभिन्न स्थानमा दर्जनौं पटक कार्यक्रम प्रस्तुत । **पुरस्कार/सम्मान :** राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा सम्मान तथा अवार्डहरू प्राप्त । **हालको ठेगाना :** काठमाडौं ।

राजेश्वर कार्की

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ मङ्सिर २६, खलङ्गा -३, जाजरकोट । **माता/पिता :** प्रभा कार्की, योगेश्वर कार्की । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, निजामती सेवा, व्यवसाय । **पहिलो रचना :** कविता (नवरत्न, २०३३) । **कृति/सृजना :** मेरो कविताको अन्तिम पृष्ठ (कविता-सङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** सिर्जना (त्रैमासिक), कुशे, स्मारिका । **पुरस्कार/सम्मान :** शिक्षा पुरस्कार (२०४५) । **हालको ठेगाना :** पो.ब.नं. २११९७, काठमाडौं (rajeshwor_karki@hotmail.com) । **फोन :** ४४१६६२८ ।

राजेश्वर थापा (राथा, कर्मनिस्ट)

(लेखक, अनुवादक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००८ वैशाख २८, खोकलिङ -६, ताप्लेजुङ । **माता/पिता :** सुशीला थापा, नरसिंह थापा । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** अध्यापन, लेखन । **कृति/सृजना :** शुभकामना (कवितासङ्ग्रह, २०४६), सत्प्रयास (पर्चासाहित्य, २०४६) । **सम्पादन/अनुवाद :** शिवपुरी सन्देश, उत्साह, अभिमान, झुप्रो, कटिबद्ध धारा, कञ्चनजङ्घा जर्नल, द हिमालयन भ्वाइस, द बुद्ध एरा, द बुद्ध, सान्त्वना, चासो राष्ट्रवन्दना आदि पत्रिकाको सम्पादन । विश्वका केही क्रान्तिकारी महिलाहरूको चिनारी (अनु., २०३५), जिन्दगी र कानुन (अनु., २०४०), आजको प्यालेष्टेनी साहित्य (अनु. २०४०), जातिहरूको नीतिसम्बन्धी केही सवालहरू (अनु. २०४०), वलिवेदीवाट (नागभूषण नाटकका ऐतिहासिक दस्तावेजहरू, अनु. २०४३), लि हुआनसँग सम्वन्धित कथाहरू (अनुवाद, २०४४), वादशाहको नयाँ पोशाक (अनुवाद, २०४७) । **हालको ठेगाना :** विराटनगर, काठमाडौं । **फोन :** ४४१७९२२ ।

राजेश्वर नेपाली

(कवि, पत्रकार, नेपाली/मैथिलीभाषा)

जन्म/स्थान : वि.सं. २००२ भदौ १९, विन्धि -१, बेलाग्राम, धनुषा । **माता/पिता :** इन्द्रमणिदेवी शाह, रामदुलार साह । **शिक्षा :** एम.ए. (त्रि.वि.) । **सेवा :** पत्रकारिता, साहित्य सिर्जना । **पहिलो रचना :** त्रिभुवन सार्वजनिक पुस्तकालय एक अध्ययन (नयाँ पाइलो साप्ताहिक, २०२०) । **कृति/सृजना :** पुकार (कवितासङ्ग्रह, २०२५), प्रेरणाप्रद शहीदहरू (कवितासङ्ग्रह, २०५५), मिथिला मैथिली (कवितासङ्ग्रह, मैथिली, २०५७), नेपाल नेपाली (कवितासङ्ग्रह, २०५९), प्राचीन जनकपुरधाम एक विवेचना (२०५९), प्रेरणाप्रद प्रजातन्त्र सेनानीहरू (२०६१), सोहागिन (मैथिली कथासङ्ग्रह, २०६१), कनिआ काकी (मैथिली कथासङ्ग्रह, २०६१), बम नही विचार क्रान्ति (कवितासङ्ग्रह, २०६२), पत्रकारिता मेरी पूजा (आत्मवृत्तान्त, हिन्दीभाषा, २०६२), सोमली (मैथिली कथासङ्ग्रह, २०६६), गरिबको व्यथा (खण्डकाव्य, २०६८), निरपहाय मानव (खण्डकाव्य, २०६८), लोकतन्त्रको लालिमा (कवितासङ्ग्रह, २०६९), नव नेपाल (हिन्दी कवितासङ्ग्रह, २०६९), क्रान्तिकारी सरयुग चौधरी (हिन्दी, जीवनी, २०६९) । **सम्पादन/अनुवाद :** लोकमत (साप्ताहिक, २०४०), नेपाल भारत सम्बन्ध (पुस्तक, २०४९), नेपाल के हिन्दी कवि और कविताएं (२०५३), नेपाल मे हिन्दीकी अवस्था (२०५३), विद्यापति स्मारिका (२०५६) । **पुरस्कार/सम्मान :** पद्मानन्द ट्रस्ट पुरस्कार (२०४३), प्रवल गोरखा दक्षिणबाहु (२०४९), सरस्वती राजनारायण पत्रकारिता पुरस्कार (२०६४), पार्वती स्मृति पुरस्कार (२०६४), पत्रकारिता साधना पुरस्कार (हेम-सरिता प्रतिष्ठान अमेरिका) । प्रेस स्वतन्त्रता सेनानी सम्मान (२०६५), राजा सलहेस सम्मान (२०६८), वरिष्ठ पत्रकारिता सम्मान (नेपाल सरकार, २०६९) । नेपाल पत्रकार महासङ्घ

सम्मान (२०४७), नेपाल प्रेस युनियन सम्मान (२०५३), मैथिल सङ्घ चेनई तमिलनाडुद्वारा सम्मान (२०५५), गुजरात हिन्दी प्रतिष्ठान अहमदावादद्वारा सम्मान (२०५६), रघुनाथप्रसाद रौनियार स्मृति सम्मान (२०६१), अखिल भारतीय मध्यदेशीय वैश्यसभा शताब्दी समारोह बनारसमा स्वतन्त्रता सेनानी सम्मान (२०६२) । **हालको ठेगाना :** बिन्धी -१, टोल बोला, धनुषा । **फोन :** ०४१-५२१०८३, ५२३०८३ ।

राजेश्वर देवकोटा

(आख्यानकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ असोज २३, पण्डितगाउँ, आँपपीपल, गोरखा । **माता/पिता :** वसुन्धरादेवी, हरिभक्त देवकोटा । **शिक्षा :** स्नातक, साहित्य रत्न (हिन्दी) । **सेवा :** राजनीति (पूर्व मन्त्री, पूर्व सांसद्), साहित्य । **पहिलो रचना :** रम्घातिर (निबन्ध, शारदा पत्रिका, २०१२) । **कृति/सृजना :** शाही भोज (निबन्धसङ्ग्रह, २०१४), नेपाली व्याकरण (२०१७), नेपाली निबन्धावली (सहलेखन, २०१८), नेपाली व्याकरण (२०१९), बालसाहित्य (सहलेखन, २०१९), हाम्रा पुर्खाहरू (जीवनीसङ्ग्रह, २०२४), असल पञ्चको लागि अनिवार्य पाठ (राजनीति, सहलेखन, २०२४), युगल काव्य (२०३९), आवर्तन (उपन्यास, २०४१), द्वन्द्वको अवसान (उपन्यास, २०४२), पूर्वकथा (उपन्यास, २०४३), उत्सर्ग प्रेम (उपन्यास, २०४४), उदारवाद (राजनीति, २०४७), पूर्णिमा (उपन्यास, २०५४), डबली (उपन्यास, २०६०), पाँच कथा (कथासङ्ग्रह, २०६७), स्वन (कथासङ्ग्रह, २०६७), आफू आफैमा (संस्मरण, २०६७) । **सम्पादन/अनुवाद :** नेपाल पुकार (२००८) । **पुरस्कार/सम्मान :** त्रिशक्तिपट्ट प्रथम (२०२३), गोरखा दक्षिणवाहु, त्रिशक्तिपट्ट प्रथम (इ.सं. १९६९), शुभराज्याभिषेक पदक (२०३१), साझा पुरस्कार (२०४३), मदन पुरस्कार (२०४४), दैवीप्रकोप पीडितोद्धार सेवा पदक (२०४५), बालचन्द्र स्मृति पुरस्कार (२०६६) । **हालको ठेगाना :** महाराजगञ्ज, काठमाडौं । **फोन :** ४४१३५२१, ४४११६३२ ।

राधाकृष्ण पौड्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० चैत २०, झम्सिखेल, ललितपुर । **माता/पिता :** खेटकुमारी, ध्रुवमोहन पौड्याल । **शिक्षा :** एम.ए. (अर्थशास्त्र) । **सेवा :** बैङ्किङ सेवा । **पहिलो रचना :** मानव (कविता, उकालो हस्तलिखित पत्रिका, २०१४) । **कृति/सृजना :** नेपालमा बैङ्किङ व्यवस्था (२०४१), हाम्रो देशदर्शन (२०५९) । **पुरस्कार/सम्मान :** राष्ट्र बैङ्कबाट सर्वोत्तम लेख पुरस्कार (२०४०) । **हालको ठेगाना :** बानेश्वर -१०, महादेवस्थानमार्ग -११३, काठमाडौं । **फोन :** ४४७२१३३ / ४४८०३६४ ।

राधाकृष्ण मैनाली (आर.के. मैनाली)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ असोज १०, चोकपुर, ताप्लेजुङ । **माता/पिता :** चन्द्रमाया मैनाली, धनपति मैनाली । **शिक्षा :** आई.ए. । **सेवा :** राजनीति (पूर्वमन्त्री), साहित्य । **पहिलो रचना :** कविता प्रकाशित (पञ्चामृत मासिक, २०२५) । **कृति/सृजना :** लुटिएका दुई थुँगा फूल (उपन्यास, २०४७), बन्दी रहर (२०५४), मेरो अतीत - मेरो सपना (२०६२), मेरो चिन्तन र वास्तविकता (२०६३) । **सम्पादन/अनुवाद :** पञ्चामृत (मासिक, २०२५) । **हालको ठेगाना :** पो.ब.नं. ११३७४, सीतापाइला, काठमाडौं /सुरुङ्गा -२, झापा । **फोन :** ९८५१०५१२३४ / ०२३-५५०१०२ (झापा) ।

राधानाथ लोहनी (लाटोसाथी)

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९४७ असार २५, न्ह्यौखा, काठमाडौं । निधन : २०२८ भदौ २८ । **माता/पिता :** शीलकुमारी, रङ्गनाथ लोहनी । **शिक्षा :** आचार्य (संस्कृत साहित्य), ज्योतिषशास्त्र । **सेवा :** ज्योतिष, अध्यापन । **कृति/सृजना :** श्री जगदम्बा स्तुतिपद्य मालिका (संस्कृत र नेपालीमा, वि.सं. १९७१), दोलामुग्धोक्ति (सूक्तिसिन्धुमा प्रकाशित, १९७४), मूक सहचर

(यात्रा वृत्तान्त, २००६) । **सम्पादन/अनुवाद :** हिमवत्खण्ड (अनु. २०१३) ।

राधारमण उपाध्याय

(अनुवादक)

जन्म/स्थान : वि.सं. १९९५ पुस २०, दारिम्बोट, उदयपुर गढी । **माता/पिता :** इन्दिरादेवी आचार्य, बद्रीनाथ उपाध्याय आचार्य । **शिक्षा :** एम.ए., बी.एल. । **सेवा :** प्रशासन (सचिव / अख्तियार प्रमुख) । **पहिलो रचना :** निबन्ध (गोरखापत्र, २०१८) । **कृति/सृजना :** पत्रं पुष्पम् (२०५६), गीतार्थसङ्ग्रह (२०५७), जागिर यात्रा (२०६२) । **सम्पादन/अनुवाद :** वेद (चारैओटाको अनुवाद, अप्र.) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'ख' (२०२२), दीर्घसेवा पदक (२०३३), विख्यात त्रिशक्तिपट्ट (२०५०), सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (२०५३), । **हालको ठेगाना :** बानेश्वर, पो.ब.नं. १०२५९, काठमाडौँ । **फोन :** ४४७११०७, ४४९००५८ ।

राधावल्लभ अर्ज्याल

(प्राथमिक कालीन कवि, संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १७८५ पोखरीथोक, गोर्खा । **निधन :** १८६९, पशुपति आर्यघाट, काठमाडौँ **पिता :** लक्ष्मीनारायण अर्ज्याल । **शिक्षा :** संस्कृत, ज्योतिष र कर्मकाण्डका विद्वान्, संस्कृत र नेपाली भाषामा कलम चलाउँथे । **सेवा :** राजप्रासाद सेवा तथा साहित्यसेवा । **कृति/सृजना :** साँढ्याको कवित्त, माले साँढेको कवित्त (नेपाली), राज राजेश्वरी कवज (संस्कृत), उद्धवदूत काव्यम् (संस्कृत), संस्कृत मञ्जरी (संस्कृत) ।

राधिका पन्त देवकोटा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२७ कात्तिक २७, ताकुकोट-५, मैलुङ, गोरखा । **माता/पिता :** देवकुमारी देवकोटा, टीकाप्रसाद देवकोटा । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** अध्यापन । **कृति/सृजना :** सत्यतथ्य (तीज गीतसङ्ग्रह, २०५९), भोका मान्छे (कवितासङ्ग्रह, २०६४), करुण चीत्कार (कवितासङ्ग्रह, २०६७), ज्योतिका युगीन स्वरहरू (संयुक्त, २०६७), बाँकी धर्सा (कवितासङ्ग्रह, २०६९) । **पुरस्कार/सम्मान :** कवितामा प्रथम पुरस्कार (सेवा सुमन, २०६५) । **हालको ठेगाना :** लोकन्थली, भक्तपुर । **फोन :** ६६३४८१८, ९८४१६००५३८ ।

राधिका राया

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ पुस १४, अनारमनी, झापा । **निधन :** वि.सं. २०६९ चैत्र । **माता/पिता :** लक्ष्मी रायमाझी, नन्दलालसिंह रायमाझी । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** शिक्षण । **पहिलो रचना :** तिम्रो सम्झनामा (गद्यकविता, प्रभात, २००६) । **कृति/सृजना :** तिमी नगएको भए (कथासङ्ग्रह, इ.सं. १९६६), जीवनको इच्छा (एकाङ्की सङ्ग्रह, २०५९), उनी गएको गोरेटो (कथासङ्ग्रह, २०६०), आत्मकथ्य : विविध (लेख-निबन्धसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** सयपत्री (हस्तलिखित, इ.सं. १९४७), कमल (सह, इ.सं. १९४७), ताण्डव (इ.सं. १९४८), उषा (हस्तलिखित, १९५४) । **पुरस्कार/सम्मान :** लोकप्रिया पुरस्कार । जुही सम्मान (चन्द्रगढी, २०५७), अरनिको विद्या सम्मान, मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६२) । **सम्पर्क ठेगाना :** भद्रपुर -१२, भानुनगर, झापा । **फोन :** ०२३-५२०६१८ ।

राधेश्याम प्रधान

(नृत्यकार)

जन्म/स्थान : वि.सं. २०१० वैशाख १०, ओकुटोल, बनेपा, काभ्रे । **शिक्षा :** प्रभाकर डिग्री । **सेवा :** नृत्य, नोकरी, नृत्य निर्देशन । **पहिलो रचना :** २०२६ सालदेखि निरन्तर रूपमा । **कृति/सृजना :** माला, आघात, नेवारीमा न्हिला न्हिला हुँ, अन्य केही चलचित्रमा नृत्य निर्देशन, अरनिको ब्याले निर्देशन (चीनका राष्ट्रपतिको सम्मानार्थ, २०४१), मालती मङ्गले गीतिनाटक सहायक निर्देशन, शिव ताण्डव ब्याले निर्देशन आदि । त्यस बाहेक थुप्रै गीतिनाटक, ब्याले, चर्याहरू लोक नृत्यहरू निर्देशन गरेको । **पुरस्कार/सम्मान :** अल नेपाल नृत्य प्रतियोगितामा प्रथम भई स्वर्ण पदक (२०२४), गोरखा

दक्षिणबाहु (२०४८, २०६१), नगद पुरस्कार (कुमारी ब्याले निर्देशनबापत स्व. गणेशमान सिंहद्वारा, २०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), 'क' श्रेणीको कलाकार । चलचित्र कलाकर्मी सम्मान (युवराज दीपेन्द्र शाहबाट, २०५६) ।

राधेश्याम भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ असार १९, रावा लामीडाँडा, खोटाङ । **माता/पिता :** वृन्दावनलक्ष्मी भट्टराई, देवीप्रसाद भट्टराई । **शिक्षा :** एम.ए. (नेपाली), आचार्य । **सेवा :** पूर्व सचिव (राष्ट्रिय सभा) । **पहिलो रचना :** स्वदेशमै जाऊँ (गीत, पूर्णिमा पत्रिका, २०२०) । **कृति/सृजना :** हलेसी (तीर्थकाव्य, २०४१), साठी थुँगा (मुक्तक सङ्ग्रह, २०५१), मेरो देश : मेरै सपना (कवितासङ्ग्रह, २०५७) । **सम्पादन/अनुवाद :** संसद् (समाचार र विचार, त्रैमासिक), खोटाङ (मुखपत्र), नयाँ कदम (मुखपत्र) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण पदक (२०३७), प्रतियोगितात्मक कवि सम्मेलनमा प्रथम (काठमाडौँ जिल्ला पञ्चायत, २०४१), ने.रा.प्र.प्र. कविता महोत्सव - तृतीय (२०४१), निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार (चौध अञ्चल सांस्कृतिक परिवार, २०४२), प्रथम (सिपाही पत्रिकामा तीनपटक, २०४२, २०५०, २०५२), जानपद सेवापदक (२०४४), कवि सम्मेलनमा प्रथम (पशुपति विकास कोषद्वारा आयोजित, २०४५), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०४६), राष्ट्रिय कविता महोत्सवमा प्रथम (स्व. श्री वीरेन्द्र स्वर्ण जन्मोत्सव समारोह, २०५२), दीर्घसेवा पट्ट (२०५३), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), भानुमोती काव्य महोत्सव - प्रथम (२०५५), वीरेन्द्र-ऐश्वर्य सेवापदक (२०५८), सुप्रबल गोरखा दक्षिणबाहु तेस्रा (२०५९) आदि थुप्रै पुरस्कार । **हालको ठेगाना :** अनामनगर, काठमाडौँ । **फोन :** ४२२९३२४ ।

राधेश्याम मुल्मी

(चित्र कलाकार)

जन्म/स्थान : वि.सं. २००६ माघ १२, रामकृष्ण टोल, पोखरा । **माता/पिता :** विष्णुमाया मुल्मी, सूर्यमान मुल्मी । **शिक्षा :** एम.एफ.ए. (पाकिस्तान), ग्राफिक डिजाइन । **सेवा :** चित्रकलाकारिता, अध्यापन । **पहिलो रचना :** चित्रकथा (युवामञ्च, २०४५) । **कृति/सृजना :** सार्क ओमन : नेपाल (पुस्तक) । कलाप्रदर्शनी (काठमाडौँ, इ.सं. १९६९/७१/८१/९७/९०) । **सम्पादन/अनुवाद :** बालक (पत्रिका) । **पुरस्कार/सम्मान :** अञ्चलस्तरीय कला प्रतियोगितामा प्रथम (पोखरा, इ.सं. १९६७), स्वर्ण पदक (पोस्टर प्रतियोगिता, पाकिस्तान, इ.सं. १९७७), श्री ५ वीरेन्द्र रजत जयन्ती पदक (इ.सं. १९९७), प्रबल गोरखा दक्षिणबाहु (इ.सं. १९९८), श्री ५ वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) साथै कार्टुन, पोस्टर, बुक कभर आदि विविध विषयमा भएका कला प्रतियोगितामा प्रथम पुरस्कारहरू । **हालको ठेगाना :** ८/२६८ पृथ्वीचोक, पोखरा, कास्की / का.म.न.पा.-३ । **फोन :** ४३६५६६४ ४२४९६८१ ।

राधेश्याम लेकाली

(कवि/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ असार २२, मालापथ, इलाम । **माता/पिता :** शान्तिदेवी गुप्ता, विश्वनाथप्रसाद गुप्ता । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** पत्रकारिता, समाजसेवा । **पहिलो रचना :** भानुप्रति (कविता, सौगात पत्रिका, २०३१) । **कृति/सृजना :** वर्तमानको दस्तावेज (मुक्तकसङ्ग्रह, २०३९), प्रेमाभिव्यक्ति (मुक्तकसङ्ग्रह, २०४३), काठमाडौँ र काठमाडौँ (मुक्तकसङ्ग्रह, २०६२), निरङकुशता, कवितासङ्ग्रह, २०६७), स्वतन्त्रताको साइपाटा (कवितासङ्ग्रह, २०६७), प्रस्थान विन्दु (कवितासङ्ग्रह, २०६८), आगातको ढाडमा वर्तमानको सर्प । **सम्पादन/अनुवाद :** ढाकर (सामयिक सङकलन, २०३४), कदर (त्रैमासिक, २०३६), विष्णु नवीन स्मृति ग्रन्थ (इ.सं. १९७८), सिर्जना (सापस मुखपत्र, २०४१), संचेतना (मासिक, २०४२), बहस साप्ताहिक (२०४९), विज्ञाप्ती (साप्ताहिक, २०४५), महिमा (साप्ताहिक, २०४९) पर्यावरण मञ्च (२०४९), जन दैनिक (२०५२), साहस (२०५२), अन्तर्दृष्टि - अमेरिका, (२०५६ २०६६), स्मारिका नेपाल वैदशिक रोजगार सङ्घ (२०५७) सर्वोदय म्यागेजिन (इ.सं. १९९९), अभिभारा (जापान, इ.सं. २००१), श्रमअवधारणा पाक्षिक (२०५९), अनुगमन द्वैमासिक (२०५४), व्रिटिस गोर्खा (सन्धिदेखि सर्वोच्चसम्म, २०५९), स्मारिका नेपाल केवल टिभी एसोसिएसन (२०६०), गङ्गा सुवेदीका विचार र कथाहरू (२०६०), स्मारिका नेपाल हाते कागज सङ्घ (२०६१) केवल न्युज (२०६१), प्रा बालकृष्ण पोखरेल अभिनन्दन ग्रन्थ (२०६३), कवि हरिहर

शास्त्री स्मारिका (२०६७), सागर (साहित्यिक सँगालो), फ्लोरिडा, अमेरिका (२०६८), डायस्पोरामा देवकोटा अनेसास (२०६९) आदि । **पुरस्कार/सम्मान** : विभिन्न गोष्ठीहरूमा पुरस्कृत । ब्रिटिस गोर्खा अध्ययन तथा अनुसन्धान केन्द्र सम्मान (२०५९), नेपाल सम्मान । **हालको ठेगाना** : पो.ब.नं. ४०७७, काठमाडौं (rlekali@yahoo.com) । **फोन** : ४४७८४८२, ९८५१०५९३५४ ।

रामअवतार यादव

(भाषाशास्त्री, अङ्ग्रेजी/मैथिलीभाषा)

जन्म/स्थान : इ.सं. १९४२ सेप्टेम्बर १०, धनुषा । **माता/पिता** : जामवतीदेवी, प्रभु यादव । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी), विद्यावारिधि (भाषाविज्ञान) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : लेख (द राइजिङ नेपाल) । **कृति/सृजना** : On diachronic origins of converbs in Maithili, Maithili dictionaries and lexica studies, A reference grammar of Maithili, Maithili Phonetics and Phonology. . **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण पदक (इ.सं. १९८२), वैद्यनाथ-सियादेवी फाउन्डेसन मैथिली अवार्ड (इ.सं. १९९९), पासाङ ल्हामु अवार्ड (ने.रा.प्र.प्र., इ.सं. १९९६) । **हालको ठेगाना** : ललितपुर । **फोन** : ०६१-५३५६२९ ५५३९१५८, ४४२१८४४ ।

रामकुमार पाँडे (रा.कु.पा., टप्परटुइँयाँ काजी, कुरापा, औतार, काका आदि)

(हास्यव्यङ्ग्यकार)

जन्म/स्थान : वि.सं. २००३ असार २५ गते, जावलाखेल, ललितपुर । **माता/पिता** : प्रेमकुमारी पाँडे, प्रेमजङ्ग पाँडे । **शिक्षा** : एम.ए. (भूगोल), एम.एड. (सामाजिक अध्ययन) । **सेवा** : प्राध्यापन, राजदरबार, शिक्षा, कलासाधक । **पहिलो रचना** : म अग्लो भएँ (हास्यव्यङ्ग्य निबन्ध, २०१८) । **कृति/सृजना** : *हास्यव्यङ्ग्यकृति* : ख्यालख्याल (२०२३), सञ्चै छ ? (२०२५), खप्पर ! (२०२६), मोज गर्नोस् ! (२०२७), वाह्रमज्जा (२०३०), वावुको विहे (२०३३), सिङ न पुच्छर (हास्यव्यङ्ग्य, २०३६), रसरङ्ग (२०४२), ताल बेताल (२०४९), १०१ हास्यव्यङ्ग्य (निवन्ध, २०५१), नेपालीज् कार्टुन (इ.सं. १९९७), नेपालीज् ह्युमर (इ.सं. २000), हाँसने कविता (२०५९), थुइक्क ! (२०५९) । रामकुमार पाँडेको कविता यात्रा (कवितासङ्ग्रह, २०४०), Unexpressed (Poetry and Paintings) (1989), राजकुमारी कलसा (गीतिकाव्य, २०४७) । पुतलीको घर (वाल कविता, २०४१), सुनको माला (बालकथा, २०४४), चारखुट्टेको चमत्कार (हास्य बाल चित्रकथा, २०४८), चरालाई जुत्ता (बाल चित्रकथा, २०५०), तिलौरे र फुलौरे (वाल चित्रकथा, २०५१) । गाउँखाने कथा (२०२६), Yeti Tells : All About Abominable Snowman (1977), Yeti Accounts : Mystery and Fantasy (1994), (लोकसाहित्य) । नेपाल परिचय (२०३८), नेपाल कीर्तिमान (२०४५), विश्व परिचय (२०५०), नेपाल-जापान सम्बन्ध (२०५८), Japanese Expedition Experiences in the Nepal Himalaya, (2003), Learning Language Through Lyrics (with Matthew J. Eynon (2005), (विविध) । Parental Selection of a School (1977), सामाजिक शिक्षा : सिद्धान्त र शिक्षण (२०३५), भूगोल शिक्षा : दर्शन र विधि (२०४९), वातावरण शिक्षा (२०५३), नेपाल निर्माणको गौरवगाथा (२०६७), An Introduction to Education in Japan (2002), Japanese Language Education in Nepal (1998), । Spatial Distribution of Settlements in the Mountains of Nepal (1980), नेपालको भौतिक भूगोल (२०४१), Altitude Geography : Effects of Altitude on the Geography of Nepal (1987), A Case of Altitude in Geography (1989), Development Disorders in the Himalayan Heights : Challenges and Strategies for Environment and Development Altitude Geography (1995), Pioneers of Nepalese Geography : Geography and Geographers in Nepal (1998), Mountain Dimensions (1999) देश विदेशमा दर्जनौंपटक एकल तथा सामूहिक कला प्रदर्शनी । **सम्पादन/अनुवाद** : मायालु (मनोरञ्जनप्रधान साहित्यिक पत्रिका, २०२१), कलियुग (द्वैमासिक, २०२७), शिक्षाशास्त्र बुलेटिन (त्रि.वि.), कलाकृति (नाफा पत्रिका, २०४३), नेपाली हाइकु, The Geographer's Point (1992), The Third Pole (Journal of Geography, 2001), Humor International Journal of Humor Reserch (U.S.A., 1993), International Journal of Comic

Art (U.S.A., 2000), फोहरपानी (बालसाहित्य, २०४१), जनसङ्ख्या शिक्षा (त्रि.वि.), Continuing Education for Teaches Education, APEID, Thesis Abstract, T.U., Map Manual for spatial Planning, 1990, NPC/UNDP, Map Making Flip chart, 10991, NPC/UNDP . **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक, शुभराज्याभिषेक रजत पदक, वासुदेव लुइँटेल पुरस्कार (२०५९), लेखक सङ्घ, दाङद्वारा सम्मान (२०५८) आदि । **हालको ठेगाना** : ४/१९२ जावलाखेल, ललितपुर (rkpanday@ntc.net.np) । **फोन** : ५५३८७८५, ९८४१४७८२१३ ।

रामकुमार श्रेष्ठ 'गाउँले'

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असोज २४, फुङलिङ -४, ताप्लेजुङ । **माता/पिता** : लक्ष्मीदेवी श्रेष्ठ, जगतमान श्रेष्ठ । **शिक्षा** : स्वाध्याय । **सेवा** : मालपोत कार्यालय । **पहिलो रचना** : धर्म कि पाप (कञ्चनजङ्घा मासिक, सिक्किम) । **कृति/सृजना** : कोपिला (कथासङ्ग्रह, २०१५), पाथीभारा (कथासङ्ग्रह, २०१६), बाह्र मसला (कथासङ्ग्रह, सहलेखन, २०१८), झुमा (उपन्यास, २०५९) । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (लेखनाथ पुस्तकालय, चन्द्रगढी, २०१२), नवरत्न पुरस्कार (जुही मासिक स्वर्ण अङ्क, २०५९) । **हालको ठेगाना** : चन्द्रगढी -७, झापा । **फोन** : ०२३-५२०८०६ ।

रामकृष्ण दुवाल

(गायक/सङ्गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ २३, साभुङ भगवतीपुर, तनहुँ । **माता/पिता** : बेलकुमारी श्रेष्ठ, धर्मकुमार श्रेष्ठ । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : अध्यापन, बैङ्किङ । **पहिलो रचना** : मेरो देशको हिमाल (कविता, मूलबाटो हस्तलिखित पत्रिका, बन्दीपुर, २०१८) । **कृति/सृजना** : सिर्जनाका स्वरहरू (सामूहिक कवितासङ्कलन, २०४५), म आएको छु (कविता, २०४७), जराको स्वर (कवितासङ्ग्रह, २०६०), टापुमा तैरिँदा (संस्मरण, २०६६) । **सम्पादन/अनुवाद** : आधार (साप्ताहिक पत्रिका, २०४९) । **पुरस्कार/सम्मान** : रजत जयन्ती पदक (कृषि विकास बैङ्क, २०४८) । **हालको ठेगाना** : कुलेश्वर आवास ब्लक ए, रज्जुगल्ली ३८, काठमाडौं । **फोन** : ४२८०६३७, ९८४१४०१९५३ ।

रामशरण दर्नाल

(संस्कृतिविद्)

जन्म/स्थान : वि.सं. १९९४ असार २७, कालधारा, काठमाडौँ । निधन : २०६८ असोज १ । **माता/पिता** : दिलकुमारी, सत्यकुमार दर्नाल । **शिक्षा** : स्वाध्यायन । **सेवा** : सङ्गीतकला, संस्कृति, ने.रा.प्र.प्र. । **पहिलो रचना** : हाम्रो संस्कृतिमा वाजाको स्थान (लेख, गोरखापत्र, २०२५) । **कृति/सृजना** : नेपाली सङ्गीत साधक (जीवनीसङ्ग्रह, २०३८), सङ्गीत परिक्रमा (लेखसङ्ग्रह, २०३८), प्रज्ञा पुरस्कारद्वारा पुरस्कृत प्रतिभाहरू (जीवनीसङ्ग्रह, सहलेखन, २०३९), विश्व प्रसिद्ध सङ्गीतकार (जीवनी सङ्ग्रह, २०४१), सङ्गीतको विस्तृत अवलोकन (लेखसङ्ग्रह, २०४१), विश्वविख्यात सङ्गीतकार (२०४१), नेपाली सङ्गीत-संस्कृति (२०४५), नेपाली वागिना र कला (२०६०) । **सम्पादन/अनुवाद** : सङ्गीत महाविद्यालयको स्मारिका (२०४५), अतुलनीय अतुल (स्मारिका, २०६२) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणवाहु (२०४९), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०६०), नूरगङ्गा राष्ट्रिय प्रतिभा पुरस्कार (२०६०), झपट पुरस्कार (२०६०), जगदम्बा श्री पुरस्कार (२०६५) । डा. अम्वेडकर फेलोशिप (नयाँ दिल्ली, १९९०), ,साधना कला सम्मान (२०५२), कलानिधि इन्दिरा सङ्गीत महाविद्यालयवाट सम्मान (२०५३), डा. अम्वेडकर अन्तर्राष्ट्रिय भाइचारा सम्मान (२०६०), मधुरिमा सङ्गीत सम्मान (२०६०) । **सम्पर्क ठेगाना** : कालधारा, काठमाडौँ । **फोन** : ४२५१८४८, ४२१८५४९ ।

रामशरण शर्मा अर्याल

(नियात्राकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ पुस १३, बक्राङ पुराना गाउँ, गोरखा । **माता/पिता** : पूर्णमाया अर्याल, पण्डित गायत्री गणेश अर्ज्याल । **शिक्षा** : शास्त्री, बी.ए. । **सेवा** : सरकारी सेवा (उपसचिवबाट सेवानिवृत्त) । **पहिलो रचना** : पन्ध असार (कथात्मक रचना, हिमानी, २०२०) । **कृति/सृजना** : अल्बर्टायात्रा : मेरा केही अनुभूति (संस्मरण, २०६३), केही संस्मरण र त्यसभित्रका कथाहरू (२०६७) । **सम्पादन/अनुवाद** :

हिमानी (नेपाली साहित्य संस्थान, २०२०), पण्डित गायत्री गणेश स्मृतिग्रन्थ (सहसम्पादन, २०६२), ॐकार (विश्व हिन्दू महासङ्घ, २०६२), गण्डकी सामाजिक गुठी (स्मारिका, २०६५) । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०३२) । **हालको ठेगाना** : जनसहयोगमार्ग-१८५, नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४१०४०५५, ९८५१०५१७३३ ।

रामशेखर नकर्मी

(कथाकार/कवि, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०५५ बछलागा:२, इनाचो टोल, भक्तपुर । **माता/पिता** : मोहनमाया नकर्मी, शेरबहादुर नकर्मी । **शिक्षा** : बी.ए. । **सेवा** : व्यापार-व्यवसाय । **पहिलो रचना** : आश्चर्य (कथा, भ्री पत्रिका, ने.सं. १०९८) । **कृति/सृजना** : मोहनी (गीतसङ्ग्रह, ने.सं. १०७५), सोतिपाँय् (कथा-सङ्ग्रह, ने.सं. १०८४), नसफा:गु चा (उपन्यास, ने.सं. १०९३), सिमात फफ स्व: (कथासङ्ग्रह, ने.सं. १०९५), धिंताल्ल (ख्यालिन्हिलि, ने.सं. १०९९), सिलु (चित्रमय कथा, ने.सं. ११०७) । **पुरस्कार/सम्मान** : श्रेष्ठ सिरपा (ने.सं. १०९१), वसुन्धरा गङ्की पुरस्कार, नेवा: हना सिरपा (ने.सं. १११८) । **हालको ठेगाना** : इनाय्चो, भक्तपुर । **फोन** : ६६१००४८ ।

राम सञ्जेल (रामचन्द्र शर्मा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ ६, काभ्रेस्थली -२, काठमाडौं । **माता/पिता** : देवी शर्मा 'सञ्जेल', यदुकुमार शर्मा 'सञ्जेल' । **शिक्षा** : आई.ए. । **सेवा** : गृह मन्त्रालय । **पहिलो रचना** : बालसंसार कार्यक्रम (रेडियो नेपाल, २०२८) । **कृति/सृजना** : रामचन्द्र शर्माका मुक्तकहरू (२०३७), मान्छे-मान्छे भएर बाँच (कवितासङ्ग्रह, २०३९), कविताका विस्कुन (कवितासङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद** : सत्यकथा (अपराधमूलक), लहरा (साहित्यक त्रैमासिक), आयाम (मासिक, अतिथि सम्पादक), हाम्रो हिमाल (मासिक, अतिथि सम्पादक), वीरेन्द्र-ऐश्वर्य स्मारिका । **पुरस्कार/सम्मान** : नगद पुरस्कार (साप्ताहिक जनसत्ता, २०५३), किशोरी रमण राणा साहित्यिक पत्रकारिता पुरस्कार (२०५८) । प्रभातकालीन जनसत्ता राष्ट्रिय दैनिकद्वारा सम्मान आदि । **हालको ठेगाना** : काभ्रेस्थली -२, काठमाडौं । **फोन** : ४२४९७५९ ।

रामहरि दाहाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ साउन २४, सुनौलाबजार -१, धादिङ । **माता/पिता** : बालकुमारी दाहाल, लीलानाथ दाहाल । **शिक्षा** : साहित्याचार्य । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सूर्य अस्ताए (कविता, खोजी पत्रिका, २०२७) । **कृति/सृजना** : शान्तिको खोजी (खण्डकाव्य, २०५८), नेवारपानी (खण्डकाव्य, २०५८), सावित्री (खण्डकाव्य, २०६०) । अमरसिंह, अन्धवेग, भक्तप्रह्लाद आदि नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद** : श्री शिवमहापुराणम् (पशुपतिक्षेत्र विकास कोषबाट प्रकाशित, संयुक्त अनुवाद) । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'ख' (इ.सं. १९७९), सरदार सोमप्रसाद पदक (इ.सं. १९७९), शिक्षा पुरस्कार (२०४९) । **हालको ठेगाना** : कलङ्की, काठमाडौं। **फोन** : ४२७३२९५, २०२०२२३ ।

रामहरि पौड्याल

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ भदौ १५, घट्टेकुलो, काठमाडौँ । **माता/पिता** : नन्दकुमारी उपाध्याय, गोपीनाथ उपाध्याय । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : कविता प्रकाशन (२०२२) । **कृति/ सृजना** : सल्ला सुसाइदिन्छ (कथासङ्ग्रह, २०४१), भानुभक्त आचार्यदेखि मोदनाथ प्रश्रितसम्म (समालोचनासङ्ग्रह, २०५०) । **सम्पादन/अनुवाद** : प्रतिनिधि नेपाली कथाहरू (संयुक्त-२०४६) । **हालको ठेगाना** : का.म.न.पा.- ३२, काठमाडौँ । **फोन** : ४४९०५२५, ९८४१२०२६५३ ।

रामहरि बञ्जारा

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ माघ २४, पनौती, काभ्रेपलाञ्चोक ।

माता/पिता : दिव्यकुमारी बञ्जारा, उमारुद्र बञ्जारा । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन, लेखन, अनुसन्धान । **पहिलो रचना** : मेरो रात्रि साथी (हास्य-व्यङ्ग्य निबन्ध, स्वर्णद्वार पत्रिका, २०३३) । **कृति/सृजना** : सामान्य ज्ञानकोश (२०५७) । **सम्पादन/अनुवाद** : शुक्रनीति (अनु. २०६२) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी कविता प्रतियोगितामा उत्कृष्ट कवि पुरस्कार (२०५७) । **हालको ठेगाना** : पनौती - ८, काभ्रेपलाञ्चोक । **फोन** : ९८४१-५०६९६५ ।

रामानन्द जोशी

(चित्रकार)

जन्म/स्थान : वि.सं. १९९५ क्वालखु, पाटन । निधन : वि.सं. २०४५ । **माता/पिता** : रत्नमाया जोशी, ब्रह्मानन्द जोशी । **शिक्षा** : फाइन आर्ट । **सेवा** : प्राध्यापन, कलाकारिता, । **पहिलो रचना** : कलाको आवश्यकता किन ? (लेख, गोरखापत्र, २०२१ फागुन ७) । **कृति/सृजना** : राजा महेन्द्रको मुहारचित्र, श्री ५ मुमा बडामहारानीको मुहार चित्र, राजा वीरेन्द्र तथा ऐश्वर्यको मुहार चित्र (सबै तेल रङ्गमा) ,अन्य समसामयिक विषयमा विभिन्न १ हजार थान चित्र सृजना । नेपाललगायत भारत, जापान, इरान, बेलायतमा एकल चित्रकला प्रदर्शनी १३ पटक, सामूहिक चित्रकला प्रदर्शनी ७ पटक । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट पुरस्कार (इ.सं. १९६२, बम्बई), शुभराज्याभिषेक युवा महोत्सव पदक (२०३१), विभिन्न कला प्रतियोगिताहरूमा थुप्रैपटक पुरस्कृत । **हालको ठेगाना** : पो.ब.नं. ८९७५ इपीसी ५२९ काठमाडौँ /ललितपुर -१३ (parkgallery@wlink.com.np) । **फोन** : ५५२२३०७ ।

रामेश श्रेष्ठ

(गायक/सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २००१ असार ८, मेहल्धारा, तानसेन, पाल्पा । **माता/पिता** : शिवलक्ष्मी श्रेष्ठ, कर्णबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, गायन-सङ्गीत, रेडियो नेपाल । **पहिलो रचना** : २०१९ सालमा रेडियो नेपालबाट गीत रेकर्ड प्रसारण । **कृति/सृजना** : सुगन्धको पाउ (बालगीत, २०४२), अँध्यारोमा जूनकीरी (२०४७), जीवनको नाम (गीति-सङ्ग्रह, २०४८), उज्यालो जीवन (गीतिसङ्ग्रह, २०४८), मैले विर्सन नसकेको साथी (वालककालका सम्झनाहरू) । जनताका गीतहरू (गीति एल्वम, भाग १-६, सहसङ्गीत तथा गायन), केटाकेटीका गीतहरू (बालगीति एल्वम, भाग १-६), पिँजडाको सुगा (गीति एल्वम, सङ्गीत), घान्द्रुक झलल (बालगीति एल्वम, सङ्गीत), जीवनको जिम्मेवारी (गीति एल्वम, रचना/सङ्गीत/गायन, २०५०), आऊ मिलाऊ हातहरू (गीति- एल्वम, सहसङ्गीत र गायन), ए इन्द्रेणी (गीतिएल्वम, रचना/सङ्गीत/गायन २०६१), कनकचम्पा (बालगीति एल्वम, रचना/सङ्गीत), चरीको चिरिविरी (बालगीति एल्वम, रचना/सङ्गीत), । विना चिहानको मृत्यु, सन्ध्या सारस, चतुरेको दाउपेच, जनैको साँचो आदि टेलिचलचित्रहरू साथै वलिदान चलचित्रका गीतहरूमा सङ्गीत । **सम्पादन/अनुवाद** : सङ्कल्प (द्वैमासिक साहित्यिक पत्रिका, २०३२), जनताका गीतहरू (भाग १-५, २०३६ देखि २०४६ सम्म), केटाकेटीका गीतहरू (२०४२ देखि २०५५), जीवनको नाम (गीतसङ्ग्रह, २०४९) । **पुरस्कार/सम्मान** : युद्धप्रसाद मिश्र पुरस्कार (२०५३), बाल हितकारी पुरस्कार (२०५५), साहित्य सन्ध्या पुरस्कार । स्याटर्डे क्लव सम्मान (पाल्पा, २०५३), बलिदान चलचित्र सम्मान (सिनेमा नेपाल, २०५४), गोकुल स्मृति सम्मान (२०५६), जनसांस्कृतिक सम्मान (राष्ट्रिय जनसांस्कृतिक मञ्च, २०६०), मधुरिमा सम्मान (२०६१), पारिजात कला सम्मान (२०६२), सिविन नेपाल सम्मान (२०६२) । **हालको ठेगाना** : डल्लु, काठमाडौँ । **फोन** : ४२७५७८४ ।

रामेश्वरप्रसाद अर्ज्याल

(कवि, नेपाली/संस्कृतभाषा)



जन्म/स्थान : वि.सं. १९७७ असार शुक्ल चतुर्दशी, बैखा सप्तरी । निधन : २०५८ पुस ३ । **माता/पिता** : नर्मदादेवी, कृष्णप्रसाद उपाध्याय । **शिक्षा** : विशारद (हिन्दी) । **सेवा** : राजनीति, समाजसेवा र साहित्य सिर्जना । **कृति/सृजना** : तत्त्वविज्ञान माला (२०३५), विचार दर्शन (२०३७), जनात्मपुकार (२०३६), परिवर्तन (खण्डकाव्य, २०४२), उद्‌गार (कवितासङ्ग्रह, २०४४), सेवा

सन्देश (२०४६), राधिका रोदन (कविता, २०४६), शिवमधुकर भाग्यक रेखा (मैथिली, २०४५), दैनन्दिनका केही पृष्ठ (दैनिकी, २०४८), अजातवाद (२०५४) । **सम्पर्क ठेगाना** : उदयानन्द स्मारक गुठी, चाबहिल, काठमाडौँ ।

रामेश्वर राउत मातृदास (रामबहादुर)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ वैशाख १, थकनी -१, सिन्धुपाल्चोक । **माता/पिता** : चेतकुमारी राउत, दिलबहादुर राउत क्षेत्री । **शिक्षा** : एम.ए., बी.एल., शास्त्रीय सङ्गीतमा विशारद । **सेवा** : साहित्य, पत्रकारिता । **पहिलो रचना** : परसेवा नै जीवन धन हो (कविता, गोरखापत्र, २०४०) । **कृति/सृजना** : जगमा पसेका मुसाहरू (कवितासङ्ग्रह, २०४९), उडेको पन्छी झरेको प्वाँख (कवितासङ्ग्रह, २०५०), आफै बोल्छन् फूलहरू (बालकविता-सङ्ग्रह, २०५१), मनका कथा (बालकथासङ्ग्रह, २०५३), छुटेका कविता पाएँ (कवितासङ्ग्रह, २०५४), मन बुझाउने गीत (गीत सङ्ग्रह, २०५५), अन्धकारमा कुथुर्किरहेको जून (कवितासङ्ग्रह, २०५६), मूलबाटो (बालकथासङ्ग्रह, २०५६), म त रुन्नँ (बालगीतसङ्ग्रह, २०५७), ढुङ्गाको बीउ (कवितासङ्ग्रह, २०६५), घामको घर / जूनको छानो (बालगीतसङ्ग्रह, २०६६), दर्जनौँ गीत रेकर्ड (रचना) । **सम्पादन/अनुवाद** : परोपकार पाक्षिक (भित्ते पत्रिका), नानी (बालसाहित्यिक पत्रिका), हिमाली (अर्धवार्षिक), खोरिया (त्रैमासिक), विद्युत् तरङ्ग (त्रैमासिक), सही बाटो (मासिक), निर्झर (त्रैमासिक), नानी (द्वैमासिक, बालपत्रिका), ज्योति (साहित्यिक पत्रिका), धुनभित्रका गीतहरू (पुस्तक), कानुन (मासिक पत्रिका), ज्ञानदायिनी, श्रीकृष्ण दर्पण (पत्रिका), सिर्जनाका आयाममा डा. ओमवीरसिंह बस्न्यात (पुस्तक, २०६५) । **पुरस्कार/ सम्मान** : युवावर्ष मोती पुरस्कार (२०६४) । लालीगुराँस युवा सम्मान (२०५६), सर्वदा वाङ्मय सम्मान (२०५७), बाबा ओमवीरसिंह सम्मान (२०५८), आमा सम्मान (सुनकोसी साहित्य प्रतिष्ठान, २०६२), दोलखा साहित्य सम्मान (२०६२), स्वर्गद्वारी प्युठान साहित्य सम्मान (२०६४), सिन्धु प्रतिभा गौरव सम्मान (२०६६), राष्ट्र गौरव साहित्य सम्मान (२०६९) । **हालको ठेगाना** : वशिष्ठधाम, ज्ञानेश्वर, काठमाडौँ । **फोन** : ४४२३७२२, ९८४१५३८०८० ।

रामेश्वरी पन्त

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०२५ भदौ १२, लिमिठाना-७, अमलावारी, पर्वत । **माता/पिता** : शारदा पन्त, भोजराज पन्त **शिक्षा/विषय** : स्नातकोत्तर (समाजशास्त्र) । **पहिलो रचना** : आमा (कविता, रेडियो नेपाल, २०४५) । **कृति/सृजना** : घाउ चहऱ्याई नै रह्यो (कथा-सङ्ग्रह) । **पुरस्कार/सम्मान** : उत्कृष्ट लेखक सम्मान (सिद्धार्थ पब्लिकेसन प्रा.लि. बुटवल, २०६४), सिर्जनशील साहित्यिक सम्मान (२०६५) । **हालको ठेगाना** : बबरमहल, काठमाडौँ/सिद्धार्थनगरपालिका, रूपन्देही (rameshwori_pant@yahoo.com) । **फोन** : ९८४११७८४८४, ९८४७०८८७८८ ।

रायन (नारायणभक्त श्रेष्ठ)

(गायक/सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २००० भदौ १९, ओखलढुङ्गा बजार । **माता/पिता** : मानकुमारी, विष्णुबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, सङ्गीत-गायन, संस्कृति, पत्रकारिता । **पहिलो रचना** : टुकी (कथा, भित्ते पत्रिका, २०१५) । **कृति/सृजना** : सिम्मा (गीतिनाटक, २०३७), कहाली (गीतिनाटक, २०४८), इन्द्रेनी (गीति एल्बम, २०५३), एक लगाम : अविरल यात्रा (२०५८) । थुप्रै फुटकर गीतहरू रेकर्ड भएका । **सम्पादन/अनुवाद** : वेदना (२०३१), जनगीति माला (भाग १-२, २०३४-३६), जनगीति माला (आन्दोलन अङ्क, २०४६), । **पुरस्कार/सम्मान** : राष्ट्रिय पुरस्कार (२०५४), साहित्य सन्ध्या पुरस्कार (२०५७) । उत्तर कोरियाबाट सिर्जना सम्मान (२०५७) । **हालको ठेगाना** : म्हेपी, बालाजु, काठमाडौँ । **फोन** : ४३५८६७६ ।

रासा (राजु सायमी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ जेठ ६, पशुपति देवपत्तन, काठमाडौँ । **माता/पिता** : हीराकुमारी मानन्धर, पशुपतिभक्त मानन्धर । **शिक्षा** : बी.कम. । **सेवा** : पत्रकारिता, साहित्य ।

पहिलो रचना : कविता प्रकाशन (सुगन्ध मासिक, २०४४) । **कृति/सृजना :** रात निदाएको रातमा (गजलसङ्ग्रह, २०५८), अकाल : अकाल (कवितासङ्ग्रह, २०५९), घाउमाथि घाउ (गजलसङ्ग्रह, २०६३), जीवन-अगिंमथ: (नेपाल भाषा, कवितासङ्ग्रह, २०६३), । **सम्पादन/अनुवाद :** मेरो चिन्तनको सौदामिनी (अनुवाद, २०६३), चाहना एक रातको (अनुवाद, २०६५), मधुश्री, शव्द-सङ्ग्राम, बूँद, सालिक होइन मानिस (कवितासङ्ग्रह, धुस्वाँ सायमी), भातको सपना (कवितासङ्ग्रह, धुस्वाँ सायमी) । **पुरस्कार/सम्मान :** कवितामा द्वितीय (मार्क्सवादी विचार मञ्च, २०५७), एम्बेसडर फर पिस सम्मान । **हालको ठेगाना :** का.म.न.पा.- ८, काठमाडौँ । **फोन :** ४११४५९२, ९८४१२६४३०९ ।

रीटा शाह (रीटा राज्यलक्ष्मी शाह)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ कात्तिक गोवर्द्धन पूजा, थापाथली, काठमाडौँ । **माता/पिता :** श्री राज्यलक्ष्मी राणा, वीरेन्द्रशमशेर ज.ब.रा. । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य । **पहिलो रचना :** वेदना (गीतिकविता, सेवासुमन, २०४३) । **कृति/सृजना :** सेतो घोडा (गीत-कवितासङ्ग्रह, २०५२) । **पुरस्कार/सम्मान :** दैवी प्रकोप पीडितोद्धार पदक (२०४५) । **हालको ठेगाना :** 'आशियाना' रङ्गचोक, २२२/४७ गल्कोपाखामार्ग, ठमेल, काठमाडौँ । **फोन :** ४४११९०३ ।

रीना तुलाधर

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१९ वैशाख ५, काठमाडौँ । **माता/पिता :** दिलशोभा बनिया, अष्टमानसिंह बनिया । **शिक्षा :** एम.ए. (अर्थशास्त्र, जनसङ्ख्या शिक्षा), परियत्ति सद्धम्म कोविद (नेपाल बौद्ध परियत्ति शिक्षा) । **सेवा :** प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना :** विवेक वुद्धि (बौद्ध लेख, धर्मकीर्ति पत्रिका, २०३२) । **कृति/सृजना :** धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष (इतिहास, २०५२), थी थी स्वां जिगु क्यवया (कथासङ्ग्रह, नेवारी, २०५८), यथार्थ (बौद्ध दर्शनसङ्ग्रह) । **सम्पादन/अनुवाद :** धर्मकीर्ति (बौद्ध मासिक, २०४४), आमाबाबु र छोराछोरी (अनुवाद २०४६), धम्म एण्ड धम्मावती (सम्पादन, अङ्ग्रेजी, २०५५) । **पुरस्कार/सम्मान :** पञ्चवीरसिंह सिरपा: (२०६०) । **हालको ठेगाना :** नक्साल, काठमाडौँ । **फोन :** ०१-४४३४६६३, ९८५१००३६०४ ।

रुक्मिणी श्रेष्ठ

(साहित्यकार, नेवारी/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ भदौ १५, कोवहाल, काठमाडौँ । **माता/पिता :** नीरकुमारी, छत्रमान श्रेष्ठ । **शिक्षा :** स्नातक । **पहिलो रचना :** शुभकामना (कविता, हुलाक पत्रिका, २०३१) । **कृति/सृजना :** आलु (निवन्ध, २०४९), नसा त्वंसा वास:न ख (२०६४), खानपिन औषधि पनि (नेपाली/नेवारी भाषा, २०६९), वहे लंपु (कथासङ्ग्रह, २०६९), नेवा संस्कृति । **सम्पादन/अनुवाद :** थौं कन्हें (मासिक, नेवारी भाषा) । **पुरस्कार/सम्मान :** धर्मादित्य धर्माचार्या सिरपा (२०६७), नेपाल साहित्यिक पत्रकार संघवाट सम्मान (२०६७) । **हालको ठेगाना :** ववरमहल, काठमाडौँ । **फोन :** ४२२०१६४, ९८४१८०७५५२ ।

रुद्र खरेल

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४७ जुलाई १, फलैँचा, पाँचथर । **निधन :** २०६५ भदौ ८, काठमाडौँ । **माता/पिता :** रामभक्तिमाया खरेल, देवीचरण खरेल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** आह्वान (कविता, उषा मुखपत्र, २०२२) । **कृति/सृजना :** केही भाषा केही साहित्य (आन्दोलन कवितासङ्ग्रह, २०४७), छोरीलाई (कवितासङ्ग्रह, २०४८), तपाईंको नाम के हो ? (निबन्धसङ्ग्रह, २०४८), विशेष नेपाली (पाठ्य, २०४९), तोरी लाहुरेचोकमा एकछिन (२०५२), बिर्सिस्यो कि ? (२०५८), आषाढस्य प्रथम दिवसे (२०५९),

तेस्रो आँखा (२०६१) (व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहहरू) । **सम्पादन/अनुवाद** : पञ्चामृत (मासिक, २०२५), मुना (त्रैमासिक, २०२५), उत्साह, प्रतिनिधि नेपाली कथाहरू, चालीसको दशकका कविताहरू, आन्दोलन कविता । **पुरस्कार/सम्मान** : कृष्णमणि साहित्य पुरस्कार (२०५२), हृदयचन्द्रसिंह सम्मान (२०६०) । **सम्पर्क ठेगाना** : का.म.न.पा. -३५, काठमाडौँ । **फोन** : ४६०१३९५, ९८४१३९७५७१ ।

रुद्रप्रसाद निरौला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ कात्तिक १२, फकुम्बा-९, ताप्लेजुङ । **माता/पिता** : चन्द्रकला निरौला, रङ्गलाल निरौला । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, । **पहिलो रचना** : जनजागृतिको यो लहरमा (आँधी पत्रिका, २०२८) । **कृति/सृजना** : त्रिवेणी (कवितासङ्ग्रह, सहलेखन, २०४६), भञ्ज्याङका सुसेली (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : सरस्वती (मुखपत्र, सरस्वती मा.वि., २०४५), सङ्गम (२०५२) । **पुरस्कार/सम्मान** : विभिन्न सङ्घ - संस्थाहरूद्वारा कदर पत्र तथा पुरस्कार प्राप्त । **हालको ठेगाना** : दमक -६, आमचोक, झापा । **फोन** : ०२३-५८१२३९ ।

रुद्रप्रसाद शर्मा (ढकाल)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५५ धर्मस्थली, काठमाडौँ । निधन : २०१७) । **माता/पिता** : सत्यरूपादेवी, लोकनाथ शर्मा ढकाल । **शिक्षा** : ज्योतिषशास्त्री, संस्कृत (बनारस), भाषा : नेपाली, संस्कृत । **सेवा** : साहित्य । **कृति/सृजना** : असली सङ्क्षिप्त रामायण (१९८६), वीर बभ्रुवाहन (काव्य, १९८६), श्रीकृष्णको बाँसुरी (काव्य), विधवा पुकार (काव्य, १९८७), विवाहलीला (काव्य, १९८८), समयोचित पुष्पमाला, पतिपत्नी ।

रुद्रबहादुर थापामगर

(लेखक, नेपाली/मगरभाषा)

जन्म/स्थान : वि.सं. २००८ असार १५, रूपाकोट -९, कास्की । **माता/पिता** : विष्णुमाया, अनकराम थापा मगर । **शिक्षा** : एस.एल.सी. । **सेवा** : साहित्य । **कृति/सृजना** : चन्द्रविन्दु (गीतिकाव्य, २०४१), नाङ्गै उभिएको समय (मुक्तकसङ्ग्रह, २०४९), ज्ञान सन्देश (वेदान्त काव्य, २०५०), लाङ्घाके आर मिट्नाङ (मगर भाषा, २०५१), आत्मचिन्तन (वेदान्त काव्य, २०६३) । **सम्पादन/अनुवाद** : वैदिक आलोक । **पुरस्कार/सम्मान** : सृजनशील पत्रकारिता पुरस्कार (२०४८), गजेन्द्र स्मृति पत्रकारिता पुरस्कार (२०५८), वेदान्त कविरत्न उपाधि प्राप्त । **हालको ठेगाना** : पोखरा उ.म.न.पा. -७, कास्की । **फोन** : ०६१-५२०१५४ ।

रुद्रमणि अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८, छाङबजार, तनहुँ । **माता/पिता** : अम्बिकादेवी, लक्ष्मीनाथ अधिकारी । **शिक्षा** : आचार्य, संस्कृत न्याय, व्याकरण र वेदान्त शिक्षा । **सेवा** : अध्यापन । **कृति/सृजना** : सत्य सन्देश (कविता, २००७), शाही सपथ (राजनीतिक कविता, २००९), विश्वशान्ति निमित्त अध्यात्मवाद (प्रबन्ध २०१०), दशावतार (कीर्तन, २०१८), हिन्दू धर्म, मर्मविचार (धर्मशास्त्र, २०१८), सङ्क्षिप्त साङ्गश्रुति परिचय (वैदिक अङ्ग परिचय, २०२९), म्याग्दे र भीमाद (स्थानवर्णन कविता, २०३२), वेदव्यासद्वारा रचित दमौली र छाब्दी वाराहीको महिमा (२०४३), पञ्चायती व्यवस्था र अध्यात्मवाद (प्रबन्ध) । **सम्पादन/अनुवाद** : भविष्य पुराणको आंशिक टीका (अनुवाद व्याख्या, २००९) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), नरनारायण सम्मान (२०४१), । **हालको ठेगाना** : छाङ-४, तनहुँ । **फोन** : ०१-२१७०५५२, ९८४१३१९२९१ ।

रुद्रराज पाण्डे

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५७ फागुन २६, प्युखाटोल, काठमाडौँ । निधन : वि.सं.२०४३ चैत्र २३ । **माता/पिता** : टीकालक्ष्मी पाण्डे, पद्मराज पाण्डे । **शिक्षा** : एम.ए. (इतिहास) । **सेवा** : अध्यापन, प्राध्यापन, निजामती (सचिव), त्रि.वि. (उपकुलपति) ।

सरदार मान (वि.सं. २००२)। **पहिलो रचना** : सन्ध्या (कविता, चन्द्रिका पत्रिका)। **कृति/सृजना** : नवरत्न (कथा-सङ्ग्रह, १९७७), नीतिकथा समुच्चय (१९९०), भारतवर्षको सङ्क्षिप्त इतिहास भाग १-२ (१९९०), रूपमती (उपन्यास, १९९१), इङ्ल्याण्डको इतिहास (इतिहास, १९९३) चम्पाकाजी (उपन्यास, १९९३), प्रायश्चित (उपन्यास १९९५), प्रेम (उपन्यास, २००५), नेपाल आजाद सङ्घ (२००९), हाम्रो नेपाल (नाटकसङ्ग्रह, २०१३), बाल रामायण (२०२१), हेरफेर (उपन्यास, २०४०), बालकृष्ण चरित्र, नवरत्न, हाम्रो गौरव (नाटकसङ्ग्रह), सन्तदर्शन (भाग १-२), ईश्वरभक्तिको साधन, नर्वदा तटके महर्षि। **सम्पादन/अनुवाद** : इसप (नीतिकथा, अनु., १९९७)। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु प्रथम, त्रिशक्ति पट्ट तेस्रा, भूकम्प पदक, त्रिभुवन रजत जयन्ती पदक, शुभराज्याभिषेक पदक (२०१३), शुभराज्याभिषेक पदक (२०३१)। **सम्पर्क ठेगाना** : गल्फुटार, काठमाडौँ। **फोन** : ४३७३७१०।

रुद्रराज पाण्डे

(नाट्यकर्मी)

जन्म/स्थान : इ.सं. १९४३ अप्रिल ३, काठमाडौँ। **माता/पिता** : दुवेन्द्रलक्ष्मी, टङ्कराज पाण्डे। **शिक्षा** : स्नातक। **सेवा** : अध्यापन, अभिनय। **पहिलो रचना** : २०१६ साल देखि नाटक अभिनयबाट कलाक्षेत्रमा प्रवेश। **कृति/सृजना** : शिलान्यास, मुकुन्द इन्दिरा, पृथ्वीनारायण शाह, एउटा नलेखिने कथा, अनेकौँ आशा, अमरपत्र आदि नाटकहरू अभिनय/निर्देशन। लक्ष्मीपूजा, गुलाफ एकैपटक फुल्छ, भोक र भित्ताहरू, खोज, टेलिशृङ्खलाहरूमा अभिनय, अन्य ठूलो पर्दाका थुप्रै चलचित्रहरूमा अभिनय। **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु (इ.सं. १९७३), उत्कृष्ट पटकथा अवार्ड (इ.सं. १९८८)। **हालको ठेगाना** : महाङ्काल, काठमाडौँ। **फोन** : ४३७३७७०।

रुद्रलक्ष्मी श्रेष्ठ

(भाषाशास्त्री, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २००० साउन शुक्ल ८, चाकुपाट, ललितपुर। **माता/पिता** : ज्वालादेवी जोशी, मदनलाल जोशी। **शिक्षा** : विद्यावारिधि (भाषाविज्ञान)। **सेवा** : प्राध्यापन। **कृति/सृजना** : नेपालभाषा थ:थिति खँग्व:या तुलनात्मक अध्ययन (ने.सं. ११०५), दोलखा नेवा: भाय्‌या क्रिया : छगू अध्ययन (ने.सं. ११२०), दोलखा भाषिकाया खँग्व: पुच: (ने.सं. ११२०)। **पुरस्कार/सम्मान** : चैन लाकौल सिरपा, महेन्द्र विद्याभूषण 'क'। **हालको ठेगाना** : चाकुपाट, ललितपुर।

रुद्रसिंह तामाङ (बमजन)

(लेखक, नेपाली/तामाङ भाषा)

जन्म/स्थान : वि.सं. २०३१ मङ्सिर १७, थप्रेक -३, आरुखर्क, नुवाकोट। **माता/पिता** : विन्दु थिङ तामाङ, प्रेमसिंह तामाङ। **शिक्षा** : एम.ए. (समाजशास्त्र, जनप्रशासन, त्रि.वि.), पी.जी.डी. (बौद्ध अध्ययन, त्रि.वि.)। **सेवा** : निजामती सेवा, पत्रकारिता। **पहिलो रचना** : नुवाकोटका चेलीबेटी बेचबिखनका विविध पक्ष (२०५४)। **कृति/सृजना** : नुवाकोट आरुखर्कका तामाङहरू (२०५७), तामाङ जातिमा बौद्ध धर्म (२०५९), तामाङ संस्कार र संस्कृति (२०६०)। **सम्पादन/अनुवाद** : रौतहट टाइम्स (साप्ताहिक, २०५५), तामाङ टुडे (द्वैमासिक, २०५६), हाम्रो बाटो पाक्षिक (ह्याङ्ला ग्याम, २०६०)। **हालको ठेगाना** : गोङ्बु-३, काठमाडौँ (rstamang@hotmail.com)। **फोन** : ९८४९३००२४४।

रूद्र ज्ञवाली

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०२० असोज १, ग्वादी-६, कोलौदी, गुल्मी। **माता/पिता** : टीकादेवी ज्ञवाली, रूक्माङ्गत ज्ञवाली। **शिक्षा** : स्नातक। **सेवा** : निजामती सेवा। **पहिलो रचना** : अस्तित्वबोध (लघुकथा, मधुपर्क, २०४५)। **कृति/सृजना** : निर्वासन (कथा-सङ्ग्रह, २०५८), सपना फुल्ने रातहरू (गजलसङ्ग्रह, २०६१),

विवरूका कथाहरू (संयुक्त कथासङ्ग्रह, २०६६), उन्मुक्त आकाश (मुक्तकसङ्ग्रह, २०६६) । **पुरस्कार/सम्मान :** छविलाल सिर्जनशील साहित्य पुरस्कार (२०६५), सिद्धार्थ साहित्य पुरस्कार (२०६७), दायित्व सम्मान (२०४९), सुलभ सम्मान (२०५७), अली मियाँ लोक वाङ्मय सम्मान (२०६६) । **हालको ठेगाना :** सिद्धार्थनगर-८, रूपन्देही । **फोन :** ९८४७०२३०३७ ।

रूपा धीरू झा

(गायिका/गीतकार/अभिनेत्री, नेपाली/मैथिली भाषा) **जन्म/स्थान :** वि.सं. २०२९ असोज १८, गोविन्दपुर -१, सिरहा । **माता/पिता :** पुनम झा, अरुणकुमार झा । **शिक्षा :** स्नातकोत्तर (मैथिली) । **सेवा :** साङ्गीतिक तथा रङ्गमञ्च सेवा । **पहिलो रचना :** कोइली कानए (गीत रेकर्ड, रेडियो नेपाल, २०४९) । **कृति/सृजना :** *सङ्गीतसम्बन्धी* : नयाँ नेपालको समावेशी राष्ट्रगानमा सहगायन (२०६४), भोर (मैथिली गीतिसँगालो, रचना/गायन) नेहक वएन (मैथिली गीतिसँगालो, गायन) चेतना (मैथिली गीति सँगालो, गीतरचना/गायन), प्रियतम हमर कमौआ (पहिलो मैथिली सी.डी., गायन), प्रेम भेल तरघुस्कीमे (मैथिली गीति सँगालो, गायन), सिस्नुपानीले (हास्यव्यङ्ग्यात्मक गीति सँगालो, गायन) सुरक्षित मातृत्व गीतमाला (सन्देशमूलक नेपाली/मैथिली/भोजपुरी गीति सँगालो, गायन) सुखक सनेस (मैथिली गीति सँगालो, गायन) । *कला-कौशल, नाट्य-सङ्गीत सम्बन्धी :* महाकवि विद्यापति (मैथिली टेलिशृङ्खला, अभिनय), चमेली (मैथिली टेलिफिल्म, गायन), मदनबहादुर-हरिबहादुर, आमा, गाउँकी तारा, असल शासन (टेलिशृङखला, अभिनय), सेवा नै धर्म हो, ज्ञान नै शक्ति हो (रेडियो नाटक अभिनय), नयाँ नेपाल, कथा मीठो सारङ्गीको (नाटकशृङ्खला, अभिनय), नेपाल लगायत विभिन्न देशमा साङ्गीतिक कार्यक्रममा सहभागी । **सम्पादन/अनुवाद :** हमर मैथिली पोथी (कक्षा १, २, ३, ४ र ५ को ऐच्छिक मैथिली विषय पाठ्यपुस्तक, भाषा सम्पादन), पल्लव (मैथिली साहित्यिक मासिक पत्रिका, सम्पादन) । मैथिली (कक्षा ९ र ११, ऐच्छिक मैथिली विषयक पाठ्यपुस्तक, भाषा सम्पादन) पल्लव मिथिला (प्रथम मैथिली इन्टरनेट पत्रिका (साहित्यिक), सम्पादन) । भगता वेङक देश-भ्रमण (कनक दीक्षितको पुस्तक, धीरेन्द्र प्रेमर्षिसँग मैथिलीमा सहअनुवाद) । **पुरस्कार/सम्मान :** गुञ्जन बहुभाषिक सम्मान (काठमाडौँ, २०६८), लोक अभिनन्दन (काठमाडौँ, २०६८), मिथिला दूत सम्मान (विराटनगर, २०६७), उत्कृष्ट युवा पुरस्कार (नेपाल जेसीज), सृजनशील महिला सम्मान (बुटवल), सङ्गीत कला सम्मान (वीरगञ्ज), मानार्थ विद्या-वाचस्पति (भागलपुर), मैथिल महिला सम्मान (सप्तरी, २०६४), सङ्घर्षशील महिला सम्मान (२०६३, लहान), बागेश्वरी सम्मान (२०६२, सप्तरी), सलहेस सम्मान (सिरहा), विशेष सम्मान (राजविराज) । **हालको ठेगाना :** श्रीबहाल, नअटोल, पुल्चोक, ललितपुर (rupadhiru@gmail.com) । **फोन :** ५५३६९९४, ९८१३७६११६९ ।

रूपा राना

(अभिनेत्री) **जन्म/स्थान :** वि.सं. २०२५ पुस २४, त्रिशूली, नुवाकोट । **माता/पिता :** डम्मरदेवी राना, वीरबहादुर रानामगर । **शिक्षा :** आई.ए. । **सेवा :** अभिनय, राष्ट्रिय नाचघर । **पहिलो रचना :** समस्या (नाटक, २०४३) । **कृति/सृजना :** त्यो फेरि फर्केला ?, मि. फत्ते, सत्प्रयास, चङ्गा, नेहा, दौरा सुरुवाल, प्रायश्चित, करुणा आदि टेलिचलचित्रहरू, प्रेम, आघात, त्रिकोण, इन्साफ, ढुकढुकी, बल्छी, श्रद्धाञ्जलि, सङ्गीन आदि भिडियो चलचित्रहरू, भाग्यरेखा, विजय पराजय, कोसेली, चोट, चट्याङ, तृष्णा, भीष्मप्रतिज्ञा, सौभाग्य, ज्वाला, दुश्मन, नाता, आमाको माया, सजाय आदि ठूलो पर्दाका चलचित्रहरूमा अभिनय । **पुरस्कार/सम्मान :** उत्कृष्ट नायिकाको रूपमा पुरस्कृत (समस्या नाटक, २०४३) लगायत विभिन्न चलचित्र अभिनय पुरस्कारहरू । **हालको ठेगाना :** पो.ब.नं. १४१२९, वनस्थली, काठमाडौँ । **फोन :** ४३५२३२८ ।

रेखबहादुर थापा मगर

(कवि, मगर भाषा) **जन्म/स्थान :** वि.सं. २००१ भदौ २८, भिरकोट -६, तनहुँ । **शिक्षा :** साधारण । **सेवा :** सैनिक सेवा, समाजसेवा । **कृति/सृजना :** मगराती भाषाङ ल्हीङ अड टुक्काऔ किताब (मगर भाषामा गीत र टुक्काहरूको कृति, २०१६), फून्च - ठावँके (जन्मभूमिलाई, मगर भाषामा, नेपाली भाषामा पनि अनूदित, २०५१) । **हालको ठेगाना :** माकर -१, नवलपरासी ।

रेणुका थापा 'सोलु'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२८ फागुन २२, सोलुखुम्बु । **माता/पिता :** अम्बिका बस्नेत, उजिरबहादुर बस्नेत । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** त्रि.वि. (प्रशासन) । **पहिलो रचना :** गजल (कुञ्जिनी, २०५९) । **कृति/सृजना :** उमा-इन्द्र (कवितासङ्ग्रह, २०६६), सङ्घर्षका पाइला (गजलसङ्ग्रह, २०६६), पिँजडाको सुगा (बाल कवितासङ्ग्रह, २०६६), शिखर पुरुषप्रति श्रद्धासुमन (शोककाव्य, ०६७) । **हालको ठेगाना :** कीर्तिपुर, काठमाडौँ । **फोन :** ९८४१३९५६९५ ।

रेणुका भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०३८ मङ्सिर १७, महेन्द्रज्योति-७, काभ्रेपलाञ्चोक । **माता/पिता :** शारदा भट्टराई, नानीराम भट्टराई । **शिक्षा :** स्नातक । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** नजाऊ परदेश (कविता, २०५१) । **कृति/सृजना :** साकुरा र सुस्केरा (हाइकुसङ्ग्रह, २०५९), मञ्जरी (खण्डकाव्य, २०६१), समाजसेवी यात्रामा नन्दप्रसाद (जीवनीवृत्त, २०६६) । **सम्पादन/अनुवाद :** मुस्कान (हाइकुप्रधान पत्रिका, २०४८), पेरोल (साहित्यिक पत्रिका), नेपाल बोर्डर (मासिक पत्रिका) । **पुरस्कार/सम्मान :** जनमत केवलपुरे प्रतिभा पुरस्कार (२०६७) । **हालको ठेगाना :** सोमादी-६, पाल्पा /कोटेश्वर, काठमाडौँ (nepalborder@gmail.com) । **फोन :** २२२२६१७, २०९२०९४, ०७५-६९०१३६ ।

रेणु श्रेष्ठ

(नृत्याङ्गना/अभिनेत्री)

जन्म/स्थान : वि.सं. २०१० मङ्सिर १५, तचपाल, भक्तपुर । **माता/पिता :** मैयादेवी श्रेष्ठ, रघुनाथ श्रेष्ठ । **शिक्षा :** साधारण । **सेवा :** ३२ वर्षदेखि निरन्तर नृत्यमा । **पहिलो रचना :** नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान भवनको उद्घाटनमा कुमारी ब्याले (२०२७) । **कृति/सृजना :** माल्दिभ्सका राष्ट्रपति अब्दुल गयुम (२०४२), बङ्गलादेशका राष्ट्रपति डा. एर्साद (२०४३), भारतका राष्ट्रपति ज्ञानी जैल सिंह (२०४३), स्पनेका राष्ट्रपति ह्वांकार्लोस (२०४४), बङ्गलादेशका प्रधानमन्त्री खालिदाजिया (२०५०), जर्मनका राष्ट्रपति डा. डगलस हार्जोन (२०५३), चाइना फेडरेसन अफ लिटरेचर एण्ड आर्ट सर्कलको उपाध्याइक्ष जीन साई ई (२०५६), विश्वबौद्ध सम्मेलख लुम्बिनी (२०६१) आदि राष्ट्रप्रमुखहरू तथा देश-विदेशका विशिष्ट पाहुनाहरूको स्वागतार्थ आयोजित कार्यक्रममा नृत्य प्रस्तुत एवं गद्दीआरोहण रजत महोत्सव (२०५३), सतीवृन्दा (२०३३), अन्नपूर्ण (२०३४), गुराँस गुलाफ (२०३५), अभियान (२०३५), शकुन्तला (२०३७), नेपाल राष्ट्र बैङ्क (२०३८), शिवताण्डव (२०५३), चण्डालिका, २० ओटा गीतिनाटकहरूमा खेलेको (ब्याले), साथै लोक, चर्या, कुमारी, आर्यतारा, मञ्जुश्री, पञ्चबुद्ध तथा विभिन्न नृत्यहरू गरिएको । फिल्म र टेलिफिल्महरूमा पनि अभिनय । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), नृत्येश्वर सम्मानस्वरूप पुरस्कार (नृत्य, २०५६) । **हालको ठेगाना :** मैतीदेवी, घट्टेकुलो, काठमाडौँ । **फोन :** ४४३६०२१ ।

रेवतीरमण खनाल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ असार २५, सिमपानी आमडाँडा, तनहुँ । **माता/पिता :** यशोदादेवी खनान, गोवर्धन उपाध्याय खनाल । **शिक्षा :** शास्त्री (संस्कृत साहित्य), एम.ए., बी.एल. । **सेवा :** प्राध्यापन, प्रशासन (राजदरबार सेवा) । **पहिलो रचना :** विवाह पुनर्विवाह (लेख, स्वास्नीमान्छे, २०१३) । **कृति/सृजना :** मुलुकी ऐन केही विवेचना (२०२६), कर सम्बन्धी कानुन (२०२८), रिट निवेदन सिद्धान्त र विवेचना (२०३१), विश्वका प्रमुख कानुन प्रणाली (२०३३), नेपालको कानुनी मस्यौदा (२०३५), नेपालको कानुनी इतिहासको रूपरेखा (२०५९), राजनीति कुसुमाकर (२०६२), धार्मिक कथासङ्ग्रह (२०६५), चार्वाक दर्शन (२०६८) । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०५९) त्रिशक्तिपट्ट तेस्रा, गोरखा दक्षिणबाहु तेस्रा । **हालको ठेगाना :** कालीमाटी, सोल्टीमोड, काठमाडौँ । **फोन :** ०१-४२७००२१, ९८४१२५४४६५ ।

रेवतीरमण खनाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१३ असार २३, गोरखा । **माता/पिता** : खिमकुमारी खनाल, केशरीप्रसाद खनाल । **शिक्षा** : स्नातक । सर्वोत्कृष्ट कविता सम्मान (पल्लव साहित्य विविध चितवन, २०६१) । **सेवा** : नोकरी । **पहिलो रचना** : अर्पण (कविता, अर्पण पत्रिका, २०३३) । **कृति/सृजना** : कथोपकथन (कविता-गीतसङ्ग्रह, २०५९), मान्छेभित्र मान्छेको खोजी (हाइकुसङ्ग्रह, २०६१), गजलपथका यात्रीहरू (गजलसङ्ग्रह, संयुक्त, २०६१) । **हालको ठेगाना** : भरतपुर -१०, चितवन । **फोन** : ०५६-५२४४४० ।

रेवतीरमण न्यौपाने

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९३३ ब्रह्मपुर सिपा तीनघरे, सिन्धुपाल्चोक । निधन : १९९८) । **माता/पिता** : भक्तमाया, धर्मानन्द न्यौपाने । **शिक्षा** : संस्कृत, साहित्य र ज्योतिष । **सेवा** : साहित्य, सरकारी नोकरी । **कृति/सृजना** : विवाहलीला (१९६५), विश्वजित लीला (महाकाव्य, १९६६), तीन रत्न (१९६६), अग्निवेश (१९६९), पशुपति लीला (१९८०), अर्जुन गीता (१९८०), खाँडा र गाईको वेदाङ्ग (१९८०) । **सम्पादन/अनुवाद** : तुलसीकृत रामायणका विभिन्न काण्डहरूको पद्यानुवाद (१९९१) ।

रेवतीरमण पौडेल

(अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : २०२५ जेठ १५, भलाम-३, कास्की । **माता/पिता** : टुल्की पौडेल, रूद्रनाथ पौडेल **शिक्षा/विषय** : एम.ए. (अर्थशास्त्र) । **कृति/सृजना** : एसियाको जीवन । **सम्पादन/अनुवाद** : जीवन इतिहास (हिलारी क्लिन्टनको लिभिङ हिस्टोरी, २०६२), स्वतन्त्रताको दीर्घ यात्रा (नेल्सन मन्डेलाको अ लङ वाल्क टु फ्रिडम, २०६२), दलाई लामाको जीवनी (२०६२), डा. मिन्सी कोड (२०६२), प्रेमको खोजीमा (डायनाको डाइना इन पुस्सुइट अफ लाइभ, २०६३), मोनिका लेबिन्स्कीको जीवनी (२०६५), गरिबी निवारण (२०६६) अनुवाद : मेरो जीवन (बील क्लिन्टनको माई लाइफ, २०६६) । **हालको ठेगाना** : शान्तिनगर, काठमाडौं ।

रेवतीरमण लाल

(लेखक, मैथिली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ फागुन १९, देवडिहा, धनुषा । **माता/पिता** : कौशल्यादेवी, पीताम्बर लाल । **शिक्षा** : एम.ए., विद्यावारिधि । **सेवा** : बैङ्किङ सेवा, नाटक निर्देशन । **पहिलो रचना** : सरस्वती वन्दना (कविता, मेरो नेपाल भ्रमण पुस्तक, २०१६) । **कृति/सृजना** : माधव नहि अएला मधुपुर सँ (कथासङ्ग्रह, २०४५), काल-प्रवाह (कवितासङ्ग्रह, २०५३), हमर विदेश भ्रमण (यात्रासाहित्य, २०५४), खिस्सा पिहानी (मैथिली लोककथासङ्ग्रह, २०६१), फूलवती, मरखाह डीह, बेटी, गोबर गणेश, महाकवि विद्यापति (टेलिशृङ्खला निर्देशन)। **सम्पादन/अनुवाद** : साक्षात्कार (साहित्यिक अन्तर्वार्ता सङ्कलन, २०४४), अस्मिता (स्मारिका, २०५४), अक्षर-कलश (स्मारिका, २०५६), भूमिजा (स्मारिका, २०५६), भूमिजा पत्रिका (वार्षिक, २०५७), नैमिकानन (मैथिली त्रैमासिक, २०५९) (सम्पादन) खट्टर काकाका तरङ्ग (मैथिलीबाट नेपालमा अनु., २०५७)। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (२०५६), पार्वती पुरस्कार (२०६१) । अष्टम अन्तर्राष्ट्रिय मैथिली सम्मेलन सम्मान (२०५७), राष्ट्रिय विभूति भानु सम्मान (२०५८), प्रज्ञा पुरस्कार (२०६९), साहित्य सेवा सम्मान, आकृति नाट्य संस्था, जनकपुर । **हालको ठेगाना** : जनकपुर -११, धनुषा । **फोन** : ०४१-५२०६४४ ।

रेवतीरमणानन्द श्रेष्ठ वैद्य

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८९ वैशाख ९, प्रयागपोखरी, काठमाडौं । **माता/पिता** : चन्द्रमाया श्रेष्ठ, वासुदेवानन्द श्रेष्ठ । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), । **सेवा** : निजामती (उपसचिव) । **पहिलो रचना** : योमह्रिपुन्ही (कविता, धर्मोदय पत्रिका, ने.सं. १०७४) । **कृति/सृजना** : मलख (कविता-सङ्ग्रह, ने.सं. १०७५), कपं (बाखं, ने.सं. १०७६), उफोस्वां (गीतिकाव्य, ने.सं. १०७६),

प्राचीन नेपालया जुयावंखँ (ने.सं. ११११), नेपाल धर्मदर्शनया खँत (ने.सं. १११२), उल: (कवितासङ्ग्रह, ने.सं. १११३), झिपु ह्वनाखँ (निवन्धसङ्ग्रह, ने.सं. १११५), नेपाल संवत् बारे जिं छु च्वया (ने.सं. १११७)। **सम्पादन/अनुवाद :** *पत्रिका* : थौंकन्हे (मासिक, ने.सं. १०७४), नेपालभाषा पत्रिका (दैनिक, ने.सं. १०७५), झी (मासिक, ने.सं. १०८०), नेपाल (ऋतुपौ, ने.सं. ११११)। *पुस्तक* : न्ह्यखा: (निवन्धसङ्ग्रह, ने.सं. १०७६), शिव लुमन्ति (ने.सं. १११३), श्री हरिया अवतार, लेखक शेषराज दली (ने.सं. १११५), छ्वास अजिमा, च्वमि ध्रुवनारायण कायस्थ (ने.सं. १११४), माणिकलाल श्रेष्ठ, व्यक्तित्व व कृतित्व (निवन्धसङ्ग्रह, ने.सं. १११९)। ईश्वर-गीता (अनु. ने.सं. १११८)। **पुरस्कार/सम्मान :** प्रवल गोरखा दक्षिणवाहु (प्यंगूगु, २०१९), विख्यात त्रिशक्तिपट्ट (प्यंगूगु, २०२९), शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (२०३६), दीर्घसेवा पदक (२०४१)।

रेवती राजभण्डारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ असार ७, ठमेल, काठमाडौँ। **माता/पिता :** फिनी मास्के, सनकमान मास्के। **शिक्षा :** स्नातक, सितारमा प्रभाकर र पत्रकारितामा प्रवीणता प्रशिक्षण। **सेवा :** सामाजिक सेवा। **पहिलो रचना :** नेपाल आमा (कविता, कस्तुरी पत्रिका, पद्मकन्या क्याम्पस, २०३१)। **कृति/सृजना :** दाइजो (कथासङ्ग्रह, २०४६), खिचडी (कवितासङ्ग्रह, २०४६), भिजेको तकिया (शोक कवितासङ्ग्रह, २०४८), ज्यामि (कथासङ्ग्रह, नेपालभाषा, २०५१), मुक्ति (कथासङ्ग्रह, २०५३), बालसुधा (बालकथासङ्ग्रह, २०५५), भूतसँग जम्काभेट (बालकथासङ्ग्रह, २०६१)। **सम्पादन/अनुवाद :** कर्मिका (मुखपत्र, नेपाल महिला साहित्यकार सङ्घ), उपमा (पारिवारिक मासिक, २०४३), युगश्री (नेपाल नारी साहित्य केन्द्रको मुखपत्र), रजत जयन्ती स्मारिका (कलानिधि सङ्गीत महाविद्यालय), स्वर्ण जयन्ती स्मारिका (नेपाल आदर्श मा.वि. गणबहाल)। न्हाय मदु बाज्या (लोककथा सङ्कलन, नेपालभाषा, २०५२)। **पुरस्कार/सम्मान :** गद्दीआरोहण रजत महोत्सव पदक (२०३१), लोकप्रिया पुरस्कार (२०६०), जयपृथ्वी बाल साहित्य पाण्डुलिपि पुरस्कार (२०६१)। सर्वस्व नेपाल (२०५८), का.म.न.पा. वडा नं. १३ (२०६०) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान। **हालको ठेगाना :** ग १/१६० ताहचल, ककम्चो विनायक मार्ग, काठमाडौँ। **फोन :** ४२७१९४६।

रेशम विरही

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००९ मङ्सिर १, हर्मी, गोर्खा। **माता/पिता :** अम्बिकादेवी घिमिरे, रेवतिरमण घिमिरे। **शिक्षा :** स्नातकक। **सेवा :** पत्रकारिता। **पहिलो रचना :** उकालो (कविता, उकालो पत्रिका, वीरगञ्ज, २०२८)। **कृति/सृजना :** मूलाको बोक्रा, आलीमुनिको झ्याउँकीरी (कवितासङ्ग्रह, २०३७) भित्ताको रङ्ग (२०५७), मङ्गली गुप्ताको पान (२०६१), आधारभूत पत्रकारिता शिक्षा (पत्रकारिता पाठ्यपुस्तक, २०६१)। **सम्पादन/अनुवाद :** आरन (साहित्यिक, २०३७), दौँतरी (साहित्यिक, २०६०)। **पुरस्कार/सम्मान :** तीर्थमान स्मृति साहित्यिक पुरस्कार (नेपालगञ्ज, २०५८), क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६५)। **हालको ठेगाना :** मङ्गलपुर, पश्चिम रामपुर, चितवन। **फोन :** ०८१-५२४२९१, ९८४८०२३५४९।

रोचक घिमिरे (भूषण कश्यप, ज्ञानमूर्ति, बादल शर्मा (घननाथ शर्मा)

(निबन्धकार/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ भदौ ३ गते, गहिराथोक, मन्थली, रामेछाप। **माता/पिता :** मोहनकुमारीदेवी, सोमनाथ घिमिरे व्यास। **शिक्षा :** मध्यमा (संस्कृत), आई.ए.। **सेवा :** साहित्यिक पत्रकारिता। **पहिलो रचना :** समसामयिक लेख (कल्पना दैनिक, २०१५)। **कृति/सृजना :** सम्झनामा फक्रिएका थुँगाहरू (संस्मरणात्मक निबन्धसङ्ग्रह, २०५६)। **सम्पादन/अनुवाद :** रचना (द्वैमासिक साहित्यिक पत्रिका, २०१८), भैरव पुरस्कार गुठी (स्मारिका, २०४६), अनुसन्धानभित्रको अनुसन्धान (२०५१), प्रेस काउन्सिल वार्षिक प्रतिवेदन (२०५२), कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ, २०६०)। **पुरस्कार/सम्मान :** भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४३), शिक्षा मन्त्रालय पुरस्कार (२०४५), साहित्यिक पत्रकारिता पुरस्कार (ने.रा.प्र.प्र., २०५४), उत्तम शान्ति पुरस्कार (२०५६), लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार (२०५८),

प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार (२०५९)। वीरगञ्ज साहित्य परिषद् सम्मान (२०५९), साहित्य सङ्गम मकवानपुर सम्मान (२०६०)। **हालको ठेगाना :** च १/५५४ गहनापोखरी, टङ्गाल, काठमाडौँ (romire@mail.com.np / nepalirachana@gmail.com) **। फोन :** ४४३२७०३।

रोशन थापा 'नीरव'

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ असोज ४, ज्ञानेश्वर (कालोपुल), काठमाडौँ । **माता/पिता :** शान्तादेवी थापा, रामबहादुर थापा। **शिक्षा :** एम.ए. (नेपाली)। **सेवा :** सम्पादन, पत्रकारिता, भाषा सम्पादन। **पहिलो रचना :** कालो बादल (कविता, २०३९)। **कृति/सृजना :** अन्तहीन युद्ध (२०५७), तेस्रो विश्वयुद्ध (कथासङ्ग्रह, २०६२), प्रत्येक श्रवणकुमार अर्थात् युद्ध (उपन्यास, २०६४), प्रस्थानान्तर (उपन्यास, २०६५), स्वप्नसहर (उपन्यास, २०६६), एउटा युद्धान्तर दुःस्वप्नभित्र भ्रम (लामो कविताहरू, २०६८), आवाजहरूको जङ्गलभित्र (उपन्यास, २०६९)। **सम्पादन/अनुवाद :** *पत्रिकाहरू :* चाँदनी (साहित्यविविधि, २०४६), अन्तरङ्ग (साहित्यविविध, २०४७), कुञ्जिनी (समालोचना अङ्क, २०५३), नवकविता (२०५७), पृथ्वी जयन्ती स्मारिका (२०५९), नेपाली उपन्यासको शतवार्षिकी स्मारिका (२०५९)। *पुस्तकहरू :* सिफारिस एउटा रोगीको रोग (धीरेन्द्र मल्लका कविताहरू (२०५४), भस्मासुरको नलीहाड र अरू नाटकहरू (ध्रुवचन्द्र गौतमका नाटकहरू, २०५६), कविताञ्जली (कवितासङ्ग्रह, २०५७), शब्दाञ्जली (कवितासङ्ग्रह, २०५७), शब्दसुमन (कवितासङ्ग्रह, २०५९), साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण (ध्रुवचन्द्र गौतमका कथाहरू, २०६०), नेपाली रेडियो नाटक (२०६२), पहिलो प्रेमको संस्मरण (ध्रुवचन्द्र गौतमका कथाहरू, २०६६), समकालीन साहित्य (२०६७), उपलब्धि (२०६९), बीचबजार मा मुद्रावोध (ध्रुवचन्द्र गौतमका कथाहरू)। **पुरस्कार/सम्मान :** राष्ट्रिय कविता महोत्सव (प्रथम, ने.रा.प्र.प्र., २०५४), गुरुप्रसाद मैनाली कथा स्मृति प्रतियोगिता (प्रथम, ने.रा.प्र.प्र., २०५८), युवावर्ष मोती पुरस्कार (२०६४), नेपाल प्रहरीको 'प्रहरी' पत्रिकाबाट सर्वोत्कृष्ट कथापुरस्कार (२०६६)। नवकविता सम्मान (२०५७)। **हालको ठेगाना :** चाबेल, बुलबुले, काठमाडौँ (neeravthapa@gmail.com)। **फोन :** ९८४१६१२३५६।

रोशन शेरचन

(कवि/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ पुस १८, तातोपानी, म्याग्दी। **माता/पिता :** भगवती शेरचन, वसन्त शेरचन। **शिक्षा :** बी.एस्सी. (वन), बी.ए. (अङ्ग्रेजी), एम.एस्सी (स्रोत व्यवस्थापन)। **पहिलो रचना :** म आकाशमा चम्कने तारा हुँ (कविता, नेपाल आदर्श मा.वि. पोखराको मुखपत्र, २०३५)। **कृति/सृजना :** शब्दहरूको देश (कवितासङ्ग्रह, २०५३), सरूभक्तहरू (लामो कविता, २०५६), मस्तिष्कहरूको मृत्यु (निबन्ध, २०५८), चम्पारण ब्ल्यूज (निबन्ध, २०६८)। **हालको ठेगाना :** शिवभक्त मार्ग-२, लाजिम्पाट, काठमाडौँ। **फोन :** ९८४१५३१५३०, ४००३५३१।

रोहिणीप्रसाद भट्टराई

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९६१ मङ्सिर २०, बानेश्वर, काठमाडौँ। निधन : २०५१ माघ १८। **माता/पिता :** पीतकुमारी, पद्मराज भट्टराई.। **शिक्षा :** आचार्य (व्याकरण), साहित्यरत्न। **सेवा :** अध्यापन, प्राध्यापन, ने.रा.प्र.प्र.। **कृति/सृजना :** बृहत् नेपाली व्याकरण (२०३३) मौलिक र अनुसन्धानमूलक लेखहरू। **पुरस्कार/सम्मान :** विद्वत् शिरोमणि हेमराज पुरस्कार (२०४५), गोरखा दक्षिणबाहु। **सम्पर्क ठेगाना :** पुरानो बानेश्वर, काठमाडौँ। **फोन :** ९८४१४९९५००, ४४९४८९८।

रोहिणीबहादुर कायस्थ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार, बखुँबहाल, ललितपुर। **माता/पिता :** ज्वालादेवी, नरबहादुर कायस्थ। **शिक्षा :** प्रमाणपत्र तह। **सेवा :** सरकारी नोकरी। **पहिलो रचना :** स्वाँयापुन्ही (कविता, नेपालभाषा,

२०२६) । **कृति/सृजना** : देवस्तोत्र सङ्ग्रह (२०४२) । **सम्पादन/अनुवाद** : शान्ति विजय (वार्षिक पत्रिका), ज्वलान्हायकँ (वार्षिक पत्रिका) । **पुरस्कार/सम्मान** : सेवा पुरस्कार (२०५०), ह:पा: सिरपा: (२०५४), रेवतीरमणानन्द धार्मिक सिरपा: (२०५९) । **हालको ठेगाना** : ललितपुर -११ । **फोन** : ५५२६०२८ ।

रोहिणीविलास लुइँटेल (कौशिक, रोविलु, रोवि गाउँले)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ असोज, कालीमाटी, तेह्रथुम । **माता/पिता** : लक्षिमादेवी लुइँटेल, नरपति लुइँटेल । **शिक्षा** : साहित्याचार्य, एम.ए. (नेपाली), धर्मरत्न । **सेवा** : अध्यापन । लेखनाथ वाचनालय, चन्द्रगढी (२०५०), देवकोटा स्मृति भवन, भद्रपुर (२०५२), स्वर्णजयन्ती समारोह (शनिश्चरे उच्च मा.वि. २०५५), नवरत्न जुही साहित्यिक त्रैमासिक परिवार चन्द्रगढी (२)५९), साहित्य कला सङ्गम दमक (२०६०) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना** : शारदा वन्दना (कविता, छात्रप्रभा, बनारस, २०१८) । **कृति/सृजना** : भुमरी (शोककाव्य, २०३७), मेरो मानस (कवितासङ्ग्रह, २०५०), तीन तारा हिमाली (खण्डकाव्यसङ्ग्रह, २०५४) । **सम्पादन/अनुवाद** : उषा (सहसम्पादन, मुखपत्र, २०३५), दर्शन (दार्शनिक पत्रिका, २०४५), रहर (मासिक, झापा, २०४६), सनातन सदाचार (सनातन दिनचर्या, २०४६), झापाली कविता (२०५६) श्रीलङ्का सङ्कल्प (मूललेखक : योगी नरहरिनाथ), जापानं शब्दचित्रम् (मूललेखक योगी नरहरिनाथ), अपराजेय कटाक्ष (व्यङ्ग्यसङ्ग्रह, संस्कृतबाट नेपालीमा अनुवाद, २०५८) । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०५६), कनकाई प्रतिष्ठान सुरुङ्गाद्वारा पुरस्कृत (२०५४), नवक्षितिज पुरस्कार (वाणी प्रकाशन, विराटनगर, २०५८) । **हालको ठेगाना** : कालिस्थान, शनिश्चरे -३, झापा ।

लक्ष्मणकुमार नेवटिया

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५६ मे १२, विराटनगर, मोरङ । **माता/पिता** : जयदेवी नेवटिया, रामस्वरूप नेवटिया । **शिक्षा** : स्नातक (बाणिज्य) । **पहिलो रचना** : हिमाल (२०२८) । **कृति/सृजना** : लक्ष्मणका कुतकुति (२०३९), मेरा व्यथाका चौदह कथा (२०४१) । **सम्पादन/अनुवाद** : त्रिवेणी हवाईपत्र (२०३८), मोरङ व्यापार (पत्रिका सम्पादन), अमृत गीता (हिन्दी काव्यअनुवाद, २०४८) । **पुरस्कार/सम्मान** : दैवी प्रकोप पीडितोद्दार पदक । **हालको ठेगाना** : दुगड निवास, विराटगनर -९, मोरङ (dugarbrt@ecomail.com.np) । **फोन** : ०२१-५२२७५८, ५२३४६७ ।

लक्ष्मण गाम्नागे (जम्बुमन्त्री, चरिमुखे, लक्ष्मीप्रसाद भट्टराई)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ पुस २९, भुटान । **माता/पिता** : लक्ष्मी भट्टराई, चिदानन्द भट्टराई । **शिक्षा** : स्नातकोत्तर (राजनीतिशास्त्र) । **सेवा** : सञ्चार सेवा । **पहिलो रचना** : फाइटर ज्याक्सनलाई पत्र (२०४४) । **कृति/सृजना** : घिटिक-घिटिक बाँचेर सहरमा (व्यङ्ग्य कवितासङ्ग्रह, २०५०), ३ न १३ (व्यङ्ग्य कवितासङ्ग्रह, २०५७), लाठीचार्ज (व्यङ्ग्य निबन्धसङ्ग्रह, २०६१), रेडियो नाटक लेखन, प्रस्तुति, हास्य टेलिशृङ्खला लेखन, स्तम्भ लेखन । **सम्पादन/अनुवाद** : रकेट (हास्यव्यङ्ग्य मासिक पत्रिका, २०४४), चड्कन (हास्यव्यङ्ग्य द्वैमासिक पत्रिका, २०४८), सिस्नुपानी (हाव्यव्यङ्ग्य, द्वैमासिक पत्रिका, २०५५), सञ्चार (विविध सङ्कलन त्रैमासिक, २०५५) । **पुरस्कार/सम्मान** : भैरव प्रतिभा पुरस्कार (२०६१) प्रतिभा सम्मान (नवरङ्ग साहित्य प्रतिष्ठान, २०५८) । **हालको ठेगाना** : गौरादह -४, झापा (gamnage@gmail.com) । **फोन** : ४४६६८५५, ९८५१०४७४५५ ।

लक्ष्मणप्रसाद गौतम



(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२० असोज २५, गलकोट, बागलुङ । **माता/पिता** : यमुना गौतम, शशिधर गौतम । **शिक्षा** : एम.ए., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** :

मातृभूमि (कविता, नयाँपुकार पत्रिका, २०३६) । **कृति/सृजना :** नन्दनको काव्यिक परिवेश (समालोचना, २०५२), चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण (समालोचना, २०५२), सान्दर्भिक समालोचना (समालोचना, २०५७), समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण (समालोचना, २०६०), विज्ञान शब्दकोश (सहलेखन, २०६०), नोबेल पुरस्कार विजेता साहित्यकारहरू (सहलेखन, २०६२), समकालीन नेपाली कविताका प्रवृत्ति (शोध, २०६७), नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना (२०६६), उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप (२०६८), राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता (२०६८), नेपाली कथाको इतिहास (सहलेखन, २०६९) । **सम्पादन/अनुवाद :** मधुलिका (साहित्यिक पत्रिका, २०५४), मारुनी (साहित्यिक पत्रिका), वागीश्वरी (साहित्यिक पत्रिका), मृगतृष्णा (साहित्यिक पत्रिका), शब्दहरू अविराम यात्रामा (संयुक्त कवितासङ्ग्रह, २०५७), आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम : अभिनन्दन ग्रन्थ (२०६०), नेपाली यौनकथा (भाग-२, विराटनगर), समकालीन नेपाली द्वन्द्वकथा (२०६३), अन्तरसंवाद (अन्तर्वार्तासङ्ग्रह, २०६५), सनत रेग्मी : सिर्जनसंवाद (अन्तर्वार्तासङ्ग्रह, २०६६), रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड, २०६९), रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड, २०६९) । **पुरस्कार/सम्मान :** नारायणी वाङ्मय पुरस्कार (२०५२), चिसाप प्रतिभा पुरस्कार (२०६०), रत्न श्रेष्ठ पुरस्कार (२०६१/२०६७), रोहिणी अन्तर्राष्ट्रिय नेपाली साहित्य सर्वोत्कृष्ट कृति पुरस्कार (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिका, २०६२), चिसाप कृष्णकुमारी स्मृति पुरस्कार (२०६६), नेपाल विद्याभूषण 'क' (२०६७), अन्तर्राष्ट्रिय सर्वोत्कृष्ट कृति पुरस्कार (अमेरिका, सन् २०१०) । नवकविता सम्मान (२०५७), दोभान प्रतिभा सम्मान (२०५९), अभिव्यञ्जना साहित्य सम्मान (२०६४), कालिका स्रष्टा सम्मान (२०६५), तन्नेरी विशिष्ट साहित्य सम्मान (२०६७), नेपाली प्रज्ञा प्रतिष्ठान सम्मान (म्यानमार, बर्मा, सन् २०११), रामेश्वर विद्यापीठ सम्मान (म्यानमार, बर्मा, सन् २०११), अखिल म्यान्मादेशीय गोर्खा हिन्दू धार्मिक सङ्घ सम्मान (म्यानमार, बर्मा, सन् २०११), लगायत विभिन्न पुरस्कार तथा सम्मानहरू । **हालको ठेगाना :** भरतपुर -६, चितवन/कीर्तिपुर, काठमाडौं (gautamlaxman@yahoo.com) । **फोन :** ९८५११३२९३२ ।

लक्ष्मण राजवंशी

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९२ साउन ३०, इन्द्रचोक, काठमाडौं । **माता/पिता :** पूर्णकुमारी राजवंशी, बुद्धिबहादुर राजवंशी । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** तिम्रो कपाल मेरो निधार (कथासङ्ग्रह, २०३८) । **कृति/सृजना :** प्रतिबिम्ब (कथासङ्ग्रह, २०४५), नमि ग्वा:गु सर्ग (२०४४), बुलुमिं (२०४९), देखा (२०५१), आलमत (२०५५), ह्याउँ निभा: (२०५८), लिथ्व:गु स: (२०६१), ल:हु (२०६५), लिथ्व:गु स: (२०६२), झसुका (२०६२), नसना (२०६५), ईया किचलय (२०६५), त्वाक: (सन् २०१०), न्हसला (नेपाल भाषा निबन्धसङ्ग्रह), चल (२०६६), नेवा: सांस्कृतिक म्हसिका (संस्कृति), मेरो कपाल तिम्रो निधार (कथासङ्ग्रह), गुन्जन (निबन्धसङ्ग्रह), प्रतिध्वनि (निबन्धसङ्ग्रह), मुरकट्टाहरूको मार्चपास (निबन्धसङ्ग्रह, २०६८) । **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु (२०३३), राष्ट्रिय शिक्षा पुरस्कार (२०३६), स्वर्ण पदक (जर्मन जनवादी गणतन्त्र, २०४०), प्रख्यात त्रिशक्तिपट्ट (२०४२), सुप्रबल गोरखा दक्षिणबाहु (२०४९), विख्यात त्रिशक्तिपट्ट (२०५०), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (२०५४), गौरी अनन्त सम्मान सिरपा:, पुष्पराज कृष्ण-प्यारी सम्मान, न:लि प्रधान सिरपा, त्रिमूर्ति प्रतिस्थापन सम्मान, जर्मन मैत्री परिषद्बाट दुई पटक स्वर्ण पदक । **हालको ठेगाना :** का.म.न.पा. -२४, काठमाडौं । **फोन :** ९८५१०८३४३८ ।

लक्ष्मण लोहनी

(हास्यव्यङ्ग्य कवि)

जन्म/स्थान : वि.सं. १९९० पुस ३, ज्ञानेश्वर, काठमाडौं । निधन : २०६८ वैशाख १६ । **माता/पिता :** तोयाकुमारी, रुद्रप्रसाद लोहनी । **शिक्षा :** आई.ए. । **सेवा :** साहित्य सेवा, गायन । **पहिलो रचना :** झगडा (व्यङ्ग्य कविता, पर्चा, २०१०) । **कृति/सृजना :** थानसिङ्गे कान्छी (२०११), टुहुरो (खण्डकाव्य, २०१३), रोदीघर (लोकगीतसङ्ग्रह, २०१३), निर्वाचनको सवाई (सवाईकाव्य, २०१५), हिमालको शान (गीतकवितासङ्ग्रह, २०१९), एक थुन्चे लोकगीत (इ.सं. १९६३), युगनाद (लोकगीत र कविता, इ.सं. १९६७), पृथ्वीनारायण शाहको चार पक्ष (गीतिनाटक, २०२८), विकासको मूल फुटाऊँ (गीतिनाटक, २०२९), थुप्रै गीतहरू आफ्नै स्वरमा रेकर्ड । **सम्पादन/अनुवाद :**

विद्यार्थी आवाज (२०११) । **पुरस्कार/सम्मान :** द्वितीय पुरस्कार (अखिल नेपाल सङ्गीत सम्मेलन, २०१३), सर्वोत्तम गीतकार (रेडियो नेपाल, २०२३), उत्कृष्ट गीतकार (रेडियो नेपाल, २०२४), शुभराज्याभिषेक पदक (२०३१), गाईजात्रा महोत्सव स्वर्ण पदक (ने.रा.प्र.प्र.,२०३३) आदि । **हालको ठेगाना :** कमलादी, काठमाडौँ । **फोन :** ४२२१८३८ ।

लक्ष्मण श्रेष्ठ

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९३८, सिराहा । **शिक्षा :** स्नातक (ललितकला) । **सेवा :** सदस्य (नाफा), विशेष अध्ययन (फ्रान्स) । **कृति/सृजना :** एकल तथा सामूहिक कला प्रदर्शनी (नेपाललगायत भारत, स्विट्जरल्याण्ड, फ्रान्स आदि देशमा पटक-पटक), नेपाल, भारत, फ्रान्स, अमेरिका, जर्मनी आदि देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान :** अन्तर्राष्ट्रिय कला प्रदर्शनी न्युयोर्कमा 'प्रि द अनर' पुरस्कार (इ.सं. १९६७), गोरखा दक्षिण बाहु, तेस्रो राष्ट्रिय कला प्रदर्शनीमा प्रथम पुरस्कार (नाफा) । **हालको ठेगाना :** प्लट ७१४, टुवेल्थ रोड, बम्बै-४०००५२ । **फोन :** ९८२०८१७७७९ ।

लक्ष्मी उप्रेती

(कवि/बालकथा स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ साउन २३, हाङपाङ-३, ताप्लेजुङ । **माता/पिता :** जगमाया प्रसाईं, वृहस्पति प्रसाईं । **शिक्षा :** स्नातक । **सेवा :** साहित्यिक पत्रकारिता । **पहिलो रचना :** बिस्कुनले थिचिएका खुसीहरू (कविता, चाँदनी पत्रिका, २०४१) । **कृति/सृजना :** यौटा बाटो खोजिरहेछ जीवन (कवितासङ्ग्रह, २०५१), मृदु स्मृतिहरू (कवितासङ्ग्रह, २०५६), मनेको म्याँ म्याँ (बालकवितासङ्ग्रह, २०५७), कृष्णको पछ्युतो (बालकथासङ्ग्रह, २०५७), कर्मको फल (बालकथासङ्ग्रह, २०५८), बुद्धिमानी बाँदर (बालकथासङ्ग्रह, २०५९), स्निग्ध अनुभूति (लामो कविता, २०५९), साहसी आकाङ्क्षा र पवन परी (बाल उपन्यास, २०६०), कमिलाको ताँती (बाल चित्र कविता, २०६१), समय स्पर्श (कवितासङ्ग्रह, २०६१), सुनको अण्डा दिने चरी (बालकथासङ्ग्रह, २०६१), मिथ्या उत्सव (कवितासङ्ग्रह, २०६७), तिर्सना (कथासङ्ग्रह, २०६३), जीवनको अनुभूति धनमाया प्रसाईं (२०६३), साथी-साथी (बालकथासङ्ग्रह, २०६४), सानुको मामाघर यात्रा (२०६५) आदि । **सम्पादन/अनुवाद :** लायन्स स्मारिका (२०५१), वनिता (त्रैमासिक, २०५६), साहित्यकार देवकुमारी थापा व्यक्तित्व र कृतित्व (२०५८), केन्द्रीय महिला उद्यमी स्मारिका (२०५८), भानु मोरङ प्रतिविम्व (स्मारिका, २०५८), वालकथाका फूलवारी (संयुक्त सम्पादन, २०६१), नानीहरूको कोसेली (२०६२), लीला विमर्श, नानीहरूलाई कोसेली आदि । **पुरस्कार/सम्मान :** पूर्वाञ्चल स्तरीय कविता प्रतियोगितामा दोस्रो (२०४१), षडानन्द प्रतिभा पुरस्कार (२०५७), पारिजात पाण्डुलिपि बालसाहित्य पुरस्कार (२०६३), लक्ष्मी कार्की साहित्यिक पत्रकारिता पुरस्कार (२०६३), बालसाहित्य राष्ट्रिय पुरस्कार (२०६४), भद्रकुमारी विशिष्ट व्यक्तित्व पुरस्कार (२०६६), शारदा कोइराला स्मृति बालसाहित्य वाणी पुरस्कार (२०६६), प्रेमदत्त गोमा त्रिपाठी स्मृति साहित्य, सञ्चार, विशेष पुरस्कार (२०६७) । नवरङ्ग साहित्य सम्मान (२०५६), हिमशिखर राष्ट्रिय प्रतिभा सम्मान (२०५८), कमला सैंजु जनमत साहित्य सम्मान (२०६१), वाङ्मय राष्ट्रिय सेवा सम्मान (२०६३), तन्नेरी विशिष्ट सम्मान (२०६६) आदि । **हालको ठेगाना :** विराटनगर-१४, मोरङ / काठमाडौँ । **फोन :** २०४३२७५, ९८४१२६९१८२ ।

लक्ष्मी ऐडी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ भदौ ४, दुर्पा-७, खार्पुनाथ, हुम्ला । **माता/पिता :** कर्की ऐडी, धोदे ऐडी । **सेवा :** बैङ्किङ, साहित्य, गायन । **पहिलो रचना :** सुन्तलीलाई पत्र (जनउत्थान पत्रिका) । **कृति/सृजना :** कर्णालीको लोकलय : लोकगाथा, लोकभाका (गीतिसङ्ग्रह) । **हालको ठेगाना :** हुम्ला/काठमाडौँ । **फोन :** ९८४१३५३९५५ ।

लक्ष्मीकान्त पन्थी

(कवि, संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. २०१० जेठ १६, धुरकोट वाग्ला बडाचौर, गुल्मी । **माता/पिता :** नीलमायादेवी, भीमकान्त पन्थी । **शिक्षा :** आचार्य (धर्मशास्त्र, शाङ्करवेदान्त), एम.ए. (नेपाली

साहित्य, संस्कृत साहित्य), विद्यावारिधि (हिन्दू संस्कार)। **सेवा :** प्राध्यापन (त्रि.वि.)। **कृति/सृजना :** नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान (२०४१), सजिलो कुण्डलीफल (२०४१), सजिलो कुण्डलीफल (२०४१)। **सम्पादन/अनुवाद :** ऋतुविचार : सानुवाद (संस्कृत भाषामा, २०६३)। हठयोगप्रदीपिका (नेपाली अनुवाद, २०६७), प्राकृत पोखरा (संस्कृत अनुवाद, २०५७), जीवनदर्शनम् (संस्कृत कवितासङ्ग्रह, २०६०), लक्ष्मी वैभवम्, वंशदर्शनम्। **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव - द्वितीय (२०३१), महेन्द्र विद्याभूषण 'ख' (२०५२), महेन्द्र विद्याभूषण 'क' (२०५३), कुलचन्द्र स्मृति प्रतिष्ठान पुरस्कार (२०६५), महाकवि श्रीहर्ष समारोह पुरस्कार (२०६५), अन्तर्राष्ट्रिय संस्कृत साहित्य सम्मेलन पुरस्कार (२०६६),। **हालको ठेगाना :** रामहिटी बौद्ध-३५१ शिरोमणिमार्ग, काठमाडौं। **फोन :** ४८२०२२१, ९८४९१४८३८५।

लक्ष्मी गिरी (सुधा गिरी)

(चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०१० माघ ११, देवपत्तन, काठमाडौं। **माता/पिता :** उजेली अधिकारी पौडेल, मुक्तिनाथ पौडेल। **शिक्षा :** साक्षर। **सेवा :** नेपाल राष्ट्र बैङ्क, अभिनय, सामाजिक सेवा। **पहिलो रचना :** दबुः प्याख (नाटक, वालकलाकारको रूपमा मञ्चमा प्रस्तुत, २०२१), खुकुरीको अचानो (कविता, सी.एम.ए. क्याम्पस, पाल्पाको मुखपत्र, २०४५),। **कृति/सृजना :** भुमरी, फेरि भेटैँला, सीमारेखा, वलिदान, प्रेमपिण्ड, कन्यादान, दर्पण छायाँ, ठूल्दाइ, सिमाना, तँ त साह्रै बिग्रिस् नि बद्री, मनको टुक्रा, मुगलान, यो मायाले लौन सतायो आदि करिब ६ दर्जन ठूलो पर्दाका चलचित्रमा अभिनय। रहरै भो, हिजो आजको कुरा, ज्वाइँ, परिचय, विज्ञापन, कथा सुख-दुःखको, चाहना मनको, गङ्गा-जमुना आदि थुप्रै टेलिशृङ्खलाहरूका साथै यस्तै हुन्छ र, २१६७७७, हिस्स बूढी खिस्स दाँत, तीतो सत्य, रहरै भो, लाहुरी भैँसी, ज्वाइँ, विज्ञापनजस्ता हास्य टेलिनाटक तथा टेलिचलचित्रहरूमा विभिन्न किसिमको अभिनय भूमिका निर्वाह गरेको। करिब एक दर्जनभन्दा बढी नाटकहरूमा पनि सफल अभिनय गरेको। यसका अतिरिक्त फुटकर रूपमा दर्जनौं कविता प्रकाशन। **पुरस्कार/सम्मान :** नेपाल स्काउट पुरस्कार (२०२६), नेपाल राष्ट्र बैङ्कबाट नगद पुरस्कार (२०४१), गद्दीआरोहण रजत पदक, चलचित्र अभिनय रत्न पदक (२०६१), गोरखा दक्षिणबाहु चौथा (२०६२) नाटक अभिनयमा विभिन्न पुरस्कार। सिम्पल आर्टस् सम्मान (२०४५), नेपाल दशनामी समाज सम्मान (२०५८), खोटाङ सेवा समाज सम्मान (२०६०), चलचित्र र समाजिक जीवनका विविध संस्थानहरूबाट विभिन्न अवसर र सन्दर्भमा सम्मानित। **हालको ठेगाना :** पो.ब.नं. १४१५६, कालीमार्ग, मीनभवन, काठमाडौं, (anilgiri2004@mail.com)। **फोन :** ४४८३४४५, ९८५१०९६९२५।

लक्ष्मीदत्त पन्त

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९२२ काठमाडौं। निधन : १९६२। **माता/पिता :** अनुसन्धेय। **शिक्षा :** संस्कृत, अङ्ग्रेजी, नेपाली। **सेवा :** जलेश्वर अमिनमा लप्टन, माध्यमिक कालका विशेष प्रतिभा। **कृति/सृजना :** भ्रमर-चम्पक संवाद, दक्षिणकालीका स्तुति, वैराग्य दर्पण, मोतीरामको जीवनी, सङ्गीत, चन्द्रोदय, सूक्तिसिन्धु, गफाष्टक र पद्यसङ्ग्रहहरूमा रचना समावेश भएको। **पुरस्कार/सम्मान :** पण्डित, मोतीमण्डलीका सदस्य।

लक्ष्मीदत्त भट्ट

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ साउन १०, तल्लिसोराड, सैलोडा, डडेल्धुरा। **माता/पिता :** पार्वती पट्ट, ज्योतिराम भट्ट। **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), आचार्य (साहित्य), विद्यावारिधि। **पहिलो रचना :** जीवन (कविता, सगरमाथा, हरिद्वार, २०१८)। **कृति/सृजना :** मनकामना स्तोत्र (२०३१), पशुपति महिमा (२०४२), लक्ष्मीगीतासार (२०५७), गोपीश्रीकृष्ण संलाप (२०६१)। **सम्पादन/अनुवाद :** हिमाल (वार्षिक पत्रिका, २०२४)। **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क' र 'ख'। **हालको ठेगाना :** सगुनमार्ग घ.नं. ५१, ज्ञानेश्वर, काठमाडौं। **फोन :** ४४१७६२६।

लक्ष्मीदेवी राजभण्डारी

(कवि, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. २000 असार ३१, कालिम्पोङ, भारत । **माता/पिता :** पद्मकेशरी कसजु प्रधान, खड्गबहादुर कसजु प्रधान । **शिक्षा :** स्नातकोत्तर (बङ्गाल युनिभर्सिटी बोर्ड) । **सेवा :** साहित्य, अध्यापन । **पहिलो रचना :** बन्द किताब (कविता-सङ्ग्रह, मातृभूमि साप्ताहिक, २०४७) । **कृति/सृजना :** कवितासङ्ग्रह : जीवनयात्राका क्षणहरू (२०४७), दीपशिखा (२०४८), अपराजिता (२०५१), गुञ्जिरहोस् अपार (२०५६), अपलक चियाइ (खण्डकाव्य, २०५१), सर्वस्व तिमी (लघुकाव्य, २०५६), अन्टिल द ओसियन ब्लेड (इ.सं.१९९७), यु मे अल (इ.सं.१९९७), लभ ड्रप्स (इ.सं.१९९७), कलेक्टेड पोइम्स (इ.सं.१९९९), सर्ट पोइम्स (इ.सं.१९९९), हन्ड्रेड एण्ड वन पोइम्स फर न्यू मिलिनियम (ई.२000), फिस्की एण्ड स्वीटी (२00२) । **पुरस्कार/सम्मान :** डक्स पुरस्कार । उन्नयन प्रकाशनद्वारा सम्मान (२०५२), नेपाली साहित्य मन्दिरद्वारा सम्मान (२०५७), भानु साहित्य सम्मान (विराटनगर (२०६०) । **हालको ठेगाना :** प्रगतिमार्ग-२, अनामनगर, काठमाडौँ । **फोन :** ४२२२६१२, ४२४०४७१ ।

लक्ष्मीनाथ शर्मा

(निर्देशक/चलचित्रकर्मी)



जन्म/स्थान : वि.सं. २00२ असोज ८, बरबोटे, इलाम । **माता/पिता :** देवकी उपाध्याय, प्रजापति उपाध्याय । **शिक्षा :** एम.ए. (इतिहास, त्रि.वि.), पोस्ट ग्र्याजुएट डिप्लोमा इन सिनेमा (फिल्म डाइरेक्सन, पुना, भारत) । **सेवा :** चलचित्र निर्देशन । **पहिलो रचना :** म बाहुनको छोरो हुँ (कविता, जुनेली पत्रिका, व्यङ्ग्यात्मक कविता, २०१६) । **कृति/सृजना :** असन्तोष (उपन्यास, इ.सं. १९६६), घाइते गुप्तचर (जासुसी उपन्यास, २०२७), अँध्यारो (उपन्यास, २०३१), चलचित्रकला (विश्व चलचित्रसम्बन्धी पुस्तक, २०३८) । बदलिँदो आकाश (पटकथा र संवादलेखनसमेत, इ.सं. १९८३), शान्तिदीप (पटकथा र संवादलेखनसमेत, इ.सं. १९८८), मिलन (संवादलेखनसमेत, इ.सं.१९९३), सारङ्गी (संवादलेखनसमेत, इ.सं. १९९४), छोरीबुहारी (संवादलेखनसमेत, इ.सं. १९९६), साथी (पटकथा र संवादलेखनसमेत, इ.सं.१९९८), जीत (पटकथा र संवादलेखनसमेत, इ.सं.१९९९), वरपीपल (पटकथा र संवादलेखनसमेत, इ.सं. २000), विद्रोही (पटकथा र संवादलेखनसमेत, इ.सं. २00३) भाइटीका (पटकथा र संवादलेखनसमेत, इ.सं. २00३), सासूबुहारी आदि चलचित्रहरू निर्देशन, ११ ओटा वृत्तचित्रहरू लेखन तथा निर्देशन । कथा (टेलिशृङ्खला, इ.सं. २00४) र मोड (टेलिशृङ्खला, ई.सं. २00४) को निर्देशन । गाईजात्रा (वृत्तचित्र) र मनको बाँध (चलचित्र) पटकथा लेखन तथा संवाद लेखन (२०२९ साउन) । ग्लिम्प्सेस ७७ (इ.सं. १९७७), शहीद (फिचर डकुमेन्ट, इ.सं. १९७७), ग्लिम्प्सेस फ्रम नेपाल (इ.सं. १९७८), भ्याली अफ टेम्पल (इ.सं. १९८०), सुख र सन्तोष (इ.सं. १९८१), इलेक्सन्स इन नेपाल (इ.सं. १९८३), डेभलपिङ नेपाल (इ.सं. १९८३), पपुलेसन ग्रोथ एण्ड द इनभाइरोन्मेन्ट (इ.सं. १९८९) आदि वृत्तचित्र निर्देशन । सिन्दूर (चलचित्र, सहायक निर्देशक, इ.सं. १९७९), (एक दर्जन जति चलचित्रहरूमा गीतलेखन । **पुरस्कार/सम्मान :** नेपाल मोसन् पिक्चर एवार्ड (इ.सं. १९९८ र १९९९), गद्दीआरोहण रजतमहोत्सव पदक, प्रबल गोरखा दक्षिणबाहु (इ.सं. २00४) । सिम्पल आर्टस् सम्मान (२०५५), अनवरत योगदान र साधना सम्मान (नेपाल चलचित्र कलाकार सङ्घ (२०५६), चलचित्र सम्मान (२०५६) मानसरोवर सिने सम्मान (२०५६), पूर्वाञ्चल सांस्कृतिक सम्वर्द्धन केन्द्रको सम्मान (२०५७), साधना सम्मान (२०५८) आदि । **हालको ठेगाना :** ३१४/२१ मितेरीमार्ग, पुरानो बानेश्वर, काठमाडौँ । **फोन :** ४४७३७३३ ।

लक्ष्मीनारायण जोशी अर्ज्याल

(प्राथमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १७६९, पोखरीथोक, गोर्खा । **निधन :** १८६१ । **शिक्षा :** संस्कृत, नेपाली, गद्यकार । **सेवा :** साहित्य तथा राजप्रासाद (शक्तिवल्लभका पिता) । **कृति/सृजना :** गीत गोविन्दम् (लिपिकर, खण्डकाव्य, १७८३), महाज्ञानमुद्रा कथा (१८५८) । हरिश्चन्द्रविलाप ।

लक्ष्मीप्रसाद आचार्य 'पथिक कवि'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४सल्लेरी गाउँ, तेह्रथुम । **निधन :** २०५८ माघ १३ । **माता/पिता :** सुभद्रादेवी आचार्य, धर्मानन्द आचार्य । **शिक्षा :** साहित्याचार्य, काव्यपुराणतीर्थ, विद्याभाष्कर । **सेवा :** अध्यापन । 'पथिककवि' को उपाधिद्वारा सम्मान । **कृति/सृजना :** कविता तरङ्गिणी (ई. १९६४), छन्दसागर सोपान (२०२३), प्रकाश (२०२४), नेपालदर्शन (काव्य, २०२८),

स्मृति (शोककाव्य, २०२८), हिमाली सन्देश (खण्डकाव्य २०२८), जयद्रथ बध (२०२९), झापा जिल्ला दर्शन (२०२९), सङ्कलन (नाटक, २०२९), हिजो र आज (२०३१), दशैं दर्शन (२०३३), हिमाली धारा (२०३३), भेटी (२०३४), वेदको उज्यालो कस्तो छ ? (२०३९), रूद्राक्ष महात्म्य, वराहक्षेत्र माहात्म्य, नन्दाको आह्वान, गन्धर्व बाँसुरी, गोर्खा छन्द तरङ्गिनी, बुद्धचरित (महाकाव्य), भैलो द्यौसी परिचय र उड्ने पर्वतको परिचय, अलङ्कार सागर सोपान, देशको माटो देशका ढुङ्गा, सनातन प्राचीन को ? कि हिन्दू, स्तोत्र पुष्प द्वयम् आदि ५० जति पुस्तक प्रकाशित ।

लक्ष्मीप्रसाद जोशी (एल.पी. जोशी)

(गायक)

जन्म/स्थान : वि.सं. १९९३ लक्ष्मीपूजा, धनकुटा बजार । **माता/पिता** : विष्णुकुमारी जोशी, कृष्णमानसिंह जोशी । **शिक्षा** : आई.ए. । **सेवा** : गायन । पूर्वाञ्चल सांस्कृतिक सम्बर्द्धन केन्द्र कमलादी विशिष्ट सम्मान (२०५६), सङ्गीत साधना कला केन्द्र, धरान (२०५६) द्वारा सम्मान, रेडियो नेपाल प्रसार विकास सेवा समिति (२०५९) द्वारा सम्मान, बृहत् साहित्यिक एवं सांस्कृतिक कार्यक्रम (२०६०) विशेष सम्मान आदि । **पहिलो रचना** : वि.सं. २०१९ भन्दा अघिदेखि गायनयात्रा । **कृति/सृजना** : अनावृत कविता तथा लोकगीत सँगालो (२०६०) । **सम्पादन/अनुवाद** : उर्नो (२०३२) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी लोकगीत प्रतियोगितामा प्रथम (रेडियो नेपाल, २०१९), शुभराज्याभिषेक पदक, ज्योति पुरस्कार । **हालको ठेगाना** : दमक न.पा. -१, झापा । **फोन** : ०२३-५८००९५ ।

लक्ष्मीप्रसाद देवकोटा (तीर्थमाधव देवकोटा)

(महाकवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६६ कात्तिक २७, धोबीधारा, काठमाडौँ । निधन : वि.सं. २०१६ भदौ २६, काठमाडौँ । **माता/पिता** : अमरराज्यलक्ष्मी देवकोटा, तिलमाधव देवकोटा । **शिक्षा** : बी.ए., बी.एल. । **सेवा** : शिक्षा, साहित्य, प्राध्यापन, शिक्षामन्त्री । **पहिलो रचना** : वसन्त षोडशी (१९८५) । **कृति/सृजना** : मुनामदन (१९९२), राजकुमार प्रभाकर (१९९७), कुन्जिनी (२००२), शाकुन्तल (२००२), लक्ष्मी निबन्धसङ्ग्रह (२००२), रजपूतरमणी (नाटक-सङ्ग्रह, २००२), सुलोचना (२००३), पहाडी पुकार (२००५), वसन्ती (२००९), मैना (२००९), सावित्री सत्यवान् (नाटक-२००९), सुन्दरी प्रोजर्पिना (खण्डकाव्य, २००९), पुतली भाग १ र २ (२००९), भिखारी (२०१०), सुनको बिहान (२०१०), मनोरञ्जन (हास्य व्यङ्ग्यात्मक कवितसङ्ग्रह, २०१४), रावण जटायु युद्ध (२०१५), म्हेन्दु (२०१५), जन्मोत्सव मुटुका थोपा (संयुक्त, २०१५), मृत्युशय्याबाट (२०१६), चिल्ला पातहरू (२०२१), कृषिबाला (गीतिनाट्य, २०२१), लूनी (२०२३), मायाविनी सर्सी (२०२४), गाइने गीत (२०२४), सीता हरण (२०२४), महाराणा प्रताप (२०२४), चम्पा (उपन्यास, २०२४), भावना गाङ्गेय (२०२४), वनकुसुम (महाकाव्य, २०२४), आकाश बोल्छ (२०२५), कटक (२०२६), छाँगासँग कुरा (२०२६), दुष्यन्त शकुन्तला भेट (२०२६), प्रमिथस (२०२८), लक्ष्मी कथासङ्ग्रह (२०२८), लक्ष्मी कविता सङ्ग्रह (२०३२), लक्ष्मी गीतिसङ्ग्रह (२०४०), दाडिमको रूखनेर (२०३९), स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा (समीक्षासङ्ग्रह, २०४१), पृथ्वीराज चौहान (महाकाव्य, २०४९), शकुन्तला (अङ्ग्रेजी भाषामा लेखिएको महाकाव्य), बापू (अङ्ग्रेजी कविता), नयाँ सत्यकलि संवाद (खण्डकाव्य), पञ्चतन्त्र (निबन्धसङ्ग्रह), तुषार-वर्णन आदि । **सम्पादन/ अनुवाद** : युगवाणी (साप्ताहिक), प्रसिद्ध प्रबन्धसङ्ग्रह (१९९८ अनु.), बिग गेम सुटिङ इन नेपाल (१९९९, अनु.), म्याकबेथ (नाटक-२०२६, अनु.), पञ्चतन्त्र । **पुरस्कार/सम्मान** : त्रिभुवन प्रज्ञा पुरस्कार (मरणोपरान्त, २०२३), साझा पुरस्कार (मरणोपरान्त) आदि । 'महाकवि' उपाधिद्वारा जनसम्मान । सरकारद्वारा हुलाकटिकट प्रकाशित । नौ भाषामा रचना गर्न सक्ने खूबी भएका विशिष्ट प्रतिभा । नेपाल प्रज्ञा-प्रतिष्ठानका संस्थापकमध्ये एक ।

लक्ष्मीराज शर्मा पौडेल (कुसुमाञ्जली)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ वैशाख ८, रातामाटा, बागलुङ । **माता/पिता** : देवकुमारी शर्मा पौडेल, खगराज शर्मा पौडेल । **शिक्षा** : स्नातक । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : प्रभाव वर्णनम् (कविता, जयतु संस्कृतम् मासिक, २०१७ असार) । **कृति/सृजना** : युधिष्ठिरको कुकुर (खण्डकाव्य, २०४६), भाव सङ्केत (भाग १, सूत्रात्मक कविता, २०५१), डाँफेका प्वाँखहरू

(गीति-कवितासङ्ग्रह, २०५२), प्रतिविम्ब महाकाव्य, रावणायणम् महाकाव्य आदि । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३२), दुर्गम सेवा पदक (२०४४), दैवी प्रकोप उद्धार पदक (२०४६), गोरखा दक्षिणवाहु चौथा (२०४७) । **हालको ठेगाना** : शिवालय, कुश्मा, पर्वत । **फोन** : ०६७-४२०००६ ।

लय मैनाली

(मूर्तिकार/कलासमीक्षक)

जन्म/स्थान : वि.सं. २०१८ फागुन २२, विराटनगर, मोरङ । **माता/पिता** : इन्दिरा मैनाली, ठाकुरप्रसाद मैनाली । **शिक्षा** : एम.एफ.ए. (मूर्तिकला, मास्को), विद्यावारिधि (ललितकला, त्रि.वि.) । **सेवा** : कलाकारिता, प्राध्यापन (त्रि.वि.), कलाकार समाज (उपाध्यक्ष), कला समीक्षक समाज (कोषाध्यक्ष) । **पहिलो रचना** : टोलाइरहेका ती आँखाहरू (कथा, गोरखापत्र, २०३६) । **कृति/सृजना** : कला र कलाकार (२०५३), सिर्जना र अनुभूति (२०६०), ठाकुरप्रसाद मैनाली र उहाँका आधुनिक वातावरणीय मूर्तिहरू (२०६१), मूर्तिका माध्यम, विधा, शैली र तत्त्वहरू (२०६१), विश्वकला : सभ्यता, शैली र वादहरू (२०६२), प्रमिला गिरीका आधुनिक प्रतिष्ठापित मूर्तिहरू (२०६३) आदि । *मुख्य मूर्ति निर्माण* : श्री ५ रत्न (काठमाडौँ, बागलुङ, गोरखा), युगकवि सिद्धिचरण श्रेष्ठ (ओखलढुङ्गा, सिराहा, काठमाडौँ), बी.पी. कोइराला (दाङ), मनमोहन अधिकारी (वीरगञ्ज), बबर शमशेर (बबरमहल, काठमाडौँ), कृष्णप्रसाद पराजुली (ताप्लेजुङ), कृष्णप्रसाद कोइराला (विराटनगर), नानु न्यौपाने (पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौँ), शहीद निर्गुण स्थापित (पब्लिक युथ क्याम्पस क्षेत्रपाटी, काठमाडौँ), हृदयचन्द्रसिंह प्रधान (रामहिटी, बौद्ध, काठमाडौँ)मा ढलौटको अर्धकदका सालिकहरू स्थापना गरेको । त्यस्तै, श्री ५ ऐश्वर्य, गणेशमान सिंह, माधव घिमिरे, यदुनाथ खनाल, पासाङ ल्हामुलगायत देश-विदेशका गरी ५५ भन्दा बढी मुहारमूर्ति बनाइसकेको । कानुनका देवी (३ फिट अग्लो, धातु, ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ) । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ युवा मूर्तिकार (रङ्गमञ्च पाक्षिक, २०५१), अरनिको युवा मूर्तिकार (२०५७), राष्ट्रिय कला प्रदर्शनीमा तृतीय पुरस्कार (२०५८), द्वितीय पुरस्कार (२०६१), सुप्रबल गोरखा दक्षिणवाहु तेस्रो, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, श्री ५ वीरेन्द्र गद्दीआरोहण रजत पदक आदि । अरनिको युवा मूर्तिकार सम्मान (२०५७) । **हालको ठेगाना** : गौशाला, काठमाडौँ । **फोन** : ४४७२१४७ ।

ललिजन रावल

(कवि/गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ पुस २८, कालिका गाउँ, सुँगाली, अछाम । **माता/पिता** : पवित्रा रावल, धनसिंह रावल । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : संस्थान सेवा, ने.रा.प्र.(प्रज्ञासभा सदस्य, २०६७) । **पहिलो रचना** : सङ्घर्ष (कविता, मातृभूमि साप्ताहिक, २०३७) । **कृति/सृजना** : यस पटक पनि (कवितासङ्ग्रह, २०४०), केही गजलहरू (गजल-सङ्ग्रह, २०४२), विरानो यो ठाउँमा (गजलसङ्ग्रह, २०४६), मरुभूमिमाथि (कवितासङ्ग्रह, २०४८), सिरानीमा आँसु (गजल र कवितासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : अनुराग (साहित्यिक पत्रिका), तन्नेरी (साहित्यिक पत्रिका), समकालीन नेपाली गजल (२०४७), सरकारी सेवाभित्रका साहित्यिक स्रष्टा र सिर्जना (२०५७), युगान्तर (साप्ताहिक) । **पुरस्कार/सम्मान** : लोकेन्द्र साहित्य पुरस्कार (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), जि.वि.स. अछामद्वारा पुरस्कृत (२०५७) । तन्नेरी सम्मान (२०५९), गजलश्री सम्मान (२०६०), मोतीराम गजल मञ्च मोरङद्वारा सम्मान (२०६१) आदि । **हालको ठेगाना** : बुद्धनगर, काठमाडौँ / कालिका-२, अछाम । **फोन** : ४७८२५९५ ।

ललितजङ सिजापति/ज्ञानरत्न

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९५८ जेठ १८, महाङ्काल, काठमाडौँ । निधन : वि.सं. २०५१ साउन ३०, काठमाडौँ । **माता/पिता** : टीकाकुमारी, गोरखजङ सिजापति । **शिक्षा** : साधारण ११ पास । **सेवा** : पत्रकारिता, साहित्य, राजनीति (गोर्खा परिषद्) । **कृति/सृजना** :

विनय पत्रिका (स्तुतिकाव्य, १९९२), वीर गोर्खाली (२०००), विशाल गोर्खा राज्यको केही प्रसिद्ध राजाहरू (ऐतिहासिक जीवनी सङ्ग्रह, २००३), खुकुरीको पुकार (२००६), गोरखाली पुकार (२००६), देश पुकार (२०१०), प्रवासी नेपालीप्रति एक दृष्टिकोण (२०१८), गोरखा दिग्दर्शन (२०१९), श्री ५ महेन्द्र चीनमा (२०१५), श्री ५ महेन्द्र पाकिस्तानमा (२०१९), नेपाल र नेपालका राजा, विन्तिपत्र (राजनैतिक लेख) । **सम्पादन/अनुवाद :** नेपाली दन्त्यकथा सङ्ग्रह (१९५५), दन्त्यकथा माला (कथासङ्ग्रह, २००१), नेपाली ऐतिहासिक कथासङ्ग्रह (२००२), राष्ट्रिय भावना सङ्ग्रह (गद्य, पद्यसङ्ग्रह, २०११), ऐतिहासिक कथासङ्ग्रह (२०१९), लोककथा (लोक कथासङ्ग्रह, २०२३), ऐतिहासिक कथा (ऐतिहासिक कथा, सङ्ग्रह दोस्रो भाग) ।

ललिता दोषी

(कथाकार/बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ कात्तिक १६, इमाडोल, ललितपुर । **माता/पिता :** सूर्यकुमारी गजुरेल, कुलबहादुर गजुरेल क्षेत्री । **शिक्षा :** एम.ए. । **सेवा :** अध्यापन । **पहिलो रचना :** शुभकामना (कविता, २०४१) । **कृति/सृजना :** *कथासङ्ग्रह :* प्रेमको परिभाषा (२०५६), भत्किएका किनारा (२०५७), दुखेको घाउ (२०६०), निष्पाप आँखाहरू (२०६८), *बालकवितासङ्ग्रह :* इन्द्रेणी (२०६५), दाउरे (२०६६), जूनपरी (२०६७), हावा (२०६७), काफलगेडी (२०६८), भुराका कुरा (२०६९) नानी र सुगा (बालकाव्य), बुद्ध रोएझैं लाग्दछ (कवितासङ्ग्रह, २०५८), मानिस नै देवता (बालकथा सङ्ग्रह, २०६३), नीलकमल (बालउपन्यास, २०६४), उन्माद (उपन्यास, २०६६), ज्योतिका युगीन स्वरहरू (संयुक्त कविता सङ्ग्रह, २०६७), दुईखुट्टे बिरालो (बालकथासङ्ग्रह) । केही गीतरचनाहरू सङ्गीतबद्ध भएका । **सम्पादन/अनुवाद :** नादविन्दु, दिव्यदृष्टि, दिव्याकाश, चैतन्य ज्योति, मुस्कान, नारी उद्घोष । **पुरस्कार/ सम्मान :** भानुमोती पुरस्कार (२०५९), महेन्द्र प्रकृति संरक्षण कोष पुरस्कार (२०६२), गुञ्जन प्रतिभा पुरस्कार (२०६२), मानचित्र सम्मान (२०६३), आमा सम्मान (२०६५), बाबा ओमवीर सिंह प्रतिभा पुरस्कार (२०६६), बी.डी. त्यागी स्मृति पुरस्कार (२०६७), सूचक पद्मादेवी बालसाहित्य पुरस्कार (२०६७), काजीरोशन पाण्डुलिपि पुरस्कार (२०६८), क्षेत्रीय प्रतिभा पुरस्कार (२०६८), शेषनाथ लामिछाने स्मृति पुरस्कार (२०६९), पल्लव साहित्य सम्मान (२०६९), अनुपम सिर्जना प्रतिभा पुरस्कार (२०६९) आदि । **हालको ठेगाना :** बुद्धनगर घर नं. १९४, काठमाडौं । **फोन :** ४७८०८१६, ९८४१८९०२६६ ।

ललिताबल्लभ अर्ज्याल

(प्राथमिक कालीन संस्कृत कवि)

जन्म/स्थान : वि.सं. १८००, पोखरीथोक, गोर्खा । निधन : १८५० काशी) । **माता/पिता :** निर्जलादेवी, अग्नीश्वर पाध्या अर्ज्याल । **शिक्षा :** संस्कृत, ज्योतिषशास्त्र । **सेवा :** राजप्रासाद सेवा । **कृति/सृजना :** भक्तविजय काव्यम् (संस्कृत (१८२६), पृथ्वीन्द्रवर्णोदय (१८२७) शिवस्त्रोत्र (१८३०) ।

लव गाउँले (लवबहादुर के.सी.)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असार ५, जयन्तीपुर, फुटुङ, बालाजु, काठमाडौं । **माता/पिता :** बच्चुदेवी, रामचन्द्र केसी । **शिक्षा :** डी.पी.ए., एम.बी.ए., बी.एड. । **सेवा :** निजामती । **पहिलो रचना :** अतीत र वर्तमानलाई दाँज्दा (कथा, मातृभूमि, २०३३) । **कृति/सृजना :** गाउँलेका मसिना कथा (लघु कथासङ्ग्रह, २०३७), म मेरो देश खोजिरहेछु (मुक्तकसङ्ग्रह, २०३७), आँखाभित्र आँखाबाहिर (कवितासङ्ग्रह, २०४६), कालचक्र (कथासङ्ग्रह, २०४६), भूगोलको एक छेउ (उपन्यास, २०५१), अनुहार त बरु कागजकै भए हुने (काव्य, २०५७), अरे क्या नाम डिस्टप (कथासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद :** नागबेली (द्वैमासिक) । **पुरस्कार/सम्मान :** का.न.पा. द्वारा शहीद दिवसको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा प्रथम (२०३७), रत्नश्री स्वर्णपदक (२०४६) । **हालको ठेगाना :** जयन्तीपुर, फुटुङ गाउँ, बालाजु, काठमाडौं । **फोन :** ४३५६५०८, ९८५१०९१८१९ ।

लवबहादुर कपिल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ भदौ ३१, मरु गणेशथान, काठमाडौं । **माता/पिता :** अम्बिकादेवी न्हुच्छे प्रधान, प्रेमबहादुर न्हुच्छे प्रधान । **शिक्षा :** बी.एस्सी., स्नातकोत्तर

(अङ्ग्रेजी साहित्य) । **सेवा :** अध्यापन, प्रशासन (लो.से.आ.: का.मु. सचिव । **पहिलो रचना :** प्रियमित्र श्री नारायणबहादुर रायमाझीको सम्झनामा (आँखा पत्रिका, २००५) । **कृति/सृजना :** आँसु (कवितासङ्ग्रह, २०१४), विकासतिर लम्केको (निबन्धसङ्ग्रह, २०१७), ए रातको चरा (कवितासङ्ग्रह, २०१८), छ्यासमिसे कुरा (निबन्धसङ्ग्रह, २०१८), न्हुच्छे प्रधान परिवारको वंशावली (२०२५), मेरा ती दिन कसरी वितेछन् (संस्मरण, २०६३) । **सम्पादन/अनुवाद :** आँखा (२००९), जागृति (मासिक पत्रिका, २०१०), शान्ति निकुञ्जको अपिल र आह्वान (२०११), । **पुरस्कार/सम्मान :** सुप्रबल गोरखा दक्षिणबाहु (२०२३), जानपद सेवा पदक (२०२३), शुभराज्याभिषेक पदक (२०३१), दीर्घसेवा पदक । **हालको ठेगाना :** थापाथली, काठमाडौँ । **फोन :** ४२५१५७० ।

लालगोपाल सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ जेठ २०, क्याक्मी, स्याङ्जा । **माता/पिता :** मिठुदेवी, मेघनाथ सुवेदी । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, साहित्यलेखन । **पहिलो रचना :** आमा (कविता, बालक, २०४२) । **कृति/सृजना :** फूलको देशमा (पद्य कवितासङ्ग्रह, २०५७), नेपाली कविताको सिद्धान्त र विकासक्रम (समालोचना, २०५७), पुतलीलाई जामा (बाल कवितासङ्ग्रह, २०६१), देवताजस्तै नेपाली मन्दिरजस्तै नेपाल (बालकवितासङ्ग्रह, २०६१), निबन्ध र अभिव्यक्तिकला (निबन्धसङ्ग्रह, २०६१), केही निबन्ध केही अभिव्यक्ति (निबन्धसङ्ग्रह, २०६१), नानीका निबन्ध र चिठी (बालनिबन्ध, २०६१) । **सम्पादन/अनुवाद :** थाँक्रो (साहित्यिक पत्रिका, २०४७), वाङ्मय (साहित्यिक पत्रिका, २०५१), कुञ्जिनी (समालोचनामूलक पत्रिका, २०५४) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सवमा प्रथम (२०५६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), महेन्द्र विद्याभूषण (२०५५), युवा वर्ष मोती पुरस्कार (२०६०), राष्ट्रव्यापी कविता प्रतियोगितामा प्रथम पुरस्कार (२०६२), लारी स्वर्णपदकलगायत एक दर्जन कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** पो.ब.नं. ८९७५, इपीसी ५५९१, काठमाडौँ । **फोन :** ४४६२१६३ ।

लालबहादुर गुरुङ

(लेखक, गुरुङभाषा)

जन्म/स्थान : वि.सं. २०२४ चैत्र ८, रामबजार, ओखलढुङ्गा । **माता/पिता :** इन्द्रकुमारी गुरुङ, शेरबहादुर गुरुङ । **शिक्षा :** एम.ए. (समाजशास्त्र), बी.एल. । **सेवा :** कानुनी सेवा । **पहिलो रचना :** आँसु (कविता, रोधी, २०४५) । **कृति/सृजना :** रुम्जाटारको गुरुङ संस्कृति एक झलक (२०५७), गुरुङ जातिका शीर्षस्थ प्राज्ञिक व्यक्तिहरू (२०६२) । **सम्पादन/अनुवाद :** लम चूँ (मुखपत्र, लम चूँ प्रतिष्ठान), रेवा सङ्गम (मुत्रपत्र, लामा गुरुङ सेवा समाज), तमू क्यँ (ल्होसार विशेषाङ्क, २०४८) । **पुरस्कार/सम्मान :** लामा गुरुङ सेवा समाजद्वारा सम्मान (२०६१) । **हालको ठेगाना :** पो.ब.नं. ३३२७, काठमाडौँ (lal121@hotmail.com) । **फोन :** ४३७३८३४ ।

लाल रापचा श्याँकारेलु

(कवि/लेखक, किरातीभाषा)

जन्म/स्थान : वि.सं. २०२४ साउन १५, कटुञ्जे-२, ओखलढुङ्गा । **माता/पिता :** कलावती थोलोचा, मन रापचा । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), विद्यावारिधि (भाषाविज्ञान, २०६२) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** मलाई अनि हामीलाई (कविता, मधुपर्क, २०५८) । **कृति/सृजना :** सहलेखन : किराँती-कोँइच ब्लेसेथैँका (किराँती-सुनुवार वर्णमाला, २०६०), किराँती-कोँइचआ थेःसी तरन्दो (किराँती-सुनुवार आधारभूत व्याकरण, २०६०), किराँती-कोँइचआ थेअ्सी ख्योँपत (किराँती-सुनुवार आधारभूत पाठ, २०६१), किराँत-कोँइच सेस्सेब्लेसे (किराँती-सुनुवार भाषा शिक्षा, २०६१), इन्डो-नेपाल किराँती भाषाहरू (इ.सं. २००८), कन्टेमपोरेरी एसेज् अन् म्यानिसङ एथ्निसिटी, कल्चर्स याण्ड ल्याङ्गुइजेज् अव् नेपाल : अ फोकस अन् किराँती कोइँच (इ.सं. २००९), नेपालको आदिवासी किराँती जाति सेरोफेरो : ओल्लो, माझ किराँत (इ.सं. २००९) । **सम्पादन/ अनुवाद :** नेप्लिज लिङ्गुइस्टिक्स्, नागरिक, उत्पत्ति र परम्पराका चाम्लिङ मिथकहरू (टेक्स्ट फरम्याट तथा नेपाली सम्पादन) । **पुरस्कार/सम्मान :** ए क्लास नेपाल विद्याभूषण (इ. २००७), ट्राभल राइटर अवार्ड (इ.२००६), कविता अवार्ड (त्रिचन्द्र बहुमुखी क्याम्पस, इ.१९९२, रेयुकाई नेपाल, इ.२०००, चुप्लु सोसाइटी, इ.२००६), निबन्ध अवार्ड

(इ. १९९७) । **हालको ठेगाना :** अनामनगर, काठमाडौं (kiranti_rapachala@gmail.com) । **फोन :** ९८५११२२०८ ।

लालानाथ सुवेदी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २००९ चैत्र ८, मूलपानी-३, दिङ्ला, भोजपुर । **माता/पिता :** पद्मकला सुवेदी, भीमप्रसाद सुवेदी । **शिक्षा :** एम.ए. (नेपाली), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** नेपाली वर्ण विन्यास (सहलेखन, २०४०) । **कृति/सृजना :** नेपाली व्याकरण, बोध र रचना (पाठ्य-पुस्तक, २०५६), सजिलो नेपाली माला क, ख, ग, १-८ (एघार वटा पुस्तकको सहलेखन, २०५७), इन्जिनीयरिङ नेपाली (२०५७), नेपाली बोध र रचना कौशल (२०६१), प्राविधिक सम्प्रेषणका लागि नेपाली भाषा (वास्तुकला स्नातक तहको पाठ्यसामग्री, २०५२) । **सम्पादन/ अनुवाद :** प्राविधिक विकास (पुल्चोक क्याम्पस, २०३४-३६), Journal of the Institute of Engineering (vol.2, 2001) । **पुरस्कार/ सम्मान :** शिक्षा पुरस्कार (२०५७), दीर्घ सेवा पदक (२०५९) । **हालको ठेगाना :** का.म.न.पा. -१४, नागमार्ग, काठमाडौं । **फोन :** ४२७१८४३, ९८४१४६२६२७ ।

लावण्य सापकोटा

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ वैशाख, धरान, सुनसरी । **माता/पिता :** तुलसी सापकोटा, महानन्द सापकोटा । **शिक्षा :** स्नातक । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** राजा (कविता, आमा पत्रिका, वनारस, २०१५) । **कृति/सृजना :** हाइसञ्चो (कवितासङ्ग्रह, २०६३) । **हालको ठेगाना :** विराटनगर -१५, मोरङ । **फोन :** ०२१ -५२५५७८ ।

लीला उदासी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ जेठ १२, फुएतफा- ५, इलाम । **माता/पिता :** कृष्णमाया खनाल, शशीधर खनाल । **शिक्षा :** बी.ए., बी.एल. । **सेवा :** अध्यापन, कानुनी सेवा, पत्रकारिता । **पहिलो रचना :** कविता प्रकाशित (इलामको बुलेटिन, २०२०) । **कृति/सृजना :** आज भालेलाई बास्न निषेध छ (कवितासङ्ग्रह, २०४८), यसपल्ट पनि बाली लागेन (कवितासङ्ग्रह, २०५६) । **सम्पादन/अनुवाद :** पञ्चामृत (साहित्यिक मासिक, २०२६), सुखानी, स्वाधीन संवाद (साप्ताहिक, २०४७), द्रोणाचार्य (छेत्री, स्मृतिग्रन्थ), देवीप्रसाद उप्रेती (स्मृतिग्रन्थ), घनश्याम खनाल (स्मृतिग्रन्थ), पदमबहादुर गिरी (स्मृतिग्रन्थ) । **पुरस्कार/सम्मान :** टी.आई. नेपाल पत्रकारिता पुरस्कार (२०५७), एस.एल. शर्मा पत्रकारिता पुरस्कार (२०६१) । **हालको ठेगाना :** चारपाने -१, झापा (udasi@.net.np) । **फोन :** ०२३ - ५४००७० ।

लीला गुरूङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २००४ पुस १९, चोकटी-८, सिन्धुपाल्चोक । **माता/पिता :** तुलजादेवी गुरुङ, खड्गबहादुर गुरुङ । **शिक्षा :** ग्र्याजुएसन (वाणिज्यशास्त्र) । **सेवा :** निजामती । **पहिलो रचना :** बसन्तबहार (कविता, नयाँ सन्देश साप्ताहिक, २०२५) । **कृति/सृजना :** अभिन्न (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** हिमपात (मासिक) । **हालको ठेगाना :** कालोपुल, सिफल, काठमाडौं । **फोन :** ४४७५०६६ ।

लीलाध्वज थापा

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७८ असार, कमलपोखरी, काठमाडौं । **निधन :** २०४१ असोज । **माता/पिता :** बुद्धलक्ष्मी, जनकध्वज थापा । **शिक्षा :** स्वाध्याय । **सेवा :** निजामती । **पहिलो रचना :** कविता प्रकाशित (शारदा पत्रिका, वि.सं. १९९६) । **कृति/सृजना :**

अमर माया (नाटक, २००२), श्री महेन्द्र शुभराज्याभिषेक (खण्डकाव्य, २०१३), मन (उपन्यास, २०१५), शान्ति (उपन्यास, २०१५), पूर्वस्मृति (उपन्यास, २०१६), सबैका लागि दिव्य सन्देश (काव्य, २०१६), सधैँका लागि (काव्य, २०२७)। **पुरस्कार/सम्मान** : मदन पुरस्कार (२०१४), गोरखा दक्षिणबाहु चौथा, ने.भा.प्र.स.ले आयोजना गरेको उपन्यास प्रतियोगितामा प्रथम (वि.सं. २००४)। **हालको ठेगाना** : टङ्गाल, गहनापोखरी, काठमाडौँ। **फोन** : ४४३९८६५, ४२२८३३६५।

लीलाभक्त मुनकर्मी

(इतिहासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८३ भदौ १८, इच्छुटोल, भक्तपुर। **माता/पिता** : हंसमाया, विष्णुभक्त मुनकर्मी। **शिक्षा** : आई.ए. सम्म। **सेवा** : अध्यापन, स्वतन्त्र व्यवसाय। **कृति/सृजना** : भक्तपुरको मल्लकालीन सरल इतिहास (२०१२), पाटनको मल्लकालीन इतिहास (२०२२), ऐतिहासिक कथासङ्ग्रह (२०२३), मल्लकालीन नेपाल (२०२५), हाम्रा सांस्कृतिक पर्व र जात्राहरू (२०३२), नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन (२०४२), नेपालको आधुनिक इतिहास (२०४४), नेपालको ऐतिहासिक परिचय (२०५५), विस्केट जात्राको संस्कृति (२०५८), भूपतीन्द्र मल्लका कृतिहरू (२०५९), भक्तपुर तलेजु भवानीको पर्वपूजा (२०६०)। **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार। **हालको ठेगाना** : घटखा टोल, भक्तपुर। **फोन** : ६६१०७२३।

लीला लुइटेल (ढकाल)

(समालोचक, नेपाली भाषा)

जन्म/स्थान : २०१९ कात्तिक २२, कोटेश्वर, काठमाडौँ। **माता/पिता** : राम्रीनानी ढकाल, रामप्रसाद ढकाल। **शिक्षा** : एम.ए. (नेपाली), बी.एड.। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : आकाङ्क्षा (कविता, लालीगुराँस, २०३४)। **कृति/सृजना** : नेपाली भाषामा द्विरुक्ति (२०५१), पहरी जातिको सांस्कृतिक जनजीवन (२०५१), नेपाली कविता (सहलेखन, २०५४), नेपाली कवि र कविता (सहलेखन, २०५४), पूर्वेली गुरुङहरूको सांस्कृतिक जनजीवन (२०५४), नेपाली महिला कथाकार (२०६०), हाम्रो नेपाली (पाठ्यपुस्तक, ११ वटा, सहलेखन, २०६४), नेपाली व्याकरण (पाठ्यपुस्तक, १० वटा, सहलेखन, २०६६), नेपाली महिला उपन्यासकार (सहलेखन, २०६७), मोहन कोइराला उत्तरका नेपाली कविता (२०६७), नेपाली उपन्यास (२०६७), नेपाली कथा (२०६७), नेपाली महिला उपन्यासकार (२०६८), नेपाली महिला साहित्यकार (२०६९)। **सम्पादन/अनुवाद** : नेपाली प्रकृति प्रत्यय कोश (२०५३), नुनको गृहस्थी (जापानी भाषाबाट अनूदित बालकथाको सम्पादन, २०६२)। **पुरस्कार/सम्मान** : सयपत्री राष्ट्रिय सम्मान (२०६७), सम सतवार्षिकी सम्मान। **हालको ठेगाना** : कीर्तिपुर-१, काठमाडौँ (luitel.lila@yahoo.com)। **फोन** : ४३३२१७८, ९८४९०२११२१।

लीलासिंह कर्मा (कर्माचार्य)

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ जेठ १७, सिन्धुलीगढी, सिन्धुली। **निधन** : २०५८ फागुन २५। **माता/पिता** : महालक्ष्मी, भीमवहादुर कर्माचार्य। **शिक्षा** : विशारद (हिन्दी)। **सेवा** : अध्यापन, पत्रकारिता, साहित्य, रा.स.स.। **कृति/ सृजना** : *गीतसङ्ग्रहहरू* : बहिनीलाई सन्देश (२०१२), पहाडी गुनासो (२०१२), साँझको छायाँ (२०१९), वादलकी रानी (२०१६)। पञ्चायत किन ? (निबन्धसङ्ग्रह), हाम्रो लोक साहित्य (२०२३), देशको माटो, हाम्रो लोककथा (२०३८), यात्राको यो लामो क्रम (लेखसङ्ग्रह, २०३९), कथा र कथा (निबन्धसङ्ग्रह, २०४२), अतीतका डोबहरू (संस्मरण लेखसङ्ग्रह, २०५१), हाम्रो उखान र पुर्खाको वखान (२०५३), कर्मा भन्छन् (पत्रात्मक निबन्धसङ्ग्रह, २०५३), मान्छे बन्नै सकिएन (निबन्धसङ्ग्रह, २०६०)। **सम्पादन/अनुवाद** : अञ्चल सन्देश (साप्ताहिक, २०२२), उषा (द्वैमासिक, २०२६), धनुषा (पत्रिका, २०२०)। **पुरस्कार/सम्मान** : युनेस्को पुरस्कार (२०२५), साझा लोक साहित्य पुरस्कार (२०३७)। सुनकोशी साहित्य प्रतिष्ठानद्वारा साधना सम्मान (२०५३), जनकपुर साहित्य परिषद्बाट सम्मान (२०५४)। **हालको ठेगाना** : ब्रह्मपुरी, जनकपुरधाम।

लेखनाथ ज्ञवाली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० असोज ५, बोहा, दिगाम, गुल्मी । निधन : २०६७ साउन ११ गते । **माता/पिता** : कुन्ता ज्ञवाली, ऋषिराम ज्ञवाली । **शिक्षा** : आई.ए., मध्यमा । **सेवा** : मनोविज्ञान, साहित्य, अध्यापन, पत्रकारिता । **पहिलो रचना** : कस्तो कस्तो दिन (बिहानीपख, बनारस, २०१९) । **कृति/सृजना** : दसैँको आशिक (साना कवितासङ्ग्रह, माला १, २०४६), साथी (स्मृतिकाव्य, २०५६), खडेरी (लघुकथा, २०५८) । विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा संलग्न । **सम्पादन/अनुवाद** : बिहानीपख, विचार साप्ताहिक, जनमत, नवरत्न, लालीगुराँस, एक्सरे आदि पत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान** : चित्रकला पुरस्कार (२०२५), प्रेस चौतारी रूपन्देहीद्वारा अभिनन्दनसहित पुरस्कार (२०६०), तीर्थमान श्रेष्ठ स्मृति साहित्य पुरस्कार (२०६०), प्रलेस रूपन्देही र बुटवल साहित्य सङ्गमद्वारा अभिनन्दन (२०५४), मानवअधिकार तथा शान्ति समाजद्वारा सम्मान (२०६२) लगायत थुप्रै सम्मानहरू प्राप्त । **हालको ठेगाना** : शङ्करनगर -५, रूपन्देही । **फोन** : ०७१-५६०५१४ ।

लेखनाथ पौड्याल

(कविशिरोमणि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९४१ पुस, एकादशी, अर्घौअर्चले, कास्की । निधन : २०२२, शिवरात्री, देवघाट, चितवन । **माता/पिता** : वसुन्धरादेवी, दुर्गादत्त पौड्याल । **शिक्षा** : मध्यमा (संस्कृत) । **सेवा** : शिक्षा, साहित्य, प्रज्ञा । **कृति/सृजना** : शोक प्रवाह (शोककाव्य), ऋतु विचार (खण्डकाव्य, १९७३), बुद्धिविनोद (१९७३), सत्यकलिसंवाद (खण्डकाव्य, १९७६), सत्यस्मृति (२००९), मेरो राम (२०११), त्याग र उदयको सन्देश (२००२), गीताञ्जली (१९८६), तरुण तपसी (नव्यकाव्य, २०१०), लक्ष्मीपूजा (नाटक, १९९४), सप्तप्रश्नात्मक बुद्धिविनोद, अमर ज्योतिको सत्य, स्मृति (खण्डकाव्य,. २००९), भर्तृहरि निर्वेद (नाटक-१९७४), लालित्य (कवितासङ्ग्रह, भाग १ -२०१०, भाग २ -२०१२), गीतासागर (श्रीमद्भगवत गीताको भावसार), गौरी (महाकाव्य, अपूर्ण) । **सम्पादन/अनुवाद** : अभिज्ञान शाकुन्तल (अनु. २०१५), पञ्चतन्त्र (अनु.) । **पुरस्कार/सम्मान** : त्रिभुवन प्रज्ञा पुरस्कार (२०२६, मरणोपरान्त) । २०११ सालमा ठूलो सम्मान, रथयात्रा गरी शिरोमणिलाई बग्गीमा राखी तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालासमेतले रथ तानेका थिए । श्री ५ त्रिभुवनबाट वि.सं. २००८ मा "कवि शिरोमणि" उपाधि प्रदान ।

लेखप्रसाद निरौला

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०३० पुस ५, मत्स्यपोखरी-४, सङ्खुवासभा, कोशी । **माता/पिता** : यशोदा निरौला, नीलमणि निरौला । **शिक्षा** : एम.ए. (नेपाली), साहित्याचार्य (संस्कृत), बी.एड. (नेपाली), विद्यावारिधि । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सावधान (कविता, प्रलेस पत्रिका, २०५३) । **कृति/सृजना** : घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह, २०५९), मालती (खण्डकाव्य, २०६०) । **सम्पादन/अनुवाद** : कुञ्जिनी (२०५४), महोत्तरीबोध (२०६१) । **पुरस्कार/सम्मान** : प्रतिभा पुरस्कार (दिल्ली संस्कृत अकादमी, २०४८), पं. छविलाल बालमाया पोखेल पुरस्कार (धरान, २०४९), प्रा. मुकुन्दनाथ भट्टराई निबन्ध पुरस्कार (२०५१) । **हालको ठेगाना** : पुरानो बानेश्वर, काठमाडौँ (lekhp_niraula@yahoo.com) । **फोन** : ९८४१३७२८०८ ।

लैनसिंह वाङ्देल

(चित्रकार/कला समीक्षक/ साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९२४ डिसेम्बर २१, चियाकमान, दार्जीलिङ । निधन : इ.सं. २००३ । **माता/पिता** : चन्द्रप्रभा वाङदेल, रङ्गलाल वाङदेल । **शिक्षा** : स्नातक (चित्रकला), स्वाध्याय (साहित्य, कला) । **सेवा** : कुलपति (ने.रा.प्र.प्र.), कलासाधना, साहित्य । **पहिलो रचना** : अमावस्याको रात्री (कथा, इ.सं. १९३८) । **कृति/सृजना** : *उपन्यासहरू* : मुलुक बाहिर (२००४), माइतघर (२००५),

लङ्गडाको साथी (इ.सं. १९५१), रेम्ब्राट । *यात्रासंस्मरणका पुस्तकहरू* : युरोपको चिठ्ठी (इ.सं. १९५७), स्पेनको सम्झना (२०२१), विश्वका ६ महान् कलाकार (जीवनी, २०२२), प्राचीन नेपाली चित्रकला (प्रबन्ध, २०३४), रोमको एउटा फूल, पेरिसको एउटा काँडा । प्राचीन नेपाली मूर्तिकलाको इतिहास, नेपाली चराहरू, अर्ली स्क्लप्टर अफ नेपाल, स्टोलन इमेजेज अफ नेपाल, द इयर्ली स्क्लप्चर अफ नेपाल (इ.सं. १९८२) स्टोलन इमेज अफ नेपाल (इ.सं. १९८९) अङ्ग्रेजी भाषाका कृति । अमूर्त चित्रकला प्रदर्शनी (इ.सं. १९६३, नेपाल), विभिन्न एकल (आठवटा) तथा सामूहिक (एघारवटा) चित्रकला प्रदर्शनी तथा नेपाल, भारत, फ्रान्स, बेलायत, स्विट्जरल्याण्ड, यु.एस.ए., डेनमार्क, स्विडेन, अस्ट्रेलिया, क्यानडा, जापान, जर्मनी, पोल्यान्ड, वेल्जियम, हल्याण्ड आदि देशमा कला-कृति सङ्गृहीत । उत्कृष्ट चित्रकलासृजनामा काठमाडौँ उपत्यका, पर्वत, शरद, बङ्गालका अकाल आदि पर्दछन् । **सम्पादन/अनुवाद** : प्रभात (मासिक), हिमानी, प्रज्ञाको सम्पादनका साथै विश्व कथासङ्ग्रह (इ.सं. १९४५), रेम्ब्राट (अनु.२०२०), स्याउको रूख (उपन्यास, २०२३) अनुवाद । २५०० इयर्स अफ नेपलिज् आर्ट (जर्मन संस्करण, इ.सं. १९८७) । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (अखिल भारतीय कला प्रदर्शनी, इ.सं. १९४८), वीरेन्द्र स्वर्णपदक (२०२१), दुलिचन्द स्वर्णपदक (२०२३), गोरखा दक्षिणबाहु दोस्रा (२०३४), ग्रेन्ड क्रुज (स्पेन, इ.सं. १९८७) । सुपेरियर द बोजार्ट (पेरिस) । सरस्वती सम्मान (२०५२), इटाली, फ्रान्स, वेलायत, स्पेनबाट सम्मान प्राप्त । नाइट कमान्डर अफ द भिक्टोरियन अर्डर (बेलायत), फुल ब्राइट प्रोफेसर (ओहियो, यु.एस.ए.) । **सम्पर्क ठेगाना** : कोपुण्डोल, ललितपुर । **फोन** : ५५२६८७९ ।

लोक चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१७ चैत्र १५, ताहाननी, काठमाडौँ । **माता/पिता** : मयजु चित्रकार, हरि चित्रकार । **शिक्षा** : साक्षर । **सेवा** : चित्रकारिता, प्रशिक्षण (पौभाकला : फिनल्याण्ड, अमेरिका) । **कृति/सृजना** : नेपालमा इ.सं. १९८६ देखि २००२ सम्म १० पटकभन्दा बढी, फिनल्याण्ड (इ.सं. १९९०, १९९५, २००० तीनपटक), जापान (२००२), भारत (२००३) आदि देशहरूमा सामूहिक कला प्रदर्शनीका साथै जापान (इ.सं. १९९०, १९९५, २०००, तीनपटक), फिनल्याण्ड (ई.स.. १९९९), अमेरिका (इ.सं. २००२), नेपाल (इ.सं. १९९७, १९९९) मा एकल कला प्रदर्शनी । जापान, अमेरिका, फिनल्याण्ड, जर्मनी, डेनमार्क, क्यानाडा, दक्षिण कोरिया, वेलायत, पाकिस्तान र नेपालमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : कला प्रतियोगिताहरूमा पुरस्कृत (नाफा, तेस्रो : इ.सं. १९८६, दोस्रो : १९८९, श्री ५ को सरकार, दोस्रो : १९९४), सर्वश्रेष्ठ कलाकार (ह्याण्डीक्राफ्ट एसोसियसन नेपाल, १९९३), प्रशंसा पुरस्कार (१९९३) । **हालको ठेगाना** : पो.ब.नं. १०, पाटनढोका (श्रीदरबार टोल), ललितपुर (simrik@mos.com.np) । **फोन** : ५५२८८१० ।

लोकनरसिंह शाक्य

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. १९९६ पुस, नागवाहाल, ललितपुर । **माता/पिता** : हेरामाया शाक्य, नरसिंहराज शाक्य । **शिक्षा** : स्वअध्ययन । **सेवा** : स्वतन्त्र व्यवसाय । **कृति/सृजना** : गणेशका मूर्तिहरू (छ हाते, २०१२), यमन्त्रक मूर्ति, करिब १६ थरीका लोकेश्वरका मूर्ति, पाँच प्रकारका गणेश मूर्तिहरू (वाह्रहाते) । **पुरस्कार/सम्मान** : राष्ट्रिय कला प्रतियोगिता प्रदर्शनीमा परम्परागत शैलीको कलाकृतिमा दोस्रो पुरस्कार (२०३४) । **हालको ठेगाना** : नागवहाल, चाकुपाट, ललितपुर । **फोन** : ५५२४३९८ ।

लोकनाथ दाहाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ असार १२, शान्तिपुर विलन्दु गाउँ, इलाम । **माता/पिता** : पवित्रा दाहाल, जगन्नाथ दाहाल । **शिक्षा** : स्वाध्याय । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : दृष्टान्त र सिद्धान्त (कविता, सूर्योदय पत्रिका, झापा, २०३०) । **कृति/सृजना** : इतिहास दर्शन (राणाकालदेखि सङ्कटकालसम्म, खण्डकाव्य, २०६०) । **पुरस्कार/सम्मान** : धार्मिक, कृष्ण प्रणामी, साहित्य रचनावापत थुप्रै सम्मान । **हालको ठेगाना** : का.म.न.पा. -१०, बुधबारे, झापा । **फोन** : ४४८२२३६ ।

लोकनाथ वर्मा 'राहुल'

(लेखक, अवधिभाषा)



जन्म/स्थान : इ.सं. १९४५ फेब्रुअरी ३, पुरैना -४, बाँके । **माता/पिता** : श्यामकला बर्मा, बी.पी. बर्मा । **शिक्षा** : बी.ए., बी.एड., साहित्यरत्न (हिन्दी) । **सेवा** : अध्यापन । **पहिलो रचना** : संवल (हिन्दी कथा, मातृभूमि साप्ताहिक, २०१६) । **कृति/सृजना** : 'यथार्थ' (टेलिशृङ्खला ७२ भाग लेखन /निर्देशन/अभिनय, नेपाल टेलिभिजन, कोहलपुर) । **सम्पादन/अनुवाद** : ग्रामदीप (साप्ताहिक, हिन्दी/अवधि), एड्स विक्ली (नेपाली/अङ्ग्रेजी), यथार्थ टेलिशृङ्खला (स्मारिका) । **पुरस्कार/सम्मान** : सरदार पटेल मानव सेवा संस्थान, मध्यप्रदेश, भारतबाट 'समाज रत्न' उपाधि (इ.सं. २००४), श्री शङ्कराचार्य धारावाहिक निर्माण समिति, उत्तरप्रदेश, भारतबाट 'समाज रत्न' उपाधि (इ.सं. २००४) । **हालको ठेगाना** : पुरैना -४, बाँके । **फोन** : ०८१-५२३०३७

लोकनेश ढेंगा मगर (लोकबहादुर थापा)

(लेखक, मगर भाषा)

जन्म/स्थान : २०२३ असोज १७, क्याक्मी, ढेंगाछाप, स्याङ्जा । **माता/पिता** : तिलकुमारी थापा, लक्ष्मण थापा । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : पत्रकारिता, लेखन । **पहिलो रचना** : नेपाली महिला खरिद विक्री र वेश्यावृत्ति : एक जटिल समस्या (कानपुर, भारत, इ. १९९३) । **कृति/सृजना** : नेपालमा अघोषित आरक्षण आखिर कहिलेसम्म ? (२०५६), ऐतिहासिक पृष्ठभूमिमा प्रथम शहीद लखन थापा मगर (२०५७) । **सम्पादन/अनुवाद** : नयाँ राज्यसत्ता (साप्ताहिक, बुटवल), नव गोर्खाली (मासिक) । **हालको ठेगाना** : करैया-१, रूपन्देही (lokneshdhenga@gmail.com) । **फोन** : ५६२५२६, ९८४७०३८७२७

लोकप्रिया देवी घिमिरे (हुतलक्ष्मी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५५ जेठ १९, धोबीधारा, काठमाडौं । **निधन** : २०१७ जेठ सिठी पर्व, काठमाडौं । **माता/पिता** : अमरराज्यलक्ष्मीदेवी, तिलमाधव देवकोटा । **शिक्षा** : स्वाध्याय । **सेवा** : गृहिणी । **पहिलो रचना** : शान्तलाई जवाफ (कविता, शारदा, १९९२) । **कृति/सृजना** : कवि लोकप्रियादेवी (कथा-कवितासङ्ग्रह, शशी रिमालद्वारा सम्पादन-२०४०) ।

लोकनाथ पोखरेल

(माध्यमिक कालीन कवि)



जन्म/स्थान : वि.सं. १९३३ साउन १९, फलाँटे, ओखले, उदयपुर । **निधन** : १९९४, गाइघाट, उदयपुर । **माता/पिता** : देवमाया, लछिमापति उपाध्याय पोखरेल । **शिक्षा** : ज्योतिष । **सेवा** : सामाजिक सेवा, साहित्य, लेखापढी । **कृति/सृजना** : लोकमञ्जरी (कवितासङ्ग्रह, वि.सं. १९९३) ।

लोकबहादुर चौधरी (लक्की चौधरी)

(लेखक, थारूभाषा)



जन्म/स्थान : वि.सं.२०३५ असोज १६, रामपुर, कैलाली । **माता/पिता** : छोकानीदेवी चौधरी, जङ्गबहादुर चौधरी । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) अध्ययनरत । **पहिलो रचना** : थारू समाजमा जाँडको महत्त्व (२०५०) । **कृति/सृजना** : सहीदान (गजलसङ्ग्रह, थारूभाषा, २०६१), तिहुवार (संस्कृति परिचय, थारू भाषा, २०६२) । **सम्पादन/अनुवाद** : पहुरा (थारूभाषाको साप्ताहिक पत्रिका) । **हालको ठेगाना** : धनगढी न.पा.-५, कैलाली (Farwest@ugratara.com.np) । **फोन** : ५२३८५१ ।

लोकबहादुर थापा मगर (झुस्या मगर)

(मगरभाषाका लेखक)

जन्म/स्थान : वि.सं. २००९ असार १२, बिरुवा अर्चले-३, गाबु झाँगडी, स्याङ्जा । **माता/पिता** : मनधरी थापा, जीतबहादुर बरही थापामगर । **शिक्षा** : एम.ए. (भूगोल) ।

सेवा : प्राध्यापन । **पहिलो रचना :** मगराती साहित्यका आदिकवि जीतबहादुर सिञ्जाली र रेखबहादुर थापा (समालोचना तथा अनुसन्धान, २०४७) । **कृति/सृजना :** मगराती साहित्यका आदिकवि (समालोचना, २०४८), रङ्छीचकूङ ल्हीङ (भोकाएकाहरूको गीत, गीत/कवितासङ्ग्रह, २०५०), जजावखट (बाल्यकाल, उपन्यास, २०५२, नेपालीमा पनि अनुवाद), बूढा ईम (बूढो घर, कवितासङ्ग्रह, २०५७, नेपालीमा पनि अनुवाद), आखीरीआङ भगूमान मालेलेसा (आखिरीमा भगवान् रहेनछ) (उपन्यास, मगरभाषा, २०६५), कलेज बखट (कलेज बखत) (उपन्यास, मगर भाषा, २०६६), आर्मीट्च मामरी (सम्झनाका खाटाहरू) (उपन्यास, मगर भाषा, २०६६), मगर भाषा (ढुट) व्याकरण (२०६८) । **सम्पादन/अनुवाद :** बीमलीक (जूनकीरी) (त्रैमासिक, मगर भाषा, २०५२) । पीराङ रूप्पी लूरीक (पचास रूपैयाँको तमसुक) (नाटक, मोदनाथ प्रश्रितसहित, मगरभाषामा अनु, २०४८) । **पुरस्कार/सम्मान :** हर्क पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), सिञ्जाली पुरस्कार (२०६३) । नेपाल मगर सङ्घ, कास्की (२०६४), मगर राष्ट्रिय मुक्तिमोर्चा नेपाल, कास्की (२०६४), नेपाल मगर विद्यार्थी सङ्घ, कास्की, गण्डकी साहित्य सङ्गम, पोखरा कास्की (२०५१) प्रज्ञा पुरस्कार (२०६९) लगायत एक दर्जनभन्दा बढी सङ्घसंस्थाहरूबाट सम्मान, कदरपत्र, प्रशंसापत्र आदि प्राप्त । **हालको ठेगाना :** बिरुवा अर्चले-३, स्याङ्जा / पोखरा, कास्की । **फोन :** ०६१-५२४३६४, ९८४६०५११०३ ।

लोकबहादुर शाक्य

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९८५ मङ्सिर १०, ह:खाटोल, ललितपुर । **माता/पिता :** धनकुमारी शाक्य, हर्षबहादुर शाक्य । **शिक्षा :** एस.एल.सी., निजामती मध्यम परीक्षा । **सेवा :** सरकारी सेवा (उपसचिव) । **पहिलो रचना :** सत्यता (धर्मोदय, २००८) । **कृति/सृजना :** प्रज्ञामारमिता म्हसीकेगु ज्ञानया खँमुना (नेपालभाषा, २०४०), प्रज्ञापारमिता शून्यता - ज्ञान (२०४६), बोधिचर्याया ज: (नेपालभाषा, २०५५) । **सम्पादन/अनुवाद :** बोधिपत्र । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणवाहु तृतीय, पञ्चवीर सिंह पुरस्कार, आशामान ताम्राकार पुरस्कार । मांत्राय पुचद्वारा सम्मान (ने.सं. ११२४) । **हालको ठेगाना :** कृष्णगल्ली, पुल्चोक, ललितपुर / पो.ब.नं. २२५२ काठमाडौं । **फोन :** ५५२६०६५ ।

लोकराज पराजुली

(हास्यव्यङ्ग्यकवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२२ फागुन २५, पवननगर, भ्युँडहर, दाङ । **माता/पिता :** मेनुका पराजुली, मोहनलाल पराजुली । **शिक्षा :** बी.कम. । **सेवा :** नाटक लेखन, निर्देशन, अभिनय, लेखासेवा । **पहिलो रचना :** बोक्सिनी (प्रहसन, २०३६, दाङ) । **कृति/सृजना :** गोरुजात्रा (हास्यव्यङ्ग्य गीति एल्वम, संयुक्त २०५९), उपहार (हाइकुसङ्ग्रह, २०६१), बोको व्यायो (हास्यव्यङ्ग्य गीति एल्वम, संयुक्त, २०६१), पञ्चामृत (पुस्तक, संयुक्त, २०६१) । **सम्पादन/अनुवाद :** मञ्जरी (वार्षिक मुखपत्र, २०४१) । **पुरस्कार/सम्मान :** गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), कुशल उद्घोषक सम्मान (दाङ, २०५२) । **हालको ठेगाना :** त्रिभुवन न.पा. - ४, दाङ । **फोन :** ०८२-५६१२१७ ।

लोकेन्द्रबहादुर चन्द

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ फागुन ३, कुरुकुटिया, बैतडी । **माता/पिता :** लक्ष्मी चन्द, महावीर चन्द । **शिक्षा :** बी.ए., एल.एल.बी. । **सेवा :** राजनीति, साहित्य । **पहिलो रचना :** गाउँतिर (नाटक, मञ्चन, २०२४) । **कृति/सृजना :** बाह्रौं खेलाडी (हास्यव्यङ्ग्य निवन्धसङ्ग्रह, २०३५), नेताका साथी (हास्यव्यङ्ग्यात्मक प्रहसन, २०४१), हिउँको तन्ना (कथासङ्ग्रह, २०४२), इन्द्रधनुष (कवितासङ्ग्रह, इ.सं. १९९३), अपरिचित (कवितासङ्ग्रह, २०५१), विसर्जन (कथासङ्ग्रह, २०५४), सन्ध्यावली (कवितासङ्ग्रह, २०५७), तिम्रो झलक (कवितासङ्ग्रह, २०५९), रात्रिभोज (कथासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद :** निर्झर (त्रैमासिक) । **पुरस्कार/ सम्मान :** गोरखा दक्षिणवाहु चौथा (२०२८), गोरखा दक्षिणबाहु दोस्रा (२०२८), त्रिशक्तिपट्ट दोस्रा (२०३७), दैवीप्रकोप पीडितोद्धार पदक (२०४५), मदन

पुरस्कार (२०५५), डा. कृष्णचन्द्र मिश्र हिन्दी सम्मान (२०५६) । **हालको ठेगाना** : लोकन्थली, भक्तपुर । **फोन** : ६६३०४२७

लोकेन्द्र शाह (लोकेन्द्रविक्रम शाह)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२४ साउन १५, जाजरकोट, खलङ्गा । निधन : २०४८ साउन १६, काठमाडौँ । **माता/पिता** : रमारानी शाह, केदारजङ शाह । **शिक्षा** : बी.एल. । **सेवा** : पत्रकारिता । **कृति/सृजना** : मन एकान्तमा हराउँदैन (कविता, गीतसङ्ग्रह, २०४५), एउटा बूढो करङ (वृत्त कवितासङ्ग्रह, २०४८), लोकेन्द्रका कथाहरू (कथासङ्ग्रह) । **सम्पादन/अनुवाद** : पर्म (द्वैमासिक), टेलिपत्र (साप्ताहिक) । **पुरस्कार/सम्मान** : विभिन्न साहित्यिक स्थानीय पुरस्कारहरू । **हालको ठेगाना** : लोकेन्द्र साहित्य गुठी, काठमाडौँ । **फोन** : ५५३६७६० ।

लोकेश्वर दत्त 'व्यथित'

(लेखक, मैथिलीभाषा)

जन्म/स्थान : वि.सं. २००२ पुस १४, बसहिया, धनुषा । **माता/पिता** : सरस्वती, हरिनन्दन दत्त । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मैथिलीमा कविता (इलाहावाद, २०१४) । **कृति/सृजना** : मैथिलीका सिद्ध पुरुष (जीवनी) । **सम्पादन/अनुवाद** : प्रतिबिम्ब (हिन्दी पाक्षिक), सद्भावना सन्देश लगायत केही पत्रपत्रिकाहरूको सम्पादन । चाँदनी शाहका कविता (मैथिलीमा अनुवाद) । **पुरस्कार/सम्मान** : सुप्रवल गोरखा दक्षिणबाहु, वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), शिक्षा पुरस्कार । **हालको ठेगाना** : चाबहिल, काठमाडौँ / बसहिया, धनुषा । **फोन** : ४४७४११० ।

लोचनतारा तुलाधर

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१८ भदौ ५, भोटाहिटी, काठमाडौँ । **माता/पिता** : जगतशोभा तुलाधर, प्रत्येकमान तुलाधर । **शिक्षा** : एम.एस्सी. (वनस्पति-शास्त्र) । **सेवा** : धर्मकीर्ति बौद्ध अध्ययन केन्द्रमा कार्यरत । **पहिलो रचना** : सिद्धार्थ गौतम (लेख, धर्मकीर्ति पत्रिका, २०३१) । **कृति/सृजना** : पँलासु (कथासङ्ग्रह, २०३७), दुवा: ध्वदुक्ते (कथासङ्ग्रह, २०५९) (नेवारीमा) । **सम्पादन/अनुवाद** : उदाय् समा : (ने.सं. ११२३), धर्मकीर्ति (अश्वघोष भन्ते विशेषाङ्क, २०६१), उदाय् समा: बुलेटिन । **पुरस्कार/सम्मान** : पञ्चवीरसिं सिरपा: (बुद्धसंवत् २५४३) । **हालको ठेगाना** : का.म.पा. ३०, काठमाडौँ । **फोन** : ४२२३६२३ ।

वंशी श्रेष्ठ (वंशीलाल श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार २५, धुलिखेल, काभ्रे । **माता/पिता** : न्हुच्छेमाया, सानुकाजी श्रेष्ठ । **शिक्षा** : एम.ए. (नेपाली, अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : आनन्दको खोजी (लेख, शान्ति पत्रिका, २०१६) । **कृति/सृजना** : निबन्ध ज्ञान (२०२४), भीष्मको प्रणय गीत (कवितासङ्ग्रह, २०४७), महाकाव्यको मृत्यु (२०६१), अमरसिंह चित्रकथा । **सम्पादन/अनुवाद** : उपेन्द्र श्रेष्ठका कविता, अरनिको : चित्रकथा, युद्ध अपराधी (जापानी जीवनी), पालुवा (पत्रिका), धूपी (पत्रिका), जनवार्ता (साप्ताहिक), द एभरेस्ट (अङ्ग्रेजी पत्रिका), नेपाली कविता भाग २ (संयुक्त २०४८) । **हालको ठेगाना** : ख १/१५५५ नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४४७२२६४, ४४७४११७ ।

वनमाली निराकार (वनमालीराज शर्मा)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००६ चैत्र ७, तानसेन-१०, धुवघाट, पाल्पा । **माता/पिता** : नेत्रकुमारी खनाल, शोभाकर शर्मा । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. (पत्रकारिता) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : बहिनीको पत्र दाजुको नाम (कथा, राष्ट्रपुकार,

२०२६) । **कृति/सृजना :** समयको पर्खाल (कथासङ्ग्रह, २०४६), लोकतन्त्रको शङ्खनाद (कवितासङ्ग्रह, २०६२), पत्र सञ्चयन (साहित्यिक पत्रहरूको सङ्कलन, २०६३), विवरूका कथाहरू (संयुक्त कथासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** बालविकास (२०३३), क्षितिज (सङ्कलन, २०३४), सङ्कलन (सामयिक सङ्कलन, २०३६), प्राज्ञिक प्रवाह (२०४९), क्षितिज (भैरहवा बहुमुखी क्याम्पस, २०६३) । **पुरस्कार/सम्मान :** छविलाल पाल्पाली प्रतिभा पुरस्कार (२०६४), कवि कुलमणि देवकोटा स्मृति पुरस्कार (२०६५), भवानीभिक्षु पुरस्कार (२०६६), क्षेत्रीय प्रतिभा पुरस्कार (२०६६) । सिसास सम्मान (२०६१), न्यू होराइजन सम्मान (२०६४), महाकवि देवकोटा शतवार्षिकी सम्मान (२०६५), अली मियाँ सम्मान (२०६६), गजल सागर सम्मान (२०६६) । **हालको ठेगाना :** सिद्धार्थनगर न.पा. ८, भैरहवा, रूपन्देही । **फोन :** ०७१-५२६९६४, ९८४७०३९८६७ ।

वली मुहम्मद मुसलमान (मोमिन)

(उदू भाषाका कवि)

जन्म/स्थान : इ.सं. १९४८ मार्च ६, वसन्तपुर, कपिलवस्तु । **माता/ पिता :** बैतूला मुसलमान, साहु मुसलमान । **शिक्षा :** एस.एल.सी. । **सेवा :** निजामती सेवा । **कृति/सृजना :** हकीकत मोमिन (उर्दू भाषामा), कुरआन पाकका च्यालेन्ज (उर्दू भाषामा), आस्थामा गहिरो चोट (नेपाली भाषामा), चमन खुश्बु (उर्दू भाषामा) । **पुरस्कार/सम्मान :** जानपद सेवा पदक । **हालको ठेगाना :** हरनामपुर -८, कपिलवस्तु ।

वसन्तकुमार शर्म्मा नेपाल (वकुश, ज्ञानेश्वरजी, बच्चुराम बाजे)

(कोशकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८४ रामनवमी, महाराजगञ्ज, काठमाडौँ । **माता/पिता :** हेमकुमारी शर्म्मा, दिवाकर शर्म्मा उपाध्याय नेपाल । **शिक्षा :** राजनीतिशास्त्री, एम.ए. (नेपाली), साहित्यभूषण (हिन्दी) । **सेवा :** प्राध्यापन, निजी व्यवसाय । **पहिलो रचना :** अजविलाप (पूर्णाङ्की नाटक, २००५ मङ्सिर) । **कृति/सृजना :** युगको वारिस (लघु नाटकसङ्ग्रह, २००८), विधवा विवाह (खण्डकाव्य, २०१०), यो हो नेपाल (महाकाव्य, २०१५), नेपाली कि नेपाल (उपन्यास, २०१६), एक्काइस कथा (२०२१), आधुनिक नेपाली निबन्ध (निबन्धसङ्ग्रह, २०२५), मित्रको पत्र (नव्यकाव्य, २०२५), हँसिला (बालकथासङ्ग्रह, २०२५), आधुनिक नेपाली निबन्ध (निबन्ध सङ्ग्रह, २०२५), सङ्क्षिप्त नेपाली व्याकरण (व्याकरण, २०२६), महेन्द्रमाला (पाठ्यपुस्तक, २०२८, सहलेखन), विप्रलम्भ (महाकाव्य, २०४४), निबन्धसङ्ग्रह (२०४४), कोटारानी (संवादकथा, २०५९), प्रभावती गुप्ता (संवादकथा, २०५९), गण्डक्युद्ध : जयापीड (संवादकथा, २०५९), राजकुमारीको स्वयंवर (संवादकथा, २०५९), रजिया बेगम (लघुनाटक, २०५९), गण्डक्युद्धः ब्रम्हहत्या (संवादकथा, २०५९), राज्यश्री (लघुनाटक २०५९), रगतको खोलो (नाट्यकथा २०५९), नमर्ने इच्छा (नाट्यकथा, २०५९), लक्ष्मीबाई (संवादकथा २०५९), सङ्क्षिप्त नेपाली शब्दसागर (कोश, २०६१), सानो नेपाली शब्दसागर (कोश, २०६२), गद्य महाभारत १ (२०६२), गद्य महाभारत २ (२०६२), तीतामीठा कुरा (सहलेखन, २०६३), गद्य महाभारत ३ (२०६४), नीतिका कुरा (२०६५, सहलेखन), गद्य महाभारत ४ (२०६६, जैमिनीय महाभारतसमेत), तीनतारा (बालकथा, २०६६), नीतिविचार (२०६७, सहलेखन), शब्दार्थ नेपाली शब्दसागर (२०६८, कोश), आदि । **सम्पादन/अनुवाद :** आमा (उपन्यास, गोर्की, अनु., २००९), जयन्ती (२०२७), रत्नावली (नाटिका- अनु., २०२९), आत्मसमीक्षा (सम्पादन, २०४४), रुक्मिणी परिणय (अनु., २०४४), शकुन्तला (अनु., २०४४), पाँच रात (महाकवि भास, महेन्द्र, के.एल.भी., गोविन्द, जगदीश्वर वरदाचार्यका प्रसिद्ध ६ हास्य नाटक, अनुवाद, २०५१), १२१ उपनिषद (अनु., २०५४), नेपाली शब्दसागर (१ लाख ३१ हजार शब्द भएको नेपाली शब्दकोषको सम्पादन, २०५७), आदिविद्रोही (हार्वडफास्ट, अनु., २०५७), फेरा (बङ्गाली लेखिका तसलीमा नसरिन, अनु., २०५७), भिखारीदेखि सन्ध्यासम्म, श्रीमद्भगवदगीता (अनुवाद, २०५९), शकुन्तला (अनु. सह.), संस्कृतका प्रमुख एकाङ्की (अनुवाद, २०६१), महाभारत सम्पूर्ण (गद्यमा अनु.), जनभावनाका जगद्गुरु स्वामी प्रणवानन्द (२०६१), उमा (महाकाव्य, २०६३, सम्पादन), माई वर्ड बूक (सम्पा., २०६४), वेस्ट वर्ड बूक (सम्पा., २०६४) निरपराधको हत्या (उपन्यास, २०६६, अनुवाद), ४७. मुक्ति संग्राम (उपन्यास, २०६६, अनुवाद), नेपाली अङ्ग्रेजी संस्कृत शब्दसागर (२०६७, संयुक्त सम्पा.), नेपाली अङ्ग्रेजी विशाल शब्दसागर (२०६७, संयुक्त सम्पा.), शब्दार्थ गीता (२०६७, अनु.), अमर काव्य (अनु., ओमर खयामको रुवाइयात्) आदि थुप्रै । डाँडावारी (२०३६, समालोचना), जयन्ती (२०२७, सम्पादक), नेपाली शिक्षा, जागृति, शिक्षा समाचार २००६, शिक्षा मन्त्रालय), पद्मोदय रजतजयन्ती (मुखपत्र, २०२९) ।

पुरस्कार/सम्मान : नेपाली भाषा साहित्य प्रतियोगितात्मक रचना परीक्षामा प्रथम भई स्वर्णपदक प्राप्त (वि.सं. २००४), रूस सरकारबाट नगद पुरस्कार (गोर्कीको आमा उपन्यासको उत्कृष्ट अनुवाद गरेबापत, २०१०), साहित्यभूषण स्वर्णपदक (२०१०), शिक्षा सेवा नगद पुरस्कार (शिक्षा मन्त्रालय, २०२९), गुणराज व्याख्यान पुरस्कार (२०५१), गुणराज पुरस्कार (२०५६), विजयश्री पुरस्कार (२०५८), हेमराज पुरस्कार (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), बालचन्द्र पुरस्कार (२०५९), सुप्रबल गोरखा दक्षिणबाहु (२०५९), देवकोटा काव्य सम्मान पुरस्कार (२०६०), खिल शर्मा-राजीवलोचन स्मृति पुरस्कार (२०६२), उदयानन्द पुरस्कार (२०६५)। पशुपति बहुमुखी क्याम्पस (२०५३), विश्व हिन्दू परिषद् (२०५८), नेपाल वंशज परिषद् (२०५८), राष्ट्रिय व्यक्तित्व सम्मान (२०५९), आयफा सम्मान (२०६०), देवकोटा काव्य सम्मान (२०६०), पद्मोदय सम्मान (२०६०), पशुपति क्याम्पसबाट सेवा सम्मान (२०६१), मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६२) लेखनाथ रथयात्रा सम्मान (२०६१), मदन पुरस्कार स्वर्ण बर्ष सम्मान (२०६२), लोयलिटी एकाडेमी सम्मान (२०६२), खिलशर्मा-राजीवलोचन जोशी पुरस्कार (२०६२), पानी पोखरी युवा क्लवबाट सम्मान (२०६४), चक्रपाणि स्मारक प्रतिष्ठानबाट सम्मान (२०६६), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), बुढानीलकण्ठ स्कूलबाट सम्मान (२०६७), सुरभि स्रष्टा सम्मान २०६७, नुवाकोट बहुमुखी क्याम्पसबाट रजतजयन्ती सम्मान (२०६७), हृदयचन्द्र स्मृति प्रतिष्ठानबाट सम्मान (२०६७), नेपाली शिक्षा परिषद्बाट सम्मान (२०६८), चार्ल्स डार्विन एकेडेमीबाट सम्मान (२०६८), आकाशगङ्गा इन्टरनेशनल एकेडेमीबाट सम्मान (२०६८), भद्रकुमारी घले सेवा सदनबाट अग्रज सम्मान (२०६८), नेपाल बन्धु कल्याण समाजबाट सम्मान (२०६८), नौलो नेपाली सम्मान (२०६९), सुप्रबल जनसेवा श्री (२०६९), ज्यष्ठ नागरिक सम्मान (२०६९) लगायत विभिन्न सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन। होमियोडाक्टर उपाधि। **हालको ठेगाना :** चाबेल, मैजुबहाल, काठमाडौं। **फोन :** ४४७४९३५, ४४८४६२९।

वसन्त घिमिरे (वसन्तराज घिमिरे)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ जेठ १३, जीता -६, लमजुङ। **माता/पिता :** पार्वतीदेवी घिमिरे, माघवप्रसाद घिमिरे। **शिक्षा :** स्नातकोत्तर (अर्थशास्त्र)। **सेवा :** अध्यापन, गोरखापत्र संस्थान। **पहिलो रचना :** जनसङ्ख्या वृद्धि र खाद्य समस्या (गोरखापत्र, २०४०)। **कृति/सृजना :** विकासका विविध आयाम (२०५७), नेपालको सर्वाङ्गीण आर्थिक विकास (२०६०), अर्थतन्त्र र विकास (२०६५), नेपालमा पर्यटनको विकास (२०६७)। **सम्पादन / अनुवाद :** राष्ट्रध्वनि (साप्ताहिक, २०३८), नेपालीपत्र (साप्ताहिक), हिन्दू (साप्ताहिक) आदि। **हालको ठेगाना :** कीर्तिपुर -२, अमृतनगर, काठमाडौं। **फोन :** ४३०२६४३।

वसन्त महर्जन

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०२९ जेठ १९, कीर्तिपुर, काठमाडौं। **माता/पिता :** विष्णुदेवी महर्जन, बुद्धिबहादुर महर्जन। **शिक्षा :** विद्यावारिधि (शोधार्थी, संस्कृति)। **सेवा :** पत्रकारिता। **पहिलो रचना :** भाग्य (कथा, परोपकार, मुखपत्र, २०४४)। **कृति/सृजना :** लुम्बिनी (इ.२००५), गौतम बुद्ध (जीवनी, इ. २०१०), गन्तव्य लुम्बिनी (इ.सं. २०१२)। **सम्पादन/अनुवाद :** शिक्षामा क्रान्ति (अनुवाद, जे.कृष्णमूर्तिको आर्ट अफ लिभिङ), बुद्धको आत्मकथा (अनु./सम्पा, इ. २०१०)। **पुरस्कार/सम्मान :** न्हुगु विश्वभूमि पुरस्कार (२०५०)। **हालको ठेगाना :** कीर्तिपुर-१७, काठमाडौं (basantamaharjan@gmail.com)। **फोन :** ४३३४९४४, ९८४१४५३४८७।

वसन्त मुकारुङ

(सङ्गीतकार)

जन्म/स्थान : २०२५ साउन ५, अन्नपूर्ण, भूर्चोक, भोजपुर। **माता/पिता :** दिलकुमारी राई, भीमप्रसाद राई। **शिक्षा :** आई.ए.। **सेवा :** सङ्गीत। **पहिलो रचना :** कति कसम जिन्दगीमा ... बोलको गीतमा सङ्गीत (रेडियो नेपाल, २०४२)। **कृति/सृजना :** आवाजहरू (गीति एल्बम, सङ्गीत, २०६३) सङ्गीत संयोजक : नेपाल टेलिभिजन ब्राइटर तिम्रो सुर मेरो गीत, सयौं सङ्ख्यामा गीतहरूको सङ्गीत सृजना गरेको। **पुरस्कार/सम्मान :** द्वितीय पुरस्कार (लोकगीत प्रतियोगिता, रेडियो नेपाल, २०४५)। **हालको ठेगाना :** पो.ब.नं. ४१६०, काठमाडौं। **फोन :** ४३७०४१८, ९८४१२५०६८०।

वसन्तराज अज्ञात

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : २०२९ पुस १५, चिउरीडाँडा-६, दोबेला, खोटाङ । **माता/पिता** : मन्थकु श्रेष्ठ, लालबहादुर श्रेष्ठ । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य, कला । **पहिलो रचना** : शुभकामना (कविता, प्रतिभा साहित्यिक पत्रिका, २०४९) । **कृति/सृजना** : सपना सजाएर आँखाभरि (गीतिसङ्ग्रह, २०६३), मखमली दरबार (गीतिसङ्ग्रह, २०६९), थुप्रै सङ्ख्यामा गीतरचना सङ्गीतबद्ध । सयौँ सङ्ख्यामा पुस्तक-पत्रिकाको आवरण सिर्जना । **सम्पादन** : साथी (साहित्यिक मासिक, २०६३), चित्रमा कविता (कविता-चित्रसङ्ग्रह, २०६४), कौशिकी (साहित्यिक पत्रिका, २०६६) । **पुरस्कार/सम्मान** : जनआन्दोलन घाइते सम्मान (नेपाल सरकार, २०६३), इमेज सम्मान (२०६४) । **हालको ठेगाना** : भक्तपुर / दोबेला, खोटाङ (basantaraja@gmail.com) । **फोन** : ९८४१३४४५७७, ९८१८५८४६०० ।

वसन्त 'वित्यासी' थापामगर

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ चैत १५, तनहुँ । **माता/पिता** : किनीसरा मश्राङ्गी मगर, मीनबहादुर मश्राङ्गी मगर । **शिक्षा** : स्नातक । **सेवा** : सामाजिक सेवा, पर्यटन, सङ्गीत । **पहिलो रचना** : आँखाको परेलीमा (गीतरचना रेकर्ड, २०४५, रेडियो नेपाल) । **कृति/सृजना** : *गीति एल्बम (रचनातर्फ)* : अविरल (२०४९), अनुरोध (२०५६), ठूल्नानी (२०५७), गहना (२०५९), मित्रता (२०६०) । **हालको ठेगाना** : सामाखुसी, काठमाडौँ / मनपाङ -९, तनहुँ । **फोन** : ९८४९६११२३९, ९८०४१९९८६९ ।

वसन्त शर्मा (लुइँटेल)

(प्राथमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १८५२, देउपुर मण्डन, काभ्रे (निधन : १९४७, कटुन्जे, भक्तपुर) **पिता** : परमानन्द लुइँटेल । **शिक्षा** : संस्कृत, ज्योतिषशास्त्र । **सेवा** : नेपालीमा लेख्थे, संस्कृतका ज्ञाता थिए । **पहिलो रचना** : कलिजुगको सवाई (वि.सं. १८६५) । **कृति/सृजना** : श्री कृष्णचरित्र (खण्डकाव्य, १८८४), समुद्रलहरी (सवाई, १९०१), (अप्रकाशित : *श्री स्वस्थानी (गद्य, १९१४), ब्राह्मखरी स्तुति (पद्य), सृष्टि (लोकलय पद्य))* । नेपाली भाषाका प्रथम खण्डकाव्यकार, लोकलयका प्रथम लेखक । **पुरस्कार/सम्मान** : जोशी, जैसी (ज्योतिषीलाई जोशी वा जैसी भनिने पुरानो चलन छ ।) । **सम्पादन/अनुवाद** : महाभारत युद्धपर्व (अनु.), चण्डी (अनु,. १९३०)

वसीर मिकरानी

(कवि, उर्दू भाषा)



जन्म/स्थान : इ. १९५७ जुलाई ४, भाँडसर-७, सर्लाही । **माता/पिता** : मोतीजन खातुन, मोहम्मद शफी । **शिक्षा** : हेल्थ असिस्टेन्ट । **सेवा** : स्वास्थ्य सेवा । **पहिलो रचना** : गजल (मासिक पत्रिका, पासवान पंजाव, इ. १९७५) । **कृति/सृजना** : कहकशाँ (उर्दू सायरी), सामाने जन्नत (उर्दू सायरी), लालो-गोहर (उर्दू सायरी), टुटे हिरे बिखरे मोती (गजल), ईस व्यवस्थाको किसी तर्ह बदलना होगा (नजम, २०३६), फिर हमारी हमसे आजादी न कोई छिन ले (नजम, २०४७) । **पुरस्कार/सम्मान** : इमाम अहमद रेजा अवार्ड (इ. २००९), अल्लामा डा.एकबाल अवार्ड (इ.२०१०) । **हालको ठेगाना** : भाँडसर-७, सर्लाही । **फोन** : ९७२४६४०५९८ ।

वसुन्धरा भुसाल

(हास्यअभिनेत्री)

जन्म/स्थान : वि.सं. २००७ फागुन ७, क्षेत्रपाटी, काठमाडौँ । **माता/पिता** : बुद्धकुमारी, डी. सानुमान सिंह । **शिक्षा** : एस.एल.सी. । **सेवा** : कलाकारिता, सांस्कृतिक संस्थान, सामाजिक सेवा । **पहिलो रचना** : ६-७ वर्षको उमेरदेखि नै कलाकारिता क्षेत्रमा प्रवेश (नेपाली चलचित्र क्षेत्रमा २०२२ देखि प्रवेश, चलचित्र आमा) । **कृति/सृजना** : प्रह्लाद, अमीत वासना, बुहार्तन, म, मसान, मुटुको व्यथा, संयोग, नाम नभएको मान्छे, चेतना आदि लगभग चार दर्जन जति नाटकहरू, राम भरत मिलाप, यशोधरा, भृकुटी, हिमकन्या, नालापानी, शान्ति-कान्ति, पृथ्वीनारायण शाह, मुनामदन,

रामायणलगायत दुई दर्जनभन्दा बढी चलचित्रहरू, आमा, हिजो आज भोलि, परालको आगो, मनको बाँध, सिन्दूर, के घर के डेरा, सन्तान, शान्तिदीप, चेलीबेटी, कन्यादान, राँको, ट्रक ड्राइभर, अधिकार, देउकी, झझल्को, जन्मभूमि, सडक, साथी, महामाया, गरिब, जलन, सीता, सगुन, दैव संयोग, भाइटीका, नाता रगतको, आगो, यस्तै रहेछ जिन्दगी आदि लगायत करिब ९५ भन्दा बढी चलचित्रहरूमा अभिनय गरिसकेको । यस्तै गरी अभिलाषी, सपना, प्रेमकथा आदि भिडियो चलचित्रहरू, बाउको बिहे, गजराज, दौंतरी, मन, खुट्टा तान, पागलखाना, मोहनको पश्चात्ताप, आफन्त, सुखको सास, अँध्यारो-उज्यालो, कलङ्क, सीमान्त, अक्षर, रक्षा, पानी, गुलाफ एकैचोटि फुल्छ आदि लगभग ७० भन्दा बढी टेलिफिल्महरूमा अभिनय । महिला भ्वाइलिन वादक । **पुरस्कार/सम्मान** : महेन्द्र रत्न भूषण (२०२४), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०४९), श्री ५ वीरेन्द्र गद्दीआरोहण पदक (२०५३), भैरव पुरस्कार (२०५६), वासुदेव लुइँटेल पुरस्कार (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), राष्ट्रिय पुरस्कार (२०६२) नेपाल चलचित्र जगत्की प्रथम महिला हास्य अभिनेत्री (२०२२), सर्वोत्तम हास्य अभिनेत्री (२०५० मा घोषित), हास्य सम्राज्ञी सम्मान (ललितपुर कला, संस्कृति प्रतिष्ठान, २०५४), सर्वश्रेष्ठ हास्य अभिनेत्री सम्मान (मोसन पिक्चर अवार्ड, २०५४), साधना सम्मान (साधना कला केन्द्र, २०५४), वरिष्ठ कलाकार सम्मान (काजल फिल्मस् प्रा.लि., २०५६), मानसरोवर सिने सम्मान (२०५६), सन्देश सम्मान (सन्देश नेपाल, २०५८), महेन्द्र चलचित्र साधना सम्मान (२०५६), सम शताब्दी सम्मान (२०५९) लगायतका दर्जनौं सम्मानहरू प्राप्त । **हालको ठेगाना** : हाँडीगाउँ, गहनापोखरी, काठमाडौं । **फोन** : ४४२६२७२, ४४३२७२६ ।

वानीरा गिरी

(कवि, नेपाली/अङ्ग्रेजीभाषा)

जन्म/स्थान : वि.सं. २००३ वैशाख १९, नयाँबजार, खरसाङ, भारत । **माता/पिता** : जानकीदेवी गिरी, इन्द्रराज गिरी । **शिक्षा** : एम.ए., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन, साहित्य । **पहिलो रचना** : मेरो साथी भन्छ (कविता, दीयो पत्रिका, दार्जीलिङ, २०२०) । **कृति/सृजना** : एउटा जिउँदो जङ्गबहादुर (कवितासङ्ग्रह, २०३१), जीवन थायमरु (कवितासङ्ग्रह, २०३४), कारागार (उपन्यास, २०३५), मेरो आविष्कार (आत्मकाव्य, २०४१), निर्वन्ध (उपन्यास, २०४४),

शब्दातीत शान्तनु (२०५६), फ्रम द अदर इण्ड । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव - दोस्रा (इ.सं. १९६४), रत्नश्री स्वर्णपदक (इ.सं. १९६६), गोरखा दक्षिणबाहु चौथा, लोकप्रिया देवी पुरस्कार (२०४८), साझा पुरस्कार (२०५८) । **हालको ठेगाना** : मीनभवन, काठमाडौं । **फोन** : ४४८२६२४ ।

वामदेव पहाडी (जोशी)

(समालोचक/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ चैत्र शुक्ल पञ्चमी, परसागाउँ, नवलपरासी । निधन : २०५४ फागुन २३ । **माता/पिता** : लल्लीदेवी जोशी, विष्णुप्रसाद जोशी । **शिक्षा** : एम.ए. (हिन्दी), बी.एल., विद्यावारिधि । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : नयर नीर (हिन्दी काव्यसङ्ग्रह, २०१०), कैदी र झ्यालखाना (उपन्यास, २०३६), विवेक र मन्थन (आलोचनात्मक निबन्धसङ्ग्रह, २०३७), जयदेश जयनेपाल (कथासङ्ग्रह, २०४१), विचारका केही क्षण (आलोचनात्मक निबन्धसङ्ग्रह, २०५२), आलोचनाको वृत्त (समालोचना, २०५४), नेपाली साहित्यको आलोचनात्मक इतिहास । **सम्पादन/अनुवाद** : नेपाल रिभ्यू (साप्ताहिक, २०१८), पञ्चायत बाटो (साप्ताहिक, २०२२), प्रतिमान (साहित्यिक २०४०) । **पुरस्कार/सम्मान** : रत्नश्री पदक (२०२२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), नूरगङ्गा पुरस्कार (२०५४) । **सम्पर्क ठेगाना** : भैरहवा, रूपन्देही ।

वाल्मीकि

(संस्कृत भाषाका आदिकवि)



जन्म/स्थान : इ.पू. चौथो शताब्दी, वाल्मीकि आश्रम (तमसातट : तमसा र सदानीरा नदी (गण्डकी) को सङ्गम हालको भैंसालोटन, जो नवलपरासी र चितवनको सीमामा पर्छ) । **पिता** : वरुणादित्य । **कृति** : वाल्मीकि रामायण (विश्वकै पहिलो महाकाव्य), योग वाशिष्ठ (अजातवाद) ।

वासुदेव अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ कात्तिक १९, धादिङ । **माता/**



पिता : तेजकुमारी अधिकारी, योगविलास अधिकारी । **शिक्षा :** स्नातकोत्तर (नेपाली, सार्वजनिक प्रशासन) । **सेवा :** अध्यापन, बैङ्किङ, प्राध्यापन । **पहिलो रचना :** म (कविता, भैरवी षांड्मासिक पत्रिका, २०३५) । **कृति/सृजना :** समयका स्वरहरू (कवितासङ्ग्रह, २०४६), मनको हरियो मनको गीत (गीत, गजलसङ्ग्रह, २०४७), आफन्तलाई सम्बोधन (कवितासङ्ग्रह, २०६०), गायब सभामुख (कवितासङ्ग्रह, २०६९) । **सम्पादन/ अनुवाद :** लहर, मिर्मिरे, शब्द-संयोजन, संस्कृति, युगदूत, मुक्ति-मोर्चा, भुजङ्ग, चिनारी, कोरस, युद्धप्रसाद मिश्रका काव्य रचनाहरू (३०४८), मदन-आश्रित श्रद्धाञ्जलि स्मारिका (२०५०), युद्धप्रसाद मिश्रका कविताहरू (२०५८) । **पुरस्कार/ सम्मान :** पारिजात सिर्जनशील पुरस्कार (२०६०), जिविस धादिङबाट सम्मान (२०६८) । **हालको ठेगाना :** सुनौलाबजार-१, नेवारपानी, धादिङ / पो.ब.नं. १३१८४, काठमाडौं bashudevadhikari@yahoo.com) । **फोन :** ४४२१३२४, ९८५१०९९१९२ ।

वासुदेव उपाध्याय ढकाल 'औपमन्यव'

(कवि/अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ फागुन २०, बत्तीसपुतली, काठमाडौं । **माता/पिता :** जगतमञ्जरीदेवी ढकाल, माधवप्रसाद ढकाल । **शिक्षा :** एम.ए. (नेपाली), योगाचार्य । **सेवा :** अध्यापन, भाषा-साहित्य, सामाजिक सेवा । **पहिलो रचना :** शशिकला (नेपाली झ्याउरे खण्डकाव्य, २००७) । **कृति/सृजना :** शशीकला (नेपाली झ्याउरे खण्डकाव्य, २००७), कविता कुसुम (कवितासङ्ग्रह, २०११), नेपाल अधिराज्य एक परिचय (सामान्यज्ञान, २०२१), महामन्त्र ॐ (२०४७), अन्तर्यात्रा आफैभित्र नियाल्दा (२०४८), योग आजको आवश्यकता अनिवार्यता अपरिहार्यता (२०५०), उत्तरीध्रुवको यात्रा साथै लेखन्तेको जीवनयात्रा (२०५६), वासुदेव उपाध्याय ढकालका साहित्य सृजना (२०६१) । **सम्पादन/अनुवाद :** श्रीमद्भगवद्गीताको वासुदेवीय नेपाली अनुवाद, २०४४) । **हालको ठेगाना :** का.म.न.पा. -३४, घर नं. ६१२, देवकोटा सडक, काठमाडौं । **फोन :** ४४७२५८३ ।

वासुदेव गुरागाई

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ साउन ९, कमेरेगाउँ, नुवाकोट । **माता/पिता :** गोमा गुरागाई, खिलानाथ गुरागाई । **शिक्षा :** एम.ए. (नेपाली, राजनीतिशास्त्र), एम.पी.ए., । **सेवा :** निजामती । **पहिलो रचना :** स्वागत (कविता, मुस्ताङ सन्देश, २०४४) । **कृति/सृजना :** स्वागत (कवितासङ्ग्रह, २०५३), नेता : चिरञ्जीवी भव: (हास्यव्यङ्ग्यकाव्य, २०५९) । **पुरस्कार/सम्मान :** विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** हर्नामाडी -८, बड्कुले, मकवानपुर (b_guragain@yahoo.com) । **फोन :** ४३५६०२४ ।

वासुदेव गौतम 'बीजी'

(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ साउन २३, गुन्सी भदौरे, रामेछाप । **माता/पिता :** हरिमाया गौतम, भक्तिविलास गौतम । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** अनिवार्य नेपाली (सहलेखन, २०५८) । **कृति/सृजना :** अनिवार्य नेपाली- प्रमाणपत्र तह, प्रथमवर्ष तथा कक्षा ११ (सहलेखन, २०५८), नेपाली भाषा-शिक्षण- बी.एड. दोस्रो वर्ष (२०५८), अनिवार्य नेपाली-प्रमाणपत्र तह, दोस्रोवर्ष (सहलेखन, २०५९), माध्यमिक नेपाली व्याकरण र रचना (सहलेखन, २०६०), निम्नमाध्यमिक नेपाली व्याकरण र रचना (सहलेखन, २०६१), प्रायोगिक भाषाविज्ञान, बी.एड. तेस्रो वर्ष (सहलेखन, २०६१), भाषा-पाठ्यक्रम तथा शिक्षणपद्धति, बी.एड. तेस्रो वर्ष (सहलेखन, २०६१), माध्यमिक शिक्षक दिग्दर्शन (सहलेखन, २०६१), निम्नमाध्यमिक शिक्षक दिग्दर्शन (सहलेखन, २०६१), प्राथमिक शिक्षक दिग्दर्शन (सहलेखन, २०६१) । **हालको ठेगाना :** गुन्सी भदौरे-१, रामेछाप । **फोन :** ९८४१२६३९४० ।

वासुदेव जमरकट्टेल (वासु)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२४ चैत्र २४, सूर्यपाल-८, लामाचौर,

लमजुङ । **शिक्षा :** स्नातक । **कृति/सृजना :** मायाका फूलहरू (कवितासङ्ग्रह, २०६२), चन्द्रमामा राज गर्नुपर्छ (कवितासङ्ग्रह, २०६३), आफन्त दुश्मन (कथासङ्ग्रह, २०६४), जुर्माना (कथासङ्ग्रह, २०६५) । **सम्पादन/अनुवाद :** भिक्षु (वार्षिक साहित्यिक पत्रिका) । **हालको ठेगाना :** विसनपुर-५, लक्ष्मणपुर, कपिलवस्तु । **फोन :** ९८४७०२२५९४, ९८४७०८६५५०, ०७६-६९०४५६ ।

वासुदेवप्रसाद त्रिपाठी 'देवेश'

(कवि, नेपाली/हिन्दी भाषा)

जन्म/स्थान : वि.सं. १९७६ मङ्सिर १५, मझगावाँ -२, रूपन्देही । निधन : २०४३ माघ ६ । **माता/पिता :** लगनादेवी, शालिक तिवारी । **शिक्षा :** मध्यमा (संस्कृत) । **सेवा :** राजनीति (भू.पू.सांसद), साहित्य । **कृति/सृजना :** नेपाली जनक्रान्ति (खण्डकाव्य, हिन्दीमा, इ.सं. १९५६) । **पुरस्कार/सम्मान :** विभिन्न कविगोष्ठीहरूमा पुरस्कृत । **सम्पर्क ठेगाना :** मझगावाँ -२, रूपन्देही ।

वासुदेव भट्ट 'भाइसाब'

(कवि/कथाकार, नेपाली/डोट्यालीभाषा)

जन्म/स्थान : वि.सं. २००० असार १५, पल्लाचौडली, बैतडी । **माता/पिता :** द्वारिकादेवी भट्ट, जैयराज भट्ट । **शिक्षा :** एम.ए. । **सेवा :** अध्यापन । **पहिलो रचना :** भूमिसुधार भूमिका (लेख, जनवार्ता साप्ताहिक, २०२२) । **कृति/सृजना :** डोके (कवितासङ्ग्रह, २०३१), भरिया दाइ (यात्रासंस्मरण, २०३१), संस्मरण (उपन्यास, २०३८), सफर (उपन्यास, २०४३), माघी (नाटक, २०५७), गोरा चैतालो (डोट्याली खण्ड नाटिका, २०५५), डोट्याली लोकसंस्कृति र लोकसाहित्य (२०६१) । **सम्पादन/अनुवाद :** मलासिनी (मासिक पत्रिका, २०४०), डोट्याली कोश लोकोक्ति खण्ड (२०५१), मन्थन (२०५२), खुद्यौडाका बातैं (डोट्याली दन्त्यकथासङ्ग्रह, २०५८), खोजखबर (रेडियो पत्रिका, २०६१) । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), सुदूर पश्चिम साहित्य पुरस्कार (२०५८) । **हालको ठेगाना :** महेन्द्रनगर न.पा. -१८, कटान, कञ्चनपुर । **फोन :** ०९९-५२१७६० ।

वासुदेव भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९४५, बनारस । निधन : वि.सं. २०२९ कात्तिक, काठमाडौं) । **शिक्षा :** बी.ए. । **सेवा :** अध्यापन । **कृति/सृजना :** भारतवर्षको इतिहास (पूर्वार्ध, १९९०), भारतवर्षको इतिहास (उत्तरार्ध, १९९१) । **सम्पादन/अनुवाद :** श्री मद्वाल्मीकीय रामायण (सम्पूर्ण, भाग १-२, १९९७), श्रीमद्भागवत महापुराण भाग १, श्रीमद्भागवत् महापुराण भाग २ (२०२०), इङ्ग्याण्डको इतिहास । **पुरस्कार/ सम्मान :** इतिहास लेखेबापत नगद पुरस्कार (वि.सं. १९९१) ।

वासुदेव लुइँटेल (नैकापे काका, कान्छाकाजी, भूतको भिनाजु, ओमकारनाथ शर्मा आदि)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९७४ भदौ २३, ढुङ्गाअड्डा, काठमाडौं । निधन : २०६३ भदौ २५ । **माता/पिता :** चन्द्रप्रभा लुइँटेल, झङ्कनाथ शर्मा लुइँटेल । **शिक्षा :** सामान्य (एघार पास) । **सेवा :** पुस्तकालय, साहित्य, अध्यायन । हास्यव्यङ्ग्यकार, हास्यव्यङ्ग्य पुस्तकालय तथा वासुदेव विद्यादेव लुइँटेल पुरस्कार गुठीका संस्थापक । **पहिलो रचना :** आमा (कविता, शारदा, वि.सं. १९९७) । **कृति/सृजना :** भूत छैन (२००६), चिठ्ठी चपेटा (२०२२), भीमसेनपाती (हास्यव्यङ्ग्य, २०२४), जय नेपाल (२०२८), ... बाट (२०४३), ...बाटको बाँकी (२०४६), काकाका कुरा (२०४६), कुराउनी (२०४६), व्यक्तिगत चिठी (२०५२) । **सम्पादन/अनुवाद :** जुद्धोदय पब्लिक हाइस्कुल (पत्रिका, २०१३), छ्याकन (कवितासङ्ग्रह, २०२५), डाढो (२०३१), जस्ताजस्तै (२०३२), वैराग्य शतक (अनु. वि.सं. २०००), नीति शतक (अनु. वि.सं. २०००) । **हालको ठेगाना :** सेवा सदन, ढुङ्गाअड्डा, काठमाडौं, पो.ब.नं. ८४१ । **फोन :** ४३१२२१९/४३१२०६७ ।

वासुदेव त्रिपाठी

(समालोचक/कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ चैत १३, भानुनगर भन्सार, तनहुँ ।

माता/पिता : गोमादेवी, प्रेमदत्त त्रिपाठी । **शिक्षा** : आचार्य (संस्कृत: नव्य व्याकरण) एम.ए. (नेपाली, अङ्ग्रेजी), विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन (डिन, मा.सा.सं. त्रि.वि., प्रमुख, नेपाली केन्द्रीय विभाग), ने.रा.प्र.प्र. (उपकुलपति, २०६१) । **पहिलो रचना** : यो दुनियाँ तिम्रै हो (कविता, हिमाल, २०१७) । **कृति/सृजना** : विचरण (नेपाली गद्यनाटक समालोचना, २०२४), नेपाली कविताको सिंहावलोकन (२०२७), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (समालोचना, २०३०), साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन (समालोचना, २०३३), लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन (समालोचना, २०३४), अर्धनारीश्वर (काव्य, २०३९), तीन थुङ्गा (काव्यसङ्ग्रह, २०४५), देशको महिमा (खण्डकाव्य, २०४६), नव पल्लव (कवितासङ्ग्रह, २०४६), साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलक (जीवनी, समालोचना, २०४५), निम्नमाध्यमिक नेपाली व्याकरण र रचना (सहलेखन, २०४८), नेपाली साहित्य शृङ्खला (भाग १-२, समालोचना -२०५२), सम्झना कुञ्ज (कविता, २०६३), हिन्दूराष्ट्र नेपालको सनातन सान्दर्भिकता (२०६५), साहित्य सिद्धान्त, शोध र सृजनविधि (२०६६) । **सम्पादन/ अनुवाद** : हिमाली साहित्य (प्रतिनिधि सङ्कलन, २०२०), मैना (महाकवि देवकोटाको काव्यसङ्ग्रह, २०३९, संयुक्त सम्पादन), नेपाली वृहत् शब्दकोश (विशेष सम्पादक, २०४०), लेखनाथ पौड्याल र उनका प्रतिनिधि कविता (कवितासङ्ग्रह, २०४२), नेपाली कविता (भाग , २ र ४, २०४६-४८), जयतु संस्कृतम्, सिंहनाद, रचना, गरिमा, वाङ्मय (अर्धवार्षिक) आदि पत्रिकाहरू सम्पादन । जीवन रोज्नुहोस् (अनुवाद, २०५१), तीर्थ मञ्जरी (२०५८) । **पुरस्कार/सम्मान** : कविता (स्वर्णपदक, २०१८), महेन्द्र विद्याभूषण (२०२२, २०२४, २०३४), लारी स्वर्ण पदक (२०२४), ने.रा.प्र.प्र. कविता महोत्सवमा तेस्रा र दोस्रा (२०२४, २०२५), रत्नश्री पुरस्कार (२०२५), गुणराज व्याख्यान पुरस्कार (२०३०), गोरखा दक्षिणबाहु चौथा (२०३२), मदन पुरस्कार (२०३४), गोरखा दक्षिणबाहु तेस्रो (२०३७), झपट पुरस्कार (२०४१), भारती खरेल व्याख्यान पुरस्कार (२०५१), उदयानन्द पुरस्कार (२०५४), भूपालमानसिंह कार्की प्रज्ञा पुरस्कार (२०५७), राष्ट्रकवि माधव घिमिरे पुरस्कार (२०६०) आदि । छिन्नलता सम्मान (२०५३), दीपरत्न साहित्य सम्मान (२०५४), शान्तिदूत सम्मान (२०६३), विभिन्न सङ्घ-संस्थाहरूबाट अभिनन्दन । **हालको ठेगाना** : १८४ जनसहयोगमार्ग, नयाँ बानेश्वर, काठमाडौं । **फोन** : ४४७०७५३ ।

वासु पासा (वासुपासा श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२ कात्तिक, शुक्लपक्ष, कीर्तिपुर, काठमाडौँ । निधन : २०६१ । **माता/पिता** : रत्नमाया, सिद्धिवहादुर श्रेष्ठ । **शिक्षा** : नेपाली मध्यमा । **सेवा** : सरकारी सेवा (अञ्चलाधीश) । **पहिलो रचना** : जीवन (कविता, धर्मोदय पत्रिका, ने.सं. १०७३) । **कृति/ सृजना** : *कवितासङ्ग्रहहरू* : फिलिङ्गो (इ.सं. १९५१), कुम्लो (इ.सं. १९६६), कोकल्याँटो (इ.सं. १९८१), गुलेली (इ. १९९९), *नाटकहरू* : किसान हो (इ.सं. १९५१), श्रद्धा (इ.सं. १९८३), समाज (इ.सं. १९५८), "म" हेरेर फर्क (इ.सं. १९८२), फर्केर हेर्दा (संस्मरण, इ.सं. १९८२), लेखक कस्तो हुनुपर्छ (निवन्ध, इ.सं. १९५२), हृदकम्प (सूक्ति सङ्ग्रह, इ.सं. १९८९), मिसा सुख (निबन्धसङ्ग्रह, इ.सं. १९५४), जीवन लँपुइ (गीतिकाव्य, इ.सं. ९७७), *इतिहासहरू* : कीर्तिपुर (२०४९), भादगाउँ (२०५१), कान्तिपुर (२०५३), ललितपुर (२०५४), सिद्धिनरसिंह मल्ल (२००२) कृतिलक्ष्मी (उपन्यास, इ.सं. १९९७), जीवन लँपुई (मे, ने.सं. १०७८) लगायत थुप्रै नेवारी गीतहरू । **सम्पादन/अनुवाद** : किसान (मासिक) । **पुरस्कार/सम्मान** : प्रसिद्ध प्रवल गोरखा दक्षिणवाहु तेस्रा (२०२३), शुभराज्याभिषेक पदक (२०३१), वालचन्द्र पुरस्कार (२०५४), जानपद सेवा पदक, भूपालमानसिंह कार्की पुरस्कार (इ.सं. २००२), सिद्धिचरण श्रेष्ठ पुरस्कार । सुनकोशी साहित्य प्रतिष्ठानबाट राष्ट्रिय स्तरको साधना सम्मान (२०५२), साधक सम्मान । **सम्पर्क ठेगाना** : कुलेश्वर, काठमाडौँ । **फोन** : ४२७२१३८ ।

वासु बराल

(लेखक : सांस्कृतिक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००८ वैशाख ९, तीनटोलिया, विराटनगर, मोरङ । निधन : २०६३ मङ्सिर १३ । **माता/पिता** : नर्मदा बराल, भवनाथ बराल । **शिक्षा** : एम.ए. (नेपाली इतिहास, संस्कृति र पुरातत्त्व) । **सेवा** : सहकारी सेवा । दीर्घसेवा सम्मान (२०५८) । **पहिलो रचना** : सालीनानी (कथा, सङ्कल्प, २०२६) । **कृति/सृजना** : हिन्दू संस्कृति तथा धार्मिक

सम्प्रदाय (२०३१), हिन्दू सामाजिक सङ्गठनको प्रारूप (२०४४), संस्कृति सहायक (२०५०), समाजशास्त्र र मानवशास्त्र (२०५७), सामाजिक संस्थाहरूको विश्लेषण र प्रक्रियाहरू (२०५८), मानवशास्त्र र समाजशास्त्रको परिचय (२०६१), अन्तर (कथासङ्ग्रह) । **सम्पादन/अनुवाद :** चार हस्ताक्षर : बाह्र स्वर (कथा, २०४१), अङ्कोपङ्को (२०४५), साझा (द्वैमासिक, २०४७), सहकारिताको भावी दिशा (२०५१), सहकारी प्रवाह (२०५१) । **पुरस्कार/सम्मान :** दीर्घसेवा पदक (२०५८) । **सम्पर्क ठेगाना :** १९५ /७७ धतुमार्ग, टङ्गाल, काठमाडौँ / विराटनगर -१३, मोरङ । **फोन :** ४४१४७७९ /०२१-५२५५७७ ।

वासु रिमाल 'यात्री'

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असोज ६, बरेवा गाउँ, बारा । **निधन :** २०६६ साउन १ । **माता/पिता :** टङ्ककुमारी, हरिप्रसाद रिमाल । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** निधार (हास्यव्यङ्ग्य, शारदा, २०१८) । **कृति/सृजना :** मायाकी मूर्ति (उपन्यास, इ.सं. १९७३), नेपाली साहित्यको इतिहास र इटालेली साहित्यको इतिहास (इ.सं. १९७३), विश्वका महान् व्यक्तिहरू (जीवनीसङ्ग्रह, २०२६), केही साहित्यिक चिन्तन (समालोचनासङ्ग्रह, २०३५), जनआन्दोलनपछिका नेपाली कविता (२०५४), क.दी. : केही आँखा केही परिभाषा (२०५५), केही प्रश्न केही समाधान (सहलेखन, २०५८), ओम् नमः शिवाय, वेदान्त विश्वकोश (भाग १, २०६०), वेदान्त विश्वकोश (भाग २, २०६१), एकादेशमा (कथासङ्ग्रह) । **सम्पादन/अनुवाद :** बालक (२०२२), विदेह (द्वैमासिक, २०२९), अठ्ठाइस कथा (२०३९), साक्षात्कार (धार्मिक पत्रिका), मायाको मूर्ति (२०३१) । **पुरस्कार/सम्मान :** भारती खरेल व्याख्यान पुरस्कार (इ.सं. १९९९), गुणराज व्याख्यान पुरस्कार (इ.सं. २०००), तेस्रो सार्क शिखर सम्मेलन पदक । **सम्पर्क ठेगाना :** जावलाखेल, ललितपुर । **फोन :** ५५२१८०२, ९८४१३०३९८९ ।

वासु शशी (वासुदेव वैद्य)

(कवि, नेपाली/नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९९३ चैत्र १३, पशुपति देवपत्तन, काठमाडौँ । **निधन :** २०४९ चैत्र ४, बम्बई, भारत । **माता/पिता :** हितकुमारी वैद्य, भूमिनन्द वैद्य । **शिक्षा :** बी.एड. । **सेवा :** सामाजिक सेवा, अध्यापन । **पहिलो रचना :** विद्यार्थी (कविता, विद्यार्थी पत्रिका, २०१०) । **कृति/सृजना :** मेरी उषा (कविता सङ्ग्रह, २०१६), केही गीत (गीतसङ्ग्रह, २०१७), केही कविता (कवितासङ्ग्रह, २०१७), पानी गल्दैन (खण्डकाव्य, २०१७), शशीका केही गीत (गीतसङ्ग्रह, २०१७), यौटा यस्तो फूल चाहिन्छ (कवितासङ्ग्रह, २०२२), ताचा व्वायँ (नेवारी नाटक, २०२३), तीन नाटक (नाटक सङ्ग्रह, २०२४), वासु शशीका कविता (कवितासङ्ग्रह, २०३५), फूल ओइलाएपछि (उपन्यास, २०३९), झुमिं यम्ह मनु (नेवारी नाटक, २०४२), बाँसुरीमा नअटाएका धुनहरू (नाटकसङ्ग्रह, २०४२), मान्छेको हृदयबाट गएको मान्छे (मुक्तकसङ्ग्रह, २०५०), यौटा नदी छ म आफैभित्र (कवितासङ्ग्रह, २०५१),उपहार (नाटक-२०५१), संसारमा सबभन्दा एक्लो जीव (उपन्यास, २०५२), जहाँबाट तिमी आइनौ (गीतसङ्ग्रह, २०५३), वासु शशीका नाटक (२०६१) । माया, लोभीपापी (कथानक चलचित्रको कथा लेखन), बुद्ध (नाटक, २०६६), कृष्ण दर्शन, तेस्रो बच्चा, मान्छेको मूल्य, बिर्सनै नसकिने मान्छे, उपहार, आफ्नो घर, रातो पुल आदि चलचित्र तथा टेलिचलचित्रहरू प्रदर्शित । **सम्पादन/अनुवाद :** सञ्चय (द्वैमासिक डाइजेस्ट) र अन्य पत्रिकाहरू। साइकोसोसियल अस्पेक्टस् अफ अबोर्सन इन एसिया (२०३०) । *अनुवादका कृतिहरू* : विश्वका श्रेष्ठ कथासङ्ग्रह (२०३०), जाँ बार्बा (उपन्यास, २०३१), सारा मेरा सन्तान (नाटक, २०४४), उमर खैय्यामका रुवाइ (२०६०), जापानको सबभन्दा लामो दिन (२०४४) । **पुरस्कार/सम्मान :** भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४८) ।

वासु क्षितिज

(व्यङ्ग्य चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०३४ पुस १६, रतनचुरा, सिन्धुली । **माता/पिता :** डम्मरकुमारी, विष्णुबहादुर श्रेष्ठ । **शिक्षा/विषय :** आइ.एफ्.ए. । **सेवा :** कार्टुन चित्रकारिता । **पहिलो रचना :** २०५३ सालदेखि कार्टुन प्रकाशन । **कृति/सृजना :**

नेपालको केही राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रिकाहरूमा कार्टुन चित्रहरूको सृजना, पत्रपत्रिका तथा पुस्तककृति आवरण चित्र तथा सयौँ पुस्तकहरूमा कार्टुन चित्र सिर्जना । **पुरस्कार/पदक** : भैरव अर्याल नवप्रतिभा पुरस्कार । **हालको ठेगाना** : घट्टेकुलो, काठमाडौँ (basukshitiz@yahoo.com) । **फोन** : ९८५१०६९१८३ ।

विकल ज्ञवाली (एकदेव ज्ञवाली)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ जेठ ६, थोर्गा चापाखर्क, गुल्मी । निधन : २०६३ फागुन २५, काठमाडौँ । **माता/पिता** : विष्णुकान्ता ज्ञवाली, चेतनारायण ज्ञवाली । **शिक्षा** : न्याय दर्शन मध्यमा (भारत) । **सेवा** : अध्यापन, राजनीति, साहित्य । **पहिलो रचना** : मुना (कविता, रुरु मुखपत्र, २०२२), । **कृति/सृजना** : आमा दिदी बहिनी हो (कवितासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : अञ्चलस्तरीय साहित्य सम्मेलन अर्घाखाँचीमा प्रथम पुरस्कार तथा स्वर्णपदक (२०२१) । **सम्पर्क ठेगाना** : हेटौँडा, हुप्रचौर, मकवानपुर । **फोन** : ०५७-५२०९७३ ।

विकासनाथ योगी

(बाद्यवादक/सङ्गीतकार)



जन्म/स्थान : वि.सं. २०२४ साउन ९, पाल्पा । **माता/पिता** : राधा योगी, गोपालनाथ योगी । **शिक्षा** : सङ्गीत प्रवीण (भ्वाइलिन), स्नातकोत्तर (इतिहास) । **सेवा** : बाद्य सङ्गीत निर्देशक (ने.रा.प्र.प्र.), सङ्गीत । **पहिलो रचना** : भ्वाइलिन वादन प्रस्तुत (स्पेनका नरेश समक्ष, २०४४) । **कृति/सृजना** : *गीति एल्बमहरू* : लाइभ इन काठमाण्डू (इ.सं. १९९०), लाइभ इन डेनमार्क (१९९४), लिसन नेपाल (१९९६) *सी.डी.हरू* : सारेगमा (१९९७), अनुभव (१९९८), द मोमेन्ट (१९९४), हिमालयन रेन (२००५), एलिक्जर (२००५) । कुमारी ब्याले, चण्डालिका, शिव ताण्डव, चारुमती आदि ब्यालेमा भ्वाइलिन प्रस्तुत (ने.रा.प्र.प्र.) । **पुरस्कार/सम्मान** : सार्क पदक (शिक्षा मन्त्रालय, २०४४), प्रथम (स्वर्णपदक, रेडियो नेपाल, २०५०), रामेश्वर युवा पुरस्कार (मञ्जुश्री सङ्गीत विद्यालय, २०५७), दीर्घसेवा पदक । **हालको ठेगाना** : काठमाडौँ - ३३ (bikashnathyogi@ yahoo.com) । **फोन** : ४४१९५२०, ९८५१०९०२४८ ।

विक्रममणि त्रिपाठी

(साहित्यकार, अवधी भाषा)



जन्म/स्थान : वि.सं. २०२५ भदौ २, गौरी-६, कपिलवस्तु । **माता/पिता** : जानकी त्रिपाठी, पशुपतिमणि त्रिपाठी । **शिक्षा** : एम.एस्सी (रसायनशास्त्र), एम.ए. (भाषाविज्ञान) । **सेवा** : अध्यापन, रसायनशास्त्री, अवधी भाषाको विभिन्न नाटक निर्देशन । **पहिलो रचना** : कमलकै फूल (कविता, अवधी भाषा, कपिलवस्तु स्मारिका, २०४८) । **कृति/सृजना** : सञ्चारका केही साधनहरू (२०६०), हमार भाषा (अवधी भाषा, संयुक्त, कक्षा १ देखि ५ सम्म, २०५३-२०५७), अवधी भाषा (कक्षा ९ -१०, संयुक्त), अवधी संस्कृति (२०६३), प्रेरक व्यक्तित्व (अवधी समाज, २०६३), अवधी संस्कृति (२०६४), लोककथा (अवधी भाग १-३, २०६३), अवधी कथा (२०६८) । अवधी भाषाको पहिलो वृत्तचित्र 'दहेज' को पटकथा लेखन । **सम्पादन/अनुवाद** : अवधी वाणी (२०५३), सयपत्री (अवधी लोककथा विशेषाङ्क, २०५९), हमार गणित हमार सामाजिक अध्ययन (कक्षा १, २०६१, अनुवाद), अवधी निबन्ध (अनु. २०६७) । **हालको ठेगाना** : गौरी -६, कपिलवस्तु / पो.ब.नं. १३९८६, काठमाडौँ । **फोन** : ५५५१८६५ ।

विक्रमश्री

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. २०२७ भदौ २३, लेकखर्क, भोजपुर । **माता/पिता** : रेणुका तिमिल्सिना, श्रीभद्र तिमिल्सिना । **शिक्षा** : इन्जिनियरिङ । **सेवा** : कला क्षेत्र उत्थानको क्रियाशील । रसिक सम्मान (२०५८) । **पहिलो रचना** : चित्रकला (तमसुक, पानीचित्र, २०४५) । **कृति/सृजना** : सालिक (ढलौट), मूर्तिकृति, चित्रकृति (दर्जनौँ सङ्ख्यामा) । **पुरस्कार/सम्मान** : कृष्ण प्रतिभा पुरस्कार (२०५७), एम्बेस्डर फर पिस एवार्ड (२०६२) । **हालको ठेगाना** : इटहरी, सुनसरी ।

विक्रम सुब्बा (डिल्लीविक्रम इङ्गवाबा)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ पुस २०, ओदिन, पाँचथर । **माता/पिता :** योनाहाङमा नेम्वाङ, नरेन्द्रबहादुर इङ्गबाबा । **शिक्षा :** एम.ए. (ग्रामीण विकास) । **सेवा :** गैरसरकारी सेवा, गायन । **पहिलो रचना :** कविता प्रकाशन (कोसेली पत्रिका, २०२७) । **कृति/सृजना :** शान्तिको खोजमा (काव्य, २०३४), कविको आँखा कविताको भाका (कवितासङ्ग्रह, २०३९), सगरमाथा नाङ्गै देखिन्छ (कवितासङ्ग्रह, २०४१), कन्साइस लिम्बू ग्रामर एण्ड डिक्सनेरी (अनुसन्धान, सहलेखन, २०४२), सुम्निमा पारुहाङ (मुन्धुम काव्य, २०४५), विक्रम सुब्बाका कविता र गीतहरू (२०६०), थुप्रै जनवादी गीतलेखन एवं गायन । **सम्पादन/अनुवाद :** नेपाली कविता डट कम (वेभपेज कविता पुस्तकालय, २०६०) । **हालको ठेगाना :** शङ्खमूल, काठमाडौँ (ingwaba2005@g.mail.com) । **फोन :** ४७८३५०१, ५५४२०६५, ९८५१०७२९६५ ।

विजयकान्त ठाकुर

(रङ्गकर्मी, मैथिलीभाषा)



जन्म/स्थान : वि.सं. २०२२ वैशाख १३, जनकपुर, धनुषा । **माता/पिता :** लीलादेवी, सूर्यकान्त ठाकुर । **शिक्षा :** प्रवीणता प्रमाणपत्र तह । **सेवा :** रङ्गकर्मी । **पहिलो रचना :** भाइफुटे गवार लुटे (नेपाली नाटक अभिनय, २०४८) । **कृति/सृजना :** एकटा आओर वसन्त (२०५०), खाली हाथ (२०५४) आदि विभिन्न नाटक तथा अभिनय, प्रीत न माने रित लगायतका टेलिशृङ्खलाहरूमा अभिनय । **हालको ठेगाना :** जनकपुर-१, धनुषा ।

विजयकुमार पौडेल

(अर्थशास्त्रीय लेखक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९६३ अगष्ट १८, खिदिम हर्रबोट, अर्घाखाँची । **माता/पिता :** कविता पौडेल, मोदनाथ प्रश्रित । **शिक्षा :** एम.ए. (अर्थशास्त्र), विद्यावारिधि (अर्थशास्त्र) । **सेवा :** प्राध्यापन, राजनीति । **कृति/सृजना :** मार्क्सवादी अर्थशास्त्र (२०६२), भाषणकला (२०६२) । **हालको ठेगाना :** वनस्थली -७, काठमाडौँ (vijaypoudel@gmail.com) । **फोन :** ०१-४३११४६१, ९८५१०६५९८८ ।

विजय चालिसे (विक्रान्त, वशिष्ठ, विजयकुमार चालिसे)

(उपन्यासकार/लेखक/पत्रकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००८ असार २२, जोरपाटी, आरुबारी, काठमाडौँ । **माता/पिता :** सुशीला चालिसे, रामेश्वर शर्मा चालिसे । **शिक्षा :** एम.ए. (नेपाली), पत्रकारिता (डिप्लोमा) । **सेवा :** अध्यापन, प्राध्यापन, पत्रकारिता । **पहिलो रचना :** हातिम (बालकथा, बालक पत्रिका, २०२७) । **कृति/सृजना :** होटेल राँकीमा हत्या (उपन्यास, २०३१), अनि कुइरो फाट्छ (उपन्यास, २०३६), डोटेली लोक संस्कृति र साहित्य (संस्कृति, २०३९), दयालु राजकुमार (बालचित्र कथा, २०४३), प्रयोग/प्रत्यारोपण (कथासङ्ग्रह, २०४७), त्रिविध (संयुक्त कथासङ्ग्रह, २०४४), अप्रिलको बेलायत (नियात्रा, २०४५), समाचार लेखन र सम्पादन (पत्रकारिता, २०४५), सेवाका प्रतिमूर्ति: दयावीरसिंह कंसाकार (बालजीवनी, २०४५), हाम्रो वरिपरिको विज्ञान (बालविज्ञान, २०५२), बादलका बुट्टाहरू (बाल नाटक सङ्ग्रह, २०५२), भग्न आस्थाको खण्डहर (कथासङ्ग्रह, २०५६), हराएको मूर्ति (बालकथासङ्ग्रह, २०५६), आमसञ्चारका विविध पक्ष (पत्रकारिता सिद्धान्त, २०५७), टाटेपाङ्ग्रे (संयुक्त बालकथा-सङ्ग्रह, २०५७), अमूल्य उपहार (संयुक्त कथासङ्ग्रह, २०५८), किसानबाट शिक्षा बालकथा- सङ्ग्रह, २०५८), किसान व्यवस्थित सिँचाइ गुठी (संयुक्त लेखन, विविध, २०५८), चटकी बाँदर (बालकथासङ्ग्रह, २०६०), आमसञ्चार, द्वन्द्व र आतङ्कवाद (आमसञ्चार, २०६०), मङ्गल ग्रहमा विज्ञान (बाल विज्ञान उपन्यास, २०६०), मुस्ताङको गुफा (बाल विज्ञान उपन्यास, २०६१), क्याप्टेन जेम्सकुक (जीवनी, २०६१), अग्निचक्र (कथासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** युवामञ्च (मासिक), मधुपर्क (मासिक), गोरखापत्र (दैनिक), सम्झना (भैरव स्मृति अङ्क, २०३७), साँग्रिला

(त्रैमासिक, २०३९), बन्धुसङ्गम (कवितासङ्ग्रह १, २, २०४१, २०४२), मुना (बाल मासिक), द मोनिटर (अङ्ग्रेजी, इ.सं. १९९२), मानवअधिकार पुस्तिका (२०४८), अनौठो भूमिमा एलिस (बाल उपन्यास, अनु. २०५०), विश्व प्रसिद्ध बालकथाहरू (अनूदित बालकथासङ्ग्रह, भाग १-२, २०५७-२०५८), प्रसिद्ध चिनियाँ बालकथाहरू (संयुक्त अनुवाद, २०५८) । **पुरस्कार/सम्मान** : साहित्य सम्मलेन - प्रथम (ग्राम निर्माण बन्धुमण्डल क्लब, २०२८), रोनास्ट जीवनी लेखन पुरस्कार (२०४३), साहित्यिक पत्रकारिता पुरस्कार (२०४६), नेपाल बालसाहित्य पुरस्कार (२०५६, २०५९), साझा बालसाहित्य पुरस्कार (२०५७), पशुपति क्याम्पस पुरस्कार (२०५९) । नेपाल प्रेस चौतारी सम्मान (कास्की, २०५८), पशुपति क्याम्पस सम्मान (२०५९) । **हालको ठेगाना** : जोरपाटी, आरुबारी, काठमाडौँ (vchalise@wlink.com.np)। **फोन** : ४४७११२१ ।

विजय थापा

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९९८ कात्तिक ३, नवलपरासी । **माता/पिता** : सन्तकुमारी, बलबहादुर थापा क्षेत्री । **शिक्षा** : स्नातक (ललितकला, संस्कृति) । **सेवा** : कलाकारिता, प्राध्यापन, ने.रा.प्र.प्र. (प्राज्ञ) । **पहिलो रचना** : एकल कला प्रदर्शनी (२०१९) । **कृति/सृजना** : हजारौँ चित्र सिर्जना, अनेकौँ एकल एवं सामूहिक कला प्रदर्शन । **सम्पादन/अनुवाद** : कलाकार (ललितकला त्रैमासिक), आकृति (ललितकला अर्धवार्षिक) । **पुरस्कार/सम्मान** : सुप्रबल गोरखा दक्षिणबाहु तेस्रो (२०५७), सर्वोत्तम चित्र नेपाल (नाफा), सर्वोत्तम पुरस्कार (नाफा), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६) । **हालको ठेगाना** : रामनगर -२ ग, नवलपरासी । **फोन** : ५५३२३५६ ।

विजय बजिमय

(कवि/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ चैत्र २३, मोहरिया टोल, पोखरा, कास्की । **माता/पिता** : चिजकुमारी बजिमय, समरबहादुर बजिमय । **शिक्षा** : साधारण । **सेवा** : सांस्कृतिक संस्थान, ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१) । **पहिलो रचना** : प्रजातन्त्र (कविता, फेवाताल सामयिक सङ्कलन, २०२९) । **कृति/सृजना** : अन्ततोगत्वा (कथासङ्ग्रह, २०४९) । **सम्पादन/अनुवाद** : नौलो डाँको (साप्ताहिक), वातावरण (साप्ताहिक), फेवाताल (सामयिक), आँखीझ्याल (गोजिका), पलास (गोजिका), नौलो डाँको (साप्ताहिक), वातावरण (साप्ताहिक), भूपि स्मृतिग्रन्थ, सम्मति (बुलेटिन), व्यापार (मासिक पत्रिका), १०औँ राष्ट्रिय भलिबल (स्मारिका), २२औँ राष्ट्रिय एथलेटिक (स्मारिका), तेस्रो राष्ट्रिय खेलकुद (दैनिक बुलेटिन), ५औँ राष्ट्रिय लायन्स महाधिवेशन (स्मारिका), राष्ट्रपुकार (साप्ताहिक), कास्की (स्मारिका) । **पुरस्कार/सम्मान** : राष्ट्रिय कविता महोत्सवमा तृतीय (२०४०, २०४२), व्यथित काव्य पुरस्कार (२०४६), नेत्रस्मृति पुरस्कार (२०५१), युवावर्ष मोती पुरस्कार (संयुक्त रूपमा, २०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), भूपालमानसिंह युवा साहित्य पुरस्कार (२०६०) । गजलश्री सम्मान (२०६०) । **हालको ठेगाना** : विशालनगर, चण्डोल, काठमाडौँ । **फोन** : ०६१-५२०२३७/५२०३३७ /९८५१०५२५३७ ।

विजय मल्ल (विजयबहादुर मल्ल)

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२, ओम्बहाल, काठमाडौँ । **माता/पिता** : आनन्दकुमारी मल्ल, ऋद्धिबहादुर मल्ल । **शिक्षा** : उच्चशिक्षा । **सेवा** : ने.रा.प्र.प्र. (सदस्य, सदस्य-सचिव र उपकुलपति) । **पहिलो रचना** : ज्यानमाराया काय् (कथा, नेपाल पत्रिका, ने.सं. १०७३) । **कृति/सृजना** : कोही किन बर्वाद होस् (नाटक, २०१६), विजय मल्लका कविता (कवितासङ्ग्रह, २०१६), जिउँदो लास (नाटक, २०१७), अनुराधा (उपन्यास, २०१८), एक बाटो अनेक मोड (कथासङ्ग्रह, २०२६), बौलाहा काजीको सपना (नाटकसङ्ग्रह, २०२८), परेवा र कैदी (कथासङ्ग्रह, २०३४), पत्थरको कथा (नाटक, एकाङ्की, २०२८), दोभान (एकाङ्कीसङ्कलन, २०३४), कुमारी शोभा (उपन्यास, २०३९), भूलैभूलको यथार्थ (एकाङ्की, २०४१), पहाड चिच्याइरहेछ (नाटक, २०४१),सृष्टि रोकिँदैन (नाटक-२०४८), पियानानी (लघुउपन्यास), स्मृतिको पर्खालभित्र (नाटक), मान्छेको नाच, भोलि के हुन्छ ? (नाटक), भित्तेघडी, नाम नभएको मान्छे (एकाङ्कीसङ्ग्रह) नाटक : एक चर्चा (समीक्षा), किसि न्याइम्ह मदनमान । **सम्पादन/अनुवाद** : शारदा (मासिक), सात एकाङ्की (एकाङ्कीसङ्ग्रह), कविता

(त्रैमासिक), नेपाल पुकार (साप्ताहिक) । **पुरस्कार/सम्मान** : साझा पुरस्कार (२०२७), गोरखा दक्षिणबाहु दोस्रा / चौथो (२०४०), गङ्की-वसुन्धरा पुरस्कार (२०४९), भूपालमान सिंह प्रज्ञा पुरस्कार । **हालको ठेगाना** : नयाँसडक, काठमाडौं ।

विजयराज आचार्य 'ढुण्डी'

(बालसाहित्यस्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ माघ ९, च्यान्धारा, प्युठान । **माता/पिता** : मनकला आचार्य, पिताम्बर आचार्य । **शिक्षा** : बी.ए. । **सेवा** : पत्रकारिता । **पहिलो रचना** : शान्तिको आत्मकथा (सचित्र बालकथा, नवयुवा मासिक, २०५२) । **कृति/ सृजना** : झमककुमारी (जीवनीपरक बालकथा, २०६०), परिवर्तन (बालउपन्यास, २०६०), हाम्रो आवाज (बालउपन्यास, २०६०), चम्किला चौध कोपिला (अन्तर्वार्तासङ्ग्रह, २०६०), नयाँ बस्ती (बालउपन्यास, २०६०), उज्यालोका खोजीमा (सचित्र नाटक, २०६१), केवलपुरे किसान (सचित्र बालकथा, २०६१), कान्छाकुमार (सचित्र बालकथा, २०६२), श्यामप्रसाद (जीवनी, २०६२), शान्तिको आत्मकथा, चितुवासँग जम्काभेट, अग्रज स्रष्टाहरू, म त स्कुल जान्नँ, आआफ्नो सुर, काढैँ दुम्सी लगायत दुई दर्जनजति पुस्तक । **सम्पादन/अनुवाद** : प्रतिनिधि बालनाटकहरू, प्रतिनिधि बालकथाहरू, विश्वका बालकथा, नवप्रतिभा (बालमासिक), नयाँ परिवेश आदि सम्पादन । बालबगैंचा (बालकथासङ्ग्रह), खरायोको पुच्छर किन छोटो भयो, एउटा नयाँ पुलको निर्माण, विश्व प्रसिद्ध बालकथाहरू-६, कृतज्ञ बाघ (सचित्र बालकथा), डल्फिनको रमाइलो कथा (सचित्र बालकथा), चिनियाँ बालकथाहरू (कथासङ्ग्रह), रमाइला चिनियाँ बालकथाहरू, परी, अन्धी केटी र श्याल, आँटी पुतलीलगायत करिब दुई दर्जनजति अनुवाद । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट बालसाहित्य पुरस्कार (नेपाल बालसाहित्य समाज, २०६०), पुष्कर गौतम बालसाहित्य पुरस्का, पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार । बालसाहित्यमा विशेष योगदान गरेबापत अभिनन्दन (२०५९) । **हालको ठेगाना** : कीर्तिपुर-१५, टौदह, काठमाडौं (bijayraj.acharya@gmail.com) । **फोन** : ०१-४३३४५०१ /९८५१०९७७१६ ।

विजयराज कट्टेल 'छहरा'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ पुस ११, नेचा बेतघारी -३, सोलुखुम्बु । **माता/पिता** : अम्बिकादेवी कट्टेल, नरपटि कट्टेल । **शिक्षा** : स्नातक (नेपाली) । **सेवा** : अध्यापन, कार्यक्रम सञ्चालन । **पहिलो रचना** : जन्मस्थल सम्झँदा (कविता, प्रतिबिम्ब साप्ताहिक, २०४२) । **कृति/सृजना** : दोभानका सुसेलीहरू (कवितासङ्ग्रह, २०५८) । **हालको ठेगाना** : विराटनगर उ.म.पा. -१, पोखरिया, मोरङ । **फोन** : ५३१११० ।

विजयराज न्यौपाने

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ साउन २५, बोराङ, लमजुङ । **माता/पिता** : भगवती न्यौपाने, तीर्थराज न्यौपाने । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन । **पहिलो रचना** : होड (सिने मनोरमा पत्रिका, २०३४) । **कृति/सृजना** : सुनटिकी र जूनटिकी (बालकवितासङ्ग्रह, २०५०), बोराङ (कवितासङ्ग्रह, २०५४), बालगीत (२०५६), बाल-रत्न (बाल कवितासङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद** : बाल जागरण (२०५८), हाम्रो वन सम्पदा (भाषा सम्पादन, २०६०) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पदक एवं पुरस्कार (२०५३), अम्बा श्रेष्ठ प्रतिभा पुरस्कार (२०५३), बी.पी. स्मृति प्रतिभा पुरस्कार (२०५५), विभिन्न पटक प्रतियोगितात्मक कवितामा पुरस्कृत । **हालको ठेगाना** : प्याराजुङ -४, बोराङ, लमजुङ । **फोन** : ४३५५८७० ।

विजय लामा

(अभिनेता)

जन्म/स्थान : इ.सं. १९६४ मार्च ७, काठमाडौं । **शिक्षा** : स्नातक (अङ्ग्रेजी, राजनीतिशास्त्र), विमान चालक तालिम । **सेवा** : संस्थान सेवा (विमान चालक), अभिनय, गायन । **कृति/सृजना** : आदर्श नारी, कोसेली, चोखो माया, राँको, ट्रक ड्राइभर, प्रतिज्ञा, जिन्दगानी, आर्मी, दागबत्ती, मन, मुनामदन, अन्जानैमा, वरमाला आदि विभिन्न चलचित्रहरूमा अभिनय । विमान चालक, प्रेरणा,

सङ्घर्ष, निर्मला आदि टेलिचलचित्रहरूमा अभिनय । कसम मेरो (गीति एल्वम, इ.सं. १९८८), अतीत (गीति एल्वम, इ.सं. १९९३), प्रवेश (गीति एल्वम, इ.सं. २००४) । **पुरस्कार/सम्मान** : चलचित्र अभिनय रत्न (२०६१), चलचित्र सम्मान (२०५९), राष्ट्रिय नागरिक सम्मान (२०६१) । **हालको ठेगाना** : पो.ब.नं. २०५९, काठमाडौँ । **फोन** : ५५२२८६९, ९८५१०२६९३६ ।

विजय विस्फोट (जीतबहादुर देउजा)

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०२२ माघ १४, गुण्डु, भक्तपुर । **माता/पिता** : शान्तिदेवी देउजा, कृष्णबहादुर देउजा । **शिक्षा** : स्नातक । **सेवा** : रङ्ग अनुष्ठान । **पहिलो रचना** : आयो प्रजातन्त्र (कविता, प्रकाश साप्ताहिक, २०४७) । **कृति/सृजना** : जुकाको अदालत, दूरी, बुर्की, बुद्ध हराएको सूचना, एक दिनको नारद, गाइने दाइ, मुर्दाहरूको महाभोजलगायत १३ ओटा नाट्य लेखन, १४ ओटा नाट्य निर्देशन, ३ ओटा वृत्तचित्र निर्देशनका साथै १ ओटा टेलिचलचित्र निर्देशन, केहीमा अभिनय । **सम्पादन/अनुवाद** : श्रम बुलेटिन (साप्ताहिक), श्रमदूत (मासिक) । **पुरस्कार/सम्मान** : स्वर्ण पदक (दूरी नाटकका लागि, इ.सं. १९९६, भारत) । **हालको ठेगाना** : गुण्डु -३, भक्तपुर (shram_weekly@yahoo.com) । **फोन** : २२००२४९, ४४१९०४७ ।

विजय सागर (विजयगोविन्द श्रेष्ठ)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २००६ असोज ३, तानसेन न.पा. -८, पाल्पा । **माता/पिता** : पद्मकुमारी श्रेष्ठ, इन्द्रगोविन्द श्रेष्ठ । **शिक्षा** : एम.ए. (इतिहास) । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : सङ्कुचित माया (कथा, गुराँस त्रैमासिक, २०२४) । **कृति/सृजना** : लघु-कथासङ्ग्रह, (सहलेखन, २०३४), सागरका कथाहरू (लघुकथासङ्ग्रह, २०६०), सागरका कविताहरू (२०६१), विवरूका कथाहरू (सहलेखन, २०६६), चौतारो हवाई पत्र (लघुकथासङ्ग्रह, सहलेखन, भाग १-२) । **पुरस्कार/सम्मान** : प्रवल गोरखा दक्षिणवाहु (२०५०), छविलाल प्रतिभा पुरस्कार (२०६३), सिर्जनशील साहित्यिक समाज सम्मान (२०६३), अली मियाँ लोक वाङ्मय प्रतिष्ठान सम्मान (२०६६) । **हालको ठेगाना** : भैरहवा-१३, रूपन्देही /तानसेन, पाल्पा । **फोन** : ९८४७०५५९७८, ०७१-५२२१८४/०७५-५२०७१५ ।

विजय सुब्बा (अनन्त, सरल)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१५ जेठ ७, माझगाउँ, तम्फुला, तेह्रथुम । **माता/पिता** : जयमती लिम्वू, ललितवहादुर तुम्वाहाङ्फे । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), एम.पी.ए. । **सेवा** : निजामती सेवा, राजनीति (सांसद), सङ्गीत । **पहिलो कृति** : हिमाली हावाको सन्देश (गीत, २०३९) । **कृति/ सृजना** : वस्तीका सङ्गम सुसेलीहरू (गीतसङ्ग्रह, २०४१) विजय सुब्बाका गीत र गजलहरू (२०५७), अराजक अक्षरहरू (२०५८) जनवादी गीत (गीति एल्वम तीनओटा, २०५०/ २०५७) । **सम्पादन/अनुवाद** : उत्साह (साहित्यिक त्रैमासिक, २०४४) । **पुरस्कार/सम्मान** : स्थानीय केही पुरस्कारहरू । गजलश्री सम्मान (२०६०), पूर्वाञ्चल गजल अभिनन्दन (२०६१), गजलकार सम्मान (२०६२ । **हालको ठेगाना** : तम्फुला -७, तेह्रथुम (bijayasubba2005@yahoo.com) । **फोन** : ६६३४६७० ।

विदुर केसी (औतारे, नरे खत्री, धृतराष्ट्र)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००३ चैत २६, मच्छेगाउँ -२, काठमाडौँ । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल., ग्याट ट्रेड पोलिसी कोर्स (स्विट्जरल्याण्ड) । **सेवा** : निजामती, पत्रकारिता । **पहिलो रचना** : वाटरचपलाई तिलाञ्जली (हास्यव्यङ्ग्य लेख, प्रतिध्वनि साप्ताहिक, २०२१ असोज) । **कृति/सृजना** : औद्योगिक विकासतर्फ अग्रसर नेपाल (२०४१) । **सम्पादन/अनुवाद** : गोरखा एक्सप्रेस (साप्ताहिक), क्रसचेक (मासिक) । **पुरस्कार/ सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), दीर्घसेवा पदक (२०३८), प्रबल गोरखा

दक्षिणबाहु चौथा (२०४०) । तन्नेरी प्रतिभा सम्मान (२०६१) । **हालको ठेगाना** : स्यूचाटार-४, कलङ्की, काठमाडौं (bidurkc@hotmail.com) । **फोन** : ४२७२२२३ ।

विदुर चालिसे (विदुरकुमार)

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ कात्तिक १५, आरुबारी, काठमाडौं । **माता/पिता** : ओमकुमारी चालिसे, हेमनाथ चालिसे । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा** : अध्यापन, प्राध्यापन, निजामती, प्रशासन सेवा । **पहिलो रचना** : आमा (कविता, स्वदेश पत्रिका, २०३५ । **कृति/सृजना** : युग बोल्छ (कवितासङ्ग्रह, २०४७), सिसिफसको श्रापित मांसपिण्ड (लघु गद्यकाव्य, २०५१), अधबैंस (खण्डकाव्य) । **सम्पादन/ अनुवाद** : मुक्का (सामयिक सङ्कलन, २०३८), बन्धु-सङ्गम (सामयिक सङ्कलन, २०३९), योद्धा (सामयिक सङ्कलन, २०५०), नेपालतारा (दैनिक, २०५०), साझामञ्च (पाक्षिक, २०५१), काठमाडौं सन्ध्याकालीन (दैनिक, २०५१), युग-संस्कृति (सामयिक सङ्कलन, २०५५), शब्द-संयोजन (मासिक, २०६१), हेल्थ साइन्स (मुखपत्र, २०६१) । **पुरस्कार/सम्मान** : क्याम्पसस्तरीय कविता प्रतियोगितामा प्रथम (२०४०), कविता प्रतियोगिता - द्वितीय (विश्व भातृत्व सङ्गठन जापान, युवा शाखा, २०४०) । **हालको ठेगाना** : जोरपाटी-९, आरुबारी, काठमाडौं (stupa@mail.com.np) । **फोन** : ४४८५७४८/९८५१०७९२७९ ।

विद्यादेवी दीक्षित

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६२, जेठ शुक्लपूर्णिमा, दुगम्बहिल, काठमाडौं । निधन : २०४१ माघ १२, पुल्चोक । **माता/पिता** : रमालक्ष्मीदेवी, शिवनारायण जोशी । **शिक्षा** : साधारण । **सेवा** : गृहस्थी, भाषा, साहित्य । **कृति/सृजना** : विलाप (१९९०), विरह (१९९३), नानीका आँखा (२०१९), इन्द्रधनु (२०२०), पुराना कथा (२०२०), पुराना र नयाँको कथा (२०२३), तीजको दर (२०२४), सन्दुस (२०२५), पाठ गर्ने पुस्तक (२०२५), विद्या भजन (२०३२), विद्या गद्यसङ्ग्रह (२०३६), कवितासङ्ग्रह (२०३५), सपनाका कुरा (२०३४), विलाप र शोक (२०३६), विद्या गद्यसङ्ग्रह ।

विद्यानन्द वज्राचार्य (विद्या वैद्य)

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९९ वैशाख २४, त्यौड ढोकाबहाल, काठमाडौं । **माता/पिता** : चिनीमाया वज्राचार्य, लोकानन्द वज्राचार्य । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : अध्यापन, अभिनय । **पहिलो रचना** : भाषा व व्याकरण (नेवारीमा लेख, सितु पत्रिका, २०२४) । **कृति/सृजना** : नेपालभाषामा : वकुला पाजु (बालकविता, ने.सं. १०८९), लुमेका (लेखसङ्ग्रह, २०६०), खँ पापा (बालकविता, २०६१), विसत्तर मणिचूड (गीतिनाटक अभिनय २०३२, २०२३) । **सम्पादन/ अनुवाद** : स: (सामयिक साहित्य सङ्कलन, २०२७), चि वाखँ मुना (लघुकथा, अनु. २०६१) । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पुरस्कार (२०४७) । **हालको ठेगाना** : २१२/१५, त्यौड, ढोकाबहाल, काठमाडौं । **फोन** : ४२५०५६०/ ४२१५१६६ ।

विद्यानाथ उपाध्याय (भट्ट)

(कवि/लेखक, नेपाली/ संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९९७ चैत्र २२, नरदेवी, काठमाडौं । **माता/ पिता** : कमदिवी उपाध्याय भट्ट, वासुदेव उपाध्याय भट्ट । **शिक्षा** : आचार्य (नव्यन्याय) । **सेवा** : प्राध्यापन, शिक्षाध्यक्ष (म.सं.वि. २०४३) । **पहिलो रचना** : न्याय दर्शन, तन्त्रका विविध विधा र संस्कृत शिक्षासम्बन्धी रचना प्रकाशित । **कृति/सृजना** : तन्त्र चिन्तामणि (पूर्वभाग), तन्त्रविद्यालोक (२०६२), अक्षमाला तन्त्र (२०६६) । **सम्पादन/अनुवाद** : तन्त्रचिन्तामणि ग्रन्थको शोधपूर्ण सम्पादन । **पुरस्कार/सम्मान** : स्वर्णपदक (स्नातकोत्तरतह सर्वप्रथम), महेन्द्र विद्याभूषण (२०२२), राष्ट्रिय शिक्षा समिति पुरस्कार । **हालको ठेगाना** : नरदेवी, काठमाडौं । **फोन** : ४२५२६७२ /९८४१२५४४६५ ।

विद्यापति

(मैथिली भाषाका महाकवि)



जन्म/स्थान : इ. १३५०-१४४०, मधुवनी, विसफी गाउँ, मिथिला (हाल : नेपालको जनकपुर नजिक)। **पिता** : गणपति ठाकुर । **कृति/सृजना** : पदावली, कीर्तिपताका, मणिमञ्जरी, कीर्तिलता, पुरुष परीक्षा, लिखनावली, भूपरिक्रमण लगायत ११ वटा संस्कृत, प्राकृत, अवहट्ट रचना । **सम्मान** : कविशेख, अभिनव जयदेव एवं शिवसिंह राजाका दरबारिया कवि ।

विद्याबहादुर वज्राचार्य

(कवि, नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : वि.सं. १९९७ असार ठूलो एकादशी, मु वहाल वटु, काठमाडौँ । **माता/पिता** : दानमाया वज्राचार्य, हर्षवहादुर वज्राचार्य । **शिक्षा** : एम.ए. (अर्थशास्त्र, त्रि.वि.) । **सेवा** : अध्यापन, प्रशासन । **पहिलो रचना** : द कोरोनेसन (अङ्ग्रेजी भाषामा कविता, द राइजिङ नेपाल, इ.सं. १९७५ फरवरी २४) । **कृति/सृजना** : लाइट फ्रम द कर्नर (अङ्ग्रेजी कवितासङ्ग्रह, ई १९७६), फूलबारी (कवितासङ्ग्रह, २०३४), ईस्टुडन्ट ट्रेजर (व्याकरण, इ.सं. १९८५), रेज (Rays) (अङ्ग्रेजी निबन्ध, इ.सं. २००१), जीवनका रेखाहरू (कवितासङ्ग्रह, २०६०), निभा: (नेवारी कवितासङ्ग्रह, २०६१), तान्त्रिजम इन नेपाल (अनुसन्धानात्मक अङ्ग्रेजी कृति, २०६२), वासना (कथासङ्ग्रह, २०६२), माई हन्ड्रेड फ्वावर्स (कवितासङ्ग्रह, २०६२), भावना (उपन्यास, २०६५), ज्योत्स्ना (कवितासङ्ग्रह, २०६६), झरना झङ्कार (काव्य २०६६), म्यान एण्ड ओम्यान (अङ्ग्रेजीकाव्य, २०६८), कुमारी द लिभिङ गडेस्ट (अङ्ग्रेजी भाषा, संस्कृति, २०६८), वज्राचार्य क्लेन अफ नेपाल (२०६८), क्रान्ति-शान्ति-क्रान्ति (कवितासङ्ग्रह, २०६९), सेभेन फ्लावर्स (कथासङ्ग्रह, अङ्ग्रेजी भाषामा, २०६९) । **पुरस्कार/सम्मान** : शिक्षा क्षेत्रमा योगदान गरेबापत विभिन्न सङ्घसंस्थाबाट कदर पत्र । **हालको ठेगाना** : वटु, गुच्चाटोल (सवल वहाल), काठमाडौँ । **फोन** : ४२४९०५३, ९७४१०५०९१५ ।

विद्यारण्यकेशरी अर्ज्याल

(प्राथमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १८६१, सुनखानी, धादिङ । निधन : १९१२) । **पिता** : दैवज्ञकेशरी । **शिक्षा** : संस्कृत साहित्य, तन्त्र एवं ज्योतिषशास्त्र (बनारस) । **सेवा** : राजगुरुका रूपमा कार्यरत, नेपाली भाषा प्रवर्धक (भानुभक्तका प्रेरणा स्रोत एवं भिनाजु) । **कृति/सृजना** : वंशीचरित्र (हिन्दी), द्रौपदीस्तुति (विलाप), युगलगीत, वेणु गीत (अनूदित), गोकर्णमाहात्म्य (नेपाली) तथा पञ्चदशी, आत्मबोध, गृहसूत्रस्य: गदाधरकाव्यम्, नामक संस्कृत रचनाहरू । **पुरस्कार/सम्मान** : तन्त्रविद्, गुर्जू ।

विधान आचार्य

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ वैशाख १२, चुँदीरम्घा, तनहुँ । **माता/पिता** : सुभद्रादेवी आचार्य, विश्वराज आचार्य । **शिक्षा** : एम.ए. (त्रि.वि.), विद्यावारिधि (शोधार्थी) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : अनौठो चिनाजानी (कथा, गुराँस पत्रिका, २०३१) । **कृति/सृजना** : गोरुको काँध (कवितासङ्ग्रह, २०४२), पहाड उक्लेर पहाड ओर्लेर (२०६२) । त्रि.वि. का शैक्षिक कार्यक्रमको सङ्क्षिप्त परिचय (२०४३), शैक्षिक कार्यक्रमको एक झलक (२०४१), मध्यमाञ्चल विकास क्षेत्रमा उच्चशिक्षा (२०४३), दशभन्दा बढी टेलिफिल्महरूमा गीत, कथा, पटकथा लेखन । केही नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद** : अनावरण (संयुक्त, २०३५), चुँदीरम्घा (संयुक्त, २०४१), त्रिभुवन विश्वविद्यालय बुलेटिन, सचेतना पत्रिका, । **पुरस्कार/सम्मान** : शिक्षा दिवस पुरस्कार (२०६१) । **हालको ठेगाना** : अरुणटोल, सातदोबाटो, ललितपुर (bidhan@wlink.com.np) । **फोन** : ५५३६९५३, ५५४३६०१ ।

विनय कसजू (पश्यकोयम, विनयकुमार)

(लेखक/बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ साउन ३, भगवती टोल, तानसेन, पाल्पा । **माता/पिता** : तारालक्ष्मी कसजू, मोतीकुमार कसजू । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : पत्रकारिता, व्यवसाय । **पहिलो रचना** : रिडीको परिचय (गोरखापत्र, २०१९) ।

कृति/ सृजना : पशुतन्त्र (लघु कथा-सङ्ग्रह, २०३९), पाल्पा एज यू लाइक इट (२०४४), साँचो कुरा (लेखसङ्ग्रह, २०४५), लिस्नो (लघुकथासङ्ग्रह, २०५३), थोपा थोपा (लघुकथासङ्ग्रह, २०५७), सामुदायिक रेडियो (२०५७), सूचना प्रविधिको शक्ति र नेपालमा यसको उपयोग (२०६०), विनय कसजूका छानिएका लघुकथाहरू (२०६६), स्याललाई स्लिपिङ ब्याग (लघुकथासङ्गह), विमोचन (कथासङ्ग्रह, २०६६) । बालसाहित्य-सम्बन्धी पुस्तकहरू : मुसालाई दोसल्ला र अरू बालकथाहरू (बालकथा सङ्ग्रह, २०६१), झ्यापुल्लेको बिजोग (बालकथासङ्ग्रह, २०६१), बाघको सत्कार (बालकथा सङ्ग्रह, २०६१), जन्मदिनको उपहार (बालचित्रकथा, २०६३) घडीहरूको जमघट (बालचित्र-कथा, २०६३), बालकथा लेखन (२०६३), बनको दमकल (बालकथा, २०६४) विनय कसजूका एक सय बालकथा (बालकथा सङ्ग्रह, २०६६), रातो भाले (सचित्र रङ्गीन शिशु पुस्तक, २०६६), मुसाको भोजमा बिरालो (सचित्र रङ्गीन बालपुस्तक, २०६६) कान्छाको मोटर (बालकथा सङ्ग्रह, २०६६), स्माइल प्लिज (कथासङ्ग्रह, २०६६), म्याउँ म्याउँ बिरालो (२०६८), बालबालिकामा पढ्ने बानीको विकास (२०६८), । भालुको बगैँचा (बालकथाको सङ्ग्रह, श्रव्य सी.डी., २०६२) स्माइल प्लिज (बालकथा, श्रव्य सी.डी., २०६६) । **सम्पादन/ अनुवाद :** श्रीनगर (त्रैमासिक, २०२८), सत्य समाचार (साप्ताहिक, २०४०), श्री माधवप्रसाद देवकोटा स्मृतिग्रन्थ (२०४२), वातावरण पत्रकारिता (अनू. २०४८), गाउँले देउराली (साप्ताहिक, २०५०), हाकाहाकी (द्वैमासिक, २०५५), Kamaiya: Slavery and Freedom in Nepal (सन् २००१), मानव बेचविखन/ ओसारपसार, तालिम निर्देशिका (२०५९), सामुदायिक रेडियो हाते किताब (अनू. २०६१), सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन, नेपाली पत्रकारहरूको अनुभव (२०६२), प्रतिनिधि नेपाली लघुकथा (२०६४), इसपका नीति कथा (अनुवाद र सम्पादन, २०६४), हान्स क्रिस्चियन एन्डरसन र उनका परीकथाहरू (नेपालीमा अनुवाद, २०६६), हाम्रा कथा (बालकथा-सङ्ग्रह, २०६६) । **पुरस्कार/सम्मान :** गोपालचन्द्र गोतामे पुरस्कार (२०५२), प्रकाश मानव अधिकार पुरस्कार (२०५२), सामुदायिक पत्रकारिताको लागि अशोका फेलो (२०५९), दयाशङ्कर पालिखे स्मृति पत्रकारिता पुरस्कार (२०६०), प्रेस चौतारी नेपाल सम्मान (२०६०), नेपाल बाल-साहित्य समाज बालपुस्तक पुरस्कार (२०६२), शुकदेव सुकुमाया बालसाहित्य पुरस्कार (२०६४), साझा प्रकाशन बालसाहित्य पुरस्कार (२०६४), पत्रकार मेघ-गोविन्द-झपेन्द्र पत्रकारिता पुरस्कार (२०६७), चत्रपाणि पाठक स्मृति समाजद्वारा पत्रकारिता र साहित्यको क्षेत्रमा योगदान दिएबापत सम्मान र पदक, २०६८, वरिष्ठ पत्रकारिता सम्मान (२०६८) । **हालको ठेगाना :** साँचल, सानेपा, ललितपुर (vkasajoo@hotmail.com / vinaya@wlink.com.np) । **फोन :** ५५२२४६१, ५५३१४०१ ९८५१०६४७७७ ।

विनयकुमार शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ असोज २८, बागबजार, काठमाडौँ । **पिता :** वसन्तकुमार शर्मा नेपाल । **शिक्षा :** स्नातक । **कृति/सृजना :** परिकल्पना (उपन्यास, सहलेखन, २०२८), नेपाल र विश्व परिचय (अङ्ग्रेजी, २०४५), नेपाली महाकवि र महाकाव्य (समालोचना, २०५९), लौकिकदेखि पारलौकिकसम्म (कवितासङ्ग्रह, २०६२), नीतिविचार ६७ (कविता सङ्ग्रह, संयुक्त, २०६७) । **सम्पादन/अनुवाद :** सङ्क्षिप्त नेपाली शब्दसागर (२०६२), सानो नेपाली शब्दसागर (२०६२), नेपाली अङ्ग्रेजी शब्दसागर (२०६२), महाकवि देवकोटा केही आयाम (समालोचना, २०६२), ब्रह्मचर्य: यौन संयमका वैज्ञानिक उपाय (विश्लेषण, २०६२), नेपाली अङ्ग्रेजी नेपाली शब्दसागर (२०६३), शब्दार्थ सङ्ग्रह नेपाली नेपाली (२०६३), शब्दार्थ सङ्ग्रह नेपाली अङ्ग्रेजी (२०६३), शब्दार्थ सङ्ग्रह अङ्ग्रेजी नेपाली (२०६४), अङ्ग्रेजी नेपाली शब्दसागर (२०६४), नेपाली नाटकको अध्ययन (समालोचना, २०६४), पर्फेक्ट इङ्ग्लिस (भाषाज्ञान, २०६४), नेपाली अङ्ग्रेजी नेवारी शब्दसागर (२०६५), कानूनी तथा प्रशासकीय शब्दसागर (२०६५), शब्दार्थ सङ्ग्रह कानूनी तथा प्रशासकीय शब्दसागर (२०६५), देवकोटा आयाम र प्रवृत्ति (समालोचना, २०६५), चित्रलेखा (उपन्यास, अनू., २०६६), किसान र भगवान् (बालकथा सङ्ग्रह, २०६६), नेपाली अङ्ग्रेजी शब्दसागर (२०६७), नेपाली अङ्ग्रेजी संस्कृत शब्दसागर (२०६७), अङ्ग्रेजी अङ्ग्रेजी नेपाली शब्दसागर (२०६८), शब्दार्थ सङ्ग्रह अङ्ग्रेजी अङ्ग्रेजी नेपाली (२०६८), शब्दार्थ नेपाली शब्दसागर (२०६८), कथावाटिका (२०६८) । **हालको ठेगाना :** चाबहिल, काठमाडौँ । **फोन :** ४४८४६८९, ९८४१४९६१०३ ।

विनय रावल (विनयसिंह, अतुलेश)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३, बिर्ताबजार, वीरगञ्ज । **निधन :**

२०६२ जेठ २५, खर्साङ, भारत । **माता/पिता** : विन्दुदेवी रावल, वेदशरण रावल । **शिक्षा** : एम.बी.ए. । **सेवा** : राष्ट्रिय वाणिज्य बैङ्क । **पहिलो रचना** : कविता (अभिनव पत्रिका, २०२९) । **कृति/सृजना** : मलाई तिमी आफूजस्तै बनाऊ (कवितासङ्ग्रह, २०४९), समय प्रवाह (कवितासङ्ग्रह, २०५६), ठूल्दिदीको देश (यात्रा संस्मरण), सपनाको देश (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : मुकुट (द्वैमासिक), अभिनव (सामयिक सङ्कलन), चुनाव गीत, कविता (संयोजक), श्रीजा (द्वैमासिक), समकालीन कवि र कविता, नेपालवाणी (साप्ताहिक) । **पुरस्कार/सम्मान** : गरिमा काव्य पुरस्कार (२०५६), प्रेस काउन्सिल पुरस्कार, भूपि शेरचन राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), मानश्री पुरस्कार (२०५८) । तरलतावादी आन्दोलनसँग सम्बन्धित । वीरगञ्ज उपमहानगरपालिका (२०५७), पहलमानसिंह स्वाँर प्रतिष्ठान (२०५८), कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, ठाकुरराम क्याम्पस (२०५९) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **सम्पर्क ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२६८३९ ।

विनोद अश्रुमाली (विनोदकुमार काफ्ले)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६, चैत्र २, बाहुनडाँगी, झापा । **माता/पिता** : धनमाया काफ्ले, जङ्गबहादुर काफ्ले क्षेत्री । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **पहिलो रचना** : वि.सं. २०१९ तिर भानु पत्रिकामा रचना प्रकाशित । **कृति/सृजना** : एक अञ्जुली जूनकीरी (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : सञ्चय (डाइजेस्ट) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव प्रथम (२०३७), वासुशशी स्मृति पुरस्कार (२०५९), दियालो पुरस्कार (नेपाली साहित्य सम्मेलन दार्जीलिङ (२०६०) । **हालको ठेगाना** : पुरानो बानेश्वर, काठमाडौँ । **फोन** : ४४८९२४० ।

विनोद गौचन

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ माघ १०, बागबजार, कास्की । **माता/पिता** : धनलक्ष्मी गौचन, रामवहादुर गौचन । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : ऐना (कविता, नयाँ सन्देश, २०३५) । **कृति/सृजना** : ढुङ्गेसाँघुको मेलामा (कवितासङ्ग्रह, २०५५), पोखरामा फूल फुल्दैन (कवितासङ्ग्रह, २०६३) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव - तेस्रो (२०३९, २०४०) । **हालको ठेगाना** : १/१५६ बागबजार, पोखरा, कास्की । **फोन** : ०६१-५३२०१०, ९८४६०२०३५२ ।

विनोदप्रसाद धिताल

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८० जेठ २८ त्रिपुरेश्वर काठमाडौँ । निधन : २०४६ साउन ३२ । **माता/पिता** : हुतासनकुमारी, भैरवप्रसाद धिताल । **शिक्षा** : एम.ए.(संस्कृत), बी.एल. । **सेवा** : निजामती, अध्यापन, साहित्य । **पहिलो रचना** : नेपाली वीरता (लेख, शारदा, १९९१) । **कृति/सृजना** : राधामिलन (खण्डकाव्य, २०१३), उज्यालो हुनुअघि (उपन्यास, २०२८), योजनगन्धा (उपन्यास, २०५२) । **सम्पादन/अनुवाद** : आचार्य विष्णु गुप्त चाणक्य (उपन्यास, अनु. २०२३), डिभाइन कमेडी (महाकाव्य, अनु. २०४०) । **पुरस्कार/सम्मान** : लेकचरा दाँतिस पदक (इटली, इ.सं. १९९४), मदन पुरस्कार (२०५२), साझा पुरस्कार (२०५२), गोरखा दक्षिणबाहु दोस्रो, दुई पटक साहित्यमा स्वर्ण पदक । **सम्पर्क ठेगाना** : ज २/३११, नयाँबजार, काठमाडौँ **फोन** : ४४११९८५ ।

विनोद मञ्जन (विनोद कार्की)

(निबन्धकार/समालोचक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ पुस ११, साँखु, काठमाडौँ । **माता/पिता** : ईश्वरी कार्की, रामचन्द्र कार्की । **शिक्षा** : एम.ए. (नेपाली/ राजनीतिशास्त्र) । **सेवा** : अध्यापन, प्राध्यापन, गीति एल्बम पार्श्वसंवाद-लेखन, नाटक निर्देशन, अभिनय । **पहिलो रचना** : मैले के के गर्नु छ (कविता, इन्द्रायणी पत्रिका, २०४०) । **कृति/सृजना** : एक से एक (मुक्तकसङ्ग्रह, २०४९), आस्थाको फूल (निबन्धसङ्ग्रह, २०५९), खोज-अनुसन्धानपरक नेपाली

जन्म/स्थान : वि.सं. २०२६ असार २७, भीमेश्वर न.पा. -३, दोलखा । **माता/पिता** : इन्द्रमाया सुवेदी, इन्द्रप्रसाद सुवेदी । **शिक्षा** : आई.ए. । **पहिलो रचना** : आँखा पूर्णाङ्क (कविता, २०४७) । **कृति/सृजना** : ती फूलहरू खै ? (कवितासङ्ग्रह, २०५०), विधवा भाउजूहरूको देश (कवितासङ्ग्रह, २०६२) । अधुरो सपना (२०४८), भीरमुनिको गाउँ (२०५१), सपना रङ्गहरू (२०५०) नाटक मञ्चन । **सम्पादन/अनुवाद** : प्रदेय साहित्यिक मासिक, शैलुङ्गको सूर्य साप्ताहिक, गाउँबेसी मासिक । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट कविता पुरस्कार (कलम चौतारी दोलखा), साहित्य सिर्जना सम्मान (दोलखा), खोज पत्रकारिता (नेपाल पत्रकार महासङ्घ

दोलखा)। **हालको ठेगाना** : का.म.न.पा. -३५, तीनकुने (bishnudolakha@yahoo.com)। **फोन** : ४४६८२०७, ४४६८२२७।

विज्ञान श्रेष्ठ

(गायक)

जन्म/स्थान : वि.सं. २०१३ जेठ ३, सुन्दरीजल-९, काठमाडौँ। **पिता** : मुक्तिनारायण श्रेष्ठ। **शिक्षा** : स्नातक (डी.पी.ए.)। **सेवा** : सङ्गीत, गायन, सामाजिक सेवा। **पहिलो रचना** : २०३५ सालदेखि गायन यात्रा आरम्भ (रेडियो नेपाल)। **कृति/सृजना** : सुनौलो बिहानी, नौ डाँडा काटेर (एकल गीति एल्बम प्रकाशित), हालसम्म ८० भन्दा बढी गीतहरू रेकर्ड भएका। **पुरस्कार/सम्मान** : लोकगीत प्रतियोगितामा प्रथम (शिक्षा दिवस, २०३२, २०३५)। **हालको ठेगाना** : सुन्दरीजल बसपार्क, काठमाडौँ। **फोन** : ४२९०८०२।

वीणा पौड्याल घिमिरे

(सांस्कृतिक लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ असोज १५, कोपुण्डोल, ललितपुर। **माता/पिता** : मेधादेवी पौड्याल, रामराज पौड्याल। **शिक्षा** : एम.ए. (त्रि.वि.), विद्यावारिधि (काठमाडौँ उपत्यकाको शैव मूर्तिकला)। **सेवा** : प्राध्यापन (त्रि.वि.), सामाजिक सेवा। **पहिलो रचना** : लमजुङ दरबारको ऐतिहासिक महत्त्व (लेख, गोरखापत्र, २०३३)। **कृति/सृजना** : हिन्दू डेथ राइटस (इ.सं. २०००), नेपाली मूर्तिकला र चित्रकला (इ.सं. २००१), सर्वेश्वर महादेव (इ.सं. २००४), काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू (इ.सं. २००५), वेद-पुराणका प्रमुख रत्नहरू (२०६२), काठमाडौँ उपत्यकाका विष्णु-विभव मूर्तिहरू (२०६२)। **सम्पादन/अनुवाद** : कल्चर एण्ड प्रिजरभेसन। **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण 'क' (२०५९), दीर्घसेवा पदक (त्रि.वि., २०६१)। भक्तपुर विकास सहयोग सङ्घ सम्मान (२०५९), राष्ट्रिय नारी सम्मान (२०६१)। **हालको ठेगाना** : पो.ब.नं. ५५७६, नयाँबजार, काठमाडौँ (barshaghi@gmail.com)। **फोन** : ४३५९५३५।

वीणा बुढाथोकी बस्नेत

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २०२७ मङ्सिर १२, कालीमाटी, काठमाडौँ। **पिता** : गणेशबहादुर बस्नेत। **शिक्षा** : दस कक्षा। **सेवा** : अभिनय कला, नृत्य, सांस्कृतिक संस्थान। **पहिलो रचना** : वासुदेव चलचित्र (२०४१)। **कृति/सृजना** : मुनामदन, साहुजीको लाटी स्वास्नी, मृगतृष्णा, आर्गनको व्यथा, प्रभात, चेतना (रङ्गमञ्च), वासुदेव, के घर के डेरा, झुमा, आँधीबेरी, कसम, देउकी, पुकार, प्रेयसी, सौता, तपस्या, मोहनी, अप्सरा, अग्निपरीक्षा, जूनतारा, रगत, माया बैगुनी, सुकुमवासी, वादल आदि (चलचित्रहरू), निमित्त नायक, राप, अनुराधा, भावना, मन, जीवनयात्रा, भोक र भित्ताहरू, प्रतिद्वन्द्वी, उज्यालोतिर, जीवनदान, प्रारम्भ, प्रेमकथा (टेलि-चलचित्रहरू) मा अभिनय। **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेत्री पुरस्कार (२०४९), सर्वनाम स्मृति (२०५०), दशकको नायिका (२०५२), मोशन पिक्चर्स अवार्ड (२०५४), अभिनय रत्न (२०६१)। **हालको ठेगाना** : मण्डिखाटार, महाङ्काल, पो.ब.नं. ११६, काठमाडौँ। **फोन** : ४३७५४०७।

वीर नेम्बाङ (वीरमानेसोर नेम्बाङ)

(लेखक, लिम्बू /नेपाली भाषा)

जन्म/स्थान : २२ अगस्ट १९५८, याम्बोङ-३, पाँचथर। **कृति/सृजना** : सुम्मि इङघङ (निवन्धसङग्रह), सेम्मुइ (खण्डकाव्य), मेन्हक्माना नेप्फु?रे मिम् (कविता सङग्रह), याक्थुङ माराम, (लिम्बू भाषामा), लिम्बु युवाहरू वास्तविक मुक्ति चाहन्छन्, लिम्बुवानको रामकहानी, लिम्बू संस्कृतिका केही विशेषताहरू, गोपाल गुरुङको आरोप कति सत्य, कति असत्य !, लिम्बूको पहिचान के हो ?, वीर नेम्वाङको कविता (कवितासङ्ग्रह), लिम्बुवान स्वायत्तताको माग : लिम्बुवानवासीको सुरक्षाको माग, लिम्बूवानमा सङ्घर्ष किन ?।

वीरप्रसाद भन्सारी

(गायक)

जन्म/स्थान : वि.सं. २०१३ माघ २, कीर्तिपुर, काठमाडौँ। **माता/पिता** : तारादेवी भन्सारी, सत्यमान भन्सारी। **शिक्षा** : स्नातक। **सेवा** : संस्थान सेवा (लेखा अधिकृत), गायन। **पहिलो रचना** : यी अग्ला होचा डाँडाकाँडा सम्याइदिने मन छ .... बोल रहेको गीत (रायनको साथमा गायन, २०३६)।

कृति/सृजना : स्वदेशया मूलय् (नेवारीभाषा, गीति एल्बम, सङ्गीत र गायनमा, सहभागी), जनता र देशको निम्ति (गीति एल्बम, गायनमा सहभागी) । **हालको ठेगाना :** कीर्तिपुर -४, गुत्पौ टोल, काठमाडौँ । **फोन :** ४३३११७६, ९८४१३०२२७७ ।

वीरशाली पन्त

(प्राममिक कालीन कवि, संस्कृत/नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८४९, गैह्रागाउँ, ढिकीचौर -७, बागलुङ । निधन : १९०३, मथुरा, भारत, अनु. । **पिता :** दयाराम पन्त । **शिक्षा :** संस्कृत साहित्य । **कृति/सृजना :** विमलबोधानुभव (काव्य), सरसप्रेमावली, श्रीकृष्णचरित्र (संस्कृत र नेपाली भाषामा), द्रौपदीविलाप (काव्य), स्वरूपसिद्धान्त मुक्तावली (छन्दशास्त्र), ब्रह्मतत्त्व मीमांसा, वाणोपनिषद् (काव्य) ।

वीरेन्द्रकेशरी अर्ज्याल

(प्रथम नेपाली व्याकरणकार)



जन्म/स्थान : वि.सं. १९०८, डिल्लीवजार, काठमाडौँ । निधन : १९८८ । **माता/पिता :** सुनयनादेवी, कुलचक्रकेशरी अर्ज्याल । **शिक्षा :** संस्कृत व्याकरण तथा तन्त्रशास्त्र । **सेवा :** साहित्य सेवा तथा प्रकाशन । **पहिलो रचना :** समस्यापूर्ति (कविता, सुन्दरी) । **कृति/सृजना :** भाषा-व्याकरण (नेपाली व्याकरण), काव्यप्रकाश टीका, शब्दानुशासन, बेसरी (व्याकरण, १९६३), अशोक सुन्दरी (नाटक, १९७४), दुर्गाभक्ति तरङ्गिणी आदि । **पुरस्कार/सम्मान :** सुब्बा ।

वीरेन्द्र खुँजेली (वीरेन्द्रनाथ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३६ जुन ५, देवीस्थान गाउँ, करफोक, इलाम । निधन : २०६१ चैत्र २८ । **माता/पिता :** ललितकुमारी, हस्तबहादुर सापकोटा । **शिक्षा :** एम.ए., एम.पी.ए. । **सेवा :** निजामती सेवा (सचिव) । **पहिलो रचना :** वि.सं. २०१२ मा दार्जीलिङबाट कविता प्रकाशित । **कृति/सृजना :** मेची र महाकाली (उपन्यास, २०४८), युगान्तर प्रतिष्ठा (कथासङ्ग्रह, २०५०), बिर्सिएका अनुभूतिहरू (कवितासङ्ग्रह, २०५०), कुहिराको कम्मल (२०६२) । **सम्पादन/अनुवाद :** बल्दो दियो (कथासङ्ग्रह, संयुक्त सम्पादन, २०१९) । **पुरस्कार/सम्मान :** त्रिशक्ति पट्ट तेस्रा, गङ्गालक्ष्मी साहित्य पुरस्कार (२०६२) । **हालको ठेगाना :** झम्सिखेल, ललितपुर । **फोन :** ५५२१२३३ ।

वीरेन्द्रप्रसाद मिश्र

(लेखक, नेपाली/अङ्ग्रेजीभाषा)

जन्म/स्थान : इ.सं. १९४० डिसेम्बर, १, पिपरा, महोत्तरी । **माता/पिता :** उत्तमदेवी मिश्र, रामनन्दन मिश्र । **शिक्षा :** एम.ए., बी.एल., विद्यावारिधि (दर्शनशास्त्र) । **सेवा :** प्राध्यापन, निर्वाचन आयोग (संवैधानिक सेवा) । **पहिलो रचना :** द वे अफ लाइफ इन द महाभारत (इ.सं. १९६७, भारत) । **कृति/सृजना :** इथिक्स अफ द हिन्दूज (अङ्ग्रेजीभाषा, २०३९), दर्शनशास्त्र : एक परिचय (२०४०), प्रजातन्त्र, निर्वाचन प्रणाली र प्रतिनिधित्व (२०६०), दि बिल्डिङ नेपाल (२०६४), रिबाइलिङ नेपाल (२०६४), दि नेप्लिज पिस प्रोसेस (२०६४), दर्शनशास्त्र परिचय (२०६५), रिभिजिटिङ द नेप्लिज पिस प्रोसेस (२०६९) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (२०२५), गोरखा दक्षिणबाहु दोस्रो (२०५१) । **हालको ठेगाना :** ९२/२२ मितेरीमार्ग, बानेश्वर, काठमाडौँ (mishra_bp@yahoo.com) । **फोन :** ४४७२२६०, ४४७९२०७ ।

वीरेन्द्र राई

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ जेठ २४, याम्खा-५, खोटाङ । **माता/पिता :** मधुलक्ष्मी राई, कृष्णप्रसाद राई । **शिक्षा :** बी.एल. । **सेवा :** अध्यापन,

सङ्गीत । **पहिलो रचना :** मुग्लिङ (कविता, मधुपर्क, २०४३) । **कृति/सृजना :** सल्लेरी वोन पऱ्यो (लोकदोहोरी, गीति एल्वम, शब्द, लय र स्वर, २०५२), गीतको महल (गीति एल्वम, रचना, २०५९), हिरेम्पा (गीतसङ्ग्रह, २०६२), सादाङ्गी फूल (कविता- सङ्ग्रह, २०६७), रङ्ग के भरूँ म (गीतिसङ्ग्रह, २०६९) । **पुरस्कार/ सम्मान :** सर्वोत्कृष्ट गीतकार पुरस्कार (रेडियो नेपाल, २०६२) । **हालको ठेगाना :** बानेश्वर, काठमाडौँ । **फोन :** ९८४१५०२७८९ ।

वीरेन्द्र शाह (वीरेन्द्र वीरविक्रम शाह)

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००२ पुस १४, नारायणहिटी राजदरबार, काठमाडौँ । निधन : २०५८ जेठ १९, नारायणहिटी राजदरबार । **माता/पिता :** इन्द्रराज्यलक्ष्मी देवी शाह, महेन्द्र वीरविक्रम शाह । **शिक्षा :** उच्चशिक्षा (बेलायत, जापान, अमेरिका, भारत), विद्यावारिधि (दिल्ली), मानार्थ विद्यावारिधि (मस्को, इ.सं. १९९७), मानार्थ विद्यावारिधि (शोका विश्वविद्यालय, जापान), विद्यावारिधि (वेष्ट भर्जिनिया, इ.सं. १९९४) । **सेवा :** राजकाज (राजाका रूपमा), संस्थापक (ललितकला संस्था), असंलग्न राष्ट्रको बेलग्रेट तथा बाङ्डुङ सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको प्रतिनिधित्व । जापानी सम्राट् हिरोहितोले 'भाइ' का रूपमा सर्वोच्च सम्मान प्रदान । फ्रान्स, पाकिस्तान, थाइल्याण्ड, रूसबाट विशेष सम्मान प्राप्त । **कृति/सृजना :** मोतीको आँसु (चित्र, इ.सं. १९६४), रमझम (इ.सं. १९६५), झरना (चित्र, इ.सं. १९६६), नेपाललाई शान्ति क्षेत्र बनाउने अवधारणाका प्रवर्तक (वि.सं. २०३१) । **सम्पादन/अनुवाद :** रमझम (पत्रिका, इ.सं. १९६५), नाफाको अध्यक्षता (इ.सं. १९६५) । **पुरस्कार/सम्मान :** ग्राण्डमास्टर तथा कोलोनल प्रमुख, परमाधिपति, प्याराविङ (नेपाली सेना) ।

वीरेन्द्र हमाल 'विरू'

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०२१ साउन २, घरबारी टोल, नेपालगञ्ज । **माता/पिता :** शान्ति हमाल, महेन्द्र हमाल । **शिक्षा :** आई.एफ.ए. (ललितकला), जुनियर डिप्लोमा म्युजिक (इलाहावाद) । **सेवा :** नाट्यमञ्चीय कलाकारिता, निर्देशन, चित्रकारिता । **पहिलो रचना :** मान्छे मान्छेको वस्तीमा मान्छे (मञ्चित नाटक निर्देशन, २०४१) । **कृति/सृजना :** अधिकार, सृजना, काला खोला, आक्रोश, पत्थरको कथा, सद्गति, असाधारण पिँजडा, गङ्गालालको चिता, मान्छे : मान्छेको वस्तीमा मान्छे, शर्माजीको घर, मेरो अधिकार, मोड, सोरटी, अमूर्त, रणवल्लभ, वरी लै, बिलौना आदि नेपाली नाटकहरू निर्देशन तथा अभिनय । शक्ति, भृकुटी, सृष्टि, पीस माउन्टेन, लभ एण्ड जीवन दर्शन, मम्मी, माघी आदि गीतिनाटक निर्देशन । हेल्लो आउट दियर, अन्धो युग आदि विदेशी नाटक निर्देशन । सिरुमारानी, बरै आदि नाटकहरू निर्देशन (सहायक) । अधिकार, मान्छे मान्छको बस्तीमा मान्छे, सृजना, उत्क्रोश, काला खोला, सद्गति, बिलौना, मम्मी, बरी लै, सोरटी आदि नाटक लेखन/प्रदर्शन । य कैसन रीत, अधिकार (लेखन, अभिनय, टेलीचलचित्र) । विकल्प, अन्तिम इच्छा, मुनामदन, क्रसमा टाँगिएको जिन्दगी, अतृप्त आत्मा, क्रन्दन, के सक्कली के नक्कली, भोजन भट्ट, यमपुरीमा जिउँदो मान्छे, मान्छे र लास, तड्पिएको आत्मा, टुक्रिएको चुराहरू, यस्तै यस्तै कथाहरू, मेरो अधिकार, मार्ग, मोड, जीतगढीको कथा, अश्वत्थामा हतोहत: आदि थुप्रै नाटक अभिनय । आफ्नै कथा हो, मृगतृष्णा, यमपुरीमा जिउँदो मान्छे, यथार्थ यात्रा, चतुरेको दाउपेच, मन, अधिकार, मौनता, य कैसन रीत, रचना, धुन, भूल कि फूल, निर्दोष कैदी, निष्कर्ष, हुरी आदि टेलिचलचित्रमा अभिनय । विजय, अभिमान, श्रद्धाञ्जली, रचना आदि भिडिओ चलचित्रमा अभिनय । मजदुर, गोधूलि, ए मेरो हजुर, सुख-दु:ख आदि ठूलो पर्दाको चलचित्रमा अभिनयलगायत बङ्गलादेश, भारत, चीन, पाकिस्तान आदि देशहरूमा सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत । **पुरस्कार/सम्मान :** चित्रकलामा प्रथम (२०३८), रेडियो नेपाल गायन प्रतियोगितामा द्वितीय (हेटौँडा, २०४१), उत्कृष्ट कलाकार (राष्ट्रिय नाटक महोत्सव-२०४५, जनसङ्ख्या आयोज-२०४७), उत्कृष्ट नृत्य निर्देशक (चलचित्र महोत्सव, २०६२) लगायत थुप्रै पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** पो.ब.नं. १५१४२ केपिसी ७३६, भीमसेनगोला, काठमाडौँ (arttheatre@hotmail.com) । **फोन :** ४४८३२९३, ९८५१००७३८८ ।

वीरबहादुर वाइबा (मानकाजी, एक्ले वीर)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ मङ्सिर १५, बौद्ध टुसाल, काठमाडौँ । **माता/पिता :** पानमाया लामा, मानबहादुर लामा । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** शिक्षाक्षेत्र, सामाजिक सेवा । **पहिलो रचना :** बौद्धसम्बन्धी लेख । **कृति/सृजना :** कालो पछ्यौरी (उपन्यास, २०६१), बदला (उपन्यास, २०६३)

पीडा (उपन्यास) । **सम्पादन/अनुवाद** : छोर्तेन (मासिक, २०६२) । **पुरस्कार/सम्मान** : हाम्रो नेपाल सामाजिक संस्था (२०६१), तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र नेपाल (२०६०), शैलुङ विकास एवं सूचना तथा शैलुङ टाइम्स साप्ताहिक (२०६१), साङ्ग्युर समूह दोलखा (२०६४), बौद्ध घ्याङ गुठी (२०६५), बौद्धनाथ विकास समिति बौद्ध (२०६५), सामुदायिक सेवा समिति तथा सामुदायिक प्रहरी सेवा जोरपाटी (२०६७), चाबहिल टाइकान्डो डोजाङ (२०६७) आदि सङ्घ-संस्थाबाट अभिनन्दन, कदरपत्र तथा सम्मान प्राप्त । हाम्रो नेपाल सामाजिक संस्थाद्वारा सम्मान (२०६०), सैलुङ विकास सूचना तथा सैलुङ टाइम्स साप्ताहिकबाट सम्मान (२०६१), तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र नेपालद्वारा सम्मान (२०६०) । **हालको ठेगाना** : बौद्ध टुसाल, काठमाडौँ (chhyorten@gmail.com) । **फोन** : ९८४१२३१९६४, ४४९६०५४ ।

वेणीमाधव ढकाल

(कवि, नेपाली/संस्कृत भाषा)

जन्म/स्थान : इ.सं. १९५० जनवरी १०, ठिमुरे -५, पाल्पा । **माता/पिता** : दिव्यलक्ष्मी ढकाल, चूडामणि ढकाल । **शिक्षा** : साहित्याचार्य, दर्शनाचार्य, विद्यावारिधि । **सेवा** : प्राध्यापन । **कृति/सृजना** : शैलेस (खण्डकाव्य, २०३०), जय ज्योतिष्मती मुमा (खण्डकाव्य, २०३१), टीका प्रणयम (२०५५), अर्जुन (शोककाव्य, २०५७), लिच्छवि कालका अभिलेखहरूको साहित्यिक अनुशीलन (२०५९), काव्यदीपिका (लक्षणग्रन्थ, २०५७), स्वर्गद्वारी के महाप्रभु (हिन्दी, २०५८), दिव्यलक्ष्मी स्मृति काव्य (२०६५), गणेश पुराण (२०६७), निर्णय सिन्धु (नेपाली टीका, २०६८), रश्मिप्रभास (महाकाव्य) । **सम्पादन/अनुवाद** : हरिकेलिमहाकाव्यम् (कृति सम्पादन, २०५१), कर्मकाण्ड भाष्कर (संयुक्त सम्पादन, २०५४), संस्कृत नेपाली शब्दकोश (संयुक्त सम्पादन, २०५४), ब्रह्मसूत्र शङ्करभाष्यको टीकालेखन एवं सम्पादन (२०५५), संस्कृत नेपाली बृहत् शब्दकोश (संयुक्त सम्पादन, २०५७), चन्द्रसम्भवमहाकाव्यम् (कृति सम्पादन, २०५८), काव्यदीपिका (२०५८), ऋतम्भरा (पत्रिका, २०५३-६३) । **पुरस्कार/सम्मान** : राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), पाणिनि पुरस्कार (२०६०), जयतु संस्कृतम् पुरस्कार (२०६०), शिवकला पुरस्कार (२०६७), गोमा त्रिपाठी स्मृति पुरस्कार (२०६७), नेपाल विद्याभूषण, शिक्षा पुरस्कार, । **हालको ठेगाना** : ठिमुरे -५, पाल्पा /थानकोट, काठमाडौँ । **फोन** : ४३११३३०, ९७४१२०७४२६ ।

वेणु आचार्य

(कवि, नेपाली भाषा)

जन्म : १९९८ साल मङ्सिर १९, भोटेछाप, तेह्रथुम । **माता/पिता** : सरस्वती आचार्य, गङ्गाप्रसाद आचार्य । **पहिलो रचना** : नेपाल पत्रिकामा २०१८ तिर कविता प्रकाशित **कृति** : असमान यी धर्तीका तस्बिरहरू (कवितासङ्ग्रह), एक चोकटा इतिहास (कविता-सङ्ग्रह) **सम्पादन** : छायाँ (महेन्द्र कलेज, २०१९), प्रेरणा (साहित्य परिषद् धरान), जनजागृति, कोशीका कोसेली (कवितासङ्ग्रह) आदि । **सम्मान** : एक दर्जन जति सम्मान पुरस्कारबाट अभिनन्दित । **हालको ठेगाना** : धरान-१३, उदय मार्ग, सुनसरी ।

वेदकुमारी न्यौपाने

(कवि/नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४, चैनपुर -३, धादिङ । **माता/पिता** : खिलमाया, लोहनी, गुरुदत्त लोहनी । **शिक्षा** : एम.ए., बी.एड. । **सेवा** : सरकारी सेवा, समाजसेवा । **कृति/सृजना** : पूर्णिमाको जून (कवितासङ्ग्रह, २०३६), अर्को एउटा विद्रोह (कथासङ्ग्रह, २०५२), एउटा कथाको अन्त्य (पूर्णाङ्की नाटक, २०५३), धूवाँ (उपन्यास, २०५७), विचलित वर्तमान (पूर्णाङ्की नाटक, २०५८), १०० भन्दा बढी रेडियो नाटक लेखन तथा प्रसारण । **हालको ठेगाना** : बालकोट -३, भक्तपुर । **फोन** : ६६३४०२८, ६६३३१७८ ।

वेदनाथ अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ असार ८, कालिका -४, कास्की ।

माता/पिता : टीकामाया अधिकारी, तारानाथ अधिकारी । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : आधुनिक युगका (कविता, २०३२) । **कृति/सृजना** : शमशेरबहादुरको नाटकीय कथा (२०३६), गुराँसबुट्टे पछ्यौरी (गीत, कथा र कवितासङ्ग्रह, २०४७) । **सम्पादन/अनुवाद** : चण्डी । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०५४) । **हालको ठेगाना** : लेखनाथ न.पा. -८, त्रिकाङ, कास्की ।

वैकुण्ठप्रसाद भुसाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२९ फागुन १४, शङ्करपोखरी, बाङ्गेटारी, पर्वत । **माता/पिता** : गङ्गादेवी भुसाल, ताराखर भुसाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : म तिमी र प्यारो कक्षाकोठा (लेख, २०६१) । **कृति/सृजना** : हिमचुलीको देश (कवितासङ्ग्रह, २०६२) । **हालको ठेगाना** : शङ्करपोखरी -६, पर्वत । **फोन** : ०६७-४२०००८ ।

वैकुण्ठप्रसाद लाकौल

(कवि/लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९६३ वैशाख ५, महाबौद्ध, काठमाडौँ । निधन : २०६३ माघ १९ । **माता/पिता** : विष्णुदेवी, दुर्गाप्रसाद लाकौल । **शिक्षा** : स्नातक । **सेवा** : संस्थान सेवा, साहित्य, नेपालभाषा एकेडेमीका पूर्व कुलपति । **पहिलो रचना** : बुद्ध स्तुति (कविता, वि.सं. १९८२) । **कृति/सृजना** : लाकौल वर्णमाला, साभा वर्णमाला, लुसुन महान् क्रान्तिकारी लेखक, अन्तरिक्ष प्रवेश र शुक्रबारे पुस्तिका, नव दृष्टि (निबन्धसङ्ग्रह), वेदमा दीक्षान्त उपदेश, जीवनको मोड, लाकौल पदको सवाई, काजी छत्रसिंह, वीर बलभद्र, गाउँको माया र नेवार भाषामा : कँ स्वाँ, नेपालय स्थवीरवाद, जीगु मिखाय : जगतसुन्दर मल्ल । (नेपालीमा १३ र नेवारी १० गरी जम्मा २३ वटा कृति प्रकाशित) । महात्मा गान्धीको चिनारी । **सम्पादन/अनुवाद** : बुद्ध धर्म व नेपालभाषा (ने.सं. १०९२), थुलिंचा (कविता, ने.सं. १०७४), लेनिनया खँ (अनु., ने.सं. ११०९) । **पुरस्कार/सम्मान** : त्रिशक्ति पट्ट चौथा, शुभराज्याभिषेक पदक (वि.सं. २०१३), नेपालभाषा शिरोमणि (ने.सं. १११७) । नेपाली शिक्षा परिषद्द्वारा सम्मान । वैकुण्ठप्रसाद लाकौल स्मृतिग्रन्थ प्रकाशित । **सम्पर्क ठेगाना** : महाबौद्ध, काठमाडौँ ।

वैयाकरण नेपाल

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९१२ असार, पोखरे, भोजपुर । निधन : १९७९ कात्तिक, जनकपुर । **माता/पिता** : विष्णुमाया, वलभद्र पाध्याय नेपाल । **शिक्षा** : संस्कृत, ज्योतिष शास्त्र बनारस । **सेवा** : साहित्य साधना, धार्मिक कर्मकाण्ड । **कृति/सृजना** : तरकारी कल्प (१९४८), शालिहोत्र (१९६१), टक्सार वर्णन, लङ्का वर्णन, विराट् वर्णन र व्रतमाला (१९६१) । **सम्पादन/अनुवाद** : किष्किन्धाकाण्ड (वाल्मीकि रामायणबाट श्लोकबद्ध अनु. १९४८) ।

वैरागी काइँला (तिलविक्रम नेम्बाङ)

(कवि/लेखक, नेपाली/लिम्बूभाषा)

जन्म/स्थान : वि.सं. १९९६ साउन २५, पौवा, सारताप, पाँचथर । **माता/पिता** : सरस्वती नेम्बाङ, खड्गबहादुर नेम्बाङ । **शिक्षा** : बी.ए. सम्म । **सेवा** : नेपाल प्रज्ञा-प्रतिष्ठान (कुलपति, २०६६), भाषा-साहित्य । **कृति/सृजना** : वैरागी काइँलाका कविताहरू (कविता-सङ्ग्रह, २०३१), महागुरु फाल्गुनन्दको उपदेश र सत्यहाङमा भजन माला (धर्म संस्कृति, २०४७), साप्पोक चोमेन (लिम्बू जातिमा कोख-पूजा, लिम्बू-नेपाली, २०४८), नाहेन मुन्धुम : ईर्ष्या र आँखीडाहीको आख्यान र अनुष्ठान (लिम्बू-नेपाली, २०५१), साम्सोधा मुन्धुम (प्रेतात्माको आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, २०५१), ससिक मुन्धुम (मोचमार्ने आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, २०५२) तङसिङ तक्मा मुन्धुम (आख्यान र अनुष्ठान, लिम्बू-नेपाली,

२०५२), नावा चइत् मुन्धुम (लिम्बू-नेपाली, २०६०), अन्धा मान्छेहरू र हात्ती (कवितासङ्ग्रह, २०६८)। **सम्पादन/अनुवाद :** तेस्रो आयाम (मासिक, २०२०), याक्थुङ साप्सक् नु साक्थिम (लिम्बूभाषा र साहित्य त्रैमासिक, २०४९), लिम्बू ग्रन्थ सूची (२०५०), लिम्बू भाषा तथा साहित्य विचार गोष्ठी (२०५०), राष्ट्रिय भाषाको कविता सँगालो (अमृत योञ्जनसमेत, २०५५), किरात जागरण गीत (लेखक : खड्गबहादुर नेम्बाङ, २०१२, (२०३८, लिम्बू-नेपाली), लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०५९), कविता (त्रैमासिक), समकालीन साहित्य (त्रैमासिक), जर्नल अफ नेपालीज लिटरेच, आर्ट एण्ड कल्चर। **पुरस्कार/ सम्मान :** साझा पुरस्कार (२०३१), गोरखा दक्षिणबाहु दोस्रो (२०५१), सिद्धिचरण पुरस्कार (२०५२), रत्नशोभा शुभलक्ष्मी मुन्धुम पुरस्कार (२०६९), आदिवासी गीतकार समाज नेपालद्वारा सम्मान(२०६२) आदि सम्मान तथा पुरस्कार। **हालको ठेगाना :** महाकाली मार्ग -४८, धुम्बाराही, सुकेधारा, काठमाडौँ / सुब्बाबस्ती, धुलाबारी, झापा। (tilbikram_nembang@yahoo.com)। **फोन :** ४४३२५२८ /०२३ - ५६०४०२, ९८४१३४१३२७।

वैरागी जेठा (घनश्याम अधिकारी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ जेठ २७, थान्सिङ, मकैचौर, नुवाकोट। **माता/पिता :** देवकादेवी, तारानाथ अधिकारी। **शिक्षा :** स्वाअध्ययन। **सेवा :** प्रकाशन, पत्रकारिता, साहित्यलेखन। **पहिलो रचना :** ए हजुर बित्थामा कहाँ पाइन्छ र ? (गोरखापत्र, २०४६)। **कृति/सृजना :** म कुल्ली (कवितासङ्ग्रह, २०५९), ताङ्का सङ्ग्रह (२०६१), समयको फूलबारी (२०६१), शची (शोक ताङ्कासङ्ग्रह, २०६४)। **सम्पादन/अनुवाद :** ऋषिराम न्यौपानेको जीवनी र स्रष्टा द्रष्टाका विचार (२०६०), डा. विष्णुराज आत्रेय : स्रष्टा र सिर्जनाका विविध आयाम (२०६१), शृङ्खला (साहित्यिक मासिक पत्रिका, २०६१), छहरा (साप्ताहिक, २०६१), किराती संस्कार र संस्कृति (२०६१)। **पुरस्कार/सम्मान :** लुम्बिनी सङ्गीत, कला साहित्य समाजद्वारा सम्मानित (२०६१), सचेतना सम्मान (२०६५), अर्ज्याल पुरस्कार (२०६७)। **हालको ठेगाना :** महेश्वरमार्ग १२१, बालाजु, काठमाडौँ (jeethabairagi@yahoo.com)। **फोन :** ४३५०१९३, ९८४११२७७६९।

वैरागी नाता मगर (नारायण तारुङ)

(कवि, मगर भाषा)

जन्म/स्थान : वि.सं. २०२३ माघ २९, शिवपुर -५, तनहुँ। **माता/पिता :** दलकुमारी थापा मगर, मोतीलाल तारुङ मगर। **शिक्षा :** स्नातक। **सेवा :** अध्यापन, राजनीति। **कृति/सृजना :** छीनीकूङ प्रूङ (कवितासङ्ग्रह, २०४८), मोईओ मीराप (खण्डकाव्य, २०४९), लीस (कवितासङ्ग्रह, २०६१), खीस्सा, ङेराहान व़ पीहीनी (उखान, लोककथा र गाउँखाने कथा), फेरफेन र डअनम्खान - आहान गोमक (२०६४), सैरा नीराओ कोट जूग (उपन्यास, २०६५), मगर ढूट (भाषा)को मानक लेखन (सहलेखन, २०६४)। सरघ पूह्म जीवाके पाहचको, वीम्लीक (एकाङ्की, २०४९), ङऊ खबर (गीतिएल्बम, २०६५), ङऊ नेपाल (गीतिएल्बम, २०५१)। **सम्पादन/अनुवाद :** रीनाक (मुखपत्र, २०४९), वीमलीक (साहित्यिक त्रैमासिक, २०४९), सोनी (मुखपत्र, २०५०), मगर, खस नेपाली र नेपाली शब्दकोश (सम्पादन)। **पुरस्कार/सम्मान :** मन-लाफा साहित्यिक पुरस्कार (२०५१), जीवसीम साहित्यिक पुरस्कार। **हालको ठेगाना :** चक्रपथ, काठमाडौँ (natamagar@yahoo.com)। **फोन :** ९८४१२७९०६४।

व्रतराज आचार्य

(पाठ्यपुस्तक लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०११ फागुन ३०, चुँदी रम्घा, तनहुँ। **माता/पिता :** मेनुका आचार्य, गिरिराज आचार्य। **शिक्षा :** एम.ए. (नेपाली), विद्यावारिधि (भाषाविज्ञान)। **सेवा :** प्राध्यापन। **पहिलो रचना :** कविता प्रकाशन, विवेकविन्दु पत्रिका, २०२८। **कृति/सृजना :** हाम्रो भाषा (पाठ्यपुस्तक, २०४१), नेपाली समालोचनाको प्रारम्भिक चरण (अनुसन्धानात्मक, २०५३), आधारभूत नेपाली व्याकरण (पाठ्यपुस्तक, २०५८) आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण (अनुसन्धानात्मक, २०५८), आधारभूत नेपाली : व्याकरण तथा शब्द भण्डार, आधारभूत नेपाली : सिर्जना तथा विवेचना (पाठ्यपुस्तक), विशेष नेपाली (सहलेखन, २०६१), आधुनिक नेपाली नाटक (लेखन/सम्पादन, २०६३), उत्तरवर्ती चरणका नेपाली नाटक

(लेखन/सम्पादन, २०६७)। **सम्पादन/अनुवाद :** नेपाली साहित्य सञ्चय (सहसम्पादन, २०५५), विवेकविन्दु, अरुणोदय, भानुदर्शन, कल्पना, चुँदीरम्घा, नेपाल प्राध्यापक सङ्घ बुलेटिन, त्रिभुवन विश्वविद्यालय बुलेटिन, राष्ट्रिय साहित्य सम्मेलन स्मारिका, आरती (साप्ताहिक), साझा नेपाली-अङ्ग्रेजी शब्दकोश आदिको सम्पादन। **पुरस्कार/सम्मान :** शिक्षा दिवस पदक (२०५२), गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), महेन्द्र विद्याभूषण पदक (२०५६)। **हालको ठेगाना :** १५६ विद्वद्मार्ग, गणेशवस्ती, महाराजगञ्ज, काठमाडौँ। **फोन :** ४७२१७७४।

शकुन्तला प्रधान

(गायिका)

जन्म/स्थान : वि.सं. २००५ वैशाख २०, जलजले, तेह्रथुम। **माता/पिता :** मथुरादेवी श्रेष्ठ, ज्ञानबहादुर श्रेष्ठ। **शिक्षा :** स्नातक। **सेवा :** प्राध्यापन, कलाकारिता (रेडियो, टी.भी.), गायन। **पहिलो रचना :** राष्ट्रिय नाचघरमा गायन प्रस्तुत (२०१६)। **कृति/सृजना :** सङ्गीत सोपान (पाठ्यपुस्तक, प्रमाणपत्र तह, २०५०), कक्षा ६, ७ र ८ को सङ्गीत विषयको पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र, ३०६१), सङ्गीत सोपान (पाठ्यपुस्तक, स्नातक तह, भाग १-३, २०६२)। व्यथा (नेपाली गजल, एल्बम, गायन, २०४८), तन्हा-तन्हा (उर्दू गजल एल्बम, गायन, २०५२), द वेस्ट अफ शकुन्तला प्रधान (गजल सी.डी., गायन, २०६२)। **पुरस्कार/सम्मान :** ओंकारनाथ ठाकुर स्वर्ण पदक (२०२७), प्रथम पुरस्कार (रेडियो नेपाल, २०४७), शिक्षा पुरस्कार (२०५७), ऐश्वर्य पदक (२०६२), दीर्घसेवा पदक (त्रि.वि., २०६०), दीर्घसेवा पदक (प्राध्यापक सङ्घ, पद्मकन्या बहुमुखी क्याम्पस)। **हालको ठेगाना :** बालुवाटार, काठमाडौँ। **फोन :** ४४११३७५।

शकुन्तला शर्मा

(अभिनेत्री/रङ्गकर्मी)

जन्म/स्थान : वि.सं. २००८ मङ्सिर १४, लाजिम्पाट, काठमाडौँ। **माता/पिता :** तीर्थकुमारी गुरुङ, आसमान गुरुङ। **शिक्षा :** एस.एल.सी.। **सेवा :** अभिनय, गायन। **पहिलो रचना :** पलाँसको फूल (नाटक अभिनय, २०१९)। **कृति/सृजना :** लगभग २०० जति रेडियो नाटकहरूमा स्वर अभिनय (रेडियोवाट प्रसारित), कीर्तिपुरको युद्ध, वीर कुश, पत्थरको कथा, दोभान, श्री ५ बडामहाराज पृथ्वीनारायण शाह, अन्धाको पनि आँखा हुन्छ, मानिस र मकुण्डो, जब घाम लाग्छ, सन्त्रास र जिन्दगीलगायत करिब ६० जति नाटकहरू र बदलिँदो आकाश, वासुदेव, मायाप्रीति, चोखो माया, चेलीवेटी, जीवनरेखा, सन्तान थरीथरीका आदि थुप्रै चलचित्रहरूमा अभिनय। **पुरस्कार/सम्मान :** इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०३४), सर्वनाम पुरस्कार, गोरखा दक्षिणवाहु चौथा (२०३७), आदि। थुप्रै सम्मानहरू प्राप्त। **हालको ठेगाना :** का.म.न.पा. -२, काठमाडौँ। **फोन :** ४४१३६१६।

शक्तिवल्लभ अर्ज्याल

(प्राथमिक कालीन साहित्यकार)

जन्म/स्थान : वि.सं. १७८१ वैशाख शुक्ल त्रयोदशी, पोखरीथोक, गोरखा। निधन : १८६३। **पिता :** लक्ष्मीनारायण अर्ज्याल जोशी उपाध्याय। **शिक्षा :** ज्योतिषशास्त्र तथा संस्कृत साहित्य। **सेवा :** राजगुरु, गुरुज्यूको पल्टनका संस्थापक, सैनिक तथा राजप्रासाद सेवामा संलग्न पण्डित। **कृति/सृजना :** ललितमाधव (संस्कृत १८२६), महाभारत विराट्पर्व (कथा १८२६), सुधातरङ्गिणी (संस्कृत १८२८), इन्द्रध्वजोत्सव (१८३०), पुरश्चरण चातुरी (१८३१), तनहुँ भकुण्डो (मुक्तक, १८३९) जयरत्नाकर (नाटक १८४९), हास्यकदम्ब (संस्कृत, १८५२), हास्यकदम्ब (नेपाली, १८५४), यथार्थ तत्त्ववोध (१८६१), दान प्रकाश (१८६३), आश्चर्य चूडामणि (संस्कृत, १८२७)। **पुरस्कार/सम्मान :** भट्टाचार्य पदवी धारक, नेपाली हास्यव्यङ्ग्य साहित्यका प्रवर्तक एवं प्रथम आख्यानकार, नेपाली कवितामा छन्दशैलीको प्रथम प्रयोक्ता तथा प्रथम मुक्तक कवि।

शक्तिवल्लभ श्रेष्ठ

(सङ्गीतकार/गायक)

जन्म/स्थान : वि.सं. २०१५ माघ २३, चरिकोट, दोलखा। **माता/पिता :** खड्गकुमारी श्रेष्ठ, लक्ष्मीकुमार श्रेष्ठ। **शिक्षा :** बी.ए. (अर्थशास्त्र), बी.म्यूज (गायन)। **सेवा :** ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१), सङ्गीत, गायन। **पहिलो रचना :** सम्झनै सम्झना छ .... (सङ्गीत, रेडियो नेपालमा रेकर्ड, २०३५)। **कृति/सृजना :** २६ भन्दा बढी ठूलो पर्दाका चलचित्र, ४ ओटा भिडियो चलचित्र र टेलिसिरियलमा सङ्गीत निर्देशन।

२१ ओटा गीतिएल्बम (गायन-सङ्गीत)। ५०० भन्दा बढी गीतहरूमा सङ्गीत दिएको। **पुरस्कार/सम्मान :** वातावरणीय गीत प्रतियोगितामा प्रथम (२०४५), नारायणगोपाल युवा सङ्गीत पुरस्कार (२०५२), छिन्नलता गीत पुरस्कार (२०५३), म्यूजिक नेपाल अवार्ड (२०५३), सिम्फोनिक गोल्डन माइक (२०५५), प्रबल गोरखा दक्षिणबाहु (२०५७), क्रियसन अवार्ड (इ.सं. २०००), नारायणगोपाल राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), प्रतिष्ठित सङ्गीतकार (रेडियो नेपाल), गद्दी आरोहण रजत महोत्सव पदक। सिम्पल आर्टस सम्मान (बानेश्वर, २०५६), चलचित्र सम्मान (२०५९), नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ कृषि विकास बैङ्कद्वारा सम्मान (२०५७), दोलखा कला प्रतिभा सम्मान (२०५७), हारती सम्मान (२०६१) आदि थुप्रै। **हालको ठेगाना :** विशालनगर, काठमाडौँ। **फोन :** ४४७१०७६।

शक्ति लम्साल

(लेखक/पत्रकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ चैत्र २६, चाबहिल, काठमाडौँ। **माता/पिता :** राधादेवी लम्साल, कृष्णप्रसाद लम्साल। **शिक्षा :** मेट्रिक, स्वाध्ययन। **सेवा :** पत्रकारिता, राजनीति, साहित्य। **पहिलो रचना :** स्पुतनिक नानी जून (निबन्ध, दीपक पत्रिका, बनारस, इ.सं. १९५७)। **कृति/सृजना :** भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि (२०२९), मार्क्सवाद समाज र साहित्य (२०६१)। **सम्पादन/अनुवाद :** दैनिक निर्णय (दैनिक पत्रिका, भैरहवा), योजना (साप्ताहिक, काठमाडौँ), जनादेश (साप्ताहिक), कलम (साहित्यिक पत्रिका) आदि। **पुरस्कार/सम्मान :** साहित्य सन्ध्या पुरस्कार (२०६२)। नेपाल पत्रकार सङ्घ रूपन्देहीद्वारा सम्मान (२०५७)। रिपोर्टर्स क्लबद्वारा अभिनन्दन (२०५९), पत्रकारिता सम्मान (२०५९)। **हालको ठेगाना :** चाबहिल, काठमाडौँ। **फोन :** ४४३१३८२।

शङ्करकुमार श्रेष्ठ (प्रामोश)

(कोशकार/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९५१ जुलाई ५, गोठपानी, रामेछाप। **माता/पिता :** प्राणकुमारी श्रेष्ठ, मोहनकुमार श्रेष्ठ। **शिक्षा :** एम.ए., बी.एड., बी.एल., विद्यावारिधि (राजनीतिशास्त्र)। **सेवा :** न्याय तथा कानुनी सेवा, मानव अधिकार आयोग (सचिव)। **पहिलो रचना :** आमा (कविता, भित्ते पत्रिका, ऐँसेलुखर्क, खोटाङ, २०१८)। **कृति/सृजना :** अंशबण्डाको विश्लेषणात्मक अध्ययन (२०४४), दृष्टिकोण (उपन्यास, २०४७), रङ्ग तरङ्ग (कवितासङ्ग्रह, २०४७), आवृत्त आकृतिहरू (कथासङ्ग्रह, २०५०), अनूदित प्रसङ्ग (कथासङ्ग्रह, २०५६), ए स्टेप टुवार्ड भिक्टिम जस्टिस सिस्टम (इ.सं. २००१), पीडित विधिशास्त्र (२०६२), न्याय तथा कानुनको कठघरामा (२०६२), कैफियत प्रतिवेदन (कथासङ्ग्रह, २०६२), नेपालदेखि अमेरिकासम्म (कथासङ्ग्रह, २०६३)। **सम्पादन/अनुवाद :** नेपाली कानुनी शब्दार्थ सङ्ग्रह (२०३६), नेपाली-अङ्ग्रेजी कानुनी शब्दकोश (२०४६), अङ्ग्रेजी-नेपाली कानुनी शब्दकोश (२०५३), डिक्सनरी अफ ल एण्ड जस्टिस (इ.सं. २००४)। **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क'। **हालको ठेगाना :** झाँगाझोली बजार, सिन्धुली / बागबजार, काठमाडौँ। **फोन :** ४२२८३९९।

शङ्कर कोइराला (आधाबाटे कान्छा, ढकारप्रसाद कोइराला)

(उपन्यासकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८७ कात्तिक लक्ष्मीपूजा, दुम्जा, सिन्धुलीमाढी। निधन : २०५४ साउन २६, काठमाडौँ। **माता/पिता :** मित्रप्रियादेवी कोइराला, ईश्वरीप्रसाद कोइराला। **शिक्षा :** स्नातक। **सेवा :** साझा प्रकाशन। **पहिलो रचना :** बूढो (कथा, शारदा, २००३)। **कृति/सृजना :** *उपन्यासहरू :* खैरिनी घाट (२०१८), कौशीको फर्सी (२०२०), कलाकार (२०२३), नाठो (२०२४), दुई ड्राइभर (२०२५), म पिउन अखबारको (२०२५), कलेज गर्ल (२०२५), दुर्दमनीय (२०२६), उसलाई सम्झँदा (२०२६), दोसाँध (२०२७), नदुखेको कपाल (२०२७), नदी गीत गाउँछ (२०२८), हकवाला (२०२९), एक अञ्जुली श्रद्धाञ्जलि (२०२९), भट्टी पसल (२०२९), सन्तानको रहर (२०३०), आकाश विभाजित छ (सहलेखन, २०३२), हेलम्बु मेरो गाउँ (२०३२), तीनपल्ट (२०३२), रातभरि (२०३३), श्रीमती हिरोइन (२०३३), आलोपालो (२०३४), आँसुको खहरे (२०३५), म फेला पर्दिन (२०३५), तरूनी छोरी (२०३५), माझीकी स्वास्नी (२०३६), एक हुल गाउँले (२०४०), पिशाच डाक्टर (२०४०), अँध्यारोका हातहरू (२०४१), आँसुको घुट्को

(२०४१), भुस्याहा (२०४३), सहायता (२०४५), बेवारिस लेखक (२०४६), उच्चाकाङ्क्षा (२०४६), शीला (२०४७), उही शीला (२०४८), फेरि शीला (२०४९), बन्द तगारो (२०४९), खैलाबैला (२०४९), जनतालाई बकस भोक रोग र सकस (२०५२), एउटा पुरानो घर (२०५४) । *कथासङ्ग्रहहरू* : आगो छ यो दिलभरि (कथासङ्ग्रह, २०२५), प्रेम र सपना (२०२८), सूर्तीको पातमा झुण्डिएको जीवन (२०४३), हत्यारा शान्ति र सृजनाका (२०५२) । शङ्कर कोइराला (जीवनी, २०५१) । सेती (नाटक, २०२५), पिठ्यूँको भारी (नाटक, २०४४) । **पुरस्कार/सम्मान :** रत्नश्री स्वर्णपदक (२०३७), प्रथम पुरस्कार ("सिपाही" पत्रिका, २०४०) । शाही नेपाली सैनिक पत्रिका (२०३८), प्रतिभा समूह बानेश्वर (२०५१), आह्वान समूह चाबहिल (२०५४), आदि सङ्घसंस्थाहरूद्वारा सम्मान अभिनन्दन ।

शङ्कर थपलिया

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००८ फागुन ३, चतुराले गाउँ, नुवाकोट । **माता/पिता :** तेजकुमारी, मणिदीप थपलिया । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** साझा प्रकाशन/पत्रकारिता । **पहिलो रचना :** हाम्रो रत्न (कविता, गोरखापत्र, २०२२) । **कृति/सृजना :** बालक्रीडा (कवितासङ्ग्रह, २०२५), सानी (खण्डकाव्य, २०२५), निर्माणाधीन सडक (कवितासङ्ग्रह, २०४९), सपना र जीवन (महाकाव्य) आँसु पो किन खसालूँ ? (गीतसङ्ग्रह) । **सम्पादन/अनुवाद :** गरिमा (मासिक), गतिविधि (२०३०) । **पुरस्कार/सम्मान :** रेडियो नेपाल कविता सम्मेलनमा प्रथम पुरस्कार (२०२२), कविता महोत्सवमा तृतीय (ने.रा.प्र.प्र. २०२६) । **हालको ठेगाना :** गोंगबु, काठमाडौँ । **फोन :** ५५२२१३२, ४३५३५४४ ।

शङ्करदेव पन्त

(अनुवादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६६ असार शुक्ल तृतीया, बूढानीलकण्ठ, काठमाडौँ । **निधन :** २०३० जेठ १ । **माता/पिता :** हर्षलक्ष्मी, जयदेव पन्त । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** शङ्करदेव क्याम्पसको स्थापना (नेपालमा व्यक्तिगत प्रयासवाट कलेज खोल्ने पहिलो व्यक्ति) । **पहिलो रचना :** नव नेपाल (छात्र पत्रिका, बनारस) । **कृति/सृजना :** शङ्करदेव स्मृतिग्रन्थमा सङ्कलित रचना (२०६२) । **सम्पादन/अनुवाद :** जातीय विश्व विद्यालय (उद्योग पत्रिका, वि.सं. १९९८), जमरा (सम्पा. २०२६) । गीताञ्जली (नेपाली भाषानुवाद परिषद्, वि.सं. १९९५) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु तेस्रा (२०२३, अस्वीकार) ।

शङ्करनाथ रिमाल

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९९१ फागुन २३, टङ्गाल, काठमाडौँ । **माता/पिता :** सीतादेवी रिमाल, देवेन्द्रनाथ रिमाल । **शिक्षा :** बी.ई., भी.डी.आई, डी.ए. आई. । **सेवा :** इञ्जिनियरिङ एवं वास्तुकला, चित्रकारिताको क्षेत्र । **कृति/सृजना :** लुम्बिनी चक्र (ई. १९९८), स्वदेश-विदेश (बेल्जियम, जर्मनी, बेलायत, भारत, बङ्गलादेश) मा धेरैपटक चित्रकलाहरूको प्रदर्शनी । **पुरस्कार/सम्मान :** राष्ट्रिय विकास तथा सम्मान केन्द्र, नेपालद्वारा सम्मान (२०५९), नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा कदरपत्रद्वारा सम्मान (२०५९), श्री ५ को सरकार शुभजन्मोत्सव, नागरिक मूल समारोह समितिद्वारा प्रशंसापत्र (२०६२) । **हालको ठेगाना :** १८७ नारायण चौरमार्ग, नागपोखरी, काठमाडौँ (snrae@wlink.com.np) । **फोन :** ४४११३१९ ।

शङ्कर पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ असार, लक्ष्मीपुर, पण्डितटोल सुन्पुर, दाङ । **माता/पिता :** दिलकुमारी पौडेल, चेतनाथ पौडेल । **शिक्षा :** स्नातक । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** गरिबी (२०२९) । **कृति/सृजना :** स्वर्गद्वारी (लघुखण्डकाव्य, २०५०), आमा (खण्डकाव्य, २०५२), जीवन (शोककाव्य, २०५८) । **सम्पादन/अनुवाद :** पं. शालिग्राम गौतम स्मृतिग्रन्थ (२०५८) । **पुरस्कार/सम्मान :** पद्मनाभ तिलककुमारी राणा प्रतिभा पुरस्कार (२०५९), धनेश्वर साहित्यिक

पुरस्कार, विभिन्न साहित्यिक प्रतियोगिताहरूमा प्रथम पुरस्कार । **हालको ठेगाना :** त्रिभुवन न.पा.-११, शिवबस्ती टोल, दाङ । **फोन :** ०८२-५६०७२९

शङ्कर भारती

(उपन्यास, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ पुस १७, डिल्लीबजार, काठमाडौँ । **माता/पिता :** मिश्रीदेवी भारती, श्रीप्रसाद भारती । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** लेखापरीक्षण । **कृति/सृजना :** अर्को जुनीमा (उपन्यास, २०४१), प्रेम तपस्या (उपन्यास, २०४६), अनुपम देवता (उपन्यास, २०५३), महापुरुषको सन्तान (२०६३), अग्निपरीक्षा (उपन्यास) । 'अनाथ' चलचित्रको कथालेखन । **पुरस्कार/सम्मान :** बी.डी. त्यागी साहित्य स्मृति पुरस्कार (२०६१), सञ्चार अभियान नेपालबाट सम्मान (२०६१), लोकतान्त्रिक वाङ्मय सम्मान (पोखरा), सुदुर पश्चिमान्चल साहित्य समाजद्वारा सम्मान, नुवाकोट साहित्य प्रतिष्ठानद्वारा सम्मान, आदि । **हालको ठेगाना :** सिनामङ्गल, काठमाडौँ । **फोन :** ४४९४०८७ ।

शङ्करराज पाठक

(कोशकार, नेपाली, अङ्ग्रेजी भाषा)



जन्म/स्थान : वि.सं. १९९० कात्तिक (भाइटीकाको भोलिपल्ट), ठमेल, काठमाडौँ । **माता/पिता :** खेमकुमारी भेटवाल, पद्मराज पाठक । **शिक्षा :** स्नातकोत्तर (अर्थशास्त्र) । **सेवा :** प्राध्यापन, पूर्व उपकुलपति (त्रि.वि.) । **कृति/सृजना :** अङ्ग्रेजी-नेपाली बृहत् शब्दकोश (२०६०) । **हालको ठेगाना :** महाराजगञ्ज, काठमाडौँ ।

शङ्करराज सिंह सुवाल

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९४८ जुन १, ओम्बहाल, काठमाडौँ । **माता/पिता :** कान्छी सुवाल, मणिराजसिंह सुवाल । **शिक्षा :** स्नातकोत्तर (फाइनआर्ट) । **सेवा :** कलाकारिता, गोरखापत्र संस्थान । **पहिलो रचना :** लैण्डस्केप अफ दरबार स्क्वायर (चित्रकृति प्रकाशित, इ.सं. १९६५) । **कृति/सृजना :** एकल चित्रकलाप्रदर्शनी (काठमाडौँ, ईं १९६६, १९६८, भारत, इ.सं. १९७३, १९७४), सामूहिक चित्रकलाप्रदर्शनी (काठमाडौँ, इ.सं. १९६५, १९६६, भारत, इ.सं. १९७६, १९९२, १९९३, यु.एस.एस.आर., इ.सं. १९७५, बङ्गलादेश, इ.सं. १९९१, जापान, इ.सं. १९७६), करिब २ हजार थान चित्र सिर्जना । नेपाल, अमेरिका, भारत, बङ्गलादेश, बेलायत, जापान, रुस, पाकिस्तान आदि देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (नेपाल ललितकलाबाट पाँचपटक) । **हालको ठेगाना :** नयाँ भन्सार, टेकु, काठमाडौँ । **फोन :** ४२४१२५८, ४२२२५८४ ।

शङ्कर लामिछाने

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ चैत्र ५, जैसीदेवल, काठमाडौँ । निधन : २०३२ माघ १०, काठमाडौँ । **माता/ पिता :** राजकुमारी लामिछाने, हरिहरप्रसाद लामिछाने । **शिक्षा :** आई.एस्सी. । **सेवा :** नोकरी, निजी व्यवसाय, साहित्य । **पहिलो रचना :** हाम्रो समाजमा नारीको मूल्य (लेख, साहित्यस्रोत पत्रिका, वि.सं. २००३) । **कृति/सृजना :** एब्स्ट्र्याक्ट चिन्तन प्याज (निबन्धसङ्ग्रह, २०२४), गौँथलीको गुँड (कथासङ्ग्रह, २०२५), गोधूली संसार (निबन्धसङ्ग्रह, २०२७), बिम्ब प्रतिबिम्ब (समीक्षात्मक जीवनीसङ्ग्रह, २०२८), शङ्कर लामिछाने (आत्मजीवनी-२०३२), शङ्कर लामिछानेका निबन्धहरू । **सम्पादन/अनुवाद :** इन्द्रेणी (२०१३), हाम्रो साहित्य भाग १-८ । **पुरस्कार/सम्मान :** मदन पुरस्कार (२०२४) ।

शङ्करलाल श्रेष्ठ

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०२२ चैत्र २६ । **माता/पिता :** विष्णुमाया श्रेष्ठ, शेरबहादुर श्रेष्ठ । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** अध्यापन । **कृति/सृजना :** बाबा, जून टिपिदिनोस् न ! (कथासङ्ग्रह, २०६१), प्रयोगात्मक नेपाली

व्याकरण (पाठ्यपुस्तक, मा.वि. तह, २०६३) । **पुरस्कार/सम्मान** : बीबीसी युवा कवि पुरस्कार (२०४९), राष्ट्रिय शिक्षा दिवस पदक (२०५९) ।

शङ्करविक्रम शाह (शङ्कर शाह)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ पुस शुक्ल षष्ठी, थापाथली, काठमाडौँ । **माता/पिता** : धर्मराज्यलक्ष्मी शाह, रङ्गविक्रम शाह । **शिक्षा** : एम.एस्सी. (मिल्ट्री साइन्स) । **सेवा** : सैनिक सेवा (महासेनानी, नेपाल) । **पहिलो रचना** : मेरो आमा ! आमा ! बोल (कविता, स्वास्नीमान्छे, २०१६) । **कृति/सृजना** : मध्याह्नको सपना (कवितासङ्ग्रह, २०५२), आवाज आउँछ कहाँ हो कहाँ (गीतसङ्ग्रह, २०५२), सेतो घोडा (कवितासङ्ग्रह, २०५२), वेदनाका छालहरू (गजलगीतिएल्बम, रचना, २०५५) । **सम्पादन/अनुवाद** : दर्शनसेवा समाज मुखपत्र । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु चौथा (२०२५), शुभराज्याभिषेक पदक (२०३१), परदेश सेवा पदक (२०३५, २०४६), त्रिशक्तिपट्ट चौथा (२०३७), युनिफिल मेडल (इ.सं. १९७८, इ.सं. १९८९), सैनिक दीर्घसेवा पदक (२०४४), सार्क स्मृति पदक (२०४४), मेरिटो सिभिल (दोस्रो दर्जा, स्पेन, २०४४), कमाण्डर अफ दि रोएल भिक्टोरियन अर्डर, तेस्रो दर्जा (बेलायत, इ.सं. १९८०), आदि । बगर सम्मान (२०५९) । **हालको ठेगाना** : 'आशियाना' रङ्गचोक २२२/४७, गल्कोपाखामार्ग, ठमेल, काठमाडौँ । **फोन** : ४४११९०३ ।

शङ्कर सुब्बा फागो

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ फागुन १७, थेचम्बु, ताप्लेजुङ । **माता/पिता** : छेककुमारी सुब्बा, सुसेनहाङ सुब्बा । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : उठ (कविता, धूवाँ पत्रिका, दार्जीलिङ, २०२५) । **कृति/सृजना** : एउटा हत्या नभएको हत्या (कथासङ्ग्रह, २०३४), बग्दै बग्दै जीवनसँग (कथासङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद** : शान्तिदूत (सामयिक सङ्कलन, २०४४), स्वाभिमान साप्ताहिक (२०४४), पुष्पाञ्जलि (सामयिक सङ्कलन, २०४५) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०३०), पञ्चायत रजत जयन्ती पुरस्कार (२०४३) । **हालको ठेगाना** : इटहरी, सुनसरी / विष्णु बूढानीलकण्ठ गाविस, काठमाडौँ । **फोन** : ४३७४५००, ९८४१२१३३७१ ।

शम्भुकुमार मिलन

(कवि/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ मङ्सिर शुक्ल प्रतिपदा, वत्तीसपुतली, काठमाडौँ । **माता/पिता** : सुमित्रा रेग्मी, गोविन्दप्रसाद रेग्मी । **शिक्षा** : सिनियर डिप्लोमा (सङ्गीत) । **सेवा** : निजामती सेवा, गायन, साहित्य । **पहिलो रचना** : २०१२ तिरदेखि रेडियो नेपालको बाल-कार्यक्रममा भाग लिई गीत गाउन थालेको । **कृति/सृजना** : सौगात (गीतसङ्ग्रह, २०३८), यात्रा (कवितासङ्ग्रह, २०४३), धोको (कवितासङ्ग्रह, २०४४), अस्तित्व (गीतसङ्ग्रह, २०४८), तिम्रो सहरमा (गजलसङ्ग्रह, २०५९), जिजीविषा (कवितासङ्ग्रह, २०६१), निर्मला (खण्डकाव्य, २०६४), पत्थरको मुटु (गजल एल्बम, गायन, २०६७) । करीब १५० जति गीतहरू रेकर्ड भइसकेका । **पुरस्कार/सम्मान** : प्रबल गोरखा दक्षिणबाहु (२०६१) । 'क' श्रेणीको गायक (रेडियो नेपाल), मितेरी मञ्च नेपाल सम्मान (२०६१), रमा ठकुरी समाजसेवा गुठीद्वारा सम्मान (२०६२) । **हालको ठेगाना** : सिनामङ्गल, काठमाडौँ । **फोन** : ४११०७१७, ९८४१५४४०२४ ।

शम्भुप्रसाद ढुङ्गेल (पुण्यप्रसाद, गौरीप्रसाद, अगस्ती)

(माध्यमिक कालीन कवि)

जन्म/स्थान : वि.सं. १९४५ चैत्र, टेबहाल, काठमाडौँ । निधन : वि.सं. १९८६, काठमाडौँ । **पिता** : देवीरमण । **शिक्षा** : संस्कृत मध्यमा, नेपाली, संस्कृत, उर्दू, बङ्गाली, हिन्दी, नेवारी, अङ्ग्रेजीका ज्ञाता । **सेवा** : नोकरी (भन्सार), साहित्य सिर्जना । **कृति/सृजना** : पञ्चक प्रपञ्च (काव्य, १९६१), चन्द्रप्रतापवर्णन (काव्य, १९७०), चन्द्रवदनी (काव्य, १९७१), रत्नावली (नाटक), शाकुन्तल

(नाटक, १९७३), मालती माधव (नाटक), दूतशतक (१९७७), गफाष्टक (कवितासङ्ग्रह), गफसिन्धु (कवितासङ्ग्रह), शम्भु भजनमाला, महाभारतका द्रोणपर्व आदि विभिन्न पर्व (१९७५-८३), वेश्यावर्णन (काव्य, १९८३), पिनासको विनास, बाह्रमासे, ध्रुवचरित्र (काव्य), मैतालु छोरी (काव्य), आशुकवि शम्भुका काव्यकृति (काव्य), प्रेमकान्ता सन्तति (भाग १-१२), वीरसिक्का (भाग १-५), गुलाबकावली (गद्याख्यान), तोता मैनाको कथा (१९६१), सुनकेशरी रानीको कथा, अबोला मैयाँ (१९७८), हात्तीमताईको कथा (१९८१), अकबर वीरबल विनोद (भाग १-५), सिंहासन बत्तीसी (आख्यान)। **सम्पादन/अनुवाद :** उत्तररामचरित्र, रत्नावली (नाटिका, १९७१), प्रियदर्शिका (नाटक, अनु.), शब्द सुधानिधि (कोश)। **पुरस्कार/सम्मान :** आशुकविको उपाधि प्राप्त, बहुभाषिक कवि।

शम्भूजीत बासकोटा

(सङ्गीतकार)

जन्म/स्थान : वि.सं. २०१३ चैत २, पानीपोखरी, महाराजगञ्ज, काठमाडौँ। **माता/पिता :** मन बासकोटा, गोपाल बासकोटा। **शिक्षा :** बी.म्युज.(प्रयाग सङ्गीत), बी.ए.। **सेवा :** सङ्गीत निर्देशन, गायन, लेखन, नाटक अभिनय, ने.रा.प्र.प्र. (सङ्गीत निर्देशक), नेपाल टेलिभिजन (पूर्व अध्यक्ष), शाही नेपाल चलचित्र बोर्ड (पूर्व अध्यक्ष), रेडियो नेपाल (सङ्गीत सम्वर्द्धन समिति सदस्य)। **पहिलो रचना :** वि.सं. २०२८ देखि गायक तथा सङ्गीत निर्देशकको रूपमा सङ्गीतक्षेत्रमा प्रवेश। **कृति/सृजना :** तीन सयभन्दा बढी नेपाली कथानक चलचित्रहरू, बाह्र सयभन्दा बढी आधुनिक गीत, लोकगीत तथा भजनहरूमा सङ्गीत तथा हिन्दी कथानक चलचित्र 'सञ्जीवनी'मा सङ्गीत निर्देशन। सङ्गीत सङ्गम, प्रतिभाको डबली (२०४१), सृजनाको आधा घण्टा, मनको रहर, रामविलास-धनियाँ, लक्की सेभन आदि टेलिभिजन कार्यक्रमको निर्माता, निर्देशक। तीतो सत्य, सङ्गीत सङ्गम, प्रतिभाको डबली, सृजनाको आधा घण्टा, टोलटोलमा, गीत, मनको लहर आदि टेलिभिजन कार्यक्रमको परिकल्पना। सात सयभन्दा बढी रेडियो तथा टेलिभिजन विज्ञापनको लेखक/सङ्गीत निर्देशन। १५ नेपाली चलचित्रहरूको कथा लेखन, नेपाल टेलिभिजन तथा एन.टी.भी. मेट्रोको समाचार सङ्गीत र लोगो सङ्गीत सृजना। चीन, भारत, मलेशिया, सिङ्गापुर, बङ्गालदेश, बेलायत, अमेरिका, क्यानडा आदि देशहरूमा विभिन्न कार्यक्रम तथा समारोहहरूमा भाग लिएको। **पुरस्कार/सम्मान :** विख्यात त्रिशक्ति पट्ट, प्रबल गोरखा दक्षिणबाहु (२०४९), नारायणगोपाल सङ्गीत पुरस्कार, टोयन जेसिस पुरस्कार (इ.सं. १९९१), छिन्नलता पुरस्कार (इ.सं. १९९५), अभियानश्री पुरस्कार (इ.सं. १९९३), बिजी अवार्ड, मोसन पिक्चर्स अवार्ड (इ.सं. १९९८, २०००), युथ अफ द इयर पुरस्कार, शुभराज्याभिषेक स्वर्ण पदक, सान मिगेल म्युजिक पुरस्कार (इ.सं. २०००), कलिउड सिनेमा पुरस्कार (इ.सं. १९९५, १९९६, १९९७ र १९९९), नाट्यश्वरी स्तम्भ पुरस्कार (इ.सं. २०००), नारायणगोपाल राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २०००), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), हिट्स एफ.एम. म्युजिक अवार्ड (२०६०), लक्स सिने अवार्ड (२०६०), विशिष्ट पुरस्कार (गाईजात्रा महोत्सव, ने.रा.प्र.प्र., ६ पटक), नारायणगोपाल सङ्गीत सम्मान पुरस्कार (२०६२), शिवशङ्कर स्मृति पुरस्कार (२०६२), लगायत अन्य थुप्रै पुरस्कारहरू। नेपाल सम्मान (२०५८), नेपाल सिनेमा आर्टिष्ट एसोसियसन सम्मान (२०५८), नेपाल टेलिभिजन संस्थापक सम्मान (२०६०), मितेरी सम्मान (२०६९) लगायत अन्य पुरस्कार, सम्मान तथा अभिनन्दन। **हालको ठेगाना :** सिमानामार्ग, महाराजगञ्ज, काठमाडौँ। **फोन :** ४४१५२१९, ९८५१०८६९९९।

शरच्चन्द्र वस्ती

(लेखक/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ कात्तिक २७, धरान, सुनसरी। **माता/पिता :** तिलरूपा, टीकाप्रसाद वस्ती। **शिक्षा :** आचार्य (नव्य -व्याकरण), एम.ए. (समाजशास्त्र), पोस्ट ग्र्याजुयट (भिक्टिमोलोजी एण्ड भिक्टिम असिस्टेन्ट)। **सेवा :** प्राध्यापन, पत्रकारिता, सम्पादन। **पहिलो रचना :** कोसीको लहर (कविता, २०३५)। **कृति/सृजना :** हाम्रो भाषा (भाषा, २०६३), नेपाली पाठ्यपुस्तकको शृङ्खला, चित्रकथाहरू आदि। **सम्पादन/अनुवाद :** विभिन्न दैनिक, साप्ताहिक, मासिक पत्रपत्रिका र साहित्यिक, दिवास्वप्न लगायत विभिन्न पुस्तकहरू। **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण, बाल पत्रकारिता पुरस्कार आदि। **हालको ठेगाना :** विशालनगर, काठमाडौँ। **फोन :** ४४३१९९९, ९८५१०१९६८८।

शरण राई

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २००४ चैत्र २४, छिनामखु, भोजपुर। **माता/पिता :** शिवमाया राई, मछिन्द्रबहादुर राई। **शिक्षा :**

एम.ए. (अर्थशास्त्र) । **सेवा :** प्राध्यापन, अनुसन्धान । **पहिलो रचना :** भ्रम (कविता, दैलो पत्रिका, ओखलढुङ्गा, २०२२) । **कृति/सृजना :** केही कथा (कथासङ्ग्रह, २०३९), साथी (निबन्धसङ्ग्रह, २०६४), मानव संसार (उपन्यास, २०६५), अन्तिम स्वीकारोक्ति (कथासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** योगदान (नेपाल प्राध्यापक सङ्घ, पूर्वाञ्चल क्षेत्रीय स्तरबाट प्रकाशित जर्नल) । **पुरस्कार/सम्मान :** शिक्षा पुरस्कार, दीर्घसेवा पदक, नेपाल प्राध्यापक सङ्घ महेन्द्र बहुमुखी क्याम्पसबाट अभिनन्दन, विमल पुस्तकालय धरानबाट सम्मान, राष्ट्रिय जनसांस्कृतिक मञ्च सुनसरी र बुद्धिजीवी परिषद्, सुनसरीबाट सम्मान । **हालको ठेगाना :** धरान-१९, सुनसरी । **फोन :** ९८४२०५५२६२ ।

शरद कसाः (शरद्वीर कंसाकार, शराम नेवाः)

(लेखक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०२१, बाङ्गेमुढा, काठमाडौँ । **माता/पिता :** सूर्जदेवी कंसाकार, प्रेमवीर कंसाकार । **शिक्षा :** एम.ए. (नेपालभाषा) । **सेवा :** सहायक पुस्तकालयाध्यक्ष, आथासफू कुथि । **पहिलो रचना :** जि व जिगु नुगः (कथा, नायखिं, ने.सं. ११०८) । **कृति/सृजना :** प्रचलित नेपाललिपि वर्णमाला (ने.सं. १११२) । **सम्पादन/अनुवाद :** कुचुकुचु (नामं, ने.सं. ११०७), जयप्रकाश मल्ल वीरध्वजोपाख्यान नाटक । **पुरस्कार/सम्मान :** थी थी साहित्य सम्मेलनय् सिरपा । **हालको ठेगाना :** बाङ्गेमुढा, काठमाडौँ । **फोन :** ४२६३४१७

शरदकुमार भट्टराई (सूर्यप्रसाद)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९८ पुस, रावा, लामिडाँडा, खोटाङ । **माता/पिता :** रन्धतादेवी भट्टराई, धर्मदत्त भट्टराई । **शिक्षा :** एम.ए. (नेपाली), बी.एल. (त्रि.वि.) । **सेवा :** निजामती सेवा, साहित्य । **पहिलो रचना :** तोड पर्खालका पर्दा (कविता, सरस्वती सदन, वाचन, २०१५) । **कृति/सृजना :** 'उसैका लागि' र 'फेरि उसैका लागि' को एक अध्ययन (समालोचना, २०२७), ऋतुमन्थन (२०४४), सिर्जनाका फूलहरू (कवितासङ्ग्रह, २०५१), गीत तथा भजनहरू (२०५२), वहादुर शाह (खण्डकाव्य, २०५२), श्रद्धाञ्जलि (खण्डकाव्य, २०५२), अमरसिंहको चिठी (खण्डकाव्य, २०५३), क्रान्तिदूत (खण्डकाव्य, २०५३), विविध यात्रा (कवितासङ्ग्रह, २०५५) । **सम्पादन/अनुवाद :** अरुणोदय (द्वैमासिक, २०२०) । **पुरस्कार/सम्मान :** कविता महोत्सव- प्रथम पुरस्कार (२०२६), गोरखा दक्षिणवाहु चौथा, त्रिशक्ति पट्ट तेस्रा । **हालको ठेगाना :** वत्तीसपुतली, काठमाडौँ । **फोन :** ४४७१९९५ ।

शरदचन्द्र ओभ्का

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ भदौ ९, विर्ताबजार, वीरगञ्ज । **माता/पिता :** करुणादेवी ओभ्का, आत्माराम ओभ्का । **शिक्षा :** बी.एस्सी. । **सेवा :** विक्री प्रवन्धक (सुमि फर्मास्युटिकल) । **पहिलो रचना :** स्वाभिमान (कविता, वार्ता साप्ताहिक, २०४३) । **कृति/ सृजना :** सहर्ष (कवितासङ्ग्रह, २०६२) । **हालको ठेगाना :** दशरथ चन्द -३, वैतडी / शङ्खमूल, काठमाडौँ । **फोन :** ४७८३८३२, ९८५१०२२०६६ ।

शरद पौडेल

(कवि/कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१७ चैत २६, शिवपुर, तनहुँ । **माता/पिता :** प्रेमकुमारी पौडेल, रविनाथ पौडेल । **शिक्षा :** स्नातक । **सेवा :** सामाजिक सेवा, सङ्गीत । **पहिलो रचना :** आमालाई चिठी (कविता, २०३६) । **कृति/सृजना :** जनसङ्गीत यात्रा (गीतसङ्ग्रह, २०४६), बुहारी (गीतिनाटक, २०५३), जीवन सङ्गीत (चित्रकथा, भाग-१, २, २०५६), हाम्रा काका-काकी (बालगीतमाला, २०५८), दीपशिखा (गीतिसङ्ग्रह, २०५८), वनचरीको गीत (बाल गीतमाला, २०५८), अचम्मको गाँठो (बाल गीतमाला, २०५९), लिखे (उपन्यास, २०५९), गुमा

(गीतिनाटक, २०६०), सिमाना वारिपारि (उपन्यास, २०६१), संवाद (सहलेखन), जनसङ्गीत यात्रा भाग १, २, ३, ४, विकल्प, दीपशिखा, सुन सङ्गिनी, अभियान, बुहारी, जुठी दमिनीजस्ता गीतिएल्बमहरूमा शब्द-सङ्गीत-स्वर दिएको । लेखन तथा मञ्चन गरिएका नाटकहरू : भोका लासहरू, सिन्दूर जलेपछि, कुर्सीलीला, गोरखा ज्याक्सन, सडक -२०५७ आदि । **सम्पादन/अनुवाद :** विकास, पीँधका महिलाका आवाजहरू, सामाजिक रूपान्तरणका दलितहरू, फूलबारी (बाल पत्रिका), हाम्रो खबर (पत्रिका) को सम्पादन । **हालको ठेगाना :** पो.ब.नं. ७७३१, काठमाडौं /शिवपुर -७, तनहुँ । **फोन :** ४३६२४७६ ।

शरद्‌चन्द्र शर्मा भट्टराई

(समालोचक/अनुसन्धाता)

जन्म/स्थान : वि.सं. १९८७ कात्तिक ८, गैह्रीधारा, काठमाडौं । निधन : २०५९ असोज २३ । **माता/पिता :** गुप्तकुमारी, कृष्णप्रसाद भट्टराई । **शिक्षा :** एम.ए. (नेपाली, त्रि.वि.) । **सेवा :** अध्यापन, प्राध्यापन, राजनीति । **पहिलो रचना :** आदर्श बालक (निबन्ध, आँखा पत्रिका, २००६) । **कृति/सृजना :** बसाइँ परिचय (समालोचना, २०१९), 'रसिक'को लगन एक अध्ययन (समालोचना, सहलेखन, २०२२), नाटक - एकाङ्की विचरण (समालोचना, २०३३), नेपाली साहित्यको इतिहास इ.सं. १९८० देखि इ.सं. १९९१ सम्म (२०३७), प्राचीन गद्याख्यान (समालोचना, २०४२), नेपाली वाङ्मय : केही खोजी केही व्याख्या (समालोचना, २०४४), नेपाल र यसका निवासी (२०४४), आशुकवि शम्भुप्रसाद ढुङ्गेलको परिचय (सहलेखन, २०४६), बाह्र फूल एक गुच्छा (समालोचना, सहलेखन), कवि बाबुराम आचार्य र उनका कविता (समालोचना, २०४७), माध्यमिक नेपाली गद्याख्यान (२०५०), खोजी अनि व्याख्या (समालोचना), ओझेलमा परेका (समालोचना) । **सम्पादन/अनुवाद :** आह्वान (त्रैमासिक, २००९), पाठ्यक्रम विकास (इ.सं. १९७६), झपट निबन्धावली (झपटबहादुर राणाको निबन्धसङ्ग्रह, २०४२), गिरीशवल्लभ जोशीको प्रारब्ध दर्पण (उपन्यास, २०४४), प्राचीन नेपाली पद्य (२०४६), प्राचीन नेपाली गद्य (सहसम्पादन, २०४७), सुवानन्ददेखि शम्भुप्रसादसम्म (समालोचना, इ.सं. १९९०), श्री आदिकवि भानुभक्ताचार्यको जीवन चरित्र (२०४९), जोगमण्डलीका कवि र कविता (२०५२), एउटा अर्को बुइँगल (कवितासङ्ग्रह, २०५३, संयुक्त सम्पादन), रूपनारायण सिंह व्यक्तित्व र कृतित्व (इ.सं. १९९८), लक्ष्मीप्रसाद देवकोटा र उनका काव्य (इ.सं. १९९८), बालकृष्ण सम व्यक्ति र कृति (इ.सं. १९९८), छरिएका समीक्षा (इ.सं. १९९९) । **पुरस्कार/सम्मान :** अन्तर्विद्यालय निबन्ध प्रतियोगितामा प्रथम (२००६), अन्तर कलेज निबन्ध प्रतियोगितामा स्वर्णपदक (२००९), छात्रवृत्ति पुरस्कार (२०१८), झपट पुरस्कार (२०४२), मदन पुरस्कार (२०५०) । **हालको ठेगाना :** गैह्रीधारा, काठमाडौं । **फोन :** ४४७२०१२ ।

शर्मिला पोखरेल (रेग्मी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३५ भदौ २०, खार्पा-४, खोटाङ । **माता/पिता :** विमलादेवी पोखरेल, बलराम पोखरेल । **शिक्षा :** एम.ए. (सोसियोलोजी), सिभिल इन्जिनियर । **सेवा :** संस्थान सेवा । **पहिलो रचना :** उठ साथी (कविता, प्रतिभा मासिक, २०५०) । **कृति/सृजना :** अस्तित्व नारीको (कवितासङ्ग्रह, २०५४), अमिबा र कुन्तीहरू (कवितासङ्ग्रह, २०५७) । **हालको ठेगाना :** लोकन्थली, भक्तपुर, पो.ब.नं. ६६२५ (sastika_pokharel@yahoo.co.in.) । **फोन :** ६६३७९९० ।

शर्मिला मल्ल

(अभिनेत्री/चलचित्रकर्मी)

जन्म/स्थान : वि.सं. २०२३ साउन २६, तानसेन, पाल्पा । **माता/पिता :** सीता शाह, हेमविक्रम शाह । **शिक्षा :** आई.ए. । **सेवा :** अभिनय कला, चलचित्र निर्माण, पत्रकारिता, साहित्य रचना, गायन । **पहिलो रचना :** अनायास (नाटक अभिनय, २०३७) । **कृति/सृजना :** चलचित्र विज्ञापनमा मोडलिङ (एभरेष्ट टुथपेष्ट, २०३८) । चक्रव्यूह, टाढाको बस्ती, १५ गते, लक्ष्मी, रात, भञ्ज्याङको चौतारो, अँध्यारो-उज्यालो आदि टेलिचलचित्रहरू र कान्छी, वासुदेव, के घर के डेरा, मायाप्रीति, चिनो, विजय पराजय, सङ्कल्प, बादल, गोठालो, कर्म, पंक्षी, सम्झौता, अँगालो अँगालोमा, लगनगाँठो, भाग्यले जुरायो, लडाइँ, चेलिबेटी, चाहन्छु म तिमीलाई नै, कलियुग आदि चलचित्रहरूमा अभिनय । बादल, गोठालो, लगनगाँठो चलचित्र निर्माण ।

पुरस्कार/सम्मान : सर्वश्रेष्ठ चलचित्र नायिका (तीनपटक, २०४३/४५/४७), हरिततारा पुरस्कार, वीरेन्द्र-ऐश्वर्य पदक, गद्दी आरोहण रजत पदक, प्रबल गोरखा दक्षिणवाहु (२०६१)। दशककी नायिका सम्मान, पालपाली सङ्गम सम्मान, चलचित्र कलाकार सम्मान, राष्ट्रिय नागरिक सम्मान। **हालको ठेगाना** : १७० पनिको टोल, रातोपुल, काठमाडौँ (endlesscircle@enet.com.np)। **फोन** : ४४७४४७२, ९८५१०२६५५८।

शशीकला तिवारी

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००७, विशालनगर, काठमाडौँ। **माता/पिता** : प्रेमीदेवी तिवारी, तेजराज तिवारी। **शिक्षा** : बी.ए. (ललितकला), डिप्लोमा (फ्रेञ्च भाषा)। **सेवा** : कलासाधना, प्राध्यापन, सदस्य (नाफा)। राष्ट्रिय व्यक्तित्व सम्मान (इ.सं.२००३)। **कृति/सृजना** : नेपाल, भारत, जापान, बेलायत, दक्षिण कोरिया, जर्मनी, चीन, फ्रान्स आदि देशहरूमा इ.सं. १९७३ देखि इ.सं. १९९७ सम्म पटक-पटक सामूहिक कलाप्रदर्शनी एवं नेपाललगायत भारतमा थुप्रैपटक एकल कलाप्रदर्शनी। नारायणहिटी राजदरबार, नाफा (नक्साल), अक्टोबर तथा सिद्धार्थ आर्ट ग्यालरी (काठमाडौँ), त्रिभुवन विमानस्थल, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, रसियन कल्चर सेन्टरलगायत क्वालालम्पुर, लण्डन आदि स्थानहरूमा कला सङ्गृहीत। **पुरस्कार/सम्मान** : वर्ष कलाकार (नाफा, इ.सं. १९८१, १९८४), उत्कृष्ट पुरस्कार (राष्ट्रिय सिर्जनात्मक परिवार नेपाल, इ.सं. १९८४), सार्क शिखर सम्मेलन स्मृति पदक (इ.सं. १९८७), ने.रा.प्र.प्र. कविता महोत्सवमा द्वितीय पुरस्कार (इ.सं. १९९२), गद्दी आरोहण रजत महोत्सव पदक (इ.सं. १९९६), उत्कृष्ट कला पुरस्कार (राष्ट्रिय कलाप्रदर्शनी, काठमाडौँ, इ.सं. १९९७), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (ईं २००३), प्रबल गोरखा दक्षिणबाहु चौथा (इ.सं.२००३), दीर्घसेवा पदक। **हालको ठेगाना** : पो.ब.नं. ४३१९, विशालनगर, काठमाडौँ। **फोन** : ४४१४४२१।

शशीकला मानन्धर

(उपन्यासकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असोज २८, वसन्तपुर, काठमाडौँ। **माता/पिता** : भगवती मानन्धर, अमृतनारायण मानन्धर। **शिक्षा** : एम.एस्सी. (बोटानी)। **सेवा** : निजामती (प्राविधिक), साहित्य सेवा, उद्घोषण। **पहिलो रचना** : आखिर झीगु हे ल्हा:ती (कविता, 'ज:' पत्रिका, २०३३)। **कृति/सृजना** : नमि (कथासङ्ग्रह, २०३८), शैली (उपन्यास, २०४२), लँय् लूम्ह (उपन्यास, २०५४), जल्लथीगु लँपु (उपन्यास, २०६१) (नेपालभाषामा), न्हूगु प्रासी (पूर्णाङ्की नाटक, २०६३), मतिनाया सगरमाथा (उपन्यास, २०६३), बाटोमा भेटेका भेटेको मान्छे (नेपाली उपन्यास, २०६३)। **सम्पादन/अनुवाद** : प्रयास पत्रिका (२०४८), बाटोमा भेटेको मान्छे (लँय् लूम्ह उपन्यासको नेपाली अनुवाद)। **पुरस्कार/सम्मान** : चित्तधर हृदय राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), गङ्की वसुन्धरा पुरस्कार (२०५९), जरिमैँया साख: लुमन्ति सिरपा: (२०६४)। **हालको ठेगाना** : का.म.न.पा. -१६, काठमाडौँ (skm_2007@yahoo.com)। **फोन** : ४२५२१९८, ९८४११०८८३३।

शशीकला शर्मा (भद्रकाली)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ कात्तिक लक्ष्मीपूजाको दिन, भोटाहिटी, काठमाडौँ। निधन : २०६३ जेठ २६। **माता/पिता** : शारदा नेपाल, गीर्वाणनारायण नेपाल। **शिक्षा** : स्नातक। **सेवा** : साहित्य/गृहस्थी। **कृति/सृजना** : उसको सुरुवाल (कथासङ्ग्रह, २०२२), सुन्दर स्वस्थ गृहिणीलाई चाहिने कुरा। **सम्पादन/अनुवाद** : स्वास्नीमान्छे (पत्रिका), लामो हिँडाइ (अनु.)। **हालको ठेगाना** : कमलपोखरी, काठमाडौँ। **फोन** : ४४२४९३६।

शशीधर खनाल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ माघ १९, फुएतप्पा -३, कोप्चे, इलाम। **माता/पिता** : सुभद्रा खनाल, लक्ष्मीप्रसाद खनाल। **शिक्षा** : एम.ए. (अङ्ग्रेजी, नेपाली), एल.एल.एम. (कानुन)। **सेवा** :

प्राध्यापन । **पहिलो रचना :** मेरो कलम (कविता, २०३७), अभिनय (नाटक, जेलरको भूमिका, २०२९) । **कृति/सृजना :** भीमदर्शन रोका जीवनी, व्यक्तित्व र कृतित्व (२०५४), जेण्डर डिस्क्रिमिनेशन इन नेपाल (२०६०) । **सम्पादन/अनुवाद :** म्यान टुडे (सहसम्पादक) । **पुरस्कार/सम्मान :** निबन्ध प्रतियोगितामा प्रथम (२०५५) हाजिरी जवाफ कार्यक्रममा द्वितीय पुरस्कार । **हालको ठेगाना :** का.म.न.पा. -३, काठमाडौँ । **फोन :** ४३८२४३३ ।

शशीधर स्वामी (मरासिनी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.१८०४, अर्घा -२, मैदान, अर्घाखाँची । निधन : १९०६ । **शिक्षा :** संस्कृत, नेपाली । **सेवा :** जोशमनी सन्त परम्परामा संलग्न । गुल्मीको रेसुङ्गामा लामो समय तप गरेका । **कृति/सृजना :** अजपगीता (संस्कृतभाषामा, २०२२), तत्त्वगीता (संस्कृत भाषामा, २०२२), सच्चिदानन्द लहरी (सधुक्कडी नेपाली भाषामा, २०२२), पाखण्ड खण्ड : अखण्ड शब्द (सधुक्कडी नेपाली भाषामा, २०२२), भजनसङ्ग्रह (सधुक्कडी नेपाली भाषामा, २०२२), गुरुपञ्जा (सधुक्कडी नेपाली र शुद्ध नेपाली भाषामा, २०२२), वैराग्याम्बर (शुद्ध नेपाली भाषामा, २०२२), वाणोपनिषद् (शुद्ध नेपाली भाषामा, २०२२) ।

शशीन्द्र तामाङ (शशीन्द्रकुमार सिंह लामा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ साउन २५, काठमाडौँ । **माता/पिता :** कालिका बस्नेत लामा, कृष्णबहादुर लामा । **शिक्षा :** बी.ए. (भूगोल/ललितकला) । **सेवा :** चित्रकला, अभिनय, पत्रकारिता । **पहिलो रचना :** नेता र राजनीति (कविता, गाण्डिव साप्ताहिक, २०४८) । **कृति/सृजना :** कार्पेट निर्माण प्रविधि (स्केच ग्राफ डिजाइन, पुस्तक, २०६०), मनका वेदनाहरू (यात्रा संस्मरण) । एकल कलाप्रदर्शनी (लाजिम्पाट, २०५०, नेपाल आर्ट काउन्सिल, २०५९, बबरमहल, २०६०, होटल ब्ल्यु स्टार, त्रिपुरेश्वर, २०६२) । महत्त्वाकाङ्क्षा, कोठा खाली छ, परिवर्तन आदि पूर्णाङ्की नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद :** अचानो (गाईजात्रे पत्रिका, २०४९), प्रतिभा (साहित्यिक मासिक, २०५०), लास्सो (द्वैमासिक) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (ललितकला क्याम्पस, २०४८), चित्रकला प्रतियोगितामा सम्मानहरू प्राप्त । **हालको ठेगाना :** बानेश्वर-३४, मिलनचोक, काठमाडौँ (sasindralama@gmail.com) । **फोन :** ४१०९७२४ ।

शशी पन्थी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ जेठ, तम्घास, गुल्मी । **माता/पिता :** द्रौपदादेवी पन्थी, देवीदत्त पन्थी । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** दोहोरी चुट्किला (बिहानीपख, २०२३) । **कृति/सृजना :** पश्चिमाञ्चलीय साहित्य र साहित्यकारहरू (अनुसन्धान), । **सम्पादन/अनुवाद :** खसोखास, भेटघाट, हाम्रो पुरुषार्थ, तम्घास धर्मक्षेत्र दर्पण, सङ्कल्प आदि । **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु, दैवी प्रकोप पीडितोद्धार पदक (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), नेत्रज्योति उत्कृष्ट स्वयंसेवा पुरस्कार (२०५४), लुम्बिनी रत्न (२०६६) । **हालको ठेगाना :** तम्घास, गुल्मी । **फोन :** ०७९-५२०२६०, ९७४७००२०७९ ।

शशीप्रसाद बजगाईं

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००१ साउन १, धजेडाँडा, धनकुटा । **माता/पिता :** टीकादेवी बजगाईं, लक्ष्मीप्रसाद बजगाईं । **शिक्षा :** प्रवेशिका । **सेवा :** लोकसाहित्य अनुसन्धान । **पहिलो रचना :** वसन्तकी कोइलीसँग (कविता, दोभान पत्रिका, धरान, २०२१) । **कृति/सृजना :** भावनाका सुसेली (कवितासङ्ग्रह, २०५३), आमा (खण्डकाव्य), बजगाई वंशावली । **सम्पादन/अनुवाद :** साहित्य सौगात (त्रैमासिक, २०३९), नारायणवर्म कवच (अनु. २०५३) । **पुरस्कार/सम्मान :** साहित्यगोष्ठीहरूमा विभिन्न पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** इनरूवा -५, सुनसरी । **फोन :** ०२५-५६१४४० ।

शशी भण्डारी (शशीराम भण्डारी)

(कवि/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र ३१, कमलाक्षी, असन,

काठमाडौँ । निधन : २०६७ चैत्र । **माता/पिता :** चिनुदेवी भण्डारी, भुवनेश्वर भण्डारी । **शिक्षा :** बी.एस्सी., बी.ए. । **सेवा :** पर्यटन व्यवसाय, अध्यापन, गायन-सङ्गीत । **पहिलो रचना :** विडम्बना (कविता, नयाँ सन्देश, २०१७) । **कृति/सृजना :** क्षितिजसँगैको आकाश (कविता-सङ्ग्रह, २०५८), सम्झनाका तरेली (यात्रानिबन्धसङ्ग्रह, २०५८), लक्ष्मी दिदी (उपन्यास, २०६०), उही क्षितिज उही आकाश (कवितासङ्ग्रह, २०६१), शीतको जून (हाइकुसङ्ग्रह, २०६१), डाँडावारिको घाम (ताङ्कासङ्ग्रह, २०६२), विचलन (उपन्यास, २०६२) । थुप्रै गीतहरूको गायन रेकर्ड तथा देश-विदेशमा दर्जनौँपटक सांस्कृतिक कार्यक्रम प्रस्तुत । **सम्पादन/अनुवाद :** कविताञ्जलि (कवितासङ्ग्रह, २०१७), किङ्डम अफ नेपाल (गाइड बुक, २०५३), नेसनल पार्कस् अफ नेपाल (नेपालका राष्ट्रिय निकुञ्जहरूको गाइड बुक, २०५५), शब्दाञ्जलि (कवितासङ्ग्रह, २०५८), शब्द-सुमन (कवितासङ्ग्रह, २०५९), नव-कविता (उपसम्पादक) । **पुरस्कार/सम्मान :** वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । विश्व हिन्दू महासङ्घबाट प्रशंसापत्रद्वारा सम्मान (२०५८), एकीकृत विकास केन्द्र, बनेपाबाट सम्मान (२०६१) । **सम्पर्क ठेगाना :** त्रिपुरेश्वर, काठमाडौँ । **फोन :** ०१-४२४८२५५ ।

शशी रिमाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९३ मङ्सिर शुक्ल पञ्चमी, डिल्लीबजार, काठमाडौँ । **माता/पिता :** लोकप्रियादेवी, लोकनाथ जोशी घिमिरे । **शिक्षा :** एस.एल.सी. । **सेवा :** साहित्य, समाजसेवा । **कृति/सृजना :** कविता कुञ्ज (कवितासङ्ग्रह, २०४२), स्मृतिका झस्काहरू (कथा संस्मरण सङ्ग्रह, २०५३) । **सम्पादन/अनुवाद :** लोकप्रियादेवी (कविता-सङ्ग्रह, २०४५), कवि लोकप्रिया देवीको स्मृति स्मारिका (२०४५) । **हालको ठेगाना :** नक्साल, नागपोखरी, काठमाडौँ । **फोन :** ४४१०१२० ।

शशी लुमुम्बू (प्रशान्त, शलु, शरद्, प्रकाश)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ वैशाख १, याकु, भोजपुर । **माता/पिता :** लक्ष्मीमाया, श्रीमान रम्तेल । **शिक्षा :** स्नातक (पत्रकारिता) । **सेवा :** पत्रकारिता, चलचित्र (पटकथा/संवादलेखन) । **पहिलो रचना :** सुनौलो आवाज (कविता, काँचुली, २०४६) । **कृति/सृजना :** पहाडबूढो (कवितासङ्ग्रह, २०६२), बेनजिर भुट्टो : रक्तरञ्जित जीवनकथा (जीवनी, २०६४) । **सम्पादन/अनुवाद :** प्रवाह (साहित्यिक पत्रिका, २०४७), उत्सव (साहित्यिक त्रैमासिक, २०५१), गोलार्ध (साहित्यिक द्वैमासिक, २०५२), कलापुञ्ज (सिने मासिक, २०५५), भोजपुर स्मारिका (२०५८), विमोचन (मासिक, २०६०), सुनौलो स्वर्ग नेपाल (मासिक, २०६१), लोकतन्त्र (मासिक, २०६३), सुनाखरी साहित्यिक (२०६८), भोजपुर महोत्सव (२०६८) । **पुरस्कार/सम्मान :** नेपाली प्रतिभा पुरस्कार (बेलायत, २०६५) । **हालको ठेगाना :** काठमाडौँ (writershalu@yahoo.com) । **फोन :** ९८४१३६५०२२ ।

शशीविक्रम शाह (शशी शाह)

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. १९९७ चैत १७, भोटेबहाल, काठमाडौँ । **माता/पिता :** ईश्वरी शाह, चूडाविक्रम शाह । **शिक्षा :** स्नातक (कला, बम्बई, भारत) । **सेवा :** त्रि.वि. सेवा । **पहिलो रचना :** प्रथम प्रदर्शनी २०२५ । **कृति/सृजना :** बीसौँ पटकभन्दा बढी नाफामा चित्रकलाप्रदर्शनी साथै भारत, बङ्गलादेश, पाकिस्तान, जापान, अमेरिका, रुस, दक्षिण कोरिया, अष्ट्रेलिया आदि देशहरूमा पनि कलाप्रदर्शनी गरेको । वीरेन्द्र आर्ट ग्यालरी (काठमाडौँ), ने.रा.प्र.प्र. (काठमाडौँ), क्यान्स (त्रि.वि., काठमाडौँ), अमेरिका, जापान, आदि देशहरू लगायत व्यक्तिगत रूपमा कलाहरू सङ्गृहीत । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (राष्ट्रिय कलाप्रदर्शनी, नाफा, इ.सं. १९७०), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (२०३५), राष्ट्रिय शिक्षा पुरस्कार (२०४०), गोरखा दक्षिणबाहु (२०५४) । **हालको ठेगाना :** १/११६ कुपण्डोल, ललितपुर । **फोन :** ५५२०३१९, ५५२४१०० ।

शान्तकुमार राई

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१९ भदौ, जोगमाई, खोलागाउँ, इलाम । **माता/पिता :** दुर्गाकुमारी राई, हर्कवीर राई । **शिक्षा :** बी.एफ.ए. (चित्रकला) । **सेवा :** चित्रकारिता, ललितकला प्रज्ञा-प्रतिष्ठान (सदस्य, २०६७) । **पहिलो रचना :** सामूहिक चित्र प्रदर्शनी (२०३७) । **कृति/सृजना :** सामूहिक चित्रकलाप्रदर्शनी (नेपाल लगायत भारत, बेल्जियम, बेलायत आदि देशमा २०३७ देखि २०६१ सम्म जम्मा चौधपटक) । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (ललितकला क्याम्पस, २०३८, रङ्गलाल बाङ्देल स्मृति पुरस्कार, २०५६) । कृषि विकास बैङ्क कर्मचारी सङ्घ, काठमाडौँबाट सम्मान । **हालको ठेगाना :** सैंबु, भैंसेपाटी, ललितपुर । **फोन :** ५५९०४१७

शान्तदास मानन्धर

(निबन्धकार, बालसाहित्य स्रष्टा, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९१ वैशाख २८, झोँछेँ, काठमाडौँ । **माता/पिता :** मथुरी मानन्धर, चिनियाँ मानन्धर । **शिक्षा :** स्नातक । **सेवा :** बालसाहित्य, पत्रकारिता, अनुवाद । **पहिलो रचना :** हु आएम आई (निबन्ध, मुखपत्र, २०१४) । **कृति/सृजना :** सम एस्सेज (निबन्ध, अङ्ग्रेजी भाषा, सहलेखन, २०१५), मरुभूमिमा एक राज्य (कथासङ्ग्रह, २०२०), बसिबियाँलो (निबन्धसङ्ग्रह, २०३९), छुचाउ भौचा (निबन्धसङ्ग्रह, नेपाल भाषा, २०५७), मचा बाखं पुचा (बालसाहित्य, भाग, १-३), पानीको कथा (निबन्धसङ्ग्रह, २०५८), हाम्रा बालबालिकाहरू र बालसाहित्य (२०५९), विद्यार्थी र विद्यालयबारे (निबन्धसङ्ग्रह, २०६१), प्रजातन्त्रबारे मामुली नेपालीको टिप्पणी (निबन्धसङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** बालकोसेली (बालपत्रिका, सम्पादन, २०५२) । चिनियाँ लेखक लु स्युनको रचना - आह क्युको साँचो कथा र बौलाहाको डायरी (अनु. २०२२), लु स्युनका निबन्धहरू (अनु., २०५६), चिनियाँ नीतिकथा (अनु.), हान्स एन्डरसनका कथाहरू - कथाकोसेली भाग ३ र ६ मा हिउँकी रानी, सानी जलपरी, यात्राको साथी, चकमकको बट्टा, भद्दा चिउँडो, उड्ने बाकस (अनु.) । **पुरस्कार/सम्मान :** बालसाहित्य प्रवर्द्धन पुरस्कार (२०५४), अभियान साहित्य पुरस्कार (२०६०), बालहितकारी पुरस्कार (२०६१) । हृदयचन्द्रसिंह स्मृति सम्मान (२०५७), देवकोटा बालसाहित्य पुरस्कार (२०६९) । **हालको ठेगाना :** झोँछेँ, काठमाडौँ । **फोन :** ४२४१९६६ ।

शान्तराज शाक्य (सारासा)

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१४ चैत २७, क्वाथबहाल, न:टोल, ललितपुर । **माता/पिता :** रत्नमाया शाक्य, गङ्गाराज शाक्य । **शिक्षा :** एस.एल.सी. । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** नँ न्याःया वा मगाः (लेख, २०३४) । **कृति/सृजना :** नेपालभाषाया हनेबपिं (व्यक्तित्व, २०५६), उखेंथुखें मलाःगु बाखंचा (लघुकथा, २०५६), लुफिं (उपन्यास, २०५७) केही गीतरचनाहरू रेकर्ड भई प्रसारण भएका । **सम्पादन/अनुवाद :** वसुन्धराया अन्तिम निर्णय (लेख, २०३८), पुलांगु भजन (स्व. धर्मराज शाक्य, २०५९) । **पुरस्कार/सम्मान :** स्वर्ण पदक (ब्वाला क्लब पाटन, २०३६), न्हुगु विश्वभूमि सिरपा (२०४९) । ललितपुर उपमहानगरपालिकाद्वारा सम्मान (२०५१) । **हालको ठेगाना :** ल.उ.म.न.पा. -२०, ललितपुर । **फोन :** ५५२७४०९

शान्तराम गिरी 'अब्जसी'

(अभिनेता, लेखक नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ चैत्र १५, पर्वत । **माता/पिता :** चन्द्र गिरी, सहजानन्द गिरी । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, अभिनय, सङ्गीत । **पहिलो रचना :** कविता प्रकाशन (नारायणगढ उद्योग वाणिज्य सङ्घको स्मारिका, २०३५) । **कृति/सृजना :** अक्षराङ्कन विधि (कलासम्बन्धी, २०४८), हाम्रो कला र संस्कृति (२०६७) । लोभीपापी, आमाको माया, विषालु, सारङ्गी, घरसंसार, यो कस्तो मायालगायत तेह्रओटा चलचित्रमा अभिनय । गीतलेखन तथा गायन । **हालको ठेगाना :** बुटवल न.पा. -११, रूपन्देही । **फोन :** ९८५७०२६५४४, ०७१-५४५१५४ ।

शान्तहर्ष वज्राचार्य

(लेखक/सम्पादक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९४ साउन कृष्णतृतीया, नघलटोल गँबहाल, काठमाडौँ । **माता/पिता :** नानीमाया वज्राचार्य, दिव्यहर्ष वज्राचार्य । **शिक्षा :** आचार्य (संस्कृतसाहित्य), एम.ए. (नेपाली) । **सेवा :** निजामती सेवा, प्राध्यापन । **पहिलो रचना :** रसमञ्जरी (नेपालभाषा, २०३५) । **कृति/सृजना :** संदेयालिस: न्हचसयालिस: (प्रश्नोत्तर कृति, ने.सं. ११०८), अर्हतनन्द महाकाव्यया विवेचना (विवेचना, ने.सं. १११०), पद्यपुच:या संस्कृत शब्दार्थ व अर्थ (ने.सं. १११०) । **सम्पादन/अनुवाद :** कृष्णचरित्र (नाटक), मदन चरित्र (नाटक), ययात्युपाख्यान (नाटक), शारङ्गधरीय शब्दकोश, मल्लकालया नेपालभाषा नाटकया धल: पौ (ने.सं. ११०५), न्यायविकाशिनी, उर्वशी (खण्डकाव्य, सिद्धिचरण श्रेष्ठको अनुवाद, २०३५), बल्चाधंगु नेवा: खंग्व:धुकू (२०४४), जुजु रणजित मल्लया षड्दर्शन (ने.सं. १११२), दबू प्याखं पुच:या न्ह्यस:लिस: (२०४७), जुजु रणजित मल्लया वीर वीरणी प्याखं (ने.सं. १११३, संयुक्त सम्पादन) स्वयम्भू महापुराण (नेपाल भाषामा अनुवाद, २०५८), सुखावती व्यूह सूत्र (नेपाली भाषामा, २०५८) । **पुरस्कार/सम्मान :** जानपद सेवा पदक (२०३०), दीर्घसेवा पदक । **हालको ठेगाना :** घर नं. ३२, बुद्धनगर, काठमाडौँ । **फोन :** ४७८०४२३

शान्ता पोखरेल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९८२ डिल्लीबजार, काठमाडौँ । **माता/पिता :** ललिता जोशी, तोयराज जोशी । **शिक्षा :** म्याट्रिक पास । **सेवा :** नर्सिङ्ग सेवा, राजनीति । **कृति/सृजना :** विकास र नारी (२०३२), शिशु उपहार (२०३२), एक फूल अनेक रङ (सांस्कृतिक प्रबन्धसङ्ग्रह, २०३६), जीवनका डोबहरू (२०५२) । **सम्पादन/अनुवाद :** स्वास्नीमान्छे (औपन्यासिक निबन्ध, अनुवाद, २०१६) । **पुरस्कार/सम्मान :** श्री वल्लभ लखौटिया सम्मान पुरस्कार (२०५९), नागरिक अभिनन्दन विराटनगर (२०५५), सीताराम प्रज्ञा प्रतिष्ठान आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना :** विराटनगर - ११, मोरङ / काठमाडौँ । **फोन :** ०२१-५३०१८०/४४७९०२०

शान्ता मानवी

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ वैशाख २६, अर्घाखाँची । **माता/पिता :** विष्णुकुमारी उपाध्याय, पीताम्बर उपाध्याय । **शिक्षा :** प्रमाणपत्र तह । **सेवा :** राजनीति, समाजसेवा, साहित्य । **पहिलो रचना :** उषा (कविता, दैनिक निर्णय पत्रिका, २०३७) । **कृति/सृजना :** मानवीका रचना (निबन्धसङ्ग्रह, २०६५) । **पुरस्कार/सम्मान :** पारिजात सङ्घर्षशील नारी पुरस्कार (२०६२), साहित्य सन्ध्या पुरस्कार (२०६५) । मोतीदेवी श्रेष्ठ सम्मान (२०६५), विशेष राष्ट्रिय नारी सम्मान (२०६५), मातृभूमि महिला समाज सम्मान (२०६८) लगायत विभिन्न सङ्घसंस्थावाट अभिनन्दन तथा सम्मानहरू । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ (shanta.manavi@yahoo.com) । **फोन :** ०१-४४९०४२४, ९८४१५२६३०९ ।

शान्ता श्रेष्ठ

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ फागुन ३१, क्षेत्रपाटी, काठमाडौँ । **माता/पिता :** मोहनमाया श्रेष्ठ, आनन्दलाल श्रेष्ठ । **शिक्षा :** एम.कम. (त्रि.वि.) । **सेवा :** रेडियो नेपाल, लाइब्रेरियन । **पहिलो रचना :** शुभकामना (कविता, महिला आदर्श, २०१३) । **कृति/सृजना :** सारङ्गीमा नअटाएका सुर (कथासङ्ग्रह, २०४२), दिन होइन साँझपछिको रात (रेडियो नाटकसङ्ग्रह, २०४६), बोलाएँ मैले बिहानी (कवितासङ्ग्रह, २०४७), तेत्तीस पुतली (आत्मसंस्मरण, २०५०), खाली हात (संस्मरण, २०५२), सङ्घर्षभित्रका अनौठा पाइला (२०५८), दिल वैराग (कथासङ्ग्रह, २०५९), घाउ उसको : दुखाइ मेरो (उपन्यास, २०६०), शान्ता श्रेष्ठका कथाहरू (२०६२) । करिब ८० ओटा रेडियो नाटक लेखन तथा प्रसारण । **पुरस्कार/सम्मान :** लोकप्रिया पुरस्कार (२०५७), पारिजात सङ्घर्षशील

नारी पुरस्कार (२०६०), तुलसी-पूर्ण-भक्त पुरस्कार (२०६२)। पुराना राजनीतिक कार्यकर्ता सम्मान (२०४९), रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सङ्घद्वारा कदरपत्र (२०५४), प्रजातन्त्र सेनानी सम्मान (२०५५), अखिल नेपाल महिला सङ्घ कदरपत्र (२०५८), हीराबहादुर खड्का साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०५९), त्रिभुवन स्मारक समितिद्वारा विशेष कदरपत्र (२०६१), रत्नराज्यलक्ष्मी शाहको ७८औं शुभजन्मोत्सवको अवसरमा सम्मान (२०६२)। **हालको ठेगाना :** बत्तीसपुतली, बानेश्वर, काठमाडौं । **फोन :** ४४७३०११ ।

शान्तिकुमारी राई

(कवि, नेपाली/चामलिङभाषा)

जन्म/स्थान : वि.सं. २०१३ फागुन ३, माझागाउँ, उदयपुर । **माता/पिता :** मङ्गलसरी राई, शमशेरलाल राई । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), बी.एड. (नेपाली) । **सेवा :** प्रशासन, अनुसन्धान, प्राध्यापन । **पहिलो रचना :** एक गीत (कविता, वेदना द्वैमासिक, २०३५) । **कृति/सृजना :** दश कविता (गीतिकवितासङ्ग्रह, २०३४, लिथो), सङ्घर्षशील जीवन (गीतिकवितासङ्ग्रह, २०४१), आमाको सम्झना (गीतिकवितासङ्ग्रह, २०५४), हैकामा (गीतिकवितासङ्ग्रह, चाम्लिङभाषामा, २०६१) । **सम्पादन/अनुवाद :** मिचुङ (डुङ काम्मारी शाछाम्, चाम्लिङ भाषामा, २०६१), उदयपुरे चाम्लिङ आवाज (वार्षिक मुखपत्र, २०६१) । **पुरस्कार/सम्मान :** म्यूजिक डट कम सम्मान (२०६१) । **हालको ठेगाना :** डिल्लीबजार, घट्टेकुलो, काठमाडौं । **फोन :** ४७७०९६० ।

शान्ति चौधरी 'थारू'

(लेखक, नेपाली/थारूभाषा)

जन्म/स्थान : वि.सं. २०११ पुस १३, नक्साल चारढुङ्गे, काठमाडौं । **माता/पिता :** राधिकादेवी चौधरी, राधाकृष्ण चौधरी । **शिक्षा :** आई.एल. । **सेवा :** सामाजिक सेवा, लेखन, ग्रामीण विकास । **पहिलो रचना :** लेख प्रकाशन (जानकी पत्रिका, २०३१ तिर) । **कृति/सृजना :** शान्तिको आत्मकथा (कृति, २०४७), सृजनाको गीत र कविताको सँगालो (२०४९), गाउँमा हिँड गाउँमा जाऊँ (२०४९), बिगडल तोहर थारू समाज हे (२०५१), भेदभाव विरुद्धको युद्ध (२०५१), निम्न तहका जनताको आवाज (२०५२), कमैया (थारू भाषा, २०५२), हमर दुधु (मेरी आमा, २०५३), बेटी (२०५४), दालभात/लन्चडिनर (२०५४), मानिस किन गरीब हुन्छ ? (२०५४), बाराके जनजाति थारू के संरक्षण खातिर नेतृत्व के विकास (२०५५), आवाज (२०५५), जागृति (२०५६), कोफी अनान (२०५६), आदर्श (२०५७), मेरो रगत सद्दामको लागि (२०५७), मुक्त कमैया के वर्तमान हालत (२०५७), प्रेरणा र दलित (२०५९), थारू संस्कृति/साहित्यका केही हास्यव्यङ्ग्य पक्षहरू (२०६२) लगायत ४७ ओटा कृतिहरू प्रकाशित । **पुरस्कार/सम्मान :** अशोका फेलोसिप (यु.एस.ए.), राष्ट्रिय पारिजात पुरस्कार (२०५६), राममाया राष्ट्रिय दलित महिला सेवा पुरस्कार (महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०५८) । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (२०५५), बारा-काठमाडौं सम्पर्क मञ्च, ने.क.पा. (एमाले) (२०५७), राष्ट्रिय आदिवासी/जनजाति महिला महासङ्घ (२०५९), नेपाल किङडम लायन्स क्लव, पोखरा (२०६०), हाम्रो नेपाल सामाजिक संस्था, महिला समाज कल्याण केन्द्र बौद्ध आदि सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन तथा सम्मान । **हालको ठेगाना :** पो.ब.नं. ५४८४, धापासी, काठमाडौं । **फोन :** ४३५४६४४, ४४१०८२९ ।

शान्तिनारायण श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ भदौ १७, शिवालय-६, कुश्मा बजार, पर्वत । **माता/पिता :** मानकुमारी श्रेष्ठ, रूपनारायण श्रेष्ठ । **शिक्षा :** एस.एल.सी. । **सेवा :** सरकारी सेवा, चित्रकला, लोकगीत सङ्कलन, गीत लेखन तथा गायन । **पहिलो रचना :** शुभेच्छा (कविता, आँकुरो, हस्तलिखित पत्रिका, २०१८) । **कृति/सृजना :** गुप्तेश्वर (खण्डकाव्य, २०२७), झङ्कार (गीतसङ्ग्रह, २०५६), स्पन्दन (गीतसङ्ग्रह, २०५६), विसङ्गति (मुक्तकसङ्ग्रह, २०५६), बैंसका सुसेलीहरू (गीतसङ्ग्रह, २०५७), बाडुल्की (गीतसङ्ग्रह, २०५७), अनुभूति (गजलसङ्ग्रह, २०६०), स्मृतिका लहरहरू (शोककाव्य, २०६०), अवतरण (हाइकुसङ्ग्रह, २०६१), अनावरण (ताङ्कासङ्ग्रह, २०६२), संस्मरण (नियात्रा, २०६२), अजम्बरी माया (गजलसङ्ग्रह, २०६३), अन्तर्ध्वनि (चोकासङ्ग्रह, २०६४), खाटा बस्न नसकेका घाउहरू

(मुक्तकसङ्ग्रह, २०६६), अपेक्षा (सेदोकासङ्ग्रह, २०६७) । आजै छ लगन (लोकदोहोरी गीतिएल्वम), हिले पानी गाउँमा (लोकदोहोरी गीतिएल्वम) । गुप्तेश्वर धार्मिक तथा पर्यटकीय क्षेत्र गुप्तेश्वर गुफाको (परिकल्पना, लेखन तथा निर्देशन, वृत्तचित्र) । **सम्पादन/अनुवाद** : आँकुरो (हस्तलिखित, २०१८), पर्वत (मासिक बुलेटिन, २०२१), पर्वतमाला (अर्धवार्षिक साहित्यिक पत्रिका, २०२२), सगुन (साहित्यिक पत्रिका, २०५४) । **पुरस्कार/सम्मान** : जानपद सेवा पदक (२०२३), जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम (२०३१), दोस्रो राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा स्वर्णपदक (२०४०), रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०६१), राष्ट्रिय गजल प्रतियोगितामा द्वितीय (२०६४) । पतञ्जलि योग समाज, पर्वत जेसीज कुश्मा, प्रतिभा साहित्य समाजलगायत करिब दुई दर्जन सङ्घसंस्थाबाट सम्मान तथा प्रशंसापत्र प्राप्त । **हालको ठेगाना** : शिवालय - ६, पर्वत । **फोन** : ०६७-४२०३१९, ९८५७६३०१९८ ।

शान्ति मास्के

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. १९८३ असोज ६, आँपपीपल, गोरखा । निधन : वि.सं.२०६८, काठमाडौँ । **माता/पिता** : विष्णुमाया श्रेष्ठ, यज्ञबहादुर सिंह श्रेष्ठ । **शिक्षा** : साधारण । **सेवा** : महिला सङ्गठन, महिला सिप विकास परियोजना, अभिनय, समाज सेवा । **पहिलो रचना** : २००७ सालमा प्रजातन्त्र रेडियो विराटनगरबाट गायनवाट कलाक्षेत्रमा प्रवेश गरी "नेपाली अघि बढ हातमा शान्ति झन्डा लिई ..." बोलको गीत रानुदेवीसँगै गाएको । **कृति/सृजना** : हिजो आज भोलि, सिन्दूर, जीवनरेखा, कान्छी, सन्तान, शान्तिदीप, के घर के डेरा, विश्वास, पछ्यौरी, दाजुभाइ, पिरती, भुल, कस्तूरी, तपस्या, बलिदान, द कमाण्डो, नासो, आवारा, मजदुर, तँ त साह्रै बिग्रिस् नि बद्री, महामाया, देउकी, गौंथली, बाचाबन्धन, मामाघर, मन मन्दिर, पागल छ यो मन, फेरि अर्को साइनो आदि ठूलो पर्दाका चलचित्रमा अभिनयका साथै पीपलडाँडा (किस्सा काठमाडौँका, हिन्दी), पञ्चवटी (हिन्दी) चलचित्रमा पनि अभिनय । 'अमर विवाह', 'रानी' (बङ्ग गोर्खा एशोसिएशन कलकत्ता) बालकृष्ण समको 'अन्धवेग' (२०१०), 'फर्केर हेर्दा (ने.रा.प्र.प्र., २०३३) आदि नाटकहरूमा अभिनय । **पुरस्कार/ सम्मान** : उर्वशी रङ्ग पुरस्कार (२०४७), दशक अभिनेत्री पुरस्कार (२०५१), प्रिया अवार्ड (२०५१), गोरखा दक्षिणबाहु चौथो (२०५२), हरित तारा पुरस्कार (२०५२), सम्मान साधना पुरस्कार (२०५५), हिरण्यकुमारी कार्की पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६) । सर्वश्रेष्ठ चरित्र अभिनेत्री सम्मान (२०४४), अभिनय चरित्र कलाकर्मी सम्मान (२०४५), श्री ५ को सरकारवाट सम्मान (२०५१), पूर्वाञ्चल सांस्कृतिक संवर्द्धन केन्द्रबाट सम्मान (२०५४), कलानिधि इन्दिरा सङ्गीत महाविद्यालय सम्मान (२०५६), त्रिवेणी अभिनन्दन सम्मान (२०५६), ॐ प्रोडक्सन प्रा.लि. द्वारा सम्मान (२०५७), द रेयुकाई नेपालद्वारा सम्मान (२०५७), सांस्कृतिक युनेस्को क्लवद्वारा सम्मान (२०५७), प्रतिभा कला मन्दिरवाट सम्मान (२०५८), । **सम्पर्क ठेगाना** : थसीखेल-१३, ललितपुर । **फोन** : ५५२२७२७ ।

शान्तिराम राई

(सङ्गीतकार/गायक)

जन्म/स्थान : वि.सं. २०२७ भदौ २३, दिक्तेल-७, सोल्मा, खोटाङ । **माता/पिता** : मनहिरा राई, राहामान राई । **शिक्षा** : एम.ए. (समाजशास्त्र), एम. म्यूज (सङ्गीतशास्त्र) । **सेवा** : सङ्गीत, नेपाल सङ्गीत-नाट्य प्रज्ञा-प्रतिष्ठान (प्राज्ञ सभासद्, २०६७) । **पहिलो रचना** : कसम नखाऊ टाढा हुने... बोलको गीत गायन (रेडियो नेपाल, २०४७) । **कृति/सृजना** : माई फिफ्टिन इयर (म्युजिकल बायोग्राफी कृति, २०६१), सङ्गीत वाद्यवादन (पाठ्यक्रम, कक्षा ९-१०, २०६२), मेरो सङ्गीत (पाठ्यक्रम, कक्षा १-८ सम्म) । आयाम (आधुनिक सङ्गीत, २०५३), मायाजाल (लोकगायन, २०५५), परदेशी (आधुनिक सङ्गीत, २०५६), मिनी बसैमा (गायन, २०५७), सोमबारे हाटैमा (लोकगायन, २०५८), मान्छेका गीतहरू (आधुनिक सङ्गीत, २०५८), साधना ५९ (आधुनिक सङ्गीत, २०५९), आगमन (आधुनिक गायन, २०६०), मुसुक्क हाँसेर (लोकदोहोरी, २०६२), मेरो सङ्गीत (आधुनिक, पप, राष्ट्रिय, भाग १ देखि ६ सम्म सङ्गीत, २०६४), मेरो साङ्गीतिक यात्रा (म्युजिक भी.डी.ओ., २०६४), उत्साह (आधुनिक सङ्गीत, २०६६), द लाइफ (२०६६), समर्पण (२०६८), सुकृत (सी.डी. २०६९), आदि एकल गीति एल्बमहरू । मनै त हो (नेपाली चलचित्र, सङ्गीत, २०५७) लगायत करिव एक हजार जति गीतहरूमा सङ्गीत संयोजन । विभिन्न कार्यक्रमको अडियो तथा भिडियो जिङ्गल निर्माण/ निर्देशन । **सम्पादन/अनुवाद** : खोटाङ स्मारिका (२०५७) । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट सङ्गीतकार (युगकवि सिद्धिचरण राष्ट्रिय सङ्गीत प्रतियोगिता, २०४९, वातावरण राष्ट्रिय

सङ्गीत प्रतियोगिता, २०५१, राष्ट्रव्यापी आधुनिक गीत प्रतियोगिता सम्मेलन, रेडियो नेपाल, २०६१), 'विशिष्ट श्रेणी'को सङ्गीतकार (रेडियो नेपाल) र युवा प्रतिभा सम्मान (आरोह सांस्कृतिक समूह, काठमाडौँ, २०५६, पूर्वाञ्चल सांस्कृतिक संवर्द्धन केन्द्र, काठमाडौँ, २०५६), सरगम सांस्कृतिक कलाकेन्द्र, धरान २०५८, खोटाङ सेवा समाज, काठमाडौँ, २०६०), दोस्रो सर्जक सम्मान (इनस्टाइल प्रोडक्सन प्रा.लि., २०६१), रावासावा प्राज्ञिक समाजद्वारा सम्मान (२०६८), किरात राई यायोक्खा पुरस्कार (२०६८), इमेज अवार्ड (२०६८), युवा प्रतिभा सम्मान (खोटाङ समाज बेलायत, २०६९) लगायत थुप्रै । **हालको ठेगाना :** इमाडोल, ललितपुर / दिक्तेल -७, खोटाङ (shantiram9@gmail.com) । **फोन :** ९८५१०४६६३० ।

शान्ति रिसाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२९ जेठ २, बौद्ध महाङ्काल, काठमाडौँ । **माता/पिता :** उषा न्यौपाने, गणेशकुमार न्यौपाने । **शिक्षा :** एम.ए.(नेपाली), बी.एड. । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** म एक नारी हुँ (कविता, दीपशिखा, २०५५) । **कृति/सृजना :** म दुख्छु या मन (कवितसङ्ग्रह, २०६५) । **सम्पादन/अनुवाद :** अभिनव (त्रैमासिक पत्रिका) । **पुरस्कार/सम्मान :** महाकवि देवकोटा शताब्दी स्वर्णपदक (२०६७), पशुपति सम्मान । **हालको ठेगाना :** आरुबारी, जोरपाटी, काठमाडौँ । **फोन :** ९८४१५३६०६८, ४९१३८३०

शारदा अधिकारी ढकाल

(बालसाहित्यस्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ मङ्सिर ३, सानेटारी, गागलफेदी, काठमाडौँ । निधन : २०६५ कात्तिक २४ । **माता/पिता :** सरला ढकाल, दामोदर ढकाल । **शिक्षा :** स्नातकोत्तर (नेपाली भाषा र साहित्य) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** अस्तित्वको खोजीमा (कविता, दीपशिखा, २०३९) । **कृति/सृजना :** चिन जान हामीलाई (बाल कवितासङ्ग्रह, २०५३), परख प्रयत्न (समीक्षासङ्ग्रह, २०५५), केही अमर मानिस (बालसन्दर्भ सामग्री संयुक्त २०५७), बाइस पाटन त्रिपन्न ताल (बालसन्दर्भ सामग्री, संयुक्त, २०५७), कथाको किताब (बाल कथासङ्ग्रह, २०५८), मिलिजुली घर (बाल चित्रकथा, २०५८), हेरौँ साथी (बाल चित्रकविता, २०६०), मुसाको बसाइँ (बाल चित्रकथा), जन्मदिन (बाल चित्रकथा, सहलेखन, २०६१), वनभोज (बाल चित्रकथा, सहलेखन, २०६१), रमाइलो मेला (बाल चित्रकथा, सहलेखन, २०६१), हराएकी छोरी (बाल कथासङ्ग्रह, २०६१), ओहो ! मैले त भन्नै बिर्सेछु (बालकथा, २०६३) । **सम्पादन/अनुवाद :** बाल साहित्य (वार्षिक मुखपत्र), नेपाली वाङ्मय समालोचना, खाद्य सुरक्षा र पोषण, नमुना शिक्षक । **सम्पर्क ठेगाना :** २५, शास्त्रीमार्ग, मैतीदेवी, काठमाडौँ । **फोन :** ४४१७३४९ ।

शारदा कोइराला

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ असार ३२, दावाँ, भोजपुर । **माता/पिता :** हिमादेवी, उमानाथ कोइराला । **शिक्षा :** एम.ए. (अर्थशास्त्र/नेपाली), डिप इन ल. । **सेवा :** न्याय सेवा । **पहिलो रचना :** दिन फिऱ्यो (कथा, पञ्चायत मासिक, २०२६) । **कृति/सृजना :** कर्णालीको सम्झना (नियात्रा, २०५३), पोथी बासेको घर (हास्यव्यङ्ग्य निबन्ध, २०६०), एक दिन (कथासङ्ग्रह, २०६२), नवीकृत (बाललोककथा, २०६३) । **हालको ठेगाना :** बालकोट, भक्तपुर । **फोन :** ९८४११५८३८१ ।

शारदा चित्रकार

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९४१ डिसेम्बर १२, तँलाछी, त्यौड, काठमाडौँ। **माता/पिता :** मनकेशरी चित्रकार, तेजबहादुर चित्रकार । **शिक्षा :** बी.ए., ललितकला । **सेवा :** जनक शिक्षा सामग्री केन्द्र, कलाकारिता । **पहिलो रचना :** राष्ट्रिय कलाप्रदर्शनी (२०२३) । **कृति/सृजना :** एकल कलाप्रदर्शनी दुई पटक (जीवन र प्रकृति नामक, २०५९, बुंगद्यौ अर्थात् रातो मच्छिन्द्रनाथको बाह्र वर्षे मेलामा प्रत्यक्ष अध्ययन गरी तयार गरेका चित्रकलाहरू, -२०६०), विभिन्न सामूहिक कलाप्रदर्शनीमा

पटक-पटक सहभागी । नेपालका विभिन्न स्थानलगायत अष्ट्रेलिया, स्विट्जरल्याण्ड, जर्मनी, भारत आदि देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : राष्ट्रिय कलाप्रदर्शनीमा पुरस्कृत (२०२३) । **हालको ठेगाना** : पूर्णचण्डीमार्ग, जाउलाखेल, ललितपुर (kbc@mos.com.np) । **फोन** : ५५२८६७१ ।

शारदाप्रसाद शर्मा 'शाधिपा'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४ भदौ १५, पातलेखेत -३, काभ्रे । **माता/पिता** : चन्द्रकुमारी धिताल (देव), रुद्रलाल शर्मा धिताल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र), बी.एल., बी.एड. । **सेवा** : निजामती सेवा, प्राध्यापन । **पहिलो रचना** : सिन्धु (कविता, सिन्धु मासिक, २०३१) । **कृति/सृजना** : पातलेखेत (सङ्क्षिप्त चिनारी, २०५०), यो त किनेरै पढिदिनुहोस् है (कवितासङ्ग्रह, २०५६), धिताल कुलदेवता पूजा विधि (धर्म संस्कृति लेख, २०६०) । **सम्पादन/अनुवाद** : कर्मसुधा (त्रैमासिक, २०४७), भुजङ्ग (स्मारिका, २०५२), बनेपा महोत्सव स्मारिका (२०५५), धिताल वंशावली (२०६२) । **हालको ठेगाना** : धुलिखेल -७, बखुण्डोल, काभ्रे । **फोन** : ०११ - ६६२६३१

शारदामान श्रेष्ठ

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. २००९ फागुन १०, मखनटोल, काठमाडौँ । **माता/पिता** : रत्नेश्वरी श्रेष्ठ, केदारमान श्रेष्ठ । **शिक्षा** : आई.एफ.ए. । **सेवा** : कला-साधना । **कृति/सृजना** : राष्ट्रिय कलाप्रदर्शनी (नाफा), सामूहिक कलाप्रदर्शनी (नेपाल, भारत र बङ्गलादेश) । **पुरस्कार/ सम्मान** : गोरखा दक्षिणबाहु पाचौँ (इ.सं. २००३), कलाप्रदर्शनी तथा प्रतियोगिताहरूमा करिब १ दर्जनपटक प्रथम तथा अन्य पुरस्कार (इ.सं. १९७४-२००३) । **हालको ठेगाना** : लेखनाथ सडक -४७४, ठमेल, काठमाडौँ ।

शारदारमण नेपाल

(बालसाहित्य स्रष्टा, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३, नर्जा, नुवाकोट । **माता/पिता** : सुमित्रादेवी, तीर्थराज नेपाल । **शिक्षा** : स्नातक, शास्त्री (संस्कृत-साहित्य) । **सेवा** : अध्यापन, प्राध्यापन, साहित्य सेवा, पत्रकारिता । **पहिलो रचना** : हाम्रो मिलन (कविता, नयाँ पाइलो, बनारस, २०२२) । **कृति/सृजना** : यी हाम्रा सन्तमानहरू (२०४६), फूलबारीको चरी, जूनतारा, हात्ती, मान्छे बच्चा बालक म, महाभारत कथा (भाग १-२), पुतली, हजुरबाको थाल, दिदीभाइ मिलिजुली, खलाँती बाजे, गौँथलीको गुँड, पासाङ ल्हामुको जीवनी, वैज्ञानिकहरूको जीवनी । **सम्पादन/अनुवाद** : नयाँ पाइला (पत्रिका, २०१९), त्रिशूली (नेपाली नेवारी र तामाङ, तीनभाषाको पत्रिका), वेदना (साहित्यिक पत्रिका), छानबिन (साप्ताहिक), बाल कोसेली (पत्रिका), बालसरोकार, बालमञ्च, युगसन्देश (साप्ताहिक), महानगर (दैनिक), मूल्याङ्कन (साप्ताहिक) आदि । ह्यामेलिनको मुरले (अनुवाद) । **हालको ठेगाना** : बालाजु, काठमाडौँ । **फोन** : ४३५०८४७ ।

शारदाविक्रम बस्न्यात

(कवि, गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ जेठ २, पलाञ्चोक भगवतीस्थान, काभ्रेपलाञ्चोक । **माता/पिता** : मोहनकुमारी, कुलराजसिंह बस्न्यात । **शिक्षा** : प्रमाणपत्र तह । **सेवा** : संस्थान सेवा । **कृति/सृजना** : भगवती भजनमाला (२०४१), भक्ति कुसुम वाटिका (२०५७) । थुप्रै भजन गायन, लेखन तथा सङ्गीत । **पुरस्कार/सम्मान** : भजनमाला पुरस्कार । **हालको ठेगाना** : हाँडीगाउँ, काठमाडौँ । **फोन** : ४४३१११८ ।

शारदा शर्मा (आचार्य)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ कात्तिक ३, चिलाउनेबास-७, स्याङ्जा । **माता/पिता** : राधादेवी शर्मा, महेश्वर शर्मा । **शिक्षा** : स्नातकोत्तर (नेपाली भाषा र साहित्य) । **सेवा** : अध्यापन,

अन्तर्राष्ट्रिय परिवार नियोजन सङ्घ । **पहिलो रचना :** नहार्ने योद्धालाई मेरो बधाई (कविता, पूजा, बी.पी. विशेषाङ्क, २०३९) । **कृति/सृजना :** सीमान्त अनभूति (कवितासङ्ग्रह, २०४४), युद्धोपरान्त (कवितासङ्ग्रह, २०४९), आस्थाको भग्नावशेष (कथासङ्ग्रह, २०४८), स्वर्णसूत्र (कवितासङ्ग्रह, २०५३), उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र (समालोचना, २०५३), अग्निस्पर्श (मुक्त आलेख, २०६३), भुइँफूलको देश (यात्रा निबन्ध, २०६८), ताप (उपन्यास, २०६९) । **सम्पादन/अनुवाद :** संवत्सर (पाक्षिक समाचारपत्र, २०४१), नियोजन (परिवार कल्याण सम्बन्धी त्रैमासिक, २०४३) । **हालको ठेगाना :** गणेशबस्ती, महाराजगञ्ज, काठमाडौँ (sharma_sharada@hotmail.com) । **फोन :** ४७२१४६१ ।

शार्दूल भट्टराई (कुमार भट्टराई)

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असोज १६, सिन्धुकोट, सिन्धुपाल्चोक । **माता/पिता :** शान्ता भट्टराई, बोधराज भट्टराई । **शिक्षा :** एम.ए. (त्रि.वि.) । **सेवा :** वैङ्किङ सेवा, साहित्य । **पहिलो रचना :** भुमरी (कविता, गोरखापत्र, २०३५) । **कृति/सृजना :** बाँसुरी आतङ्क (नाटक, २०६३) । **सम्पादन/अनुवाद :** उत्साह (२०४१), लहर पत्रिका (इ.सं. २००५) । **हालको ठेगाना :** शङ्करज्योति मार्ग, १२५/१५, मैजुबहाल, काठमाडौँ (shardool@enet.com.np) । **फोन :** ४४७१५६१

शालग्राम अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ पुस १, पाल्पा । **माता/पिता :** तुलसादेवी, दिवाकर अधिकारी । **शिक्षा :** एम.एस्सी. (कृषि) । **सेवा :** निजामती सेवा । विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना :** नेपालको पुनर्वास कार्यक्रम (गोरखापत्र, २०२७) । **कृति/सृजना :** धान खेती (२०४३), गहुँ उत्पादनका नयाँ प्रविधिहरू (२०४४), धानवालीका नयाँ जातहरू (२०४५), प्रसार शिक्षा (२०४५), दालबालीको उन्नत खेती (२०४७), तालिम तथा भेटघाट सिद्धान्त (२०४७), परबर खेती एक परिचय (२०४९), बायोग्यास एक अध्ययन (२०५१), कफी खेती (२०५६), लगायत करिब दुई दर्जन पुस्तकहरू प्रकाशित । **सम्पादन/अनुवाद :** प्रतिभा (पाल्पा), रचना (हस्तलिखित मासिक पत्रिका, पाल्पा, २०१४), विद्यालयको मुखपत्र (पाल्पा, २०१७) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), जानपद सेवा पदक (२०३९), दीर्घसेवा पदक (२०४९), रजत जयन्ती पदक (२०४२) । **हालको ठेगाना :** तानसेन -११, पाल्पा । **फोन :** ०७५-५२०५८५ ।

शालिग्राम गोतामे (गोपीनाथ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६३ चैत्र १५, बगिया, दाङ । निधन : २००५ चैत्र २७ । **माता/पिता :** चुमादेवी गोतामे, चन्द्रनिधि गोतामे । **शिक्षा :** आयुर्वेद, साहित्य र व्याकरणमा आचार्य । **सेवा :** आयुर्वेदीय कविराज (सिंहदरबार वैद्यखाना) । **कृति/सृजना :** रामाश्वमेध काण्ड (वि.सं.१९९३), शाहवंश चरित (शाहवंशीय राजाहरूको वंशावली, वि.सं. १९९२) ।

शालिग्राम पोखेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९६७ असार १४, विजयपुर, धरान, सुनसरी । निधन : २०६० माघ २५ । **माता/पिता :** कान्तिमती पोखेल, परशुराम पोखेल । **शिक्षा :** व्याकरण मध्यमा,पुराणेतिहास-धर्मशास्त्र-ज्योतिष र वेदान्तको अध्ययन । **सेवा :** सामाजिक, धार्मिक, सांस्कृतिक सेवा । **कृति/सृजना :** म वियोगी विलापको तलाउभित्र (शोककाव्य, २०५३) । **सम्पादन/अनुवाद :** तर्पणैकोद्दिष्ट श्राद्धविधि (२०२६), षडङ्गरुद्री (२०२६), सत्यनारायण पूजाविधि (२०२६), चूडोपनयन विधि (२०२६), अन्त्यपद्धति (२०२७), गौरीशङ्कर गुटिका (२०२७), दुर्गा सप्तशती (२०२७), जन्मदिन पूजाविधि (२०२७), नवग्रह पूजाविधि (२०२७), अग्निस्थापना (२०२७), विवाहपद्धति (२०२७), स्वस्थानी व्रतकथा (२०२९), महालक्ष्मी पूजा तथा विश्वकर्मा पूजाविधि (२०२९) आदि ।

शिखरनाथ सुवेदी 'साँढे'

(माध्यमिक कालीन कवि, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९२१ मच्छेगाउँ, काठमाडौँ । निधन : २००५) । **शिक्षा :** संस्कृत शिक्षा । **सेवा :** साहित्य तथा पुस्तक प्रकाशन व्यवसायी । **कृति/सृजना :** वीर षष्टिका (काव्य, १९५५), शिखरनाथ भाष्य (पद्यबद्ध, १९५९), शृङ्गारदर्पण

(कविता, १९६८), कर्णपर्व (पद्य आख्यान, १९६८), गङ्गा माहात्म्यको सवाई (१९७७), चौध रत्न, दुर्गाकवच, बृहद् कृष्णचरित्र (१९६५), द्यूतमुद्राष्टक (१९७२), अक्षरमाला (१९६९), रामश्वमेध राजा (१९७६), थरगोत्र प्रवरावली (१९६५), शिखरनाथ गोरखा आशौच निर्णय । मैयाष्टक, वत्सोपदेश । **सम्पादन/अनुवाद :** स्वस्थानी व्रतकथा (१९६०), पिनासको कथा (१९६८) ।

शिमुरा (शिखर मुकारूङ राई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३२ असोज २८, भामला, भोजपुर । **माता/पिता :** नरदेवी राई, तीर्थराज राई । **शिक्षा :** स्नातक (वाणिज्य) । **सेवा :** पत्रकारिता । **पहिलो रचना :** मेरो टेम्के (कविता, २०४१) । **कृति/सृजना :** झरना (कवितासङ्ग्रह, २०४६) । **हालको ठेगाना :** इटहरी-८, सुनसरी / बूढानीलकण्ठ, काठमाडौँ । **फोन :** ०२५-५८१६७४ ।

शिला पन्त

(कवि : भजन, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० कात्तिक, सिफल, चाबहिल, काठमाडौँ । **माता/पिता :** बाटीदेवी पाण्डे, ढुण्डीराज पाण्डे । **शिक्षा :** आई.ए. । **सेवा :** सामाजिक, धार्मिक, साहित्यिक सेवा । **पहिलो रचना :** २०२५ देखि कविताहरू प्रकाशन हुन थालेका । **कृति/सृजना :** भावनाका सयपत्री (गीत-कवितासङ्ग्रह, २०५३), भजनशीला (भक्तिगीत, भाग १-९), सबतिर देख्छु खाली हात (भजनमाला, २०५६), भावगङ्गा (भजनप्रवाह, २०६१), मनको सन्देश (गीतसङ्ग्रह, २०६१) । हाँसी रहोस् मेरो देश (गीतिसङ्ग्रह, २०६३), ज्ञानको बत्ती बालौँ सबले (भजनपुष्प, २०६५), भक्तिपुष्प (भक्ति गीतहरू, २०६६) । मर्स्याङ्दी तथा पास्ने टेलिचलचित्र र अनर्थ (ठूलो पर्दाको चलचित्रमा अभिनय) । हाल सम्म करिब ३ सय जति भजनहरू रेकर्डिङ भइसकेका । **पुरस्कार/सम्मान :** दैवी प्रकोप पीडितोद्धार पदक (२०४५), स्वयंसेवा पदक (२०४९), सेवा पदक (२०५२), प्रवल गोरखा दक्षिणवाहु (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५), गद्दी आरोहण रजत महोत्सव पदक (२०५६), राष्ट्रिय युवा महोत्सव पुरस्कार (२०५६), भारती खरेल व्याख्यान पुरस्कार (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), कविता प्रतियोगितामा प्रथम (राष्ट्रिय युवा महोत्सव) । कान्तिपुर एफ.एम. द्वारा सम्मान (२०५९), वीर अस्पतालद्वारा सम्मान (२०६१), आमा सम्मान (सुनकोशी साहित्य प्रतिष्ठान, २०६१) लगायत थुप्रै सङ्घसंस्थाहरूवाट सम्मान, अभिनन्दन । **हालको ठेगाना :** सिफल कुटुवहाल, काठमाडौँ । **फोन :** ४४७२६८६, ९८४१२८३७४३ ।

शिलुप्यारी कर्माचार्य

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९९५ कोबहाल टोल, ललितपुर । **निधन :** २०६० फागुन २६ । **माता/पिता :** भक्तिकुमारी मुल्मी, व्यखालाल मुल्मी । **शिक्षा :** स्नातकोत्तर (अर्थशास्त्र), बी.एड. । **सेवा :** रिडर, अध्यापन, राजनीति (राष्ट्रिय सभा सदस्य), ललितकला । **कृति/सृजना :** नेपाललगायत भारत एवं चीनमा पटक-पटक एकल चित्रकलाप्रदर्शनी (इ.सं. १९६६-२००३) । **सम्पादन/अनुवाद :** मुख पृष्ठ (वार्षिक, नाफा) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथो (२०५९), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), चित्रकला प्रतियोगिताहरूमा पुरस्कृत । **सम्पर्क ठेगाना :** नयाँ नैकाप, काठमाडौँ । **फोन :** ४३१२०५४

शिव अधिकारी (शिवप्रसाद अधिकारी)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० वैशाख, किराञ्चोक, धादिङ । **निधन :** वि.सं. २०५९, काठमाडौँ । **माता/पिता :** ईश्वरीदेवी, पूर्णचन्द्र अधिकारी । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** पत्रकारिता, साहित्य, प्राध्यापन । **पहिलो रचना :**

आषाढको पन्ध्र (कविता, बालक पत्रिका, २०२६) । **कृति/सृजना :** दिगन्त सारथि (कवितासङ्ग्रह, २०३८), त्रासदी मुद्राहरू (नाटकसङ्ग्रह, २०४०), विदिशा (उपन्यास, २०४५), बालक सिद्धार्थ (नाटक, २०४६), चेष्टा (उपन्यास, २०४६), सम्प्रति (कवितासङ्ग्रह, २०४७), तासको जामा र अरू तीन नाटक (नाटकसङ्ग्रह, २०४८), आखेट (उपन्यास, २०५३), विश्वेश्वरप्रसाद कोइराला : व्यक्तित्व र विचार (जीवनी, २०५२), अन्यथा आशय (कवितासङ्ग्रह, २०५३), हाडमासुको पहाड (उपन्यास, २०५४), प्रतिनिधि कवितासङ्ग्रह (इ.सं. १९९८), सिंहासन (नाटक, इ.सं. १९९८), पुसेहली (उपन्यास, इ.सं. १९९९) । **सम्पादन/अनुवाद :** सुरुचि (पहिले : पाक्षिक, पछि : साप्ताहिक), देशान्तर (साप्ताहिक), सञ्चय (डाइजेष्ट), बिहान, विदेह, गोरखापत्र, द ब्वाय सिद्धार्थ (अनु. युनेस्कोको लागि) । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (कविता सम्मेलन, २०२६), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (२०४९, संयुक्त), नारायणी वाङ्मय पुरस्कार, गोरखा दक्षिणबाहु चौथा । **सम्पर्क ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४८०४७० ।

शिव अप्रिय (शिवप्रसाद उप्रेती)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ पुस १२, धुवाँकोट, सिस्नेरी, गोरखा । **माता/पिता :** इन्द्रकुमारी, खिलाशर्मा उप्रेती । **शिक्षा :** स्नातक । **सेवा :** शिक्षण, पत्रकारिता, समाजसेवा । **पहिलो रचना :** चाहना (कविता, २०५१) । **कृति/सृजना :** एकान्त रोदन (कवितासङ्ग्रह, २०५३) । **सम्पादन/अनुवाद :** फूलको डोली (साहित्यिक मासिक पत्रिका), दरौंदी (साप्ताहिक) । **पुरस्कार/सम्मान :** विभिन्न प्रतियोगिताहरूमा पुरस्कृत । उत्कृष्ट शिक्षक सम्मान (२०६१) । **हालको ठेगाना :** धुवाँकोट-८, गोरखा ।

शिवकुमार डाँगी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०३० असार १५, चैनपुर- ९, सङ्खुवासभा । **माता/पिता :** तेजकुमारी, चन्द्रबहादुर डाँगी । **शिक्षा :** बी.ए. । **पहिलो रचना :** सङ्खुवासभा एक परिचय शीर्षकको निबन्ध 'मकालु सन्देशमा । **कृति/सृजना :** आन्दोलन (२०५४), सङ्घर्षका साठी वर्ष (०६४), सङ्घीयता र पूर्वी तराई (सहलेखन, २०६६) । **सम्पादन/अनुवाद :** जनविद्रोह राष्ट्रिय दैनिक, मकालु सन्देश (मुखपत्र), मदन भण्डारी पत्रकारबीच (२०५१), शहीद (२०५२), श्वेत शार्दूलका गर्जन (२०५३), वासु शाक्य स्मृतिग्रन्थ (२०६७) । **पुरस्कार/सम्मान :** पत्रकारिता पुरस्कार । **हालको ठेगाना :** चैनपुर- ९, सङ्खुवासभा ।

शिवकुमार प्रधान

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ फागुन शिवरात्री, बागलुङ बजार, बागलुङ । **माता/पिता :** ओमकुमारी प्रधान, अमरनाथ प्रधान । **शिक्षा :** विद्यालङ्कार । **कृति/सृजना :** आकाशगङ्गा (कथासङ्ग्रह, २०१२), अमरदीपमाला (जीवनीमूलक कथा, २०२०), हिमकला (आध्यात्मिक आख्यान, २०५३), इदम् ब्रह्म (आध्यात्मिक आख्यान, २०५४)। **सम्पादन/अनुवाद :** मञ्जरी (हस्तलिखित, २०१४), मेघदूत (अनूदित खण्डकाव्य, २०१५), पञ्चपल्लव (अनूदित कथासङ्ग्रह, २०१५), उत्तररामचरित (अनूदित नाटक, २०२२) । **फोन :** ०६८-५२०७२६ ।

शिवकुमार श्रेष्ठ

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ साउन ४, धनकुटा न.पा. -६, बीचबजार, धनकुटा । **माता/पिता :** अम्बिकादेवी श्रेष्ठ, भीमबहादुर श्रेष्ठ । **शिक्षा :** एम.ए. (इतिहास) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** पूँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्र (पुस्तक, २०१३) । **कृति/सृजना :** लिम्बूआनको ऐतिहासिक अध्ययन (२०४२), विश्वको आधुनिक इतिहास (२०४४), प्राचीन मानवसभ्यताको इतिहास (२०४५), आधुनिक युरोपको इतिहास (२०४७), किराती लोककथाहरू (२०४७), किराती लोककथा सँगालो (२०५१) । **सम्पादन/अनुवाद :** धनकुटाका आठपहरिया राईहरू (निर्माण पत्रिका, २०४२) । आहक्यूको साँचो कथा (अनुवाद, २०१९) ।

पुरस्कार/सम्मान : करुणाकर सिरपा (२०४७), लोकसाहित्य पुरस्कार (२०४७), विराट श्रीजङ्घा पुरस्कार (२०५२) । किरात याक्थुम चुम्लुङ सम्मान (२०५२) लगायत विभिन्न सङ्घसंस्थाबाट थुप्रै सम्मानहरू प्राप्त । **हालको ठेगाना** : धनकुटा न.पा. ६, सिरानबजार, धनकुटा । **फोन** : ०२६-५२०८०१ ।

शिवकुमार श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ असार २८, ताहुँ -८, पाल्पा । **माता/पिता** : तानकुमारी श्रेष्ठ, स्वयमबहादुर श्रेष्ठ । **शिक्षा** : एम.ए. (समाजशास्त्र) । **सेवा** : गैरसरकारी । **पहिलो रचना** : गाउँ फर्क (कविता, तीतेकरेला गाईजात्रे पत्रिका, २०३१) । **कृति/सृजना** : खै ! नेपाली ? (कवितासङ्ग्रह, २०३८), सिंचाइ व्यवस्थापनसम्बन्धी तालिम सामग्री (२०४८), जल उपभोक्ता संस्थाको गठन प्रक्रिया (२०५१), आदि । **सम्पादन/अनुवाद** : मिर्मिरे (वाराणसी), नयाँ सिर्जना, निरीक्षण (साप्ताहिक) । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२३७२०, ९८४१४६९५९८ ।

शिवगोपाल रिसाल

(कवि/निबन्धकार, नेपाली भाषा)



जन्म/स्थान : वि.स. १९९४ वैशाख २, सैंबु, भैंसीपाटी, ललितपुर । **माता/पिता** : जनकक्कुमारी, विश्वनाथ रिसाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : शान्ति आउने थियो कि (कविता, सिर्जना पत्रिका, २०१६) । **कृति/सृजना** : नेपाली भाषा र व्याकरण (सहलेखन, २०२७), नेपाली भाषाको पाठ्यक्रम (सहलेखन, २०२८), म को हुँ (अध्यात्मकाव्य, २०४४) दुर्गापूजा र बलिको रहस्य (भक्तिकाव्य, २०४४), श्रीराम नाम (अध्यात्मकाव्य, २०४७), श्री खप्तडबाबा (अध्यात्मकाव्य, २०५३), अभेद-दर्शन (दार्शनिक निबन्धसङ्ग्रह, २०५६), ब्रह्मजिज्ञासा (दार्शनिक निबन्धसङ्ग्रह, २०५७), सुख कहाँ छ ? (दार्शनिक निबन्ध-सङ्ग्रह, २०५७), पद्मकन्या महाकाव्य (२०५७), श्री पशुपतिनाथको सेरोफेरो (अध्यात्मकाव्य, २०५९), श्री मस्तराम बाबा (अध्यात्म काव्य, २०६०), रिसाल वंशावली (ऐतिहासिक अभिलेख, २०६०), वैदिक संस्कृति (ऐतिहासिक अभिलेख, २०६१), शिव-गायत्री स्तोत्रावली (१०८ स्तोत्रसङ्ग्रह, २०६२), अखण्ड आनन्द (१०१ कवितासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : सिर्जना पत्रिका (२०१६), श्री विष्णुसहस्रनामस्तोत्रम् (व्याख्या, अनु., २०४९), श्रीचर्पटमञ्जरिकास्तोत्रम् (अनु. २०४९) । **पुरस्कार/सम्मान** : गुणराज पुरस्कार (२०४८), उदयानन्द पुरस्कार, भारती खरेल व्याख्यान पुरस्कार (२०५२) । **हालको ठेगाना** : जावलाखेल, ललितपुर । **फोन** : ५५२१७२२

शिव ढकाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ साउन ९, पालुङ, मकवानपुर । **माता/पिता** : वेदकुमारी ढकाल, कृष्णप्रसाद ढकाल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : मेरो देश (कविता, नयाँ संसार मासिक, २०२६) । **कृति/सृजना** : तोपचराको गुँड (बालकथासङ्ग्रह, २०४५), जीवनका डोबहरू (२०४६), फोल्क टेल्स अफ शेर्पा एण्ड यती (२०५३), अभिलेखका पानाहरू (२०६१), तुलनात्मक राजनीति (सहलेखन, पाठ्यपुस्तक), अन्तर्राष्ट्रिय कानुन (सहलेखन, पाठ्यपुस्तक) । **सम्पादन/अनुवाद** : इन्द्र मासिक (२०३७), डेली डायरी साप्ताहिक (२०४३), छलफल साप्ताहिक (२०५१), पौरख मासिक, जनघोषणा मासिक, नवआवाज साप्ताहिक, आवृत्ति मासिक । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०४५) । **हालको ठेगाना** : काठमाडौँ -३ । **फोन** : ४८१०६७३ ।

शिवनारायण बुढाक्षेत्री

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : ई. १९५४ जनवरी १९, गोठी काँडा, सुर्खेत । **माता/पिता** : तुलसी बुढाक्षेत्री, गजबहादुर बुढाक्षेत्री । **शिक्षा** : एम.ए. (इतिहास, मानवशास्त्र, राजनीतिशास्त्र) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : शान्तिका पुजारी (पुस्तक

(२०४६) । **कृति/सृजना :** म र मेरा पाइलाहरू (२०४९), सुर्खेत उपत्यकाको सेरोफेरो (२०५०), सुर्खेतका थारू जाति (२०५०), सुर्खेतका राउटे जाति (२०५२), छिमेकी (२०५३), प्रेमपासो (२०५४), सुर्खेतका जनजाति (२०५५), उसको नासो (२०५६), सुर्खेत उपत्यका (२०५७), भोलि (२०५७), कथैकथा (२०५७), डरलाग्दो सपना (२०५७), इतिहास हेर्दा (२०५७), जूनतारा (२०५८), हरियो जङ्गल (२०५८), मानवशास्त्र र समाजशास्त्र, भाग-१ (२०५९), मानवशास्त्र इतिहासका पानाहरू, सामाजिक मानवशास्त्र (२०६१), थारूहरूको विवाह प्रथा, Research Design A proposal (2049), Tharus of Surkhet Valley (2053), Marriage System Among Tharus of Surkhet an Anthropological Perspectives (2053), Marriage System Among Tharus of Surkhet (2055), Cultural Pattern of Tharus of Surkhet (2056), Book Review Tharus Cultural of Surkhet, Tharus : A Cultural Race of Surkhet Valley an Anthropological Aspects (2058) . **हालको ठेगाना :** वीरेन्द्रनगर-६, सुर्खेत । **फोन :** ०८३-५२०६१२ ।

शिव प्रणत (शिवप्रसाद रेग्मी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ मङ्सिर २९, फुएतप्पा, इलाम । **माता/पिता :** सावित्रा रेग्मी, भीमप्रसाद रेग्मी । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** आफ्नै कुरा (२०४२) । **कृति/सृजना :** पाखण्ड गीत (कवितासङ्ग्रह, २०५४), कुन्ती (गजलकाव्य, २०६१) । **सम्पादन/अनुवाद :** प्रतिभा (मुखपत्र, प्रतिभा निकेतन दमक, २०५८), स्मारिका (मदन स्मृति प्रतिष्ठान, उर्लाबारी, २०५८), पूर्वाञ्चलका समसामयिक केही गजलहरू (२०६०) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव - द्वितीय पुरस्कार (२०५२) । **हालको ठेगाना :** खुदुनाबारी -१, झापा (shivapranat@yahoo.com) । **फोन :** ५८०३२५ ।

शिव प्रधान

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : २०१८ असार २०, भोजपुर । **माता/पिता :** पुनकुमारी प्रधान, टीकावीर प्रधान । **शिक्षा :** स्नातकोत्तर (वाणिज्य) । **सेवा :** विदेशी सेवा । **पहिलो रचना :** अन्तिम आँसु (कथा, अविराम द्वैमासिक, हङकङ, २०५६) । **कृति/सृजना :** छरिएको सिन्दूर (कथासङ्ग्रह, २०५७), सारा यादहरू (गीतिसङ्ग्रह, २०६०), बौलाहीको यात्रा (कथासङ्ग्रह, २०६५) । गीत लेखन, सङ्गीत तथा गायन । **हालको ठेगाना :** धरान-१९, सुनसरी / बेलायत (ekkadukki@yahoo.com) । **फोन :** ०२५-५२४५०४ / ४४-०२०३२६९१०४८ ।

शिवप्रसाद दहाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ माघ ३, भीमसेनस्थान, सल्यान । **माता/पिता :** वसुन्धरा दहाल, कृष्णप्रसाद दहाल । **शिक्षा :** एस.एल.सी. । **सेवा :** अध्यापन । **पहिलो रचना :** कविता प्रकाशित (नेपाल पुकार, पटना, २००४) । **कृति/सृजना :** विविध रस (कवितासङ्ग्रह, २०३२), हामी साक्षर बनौँ (नाटक, २०५०), विष्णुका दशावतार (२०५२), वि.सं. २००७ सालको क्रान्ति झापा फ्रण्ट (२०५४), भ्रमण संस्मरण (२०५४), हिमाल र हिमाली (काव्यसङ्ग्रह, २०५४), स्वप्न सुन्दरी (लघुकाव्यसङ्ग्रह, २०५५) । **पुरस्कार/सम्मान :** दीर्घसेवा पदक, लेखनाथ शतवार्षिकीमा पुरस्कृत (२०४१), महानन्द पुरस्कार समितिद्वारा सम्मान (२०५१), आदि । **हालको ठेगाना :** अर्जुनधारा -२, झापा । **फोन :** ०२३-४१७८२ ।

शिवप्रसाद नेपाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१४ साउन २६, देउराली-१, पाल्पा । **माता/पिता :** भुवनेश्वरी नेपाल, तारानाथ नेपाल । **शिक्षा :** एम.ए., बी.एल. । **सेवा :** नेपाल सरकार । **पहिलो रचना :** पर्यटन उद्योग एक चर्चा (लेख, नेपाल, सूचना विभाग , २०३९) । **कृति/सृजना :**

विकासका लागि शान्ति (२०४१), सुसेलीका आवाजहरू (कविता/गीतसङ्ग्रह, २०६९)। **पुरस्कार/सम्मान** : दैवी प्रकोप उद्दार पदक (२०४६)। **हालको ठेगाना** : काठमाडौँ। **फोन** : ९७४८९०४१००।

शिवप्रसाद भट्टराई

(लेखक/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ चैत्र २९, काठमाडौँ। **माता/पिता** : ललितादेवी भट्टराई, पद्मप्रसाद भट्टराई। **शिक्षा** : स्नातकोत्तर (नेपाली भाषा र साहित्य)। **सेवा** : पत्रकारिता, सम्पादन (गोरखापत्र)। **पहिलो रचना** : शान्ति नै शान्ति (कविता, जुनेली मासिक, २०२८)। **कृति/सृजना** : केही अनुशीलन : केही अभिव्यक्ति (समालोचनात्मक विश्लेषण, २०५९), गोरखापत्र शैली पुस्तिका (संयुक्त, २०५४)। **सम्पादन/अनुवाद** : शिशिर वसन्त (द्वैमासिक, २०२८), गोरखापत्रका सय वर्षका १०१ कथा (संयुक्त सम्पादन, २०५७), गोरखापत्र शतवार्षिक स्मारिका (२०५७), गोरखापत्रका एक सय एक निबन्ध (संयुक्त सम्पादन, २०६०), साङ्ग्रिला (त्रैमासिक)। **पुरस्कार/सम्मान** : गद्दी आरोहण रजत महोत्सव पदक (२०५३)। **हालको ठेगाना** : का.म.न.पा. -१। **फोन** : ४४१७०९०।

शिवप्रसाद पौड्याल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ भदौ १७, रुम्जाकोट, गुल्मी। **माता/पिता** : मीनकुमारी पौड्याल, लालमणि पौड्याल। **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (संस्कृत)। **सेवा** : अध्यापन, प्राध्यापन। **पहिलो रचना** : व्यङ्ग्यविनोद (कविता, नयाँपुकार, २०३९)। **कृति/सृजना** : नेपाली उखानको विषयात्मक अध्ययन (२०६०), नेपाली बाल-विश्वकोश (सहलेखन, २०६०), नेपाली गाउँखाने कथा-कोश (२०६१), नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण (२०६१)। **सम्पादन/अनुवाद** : दिव्यज्योति स्मारिका (२०५९)। **पुरस्कार/सम्मान** : साझा लोकसाहित्य पुरस्कार (२०६०)। **हालको ठेगाना** : माकर-४, बर्दघाट, नवलपरासी।

शिवप्रसाद सत्याल 'पीठ'

(समीक्षक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००२ मङ्सिर १८, बाँसडोल-९, काभ्रे। **माता/पिता** : अयोध्या सत्याल, दधिलाल सत्याल। **शिक्षा** : एम.ए. (नेपाली), आचार्य (संस्कृत साहित्य), साहित्य रत्न। **सेवा** : निजामती। अनेसासबाट सम्मान (२००५ इ.)। **पहिलो रचना** : महाकवि दण्डी : सङ्क्षिप्त परिचय (गोरखापत्र, २०२१)। **कृति/सृजना** : माध्यमिक नेपाली (कक्षा ९, १०), संस्कृत साहित्यम् (कक्षा ९, २०२९), नेपाली भाषा शिक्षण (सहलेखन, २०३९), जेतेमेते (समालोचनासङ्ग्रह, २०४१), समालोचनाहरू (२०४५)। **सम्पादन/अनुवाद** : नेपाली भाषा अधिगोष्ठी-विवृत्ति (२०३३), कलागोष्ठी प्रतिवेदन (२०३५), डकर्मी (मुखपत्र)। **पुरस्कार/सम्मान** : लारी पदक (२०२५), महेन्द्र विद्याभूषण (२०२७, २०२९), शिक्षा दिवस पुरस्कार (इ.सं. २००३), शुभराज्याभिषेक पदक (इ.सं. १९७५), स्वर्ण पदक (एस.एल.सी. मा प्रथम, इ.सं. १९६६), जानपद सेवा पदक (इ.सं. १९८७), दीर्घसेवा पदक (इ.सं. १९९७), एवं विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत। **हालको ठेगाना** : ओमगल्ली, नयाँ बानेश्वर, काठमाडौँ। **फोन** : ४४९५३९१।

शिवभक्त शर्मा न्यौपाने

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ चैत्र २, खानीछाप, पाल्पा। **माता/पिता** : इन्द्रकला न्यौपाने, स्थिरलाल न्यौपाने। **शिक्षा** : एम.पी.एच. (क्यालिफोर्निया युनिभर्सिटी)। **सेवा** : निजामती, साहित्य, राजनीति। **पहिलो रचना** : व्यवस्थापन (२०३६)। **कृति/सृजना** : जलाइएका पानाहरू (उपन्यास, २०३७), तालिम प्रक्रिया र सिद्धान्त (२०३७), व्यवस्थापन (२०३७), आमा (कथासङ्ग्रह, २०३८), लुम्बिनी (खण्डकाव्य, २०३८), जीवनका लहरहरू (उपन्यास, २०३९), रूपा (उपन्यास, २०३९), पछिल्ला दिनका बसाइहरू (कथासङ्ग्रह, २०४१), तोशी (उपन्यास, २०४३), अर्को पक्ष (कथासङ्ग्रह), उकुसमुकुस (कवितासङ्ग्रह, २०४४), स्वर सङ्गम (गीत, २०४६), विक्षिप्त (उपन्यास, २०४८), इला (उपन्यास, २०४८), विसङ्गति

(मुक्तकसङ्ग्रह, २०४९), कालीगण्डकीको सेरोफेरो (कवितासङ्ग्रह, २०५०), न्युट्रेसन एसिस्टेन्स बुक, फलाक्ने कविता (लामो कविता, २०५१), नुट्रिसन एजुकेसन इन रुरल लेभल (आदि गरेर जम्मा ३२ ओटा पुस्तककृति) । **सम्पादन/अनुवाद :** पाल्पा दर्पण (२०४८), पोषण बुलेटिन, जनसङ्ख्या बुलेटिन, नेपाल पत्रिका । **पुरस्कार/सम्मान :** निबन्ध प्रतियोगितामा प्रथम (हरिद्वार, २०१६), प्रबल गोरखा दक्षिणबाहु (२०४१), दीर्घसेवा पदक, जनसेवा पदक, शुभराज्याभिषेक पदक । करिब तीन दर्जनजति विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान । **हालको ठेगाना :** ७२-बी कुलेश्वर, पो.ब.नं. २९१७ काठमाडौं (sbsharma@hotmail.com) । **फोन :** ४२७२२७७ ।

शिवबहादुर क्षेत्री (अपरिचित, ब्रह्मवेत्ता)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ फागुन १५, ढुङ्खर्क-६, काभ्रेपलान्चोक । **माता/पिता :** शेरबहादुर तिमल्सिना क्षत्री । **शिक्षा :** स्नातक । **सेवा :** समाजसेवा । **कृति/सृजना :** जानकी शोकाञ्जली (काव्य) । **सम्पादन/अनुवाद :** आर्ष वाङ्मय (आध्यात्मिक वैदिक पत्रिका, २०४६) । **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु, दीर्घसेवा पदक, स्वर्ण शुभजन्मोत्सव पदक । **हालको ठेगाना :** धुम्वाराही, काठमाडौं ।

शिवराज आचार्य 'कौण्डिन्न्यायन'

(साहित्यकार, नेपाली/संस्कृतभाषा)



जन्म/स्थान : वि.सं. १९९७ माघ २०, बन्दीपुर, तनहुँ । **माता/पिता :** गङ्गादेवी, नरनाथ आचार्य । **शिक्षा :** आचार्य (शाङ्कर वेदान्त, साहित्य), एम.ए. (संस्कृत, दर्शन), विद्यावारिधि (वेदवेदान्त), वाचस्पति (डि.लिट्) । **सेवा :** प्राध्यापन, लेखन (संस्कृत साहित्य) । **पहिलो रचना :** भावकीय मेघदूत (निबन्ध, अरुणोदय, साहित्यिक द्वैमासिक, २०२०) । **कृति/सृजना :** *संस्कृतभाषामा* : कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचय (संस्कृत, २०४८), वैदिकमन्त्रसङ्ग्रह (२०५२), पाणिनीयशिक्षा (इ.सं. १९९८), सन्ध्योपासनापद्धति (२०५६), एकोद्दिष्टश्राद्धपद्धति (२०५८), ब्रह्मयज्ञपद्धति (२०५९), अन्त्यकर्मपद्धति (२०६५), ब्रह्ममीमांसासूत्र व्याख्या (इ.सं.२००२), नारदीय शिक्षा (इ.सं.२००२) । *नेपाली भाषामा* : वृत्तनक्षत्रमाला (छन्दग्रन्थ, २०२८), जिम्दो नेपाली भाषा (भाग १-२, २०३०, २०३७), नेपाली वर्णोच्चारण शिक्षा (२०३१), वैदिक धर्म मूल रूपमा (२०४५), कौण्डिन्न्यायन शिक्षा (२०४९), वेदाङ्गज्योतिषव्याख्या (इ.सं.२००५), काव्यप्रकाश-संस्कृतव्याख्या (इ.सं. १९८१), वेदभाषानिघण्टु (देववर्गब्रह्मवर्ग, २०५०), वेदाङ्गज्योतिषम् (संस्कृत तथा हिन्दी भाषामा), भारतवर्षीय ज्योतिषका ज्वलन्त प्रश्न (हिन्दी, इ.सं.२००८), मनुस्मृति (हिन्दी व्याख्या) । **सम्पादन/ अनुवाद :** भानुदर्शन पत्रिका (२०३१), आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (२०३६), प्रायश्चित व्यवस्था (२०४९), मनुस्मृति (व्याख्यासम्पादन र हिन्दी अनुवाद, इ. २००७) । **पुरस्कार/ सम्मान :** महेन्द्र विद्याभूषण (इ.सं. १९६३, १९७१), चान्सलर पदक (इ.सं. १९६६/१९६७) । **हालको ठेगाना :** खड्का भद्रकाली, ब्रह्मपुरी, काठमाडौं । **फोन :** ४३८६९८९, ९८४३१६२०५३ ।

शिव रेग्मी (शिवप्रसाद)

(सम्पादक/साहित्य-अन्वेषक)



जन्म/स्थान : वि.सं. १९९८, असोज १, ठमेल, काठमाडौं । **माता/पिता :** प्रेमकुमारी, केदारनाथ रेग्मी । **शिक्षा :** एम.ए. (नेपाली), बी.एल. । **सेवा :** निजामती, साहित्य । **पहिलो रचना :** कुनै दिनको स्मृति (कविता, नयाँ संसार, २०२१) । **कृति/सृजना :** नेपालमा आमसञ्चारको विकास (२०५८) । **सम्पादन/अनुवाद :** भूपि शेरचनका कविता, गोरखापत्र सय वर्षका एक सय एक कथा, 'शारदा'का सम्पादकीय विचारहरू, नेपाली कविताको भूमिकै भूमिका, शङ्कर लामिछानेका निबन्ध, गोरखापत्रका एक सय एक निबन्ध, कमल दीक्षित दृष्टि र दृष्टिकोण । **पुरस्कार/सम्मान :** प्रबल गोरखा दक्षिणबाहु चौथा (२०४२), प्रख्यात त्रिशक्तिपट्ट (२०४८), नेपाल भूषण (२०५१), सुप्रबल गोरखा दक्षिणबाहु (२०५६) । **हालको ठेगाना :** १४३ साहित्य मार्ग, बत्तीसपुतली, काठमाडौं । **फोन :** ४४७०२४५ ।

शिवलाल थापा मगर

(कवि, मगर भाषा)

जन्म/स्थान : वि.सं. २०१० माघ ४, भिरकोट -९, तनहुँ ।

माता/पिता : रत्नमाया थापामगर, पूर्णबहादुर थापामगर । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन । **पहिलो रचना :** सेहेचो लामाङ ह्वाई (सम्पादन, २०३९) । **कृति/सृजना :** ओझेलमा परेका मगरहरू (२०५२), लखन थापाका बारेमा (२०५२), ग्याहोट लेखा छान्नी (मगर भाषाको कवितासङ्ग्रह, २०५२), मगर गुरुङ वंशावली (२०५२) । मगर गुइँया (मगरजातिको कर्मकाण्ड), लुप्च रह (मगर भाषाको कथासङ्ग्रह) । **सम्पादन/अनुवाद :** सोनी (२०५१), मगरढुट्ओ आशन गोमोक (मगर भाषाको कथासगह,२०६३) । **पुरस्कार/सम्मान :** कृष्णबहादुर आले पुरस्कार । **हालको ठेगाना :** व्यास-२, दमौली, तनहुँ । **फोन :** ९८४६०४६३२७, ०६५-५६१४५५ ।

शिवशङ्कर

(गायक/अभिनेता)

जन्म/स्थान : वि.सं. १९८९ शिवरात्री, पाको पोखल्ड्याङ, काठमाडौं । निधन: २०६१ । **माता/पिता :** राममाया, मानबहादुर मानन्धर । **शिक्षा :** माध्यमिक तहसम्म, वि.सं. २०३२ मा सङ्गीत विशारद (इलाहावाद) । **सेवा :** रेडियो नेपालमा २००८ देखि कार्यरत रही वि.सं. २०३३ बाट अधिकृत । **कृति/सृजना :** सयौं सङ्ख्यामा गीत गायन । पचास जति गीत तथा एक दर्जन गीति नाटकमा सङ्गीत प्रदान । नेपाली चलचित्र 'आमा' मा नायकको भूमिकामा अभिनय । **सम्पादन/अनुवाद :** कुमारीसहित चार चलचित्रमा सङ्गीत सम्पादन । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०३५), महेन्द्ररत्न आभूषणसहित नगद पुरस्कार, प्रबल गोरखा दक्षिणबाहु, विख्यात त्रिशक्तिपट्ट, वीरेन्द्र ऐश्वर्य सेवा पदक, छिन्नलता पुरस्कार ।

शिवशङ्कर थापा (राजु)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००५, डाँडागाउँ, धनकुटा । **शिक्षा :** फुडटेक्नोलजी । **सेवा :** संस्थान सेवा । **पहिलो रचना :** लाहुरे (कथा, पियूष, २०२०) । **कृति/सृजना :** भिरको फूल (उपन्यास), गोलचक्की भित्रका गुच्चाहरू (कथासङ्ग्रह), भन्थी मेरी उनी (गीतसङ्ग्रह), पाइतालाका डोबहरू (मुक्तकसङ्ग्रह) । दर्जनौं गीतरचनाहरू सङ्गीतवद्ध भई रेकर्ड भएका । **सम्पादन/अनुवाद :** परिवेश (समसामयिक सङ्कलन), लिस्नु (मासिक) । **पुरस्कार/सम्मान :** विभिन्न साहित्यिक गोष्ठीहरूमा पुरस्कार प्राप्त । आदिवासी गीतकार समाज, नेपालद्वारा सम्मान । **हालको ठेगाना :** बिर्तामोड, झापा ।

शिव श्रेष्ठ

(अभिनेता)

जन्म/स्थान : इ.सं. १९५४ जुलाई, किलागल, काठमाडौं । **शिक्षा :** आई.ए. । **सेवा :** चलचित्रमा अभिनय, चलचित्रनिर्माण । **पहिलो रचना :** जीवनरेखा (चलचित्र अभिनय, इ.सं. १९८२) । **कृति/सृजना :** बदलिँदो आकाश, कान्छी, विश्वास, पच्चीस वसन्त, चिनो, झुमा, मनकामना, सपना, सङ्कल्प, ट्रक ड्राइभर, देउकी, हामी एक हौं, जीवनज्योति, सगुन, धरती-आकाश, मामाघर, संयोग, दुश्मनको दुश्मन ... लगायत थुप्रै नेपाली तथा पाकिस्तानी चलचित्रहरूमा अभिनय गरेको । **पुरस्कार/सम्मान :** उत्कृष्ट अभिनय पुरस्कार (कान्छी/ चिनो चलचित्र /तीन पाकिस्तानी चलचित्र)। भिडियो चलचित्र महोत्सव (२०४७) मा सर्वश्रेष्ठ (सहनायक), स्वर्ण पदक (इ.सं. २००१), कलिउड सिनेमा पुरस्कार (२०५६) । सगरमाथा साहित्य कला प्रतिष्ठानद्वारा सम्मान, सांस्कृतिक कला मन्दिर सम्मान, महादेव सम्मान लगायत दर्जनौं सम्मान तथा अभिनन्दन । **हालको ठेगाना :** किलागल, काठमाडौं । **फोन :** ४२२३५५५ ।

शिवसुन्दर पुडासैनी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०२९ माघ ३, जिलिङ-२, नुवाकोट । **माता/पिता :** वेदकुमारी पुडासैनी, दाताराम पुडासैनी । **शिक्षा :** एम.ए., बी.एड. । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** शान्तिको खोजी

(कवितासङ्ग्रह), वर्तमान बुद्ध र मान्छेहरू (कवितासङ्ग्रह, २०६७), अब देश कङ्गो बन्ने हल्ला (कवितासङ्ग्रह, २०६७), सपना, यथार्थ र नयाँ नेपाल (उपन्यास, २०६७) । **हालको ठेगाना** : जिलिङ-२, नुवाकोट ।

शिवहरि अधिकारी

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ भदौ १४, दापचा खनालथोक, काभ्रे । **माता/पिता** : विष्णुमाया अधिकारी, गणेशप्रसाद अधिकारी । **शिक्षा** : स्नातक । **सेवा** : बैङ्किङ सेवा । **पहिलो रचना** : मुद्रा, बैङ्किङ र बिमा सिद्धान्त (पाठ्यपुस्तक, २०४३) । **कृति/सृजना** : *पाठ्यपुस्तक* : व्यावसायिक सिद्धान्त एवं कार्यालय प्रविधि (सहलेखन, २०४६), सामान्य ज्ञान, रचना, बैङ्किङ, लेखा तथा गणित (२०४८), अर्थशास्त्र, तथ्याङ्कशास्त्र एवं गणित (सहलेखन, २०५०), व्यवस्थापनका लागि अर्थशास्त्र (सहलेखन, २०५१), व्यवस्थापनका लागि वित्तशास्त्र (सहलेखन, २०५५), व्यावसायिक सङ्गठन एवं कार्यालय व्यवस्थापन (सहलेखन, २०५६) । *बालरचनाहरू* : डिक र उसको बिरालो (बालचित्रकथा, २०४४), मोती र गुलाफ (बालकथा, २०४५), अर्ती र बुद्धि (बाल चित्रकथा, २०५९), नेपाली बाल-विश्वकोश (सहलेखन, २०६०) । **हालको ठेगाना** : खनालथोक -६, काभ्रेपलाञ्चोक । **फोन** : ५५२८९२७

शिशिर थापा मगर

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० असोज ९, आर्यभञ्ज्याङ, पाल्पा । **माता/पिता** : टकीसरा थापामगर, लालवीर थापामगर । **शिक्षा** : एम.बी.ए., बी.ई. । **सेवा** : इञ्जिनियरिङ सेवा । **पहिलो रचना** : सानो संसार (एकाङ्की, मञ्चन, २०४६) । **कृति/सृजना** : परिधिभित्रकी परी (एकाङ्की, २०५०), अनमोल तारा (कथासङ्ग्रह, २०५१), जिउँदो लाश (नाटक, २०५२), अनि ऊ फर्कदैन (उपन्यास, २०५४), प्रेम प्रतिघात (उपन्यास, २०५४) । एक दर्जन जति नाटकहरूमा अभिनय तथा निर्देशन । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा प्रथम (ने.वि.प्रा.को पन्ध्रौं वार्षिकोत्सव) । **हालको ठेगाना** : चाबहिल, काठमाडौं (t_thapa72@hotmail.com) । **फोन** : २०७२८०८, ९८४१२२४९३९ ।

शिशिर शर्मा (शिवप्रसाद लामिछाने)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२८ असार २८, काफलडाँडा, धादिङ । **माता/पिता** : रेणुका लामिछाने, लेखनाथ लामिछाने । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, पत्रकारिता, स्काउट । **पहिलो रचना** : पहिलो बालगीत २०४८ मा नेपाल टेलिभिजनमा रेकर्ड । **कृति/सृजना** : अस्तित्वको खोजी (कवितासङ्ग्रह, २०५५), मास्टरको कोट (कवितासङ्ग्रह, २०५८), मेरी छोरीको देश (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद** : सँगालो (मासिक), स्मारिकाहरू, काठमाडौं स्काउट (द्वैमासिक), धादिङका कवि प्रतिभाहरू । **पुरस्कार/सम्मान** : कविता प्रतियोगितामा प्रथम (खहरे, धादिङ, २०४२), शिक्षा पुरस्कार (काठमाडौं, २०५७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९) । सक्रिय स्काउट सम्मानपत्र (२०५९) । **हालको ठेगाना** : मनमैजु -१, काठमाडौं (shivalami@yahoo.com) । **फोन** : ४३५५६७१ ।

शीतल कादम्बिनी गुरुङ

(गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ मङ्सिर २१, सिह्रानचोक, गोरखा । **माता/पिता** : लालमाया गुरुङ, मानबहादुर गुरुङ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, समाजसेवा । छहारी वाङ्मय प्रतिष्ठान चितवनबाट सम्मान (२०६०) । **पहिलो रचना** : अघोषित नाता (कविता, २०५७) । **कृति/सृजना** : गजलपथका यात्रीहरू (गजलसङ्ग्रह, संयुक्त, २०६१), सुगन्ध-यात्रा (गजलसङ्ग्रह, २०६२), दर्जनौं गीत-गजलहरू रेकर्डिङ भएको । **पुरस्कार/सम्मान** : सर्वोत्कृष्ट गीतकार (रेडियो नेपाल) लगायत थुप्रै सम्मान पुरस्कारहरू । **हालको ठेगाना** : भरतपुर-३, चितवन, काठमाडौं । **फोन** : ०५६-५२२६७८ ।

शीतल गिरी (चित्रबहादुर गिरी

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : २०१३ फागु पूर्णिमा, बेलौरी, कञ्चनपुर । **माता/पिता** : धनदेवी गिरी, कमलबहादुर गिरी । **शिक्षा** : स्वध्यायन । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : मृत्यु (कविता, सागर साप्ताहिक, २०३८) । **कृति/सृजना** : महाकाली (कविता, २०४५), जनताकी छोरी (खण्डकाव्य, सहलेखन, २०५७), पत्रमित्रता युगको आवश्यकता (२०५९), प्रसङ्गवश (निबन्धसङ्ग्रह, २०६३), बज्जि र बज्जिका (लोकसाहित्य) । **सम्पादन/अनुवाद** : वीणा (मुखपत्र), रौतहट रश्मि (साहित्यिक त्रैमासिक), । **पुरस्कार/सम्मान** : यति फाइनान्स पुरस्कार (२०६५), देवकोटा सतवार्षिकी सम्मान (२०६६) । **हालको ठेगाना** : भीमसेनगोला, पुरानो बानेश्वर, काठमाडौं / गौर-८, रौतहट । **फोन** : ९८४९७०७४७८ ।

शुकदेव शर्मा लामिछाने

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९२ जेठ १५, चारदाही, खलङ्गा, सल्यान । **माता/पिता** : तुलसाकुमारी लामिछाने, गेदलाल लामिछाने । **शिक्षा** : एस.एल.सी. । **सेवा** : प्रशासन, ऐनकानुन । **पहिलो रचना** : समयको परिवर्तन (एकाङ्की नाटक लेखन, मञ्चन, २०१८) । **कृति/सृजना** : देशको माया (कवितासङ्ग्रह, २०५६), आमाको माया (२०५९), प्रायश्चित (एकाङ्की नाटक, २०६०) । **पुरस्कार/सम्मान** : श्रीकृष्ण मजगैयाँ साहित्य सर्जक पुरस्कार (२०५७), श्री भरतमणि घिमिरे तथा शारदा घिमिरे साहित्यिक पुरस्कार (२०६०), जनसेवा पदक । **हालको ठेगाना** : तुलसीपुर न.पा. -५, दाङ । **फोन** : ०८२ -५२०८६८ /४४९५८७१ ।

शुकराम महर्जन

(नाट्यकर्मी, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. १९८३ कात्तिक शुक्लपञ्चमी, पाँगा, कीर्तिपुर, काठमाडौं । **माता/पिता** : गुनमाया महर्जन, पानीबहादुर महर्जन । **शिक्षा** : अनौपचारिक । **सेवा** : अध्यापन (नृत्य, सङ्गीत), सङ्गीत, नृत्य र नाट्य प्रशिक्षण । **पहिलो रचना** : शिशिर वसन्त (नाटक मञ्चन, कीर्तिपुर, वि.सं. २००६) । **कृति/सृजना** : शिशिर वसन्त (२००६), हरिश्चन्द्र राजा (२०११), जालसाजी (२०११), कंश पाजु (२०२४), छेलागु लहे जेली (२०२६) जस्ता नाटकहरू विभिन्न स्थानमा मञ्चन (लेखन, सङ्गीत र निर्देशन), सर्वार्थ सिद्ध (गीतिनाटक, लेखन, निर्देशन, २०३९), पखा: (नेवारी चलचित्र, अभिनय) । **पुरस्कार/सम्मान** : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (ने.सं. ११०२), जनचेतना पुस्तकालय, कीर्तिपुर (२०५६), वज्र सिरपा समिति (ने.सं. ११२०), बौद्ध बहुभाषिक सङ्गीत उत्थान एकेडेमी (२०६०) आदि सङ्घ-संस्थाहरूद्वारा अभिनन्दन-सम्मान । **हालको ठेगाना** : भुजिन्द टोल, कीर्तिपुर, काठमाडौं । **फोन** : ४३३०५७३ ।

शुक्रराज शास्त्री (जोशी)

(लेखक, नेपाली/संस्कृत/हिन्दी भाषा)



जन्म/स्थान : वि.सं. १९५०, बनारस, भारत । **निधन** : १९९७) । **माता/पिता** : रत्नमाया जोशी, माधवराज जोशी । **शिक्षा** : शास्त्री (वेदान्त दर्शन) । **सेवा** : राष्ट्रसेवा (शहीद) । **पहिलो रचना** : नेपालभाषा व्याकरण (ने.सं. १०४८) । **कृति/सृजना** : शहीद के कलम से (१९९१), हिन्दूधर्मोपदेश (१९८४), बौद्धिक सन्ध्या (नित्यकर्म विधि १९८४), वैदिक अग्निहोत्र (नित्यकर्म विधि, १९८४), नेपालभाषा व्याकरण (१९८५), स्वर्गको दरबार (१९८६), नेपाली वर्णमाला (१९८९), नेपाली भाषा रिडर (१९८९), संस्कृत प्रदीप (भाग १, २, ३, १९९०) । **सम्पादन/अनुवाद** : ब्रह्म सूत्र शाङ्करभाष्य (पूर्वार्ध, अनु. १९९३), ब्रह्म सूत्र शाङ्करभाष्य (उत्तरार्ध, अनु. १९९३) ।

शुभ मुकारूङ राई

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ साउन १३, अन्नपूर्ण-३, दिल्पा, भोजपुर **माता/पिता** : भगतकुमारी राई, भीमप्रसाद मुकारुङ राई । **शिक्षा** : डिप्लोमा (पत्रकारिता) । **सेवा** : पत्रकारिता, रेडियो/टेलिभिजन कार्यक्रम निर्माण, साहित्य । **पहिलो रचना** :

धेरै ठाउँ बास मागेँ ... बोलको गीत रेकर्ड (रचनातर्फ, रेडियो नेपाल, २०४७) । **कृति/सृजना :** सायद (गीतिएल्बम, रचनातर्फ, २०५१), संवेग (गीतिएल्बम/सी.डी., रचनातर्फ, २०५९), पुग्नु कहाँ थियो (गीतसङ्ग्रह, २०६१), साहित्य, सङ्गीत, कला र पत्रकारितामा हामी (खोज, २०६३), कथा ढुङ्गैढुङ्गाको (२०६४), किरात राई जाति र मुन्दुमी सामग्री (२०६५), लगायत दर्जनौं गीतरचनाहरू सङ्गीतबद्ध भई रेकर्ड भइसकेका । **सम्पादन/अनुवाद :** गोरखा सैनिक आवाज (मासिक, २०५८), परदेश (अर्धवार्षिक, २०६१), नियूङ (अर्धवार्षिक, २०६२), टापु (साहित्यिक पत्रिका, २०६२), किरात राई जातिको रीतिरिवाज (सम्पादन, २०६७), भोजपुर स्मारिका (२०६९) अन्नपूर्ण स्मारिका आदि । **पुरस्कार/सम्मान :** दीपेश पुरस्कार (अच्छा राई 'रसिक' प्रतिष्ठान, २०६१), सृजनशील साहित्य पुरस्कार (हङकङ, सन् २००७), स्रष्टा सम्मान (इलाम, २०६८) । **हालको ठेगाना :** सुनाकोठी-८, ललितपुर (subhamukarung@gmail.com) । **फोन :** ५५७१८०३, ९८४१२३८१९५ ।

शुभरत्न वज्राचार्य (शुभ 'शान्ति')

(लेखक, नेपाल भाषा)



जन्म/स्थान : वि.सं. २०१२ जेठ १०, सिंहदुवाल, कीर्तिपुर, काठमाडौँ । **माता/पिता :** आशामाया वज्राचार्य, सर्वानन्द वज्राचार्य । **शिक्षा :** आठ । **सेवा :** नाटक लेखन, निर्देशन । नास: पुच: किपूद्वारा सम्मान (२०६२) । **पहिलो रचना :** आ:जिं म्वाये चुइके वी मखुत (नाटक, लुनिभा: साहित्यिक पत्रिका, २०३५) । **कृति/सृजना :** संवाद : कमिक्स: द्यों च्वलेचिया बाखं, जामन गुभाजु, असंया न्या । **सम्पादन/अनुवाद :** मुस्या: । **पुरस्कार/सम्मान :** समय-समयमा विभिन्न पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** कीर्तिपुर -४, काठमाडौँ । **फोन :** ४२५३८५६ ।

शुभ श्रेष्ठ (शुभलक्ष्मी श्रेष्ठ)

(कवि, उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ कात्तिक २०, तानसेन, भगवती टोल, पाल्पा । **माता/पिता :** लक्ष्मीकुमारी श्रेष्ठ, मुक्तिप्रसाद श्रेष्ठ । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** त्रि.वि. सेवा । **पहिलो रचना :** प्रगतिको देन (आलोक पत्रिका, पाल्पा, २०२४) । **कृति/सृजना :** मेरो छानामाथिको नीलो आकाश (कवितासङ्ग्रह, २०४३), बन्द मनका पिन्जडाभित्र (कवितासङ्ग्रह, २०५४), अस्मिताको खोजी (उपन्यास, २०५९) । **पुरस्कार/सम्मान :** गद्दीआरोहण रजत महोत्सव पदक (२०५३), त्रि.वि. दीर्घसेवा पदक (२०५७), छविलाल पाल्पाली प्रतिभा पुरस्कार (२०६२), फूलमणि देवकोटा पुरस्कार (२०६६), पाल्पा जिल्लास्तरीय अन्तरविद्यालय कविता प्रतियोगितामा प्रथम पुरस्कार, । **हालको ठेगाना :** नरदेवी, काठमाडौँ । **फोन :** ४२६३४४६ ।

शेखर गिरी (राम, बस्तीपुरे साइँलो)

(कवि, कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००८ वैशाख १८ गते, जनकपुरधाम, धनुषा । **माता/पिता :** पुण्यप्रभा गिरी, मित्रलाल गिरी । **शिक्षा :** स्नातक**सेवा :** ने.रा.प्र.प्र. (प्रज्ञा-सभासद्, २०६१), पत्रकारिता, साहित्य, राजनीति । **पहिलो रचना :** अनुदारता (कथा, 'नेपाल' मुखपत्र, २०२६) । **कृति/सृजना :** एउटा नयाँ वर्णमाला (कवितासङ्ग्रह, २०५७), पाँच आलेख (राजनीतिक विश्लेषण, २०५९), नथुनिया (कथासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद :** समता (सामयिक सङ्कलन, २०३६), प्रतिभा (सामयिक सङ्कलन, २०३७), अक्षर (साप्ताहिक, २०३९) खेलजगत् (त्रैमासिक, २०३७), जनमत बुलेटिन, सिराहा (सामयिक सङ्कलन) । **पुरस्कार/सम्मान :** रजत पुरस्कार (कवितामा, २०४२) । **हालको ठेगाना :** घर नं. १७५, धौलागिरि मार्ग, सिनामङ्गल, काठमाडौँ । **फोन :** ४४७१८५८ ।

शेखरनाथ पन्थी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ जेठ २२, धुरकोट वाग्ला बडाचौर, गुल्मी । **माता/पिता :** नन्दकुमारी पन्थी, देवीप्रसाद पन्थी । **शिक्षा :** शास्त्री (साहित्य) । **सेवा :** अध्यापन । **पहिलो रचना :**

२०१८ सालदेखि लेखन प्रकाशन निरन्तर । **कृति/सृजना** : देशदर्शन (२०१८), श्रीमद्भागवतचन्द्रिका (२०५९) । **हालको ठेगाना** : आनन्दवाग, कपिलवस्तु /वाग्ला -८, गुल्मी । **फोन** : ०७६-५६०२७५ ।



शेषमणि आचार्य (जनक शर्मा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ चैत्र ४, रम्घा, सिलिङ्गे डाँडा, लमजुङ । **माता/पिता** : मधुमालती आचार्य, हरिदत्त आचार्य । **शिक्षा** : आचार्य (दर्शन), एम.ए. (नेपाली साहित्य) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : क्रान्ति (निबन्ध, अन्तर्ध्वनि, २०२०) । **कृति/सृजना** : केही पारिभाषिक शब्द (२०४७), समाजवादबारे केही कुरा (२०३८), मार्क्सवादपूर्वको दार्शनिक विकास (२०४८), मलाई एउटा बाँसुरी देऊ (कवितासङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : भञ्ज्याङ (दैनिक पत्रिका, २०६०), शुक्लाप्रवाह (साहित्यिक पत्रिका, २०६१) । **हालको ठेगाना** : दुलेगौँडा -७, तनहुँ । **फोन** : ०६५-५७०१५९, ९८४६१६३९८५

शेषराज दली

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७२ पुस, ताहाचल, काठमाडौं । **माता/पिता** : सानुदेवी दली, कृतिराज दली । **शिक्षा** : एम.एस्सी. । **सेवा** : राजस्व सेवा, शेषहीरा प्रतिष्ठानका संस्थापक । **पहिलो रचना** : विहार (कविता, धर्मोदय, ने.सं. १०६९) । **कृति/सृजना** : भक्तिलता (नाटक, ने.सं. १०९७), रामावतार (ने.सं. १११२), श्री हरिया अवतार (ने.सं.१११५) । **फोन** : ५५२१८०८, ४२७२२५७ ।

शेषराज भट्टराई

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२३ पुस ३, सिङदेल-३, खोटाङ । **माता/पिता** : चन्द्रकला भट्टराई, देवीप्रसाद भट्टराई । **शिक्षा** : स्नातक । **सेवा** : व्यापार । **पहिलो रचना** : स्वादे जिब्रो, अल्छे तिघ्रो (कान्तिपुर दैनिक, २०५०) । **कृति/सृजना** : ऋषिमुनिका सन्तान सिसीमुनि (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५९), जातले पकाएको भात (हास्यव्यङ्ग्य, २०६७) । **हालको ठेगाना** : फूलबारी-११, पोखरा, कास्की । **फोन** : ०६१-५३०१२२, ५३४७१३ ।

शेषराज रेग्मी

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९६८, कमलपोखरी, काठमाडौँ । निधन : २०४५ । **शिक्षा** : धर्मशास्त्रमा आचार्य, काव्यतीर्थ उपाधि । **सेवा** : प्राध्यापन (त्रि.वि. /काशी हिन्दू विश्वविद्यालय, भारत) । **कृति/सृजना** : नेपाली रचनाप्रकाश (२०१८), श्री रङ्ग शर्मा भट्टराई (२०१९), नेपाली निबन्ध, व्याकरणबोध । **पुरस्कार/सम्मान** : महोपाध्याय । **सम्पर्क फोन** : ४४२७९४९ (सम्पर्क) ।

शेषराज सिवाकोटी

(लेखक/सम्पादक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ भदौ ४, तोरीखेत, सुन्खानी, दोलखा । **माता/पिता** : ओमकुमारी सिवाकोटी, रुक्मणीराज सिवाकोटी । **शिक्षा** : स्नातक (कानुन) । **सेवा** : न्याय सेवा । **पहिलो रचना** : आजका बालक (कविता, झङ्कार, रेडियो नेपाल, २०३१) । **कृति/सृजना** : Law Bibliography (1985), Nepal-Britain Relation (1986), Works on Land system of Nepal (1986), नेपालको कानुनी इतिहासका केही पृष्ठ (२०४८), वासुदेव लुइँटेल : एउटा जिउँदो मान्छे (२०५२), जनकलाल शर्मा : नेपालका कनिङ्घम (२०५४), डा. ईश्वर बराल : अभिवादनका अक्षरहरू (२०५४), वासुदेव लुइँटेल : आधुनिक दधीचि (२०५५), रोचक घिमिरे : अक्षरको अभिवादन

(२०५५), ओजस्वी स्रष्टा : मदनमणि दीक्षित (२०५५), अभिव्यक्तिका व्यक्ति नगेन्द्रराज शर्मा (२०५५), नयराज पन्त : नेपालका सुकरात (२०५५), जनकलाल शर्मा : स्मृति र स्पन्दन (२०५७), चूडामणि रेग्मी : पूर्वाञ्चलका मोतीराम (२०५७), सिर्जना र साधनाका दोभान : मोहन दुवाल (२०५८), स्वाभिमानका सगरमाथा : नयराज पन्त (२०५९), प्रज्ञा मनीषि : नयराज पन्त (२०६०), नयराज पन्त : स्मृति र स्पन्दन (२०६१), नेपालका बौद्धिक विभूति : नयराज पन्त (२०६२), दिनेशराज पन्त : अक्षरको अभिवादन (२०६३) । **सम्पादन/अनुवाद :** ज्ञानगुनका कुरा (२०४३), विज्ञानका कुरा (२०४९), न्याय (२०५०), नेपाल कानुन पत्रिका (२०४९) सर्वोच्च अदालत बुलेटिन (२०५०), नेपाल एन्टिक्वारी (सहसम्पादन) । **पुरस्कार/सम्मान :** कमला पुरस्कार (२०३२), धापीदेवी पुरस्कार (२०३५), प्रेस काउन्सिल पुरस्कार (२०५४), भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार (२०५८) भानु साहित्य सम्मान (२०६१) । **हालको ठेगाना :** घर नं. ५३, करुण गल्ली, मैतीदेवी, काठमाडौँ । **फोन :** ४४३३६४५ ।

शेरबहादुर गुरुङ

(कवि, नेपाली/गुरुङ भाषा)

जन्म/स्थान : वि.सं. १९८६, फलामखानी, पर्वत । **माता/पिता :** नौली गुरुङ, जितबहादुर गुरुङ । **शिक्षा :** स्नातक । **सेवा :** ब्रिटिस सेना । **कृति/सृजना :** आमाको विलौना (२०३८), बुद्ध वन्दना र व्याख्या (२०५४), शिवलिङ्गको महत्त्व र प्राचीन यौन मनोविज्ञान (२०५८), त्रियोगी, फूलवाली, नानोई खान (गुरुङभाषा) । **हालको ठेगाना :** कालिकानगर, बुटवल । **फोन :** ९८०६९०३६१६, ०७१-५४०९३९, ६२२०१२७।

शेरबहादुर ढुङ्गाना

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१५, खाँदबारी न.पा. -३, सङ्खुवासभा । **माता/पिता :** विष्णुमाया अधिकारी, घनश्याम अधिकारी । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** सार्वजनिक सेवा । **पहिलो रचना :** २०४२ सालमा कविता प्रकाशित । **कृति/सृजना :** आमाबाबु र छोराछोरीका कविता (कवितासङ्ग्रह, २०६१) । **सम्पादन/अनुवाद :** डोल्पा स्मारिका (२०५३), स्थानीय विकासका लागि साहित्य, पहिलो थुँगा (२०५८), ढुङ्गाना वंश अध्ययन (२०५७), खाँदबारी नगरपालिका स्मारिका (२०५६), दोलखा स्थानीय विकास बुलेटिन (२०५४) हिमालय माध्यमिक विद्यालय, स्मारिका (२०५६) आदि । **पुरस्कार/सम्मान :** गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), दैवी प्रकोप पीडितोद्धार पदक । **हालको ठेगाना :** खाँदबारी -३, सङ्खुवासभा । **फोन :** ४३५५३५४ ।

शैलेन्द्र साकार (शङ्करप्रसाद श्रेष्ठ)

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ मङ्सिर १७, भोजपुर बजार । **माता/पिता :** इन्दिरा श्रेष्ठ (प्रधान), रामबहादुर श्रेष्ठ (प्रधान) । **शिक्षा :** एम.ए. (नेपाली, राजनीतिशास्त्र) । **सेवा :** बैङ्किङ सेवा, साझा प्रकाशन (अध्यक्ष, २०६२) । **पहिलो रचना :** एक उद्वेग (कविता, रचना पत्रिका, २०१९) । **कृति/सृजना :** आकाश विभाजित छ (उपन्यास, सहलेखन, इ.सं. १९७५), कोलाज (कथासङ्ग्रह, २०३६), शैलेन्द्र साकारका कविता (२०३६), कालपात्र र अरू कथाहरू (कथासङ्ग्रह, २०४२), अवतार विघटन (उपन्यास, इ.सं. १९८५), सर्पहरू गीत सुन्दैनन् (कवितासङ्ग्रह, २०४६), रामायण र अरू कथाहरू (इ.सं. १९९९) । **सम्पादन/अनुवाद :** फूलबारी (त्रैमासिक), छहरा, चिन्तन, समष्टि, सञ्जीवनी, मन्त्र आदि पत्रिकाहरू सम्पादन । कथामा नारी हस्ताक्षर (कथासङ्ग्रह, २०३५), विश्वका सर्वश्रेष्ठ प्रेमकथा (कथासङ्ग्रह, अनुवाद, २०३८), नेपालका महिला लेखकहरू (पुस्तक, २०४२), नेपालका नारी कथाकारका कथाहरू (जापानी पुस्तक २०४५) । **पुरस्कार/सम्मान :** ने.रा.प्र.प्र. कविता महोत्सव - तेस्रा (२०२४), मुस्याचु पुरस्कार (२०३९), सेवा पुरस्कार (२०४०), सिद्धिचरण काव्य पुरस्कार (२०४९), छिन्नलता सम्मान पुरस्कार (इ.सं. २००१) । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ४४८७०९३ ।

शैलेन्द्र सिम्खडा

(रङ्गकर्मी/व्यङ्ग्य कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ फागुन ११, दार्खा, धादिङ । **माता/पिता :** खड्गकुमारी सिम्खडा, दुर्गाप्रसाद सिम्खडा ।

शिक्षा : प्रमाणपत्र तह । **सेवा** : नाटक, हास्यव्यङ्ग्य क्षेत्र, निर्देशन, (ने.रा.प्र.प्र.) । **पहिलो रचना** : कविता (भानु पत्रिका, २०३६) । **कृति/सृजना** : कालो अक्षता (व्यङ्ग्य कवितासङ्ग्रह, २०६४), श्रव्य क्यासेटहरू : ब्रह्मास्त्र, सुकुमवासी, एक्सरे, प्रजातन्त्रको पास्नी, ग्र्याण्डडिजाइन, प्रजातन्त्रको भूत, नाइटभिजन । सिंहदरबारको गेट (भिडियो क्यासेट) । तीनदर्जनभन्दा बढी नाटकहरूमा प्रमुख भूमिकामा अभिनय, ५० भन्दा बढी टेलिचलचित्रहरूमा विभिन्न भूमिका, ४० भन्दा बढी प्रहसन लेखन, निर्देशन र अभिनय, ३ ओटा भिडियो चलचित्रमा प्रमुख भूमिका निर्वाह, आधादर्जन जति नाटक निर्देशन, केही धारावाहिक टेलिचलचित्रहरूको संवाद, पटकथा, कथा लेखेको । **पुरस्कार/सम्मान** : उत्कृष्ट प्रस्तोता (गाईजात्रा महोत्सव, २०३९), उत्कृष्ट सहनायक (भिडियो चलचित्र बल्छी, २०४८), राष्ट्रिय कविता महोत्सव (तृतीय : २०५०, २०५९), उत्कृष्ट अभिनेता (गाईजात्रा महोत्सव, २०४५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७, नाटक क्षेत्र), गद्दी आरोहण रजत महोत्सव पदक (२०५८), छन्दोवद्ध कविता राष्ट्रिय महोत्सवमा द्वितीय पुरस्कार (२०६४) । सिर्जनशील प्रतिभासम्मान (२०६७) लगायत थुप्रै । **हालको ठेगाना** : दार्खा -७, धादिङ / काठमाडौं । **फोन** : ४३५२७४७, ९८४१४५०३५० ।

शैलेन्दुप्रकाश नेपाल (बाबुराम, श्रीकृष्ण भोजपुरे)

(साहित्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१८ मङ्सिर २९, कटुञ्जे, भोजपुर । **माता/पिता** : चन्द्रकुमारी नेपाल, पूर्णप्रकाश नेपाल । **शिक्षा** : एम.ए., बी.एड., विद्यावारिधि (नेपाली) । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : फूलहरू (कविता, २०२९) । **कृति/सृजना** : प्रेमपूजा (गीतिकाव्य, २०३९), नमिता-सुनीता (गीतिकाव्य, २०४३), कल्पनाकुसुम (खण्डकाव्य, २०४४), विन्देश्वरी (खण्डकाव्य, २०४१), कामना (उपन्यास, २०४१), वेदना बोल्छ (लामो कविता, २०४२), दिग्बोध (खण्डकाव्य, २०४३), जुनू (महाकाव्य, २०४८), झुल्केघाम (बालगीत, २०४९), सरल नेपाली निबन्धमाला (२०४९), राममणि आ.दी. व्यक्ति र कृति (अनुसन्धान, २०५०), जानकी विरह (खण्डकाव्य, २०५३), पारख प्रयत्न (समालोचना, सहलेखन, २०५४), अनामिका (महाकाव्य, २०५६), नयाँ नेपाली निवन्ध माला (सहलेखन, २०५६), फूलको साथी (वालकथा, २०६०), मकमक घुर्र (वालगीत, २०६१), राष्ट्रकवि माधव घिमिरे (अनुसन्धान, २०६१), डायना (महाकाव्य, २०६१), प्रयोगमूलक नेपाली व्याकरण र रचना (पाठ्यपुस्तक, सहलेखन, २०६४), रचनात्मक नेपाली वाणी (पाठ्यपुस्तक, सहलेखन, २०६७) । **सम्पादन/अनुवाद** : *पत्रिका सम्पादन* : शिक्षा सौरभ (त्रैमासिक), हिमाली सौगात (द्वैमासिक), साहित्य सौगात (त्रैमासिक), अर्चना (वार्षिक), ज्ञानसिन्धु (वार्षिक), नेपाली वाङ्मय (वार्षिक), अभिचाहना (वार्षिक), देवकोटा अध्ययन (अर्धवार्षिक), वालसाहित्य (वार्षिक), अनामिका (मासिक) । *ग्रन्थ सम्पादन* : नेपाली पद्य प्रवाह (२०५४), संवेदनाका स्वरहरू (संयुक्त निबन्ध, २०५४), वाङ्मय समालोचना (२०५५), इन्दिरा यात्रा (२०५६), सम्झनामा फाल्गुन (कविता, २०६०), नेपालको एकीकरण र पृथ्वीनारायण शाह (२०६३), कृष्णकुमारी मनोरथ नेपाल स्मृतिग्रन्थ (२०६६), मुनामदन समालोचना (२०६६), । **पुरस्कार/सम्मान** : जिल्ला शिक्षा पुरस्कार (काठमाडौँ, २०४९), राष्ट्रिय युवा महोत्सवमा पुरस्कृत (संस्कृति मन्त्रालय, २०५६), कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार (चितवन, २०५८), गेरु-अम्बिका कोइराला स्मृति पुरस्कार (विराटनगर, २०५९), सैनध्वज नन्दकुमारी विद्वद्वृत्ति पुरस्कार (२०६५) लगायत विभिन्न कविता, निबन्ध प्रतियोगिताहरूमा पुरस्कृत । गेरु-अम्बिका कोइराला स्मृति सम्मान (२०५९), दीपज्योति सम्मान (२०६५), देवेन्द्र स्मृति सम्मान (२०६७) । **हालको ठेगाना** : धापासी, वसुन्धरा, काठमाडौँ (drspnepal1@yahoo.com) । **फोन** : ४३५९६२६, ९८४१२५९४४४ ।

शोभा अधिकारी वाग्ले

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०२५ असोज २८, दुराडाँडा, लमजुङ । **माता/पिता** : मधु अधिकारी, पूर्णकान्त अधिकारी । **शिक्षा** : बी.एफ.ए. । **सेवा** : प्राध्यापन, कलाकारिता, । **कृति/सृजना** : एकल चित्रकलाप्रदर्शनी ८ पटक (नेपाललगायत अमेरिका, वेलायत), सामूहिक चित्रकलाप्रदर्शनी १९ पटक (नेपाललगायत भारत, जापान, वङ्गलादेश, फ्रान्स, चीन,

कोरिया आदि देशहरूमा), यसका अतिरिक्त नेसनल वीरेन्द्र आर्ट म्युजियम (काठमाडौँ), कृषि विकास बैङ्क (केन्द्रीय कार्यालय, काठमाडौँ), जापान, बङ्गलादेश, फ्रेञ्च, फिनल्याण्ड, कोरिया, इरान, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, फ्रान्स, अमेरिका, बेलायतमा चित्रकला सङ्गृहीत । **पुरस्कार/सम्मान** : विभिन्न कलाप्रदर्शनी तथा प्रतियोगिताहरूमा पुरस्कृत (१९८६-१९९७), अरनिको राष्ट्रिय युवा पुरस्कार (इ.सं. २००१) । **हालको ठेगाना** : राजकुलो मार्ग, हाँडीगाउँ, पो.ब.नं. १८२३, काठमाडौँ (shovawagley@yahoo.com) । **फोन** : ४४३१८९०, ४४३०२५१, ९८४१३२८७६१ ।

शोभाकर तिमिल्सिना

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ असोज १९, हेमजा, कास्की । **माता/पिता** : पार्वती तिमिल्सिना, तुलाराम तिमिल्सिना । **शिक्षा** : आई.एस्सी. । **सेवा** : अध्यापन, राजनीति । **कृति/सृजना** : तँ (कवितासङ्ग्रह, २०३३) । **हालको ठेगाना** : हेमजा -४, कास्की । **फोन** : ९८४६०२८३०८ ।

शोभाकान्त गौडेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००८ कात्तिक १५, फलेवास देवास्थान, पर्वत । **माता/पिता** : सरस्वती गौडेल, मोहदत्त गौडेल । **शिक्षा** : इञ्जिनियरिङ (सिविल) । **सेवा** : सिँचाइ विभाग । **पहिलो रचना** : पश्चिमाञ्चलका पहाडी सिँचाइ आयोजनाहरू : केही चर्चा (गोरखापत्र, २०३८ माघ) । **कृति/सृजना** : म ढुङ्गो कसरी बनूँ (कवितासङ्ग्रह, २०६१) कालीगण्डकीका किनारहरू (निबन्धसङ्ग्रह) । **सम्पादन/अनुवाद** : पर्वत (सामयिक साहित्यिक सँगालो) । **पुरस्कार/सम्मान** : खुला कविता प्रतियोगिता पोखरामा प्रथम पुरस्कार (९५औँ लक्ष्मी जयन्ती) । **हालको ठेगाना** : ५/६६ आश्रित मार्ग, पोखरा -५, कास्की (gaudel5basia@yahoo.com) । **फोन** : ०६१-५२१५०९ ।

शोभाचन्द्र उपाध्याय खनाल

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९५८ असोज, कमलपोखरी, काठमाडौँ । निधन : २०३५ पुस १, विराटनगर । **माता/पिता** : कमलादेवी, टङ्कनाथ खनाल । **शिक्षा** : संस्कृत मध्यमा, आई.ए. । **सेवा** : साहित्य सेवा, अध्यापन, समाज सेवा (विराटनगरका प्रथम मेयर) । **कृति/सृजना** : पाटलीपुत्र (उपन्यास, २०००), विमला (उपन्यास, २००४), गोपी गीतम् (गीत, २००६), वरुथिनी (काव्य, २०११), बुद्धिविनोद प्रश्नोत्तरी । **पुरस्कार/सम्मान** : जानपद पदक, मोफसलका पहिला उपन्यासकार ।**सम्पर्क ठेगाना** : विराटनगर -९, मोरङ । **फोन** : ०२१-५२२६४६

शौर्या साह 'सन्ध्या'

(नाट्यकर्मी, मैथिली भाषा)

जन्म/स्थान : वि.सं. २०३६ पुस ३०, मटिहानी-८, महोत्तरी । **माता/पिता** : सोहनाकेतन, चन्देश्वर सानो साह । **शिक्षा** : बी.एड. । **सेवा** : रङ्गकर्मी । **पहिलो रचना** : खाली हाथ (नाटक, अभिनय, ने.रा.प्र.प्र.) । **कृति/सृजना** : एकटा आओर वसन्त (मैथिली नाटक, २०५४), सिसकैत जिनगी (नाटक, २०६२), कनियाँ (भिडियो फिल्म, २०५५) लगायत विभिन्न समयमा विभिन्न नाटक, टेलिशृङ्खलाहरूमा प्रमुखपात्रको भूमिका निर्वाह । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेत्री अवार्ड (जनकपुर फिल्म फेस्टिबल, २०५५) । **हालको ठेगाना** : मटिहानी-८, महोत्तरी । **फोन** : ०४१-५२४२९२/०४४-५४०११३ ।

श्यामकुमार अधिकारी 'हिडपाली साइँलो'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं.२०१४, रावा डुम्रेकोट, खोटाङ । **माता/पिता** : बच्छरादेवी अधिकारी, केशवप्रसाद अधिकारी । **शिक्षा** : स्नातक । **सेवा** : साहित्यिक पत्रकारिता, सामाजिक सेवा । **पहिलो रचना** : हिडपा साहित्यिक पत्रिका सम्पादन (२०३९) । **कृति/सृजना** : नेपालको पूर्वाञ्चल क्षेत्रमा साहित्य ।

सम्पादन/अनुवाद : आँकुरा साहित्यिक पत्रिका, जेसिज बुलेटिन (इ.सं. १९८४), कनिका लघु साहित्यिक (सामयिक), ऐश्वर्य साहित्यिक पत्रिका, नवचन्द्रिका (२०४२), जनपथ साहित्यिक पत्रिका, गोसेवा, विभूति (२०५४) । **पुरस्कार/सम्मान** : दैवी प्रकोप पीडितोद्धार पदक (२०४६), युवा साहित्य रत्न (२०४१, पूर्वाञ्चल क्षेत्रबाट), उत्कृष्ट वक्ता (नेपाल अधिराज्यबाट सन् १९८३ मा), भानु पदक (२०४४) । देवकोटा स्मृति भवन भद्रपुर (२०५२), मैथिली सेवा समिति, विराटनगर (२०५३), राष्ट्र निर्माता पृथ्वी सालिक निर्माण समिति, भद्रपुर (२०५५), नेसनल सम्मान समारोह विराटनगर (२०५८) आदि संस्थाद्वारा सम्मान । **हालको ठेगाना** : ४/४२, विराटनगर, मोरङ ।

श्यामकृष्ण श्रेष्ठ

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८९ मङ्सिर २१, इलाम बजार, इलाम । **माता/पिता** : लीलाकुमारी श्रेष्ठ, रामकृष्ण श्रेष्ठ । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : निजामती, सङ्गीत, अभिनय । **पहिलो रचना** : फूल (कविता, आँखा पत्रिका, २००६) । **कृति/सृजना** : मेरो मौन (कवितासङ्ग्रह, २०२९), मेरो कवितामा इलाम (कवितासङ्ग्रह, २०५३), सम्झनाको सँगालो (निबन्धसङ्ग्रह, २०५८), स्वर्गमा कविगोष्ठी (कवितासङ्ग्रह, २०५९), स्वप्न-भङ्ग (कथासङ्ग्रह, २०६०), मेरो जागिरे जीवन (आत्मावृत्तान्त, २०६३) । **सम्पादन/अनुवाद** : आँसु (हस्तलिखित पत्रिका, २०१०), समजग (हस्तलिखित, २०१०), श्यामकृष्णका निबन्ध (संस्मरणत्मक निबन्ध) । **पुरस्कार/सम्मान** : महानन्द पुरस्कार (२०४५), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार (२०५६), बी.पी. साहित्य पुरस्कार (२०५६), वाणी पुरस्कार (२०५९) । साहित्य-संस्कृति-कला-प्रतिष्ठान, इलामद्वारा अभिनन्दन (२०५७) । **हालको ठेगाना** : चन्द्रगढी-८, झापा / रातोपुल, काठमाडौं । **फोन** : ०२३-४५५७७२, ४४२४५२४ ।

श्यामजीप्रसाद अर्ज्याल

(माध्यमिक कालीन कवि/सम्पादक)

जन्म/स्थान : वि.सं. १९४७ भदौ २२, डिल्लीबजार, काठमाडौं (पछि गौरमा बसे) । निधन : २०३८ असोज, काठमाडौं । **पिता** : देवीप्रसाद अर्ज्याल । **शिक्षा** : संस्कृत साहित्य, स्नातक । **सेवा** : केही समय अमीन भएका, वकालत, कलाकुञ्ज गौरका संस्थापक । **कृति/सृजना** : भाव सवल (१९७३), विरहिणी उपर सखीको प्रश्न (१९७३), त्यो मरेको छैन (१९७४) । **सम्पादन/अनुवाद** : सूक्तिसिन्धु (सम्पादन, १९७४) ।



श्याम तमोट

(गीतकार)

जन्म/स्थान : वि.सं. २०१० असार १५, टक्सार, भोजपुर । **माता/पिता** : शुभलक्ष्मी, विष्णुकुमार तमोट । **शिक्षा** : स्नातक (त्रि.वि.) । **सेवा** : अध्यापन, सामाजिक सेवा, गैरसरकारी सेवा । **पहिलो रचना** : हल्लाऊँ सिमलको बूढो रूख (सकसक पत्रिका, अनुप नामबाट, २०२९) । **कृति/सृजना** : महिला मुक्तिलगायतका एकाङ्कीहरू (२०३६-३९), गाउँ गाउँबाट उठ (गीतसङ्ग्रह, २०५८) । साना साना खोलाखोली (२०४६), रक्तक्रान्तिको ज्वालामुखीमा (२०४९), आऊ मिलाऊँ हाम्रा हातहरू (२०६१), सुगन्धको पाऊ, शान्तिको सन्देश आदि गीतिएल्बमहरू) । **सम्पादन/अनुवाद** : प्रभात (२०२७), कर्मठ (२०३७), भोजपुरको सेरोफेरो (२०५८), शिक्षक आवाज (२०५८) । **पुरस्कार/सम्मान** : जनसंस्कृति पुरस्कार (२०६१) । सिनेमा नेपालद्वारा उत्कृष्ट गीतकारको सम्मान (२०५८) । **हालको ठेगाना** : दाँवा, भोजपुर । **फोन** : ०२९-४२०१४१/४२०१८१, ५५५५७११ ।

श्यामदास 'अशान्त' श्रेष्ठ

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९३८, पाटन, इखालखु, ललितपुर । **शिक्षा** : कलाकौशल । **सेवा** : सदस्य (नाफा), हुलाकसेवा विभाग । **कृति/सृजना** : राष्ट्रिय कलाप्रदर्शनी (इ.सं. १९६५, १९७४), कलाप्रदर्शनी (ने.रा.प्र.प्र., २०२०) । **पुरस्कार/सम्मान** : प्रथम पुरस्कार (ने.रा.प्र.प्र., २०२०), द्वितीय पुरस्कार (२०२२), तेस्रो पुरस्कार (इ.सं. १९७०) ।

श्यामदास खरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ जेठ ५, महारानी -८, झापा ।

माता/पिता : पवित्रादेवी खरेल, रामदास खरेल । **शिक्षा :** एम.ए. (अर्थशास्त्र) । **सेवा :** संस्थान सेवा । **पहिलो रचना :** स्वदेश गान (२०५३) । **कृति/सृजना :** भक्ति दीपिका (पुस्तक, २०५५) । **पुरस्कार/सम्मान :** श्रीकृष्ण प्रणामीको भक्ति सङ्गीत तर्फ उत्कृष्ट रचनामा पुरस्कृत । **हालको ठेगाना :** ललितपुर, उ.प.न.पा.-१३ । **फोन :** ५५४२१११ ।

श्यामदास प्रजापति

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०११ असार १७, मरु, काठमाडौँ । **माता/पिता :** हरिमाया प्रजापति, तुलसीसाहु प्रजापति । **शिक्षा :** एस.एल.सी. । **सेवा :** साहित्य । **पहिलो रचना :** स्वांनाप (कविता, नेपाल भाषा, सितु द्वैमासिक, २०२७) । **कृति/सृजना :** आक्सय् लूगु निभा : (कथासङ्ग्रह, नेपाल भाषा, २०३४), निभाःया पलाखय् (कथासङ्ग्रह, नेपाल भाषा, २०४०), सुथ लूगु सुथ (कथासङ्ग्रह, नेवार भाषा, २०५९) । **सम्पादन/अनुवाद :** पल्पसा (द्वैमासिक, ने.सं. १०९२), तिकिझ्याः (द्वैमासिक, ने.सं. १०९८), पलिस्था (वार्षिक, ने.सं. १११८) । **हालको ठेगाना :** का.म.न.पा.-१३, पो.ब.नं. १३११६, काठमाडौँ । **फोन :** ४२७५३०१ ।

श्यामदास वैष्णव

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१ साउन कृष्ण सप्तमी, लाजिम्पाट, काठमाडौँ । **माता/पिता :** दुर्गाकुमारी, कृष्णदास वैष्णव । **शिक्षा :** नेपालीमा मध्यमा । **सेवा :** भाषानुवाद, सरकारी नोकरी, राजपरिषद्, अभिनय । **प्रथम रचना :** सूर्य (कविता, शारदा, २००१) । **कृति/सृजना :** रातको आँसु (गीतिकविता), पतकर (कवितासङ्ग्रह), अन्तर्ध्वनि (कवितासङ्ग्रह), उपहार (कवितासङ्ग्रह), नयाँ लहर (कवितासङ्ग्रह) केही लघु नाटक, केही गीति नाटक ... । विभिन्न नाटकहरू निर्देशन, थुप्रै सङ्ख्यामा गीतरचनाहरू रेकर्ड भई प्रसारण भएका । डोको, सत्-असत्, सत्यको महत्त्व, इज्जत कि बेइज्जत आदि टेलिचलचित्रमा प्रमुख भूमिकामा अभिनय । रङ्गमञ्च अन्तर्गत कृषिवाला र स्वामी रणबहादुर आदिमा अभिनय । **सम्पादन/अनुवाद :** आवाज (दैनिक), झङ्कार (दैनिक, २००९), हाम्रो संस्कृति, माधुर्य । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु, महेन्द्र प्रज्ञा पुरस्कार (२०४५), रत्नश्री पदक (२०४७), हरिहर शास्त्री सावित्री देवी साहित्यिक पुरस्कार, (२०४९), विवेकानन्द शारदा सेवा रत्न (अन्तर्राष्ट्रिय पुरस्कार, २०५०), स्वर्ण महोत्सव पदक (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रख्यात त्रिशक्तिपट्ट (२०५८), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९), बालचन्द्र पुरस्कार (२०६०), मुक्ति पुरस्कार (२०६०), कवितामा स्वर्णपदक (विश्व निकेतन /पद्मकन्याबाट), समय समयमा नगद पुरस्कार । सम शताब्दी सम्मान (२०५९), नेपाली साहित्य मन्दिरद्वारा सम्मान (२०५९), १९०औँ भानुभक्त आचार्य जन्मजयन्तीको अवसरमा सम्मान तथा रथारोहण (२०६०), मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६२), देवकोटा सम्मान । **हालको ठेगाना :** ज्ञानेश्वर, काठमाडौँ । **फोन :** ४४२२१७९, ४४२९७५७ ।

श्यामप्रसाद गोतामे

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९६ भदौ २७ गते, पाकोपोखलड्याङ, काठमाडौँ । **निधन :** २०५५ वैशाख १९ । **माता/पिता :** राधादेवी गौतम, ज्वालाप्रसाद गौतम । **शिक्षा :** आई.ए. । **सेवा :** बैङ्किङ सेवा । **पहिलो रचना :** मैले पनि पिउन सिकेँ (गोरखापत्र, २०२५ माघ) । **कृति/सृजना :** मपाईं (हास्य व्यङ्ग्यसङ्ग्रह, २०२६), जदौ (हास्यव्यङ्ग्यसङ्ग्रह, २०२७), कायेन वाचा (हास्यव्यङ्ग्य सङ्ग्रह, २०३४), श्याम गोतामेका प्रतिनिधि हास्यव्यङ्ग्यसङ्ग्रह (२०४५) । **सम्पादन/अनुवाद :** गाजल (मैथिली कथासङ्ग्रहको नेपाली अनुवाद), नेपालका प्राचीन अभिलेखहरू -१, नेपालका प्राचीन अभिलेखहरू -२, नेपाली पद्य प्रवाह । **पुरस्कार/सम्मान :** भैरव पुरस्कार (२०४९) ।

श्यामप्रसाद घिमिरे

(कलाकार)

जन्म/स्थान : वि.सं. २००२ फागुन, काठमाडौँ । **माता/पिता :**

कृष्णकुमारी, कृष्णप्रसाद घिमिरे। **शिक्षा :** डिप्लोमा (ललितकला)। **सेवा :** अध्यापन/प्रशिक्षक (कला)। **कृति/सृजना :** मोडल डायर (सहयोगी, २०२८), मास कलीस् थेनिकस् (राजा वीरेन्द्र राज्याभिषेकका लागि, ई.सं १९७५)। **पुरस्कार/सम्मान :** सान्त्वना पुरस्कार (नाफा, इ.सं. १९७२/१९७४, विश्व हिन्दू सङ्घ, १९८७), सर्वोत्तम पुरस्कार (इ.सं. १९८१)। **हालको ठेगाना :** टङ्गाल, गैह्रीधारा, काठमाडौं। **फोन :** ४४२७८७३।

श्यामप्रसाद ढुङ्गेल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ साउन १३, डिल्लीबजार, घट्टेकुलो, काठमाडौँ। **माता/पिता :** बालकुमारी उपाध्याय, नरहरि उपाध्याय। **शिक्षा :** बी.कम., एल.एल.एम.। **सेवा :** प्राध्यापन, वकालत र लेखन। **पहिलो रचना :** इन्साफ (कथा, बगैँचा साहित्यिक मासिक, २०२३)। **कृति/सृजना :** अभ्यास मुद्दा (२०४८), कार्यमूलक कानुन व्यावसायिक प्रशिक्षण कार्यक्रम पुस्तिका (२०४८)। **सम्पादन/अनुवाद :** क्लिनिकल लिगल एजुकेसन प्रोग्राम करिकुलम (२०४८), कार्यमूलक कानुन व्यावसायिक प्रशिक्षण कार्यक्रम अभ्यास मुद्दा पुस्तिका (२०४८)। **पुरस्कार/सम्मान :** दीर्घ सेवा पदक (त्रि.वि., २०६१)। **हालको ठेगाना :** घ १/६१, ज्ञानेश्वर, काठमाडौँ। **फोन :** ४४१२३९४।

श्यामप्रसाद न्यौपाने

(गजलकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२६, निबुवाखर्क -७, स्याङ्जा। **माता/पिता :** कलावती न्यौपाने, खेमराज न्यौपाने। **शिक्षा :** स्नातकोत्तर (नेपाली, । **सेवा :** अध्यापन। **पहिलो रचना :** निबन्ध प्रकाशित (सूर्यमुखी पत्रिका, २०४६, हरिद्वार, भारत)। **कृति/सृजना :** बोली गजबको (गजलसङ्ग्रह, २०५९), सोह्र दुनी आठ (मुक्तकसङ्ग्रह, २०६२)। **सम्पादन/अनुवाद :** इन्द्रधनुष (साहित्यिक वार्षिक), देवचुली (साहित्यिक मासिक), नवलपरासीका समसामयिक गजल। **हालको ठेगाना :** रामनगर -१, नवलपरासी।

श्यामप्रसाद शर्मा (विमर्श, दर्शन, कृष्ण अर्याल, ज्योतिकान्त लामिछाने)

(निबन्धकार/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८६ असार ६, सोलीथुम, मकवानपुर। **माता/पिता :** हुतप्रिया, जोगनाथ उपाध्याय लामिछाने। **शिक्षा :** मेट्रिक। **सेवा :** राजनीति, साहित्य सेवा, आजीवन सदस्य (नेपाल प्रज्ञा-प्रतिष्ठान)। **पहिलो रचना :** सन्देश (कविता, उदय पत्रिका, बनारस, २००२)। **कृति/सृजना :** बहिनीलाई चिठ्ठी (भाग १, २, २००८), लेखक कसरी बन्ने ? (सैद्धान्तिक आलोचना, २०१०), तँ, तिमी, तपाईं, हजुर (निवन्धसङ्ग्रह, २०१४), साहित्य सम्वन्धी दुई चार कुरा (समालोचना, २०२२), मेरी आमा (२०२३), सोभियत नेपाली विद्हरू (लेख, २०२३), थुनुवाको डायरी (२०३८), साहित्यका पात्रपात्रीहरू (२०३९), केही साहित्य र साहित्यकार (२०४२), केही कविता केही गीत (२०४३), पाँच जरूरी कुरा (सैद्धान्तिक आलोचना), हाम्रा बालबालिकाहरू हाम्रो नयाँ पुस्ता (२०४७), अ रिपोर्ट अफ जर्नालिज्म एण्ड जर्नालिस्ट अफ नेपाल (अङ्ग्रेजी भाषा, पत्रकारिता, २०४९), मेरा डायरीका पाना (१९६१-१९६५) (२०५७), अनुभवहरूको सजीव प्रस्तुति (२०५८), अनुशासनको कारबाईबारे (२०५७), आर्थिक अवस्था कसरी सपार्ने (२०५१), एक दर्जन कुरा (२०५८), गुप्तवासको सम्झना (२०५५), जातजातिका कुरा (२०५६), तन्नेरी साथीहरूसित (२०५४), धर्मबारे केही कुरा (२०४९), नेतृत्वका विषयमा (२०४७), परिवार र नाताकुटुम्बबारे (२०४८), प्रेम र विवाहका विषयमा (२०५९), भाइबहिनीहरूसँग केही प्रश्न (२०५५), भाषासम्बन्धी दुई चार कुरा (२०५६), मेरा डायरीका पाना (१९४५-१९६०) (२०६२), मेरा डायरीका पाना (१९६६) (२०६२), मेरा डायरीका पाना (१९९१) (२०६३), मेरा डायरीका पाना (१९९२) (२०६४), समालोचनाहरू (२०६७), प्रयत्न केन्द्रित गरौँ (२०६७), मेरा डायरीका पाना-१९९३ (२०६८)। थट्स् एबाउट पीस एण्ड वार (सन् १९९८)। महिला मुक्तिका कुरा, मेरा गीतहरू तिम्रा स्वरहरू, युद्धप्रसाद मिश्र : सम्झना, वर्ग विश्लेषण गर्दा, संस्कृतिसम्वन्धी दुई चार

कुरा, सबैका लागि घर, साथी बनाउन खोज्दा, साहित्यिक फाँटका मेरा केही धारणा, श्रद्धाको एउटा थुँगो, हाम्रा बालबालिकाहरू, हामी हुन्छौँ बलियो, जात-जातीय खँय्, जीवित साहित्यकारप्रति, तँ-तिमी तपाईं-हजुर । **सम्पादन/अनुवाद :** सेवा (पत्रिका, २००८), हालखबर (२०१२)स्वास्नीमान्छे (२०१५), साहित्य (२०१६), चीनका पुराना नीतिकथा (अनु.) । **पुरस्कार/सम्मान :** महेन्द्र प्रज्ञा पुरस्कार (२०५०), मुक्ति पुरस्कार (२०५१) । **हालको ठेगाना :** सिफल/कमलपोखरी, काठमाडौं /गहवाटोल, वीरगञ्ज, पर्सा । **फोन :** ४४१९८२८ ।

श्यामबहादुर 'भावुक'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ कात्तिक १८, महाङ्काल, काठमाडौं । **माता/पिता :** रत्नकुमारी खड्का, कमलबहादुर खड्का । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** नोकरी । **कृति/सृजना :** अधुरो सपना (उपन्यास, २०५२), सुन्तली र हर्के (खण्डकाव्य, २०५६), अठोट (खण्डकाव्य, २०५८), होसियार (कवितासङ्ग्रह, २०५९), सम्झनाको दियो (शोककाव्य, २०६०), मौन खबरहरू (गजलसङ्ग्रह, २०६५), जिन्दगीका कथाव्यथा (खण्डकाव्य, २०६८), भावनामा भद्रकुमारी घले (खण्डकाव्य, २०६९) । **सम्पादन/अनुवाद :** स्वाजन सन्देश (२०६०), क्यान्सर स्वास्थ्य सेवा (२०६५) । **पुरस्कार/सम्मान :** तृतीय पुरस्कार (पञ्चकुमारी सामाजिक गुठी, २०५९), स्वाजन साहित्यिक समाजको कवि गोष्ठीमा प्रथम पुरस्कार (२०६२), सामुदायिक सेवा केन्द्र बूढानीलकण्ठद्वारा सम्मान (२०६०), राष्ट्रिय शान्ति सम्मान (२०६२), राष्ट्रिय नागरिक स्वर्ण सम्मान (२०६२), राष्ट्रिय सामाजिक सम्मान (२०६३), राष्ट्रिय विकास सम्मान (२०६३), कृष्ण प्रणामी साहित्यिक परिषद्द्वारा सम्मान (२०६३), वरिष्ठ गीतकार एवं समाजसेवी बालकृष्ण सजीवद्वारा सम्मान (२०६५), जनजागृत उच्च मा.वि. द्वारा सम्मान (२०६६), सामुदायिक सेवाकेन्द्र, बूढानीलकण्ठद्वारा सम्मान (२०६०), भद्रकुमारी घले व्यक्ति पुरस्कार (२०६९) । **हालको ठेगाना :** महाङ्काल, काठमाडौं । **फोन :** ४३७३१४५, ९८४५१५२०८५

श्याम रिमाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ वैशाख १८, वीर अस्पताल, काठमाडौं **माता/पितु :** चेतकुमारी रिमाल, शिवप्रसाद रिमाल । **शिक्षा :** एम.बी.ए., बी.एल. । **सेवा :** पत्रकारिता, साहित्य । **पहिलो रचना :** यो युग (कविता, नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसनको बुलेटिन, २०३९) । **कृति/सृजना :** एउटा काँडा बिझ्दा (गीतसङ्ग्रह, २०४८), त्रिशूलीको किनाराबाट (कवितासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद :** बूँद (गोजिका, २०५०), नुवाकोट (स्मारिका, २०६३) विश्वग्राम (स्मारिका, २०६६), ममता (स्मारिका, २०६६), रासस दिग्दर्शन (२०६६), नयाँ नेपालको नयाँ सञ्चार (स्मारिका, २०६७), स्मृतिबिम्बभित्र वासु रिमाल यात्री (२०६८) । **हालको ठेगाना :** कपन-३ घ, काठमाडौं (shyam_rimal@yahoo.com) । **फोन :** ४८११६७१, ९८४१२१२५८६ ।

श्यामबहादुर श्रेष्ठ

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९५० जनवरी ६, जनकपुरधाम, धनुषा । **माता/पिता :** विष्णुदेवी श्रेष्ठ, रामजी श्रेष्ठ । **शिक्षा :** बी.ए., डी.एल. । **सेवा :** नेपाल राष्ट्र बैङ्क । **पहिलो रचना :** नेपाली कलासम्बन्धी लेख (२०२५) । **कृति/सृजना :** कलाप्रदर्शनी : एकल चित्रकलाप्रदर्शनी (जनकपुरधाम, २०२७), राष्ट्रिय कलाप्रदर्शनी (नाफा, २०२८), एशियन कलाप्रदर्शनी (इ.सं. १९८३ र १९८९), पोष्टर कम्पिटिसन, नेसनल फोटो एण्ड पेण्टिङ कम्पिटिसन, सामूहिक कलाप्रदर्शनीहरू । वीरेन्द्रकला सङ्ग्रहालय, नेपाल राष्ट्र बैङ्क एवं देश तथा विदेशमा कला सङ्गृहीत । **सम्पादन/अनुवाद :** सारङ्गी (द्वैमासिक, २०२७), उपमा (मासिक, २०४२), मिमिरे (द्वैमासिक, २०४८) । **पुरस्कार/सम्मान :** साक्षरता दिवस लेखरचना तर्फ प्रथम पुरस्कार (जनकपुर, २०२७), राष्ट्रिय कलाप्रदर्शनी तथा प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** पो.ब.नं. ५६९१, काठमाडौं /जनकपुरधाम -१, धनुषा । **फोन :** ५५५३०३०, ९८४१२९१०९० ।

श्यामल (नक्षत्र शर्मा, हरिहर अधिकारी)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ पुस २९, गन्म गाउँ, दैलेख ।

माता/पिता : कलावती अधिकारी, उदयराम अधिकारी । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : अध्यापन, पत्रकारिता, सामाजिक सेवा, । **पहिलो रचना** : कविता (२०३२ तिर) । **कृति/सृजना** : तपाईहरू मार्फत (कवितासङ्ग्रह, २०४४), लयब्रह्म (कवितासङ्ग्रह, २०५९) । **सम्पादन/अनुवाद** : रूपरेखा (मासिक), दृष्टि (साप्ताहिक), प्रतिपक्ष (साप्ताहिक), तरङ्ग (त्रैमासिक वेभ पत्रिका) । **पुरस्कार/सम्मान** : दैवीप्रकोप उद्धार पदक (२०५०), लोकेन्द्र साहित्य पुरस्कार (२०५५), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५) । हृदयचन्द्र स्मृति सम्मान (२०५९) । **हालको ठेगाना** : लाम्पाटी मार्ग, कलङ्की, काठमाडौँ (hadhikary@hotmail.com) । **फोन** : ४२८३१०६, ०८९-४२०१३८ ।

श्यामलाल श्रेष्ठ

(चित्रकलाकार)

जन्म/स्थान : इ.सं. १९४६, भोटाहिटी, काठमाडौँ । **माता/पिता** : मथुरामाया श्रेष्ठ, कृष्णलाल श्रेष्ठ । **शिक्षा** : डिप्लोमा (ललितकला) । **सेवा** : चित्रकलाकारिता । **कृति/सृजना** : एकल कलाप्रदर्शनी (काठमाडौँ, इ.सं. १९७५, १९७८, १९८७, १९९०, १९९१, १९९२, १९९४ लगायत जापान (इ.सं. १९९२), अमेरिका (इ.सं. १९९३), इटली (इ.सं. १९९५) । सामूहिक कलाप्रदर्शनी (नेपाल, इ.सं. १९६५/९०/९७, भारत, इ.सं. १९८२, रुस, इ.सं. १९७९, बङ्गलादेश इ.सं. १९८१/८३/८९/९२, जापान इ.सं. १९८५/८९/९३) । स्वदेश तथा विदेशका निजी सङ्ग्रहालयमा कलासृजना सङ्गृहीत । **पुरस्कार/सम्मान** : तृतीय पुरस्कार (नाफा, इ.सं. १९७१), प्रथम पुरस्कार (चित्रकला प्रतियोगिता, इ.सं. १९७४, नाफा इ.सं. १९९७), स्वर्ण पदक (चित्रकला प्रतियोगिता, इ.सं. १९८४) । **हालको ठेगाना** : पो.ब.नं. १४१३५ बबरमहल, काठमाडौँ । **फोन** : ४२२७८२७ ।

श्याम सङ्कल्प (श्याम श्रेष्ठ)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ फागुन २५, क्वाँटल, विष्णु बूढानीलकण्ठ, काठमाडौँ । **माता/पिता** : धनमाया श्रेष्ठ, गोपाल श्रेष्ठ । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : अध्यापन । **पहिलो रचना** : तुषारोले खाएको जिन्दगीको कथा (२०५०) । **कृति/सृजना** : शीतको थोपा (गीतसङ्ग्रह, २०५०) सङ्कल्प (कवितासङ्ग्रह, २०५४) । **हालको ठेगाना** : विष्णु, बूढानीलकण्ठ-६, काठमाडौँ । **फोन** : ४३७७४०७ ।

श्यामसुन्दर श्रेष्ठ 'सहृदयी'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०१८ असार १६, भीमाद-४, तनहुँ । **माता/पिता** : नैनाकुमारी, विष्णुकुमार श्रेष्ठ । **शिक्षा/विषय** : स्नातकोत्तर (प्राकृतिक स्रोतको योजना तर्जुमा तथा व्यवस्थापन) । **सेवा** : भू-संरचना तथा जलाधार व्यवस्थापन । **पहिलो रचना** : जीवन र मृत्युको सन्दर्भमा माछापुच्छ्रे (मुखपत्र, पृथ्वीनारायण बहुमुखी क्याम्पस, २०३५) । **कृति/सृजना** : जीवन र मृत्युको सन्दर्भमा मेरा केही कविताहरू । **सम्पादन/अनुवाद** : अमृत (मुखपत्र, अमृत क्याम्पस, २०३६), अमृत बुलेटिन (मुखपत्र, २०३६), गोसाईपुन्ज (रसुवा साहित्यिक तथा सांस्कृतिक समाजको वार्षिक सँगालो, २०६५), सुन्दर आवाज र जोशिलो आवाज (भित्ते बुलेटिन, २०३६), सुन्दर आवाज इ-बुलेटिन (२०५५) । **पुरस्कार/सम्मान** : पश्चिमाञ्चल क्षेत्रव्यापी निबन्ध प्रतियोगितामा प्रथम (२०३२) । **हालको ठेगाना** : गोङ्गबु, काठमाडौँ (sahridayi@gmail.com) । **फोन** : ४३५४८३० ।

श्यामानन्द पौडेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९० वैशाख, बाजुङ -९, पर्वत । **शिक्षा** : मध्यमा (संस्कृत) । **सेवा** : अध्यापन । **कृति/सृजना** : पर्वत लहरी (गीतिकवितासङ्ग्रह, २०२९), शान्तिक्षेत्र नेपालको राष्ट्रिय मञ्जरी (लघुकवितासङ्ग्रह, २०४१), करुणामयी नारी (लघुकवितासङ्ग्रह, २०५६) । **सम्पादन/अनुवाद** : श्री गीतालहरी (भावानुवाद, २०४९) । **हालको ठेगाना** : शारदानगर, चितवन ।

श्रवण मुकारुङ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ जेठ २६, अन्नपूर्ण, दिल्पा, भोजपुर । **माता/पिता :** विष्णुरेखा राई, घनश्याम किराँत । **शिक्षा :** स्नातक । **सेवा :** साहित्य, नाट्य-सङ्गीत प्रज्ञा-प्रतिष्ठान (प्राज्ञसभा सदस्य, २०६७) । **पहिलो रचना :** आज रानीपोखरीमा (कविता, उत्साह त्रैमासिक, २०४२) ।

कृति/सृजना : देश खोज्दै जाँदा (कवितासङ्ग्रह, २०४९), हिउँको दरबार (गीतसङ्ग्रह, २०५३), यलम्बर (नाटक, २०५३), जीवनको लय (कवितासङ्ग्रह, २०६१), बिसे नगर्चीको बयान (कवितासिडी, २०६२) बिसे नगर्चीको बयान (कवितासङ्ग्रह, २०६७) । **पुरस्कार/सम्मान :** सर्वश्रेष्ठ गीतकार (रेडियो नेपाल), ने.रा.प्र.प्र. कविता महोत्सव -द्वितीय, प्रथम (२०४८, २०५३), युवावर्ष मोती पुरस्कार (२०५९), क्षेत्रीय प्रतिभा पुरस्कार (नेपाल सरकार, २०६७), प्रतिभा पुरस्कार (बेलायत, २०६८), कलाश्री युवा पुरस्कार (२०६९) लगायत थुप्रै । विमल स्मृति युवा सम्मान (धरान), रवीन्द्र शाह गीत सम्मान (काठमाडौँ), मोहन रेग्मी स्मृति सम्मान (विराटनगर) लगायत थुप्रै सम्मानहरू प्राप्त । **हालको ठेगाना :** बालुवाटार, काठमाडौँ । **फोन :** ४४२६३९८, ९८४१७४९५२७

श्रीओम श्रेष्ठ 'रोदन'

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ कात्तिक १५, झम्सिखेल, ललितपुर । **माता/पिता :** वेलकुमारी श्रेष्ठ, शिवप्रसाद श्रेष्ठ । **शिक्षा :** बी.ए., बी.एड. । **सेवा :** रेडियो, टेलिभिजन, रङ्गमञ्च, पत्रकारिता, बैङ्किङ, संस्थान । **पहिलो रचना :** कविता (प्राञ्जल पत्रिका, २०३६) ।

कृति/सृजना : ललिता (कवितासङ्ग्रह, २०४५), सरगम (कवितासङ्ग्रह, २०४७), अर्थहीन अर्थहरू (निवन्धसङ्ग्रह, २०५४), संवेदनाका स्वरहरू (संयुक्त निवन्धसङ्ग्रह, २०५४), आँखीझ्याल (लघुकथासङ्ग्रह, २०५८), समयका सम्भावनाहरू (निबन्धसङ्ग्रह, २०५९), समुद्रपारि-समुद्रवारि (यात्रासंस्मरण, २०६०), नबिर्सने दिनहरू (नियात्रा, २०६२), प्रसङ्गवश (अन्तर्वार्तासङ्ग्रह, २०६७), भ्रममार्ग (लघुकथा सङ्ग्रह, २०६७), एक्लो परिचय (निबन्ध सङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद :** शुभारम्भ (लघुकथासङ्ग्रह, सम्पादन, २०५४), सञ्चयन (लघुकथासङ्ग्रह, २०५५), कलाकार आवाज, खसखस, मधुपर्क (मासिक), विश्वास (मासिक), पूर्णिमा (सिनेमासिक), कुमारी (सिनेमासिक), उपमा (मासिक), ध्येय चिन्तन (चौमासिक), चराका कथा (बालकथा सङ्ग्रह, २०६९), मधुपर्क आदि । **पुरस्कार/सम्मान :** उत्तम शान्ति पुरस्कार (२०५४), प्रतिभा युवा सम्मान (२०५४), वीरगञ्ज साहित्य परिषद् सम्मान (२०५५), श्रीविक्रम राणा स्मृति साधना सम्मान (२०५६), युवा वर्ष मोती पुरस्कार (२०५७), त्रिचन्द्र देवकोटा सम्मान (२०६१), शङ्कर लामिछाने युवा निबन्ध पुरस्कार (२०६३), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पुरस्कार (अमेरिका, २०६४), महाकवि देवकोटा शतवार्षिकी सम्मान (रौतहट, २०६५), भद्रकुमारी घले सेवा सदन पुरस्कार (२०६८), हरिकला-गुणाकरदायित्व रचना पुरस्कार (२०६८) । प्रतिभा युवा सम्मान (२०५४), वीरगञ्ज साहित्य परिषद् सम्मान (२०५५), श्रीविक्रम राणा स्मृति साधना साधना (२०५६), त्रिचन्द्र देवकोटा सम्मान (२०६१) । **हालको ठेगाना :** झम्सिखेल, ललितपुर, (shreeom_rodan@yahoo.com) । **फोन :** ५०१३५५३, ९८४१९४३२९४ ।

श्रीकान्त अधिकारी

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ जेठ १३, दुराडाँडा, स्वाँरा, लमजुङ । **माता/पिता :** इन्दुमाया, हरिदास अधिकारी । **शिक्षा :** संस्कृत साहित्य, राजनीति (सांसद्) । **सेवा :** सामाजिक, राजनीतिक (प्रतिनिधि सभा सदस्य, २०१५) । **पहिलो रचना :** राजनीति एक सिद्धान्त (२०१५) । **कृति/सृजना :** आश्रमवाणी (२०३१), अमृत सँगाल्ने मौरीको गोला (२०४०), पन्छी छोप्ने महाजाल (रूपक, २०४०) । **सम्पादन/अनुवाद :** अन्नपूर्णको काख (२०१४) । **हालको ठेगाना :** धापासी, काठमाडौँ । **फोन :** ४३५४०९१ ।

श्रीकृष्ण अणु

(हास्यकवि, नेपाल भाषा)

जन्म/स्थान : इ.सं. १९४३ अक्टोबर (वि.सं. २००१ कात्तिक पूर्णिमा) कमलाछी, असन काठमाडौँ । **माता/पिता :** नारायणदेवी, बालकृष्ण नकर्मी । **शिक्षा :** बी.कम. (त्रि.वि.) । **सेवा :**

अध्यापन, अभिनय, साहित्य, लेखा अधिकृत । **पहिलो रचना** : धन (कविता, भिंफ पत्रिका, ने.सं. १०८३ । **कृति/सृजना** : खला मखुला (प्रहसन, २०३४), तँ बैंक (रिस बैंक - नेवारी टेलिचित्र, २०५२), ल्या:चा (नाटक, पाठ्यपुस्तक) । **सम्पादन/अनुवाद** : पासा पुच:या दुस: (कविता, २०१९), तायँतीती (२०२०), खनेमरूमरू (बाखं, २०२१) । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक (२०५८), त:थाय्मछि सिरपा:, राष्ट्रिय नाटक महोत्सवमा पुरस्कृत (नेवारी, इ.सं. १९९१), विराट नेपाल भाषा साहित्य सम्मेलनमा पुरस्कृत (ने.सं. १०८५), विभिन्न अभिनय, नाटक निर्देशन र लेखनमा पुरस्कार । हास्यकवि सम्मान (लाकाबाट, २०६१) । **हालको ठेगाना** : ताम्सिपाखा, हनुमान्थान, काठमाडौँ । **फोन** : ४२५८९८० ।

श्रीकृष्ण आचार्य

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९४ भदौ, गौचर सिनामङ्गल, काठमाडौँ । **माता/पिता** : तीर्थकुमार, बाबुराम आचार्य । **शिक्षा** : आचार्य (ज्योतिषशास्त्र), एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन, उपकुलपति (महेन्द्र संस्कृत विश्वविद्यालय) । **पहिलो रचना** : सभ्यता तथा संस्कृति (लेख, मर्यादा पत्रिका, २०२६) । **कृति/सृजना** : नेपालका पछिल्ला मल्ल राजाहरूको आपसी अन्तरकलह (खण्ड १-२) । **सम्पादन/अनुवाद** : मर्यादा (त्रैमासिक पत्रिका, २०२६) । **हालको ठेगाना** : देवकोटामार्ग, बानेश्वर, काठमाडौँ । **फोन** : ०१-४१०५५१७ ।

श्रीकृष्ण गौतम (भुक्तभोगी, सुमन, अष्टावक्र)

(समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ साउन २६, जुहाङ, गुल्मी । **माता/पिता** : पद्मकुमारी, वामदेव गौतम । **शिक्षा** : एम.ए. (संस्कृत, अङ्ग्रेजी), साहित्याचार्य । **सेवा** : साहित्य, प्राध्यापन, निजामती (सहसचिव) । **पहिलो रचना** : बिन्ती छ (कविता, उदय पत्रिका, २०१६) । **कृति/सृजना** : बाबु छोरा (कथासङ्ग्रह, २०३७), अल्छीका पाइला (निबन्धसङ्ग्रह, २०४२), तस्मात् चरैवती (यात्रा निबन्धसङ्ग्रह, २०४५), घुम्टोभित्रको सयरङ्गी अनुहार हुम्ला (लोकसाहित्य, २०४६) । **सम्पादन/अनुवाद** : छात्रदूत (पत्रिका, २०१४), निजामती सेवा (पत्रिका, २०३२), जगद्गुरु शङ्कराचार्यको साधना ग्रन्थ, सौन्दर्य लहरी (२०४७), सौन्दर्यतरङ्गिणी र रसतरङ्गिणी (पुस्तक) आदि । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणवाहु चौथा (२०४१), दुर्गम सेवा पदक (२०४२), साझा लोक साहित्य पुरस्कार (२०४६), जानपद दीर्घसेवा पदक (२०४९), सुप्रवल गोरखा दक्षिणवाहु (२०५५) आदि । **हालको ठेगाना** : नक्खु दोवाटो, वागडोल, ललितपुर । **फोन** : ५५३५९३४ ।

श्रीकृष्ण श्रेष्ठ

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ माघ ८, काठमाडौँ । **माता/पिता** : जानकी श्रेष्ठ, हरिकृष्ण श्रेष्ठ । **शिक्षा** : एम.एस्सी. (रसायन-शास्त्र) । **सेवा** : सरकारी सेवा तथा जलप्रविधि । **पहिलो रचना** : पानीको गुणस्तरसम्वन्धी लेख (राइजिङ नेपाल, २०२९) । **कृति/सृजना** : जङ्गवहादुर (ऐतिहासिक उपन्यास, २०५२), जलविज्ञान (सहलेखन, २०३८), प्राचीन गोर्खा (लघु उपन्यास, २०५३) । **हालको ठेगाना** : कुपन्डोल, ललितपुर (shreekrsh@hotmail.com) । **फोन** : ५५४४११९ ।

श्रीकृष्ण श्रेष्ठ

(चलचित्र कलाकार)

जन्म/स्थान : इ.सं. २९ डिसेम्बर १९६७, बागबजार, काठमाडौँ । **माता/पिता** : जगतकुमारी श्रेष्ठ, राधाकृष्ण श्रेष्ठ । **शिक्षा** : स्नातक (वाणिज्य) । **सेवा** : कलाकारिता (अभिनय) । **पहिलो रचना** : रामलीला (नाटक, रङ्गमञ्च, अभिनय, ने.रा.प्र.प्र., २०४४) । **कृति/सृजना** : भुमरी (२०४६), नाता, राजमती, आफ्नो मान्छे, ए मेरो हजुर, बुहारी, नाता रगतको, ट्रक ड्राइभर, सीता, सुख-दु:ख, नीरमाया, आफन्त, गरिब, गोर्खाली, माइती, अजम्बरी नाता, हामी तीन भाइ, कहाँ भेटिएला (निर्माणसहित) लगायत करिब सात दर्जनभन्दा बढी ठूला पर्दाका चलचित्रहरूका साथै रामलीला, देशदेखि विदेशसम्म,

मान्छे मान्छेको बस्तीमा मान्छे, कुमारी ब्याले, शिवताण्डवलगायत थुप्रै नाटकहरूमा अभिनय । बेलायत, जर्मनी, जापान, चीन, हङकङ, सिङ्गापुर, अष्ट्रेलिया, भारत, पाकिस्तान, कतार, मलेसिया, साउदी अरबियालगायत एशिया तथा युरोपको थुप्रै देशहरूमा सांस्कृतिक कार्यक्रम प्रस्तुत । **पुरस्कार/सम्मान :** गद्दी आरोहण रजत महोत्सव पदक (२०५१) प्रबल गोरखा दक्षिणबाहु (२०६२), नवकलाकार पुरस्कार, सहायक कलाकार पुरस्कार । हरि-तारा सम्मान, करिब एक दर्जन चलचित्रमा सम्मान । लगायत दर्जनौँ सम्मान तथा पुरस्कारहरू विभिन्न सङ्घ-संस्थाहरूबाट प्राप्त भएको । **हालको ठेगाना :** म्हेपी, काठमाडौँ । **फोन :** ४३५८०६३, ९८५१०२३७९७ ।

श्रीधर खनाल (दीर्घबाहु, श्रीदेव, विश्वामित्र, अनन्तयात्री, श्री समानान्तर)

(हास्यव्यङ्ग्यकार/उपन्यासकार, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९८८ मङ्सिर ३, त्रिपुरेश्वर, काठमाडौँ । **माता/पिता :** बोधवतीदेवी, सेनेन्द्रराज उपाध्याय । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, पत्रकारिता, चलचित्र, साहित्य, राजनीति । **पहिलो रचना :** आर्थिक सिंहावलोकन (लेख, गोरखापत्र) । **कृति/सृजना :** नमरी संसार देखिन्न (निबन्धसङ्ग्रह, २०२०), मुर्कुट्टा लास (२०२४), शब्दभेदी लडाइँ (जासुसी उपन्यास, २०२०), विषालु इच्छापत्र (२०२५), मेजरको सर्प (२०२५), बाह्र बजेको घण्टी (२०२६), छ औँले मान्छे (२०२६), पानको गुलाम (२०२७), नाङ्गिएकी सुन्दरी (२०२९), डा. डेमोण्ड (उपन्यास, २०२९), हङकङको व्यापारी (२०३०), गुलाफी पिन (उपन्यास, २०३०), हेलम्बुकी अप्सरा (२०३०), वज्रजोगिनी खजाना (२०३०), उल्लीबिल्ली (सहलेखन, २०३०), अनन्तयात्रा (उपन्यास, २०५६), चट्याङचुटुङ (व्यङ्ग्य कविता, २०५७), भेनसका हिप्पीहरू (जासुसी उपन्यास) । मनको बाँध (चलचित्रको कथाकार), हिजो आज भोलि (चलचित्र, कथाकार, गीतकार, अभिनय तथा सहनिर्देशन), जीवनको उपहार (वृत्तचित्र, निर्देशक), ठग र मूर्ख ब्राह्मण, धर्मबुद्धि पापबुद्धि, आफ्नो-आफ्नो भाग्य, विश्वासघात, मृगतृष्णा, तासको घर, बाघको अर्ती (टेलिफिल्म निर्देशन) । **सम्पादन/अनुवाद :** प्रतिध्वनि (साप्ताहिक), रमिता (पाक्षिक), संरक्षण (साप्ताहिक) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (२०३२), भैरव पुरस्कार (२०५०), वासुदेव लुइँटेल पुरस्कार (२०५७) । सिक्किमबाट त्रिनेत्र सम्मान, चलचित्र कलाकार सङ्घबाट कदरपत्र । **हालको ठेगाना :** जयबागेश्वरी, काठमाडौँ । **फोन :** ४४८१६०६ ।

श्रीधर पौडेल

(कवि/अनुवादक, नेपाली भाषा)
जन्म/स्थान : वि.सं. १९९९ पुस, ओम्बहाल, काठमाडौँ । **माता/पिता :** हरिप्रिया अमात्य, आनन्द अमात्य । **शिक्षा :** विद्यावारिधि (इतिहास) । **सेवा :** निजामती, पुरातात्त्विक । **पहिलो रचना :** चार कविता (कविता, शारदा पत्रिका, २०१७) । **कृति/ सृजना :** आँसु र मुस्कान (कवितासङ्ग्रह, २०२७), नेपालका ऐतिहासिक महापुरुषहरू (इ.सं. २०२९), नेपालमा पुरातत्त्व (इ.सं. १९८०), टुँडिखेलका वरपरका स्मारकहरू (२०५७), संस्कृति र संरक्षण (इ.सं. १९८८), काठमाडौँ नगरायण (२०५३), सम्झनाका झिल्काहरू (निबन्धसङ्ग्रह, २०५७), विश्व सम्पदा : काठमाडौँ उपत्यका (२०५८), आकाश भैरवनाथ (२०५८), राजसत्ता र नेपाली संस्कृति (२०५४), पानी र संस्कृति (२०६०), नेपाल मण्डल काठमाडौँ उपत्यकाका धार्मिक नाचहरू (२०६२), पुरातत्त्व इतिहास र संस्कृति (२०६८) (सम आस्पेक्ट अफ कल्चरल पोलिसी इन नेपाल (युनेस्को, इ.सं. १९८३), वागमती ए मनोमेट गाइड : हेरिटेज नेपाल (ई. १९९२), राना रूल इन नेपाल : द लास्ट फेज (इ. २०००), मनोमेन्ट कन्जरभेसन इन नेपाल (इ. २००९), आर्क्योलोजिकल कल्चरल हेरिटेज अफ काठमाण्डू भ्याली (ई. २०११) । **सम्पादन/अनुवाद :** स्वयम्भूनाथ संरक्षण गुरुयोजना (इ.सं. १९८९), कला संस्कृतिको संरक्षण सम्बन्धमा केही कुरा (इ.सं. १९९९) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (इ.सं. १९७६), गोरखा दक्षिणबाहु तेस्रो (१९८०), राष्ट्रिय प्रतिभा पुरस्कार (इ.सं. २०००), ग्राण्ड डेकोरेसन अप अनर इन सिल्भर फम रिपब्लिक अस्ट्रिया (ई. २०००) । **हालको ठेगाना :** ताहाचल, काठमाडौँ । **फोन :** ४२७०९९६, ९८४१२३७२२० ।

साधना प्रतीक्षा (साधना पन्त)

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२९ मङ्सिर ५, लिमिठाना, पर्वत । **माता/पिता :** शारदा पन्त, भोजराज पन्त । **शिक्षा :** एम.ए. (नेपाली), बी.एड. । **सेवा :** प्राध्यापन, साहित्य । **पहिलो रचना :** सेवा (कथा, सौगात, २०४४) । **कृति/ सृजना :** रगतका दुई रङ (कथासङ्ग्रह, २०५३), अतृप्त आकाश (कथासङ्ग्रह, २०६२) । **पुरस्कार/सम्मान :** तृतीय पुरस्कार (प्रथम राष्ट्रव्यापी जु.रे. कथा प्रतियोगिता, २०४४), काजी रोशन साहित्य पुरस्कार (२०५३) । **हालको ठेगाना :** मैतीदेवी, काठमाडौँ । **फोन :** ०१-४४४१३०० ।

साधुराम नेपाल (सारा नेपाल)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२५ कात्तिक २०, बिञ्ज्याल, सिन्धुपाल्चोक । **माता/पिता :** टीकामाई नेपाल, बालकृष्ण नेपाल । **शिक्षा :** एस.एल.सी. । **सेवा :** अध्यापन । **पहिलो रचना :** म राँको बनेर उदाउँछु (हाँक साप्ताहिक, २०४९) । **कृति/ सृजना :** धर्मको चिरफार (२०५२) । **सम्पादन/अनुवाद :** शिक्षक सन्देश (२०५७), नेपाल राष्ट्रिय शिक्षक सङ्गठन सिन्धुपाल्चोकको मुखपत्र, बिहानी (प्रलेस सिन्धुपाल्चोकको मुखपत्र, २०५९) । **हालको ठेगाना :** फुल्पिङ्ग डाँडा -८ बिञ्ज्याल, सिन्धुपाल्चोक ।

सानुभाइ डङ्गोल

(लेखक, नेपाली/अङ्ग्रेजी भाषा)



जन्म/स्थान : वि.सं.१९९९ पुस २३, छाउनी काठमाडौँ । **माता/पिता :** देवकुमारी, रत्नमान डङ्गोल । **शिक्षा :** विद्यावारिधि । **सेवा :** राजसेवा, समाजसेवा । **कृति/सृजना :** Stray Sentiments (अङ्ग्रेजी भाषा लेखसङ्ग्रह, सन् १९९१), The Pashupatinath : A Multi-dimensional Observation on Shaivism, Pashupat cult and tha Pashupatinath (सन् १९९३), Sotapanna or Flash of Enlightenment : Some Experiences (सन् १९९६), The Palace in Nepalese Politics (सन् १९९९), Lectures on Buddhism (सन् २००१), Highlights of the Nepalese System. सोतापन्न अर्थात् निर्वाणको दर्शन : केही अनुभूतिहरू (२०५५), नेपाली राजनीतिकमा दरबार (२०६३), बौद्ध इतिहासका केही पृष्ठहरू (२०६४), अन्तर्मनका आवाजहरू (२०६४), धर्मनिरपेक्षता र यसको उपादेयता (२०६७) । **सम्पादन/अनुवाद :** । **पुरस्कार/सम्मान :** प्रख्यात

त्रिशक्तिपट्ट, प्रबल गोरखा दक्षिणबाहु, महेन्द्र विद्याभूषण 'क' लगायत विभिन्न सङ्घ-संस्थाबाट सम्मान । **हालको ठेगाना** : ख २/४२८, छाउनी, काठमाडौँ । **फोन** : ०१-४२७२९४७ ।

साम्ब ढकाल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०२४ मङ्सिर ५, ब्रह्मटोल, काठमाडौँ । **माता/पिता** : सावित्री ढकाल, शिवराज शर्मा ढकाल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **सेवा** : दूरसञ्चार (संस्थान) सेवा । **कृति/सृजना** : मान्छेहरू अजङ्गको यात्रामा (कवितासङ्ग्रह, २०५८) । **सम्पादन/अनुवाद** : सौरभ (मुखपत्र, साहित्य सङ्गम, मकवानपुर) । **पुरस्कार/सम्मान** : मकवानपुर प्रतिभा पुरस्कार (२०५८) । **हालको ठेगाना** : हेटौँडा-५, मकवानपुर । **फोन** : ०५७-५२१०८५/५२३००४ ।

साम्बभक्त शर्मा सुवेदी

(माध्यमिक कालीन कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९५८ वैशाख मसान्त, मन्थली, रामेछाप । निधन : २०३८ माघ २७ वीर अस्पताल, काठमाडौँ । **माता/पिता** : मनोरमादेवी, लक्ष्मीभक्त सुवेदी । **शिक्षा** : सम्पूर्ण मध्यमा (संस्कृत), हिन्दी साहित्य रत्न । **सेवा** : अध्यापन । **पहिलो रचना** : मधुधारा (कविता, गोरखापत्र, १९९५) । **कृति/सृजना** : मकैको खेती (पद्य भाग, १९७७), सत्यव्रत (खण्डकाव्य, २०२२), साम्बभक्त सुवेदीका कविताहरू (२०३२), मुरारि पुकार (स्तुतिकाव्य, २०३४), साम्ब कवितावली (२०३३), केही गद्य रचना (२०३३), मुरारि कन्था (गद्य सङ्ग्रह, २०३४), एघार सालको सवाई, महापुरुषको जीवनी, सुवेदी वंशावली आदि ।

सावित्री अर्याल सिलवाल

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : ई. १९४५ जुलाई १६, गोदावरी, काठमाडौँ । **माता/पिता** : मानकुमारी, वसन्तबहादुर सिलवाल । **शिक्षा** : एम.ए., विद्यावारिधि । **सेवा** : राजनीति, साहित्य । **पहिलो रचना** : गोर्कीको जीवन : एक अध्ययन (लेख, कोपिला, बनारस, इ.सं. १९५६) । **कृति/सृजना** : कल्पना (नाटक, २०२१), चेपाङ जातिको रीतिरिवाज र संस्कार (२०५८) । **सम्पादन/अनुवाद** : देवदास (अनुवाद, इ.सं. १९६४) । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२२५७४ ।

सावित्री पोखरेल (सुभद्रादेवी)

(नाटककार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ असोज फूलपाती, सिबुवा, धनकुटा । **माता/पिता** : लक्ष्मीदेवी आचार्य, कालिकाप्रसाद आचार्य । **शिक्षा** : प्रवेशिका । **सेवा** : स्वास्थ्य स्वयंसेविका । **कृति/सृजना** : कलङ्की समाज (नाटक, २०१५), थुप्रै फुटकर रूपमा कविताहरू प्रकाशित । **पुरस्कार/सम्मान** : स्काउट सम्मान । **हालको ठेगाना** : जोरपाटी -२, काठमाडौँ । **फोन** : ४४७११०० ।

सावित्री मल्ल कक्षपति

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ साउन ४, मखनटोल, तानसेन, पाल्पा । **माता/पिता** : भगवतीमाया कक्षपति, यज्ञप्रसाद कक्षपति । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : सलमा (कथा, पाल्पा, २०३४) । **कृति/सृजना** : पाल्पाका लोकगीत अध्ययन र विश्लेषण (२०५२) । **सम्पादन/अनुवाद** : प्रतिष्ठा साहित्यिक पत्रिका (२०४१) । **हालको ठेगाना** : जनतामार्ग २३७/३२, ज्ञानेश्वर, काठमाडौँ (sabitri_malla@yahoo.com) । **फोन** : ४४१९६८६ ।

सावित्री श्रेष्ठ

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ साउन १५, काठमाडौँ ।

माता/पिता : मिलनदेवी श्रेष्ठ, मुक्तिनाथ रञ्जित । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), विद्यावारिधि (शोधार्थी) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : सङ्गत गुनाको फल (२०३१) । **कृति/सृजना** : नेपाली महिला र जन आन्दोलन (२०४७), अर्थशास्त्रका तत्त्वहरू (२०४८), प्रारम्भिक वित्तशास्त्र परिचय (२०४८), नेपाल परिचय (२०४८), प्रारम्भिक वित्तशास्त्र परिचय (२०५०), अर्थशास्त्रको सरल सिद्धान्त (२०६५), चे गुएभारा : जिन्दगी र सोचहरू (२०६५), सामाजिक अध्ययन (२०६६), । **सम्पादन/अनुवाद** : अक्षलोक (सम्पादक), क्रान्ति युद्धको कहानी, पूँजीवादी जनवाद, शिव शर्मा (अनुवाद, २०५७), अर्नेस्टो चे गु एभारा (अनुवाद, २०५८) । **पुरस्कार/सम्मान** : नेपाल आदर्श माध्यमिक विद्यालय, वादविवाद प्रतियोगिता पुरस्कार (२०३०), नेपाल युवक माध्यमिक शिक्षालय, वक्तृत्व प्रतियोगिता पुरस्कार (२०३२), नेपाल आदर्श माध्यमिक विद्यालय, साहित्य सम्मेलन पुरस्कार (२०३२), पद्मकन्या क्याम्पस साहित्य गोष्ठी प्रतियोगिता पुरस्कार (२०३५), साहित्य गोष्ठी पुरस्कार (त्रि.वि., २०४०) । **हालको ठेगाना** : पो.ब.नं. २९०५, काठमाडौँ /म्याङलुङ -१, तेह्रथुम । **फोन** : ४४८३६९१, ४६००६९१ ।

सिङमान तामाङ (ख्युङवा)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ भदौ १, सभापोखरी-४, सङ्खुवासभा । **माता/पिता** : मनरानी तामाङ, मानबहादुर तामाङ । **शिक्षा** : एस.एल.सी. । **सेवा** : साहित्य लेखन । **पहिलो रचना** : २२ औं शताब्दीको तामाङ समाज र बुद्धको सङ्क्षिप्त जीवनी (पुस्तक, २०४५) । **कृति/सृजना** : तामाङ जातिको पहिचान र बुद्धका अमृतमय उपदेशहरू (२०५७, नेपाली भाषा), बुद्धको मानवतावादी उपदेश (२०५८, नेपाली भाषामा), बुद्धको जीवनी र चार तीर्थस्थलहरू (२०५९, नेपाली भाषामा), तामाङ जाति इतिहासदेखि वर्तमानसम्म (२०६१, नेपाली भाषामा), गौतम बुद्धको जीवनमा घटेका घटनाक्रम र उहाँका बहुमूल्य मार्गदर्शन (२०६२, नेपाली भाषामा) । **हालको ठेगाना** : खुमलटार -१५, ललितपुर /पो.ब.नं. ६३०७, काठमाडौँ । **फोन** : ५५३४३२२ ।

सिद्धिचरण श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९६९ जेठ ९, ओखलढुङ्गा । **निधन** : २०४९ जेठ २२, काठमाडौँ । **माता/पिता** : नीरकुमारी श्रेष्ठ, विष्णुचरण श्रेष्ठ । **शिक्षा** : साधारण (कक्षा आठ) । **सेवा** : साहित्य, राजनीति, ने.रा.प्र.प्र. (आजीवन सदस्य) । **पहिलो रचना** : भुइँचालो (कविता, गोरखापत्र, १९९१) । **कृति/सृजना** : सस्वाँ (कवितासङ्ग्रह, २००७), फुस्वाँ (नेवारी काव्य, २०१७), उर्वशी (खण्डकाव्य, २०१७), कोपिला (कवितासङ्ग्रह, २०२१), मेरो प्रतिबिम्ब (कवितासङ्ग्रह, २०२१), कुहिरो र घाम (२०४५), बाँचिरहेको आवाज (कवितासङ्ग्रह), सिद्धिचरणका प्रतिनिधि कविता (२०४५), तिरमिरे तारा (बाल कविता), आँसु (काव्य), कारागारको सम्झना (संस्मरण-२०५२), सिद्धिचरणका जेल संस्मरण (२०५२), मङ्गलमान (खण्डकाव्य), ज्यानमारा शैल (काव्य), बालिवध (पद्य नाटक) । **सम्पादन/अनुवाद** : शारदा (मासिक, १९९१), गोरखापत्र (२००५), आवाज (दैनिक, २००७), कविता (त्रैमासिक, २०१८), खबर कागज । **पुरस्कार/सम्मान** : पृथ्वी प्रज्ञा पुरस्कार (२०४५), त्रिभुवन पुरस्कार (२०२७), वेदनिधि पुरस्कार (२०४६), भूकम्पउद्धार तक्मा (१९९१), श्रीपद आदि । 'युगकवि'को सम्मान प्राप्त । **फोन** : ४२२१४८६ ।

सिद्धिदास अमात्य

(आदिकवि, नेपालभाषा)

जन्म/स्थान : वि.सं. १९२४ केलटोल, काठमाडौँ । **निधन** : १९८७ । **माता/पिता** : हर्षलक्ष्मी अमात्य, लक्ष्मीनारायण अमात्य । **शिक्षा** : संस्कृत, ज्योतिषशास्त्र तथा नेपाली । **सेवा** : नेवारी भाषा साहित्यमा समर्पित । **पहिलो रचना** : समस्यापूर्ति (कविता, सुन्दरी, वर्ष १, १९६३) । **कृति/सृजना** : *नेपाल भाषाका कृतिहरू* : सज्जन हृदयाभरण (ने.सं. १०४०), सत्यसती (खण्डकाव्य, ने.सं.१०८३), सिद्धिरामायण किष्किन्धाकाण्ड (महाकाव्य, ने.सं. १०८७), शुकरम्भा संवाद व रम्भाशुक संवाद (कविता, ने.सं. १०८७), सिद्धिदास थःगु मिखाय् व शिवविलास बाखं (ने.सं. १०८७), सरल छन्दबोध व सूक्ष्मछन्द

(ने.सं. १०९१), सञ्चय (कविता, ने.सं. ११०२), संसार दुःखया खँ (काव्य, ने.सं. १११३), सत्यमदन (कामशास्त्र, ने.सं.१११५), सत्यस्तुति (ने.सं. १११८), स्वँगू ऋण (ने.सं. ११२०) लगायत ३६ भन्दा बढी पुस्तक। नेपालीमा फुटकर कविता। **पुरस्कार/सम्मान :** नेपाल भाषाका आदिकवि।

सिद्धिबाबु अर्ज्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ वैशाख २१, कमलपोखरी, काठमाडौँ। **माता/पिता :** टङ्कमञ्जरी, घननाथ अर्ज्याल। **शिक्षा :** एम.ए. (नेपाली)। **सेवा :** निजामती सेवा। **पहिलो रचना :** कल्पना (कण्डकाव्य, २०२५)। **कृति/सृजना :** भावनास्रोत (कवितासङ्ग्रह, २०२६), बस्छ्यौ प्रिये ! किन हरे ! शिव ! लाज मानी ? (कवितासङ्ग्रह, २०२६), सङ्घर्ष (काव्यसङ्ग्रह, २०२८), आँसुको थोपा शान्तिको खोजी (२०५०)। **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौँ। **फोन :** ४४३२०१७।

सिद्धिमुनि शाक्य

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९८९ साउन शुक्ल अष्टमी, इटुम्बहाल, काठमाडौँ। निधन : २०५८ जेठ २०। **माता/पिता :** ज्ञानुमाया शाक्य, आनन्दमुनि शाक्य। **शिक्षा :** साधारण, प्राविधिक पाठशाला। **सेवा :** ११-१२ वर्षको उमेरदेखि क्लाक्षेत्रमा संलग्न, आध्यात्मिक कला साधना। **कृति/सृजना :** राजा महेन्द्रको पोर्ट्रेट, रानी रत्नराज्यलक्ष्मीको पोर्ट्रेट, वज्रबाराही मण्डल, योगिनी, श्री मेष सम्बर, मण्डल, श्री हेरुक सम्बर, अष्टसिद्धहरूको रेखात्मक चित्रहरू, पौभा चित्रहरू, मण्डल चित्रहरू र १०८ वटा लोकेश्वरका चित्रहरू (काठमाडौँ केलटोलस्थित श्वेत मत्स्येन्द्रनाथ मन्दिर वरिपरि), परम्परागत शैलीको बुद्धधर्मसम्बन्धी देवीदेवताहरूको सिर्जना। एकल कलाप्रदर्शनी (दुईपटक), सामूहिक कलाप्रदर्शनी (चारपटक), अन्तर्राष्ट्रिय कलाप्रदर्शनी (जापान, इ.सं. १९७०)। **पुरस्कार/ सम्मान :** राष्ट्रिय कलाप्रदर्शनीहरूमा प्रथम पुरस्कार (इ.सं. १९६७, १९६८, १९६९), वीरेन्द्र राष्ट्रिय कला स्वर्ण पदक (इ.सं. १९६९/७०), इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९६९/७०, शुभराज्याभिषेक पदक (इ.सं. १९७५), सम्पदा पुरस्कार (इ.सं. १९९२)। नेपाल कलाकार समाजद्वारा अभिनन्दन सम्मान (इ.सं. २००१)। **हालको ठेगाना :** इटुम्वहाल, काठमाडौँ। **फोन :** ४२१९१७७।

सिद्धिराज शाक्य

(धातु मूर्तिकार)



जन्म/स्थान : वि.सं. १९८० फागुन २१, न्हुःबाहा, सुन्धारा, ललितपुर। निधन : २०६५ भदौ १९। **माता/पिता :** पूर्णमाया शाक्य, पुण्यराज शाक्य। **शिक्षा :** साधारण लेखपढ। **सेवा :** कलासाधना। नेपाल उद्योग वाणिज्य महासङ्घ (२०५६)द्वारा सम्मान। **कृति/सृजना :** जोडी सिंह (विष्णुदेवी मन्दिर, फेवाताल, २०१०), घण्टा (गुह्येश्वरी मन्दिर, २०१६), सिंह जोडी, घण्टा, मायादेवी र चिन्तामणिको ह्याण्डल (नारायणहिटी राजदरबार, २०२४), बालकुमारीको मूर्ति (पुनर्निर्माण, बालकुमारी मन्दिर, २०२४), तोरन र लोकेश्वर (जनबहाल, २०२४), सिंह र ड्रागन (कमलादी, २०२४), चाँदी शिव पार्वतीको मूर्ति (२०२६), बुद्ध (बुद्धगया रत्न कुत पर्वत, २०२६), भगवती २८ थान (हनुमान्ढोका, २०२७), तारा, पद्मसम्भव (भुटानी दरबार भुटान : २०२९, २०५९), श्री ५ वीरेन्द्र सरकारको प्रतिमा (२०३१), ब्रह्मा, विष्णु, महेश्वर र बुद्धको मूर्ति (२०३१), बुद्ध (मैत्री गुम्बा, २०३२), बुद्ध (जापान, फुजी गुरुजी, २०३४), मञ्जुश्री (सिक्किम, २०४०), कार्मापा (ल्हासा, २०४०), सालीपुत्र मोद्गलायनको मूर्ति (रुद्रवर्ण महाविहार, २०५०), पद्मसम्भव, तारा, बुद्ध (किम्दोल गुम्बा, २०५५), अपरमिता (दलाई लामा, २०५७), बुद्ध (ग्रेट लोटस स्तुपा लुम्बिनी, २०६०), वज्रधर शक्ति (दि ग्रेट लोटस स्तुपा, २०६०)। **हालको ठेगाना :** ललितपुर उ.म.पा. -६। **फोन :** ५५२७०२२, ५५२२७८१।

सिद्धिराज शाक्य

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. १९९२ साउन १५, थैना, सिकुचाबाहाल, ललितपुर। निधन : २०६० असार ८। **माता/पिता :** धर्ममाया शाक्य, बेखाराज शाक्य। **शिक्षा :** साधारण लेखपढ। **सेवा :** धातु मूर्तिकला। **पहिलो रचना :** शाक्यमुनि बुद्ध (२०१८)। **कृति/सृजना :** १८" शाक्यमुनि बुद्ध (मोतीलाल सिल्पकारको निवास, २०३०), सिकुचाबाहालमा बुद्ध स्थापना,

सयौं मन्दिर मर्मत तथा जिर्णोद्धार (२०३७), १२" पद्मसम्भव, शाक्यमुनि र खट्क्षेरी (नेमरत्न शाक्यको निवास, २०३८), ६" पाताको लाइफ बुद्ध, पर्वा बुद्ध, पद्मसम्भव आदि (टोकियो, जापान, २०४४), ३ फिट पाताको चैत्य स्थापना, समन्त भद्र बिहार, पालुवा (२०४६), १२" जोगिनी, कुरुकुली (युएसए, २०५०), सप्त लोचनतारा, खट्क्षेरी, वज्रसत्व र बुद्ध (फ्रान्स, २०५४), १२" बुद्ध, पद्मसम्भव, खट्क्षेरी (पेरिस, २०५८), १२" शाक्यमुनि, पद्मसम्भव (सान फ्रान्सिस्को, २०५४), १८" मञ्जुश्री, खट्क्षेरी (नर्वे, २०५८) । **हालको ठेगाना :** थैनाटोल, ललितपुर (siddhiart@wlink.com.np) । **फोन :** ५५३८०६० ।

सिद्धिराज शाक्य

(धातु मूर्तिकार)

जन्म/स्थान : वि.सं. १९९९, ओकुबहाल, ललितपुर । **माता/पिता :** मानकुमारी, चैत्यराज राज शाक्य । **शिक्षा :** स्वाध्यायन । **सेवा :** मूर्तिकला साधना । **कृति/सृजना :** ढलोटको ३ फिट अग्लो श्रीपेच (गोदावरी वनस्पति उद्यान, २०३१), स्वयम्भूमा ७ फिट अग्लो धातुको मूर्ति बनाई स्थापना गरेको, अढाई फिटको धातुको मूर्ति (बूढानीलकण्ठ), गणेशस्थान कमलादीमा साढे चार फिटको घण्टा, मनाङ्गे गुम्मा (स्वयम्भू) मा ८.८ फिट अग्ला दुईओटा धातुको मूर्ति, ल्हासाको गुम्बामा ८ फिट अग्लो धातुको मूर्ति दुईवटा, ल्हासाकै विभिन्न ठाउँमा धातुका बुद्ध मूर्तिहरू पाँचओटा बनाई स्थापना गरेको । **पुरस्कार/सम्मान :** हस्तकला प्रवर्द्धन शाखाबाट मूर्तिमा प्रथम पुरस्कार, शुभराज्याभिषेक पदक, जर्मनीमा आयोजना गरेको मेलामा धातुको मूर्तिकलामा सर्वश्रेष्ठ पुरस्कार । **हालको ठेगाना :** ललितपुर । **फोन :** ५५२१३४९, ९८४१२१७४६८ ।

सिद्धिश्वरमान श्रेष्ठ

(लेखक/सम्पादक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००९ असार ३०, म्याङ्लुङ, तेह्रथुम । **माता/पिता :** सूर्यकुमारी श्रेष्ठ, तुलसीमान श्रेष्ठ । **शिक्षा :** स्नातकोत्तर (राजनीति शास्त्र) । **सेवा :** त्रि.वि. (नि. सहायक डिन) । **पहिलो रचना :** नयाँ वर्ष (कविता, मातृभूमि, २०२९) । **कृति/सृजना :** नेपालको सरकार र प्रशासन (२०५८), राजनीतिशास्त्रको परिचय (२०५८), महत्त्वपूर्ण राजनीतिक शब्दज्ञान (२०५८), प्रश्नोत्तर नेपाल परिचय (२०५८), नेपालको सरकार र प्रशासन (२०५८), सामाजिक अध्ययन (पाठ्यपुस्तक, २०५९), नेपाल परिचय (पाठ्यपुस्तक, २०६०), हो चि मिन्ह (२०६०), सामाजिक अध्ययन (पाठ्यपुस्तक, २०६६), सामाजिक अध्ययन (स्वास्थ्य विज्ञान, २०६७) । **सम्पादन/अनुवाद :** अक्षलोक, दीप, कर्मचारी बुलेटिन, PAJ (Public Administration Journal), IOE Journal, हाम्रा गीतहरू, अजेय र अमर जीवन बाँच्ने कार्लमार्क्स, प्यालेस्टाइनी समस्या र यासेर अराफत, माओत्से तुङ : जीवनी विचारधारा र नयाँ जनवाद; चे गुएभाराको मोटरसाइकल डायरी, रसियन क्रान्तिका नायक जोसेफ स्टालिन, नेपाली महिला र जनआन्दोलन २०६३, चार गणतान्त्रिक संविधान सङ्ग्रह, चे गुएभारा : महान् अन्तर्राष्ट्रिय क्रान्तिकारी, यासेर अराफातको जीवनी र प्यालेस्टाइनी साहित्य । **पुरस्कार/सम्मान :** शिक्षा पुरस्कार (२०४७), दुई ग्रेड थप पुरस्कार (२०५५), दीर्घसेवा पदक (२०५९, २०६१) । गौखुरी मा.वि. मोराहाङ, तेह्रथुम (२०३५), तेह्रथुम अस्पताल (२०३५), नेपाल महिला सङ्गठन, तेह्रथुम (२०३५), जिल्ला शिक्षा कार्यालय तेह्रथुम (२०३५), नेपाल परिवार नियोजन सङ्घ, तेह्रथुम (२०३५), इञ्जिनियरिङ अध्ययन संस्थान (२०५५) आदि स्थानहरूबाट प्रशंसापत्रद्वारा सम्मान । **हालको ठेगाना :** पो.ब.नं. २९०५, काठमाडौं । **फोन :** ४६००६९१, ४४८३६९१

सिर्जना शर्मा

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१३ भदौ १७, सिलगढी, डोटी । **माता/पिता :** हिरादेवी भट्ट, जयदेव भट्ट । **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र) । **सेवा :** सञ्चार सेवा । **पहिलो रचना :** रोदनको कारण बुझ्दा (कथा, गोरखापत्र, २०३० फागुन) । **कृति/सृजना :** पल्लव (सचित्र बालकथासङ्ग्रह, २०५७), अन्तहीन पहिराहरू (कथासङ्ग्रह, २०६२), जूनकीरीको उडान (मुक्तकसङ्ग्रह, २०६२) ।

सम्पादन/अनुवाद : परिवार (मासिक पत्रिका, २०४६)। **पुरस्कार/सम्मान** : मैनाली कथा पुरस्कार (२०५७)। सेभ मदरहुड नेटवर्कद्वारा सम्मान (२०६२)। **हालको ठेगाना** : सानेपा, ललितपुर (ssharma@savechildren.org.np)। **फोन** : ५५२६२६७।

सी.के. प्रसाई (भरतबाबु, छत्रमान, केशरी प्रसाई)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ फागुन ७, पहरिया, सर्लाही। **निधन** : २०५० फागुन ८, झापा। **पिता** : देवीप्रसाद प्रसाई। **शिक्षा** : एम.कम., उच्चशिक्षा (बेलायत)। **सेवा** : राजनीति, लेखन। **कृति/सृजना** : आजको सरल राजनीति, व्यावहारिक राजनीतिको प्रारम्भिक रूपरेखा, कम्युनिष्ट मेनुफेस्टो : समाजवादको आधारशिला, मन जे मान्यो सत्य, सी.के. प्रसाईका विचारहरू (कृष्ण धरावासीद्वारा सम्पादित)। **सम्पादन/अनुवाद** : विद्यामणि (सामयिक), तरुण (पाक्षिक)।

सीता अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३९ जेठ ४, नेवारपानी, धादिङ। **आमा/बाबु** : शुभकुमारी अधिकारी, दयानिधि अधिकारी। **शिक्षा/विषय** : स्नातक। **सेवा** : पत्रकारिता। धादिङ उद्योग वाणिज्य सङ्घद्वारा सम्मान (२०६१)। **पहिलो रचना** : छोरीलाई अंश होइन, शिक्षाको खाँचो (लेख, गणेश हिमाल साप्ताहिक, २०५६)। **कृति/सृजना** : स्पन्दनका आवाजहरू (कवितासङ्ग्रह, २०६०)। **सम्पादन/अनुवाद** : स्पन्दन (द्वैमासिक हवाइ पत्रिका) **पुरस्कार/सम्मान** : दैवीप्रकोप पीडितोद्धार पदक (२०६१), धादिङ जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार (२०५८, २०५९)। **हालको ठेगाना** : सुनौलाबजार-७, तल्लाबेसी (journalistsita@yahoo.com)।

सीता अर्याल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ असोज १४, बन्दीपुर, तनहुँ। **माता/पिता** : लीला भट्टराई, हरिराज भट्टराई। **शिक्षा** : स्नातकोत्तरसम्मको अध्ययन। **सेवा** : अध्यापन। **पहिलो रचना** : भय (कथा, एकता पत्रिका २०४३)। **कृति/सृजना** : मृगतृष्णा (कथासङ्ग्रह, २०६०), उपमा (कथासङ्ग्रह, २०६२), पुस्तान्तर (कथासङ्ग्रह, संयुक्त, २०६५)। **सम्पादन/अनुवाद** : दण्डपाणि अर्ज्याल जन्मशताव्दी स्मृति ग्रन्थ (सहसम्पादन, २०६३), ज्ञानविन्दु (सहसम्पादन, २०६४) तीज विशेषाङ्क (२०६३-६५-६६)। **पुरस्कार/सम्मान** : बन्दीपुर तनहुँमा आयोजित कविता प्रतियोगितामा प्रथम (२०३७), हरि उत्कृष्ट प्रतिभा पुरस्कार (२०६२)। **हालको ठेगाना** : सोह्रखुट्टे, काठमाडौँ। **फोन** : ४३५९६१५।

सीताकुमारी सापकोटा (भट्टराई)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ पुस १२, धनगढी। **माता/पिता** : दीपकुमारी सापकोटा, गोपीकृष्ण सापकोटा। **शिक्षा** : एम.ए. (नेपाली)। **सेवा** : अध्यापन, प्राध्यापन। **पहिलो रचना** : हे प्रकृति मलाई पनि तिमीजस्तै बनाइदेऊ (लेख, कस्तूरी पत्रिका, २०५४)। **कृति/सृजना** : भद्रकुमारी घले : सेवा र साधना (अनुसन्धनात्मक कृति, २०५९), फूलका साथी हामी (बालकवितासङ्ग्रह, २०६९), चिन्तनसँगको यात्रा (कवितासङ्ग्रह, २०६९)। **सम्पादन/अनुवाद** : कुमारी आवाज, अभिनव (साहित्यिक पत्रिका)। **हालको ठेगाना** : काठमाडौँ-६। **फोन** : ४४७६५९३।

सीतादेवी प्रधान (राजवैद्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २००८ माघ १०, काठमाडौँ। **माता/पिता** : पवित्रादेवी राजवैद्य, फत्तेबहादुर राजवैद्य। **शिक्षा** : बी.एड. (नेपाली) **सेवा/सम्प्रति** : अध्यापन, समाज सेवा। **कृति/सृजना** : कोसेली (कवितासङ्ग्रह, २०२४),

ढुङ्गा फक्रन्न (खण्डकाव्य, २०२८), एक छेउ नारी आन्दोलन (खण्डकाव्य, २०६३), समर्पण (गीतिसङ्ग्रह, २०६३), विचलित स्पन्दन (खण्डकाव्य, २०६३), पृथ्वी (महाकाव्य, २०६४) । **हालको ठेगाना :** चौतारा-४, सिन्धुपाल्चोक / बाफल, ज्ञानोदयमार्ग, काठमाडौँ । **फोन :** ९८०३७३७००१ ।

सीतादेवी रिमाल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७७ फागुन पूर्णिमा, दाङ । **माता/पिता :** ज्ञानधारादेवी शर्मा घिमिरे, भीमकान्त शर्मा घिमिरे । **शिक्षा :** सामान्य । **सेवा :** साहित्य । **पहिलो रचना :** यो जीवन (कविता, रत्नश्री पत्रिका, २०३४) । **कृति/सृजना :** वाल्मीकि रामायण सङ्क्षिप्त नेपाली रूप (२०६२), अनुभूति (कवितासङ्ग्रह, २०६२), सीतादेवी रिमालका कविताहरू (२०६९) ।

सीता पाण्डे

(कथाकार नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ फागुन १५, गौरादह बजार, झापा । **माता/पिता :** खिलकुमारी पाण्डे, खिलध्वज पाण्डे । **शिक्षा :** स्नातक । **सेवा :** राष्ट्रिय खेलकुद परिषद् । **पहिलो रचना :** लाहुरे दाइलाई चिट्ठी (कविता, सिर्जना, २०३३) । **कृति/ सृजना :** असजिला खुशीहरू (कथा, कवितासङ्ग्रह, २०४२), बन्धकी खुशीहरू (कथासङ्ग्रह), अवतार विघटन (उपन्यास, सहलेखन), यौन र अनुभूति । **सम्पादन/अनुवाद :** प्रवेश (त्रैमासिक) । **हालको ठेगाना :** कोटेश्वर, काठमाडौँ । **फोन :** ४४७३१८१ ।

सीताराम अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ माघ ८, हंसपुर, गोरखा । **माता/पिता :** लीलादेवी अधिकारी, चक्रपाणि अधिकारी । **शिक्षा :** स्नातकोत्तर (अङ्ग्रेजी) । **सेवा :** प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना :** रवि (कविता, बनारस, २०२५) । **कृति/सृजना :** कोयली (लघुकाव्य, २०३३), आमा (शोककाव्य, २०३७), मेरो लेक (कवितासङ्ग्रह, २०५६), यात्रा रोकिन्न (कवितासङ्ग्रह, २०५८), देवघाट (काव्य, २०५८) । **सम्पादन/अनुवाद :** गोरखा वाङ्मय (२०५३), गोरखा (स्मारिका, २०५५), अङ्ग्रेजी-नेपाली शब्दकोश (२०५६), रजहाँस (साहित्यिक २०५७), स्रष्टा र सृष्टि (कवितासङ्ग्रह, २०५७) । **पुरस्कार/सम्मान :** एकेडेमिक एक्सिलेन्स अवार्ड (२०६१) । **हालको ठेगाना :** अनामनगर, काठमाडौँ । **फोन :** ४२४३९८२ ।

सीता शर्मा

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ माघ १, छिस्ती -१, बागलुङ । **माता/पिता :** वसुन्धरा उपाध्याय, टीकाराम उपाध्याय । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), एम.फिल. । **सेवा :** अध्यापन । **पहिलो रचना :** आमाको अनुभव : छोरीलाई शिक्षा (कविता, हलकारा पत्रिका, २०४३) । **कृति/सृजना :** नालिस (कवितासङ्ग्रह, २०५७) । **सम्पादन/अनुवाद :** हलकारा (साहित्यिक त्रैमासिक, २०४३) । **पुरस्कार/सम्मान :** साहित्यसन्ध्या रजत कार्यक्रममा पुरस्कृत (२०५४) । **हालको ठेगाना :** रुद्रपुर -९, रूपन्देही । **फोन :** ४४९४३१३ ।

सुकमित गुरुङ

(गायिका)

जन्म/स्थान : इ.सं. १२ डिसेम्बर १९५९, गान्तोक, सिक्किम । **माता/पिता :** बी. ओडमु कार्थक, पासाङ छिरिङ लेप्चा । **शिक्षा :** एस.एल.सी. । **सेवा :** गायन-सङ्गीत सेवा । **पहिलो रचना :** सुनचाँदीभन्दा महङ्गो यो ज्यानलाई ... बोल रहेको गीत रेकर्ड (गायन, रेडियो नेपाल, इ.सं. १९८१) । **कृति/सृजना :** कहीं त बिर्सेनौ तिमीले (गीतिएल्बम, गायन, २०३८), तिमी नै भन (गीतिएल्बम/सी.डी., गायन, २०५०), हिजोआज (गीतिएल्बम, गायन, २०५४), साथ (गीतिएल्बम/सी.डी., २०५५), तृष्णा

(गीतिएल्बम/सी.डी., गायन, २०६०) । झुमा, हामी एक हौं, जीवनज्योति, बदलिँदो आकाश, कान्छीलगायतका चार दर्जन जति चलचित्रहरूमा पार्श्व गायन । ६ सयभन्दा बढी गीतहरू (आधुनिक, पप, लोकलय आदि) रेकर्ड भएको । रुस, चीन, हङकङ, जापान, कोरिया, सिङ्गापुर, भारत, उजबेकिस्तान, मलेसिया, ब्रुनाई, अमेरिका, अष्ट्रेलिया, बेलायत आदि राष्ट्रहरूमा साङ्गीतिक कार्यक्रम प्रस्तुत । **पुरस्कार/सम्मान :** आधुनिक गीत प्रतियोगितामा प्रथम (रेडियो नेपाल, २०३९), नारायणगोपाल युवा सङ्गीत पुरस्कार (इ.सं. १९९३), छिन्नलता गीत पुरस्कार (इ.सं. १९९३), प्रबल गोरखा दक्षिणबाहु (इ.सं. १९९३), अभियान पुरस्कार (झुमा चलचित्र, इ.सं. १९९३), नेसनल भिजन बिजी अवार्ड (इ.सं. १९९३), हिट्स एफ.एम. अवार्ड (२०६१), इमेज अवार्ड (२०६०) । **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौं । **फोन :** ४४३०३२४ ।

सुकुम शर्मा (गोविन्दप्रसाद)

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ साउन २०, गुडिखोला, स्याङ्जा । **माता/पिता :** नेत्रकुमारी शर्मा, गुरुराज शर्मा तिम्सिना । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** प्राध्यापन, पत्रकारिता । **पहिलो रचना :** अमिला अणु (मुक्तक-सङ्ग्रह, २०४८) । **कृति/सृजना :** मर्मै मर्म (गीतसङ्ग्रह, २०४९), नारीका व्यथा (गीतिसङ्ग्रह, २०५१), लहराका फूलहरू (हाइकुसङ्ग्रह, २०५६), नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण (शोधकृति, २०५६), समयका छर्राहरू (मुक्तकसङ्ग्रह, २०५७), सङ्घर्षशील युवाको डायरी (लघु उपन्यास, २०५७), आगोको यात्रा (गद्य खण्डकाव्य, २०५७), नेपाली व्याकरणको प्रारम्भिक इतिहास (शोधग्रन्थ, २०५८), कोम्रोङ खोला : बाँचे भेट होला (यात्रासंस्मरण, २०५९), नेपाली भाषामा टर्नरको योगदान (शोधग्रन्ध, २०५९), अनवरत यात्रा (लघु उपन्यास, २०५९), कवि इच्छुक : कविताका सन्दर्भमा (समालोचना, २०६०), लाले र लिलीको कथा (बालकथा, २०६१), आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन (२०६२), पारिजातका कविताको अध्ययन (समालोचना, २०६२) । **सम्पादन/अनुवाद :** मितेरी (साहित्यिक पत्रिका, २०४८), प्रयोग (साहित्यिक पत्रिका, २०४९), गण्डकी सङ्गम (साहित्यिक पत्रिका, २०५०), गोकुलप्रसाद जोशीका सङ्कलित रचनाहरू (२०५९), कुलमानसिंह भण्डारीका गीत र कविता (२०६१) । **हालको ठेगाना :** पुतलीबजार -५, स्याङ्जा/ काठमाडौं । **फोन :** ४३३१५०३ ।

सुजन घिमिरे 'सजन'

(कलाकार)

जन्म/स्थान : वि.सं. २०२१ वैशाख ३, चाबहिल, काठमाडौं । **माता/पिता :** शान्तिदेवी शर्मा घिमिरे, तारा घिमिरे । **शिक्षा :** बी.ए. । **सेवा :** कलाकारिता, सङ्गीत । **पहिलो रचना :** जोईपोइ (नाटक अभिनय, राष्ट्रिय नाचघर, २०४३) । **कृति/सृजना :** अनुश्रुति (गीतिएल्बम, २०५५) । कात्रो, जोईपोइ, घातको ज्वाला, शिशिरका अन्तिम दिनहरू (एकाङ्की नाटक), वसन्ती, सिद्धार्थलगायत विभिन्न पूर्णाङ्की नाटकहरू, काठमाडौं जिन्दगी र रहरहरू (टेलिचलचित्र) लगायत विभिन्न नृत्य तथा सडक नाटकहरूमा अभिनय । **हालको ठेगाना :** चाबहिल, काठमाडौं (jajanghimire@hotmail.com) । **फोन :** ४४४३२७७

सुदन खुसः

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१३ माघ ४, बागबजार, काठमाडौं । **माता/पिता :** कृष्णमाया तण्डुकार, रत्नबहादुर तण्डुकार । **शिक्षा :** स्नातकोत्तर (वाणिज्य) । **सेवा :** स्वतन्त्र व्यवसाय । **पहिलो रचना :** विवश जि : विवश (कविता हसना साहित्यिक पत्रिका, २०३३) । **कृति/सृजना :** तनावंगु लागा (कवितासङ्ग्रह, २०४२) । **सम्पादन/अनुवाद :** चकना (साहित्यिक, ने.सं. ११०२) । **पुरस्कार/सम्मान :** श्री प्रधान सिरपा (ने.सं. ११००), सिद्धिदास राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६) । **हालको ठेगाना :** बागबजार, काठमाडौं । **फोन :** ४२४५३७५ ।

सुदर्शनलाल कर्ण

(रङ्गकर्मी, मैथिली भाषा)



जन्म/स्थान : वि.सं. २००५, दिवानपोखरी, धनुषा **पिता :** जीवछलाल कर्ण । **शिक्षा :** आई.कम. । **सेवा :** नोकरी, साहित्य । **पहिलो रचना :** लोक की कहत (नाटक, अभिनय, हिन्दी भाषा इ.सं. १९७३) । **कृति/**

सृजना : लोक की कहत (मैथिली नाटक), भागीरथ (मैथिली शृङ्खला, लेखन/अभिनय, इ.सं. १९९९) । **हालको ठेगाना :** जनकपुर-३, दिवानपोखरी (kanhaiya_karn@hotmail.com) । **फोन :** ०४१-५२४१८७ ।

सुदर्शनविक्रम राणा

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०२५ मङ्सिर १, गणबहाल, काठमाडौँ । **माता/पिता :** झसेन्द्रविक्रम राणा । **शिक्षा :** स्नातक (ललितकला) । **सेवा :** कला । **पहिलो रचना :** भावनाको अभिव्यक्ति (तेलरङ्ग, २०५३) । **कृति/सृजना :** एकल कलाप्रदर्शनी (भावनाका अभिव्यक्तिहरू, इ.सं. १९९६, २००१), सामूहिक कलाप्रदर्शनी (नेपाल, जापान, बङ्गलादेश आदि देश) करिब एक दर्जन पटक (इ.सं. १९९८ देखि २०००), कलाप्रदर्शनीहरूमा थुप्रै पटक सहभागिता (इ.सं. १९९० देखि २००२ सम्म) । **पुरस्कार/सम्मान :** कलाप्रदर्शनी तथा प्रतियोगितामा करिब पटक पुरस्कृत (इ.सं. १९८८ देखि १९९९ सम्म) । **हालको ठेगाना :** सुन्दरबस्ती, चपली, काठमाडौँ पो.ब.नं. १२७१६ (suranaz@hotmail.com) । **फोन :** ४३७१९९२ ।

सुदर्शन श्रेष्ठ

(लेखक/रङ्गकर्मी/सम्पादक नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ असोज ८, विराटनगर, मोरङ । **माता/पिता :** कमलादेवी श्रेष्ठ, गोपालकृष्ण श्रेष्ठ । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र), बी.ए. (अनर्स) । **सेवा :** अध्यापन, कलाकारिता, साहित्यिक पत्रकारिता । **पहिलो रचना :** भोका चुला (नाटक, साहित्यलोक पत्रिका, २०३७) । **कृति/सृजना :** स्रष्टाका स्वरहरू (२०५९), सर्जक संवाद (२०६३), सिर्जनशील परिसंवाद (२०६५), महिला सशक्तीकरण र सिक्किम (२०६९) । दसवटा नाटक लेखन (मञ्चन भएको), पैँतीसओटा जति नाटक (निर्देशन), साठीवटा जति नाटकमा अभिनय (नेपाली, हिन्दी, मराठी, मुक), अविरल बग्दछ इन्द्रावती टेलीशृङ्खला), दसवटाजति टेलिचलचित्र र इन्द्रावती, खुकुरी लगायत एक दर्जन जति ठूलो पर्दाका चलचित्रमा अभिनय । साहित्यकारहरूको जीवनवृत्त र विचारहरूको वृत्तचित्र निर्माण, ज्यान हाजिर छ (२०६७) ठूलो पर्दाको चलचित्रको कथा लेखन तथा निर्माण । साल्गी (चलचित्र निर्माण) । **सम्पादन/अनुवाद :** नवआवाज (भित्तेपत्रिका, २०३४), तोक्मा (समसामयिक, २०३८, -२०३९ मा प्रतिबन्धित), साथी (मासिक २०४०), जनगीतमाला (गीतसङ्ग्रह, २०४२), प्रतिनिधिसभा विघटनदेखि पुनर्स्थापनासम्म (पुस्तक, २०५०), अम्बेडकर भर्सेज हिन्दूवाद (पुस्तक, २०५७), वार्ताको वृत्तभित्र : डा. पवन चामलिङ (पुस्तक, २०६२) । **पुरस्कार/सम्मान :** विसाप पुरस्कार (२०५७) आदि । **हालको ठेगाना :** पो.ब.नं. १३८०१, बागबजार, काठमाडौँ / विराटनगर -१६, मोरङ (sathi@post.com) । **फोन :** ०२१-५३३२२७ (विराटनगर), ९८४१४१६१८३ ।

सुदिप कपिल (योग्यमणि पराजुली)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९६ वैशाख २१, लाजिम्पाट, काठमाडौँ । निधन : वि.सं. २०३५ असार २५ । **माता/पिता :** मीनाकुमारी, चन्द्रप्रसाद पराजुली । **शिक्षा :** एच.ए. (हेल्थ असिस्टेन्ट) । **सेवा :** स्वास्थ्यसेवा, साहित्य । **पहिलो रचना :** धौलाश्री साप्ताहिकमा धारावाहिक उपन्यास प्रकाशित (२०३१) । **कृति/सृजना :** साधना (उपन्यास, २०३२) । **हालको ठेगाना :** लाजिम्पाट, काठमाडौँ । **फोन :** ४४२७५५३ ।

सुदेश शर्मा

(गायक)

जन्म/स्थान : वि.सं. २०२१ कात्तिक २३, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता :** तारा शर्मा, चन्द्रराज शर्मा । **शिक्षा :** प्रयाग सङ्गीत (इलाहाबाद) । **सेवा :** सङ्गीत-गायन, संस्थान सेवा । **पहिलो रचना :** हामी नदीका दुई किनारा ... बोल रहेको गीत रेकर्ड (गायन, रेडियो नेपाल, २०३९) । **कृति/सृजना :** पथिक (गीतिएल्बम), ताराभित्र (गीति-एल्बम) । रङ्गमञ्चीय गायन (शकुन्तला (२०४०), श्रीकृष्णलीला (२०४०), शिव-पार्वती (२०४९), कुञ्जिनी (२०५७), असतोमा सद्गमय (२०५७),

सयभन्दा बढी गीतहरू रेकर्ड (गायन) । आदिकवि, दैवसंयोग, महाकवि देवकोटा, आर्मी, गोधूली, आदि चलचित्रमा पार्श्वगायन । थुप्रै सङ्ख्यामा राष्ट्रिय, लोक, भजन तथा शास्त्रीय गायन । विभिन्न राष्ट्रमा साङ्गीतिक कार्यक्रम । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार, सङ्गीत रत्न (श्रीलङ्का), प्रथम सार्क सङ्गीत अवार्ड, जागरण गीत पुरस्कार, गद्दी आरोहण रजत महोत्सव पदक (२०५१), आदि । **हालको ठेगाना** : वसुन्धरा, काठमाडौँ । **फोन** : ४३७१९६१, ९८४१२४३५३८ ।

सुधा भट्टराई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : २०११ माघ ९, फिक्कल, इलाम । **माता/पिता** : वृन्दादेवी ढुङ्गाना, इन्द्रप्रसाद ढुङ्गाना । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : नयाँ वर्ष (गोरखापत्र, २०५९) । **कृति/सृजना** : जीवनका पाइला (लेख, कवितासङ्ग्रह, २०६४) । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४१०८५१८ ।

सुधा त्रिपाठी

(निबन्धकार/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१५ जेठ २८, मिरिक, दार्जीलिङ । **माता/पिता** : भवानीदेवी त्रिपाठी, जगन्नाथ शर्मा त्रिपाठी । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली, त्रि.वि.) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : मेरा व्यथाहरूको गीत (कविता, प्रज्ञा, २०३४) । **कृति/सृजना** : बादल, धर्ती र आस्थाहरू (निबन्धसङ्ग्रह, २०५०), अनिवार्य नेपाली रचना र व्याकरण (२०५३), जीवनसूत्र र स्वप्नाभास (निबन्धसङ्ग्रह, २०५३), निःश्वासका गुजुल्टाहरू (एकाङ्कीसङ्ग्रह, २०५५), दृष्टि चौतारी (समालोचना, २०५८), भूपिका कवितामा व्यङ्ग्यालङ्कारचेतना (अनुसन्धान, २०५८), सुट, टाई र सुँगुर (व्यङ्ग्य निबन्धसङ्ग्रह, २०५९), अमर सिर्जना (निबन्ध, २०६५), नारीवादका कठघरामा नेपाली साहित्य (२०६७), नेपाली उपन्यासमा नारीवाद (२०६८), नारीवादी सौन्दर्य चिन्तन (२०६८), चेलीबेटीका बेग्लै कुरा (२०६८) । **सम्पादन/अनुवाद** : दोलखा दर्पण (जिल्लाको इतिहास, २०५१), पौरख (मासिक पत्रिका, २०५१) महिला समालोचक र नेपाली समालोचना (२०६२) । **पुरस्कार/सम्मान** : राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा स्वर्ण पदक र नगद पुरस्कार (२०३९), निबन्ध प्रतियोगितामा स्वर्ण एवं नगद पुरस्कार (विश्व हिन्दू सम्मेलन, २०४०), पारिजात सृजन पुरस्कार (२०६१), सर्वोत्कृष्ट पुस्तक पुरस्कार (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिका, इ.सं. २००३), विद्यार्थी अवस्थामा थुप्रै साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : बुल्बुले मार्ग १, घर नं. ३५३, चाबहिल, काठमाडौँ (sutri2010@yahoo.com) । **फोन** : ४४९६८३९, ४४९७५०८ ।

सुधीर 'ख्वबि' (टेकबहादुर शिल्पकार)

(कवि, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. २०१६ पुस १४, नलाछेँ, ललितपुर । **माता/पिता** : नातिमाया सिकर्मी, तिलबहादुर सिकर्मी । **शिक्षा** : आई.कम. । **सेवा** : सामाजिक सेवा । **पहिलो रचना** : शो केश दुनेया आदर्श (कविता, २०३३) । **कृति/सृजना** : चक्रव्यूह (कविता-सङ्ग्रह, २०३५), पित्याः मिखा (कवितासङ्ग्रह, २०५०), न्हूगु वसन्त (कथासङ्ग्रह, २०५२), गतुचाय् तियातःगु वर्तमान (कवितासङ्ग्रह, (२०६१), जः (कवितासङ्ग्रह, २०६१), पलाः पलाखय् गजलसङ्ग्रह, २०५९), सबै नेपालभाषामा । थुप्रै गीतहरू रेकर्ड । **सम्पादन/अनुवाद** : स्वनिगः (मीनभवन, क्याम्पस पत्रिका) । **पुरस्कार/सम्मान** : न्हुगु विश्वभूमि पुरस्कार (२०४९), पलिस्था ख्यालः उत्कृष्ट लेखक पुरस्कार (२०५१), दं मनु पुरस्कार (२०६१), विभिन्न साहित्य सम्मेलनहरूमा प्रथम र द्वितीय पुरस्कार ६ पटक । **हालको ठेगाना** : पो.ब.नं. १२४८६, काठमाडौँ / ललितपुर उ.म.पा. -१९, ललितपुर (sungava@enet.com.np) । **फोन** : ५५५०३९६ ।

सुधीर देवकोटा

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१७ पुस ११, राजविराज, सप्तरी । **माता/पिता** : कल्याणीदेवी, शिशुप्रसाद देवकोटा । **शिक्षा** : बी.ए., बी.एफ.ए. । **सेवा** : अध्यापन (कला), कार्पेट डिजाइनर,

कलाकारिता । **पहिलो रचना :** सामूहिक कलाप्रदर्शनीमा सहभागी (नाफा, इ.सं. १९८४) । **कृति/ सृजना :** एकल कलाप्रदर्शनी (काठमाडौँ, इ.सं. १९८९, १९९८, १९९४), सामूहिक कलाप्रदर्शनी (नाफामा इ.सं. १९८४ देखि १९९६ सम्म, नेसनल आर्ट ग्यालरी इ.सं. १९९३, बङ्गलादेश इ.सं. १९९८, फिनल्याण्ड, इ.सं. १९९४, स्विट्जरल्याण्ड इ.सं. १९९१, आदि थुप्रै स्थानहरूमा) । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (राष्ट्रिय युवा महोत्सव, इ.सं. १९९८), तेस्रो पुरस्कार (पासाङ ल्हामु सेर्पा आर्ट प्रतियोगिता, इ.सं. १९९३) लगायत सान्त्वना पुरस्कारहरू । **हालको ठेगाना :** मैतीदेवी, काठमाडौँ । **फोन :** २१००२४३ / ०३१-५२०४०४ (राजविराज) ।

सुनीता राणा (निधि राणा)

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०२७ पुस १४, महाराजगञ्ज, काठमाडौँ । **माता/पिता :** मञ्जु थापा, चन्द्रबहादुर थापा । **शिक्षा :** स्नातक (ललितकला) । **सेवा :** एनिमेसन कला, सेट डिजाइन, । **पहिलो रचना :** इ.सं. १९९० देखि सेट डिजाइन, एनिमेसन आदि । **कृति/ सृजना :** एकल कलाप्रदर्शनी (१९ पटक, इ.सं. १९९० देखि २००४ सम्म), सामूहिक कलाप्रदर्शनी (१६ पटक, इ.सं. १९९२ देखि २००४ सम्म, देश-विदेशमा) । **पुरस्कार/सम्मान :** लोगो, पोस्टर, उपहार कार्ड साथै अन्य कला प्रतियोगिताहरूमा प्रथम तथा द्वितीय पुरस्कारहरू ११ ओटा (इ.सं. १९८४ देखि २००१ सम्म) । **हालको ठेगाना :** सुन्दरवस्ती, चपली, काठमाडौँ पो.ब.नं. १२७१६ (suranaz@hotmail.com) । **फोन :** ४३७१९९२ ।

सुनीता सुब्बा

(गायिका)

जन्म/स्थान : वि.सं. २०२४ असोज २, धरान, सुनसरी । **माता/ पिता :** ललिता सुब्बा, भक्त लिम्बू सुब्बा । **शिक्षा :** स्नातकोत्तर (समाजशास्त्र), सङ्गीत प्रभाकार (गायन) । **सेवा :** गायन, टेलिभिजन कार्यक्रम प्रस्तोता । **पहिलो रचना :** थामेर किन छाड्यौ हातहरू ... बोलको आधुनिक गीत रेकर्ड (गायन, रेडियो नेपाल, २०३९) । **कृति/सृजना :** गीतिएल्बमहरू त्रिवेणी (आधुनिक, २०४८), सङ्गीताञ्जलि (आधुनिक), तिम्रा ओठभरि (आधुनिक, २०४५), हाम्रो गीत भाग-१ (मेचीदेखि महाकालीसम्मका लोकगीतहरू, २०५१), आलाप (आधुनिक, २०५३), स्पर्श (आधुनिक, २०५९), अन्तरङ्ग (आधुनिक, २०६२), गीत मञ्जरी (बालगीत), चेलीको आवाज (एड्स विरुद्धको गीत), उज्यालोतिर (प्रकृति संरक्षण गीत), जीवनको लहर (लागूपदार्थ विरुद्धको गीत), पोषण र स्वास्थ्यको गीत) लगायत २५० जति आधुनिक, ८० जति लोकगीत, ८ जति राष्ट्रिय गीत (गायन) रेकर्ड भएका । यसका अतिरिक्त दुई दर्जन चलचित्रमा पार्श्वगायन । **पुरस्कार/सम्मान :** बालगीत प्रतियोगितामा दोस्रो (बालमन्दिर, २०३३), बालगीत प्रतियोगितामा प्रथम (बाल मन्दिर, २०३६), आधुनिक गीत प्रतियोगितामा प्रथम (आर्टेक चिल्ड्रेन्स क्याम्प, सोभियत सङ्घ, २०३८, पद्मकन्या क्याम्पस, २०४२, रेडियो नेपाल, २०४३, फ्रेन्च कल्चरल सेन्टर, २०४४), लोकसङ्गीत प्रतियोगितामा दोस्रो (रत्न रेकर्डिङ संस्थान, २०४५, प्रकृति संरक्षण गीत प्रतियोगिता, २०४५, स्वतन्त्र विद्यार्थी युनियन, कीर्तिपुर, २०४८), नारायणगोपाल युवा पुरस्कार (२०५३) आदि थुप्रै गायन प्रतियोगितामा पुरस्कृत । नारायणगोपाल सङ्गीत कोष, काठमाडौँ जेसिज, रेयुकाई नेपाल, ललितपुर, सोसियल भोलन्टियर्स कान्ति बालअस्पताल, लाफा परिवार, गोरखा भिक्टोरिया क्रस, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, नेपाल-जापान रेन्बो क्लब, अभियान समूह, फक्ताङ्लुङ सांस्कृतिक समूह, किरात याक्थुम चुम्लुङ, कोइलीदेवी सम्मान (२०६०) आदि थुप्रै सङ्घ-संस्थाहरूद्वारा प्रशंसापत्र एवं सम्मान प्राप्त । **हालको ठेगाना :** कुसुन्ती, ललितपुर/पो.ब.नं. ७५३०, काठमाडौँ (sunitasubba@lycos.com) । **फोन :** ५५२९८३८ ।

सुनीलकुमार झा

(भाषाशास्त्री, मैथिली भाषा)

जन्म/स्थान : १५ फेब्रुअरी, १९४४ । **शिक्षा :** एम.ए. (अङ्ग्रेजीसाहित्य), एम.एड., विद्यावारिधि (इङ्ग्ल्याण्ड) । **सेवा :** प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना :** Tape-records as teching aids : what they can and cannot do (Journal of Humanities and social Sciences, T.U. 1978) । **कृति/सृजना :** Maithili : Some Aspects of Its Phonetics and Phonology (2001), The Simple Guide to NEPAL : Costoms & Entiquette (1998) । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण (स्वर्णपदक, १९८६), शिक्षा दिवस पुरस्कार (१९९२ र २००२) । **हालको ठेगाना :** राजविराज, सप्तरी ।

सुनील पुरी

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ माघ २७, धनौजी, धनुषा । **माता/पिता** : तुलसी पुरी, नारायणप्रसाद पुरी । **शिक्षा** : प्रवीणता प्रमाणपत्र तह । **सेवा** : सहकारी सेवा । **पहिलो रचना** : रेडियो नेपालबाट कविता प्रसारण (२०४१) । **कृति/सृजना** : आज तिम्रो सम्झनामा (गीतसङ्ग्रह, २०५७) । **हालको ठेगाना** : ३/१७६ पुल्चोक, ललितपुर । **फोन** : ५५४३१००५ ।

सुनील पोखरेल

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २०२० असार २, नौला, खोटाङ । **माता/पिता** : डम्मरकुमारी, एकनाथ पोखरेल । **शिक्षा** : स्नातक (रङ्गकर्म) । **सेवा** : नाट्यक्षेत्र, सामाजिक सेवा, गुरुकुल (नेपाल)का संस्थापक । **पहिलो रचना** : रङ्गकर्मसम्बन्धी लेख रचनाहरू (देशान्तर साप्ताहिक, २०४४) । **कृति/सृजना** : ओडिपस, स्कापिन, द आउटसाइडर एण्ड रेस्पेक्टेबल प्रोस्टिच्युट, यु-जुरु, द इल्डर सन, आषाढका एक दिन, द ड्रिम्स अफ पिच ब्लोजोम्स, द फायर इन द मोनास्टेरीलगायत अग्निको कथा (अभि सुवेदी), पुतलीको घर (इब्सनको अ डल्स हाउस, अनुवादसहित), कुमारी (अशेष मल्ल), बिना चिहानको मृत्यु (टेलिचलचित्र), चतुरेको दाउपेच (टेलिचलचित्र), बाघ भैरव (सत्यमोहन जोशी), सँचुवाको असल मान्छे (ब्रटोल्ड ब्रेख्त), असम्बन्धित (अल्बेएर क्यामु), न्यायप्रेमी (शार्त्र) आदि लगायत दर्जनौं नाटक तथा टेलिचलचित्रहरूको निर्देशन तथा अभिनय (मञ्चन तथा प्रदर्शित भएका) साथै परिभाषा, बलिदान लगायतका ठूला पर्दाका चलचित्रहरूमा अभिनय । भारत, बङ्गलादेश, पाकिस्तान, क्यानाडा, चीन, फ्रान्स, रसिया, जापान, फिलिपिन्स, नर्वे, कोरिया, अष्ट्रिया, जर्मनी, स्वीडेन, डेनमार्क आदि देशहरूमा सांस्कृतिक कार्यक्रम तथा नाटक प्रदर्शन । **सम्पादन/अनुवाद** : पर्दा (मासिक), इडिपस (नाटक, सोफोक्लिज, अनुवाद), आरुका फूलका रूपमा (२०५८) आदि नाटकहरू, टेलिशृङ्खलाहरू आदि थुप्रै । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ अभिनेता (जी.ए.ए. एकाङ्की प्रतियोगिता, इ.सं. १९८२), बेस्ट अल राउन्डर स्टुडेण्ट अवार्ड (राष्ट्रिय नाट्य विद्यालय, नयाँदिल्ली, इ.सं. १९८७), वेस्ट टेलिड्रामा अभियान टेले अवार्ड (इ.सं. १९८९), रङ्गस्रष्टा पुरस्कार (२०४७), गोपीनाथ अर्याल पुरस्कार (२०५७), सर्वनाम पुरस्कार (२०५९) । अशोका फेलोसिप (इ.सं. १९९१), तरङ्ग सम्मान (तरङ्ग सांस्कृतिक परिषद्, हेटौंडा, २०६०) । **हालको ठेगाना** : पो.ब.नं. १२८१९, पुरानो बानेश्वर (गुरुकुल), काठमाडौं (sunil@ccslnp.com) । **फोन** : ४४६७३११/४४६६९५६, २१०१३३२ (आरोहण) ।

सुनिल पौडेल (ज्वाला, सुपर्णखा)

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१० असार ७, डिल्लीबजार, काठमाडौं । **माता/पिता** : नन्दकुमारी, गोपीनाथ पौडेल । **शिक्षा** : एम.पी.ए. । **सेवा** : प्राध्यापन, पत्रकारिता । **पहिलो रचना** : चकचके बानी (तिलोत्तमा पत्रिका, २०२३) । **कृति/सृजना** : स्वास्नीमान्छे (निबन्धसङ्ग्रह, २०४४), बेलायत यात्रा : कल्पना र यथार्थ (निबन्धसङ्ग्रह, २०४८), ऐनामा हेर्दा (निबन्धसङ्ग्रह) । **सम्पादन/अनुवाद** : अनुभूति (त्रैमासिक, २०३६), न्यू एरा (२०४७), छलफल (साप्ताहिक, २०४७) । **हालको ठेगाना** : घट्टेकुलो, डिल्लीबजार, काठमाडौं । **फोन** : ४७७०६०८, ९८४१२९८०२८ ।

सुन्दरकृष्ण जोशी

(भाषाशास्त्री, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९२ कात्तिक ६, सुन्धारा, इलाछें, ललितपुर । **माता/पिता** : राममाया, मङ्गलकृष्ण जोशी । **शिक्षा** : विद्यावारिधि (भाषाविज्ञान) । **सेवा** : प्राध्यापन, राजप्रासाद । **पहिलो रचना** : दुनियाँसँग (कविता, सिर्जना, २०१७) । **कृति/सृजना** : सितुमा: (कहानीसङ्ग्रह, नेपालभाषा, २०२६), नेपालभाषाया भाषा वैज्ञानिक व्याकरण (२०४९), नेपालभाषा व्याकरण (२०६०), नेवारी इच्छाधीन (पाठ्यपुस्तक, कक्षा ८, ९, १०, सहलेखन), अ स्टडी अफ नेवारी क्लासिफाइज (इ.सं. १९८५) (कलेज पढ्दा नाटक लेखन, अभिनय एवं निर्देशन) । **सम्पादन/अनुवाद** : नेपालभाषा (२०५५) । **पुरस्कार/सम्मान** : जानपद सेवा (२०३४), महेन्द्र विद्याभूषण

(२०४२), शिक्षा पुरस्कार (२०४३), लाकौल पुरस्कार (२०४५), क्याम्पस सेवा पदक (पाटन क्याम्पस, २०४९), दीर्घसेवा पदक (त्रि.वि., २०५३), भाषाथुवा: (नेपालभाषा परिषद्, २०५७), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५९) । **हालको ठेगाना :** ललितपुर उ.म.पा. -१७, (nsjoshi@wlink.com.np) । **फोन :** ५५२२३९७ ।

सुन्दरप्रसाद शाह 'दुःखी'

(कवि/उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ भदौ २०, ज्ञानेश्वर, काठमाडौँ । **माता/पिता :** पीताम्वरेश्वरदेवी, राजेन्द्रप्रसाद शाह । **शिक्षा :** एम.ए. (साहित्य) । **सेवा :** सरकारी सेवा (सचिव, राजपरिषद् सदस्य, पूर्व अञ्चालाधीश), सामाजिक सेवा । **पहिलो रचना :** पन्छी (कविता, गोरखापत्र, २००४) । **कृति/सृजना :** मैतीदेवी स्तोत्र (२००४), कविता-कामना (कवितासङ्ग्रह, २००९), झ्यागल गुरुङ (नाटक, २०१३), कालो बादल (कहानीसङ्ग्रह, २०१४), अन्धविश्वास (नाटक), प्रतिवाद (उपन्यास, २०४०), त्रिफ्ट (उपन्यास, २०४२), बहादुर शाह (ऐतिहासिक उपन्यास, २०५२), कान्तावती (उपन्यास, २०५५) र सानो हजुर (उपन्यास, २०६१) । **सम्पादन/अनुवाद :** कोसेली (द्वैमासिक, २०१०), काली कर्पुर स्तोत्रम् (अनु. २०६५), प्रशस्तिरत्नम् (संस्कृत) र भक्त अम्वरीषका प्रकाशक । **पुरस्कार/ सम्मान :** सुप्रसिद्ध गोरखा दक्षिणबाहु -प्रथम, उज्ज्वल सुप्रख्यात त्रिशक्ति पट्ट प्रथम, नेपाल श्रीपद द्वितीय, रुद्रराज पुरस्कार (२०५३), रत्नश्री पदक, वेदनिधि पुरस्कार, राष्ट्रिय गौरव सम्मान पुरस्कार साथै विभिन्न पदक/अलङ्कारहरू प्राप्त । साहित्यिक सम्मान सङ्गमद्वारा साहित्यिक सम्मान । **हालको ठेगाना :** ज्ञानेश्वर, काठमाडौँ । **फोन :** ४४११२२२ ।

सुन्दर झा शास्त्री

(मैथिली कवि)

जन्म/स्थान : वि.सं. १९८६ मङ्सिर ७, लोहना, वमनगाउँ, धनुषा । निधन : २०५५ साउन २५ । **शिक्षा :** एम.ए., आचार्य । **सेवा :** प्राध्यापन, राष्ट्रिय पुस्तकालय, शिक्षा अधिकारी । 'मैथिलीका सर्वश्रेष्ठ साहित्यकार' जनस्तरबाट सम्मान । **पहिलो रचना :** टिक (मैथिली कविता) । **कृति/सृजना :** आलोक (मैथिली कविता), सुन्दर सतसई (मैथिली) । **सम्पादन/अनुवाद :** फूलपाती (पत्रिका, २०२५), शृङ्गार तिलक (मैथिली, अनु. २०१२), रत्नावली (२०१९), मुनामदन (२०४९) । **पुरस्कार/ सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)।

सुन्दर श्रेष्ठ

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०१७ कात्तिक १, वसन्तपुर टोल, तानसेन, पाल्पा । **माता/पिता :** गङ्गादेवी श्रेष्ठ, पुण्यलाल श्रेष्ठ । **शिक्षा :** स्नातक । **सेवा :** चित्रकला, डिजाइन, साहित्य, बैङ्किङ सेवा । **पहिलो रचना :** पोस्टर डिजाइन २०४२ सालदेखि । **कृति/सृजना :** अनेकन चलचित्र पोस्टरहरू, सयौँ पुस्तक-पत्रिका, एल्बम, सी.डी.हरूको आवरण डिजाइन । रु.२५०।- र रु.२५।-को नोटको डिजाइन । विभिन्न चलचित्रहरूका गीतलगायत मौलिक गीतरचना रेकर्ड । **पुरस्कार/सम्मान :** कदरपत्रस्वरूप थुप्रै अवार्डहरू प्राप्त । सयपत्री सम्मान (२०६३), परिवर्तन सम्मान (नेपालको पहिलो चलचित्र पोस्टर डिजाइनर भएकोमा) । **हालको ठेगाना :** गङ्गाहिटी, चाबहिल, काठमाडौँ । **फोन :** ४४७८९२०, ४२४३५८८ ।

सुन्दरसान खड्का (एस. खड्का)

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१८ साउन १४, फिनाम-९, गोरखा । **माता/पिता :** नीलकुमारी, फौदबहादुर खड्का । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन/ पत्रकारिता । **पहिलो रचना :** युद्ध र शान्ति (कथा, नवस्रष्टा पत्रिका, २०४८) । **कृति/सृजना :** प्रायोगिक नेपाली व्याकरण (२०५५) । **हालको ठेगाना :** फिनाम-९, गोरखा ।

सुन्दरानन्द बाँडा

(प्राथमिक कालीन कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८४०, पाटन, ओकुबहाल, ललितपुर ।

निधन : वि.सं. १९०१ । **माता/पिता** : जयलक्ष्मी, रामानन्द शाक्य । **शिक्षा** : नेवारी, नेपाली र संस्कृतको ज्ञान । **सेवा/सम्मान** : पुरोहित कर्मकाण्ड । **पहिलो रचना** : भजन (हरिहरसम्बन्धी) । **कृति/सृजना** : बहादुर शाह वर्णनम् (आशानदी), त्रिरत्न सौन्दर्यगाथा, अध्यात्म रामायण, लोकनाथ सुन्दराष्टकम्, दुई गीत कविता, व्याघ्र भैरव, आकाश भैरव, धन सुन्दराष्टक, कुलरत्न पञ्चाल, आनन्द सुन्दराष्टक, चैतन्यराज सुन्दरस्तव, त्रिरत्न सुन्दर षोडशी । **पदवी** : बाँडा-पण्डित

सुभद्रा अधिकारी

(अभिनेत्री)

जन्म/स्थान : वि.सं. २००४ भदौ २०, असनटोल, काठमाडौँ । **शिक्षा** : बी.म्युज., नृत्य प्रभाकर (कत्थक) । **सेवा** : अभिनय (सानै उमेरदेखि नाटकहरूमा अभिनय), नृत्य, गायन । **पहिलो रचना** : हिजो आज भोलि (चलचित्र अभिनय, २०२४) । **कृति/सृजना** : नेपाल आमा, नालापानी, यशोधरा, शान्ति-कान्ति, मुटुको व्यथा, मुनामदन, नेपालको फूलबारी, युगको आह्वान, भृकुटी, गाउँफर्क, स्वतन्त्रताको सम्मान, कुञ्जिनी लगायतका जम्मा २४ भन्दा बढी गीतिनाटकहरू; चार एकाङ्कीको ब्याले, सत्यनाग, दुर्गाअवतार आदि ब्यालेहरू; म, अमीत वासना, बुहार्तन, प्रह्लाद, भुसको आगो, रणदुल्लभ शाह, माधुरी मैसाब, सत्य हरिश्चन्द्र, सिद्धार्थ गौतम, बाँसुरीमा नअटाएका धुनहरू, विजय, मशान, पलाँसको फूल, लक्ष्मी पूजा, पृथ्वीनारायण शाह, चेतना, कोही किन बर्बाद होस् लगायत करिब ३१ ओटा नाटकहरू; मनको बाँध, जीवनरेखा, बदलिँदो आकाश, वासुदेव, कन्यादान, चिनो, भाउजू, राँको, राजमति (नेवारी), आमा, छोरीबुहारी, अल्लारे, वसन्ती, मुनामदन, प्रेमयुद्ध, समर्पण, कुरुक्षेत्र, भाग्य, वज्रपातलगायत करिब ६० भन्दा बढी ठूलो पर्दाका चलचित्रहरू; मनको आँखा, जीवनधारा, ज्यूँदो लाश, अनाम, बिदा, जीवनचक्र, मेमसाब, स्वार्थ, कर्मरेखा, शिव पार्वती, आमाको माया, परिवार, मसान, अग्निकुण्ड, खरानी, च्यातिएको पर्दालगायत करिब ३० भन्दा बढी टेलिचलचित्रहरू; तुवाँलो, समर्पण, आजका युवा, चाण्डालिका (नेवारी), सम्बन्धलगायत करिब ९ भन्दा बढी भिडियो चलचित्रहरूमा अभिनय । सयौँपटक सांस्कृतिक कार्यक्रममा कला प्रस्तुत । डेढ दर्जन जति गीत गायन रेकर्ड भएका । **पुरस्कार/सम्मान** : शाही सैनिक तक्मा (२०१९), शुभराज्याभिषेक पदक (२०३१), शिक्षा पदक (२०४२), तेस्रो सार्क पदक (२०४४), सर्वनाम पुरस्कार (२०४८), सर्वोत्कृष्ट अभिनेत्री पुरस्कार (२०४९), प्रवल गोरखा दक्षिणबाहु चौथो (२०५१), दशकको अभिनेत्री पुरस्कार (२०५१), प्रिया अवार्ड (२०५१), विजी अवार्ड (२०५२, २०५३), सयपत्री फिल्म अवार्ड (२०५३), मोशन पिक्चर्स अवार्ड (२०५४), भूपालमान कार्की (हिरण्यकुमारी) नगद पुरस्कार (२०५६), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), हरितारा चलचित्र पुरस्कार (२०५९), नवीन पुरस्कार (२०६२) आदि पुरस्कारहरू । नेपाल चलचित्र कलाकार सङ्घद्वारा सम्मान (२०५६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), सिने यात्री सम्मान (२०६०), साधना सम्मान (२०६०), विश्व रङ्गमञ्च दिवस सम्मान (२०६१) आदि थुप्रै सम्मानहरू । **हालको ठेगाना** : ग-२/७५ तुलसीधारा, डल्लु, काठमाडौँ ।

सुभद्रा पन्त 'अकेला'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० माघ १७, काठमाडौँ । **माता/पिता** : भुवनकुमारी विष्ट, चैलनिधि विष्ट । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, समाजसेवा । **पहिलो रचना** : एक मुस्कान (कविता, २०२०) । **कृति/सृजना** : पौराणिक बालकथासङ्ग्रह (भाग १-२, २०५८), लोखर्केको बुद्धिमानी (२०५९) । **सम्पादन/अनुवाद** : चासनी स्मारिका (संयुक्त सम्पादन, २०४१) । **हालको ठेगाना** : श्रीनाथ गल्ली -९४, कमलपोखरी, काठमाडौँ । **फोन** : ४४२०८३५ ।

सुभाषचन्द्र अधिकारी

(कथाकार/गायक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ मङ्सिर ३, सुनौला बजार-१, धादिङ । **माता/पिता** : दुर्गा अधिकारी, पद्मनाथ अधिकारी । **शिक्षा** : एम.ए. (नेपाली), बी.एल. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : परिवर्तन (कथा, सुसेली पत्रिका, २०४६) । **कृति/सृजना** : न्यायको युद्ध (कथासङ्ग्रह, २०५१), घाइते मुटु (कथासङ्ग्रह, २०५९), प्यारो नेपाल (लोकदोहोरी गायन, २०५९) । **सम्पादन/अनुवाद** : नयाँ गति (मासिक, २०६०), प्रयास (चौमासिक, २०६०) । **हालको ठेगाना** : सुनौला बजार -७, धादिङ । **फोन** : ४२७७६२० ।

सुमन ढकाल

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : २००८ साउन ६, भुरुङखेल, काठमाडौँ । **माता/पिता** : शोभा शर्मा, जनकलाल शर्मा । **शिक्षा** : विद्यावारिधि (राजनीतिशास्त्र) । **सेवा** : प्राध्यापन/त्रि.वि. । **पहिलो रचना** : होटेलमा मेरो पहिलो प्रवेश (निबन्ध), 'बाल-पत्रिका' द्वैमासिक २०१९ । **कृति/सृजना** : कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष (२०४९), छोग्यालकालीन सिक्किम (२०६७), The Redundant Monarchy (End of Chogyalocarcy in Sikkim) 2009 । **सम्पादन/अनुवाद** : जनकलाल शर्माका प्रबन्ध (२०५८), जनकलाल शर्माका संस्मरण (२०६०), मेरो निबन्ध अधूरै रह्यो (२०६४) । **पुरस्कार/सम्मान** : राष्ट्रिय बाल साहित्य सम्मेलन २०२३ मा गद्यतर्फ तृतीय पुरस्कार प्राप्त, महेन्द्र विद्याभूषण पदक 'क' श्रेणी, दीर्घ सेवा पदक, त्रि.वि. । **हालको ठेगाना** : का.म.पा.-३, पानीपोखरी, काठमाडौँ (पत्रमञ्जूषा : ३३१२) । **फोन** : ४४१२४८२, ४४१२२५६, ९८४१७३८५४० ।

सुमनराज ताम्राकार

(लेखक/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२९ साउन ५ गते, पनौती-७, अघाटोल, काभ्रे । **माता/पिता** : गुणलक्ष्मी ताम्राकार, पुष्पराज ताम्राकार । **शिक्षा** : एम.डी. (स्त्री तथा प्रसूति रोग ।) **सेवा/सम्प्रति** : स्वास्थ्य सेवा । **पहिलो रचना** : पनौती : एक परिचय (लेख, गोरखापत्र, २०४५) । **कृति/सृजना** : तपाईं गर्भवती हुनुहुन्छ ? (स्वास्थ्य, २०६४), स्वास्थ्य बालकथाहरू (२०६५), गठेमङ्गल (लघुकथा- सङ्ग्रह, २०६५), पनौतीका चाडपर्वहरू र मकरमेला (२०६६), सांस्कृतिक धरोहर (२०६८), हाम्रा दस साथी (२०६८) । **सम्पादन/अनुवाद** : नवजात शिशुहरूको नामावली (सङ्कलन/सम्पादन, २०६७) । **पुरस्कार/सम्मान** : प्रथम भरतराज पत्रकारिता पुरस्कार (२०५६) । **फोन** : ९७४११२१५४६ ।

सुमित्रा राई बाङ्देल 'चेली'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२४ असोज ९, शान्तिडाँडा-५, इलाम । **माता/पिता** : रामलक्ष्मी राई, रत्नबहादुर राई । **शिक्षा** : आई.ए. । **सेवा** : साहित्य सेवा । **पहिलो रचना** : उठ उठ नारी हो (कविता, साल्पा, २०५१) । **कृति/सृजना** : चेलीभित्रको पहाड (खण्डकाव्य, २०५८), इलामे चेलीका रचनाहरू (संयुक्त कवितासङ्ग्रह, २०५८), गङ्गाजल (गजलसङ्ग्रह, २०६०) । **सम्पादन/अनुवाद** : सिलौटी (झापा, २०६१) । **पुरस्कार/सम्मान** : नवरङ साहित्य प्रतिष्ठान धरमपुरद्वारा सम्मान (२०६१) । **हालको ठेगाना** : शान्तिडाँडा-५, इलाम । **फोन** : ०२७-५८०३९६ ।

सुरेन्द्र अस्तफल (सुरेन्द्रप्रसाद पौडेल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ कात्तिक १०, रामबाग, चितवन । **माता/पिता** : सुमित्रादेवी रिमाल, भूमिनाथ पौडेल । **शिक्षा** : एम.ए., एम.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : गजल (२०५२) । **कृति/सृजना** : शब्दहरू अविराम यात्रामा (कवितासङ्ग्रह, २०५७, सहलेखन) । **सम्पादन/अनुवाद** : सौदामिनी (हवाइपत्रिका), कवितामा चितवन र प्रेरणा पत्रिका । **पुरस्कार/सम्मान** : विभिन्न कविता प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना** : भरतपुर -१३, चितवन । **फोन** : ०५६-५२६४८० ।

सुरेन्द्र केसी

(इतिहासकार)

जन्म/स्थान : वि.सं. २०१३ फागुन १५, सावादिन-८, ताप्लेजुङ । **माता/पिता** : रन्दता कार्की क्षेत्री, गणेशबहादुर कार्की क्षेत्री । **शिक्षा** : एम.ए., विद्यावारिधि (इतिहास) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : नेपालमा सांस्कृतिक सङ्कट (लेख, छलफल साप्ताहिक, २०४०) ।

कृति/सृजना : नेपालको कूटनीतिक इतिहास (२०४६), आधुनिक नेपालको राजनैतिक इतिहास (२०४८), वेलायतको संवैधानिक तथा राजनैतिक इतिहास (२०५०), बृटिसकालीन भारतको इतिहास (२०५१), प्राचीन तथा मध्यकालीन नेपाल (२०५५), नेपालको ऐतिहासिक रूपरेखा (२०५६), विश्वको ऐतिहासिक रूपरेखा (२०५६), भारतको आधुनिक इतिहास (२०५६), नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग १-२, २०५६, २०६०), ऐतिहासिक दस्तावेज सङ्ग्रह (पहिलो भाग, २०५६), आधुनिक नेपालको ऐतिहीसिक रूपरेखा (२०५६), नेपाल प्रजा परिषद्को इतिहास २००७-२०१७ (२०५८), आधुनिक नेपाल (२०५९), नेपालको विदेश नीति तथा वैदेशिक सम्बन्ध (२०५९), नेपालको इतिहास लेखनमा धनवज्र वज्राचार्यको योगदान (२०५९), नेपालको ऐतिहासिक परम्परा र व्याख्या (२०६०), गोरखा भर्ती कथा-व्यथा र आन्दोलन (२०६२)। **सम्पादन/अनुवाद :** गोर्खा सैनिक आवाज (मासिक)। **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण 'क' (२०५४), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६९), दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार (२०६९)। **हालको ठेगाना :** अरुणमार्ग-३८, घट्टेकुलो, काठमाडौँ। **फोन :** ४७७०९९९।

सुरेन्द्र थापामगर

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ वैशाख ८, ठूलाडिही, स्याङ्जा। **माता/पिता :** नरिसरा थापा, हीराबहादुर थापा। **शिक्षा :** स्नातक। **सेवा :** कानुन व्यवसायी। **पहिलो रचना :** गाउँको चिठी (साँघु, २०३८)। **कृति/सृजना :** प्रेम उपहार (उपन्यास, २०४६), फूलको युद्ध (कवितासङ्ग्रह, २०६९)। **सम्पादन/ अनुवाद :** मगर (सामयिक सङ्कलन,२०४८), नौलो हाँक (साप्ताहिक)। **पुरस्कार/सम्मान :** देशव्यापी कविता प्रतियोगितामा दोस्रो (पोखरा जेसिसद्वारा आयोजित)। **हालको ठेगाना :** पोखरा, कास्की। **फोन :** ९८५६०२२२९२।

सुरेन्द्रबहादुर शाह

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२२ साउन १, पाँगु आम्बोटे, काभ्रे । **माता/पिता** : लक्ष्मीदेवी, कुञ्जरप्रसाद उपाध्याय । **शिक्षा** : प्रवेशिका । **सेवा** : कार्यक्रम उद्घोषण । **पहिलो रचना** : चन्द्रनिगाहपुरको चिनारी (प्रसारण, रेडियो नेपाल), नाटक मञ्चन (चन्द्रनिगाहपुर, २०४२) । **कृति/सृजना** : मुक्तक माला (२०४८), बरबादीका अवशेषहरू (मुक्तक, २०६२), स्थानीय रूपमा थुप्रै नाटकहरू लेखन, निर्देशन । **सम्पादन/अनुवाद** : सरस्वती रजत जयन्ती स्मारिका, अङ्कुर । **पुरस्कार/सम्मान** : भारतभूषण अवार्ड (कलकत्ता, इ.सं. २००२), महादेशार्णव पदक (रायपुर, इ.सं. २००२), जगत्माता कामाख्या अवार्ड (आसाम, इ.सं. २००३) । **हालको ठेगाना** : चन्द्रनिगाहपुर -२, रौतहट । **फोन** : ०५५-५४०४०८ ।

हरिकृष्णप्रसाद गुप्ता

(लेखक, नेपाली/भोजपुरी भाषा)

जन्म/स्थान : इ.सं. १९५०, वीरगञ्ज । **शिक्षा** : एम.एस., साहित्य रत्न । **सेवा** : राजनीति, सरकारी सेवा । **कृति/सृजना** : नेपालका दर्शनीय स्थान, अग्र वंशज र नेपाल, सूक्तिसञ्चय, कल्पनाको दिवार, जापानका मेरा अनुभव, हङ्गेरी देश र देशवासी, नेपाली भाषामा शाहवंशको देन, कवि भवानी भिक्षु, अग्रहरि वैश्य जातिका इतिहास ।

(visitnepal@wlink.com.np) । **फोन :** ४४१६९९९, ९८५१०३१८८८ ।

हरि खनाल

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२३ साउन २, मुरलीभञ्ज्याङ -६, धादिङ । **माता/पिता :** चन्द्रकुमारी नाल, घननाथ खनाल । **शिक्षा :** स्नातकोत्तर (शिक्षाशास्त्र) । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** सर्प (कविता, रापमा २०४२) । **कृति/सृजना :** मैयाँ (उपन्यास, २०५७), अँध्यारो मानचित्र (कथासङ्ग्रह, २०६९), बालकथा-सङ्ग्रह : बाबाको बिहे (२०६१), चटकी मामा (२०६३), भूतको कपर्दी (२०६६), बादल राजा, बादल रानी (२०६८), हर्के र बिर्खे (२०६८), हजुरबा (२०६८), एकादेशमा (लोक, २०६८), झरनाको गीत (२०६९), पर्खंदा पर्खंदै र The lost opportunity (बालचित्रकथा, २०६९) बालउपन्यास :- साथी (२०६५), कलाको जीत (२०६८) । **सम्पादन/अनुवाद :** आँखुको सुसेली, बिसौनी, परिकल्पना (साहित्यिक), प्रशासनका आयामहरू (प्रशासनिक पत्रिका) । **पुरस्कार/सम्मान :** लघुकथा लेखन, कवितामा प्रतियोगितात्मक पुरस्कार । **हालको ठेगाना :** कीर्तिपुर, २, ट्याङ्लाफाँट, काठमाडौं (khanalhari08@gmail.com) । **फोन :** ९७४१०७७२९१ ।

हरिगोपाल प्रधान

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०११ जेठ पूर्णिमा, हाँडीगाउँ, काठमाडौं । **माता/पिता :** रत्नदेवी प्रधान, गोपाल प्रधान । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र) । **सेवा :** फोटोग्राफी, सामाजिक सेवा, पर्यटन, सम्पादन, प्रकाशन । **कृति/सृजना :** परेली (गीत-कवितासङ्ग्रह, २०२८), गङ्गा (गीत-कवितासङ्ग्रह, २०३१), पाँच दर्जनभन्दा बढी गीतहरू रेकर्ड । **सम्पादन/अनुवाद :** मन्थन (साप्ताहिक) लगायत अन्य पत्रपत्रिकाहरूको सम्पादन । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, शुभराज्याभिषेक पदक, गद्दी आरोहण रजत महोत्सव पदक, विभिन्न सङ्घ-संस्थाहरूबाट विभिन्न पदक तथा प्रशंसा पत्रहरू, पुरस्कारहरू प्राप्त । अन्तर्राष्ट्रिय स्तरको फोटोग्राफी प्रतियोगितामा पटक पटक पुरस्कृत । 'क' श्रेणीको गीतकार (रेडियो नेपाल) । **हालको ठेगाना :** ४६/१९ विशालनगर, हाँडीगाउँ, काठमाडौं

हरि चोङबाङ

(लेखक, लिम्बू /राईभाषा)

जन्म/स्थान : वि.सं. २००७, जलजले, तेह्रथुम । **शिक्षा :** माध्यमिक तह । **सेवा :** सामाजिक सेवा । **कृति/सृजना :** याक्थुङ भाषाका फुटकर रचनाहरू, किरात ऐतिहासिक दर्पण (भाग १-२), लिम्बूआनको इतिहास, सङ्क्षिप्त किरात इतिहास, लिम्बू धान नाचको चिनारी, किरात याक्थुङ संस्कृति र चाडको परिचय । **हालको ठेगाना :** सतासीधाम, झापा ।

हरिदेवी कोइराला

(लोकगायिका)

जन्म/स्थान : वि.सं. २०१५ चैत्र १७, बैदाम, पोखरा, कास्की । **माता/पिता :** जगतकुमारी भट्टराई, योगेन्द्रबहादुर भट्टराई । **शिक्षा :** साधारण । **सेवा :** गायन, लेखन । **पहिलो रचना :** २०२८ सालदेखि प्रवेश (आँखा भनी आँसुको धारा ....., बोलको गीत रेकर्ड, रेडियो नेपाल) । **कृति/सृजना :** मेरो देशको छातीभित्र दुखेजस्तो लाग्छ (कवितासङ्ग्रह, २०४५), तरङ्ग (कवितासङ्ग्रह, २०५४), न घाम झर्‍यो, न जून झर्‍यो (कवितासङ्ग्रह, २०५९), आफ्नै गीत, आफ्नै भाका (गीतिसङ्ग्रह, २०६२) । *लोकगीतिएल्बम :* पाइन खबर, घर त बैदाम ताल, आमाको चिठी, फेवाताल सलल, मनको बह, दुःखीको बिलौना, मनै अँधेरो, दिलको ढोका, झिलझिल सितारा आदि लगायत करिब छ दर्जन साथै समूहमा दर्जनभन्दा बढी प्रकाशित । फुटकर रूपमा आधुनिक तथा राष्ट्रिय गीतहरू थुप्रै सङ्ख्यामा गायन । **पुरस्कार/सम्मान :** नूरगङ्गा गायन पुरस्कार (२०६५), विभिन्न सङ्घसंस्था क्लब, प्रतिष्ठान र रेडियो नेपालबाट आयोजना गरेका विभिन्न प्रतियोगितामा स्थानीय र राष्ट्रिय स्तरका गरी ३ दर्जनभन्दा बढी पुरस्कार तथा सम्मान । **हालको ठेगाना :** गणेशटोल, पोखरा -४, कास्की । **फोन :** ०६१-५२६७३५, ५३९१८९ ।

हरिनाथ ढुङ्गेल

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९७२ असार १, कटुञ्जे, भक्तपुर । निधन : २०३१) । **माता/पिता :** इन्द्रमाया, पद्मनाभ ढुङ्गेल । **शिक्षा :** शास्त्री (वेदान्त दर्शन), आचार्य । **सेवा :** प्राध्यापन, भाषा प्रकाशिनी समितिका अध्यक्ष । **कृति/सृजना :** वेदान्त विचार सार (२००२), तत्त्वोपदेश (२००२), जीवनचरित्र (पण्डितराजको), तीर्थ यात्रा वर्णन (यात्रावर्णन), वैराग्योपदेश । **सम्पादन/अनुवाद :** ढुङ्गेल वंशावली (२०५०), प्रबोध चन्द्रोदय (अनु., २०२५) ।

हरिप्रसाद उपाध्याय

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७, चिर्तुङधारा, पाल्पा । निधन : वि.सं. २०५६ । **माता/पिता :** यमकान्तिदेवी खनाल, होतृराज खनाल । **शिक्षा :** साहित्य शास्त्री । **सेवा :** अध्यापन । **कृति/सृजना :** वंशावली (२०४५), नाति (शोककाव्य, २०४६), पञ्चगव्य (कवितासङ्ग्रह, २०४८), अनुभव (गद्यरचना, २०५२), अद्भूत तपसी (खण्डकाव्य, २०५५) ।

हरिप्रसाद पाण्डे

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ वैशाख ३, अर्गली, पाल्पा । **माता/पिता :** शिवकुमारी पाण्डे, खिमानन्द पाण्डे । **शिक्षा :** स्नातक (इन्जिनियरिङ) । **सेवा :** राजनीति (पूर्वमन्त्री) । **कृति/सृजना :** आमासँगै यात्रा (२०५४), मेरा आफन्तहरूको नाममा खुला चिठी (२०६०) । **हालको ठेगाना :** सृजनाचोक, पोखरा, कास्की । **फोन :** ०६१-५२०७०५/ ५२१६०० ।

हरिप्रसाद पाण्डेय

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ जेठ १९, ठमेल, काठमाडौँ । **माता/पिता :** पशुपतिकुमारी पाण्डेय, तोयनाथ पाण्डेय । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन । **पहिलो रचना :** सम्झना (कविता, २०२६) । **कृति/सृजना :** कुमारीको सपना (उपन्यास, २०६०), आशाका रेखाहरू (उपन्यास, २०६१), सम्झना (कवितासङ्ग्रह, २०६२), नदेखिएका पाइलाहरू (उपन्यास, २०६३), अन्जान (कथासङ्ग्रह, २०६४), मुटुभित्रका ढुकढुकीहरू (उपन्यास, २०६५), दैवको लीला (२०६६) । **सम्पादन/अनुवाद :** तोयनाथ पाण्डेय स्मृतिग्रन्थ (२०५९) । **पुरस्कार/ सम्मान :** कविता प्रतियोगितामा प्रथम पुरस्कार (२०२६) । **हालको ठेगाना :** बालाजु-१६, काठमाडौँ । **फोन :** ४३५०४०४, ४२४७४९०, ९८४१३०८९८६ ।

हरिप्रसाद भण्डारी

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ जेठ ५, धुर्कोट -४, गुल्मी । **माता/पिता :** विनतादेवी भण्डारी, प्रमानन्द भण्डारी । **शिक्षा :** स्नातकोत्तर (नेपाली, जनप्रशासन) । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** तीन टुक्रा कविता (सत्य साप्ताहिक पाल्पा, २०४१) । **कृति/सृजना :** चिराग (कथासङ्ग्रह, २०४७), अस्वीकृत कथाहरू (कथासङ्ग्रह, २०५८), अविरल यात्रा (लघुकथा सङ्ग्रह, २०६४) । **पुरस्कार/सम्मान :** काजीरोशन साहित्य पुरस्कार (२०५८), राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा प्रथम पुरस्कार (धौलागिरी साहित्य प्रतिष्ठान, २०६३) । **हालको ठेगाना :** बुद्धनगर, काठमाडौँ (bhandarihp@yahoo.com) । **फोन :** ०७१-५६११४१, ९८५१०८२२२९ ।

हरिप्रसाद रिमाल

(नाट्यकर्मी/गायक)



जन्म/स्थान : वि.सं. १९८२ असोज ५, लगनटोल, काठमाडौँ । **माता/पिता :** मोहनकुमारी, घनश्याम रिमाल । **शिक्षा :** म्याट्रिक । **सेवा :** रङ्गमञ्च, अभिनय, सांस्कृतिक संस्थान । **पहिलो रचना :** १९९४ सालतिरदेखि नाटक अभिनयबाट प्रारम्भ । **कृति/सृजना :** फगत एक नजरमा..., न त सम्झनु न त बिर्सनु ...,

बिनाबादल असिना आउँदैन ...., लगायत थुप्रै गीतगायन । आमा, परिवर्तन, मनको बाँध, सिन्दूर, के घर के डेरा आदि ठूलो पर्दाका चलचित्रमा अभिनय । सपना, मेम आदि भिडियो फिल्मको निर्देशन । दर्जनौं नाटकहरूमा अभिनय तथा निर्देशन । **पुरस्कार/सम्मान** : इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९८६), हिरण्यकुमारी कार्की पुरस्कार (इ.सं. १९९९), नेपाल फिल्म कलाकार सङ्घ पुरस्कार, भूपालमानसिंह पुरस्कार, छिन्नलता विशेष पुरस्कार, नवीन कला मन्दिर पुरस्कार, वीरेन्द्र-ऐश्वर्य पदक (२०५८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६१), रेडियो नेपालका प्रथम गायक । नाटक निर्देशक, बालकृष्ण सम फाउन्डेसन सम्मान, सर्वनाम सम्मान, प्रतिभा समूह सम्मान, सर्वदा वाङ्मय सम्मान, साधना सम्मान, रेडियो नेपाल सम्मान, शाही नेपाली चलचित्र सम्मान, शुभ समूह सम्मान आदि । **हालको ठेगाना** : नयाँ बानेश्वर, काठमाडौँ । **फोन** : ४४७४९०१ ।

हरिप्रसाद शर्मा

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९९४ कात्तिक, लगनटोल, काठमाडौँ । **माता/पिता** : जानकीदेवी, विश्वनाथ शर्मा । **शिक्षा** : आई.ए., कलाकौशल । **सेवा** : पुरातत्त्व विभाग, शा.ने.वा.नि. । **पहिलो रचना** : ढुङ्गेधारामा पानी थापेको ज्यापुनीको रेखाचित्र (सामूहिक कलाप्रदर्शनी, वि.सं. २०११) । **कृति/सृजना** : काठमाण्डू भ्याल्ली डाउन द एजेज (पुस्तक, २०५९) । एकल एवं संयुक्त कलाप्रदर्शनी (२०११, २०१२, २०१३, २०१४, २०३१) । **पुरस्कार/सम्मान** : राष्ट्रपति आइजन हावर पुरस्कार (इ.सं. १९५५), नगद पुरस्कार (बालचित्रकथा चित्र रचना, २०४५, २०४६), वरिष्ठ कलाकार (नेपाल कलाकार समाज, २०५९) । बद्रीविक्रम थापा स्मृति गुठीबाट सम्मान (२०६०) । **हालको ठेगाना** : चाबहिल, मैजुबहाल, काठमाडौँ (bisunita@wlink.com.np) । **फोन** : ४४७३४४९ ।

हरिप्रसाद सिलवाल 'सरस'

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३० वैशाख १०, नलाङ-६, धादिङ । **माता/पिता** : भगवती सिलवाल, आत्माराम सिलवाल । **शिक्षा** : एम.ए. (नेपाली साहित्य) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : माटोलाई ढोग्छु (कविता, सुसेली, धादिङ, २०५२) । **कृति/सृजना** : नवआकाश (निबन्धसङ्ग्रह, २०५५), रमेश विकलको आख्यानकारिता (समालोचना) । **सम्पादन/अनुवाद** : तीन दशकको यात्रा (स्मारिका), नव युग मासिक (२०६२), बन्दी शिविरका आवाजहरू (२०६२), धादिङ चौतारी (२०६४) । **हालको ठेगाना** : अनामनगर, काठमाडौँ (publicmediaservice@hotmail.com) । **फोन** : ४२३२२७२ ।

हरि बन्दी (खड्गबहादुर खड्का)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००१ पुस ४, डडेल्धुरा । **माता/पिता** : नारायणकुमारी खड्का, दीपबहादुर खड्का । **शिक्षा** : एम.ए. (नेपाली), पोस्ट ग्रेजुएट डिप्लोमा (पत्रकारिता), साहित्य रत्न । **सेवा** : निजामती, सम्पादन । **पहिलो रचना** : यस्तो हुने पो थियो (जेपी हाइस्कुलको वार्षिक पत्रिका, २०१८) । **कृति/सृजना** : आ-आफ्नो महाभारत (हास्यव्यङ्ग्यसङ्ग्रह, २०३५), रत्नबहादुर विष्ट (जीवनी-२०४२), उल्टोपट्टि (हास्यव्यङ्ग्य-सङ्ग्रह, २०४६), एड्स शिक्षा (सहलेखन, २०४९), जीवनलाई हेर्दा (निबन्ध, २०५४) । **सम्पादन/अनुवाद** : छात्र आवाज (पाक्षिक), परिवार (त्रैमासिक), हाम्रो स्वास्थ्य, खोप पत्रिका, भाँडभैलो (हास्यव्यङ्ग्य पत्रिका) । **पुरस्कार/सम्मान** : धैलागिरी पुरस्कार (२०४६), रत्न श्रेष्ठ पुरस्कार (२०४७) । **हालको ठेगाना** : भीमसेनगोला, बानेश्वर, काठमाडौँ । **फोन** : ४४७३२७२ ।

हरिबहादुर कुँवर 'निउरो'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००० पुस ९, भगवतीटोल, तानसेन, पाल्पा । **माता/पिता** : वस्तकुमारी कुँवर, नृपबहादुर कुँवर । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : अङ्कुर (कविता, अङ्कुर, २०१२) । **कृति/सृजना** : झ्याउरे गीतसङ्ग्रह (२०२०), आधुनिक

सामान्य ज्ञान (२०३५), नेपाल परिचय (पाठ्यपुस्तक, २०५०) । **सम्पादन/अनुवाद** : अङ्कुर (२०१२), श्रीनगर (सामयिक सङ्कलन), तानसेन (डाइजेष्ट), आयाम (समाचारपत्र), प्राज्ञिक प्रवाह । **पुरस्कार/सम्मान** : सांस्कृतिक रजत पदक (पाल्पा, २०२९), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), नेपाल शिक्षक सङ्घ, पाल्पा (२०५३), विश्व हिन्दू महासङ्घ, पाल्पा (२०५९) द्वारा सम्मान, अभिनन्दन । **हालको ठेगाना** : तानसेन न.पा. -८, पाल्पा । **फोन** : ०७५-५२१२९१ ।

हरिबहादुर खड्का

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २००६ पुस १८, इमाडोल, ललितपुर । **माता/पिता** : भद्रकुमारी खड्का, डिकबहादुर खड्का । **शिक्षा** : कला शिक्षा । **सेवा** : नेपाल कला परिषद् । **पहिलो रचना** : ल्याण्डस्क्याप (दृश्यचित्र तेल रङ्ग, २०४४) । **कृति/सृजना** : सिक्किम, दिल्ली, कलकत्ता, नेपाल, राजस्थान आदि ठाउँमा कलाप्रदर्शनी । **पुरस्कार/सम्मान** : रङ्गलाल वाङ्गेल स्मृति पुरस्कार (२०५५) । **हालको ठेगाना** : इमाडोल- ९, ललितपुर । **फोन** : ४२२०७३५ ।

हरिबहादुर थापा

(नाट्यकर्मी)

जन्म/स्थान : वि.सं. २००९ असार ७, कटुञ्जे -४, भक्तपुर । **माता/पिता** : गोमा थापा, डम्बरबहादुर थापा । **शिक्षा** : आई.ए. । **सेवा** : नाट्यसेवा, नेपाल प्रज्ञा-प्रतिष्ठान । **पहिलो रचना** : किसान नाटकमा बालकलाकारको रूपमा अभिनय (भक्तपुर, २०२४) । **कृति/सृजना** : मालती मङ्गले, पृथ्वीनारायण शाह, शकुन्तला, फर्केर हेर्दा, देउकी, भक्त भानुभक्त, पहाड चिच्याइरहेछ, जब घाम लाग्छ, कोही किन बर्बाद होस्, आघात, अतृप्त आत्मा, वीर कुश, एउटा क्षितिजको उद्घाटन, भित्ते घडी, हामी बाँच्न सक्छौं, तासको जामा, अमरसिंह आदि चर्चित नाटक तथा गीतिनाटकहरूमा विभिन्न भूमिकामा अभिनय । जीवनरेखा, के घर के डेरा, पीपलडाँडा, प्रेमपिण्ड, गौथली (चलचित्रहरू) एवं निर्मला, निर्णय, हाइसञ्चो, आरम्भ, एक सहरमा एक कोठा, आदि थुप्रै चलचित्र तथा टेलिचलचित्रहरूमा अभिनय । परिवार नियोजन सङ्घद्वारा निर्मित दुईओटा वृत्तचित्रमा नायकको भूमिकामा अभिनय । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), मुस्याचु पुरस्कार (२०४२), नगद रू.१ लाख पुरस्कार (मालती मङ्गले गीतिनाटकको निमित्त), दीर्घसेवा पदक, राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), सर्वनाम पुरस्कार (२०५७), प्रबल गोरखा दक्षिणबाहु (२०५७), इन्द्रराज्यलक्ष्मी देवी प्रज्ञा पुरस्कार (२०५७), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८) । **हालको ठेगाना** : कटुञ्जे -४, भक्तपुर (hmpthapa@hotmail.com) । **फोन** : ६६११४४९ /४२२१२८३ ।

हरिभक्त गिरी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८५ असोज २३, राम्रीकाँडा, सुर्खेत । **माता/पिता** : वसुन्धरा गिरी, अम्मर गिरी । **शिक्षा** : आठ कक्षा, ज्योतिषशास्त्र । **सेवा** : अध्यात्म, धार्मिक, सामाजिक सेवा । **पहिलो रचना** : श्री सत्यनारायण पूजाकीर्तन (झ्याउरे, २०२३) । **कृति/सृजना** : श्री सत्यनारायण पूजाकीर्तन (गीतिलयमा, २०२३), आरती (भजनसङ्ग्रह, २०६१) । **पुरस्कार/सम्मान** : स्थानीय स्तरको साहित्यिक पुरस्कारहरू प्राप्त । **हालको ठेगाना** : वीरेन्द्रनगर -२, सुर्खेत । **फोन** : ०८३ -५२१८१८ ।

हरिभक्त नवपानीय

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८९ भदौ १३, रामकोट, दोलखा । **माता/पिता** : तारा नेउपाने, पुण्यप्रसाद नेउपाने । **शिक्षा** : एम.ए., आचार्य, विद्यावारिधि, विद्यावाचस्पति । **सेवा** : प्राध्यापन, साहित्य । **पहिलो रचना** : अघि बढ (कविता, छात्रदूत, बनारस, २०१२) । **कृति/सृजना** : नेपाल बाहिर नेपाली साहित्यिक गतिविधि (समालोचना, २०२४), प्रबन्धकुञ्ज प्रबन्ध समीक्षा (समालोचना, २०३०), घाइते चिन्तन (अनुसन्धानात्मक प्रबन्ध, २०४२), उत्तर बङ्गालमा नेपाली साहित्यको योगदान

(समालोचना, २०४३), सिक्किम, आसाम र उत्तर प्रदेशको नेपाली साहित्य (समालोचना, २०४३), नेपाली साहित्यमा आधुनिक चेतना (समालोचना, २०४४), साहित्यिक संस्था पत्रिका एवं प्रतिभाहरू (समालोचना, २०४४), साहित्यिक कृतिका केही मार्मिक मूल्य (समालोचना, २०५३), मनोमोदक (कविता तथा गजलसङ्ग्रह, २०५९), सन्तभजनामृत २०४४)। **सम्पादन/अनुवाद :** छात्रदूत, सङ्गम, सङ्केत, हाम्रो सङ्केत (इ.सं. १९६५), मुकुटश्री, ओइरो (२०३५), मोतीराम भट्टका उपलब्ध ग्रन्थावली (२०४५), समीक्षा शोधमर्म (२०५०), सोभिनियर (अङ्ग्रेजी)। **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण, राष्ट्रिय शिक्षा पुरस्कार (२०४२), दीर्घसेवा पदक (२०५३), गद्दी आरोहण रजत महोत्सव पदक (२०५४), वीरेन्द्र-ऐश्वर्य सेवा पदक, भारती खरेल व्याख्यान पुरस्कार (२०५५)। श्री कृष्णज्योति सन्जीवनी तुलसी सेवा समिति र सनातनधर्म सेवा समिति ललितपुरद्वारा अभिनन्दन। **हालको ठेगाना :** पाटनढोका, ललितपुर / धरान -१६, सुनसरी। **फोन :** ५५३८०८७ / ५५२३१४२।

हरिभक्त बुढाथोकी

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९७ असार २४, बयरबुङ, सिम्ले, तेह्रथुम। **माता/पिता :** भगवती बुढाथोकी, सनकसिंह बुढाथोकी। **शिक्षा :** बी.ए.(त्रि.वि.)। **सेवा :** प्रहरीसेवा, सामाजिक सेवा। **पहिलो रचना :** वसन्त कोपिला (नाटक, २०१७)। **कृति/सृजना :** सन्तान (उपन्यास, २०२४), सवारी ज्ञान (प्रविधि, २०२४), आमाको उपहार (उपन्यास, २०२९), बहुरूपी साधु (जासुसी उपन्यास, २०३०), मोटरको साथी (मोटर गाइड, २०३२), ड्राइभिङ शिक्षा (प्राविधिक शिक्षा, २०३२), मनसराको चिहान (उपन्यास, २०३८), आरतीको आँसु (उपन्यास, २०३९), मोटर ड्राइभिङ (प्राविधिक शिक्षा, २०५४), हाम्रो देश हाम्रै भविष्य (गीत-कवितासङ्ग्रह, २०६२)। आँखाको नानीमा (गीतिएल्बम तथा सी.डी., रचनातर्फ, २०६३), मूलको सङ्लो पानी (गीतिसङ्ग्रह, २०६४), मन मुटु (गीतिएल्बम, २०६६), नगरे अभिमान कहिल्यै २०६७)। **सम्पादन/अनुवाद :** प्रहरी (त्रैमासिक, २०३१), सवारी संसार (पत्रिका, २०४५)। **पुरस्कार/सम्मान :** राष्ट्रिय निबन्ध प्रतियोगितामा दुईपटक तृतीय (नेपाल महिला सङ्गठन, २०२९ र २०३०), प्रहरी सेवापदक, शुभराज्याभिषेक पदक (२०३१), असास हरिभक्त कटुवाल स्मृति पुरस्कार (२०६५)। **हालको ठेगाना :** पो.ब.नं. १५१२५, हाँडीगाउँ, काठमाडौं (haribhakta@wlink.com.np)। **फोन :** ४४२६००८, ९८४१२७४५३५।

हरि मञ्जुश्री (हरिकुमार अधिकारी)

(कवि/लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ असोज ५, केउरेनीपानी, दिङ्ला, भोजपुर। **माता/पिता :** युगला अधिकारी, दुर्गाप्रसाद अधिकारी। **शिक्षा :** स्नातक (राजनीतिशास्त्र)। **सेवा :** पत्रकारिता, सम्पादन, लेखन। **पहिलो रचना :** असफलता (कविता, विवेचना साप्ताहिक, झापा)। **कृति/सृजना :** फोरिएको पर्खाल (कथासङ्ग्रह, २०४०), आजको नेपाल कता लागिरहेछ (राजनीतिक टिप्पणी, २०४२), प्रयोगात्मक व्याकरण (व्याकरण, २०४३), चालीसौँ शताब्दी (विज्ञानउपन्यास, २०५०), सरल नेपाली भाषातत्त्व (व्याकरण, २०५४), विष्णुप्रसाद उपाध्याय : जीवनी र व्यक्तित्व (अनुसन्धान, २०५७), हरि मञ्जुश्रीका कथा (कथासङ्ग्रह, २०५८), ऐतिहासिक नक्षत्र शङ्करबहादुर केसी (अनुसन्धान, २०५९), अनाहक उद्गारहरू (मुक्तकखण्ड, २०५९), मेरा अनुभूतिहरूमा चौबाटाको चारैतिर (निबन्धसङ्ग्रह, २०६०), बद्रीविक्रम (अभिवन्दनकाव्य, २०६०), जवाहरको दर्शन (निबन्धसङ्ग्रह, २०६०), कृष्णबहादुर राजकर्णिकार (जीवनी, २०६०), नानीबाबु (कथा, २०६१), धनेश्वर वन्दना (भजनसङ्ग्रह, २०६१), अमर्त्य भोजपुरे : हिरण्य भोजपुरे (विचारप्रवाह, २०६२), अध्यात्म-चिन्तन (धर्मदर्शन, २०६२)। **सम्पादन/ अनुवाद :** विविध ज्ञानसङ्ग्रह (सामान्यज्ञान, २०४४), नेपालीको अमर कहानी (काव्यसङ्ग्रह, २०४७), सम्झौटो (लघुकाव्य, २०४७), शिक्षा, शिक्षण र साक्षरता (लेखसङ्ग्रह, २०४९), स्वास्थ्यसूत्र (लेखसङ्ग्रह, २०४९), नयाँ युगका कविता (भाग १ देखि ११ सम्म, २०४९-२०५१), कुलचन्द्र कोइरालाका कविता (२०५०), पूर्णप्रसाद ब्राह्मण स्मृतिग्रन्थ (संयुक्त, २०५३), घाउका फूलहरू (गीतसङ्ग्रह, २०५४), सात समालोचना (२०५५), श्रीविक्रम राणा : सङ्क्षिप्त शब्दचित्र (व्यक्तिवृत्त, २०५५), प्रेमराज आङ्देम्बे : व्यक्ति र व्यक्तित्व (अभिनन्दनग्रन्थ, २०५५), निष्ठाका स्तम्भ पन्नालाल श्रेष्ठ (अभिनन्दनग्रन्थ, २०५६), देवघाट (कथासङ्ग्रह, २०५७), रत्नप्रसाद लामिछाने अभिनन्दनग्रन्थ (२०५७), भोग्यप्रसाद शाह अभिनन्दनग्रन्थ (संयुक्त, २०५७), पुष्पराजका कविता (२०५८), संस्कृत-महिमा (लघुकाव्य, २०५८), जवाहर स्मृतिपुष्प (२०५८), लेकालीका प्रतिध्वनिहरू (लेखसङ्ग्रह, २०५९), सुशीला चालिसे स्मृतिग्रन्थ (संयुक्त, २०५९), कृष्णप्रसाद चालिसे स्मृतिग्रन्थ

(२०५९), घुमेको ऐनामा प्रतिबिम्बित वर्तमान (लेखसङ्ग्रह, २०६०), विष्णुप्रसाद सेवाचार्य स्मृतिग्रन्थ (२०६१), बाल-अधिकार र कर्तव्य (२०६१), रामभक्त कोख श्रेष्ठ स्मृतिग्रन्थ (२०६१), शब्दचित्रमा मोहन दुवाल (व्यक्तिवृत्त, २०६२), अनुभव र अनुभूतिमा घनश्याम राजकर्णिकार (अन्तर्वार्तासङ्ग्रह, २०६२), नवरात्र तथा यमपञ्चक पूजाविधि (कर्मकाण्ड, २०६२), क्रान्त कविताका अक्षरहरू (कवितासङ्ग्रह, २०६२), कर्तव्यपथ (विचारसङ्ग्रह, २०६२), भरत जङ्गम : विचार र दृष्टिकोण (अन्तर्वार्तासङ्ग्रह, २०६२), पनौतीका शैक्षिक सम्बल हरिसुन्दर सैंजू (अभिनन्दनग्रन्थ, २०६२), पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता (कवितासङ्ग्रह, २०६३), सुन्दरराज चालिसे स्मृतिग्रन्थ (संयुक्त) । **पुरस्कार/सम्मान :** भानु कविता -उत्सव पुरस्कार (२०५३), भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार (२०५७), जवाहरग्रन्थ सम्पादन पुरस्कार (२०५८), मुक्तिमार्ग दर्शन पुरस्कार (२०६०) । सुनकोशी साहित्य प्रतिष्ठानबाट सृजना सम्मान (२०६१) साथै अन्य सम्मानहरू । **हालको ठेगाना :** बनेपा -१०, काभ्रेपलाञ्चोक । **फोन :** ०११-६६२९६२ ।

हरिराज खेवा

(नाट्यकर्मी/कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२६ कात्तिक २७, हात्तीखर्क-६, धनकुटा । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, समाजसेवा, राजनीति, अभिनय । क्षेत्रीय नाटक उत्सव (२०५३), राष्ट्रिय नाटक महोत्सव (२०५४) द्वारा लेखन अभिनयमा प्रशंसापत्र । **पहिलो रचना :** पश्चात्ताप (लघुकथा, स्वास्थ्यसञ्चार पत्रिका, २०४८) । **कृति/सृजना :** अपदस्त जिन्दगी (एकाङ्की सङ्ग्रह, २०५८), २० ओटा नाटक रेकर्ड (रेडियो नेपाल), १५ ओटा स्टेज नाटक र सडक नाटकमा अभिनय र लेखन, ३ ओटा भिडियो चलचित्रमा अभिनय । **पुरस्कार/सम्मान :** राष्ट्रिय रेडियो नाटक प्रतियोगिता (लेखन-अभिनयमा प्रथम पुरस्कार, २०५५), क्षेत्रीय नाटक प्रतियोगिता (लेखनमा सान्त्वना पुरस्कार, २०५६) । **हालको ठेगाना :** हात्तीखर्क -६, धनकुटा (subbahk1@hotmail.com) । **फोन :** ४२१५८६३ ।

हरिराज भट्टराई

(लेखक, नेपाली भाषा)



जन्म/स्थान : इ.सं. १९५३ अक्टुबर १५, साँघु, मैवारखोला, ताप्लेजुङ । **शिक्षा :** एम.ए., विद्यावारिधि (नेपाली) । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** गीतिकाव्यको ऐतिहासिक अध्ययन (समालोचना, २०४३), साइन डाइ (उपन्यास, २०४४), नरसिंह अवतार एक समीक्षा (समालोचना, २०४५), स्वप्नभङ्ग (उपन्यास, २०४७), नीलिमा, नरमा (उपन्यास, २०५१), जगदीशशमशेर : सिद्धान्त र समीक्षा (२०५४) । **सम्पादन/अनुवाद :** चन्द्रधर उप्रेती स्मृतिग्रन्थ, वैजनाथ गीतसङ्ग्रह । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण "क" (२०४२) । **हालको ठेगाना :** ज्ञानेश्वर, काठमाडौं । **फोन :** ४४१८६०९ ।

हरिराज शर्मा अर्ज्याल 'राही'

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ पुस १८, रश्मिनिलय, कपिलवस्तु । **माता/पिता :** शारदादेवी अर्ज्याल, देवराज अर्ज्याल । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र) । **सेवा :** प्राध्यापन । बाणगङ्गा साहित्यिक प्रतिष्ठानबाट अभिनन्दित (२०६२) । **पहिलो रचना :** वर्षा (कविता, हिन्दी भाषामा, आज पत्रिका, २०२२) । **कृति/सृजना :** कल्पना (खण्डकाव्य, २०५१), परिणति (कवितासङ्ग्रह, २०५६), ज्योत्स्ना (खण्डकाव्य, २०५८), अभिव्यक्ति एवं परिवेश (कवितासङ्ग्रह, २०६३), अरुणोदय (बालकवितासङ्ग्रह, २०६३) । **सम्पादन/अनुवाद :** कपिलवस्तु त्रैमासिक (२०३६) । **हालको ठेगाना :** आनन्दबाग, तौलिहवा, कपिलवस्तु । **फोन :** ०७६-५६०३४५ ।

हरिराम जोशी

(लेखक/अन्वेषक, धनेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९९२ चैत्र २८, टेङ्गल, ललितपुर । **माता/पिता :** हेमकुमारी जोशी, भारथराम जोशी । **शिक्षा :** स्नातकोत्तर (इतिहास तथा संस्कृति र पुरातत्त्व) । **सेवा :** निजामती सेवा (उपसचिव) । **पहिलो रचना :**

समाजको विकास (अनूदित कृति, २०1०) । **कृति/सृजना :** बहिनी पूजा (२०1५), तारी (खण्डकाव्य, २०1७), प्राचीन नेपाल (इतिहास, २०२२), कदम (खण्डकाव्य, २०२५), हेमा ज्वाला (२०२८), नेपाली संस्कृति (२०२८), नेपालको प्राचीन अभिलेख (२030), उत्तर प्राचीन कालीन मुद्रा (२०३२), श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको व्यक्तित्व (२०३३), हिन्दू देवीदेवता (२०४०), नेपालका चाडपर्व (२०६०), त्रिदेव स्वरूप ब्राह्मण, कर्माचार्य, जोशी (२०६१) आदि । **सम्पादन/अनुवाद :** चण्डेश्वरी (बनेपा न.पा. स्मारिका, २०५०), बनेपा सातगाउँ (बनेपा न.पा. स्मारिका, २०५३) । **पुरस्कार/सम्मान :** गुणराज पुरस्कार (२०४०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), मदन पुरस्कार (२०५९), कुमारी स्वर्ण पदक (२०६०) । स्टुडेन्डस् लाइब्रेरी भक्तपुरबाट सम्मान (इ.सं. २००१), कल्चर रिसर्च सोसाइटी अफ नेपालबाट सम्मान (इ.सं. २००२), गणेशमान सिंह अध्ययन प्रतिष्ठानबाट सम्मान (इ.सं. २००२), महालक्ष्मी गुठी परिवारद्वारा सम्मान (इ.सं. २००२), जोशी समाजबाट सम्मान (इ.सं. २००३), कुमारी स्वर्ण सम्मान (इ.सं. २००३), योगी नरहरिनाथ ट्रष्टबाट सम्मान (इ.सं.२००४), केदारनाथ स्मृति संस्थानबाट सम्मान (इ.सं. २००५), संस्कृति शिरोमणि उपाधिबाट सम्मान (कुमारी प्रकाशन, २०६२) । **हालको ठेगाना :** मानभवन, ललितपुर । **फोन :** ५५३३४३२ ।

हरिवंश आचार्य

(अभिनय कलाकार)

जन्म/स्थान : वि.सं. २०1४ कात्तिक २७, टङ्गाल, गैह्रीधारा, काठमाडौँ । **माता/पिता :** गणेशकुमारी, होमञ्जय आचार्य । **शिक्षा :** मेट्रिक, चलचित्र उत्पादन तालिम (यूएसए) । **सेवा :** बैङ्किङ, अभिनय । **पहिलो रचना :** २०३५ सालदेखि व्यङ्ग्यात्मक अभिनय, लेखन, चलचित्र निर्माण । **कृति/सृजना :** महसन (नाटक, संयुक्त लेखन, इ.सं. १९९४), वासुदेव (इ.सं. १९८४), के घर के डेरा (इ.सं. १९८५), सिलु (नेवारी, इ.सं. १९८७), लोभिपापी (इ.सं. १९९०), बलिदान, तँ त साह्रै बिग्रिस् नि बद्री लगायत दर्जनौ ठूलो पर्दाका चलचित्रहरू, विज्ञापन, १५ गते, लालपुर्जा, कान्तिपुर, राजमार्ग, भकुण्डे भूत, शान्ति, दसैँ, चिरञ्जीवी रात, बाह्रबजे (नेवारी), लक्ष्मी, वनपाले लगायत दर्जनौँ टेलीशृङ्खलामा अभिनय । प्रशस्तै हास्यव्यङ्ग्यात्मक श्रव्यएल्बमहरूमा सहप्रस्तुति, पटकथा सहलेखन (यमलोक, प्यारालाइसिस, ककफाइट, अंशबण्डा, होस्टेहैँसे, ऐना, शपथग्रहण, काउकुती, सङ्गीत, लण्डन एयरपोर्ट, वार्ड नं. ३४, गाउँखाने कथा, पिकनिक, श्रद्धा, अभिभावक, २०५, बोसे आन्द्रा भुँडी आदि । **पुरस्कार/सम्मान :** स्वर्ण पदक (गाईजात्रा महोत्सव, ने.रा.प्र.प्र., इ.सं. १९७९/८०, तीनपटक), जगदम्वाश्री पुरस्कार (इ.सं. १९९१), सर्वश्रेष्ठ संवाद लेखक पुरस्कार (लोभीपापी चलचित्र, इ.सं. १९९२), सर्वोत्कृष्ट कथा पुरस्कार (तँ त साह्रै बिग्रिस् नि बद्री, चलचित्र, इ.सं. २००२), भैरव अर्याल हाँस्यव्यङ्ग्य पुरस्कार (२०६३), गोरखा दक्षिणबाहु, हरितारा पुरस्कार, सर्वश्रेष्ठ हास्यकलाकार पुरस्कार, राष्ट्रिय युवा गौरव पुरस्कार, लगायत दर्जनौँ । प्रबल जनसेवा श्री (चतुर्थ) । **हालको ठेगाना :** डिल्लीबजार, घट्टेकुलो, काठमाडौँ । **फोन :** ९८५1०२७०४५ ।

हरिशङ्कर रञ्जितकार

(कथाकार, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०६३ यंलाथ्व: ११, कालीमाटी, काठमाडौँ । **माता/पिता :** रत्नमाया रञ्जितकार, हरिकृष्ण रञ्जितकार । **शिक्षा :** बी.कम. । **सेवा :** समाज सेवा । **पहिलो रचना :** सुवा (कथा, सितु पत्रिका, ने.सं. १०८५) । **कृति/सृजना :** कँगा: (कथा, ने.सं. १०८९), कँचा (कथा, ने.सं. १०९१), कँमा (कथा, ने.सं. १११७), हँय्ख्येँध्वंमा (ने.सं. १११८) । **हालको ठेगाना :** कालीमाटी, काठमाडौँ । **फोन :** ४२७४८६४ ।

हरिशरण शर्मा न्यौपाने

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९१ असार १३, स्याँम्घा, क्रियापानी, तनहुँ । निधन: २०६३ वैशाख २ । **माता/पिता :** दीपकुमारी न्यौपाने, सोमकान्त न्यौपाने (उपाध्याय) । **शिक्षा :** बी.ए., बी.एड., आचार्य (दर्शन) । **सेवा :** अध्यापन । जि.शि.का. तनहुँबाट सम्मान । **कृति/सृजना :** वीरभक्ति मा.वि.का मेरा २० वर्ष (२०५४), मेरो पहिचान (२०५८), मेरा केही चिन्तन, विचार र अनुभवहरू (२०६०), स्याँम्घा र मेरो

वंशकथा (२०६१) । **सम्पर्क ठेगाना :** दमौली, तनहुँ / कलङ्की, काठमाडौँ । **फोन :** ४२८०५८५ ।

हरि श्रेष्ठ (हरिनारायण श्रेष्ठ)

(कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : १९७९ फागुन ८, भोसिंको टोल, काठमाडौँ । **माता/पिता :** पद्मकुमारी श्रेष्ठ, आशानारायण श्रेष्ठ । **शिक्षा :** साहित्यरत्न, आई.ए. । **सेवा :** नेपाल रेडियो, निजामती (हुलाक) । **पहिलो रचना :** जागिर मेरो चौध छ (कविता, उद्योग पत्रिका, १९९२ तिर) । **कृति/सृजना :** ध्रुव गो ? (नेवारी काव्य, २००५), जागीर / जा, गिर ! ? (उपन्यास, २००८), नवयुग (नाटक, २०१३), तिनलाई सम्झेर (कवितासङ्ग्रह, २०२२), देवकोटा सम्झेर (कवितासङ्ग्रह, २०२२), नेवारी लोकगीत (२०३१), प्रसाद (२०३१), अतीतका स्मृति (संस्मरण-२०४६),जन्मोत्सव (२०५३) । **सम्पादन/अनुवाद :** हिमाली कलाकार (द्वैमासिक, २०१८), श्री ५ महेन्द्र एक विचारक राजनेता (सङ्कलन, २०२२), युग दर्पण (पत्रिका, २०२२), युग प्रेरणा (सङ्कलन, २०२३), युग आह्वान (सङ्कलन, २०२४), युग धारा (सङ्कलन, २०२५), हुलाक (मासिक) नेवारी लोकगीत (नेपाली भाषामा, अनु.) । **पुरस्कार/सम्मान :** रेडियो नेपालद्वारा सम्मान (२०५६) । **हालको ठेगाना :** भोसिंको टोल, काठमाडौँ । **फोन :** ४२२२८३३ ।

हरिसिंह थापा

(साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००३ फागुन १२, नमदिश्वर -७, ओखलढुङ्गा । **माता/बाबु :** धनकुमारी थापा, दानबहादुर थापा मगर । **शिक्षा :** साधारण । **सेवा :** होटल व्यवसाय । **पहिलो रचना :** लण्डन घुमी हेर्दा (कविता, गरिमा) । **कृति/सृजना :** मन उड्यो (गीतिचक्का, २०६३), मधुरस (कवितासङ्ग्रह, सन् २००६), सुन्तली (उपन्यास, २०६६), गुराँस फुलेन (२०६६) । **पुरस्कार/सम्मान :** राज्यभिषेक पदक (२०३१), नेपाली नागरिक अन्तर्राष्ट्रिय स्वर्ण सम्मान, नेपाली सिने आर्टिष्ट सम्मान । **हालको ठेगाना :** नयाँ बानेश्वर, काठमाडौँ । **फोन :** ९८१३७८८६४० ।

हरिहर अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : ई. १९५२ जनवरी ११, पोखरीथोक बजार, गोरखा । **माता/पिता :** नन्दकुमारी अर्याल, दण्डपाणि अर्याल । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन, नोकरी (नेपाली राजदूतावास पेरिसको स्थानीय कर्मचारी) । **पहिलो रचना :** माटोको गीत (कविता, पद्यसङ्ग्रह, २०२७) । **कृति/सृजना :** नमस्ते (बोँजुर, BONJOUR, फ्रेन्च भाषा, २०५४), स्वदेश तिमीलाई खोज्दछ (कवितासङ्ग्रह, २०६२),**सम्पादन :** बृ. अर्ज्याल वंशावली । **हालको ठेगाना :** पो.ब.नं. ७४४१, काठमाडौँ / 15 Place Louis Jouvet, 77124 Cregy les Meaux, France । **फोन:** ०१-४३५९६१५ ।

हरिहर खनाल

(कथाकार, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २००३ भदौ १२, फल्याङकोट, कास्की । **माता/पिता :** राधा खनाल, कृष्णप्रसाद खनाल । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** जूनको प्रकाशमा सूर्यलाई निम्त्याएर (कथा, पारिजात मासिक, २०२४) । **कृति/सृजना :** बिदा हुँदा (कवितासङ्ग्रह, २०२४), अजम्मरी गाउँ (कथासङ्ग्रह, २०३७), आकाश छुने डाँडोमुनि (कथासङ्ग्रह, २०३८), देश परदेश (कथासङ्ग्रह, २०४६), बमको छिर्का (कथासङ्ग्रह, २०४७), आस्थाको गोरेटो (कवितासङ्ग्रह, २०५१), विगत-आगत (कथासङ्ग्रह, २०५५), द भ्वाइस अफ माउन्टेन (लघुकथासङ्ग्रह, अङ्ग्रेजी भाषा, इ.सं. २०००), युगका पदचापहरू (निबन्ध, संस्मरण, टिप्पणी र भूमिकाहरू, २०५९), देशभित्र देश खोज्दै (कथासङ्ग्रह, २०६०), विघटन (कथासङ्ग्रह, २०६३), हरिहर खनालका छोटा कथाहरू (कथासङ्ग्रह, २०६४), उज्यालोको खोजीमा (उपन्यास, २०६५), समयको रेखाचित्र (उपन्यास, २०६५), अस्तित्वको खोजी (कथासङ्ग्रह, २०६६), चीनको डायरी (नियात्रा, २०६६), बेलायती दैनिकी (यात्रेली दैनिकी, २०६७) । **सम्पादन/अनुवाद :** दोभान (२०२४), नौलो राँको (संयुक्त, २०२५), मारुनी (२०२८), जाँगर (२०३६), सेरोफेरो (संयुक्त, २०४२), जनसाहित्य (२०४८) । म्याक्सिम गोर्कीको जीवनी (अनु. २०३८) । **पुरस्कार/सम्मान :**

गण्डकी विद्यार्थी परिषद्, कास्कीद्वारा स्वर्णपदक (२०२७), चिसाप प्रतिभा पुरस्कार (२०५५), साहित्य सन्ध्या पुरस्कार (२०५५)। भरतपुर नगरपालिकाद्वारा प्रतिभा सम्मान (२०५६), जिविस चितवनद्वारा सम्मान (२०५८), 'यथार्थ कुरा' जुही सम्मान (२०६१) प्रलेस झापा सम्मान (२०६१), लेखनाथ पुस्तकालय झापा सम्मान (२०६१), कालिका स्रष्टा सम्मान (२०६१), प्रगतिशील लेखक सङ्घ नेपाल, केन्द्रीय समितिद्वारा सम्मान (२०६६)। **हालको ठेगाना :** भरतपुर-१२, चितवन / धापासी-७, काठमाडौँ (harihar45@gmail.com.)। **फोन :** ०५६-५२०७७५, ०१-४३६६२७०, ९८४१९४०४४९।

हरिहर जोशी

(कवि, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९८, धनकुटा। निधन : २०६७ भदौ १९। **शिक्षा :** एम.ए. (अङ्ग्रेजी)। **सेवा :** प्राध्यापन (त्रि.वि.)। **कृति/सृजना :** सङ्गिनी र सोरठी, नोट्स अफ द सर्भित अफ वी.एच हड्सन, बिल्लियोग्राफी अफ हड्सन, द फस्ट जर्मन टु भिजिट नेपाल। **सम्पादन/अनुवाद :** नेपाल (सिल्बाँ लेवीको डायरी अफ नेपाल)।

हरिहर शर्मा

(नाट्यकर्मी)



जन्म/स्थान : वि.सं. २०११ जेठ २०, चौरपानी, प्युठान। **माता/पिता :** शोभादेवी शर्मा, निमानन्द शर्मा पोखरेल। **शिक्षा :** बी.ए., एम.पी.ए. (अपूरो)। **सेवा :** रङ्गमञ्च, अभिनय, सांस्कृतिक संस्थान (महाप्रबन्धक), ने.प्र.प्र.। **पहिलो रचना :** आमाको सपना (नाटक अभिनय, २०२३)। **कृति/सृजना :** फर्केर हेर्दा, बहुला कहीं का, भूलैभूलको यथार्थ, सन्त्रासको जिन्दगी, जब घाम लाग्छ, स्मृतिको पर्खालभित्र, जीवन वीमा, पहाड चिच्याइरहेछ, कोही किन बर्बाद होस्, पुरानो घर, किसिन्ह्त्यमा, मदनमान (नेवारी), लगायत करिब ६० जति नाटकहरू, जनैको साँचो, सम्बन्ध, मृगतृष्णा, पर्खाल, अन्धाको पनि आँखा खुलेको हुन्छ, आघात आदि टेलिचलचित्र, सिन्दूर, बदलिँदो आकाश, वासुदेव (इ.सं. १९८४), पच्चीस वसन्त (इ.सं. १९८८), हामी एक हौँ, मायालु, मायाप्रीति, चेलीबेटी (इ.सं. १९९०), प्रेयसी, चट्याङ, चाहना, भाउजू, प्रेमपिण्ड, कर्जा, विश्वास, यो मायाको सागर, फेरि तिम्रो याद आयो, मलाई माफ गरिदेऊ, सन्तान थरीथरीका लगायत करिब ५२ चलचित्र तथा टेलिचलचित्रहरूमा अभिनयका साथै ११० जति रेडियो नाटकमा स्वर अभिनय। **पुरस्कार/सम्मान :** उत्कृष्ट चरित्र अभिनेता पुरस्कार (इ.सं. १९८०, १९८८), गोरखा दक्षिणबाहु चौथा, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार (इ.सं. १९८०), सुप्रवल गोरखा दक्षिणबाहु (इ.सं. १९९८), त्रिशक्ति पट्ट (इ.सं. १९९९), सर्वनाम पुरस्कार, नेपाल मोसन पिक्चर एसोसियसन अवार्ड, मोशन पिक्चर अवार्ड (इ.सं. २००२) आदि। **हालको ठेगाना :** खुर्सानीटार, लाजिम्पाट, काठमाडौँ। **फोन :** ४४१३६१६, ९८५१०७३५५५।

हरिहर शास्त्री (अधिकारी)

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. १९८० जेठ शुक्ल तृतीया, टेवहाल, काठमाडौँ। निधन: २०३४ पुस २४, काठमाडौँ। **माता/पिता :** यादवलक्ष्मीदेवी अधिकारी, टीकाराम अधिकारी। **शिक्षा :** साहित्य शास्त्री (बनारस)। **सेवा :** अध्यापन, सामाजिक सेवा। **पहिलो रचना :** नेपाल पुकार (कविता, पद्य-सङ्ग्रह, प्रथम भाग, २००४)। **कृति/सृजना :** नवीन-निबन्ध प्रकाश (प्रथम भाग, २०१३), अवनति (उपन्यास, २०२१), दुर्दशा (उपन्यास, २०२२), विश्वशान्तिको वाटो (निबन्ध, २०२२), मनको छाल (कवितासङ्ग्रह, २०२३), उषा-विनोद (महाकाव्य, २०२४), रम्भा (महाकाव्य, २०२५), अनभिज्ञता (खण्डकाव्य, २०२५), शोभाशशी (खण्डकाव्य, २०२६), देवी (खण्डकाव्य, २०२८), सपनाको फूल (खण्डकाव्य, २०२८), सिक्री (खण्डकाव्य, २०२८), समय (खण्डकाव्य, २०२९), डाँडामा परेका पाइला (कवितासङ्ग्रह, २०३०), हरिहर शास्त्री (मेरो जीवनी, २०३०), ठोक्किएका रित्ता हातहरू (कवितासङ्ग्रह, २०३२), म मरिसकेको हुँला (कवितासङ्ग्रह, २०३३), सगरमाथा (खण्डकाव्य, २०३५), घाम झुल्कियो (महाकाव्य, २०३६), आधुनिक गद्य कविताको स्वरूप (२०५८)। **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०२६), राष्ट्रिय कविता प्रतियोगितामा तृतीय (ने.रा.प्र.प्र., २०२८), हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कारको स्थापना गरिएको छ। **सम्पर्क ठेगाना :** मैतीदेवी, काठमाडौँ। **फोन :** ४४१७३३६, ४४२२३९६।

हरिहर 'सविता' रेग्मी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ जेठ २७, अर्चलबोट, लमजुङ।

माता/पिता : सरस्वती रेग्मी, हेमनाथ रेग्मी । **शिक्षा** : स्नातकोत्तर । **सेवा** : प्राध्यापन (त्रि.वि.) । **पहिलो रचना** : चट्याङ (कथा, २०२६) । **कृति/सृजना** : कालरात्री (कथासङ्ग्रह, २०४७), मणि शोककाव्य (शोककाव्य, २०४७), जानुका शोककाव्य (शोककाव्य, २०४७), हेम शोककाव्यलगायत करिब आधा दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशोन्मुख । **पुरस्कार/सम्मान** : बी.पी. साहित्यिक पुरस्कार (२०५६) । **हालको ठेगाना** : भरतपुर न.पा. -९ चितवन । **फोन** : ०८३-५२०३०७, ५२०२९७ ।

हरेराम जोजिजु 'जोजु'

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०२० भदौ ५, पोखरा, कास्की । **माता/पिता** : सोमलक्ष्मी जोजिजु, गणेशलाल जोजिजु । **शिक्षा** : स्नातक (चित्रकला) । **सेवा** : कलासाधना । **पहिलो रचना** : दृश्यचित्र (२०३३) । **कृति/सृजना** : एकल चित्रकलाप्रदर्शनी (काठमाडौँमा ५ पटक, इ.सं. १९८६/९०), अन्तर्राष्ट्रिय कलाप्रदर्शनी (जापान इ.सं. १९९४, जर्मनी, इ.सं. १९९५, कोरिया, इ.सं. १९९६), वीरेन्द्र आर्ट ग्यालरी (काठमाडौँ), अमेरिका, अष्ट्रेलिया, कोरिया र युरोपमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : राष्ट्रिय कलाप्रदर्शनीमा प्रथम पुरस्कार (इ.सं. १९८७) । **हालको ठेगाना** : सानेपा, ललितपुर । **फोन** : ५५२१०४२ ।

हर्कबहादुर राना

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. २००१ पुस १६, तिखेदेवल, ललितपुर । **माता/पिता** : शीबु राना, मोती राना मगर । **शिक्षा** : व्यावसायिक कला प्रशिक्षण (बम्बई) । **सेवा** : पर्यटन क्षेत्र, कला । **पहिलो रचना** : सामूहिक कला प्रदर्शनी (२०४१) । **कृति/सृजना** : एकल चित्रकला प्रदर्शनी (इ.सं. १९९६, काठमाडौँ, १९९७, काठमाडौँ) चिनियाँ ताओ मतअनुसारको पानीरङ चित्र निर्माण । नेपाललगायत बेलायत, भारत, सिङ्गापुर आदि देशहरूमा कला सङ्गृहीत । **पुरस्कार/सम्मान** : राष्ट्रिय कलाप्रदर्शनीमा सान्त्वना पुरस्कार (२०४१) । **हालको ठेगाना** : पो.ब.नं. ९८८३, ताहाचल, काठमाडौँ । **फोन** : ४२८०५०८

हर्षध्वज राई

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९१४ डिसेम्बर १५, उत्तरी शानस्टेट, लाशियो, बर्मा । **माता/पिता** : वृन्दा राई, कीर्तिमान राई । **शिक्षा** : माध्यमिक तह (बर्मा) । **सेवा** : प्रहरी सेवा (प्रहरी उपरिक्षकबाट अवकास), ब्रिटिस सेना, मूर्तिकला । **पहिलो रचना** : गन्थन (पद्यसङ्ग्रह, २०४०) । **कृति/सृजना** : अन्तर्वेदना (पद्य, २०४०), भावनाको सँगालो (२०५६), बितेका बेलिबिस्तार (आत्मकथा, २०६०) । (सर्वप्रथम वर्माको मेम्यो सहरमा नेपाली पाठशालाको स्थापना गरी नेपालित्व - भातृत्वको प्रचार-प्रसार, इ.सं. १९३२ देखि १९३८ सम्म) । **पुरस्कार/सम्मान** : ब्रिटिस सरकारबाट डिफेन्स मेडल तथा वार मेडल (इ.सं. १९३९-१९४५), प्रहरी सेवा पदक, प्रहरी स्टार, प्रख्यात त्रिशक्तिपट्ट (चौथो), गोरखा दक्षिणबाहु (चौथो), नूरगङ्गा पुरस्कार (मूर्तिकलामा योगदान गरेबापत), नेपाल तन्नेरी पुरस्कार (२०६०) । **हालको ठेगाना** : सिद्धार्थनगर न.पा. -३, रूपन्देही । **फोन** : ५२३३८५ ।

हर्षनाथ भट्टराई

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८२ भदौ १५, धोबीचौर, काठमाडौँ । **निधन** : २०६९ मङ्सिर १० गते । **माता/पिता** : टीकादेवी, होमनाथ भट्टराई । **शिक्षा** : शास्त्री (संस्कृत) । **सेवा** : साहित्य, सम्पादन । **कृति/सृजना** : बाल संस्कृत प्रबोधिनि (२००८), नेपाली व्याकरण बोध, नेपाली शब्दशुद्धि, सरल संस्कृत (ज्ञानमाला, भाग १ र २), नेपाली संस्कृत परिचय, सङ्क्षिप्त संस्कृत व्याकरण, साधारण ज्ञान (२०१५), नयाँ सामान्य

ज्ञान (२०२०), नेपाली भाषा र साहित्य (२०१९), अनिवार्य नेपाली रचना (२०२३), नेपाली साहित्य परिचय (२०२४) । **सम्पादन/अनुवाद** : नेपाली उखान टुक्का (२०२२), नेपाली बृहद् शब्दकोश (२०२३), प्रशासकीय तथा कानुनी शब्दकोश (२०२३) । **पुरस्कार/सम्मान** : विद्वच्छिरोमणि हेमराज पुरस्कार (२०५१) । **हालको ठेगाना** : धोबिचौर, काठमाडौँ । **फोन** : ४२२५२२२, ४२५१८८४ ।

हर्षबहादुर बुढामगर

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८४ कात्तिक ३, हरिचौर -५, बागलुङ । निधन : २०६७ माघ १४ । **माता/पिता** : देवीकला बुढामगर, भक्तबहादुर बुढामगर । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र, त्रि.वि.), विद्यावारिधि (पटना) । **सेवा** : साहित्य, राजनीति, प्राध्यापन, सैनिक सेवा । **पहिलो रचना** : डा. के.आई. सिंहको सङ्क्षिप्त जीवनी (खण्डकाव्य, २०१४) । **कृति/सृजना** : किरात वंश र मगरहरू : एक ऐतिहासिक सर्वेक्षण (अन्वेषण, २०४९), मगर व्याकरणको प्रारूप (व्याकरण, २०५०), मगर नेपाली लिम्बू अङ्ग्रेजी सङ्क्षिप्त शब्दकोश (२०५०), अतृप्त जिन्दगीका असीमित चाहना (उपन्यास, २०५२), जसका ठाडा जुँगा कहिल्यै झुक्न जान्दैनन् (रचनासङ्ग्रह, २०५२), मगर जाति र उनका सामाजिक संस्कार (२०५३), राजा : आजका सन्दर्भमा (२०५३), मगर र मग्यार : पुर्ख्यौलीको खोजीमा (२०५३), राष्ट्र निर्माणमा शाहवंशीय राजमहिषीहरूको योगदान (२०५३), श्री ५ ऐश्वर्य : बहुमुखी व्यक्तित्व (२०५४), राष्ट्रका गौरव तथा नेपालका प्रथम शहीद लखन थापा मगर (२०५४), मगर भाषा र साहित्यको वर्तमान स्थिति (२०५५), बहुमुखी प्रतिभाका धनी मास्टर मित्रसेन थापामगर (२०५५), जडाउरी (कवितासङ्ग्रह, २०५६), श्री ५ महेन्द्र, अन्तरङ्ग र बहुरङ्ग व्यक्तित्व (२०६२), डा.के.आई. सिंह बहुआयामिक व्यक्तित्व (२०६२) । **सम्पादन/अनुवाद** : नवकोपिला (मुखपत्र, पक्लिहवा, हाइस्कुल, २०१८), सिद्धार्थ (मुखपत्र, सिद्धार्थ कलेज, २०२४) । **पुरस्कार/सम्मान** : शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रपति सम्मान पदक (दक्षिण कोरिया, १९७५), महेन्द्र विद्याभूषण 'क' (२०३९), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), कृष्णबहादुर आले मगर स्मृति समाजसेवा पुरस्कार (२०५४), मास्टर मित्रसेन स्मृति पुरस्कार (२०५४), प्रबल गोरखा दक्षिणबाहु (२०५६), इण्डिया इन्डेपेन्डेण्ट मेडल (इ.सं.२००४), जनरल सर्भिव मेडल (जावा) । जनमुक्ति सेना कल्याण सङ्घ (२००७) द्वारा सम्मान (२०५४), सत्य साई केन्द्रीय परिषद् नेपालद्वारा कदरपत्र (२०५५) । **हालको ठेगाना** : बागडोल, ललितपुर । **फोन** : ५५२१४४६ ।

हर्षबहादुर शाक्य

(मूर्तिकलाकार)



जन्म/स्थान : वि.सं. २००४ मङ्सिर २५, न्याखाचोक, ललितपुर । **माता/पिता** : मोतीमाया शाक्य, वज्रराज शाक्य वंश । **शिक्षा** : स्नातकोत्तर (साहित्य) । **सेवा** : अध्यापन, मूर्तिकला, काष्ठकला । **पहिलो रचना** : काष्ठकला (मूर्ति, २०३८) । **कृति/सृजना** : काष्ठकलाको ऐतिहासिक पक्ष (२०५९) । **पुरस्कार/सम्मान** : प्रथम (नेपाल बौद्ध कला समिति, २०२७) । **हालको ठेगाना** : त:द्वा १६/१४१, न्याखाचोक, ललितपुर । **फोन** : ५५४६८११ ।

हरिहर आ.दी. (कान्छा पण्डित)

(माध्यमिकालीन)

जन्म/स्थान : वि.सं. १९२४ । निधन : १९९७) । **शिक्षा** : संस्कृत साहित्य, बनारस । **सेवा** : साहित्य । **कृति/सृजना** : विदुला पुत्र संवाद (१९६५), सङ्क्षिप्त आध्यात्म रामायण (१९६६), प्राचीन र अर्वाचनि भारत (१९७०) । **सम्पादन/अनुवाद** : शकुन्तलोपाख्यान (अनु. १९६५), गोर्खा ग्रन्थप्रचारक मण्डलीको स्थापना (बम्बईमा) ।

हाङ्युग अज्ञात

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३३ पुस १, इलाम न.पा. ९, इलाम । **शिक्षा** : स्नातकोत्तर (सुरक्षा तथा कानुन) । **माता/पिता** : किरातनोमा थाम्सुहाङ, गणेशबहादुर थाम्सुहाङ । **सेवा** : साहित्य, वैदेशिक सेवा । **पहिलो रचना** : म एउटा कैदी भएको छु (कविता, रूपरेखा, २०५२) **कृति/सृजना** : *कवितासङ्ग्रहहरू* : रङ्गीन आविष्कार (२०५६), ढुङ्गामूढाको मन (२०५७), करङको हिरासत (२०६०), ककपिक (२०६४) ।

सम्पादन : साहित्य समन्वय (द्वैमासिक, २०५७)। **पुरस्कार/सम्मान :** हङकङ नेपाली साहित्य पुरस्कार)। **हालको ठेगाना :** हङकङ / इलाम । **फोन :** ०२७-५२०५३७ ।

हितकरवीरसिंह कंसाकार

(लेखक/सम्पादक, नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९९ कात्तिक १३, केलटोल, काठमाडौं। **माता/पिता :** चन्द्रलक्ष्मी कंसाकार, दयावीरसिंह कंसाकार । **शिक्षा :** स्नातकोत्तर (अङ्ग्रेजी) । **सेवा :** शिक्षा, राजपरिषद् (सदस्य), सामाजिक सेवा । **पहिलो रचना :** तुंता (सम्पादन, ने.सं. १०८३) । **कृति/सृजना :** अगिँमथ: (कथासङ्ग्रह, २०२१), पौभा (व्याकरण, २०२५), मिजला (कथासङ्ग्रह, २०२७) । **सम्पादन/अनुवाद :** ख्यँसगं (सम्पादन, २०२९), ज: (प्रधानसम्पादक, नेपालभाषाको साहित्यिक पत्रिका), तुतां (आलोचना, ने.सं. १०८३), लुँहिती (पाठ्यपुस्तक, ने.सं. ११२०), नेपालभाषा (कक्षा ९, ने.सं. ११२०), सर्गः सिबय् नं धरती नमिंग्वा: (जनकवि दुर्गालाल श्रेष्ठको कविताको सम्पादन) । **पुरस्कार/सम्मान :** श्रेष्ठ सिरपा (२०२१), शुभराज्याभिषेक पदक (२०३१), राष्ट्रिय शिक्षा पदक (२०५२), अन्य विभिन्न पुरस्कारहरू । सांस्कृतिक क्षेत्रमा उत्कृष्ट सेवा गरेबापत कदरपत्र (शिक्षा, संस्कृति र समाज कल्याण मन्त्रालय, २०५०), नेपाल शिक्षक सङ्घद्वारा सम्मान (२०५२), कसा: त:धं गुथिबाट सम्मानपत्र (ने.सं. १११३), कसा: सेवा गुथिबाट सम्मानपत्र (ने.सं. ११२३), परोपकार पूर्व विद्यार्थी सङ्घबाट सम्मानपत्र (२०६०), परोपकार आदर्श उच्च मा.वि. बाट सम्मानपत्र (२०६१), बालबालिका निमित्त गैरसरकारी संस्थाहरूको महासङ्घ, नेपालबाट सम्मान (२०६२) । **हालको ठेगाना :** केलटोल, काठमाडौं । **फोन :** ४२२४०४३ ।

हितकाजी गुरुङ

(कवि, नेपाली/गुरुङ भाषा)

जन्म/स्थान : वि.सं. २०१७ फागुन १८, फेदीखोला -८, रामकोट, स्याङ्जा । **माता/पिता :** गणेशकुमारी गुरुङ, रामबहादुर गुरुङ । **शिक्षा :** स्नातक । **सेवा :** सामाजिक सेवा । **पहिलो रचना :** उपहार (कविता तथा मुक्तकसङ्ग्रह, २०४६) । **कृति/सृजना :** हृदयका सुस्केराहरू (कवितासङ्ग्रह, २०४७), हाम्रा स्वरहरू, हाम्रा गीतहरू (गीतसङ्ग्रह, २०४७), नास धिंर्बे कूइ झोगो (गाउँघरका गीतहरू, गुरुङ भाषा, २०४७), रोंमे (कोशेली) (मुक्तक तथा कवितासङ्ग्रह, गुरुङ भाषा, २०४९) । **हालको ठेगाना :** पोखरा-१७, हिमाली टोल, कास्की । **फोन :** ०६१-५२६६७८, ९८४६०२७६६८ ।

हितप्रसाद उपाध्याय सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८०, मान्थली, रामेछाप । निधन : २०३९ चैत्र २५ । **माता/पिता :** पदमकुमारी सुवेदी, अर्धचन्द्रलाल सुवेदी । **शिक्षा :** स्वाध्ययन (संस्कृत, नेपाली) । **सेवा :** रक्षा दलमा क्रियाशील । **कृति/सृजना :** चन्द्रवदन (शोककाव्य, २००२), सती सुलोचना (काव्य, २००८), अङ्गद-रावण संवाद (काव्य, २०१६), शान्तभाव (काव्य, २०२२), सुवेदीका पुख्यौंली (काव्य, २०२८) । **हालको ठेगाना :** कपन, फैका, काठमाडौं । **पुरस्कार/सम्मान :** ४४७६९५५ ।

हिरण्यकुमारी पाठक (पद्मा)

(कथाकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००२ साउन ७, प्युखा टोल, काठमाडौं । **माता/पिता :** प्रेमकुमारी पाण्डे, तोत्रराज पाण्डे । **शिक्षा :** एम.ए. (नेपाली, त्रि.वि.) । **सेवा :** बैङ्किङ (नेपालमा पहिलो महिला बैङ्क मेनेजर), सामाजिक सेवा । **पहिलो रचना :** प्रेम (कथा, पद्मकन्या कलेजको कस्तूरी पत्रिका, २०१६) । **कृति/सृजना :** श्री ५ बडामहारानी सरकार तथा समाज सेवा (२०४६), मोहचक्र (कथासङ्ग्रह, २०५२), श्री कृष्ण लीला (बालसाहित्य, २०५४), शून्यवत (कथासङ्ग्रह, २०५७), अव्यक्त (कविता, गीतसङ्ग्रह, २०६०), गोमा : सङ्घर्षशील जीवनका पाटाहरू (२०६०) । **सम्पादन/अनुवाद :** नारी (पत्रिका, २०४५), महिला चेतना (पत्रिका, २०५७) । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०३७), त्रिशक्ति पट्ट चौथा (२०४२), ऐश्वर्य स्वर्ण पदक प्रथम (२०३९), तेस्रो सार्क स्मृति पदक (२०४३), भूकम्प उद्दार दैवी प्रकोप पदक (२०४५), गद्दी आरोहण पदक

(२०३१), वीरेन्द्र-ऐश्वर्य पदक (२०५८)। **हालको ठेगाना :** बत्तीसपुतली, काठमाडौं। **फोन :** ४४७११६०।

हिरण्य ज्ञवाली

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१६ माघ १०, थानपति, थोर्गा, गुल्मी। **माता/पिता :** दमयन्ता ज्ञवाली, दधिराम ज्ञवाली। **शिक्षा :** एम.ए.(नेपाली), विद्यावारिधि। **सेवा :** अध्यापन, प्राध्यापन। **पहिलो रचना :** यसो गरौं (कविता, नयाँ पुकार, उत्तराञ्चल, भारत, २०३१)। **कृति/सृजना :** बिसौनी (कवितासङ्ग्रह, २०५४), लेखन तथा अभिव्यक्ति कला (२०६६), शैक्षिक तथा व्यवहारिक लेखन (२०६६)। **सम्पादन/अनुवाद :** हाम्रो नेपाली व्याकरण रचना र अभिव्यक्ति (२०६२)। **पुरस्कार/सम्मान :** राष्ट्रव्यापी कविता प्रतियोगितामा तृतीय (काठमाडौं, २०४०, राष्ट्रव्यापी कविता प्रतियोगितामा द्वितीय (राष्ट्रिय युवा महोत्सव, २०४५, जनसङ्ख्या आयोग, २०४६)। **हालको ठेगाना :** बुटवल न.पा.-५, रूपन्देही। **फोन :** ०७१-५४५१७२।

हिरण्यध्वज जोशी

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९८५ चैत्र १०, मरु टोल, काठमाडौं। निधन : २०२७ पुस २८। **माता/पिता :** गोरीमैया जोशी, विष्णुध्वज जोशी। **शिक्षा :** म्याट्रिक पास, चित्रकलामा डिप्लोमा। **सेवा :** सूचना विभाग (डेपुटी डाइरेक्टर), गोरखापत्र संस्थान। **कृति/सृजना :** सामूहिक कलाप्रदर्शनीहरूमा पटक-पटक भाग लिएको। (नेपालको पहिलो ब्लक मेकर)। **सम्पर्क ठेगाना :** काठमाडौं। **फोन :** ४२४९०५२

हिरण्य भोजपुरे (हिरण्यप्रसाद श्रेष्ठ)

(गायक/साहित्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ मङ्सिर १२, देउराली, भोजपुर। **माता/पिता :** लक्ष्मीदेवी श्रेष्ठ, चण्डिप्रसाद श्रेष्ठ। **शिक्षा :** एम.ए. (नेपाली, राजनीतिशास्त्र)। **सेवा :** सरकारी सेवा (उपसचिव), सङ्गीत, गायन। **पहिलो रचना :** चित्र-चरित्र (कथा, आरती पत्रिका, २०२२)। **कृति/सृजना :** छिटेन - गोरी (लघु उपन्यास, २०५४), म गीतभित्र (गीतसङ्ग्रह, २०५४), चौबाटोको चारैतिर (कथासङ्ग्रह, २०५९), मेरो मन मेरो माटो (बालकवितासङ्ग्रह, २०५९), नेपाली गीत-सङ्गीतका केही रङ्ग केही तरङ्ग (निबन्धसङ्ग्रह, २०६०), जँघारहरू (लघुकथासङ्ग्रह, २०६०), रङ्गहरू (कथासङ्ग्रह, २०६१), सगरमाथाभन्दा माथि (२०६२), मेरी आमै (बाल उपन्यास), मेरी आमा ओ मामा (अङ्ग्रेजी भाषामा बाल उपन्यास), अमेरिका ओ अमेरिका (संस्मरण)। एक सयभन्दा बढी गीतलेखन। एक अँजुली घाम (एकल लेखन, सङ्गीत तथा गायन, गीतिएल्बम/सिडी, २०६२), सितुका स्वरहरू (एकल रचना/सङ्गीत, गायिका : सितु भोजपुरे, गीतिएल्बम)। एक सयभन्दा बढी गीत गाएको। करिब ७५ गीतमा भाका भरेको। धेरैजसो गीतहरू युगल र समूहमा गाएको। देश-विदेशमा पटक-पटक सांस्कृतिक कार्यक्रम प्रस्तुत। **सम्पादन/अनुवाद :** उपत्यका (साहित्यिक पत्रिका, २०२७), लेकालीको सङ्गीत-यात्रा (लेकालीसम्बन्धी ५ सय पेजको ग्रन्थ)। **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा प्रथम (हेटौंडा, २०१९), कथा प्रतियोगितामा प्रथम (नेसनल कलेज, २०२२), सङ्गीत प्रतियोगितामा प्रथम (त्रि.वि., २०२५), राष्ट्रिय आधुनिक गीत प्रतियोगिता रचनातर्फ सर्वोत्कृष्ट (रेडियो नेपाल, २०२५, २०२६), ने.रा.प्र.प्र. कविता महोत्सवमा तृतीय (२०२७), शुभराज्याभिषेक पदक (२०३१), गोरखा दक्षिणबाहु चौथो (२०३४)। एकीकृत विकास सम्मान (२०५९), भोजपुर साहित्य, कला र सङ्गीत महोत्सव सम्मान (२०५८), कलानिधि लोक-सङ्गीत सम्मान आदि। **हालको ठेगाना :** सिभिल होम्स, ठेँचु, ललितपुर। **फोन :** ०१-५५७४०१३, ९८४१६६६९५८।

हिरण्यलाल श्रेष्ठ (हिलाश्रे)

(लेखक, नेपाली/नेपाल भाषा)

जन्म/स्थान : वि.सं. १९९८ भदौ २७, भीमफेदी बजार, मकवानपुर। **माता/पिता :** रामभक्ति श्रेष्ठ, कुशवलाल श्रेष्ठ। **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र)। **सेवा :** प्राध्यापन, पत्रकारिता, राजनीति। **पहिलो रचना :** नेपाल-भारत

व्यापार तथा पारवहन समस्या (२०२६, काठमाडौँ) । **कृति/सृजना :** नेपाल-भारत सम्बन्ध (२०२८), नेपाल परिचय (२०२९), नेपाल एण्ड हर नाइबोर्स (अङ्ग्रेजी भाषा, इ.सं. १९७४), श्री ५ वीरेन्द्र र शान्ति क्षेत्र (२०३२), अन्तर्राष्ट्रिय राजनीति (२०३३), अन्तर्राष्ट्रिय कानुन (२०३३), केही असमान सन्धिहरू (२०३८), राजनीति शास्त्र (२०४२), नेपालको विदेश मामला (२०४३), नेपाल सोभियत सङ्घ दस्तावेजहरू (२०४३), अन्तर्राष्ट्रिय राजनीतिको परिचय (२०४६), कालापानी र कालीको मुहान (२०५६), मकवानपुरय् नेवात व मेमेगु जनजाति (नेपालभाषा, ने.सं. ११२०), नेपालमा साना हतियार र हल्का अस्त्रको प्रसार र यसबाट सिर्जित समस्या (२०६१) । **सम्पादन/अनुवाद :** सगरमाथा (दैनिक), युगधारा, जनजागृति, डेली डायरी**पुरस्कार/सम्मान :** स्काउट निबन्ध प्रतियोगिता (प्रथम-स्वर्णपदक, २०१४), गोरखा दक्षिणबाहु चौथो (२०४७) । **हालको ठेगाना :** का.म.न.पा.-१७, पो.ब.नं. ५८१६, काठमाडौँ (hlshrestha@hotmail.com) । **फोन :** ४३७०३५२, ९८५१०२९८८० ।

हीराबहादुर खड्का 'भोला'

(लेखक/सङ्कलक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९७ कात्तिक ९, पेटकु- ६, सिन्धुपाल्चोक । **माता/पिता :** पदमकुमारी खड्का, अम्वरबहादुर खड्का । **शिक्षा :** आई.ए. । **सेवा :** निजामती सेवा, सैनिक सेवा, पत्रकारिता । **पहिलो रचना :** नेपाली उखान खोजखाज (२०४०) । **कृति/सृजना :** नेपाली उखान र चुड्किला (२०४२), शान्तिक्षेत्र नेपाल र सामान्य ज्ञान (२०४३), बूढो मऱ्यो कुरा सऱ्यो (२०५९), नेपाली उखान टुक्का (२०६१) । **सम्पादन/अनुवाद :** अण्डरलाइन (पाक्षिक, अतिथि सम्पादक) । **पुरस्कार/सम्मान :** कविता प्रतियोगितामा दोस्रो (राजा महेन्द्रको शुभजन्मोत्सव, २०२२), राष्ट्रव्यापी कविता प्रतियोगितामा पुरस्कार (२०२१), प्रवचन कार्यक्रममा प्रथम (२०३१), लोकगीत प्रतियोगितामा प्रथम (२०३१), हास्यव्यङ्ग्य प्रतियोगितामा प्रथम (२०३१), आदि थुप्रै साहित्यिक पुरस्कारहरू प्राप्त । लिट्टिलबुद्ध बोर्डिङ स्कुलबाट सम्मान (२०५७), वैदेशिक रोजगार मन्चद्वारा नेपाली उखान टुक्का शिरोमणि उपाधिद्वारा सम्मान (२०५७), उत्कृष्ट लेखन सम्मान (ग्रुप अफ हेल्पर्स, २०५९), नव सहारा राष्ट्रिय सम्मान (२०६१) आदि । **हालको ठेगाना :** जागृतिनगर, पुरानो वानेश्वर, काठमाडौँ । **फोन :** ४१०८५१३, ९८४१२८९५८२ ।

हीरामणि शर्मा पौड्याल

(समालोचक)

जन्म/स्थान : वि.सं. १९९९ फागुन ६, चितीपानी, फलेवास, पर्वत । निधन : २०४७ कात्तिक ३०, काठमाडौँ । **माता/पिता :** सोमावती शर्मा, झमप्रसाद शर्मा । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** उद्घोष (कविता, सगरमाथा, २०२१) । **कृति/सृजना :** समालोचनाको बाटोमा (२०४१), बोटे भाषाको अध्ययन (२०४२), कुमाल भाषाको अध्ययन (२०४३), केही अनुकरणात्मक तथा पारिभाषिक शब्दको परिचय (२०४३), पर्वती भाषाको स्वरूप र संरचना (२०४४), परिक्रमा (समालोचनासङ्ग्रह, २०४४), रचना : विवेचना (समालोचनासङ्ग्रह, २०४६), साहित्यिक विवेचना (सहलेखन, २०४६) । **सम्पादन/अनुवाद :** सगरमाथा (मुखपत्र, २०२१), प्रतिभा (मुखपत्र, २०२७), आलोक (मुखपत्र, २०३९), रश्मि, नेपाली हास्यव्यङ्ग्य (निबन्ध-सङ्ग्रह, सहसम्पादन, २०४६) । **पुरस्कार/सम्मान :** रत्न श्रेष्ठ पुरस्कार (२०४१), राष्ट्रिय शिक्षा पुरस्कार (२०४४), साहित्य सन्ध्या पुरस्कार (मरणोपरान्त, २०४८) । ध्रुव नमुना प्रा.वि. द्वारा सम्मान (२०२४) **सम्पर्क फोन :** ४३३१६८१ ।

हीरालाल डङ्गोल (हिरा)

(चित्रकलाकार)



जन्म/स्थान : वि.सं. १९९६ कात्तिक १२, सुम्लाकोट, कलङ्की, काठमाडौँ । **माता/पिता :** चतुरमाया डङ्गोल, रत्नलाल डङ्गोल । **शिक्षा :** एस.एल.सी. । **सेवा :** कलाकारिता । **पहिलो रचना :** मेघसम्बर पौभा चित्र (इ.सं. १९६५) । **कृति/सृजना :** 'वर्ड्स् अफ नेपाल' पुस्तकको चित्रण (इ.सं. १९७६), नेपाल मन्डला (नेपाल ट्राभल्स गाइडको चित्रण), बालविकास आध्यात्मिक पुस्तकको चित्रण । **पुरस्कार/सम्मान :** कलाप्रदर्शनी तथा प्रतियोगिताहरूमा पुरस्कृत (६ पटक) । **हालको ठेगाना :** पो.ब.नं. २३६३, सुनारगाउँ, काठमाडौँ -१४ (dangolart@yahoo.com) । **फोन :** ४२७८३४५/४२७१८६८ ।

हीरालाल लामा

(चित्रकलाकार, थाङ्का)

जन्म/स्थान : वि.सं. २०२७ असार १०, लिसङ्खु -४, सिन्धुपाल्चोक । **माता/पिता** : ताञ्जिङ डोल्मो लामा, नोर्बु लामा । **शिक्षा** : एस.एल.सी., लामा । **सेवा** : कलाकारिता । **कृति/सृजना** : अष्ट मेडिसिन बुद्ध (इ.सं. १९९७), बुद्ध मण्डला (इ.सं. १९८९), काल्पनिक तारा बुद्ध (ई २००२), वज्रयोगिनी (इ.सं. २००३), करुणादेवी (ग्रीनतारा), ग्रीन तारा (इ.सं. २००४) द्वन्द्वले उजाडिएको गाउँ (इ.सं. २००५), इमेज अफ लर्ड बुद्ध (इ.सं. २००५) । **हालको ठेगाना** : पो.ब.नं. १९५६४, काठमाडौं /लिसङ्खु -४, सिन्धुपाल्चोक । **फोन** : ६६१२०११, ६६१२६०५ ।

हुमा पाण्डेय

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : २०२२ जेठ २१, मदनपोखरा-६, पाल्पा । **माता/पिता** : सुशीला पाण्डे, लालधर पाण्डेय । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : निजामती सेवा । **पहिलो रचना** : विधवा (कविता, एक्सरे साप्ताहिक, २०४२) । **कृति/सृजना** : गोविन्द भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन (२०६३) । **हालको ठेगाना** : कुसुन्ती, ललितपुर । **फोन** : ९८४१४१७३४६ ।

हृदयचन्द्रसिंह प्रधान (चन्द्रप्रसाद)

(साहित्यकार)

जन्म/स्थान : वि.सं. १९७२ फागुन ४, मरुहिटी, काठमाडौँ । निधन : २०१६ माघ १०, काठमाडौँ । **माता/पिता** : सूर्यमाया प्रधान, सूर्जप्रसादसिंह प्रधान । **शिक्षा** : नेपाली स्रेस्ता शिक्षा उत्तीर्ण, स्वाध्याय । **सेवा** : भाषा साहित्य, सरकारी जागिर । **पहिलो रचना** : मातृस्नेह (निबन्ध, शारदा, १९९२) । **कृति/सृजना** : *निबन्धसङ्ग्रहहरू* : भू-स्वर्ग (२००३), तीस रूपैयाँको नोट (२००४), जुँगा (२००९), कुरा साँचो हो (२०११), अफसोस (निबन्ध, २०२१) । *उपन्यासहरू* :स्वास्नीमान्छे (२०११), एक चिहान (२०१७) । *एकाङ्कीहरू* : छेउ लागेर (२००१), गङ्गालालको चिता (२०११), उनी देवता हुन् (२०१५), कीर्तिपुरको युद्धमा (२०१६) । *समालोचनाहरू* : केही नेपाली नाटक (२००२), साहित्य : एक दृष्टिकोण (२००४), भानुभक्त एक समीक्षा (२०१३), नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१) । *कथासङ्ग्रहहरू* : उसको आँसु (२०१२), हृदयचन्द्रका कथाहरू (२०२५) । शिशु शिक्षण कला, चिह्न परिचय (व्याकरण, २०००), साहित्य र दृष्टिकोण (२००४), शब्द शुद्धि विज्ञान (व्याकरण, २००४), शब्द शुद्धिया ताचा (व्याकरण, नेवारीमा), ऐसा मैं सोंचता हुँ (चिन्तनप्रधान लेखसङ्ग्रह, २०१७) । **सम्पादन/अनुवाद** : साहित्यश्रोत (साहित्यिक पत्रिका, २००४), जागरण (साप्ताहिक, २००७), जनचेतना (पाक्षिक पत्रिका, २०१३), नेपाल (नेवारी द्वैमासिक साहित्यिक) । **पुरस्कार/सम्मान** : नेपाल साहित्य परिषद्द्वारा साहित्य सम्मेलनमा पुरस्कृत (२००५) । **हालको ठेगाना** : हृदयचन्द्र स्मृति प्रतिष्ठान, काठमाडौँ । **फोन** : ४४९२५०४ ।

हृदयप्रसाद मिश्र (हर्ट गीफ्ट इजिप्ट)

(हास्यव्यङ्ग्यकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१९ साउन २०, ढोकाटोल, काठमाडौँ । **माता/पिता** : जानकी मिश्र, श्यामप्रसाद मिश्र । **शिक्षा** : आई.कम. । **सेवा** : नोकरी । **पहिलो रचना** : आत्मचिन्तन (गोरखापत्र, २०३८) / द्यःपूजा लाकि मनू पूजा (निबन्ध, सितु पत्रिका, २०३७) । **कृति/सृजना** : पपू मदुम्ह झंगः (नेपालभाषा, हास्यव्यङ्ग्य, २०४६), उद्घाटन (हास्यव्यङ्ग्य, २०४७), च्वाँक (हास्यव्यङ्ग्य, २०५१), क्वायेभु (नेपालभाषा, हास्यव्यङ्ग्य, २०५३), आज्जु (नेपालभाषा, २०५६), बाकूचा (नेवारी, हास्यव्यङ्ग्य, २०५९) । *हास्यव्यङ्ग्य सी.डी.* : म्ये हिसि ख्यालः किसि (२०५९), घाराघुरू घासा (गाइजात्रे, २०६०), बुँखयाचा (गाइजात्रा, २०६२) । **सम्पादन/अनुवाद** : खित्कैखित्का (इतिइति अङ्क) । **पुरस्कार/सम्मान** : ठाकुरलाल पुरस्कार (२०५३), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), कुमारी स्वर्ण पदक (२०५९) । एभरेष्ट युवा क्लब (२०५६), गथु पुचः (२०५३), मध्यपुर कला परिषद् (२०५९), वीरेन्द्र स्मृति चिह्न (२०६०) आदि सङ्घ-संस्थाहरूबाट सम्मान तथा अभिनन्दन । **हालको ठेगाना** : यटखा, दमाईटोल, काठमाडौँ । **फोन** : ४२६६०६७ ।

हृदयवल्लभ पाण्डे

(मूर्तिकलाकार)

जन्म/स्थान : वि.सं. २०१४ मङ्सिर ११, मोरङ । **माता/पिता** : सरस्वती पाण्डेय, गोकुलानन्द पाण्डेय । **शिक्षा** : एम.एफ.ए. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : आर्गेनिक फाम वन (दिल्ली, १९८५) । **कृति/सृजना** : बी.पी. शालीक पूर्णकद, पोखरा, २०४९), शहीद हरिप्रसाद गुरुङ सालिक (पोखरा टुँडिखेल), मीनबहादुर गुरुङ सालिक (पोखरा), गणेश (पोखरा), बुद्ध (पोखरा), संयोजनहरू । **पुरस्कार/सम्मान** : भारतको राष्ट्रपति पुरस्कार (इ.सं. (१९८७), साथै अन्य केही पुरस्कार । **हालको ठेगाना** : मोरङ -१८ । **फोन** : २०२३२३९ ।

हृदयराज शर्मा

(नाटककार)



जन्म/स्थान : वि.सं. १९८० जेठ, मन्थली, रामेछाप । निधन : २०५९ । **माता/पिता** : चन्द्रप्रभा घिमिरे, विष्णुप्रसाद उपाध्याय घिमिरे । **शिक्षा** : बी.ए., काव्यतीर्थ । **सेवा** : अध्यापन, कृषि, राजनीति, साहित्य । **पहिलो रचना** : मिल्किएको जुत्तो (कविता, युगवाणी, २००८) । **कृति/सृजना** : निषिद्धा (नाटक, २०१३), सहन (नाटक, २०२२), इन्डिपेन्डेण्ट फ्रन्ट (राजनीतिक लेखसङ्ग्रह, इ.सं. १९६०), भिलेज प्लान अफ इन्डिपेन्डेण्ट फ्रन्ट (राजनीतिक लेखसङ्ग्रह, इ.सं. १९६०), अभिनेताहरू मानिसका अभिनयमा (नाटक, २०२४) । **हालको ठेगाना** : मण्डिखाटार / मैतिदेवी, काठमाडौँ । **फोन** : ४२२२१८२, २०५४०००

हृषीकेश उपाध्याय

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८८ कात्तिक १०, तानसेन, पाल्पा । निधन : २०६७ फागुन १५ । **शिक्षा** : ए.बी., एम.एस. । **सेवा** : स्वास्थ्य (चिकित्सक), साहित्य । **पहिलो रचना** : २०१२ सालदेखि साहित्य यात्रा (छात्रदूत, बनारस) । **कृति/सृजना** : बगैंचा (कवितासङ्ग्रह, २०२०), धरतीको वारेस भएर (कवितासङ्ग्रह, २०३५), केही स्रष्टा द्रष्टाको दृष्टिमा (२०६३), कृतिकारका अनुहारलाई कृतिमा पर्गेल्दा (२०६४), अधुरो यात्रा (कथासङ्ग्रह, २०६५), सरला (काव्य), प्रस्थान विन्दु (आख्यान) । **सम्पादन/अनुवाद** : कस्तूरी (त्रैमासिक), सहयोग (सामयिक सङ्कलन), पञ्चायत (मासिक), नगर पञ्चायत बुलेटिन । **पुरस्कार/ सम्मान** : आदर पत्र (२०२६), सेवापदक (२०३४), महेन्द्र रत्नभूषण (२०३९) । **हालको ठेगाना** : भानुसदन, भद्रपुर-७, झापा । **फोन** : ०२३-५२०१२७ ।



हृषीकेश शाह

(इतिहासकार/अनुवादक,
नेपाली/अङ्ग्रेजी भाषा)

जन्म/स्थान : इ.सं. १९२५ मई १६, भीरकोट, स्याङ्जा । निधन : २०५९ । **माता/पिता** : मदनदिव्येश्वरी शाह, तारकबहादुर शाह । **शिक्षा** : स्नातकोत्तर (अङ्ग्रेजी साहित्य) । **सेवा** : राजनीति, मानवाधिकार, कानुनी सेवा, कूटनीति (राजदूत), संविधान (पञ्चायत) निर्माता, राष्ट्र सङ्घमा स्थायी प्रतिनिधि आदि विशिष्ट पदमा रहेको (पूर्व परराष्ट्रमन्त्री) । **कृति/सृजना** : सार्वजनिक सुरक्षा कानुन र बन्दी प्रत्यक्षीकरण, नेपालमा प्रजातन्त्र र मानवाधिकार, नेपालको परराष्ट्र व्यवस्था एवं परराष्ट्र नीति, नेपाल एण्ड वर्ल्ड (अङ्ग्रेजी भाषामा), हिरोज एण्ड विल्डर्स अफ नेपाल, नेपाली पोलिटिक्स : रेट्रोस्पेक्ट एण्ड प्रोस्पेक्ट, एन इन्ट्रोडक्सन टु नेपाल, फ्यूचर अफ साउथ एशिया, मोडर्न नेपाल : अ पोलिटिकल हिस्ट्री, थ्रि डिकेड्स एण्ड टु किङ्स, इक्लिप्स अफ नेपालस् पार्टीलेस मोनार्किक रूल, एन्सिन्ट एण्ड मेडिएभल नेपाल । **सम्पादन/अनुवाद** : पद्य पुष्पाञ्जली (अनु.) ।

हेमचन्द्र नेपाल

(कवि, समालोचक)

जन्म/स्थान : वि.सं. २०११ माघ ११, धुपु, सङ्खुवासभा । **माता/पिता** : जानुकादेवी नेपाल, हेमराज नेपाल । **शिक्षा** : स्नातकोत्तर (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : स्वदेशप्रति (कविता, मधुपर्क, २०३३) । **कृति/सृजना** : सृजनाको चस्को (कवितासङ्ग्रह, २०४८), केही कृतिमा समीक्षात्मक दृष्टि (समालोचनासङ्ग्रह, २०५८) । **सम्पादन/**

अनुवाद : चिन्तनधारा, निर्माण (साहित्यिक वार्षिक पत्रिका, धनकुटा) । **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सव (२०३७, २०४८ र २०५२ मा तृतीय पुरस्कार, रत्नश्री पदक (२०४८) । **हालको ठेगाना** : धापासीमार्ग, वसुन्धरा, काठमाडौँ । **फोन** : ४३७५५८१ ।

हेमचन्द्र पोखरेल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८७ चैत्र २७, धनकुटा । निधन : २०५५ । **माता/पिता** : लोकमायादेवी, लीलाराम पोखरेल । **शिक्षा** : नव्य व्याकरण मध्यमा, साहित्याचार्य । **सेवा** : प्राध्यापन । त्रि.वि. प्राध्यापक सङ्घ धनकुटाबाट अभिनन्दन (२०४३) । **कृति/सृजना** : गङ्गातरङ्ग (आध्यात्मिक खण्डकाव्य, २०३७), कविता कुसुमाञ्जलि (कवितासङ्ग्रह, २०२४), गुणराज स्मारक व्याख्यान (२०४२), हेमचन्द्र पोखरेलका केही कविताहरू (कवितासङ्ग्रह, २०४४), शाकुन्तल शब्दार्थ सञ्चय (२०४५) । **सम्पादन/अनुवाद** : सूक्तिसञ्चय । **पुरस्कार/सम्मान** : त्रि.वि. रजत जयन्ती पुरस्कार (२०४२), गुणराज व्याख्यान पुरस्कार (२०४२) । **हालको ठेगाना** : धनकुटा / बागबजार, काठमाडौँ । **फोन** : ४२४४७०८ ।

हेमनाथ अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१२ पुस १६, आमचोक, इलाम । **माता/पिता** : सावित्रादेवी अधिकारी, पुण्यप्रसाद अधिकारी । **शिक्षा** : एम.ए. । **सेवा** : अध्यापन, प्राध्यापन । शिक्षा कदरपत्र (२०५९) । **पहिलो रचना** : शुभकामना (२०५२) । **कृति/सृजना** : वर्तमान र मान्छेहरू (कवितासङ्ग्रह, २०६०) । **पुरस्कार/सम्मान** : शिक्षा, पुरस्कार (२०५८, झापा) । **हालको ठेगाना** : दमक-१०, झापा । **फोन** : ०२३-५८१३८९ ।

हेमनाथ पौडेल

(निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१८ साउन २, हुवाकु -५, तेह्रथुम । **माता/पिता** : कृष्णमाया पौडेल, पशुपति पौडेल । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : सरस्वती वन्दना (कविता, हिमज्योति पत्रिका, २०३४) । **कृति/सृजना** : कृष्णमणि साहित्य पुरस्कारद्वारा सम्मानित स्रष्टाहरू (समालोचना, २०६४), भाषा साहित्यका दुई हस्ती (समालोचना, २०६४), प्रगतिवादी दृष्टिमा कवि र कविता (समालोचना, २०६५), अनिवार्य नेपाली व्याकरण, बोध र अभिव्यक्ति, नेपाली बोध, अभिव्यक्ति र समीक्षा, नेपाली कविता र काव्य, सबैको नेपाली (प्लस टु) नेपाली व्याकरण बोध र अभिव्यक्ति, अनिवार्य नेपाली व्याकरण र समीक्षा, साधारण नेपाली व्याकरण र समीक्षा । **सम्पादन/अनुवाद** : उन्मेष, ह्युमानिटिज एण्ड सोसल साइन्सेस जर्नल (आर.आर. क्याम्पस), युगधारा (साप्ताहिक, २०४०), प्रकाश (साप्ताहिक) उत्साह (मासिक, २०४३), स्मारिका (नेबुप केन्द्रीय कार्यसमिति, २०४८), आर्थिक संसार (मासिक, २०५०),स्मृतिका पानामा सूर्य कन्दङ्वा (स्मृतिग्रन्थ, २०५८), महिलाका निम्ति डाक्टर नभएमा (स्वास्थ्य सम्बन्धी पुस्तक, भाषासम्पादन, २०५९), आजको तिब्वत (त्रैमासिक), कृति र कृतित्वमा डा. वल्लभमणि दाहाल (२०६३), रमेश विकल : विम्ब एक प्रतिबिम्ब अनेक (२०६७), जनकप्रसाद हुमागाई : स्रष्टा एक द्रष्टा अनेक (२०६७) । **पुरस्कार/सम्मान** : भारतस्तरीय राष्ट्रिय श्लोकान्ताक्षरी (संस्कृत) प्रतियोगितामा द्वितीय पुरस्कार (विश्वहिन्दू महासङ्घ, वनारस, इ.सं. १९७८), निबन्ध प्रतियोगितामा प्रथम (पिण्डेश्वर विद्यापीठ, २०३७ र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०४१) । **हालको ठेगाना** : कपन - ३, काठमाडौँ । **फोन** : ४८१०१५९, ९८४१३४५९४५ ।

हेमन्त गौचन (हेमबहादुर गौचन)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ असार १७, टुकुचे -६, मुस्ताङ । **माता/पिता** : पद्मकुमारी, गजेन्द्रबहादुर गौचन । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, समाजसेवा । **पहिलो रचना** :

अझै अँधेरो छ (कविता, पब्लिक साइन्स कलेज (२०१८)। **कृति/सृजना** : थासाङ्का फूलहरू (कवितासङ्ग्रह)। **सम्पादन/अनुवाद** : मुक्तिज्वाला (२०२६), लालुपाते (२०२९)। **पुरस्कार/सम्मान** : कवितामा प्रथम पुरस्कार (अमृत साइन्स कलेज, २०१९)। **हालको ठेगाना** : काठमाडौँ / थासाङ, मुस्ताङ। **फोन** : ४२२३३२३।

हेमन्त श्रेष्ठ

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१४, म्याङलुङ, तेह्रथुम। **माता/पिता** : सुभद्रा श्रेष्ठ, नारायणमान श्रेष्ठ। **शिक्षा** : स्नातक। **सेवा** : ने.रा.प्र.प्र. (प्रशासन)। **कृति/सृजना** : देश भोकाहरूको रोटी होइन (२०५५), गीत म कसरी गाऊँ (२०५५)। **सम्पादन/अनुवाद** : मधुवाङ र सृजना पत्रिकाको सम्पादन। **पुरस्कार/सम्मान** : ने.रा.प्र.प्र. कविता महोत्सवमा तीनपटक पुरस्कृत। **हालको ठेगाना** : सामाखुसी, काठमाडौँ। **फोन** : ४३५२५५३।

हेम पौडेल

(चित्रकलाकार)

जन्म/स्थान : वि.सं. १९९७ चैत्र रामनवमी, बत्तीसपुतली, काठमाडौँ। **माता/पिता** : कृष्णदेवी पौडेल, गोपालकृष्ण पौडेल। **शिक्षा** : आई.ए.। **सेवा** : चरा अनुसन्धान तथा पंक्षी चित्रकला, सामाजिक सेवा। **पहिलो रचना** : २०२६ सालमा तत्कालीन ने.रा.प्र.प्र. का कुलपति लैनसिंह वाङ्देलका मूर्तिहरूको चित्र (पानीरङ्ग)। **कृति/सृजना** : नेपालका चराहरू (२०३९, ने.रा.प्र.प्र.)। चराहरूसम्बन्धी एकल कलाप्रदर्शनी (दार्जीलिङ : २०३१, पोखरा : २०३३, धरान : २०३८, साउदी अरब : २०४१, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष : २०५७), संयुक्त तथा राष्ट्रिय कलाप्रदर्शनी (काठमाडौँ : २०३८, काठमाडौँ : २०५७ र २०५९, धुलिखेल : २०६१, बबरमहल काठमाडौँ, २०६५, बबरमहल, काठमाडौँ २०६७) साथै नेपाल, अमेरिका, बेलायत, जर्मनी, बेल्जियम, जापान, अष्ट्रेलिया, साउदी अरब आदि देशमा चित्रकला सङ्गृहीत। **सम्पादन/अनुवाद** : बर्डस् अफ नेपाल (डा. रोबर्ट फ्लेमिङद्वारा लिखित), नेपाल एण्ड गोस्पेल अफ द गड (जोनाथन लिन्डेलद्वारा लिखित)। **पुरस्कार/सम्मान** : तीन वर्षे चित्रकला तालिममा प्रथम, चित्रकला प्रदर्शनीमा प्रथम पुरस्कार (साउदी अरब), विभिन्न सङ्घसंस्थाबाट कदरपत्र प्राप्त। **हालको ठेगाना** : कपन-३, शिवपुरी चोक, काठमाडौँ। **फोन** : ९८४१६२३४२१, ४३७१९३४।

हेमराज अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२८ चैत्र २२, थुम्बेदिन -१, ताप्लेजुङ। **माता/पिता** : तुलसादेवी अधिकारी, श्रीप्रसाद अधिकारी। **शिक्षा** : एम.ए., बी.एड. (नेपाली)। **सेवा** : प्राध्यापन। **पहिलो रचना** : मातृभूमिको सम्झना (कविता, प्रगति पत्रिका, हरिद्वार, २०४२)। **कृति/सृजना** : महासम्मेलन (खण्डकाव्य, २०५९), ताप्लेजुङको नालीबेली (शोधखोज, २०६२), विचलित वर्तमान (कवितासङ्ग्रह, २०६७), भाषा, व्याकरण र पाठ्यसामग्रीसँग सम्बन्धित केही पुस्तकहरूको सहलेखन। केही नाटकहरूमा नायकको रूपमा अभिनय। **सम्पादन/अनुवाद** : साहित्य सागर (त्रैमासिक), तादी (अर्धवार्षिक), जस्केलो (अर्धवार्षिक), स्मारिकाहरू। **पुरस्कार/सम्मान** : पद्मा-विष्णु पुरस्कार (२०५१), पिण्डेश्वरश्री (२०५२), ने.रा.प्र.प्र. कविता महोत्सवमा द्वितीय (२०५८)। **हालको ठेगाना** : थुम्बेदिन -१, ताप्लेजुङ / काठमाडौँ। **फोन** : ९८४१०४५१५८।

हेमराज अर्याल

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०१७ असोज १, नलाङ-३ काम्दी, धादिङ। **माता/पिता** : नेत्रकुमारी अर्याल, टीकादत्त अर्याल। **शिक्षा** : एस.एल.सी.। **सेवा** : अध्यापन। **पहिलो रचना** : ईश्वरप्रति (कविता, २०३७)। **कृति/सृजना** : अनरसा (कवितासङ्ग्रह, २०५२)। **हालको ठेगाना** : नलाङ-३ काम्दी, धादिङ।

हेमराज पहारी

(कवि, नेपाली भाषा)



जन्म/स्थान : २००२ कात्तिक १९, पोखरा, कास्की । **माता/पिता :** फूलमाया पहारी, गोविन्दप्रसाद पहारी । **शिक्षा :** स्नातक । **सेवा :** अध्यापन । **पहिलो रचना :** भ्रम (कथा, निर्झरिणी पत्रिका, पोखरा, २०२२) । **कृति/सृजना :** देशको अभिभारा (कवितासङ्ग्रह, २०६१), उत्तरी गोलार्द्धको एक फन्को (यात्रासंस्मरण, २०६३) । **सम्पादन/अनुवाद :** माछापुच्छ्रे (पत्रिका, २०२५), स्मारिका (तालबराही मा.वि., पोखरा, २०६१) । **पुरस्कार/सम्मान :** अर्जुन स्वर्णपदक (२०२७), दर्जनौं कदरपत्र र सम्मानपत्र । **हालको ठेगाना :** पोखरा उ.म.न.पा. -६, कास्की (hemrajpahari@hotmail.com) । **फोन :** ९८४६०२६३०८, ४६३०३० ।

हेमराज पाण्डे 'अभागी'

(कवि, नेपाली भाषा)



जन्म/स्थान : वि.सं. २०१८ मङ्सिर १५, ठूलापोखरा -६, अर्घाखाँची । **माता/पिता :** ढुनकला पाण्डे, देवराज पाण्डे । **शिक्षा :** एम.ए. (राजनीतिशास्त्र) । **सेवा :** निजामती सेवा । **पहिलो रचना :** कति राम्रो नरपानी डाँडो हिमालको काखैमा बसेको (गीत, २०३२) । **कृति/सृजना :** अस्तित्वबोध (कवितासङ्ग्रह, २०५२) । **सम्पादन/अनुवाद :** सञ्चयकोष पत्रिका । **पुरस्कार/सम्मान :** गोरखा दक्षिणबाहु चौथा (२०५६), विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पुरस्कृत । **हालको ठेगाना :** थिमी न.पा. -१५, भक्तपुर /ठूलापोखरा -६, अर्घाखाँची । **फोन :** ६६३०७५१

हेमराज शर्मा (पाण्डे)

(व्याकरणकार, नेपाली/संस्कृतभाषा)

जन्म/स्थान : वि.सं. १९३५ असार शुक्ल द्वितीया, पाको, काठमाडौं । निधन : २०१० पुस कृष्ण षष्ठी) । **माता/पिता :** शिवकुमारी लोहनी, पण्डित लोकराज पाण्डे । **शिक्षा :** गङ्गाधर शास्त्री (काशी) सँग संस्कृत साहित्य पढेको । **सेवा :** साहित्य सेवा, पुस्तक संरक्षण, राहुल सांकृत्यायनद्वारा "नेपालको विश्वकोष" भनी सम्मान व्यक्त, व्यक्तित्व टिकटमाला प्रकाशित । **कृति/सृजना :** चन्द्रिका व्याकरण (१९७०), काश्यप संहिताको उपोद्घात (संस्कृतभाषा), महाभारत मीमांसा, दैनिकी (इ.सं. १९०६-१९५३) आदि । **पुरस्कार/सम्मान :** विद्वच्छिरोमणि (१९९२) । **हालको ठेगाना :** विद्वच्छिरोमणि हेमराज पुरस्कार गुठीसम्पर्क । **फोन :** ४४७४४४९, ५५३०८०७ ।

हेमराज शाक्य

(संस्कृतिविद्, नेपाल भाषा)

जन्म/स्थान : ने.सं. १०४६ जेष्ठ शुक्ल ४, महाबौद्ध, पाटन । **माता/पिता :** अष्टमाया, पुण्यराज शाक्य । **शिक्षा :** संस्कृत, इतिहास । **सेवा :** बौद्ध साहित्य, नेपालभाषा एकेडेमी (सदस्य), लिपिविशेषज्ञ । **कृति/सृजना :** नेपालका बौद्ध विहारहरू (ग्रन्थसूची, ने.सं. १०७६), बौद्ध शिक्षा (प्रथम भाग, ने.सं. १०७८), त्रिरत्न गुणगान (कविता, ने.सं. १०८७), नेपाल संस्कृतिया मुलुखा (ने.सं. १०८८), नेपाल लिपि विकास (ने.सं.१०९३), बुद्धया मूर्ति छगू अध्ययन (ने.सं. १०९७), श्री स्वयम्भू महाचैत्य (अनुसन्धानग्रन्थ, ने.सं. १०९८), महायानी बौद्ध देवता नामसूची (ने.सं. १११२), चैत्या थःगु आत्मकथा सङ्क्षिप्त परिचय (ने.सं. १११३), नेपालको बौद्ध सांस्कृतिक सम्पदा (ने.सं.१११५), प्रस्तर मूर्तिकला (ने.सं. १११६) आदि । **सम्पादन/अनुवाद :** विक्रम चरित्र (नाटक, १९९०), काष्ठकलाया बुद्ध जीवनी सचित्र परिचय (ने.सं. १११९) । **पुरस्कार/सम्मान :** श्रेष्ठ सिरपा (ने.सं. १०८९ र ११०१), महेन्द्र प्रज्ञा पुरस्कार (२०४३), बुद्धज्योति नगद पुरस्कार, स्वर्णपदक । भाषा थुवा: । **हालको ठेगाना :** थैना, ललितपुर । **फोन :** ५५२३२४० ।

हेमराज ज्ञवाली

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९५ चैत्र शुक्ल दशमी, मानकोट, गुल्मी । **माता/पिता :** पूर्णकुमारी, भुवनेश्वर ज्ञवाली । **शिक्षा :** एम.ए. (नेपाली, त्रि.वि.) । **सेवा :** निजामती, सञ्चार व्यवसाय ।

कृति/सृजना : भन्सार प्रशासन एक विवेचना, हाम्रो बद्रीकेदार यात्रा (यात्रासाहित्य), हनुमान् स्तुति, माण्डूक्योपनिषद्, पौरखी पुर्खा र मेरो जीवनीका पानाहरू, पुष्पाञ्जलि आदि । **सम्पादन/अनुवाद** : योगवाशिष्ठसार (नेपाली भावानुवाद) । **पुरस्कार/सम्मान** : गोरखा दक्षिणबाहु (इ.सं. १९९५), महेन्द्र विद्याभूषण (इ.सं. १९९५), गुणराज प्रज्ञा पुरस्कार (इ.सं. १९९६), भूपालमानसिंह कार्की पुरस्कार (इ.सं. १९९७) । **हालको ठेगाना** : चावहिल, काठमाडौं । **फोन** : ४४८८२२३ ।

हेम हमाल (हेमबहादुर हमाल)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९४१ सेप्टेम्बर ७, वानेश्वर, काठमाडौं । **माता/पिता** : दिव्येश्वरी शाह, कृष्णप्रसाद अर्याल । **शिक्षा** : एम.ए. (सञ्चार) । **सेवा** : प्रशासन, साहित्य । **पहिलो रचना** : फूलवारी (कविता, रूपरेखा पत्रिका, २०१७) । **कृति/सृजना** : पपुलेसन इजुकेसन फर नेपाल (इ.सं. १९७१), यो सहर छाड्नुभन्दा पहिले (कवितासङ्ग्रह, २०२९), मार्केटिङ फ्यामिली प्लानिङ इन नेपाल (इ.सं. १९७३), गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन (कवितासङ्ग्रह, २०३९), हेम हमालका कविताहरू (२०५७),सहर र सपना (कविता, २०६३) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (२०३१), शुभराज्याभिषेक पदक (२०३१), वासुशशी स्मृति पुरस्कार (२०६१) । **हालको ठेगाना** : 'बिसौनी' वानेश्वर हाइट, काठमाडौं । **फोन** : ४४७३५५३ ।

हेमाङ्ग दीक्षित (वेदव्यास)

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३७ जुन ११, काठमाडौं । **माता/पिता** : हेमप्रभा, सिद्धिमणि आ.दी. । **शिक्षा** : एम.बी.बी.एस. (लण्डन), एल.आर.सी.पी. (लण्डन), एम.आर.सी.एस. (बेलायत) । **सेवा** : स्वास्थ्य सेवा, सामाजिक सेवा । नेपाल मेडिकल एसोसियसन तथा नेपाल पेडियाट्रिक सोसाइटीको संस्थापक/आजीवन सदस्य । बालसङ्गठनबाट सम्मान (इ.सं. १९६९) । **पहिलो रचना** : यती (पत्रिका, बेलायत, सम्पा. इ.सं. १९५९) । **कृति/सृजना** : हाइजिन एण्ड फिजिओलोजी (सहलेखन), शिशु स्याहार (सहलेखन), स्वास्थ्यको समस्या (इ.सं. १९९५), फिफ्टी इयरस् अफ एनएमए (इ.सं. २००१), टु वर्डस् कान्तिपुर (बालपुस्तक, इ.सं. १९७७), द रेड टेम्पल (उपन्यास, इ.सं.१९७७), कम टुमारो (उपन्यास, इ.सं. १९८०), ओभर द माउण्टेन (उपन्यास, इ.सं. १९९५), अन्नपूर्ण फेण्टासी (बालव्यङ्ग्य, इ.सं. १९९७), कन्फ्लिक्ट इन हिमालय (उपन्यास, इ.सं. १९९८), नन्सेन्स भर्सेस् फ्रम नेपाल (व्यङ्ग्यकवितासङ्ग्रह, इ.सं. २०००), भक्तपुरको थुम्को (उपन्यास), सुर्कट्टा (उपन्यास) । **सम्पादन/ अनुवाद** : डाक्टर नभएमा, नेपाल इन पिक्चर । **पुरस्कार/ सम्मान** : विद्यालय स्वास्थ्यसम्वन्धी पदक (होनोलुलु हवाइ, इ.सं. १९८५), गोरखा दक्षिणबाहु तृतीय (इ.सं. १९९३), स्वर्णपदक (आठौं एसियन पेडियाट्रिक कङ्ग्रेस, दिल्ली, इ.सं. १९९४), स्वास्थ्यसेवा र औषधोपचारमा विशिष्ट योगदान गरेबापत युनिसेफबाट पुरस्कृत, गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), अर्डर अफ मेरिट (एसओएस्, अष्ट्रिया), दीर्घसेवा पदक, वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८) । **हालको ठेगाना** : २२०/६२ थीरवम सडक-३, डिल्लीबजार, काठमाडौं, पो.व.नं. २७३० । **फोन** : ४४१३४६० ।

हेमाङ्गराज अधिकारी

(समालोचक/कोशकार)

जन्म/स्थान : वि.सं. २००४ असार ७, दिङ्ला, साल्मा । **माता/पिता** : डम्बरकुमारी अधिकारी, डिल्लीराज अधिकारी । **शिक्षा** : एम.ए., विद्यावारिधि (भाषाविज्ञान) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : वक्रोक्तिवाद बारेको लेख (२०२८) । **कृति/सृजना** : पूर्वीय समालोचना सिद्धान्त (२०३०), नेपाली भाषा शिक्षण (२०३९), भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति (२०४६), समसामयिक नेपाली व्याकरण (२०४९), नेपाली कारक व्याकरण (२०५२), प्रारम्भिक नेपाली शिक्षण (सहलेखन, २०५५), सामाजिक र प्रायोगिक भाषाविज्ञान (२०५६), समसामयिक सरल नेपाली व्याकरण (२०५७), प्रयोगात्मक नेपाली व्याकरण (२०६७) । **सम्पादन/अनुवाद** : सजिलो नेपाली माला (२०५७), प्रयोगात्मक नेपाली शब्दकोश

(२०६१), शिक्षाशास्त्र सौरभ । **पुरस्कार/सम्मान :** महेन्द्र विद्याभूषण । सैन्यध्वज नन्दकुमारी विद्वद्वृत्ति (सम्मान) । **हालको ठेगाना :** २७ अलका गल्ली, लैनचौर, काठमाडौँ । **फोन :** ४४१९२४२, ९८४१६२४२५८ ।

हेरम्बराज पण्डित (पाण्डे)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९७४ चैत्र ९, नक्साल, भगवतीबहाल, काठमाडौँ। **माता/पिता :** चन्द्रकुमारी, हृदयराज पाण्डे । **शिक्षा :** निजामती मध्यमा परीक्षा । **सेवा :** न्याय (पूर्वन्यायाधीश) । **पहिलो रचना :** न्याय प्रकाश (ने.रा.प्र.प्र., २०२०) । **कृति/सृजना :** धर्मशास्त्र (२०३०), हृदयादर्श (२०४०), षड्वर्ग हृदय (२०४७), तत्त्वहृदय (२०५७)। **पुरस्कार/सम्मान :** सुप्रसिद्ध गोरखा दक्षिणवाहु, जानपद दीर्घसेवा पदक । **हालको ठेगाना :** मालीगाउँ, काठमाडौँ । **फोन :** ४४३११२३ (डिल्लीबजार, ४४३१०४७) ।

होमनाथ खतिवडा

(माध्यमिक कालीन कवि)



जन्म/स्थान : वि.सं. १९११, काठमाडौँ । **निधन :** १९८४, वनारस । **पिता :** नन्दलाल खतिवडा । **शिक्षा :** संस्कृत तथा अङ्ग्रेजी । **सेवा :** साहित्यसाधना र प्रकाशन व्यवसायमा संलग्न । **कृति/सृजना :** रामश्वमेध काण्ड (१९६०), विराट्पर्व (१९६३), नृपचरित्र (१९६३), सभापर्व (१९६३), कृष्णचरित्र (१९६५), भगवतीस्तुति । **सम्पादन :** महाभारत अठारपर्ववाट विभिन्न भावानुवाद । **पुरस्कार/सम्मान :** सुब्वाङ्गी पाएका । **विशेष उल्लेख्य :** राजा त्रैलोक्य विक्रमका दूधे भाइ । वि.सं. १९३८ साल पर्वमा अभियोग लागी वनारस प्रवासित ।

होमनाथ सुवेदी

(उपन्यासकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००४ असोज २४, ताकम-३, म्याग्दी । **माता/पिता :** तुलसीदेवी सुवेदी, हरिलाल सुवेदी । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** साहित्य, संस्कृति, नोकरी । विभिन्न सङ्घ-संस्थाहरूवाट सम्मान । **पहिलो रचना :** अविवेक (कथा, हिमाल पत्रिका, दिल्ली, २०२५) । **कृति/सृजना :** *उपन्यासहरूमा* : न्याउली (२०४३), नजर (२०४४), त्रिमूर्ति (२०४४), वीणा (२०४५), रत्ना (२०४३), द्यौराली (२०५१), अड्कुर (२०५३), समुद्रपारका समालोचना (इ.२००९) । नेपाली लोककथा छन्त्यालको छेउछाउबाट (२०५२), प्रवासी स्वर (कवितासङ्ग्रह, २०५४), आप्रवासका सुसेली (२०६३), सेतो गाजल (२०६४), छयासीको छवि (२०६४), ग्रहग्रस्त दिवाकर (इ.२००८), महाकाव्य डायस्पोराको पेन (२०६६), ताकम दर्पण (सहलेखन, २०५५) । **सम्पादन/ अनुवाद :** धवलागिरी (साहित्यिक त्रैमासिक, २०३८), अन्तर्दृष्टि (साहित्यिक त्रैमासिक, २०४८), शिक्षा (मुखपत्र) । **पुरस्कार/ सम्मान :** रत्न श्रेष्ठ पशिचमाञ्चल क्षेत्रीय पुरस्कार (२०५४) । **हालको ठेगाना :** 1727 Horner Road, Woodbridge, VA 22191, Phone: 703-491-1014 (hsubedi@aol.com)

होमशङ्कर बास्तोला

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ भदौ १५ कुइभिर -३, ओखलढुङ्गा । **माता/पिता :** वेदमाया वास्तोला, नारायणप्रसाद वास्तोला । **शिक्षा :** स्नातकोत्तर, एल.एल.वी. । **सेवा :** प्रशासन सेवा । **पहिलो रचना :** गीत (कर्मचारीका सुस्केरा, २०४७) । **कृति/सृजना :** आँसुका झरनाहरू (कथासङ्ग्रह, २०५८), घाम हराएको दिन (गजलसङ्ग्रह, २०६१), वन्दुकको छाया (कथासङ्ग्रह, २०६७) । **सम्पादन/अनुवाद :** अन्तर्वोध (साहित्यिक त्रैमासिक, २०६२) । **हालको ठेगाना :** दुवेकोल -७, खोटाङ / काठमाडौँ (hombastola@yahoo.com) । **फोन :** ९८४१३६५७६६ ।

होम सुवेदी (भारद्वाज, होमनाथ)

(निवन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००७ मङ्सिर १४, अमरपुर, पाँचथर ।

माता/पिता : राधिका सुवेदी, पद्मप्रसाद सुवेदी । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : ईश्वर त्यतै हाँसिरहेछन् (माधुर्य पत्रिका, ने.रा.प्र.प्र. २०३१) । **कृति/सृजना** : कालीपोके (हास्यव्यङ्ग्य निबन्ध-सङ्ग्रह, २०४२), प्राथमिक र माध्यमिक साहित्यको रूपरेखा (सहलेखन, २०५३), मर्माहत (कथासङ्ग्रह, २०६२) । **सम्पादन/अनुवाद** : अध्ययन (मेची क्याम्पसको वार्षिक मुखपत्र), प्रवेशद्वार (सामयिक सङ्कलन), मकवानपुरे कोसेली (त्रैमासिक), गन्तव्य (बालपत्रिका) । **पुरस्कार/सम्मान** : शिक्षा पुरस्कार (२०६०) । **हालको ठेगाना** : भद्रपुर -५, झापा । **फोन** : ०२३-५२०८३० ।

क्षेत्रप्रताप अधिकारी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९९९ चैत्र १२, बयापानी, तनहुँ । **माता/पिता** : जनककुमारी, गजकेशर अधिकारी । **शिक्षा** : एम.ए. (अर्थशास्त्र) । **सेवा** : साहित्य, साझा प्रकाशन (महाप्रबन्धक), राजनीति (पूर्व मन्त्री) । **पहिलो रचना** : जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर (पर्चा साहित्यको रूपमा गीत, २०१६) । **कृति/सृजना** : रहर लागेर (कवितासङ्ग्रह, २०२४), गामबेसीको गीत (गीतसङ्ग्रह, २०३४), पहाडदेखि पहाडसम्म (कवितासङ्ग्रह), लालीगुराँस (कवितासङ्ग्रह), नफुलेका फूलहरू (कवितासङ्ग्रह, २०५३), फेरि एउटा परिवर्तन (२०५५), अकविता (२०५८), युद्धका छायाहरू (कविता, २०६२), हाइकु र हाइजीन (हाइकु, २०६४) । **सम्पादन/अनुवाद** : जापानी नवरत्न (कवितासङ्ग्रह, इ.सं.१९९२), सानोबाबु (उपन्यास), आकाशगङ्गा यात्रा (कथासङ्ग्रह), भीरमुखा (कथासङ्ग्रह), अपूर्व ग्रहका कथा (बालकथासङ्ग्रह), बर्खान्त, हिमदेश (उपन्यास, अनु., इ.सं. १९७२), हिम जुन फूल (कवितासङ्ग्रह, जापानी साहित्यको इतिहास)। । **पुरस्कार/सम्मान** : छिन्नलता गीत पुरस्कार (२०५३), साझा पुरस्कार (२०५३) । **हालको ठेगाना** : बानेश्वर, काठमाडौँ । **फोन** : ४४७३३८३, ९७५१००३३५० ।

त्रिरत्न मानन्धर

(इतिहासकार)

जन्म/स्थान : इ.सं. १९४५ जनवरी १५, ठहिटी, काठमाडौँ । **माता/पिता** : कृष्णाकुमारी मानन्धर, बद्रिनारायण मानन्धर । **शिक्षा** : विद्यावारिधि (इतिहास) । **सेवा** : प्राध्यापन (डीन, त्रि.वि.), उपकुलपति (लुम्बिनी बौद्ध विश्वविद्यालय), नाटक अभिनय । **पहिलो रचना** : गभर्नमेन्ट अफ नेपाल एक्ट १९४८ एण्ड द प्रेजेन्ट कन्स्सीच्यूसन अफ नेपाल (वसुधा, भाग ११, इ.सं. १९६८) । **कृति/सृजना** : आधुनिक नेपालको इतिहासका केही पानाहरू (२०३५), नेपाल-भोट विवाद (२०४१), नेपालको इतिहासमा जङ्गबहादुर (२०४८), नेपाल प्रहरीको इतिहास (२०५२), आधुनिक नेपालको राजनैतिक इतिहास (२०५३), आधुनिक नेपालको प्रशासनिक इतिहास (२०५३) । *अङ्ग्रेजीमा :* some aspects of Rana Rule in Nepal (1983), Crime and Punishment in Nepal (1985), Nepal : The years of Trouble 1877-85 (1986), Missions to China (1986), Social Service in Nepal : A Historical Perspective (1986), Social History of Nepal (1993) . **सम्पादन/अनुवाद** : नेपालको इतिहासका विवादास्पद विषयहरू (२०३७), नेपालको सैनिक इतिहास (२०४९), नेपालको इतिहासका विविध पक्ष (२०५८), State of Nepali Historiography (1995), Date Conversion Chart, Bikram/Christian Era (2002), Voice of History, History : Past and Present. । **पुरस्कार/सम्मान** : महेन्द्र विद्याभूषण (२०२३), बुशाक स्वर्ण पदक (२०३९), शिक्षा दिवस पुरस्कार (२०४६), रुद्रराज पुरस्कार (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७), सुप्रबल गोरखा दक्षिणबाहु (२०६०), बालचन्द्र पुरस्कार (२०६१) । काठमाडौँ महानगरपालिका वडा १७ द्वारा सम्मान (२०५३), युनेस्को पाराडाइज क्लबद्वारा सम्मान (२०६१), शान्तिदूत सम्मान (२०६३), सुप्रबल जनसेवा श्री (तृतीय) । **हालको ठेगाना** : का.म.न.पा. -२९ (trmanandhar@hotmail.com) । **फोन** : ४३५१३६० ।

त्रिलोचन आचार्य (विपिन आचार्य)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२१ चैत्र १०, भोटसिपा -७, सिन्धुपाल्चोक । **माता/पिता** : टङ्ककुमारी आचार्य, बलभद्र आचार्य । **शिक्षा** : एम.बी.ए., बी.एल. । **सेवा** : महालेखा

परीक्षकको कार्यालय । **पहिलो रचना** : सानो परिवार (कविता, २०४३) । **कृति/सृजना** : माटाको बास्ना (कवितासङ्ग्रह, २०५६), छायाँछवि (कवितासङ्ग्रह, २०५९), आमाविनाको घर (शोककाव्य, २०६०), सोह्र सौगात (निबन्ध-सङ्ग्रह, २०६३), समयलाई सम्वोधन (कवितासङ्ग्रह, २०६६) । **सम्पादन/अनुवाद** : झुल्का (साहित्यिक द्वैमासिक), सिन्धुमिलन (स्मारिका, २०५५) । **हालको ठेगाना** : कपन, काठमाडौं (trilochan-_a@yahoo.com) । **फोन** : ४८१०४५१ ।

त्रिलोचन ढकाल (मदन क्षत्री)

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ साउन १८, फापरथुम -६, स्याङ्जा । **माता/पिता** : नन्दकला ढकाल, आनन्दमणि ढकाल । **शिक्षा** : बी.एस्सी. (कृषि), बी.ए. । **सेवा** : राजनीति (पूर्व मन्त्री) । **पहिलो रचना** : अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सम्वन्धमा (लेख, नौलो हाँक, २०३८) । **कृति/सृजना** : कम्युनिष्टमाथि लगाइएका झूटा आरोपहरू र वास्तविकता (२०४७), के मार्क्सवाद विफल हुन सक्छ ? (२०४८), नेकपा (एमाले) कम्युनिष्ट पार्टी (२०५५), पार्टी सङ्गठनको व्यवस्थापन (२०६१), उदाउँदो सूर्यलाई स्वागत (कवितासङ्ग्रह, २०६७), शहीद (समवेदनासङ्ग्रह, २०६८), ब्यूँझेको गाउँ (संस्मरण, २०६९), हल मिलेन (गजलसङ्ग्रह, २०६९) । **सम्पादन/अनुवाद** : गण्डकी सामयिक (२०६०) । **हालको ठेगाना** : कामनपा-३५, कोटदेवीमार्ग, काठमाडौं (dhakaltri@yahoo.com) । **फोन** : ०१-६६३३३१७, ९८५६०२७६१० ।

त्रिविक्रम पाण्डे

(गीतकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ भदौ ८, सिल्का, सुनखानी, दोलखा । **माता/पिता** : कृष्णलक्ष्मी पाण्डे, कृष्णबहादुर पाण्डे । **शिक्षा** : एम.पी.ए. । **सेवा** : निजामती । **पहिलो रचना** : गीत (उकुसमुकुस साहित्यिक पत्रिका, २०४६) । **कृति/सृजना** : फैलियो माया दुवोसरि (गीतसङ्ग्रह, २०६१) । सिरेटो (गीतिएल्वम, रचना, २०५२), दर्जनौँ गीतरचना सङ्गीतवद्ध भई रेकर्ड भएको । **पुरस्कार/सम्मान** : 'क' श्रेणीको गीतकार (रेडियो नेपाल) । **हालको ठेगाना** : वालकोट -९, नयाँबस्ती, भक्तपुर (tribk_pandey@email.com) । **फोन** : ६६३५०१५ ।

ज्ञान उदास

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००० मङ्सिर २४, सङ्खुवासभा, चैनपुर, कोशी । **माता/पिता** : वालकुमारी उदास, कृष्णप्रसाद उदास । **शिक्षा** : आई.ए. । **सेवा** : निजी व्यवसाय । **पहिलो रचना** : आमासित (कविता, नेपाल पत्रिका, २०१८) । **कृति/सृजना** : कुन वेस (कवितासङ्ग्रह, २०१९), हामी वस पर्खिरहेका छौं, वस (कवितासङ्ग्रह, २०२८), मनका कुराहरू (गीत, गजल, मुक्तक र कविताको सँगालो, २०५८) । **सम्पादन/अनुवाद** : पहाड (मासिक, २०२८), नयाँ खबरकागज (साप्ताहिक २०३९), हस्ताक्षर (साहित्यकार-कलाकारहरूको हस्ताक्षर सङ्ग्रह, २०४९), नानी (वालपत्रिका, २०५५), नानीका कथाको किताव (वालकथासङ्ग्रह, २०६५) । **पुरस्कार/सम्मान** : नेपाली साहित्य संस्थान स्वर्ण पदक (२०२४), केदारमान व्यथित राष्ट्रिय प्रतिभा पुरस्कार (२०५६), नवक्षितिज वाणी साहित्य पुरस्कार (२०५८) । महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), वनिता श्री साहित्य सेवा सम्मान (२०६६) । **हालको ठेगाना** : चावेल (बुलबुलेमार्ग), काठमाडौं । **फोन** : ४४७१७७६, ९८४१२५१९३६ ।

ज्ञानकर वज्राचार्य

(पौभा चित्रकलाकार)

जन्म/स्थान : वि.सं. २०११ असार, साकोथा टोल, भक्तपुर । **माता/पिता** : पूर्णप्रभा वज्राचार्य, बेलवज्र वज्राचार्य । **शिक्षा/विषय** : दस कक्षा । **सेवा** : व्यावसायिक चित्रकार । **पहिलो रचना** : पासुका प्रकाशन । **कृति/सृजना** : ५०० भन्दा बढी चित्र बनाएको , ट्यासफुमा २१४ गणेश बनाएको । **हालको ठेगाना** : भक्तपुर, ८ । **फोन** : ६६१७५९९ ।

ज्ञानकाजी मानन्धर

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : इ.सं. १९३८ नोभेम्बर १६, वांख्य: टोल, बनेपा, काभेपलाञ्चोक । **माता/पिता** : लक्षीमाया, मोहलाल मानन्धर । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : सामाजिक सेवा, अध्यापन । **कृति/सृजना** : नेपाल-लेजेन्ड एण्ड ड्रामा, द लेजेन्डस् अफ नेपाल, कुमारी, खड्गजोगिनी, नेपाल : आख्यान र नाटक । कुमारी (रूसी भाषामा समेत अनुवाद भई प्रकाशित भएको) । **सम्पादन/अनुवाद** : आजाद मा.वि. बनेपा (२०३५), बनेपा नगरपञ्चायत, बनेपा (२०४०), केन्द्रीय मानन्धर सङ्घ, काठमाडौँ (२०५७) आदि स्मारिका सम्पादन । **पुरस्कार/सम्मान** : दीर्घसेवा पदक (आजाद मा.विद्यालय, काभ्रे र प्रतिभा-सम्मान प्रबन्धगुठी), राजदास वादेश्रेष्ठ, स्मृतिप्रतिष्ठान काभ्रेबाट सम्मान, स्मृति छात्रवृत्ति कोषवाट सम्मान (२०६१), काभ्रे बहुमुखी क्याम्पस, मौलिक साहित्यिक समाज र मध्यममार्ग साधना सम्मानद्वारा सम्मान (२०६२) लगायत थुप्रै कदरपत्रहरू । **हालको ठेगाना** : नालादोबाटो, बनेपा, काभ्रेपलाञ्चोक । **फोन** : ०११-६६११८४ ।

ज्ञानकाजी शाक्य

(लेखक, नेपाली/नेवार भाषा)

जन्म/स्थान : इ.सं. १९४३ जनवरी १५, भीमसेनस्थान, तानसेन, पाल्पा । **माता/पिता** : सूर्यमाया शाक्य, सानुकाजी शाक्य । **शिक्षा** : एम.ए. (अर्थशास्त्र), बी.एल. । **सेवा** : अध्यापन, प्रशासन (पूर्व सहायक अञ्चलाधीश, पूर्व उपसचिव) । **पहिलो रचना** : अवली अम्बर (निबन्ध, नेपालभाषा, धर्मोदय पत्रिका, २०१४) । **कृति/सृजना** : मेरो नेपल्स यात्रा (स्मृति टिपोट, दैनिक वृत्तान्त, २०६०) । **सम्पादन/अनुवाद** : स्मारिका (आनन्दकुटी विद्यापीठ, २०५८), अतीतदेखि वर्तमानसम्म (पुस्तक, आनन्दकुटी विद्यापीठको स्वर्णिम यात्रा, २०५८) । **पुरस्कार/सम्मान** : निबन्ध प्रतियोगितामा प्रथम भएबापत चाँदीको तक्मा (पद्मोदय हाइस्कुल, २०१४), २०१५ सालमा एस.एल.सी. परीक्षामा नेपालभाषा विषयमा सर्वप्रथम भएबापत च्वसा पासाद्वारा शारदा सिरपा (सुनको तक्मा), प्रबल गोरखा दक्षिणवाहु (२०५०), वीरेन्द्र-ऐश्वर्य पदक (२०५८) । विभिन्न सङ्घसंस्थाहरूद्वारा अभिनन्दन । **हालको ठेगाना** : २७२/४१ क कपनमार्ग, महाराजगञ्ज, काठमाडौँ । **फोन** : ४३७२२४४/४३७३२४६ ।

ज्ञान दिलदास (श्रीकृष्ण लामिछाने)

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १८७९ कात्तिक कुष्माण्डनवमी, रुम्जाटार, ओखलढुङ्गा । निधन : १९४०, आम्चोक, इलाम । **माता/पिता** : वल्लभा, स्याउन्दा । **शिक्षा** : साधारण संस्कृत लेखपढ । **सेवा** : मानव कल्याणमा समर्पित, भानुभक्तका समकालीन सन्तकविका रूपमा प्रख्यात । **कृति** : उदय लहरी, झ्याउरे, टुङ्ना भजन (भजन सङ्ग्रह), सधुक्कडी । **पुरस्कार/सम्मान** : निर्गुण भक्तिधाराका केन्द्रीय कवि । 'सन्त' पदवीबाट सम्मान ।

ज्ञाननिष्ठ ज्ञवाली

(कवि/समीक्षक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०३१ चैत्र ९, थोर्गा, गुल्मी । **माता/पिता** : इन्दिरा ज्ञवाली, डिल्लीराज ज्ञवाली । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन । **पहिलो रचना** : जन्मभूमिको सम्झना (कविता, २०५६) । **कृति/सृजना** : आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (कथाखण्ड, समाचोलनाग्रन्थ, २०६१), भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू (२०६३) । **पुरस्कार/सम्मान** : नेउपाने हरिकम्मला स्वर्णपदक (२०५७), अभियान साहित्य प्रतिष्ठानद्वारा प्रदत्त सम्मानपत्र (२०६०) । **हालको ठेगाना** : रुरु -४, थोर्गा, गुल्मी । **फोन** : ५५४२०४५, ०९८४१६००२१३ ।

ज्ञानबहादुर ढुङ्गाना

(लेखक, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. १९८१ भदौ, चाबहिल, काठमाडौँ । **माता/पिता** : डम्मरकुमारी, फणीन्द्रप्रसाद ढुङ्गाना । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी र नेपाली) । **सेवा** : प्राध्यापन, शिक्षा सेवा । **कृति/सृजना** : गौरी शङ्करायण महिमा (२०४६), भैरव बहार

(२०४८), चाइल्डटिचर एजुकेशन । **हालको ठेगाना :** खड्का भद्रकाली, काठमाडौँ ।

ज्ञानमणि नेपाल

(इतिहासविद्)

जन्म/स्थान : वि.सं. १९८९ माघ १७, पुराना गाउँ, खोटाङ । **माता/पिता :** अन्नपूर्णदेवी, भानुभक्त उपाध्याय । **शिक्षा :** गुरुकुल शिक्षा (नयराज पन्त), विशेषज्ञता (नेपाली इतिहास, संस्कृति, भाषा र समाजशास्त्र), ने.रा.प्र.प्र. (प्राज्ञ, आजीवन सदस्य) । **सेवा :** अध्यापन, प्राध्यापन, अनुसन्धान । **पहिलो रचना :** चार विधा (लेख, संस्कृतम् पत्रिका, अयोध्या, भारत, २००८) । **कृति/सृजना :** नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश (ई १९६२), पुराना कविता (इ.सं. १९६५), राष्ट्रिय सम्झना (भाग १-२, इ.सं. १९६७), वनका फूल (इ.सं. १९६८), सङ्गीत लहरी (ईं १९६८), नेपाल सिक्किम सम्बन्ध (२०४३), जयन्त रचित महीरावण नाटकको विवेचनात्मक अध्ययन (समीक्षा, इ.सं. १९८३), पशुपतिनाथको दर्शनस्पर्शनपूजन सम्बन्धमा समीक्षा (इ.सं. १.९८६), नेपालको महाभारत (इ.सं. १९९३), भोट-चीन सम्बन्धका केही सांस्कृतिक पक्ष (इ. १९८८), मेरो गुरुकुलीय शिक्षा र सहपाठी (इ.सं. १९९५), नेपाल निरुक्त (इ.सं. १९८३), नेपाल निरूपण (इ.सं. २0.00), नेपाली साहित्यमा आदिकविको समस्या (इ.सं. २00३), नेपालको माध्यमिक कालको इतिहास (२०६२) गणतन्त्रदेखि लोकतन्त्रसम्म (२०६७), सङ्घीयताको समस्या र समीक्षा, २०६८) । **सम्पादन/अनुवाद :** जयरत्नाकर (नाटक, सम्पादन), ऐतिहासिक पत्र सङ्गह (इ.सं. १९५७), कौटिल्य अर्थशास्त्रको ऐतिहासिक व्याख्या, इतिहास संशोधन, वैयाकरण रचित किष्किन्धाकाण्ड र पुण्य शिक्षा (इ.सं. १९७७) माणिक रचित भैरवानन्द नाटक (इ.सं.२०००, सम्पादन), उदयानन्द रचित बेताल पच्चीसी (इ.सं.२०००), पं. हेमराज शर्मा : उनका कृति र समीक्षा (इ.सं. २०००), पृथ्वीन्द्रोदय (उदयानन्द अर्ज्यालको महाकाव्य, सम्पादन तथा व्याख्या, २०६८) । **पुरस्कार/सम्मान :** उदयानन्द पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५९), जानकी-चन्द्रप्रभा पुरस्कार (२०६२), नयराज पन्त स्मृति पुरस्कार (२०६१), दण्डपाणि अर्ज्याल स्मृति पुरस्कार (२०६३) । इतिहासशिरोमणि बाबुराम आचार्य शोध सम्मान (२०५२), नयराज पन्त स्मृति सम्मान (२०६१), प्रज्ञा इतिहास पुरस्कार (२०६९) लगायत थुप्रै सम्मान अभिनन्दन । **हालको ठेगाना :** कलङ्की, काठमाडौँ । **फोन :** ४२७८००१ ।

ज्ञानरत्न वज्राचार्य 'युगप्रवर्तक'

(लेखक, नेवार भाषा)



जन्म/स्थान : वि.सं. १९६८, ओमवहाल, काठमाडौँ । निधन : २०४५, वैशाख ३ । **माता/पिता :** दानमाया वज्राचार्य, हर्षवीरसिंह वज्राचार्य । **शिक्षा :** साधारण । **सेवा :** चित्रकला, पुस्तक प्रकाशक एवं विक्रेता । **पहिलो रचना :** मार्क्सवाद व स्टालिन (नेपालभाषा, इ. १९५१) । **कृति/सृजना :** नेपालभाषामा : नवीन समाजवादी गीत, समाजवाद, राज्य व धर्म, न्हूगु ज्ञान (नयाँ ज्ञान), नेपालया साहित्य, वैज्ञानिक समाजवाद की और (हिन्दी), पश्चिमी नेपाल किसान आन्दोलन (हिन्दी), आर.एस.पी. किन ? । **सम्पादन/अनुवाद :** भद्रचरी (महाप्रणिधान रत्नराज स्तोत्र) (मूल संस्कृत श्लोकसहित नेपालभाषामा अनु.) । **हालको ठेगाना :** लगनटोल, दथुननि ४/४४१, काठमाडौँ । **फोन :** ४२५४९७२ ।

ज्ञानराज सुवेदी

(कवि, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००६ साउन १, साङराङ, दिङ्ला, भोजपुर । **माता/पिता :** खड्गदेवी सुवेदी, शिवशङ्कर सुवेदी । **माता/पिता :** खड्गकुमारी सुवेदी, शिवशङ्कर सुवेदी । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** अध्यापन, प्राध्यापन । **पहिलो रचना :** आह्वान (कविता, नेपाल, वार्षिक पत्रिका, २०२६) । **कृति/ सृजना :** षडानन्द स्मृति काव्य (खण्डकाव्य, २०४२), शान्तिभित्रको क्रान्ति (खण्डकाव्य, २०५४), चिन्तनको चौतारी (कवितासङ्ग्रह, २०५७) । **सम्पादन/ अनुवाद :** छोयुखा ? (मासिक) । **पुरस्कार/सम्मान :** कविगोष्ठीमा तृतीय (दशौँ विश्व युवा महोत्सव नेपाल, २०२६), उत्कृष्ट सेवा सम्मान (जि.शि.का. झापा, २०५९), षडानन्द स्मृति सम्मान (२०६२) । **हालको ठेगाना :** सुरुङ्गा -५, झापा (gynaraj2006@yahoo.com) । **फोन :** ०२३-५५०५७१, ९८४१३०८३९६ ।

ज्ञानु राणा

(गायिका)

जन्म/स्थान : वि.सं. २००६ कात्तिक ३, बाटुलेचौर, पोखरा । **माता/पिता :** सावित्री थापा, धर्मराज थापा । **शिक्षा :** बी.ए.

(त्रि.वि.) । **सेवा :** गायन, सङ्गीत उपनिर्देशक (ने.रा.प्र.प्र.) । **पहिलो रचना :** झिलझिल गर्ने जूनकीरी साँझमा डुल्न आउँछ ... बोलको गीत रेकर्ड (गायन, रेडियो नेपाल, २०१६) । **कृति/सृजना :** बाँसुरी गुञ्जन, शिवस्तुति, भजन पुष्पाञ्जली तीनओटा, ज्ञानु राणाका लोकगीतहरू, खुश्बुका सफर आदि गीतिएल्बमहरूका साथै करिब एक हजारजति विविध गीतहरू रेकर्ड भएका । मालती मङ्गले र शकुन्तला गीतिनाटकमा गायन । एक दर्जन नेपाली चलचित्रहरूमा गायन । **पुरस्कार/सम्मान :** राष्ट्रिय प्रतिभा पुरस्कार (२०३६), छिन्नलता पुरस्कार (२०४०), गोरखा दक्षिणबाहु चौथा (२०४६), भजन गायनमा प्रथम पुरस्कार (सनातन धर्म सेवा समिति, २०४७), धर्मराज-सावित्री पुरस्कार (२०५७), इन्द्रराज्यलक्ष्मी पुरस्कार, राष्ट्रव्यापी लोकगीत प्रतियोगितामा प्रथम पुरस्कार (रेडियो नेपाल रजत जयन्ती) । **हालको ठेगाना :** कमलपोखरी, काठमाडौँ । **फोन :** ४४६२८४२ ।

ज्ञानुवाकर पौडेल (ज्ञानेश कान्तिपुरे)

(कवि/गजलकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २००९ वैशाख २९, बत्तीसपुतली, काठमाडौँ । **माता/पिता :** जगतकुमारी पौडेल, डोलकिशोर पौडेल । **शिक्षा :** स्नातक । **सेवा :** सैनिक सेवा, संस्थान सेवा, साहित्यिक पत्रकारिता । **पहिलो रचना :** आयरिस प्रार्थना र बालजामको मुद्दा शीर्षक अनूदित रचना (विदेह पत्रिका, २०२९) । **कृति/सृजना :** अवतार विघटन (संयुक्त उपन्यास, २०४४), निर्वासित मन (मुक्तकसङ्ग्रह, २०४८), खण्डहर नयाँ नयाँ (गजल सङ्ग्रह, २०४९), केही गजलहरू सङ्गीतबद्ध भई रेकर्ड । 'शब्दकोश' र 'डल्लेखोला' टेलिफिल्ममा अभिनय । **सम्पादन/अनुवाद :** सौरभ (त्रैमासिक), समष्टि (द्वैमासिक), मुकुट (त्रैमासिक), गरिमा (मासिक), झङ्कार, रचना (द्वैमासिक), मञ्जूषा (त्रैमासिक), समकालीन कवि (कविता, कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ) । **पुरस्कार/सम्मान :** शुभराज्याभिषेक पदक (२०३१), प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार (२०५८), पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), अलेक्जेण्डर पुस्किन सम्मान पदक (रूस सरकार, २०५९), मानश्री पुरस्कार (२०५९), साझा गरिमा पुरस्कार (२०५९) । गजलश्री सम्मान (२०६०), मेदिनी त्रैमासिक सिन्धुली (२०५५), पर्वत साहित्य सङ्गम कुश्मा (२०५५), देवकोटा स्मृतिसभा कलैया (२०५७), सरस्वती युवा क्लब चन्द्रनिगाहपुर (२०५७), सुदूर पश्चिमाञ्चल साहित्य समाज (२०५९), सुदूर पश्चिाञ्चल गजल मञ्च (२०६०), रोटरी क्लब डिल्लीबजार (२०५९), रूसी विज्ञान तथा सांस्कृतिक केन्द्र (२०५७), मोतीराम गजल मञ्च विराटनगर (२०६१), सिम्पल आर्टस् बानेश्वर (२०६१) आदि स्थान तथा सङ्घसंस्थाहरूद्वारा अभिनन्दन-सम्मान । **हालको ठेगाना :** बत्तीसपुतली, गौशाला, काठमाडौँ । **फोन :** ४४६७००२ ।

ज्ञानेन्द्र विवश (श्रेष्ठ)

(कलासमीक्षक/निबन्धकार, नेपाली भाषा)

जन्म/स्थान : वि.सं. २०२७ असार १२, चिसापानी -८, खोटाङ । **माता/पिता :** विष्णुमैयाँ श्रेष्ठ, धननारायण श्रेष्ठ । **शिक्षा :** स्नातक । **सेवा :** साहित्यिक पत्रकारिता, कला, साहित्य, संस्कृति । **पहिलो रचना :** कलाकार अरनिको (निबन्ध, गोरखापत्र, २०४२) । **कृति/सृजना :** पीडाका अनुभूतिहरू (कवितासङ्ग्रह, २०४७), संवेदनाका स्वरहरू (संयुक्त निबन्धसङ्ग्रह, २०५४), क्यानभासका तरङ्गहरू (निबन्धसङ्ग्रह, २०५५), राराकी अप्सरा (नियात्रासङ्ग्रह, २०५८), मृत्यु उत्सव (निबन्धसङ्ग्रह, २०६०), प्रणय र पाइला (नियात्रा, २०६१), आकृतिको आवाज (निबन्धसङ्ग्रह, २०६१) । चित्रकला सिर्जना र सामूहिक कला प्रदर्शनी । टेलिभिजन, रेडियो र एफ.एम.मा कला, संस्कृति र साहित्य विषयक कार्यक्रम निर्माण एवं प्रस्तुति । **सम्पादन/अनुवाद :** टुहुराको आवाज (२०४४), कलाप्रवाह (२०४७), प्रिया (चलचित्र र कला पत्रिका, २०४९), भाइलाई चिठी (समसामयिक सङ्कलन, २०५०), परिस्थिति (२०५१), कुरा सँगालो (समसामयिक सङ्कलन, २०५१), महानगर (बुलेटिन, २०५४-५८), आकृति (ललितकला विषयक पत्रिका, २०५६), क्यानभास (ललितकला, २०६०), कलाकर्म (कलाप्रधान पत्रिका, २०६२) । **पुरस्कार/सम्मान :** अधिराज्यव्यापी चित्रकला प्रतियोगितामा सान्त्वना पुरस्कार (२०४१), शङ्कर लामिछाने राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८), अरनिको युवा कला पुरस्कार (२०६१), जिल्ला तथा अन्तरक्याम्पस निबन्ध एवं कविता प्रतियोगिताहरूमा प्रथम तथा द्वितीय पुरस्कारहरू प्राप्त । **हालको ठेगाना :** काठमाडौँ महानगरपालिका (bibas4mail@yahoo.com) । **फोन :** ९८४१६६६५७३ ।

परिशिष्ट -१

नेपाल बाहिरका नेपालीभाषी साहित्यकार

अगमसिंह गिरी

(कवि)

जन्म/स्थान : २७ जुलाई १९२७, दार्जीलिङ (निधन : इ.१९७१) । **शिक्षा** : प्रवेशिका । **सेवा** : अध्यापन । **पहिलो रचना** : इ.१९४२ तिरदेखि कवितालेखन सुरु । **कृति/ सृजना** : याद (खण्डकाव्य, इ.१९५५), आँसु (खण्डकाव्य, इ.१९६८), आत्मव्यथा (खण्डकाव्य, १९५९), युद्ध र योद्धा (खण्डकाव्य, इ.१९७०), जीवन गीत (कवितासङ्ग्रह, इ.१९६०), जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि (कवितासङ्ग्रह, इ.१९७२), इन्द्रेणी (ई. १९६७) । थुप्रै गीतहरूको रचना । **सम्पादन/अनुवाद** : कमल, आँखा, दियालो (साहित्यिक पत्रिका), अस्तित्व त्रैमासिक । **पुरस्कार/ सम्मान** : रत्नश्री स्वर्णपदक, राजा महेन्द्रबाट स्वर्णपदक, भानु पुरस्कार (१९८०, बङ्गाल सरकारद्वारा प्रदत्त) ।

अच्छा राई 'रसिक'

(उपन्यासकार)



जन्म/स्थान : वि.सं. १९८५ असोज २६, धोबीतलाब, दार्जीलिङ, (निधन : इ.१९५२ अगस्ट १५, दार्जीलिङ) । **शिक्षा** : माध्यमिक स्तरसम्म । **सेवा** : अध्यापन । **कृति/सृजना** : लगन (उपन्यास, इ.१९५५), दोभान (उपन्यास, इ.१९६४), सप्तकोशी (निबन्ध-सङ्ग्रह, २०११), रसिक रचनावली (विविध रचनाहरूको सङ्ग्रह) । **सम्पादन/अनुवाद** : कमल (हस्तलिखित सम्पादन) ।

अर्जुन निरौला

(आख्यानकार)

जन्म/स्थान : वि.सं. २००३ साउन ८, अपर मौप्रेम, सिलाङ, भारत । **माता/पिता** : कृष्णा निरौला, महेश्वर निरौला । **शिक्षा** : एम.ए. (अङ्ग्रेजी) । **सेवा** : प्राध्यापन । **पहिलो रचना** : कुखुरे बैंस (कथा, सुमन पत्रिका, इ.सं.१९६४) । **कृति/सृजना** : एउटा रात बितेपछि (कथासङ्ग्रह, इ.सं.१९७२), साँझ सँगसँगै (कथासङ्ग्रह, इ.सं.१९७९), शिशिरको बतास (उपन्यास, इ.सं.१९७२), घाम डुबेपछि (उपन्यास, इ.सं.१९७६) ।

असीत राई

(उपन्यासकार)

जन्म/स्थान : सन् १९४३ नोभेम्बर २४, दार्जीलिङ । **शिक्षा** : बी.ए., विशारद । **सेवा** : अध्यापन । **पहिलो रचना** : कथा र कविता प्रकाशन (ई. १९६५) । **कृति/ सृजना** : त्यो हिमाल : यो जीवन (उपन्यास, इ.१९६६), जिन्दगीको सङ्घर्ष : अस्तित्वको खोज (उपन्यास, सन् १९६६), ढुङ्गा एउटा जीवन (उपन्यास, इ.१९६८), सिगरेट र धूवाँ (उपन्यास, इ.१९६९), विशृङ्खलता (ई.१९७३), विचार पातजस्तो झर्ने जीवन (उपन्यास, इ.१९६८), भोक र रोग (ई. १९७६), दृष्टिहीन दृष्टि (उपन्यास, इ.१९६६), प्रेमको अर्को रूप (इ.सं.१९७१), समाप्ती एउटा युग : एउटा संसार (उपन्यास, इ.सं.१९६९), वसन्तराग (इ.सं.१९६३), अरूले नचिनेको म (२०२४), विसङ्गति, पहिरो जाने पहाड यो, यन्त्रणा, नयाँ क्षितिजको खोज, चिनारीको खोज (उपन्यास), अमूल्य पुरस्कार (कथासङ्ग्रह), आफूलाई केही पर उभ्याएर हेर्दा (कवितासङ्ग्रह), अक्टोपस (खण्डकाव्य, इ.सं.१९७१), भारतीय नेपाली साहित्यको विकासक्रम (इतिहास) । **सम्पादन/अनुवाद** : सागर, गुञ्जन (त्रैमासिक), नेपाली अकादमी पत्रिका । **पुरस्कार/सम्मान** : राष्ट्रिय साहित्य अकादमी (दिल्ली) पुरस्कार (सन् १९८१), रत्नश्री स्वर्णपदक (सन् १९७४) । **हालको ठेगाना** : तीनधारे, दार्जीलिङ, भारत । **फोन** : ०३५४-२२३४००५ ।

आर.पी. लामा (रामप्रसाद लामा)

(साहित्यकार)

जन्म/स्थान : सन् १९३१ मार्च १२, लङ्गभ्यू टि स्टेट । **शिक्षा** : एम.ए. । **सेवा** : सरकारी प्रशासक (सङ्गीतकर्मी) । **कृति/सृजना** : स्मृतिमा (कवितासङ्ग्रह, सन् १९७१), हाम्रो पञ्चायत (नाटक, सन् १९७२), रेडियो वार्ताहरू (कुराकानी सङ्ग्रह, सन् १९८१), नेपाली साहित्य सम्मेलनको

स्वर्णजयन्ती (परिचय, १९८२), कीर्तिस्तम्भ (जीवनी), प्रतिध्वनि (नाटक, सन् १९८९), इन्द्रधनुष (निबन्धसङ्ग्रह, सन् १९९२) । **सम्पादन/अनुवाद :** देशभक्तिका गीतहरू (सन् १९६५), स्मारिका, दियालो (साहित्यिक), खेतीपाती (मासिक), दलबहादुर गिरी स्मृतिग्रन्थ, राष्ट्रिय भावनाका नेपाली कविताहरू (सन् १९८७), राहुल सांकृत्यायन शताब्दी ग्रन्थ (सन् १९९४), भारतीय नेपाली साहित्य : राष्ट्रियताको सन्दर्भमा (सन् १९९४) । **पुरस्कार/सम्मान :** साहित्य अकादमी पुरस्कार (सन् १९९२), रजक पदक (सन् १९६१) । **हालको ठेगाना :** सम्मेलन भवन १५, सोनम बङ्दी रोड, दार्जीलिङ ।

इन्द्रबहादुर राई

(उपन्यासकार/समालोचक)

जन्म/स्थान : वि.सं. १९८४ माघ १७, खरसाङ, दार्जीलिङ, भारत । **माता/पिता :** हस्तमाया देवान, रणवीर राई । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी साहित्य), सम्मानार्थ महाविद्यावारिधि । **सेवा :** प्राध्यापक । **पहिलो रचना :** छात्र, हस्तलिखित पत्रिका (वि.सं.२००१) **कृति/ सृजना :** विपना कतिपय (कथा, १९६१), आज रमिता छ (उपन्यास, १९६४), टिपेका टिप्पणीहरू (समालोचना, १९६६), कथास्था (आयामिक कथा र सिद्धान्त, १९७२), नेपाली उपन्यासका आधारहरू (समालोचना, १९७४), सन्दर्भमा ईश्वरबल्लभका कविता (समालोचना, १९७६), साहित्यको अपहरण (आलोचना, १९७९), दार्जीलिङमा नेपाली नाटकको अर्धशताब्दी (१९८४), कठपुतलीको मन (सर्वविधात्मक विलेखन, १९८९), सामाजिक पहाड र खोला (लेखसङ्ग्रह, १९९३), अर्थहरूको पछिल्तिर (लीलाबोधी समालोचना, १९९४), पृष्ट पृष्ठ (समालोचना, १९९५), समयाङ्कन (चिन्तन दैनिकी, १९९७), लेखहरू र झ्याल (समालोचना, २०००), पहेँलो दिन (लीलाबोधी नाट्य खेल, २००२), लीला प्रस्तावना (लीललेखन सिद्धान्त, २००२), इन्द्र सम्पूर्ण (पाँचखण्ड, २००४) । **सम्पादन/अनुवाद :** छात्र (हस्तलिखित पत्रिका, १९४४), सुधा (हस्तलिखित पत्रिका, १९४५), दियालो (साहित्यिक पत्रिका, १९६०), कवि भानुभक्ताचार्यको जीवन चरित्र (१९६६), भानुभक्तका कृति : अध्ययनहरू (१९६९), इन्साइक्लोपेडिया अफ इन्डियन लिटरेचर (१९८७), शिवकुमार राई स्मृतिग्रन्थ (अतिथि सम्पादक, १९९८) । **पुरस्कार/सम्मान :** प्रथम पुरस्कार (रामकृष्ण कथा प्रतियोगिता, १९४९), साहित्य अकादेमी पुरस्कार (१९७५), जगदम्बाश्री पुरस्कार (१९९५), अगमसिंह गिरी पुरस्कार (नेपाली साहित्य परिषद्, १९९७), आशारानी निर्माण पुरस्कार (२०००), भूपालमानसिंह कार्की पुरस्कार (नेपाल, २००२), भानुभक्त पुरस्कार (पश्चिम बङ्गाल, २००२) । **हालको ठेगाना :** लोचननगर -२, दार्जीलिङ, खरसाङ, भारत । **फोन :** ०३५४-२२५३२०६ ।

इन्द्रमणि दर्नाल

(साहित्यकार)

जन्म/स्थान : इ.सं.१९५० मार्च १३, दार्जीलिङ, भारत । **माता/पिता :** हस्तमाया दर्नाल, दलबहादुर दर्नाल । **शिक्षा :** स्नातकोत्तर (नेपाली) । **सेवा :** सञ्चार (आकाशवाणी, खर्साङ) । **पहिलो रचना :** भारतमा नारीवर्ष (स्वेता पत्रिका, १९७६) । **कृति/सृजना :** मार्गदर्शन (बाल नाटक मञ्चन १९९८), म्याडम अनि अन्य कथाहरू (लघुकथासङ्ग्रह, १९९९), ययाती (नाटक सङ्कलन, २००२) । **सम्पादन/अनुवाद :** दियालो, वसुधा (२००२) । **हालको ठेगाना :** मिलन बस्ती, पो.अ. नर्थ पोइन्ट, दार्जीलिङ, भारत । **फोन :** ०३५४-२२७०३२० ।

उदयचन्द्र वशिष्ठ

(कवि/लेखक)

जन्म/स्थान : वि.सं. १९८७ पुस १७, तारपीन बस्ती, रिनोक, सिक्किम । **माता/पिता :** नरमाया, छविलाल वशिष्ठ । **शिक्षा :** आचार्य, बी.ए., बी.एड. हिन्दी विशारद । **सेवा :** अध्यापन, सामाजिक, सांस्कृतिक, साहित्यिक धार्मिक सेवा । नागरिक मञ्च (नेपाल)द्वारा सम्मान (इ.सं. २००५) । **कृति/सृजना :** श्रीमद्भागवत यज्ञपुराण (इ.सं. १९८७), भगवान बुद्ध (निबन्ध, इ.सं.२००४) । **सम्पादन/अनुवाद :** छात्रदूत (इ.सं.१९५५), कामधेनु (इ.सं.२००३), चारधाम (इ.सं.२००३) । **पुरस्कार/सम्मान :** पुरस्कृत (गोर्खा सम्मेलन, १९८८), रत्नज्योति (सिंगताम, इ.सं.१९९४), भानु पुरस्कार (रिनाक, इ.सं.२००२) । **हालको ठेगाना :** तारपीन बस्ती, पो.अ. रिनोक सिक्किम, भारत । **फोन :** ०३५९२-२५३६७८, ०३५९२-२३२८९०, मो. ९४३४१०३७४४ ।

उदय थुलुङ

(कवि/कथाकार)

जन्म/स्थान : इ.सं.१९६७ नोभेम्बर २९, मङ्पु, दार्जीलिङ, भारत । **माता/पिता** : विष्णा राई, सूर्यबहादुर राई । **शिक्षा** : बी.एस्सी. अनर्स (वनस्पति विज्ञान), बी.एड. । **सेवा** : अध्यापन । **पहिलो रचना** : यो जीवन (कविता, सरस्वती पत्रिका, १९८३) । **कृति/सृजना** : दुख्दो त यहाँ जिन्दगी नै छ (कवितासङ्ग्रह, इ.सं.१९९२), विकल्प (कथासङ्ग्रह, इ.सं.१९९३), प्रत्यागमन (कवितासङ्ग्रह, २००१), अनावृत आकाश (कथासङ्ग्रह, इ.सं.२००३), सबभन्दा सेतो केश (कथासङ्ग्रह), बिम्ब कविताहरू (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद** : सूर्योदय (त्रैमासिक पत्रिका, इ.सं.१९८८) । **पुरस्कार/सम्मान** : 'रसिक पुरस्कार' (दार्जीलिङ, इ.सं.१९९४), स्रष्टा पुरस्कार (इ.सं. २००३) । **हालको ठेगाना** : मङ्पु विभाग, दार्जीलिङ, भारत । **फोन** : ०३५५-२६६४२२, मो. ९८३२०-५०१५५ ।

उपमान बस्नेत

(कवि/कथाकार)

जन्म/स्थान : इ.सं.१९५३ मार्च ३, साक्योंग, आरिथाङ, गेजिङ, भारत । **सेवा** : अध्यापन । **कृति/सृजना** : यी सुस्केरा, देउराली, चौतारी र वरपीपलका कथा (कवितासङ्ग्रह, इ.सं.१९८४), मूर्त-अमूर्त अभिव्यक्तिहरू (मुक्तक-सङ्ग्रह, इ.सं.१९८५), दोसाँधमा जीवनका घामछायाहरू (कथा- सङ्ग्रह, इ.सं.१९९४), तुषारोले कठ्याङ्ग्रिएका रूग्ण, चिसा पलहरू (इ.सं.१९९५) । **सम्पादन/अनुवाद** : स्रष्टा (द्वैमासिक), ढोलढ्याङ्ग्रा (हास्यव्यङ्ग्य प्रधान पत्रिका), सिद्धि (सामयिक सङ्कलन) । **पुरस्कार/सम्मान** : गान्तोक प्रकाशनद्वारा सम्मान (इ.सं.१९९३), भारतमा अन्तर्राष्ट्रिय मैत्री सङ्घद्वारा 'भारत गौरव पुरस्कार" (इ.सं.१९९७) ।

एमबहादुर क्षेत्री 'पथिक' (एम. पथिक)

(कवि/समीक्षक)

जन्म/स्थान : इ.सं.१९४४ मार्च ६, चामोङ कमान, गोठगाउँ, दार्जीलिङ, भारत । **माता/पिता** : विष्णुमाया क्षेत्री, पदमबहादुर क्षेत्री । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : अध्यापन । **पहिलो रचना** : कविता जगको सार (कविता, दियो मासिक पत्रिका, दार्जीलिङ, १९६२) । **कृति/सृजना** : तरङ्ग (कवितासङ्कलन, इ.सं. १९६६), पन्ना पन्ना र अक्षरहरू (कवितासङ्ग्रह, इ.सं.१९९८), प्रलोचन (समीक्षात्मक सँगालो, २०००) । **सम्पादन/अनुवाद** : कुइनेटो, रङ्गीत, बङ्गाली नेपाली शब्दकोश, सांस्कृतिक कोश (सहलेखन) । **पुरस्कार/सम्मान** : दियालो पुरस्कार (नेपाली साहित्य सम्मलेन, इ.सं. १९९९) । **हालको ठेगाना** : चामोङकमान, गोठगाउँ पुलबजार, दार्जीलिङ, भारत । **फोन** : ०३५४-२२६०३६५ ।

कमला आँसु

(कथाकार)

जन्म/स्थान : इ.सं.१९५६ मई २३, गोपालधारा, मिरिक, दार्जीलिङ, भारत । निधन : सन् २००६ । **माता/पिता** : मणिता राई, चन्द्रविकास राई । **शिक्षा** : स्नातक । **सेवा** : लेखन, अध्यापन । **पहिलो रचना** : मेरो नासो (कथा, इ.सं. १९७०) । **कृति/सृजना** : सेतो गुलाफ (कथासङ्ग्रह, इ.सं.१९९५), ममताको छाकभित्र (कथासङ्ग्रह, इ.सं.१९९९), आफ्नो माटोको सुगन्ध (कथासङ्ग्रह, इ.सं. २०००) । **सम्पादन/अनुवाद** : अनुरोध (हस्तलिखित) (इ.सं.१९७४) । **पुरस्कार/सम्मान** : भानुरत्न साहित्य पुरस्कार (सिक्किम, इ.सं.२०००) । **सम्पर्क ठेगाना** : तादोङ डाँडागाउँ, सिक्किम (hemgiriweeking@yahoo.com) । **फोन** : ०३५९-२२३२०१८ ।

कमला सांकृत्यायन

(कवि/समीक्षक)

जन्म/स्थान : इ.सं.१९३०, दार्जीलिङ, भारत । **शिक्षा** : विद्यावारिधि (गोस्वामी तुलसीदासको रामायण र भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन) । **सेवा** : अध्यापन, प्राध्यापन, लेखन । **कृति/सृजना** : राहुलको अटोबायोग्राफी

(नेपाली) (निबन्धसङ्ग्रह, नेपाली, हिन्दी), देश और देशवासी (लोककथासङ्ग्रह), नेपाली लोक कथाएँ, विचार र विवेचना । **सम्पादन/अनुवाद :** नेपाली साहित्य परिवेश (इतिहास) ।

कर्ण थामी

(कथाकार/अनुवादक)

जन्म/स्थान : इ.सं.१९४२ मार्च १, बडा कागझोडा, दार्जीलिङ, भारत । **माता/पिता :** माइली थामी, जङ्गवीर थामी । **शिक्षा :** बी.ए. (अपूर्ण) । **सेवा :** राजनितिज्ञ, साहित्य । **पहिलो रचना :** मलाई प्रेम गर्न सकिनौ (कवितासङ्ग्रह, इ.सं.१९६२), मेरो आँधी (नाटक, इ.सं.१९८२) । **कृति/सृजना :** अनि बादल यसरी फाटिन्छ (कथासङ्ग्रह, इ.सं.१९८४), प्रतिध्वनि (नाटक, इ.सं.१९८५), धूप जलिरहेछ (कवितासङ्ग्रह, १९९१), मुक्त माटोको खोजीमा (कथासङ्ग्रह, इ.सं.१९९७) । थुप्रै गीत (रचना)हरू रेकर्ड भएका । **सम्पादन/अनुवाद :** युक्ति (पत्रिका, इ.सं.१९७९), दार्जीलिङ (पत्रिका, इ.सं.१९९२), नयाँ यात्रा (इ.सं.२००२), सञ्जय विश्वासका कविताहरू (इ.सं.१९९३), बङ्गलाको श्रेष्ठ कथा (अनु. इ.सं.१९८२), सुकान्तका कविताहरू (बङ्गलाबाट, इ.सं.१९९१), बापुका जीवनकथा (अङ्ग्रेजीबाट अनु. इ.सं.१९९५), नेपाली कहानियाँ (भाग १-२, अनु. इ.सं.१९९८), भारतीय कथा थिएटर कोश (हिन्दीमा संयुक्त अनु., इ.सं. १९९८) खहरे (कथासङ्ग्रह, अनु. इ.सं.२००२), पुर्खा (उडिसा उपन्यास अनु.), कविता सङ्कलन (नेपाली कविताहरू बङ्गलामा अनु.) । **पुरस्कार/सम्मान :** साहित्य एकेडमी अवार्ड (इ.सं. १९९१) । **हालको ठेगाना :** कैलूल्फापथ, हुलाक-नर्थपोइन्ट, सिंहमारी, दार्जीलिङ, भारत । **फोन :** ०३५४-२२५३०४२ ।

कविता लामा

(निबन्धकार)

जन्म/स्थान : इ.सं. १९६५ नोभेम्बर २२, खरसाङ, दार्जीलिङ, भारत । **माता/पिता :** माया लामा, दावासिंह लामा । **शिक्षा :** एम.ए., विद्यावारिधि (भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन) । **सेवा :** प्राध्यापन । **पहिलो रचना :** केही कुराहरू कथा बन्छन् (कविता, कञ्चनजङ्घा पत्रिका, इ.सं.१९९१) । **कृति/सृजना :** भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन (सन् २००३), दिदृक्षा (लेखसङ्ग्रह, इ.सं. २००५) । आवाज खोसिने परिवेशभित्र, नयाँ सूर्यको प्रतीक्षामा, मौन आकृतिहरू (नाटक अभिनय) । **सम्पादन/अनुवाद :** चन्द्रिका, हाम्रो नवपल्लव (बालपत्रिका), वन्दना (नारी कविहरूको कवितासङ्कलन, इ.सं. २००५) । **हालको ठेगाना :** बिजनबारी डिग्री कलेज, दार्जीलिङ, भारत । **फोन :** ०३५४-२२७०३१५, ०३५४-२३४५०४८ ।

कालुसिंह रनपहेली

(कवि/कथाकार)

जन्म/स्थान : इ.सं.१९५४ मे २, लाटपञ्चर कुलैनबारी, खरसाङ, दार्जीलिङ । **माता/पिता :** लीलावती रनपहेली, वीरमानसिंह रनपहेली । **शिक्षा :** एम.ए. (नेपाली) । **सेवा :** उद्घोषण (आकाशवाणी गान्तोक), सरकारी सेवा । आकाशवाणी मान्यताप्राप्त गीतकार । विभिन्न सङ्घ संस्थानहरूबाट अभिनन्दन तथा सम्मानहरू । **पहिलो रचना :** गुलाब (कविता, इ.सं.१९६७) । **कृति/सृजना :** मूल्यन-अवमूल्यन (खण्डकाव्य, इ.सं.१९९४), युग्मक (कवितासङ्ग्रह, ई. १९९८), बाँच्नुको क्रम (कवितासङ्ग्रह, इ.सं.२००४), कथा कुटीर (कथासङ्ग्रह, २००४), यथार्थबोध (कथासङ्ग्रह, इ.सं.२००५) । अनि देउराली रून्छ, फेरि इतिहास दोहोरिन्छ, युद्धहरू, मूर्ति फुटेको मन्दिर आदि नाटकहरूमा अभिनय । **सम्पादन/अनुवाद :** लिस्नु, स्मारक, स्पर्श, नर्थ पोइन्ट (पत्रिकाहरू) । **पुरस्कार/सम्मान :** कथा प्रतियोगितामा दोस्रो पुरस्कार (दार्जीलिङ, इ.सं.१९७३), स्रष्टा पुरस्कार (बुद्धसिंह पुस्तकालय दार्जीलिङ, इ.सं.१९८५), श्रेष्ठ अभिनय (मूर्ति फुटेको मन्दिर नाटक), आकाशवाणी वार्षिक पुरस्कार (इ.सं.१९९० र १९९४) । **हालको ठेगाना :** आकाशवाणी गान्तोक, पत्रमञ्जुषा : ७३७१०१, सिक्किम, भारत । **फोन :** ०३५४-२०२९३८ (का.), मो. ९४३४४१०६४६ ।

कितापसिंह राई

(कवि/कथाकार)

जन्म/स्थान : वि.सं. २००३ चैत्र १४, दलसिंगपाडा, डुबर्स, भारत । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी), बी.एड. । **सेवा :** प्राध्यापन । **कृति/सृजना :** जीवनफूल (कवितासङ्ग्रह, इ.सं. १९८०), पहेँलो गुलाफको फूल (कथासङ्ग्रह, इ.स.. १९८५), आँखीझ्यालबाट (लेखसङ्ग्रह, इ.सं. १९९७), लेखौँ-पढौँ (भाग

१-२), अङ्ग्रेजी भाषामा आठवटा कृति । **सम्पादन/अनुवाद** : बाँच्न देऊ (समाचारप्रधान), सौगात (त्रैमासिक), मन्थन (सामयिक सङ्कलन), दिव्य-दर्पण (सामयिक सङ्कलन), इनसाइक्लोपेडिया अफ वर्ड लिट्रेचर ग्रन्थको नेपाली साहित्य खण्डको सहलेखन । **हालको ठेगाना** : डुअर्स, भारत । **फोन** : ०३५६३-२६७६१५ ।

कुमार घिसिङ

(कथाकार)

जन्मस्थान : दार्जीलिङ । **कृति/सृजना** : सानी (नाटकसङ्ग्रह, इ.सं. १९६४), गान्धीजीका कथाहरू (१९६०), नौ आक्रमणकारीका ऐतिहासिक कथाहरू (२९६८), स्वराज्यको सङ्क्षिप्त कथा (१९६८), रूख (कथासङ्ग्रह, १९७०), दूनघाटी नालापानी (यात्रा) **सम्पादन/अनुवाद** : तेस्रो परिक्रमा (सम्पा., १९७७) ।

कुमार प्रधान (देवेन्द्र)

(साहित्यकार)

जन्म/स्थान : वि.सं. १९९४ वैशाख २५, खरसाङ, दार्जीलिङ, भारत । **माता/पिता** : मनलक्ष्मी प्रधान, मणिकलाल प्रधान । **शिक्षा** : एम.ए. (इतिहास), विद्यावारिधि (इतिहास) । **सेवा** : प्राध्यापक, प्राचार्य । **पहिलो रचना** : कविता (पाइन्स एन्ड केमेलिया, इ.सं.१९५३) । **कृति/सृजना** : पहिलो पहर (समालोचनासङ्ग्रह, इ.सं. १९८२), द गोर्खा कन्क्वेष्ट (इ.सं. १९९१), अ हिष्ट्री अफ नेपाली लिटरेचर (अङ्ग्रेजी, मैथिली र बङ्गाली, इ.सं. १९८४), इलियटको काव्य सिद्धान्त, दार्जीलिङको इतिहास, इतिहास परिचय, भारत वर्षको, बङ्गालको इतिहास,। **सम्पादन/अनुवाद** : कमल (इ.सं.१९५३), हाम्रो संसार (मासिक, इ.सं.१९६१), मालिङ्गो (त्रैमासिक, इ.सं.१९६४), वार्ताहरू (लेखसङ्ग्रह, १९९३), वार्ताहरू (पुस्तक), सुनचरी (१९९३), अ हिस्ट्री अफ नेपाली लिटरेचर (अनु., अङ्ग्रेजी भाषामा) । **पुरस्कार/सम्मान** : भानु पुरस्कार (१९८३), कञ्चनजङ्घा पुरस्कार (इ.सं.२००२), नेपाली साहित्य सम्मेलन पुरस्कार (इ.सं.२००२), अगम स्मृति पुरस्कार (इ.सं.२००३) । **हालको ठेगाना** : १८६/बी, अभेंदानन्द रोड, सिलगुडी, भारत (suncharisamachar@hotmail.com) । **फोन** : ०३५३-२५१६३३७, २५१७०२३, २५१७०२५ ।

कृष्ण प्रधान

(हास्यव्यङ्ग्यकार)

जन्म/स्थान : इ.सं. १९५६ फरवरी १४, खरसाङ, दार्जीलिङ, भारत । **माता/पिता** : लक्ष्मीदेवी प्रधान, डी.बी. प्रधान । **शिक्षा** : एम.ए. (नेपाली), डिप्लोमा इन जर्नालिज्म । **सेवा** : अध्यापन, लेखन र पत्रकारिता । नवरङ्ग साहित्य सम्मान (इ.सं.२०००), गौरिशङ्कर नाट्य सम्मान (इ.सं.२००२), स्पोर्टस जनकिष्टको सम्मान (इ.सं.२००४) । **पहिलो रचना** : हिमालय (कविता, बाडुली, इ.सं.१९७०) । **कृति/सृजना** : उल्का भ्रामरीमा परेका मुक्तकहरू (मुक्तकसङ्ग्रह, १९८२), मेरो सेतो परेवा (कवितासङ्ग्रह, १९८८), एक पाकेट जोक्स (चुट्किला, १९९०), मेरो छोरो (कवितासङ्ग्रह, १९९१), आइमाईको रिस (हास्यव्यङ्ग्य निबन्ध, १९९२), अपहरण भएका गीतहरू (गीतसङ्ग्रह, १९९२), चारो (हास्यव्यङ्ग्य निबन्ध, २००२) । **सम्पादन/अनुवाद** : बाडुली (द्वैमासिक साहित्यिक पत्रिका), हिमालचुली (इ.सं.१९८२), दार्जीलिङ टाइम्स (१९८६), सगरमाथा (इ.सं.१९९०), हिमालय दर्पण (इ.सं. २००२) । **पुरस्कार/सम्मान** : सर्वश्रेष्ठ हास्यव्यङ्ग्य एकाङ्की पुरस्कार (सिलगडी, इ.सं. १९८२), उत्तरबङ्ग नाट्य पुरस्कार (इ.सं. १९९५), स्वर सम्राट नारायणगोपाल पुरस्कार (पत्रकारिता, १२९९६), स्रष्टा पुरस्कार (इ.सं. १९९७) । **हालको ठेगाना** : गुम्बारोड, गुरुङबस्ती, सिलगुडी, भारत (krimani2003@yahoo.com) । **फोन** : ०३५३ - २५१३६७८, ९८३२०-६१५९९ ।

कृष्णसिंह मोक्तान

(निबन्धकार)

जन्म/स्थान : इ.सं.१९३० अगस्ट २१, घुमपहाड, दार्जीलिङ, भारत । **माता/पिता** : रूपदेवी तामाङ, गौरीसिंह मोक्तान । **शिक्षा** : स्नातक, कला दर्शन/राजनीति विज्ञान । **सेवा** : सरकारी सेवा (पश्चिम बङ्गाल), अध्यापन । नेपाली साहित्य परिषद्द्वारा सम्मान (इ.सं.२००१), निर्माण प्रकाशन सम्मान

(सिक्किम, २००३), श्री सत्यसाई सेवा समितिद्वारा सम्मान (दार्जीलिङ, इ.सं.२००५), च्याँखु विद्यालय कौस्तुभ वर्ष सम्मान (२००५), अखिल भारतीय तामाङ बौद्ध सङ्गठन सम्मान (२००५) । **कृति/सृजना** : चरण-धूलि (उपन्यास, इ.सं. १९५९), प्रेम, भ्रान्ति र सत्य (कथासङ्ग्रह, १९६०), अशेष यात्रा (उपन्यास, इ.सं.१९६२), जीवन परिक्रमा (उपन्यास, १९६३), श्री सत्यसाई भजनावली र पूजा विधि (ई.स. १९७२), जीवन गोरेटोमा (कथासङ्ग्रह, इ.सं.२००३) । **सम्पादन/अनुवाद** : सनातन सारथी (मासिक), साई अभ्युदय (त्रैमासिक), साईस्रोत (वार्षिक पत्रिका), सत्यम् शिवम् सुन्दरम् (जीवनी), सत्यसाई सम्भाषण (वार्ता), मानव अभ्युदय (मानव मूल्यका पुस्तक), विसर्जन (रवीन्द्रनाथ ठाकुरको नाटक), सनातन सारथी (नाटक) सुनौलो बिहान (नाटक), नवजीवन (नाटक) । **पुरस्कार/सम्मान** : भानुभक्त पुरस्कार (इ.सं.२००४), च्याँखु विद्यालय कौस्तुभ वर्ष (इ.सं.२००५) । **हालको ठेगाना** : ९ वेष्ट पोइन्ट पथ, दार्जीलिङ (ksm@hotmail.com) । **फोन** : ०३५४-२७२३३९, ९३३२२५६१ ।

के.बी. नेपाली (खड्गबहादुर पौड्याल)

(कवि)

जन्म/स्थान : इ.सं.१९३९ नोभेम्बर १६ डिगबोई, असम, भारत । **माता/पिता** : चन्द्रमाया क्षेत्री, कविराज क्षेत्री पौड्याल । **शिक्षा** : विशारद (हिन्दी) । **सेवा** : व्यापार, छापाखाना, साहित्य । **कृति/सृजना** : नवअश्रु (खण्डकाव्य, इ.सं.१९६०), विरही (कवितासङ्ग्रह, इ.सं.१९६५), अनुराग (गीतसङ्ग्रह, इ.सं.१९८३), प्लेटफार्म (काव्य, इ.सं.१९८४), कल्पना (कथासङ्ग्रह, इ.सं.१९७०), भोक-मृत्यु-सङ्घर्ष (कथासङ्ग्रह, इ.सं.१९९१), मेरो घर मेरो संसार (उपन्यास, इ.सं.१९६५), समर्पण (उपन्यास, इ.सं.१९६६), तस्बिर एक रातको (उपन्यास, इ.सं.१९७३), महासती गोमा (नाटक, इ.सं.१९९४) आदि । **सम्पादन/अनुवाद** : विन्दु (पत्रिका, इ.सं.१९६०), परेली (गोजिका, इ.सं.१९७३), टिपनटापन (समाचारप्रधान मासिक, इ.सं.१९८७) । **हालको ठेगाना** : लामलिङ, असम । **फोन** : ०३६७-४६२३४५१ ।

केदार गुरुङ (केदारनाथ)

(कवि)

जन्म/स्थान : इ.सं.१९४८ जुलाई ९, सर्दोंग बस्ती, लिगचोम, सिक्किम । **माता/पिता** : सावित्री गुरुङ, लक्ष्मण गुरुङ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । दीर्घ साहित्य सेवाको निम्ति विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मान । **पहिलो रचना** : चित्रकार (कथा, धूवाँ पत्रिका, इ.सं.१९६६) । **कृति/सृजना** : आज फेरि एउटा सम्झना र नयाँ दिनहरू (कवितासङ्ग्रह, इ.सं.१९७०), तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर (कवितासङ्ग्रह, १९७३), महाशक्तिहरूको पूजा (कवितासङ्ग्रह, १९७९), छाँगुहरू सधैँ सेतै भएर खस्ने गर्छन् (कवितासङ्ग्रह, १९८४), फैलिएका हातहरू सूर्यग्रहण र नीला दहहरू (कवितासङ्ग्रह, १९८९), उर्लन्छन् छालहरू, समय र ज्वारभाटाहरू (कवितासङ्ग्रह, १९९५), म आफ्नै कविताहरूको भारी घिस्याएर जस्तै हिँडिरहेछु (कवितासङ्ग्रह, २००२), खरीको बोट र सुनाखरीहरू (कवितासङ्ग्रह, २००५), आफ्नै पक्षहरू (निबन्धसङ्ग्रह, १९८२), सीमानामाथि चढेर सुनाएका अग्ला-होचा कथाहरू, (कथासङ्ग्रह, (१९९४), समुद्रको पानी र बगरका बालुवाहरू (निबन्धसङ्ग्रह, २००१) । तीनवटा नाटकहरूको लेखन । **सम्पादन/अनुवाद** : झिल्का (इ.सं.१९६८), नयाँ धर्ती (१९७१), विष्फोटन (१९७३), शिशिरका फूलहरू (१९७६), स्रष्टा (द्वैमासिक, १९७८) । **पुरस्कार/सम्मान** : भानु पुरस्कार (इ.सं. १९९४), शिवकुमार स्मृति पुरस्कार (इ.सं. २०००) । **हालको ठेगाना** : गेजिङ्ग बजार, प. सिक्किम-७३७१११ । **फोन** : ०३५९५-२५०६४५ ।

खड्गबहादुर छेत्री (के.बी. छेत्री)

(साहित्यकार)

जन्म/स्थान : इ.सं. २९४२ मार्च १ । **माता/पिता** : विष्णुमाया देवी, कर्णबहादुर छेत्री । **शिक्षा** : बी.एससी., बी.टी., कोविद (हिन्दी) । **सेवा** : अध्यापन, सामाजिक । **कृति/सृजना** : संस्मरण : तीर्थयात्राको (सन् २०१०), बसिबियाँलो (हाइकु-सङ्ग्रह, सन् २०१२) । **सम्पादन/अनुवाद** : स्वप्निल जुनेली (अनूदीत कवितासङ्कलन, सन् २००८),

वन्दिता (अनूदित उपन्यास, सन् २००९) । **हालको ठेगाना** : हवाईपुर- ७८२४४६, कार्बी आङलङ, असम, भारत । **फोन** : ९९५७४१०९९७ ।

खेमराज नेपाल

(कवि)

जन्म/स्थान : वि.सं.२०१४ असोज १७, तेलेनी, मेइलबजार (गमिरिघाट), शोणितपुर, भारत । **माता/पिता** : कौशल्यादेवी, कृष्णप्रसाद नेपाल । **सेवा** : प्राध्यापन, अनुसन्धान । **शिक्षा** : एम.ए. (संस्कृत), विद्यावारिधि (बी.पी.टी.) । **पहिलो रचना** : यहीं जन्मेका हौं भनी अब चिन्हारी दिनुपऱ्यो (कविता, सम्मेलन पत्रिका, सन् १९८३) । **कृति/सृजना** : मेरो देश : हिजो आज र भोलि (खण्डकाव्य, वि.सं. २०५०), अकादमी पुरस्कार विजेता नेपाली साहित्यकार (सन् २००२), कविताञ्जलि (सन् २००३), नेपाली लोक साहित्यको रूपरेखा (सन् २००३), अविनासी (उपन्यास, सन् २००५), भाषा साहित्यका केही पक्ष (सन् २००६), असमिया नेपाली जनजीवन (सन् २००७), सृष्टि (महाकाव्य, सन् २००९), निबन्धावली (सन् २००९), कथासङ्ग्रह, व्यङ्ग्यसङ्ग्रह असमिया भाषामा प्रकाशित । **सम्पादन/अनुवाद** : विष्णुलाल उपाध्याय व्यक्तित्व र कृतित्व (सन् २००४), अविनाशी (अनूदीत उपन्यास, सन् २००५), विश्वनाथ (मुखपत्र, सन् १९९१), विष्णुलाल उपाध्याय : व्यक्तित्व र कृतित्व (सन् २००४), विष्णुलाल उपाध्याय श्रद्धार्थ (सन् २००८), हिस्टोरी एण्ड कल्चर अफ असमिज नेपाली (सन् २००९) । **पुरस्कार/सम्मान** : कृति शिक्षक (असम सरकार, सन् २००८) आदि । **हालको ठेगाना** : बुढीगाङ (विश्वनाथ चारालि), शोणितपुर, असम, पिन-७८४१७६ । **फोन** : ०३७१५-२२२३८५, मो. ९४३५३८३४८३ ।

गङ्गा कप्तान (शिवलाल पाण्डे)

(उपन्यासकार)

जन्म/स्थान : इ.सं. १९४६ पूर्व सिङ्ताम, सिक्किम । **सेवा** : सरकारी सेवा । **कृति/सृजना** : निर्दयी (उपन्यास, १९६६), जिउँदो लास (उपन्यास, १९७०), जीवन र पाइला (कवितासङ्ग्रह, १९७२), महत्त्वहीन कुमारित्व (उपन्यास, १९७३), सङ्घर्ष (उपन्यास, १९७३) । **पुरस्कार/सम्मान** : भानु पुरस्कार, रत्न पुरस्कार ।

गाब्रियल राना

(कथाकार)

जन्मस्थान : खरसाङ, भारत । **शिक्षा** : बी.ए., बी.टी., विशारद । **सेवा** : शिक्षक प्रशिक्षण (भुटान राजकीय सरकार) । **कृति/सृजना** : आहुति (कथासङ्ग्रह), कथाञ्चल (कथासङ्ग्रह), नेपाली अङ्ग्रेजी शब्दकोश, नेपाली भाषाशिक्षण विधि, शैक्षिक मनोविज्ञान ।

गिर्मी शेर्पा

(कवि)



जन्म/स्थान : इ.सं.१९४८ डिसेम्बर १, भरेङ बस्ती, पश्चिम सिक्किम । **माता/पिता** : दावा सेर्पा, सार्की लामा । **शिक्षा** : स्नातक (अनर्स) । **सेवा** : सरकारी सेवा (भारतीय सरकार), लेखापरीक्षण । नेपाली समाज देहरादूनद्वारा सम्मान (इ.सं.१९९१) । **पहिलो रचना** : के तिमी नेपाली हौ ? (कविता सङ्ग्रह, इ.सं.१९६४) । **कृति/सृजना** : बाँझो दिनमाथि पलाएका केही फूलहरू (कवितासङ्ग्रह, इ.सं.१९७८), हिप्पोक्रिट चाँप गुराँस र अन्य कविता (कवितासङ्ग्रह, इ.सं. १९८८) । **सम्पादन/अनुवाद** : मुक्त स्वर (सामयिक, इ.सं. १९६५), झिल्का (मासिक, इ.सं.१९६६), प्रतिबिम्ब (मासिक, इ.सं. १९७७), भानु स्मारिका (संयुक्त सम्पादन, इ.सं.१९८०), झटारो (इ.सं.१९६६), कविर (अनु. इ.सं.१९९६) । **पुरस्कार/सम्मान** : भारतीय साहित्य अकादमी पुरस्कार (इ.सं.१९९१), भानु पुरस्कार (इ.सं. १९९२, गान्तोक) । **हालको ठेगाना** : डाँडागाउँ, तादोङ, गान्तोक ।

गुप्त प्रधान

(कथाकार)

जन्म/स्थान : वि.सं. २००२ असार २१, ब्लुमफिल्ड, दार्जीलिङ, भारत । **माता/पिता** : ऐतीमाया प्रधान, जीतमान प्रधान । **शिक्षा** : बी.ए. (अनर्स), बी.एड. । **सेवा** : अध्यापन, साहित्य र सामाजिक सेवा । बसुधा (नारी मञ्च, दार्जीलिङ, २००४), नेपाली साहित्य

सम्मेलन (दार्जीलिङ, २००४), करुणादेवी धमार्थ गुठी (गान्तोक, २००५) हरूबाट सम्मानित । **पहिलो रचना :** बनिदेऊ (कविता, जनदूत पत्रिका, दार्जीलिङ, इ.सं. १९६५) । **कृति/सृजना :** विस्थापन (उपन्यास, सहलेखन, इ.सं. १९७७), मान्छे ! मान्छेकै बस्तीभित्र (कथासङ्ग्रह, १९८०), अक्षरै अक्षरको शहर (कथासङ्ग्रह, १९९३), विराम चिह्नहरू (कथासङ्ग्रह, २००२), केही विषयहरू : केही विशेषताहरू (आलोचनात्मक लेख सङ्कलन, २००५), धुमिल पृष्ठहरू-बीच हाजिरमान राई (शोधग्रन्थ, २००५) । **सम्पादन/अनुवाद :** बिहान (पत्रिका, १९७६), स्वामी प्रबुद्धानन्द स्मृतिग्रन्थ (दार्जीलिङ, २००२), देश-विदेशका कथाहरू (अनु. कथासङ्ग्रह, १९९१) । **पुरस्कार/सम्मान :** स्रष्टा पुरस्कार (सिक्किम, १९९२), दियालो पुरस्कार (दार्जीलिङ, १९९७), पारसमणि पुरस्कार (कालिम्पोङ, २००४) । **हालको ठेगाना :** श्रीनिवास, इस्ट पोइन्ट, जाकिर हुसेन पथ, दार्जीलिङ -७३४१०१ । **फोन :** ०३५४-२२५२२३५ ।

गुमानसिंह चामलिङ (आदित्य विक्रम)

(कवि/समीक्षक)

जन्म/स्थान : इ.सं. १९४२ फेब्रुअरी १२, टिस्टा, दार्जीलिङ । निधन : २००८ नोभेम्बर । **शिक्षा :** एम.ए. (राजनीति शास्त्र), हिन्दीमा साहित्यरत्न, संस्कृतमा । **सेवा :** अध्यापन । **कृति/सृजना :** जीवन परिधिभित्र (कवितासङ्ग्रह, ई १९६२), अन्तर्द्वन्द्व (कवितासङ्ग्रह, इ.सं.१९६४), सूर्य उदाउनुभन्दा पहिले (काव्य, इ.सं.१९६८), कारागारभित्र र अन्य कविता (कवितासङ्ग्रह, इ.१९७५), मौलो (समालोचना सङ्ग्रह, वि.सं. २०३६), एरिस्टोटल र उनको काव्य शास्त्र (समालोचना, २०४०) गुमानसिंह चामलिङका केही कविता (कवितासङ्ग्रह) । **सम्पादन/अनुवाद :** साहित्य सङ्गम (द्वैमासिक), प्रतिध्वनि (अ.भा.ने. सा.प.को मुखपत्र), मनन (समालोचनात्मक पत्रिका, आवाज (पाक्षिक) । **पुरस्कार/सम्मान :** भारतीय साहित्य अकादमी पुरस्कार (२०३६), महानन्द पुरस्कार (धरान, २०४४), रत्नश्री स्वर्णपदक (काठमाडौँ) । **हालको ठेगाना :** रोलिङ बस्ती, पो.अ. बिजनबारी, दार्जीलिङ ।

गोपालसिंह नेपाली

(कवि, नेपाली/हिन्दी भाषा)

जन्म/स्थान : वि.सं. १९६८ भाद्र कृष्णाष्टमी, बेतिया, कालीबाग नेपाली रानीमहल, । निधन : २०२० वैशाख ४ गते । **माता/ पिता :** सरस्वती देहरादुनी, रेलबहादुर सिंह । **शिक्षा :** म्याट्रिक । **सेवा :** पत्रकारिता, गायन, साहित्य, लेखन, प्रेस प्रबन्धक । कवि सम्मेलन काशी १९३२ द्वारा विशेष सम्मान । **पहिलो रचना :** भारत गगनके जगमग सितारे (सन् १९३०) । **कृति/सृजना :** कल्पना (नेपाली कवितासङ्ग्रह), हिन्दी भाषामा : पन्छी (ई. १९३४), उमङ्ग (ई. १९३३), रागिनी (ई. १९३५), पञ्चमी (ई. १९४२), नवीन (ई. १९४४), नीलिका (ई.१९४४), हिमालय ने पुकारा (ई. १९६३), पिप्पलका पेड, धरा । नजराना (चलचित्र निर्माता/ निर्देशक, सन् १९४९), सनसनी (चलचित्र निर्माता/निर्देशक, सन् १९५०), खुश्बु (चलचित्र निर्माता/निर्देशक, सन् १९५४), चार दर्जनभन्दा बढी चलचित्रमा गीत लेखन । **सम्पादन/अनुवाद :** चित्रपट (सिनेपत्रिका, ई. १९३४), रतलाम टाइम्स (ई. १९३५-३७), योगी (पटना, ई. १९३७-३९) । **पुरस्कार/सम्मान :** सर्वश्रेष्ठ गीतकार पुरस्कार ।

गोपीचन्द्र प्रधान

(कवि)

जन्म/स्थान : इ.सं.१९४५ मार्च १०, गोपालधारा चियाबगान, मिरिक, दार्जीलिङ । **माता/पिता :** बुद्धिमाया प्रधान, काजीमान प्रधान । **शिक्षा :** एम.ए. (नेपाली), बी.एड. (जे.बि.टी) । **सेवा :** अध्यापन, प्राध्यापन, सामाजिक सेवा । **पहिलो रचना :** सुस्केरा (कविता, दीपक पत्रिका, वाराणसी, १९५८) । **कृति/सृजना :** पागल ठान्छ (कवितासङ्ग्रह), बिन्दु-आसम (१९५९), आमाको पुकार (खण्डकाव्य), यस जन्ममा (उपन्यास), प्रणय-प्रार्थी (कविता), धरती (कथासङ्ग्रह), वार्ताहरू (आकाशवाणी, खरसाङ), सङ्कलन (निबन्धहरू) । **सम्पादन/अनुवाद :** हिमालोक (त्रैमासिक पत्रिका), दियालो (दार्जीलिङ), समकालिन हिन्दी साहित्य (अनुवाद) । **पुरस्कार/सम्मान :** युगकवि सिद्धिचरण प्रतिष्ठानद्वारा नेपाली साहित्य सम्मेलनलाई पुरस्कार प्रदान गर्दा सो ग्रहण (२००३) । **हालको ठेगाना :** देवकुञ्ज, आइ.एन.सिन्हा रोड, दार्जीलिङ । **फोन :** २२-५३३७३, मो. ९४३४१-३१५२४ ।

गोपीनारायण प्रधान

(कवि)

जन्म/स्थान : वि.सं. १९९३, नागरी, चियाकमान, दार्जीलिङ, भारत । निधन : सन् २०११ । **माता/पिता** : लक्ष्मी प्रधान, मङ्गलानन्द प्रधान । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : प्राध्यापन, लेखन । **कृति/सृजना** : साइलक आइरहेछ (कवितासङ्ग्रह, इ.सं. १९७५), यस्तो भूल पो गरेछु (कविता-सङ्ग्रह, १९७८), नेपाली रचनावली, सहकारी समीक्षा, निर्माण (नाटक) **सम्पादन/अनुवाद** : आशा, हाम्रो आशा, नेपाली साहित्य परिषद, भानुस्मृतिग्रन्थ । **पुरस्कार/ सम्मान** : गोपाल पाँडे असीम पुरस्कार ।

गोमा शर्मा (जोगमाया)

(कवि)

जन्म/स्थान : वि.सं. १९९९ जेठ १२, उजान बजार, गुवाहाटी, भारत । **माता/पिता** : रुक्मिणीदेवी शर्मा, छविलाल शर्मा । **शिक्षा** : कक्षा दस । **सेवा** : कृषि, साहित्य । **पहिलो रचना** : दुई साई भजन (साई भजनावली, इ.सं.१९६४) । **कृति/सृजना** : तिम्रो प्रेरणाले (गीत सङ्ग्रह, इ.सं.१९८६), केवल तिम्रो निम्ति (कविता-गीतसङ्ग्रह, इ.सं.१९८६), ब्रह्मपुत्तर परा बागमती लोई (कवितासङ्ग्रह, असमी, इ.सं. १९९६), डोको (गीतिएल्बम, नेपाली), विष्णुराधा आमी खारे आसु (गीतिएल्बम, असामी) को गीत रचना । **सम्पादन/अनुवाद** : स्मृतिग्रन्थ (बृहत्तर गुवाहाटी भानु जयन्ती समारोह समिति, इ.सं.१९९३) ।

चन्द्रकुमार राई

(कवि)

जन्म/स्थान : इ.सं.१९५३ जुन २७, भ्रेपी, दार्जीलिङ । **माता/पिता** : सुकमाया राई, मानवीर राई । **शिक्षा** : एम.ए. (नेपाली) । **पहिलो रचना** : नकोरिएका हरफहरू (कविता, इ.सं. १९७५) । **कृति/सृजना** : चन्द्रोदय (कवितासङ्ग्रह), ज.वी.एस. विष्टको छोटो जीवनी (सन् २००६), जीवनयात्रा (संस्मरण, सन् २०१०), भ्रमण (नियात्रा, सन् २०१०) । **पुरस्कार/सम्मान** : चित्रकलामा पुरस्कृत (सन् १९७१) । **हालको ठेगाना** : डीवी गिरी पथ, दार्जीलिङ । **फोन** : मो. ९८३२३९८७६१ ।

चन्द्रकुमार शर्मा निरौला

(कवि/निवन्धकार)



जन्म/स्थान : इ.सं.१९५५ जनवरी २६, चुङथुङ चियाबगान, दार्जीलिङ । **माता/पिता** : गोमादेवी, हरिलाल शर्मा । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । **पहिलो रचना** : विहान (कविता, चन्द्रिका पत्रिका, १९७५) । **कृति/सृजना** : नारी जगत (निबन्ध सङ्ग्रह, १९९०) । **सम्पादन/अनुवाद** : कोपिला (हस्तलिखित पत्रिका) । **हालको ठेगाना** : अमृता निवास-७, ओक्स रोडब्याङ्क, दार्जीलिङ । **फोन** : ०३५४-२२५११४५, मो. ९४३४२२२३९० ।

चन्द्र दुलाल

(लेखक)

जन्म/स्थान : २ जनवरी, १९६९, समालबुङ बस्ती, सिज्जी, कालेबुङ । **माता/पिता** : कृष्णकुमारी छेत्री, बलभद्र छेत्री । **शिक्षा** : स्नातक (कला) । **सेवा** : नेपाली साहित्य परिषद् (सिक्किम), सामाजिक सेवा । नेपाली साहित्य परिषद् सिक्किमद्वारा अभिनन्दित । **कृति/सृजना** : संसृष्टि (भाग १-२), कार्यालय कार्यविधि (नेपाली/अङ्ग्रेजी भाषा) । **सम्पादन/अनुवाद** : कनका (सहसम्पादन), प्रदीपिका (पत्रिका), पूर्वाधार (पत्रिका), सिद्धि (कार्यकारी सं.) । **हालको ठेगाना** : जीवन थिङ मार्ग विकास क्षेत्र, गान्तोक । **फोन** : ०३५९-२२२८९०१ ।

चन्द्र शर्मा

(कथाकार)

जन्म/स्थान : १७ जुलाई १९३९, चाँदमारी, दार्जीलिङ । **माता/पिता** : फूलमाया शर्मा, हरिप्रसाद शर्मा । **शिक्षा** : म्याट्रिक । **सेवा** : साहित्य । **पहिलो रचना** : हस्तलिखित 'कमल'



पत्रिकामा कविता प्रकाशन (१९५३)। **कृति/सृजना** : बाँझो धरतीको माया कथासङ्ग्रह, सन् २००१)। **सम्पादन/अनुवाद** : हाम्रो अस्तित्व (साहित्यिक पत्रिका), हिमाली (बाल पत्रिका), आशा (बुद्धसिंह पुस्तकालयको मुखपत्र), दियालो (ने.सा.स.को मुखपत्र), कविता खोज्दै शरद् ... (शरद क्षेत्रीको कवितासङ्ग्रह), गिरी रचनावली (निर्माण प्रकाशन), आवेग अन्तर्मनका (शरद क्षेत्रीको, कवितासङ्ग्रह)। **हालको ठेगाना** : सोनाम भवन, एच.एल. घोष रोड, दार्जीलिङ, भारत। **फोन** : ९४३४४९५८८७।

चन्द्रेश्वर दुबे

(कवि/समीक्षक)

जन्म/स्थान : इ.सं.१९३९ जनवरी ३, मुजफ्फरपुर बिहार, भारत। निधन : इ.सं.१९९६, मणिपुर, भारत। **माता/पिता** : मायादेवी, रोशन दुबे। **शिक्षा** : एम.ए. (हिन्दी), विद्यावारिधि। **सेवा** : प्राध्यापन। अखिल भारतीय नेपाली भाषा समितिद्वारा सम्मान (इ.सं. १९८६)। **पहिलो रचना** : उद्देश्य (कवितासङ्ग्रह, विद्यार्थी मासिक, इ.सं.१९५३)। **कृति/सृजना** : भानुभक्त र घाँसी (खण्डकाव्य, इ.सं.१९६३), मेची बग्दै थियो (खण्डकाव्य, इ.सं.१९६३), सम्झनाको डोको (कवितासङ्ग्रह, इ.सं.१९७०), देशको माटो (उपन्यास, इ.सं.१९७८), जिन्दगीको बाटो (उपन्यास, १९७८), लाहुरे (खण्डकाव्य, इ.सं.१९७८), नेपाली साहित्य एक सर्वेक्षण (समीक्षा, इ.सं.१९८१), तेस्रो आयामको शवपरीक्षा (समीक्षा, इ.सं.१९८१), उर्वशी : महाभारतको पृष्ठभूमिमा (समीक्षा, इ.सं.१९८२), एस्किलस, शेली र देवकोटा (समीक्षा, १९८२), देवकोटै देवकोटा (समीक्षा, इ.सं.१९८६), संयुक्त वक्तव्य (कवितासङ्ग्रह, इ.सं.१९८६)। **सम्पादन/अनुवाद** : भावी पत्नी (मूल हिन्दी र तिनका नेपाली पद्यानुवाद, कवितासङ्ग्रह, १९८६), मैं नेपाली, मैं गोर्खाली (नेपाली कविताको हिन्दी अनुवाद, इ.१९८६)। **सम्पर्क ठेगाना** : इमफाल, मणिपुर।

छविलाल उपाध्याय

(कवि)



जन्म/स्थान : वि.सं. १९९३ कात्तिक १८, विश्वनाथघाट, दरङ (शोणितपुर), असम। **माता/पिता** : धनमाया उपाध्याय, रामनाथ उपाध्याय। **शिक्षा** : मैट्रिक, साहित्यरत्न। **सेवा** : अध्यापन। **प्रकाशित कृति** : लीलबहादुर क्षेत्री तथा उनको ब्रह्मपुत्रका छेउछाउ (समालोचना, सन् १९९०), पवन दूत (खण्डकाव्य, सन् १९९०), अस्तित्व बोध (खण्डकाव्य, सन् १९९१), कामरूपा (खण्डकाव्य, सन् १९९५), छवि कवितासङ्ग्रह (सन् २०००), शाकुन्तल महाकाव्य : एक दृष्टि (समालोचना, सन् २००१), देवकोटा (महाकाव्य, सन् २००२), देवकोटाको व्यक्तित्व तथा उनको मुनामदन (समालोचना, सन् २००५), कवि र कविता (कवितासङ्कन, सन् २००८), प्रतिध्वनिहरू विस्मृतिका (उपन्यास समालोचना), कल्पना माधुरी (कविता- सङ्कलन, सन् २०११)। **सम्पादन/अनुवाद** : चन्द्रगुप्त (अनुवाद नाटक हिन्दीबाट, सन् १९९२), स्कन्दगुप्त (अनुवाद नाटक हिन्दीबाट, सन् २००३), मिरी कन्या (अनुवाद उपन्यास असमियाबाट, सन् २००५), कीर्तनघोषा (अनुवाद, असमियाबाट, सन् २००८), मृत्युञ्जय (अनुवाद उपन्यास असमियाबाट, सन् २००९), गुरुपुत्र (अनुवाद उपन्यास असमियाबाट)। **पुरस्कार/सम्मान** : साहित्य अकादमी अनुवाद पुरस्कार (सन् १९९८), कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार (सन् १९९८), निर्माण प्रकाशन सिक्किमद्वारा सम्मान (सन् २००२), महानन्द पुरस्कार समितिति झापा, नेपालद्वारा सम्मान (सन् २००८), महाकवि देवकोटा शताब्दी सम्मान (काठमाडौँ, सन् २०१०), मितेरी स्वागत सम्मान (काठमाडौँ, सन् २०१०)। **हालको ठेगाना** : ढेकियाजुली, शोणितपुर, असम, भारत, पिन- ७८४११०। **फोन** : ०३७१२-२४५३३४, ९८५४४५४३७१।

जगत क्षेत्री (जगतकुमार क्षेत्री खड्का)

(साहित्यकार)



जन्म/स्थान : इ.सं.१९३६ अगस्त २३, चाँदमारी, दार्जीलिङ (निधन : इ.स. १९९९)। **माता/पिता** : पद्मावती, नैनसिंह क्षेत्री। **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली)। **सेवा** : प्राध्यापन, साहित्य। **पहिलो रचना** : नेपालीका महाकवि देवकोटा (लेख, जनदूत, इ.सं.१९५८)। **कृति/सृजना** : रवीन्द्रनाथ ठाकुर (जीवनी, इ.सं.१९६२), तीर्थयात्रा

(एकाङ्की, इ.सं.१९६३), हिमालचुलीको टिप्पणी (समीक्षासङ्ग्रह, इ.सं.१९६४), बिजिनेश म्याथड एन्ड करेसपन्डेन्ट (इ.सं.१९६४), अन्तर्द्वन्द्व (कथासङ्ग्रह, इ.सं. १९६५), निबन्धजगत् (निबन्धसङ्ग्रह, इ.सं.१९६९), तीन तिया तीन (कथासङ्ग्रह, इ.सं.१९६९), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (इ.सं.१९७८), कथासङ्गम (कथासङ्ग्रह, इ.सं.१९८३), हारेको मान्छे म (कथासङ्ग्रह, इ.सं.१९९२), नेपाली साहित्य सम्मेलनलाई सुधपाको योगदान (इ.सं.१९९५), तीर्थ यात्रा (१९९६), हिमालचुलीको टिप्पणी, एक बोट बाह्र थुँगा, हामीले माछा खायौँ (एकाङ्कीसङ्ग्रह, इ.सं.१९९५) । **सम्पादन/अनुवाद** : जनदूत (मासिक, इ.सं.१९९३), दियालो (मासिक, इ.सं.१९६८), गोरखा (इ.सं.१९६८), विश्वसन्देश (इ.सं.१९८१), भानुभक्त स्मारक ग्रन्थ (संयुक्त सम्पादन), सम्मेलन कथासङ्ग्रह (संयुक्त), दलबहादुर गिरी स्मृतिग्रन्थ (सहसम्पा.) । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (इ.सं. १९८६), महेन्द्र विद्याभूषण (इ.सं.१९८७), राष्ट्रिय पुरस्कार (भारत, इ.सं.१९९१), अरुणी साहित्य पुरस्कार (इ.सं.१९९५) । **हालको ठेगाना** : पद्मकार १९ पं. धरणीधर शर्मा पथ, दार्जीलिङ ।

जय धमला

(उपन्यासकार)

जन्म/स्थान : वि.सं. १९९९, पेशोक डाक बङ्गला, दार्जीलिङ (निधन : २०३३) । **सेवा** : अध्यापन, ओभरसियर । **कृति/सृजना** : पागल (उपन्यास, इ.सं. १९७१), चारूलता (कथासङ्ग्रह, इ.१९७१), अर्घेलो समाज (उपन्यास, इ.१९७४), राटो मिनिस्कर्ट (उपन्यास, इ.१९७५), सिक्किमको इतिहास, शेष जीवन (उपन्यास), उजाड वसन्त (उपन्यास), सम्झाउनी बिर्साउनी, युगान्तर (कवितासङ्ग्रह), केही अँध्यारो केही उज्यालो (उपन्यास), रगतको पसिना (उपन्यास), धमलाका कथाहरू । **सम्पादन/अनुवाद** : रामकी सुमति (अनु.) ।

जयनारायण लुइँटेल

(साहित्यकार)

जन्म/स्थान : इ.सं. १९३९ मार्च १६, बापुभेटी, शोणितपुर, असम । **माता/पिता** : पुण्यकला, अग्निधर लुईटेल । **शिक्षा** : एम.ए. (राजनीतिशास्त्र) । **प्रथम रचना** : क्रान्तिको स्वर (कविता, ब्रह्मपुत्र पत्रिका, सन् १९५९) । **प्रकाशित कृति** : दुबई हुँदै अमेरिकासम्म (सन् २००१), अर्धविराम (उपन्यास, सन् २००६), निबन्धकुञ्ज (सन् २०११), छाँगादेखि गुफासम्म (नियात्रा, सन् २०११) । **सम्पादन** : रूपक जयन्ती स्मृति ग्रन्थ (सन् १९९८), सम्भार (साहित्यिक पत्रिका, सन् २००७), त्रिप्रहर (असमिया भाषामा, सन् २०१०) । **पुरस्कार** : विभिन्न सङ्घ-संस्थाबाट अभिनन्दित ।

जस योञ्जन 'प्यासी'

(साहित्यकार)

जन्म/स्थान : इ.सं.१९४९ दिसेम्वर १४, चुङ्थुङ् चिया कमान, शिरीषे, दार्जीलिङ । **माता/पिता** : सञ्जा डोल्मा वल, गर्जमान योञ्जन । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा** : अध्यापन, प्राध्यापन, प्राचार्य । निर्माण रजत जयन्ती सम्मान (२००२), मदन स्मारक सम्मान (१९९६) । **पहिलो रचना** : हारेका जिन्दगीहरू (नाटक, १९७०) । **कृति/सृजना** : चिठ्ठी (उपन्यासिका, १९७८), प्यासीका केही समालोचना (समालोचना, १९८३), एउटा देशको खोजमा (कवितासङ्ग्रह, १९८५), पारसमणि प्रधान : केही कृति कैरन (अध्ययन र लेख १९८७), नयाँ सूर्यको प्रतीक्षामा (नाटक, १९९२), शान्ति सन्देह (कवितासङ्ग्रह, २००२) । थुप्रै नाटकहरू लेखन तथा मञ्चन । दर्जनौँ गीतहरू लेखन तथा रेकर्डिङ भएको । (प्रकाशोन्मुख : परख (समीक्षात्मक लेखसङ्ग्रह), एउटा खुल्ला किताब हुँ म (गीतसङ्ग्रह), तिमीलाई नीरमाया (गजलसङ्ग्रह) । **सम्पादन/ अनुवाद** : गुनासो (त्रैमासिक, १९६९), दियालो (मासिक, १९७३), माध्यम (सामयिक, १९८८), अध्ययन (सामयिक, १९९६) नेपाली जर्नल (१९९६), बुद्धदेव बसु (जीवनी अनु. : १९९१) । **पुरस्कार/ सम्मान** : दियालो पुरस्कार (१९७३), स्रष्टा पुरस्कार (१९८७), आकाशवाणी नाट्य लेख र पुरस्कार (१९८९), अरूणि पुरस्कार (सन् १९९०), भानुभक्त पुरस्कार (सन् १९९४), कमल पुरस्कार (१९९९), साहित्य एकेडमी पुरस्कार (२००४) । **हालको ठेगाना** : थोन्ले धीम, डाउनहिल पथ, खर्साङ-७३४२०३ । **फोन** : ०३५४ -२३३२३२८ मो. ९८३२३-६६६९४ ।

जी. छिरिङ (ग्ये छिरिङ)

(कवि/प्रबन्धकार)



जन्म/स्थान : सन् १९२४ अप्रिल २७, ल्हासा भिल्ला, दार्जीलिङ, (निधन : सन् १९८० सेप्टेम्बर २९, दार्जीलिङ) । **सेवा** : नोकरी **कृति/सृजना** : स्वामी प्रवुद्धानन्द महाराज (सन् १९५४), सानिमा (सन् १९६२), रक्त सिन्दूर (एकाङ्की, सन् १९६४), युद्ध र शान्ती (सन् १९६४), यात्राको परिधिभित्र (उपन्यास, सन् १९८३), कलाकार

(कथासङ्ग्रह, सन् १९६६), नौ साहित्यकार (सन् १९६४), विश्वप्रसिद्ध केही यात्रीहरू (जीवनी, सन् १९८०), प्रेम पूर्णिमा (खण्डकाव्य), लाप्चे जातिको सङ्क्षिप्त परिचय (सन् १९७१), वीर पूजा, शतरञ्ज (कवितासङ्ग्रह, सन् १९८९), **सम्पादन/अनुवाद** : हिन्दी लाप्चे शब्दकोश (१९७९) ।

जीवन थिङ

(कवि)

जन्म/स्थान : इ.सं.१९५५ डिसेम्बर १९, नाम्ची, सिक्किम । निधन : इ.सं. १९७८ जुलाई ४, गान्तोक, सिक्किम । **माता/पिता** : डोलमी थिङ, कारसङ थिङ । **शिक्षा** : एम.ए. (राजनीति शास्त्र) । **सेवा** : साहित्य । **पहिलो रचना** : कौशी जलिरहोस् (कविता सङ्ग्रह, दियालो, इ.सं. १९७३) । **कृति/सृजना** : नार्सिसस खण्डकाव्य), साङ्लीमा बाँधिएका घोडाका टापहरू (कवितासङ्ग्रह, कथा, गीत, खण्डकाव्यसङ्ग्रह, इ.सं. १९८३) । **सम्पादन/अनुवाद** : नवज्योति (त्रैमासिक), सुधा । **पुरस्कार/सम्मान** : रत्नश्री स्वर्णपदक (इ.सं. १९७७), द्वितीय पुरस्कार (निबन्ध प्रतियोगिता, नेपाली साहित्य सम्मेलन, इ.१९७४) ।

जीवन नामदुङ (जीवनकुमार राई)

(कवि/समीक्षक)

जन्म/स्थान : इ.सं.१९५१ सेप्टेम्बर ८, मुण्डाकोठी, दार्जीलिङ । **माता/पिता** : सञ्चमाया राई, नरदीप राई नामदुङ । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि । **सेवा** : प्रशासन, साहित्य । **पहिलो रचना** : आफ्नै विचार : ज्योतिको कामनामा (कविता, ज्योति त्रैमासिक, इ.सं. १९७०) । **कृति/सृजना** : नेपाली साहित्यका भौँप्वालहरू (समालोचना, इ.सं.१९७८), जीवन नामदुङका कविताहरू (कवितासङ्ग्रह, इ.सं.१९८६), हरिभक्त कटुवाल (समालोचना, इ.सं.१९९०), समय चुपचाप बोल्छ (कवितासङ्ग्रह, इ.सं.१९९१), पर्यवेक्षण (समालोचना, इ.सं.१९९२), महामानव (खण्डकाव्य, इ.सं.२०००) । **सम्पादन/ अनुवाद** : जागरण (इ.सं. १९७०), डुबर्स आवाज (इ.सं. १९७७), टेवा (इ.सं. १९८०), सुयोग (इ.सं.१९८६), जयदेव (जीवनी, अनु. इ.सं.१९८४), जयशङ्करप्रसाद (अनु., इ.सं.१९८५) । **पुरस्कार/सम्मान** : रत्नश्री सुवर्ण पदक (इ.सं.१९८९), साहित्य अकादमी पुरस्कार (इ.सं. १९९४) ।

जोगेन दर्नाल (जोगेन्द्र)

(कवि)

जन्म/स्थान : इ.सं. १९६७ सेप्तेम्बर ६, मुण्डाकोठी, सोनादा, दार्जीलिङ । **माता/पिता** : कल्पना दर्नाल, बहादुर दर्नाल । **शिक्षा** : स्नातकोत्तर (नेपाली) । **सेवा** : समाचार वाचक, अध्यापन । **पहिलो रचना** : यहाँ यस्तै छ (कविता, १९८२) । **कृति/सृजना** : घुम्तीहरू (कवितासङ्ग्रह, १९९७) । **पुरस्कार/सम्मान** : द्वितीय पुरस्कार (कवितासङ्ग्रह, १९८२) । **हालको ठेगाना** : मुण्डाकोठी, सोनादा, दार्जीलिङ । **फोन** : ०३५४-२४६६७२९, मो. ९४३४२-३४७६४ ।

टीकाराम शर्मा (टीका ढुङ्गेल)

(कवि)

जन्म/स्थान : ११ अगस्ट, १९६२, साङ छलुमथाङ बस्ती, पूर्व सिक्किम । **माता/पिता** : नरमाया ढुङ्गेल, महानन्द ढुङ्गेल । **शिक्षा** : माध्यमिक । **सेवा** : भाषा-साहित्य, समाज सेवा । त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारीद्वारा कदरपत्र (२०६१) । **पहिलो रचना** : महत्त्व (कविता, सिक्किम बोल्छ पत्रिका, १९९३) । **कृति/सृजना** : पूर्वाधार (कवितासङ्ग्रह, २००२), प्रदीपिका (साहित्यिक पत्रिका) । **सम्पादन/अनुवाद** : पूर्वाधार (पत्रिका, २००५) । **हालको ठेगाना** : साङ छलुमथाङ बस्ती/नेपाली साहित्य परिषद् विकास क्षेत्र, गान्तोक, सिक्किम । **फोन** : ०३५९२-२०१४१२ ।

टी.बी. चन्द्र सुब्बा

(साहित्यकार)

जन्म/स्थान : २१ मार्च १९६८, लुङ्चोक बस्ती, सोम्बारीया, प.सिक्किम । **माता/पिता** : माया सुब्बा, सुकबहादुर सुब्बा । **शिक्षा** : स्नातक । **सेवा** : साहित्य, सामाजिक सेवा, सम्पादन । युवा साहित्य प्रतिष्ठान एवं नाम्ली साहित्य

परिवारबाट अभिनन्दन (२००१), नारी पत्रकार सङ्घबाट अभिनन्दन (२००३) । **पहिलो रचना** : अभ्यस्त (कविता-सङ्ग्रह) । **कृति/सृजना** : आँसुका करुण थोपाहरू (कथासङ्ग्रह), अनुद्वेगको रूप (खण्डकाव्य), दुःखसागर (गीतिकाव्य), गीतकार बलि सुब्बा (जीवनी), व्यक्ति र कृतिको आधारमा केदार गुरुङ (जीवनी), जीवनदेखि टाढामा (उपन्यास), श्री इन्द्रबहादुर राई : व्यक्ति, कृति र कार्य (जीवनी एवं समीक्षात्मक अध्ययन) । अथाह (गीतिएल्बम, रचना) । **सम्पादन/अनुवाद** : किनार (साहित्यिक पत्रिका), शिरिजङ्घाको सङ्क्षिप्त परिचय, स्वर-साम्राज्ञी अरुणा लामा (स्मृतिग्रन्थ), डा. शोभाकान्ति थेगिम (स्मृतिग्रन्थ), महाकवि तुलसीराम कश्यप (स्मृतिग्रन्थ), भानु (स्मारिका), कनका (लोकसाहित्य विशेषाङ्क), इभेत्नासुङ (लिम्बू पत्रिका) । **पुरस्कार/सम्मान** : स्रष्टा पुरस्कार (२००३) । **हालको ठेगाना** : गान्तोक, सिक्किम । **फोन** : ९८३२०५५२५९ ।

टेकध्वज जिम्बा ‘आशा’

(कवि)



जन्म/स्थान : इ.सं.१९४९ अक्टोबर १०, टेप्सीटिया, दार्जीलिङ । **माता/पिता** : आशालता जिम्बा, मनबहादुर जिम्बा । **शिक्षा** : पो.ग्र्याजुयट । **सेवा** : नोकरी (पर्यटन विभाग) । **पहिलो रचना** : पर्खिरहुँला (कविता, धूवाँ पत्रिका, १९७०) । **कृति/सृजना** : त्रिकोणी (संयुक्त कवितासङ्ग्रह, १९७२), एक टुक्रा नीलो आकाश (कवितासङ्ग्रह, १९९२), कुइरो कुइरो र शहर (कवितासङ्ग्रह, १९९४), सिन्चेल धाम (ऐतिहासिक स्थल, २०००), पहरा पहरामा फुलेर (कवितासङ्ग्रह, २००५) । **सम्पादन/अनुवाद** : उत्ताउलो र उल्लीबिल्ली (हास्यव्यङ्ग्य पत्रिकाहरू) । **पुरस्कार/सम्मान** : दियालो पुरस्कार (१९९९)। **हालको ठेगाना** : लालकोठी, ए.जे.सी. बोसपथ, लालकोठी, दार्जीलिङ ७३४१०१ । **फोन** : २२५६७३४ ।

ठाकुरप्रसाद गुरागाई

(साहित्यकार)

जन्म/स्थान : वि.सं. २००१ माघ २०, सैलुङ चन्द्रकोटे गाउँ, मोगोक, वर्मा । **माता/पिता** : रनमाया गुरागाई, घनश्याम गुरागाई । **शिक्षा** : स्वाध्याय । **सेवा** : सामाजिक तथा धार्मिक । **कृति/सृजना** : नेपाली हिन्दू धर्म शिक्षा (भाग १-१०), चौरासी थुँगा, हिन्दू नारी कर्तव्य शिक्षा, धार्मिक नियम माला, सङ्क्षिप्त हवन विधि, गङ्गा (उपन्यास), तरङ्ग (कविता-सङ्ग्रह), सुक्ति सरित, दुर्गा र लक्ष्मीपूजा, श्री रामचन्द्र मन्दिर, आदि । **पुरस्कार/सम्मान** : डी.आर. शर्मा स्मृति पुरस्कार (१९९३), श्री रामचन्द्र मन्दिर शताब्दी समारोह पुरस्कार (१९९५), जगदम्वाश्री पुरस्कार (१९९७, नेपाल) । **हालको ठेगाना** : मोगोक, स्यान्मार ।

डम्बर दाहाल

(कथाकार)

जन्म/स्थान : इ.सं.१९५८ जनवरी १५ । **माता/पिता** : चन्द्रमाया दाहाल, छविलाल दाहाल । **सेवा** : अध्यापन । **कृति/सृजना** : आविष्कार (लघुकथासङ्ग्रह, सन् १९८६), यात्रा क्रममा (लघुकथा-सङ्ग्रह, सन् २००८), उकुसमुकुस (हाइकुसङ्ग्रह, सन् २००९), भानुभक्त, नेपाली संस्कृति आरु अन्यान्य (असमिया निबन्धसङ्ग्रह, सन् २००९), अतीतका पाइलाहरू (कवितासङ्ग्रह, सन् २०१२), निबन्ध सम्भार (निबन्ध सङ्ग्रह, सन् २०१३) । **सम्पादन/अनुवाद** : हाम्रो आँट (साहित्यिक पत्रिका, सन् १९८२), स्मारिका (अअनेछास अधिवेशन, सन् १९८८), चारचिम (असमिया स्मृतिग्रन्थ, सन् २००८), सभा-संवाद (मुखपत्र, अनेसास, सन् २००५), माध्यमिक नेपाली साहित्य भाग १-२ (असम माध्यमिक शिक्षा परिषद्, नेपाली पाठ्यपुस्तक, सन् २००८/०९), वीरभद्र कार्कीढोलीर निर्वाचित कविता (असमिया अनुवाद, सन् २००९), । **पुरस्कार/सम्मान** : अभिजमान स्मृति ट्रस्ट पुरस्कार (कुवैत, सन् २००८), प्रक्रिया सम्मान पुरस्कार (सिक्किम, सन् २०१२) । **हालको ठेगाना** : असम ।

तुलसी ‘अपतन’ (डा. तुलसीबहादुर क्षेत्री)

(कवि)

जन्म/स्थान : इ.सं.१९२० फेब्रुअरी १, डिब्रुगढ, असम, भारत । **शिक्षा** : एम.ए. (नेपाली), विद्यावारिधि (नेपाली) । **सेवा** :

सरकारी । **कृति/सृजना :** कमल (नाटक, इ.सं.१९५०), विजय (एकाङ्की, इ.सं.१९५५), जमाना बदलियो (एकाङ्की, इ.सं.१९५७), वायु बन्दना (कवितासङ्ग्रह, इ.सं. १९५२), सङ्कल्प (कवितासङ्ग्रह, इ.सं.१९५६), के होला (कवितासङ्ग्रह, इ.सं.१९५९), नहेर आज मलाई (कवितासङ्ग्रह, इ.सं.१९७६), कर्ण कुन्ती (खण्डकाव्य, इ.सं.१९८८), कर्णकुन्ती (कथा) । **सम्पादन/अनुवाद :** इन्द्रकील पुष्पाञ्जली (कवितासङ्ग्रह, इ.सं.१९५०), हिमाली आभा (दैनिक), सञ्चयिता (इ.सं.१९५८), रवीन्द्र रचनावली (इ.सं.१९६४, अनु.), दियालो (प्रधान सम्पादक), गीताञ्जली (अनु.) । **पुरस्कार/सम्मान :** साहित्य एकादमी पुरस्कार (इ.सं.१९९) ।

तुलसी घिमिरे

(चलचित्रकर्मी)

जन्म/स्थान : इ.सं.१९५१ जुलाई १५, कालिम्पोङ, भारत । **शिक्षा :** स्नातक । **सेवा :** चलचित्रक्षेत्र । **कृति/सृजना :** कुसुमे रूमाल, लाहुरे, कोसेली, चिनो, दुई थोपा आँसु, देउता, दक्षिणा, मितज्यू, रहर, साइत, दर्पणछायाँ, लहना, दुई किनारा आदि चलचित्रको कथालेखन, सम्पादन, निर्देशन । साथै बाँसुरी (निर्देशन), अन्याय (निर्देशन), बलिदान (निर्देशन), वासुदेव, आफ्नो विरानो, जगवाल (जगवाली, निर्देशन), श्रद्धाञ्जलि (हिन्दी), नई दिशाय (हिन्दी), हुकुमत (हिन्दी), बन्धन काँचे धागो का (हिन्दी), हम से बढकर कौन (हिन्दी), खुदा कसम (हिन्दी), पन्घट (हरियानी), जोश जवान दा (पञ्जाबी), औडा लगिन करैची (मराठी), गोम्टी नि सखे (गुजराती) आदि चलचित्रहरू सम्पादन । आदिकवि भानुभक्त आचार्य, ओरेञ्ज (सिक्किम), कार्डमोन (सिक्किम) डकुमेन्ट्रीहरू निर्माण । मुक्ति, दर्शन जिन्दगीको टेलिशृङ्खला निर्देशन । रहर, बलिदान चलचित्रहरूको छायाङ्कन । दर्जनौं चलचित्रहरूमा अभिनय तथा डेढ दर्जन जति चलचित्रमा ४० वटा गीत लेखन ।

तुलसीराम शर्मा 'कश्यप'

(कवि)

जन्म/स्थान : वि.सं. १९९५ माघ २९, रङ्गेली बजार, सिक्किम । निधन : २०५४ । **माता/पिता :** कौशल्यादेवी शर्मा, चन्द्रलाल शर्मा अधिकारी । **शिक्षा :** बी.ए. । **सेवा :** अध्यापन, साहित्य । **पहिलो रचना :** भावना (निबन्ध, उदय पत्रिका, बनारस) । **कृति/सृजना :** आँकुरा (कवितासङ्ग्रह, इ.सं. १९६५), संसार यस्तै रहेछ (कथासङ्ग्रह, इ.सं.१९६६), कलाकलम (खण्डकाव्य, इ.सं. १९६७), जन्मभूमि (महाकाव्य, इ.सं.१९८६), तस्बिर (कथासङ्ग्रह, इ.सं.१९८७), आमा (महाकाव्य, इ.सं. १९८८), सङ्कल्प (उपन्यास, इ.सं.१९८८), ऋतुराग (खण्डकाव्य, इ.सं.१९८९), अनुराग (खण्डकाव्य, इ.सं.१९९०), मन्थन (महाकाव्य, इ.सं.१९९३), कल्पना (निबन्धसङ्ग्रह, इ.सं. १९९१) । **पुरस्कार/सम्मान :** भानु पुरस्कार (इ.सं.१९८७), अकादमी पुरस्कार (इ.सं.१९९०) ।

दानियल खालिङ (दान खालिङ)

(कवि)

जन्म/स्थान : इ.सं.१९२९ डिसेम्बर २५, टि स्टेट दार्जीलिङ । **शिक्षा :** एम.ए. (अङ्ग्रेजी) । **सेवा :** अध्यापन, निजी व्यवसाय । प्राज्ञसभा सदस्य । **कृति/सृजना :** एकान्त (कवितासङ्ग्रह, इ.सं. १९५० संयुक्त लेखन), भारतीय दर्शनहरूको परिचय, झ्यालखानेदेखि गोलघरसम्म । **सम्पादन/अनुवाद :** केटो (समाचारपत्र संयुक्त सम्पा.), मातृभूमि (समाचारपत्र), हाम्रो नेपाल (मासिक), नेपाली कथाको अङ्ग्रेजीमा अनुवाद, समका कविताको अङ्ग्रेजी अनुवाद । **हालको ठेगाना :** सुमेरू प्रेस, दुर्गागढी (नयाँ दार्जीलिङ मोड) सिलगुडी ।

दिल सुब्बा

(उपन्यासकार)

जन्म/स्थान : इ.सं.१९४८ मई ४, छिबोबस्ती कालिम्पोङ, दार्जीलिङ । **माता/पिता :** पेनीमाया सुब्बा, चन्द्रमान सुब्बा । **शिक्षा :** स्नातकोत्तर । **सेवा :** सैनिक, हुलाक सेवा । **पहिलो रचना :** जिन्दगी माइला (कथा, दियो पत्रिका) । **कृति/सृजना :** एक खोलाको दुई किनार

(कथासङ्ग्रह, १९६८), कमलफूल (उपन्यास, १९६८), मरेको मान्छे, (उपन्यास, १९७०), विश्वासको फूल (उपन्यास, १९८५), भत्किएका सपनाहरू (कथासङ्ग्रह, १९९०)। **हालको ठेगाना :** छिलोबस्ती, कालिम्पोङ। **फोन :** ०३५५२-२५७४७९।

दुर्गाप्रसाद घिमिरे

(कवि)

जन्म/स्थान : इ.सं.१९३७ फेब्रुअरी १९, शोणितपुर, असम। **माता/पिता :** राधिकादेवी घिमिरे, परमानन्द घिमिरे उपाध्याय **शिक्षा :** एम.ए. (राजनितिशास्त्र)। **सेवा :** प्राध्यापन, साहित्य **पहिलो रचना :** गीत (प्रभात पत्रिका, १९५६)। **कृति/सृजना :** धुकधुकी (गीतसङ्ग्रह, १९८३), मेरो दृष्टिको सेरोफेरोमा बूढाछपडी (१९८३), समिधा (निबन्धसङ्ग्रह, १९८६), शतभिषा (कविता-सङ्ग्रह, १९९३)। **सम्पादन/अनुवाद :** शोणितपुर सम्मेलन स्मारिका, पुष्पलाल उपाध्याय स्मृतिग्रन्थ, समाजसेवी प्रसादसिंह, सुब्बा स्मृतिग्रन्थ, धनबहादुर ढकाल स्मृतिग्रन्थ। **हालको ठेगाना :** शोणितपुर, असम।

धनहाङ सुब्बा (पुदेनछोङ साँवा)

(कथाकार)

जन्म/स्थान : इ.सं.१९३५, छोटा पूबोङ चिया कमान, दार्जीलिङ **माता/पिता :** हर्कहाङमा सुब्बा, रत्नध्वज सुब्बा। **शिक्षा :** आर्मी सर्टिफिकेट अफ एजुकेशन (फस्टक्लास)। **सेवा :** सैनिक (प्रशासकीय अधिकृत)। **पहिलो रचना :** निबन्ध र कविता (भारती पत्रिका, १९५८)। **कृति/सृजना :** हँसिया (कथा-निबन्ध, वि.सं. २०१६), सलामत जलान (कथासङ्ग्रह, २००४), किराँत लोक-दन्त्यकथासङ्ग्रह। **सम्पादन/अनुवाद :** दर्शन (हस्तलिखित पत्रिका, १९५६)। **पुरस्कार/सम्मान :** दियालो पुरस्कार (नेपाल, २००१)। **हालको ठेगाना :** धनकुटा-७, नेपाल /लताहिम २५ सुके रोड, दार्जीलिङ। **फोन :** ०२६-५२०९५८ /०३५४-२२७४५६९।

धीरेन्द्र झा (धीरेश्वर)

(साहित्यकार, मैथिली भाषा)

जन्म/स्थान : इ.सं. १९३४ जुलाई ४, मधुवनी, विहार, भारत। निधन : २०६० पुस २५, नयाँ दिल्ली, भारत। **पिता :** भुवनेश्वर झा। **शिक्षा :** स्नातकोत्तर, विद्यावारिधि। **सेवा :** प्राध्यापन। उत्कृष्ट मैथिली सेवी सम्मान (मैथिली विकास कोष, धनुषा, २०५७), चेतना सम्मान (चेतना समिति, पटना, इ.सं. २००२)। **कृति/सृजना :** कुहेस आ किरण, पसिझैत घूरक आगि, शतरूपा आ मनु तथा नव मन्दिर (कथा-सङ्ग्रह), भोरूकवा, कादो आ कोइला तथा ठुमुकि बहू कमला (उपन्यास), हैंगरमे टाङ्गल कोट तथा काल्हि आ आई (कविता-सङ्ग्रह), त्रिपुण्ड (महाकाव्य), काव्यशास्त्रक रूपरेखा (समीक्षा), करुणा भरल ई गीत हम्मर (गीतसङ्ग्रह)। **सम्पादन/अनुवाद :** नेपालक प्रतिनिधि मैथिली गल्प (सम्पादन), धीयापुता (बालपत्रिका, सम्पादन) खैय्यामक संसार (अनुवाद)। **पुरस्कार/सम्मान :** वैद्यनाथ-सियादेवी मैथिली पुरस्कार (काठमाडौँ, २०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), योगेन्द्र साह नेपाली पुरस्कार (सङ्कल्प, धनकपुरधाम, २०५४)।



नन्द हाङ्खिम

(कथाकार/निबन्धकार)

जन्म/स्थान : इ.सं.१९४४ नोभेम्बर ११, मार्गरेट्स होप, चियाबारी कमान, दार्जीलिङ, भारत। **माता/पिता :** राधा राई, हरिलाल राई। **पहिलो रचना :** भालेको डाक। **कृति/सृजना :** लास (उपन्यास, सन् १९६४), प्रीतिका चिठीहरू (पत्रात्मक कथासङ्ग्रह, सन् १९७०), उन्मुक्ति (लघुकथासङ्ग्रह, सन् १९७०), अर्को अनुहार (उपन्यास, सन् १९७१), प्रेमालाप (मुक्तकसङ्ग्रह, सन् १९७२), मृत्यु दिवस (एकाङ्कीसङ्ग्रह, सन् १९७६), चियाबारीमा (खण्डकाव्य, सन् १९९२), युद्धहरू (नाटक, सन् १९९३), अभिषेक (नाटक, सन् १९९५), लीला-अ-लीला (एकाङ्कीसङ्ग्रह, सन् २००६), सत्ता ग्रहण (कथासङ्ग्रह, सन् २०१२)। कहीं अँध्यारो कहीं उज्यालो चलचित्रको पटचित्र, संवाद तथा गीतरचना, सन् १९८५), सपना (टेलिचलचित्र, सन् २०००), १९५५ साल (टेलिफिल्म, सन् २००६)। **सम्पादन :** नेपाली आधुनिक कविता सङ्कलन। **पुरस्कार/सम्मान :** 'पर्खाल' कथामा पुरस्कृत (नेपाल, सन् १९६६), दियालो पुरस्कार (सन् १९७०), रत्नश्री पुरस्कार (सन् १९७३), अल इन्डिया रेडियोबाट पुरस्कार (सन् १९९३), पारिजात मञ्च सिलगढीबाट पुरस्कार (सन् १९९७), भानुभक्त पुरस्कार (पश्चिम बङ्गाल सरकार, सन् २००५)।

नयाँदेवी लुइटेल

(उपन्यासकार)

जन्म/स्थान : इ.सं.१९४२ मे १, माझगाउँ, शोणितपुर, भारत । **माता/पिता** : अन्नुपूर्णदेवी, विष्णुलाल उपाध्याय । **पहिलो रचना** : गदाधरको वेदना (कथा, हाम्रो ध्वनि पत्रिका, इ.सं.१९९८) । **कृति/सृजना** : युगसन्धि (उपन्यास), कौशल्या (उपन्यास), चन्द्रप्रभा राइकीयानी (जीवनी), कथा मञ्जुरी (कथासङ्ग्रह) । **सम्पर्क फोन** : ९१९४३५०८२८८४ ।

नरबहादुर भण्डारी

(लेखक)

जन्म/स्थान : इ.सं.१९४० अक्टुबर ५, मालबासे, सिक्किम । **माता/पिता** : चन्द्रमाया भण्डारी, बलराम भण्डारी । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, राजनीति (पूर्व मुख्यमन्त्री, सिक्किम) । **पहिलो रचना** : म (कविता, दियालो पत्रिका, इ.सं.१९६२) । **कृति/सृजना** : म मरे पनि मेरो सिक्किम बाँचिरहोस् (आत्मजीवनी, इ.सं.१९८४), नरबहादुर भण्डारीका केही रचनाहरू (इ.सं.१९८९), टुहुराका विचारहरू (लेखसङ्ग्रह, इ.सं. १९८९) । **सम्पादन/अनुवाद** : हाम्रो पुकार (साहित्यिक पत्रिका, इ.सं.१९६३), अर्चना (पत्रिका), आँखा (पत्रिका), सिक्किम सङ्ग्राम परिषद्को स्मारिका (इ.सं.१९९१) । **पुरस्कार/सम्मान** : जगदम्बाश्री पुरस्कार (नेपाल, इ.सं.१९९१) । **हालको ठेगाना** : सिक्किम । **फोन** : ०३५९२-२३०७१७-१८ ।

नरेशचन्द्र खाती

(कवि/समालोचक)

जन्म/स्थान : वि.सं. २०११ पुस ७, दार्जीलिङ, भारत । **शिक्षा** : एम.ए. (नेपाली), बी.एड. । **सेवा** : प्राध्यापक । **कृति/सृजना** : हस्ताक्षर (लघुकाव्य, इ.सं. १९७८), परेली परेलीमा भिजेर (कविता सङ्ग्रह, इ.सं.१९८४) । **सम्पादन/अनुवाद** : भवभूति (अनु.) । **हालको ठेगाना** : म्यूनिसिपल विल्डिङ 'सी' नं. ८, चौकबजार, दार्जीलिङ ।

नव सापकोटा (नरबहादुर सापकोटा)

(कवि/समालोचक)

जन्म/स्थान : वि.सं. २००५ फागुन ११, बडगाउँ, गुवाहाटी, भारत । **माता/पिता** : जसोदादेवी, लीलाधर सापकोटा । **शिक्षा** : बी.ए. । **सेवा** : अध्यापन, साहित्य । **पहिलो रचना** : श्रद्धाञ्जली (कविता, भानु स्मारिका, इ.सं.१९६९) । **कृति/सृजना** : युक्लिप्टस : आउने पिँढीलाई आशीर्वाद (कवितासङ्ग्रह, इ.सं.१९८०), काव्यान्तर (कवितासङ्ग्रह, इ.सं.१९९६) । **सम्पादन/अनुवाद** : पूर्वाञ्चल भाषा संवाद (मुखपत्र), समकालीन नेपाली साहित्य, भानु स्मारिका (१८०औँ भानुजयन्ती, गुवाहाटी), कवि हरिभक्त कटुवाल स्मृतिग्रन्थ आदि ।

परशुराम रोका

(कथाकार)

जन्म/स्थान : इ.सं.१९१८ जुलाई ९, चानमारी, दार्जीलिङ । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन । **कृति/सृजना** : पञ्चामृत (लघुकथासङ्ग्रह), नौगेडी (कथासङ्ग्रह), सङ्क्षिप्त भूगोल । **पुरस्कार/सम्मान** : "मृत्युकै मुखेन्जी" शीर्षकको कथा साहित्य एकेडेमी, नयाँ दिल्लीबाट पुरस्कृत । **हालको ठेगाना** : कृष्ण भिल्ला, रूपनारायणसिंह पथ, रसिक ग्राम, दार्जीलिङ ।

पवन चामलिङ 'किरण'

(कवि/सम्पादक)

जन्म/स्थान : इ.सं.१९५० सेप्टेम्बर २३, राङगाङ बस्ती, द. सिक्किम । **माता/पिता** : आशारानी चामलिङ, आशबहादुर चामलिङ । **शिक्षा** : प्रवेशिका । **सेवा** : साहित्य, राजनीति (मुख्यमन्त्री, सिक्किम) । **पहिलो रचना** : वीरहरूको परिचय (कवितासङ्ग्रह, कञ्चनजङ्घा, इ.सं.१९६८) । **कृति/सृजना** : अन्तहीन सपना : मेरो बिपना (कवितासङ्ग्रह, इ.सं.१९८५), प्रारम्भिक कविताहरू (कवितासङ्ग्रह, इ.सं.१९९१), म को हुँ (कवितासङ्ग्रह, इ.सं.१९९३), दामथाङ हिजो र आज (परिचय), केही सम्झना केही माया (संस्मरण- सङ्ग्रह), क्रान्तिको प्रवेश (इ.सं. १९९७), दाड्याङ : हिजो र आज (अभिलेखसङ्ग्रह, इ.सं. १९९३) लगायत अन्य कृतिहरू । **सम्पादन/अनुवाद** : निर्माण (त्रैमासिक, इ.सं.१९७३), नवज्योति (त्रैमासिक), प्रजातन्त्र, हाम्रो पहाड । **पुरस्कार/सम्मान** : साहित्य 'चिन्तन' पुरस्कार (इ.सं.१९८६), बलराज साहनी पुरस्कार (इ.सं.१९९५), भारत शिरोमणि पुरस्कार (इ.सं.१९९७) ।

हालको ठेगाना : गुम्वा, धुर्बिसे बस्ती, नाम्ची वजार, दक्षिण सिक्किम । **फोन** : ०३५९२-२२२३०४, २२२२९१ ।

पारसमणि प्रधान (प्रशमान)

(साहित्यकार/व्याकरणकार)

जन्म/स्थान : वि.सं. १९५५ माघ, कालिम्पोङ (निधन : वि.सं. २०४२, कालिम्पोङ) । **शिक्षा** : स्नातक, त्रि.वि.बाट महाविद्यावारिधि सम्मान प्रदान (२०२३) । **सेवा** : अध्यापन **कृति/सृजना** : नेपाली साहित्य (भाग १-६), नेपाली सजिलो साहित्य (भाग १-४), नेपाली साहित्य कथा (भाग १-४), नेपाली साहित्य शिक्षा (भाग १-३), नेपाली साहित्य परिचय (भाग १-२), रोचक संस्मरण (संस्मरण), टिपन टापन (निबन्धसङ्ग्रह, २०२५), नेपाली व्याकरण नेपाली रचना भारती, भाषा प्रवेश (१९२०), नेपाली मुहावरा, बटुल बाटुल (काव्य, इ.सं.१९५७), बीरू ड्राइभर (काव्य, इ.सं.१९५५), बुद्ध चरित्र (नाटक, इ.सं.१९५४), क्वाँटी, आफ्नो बारे (आत्मकथा), नेपाली व्याकरण (इ.सं.१९२०), जपमाला (कवितासङ्ग्रह), पाँच पौरखी पुरुष, नेपाली अङ्ग्रेजी कोश, भानुभक्त, मोतीराम लेखनाथका जीवनी, व्याकरण र भाषासम्बन्धी थुप्रै कृति प्रकाशित । **सम्पादन/अनुवाद** : भानुभक्त ग्रन्थमाला, नेपाली भाषाको उत्पत्ति र विकास (१९६१), नेपाली साहित्य कथामाला (बालसाहित्य, १९५८), नेपाली साहित्यको साउँ अक्षर (इ.सं.१९६९), कवि र कविता (इ.सं.१९५७), आफ्ना बारेमा (२०२८) । **पुरस्कार/ सम्मान** : मदन पुरस्कार (२०४२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०२५) ।

पासाङ छिरिङ

(कोशकार/साहित्यकार)

जन्म/स्थान : इ.सं.१९३७ फरवरी १२, दार्जीलिङ । **माता/पिता** : लिञ्जे लामु, फुञ्चोक छिरिङ । **शिक्षा** : बी.एस्सी, बी.टी. । **सेवा** : अध्यापन । **पहिलो रचना** : सेलुलर फोन: एक जानकारी (सुनचरी समाचारपत्र, १९९५) । **कृति/सृजना** : व्यावहारिक पर्याय शब्दसङ्ग्रह (अङ्ग्रेजी-नेपाली), ज्ञान-विज्ञानका कुराहरू, लामा बुद्धधर्मका प्रर्वतक: पद्मसम्भव (नेपाली), कार्यालयीय सहायक (भाग १,२) बौद्ध दर्शनमा चार आर्यसत्यको महिमा, गणित र विज्ञानका पाठ्यपुस्तकहरू, मूलभूत प्राविधिक शब्दकोश (गणित, भौतिक, रसायन, जीवविज्ञान), वालपयोगी बुद्ध जीवनी, ज्ञान विज्ञानका कुराहरू, अलवर्ट आइन्स्टाइन सङ्क्षिप्त जीवनी । **सम्पादन/अनुवाद** : बोधि भावना (त्रैमासिक, द्वैयमासिक) पत्रिका । **हालको ठेगाना** : सञ्च निवास, सेभेन ओक्स रोज व्याङ्क । **फोन** : ०३५४-२२५५५६५, मो. ९४३४१-६६९२१ ।

पुष्पलाल उपाध्याय

(कवि)

जन्म/स्थान : वि.सं. १९६२ कात्तिक औँसी लक्ष्मीपूजा, असम, भारत । निधन : इ.सं.१९८९ डिसेम्वर २९ । **माता/पिता** : देवकादेवी, देवीचरण उपाध्याय । **शिक्षा** : शास्त्री । **सेवा** : व्यवसाय, साहित्य । विशिष्ट सम्मान तथा अभिनन्दन (२०१७) । **पहिलो रचना** : वाणी वन्दना (कविता-सङ्ग्रह, आरती पत्रिका, इ.सं. १९५५) । **कृति/सृजना** : पुष्पाञ्जलि (कवितासङ्ग्रह, २०२५), उषामञ्जरी (कवितासङ्ग्रह, २०४४) । **सम्पादन/अनुवाद** : ब्रह्मपुत्र (पत्रिका, इ.सं.१९५४), प्रभात (पत्रिका, इ.सं. १९५५) । **पुरस्कार/सम्मान** : भारतीय साहित्य एकेडेमी पुरस्कार (इ.सं.१९८९) ।

पूर्ण राई

(कथाकार)

जन्म/स्थान : इ.सं.१९४८ जुन ३, मन्सोंग कुलैनबारी, कालेबुङ **शिक्षा** : स्नातक । **सेवा** : सरकारी सेवा । **कृति/सृजना** : सिमलको भुवा (कथासङ्ग्रह, इ.सं.१९७१), गल्ली गल्ली क्रान्तिको उद्घोषण (कथासङ्ग्रह, इ.सं.१९८५) । **सम्पादन/अनुवाद** : अर्चना, पूर्ण राईका लघु कथाहरू (कथासङ्ग्रह, गोजिका, ई . १९८०) । **पुरस्कार/सम्मान** : बुद्धसिंह पुस्तकालय, दार्जीलिङद्वारा आयोजित कथा प्रतियोगितामा प्रथम पुरस्कार (इ.सं.१९७४), पश्चिम बङ्गाल राज्य युवा महोत्सवमा कथामा प्रथम पुरस्कार (इ.सं. १९७६) । **हालको ठेगाना** : कर्म बिल्डिङ, आरीथाङ, गान्तोक ७३७१०१ सिक्किम ।

पूर्णकुमार शर्मा

(कवि)

जन्म/स्थान : २०१७ भदौ १०, बलमगुडी, शोणितपुर, असम। **शिक्षा** : बी.ए.बी.टी. । **पहिलो रचना** : मुक्त बन्दी (असमिया भाषामा सन् १९८१) । **कृति/ सृजना** : पञ्चामृत (असमी भाषामा), सर्वोपरी हाम्रो ध्वनि (नेपाली भाषामा), काव्यमञ्जरी (कवितासङ्ग्रह) । नौगेडी चोर, कुतकुती, हृदयको दियालो लगायत विविध नाटकहरूमा अभिनय गरेको । **पुरस्कार** : असम एकाङ्की प्रतियोगितामा श्रेष्ठतम पुरस्कार (सन् १९८६), नेपाली नाट्यभूषण पदविद्वारा सम्मानित । **फोन** : ०९६१३३३११६६ ।

प्रदीप खनाल

(प्रबन्धकार)

जन्म/स्थान : ई.सं. १९७४ मार्च १, पाङ्गे, मणिपुर, भारत । **माता/पिता** : मेनकादेवी, पुष्पलाल खनाल । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : अध्यापन । भारतीय नेपाली विद्यार्थी परिषद्बाट सम्मान (१९९९) । **पहिलो रचना** : मास्टर माइन्ड (लेख, १९९७) । **कृति/सृजना** : सानुभाइ शर्मा : व्यक्ति र कृति (२००५) । **सम्पादन/अनुवाद** : ब्रह्मपुत्र (१९९७), विचार (१९९९, कुञ्जिनी (१९९९) । **हालको ठेगाना** : शोणितपुर, भारत (p_khanal2003@yahoo.com) ।

प्रेमकुमार कालिकोटे (प्रेमसिंह 'नेपाली')

(कवि)

जन्म/स्थान : इ.सं.१९४७ डिसेम्बर २९, गोइंका लज कागझोडा, दार्जीलिङ । **माता/पिता** : फूलमाया कालिकोटे, डी.बी. कालिकोटे । **शिक्षा** : एच.एस. उत्तीर्ण । **सेवा** : नोकरी, साहित्य । गौरी शङ्कर सांस्कृतिक संस्थानबाट सम्मानित (२००३) । **पहिलो रचना** : मैले जन्मनु भूल गरेछु (दियो पत्रिका, १९६३) । **कृति/सृजना** : आजको दुनियाँ (१९६३), शहिदको पुकार (१९६४) । **सम्पादन/अनुवाद** : हस्तलिखित पत्रिका (१९८०), सीता राम (अनु., १९८९) । **हालको ठेगाना** : १३, एच.डी. लामापथ दार्जीलिङ-२१, भारत । **फोन** : ०३५४-२२५६१७७ ।

प्रेमचन्द्र प्रधान (प्रेम प्रधान)

(साहित्यकार)

जन्म/स्थान : इ.सं.१९४८ जुन १, दार्जीलिङ । **माता/पिता** : गङ्गादेवी प्रधान, बाबुलाल प्रधान । **शिक्षा** : एम.एस्सी., बी.एड. । **सेवा** : अध्यापन । सिक्किम सम्मान (२००४) । **पहिलो रचना** : विदुली (कथा, जनदूत पत्रिका, १९६५) । **कृति/सृजना** : कालो सर्प (कथासङ्ग्रह, १९९५), हाम्रा केही उपयोगी वनस्पतिहरू (बालसाहित्य, १९९५), उदासिन रूखहरू (उपन्यास, १९९९), केही अध्ययन - केही विवेचना (समालोचना), दिशाहीन सडक (कथासङ्ग्रह), प्रयोगको मेशिन (उपन्यास) । **सम्पादन/अनुवाद** : दियालो, चाँप, गुराँस, हिमालोक, मनन पत्रिकाहरू । **पुरस्कार/सम्मान** : अकादेमी पुरस्कार (दिल्ली, २००२) । **हालको ठेगाना** : सरस्वती निवास (होटल मिल्की वे), ३५ लेडेनला पथ, दार्जीलिङ । **फोन** : ०३५४-२२५६१०१, मो. ९४३४१५०९५६ ।

बलराम उपाध्याय

(कवि)



जन्म/स्थान : इ.सं.सन् १९४२ मे १०, गांमौथान, विहाली अञ्चल, असम । **माता/पिता** : खोमा देवी, उमानाथ उपाध्याय । **शिक्षा** : विद्यूत अभियन्ता । **सेवा** : असम राज्यिक विद्वत् परिषद् । **कृति/सृजना** : छेड्का (हास्यव्यङ्ग्य, सन् २००८), वरिपरि हेर्दा (सन् २०१०), आपदीया सिन्ता (असमीया, सन् २०११), प्रयास (सन् २०१२) । **हालको ठेगाना** : नेपालीपट्टि, तेजपुर, शोणितपुर, असम । **फोन** : ० ३७१२-२२१४७३ ।

बिन्द्या सुब्बा

(आख्यानकार)

जन्म/स्थान : इ.सं.१९५५ जुलाई १३, तीनधारे, दार्जीलिङ । **माता/पिता** : मन्दरा सुब्बा, पद्मधोज सुब्बा । **शिक्षा** : एम.ए. (नेपाली), बी. एड. (विशारद), बी.ए. (नर्सिङ), बी.एस.सी. (अनर्स) । **सेवा** : अध्यापन, साहित्य सेवा । नेपाली साहित्य सम्मेलन (दार्जीलिङ), बसुधा (दार्जीलिङ), गोर्खा साहित्य संस्कृति संस्थान (तीनधारे), मंगपु साहित्य परिषद्, निर्माण प्रकाशन

(गान्तोक), प्रेस क्लब (सिक्किम), सिक्किम सम्मान सम्मिलन (सिक्किम), सङ्कल्प (मिरिक), साहित्य, संस्कृति संस्थान (बाघडोगरा) आदि सङ्घ-संस्थाहरूद्वारा सम्मान अभिनन्दन । **पहिलो रचना** : जीवनफूल (कविता, सागर पत्रिका, १९६८) । **कृति/सृजना** : कथाक्रम (कथासङ्ग्रह, १९८४), फूलहरू, पहाडहरू, धर्साहरू (उपन्यास, १९८६), अथाह (उपन्यास, १९९९- हिन्दी, उडिसा र असमीमा समेत अनुवाद भएको,), हस्पिस (कथासङ्ग्रह, २००३), अन्तर्निहित (कवितासङ्ग्रह, २००४), निर्गमन (उपन्यास,) । **सम्पादन/ अनुवाद** : वसुधा (मुखपत्र), आरोहण (सामयिक) । त्यागपत्र (हिन्दीबाट अनु., १९७८) । **पुरस्कार/सम्मान** : विजयश्री पुरस्कार (दिल्ली, १९९७), दियालो पुरस्कार (दार्जीलिङ, १९९८), स्रष्टा पुरस्कार (सिक्किम, १९९८), रामराज पन्त स्मृति सम्मान पुरस्कार (विराटनगर, २०००), राष्ट्रिय साहित्य एकेडेमी पुरस्कार (अथाह उपन्यासको लागि, २००३), राधेय कविता पुरस्कार (अनन्तपुर, दक्षिण भारत, २००५) । **हालको ठेगाना** : पो.ब.नं. २३, रोपवे, नर्थ पोइन्ट, दार्जीलिङ, ७३४१०१, (sbindya2004@yahoo.com) । **फोन** : ०३५४-२२७०७८७ ।

बुद्धिमान मोक्तान तामाङ

(लेखक, तामाङ भाषा)

जन्म/स्थान : वि.सं. १९५६ कात्तिक २६, रङबुल, दार्जीलिङ **पिता** : रघुवीर मोक्तान तामाङ । **शिक्षा** : सामान्य । **सेवा** : मोटर चालक (अङ्ग्रेजको पालामा) । **कृति/सृजना** : जिकतेन तामछ्योई (तामाङ वंशावली सन् १९५६) ।

बृजलाल कटेल

(हास्यव्यङ्ग्यकार)

जन्म/स्थान : इ.सं. १९५४ सेप्टेम्बर १, चारमाइल, तेजपुर । **माता/पिता** : कृष्णमाया कटेल, छविलदास शर्मा (कटेल) । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : शैक्षिक क्षेत्र । **कृति/सृजना** : पोलखोल (सन्२००७), वक्रदृष्टि (सन् २०१२) । **सम्पादन/अनुवाद** : पीताम्बर (स्मारिका, सन् १९९८), मङ्गलध्वनि (सन् २००४), दसैं सम्मेलन, पानीभण्डारको रजत जयन्ती स्मारिका (सन् २००८) । **हालको ठेगाना** : ग्राम+डाक : पानीभण्डार -७८४१७६, शोणितपुर, असम (sharmab316@gmail.com) । **फोन** : ९४३५३८३८४९ ।

भक्त राई (भक्तबहादुर राई)

(कवि)



जन्म/स्थान : इ.सं.१९५६ जनवरी ३, पैँयुङ्गवस्ती, कालेबुङ, भारत (निधन : १९८९ जनवरी २८, सिलिगुढी) । **शिक्षा** : बी.ए. (अनर्स), एल.एल.बी. । **सेवा** : अध्यापन । **कृति/सृजना** : लय-प्रलय (खण्डकाव्य, इ.सं. १९८२), टापु अनि झुल्किने घाम (कविता-सङ्ग्रह, इ.सं.१९९१) । **सम्पादन/ अनुवाद** : सिन्दूर-पोते (साहित्यिक पत्रिका) ।

भविलाल लामिछाने

(कवि/उपन्यासकार)

जन्म/स्थान : इ.सं.१९५० मार्च ६, डिगबोई, असम, भारत **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : अध्यापन, साहित्य । **कृति/सृजना** : अनागत (कवितासङ्ग्रह, इ.सं.१९८३), व्यूहचत्र: (उपन्यास, २०४१) । **हालको ठेगाना** : ए.ओ.डि. लाइन नं. द्य-२९, सी.एम.एच. एरिया, पो. डिगबोई असम, भारत । **फोन** : ०३५७५१-२२६५५६४ ।

भाइचन्द्र प्रधान

(साहित्यकार)

जन्म/स्थान : इ.सं.१९२७ अप्रिल १, कालिम्पोङ, पश्चिम बङ्गाल, भारत । **माता/पिता** : राजमती शाक्य, जुजुमान शाक्य । **शिक्षा** : आई.ए., विशारद । **सेवा** : अध्यापन । **पहिलो रचना** : एउटा स्मरणीय सपना (कथा, उद्योग पत्रिका, इ.सं.१९४४) । **कृति/ सृजना** : म मरेको छैन (कथा-सङ्ग्रह, इ.सं.१९६३), नव नेपाली व्याकरण (सन् १९७४), आदिकवि भानुभक्त आचार्य (समालोचना, इ.सं.१९५२), केही साहित्यकार (परिचयात्मक पुस्तक, इ.सं.१९९२), आधुनिक नेपाली व्याकरण (भाग १-४, इ.सं.१९८४-८८), शिशु नेपाली

व्याकरण (इ.सं.१९८४), सुगम नेपाली व्याकरण र रचना (संयुक्तलेखन, इ.सं.१९८६) । **सम्पादन/अनुवाद** : नेवा भाया शिक्षा (नेवारी कृति, इ.सं.१९४७), सुबोध संस्कृत व्याकरणको उपक्रमणिका (१९५४), रोदन (खण्डकाव्य, इ.सं.१९७२), षटदल (कथासङ्ग्रह, इ.सं.१९५२), प्रेमचन्दका केही कथा (कथासङ्ग्रह, इ.सं.१९८२), सङ्केत पत्रिका (इ.सं.१९६६), स्वास्थ्य प्रदीपिका भाग १-२ (सन् १९६०), हीराको ल्वाङ्फुली (लोक कथासङ्ग्रह, १९६२), भारतका जङ्गली जीवजन्तु (१९६२), जवाहरलाल नेहरूको आत्मकथा भाग १-२ (सन् १९६२), ड्रेक्युला (उपन्यास, १९८४),साहित्य सङ्केत, धर्धोदय (नेवारी पत्रिका), जवाहरलाल नेहरूको आत्मकथा (भाग १-२, इ.सं.१९६२) । अनुदित कृति : विश्व गुरु महात्मा गान्धी (इ.सं.१९४८), शिक्षार्थीका निम्ति बौद्ध धर्म (इ.सं.१९५३), भारतीय नागरिकता र शासन (इ.सं.१९५४), हिन्दू धर्मका कथा (इ.सं.१९६४), नेवुला (इ.सं.१९८४), हिन्दू धर्म के हो ? (अनु. १९९५) । श्री अरविन्द र माताजी (१९७२), खुध्दक पाठ (१९५६), धम्मपद (१९५७) । **पुरस्कार/सम्मान** : अरुणि पुरस्कार (खर्साङ, इ.सं.१९९२), मुरारका पारितोषिक पुरस्कार (हिमाञ्चल हिन्दी भवन, इ.सं.१९४८) । **हालको ठेगाना** : कालिम्पोङ, दार्जीलिङ ।

भानु खवास

(कथाकार)

जन्म/स्थान : इ.सं.१९६८ मई ११, शेल्पु बस्ती, दार्जीलिङ । **माता/पिता** : हर्कमाया खवास, रनवहादुर खवास । **शिक्षा** : स्नातक । **सेवा** : अध्यापन, पत्रकारिता, चित्रकला, सम्पादन । **पहिलो रचना** : सानो ताँबे भाँडा (कथा, पञ्चवती स्मारिका, १९९८) । **कृति/सृजना** : फेरि एकजना गोर्खाली खेदियो (कथासङ्ग्रह, २००१) । **सम्पादन/अनुवाद** : हाम्रो सुरुवात (समसामयिक साहित्यिक पत्रिका) । **हालको ठेगाना** : शेल्पुवस्ती, हुलाक शेल्पु, दार्जीलिङ ।

भानु छेत्री

(कवि/कथाकार)

जन्म/स्थान : इ.सं. १९६१ फेब्रुअरी २२ (वि.सं. २०१७ फागुन १०), दार्जीलिङ । **माता/पिता** : मनमाया छेत्री, भीम छेत्री । **शिक्षा** : बी.ए., बी.एड. । **सेवा** : अध्यापन, समाजिक संस्थाहरूमा संलग्न । **पहिलो रचना** : मैले माया गरेको

सिक्किम (कविता, हिमाली बेला, १९७६) । **कृति/सृजना** : जिन्दगीका खण्डित अनुहारहरू (कथासङ्ग्रह, २००५) । **सम्पादन/अनुवाद** : कलश (त्रैमासिक साहित्यिक पत्रिका, १९८०), मुनाल (त्रैमासिक अङ्ग्रेजी साहित्यिक पत्रिका, १९९७), एन एन्थोलोजी अफ नेपाली सर्ट स्टोरिज इन इङ्ग्लीस (कथासङ्ग्रह, संयुक्त १९९७) । मेरो देश : मेरा मान्छेहरू (आधुनिक महाकाव्य, अङ्ग्रेजीबाट नेपालीमा अनु. २००१) । **पुरस्कार/सम्मान** : साहित्य अकादेमी पुरस्कार (दिल्ली, २००४) । **हालको ठेगाना** : पोस्टल क्वार्टर, एम. इ.सं. भिल्ला, दार्जीलिङ -६४ । **फोन** : ०९४३४१-५१०७० ।

भीमकान्त उपाध्याय (कौशिक)

(समीक्षक)

जन्म/स्थान : वि.सं. २००० जेठ, बाताबारी, ग्वालपाडा, असम, भारत । **शिक्षा** : एम.ए. (नेपाली) । **सेवा** : प्राध्यापन **कृति/सृजना** : सरसर्ती पढ्दा (समालोचनात्मक लेखहरूको सङ्ग्रह, इ.सं.१९८३), आँखीझ्यालबाट हेर्दा (समालोचनासङ्ग्रह) **सम्पादन/अनुवाद** : बदनाम मेरा यी आँखाहरू (स्व. हरिभक्त कटुवालको कवितासङ्ग्रह - सं.) । **हालको ठेगाना** : उत्तरबङ्ग विश्वविद्यालय, दार्जीलिङ, आवासगृह ।

भीम दर्नाल 'सन्तोष'

(कथाकार)

